नेपाल मानवअधिकार वर्षपुस्तक २०१५



संविधान निर्माणमा पारस्परिक समझदारी

मानवअधिकार वर्षपुस्तक २०१५

(नेपाली संस्करण)

(०७० पुस १७ देखि ०७१ पुस १६ गतेसम्म अर्थात् सन् २०१४ भरिका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्क सङ्कलन)

प्रधान सम्पादक
योगीशकृष्ण खरेल

सम्पादक
मदन पौडेल

सम्पादन मण्डल
प्रशन्नता वस्ती
नीर लामा

तथ्याङ्क विश्लेषण
प्रमीन घिमिरे
अनुज के.सी.

ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

कभर डिजाइन
गीता माली

इन्सेक
insec

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार
पोस्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np

मानवअधिकार वर्षपुस्तक २०१५

प्रकाशन मिति
०७१ फागुन ७ गते

सङ्ख्या
२ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

मूल्य
रु. ५००।-

आईएसबीएन : ९७८-९९३७-८९६४-०-५

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	सन् २०१४ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन	१
	मानवअधिकार प्रतिविम्ब : सन् २०१४	२५
परिच्छेद २	राज्य र मानवअधिकार	
	२.१ न्यायपालिका	४१
	२.२ कार्यपालिका	६३
	२.३ व्यवस्थापिका	७७
परिच्छेद ३	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	
	३.१ झापाका राजवंशी समुदाय र मातृभाषामा शिक्षा	८९
	३.२ मकवानपुरका चेपाङ महिलाहरूको प्रजनन अधिकार	९७
	३.३ नवलपरासीका द्वन्द्वपीडित र हानिपूरणको अवस्था	१०९
	३.४ बर्दिया जिल्लाका मुक्तकमैयाको अवस्था	११७
	३.५ बझाङ जिल्लामा खाद्य उपलब्धता र खाद्य अधिकार	१२७

अनुसूचीहरू

अनुसूची १	सन् २०१४ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१३९
	२. मध्यमाञ्चल	१८५
	३. पश्चिमाञ्चल	२६३
	४. मध्यपश्चिमाञ्चल	३०९
	५. सुदूरपश्चिमाञ्चल	३४९
अनुसूची २	मानवअधिकार उल्लङ्घनका तथ्याङ्क २०१४	३७१
अनुसूची ३	सन् २०१४ को मानवअधिकार अवस्थाबारे राजनीतिक पार्टीको धारणा	३८३
अनुसूची ४	सन् २०१४ को मानवअधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा	३९५
अनुसूची ५	क्रिया/प्रतिक्रिया	४११
अनुसूची ६	वर्षपुस्तक २०१५ तयारीका क्रममा संलग्न व्यक्तिहरू	४३३

आभार

मानवअधिकार वर्षपुस्तक २०१५ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दूतावास, इको तथा ब्रेड फर द वर्ल्ड (BFTW), गभरनेन्स फ्यासिलिटी (GF) प्रति आभार व्यक्त गर्दछौँ। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण सङ्कलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरू विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नुहुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौँ। सन् २०१४ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक दल, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत सङ्घ-संस्थाहरूप्रति आभार प्रकट गर्दछौँ।

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १३९
१.२ इलाम १४१
१.३ पाँचथर १४४
१.४ ताप्लेजुङ १४७
१.५ मोरङ १४९
१.६ सुनसरी १५२
१.७ धनकुटा १५५
१.८ तेह्रथुम १५८
१.९ भोजपुर १६०
१.१० सङ्खुवासभा १६२
१.११ सप्तरी १६५
१.१२ सिरहा १७०
१.१३ उदयपुर १७२
१.१४ खोटाङ १७५
१.१५ ओखलढुङ्गा १७८
१.१६ सोलुखुम्बु १८०

२. मध्यमाञ्चल

२.१ धनुषा १८५
२.२ महोत्तरी १९०
२.३ सर्लाही १९५
२.४ सिन्धुली १९९
२.५ रामेछाप २०३
२.६ दोलखा २०६
२.७ रौतहट २०९
२.८ बारा २१२
२.९ पर्सा २१७
२.१० चितवन २२१
२.११ मकवानपुर २२४
२.१२ ललितपुर २२८
२.१३ काभ्रे २३१
२.१४ भक्तपुर २३६
२.१५ काठमाडौँ २३९
२.१६ धादिङ २४४
२.१७ सिन्धुपाल्चोक २५०
२.१८ नुवाकोट २५४
२.१९ रसुवा २५७

३. पश्चिमाञ्चल

३.१ तनहुँ २६३
३.२ गोरखा २६५
३.३ लमजुङ २६९
३.४ स्याङ्जा २७१
३.५ कास्की २७४
३.६ मनाङ २७८
३.७ नवलपरासी २७९
३.८ रूपन्देही २८२
३.९ पाल्पा २८५
३.१० कपिलवस्तु २८७
३.११ अर्घाखाँची २९१
३.१२ गुल्मी २९३
३.१३ बाग्लुङ २९६
३.१४ पर्वत २९९
३.१५ म्याग्दी ३०३
३.१६ मुस्ताङ ३०५

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ३०९
४.२ प्यूठान ३१२
४.३ रोल्पा ३१४
४.४ सल्यान ३१६
४.५ रूकुम ३१८
४.६ बाँके ३२०
४.७ बर्दिया ३२४
४.८ सुर्खेत ३२७
४.९ जाजरकोट ३३०
४.१० दैलेख ३३२
४.११ डोल्पा ३३५
४.१२ जुम्ला ३३७
४.१३ कालीकोट ३३९
४.१४ मुगु ३४२
४.१५ हुम्ला ३४५

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ३४९
५.२ अछाम ३५२
५.३ डोटी ३५४
५.४ बाजुरा ३५६
५.५ बझाङ ३५८
५.६ कञ्चनपुर ३६०
५.७ डडेलधुरा ३७३
५.८ बैतडी ३६५
५.९ दार्चुला ३६७

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। पाँच विकास क्षेत्रमा पाँच क्षेत्रीय कार्यालय तथा ७५ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

२०६९ वैशाख २४ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष – सुबोधराज प्याकुरेल

महासचिव - लालबाबुप्रसाद यादव

कोषाध्यक्ष - डा. मदनप्रसाद परियार

सदस्यहरू

- डा. पुष्पा कर्ण
- कुन्दन अर्याल
- टीकाराम भट्टराई
- रक्षा बस्याल
- रमेश पौडेल
- हरि फुँयाल
- वसन्तीदेवी झा

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार प्रलेख तथा प्रसार कार्यक्रम

यस विभाग अन्तर्गत मानवअधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक, प्राची, इन्फर्मल*लगायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

मानवअधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानवअधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानवअधिकार सम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ।

मानवअधिकार शिक्षा रेडियो कार्यक्रम

मानवअधिकारका विषयमा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानवअधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रम मार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानवअधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बालअधिकार सचेतना समूह गठन गरी बालअधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकास सम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

मानवअधिकार अभियान तथा पैरवी कार्यक्रम

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबाबका लागि सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही ककार्यक्रमद्वारा हुँदै आएको छ।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलङ्की, काठमाडौँ, फोन नं. ०१- ४२७८७७०
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** जनप्रिय मार्ग, पोखरा। फोन नं. ०६१- ४६५५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** उत्तरबेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

आवश्यक छ– मानवीय संस्कारको विकास

नेपाल मानवअधिकार वर्षपुस्तक सार्वजनिक गर्ने दिनको रूपमा फागनु ७ गते चयन गर्नु पछिल्तिर हाम्रो एउटै उद्देश्य थियो- आमजनतालाई लोकतन्त्रको बाटो देखाइदिने व्यक्तिहरूको योगदान स्मरण गरिने दिन हो यो। लोकतन्त्र र मानवअधिकार एक अर्काका पूरक हुन्। एउटा रहेन भने अर्को निरर्थक बन्न पुग्छ। मानवअधिकार हाम्रो लक्ष्य हो र लोकतन्त्र त्यस दिशाका प्रक्रिया।

संयुक्त राष्ट्रसङ्घमा नेपाल प्रतिवेदनको आवधिक समीक्षा हुँदा मानवअधिकारका विविध पक्षबारे नेपाललाई सुझाव दिइएको थियो। तीमध्ये प्रमुख थिए- संविधान निर्माण, सङ्क्रमणकालीन न्याय र नेपालमा व्याप्त दण्डहीनता। नेपालको मानवअधिकार अवस्था अहिले यिनै तीन विषयको सेरोफेरोमा केन्द्रित रहँदै आएको छ। यस्तो अवस्थामा गुज्रिएको समय गन्ती गर्ने हो भने पनि सात वर्ष पुगिसकेको छ। जनआन्दोलनको समाप्तिसँगै शान्ति प्रक्रियालाई पूरा गर्नुपर्ने मुलुकको प्रमुख कार्यभार अद्यापि कायम छ। खास राजनीतिक अर्थमा बुझ्ने हो भने जनआन्दोलनमार्फत् जनताले आफ्नो अधिकारको निर्बाध प्रयोग गर्ने अवसर खोजेका थिए।

अघिल्ला आठ वर्षमा उपरोक्त विषयमा गरिएका कर्महरूको लेखाजोखामात्र गरेको भए पनि सङ्क्रमणकाल विवेकपूर्ण टुङ्गोमा पुगिसक्ने थियो। आमनागरिकमाथि आफूखुसी निष्कण्टक शासन गर्ने इच्छाले निरङ्कुशतातर्फ जान उत्प्रेरित गर्दछ- यो इतिहासले देखाएको निष्कर्ष हो। निरङ्कुशतामार्फत शक्तिआर्जन गर्न चाहने शासकहरूका लागि सबैभन्दा सजिलो बहाना चाहिँ जातीय, धार्मिक र अन्ध-राष्ट्रवादको वकालत हुन्छ। विश्वमा सबैभन्दा बढी आमसंहार यिनै बहानामा भएका छन्। सबै जातजातिलाई समान अवसर, पछि पारिएका जातजातिका लागि विशेष प्राथमिकता र विधिको शासन। नेपाली जनताले संविधानमा देख्न चाहेका आधारभूत तत्व यिनै हुन्। नेपालीमा एउटा उखान चलनचल्तीमा छ- मेरो गोरुको बाह्रै टक्का। संविधान निर्माणकर्ताहरूले आ-आफ्नो गोरुलाई ११ वा १० टक्कामात्र भनिदिए पनि नेपाली जनताले चाहेबमोजिमको संविधान निर्माण यथाशीघ्र हुन सक्छ। कुनै गोरु चिरकालपर्यन्त बाँचिरहन सक्दैन। यो शाश्वत तथ्यलाई बुझ्नु जरुरी छ।

आमजनताको सरोकारका विषय राजनीतिक दलहरूबीचमा साझा एजेण्डा बन्न नसक्नु, विगतका सम्झौतालाई कार्यान्वयन गर्ने मामिलामा राष्ट्रिय सहमति नबन्नु र जनताको सेवा इमान्दारीपूर्वक गर्ने चाहना, साहस र क्षमताभन्दा पार्टीभित्रको गुटगत स्वार्थमा लिप्त हुनु नै संविधान निर्माणका बाधक प्रवृत्ति हुन्। यिनै कारणले गर्दा नेपालको शान्ति प्रक्रिया टुङ्गोमा पुग्न सकेको छैन।

नेपालमा दण्डहीनता सबभन्दा ठूलो चुनौती बनेको छ। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा नेपालको विश्वव्यापी आवधिक समीक्षा हुँदा यही विषयले चर्चा पाएको थियो। सर्वोच्च अदालतका निर्णय कार्यान्वयन गर्नुपर्नेमा नगरिएको र गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनमा दोषी पाइएका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिश कार्यान्वयन गर्ने मामिलामा सरकारले देखाएको उदासीनताले विश्व समुदायलाई आश्चर्यचकित पारेको अवस्था विद्यमान छ। सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरूको छानबिन गरी दोषीहरूलाई कारबाही गर्ने विषय नेपालको अन्तरिम संविधानमा समाविष्ट सामूहिक प्रतिबद्धता हो। सत्य निरूपण तथा मेलमिलाप तथा बेपत्ता व्यक्तिहरूको छानबिनसम्बन्धी विधेयकका विभिन्न प्रावधानहरू मानवअधिकारमैत्री नभएको ठहर गर्दै सर्वोच्च अदालतले ०७० पुस १८ गते यसलाई परिमार्जन गर्न परमादेश गरेको थियो। अदालतको आदेशको परवाह नगरी व्यवस्थापिका संसद्ले विधेयक पारित गरी ऐनसमेत लागु पनि भइसकेको छ। दण्डहीनतालाई संस्थागत गर्न यी र यस्ता कृत्यले सघाउ पुऱ्याइरहेका छन्।

नेपाल मानवअधिकार वर्षपुस्तकका तथ्य तथ्याङ्क हेर्ने हो भने नेपालका महिलाहरू कसरी, कतिसम्म, कुन हदसम्म हिंसा भोगिरहेका छन्, त्यो स्पष्ट देखिन्छ। यस्ता अपराध नियन्त्रण गर्न कानुन छ। अपराधीलाई गिरफ्तार गर्ने निकाय छ। न्याय दिने अङ्ग छन्। तापनि नेपाली समाज किन यस्तो निर्दयी बनिरहेको छ ? नेपालको एउटा पुस्ताको बालापनले बन्दुक र गोलीको गीत सुन्यो। रगतका आहालको तस्वीर देख्यो। उसको जीवन हिंसाकै परिवेशमा हुर्कियो। उसले के जान्यो भने सबै समस्याका समाधान हिंसात्मक उपायबाट सम्भव हुन्छ। घरेलु समस्या समाधान गर्ने उपायका रूपमा समाजले हिंसाको उपयोग गर्न सिक्यो। घरेलु हिंसाको डरलाग्दो तस्विर वर्षपुस्तकले प्रस्तुत गरेको छ। हामीले आमनागरिकमा मानवीय संस्कार विकास नगरून्जेल यस्ता समस्याबाट मुक्ति पाउन कठिन छ। पाठ्यक्रम, पढाइ र सिकाइका तरिकाका साथै आम सञ्चारलाई जवाफदेही नबनाई सांस्कृतिक, सामाजिक रुढीवादिता तोड्न सकिन्न।

संयुक्त राष्ट्रसङ्घद्वारा घोषित दिगो विकास लक्ष्यको कार्यक्रम सन् २०१५ पश्चात् लागु हुनेछ। नेपाल सरकारले नागरिक समूहहरूको सहकार्यमा त्यसमा उल्लेखित मानव विकासका कार्यक्रम लागु गर्ने क्रममा नागरिकको हक अधिकारका कुरा मात्र गरेर पुग्दैन। आफ्ना अधिकार प्राप्त गर्न सक्षम र सचेत नागरिकको पङ्क्ति तयार गर्ने दिशामा सादृश्य पाइला चाल्न सक्नु पर्छ।

नेपाल मानवअधिकार वर्षपुस्तक संस्थागत प्रतिवेदन मात्र होइन। मुलुकभरिका जनतासँग इन्सेकको सोझो सम्बन्धको प्रतिविम्ब हो। सुदूरपूर्वका राजवंशी समुदाय हुन् वा बर्दियाका मुक्त कमैया। मकवानपुरका चेपाङ महिला हुन् वा खाद्यान्न सङ्कट झेलिरहेका बझाङी वा हुन् नवलपरासीका द्वन्द्वपीडित, सबैको दुःख बिसाउने साझा थलोको अक्षरीय रूप हो- मानवअधिकार वर्षपुस्तक। वर्षपुस्तक प्रकाशनमा नेपालका सबै जिल्लावासीको अर्थपूर्ण भूमिका रहेको छ। जिल्लामा सम्पन्न हुने प्रकाशनपूर्व समीक्षा गोष्ठीमा प्राप्त सुझावहरूलाई आत्मसात् गर्दै वर्षपुस्तकलाई समयानुकूल परिष्कार गर्ने गरिएको छ।

अन्त्यमा, यो सँगालोको प्रकाशन देशभर रहनुभएका हाम्रा साथीहरूको मानवअधिकार अभियानमा निरन्तर संलग्नताको परिणाम हो। पीडितहरूको पहिचान गर्नका लागि संयुक्त राष्ट्रसङ्घ, नेपालका शान्ति समितिलगायतका सङ्घ संस्थाहरूले यसको उपयोग गरेका छन्। सत्य निरूपण तथा बेपत्तासम्बन्धी मानवअधिकार मैत्री आयोगहरूका लागि पनि इन्सेकको २३ वर्षदेखिको स्थानीय उपस्थितिले सहयोग गर्नेछ भन्ने वाचा गर्दछु।

भविष्यमा पनि सबै क्षेत्रबाट विगतमा झैँ सदाशयपूर्ण सक्रियताको अपेक्षा गर्दछु।

हार्दिक शुभकामना।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०७१ फागुन ७

परिच्छेद

१

सन् २०१४ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

१. भूमिका

आठ वर्षदेखि अधुरो रहँदै आएको शान्ति प्रक्रियालाई विवेकपूर्ण परिणाममा पुऱ्याउने आशा एवम् विश्वासका साथ सन् २०१४ उदाएको मान्न सकिन्छ। अघिल्लो वर्षको उत्तरार्द्धमा सम्पन्न संविधानसभा निर्वाचनले यस वर्षको शुरुआतमै नेपाली जनतालाई आफूले चुनेका जनप्रतिनिधिमार्फत् शासित हुने अवसर मात्र दिएन, सङ्क्रमणकाललाई छोट्याउने आधार पनि दियो। यद्यपि वर्षका अन्तिम दिनहरूमा भने केही विरोधका स्वरहरू मुखरित भए।

मानवअधिकार तथा सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाल मानवअधिकार वर्षपुस्तक सन् १९९२ देखि निरन्तर प्रकाशन गर्दै आइरहेको छ। जिल्लामा भएका मानवअधिकार उल्लङ्घन, ज्यादती एवम् वञ्चितीकृत समुदायमाथि भएका हिंसाविरुद्ध ७५ ओटै जिल्लामा रहेका इन्सेक प्रतिनिधिले अनुगमन गर्ने, आवश्यक परे हस्तक्षेप गर्ने, दबाब दिने र पीडित पक्षलाई सहयोग पुऱ्याउँदै आएका छन्। साथै, यस्ता महत्वपूर्ण घटनाहरूको अनुगमन गर्ने, अनुपरीक्षण गर्ने र त्यसको अभिलेख राख्ने काम पनि सँगसँगै हुँदै आएको छ। सन् २०१४ का अभिलेखहरूको सङ्क्षिप्त प्रतिवेदनको रूपमा नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ प्रकाशन भएको हो।

यस वर्ष इन्सेकको तथ्याङ्कअनुसार मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ५ हजार ३ सय ८२ जना पीडित भए। सन् २०१३ मा यो सङ्ख्या ५ हजार ४ सय ३५ थियो। यो वर्ष महिला विरुद्ध हुने हिंसाका घटनाहरू बढी सार्वजनिक भए। बलात्कार, घरेलु हिंसा, परिवारजनबाट हुने हत्या, दाइजोका कारण गरिएका हत्या, कथित बोक्सीका नाममा हुने अमानवीय व्यवहार जस्ता घटना बढी अभिलेख भए।

राजनीतिक दलका भ्रातृसङ्गठनका कार्यकर्ताबीच विगत वर्षहरू झैं झडपका घटनाहरू यस वर्ष भएनन्। यस वर्ष राज्यपक्षबाट ६३ महिला र २ सय ४६ जना पुरुष गरी ३ सय ९ जना पीडित भए भने गैरराज्य पक्षबाट ४ हजार ६ सय ५८ महिला र ४ सय ११ जना पुरुष, चार जना तेस्रो लिङ्गी गरी ५ हजार ७३ जना पीडित भए। सन् २०१३ मा ५ हजार ४ सय ३५ जना मानवअधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएको तथ्याङ्क इन्सेकले अभिलेख गरेको थियो।

तालिका १ **सन् २०१४ मा मारिएकाको सङ्ख्या र पीडक पक्ष**



राज्यका तीनै अङ्गहरू- कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानवअधिकारको संरक्षण र संबर्द्धनमा निर्वाह गरेको भूमिकाको पनि वर्षपुस्तकमा नियमित विश्लेषण हुँदै आएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र-१९४८, नेपाल पक्षराष्ट्र भएका मानवअधिकारका विभिन्न महासन्धिहरू मानवअधिकार अनुगमन तथा विश्लेषण गर्ने मानक हुन्।

मानवअधिकार आयोगमा पदाधिकारीहरूको नियुक्ति र चौथो मानवअधिकार कार्ययोजना लागु हुनु यस वर्षका उपलब्धि हुन्। सङ्क्रमणकालीन न्यायिक संयन्त्र गठनका लागि ऐन तर्जुमा गरिनुलाई उपलब्धिका रूपमा गणना त गर्न सकिएला तर, जुन उद्देश्यका लागि यी संयन्त्रहरू गठन गर्न खोजिएको हो, त्यो पूरा हुनेमा आशङ्का रहेको छ, किनभने मानवअधिकार मान्यता विपरीतका प्रावधानहरू ऐनमा राखिएका छन्।

शिक्षा, स्वास्थ्य र खाद्यअधिकारको अवस्थामा उद्देश्य र लगानी अनुरूप उपलब्धि हासिल हुन नसकेको अनुगमनका क्रममा बुझिएको तथ्य हो। ज्येष्ठ नागरिक, वैदेशिक रोजगार क्षेत्र, अपाङ्गता भएका व्यक्तिहरूका जायज मागहरूप्रति सरकारको उदासीनता यो वर्ष पनि कायम रहृयो। स्वास्थ्य संस्थामा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी कार्यरत् थिएनन्। इन्सेक जिल्ला प्रतिनिधिहरूले अनुगमन गर्दा प्राय: सबै कारागारमा क्षमताभन्दा बढी बन्दी राखिएको पाएका थिए।

विभिन्न तहमा इन्सेकले गरेको अनुगमनका आधारमा उपरोक्त विषयहरूमा केन्द्रित रहेर यस आलेखमा सन् २०१४ मा नेपालको मानवअधिकार अवस्थाको सङ्क्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको छ।

२. सङ्क्रमणकाल व्यवस्थापन

सशस्त्र द्वन्द्व विधिवतरूपमा अन्त्य भएको आठ वर्ष नाघिसकेको छ। विस्तृत शान्ति सम्झौतापछि राज्यका सामु तत्कालीन विद्रोही नेकपा माओवादीलाई नेपालको लोकतान्त्रिक र।।जनीतिक प्रणालीको मूलधारमा अभ्यस्त तुल्याउनु प्रमुख चुनौती थियो। यस अवधिमा दुई पटक संविधानसभाको निर्वाचन भइसक्दासमेत द्वन्द्वपीडितहरूले न्याय पाएका छैनन्। सङ्क्रमणकालको उचित व्यवस्थापन हुन सकेको छैन।

विस्तृत शान्ति सम्झौता भएदेखि नै सङ्क्रमणकालीन न्यायलाई सङ्कुचित तवरले हेर्ने तथा पीडित पक्षलाई उपलब्ध गराएको आर्थिक सहयोगलाई

तालिका २ सन् २०१४ मा राज्यपक्षबाट मारिएकाहरूको सङ्ख्या (जिल्लागत आधारमा)



न्याय र हानिपूरणको पर्यायको रूपमा व्याख्या गरिँदै आएको छ। सशस्त्र द्वन्द्वको अवधिमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न दोषीहरूलाई कारबाही, हानिपूरण तथा पीडित परिवारको भविष्य र जीवनयापनका आधारहरू स्थापना गरिने योजनाहरूको खाँचो यस वर्ष पनि देखियो। मानवअधिकार कार्ययोजनामा यस विषयले स्थान त पाएको छ, तर ती योजना तर्जुमा गरिँदा सरोकारवालाहरूको सुझाव एकदमै कम ग्रहण गरेको पाइयो। सङ्क्रमणकालीन न्यायको मूल उद्देश्य दिगो शान्ति स्थापनाको आधार हो भन्ने मान्यतालाई आत्मसात् गरेको पाइएन।

सशस्त्र द्वन्द्वका पीडितहरू निराश भएर न्याय पाउन आ-आफ्ना तरिका अवलम्बन गर्न थालेका छन्। हजुरबुबा हजुरआमालाई भेट्न चितवन गएका आफ्ना छोरालाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले ०६१ जेठमा हत्या गरेपछि हत्यारालाई कारबाहीको माग गर्दै आमरण अनशनमा बसेका गोरखा फुजेलका अधिकारी दम्पतीको माग सम्बोधन गर्न राज्य असफल रहयो। आफ्ना निरपराध छोराको हत्यामा संलग्न अपराधीलाई कारबाहीको दायरामा ल्याउनु पर्ने माग गर्दै ३ सय ३३ दिनदेखि आमरण अनशनरत नन्दप्रसाद अधिकारीले मृत्युवरण गर्दासमेत

तालिका ३

सन् २०१४ मा बालअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम	९	४	१३
बालबालिका बेचबिखन	५८	३७	९५
बालविवाह	३३		३३
बलात्कार	५३५		५३५
नवजात शिशुको हत्या	१५	३	१८
विद्यालयमा शारीरिक सजाय	५	१५	२०
विभिन्न अवसरबाट वञ्चित	२		२
शिक्षामा भेदभाव		१	१
यौन दुर्व्यवहार	२१६	१३	२२९
हत्याको प्रयास	१	३	४
जम्मा	८६४	७६	९४०

पनि सरकारको संवेदनशीलता देखिएन। शिक्षण अस्पतालमा राखिएको अधिकारीको शवको सदगत्समेत हुन सकेको छैन

तालिका ४

सन् २०१४ मा बालअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (उमेरको आधारमा)



रजहर गाविस- ८ बडटाँडीबाट तत्कालीन शाही नेपाली सेनाले चार जना माओवादी किशोरीहरूलाई गिरफ्तार गरी सोही ठाउँमा रहेको बडटारी सामुदायिक जङ्गलमा पुऱ्याई हात र आँखामा पट्टी बाँधेर गोली हानी हत्या गरेको घटना होस् वा कृष्णप्रसाद अधिकारीको हत्या, दुवै घटना अन्तर्राष्ट्रिय मानवीय कानुनका आधारमा अपराध हो। यस्ता घटनाका दोषीहरूलाई न्यायिक प्रक्रियामा ल्याउने प्रबन्ध अझै हुन सकेको छैन।

३. कार्यपालिका

नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइरालाले ०७० माघ २७ गते पदबहाली गर्दा 'सहमति र सहकार्यबाट अघि बढ्ने' घोषणा गर्दै संविधानसभाबाट एक वर्षभित्र नयाँ संविधान निर्माण गर्ने र शान्ति प्रक्रियाका बाँकी काम पूरा गरेर राजनीतिक सङ्क्रमणकाल टुङ्ग्याउने प्रतिबद्धता गरेका थिए। सत्तारुढ घटक नेपाली काङ्ग्रेस र नेकपा एमालेले चैत ४ गते गरेको सहमतिमा ६ महिनामा संविधानको प्रारम्भिक मस्यौदा तयार पार्ने, बाँकी रहेको ६ महिनामा संविधानसभाबाट नयाँ संविधान जारी गर्ने र स्थानीय तहमा लोकतन्त्रको जग बलियो पार्न ६ महिनाभित्र स्थानीय निकायको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता उल्लेख थियो। तर, माथि उल्लिखित कुनै पनि विषयले सार्थक रूप लिएनन्।

अघिल्लो संविधानसभाले गरेका निर्णयहरूको स्वामित्व ग्रहणको विषयले संविधानसभामा प्रवेश पाउनु संविधान निर्माणका लागि महत्वपूर्ण फड्को थियो। संविधानसभा बाहिर रहेका दलका साथै मधेसी दलहरू तथा अन्य राजनीतिक शक्ति समूहसँग छलफल, वार्ता गर्ने र उनीहरूको सहभागिता सुनिश्चित गर्न सरकारले थालेको पहल सहमतीय संविधान निर्माणका लागि सकारात्मक थियो।

विस्तृत शान्ति सम्झौताको महत्वपूर्ण पाटो मानिएको सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगको विधेयक सरकारले संसद्मा पेश गऱ्यो। तर, विधेयकले द्वन्द्वकालका पीडितलाई न्याय होइन, दोषीहरूलाई कारबाहीको साटो क्षमादानको प्रस्ताव गरेको भन्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदायले जनाएको विरोधका बावजुद व्यवस्थापिका संसद्ले यस ऐनलाई पारित गऱ्यो। सर्वोच्च अदालतले ०७० पुस १८ गते गरेको परमादेशमा गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा संलग्नलाई क्षमादान दिन नमिल्ने तथा विधेयक मानवअधिकारका अन्तर्राष्ट्रिय सिद्धान्तबमोजिम हुनुपर्ने उल्लेख गरेको थियो।

४. व्यवस्थापिका

यस वर्ष व्यवस्थापिका संसद्ले वर्षौंदेखि विवादित रहँदै आएको सत्य निरूपण तथा मेलमिलाप ऐन पारित गरेर द्वन्द्वपीडितहरूलाई न्याय दिने सम्भावनाको ढोका खोल्यो। यद्यपि, ऐनका कैयन् धारा

तालिका ५

सन् २०१४ मा बालअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
बालश्रम	१	५	३	३	१	१३
बालबालिका बेचबिखन	३०	१४	१९	१९	१३	९५
बालविवाह	१०	४	१	१२	६	३३
बलात्कार	१५२	१७४	१०९	६०	३०	५२५
नवजात शिशुको हत्या	१२	३	२	१		१८
विद्यालयमा शारीरिक सजाय	९	२	६	२	१	२०
विभिन्न अवरबाट वञ्चित	१			१		२
शिक्षामा भेदभाव	१					१
यौन दुर्व्यवहार	७४	६६	४४	२७	१८	२२९
हत्याको प्रयास				४		४
जम्मा	**२९०**	**२६८**	**१८४**	**१२९**	**६९**	**९४०**

अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नरहेकाले संशोधनका लागि संयुक्त राष्ट्रसङ्घीय निकायलगायत राष्ट्रिय मानवअधिकार समुदायले आग्रह गरे। सर्वोच्च अदालतको आदेशलाई समेत बेवास्ता गरेर बनाउन लागिएका यी आयोगप्रति गठनपूर्व नै द्वन्द्वपीडितहरूमा सन्देह उत्पन्न भएको पाइयो।

आठ वर्षअघि तत्कालीन विद्रोही नेकपा माओवादी तथा नेपाल सरकारबीच भएको विस्तृत शान्ति सम्झौताको दफा ५.२.३ मा "दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी गराउन मञ्जुर गर्दछन्" भन्ने प्रावधान छ। यससँगै सो सम्झौताको दफा ५.२.५ मा, "दुवैपक्ष द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्" भन्ने व्यवस्था छ। साथै, दफा ५.२.७ मा, "दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र राखिएको बन्दीहरूको मुद्दा मामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्काल सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन्" भन्ने उल्लेख छ। विभिन्न कालखण्डमा भएका सहमति एवम् प्रतिबद्धताहरू पालना नगरिए झैं यो सम्झौताको पनि पालना भएन।

सर्वोच्च अदालतले संशोधन गर्न आदेश दिएको बेपत्ता छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश सरकारले जस्ताको त्यस्तै संसद्मा पेश गर्‍यो। सर्वोच्च अदालतले पुस १८ गते दिएको परमादेशमा बेपत्ता छानबिन र सत्य निरूपणसम्बन्धी छुट्टा छुट्टै आयोग गठन गर्नुका साथै अध्यादेशको २३, २५ र २९ दफा संशोधन गरी जघन्य अपराधमा आममाफी नदिने गरी कानुन बनाउन भनिएको थियो।

संसद् अवरोधको गलत प्रवृत्ति यस वर्ष पनि देखा पर्‍यो। व्यवस्थापिका संसद्मा भइरहेका व्ययभार नेपाली जनताले नै व्यहोर्नुपर्ने भएकाले आफ्नो लगानी व्यर्थ भइरहेकोमा नेपाली जनता चिन्तित हुनु स्वभाविक पनि हो। यस वर्ष एकीकृत नेकपा माओवादी, राप्रपा नेपाल तथा मधेसवादी दलहरूले सरकारको चर्को

तालिका ६

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)



विरोध गर्दै व्यवस्थापिका संसद्को बैठक अवरुद्ध पारे। यो वर्ष करिब साढे तीन महिना संसद् अवरुद्ध रह्यो।

सरकारले व्यवस्थापिका संसद्मा पेस गरेको अदालतको अपहेलना विधेयकका केही प्रावधानमा नेपाल बार एसोसिएसन र नेपाल पत्रकार महासङ्घले आपत्ति जनाए। विधेयकका दफा ४, ५ र ८ का कतिपय बुँदाले नागरिक अधिकार र प्रेस स्वतन्त्रता हर्ने उनीहरूको आरोप थियो।

न्यायाधीशमाथि कुनै टिप्पणी गर्न नपाइने आशयको व्यवस्था विधेयकमा राखिएको प्रति उनीहरूले तीव्र विरोध गरे। इजलासमा कसैको काम-कारबाही वा क्रियाकलापबाट अदालतको अपहेलना भएको सम्बन्धमा न्यायाधीश स्वयम्ले जानकारी लिए, इजलासमा कसैको काम-कारबाही वा क्रियाकलापबाट अदालतको अपहेलना भएको भनी न्यायाधीशलाई ध्यानाकर्षण गराइएको विषयमा न्यायाधीश सन्तुष्ट भए अदालतको अपहेलना मानिने विधेयकमा उल्लेख थियो।

विधेयकको दफा ४ मा अदालतको

तालिका ७ **सन् २०१४ मा परिवारजनहरूबाट मारिएकाहरूको सङ्ख्या**

जिल्ला	महिला	पुरुष	जम्मा
रसुवा	१		१
रोल्पा	३		३
रौतहट	१		१
रामेछाप	१		१
स्याङ्जा	१		१
सुनसरी	२		२
सङ्खुवासभा		२	२
सोलुखुम्बु		१	१
सप्तरी	६	३	९
रुकुम	२		२
बैतडी	१	१	२
बारा	२		२
बाँके	३	२	५
बाग्लुङ	१		१
बर्दिया	२		२
दैलेख	१		१
दोलखा	१		१
दाङ	२		२
अर्घाखाँची	२		२
मोरङ	६	३	९
मकवानपुर	१		१
मुगु	१		१
भोजपुर	१		१
झापा	२	१	३

जिल्ला	महिला	पुरुष	जम्मा
भक्तपुर	१		१
नुवाकोट		१	१
नवलपरासी	३		३
जुम्ला	१		१
पर्सा	१		१
पाँचथर	३		३
पर्वत	२		२
प्युठान	१		१
सिरहा	३	१	४
सिन्धुपाल्चोक	२	१	३
सिन्धुली	१	१	२
ललितपुर	२	१	३
इलाम	२		२
उदयपुर	२		२
कैलाली	३		३
कास्की	१		१
काठमाडौँ	२		२
काभ्रे	३	१	४
कालीकोट	१		१
कपिलवस्तु	१	१	२
तेह्रथुम	३	१	४
ताप्लेजुङ	३		३
तनहुँ	१		१
गोरखा	२		२
गुल्मी	१		१
खोटाङ	१	१	२
धनुषा	२	१	३
जम्मा	**९१**	**२३**	**११४**

न्यायसम्पादन कार्यमा अवरोध पुऱ्याए वा अदालतको कुनै निर्णय वा आदेश कार्यान्वयन हुन नदिए वा त्यस्तो निर्णय वा आदेश कार्यान्वयन जानाजान अवज्ञा गरे, ढिलासुस्ती गरे वा गराउने बद्नियतले कुनै कार्य गरे अदालतको अपहेलना गरेको मानिने उल्लेख छ। यस्तै, अदालतमा विचाराधीन मुद्दाको काम, कारबाही वा निर्णयमा अनुचित प्रभाव पारे, अदालतप्रतिको जनआस्थामा आँच पुऱ्याए, अदालतको न्यायिक कामकारबाहीप्रति सर्वसाधारणमा भ्रम उत्पन्न गराए वा त्यस्तै प्रकृतिका भ्रमपूर्ण वा झुट्टा विवरण प्रकाशन तथा विचार अभिव्यक्त गरे पनि अदालतको अपहेलना गरेको मानिने उल्लेख भएकाले यस विधेयकको विरोध भएको थियो।

तीव्र विरोधका बीच अदालतको अपहेलनासम्बन्धी विवादास्पद विधेयक जनताका बीच छलफलमा पठाउने निर्णय भयो। संसद्को इतिहासमै सरकारी विधेयकमा सरोकारवाला र सर्वसाधारणका बीच छलफलमा लैजाने निर्णय भएको पहिलो पटक हो। अदालतको अपहेलनासम्बन्धी कानुनविहीनताको अवस्था अन्त्यका लागि संसद्मा आएको विधेयक फिर्ता पठाउनुभन्दा सर्वसाधारणको रायसहित परिमार्जन गर्ने प्रक्रिया अपनाउने उपाय सुझाउँदै सभामुख सुवास नेम्वाङले त्यसमा सरकारलाई सहमत गराएका थिए।

व्यवस्थापिका संसद्मा प्रस्तुत बोक्सीसम्बन्धी (कसुर र सजाय) विधेयक, २०७१ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृति दियो। उपप्रधान एवम् संसदीय मामिला तथा स्थानीय विकासमन्त्री प्रकाशमान सिंहले स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) विधेयक, २०७१ लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राखेको प्रस्तावलाई पनि सर्वसम्मतिले स्वीकृति प्रदान गऱ्यो।

लैङ्गिक विभेद हटाउने भन्दै सरकारले विवाहित वा अविवाहित छोरीलाई पनि छोरासरह पैतृक सम्पत्तिमा समान हक दिने व्यवस्था भएको विधेयक संसद्मा दर्ता गरेपछि त्यसबारेको चर्चा चुलियो। मुलुकी ऐनको व्यवस्थाले महिला र पुरुषबीच थुप्रै विभेद गरेको भन्दै सरकारले जेठ अन्तिम साता उक्त ऐनका विवादित व्यवस्था संशोधन गर्न संसदमा विधेयक दर्ता गरेको थियो। पारित हुन बाँकी रहेको उक्त विधेयक जस्ताको त्यस्तै पारित भए त्यसले यो ऐन संशोधन हुनु पहिल्यै विवाह गरिसकेका छोरीलाई पनि बाबु आमाबाट पैतृक सम्पत्तिमा दाजुभाइ सरह समान अंश पाउने अधिकार हुनेछ।

वैवाहिक बलात्कारको विषयमा यस विधेयकमा श्रीमतीलाई जबरजस्तीकरणी गर्नेलाई पाँच वर्षसम्म कैद सजाय हुनुपर्ने प्रस्ताव गरिएको छ। श्रीमानले जबरजस्ती

तालिका ८ **मानवअधिकार उल्लङ्घनका पीडित सङ्ख्या सन् २०१३ र २०१४**



गरेको उजुरी दिने महिलालाई मुद्दाको किनारा नलाग्दासम्म सरकारले संरक्षण दिने व्यवस्था पनि संशोधन विधेयकमा छ।

गर्भवती र अशक्त महिलालाई जबरजस्ती करणी वा सामूहिक बलात्कार गर्नेलाई १० वर्ष कैद गर्ने व्यवस्था पनि सो विधेयकमा उल्लेख छ। त्यसैगरी, अहिलेसम्म नेपालको कानुनमा विशेष अवस्थामा बहुविवाह गर्न पाउने व्यवस्था छ। विभिन्न बहाना बनाएर पुरूषले यसको फाइदा लिइरहेका छन्।

५. न्यायपालिका

सर्वोच्च अदालत तथा पुनरावेदन अदालतमा रिक्त रहेको न्यायाधीश पदमा यस वर्ष नियुक्ति भयो। अघिल्लो वर्ष सर्वोच्चका स्थायी र अस्थायी न्यायाधीशको पद र पुनरावेदन अदालतका न्यायाधीशहरूको नियुक्ति यथासमयमा गर्न अक्षम रहँदा कार्यसम्पादनमा अब्बल कहलिएका पुनरावेदन अदालतका न्यायाधीश सर्वोच्चमा जाने अवसरबाट वञ्चित भए। सर्वोच्च अदालतमा अस्थायी न्यायाधीशका रूपमा अनुभवप्राप्त केही न्यायाधीशलाई स्थायी नियुक्त नगरिएको घटनालाई लिएर न्याय परिषद् तथा प्रधानन्यायाधीशको चर्को आलोचना भयो।

'छिटो छरितो न्याय, सबैका लागि न्याय' न्यायपालिकाको तेस्रो रणनीतिक योजनाको नारा हो। छिटोछरितो न्यायको एक सूचकमा जातीय विभेद, छुवाछूत, बालबालिका संलग्न भएका मुद्दा, ७५ वर्ष उमेर माथिका व्यक्ति पक्ष भएका सबै मुद्दा, महिला वादी भएका न्वारान गराइपाऊँ भन्ने मुद्दा, महिला वादी भएको नाता कायम गराई पाऊँ भन्ने मुद्दा, विधवा महिला वादी भएका मुद्दा, मानव बेचविखन मुद्दा, मानाचामल मुद्दा, जेष्ठ नागरिक मात्र पक्षविपक्ष भएका मुद्दा, जबरजस्ती करणी मुद्दा, घरेलु हिंसासम्बन्धी मुद्दा र विदेशी नागरिक संलग्न भएको मुद्दालाई प्राथमिकता प्राप्त मुद्दाको सङ्ज्ञा दिई मुद्दा एक वर्षभित्र फर्स्यौट गराउने कार्य भनी उल्लेख गरिएको छ। अदालतको यस रणनीतिलाई आधार मानेर इन्सेक प्रतिनिधिहरूले जिल्ला तथा पुनरावेदन अदालतका फैसलाको अवलोकन गर्दै आएका थिए।

केही जिल्ला अदालतहरूले यस रणनीतिलाई व्यवहारमा उतारेको पाइयो भने केहीले मुद्दाको चाप नरहे पनि चाँडौ फैसला गरेको पाइएन *(हेर्नुहोस्- जिल्लागत विवरणहरू)*। यसै सन्दर्भमा उल्लेखनीय के छ भने ०७१ पुस महिनामा इन्सेक जिल्ला प्रतिनिधिहरूले अनुगमन गर्दा कुनै अदालतमा प्रति न्यायाधीश ६ सय मुद्दा कार्यबोझ पाइयो भने कतै १ सय भन्दा कम रहेको थियो। चितवन जिल्ला अदालतमा प्रति न्यायाधीश ६ सय भन्दा बढीको हाराहारीमा मुद्दा भागमा पर्ने पाइएको थियो। मुद्दाको चाप बढी रहेका

तालिका ९

सन् २०१४ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (उमेरको आधारमा)



अदालतमा छिटो छरितो न्याय सम्भव नहुने प्राविधिक अवस्थाप्रति सर्वोच्च अदालत प्रशासनले ध्यान दिनु आवश्यक देखियो। जिल्ला अदालतका केही फैसलाले पीडितको सबै पक्षलाई दृष्टिगत गर्दै सरकारका नाममा आदेश गरेको पनि पाइएको छ।

ललितपुर, जिल्ला अदालतको एउटा फैसलाले आफ्नै बाबुबाट बलात्कृत बालिकाको आर्थिक शारीरिक, मानसिक र मनौवैज्ञानिक अवस्थालाई समेत ध्यान दिँदै राज्यकोषबाट एकमुष्ट ५ लाख रुपियाँ क्षतिपूर्ति भराउने आदेशसमेत दिएको छ। उनको नियमित जाँच र उच्च शिक्षासम्म नि:शुल्क पठनपाठनको व्यवस्था मिलाउन पनि आदेश भएको छ। यस्ता फैसलाले राज्यलाई थप जिम्मेवारी बोध गराउन मद्दत पुऱ्याउनेमा दुई मत छैन। अदालतका फैसला जतिसुकै न्यायपूर्ण भए तापनि त्यसको कार्यान्वयन भएन भने न्याय पाएको अनुभूति हुन सक्दैन। अदालतको आदेश कार्यान्वयनको अभिभारा सरकारले सफलतापूर्वक निर्वाह गरेको पाइएन। अदालतकै निर्णय कार्यान्वयन गर्न न्यायालय आफैँ अग्रसर हुनु परेको अवस्था विद्यमान छ। *(हेर्नुहोस यसै पुस्तकको परिच्छेद न्यायपालिका)*

६. अन्तर्राष्ट्रिय दायित्व

नेपालको विश्वव्यापी आवधिक समीक्षा (युपीआर) को दोश्रो प्रतिवेदन सन् २०१५ नोभेम्बरमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा प्रस्तुत हुनेछ। आगामी समीक्षामा नेपाल सरकारले आफ्नो दोश्रो प्रतिवेदन प्रस्तुत गर्छ भने सरोकारवाला संस्था, व्यक्ति आदिबाट विभिन्न प्रतिवेदनहरू प्रस्तुत हुन्छन्। नेपालका सरोकारवालाले २३ मार्च २०१५ सम्म उक्त प्रतिवेदन बुझाइसक्नु पर्नेछ। हाल गैरसरकारी संस्थाहरू प्रतिवेदन तयारीको कार्यमा व्यस्त छन्। नेपालका २ सय ५० भन्दा बढी मानवअधिकार संस्थाहरूको सचिवालय, इन्सेक युपीआरको प्रतिवेदन तयारीमा छ। प्रतिवेदन तयारीको सिलसिलामा इन्सेकले पाँच विकास क्षेत्रमा क्षेत्रीय परामर्श सम्पन्न गरेको छ। पाँच विकास क्षेत्रमा आयोजित क्षेत्रीय गोष्ठीका छलफलमा आएका विषयहरूलाई प्रतिवेदनमा संलग्न गरी काठमाडौँमा राष्ट्रिय गोष्ठी गरी परामर्शलाई अघि बढाइएको छ।

यसपटको प्रतिवेदनमा संविधान निर्माणमा भएको अवरोध, भ्रष्टाचार निवारण, वातावरण, महिला बालबालिका तथा द्वन्द्वको व्यवस्थापनको विषय प्रमुख रूपमा उठाइएको छ। त्यस्तै, गएको विश्वव्यापी समीक्षामा सरकारले आफूले आश्वासन तथा स्वीकार गरेको सुझावको कार्यान्यवनको अवस्थाका बारेमा पनि उल्लेख हुनेछ। संविधान निर्माणमा कायम रहेको अवरोध, द्वन्द्वपीडितको मागको सुनुवाइ नहुनु, सत्य निरूपण तथा बेपत्ता आयोगको ऐन र नियुक्तिको विवाद, नागरिकतामा प्रतिगामी (Regressive) संवैधानिक प्रावधानको अनुमोदन आदि विषयहरू प्रतिवेदनमा प्राथकिमताका साथ समावेश गरिएको छ।

गैरसरकारी संस्था सञ्जालको राष्ट्रिय गोष्ठीमा बोल्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका

तालिका १० सन् २०१४ मा अपहरितहरूको सङ्ख्या



सहसचिव रमेश ढकालले, गैसस, मानवअधिकार आयोग तथा सरकार बीचमा सहकार्य गरी प्रतिवेदन तयारीको कार्य गर्ने र सरकारको प्रतिवेदनमा अन्य विषय पनि समाहित गर्ने प्रतिबद्धता जनाए। उनले उक्त प्रतिवेदनमा वर्तमान अवस्थाको सही विश्लेषण हुने प्रतिबद्धता व्यक्त गरेका थिए।

नेपाल सरकारले मानवअधिकारको अवस्था सुदृढ गर्नका निम्ति विभिन्न सन्धि सम्झौता अनुमोदन गर्न आवश्यक देखिन्छ। मानवअधिकारसम्बन्धी केही महत्वपूर्ण सम्झौताका लागि लामो समयदेखि दबाब सिर्जना गर्ने कार्य हुँदै आएका छन्।

७. चौथो मानवअधिकार राष्ट्रिय कार्ययोजना थालनी

नेपाल सरकारले आर्थिक वर्ष ०७१ देखि ०७६ सम्मका लागि चौथो मानवअधिकार राष्ट्रिय कार्ययोजना लागु गरेको छ। स्वास्थ्यलगायत विभिन्न १८ ओटा विषयलाई प्राथमिताका साथ समेटिएको यो कार्ययोजना लागु गर्नुअघि स्थानीय तहमा पनि अन्तरक्रिया कार्यक्रमहरू गरी सुझाव सङ्कलन गरिएको थियो। मन्त्रिपरिषद्को असार ३२ गते बसेको बैठकले पञ्चवर्षीय कार्ययोजनालाई कार्यान्वयन गर्न स्वीकृति प्रदान गरेको थियो।

सरकारले आर्थिक वर्ष ०६१/०६२ देखि मानवअधिकार राष्ट्रिय कार्ययोजना तयार पारी लागु गर्दै आएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धि र प्रचलित नेपाल कानुनले प्रत्याभूत गरेका मानवअधिकारका विभिन्न्न विषयहरू समावेश गरी कार्यान्वयन गरिएको यसअघिका राष्ट्रिय कार्ययोजना पूर्णरूपमा लागु हुन सकेका थिएनन्।

हाल लागु भएको कार्ययोजनामा सङ्क्रमणकाललाई व्यवस्थित गर्न थप पहल गरिने उल्लेख छ। यसैगरी, सशस्त्र द्वन्द्वसँग सम्बन्धित घटनाको सत्यतथ्य पत्ता लगाउन दोषीलाई कारबाही र पीडितलाई हानिपूरणको व्यवस्था, सरकारले जारी गरेको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरूपण र मेलमिलाप' अन्तर्गतको आयोग गठन, बारुदी सुरुङ तथा द्वन्द्वकालीन विस्फोटक अवशेष व्यवस्थापन, द्वन्द्वरत समूहलाई राजनीतिक मूलप्रवाहमा ल्याई सुरक्षा र विकासको अधिकार प्रवर्धन र द्वन्द्वोत्तरको अवस्था व्यवस्थापन गर्ने योजना रहेको छ। मेलमिलाप, पुनस्थापना, सम्पत्ति फिर्ता र पीडितलाई हानिपूरण उपलब्ध गराउने विषय पनि समाविष्ट छन्। यसका साथै कारागारको सुधार, महिलाविरुद्ध हुने हिंसाका घटनाहरूको न्यूनीकरण, दण्डहीनताको अन्त्यजस्ता विषयलाई महत्वका साथ समावेश गरिएको छ। यसअघिका कार्ययोजनाको असफलताबाट पाठ सिकेर कार्यान्वयन पक्षलाई जोड दिने हो भने पक्कै पनि यसको सकारात्मक प्रभाव पर्ने कुरामा द्विविधा हुने छैन। अघिल्ला कार्ययोजनाहरूको उपलब्धि एवम् कमजोरीहरूको पनि जिल्लास्तर, क्षेत्रीयस्तर एवम् केन्द्रीयस्तरमा समेत नागरिक मूल्याङ्कन गर्न सकियो भने व्यवहारिक परिणाम प्राप्त गर्न सकिन्छ।

तालिका ११

सन् २०१४ मा महिलाअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
वेश्यावृत्तिमा लगाएको					२	२
कथित बोक्सीको आरोप	२५	३९	१०	१३	२	८९
बलात्कार	५३	९४	४८	३५	८	२३८
बलात्कारको प्रयास	४३	४४	२५	१६	११	१३९
बहुविवाह	११३	१०३	६०	४९	१२	३३७
महिला बेचबिखन तथा ओसारपसार	१७	३६	३६	१८	१८	१२५
प्रसुती सेवा				२		२
घरेलु हिंसा	७३३	८०५	३०८	३६७	२८३	२४९६
यौन दुर्व्यवहार	१६	१७	७	४४	९	९३
गर्भपतन	१	२				३
जम्मा	१००१	११४०	४९४	५४४	३४५	३५२४

तालिका १२

सन् २०१४ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (पीडक पक्ष)

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट	
	महिला	जम्मा	महिला	जम्मा
वेश्यावृत्तिमा लगाएको			२	२
कथित बोक्सीको आरोप			८९	८९
बलात्कार			२३८	२३८
बलात्कारको प्रयास			१३९	१३९
बहुविवाह			३३७	३३७
महिला बेचविखन तथा ओसारपसार			१२५	१२५
प्रसुती सेवा	२	२		
घरेलु हिंसा			२४९६	२४९६
यौन दुर्व्यवहार			९३	९३
गर्भपतन			३	३
जम्मा	२	२	३५२२	३५२२

८. खाद्यान्न उपलब्धता

पुसको पहिलो हप्ता वीरगञ्जमा विश्व खाद्य कार्यक्रमको सहयोगमा कृषि मन्त्रालयद्वारा आयोजित खाद्य सुरक्षा कार्य विश्लेषण तालिममा जनाइएअनुसार खाद्य सुरक्षाको दृष्टिकोणले नेपाल विश्वका ७८ मुलुक मध्ये ४९ औं स्थानमा छ। जसमध्ये मध्यपश्चिम तथा सुदूरपश्चिमी हिमाली जिल्ला खाद्य सुरक्षाको दृष्टिकोणले सबैभन्दा खतरामा छन्। अहिले पनि ४० प्रतिशत नेपालीले न्यूनतम क्यालोरी उपभोग गर्न पाएका छैनन्। तीमध्ये सुदूरपश्चिममा ४४.९ र मध्यपश्चिममा ४४.३ प्रतिशत नेपालीले न्यूनतम क्यालोरी उपभोग गर्न नसकेको अवस्था छ। यसैगरी, सुदूरपश्चिमका जिल्लामध्ये बाजुरा विकासका दृष्टिकोणले ७५ जिल्लामध्ये ७२ औं स्थानमा पर्दछ।

यसै सन्दर्भमा इन्सेकले बझाङ जिल्लाको खाद्यका सुरक्षाका विषयमा गरेको एक अध्ययनको क्रममा प्राप्त जानकारी अनुसार यस जिल्लामा तीन महिनासम्म खाद्यान्न पुग्ने जनताको सङ्ख्या ३३.६८ प्रतिशत, ६ महिनाका लागि पुग्ने ४१.३२ प्रतिशत, नौ महिनाका लागि पर्याप्त खाद्यान्न पुग्ने १४.७१ र १२ महिनाका लागि पुग्ने ६.२८ प्रतिशत जनता रहेबाट पनि जिल्लामा खाद्यान्न उपलब्धताको अवस्था स्पष्ट हुन्छ।

परम्परागत खाद्य आचारमा आएको परिवर्तन पनि खाद्यान्न अभावको अर्को कारकतत्व हो। नियमित सिँचाइको आवश्यकता पर्ने धान तथा गहुँप्रति आकर्षण बढ्दै जानु तथा कोदो फापर जस्ता खाद्य पदार्थको उपयोग नगर्ने प्रवृत्ति बढेकाले पनि खाद्यान्नको अभाव हुने गरेको सरोकारवालाहरूको भनाइ रहेको छ। भौगोलिक बनावट, कृषि क्षेत्र, जनङ्ख्याका दृष्टिकोणले सिचाइँ, यातायात र फलफूल प्रशोधनमा मात्र ध्यान पुऱ्याउनुका साथै दुर्गम गाविसमा खाद्य संस्थानका डिपो सञ्चालन गरिए भने खाद्यान्न अभावबाट मुक्त हन सक्ने अवस्था रहेको स्थानीय सरोकारवालाहरूले जनाए।

९. चेपाङ महिलाको प्रजनन् स्वास्थ्यको अधिकार

पार्टनरशीप फर म्याटरनल न्यूबर्न एन्ड चाइल्ड हेल्थ भन्ने संस्थाले यसै वर्ष तयार पारेको प्रतिवेदन अनुसार सन् १९९० को तुलनामा २०१३ मा आइपुग्दा नेपालमा प्रत्येक एक लाख जीवित जन्म हुँदा गर्भवती महिलाहरूको मृत्युको दर ७९० बाट १९० मा झरेको छ। तर यो प्रगतिले नेपालका अत्यन्त अविकसित आदिवासी समुदायलाई भने छोएको पाइँदैन। राजधानी काठमाडौं जिल्लासँग सीमा जोडिएको मकवानपुरका आदिवासी चेपाङ समुदायलाई विकासका कुनै पनि मापदण्डले छुन सकेको देखिँदैन। उनीहरूका समस्या छेउकै राजधानीले भने समानुभूत गर्न सकेको छैन। यस वर्ष इन्सेकले मकवानपुरका चेपाङ महिलाहरूको प्रजनन अधिकारको बारेमा लघु अध्ययन गरेको थियो। चेपाङ समुदायका विकासका लागि राज्यले ३० वर्षदेखि सञ्चालन गर्दै आएका कार्यक्रमहरू बारे गम्भीर भएर सोच्नुपर्ने अवस्था रहेको छ।

लामो अवधिदेखि त्यस समुदायको विकासका लागि गरिएका कार्यक्रमहरू उपलब्धिमूलक नरहेको पाइयो। त्यस समुदायको मूल आवश्यकताहरूको पहिचान नै नगरिकन योजना तर्जुमा गरिएका कारण नाम मात्रको उपलब्धि हुन सकेको देखिन्छ। चेपाङ बालबालिकाको शिक्षा, समुदायमा व्याप्त बालविवाहको प्रचलन, स्वास्थ्य क्षेत्रमा पहुँचको अभाव आदि कारणले गर्दा ५० वर्ष नाघेका चेपाङ महिला विरलै पाइन्छन्। स्वास्थ्य, शिक्षा र सीप विकासका लागि दीर्घकालीन

एकीकृत योजना लागु नगरुन्जेल त्यस समुदायलाई मूल प्रवाहमा समाहित गर्न सम्भव देखिँदैन।

१०. बर्दियाका मुक्त कमैयाको पुर्नस्थापना

अन्तर्राष्ट्रिय महासन्धि र राष्ट्रिय कानुनले बाँधा श्रमलाई निषेध गरेको भए पनि नेपालमा लामो समय कमैया प्रथा बाँधा मजदुरको रूपमा अभ्यासमा रहयो। कमैयाहरूको सशक्त आन्दोलन, नागरिक समाज र राजनीतिक दलहरूको सहकार्य साथै अन्तर्राष्ट्रियरूपमा कमैयाहरूको आन्दोलनप्रति समर्थन र सरकारमाथि दबाब परेपछि अन्ततः सरकारले ०५७ साउन २ गते कमैयाहरूको सौँकी मिनाहासहित उनीहरूलाई मुक्त घोषणा गरेको थियो।

बर्दिया जिल्लामा परिचय-पत्र पाउनेमध्ये पनि ८ सय ८३ जनाको परिचय-पत्रमा फोटो टाँसेर पनि वितरण हुन बाँकी रहेको भूमिसुधार कार्यालयले जनायो। भूमिसुधार कार्यालयका अनुसार परिचय-पत्र वितरण गर्न नसक्नुको कारण उनीहरू २०५७ साल भन्दा अगाडि नै कमैया बस्न छोडेको अनुसन्धानबाट खुलेको हो। यसरी रोकिएको परिचय-पत्र दिने वा नदिने अन्तिम निर्णय लिन जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा रहेको समितिले मात्र गर्नसक्ने प्रावधान निर्देशिकामा छ। यसलाई किनारा लगाउन स्थानीय निकायको निर्वाचन वा मन्त्रिपरिषद्बाट निर्देशिका सशोधन गर्नुपर्ने बाहेक अर्को विकल्प छैन।

सामूहिक खेतीको उपाय अवलम्बन र सीपमूलक तालिमप्राप्त मुक्त कमैयालाई अल्पकालीन रूपमा निर्व्याजी तथा दीर्घकालीन रूपमा न्यून ब्याजदरमा ऋण उपलब्ध गराई व्यवसायमा संलग्न गराउन सकियो भने धेरै समस्या समाधान हुन सक्नेछ।

११. राजवंशी समुदायमा मातृभाषामा शिक्षा

झापा जिल्लामा १२ आदिवासी जनजाति समुदायको बसोबास भए पनि थोरै भाषामा मात्र विद्यालय तहमा पठनपाठन भएको पाइएको छ। जिल्लामा कति विद्यालयमा कुन कुन मातृभाषामा कति सङ्ख्यामा विद्यार्थीहरू अध्ययनरत छन् भन्ने यर्थाथ तथ्याङ्क सम्बन्धित सरकारी निकायसँग भएको पाइएन।

तालिका १३ सन् २०१४ मा ६० वर्ष उमेरभन्दा माथिका पीडित सङ्ख्या



मातृभाषा शिक्षामा सरकारी निकायले पाठ्यक्रम निर्माण गर्नेबाहेक यसको कार्यान्वन, अनुगमनलगायत अन्य क्षेत्रमा केही लगानी गरेको देखिँदैन। विभिन्न समुदायको मातृभाषाका शिक्षकको दरबन्दी कायम गर्न नसक्नु, दक्ष शिक्षक उत्पादन गर्न नसक्नु सरकारको कमजोरी रहेको देखिन्छ। मातृभाषा शिक्षाका लागि राज्यले स्पष्ट नीति अख्तियार गरेर सो नीति बमोजिमको बजेट व्यवस्थापन र पूर्वाधार तयार गर्नु पर्ने अवस्था रहेको इन्सेकले झापा जिल्लाको राजवंशी समुदायमा गरेको अध्ययनको निष्कर्ष रहेको छ।

सरकारको नीति परीक्षण गर्ने किसिमको मात्र रहेकाले राजवंशी समुदायको मातृभाषाको विकासमा सहयोग पुग्न नसकेको अध्ययनको निष्कर्ष छ। सरकारले जनुसुकै मातृभाषामा पढाइ हुने नीति ल्याए पनि लगानीको अभावका कारण कार्यान्वययनको अवस्था फितलो रहेको सहायक जिल्ला शिक्षा अधिकारी स्वयम्ले स्वीकार गरे। राजवंशी समुदायको झापा, मोरङ र सुनसरीमा बसोवास रहेको र भाषिक विकासको लागि सरकारले निश्चित बजेट विनियोजन गरी योजना ल्याएमा मातृभाषा अध्ययन अध्यापनमा परिणाममुखी विकास हुनेछ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यसामाग्री प्रकाशन गरेको पाइयो। सोही अनुसार शिक्षा खेलकुद तथा संस्कृति मन्त्रालयअन्तर्गत सानोठिमी भक्तपुरद्वारा प्रकाशित पुस्तक विद्यालयहरूमा पढाइ भइरहेको छ। यी पाठ्यक्रम निर्माण गर्दा यसै क्षेत्रका राजवंशी भाषाका विज्ञहरूको सहयोग लिइएको थियो। तर राजवंशी भाषाका पाठ्यपुस्तकको पर्याप्त उपलब्धता नरहेको पाइयो। राजवंशी भाषाको सन्दर्भमा व्याकरण तथा शब्दकोष हालसम्म उपलब्ध हुन सकेका छैनन्। फरक क्षमता भएका बालबालिकाहरूको लागि ब्रेल लिपी र साङ्केतिक भाषाको पाठ्यक्रम निर्माण हुन पनि उत्तिकै जरुरी छ।

यसरी हेर्दा राजवंशी र अन्य मातृभाषाहरूको शैक्षिक विकास हुन नसकेको देखिन्छ। सरकारको नीति र संविधानमा नै मातृभाषामा शिक्षा प्रत्याभूत गरिएको भए तापनि कार्यान्वयनको तहमा त्यो अवस्था नरहेको सरोकारवाला निकायहरूको ठहर रहेको पाइयो। मातृभाषामा पठनपाठन हुन थालेपनि उल्लेख्य भर्ना दर बढेको छैन। विगतकै अनुपातमा रहनुले योजनाको कार्यान्वयनको कमजोरी प्रष्ट्याउँछ।

तालिका १४

सन् २०१४ मा बालअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (उमेरको आधारमा)

घटनाको प्रकार	१–५	६–११	१२–१७	जम्मा
बालश्रम		६	७	१३
बालबालिका बेचविखन	५	१७	७३	९५
बालविवाह		१	३२	३३
बलात्कार	४२	१५६	३२७	५२५
नवजात शिशुको हत्या	१८			१८
विद्यालयमा शारीरिक सजाय	२	६	१२	२०
विभिन्न अवरबाट बञ्चित		१	१	२
शिक्षामा भेदभाव			१	१
यौन दुर्व्यवहार	२०	७२	१३७	२२९
हत्याको प्रयास		३	१	४
जम्मा	**८७**	**२६२**	**५९१**	**९४०**

१२. नवलपरासी जिल्लाका द्वन्द्वपीडितलाई हानिपूरण

इन्सेकले यस वर्ष नवलपरासीका द्वन्द्वपीडितहरूको अवस्थाको अध्ययन गरेको थियो । द्वन्द्वकालमा जिल्लाका ४९ जनाको सम्पत्ति कब्जा भएको थियो। उक्त समयमा कब्जा गरिएका सम्पत्ति सबैको फिर्ता भइसकेको छ। २ सय ८३ जनाले द्वन्द्वका समयमा ३० हजारदेखि ३५ लाखसम्म भौतिक सम्पत्ति क्षति भएको भनी जिल्ला प्रशासन कार्यालय र स्थानीय शान्ति समितिमा क्षतिपूर्तिका लागि निवेदन दिएपनि अहिलेसम्म कसैले राहत क्षतिपूर्ति पाउन सकेका छैनन्। राहतका लागि स्थानीय तहबाट शान्ति मन्त्रालयमा सिफारिस गरेर पठाइएको भए पनि राहत क्षतिपूर्तिको रकम नआएको जिल्ला प्रशासन कार्यालयले जनायो। यसैगरी, जिल्ला प्रशासन कार्यालयका अनुसार गैरकानुनी गिरफ्तारीमा परेको भनी निवेदन दिएका १५ जनालाई २५ हजारका दरले क्षतिपूर्ति प्रदान गरियो। विस्थापितहरूले प्रशासन कार्यालयबाट भन्दा सिधै शान्ति मन्त्रालयबाट राहत बुझेकोले सोको यकिन तथ्याङ्क प्रशासन कार्यालयमा छैन।

सशस्त्र द्वन्द्वका समयमा नवलपरासी जिल्लामा २ सय १५ जनाको हत्या, १६ जना बेपत्ता र ६ जना नागरिक स्थायी रूपमा अपाङ्ग भए। मृतकमध्ये २ सय १७ जनाको परिवारले राहत पाएका छन्। बेपत्तामध्ये १६ जनाको परिवार र घाइते तथा अपाङ्गता भएका ६० जनामध्ये ४० जनाले शारीरिक अवस्थाअनुसार २०

तालिका १५

सन् २०१४ मा पीडित पत्रकारहरूको सङ्ख्या



हजार देखि १ लाख ५० हजारसम्म उपचार खर्च प्राप्त गरेका छन् भने २० जनाले आवश्यक प्रमाण नपुगेका कारण अझसम्म राहत सुविधा पाएको देखिएन। यसैगरी सम्पत्ति क्षतिको सङ्ख्या २ सय ८३ छ भने विस्थापित सङ्ख्या ४८ जना रहेको छ। जिल्ला प्रशासन कार्यालयका अनुसार आठजनाले अशक्तता जीवन निर्वाह भत्तास्वरूप यसअघि मासिक ६ हजार २ सय प्राप्त गर्ने गरेकोमा ०७१ साउन १ गतेदेखि लागु हुने गरी मासिक ७ हजार रुपियाँ उपलब्ध गराएको छ। जिल्ला प्रशासनकै तथ्याङ्कअनुसार द्वन्द्वपीडित टुहुरा, असहाय ६ जना १८ वर्ष मुनिका बालबालिकालाई मासिक ५ हजार रुपियाँका दरले राहत प्रदान गरिएको छ। यस्तै जिल्ला शिक्षा कार्यालयका अनुसार द्वन्द्वपीडित मृतक, बेपत्ताका छोराछोरीमध्ये ७२ जनाले प्रावि, निमावि र उच्चमाविमा क्रमश: १० हजार, १२ हजार, १४ हजार र १६ हजार छात्रवृत्ति प्राप्त गरेका छन्। यसै गरी ४८ जना विधवाले जिल्ला विकास समितिबाट २५ हजार रुपियाँका दरले राहत प्राप्त गरेका छन्

१३. सम्मानितरूपले बाँच्न पाउने अधिकार

यस वर्ष राज्यपक्षबाट सात जना र गैरराज्यपक्षबाट ३ सय १ जनाको हत्या भयो। गत वर्ष राज्यपक्षबाट पाँच जना र ३ सय २६ जनाको हत्या भएको थियो। महोत्तरी जिल्लामा प्रहरी कारबाहीमा मारिएका दुई जना र काठमाडौं मारिएका एकजनाका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो देखियो। यी तीनैजना गैरकानुनी तवरबाट मारिएको परिवारजनहरूले दाबी गरेका छन् *(विस्तृत जानकारीका लागि हेर्नुहोस् जिल्लागत विवरण)*।

महोत्तरी जिल्ला बदियाबन्चौरी गाविस-२ का २५ वर्षीय मोहम्मद शेराजुल मन्सुरीको ०७० माघ २३ गते बिहान गस्तीमा रहेको प्रहरी टोलीलाई देख्नासाथ प्रहरीलाई लक्षित गर्दै गोली चलाएपछि प्रहरीको जवाफी कारबाहीमा मृत्यु भएको प्रहरीले जनायो। सुरुमा सनाखत हुन नसकेको लास ०७० फागुन १ गते परिवारजनले सनाखत गरी बुझेका थिए। भाइलाई प्रहरीले गिरफ्तार गरेर हत्या गरी भिडन्तको नाटक रचेको भन्दै मृतकका दाजु ३५ वर्षीय इसराफिल मन्सुरीले ०७० फागुन १ गते जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रमुख एसपी रामप्रसाद श्रेष्ठलगायत चार जना प्रहरी अधिकारीविरुद्ध जाहेरी दिए। जाहेरी बुझ्न जिल्ला प्रहरी कार्यालयले आनाकानी गरेपछि जाहेरी हुलाकबाट पठाइएको पीडित बाबु इसराफिलले बताए।

तालिका १६ सन् २०१४ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (उमेरका आधारमा)

उमेर समूह	१८–२३	२४–२९	३०–३५	३६–४१	४२–४७	४८–५३	५४–५९	६०–६५	६६–७१	७२+	जम्मा
वेश्यावृत्तिमा लगाएको		१	१								२
कथित बोक्सीको आरोप	६	६	१२	१५	१७	१२	७	७	६	१	८९
बलात्कार	९६	४४	३५	२१	१८	१३		४	३	४	२३८
बलात्कारको प्रयास	५९	२९	२३	११	८	१	२	३	२	१	१३९
बहुविवाह	८८	१२२	७४	३२	१३	५	१	१	१		३३७
महिला बेचविखन तथा ओसारपसार	८२	२९	३	६	२	३					१२५
प्रसुती सेवा			१	१							२
घरेलु हिंसा	५९४	७९५	५८५	२३४	१३७	६०	४१	२२	१७	११	२४९६
यौन दुर्व्यवहार	३८	२०	१६	७	१०		१		१		९३
गर्भपतन	२					१					३
जम्मा	९६५	१०४६	७५०	३२७	२०५	९५	५२	३७	३०	१७	३५२४

जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्ता नगरी यो घटनालाई भवितव्यमा अभिलेख गरेको छ। जसको दर्ता नम्बर १ सय ३३ रहेको छ। पीडित पक्षले भने जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता नगरेको भन्दै पुनरावेदन अदालतमा ०७० चैत ६ गते जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेश जारी गर्न अपिल गऱ्यो। पुनरावेदन अदालत जनकपुरका मुख्य न्यायाधीश पुरुषोत्तम भण्डारी र न्यायाधीश मेघनाथ भट्टराईको संयुक्त इजलासले ०७१ कात्तिक १८ गते सेराजुल नुरी मन्सुरी दोहोरो भिडन्तमा मारिएको घटनाको विषयमा अनुसन्धान तथा छानविन गर्न गर्नू भनी परमादेश जारी गऱ्यो।

यसैगरी काठमाडौंमा मारिएका चरी भनिने दिनेश अधिकारीलाई गिरफ्तार गरी हत्या गरिएको परिवारजनहरूको आरोप रहेको छ।

१३. स्वास्थ्यको अधिकार

इन्सेक जिल्ला प्रतिनिधिहरूले ७५ ओटै जिल्लाका जनस्वास्थ्य कार्यालयबाट ०७१ पुस महिनामा अनुगमन गर्दा अधिकांश जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी नरहेको वा रिक्त रहेको पाइयो। तराईका सुगम जिल्लामा समेत दरबन्दीअनुरूप चिकित्सकहरू कार्यरत नरहेको पाइयो। सर्लाहीमा २५ जना डाक्टरको दरबन्दी भए पनि जम्मा एक जना डाक्टर कार्यरत् थिए।

जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार सर्लाही जिल्लामा २५ जना डाक्टरको दरबन्दी रहेकोमा २४ जनाको पद रिक्त रहेको छ। एक जनामात्रै डाक्टर कार्यरत रहेका छन्। एक जना स्त्री रोग विशेषज्ञको दरबन्दी भएको सर्लाही जिल्लामा स्त्री रोग विशेषज्ञ पनि छैनन्। १३ जनाको दरबन्दी रहेको स्टाफ नर्समध्ये पाँच ओटा दरबन्दी रिक्त रहेको छ।

मातृमृत्यु दर घटाउन सरकारले आमा सुरक्षा कार्यक्रम लागु गर्दै आएको भए पनि नीतिगत कार्यान्वयनको पाटो सुदृढ हुन सकेको छैन। प्रसुती सेवा उपलब्ध नभएका कारण ग्रामीण क्षेत्रका कैयन् महिलाहरूको अकालमृत्यु हुने गरेको छ। अधिकांश जिल्ला अस्पलतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दीसमेत छैन। सुगम जिल्लामा समेत दरबन्दीअनुसार चिकित्सक कार्यरत रहेका छैनन्। तराईका सर्लाही, महोत्तरी, सुनसरी, सप्तरी जस्ता सुगम क्षेत्रमा दरबन्दीको २० प्रतिशत पनि डाक्टर कार्यरत् नहुनु आश्चर्यजनक देखिन्छ। डाक्टरहरूको अस्वभाविक रिक्तताका कारणहरू खोजबिन गरी चिकित्सकहरू उपलब्ध गराउनु पर्ने इन्सेकको निष्कर्ष छ।

स्वास्थ्य विभागकै तथ्याङ्कअनुसार गत आर्थिक वर्ष झाडापखालाबाट १६ जनाको ज्यान गएको थियो। यस आर्थिक वर्षको चैत महिनासम्म १० लाख ८५ हजार ७ सय ४ जना झाडापखाला प्रभावित भएका थिए। यसबीच ७५ जनाको मृत्यु भएको उक्त तथ्याङ्कमा उल्लेख छ। सरकारले स्वच्छ खानेपानीको वितरण र जनचेतनामा धेरै काम गर्नुपर्ने देखिन्छ। यसो त सरकारले घोषित गरको नि:शुल्क औषधीको वितरण पनि समुचित तवरले भइरहेको पाइँदैन। राज्यले बिरामीलाई जिल्ला अस्पतालमा ७०, प्राथामिक स्वास्थ्य केन्द्र ४० र उपस्वाथ्य चौकीमा ३२ प्रकारका औषधी

नि:शुल्क प्रदान गर्ने भने पनि अर्घाखाँची जिल्ला अस्पतालमा १५ किसिमका औषधी मात्रै नि:शुल्क वितरण गर्ने गरिएको इन्सेक प्रतिनिधिले अनुगमनको क्रममा जानकारी प्राप्त गरेका थिए।

१४. घरेलु हिंसा निराकरणका लागि नयाँ कानुनको आवश्यकता

दिनहुँ पतिको कुटपिट सहन नसकेर प्रहरीमा गुहार माग्न गएकी महिलाका पतिलाई प्रहरीले भोलिपल्ट गिरफ्तार गर्छ। दुवैलाई मिलापत्र गराएर पतिलाई रिहा गर्छ। पर्सिपल्ट पतिले पत्नीको हत्या गर्छ। कास्कीको यो घटनामा प्रहरीले पीडितको इतिहास र पीडकका गतिविधिहरूको अनुसन्धान गरेको भए कास्कीमा शायद एउटा ज्यान जोगिन सक्दथ्यो। प्रहरीले मिलापत्र गराउन नै आफ्नो कर्तव्य ठान्यो।

बर्दिया जिल्ला महम्मदपुर गाविसका एक पुरुषले आफ्नी पत्नी र छोरीलाई मरणासन्न हुने गरी कुटपिट गरे। उनकी पत्नी उपचारका लागि गुलरीया अस्पताल गएकी थिइन्। छोरीले घर नजिककैको बारीको रुखमा आफ्नै सलको पासो लगाई आत्महत्या गरिन्। यो घटनामा कुनै कारबाही भएन।

यी दुई घटनाबाट नेपालमा भइरहेको घरेलु हिंसाको भयावहता आँकलन गर्न सकिन्छ। नेपालका प्रचलित अन्य कानुनअनुसार ज्यान मार्ने उद्योगको कोटीमा पर्न सक्ने घटनालाई पनि मिलापत्रमा टुङ्ग्याइदिनाले अन्ततः घरेलु हिंसालाई दुरुत्साहन गरेको देखिन्छ।

यो वर्ष विगत वर्षहरूभन्दा पनि महिला हिंसाका विभत्स घटनाहरू इन्सेकमा अभिलेखित भए। यस वर्ष दाइजोका कारण नौ जना महिलाको हत्या भयो। दाइजोका कारण गरिएका हत्याका आरोपित कानुनी दायरमा आउन नसकेका उदाहरण पनि पाइए।

महोत्तरी जिल्ला मेघनाथ गोरहन्ना-७ की २० वर्षीया गीतादेवी राउतको ०७१ असोज २६ गते हत्या भयो। हत्यालगत्तै आफन्तले सोही राती गीताको लास रातु खोलामा लगेर जलाउन लागेका थिए। केही छिमेकी र माइती पक्षले गीताको हत्या भएको प्रहरीलाई खबर गरी दिएपछि जलाउँदै गरेको अवस्थामा प्रहरीले लास निकालेर पोस्टमार्टमका लागि अस्पताल लगेको थियो। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा पीडितका ससुरा ४५ वर्षीय नथुनी राउत, नन्द १९ वर्षीया पुनम कुमारी र नन्दी दाई २२ वर्षीय विशेश्वर राउतलाई कात्तिक २ गते साँझ गिरफ्तार गरेकोमा जिल्ला

तालिका १७

सन् २०१४ मा महिलाअधिकार उल्लङ्घन तथा ज्यादतीबाट सबैभन्दा बढी पीडित सङ्ख्या रहेका १० जिल्ला



अदालत महोत्तरीको कात्तिक २० गतेको आदेशले उनीहरू साधारण तारेखमा रिहा भए। दाइजोको निहुँमा परिवारजनले नै हत्या गरेको भनी मृतकको बाबु भूमि राउतले असोज २८ गते प्रहरीमा किटानी जाहेरी दिँदै हदैसम्मको कारबाहीको माग गरेका थिए। महोत्तरीकै ढाँमीमरैय गाविस-६ का भूमि राउतकी छोरी गीताको ०७० जेठ १६ गते मेघनाथ गोरहन्ना-७ का खेहरू राउतका छोरा नथुनी राउतसँग हिन्दू परम्पराअनुसार विवाह भएको थियो। गीताका पति नथुनी राउत रोजगारीका लागि भारतको पञ्जाबमा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सन् २०१४ मा परिवारजनबाट ९१ जना महिलाको हत्या भयो। अघिल्लो वर्ष १ सय ८ जना महिला यसरी मारिएका थिए। यस वर्ष २ सय ३८ महिला बलात्कृत भए। कथित बोक्सीका आरोपमा ८९ जना, यौन दुर्व्यवहारमा ९३ जना, बलात्कारको प्रयासका घटनामा १ सय ३९ जना महिला पीडित भए।

इन्सेकका ७५ जिल्ला प्रतिनिधिले देशका ७५ जिल्लाका प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका केन्द्रको अनुगमन गरेका थिए। बालबालिका कार्यालयमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र भएको इन्सेकले अभिलेख गऱ्यो। घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐनमा रहेको मेलमिलापसम्बन्धी व्यवस्था अनुसार घरेलु हिंसाका घटनामा मिलापत्रलाई प्राथमिकता दिनु परेको प्रहरी कार्यालयहरूले जनाए। यो ऐनको कमजोरीको फाइदा उठाउँदै जघन्य खालका घरेलु हिंसाका घटनामा पनि मेलमिलाप गर्ने परिपाटी यस वर्ष पनि देखियो।

डोल्पा जिल्ला त्रिपुराकोट गाविस-६ रुमगाउँकी ४० वर्षीया सुमित्रा सुनुवारलाई ०७० चैत ३ गते पति ४६ वर्षीय टेकबहादुर सुनुवारले आफूले भनेको नमानेको भन्दै मरणासन्न हुने गरी कुटपिट गरे। पतिको कुटपिटबाट दुवै तिघ्रा पिठ्यूँ र टाउकोमासमेत गहिरो चोट लागेकी सुमित्राको त्रिपुराकोटस्थित क्लिनिकमा उपचार भयो। पीडितले चैत ४ गते दिएको निवेदनका आधारमा त्रिपुराकोट प्रहरी चौकीले आरोपित र पीडितलाई चौकीमा ल्याएर छलफल गराई मिलापत्र गरायो। प्रहरीले आरोपितलाई कानुनी दायरामा ल्याउनुपर्ने ठानेन।

कतिपय घटनामा उजुरीकर्ताले बयान फेर्ने, उजुरी दिएपछि पीडित पुनः प्रहरी कार्यालयको सम्पर्कमा नआउने जस्ता समस्याहरू पनि नदेखिएका

तालिका १८

सन् २०१४ मा बालअधिकार उल्लङ्घन तथा ज्यादतीबाट सबैभन्दा बढी पीडित सङ्ख्या रहेका १० जिल्ला



होइनन्। हिंसापीडित महिलालाई सेफ हाउसमा सहज पहुँच नभएकाले मिलापत्र गर्न बाध्यता रहेको पाइन्छ। मुलुकका १७ जिल्लामा हिंसापीडित महिलाहरूलाई राख्न सेफ हाउसहरू व्यवस्था गरिएको भए पनि देशका अन्य भागका हिंसापीडित महिलाहरू यो सेवाबाट लाभ लिन सक्ने अवस्थामा छैनन्। सरकारले ३५ दिनसम्म मात्र सेफ हाउसमा राख्ने व्यवस्था गरेको छ। बसाइको अवधि सकिएपछि महिलाहरू कहाँ जाने निर्क्योल गर्न नसक्दा उनीहरूले पीडकसँग सम्झौता गर्नुको विकल्प रहँदैन।

इन्सेकले तीन वर्षअघि देखि नै प्रचलित घरेलु हिंसा (सजाय तथा कसुर)ऐन अव्यवहारिक र घरेलु हिंसाको सम्बोधन गर्न नसक्ने कानुन भएकाले परिवर्तन गरिनु पर्ने सुझाव वर्षपुस्तक र अन्य प्रतिवेदन मार्फत दिँदै आएको छ। नेपालका प्रचलित अन्य कानुनअनुसार ज्यान मार्ने उद्योगको कोटीमा पर्न सक्ने घटनालाई पनि मिलापत्रमा टुङ्ग्याइदिनाले अन्ततः घरेलु हिंसालाई दुरुत्साहन गरेको देखिन्छ। राष्ट्रिय महिला आयोगको सक्रियतामा सरकारले घरेलु हिंसालाई फौजदारी मुद्दाको रूप दिने तयारी गर्दै कानुन मस्यौदा गरिरहेको जानकारी प्राप्त भएको छ। यसले घरेलु हिंसा न्यूनीकरणमा सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

जिल्ला प्रतिनिधिहरुले गत वर्ष र यस वर्ष पनि केही महिलाहरुको आत्महत्याको विषयमा अनुगमन तथा अनुपरीक्षण गर्दा घरेलु हिंसाकै कारण आत्महत्या गरेको हुनसक्ने आधारहरू देखा परे। आत्महत्या गर्न दुरुत्साहन गरेकोमा कारबाही गर्ने कानुन नभएका कारण यसको अनुसन्धान गर्न नसकिएको प्रहरीको भनाइ रहेको छ। नेपालमा यस सम्बन्धी कानुनको तर्जुमा आवश्यक देखिएको छ।

१५. बाल अधिकार

देशका कर्णधार वा भोलिका भविष्य भनिने बालबालिकाहरूमध्ये कैयन् बालबालिकाहरू वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनिक हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चिती जस्ता मानवअधिकार हननबाट बालबालिका आक्रान्त रहेको तथ्याङ्कले दर्शाउँछ। इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गरेका थिए। धेरैजसो विद्यालयका भवन बालमैत्री थिएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालयहरू रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। विद्यालयमा शिक्षकहरू नियमित उपस्थित नहुनु सामान्य रहेको अभिभावकहरूले बताए। उपत्यकाकै

तालिका १९ सन् २०१३ र २०१४ मा बालअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या



तालिका २० **सन् २०१३ र २०१४ मा महिलाअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या**



कतिपय विद्यालयमा विद्यार्थी नभए पनि शिक्षकहरूको दरबन्दी भने यथावत रहेको पाइयो। जिल्ला शिक्षा कार्यालयका अनुसार काठमाडौँका लगभग २० ओटा विद्यालयमा विद्यार्थी नै छैनन्। प्राय: सबै जिल्लामा समयमा पाठ्य-पुस्तक पुग्ने गरेको पाइएन। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अधिकार)*।

बालबालिका ओसार पसार, अपहरण एवम् यौनजन्य हिंसाबाट पीडित हुनेहरूको सङ्ख्या बढ्दै गएको पाइएको छ। यस्ता घटनाबाट दुई वर्षभन्दा कम उमेरका बालिकासमेत पीडित भएको पाइयो। यस्ता घटनाका पीडक १६ वर्षभन्दा कम उमेरका बालकहरू पनि देखिए। दुई वर्षीया एक बालिकालाई बेलबारी गाविस-३ का १३ वर्षीय एक बालकले ०७१ जेठ १० गते घरमा एक्लो भएको अवस्थामा बलात्कार गरेको आरोपमा पीडित परिवारले जेठ १० गते इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण कोसी अञ्चल अस्पताल विराटनगरमा जेठ १२ गते भयो। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित जेठ २६ गते सादा तारेखमा रिहा भए।

६ वर्षीया एक बालिकालाई ०७१ जेठ २५ गते आफन्त नाता पर्ने इन्द्रपुर गाविस-१ का १४ वर्षीय एक बालकले घरमा कोही नभएको अवस्थामा मकैबारीमा लगी बलात्कार गरेको आरोपमा आरोपितलाई इलाका प्रहरी कार्यालय बेलबारीले जेठ २६ गते गिरफ्तार गर्‍यो। इलाका प्रहरी कार्यालय बेलबारीले बालिकालाई उद्धार गरी स्वास्थ्य परीक्षण र उपचारका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठायो। उनको स्वास्थ्य परीक्षण जेठ २५ गते सोही प्रतिष्ठानमा भयो। जिल्ला अदालतको

तालिका २१ सन् २०१४ मा मानवअधिकार उल्लङ्घनका पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
घाइते	२०	३०	२३	२६	३	१०२
बालअधिकार	२९०	२६८	१८४	१२९	६९	९४०
अमानवीय व्यवहार	९	३	१	७	१	२१
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	१	४			८
अपहरण	१२	१७	२	२	५	३८
महिलाअधिकार	१००१	११४०	४९४	५४४	३४५	३५२४
भेला/सङ्गठित हुने अधिकार	३५	४१	१६			९२
जेलमा मृत्यु	१				३	४
जातीय विभेद	२८	१४	१३	१४	१९	८८
गिरफ्तारी/यातना	८	७	५	३८	७	६५
हिरासत वा थुनामा मृत्यु	१	१				२
कुटपिट	३५	२९	५	४१	२३	१३३
धम्की	१९	१४	११	१३		५७
हत्या	१०७	११५	४१	२७	१८	३०८
जम्मा	**१५६९**	**१६८०**	**७९९**	**८४१**	**४९३**	**५३८२**

आदेशमा आरोपित असार १६ गते सादा तारेखमा रिहा भए।

नेपालमा घरेलु श्रमिकका रूपमा के कति बालबालिका कार्यरत छन् त्यसको यकिन तथ्याङ्क छैन। घरेलु कामकाजका राखिएका बालबालिकाहरू श्रमशोषणका अतिरिक्त हिंसाबाट पनि अछुतो छैनन्। कानुनको रक्षकको रूपमा रहेको प्रहरी परिवारबाट नै यस्ता हिंसात्मक घटना भएको पाइयो।

सशस्त्र प्रहरी पूर्वी मुख्यालय पकलीमा कार्यरत सशस्त्र प्रहरीका इन्स्पेक्टर ३१ वर्षीय उत्तम बस्नेत र उनकी पत्नी ३० वर्षीया दुर्गा राईले घरेलु कामदार राखेकी एक आठ वर्षीया बालिका करुणा कार्कीलाई स्थानीय बालचेतना समूहको पहलमा उद्धार गरी मङ्सिर १० गते अभिभावकको जिम्मा लगायो। पकली उच्चमाविमा कक्षा-१ मा अध्ययनरत ती बालिका तीन दिनसम्म विद्यालय नआएपछि उनको खोजी गर्दै कोठामा पुगेका पकली बालचेतना समूहका विद्यार्थीहरूले बालिकाको आँखालगायत जिउमा निलडाम देखेका थिए। सो समूहका बालबालिकाले मङ्सिर ९ गते इलाका प्रहरी कार्यालय पकलीमा उजुरी गरे। बाल क्लबले इन्स्पेक्टर उत्तम र उनकी पत्नी सशस्त्र प्रहरीकै इन्स्पेक्टर दुर्गा राईले पटकपटक बालिकालाई यातना दिएको उजुरीमा उल्लेख गरिएको थियो। इन्सेकले गठन गरेको बालसमूहले खबर गरेपछि पुगेका इन्सेक प्रतिनिधिसँग बालिकाले आफूलाई इन्स्पेक्टर दम्पतीले पिट्ने गरेको बताइन्। 'अङ्कल आन्टीले पिट्नुहुन्छ। बुटले हान्नु हुन्छ। चिमोटनु हुन्छ', उनले भनिन्। कुटाइबाट बालिकाको आँखाको डिलमा र तिघ्रामा नीलडाम भएको थियो। सशस्त्र प्रहरीका इन्स्पेक्टरविरुद्ध उजुरी परेपछि इलाका प्रहरी कार्यालय, पकलीले जिल्ला बालकल्याण समितिका संयोजक रमेश ताम्राकार, महिला तथा बालबालिका कार्यालयकी बालसंरक्षण अधिकृत पूर्णमाया राईसहित पत्रकारहरूको रोहबरमा बालिकाकी आमा प्रमिला कार्कीलाई जिम्मा लगाइएको इलाका प्रहरी कार्यालय पकलीका इन्स्पेक्टर विष्णुवर सिंह थापाले बताए । आरोपित इन्स्पेक्टर उत्तम बस्नेतले परिवारको निम्न आर्थिक अवस्था भएकी बालिकालाई पढाउन राखेको र उसले गल्ती गरेकाले डर देखाउँदा लडेर नीलडाम भएको बताए। इटहरी नपा-७ घर भएका उत्तम र उनकी पत्नी दुर्गा दुवैजना सशस्त्र प्रहरी पूर्वी पृतना पकलीमा कार्यरत इन्स्पेक्टर हुन्। प्रहरीले दुवै पक्षबीच मिलापत्र भएको जानकारी गरायो।

तालिका २२ सन् २०१३ मा मानवअधिकार उल्लङ्घनका पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
घाइते	३४	१३२	८८	८६	५५	३९५
बालअधिकार	२२८	२२१	१८८	८७	७५	७९९
अमानवीय व्यवहार	२३	४	७	४	२	४०
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१६	२	९	९	३	३९
अपहरण	१८	२२	१२	२१	४	७७
महिलाअधिकार	५३४	९००	३४४	३५५	२१५	२३४८
भूमिहीन/सुकुमबासी समस्या				६		६
भेला/सङ्गठित हुने अधिकार	८१	१५९	३५	३८	१३	३२६
जेलमा मृत्यु		२		१	१	४
जातीय विभेद	८	३९	९	२६	१९	१०१
गिरफ्तारी/यातना	२८	२२	६५	४७	९	१७१
हिरासत वा थुनामा मृत्यु	१		२	१		४
कुटपिट	१३१	१८२	११२	२१०	३९	६७४
धम्की	२६	२५	१९	४३	७	१२०
हत्या	१२८	१०४	४१	३४	२४	३३१
जम्मा	**१२५६**	**१८१४**	**९३१**	**९६८**	**४६६**	**५४३५**

यसबाहेक समाजमा गैरराज्यपक्षबाट बालबालिका हिंसाबाट पीडित हुने क्रम घटेको छैन *(हेर्नुहोस् तालिका- १८ र १९)*।

१६. सबैप्रकारका जातीय विभेद

जातीय विभेद तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ जारी भएको तीन वर्ष पूरा भएको छ। यस ऐनमा परिभाषित कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखि ३ वर्षसम्म कैद वा एक हजार रुपियाँदेखि २५ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय एवम् पीडितलाई १ लाख रुपियाँसम्म क्षतिपूर्ति दिनु पर्ने प्रावधान छ। इन्सेकले अनुगमनको क्रममा हदैसम्मको सजाय भएको घटना पाइएको छैन। छुवाछूतका घटना धेरैजसो गाउँघरमै मिलाउने वा प्रहरी कार्यालयमा मिलाइदिने वा यथोचित ऐनको आधारमा मुद्दा नचलाई सार्वजनिक अपराध ऐनअन्तर्गत कारबाही चलाउने पाइयो। यस्ता घटनामा कारबाही आरम्भ गर्ने निकायभित्र पनि छुवाछूत कायम रहेको पाइयो।

मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका-१९ मिल्स एरियामा स्थायी घर भई अस्थायी प्रहरी पोस्ट डाडाँबजारमा कार्यरत ३० वर्षीय प्रहरी जवान युवराज परियारले आफूलाई जातीय विभेद गरेको भन्दै ०७१ जेठ ३० गते जिल्ला प्रहरी कार्यालय, धनकुटामा उजुरी दिए। सोही अस्थायी प्रहरी पोस्टका इन्चार्ज असई नवराज कार्कीले बारम्बार सानो जातको भन्दै आफूलाई मेसमा खाना पकाउन नदिने, खाना खाँदा छुट्टै बसेर खानुपर्ने, खाना थप्न भान्सा कोठामा जान नदिने, आफूले ल्याएको पिउने पानी नखाने लगायतका कार्य बारम्बार गर्दै आएकाले कारबाहीको माग गरेको उनले दिएको उजुरीमा उल्लेख छ। पीडितले दिएको उजुरीबारे सत्यतथ्यसहितको प्रतिवेदन बुझाउन जिल्ला प्रहरी कार्यालयले इलाका प्रहरी कार्यालय, राजारानीका इन्स्पेक्टर सुरेन्द्रप्रकाश श्रेष्ठको संयोजकत्वमा असार १ गते तीन सदस्यीय समिति गठन गरेको थियो। सो समितिले तयार पारेर बुझाएको प्रतिवेदनको अध्ययन गरी घटनाको छानबिन गरी कारबाहीका लागि कोसी अञ्चल प्रहरी कार्यालय, धरानमा पठाएको जिल्ला प्रहरी कार्यालयका एसपी ईश्वरीप्रसाद चापागाईले बताए। सो घटनापश्चात् पीडित र आरोपित दुवै जना जिल्ला प्रहरी कार्यालयमा

तानिए। उक्त प्रतिवेदन अञ्चल प्रहरी कार्यालयमा पठाएको भए पनि यो वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भए नभएको विषयमा आफूलाई कुनै जानकारी नभएको एसपी प्रदीपकुमार श्रेष्ठले बताए। यस वर्ष इन्सेकले जातीय विभेदका अनुगमन गरेको घटनामा जना ८८ जना पीडित भएको पाइयो। गत वर्ष यसरी १ सय १ जना पीडित भएका थिए।

१७. निष्कर्ष

सबैजसो राजनीतिक दलहरूले संविधानसभा निर्वाचनमा जारी गरेका घोषणापत्रमा प्रतिबद्धता व्यक्त गरेको भए पनि नयाँ संविधानको खाकाका सम्बन्धमा उनीहरूबीच मतैक्य कायम हुनै सकेन। मानवअधिकारको विषयलाई आफ्ना घोषणापत्रमा महत्वका साथ उल्लेख गर्ने राजनीतिक दलहरू यसको परिपालनाका सन्दर्भमा कमजोर रहे। संविधानसभाको निर्वाचनपश्चात् आएको परिणामलाई नस्वीकार्ने र यसका कारण देखिएको राजनीतिक गतिरोधले संविधान निर्माणको मूल विषयलाई ओझेलमा पारेको भान भयो। र, संविधानसभाले आमजनतालाई समष्टीगत रूपमा संविधान निर्माण प्रक्रिया गम्भीर र प्रभावकारीरूपमा अघि बढिरहेको विश्वास दिलाउन सकेन। मतभिन्नता अभिव्यक्त गर्ने उग्र शैलीले समस्याको समाधान कसरी होला भन्ने जिज्ञासासमेत उत्पन्न भयो। संविधानसभा निर्वाचनमा जनताले अभूतपूर्व मतदान गरी नयाँ संविधानको प्रतीक्षामा व्यग्र भएको देखाएका थिए। तर, संविधान बनेपछि देशले अग्रगति लिन्छ भन्ने आसमा बसेका नेपाली जनतालाई भ्रमित अवस्थामा राखियो। नेपालका राजनीतिक दलरूको अभिभारा सकेसम्म छिटो लोकतान्त्रिक संविधान निर्माण गर्नु नै हो। यसका लागि उनीहरूबीच पारस्परिक समझदारी विकास हुनै पर्छ। जुन आजको आवश्यकता पनि हो।

सरकारले मुक्त कमैया एवम् मुक्त हलियाका पुन:स्थापनका लागि गर्दै आएको प्रयास पनि सफल रहको पाइएन। योजनामा सरोकारवालाको आवश्यकताको अध्ययन र उनीहरूको सहभागिता नभएका कारण योजनाहरू परिणाममुखी हुन सकेका छैनन्।

सरकारले मानवअधिकार कार्ययोजना लागु गरेर मानवअधिकार संरक्षण, प्रवर्धन तथा परिपूर्तिका आफ्नो दायित्व निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यसको कार्यान्वयनको पाटोको अनुगमन नागरिक क्षेत्रबाट पनि हुनु उत्तिकै जरुरी छ। यसका लागि सरकार र नागरिक समाज दुवैले पहल गर्नु पर्ने देखिन्छ।

१८. सुझाव

१. संविधान निर्माणकर्ताहरूलाई

(क) एक आपसमा पारस्परिक समझदारी बढाई यथाशीघ्र संविधान निर्माण गर्ने

२. नेपाल सरकारलाई

(क) अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्ने।

(ख) यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेख अनुमोदन गर्ने।

(ग) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, र बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख अनुमोदन गर्ने।

(घ) आप्रवासी कामदार र तिनको परिवारको अधिकार सुरक्षासम्बन्धी महासन्धिको अनुमोदन गर्ने।

(ङ) घरेलु हिंसासम्बन्धी कानुनलाई परिमार्जन गरी यस्ता अपराधलाई सरकारवादी मुद्दाको श्रेणीमा राख्नुकासाथै आत्महत्या गर्न दुरुत्साहन, उक्साहट र बाध्य पार्नेलाई कानुनी कारबाही गर्ने कानुनको तर्जुमा गर्ने।

(च) संयुक्त राष्ट्रसङ्घीय आवधिक समीक्षाका क्रममा नेपाललाई दिइएका सुझाव पालना गर्ने।

(छ) प्रत्येक जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञ नियुक्त गर्ने।

३. नागरिक समाजलाई

(क) विधिको शासन स्थापना गर्न राज्यका प्रयास कहिले पनि पर्याप्त नहुने भएकाले आम नागरिकलाई आफ्नो कर्तव्यप्रति सचेत गराउन सशक्त भूमिका निर्वाह गर्ने।

(ख) मानवअधिकार कार्ययोजनाको कार्यान्वयन पक्षलाई जिल्ला तहदेखि नियमित अनुगमन गरी आफ्नातर्फबाट मूल्याङ्कन गर्दै समयमा सम्बन्धित निकायलाई सचेत तुल्याउन।

विजयराज गौतम
कार्यकारी निर्देशक

मानवअधिकार प्रतिविम्ब सन् २०१४

संयोजन : विमलचन्द्र शर्मा

आफन्त मारिएपछि भावविह्वल परिवारका सदस्यहरूः हरिहरपुर गाविस–७ नयका टोलका ४२ वर्षीय जयनाराण पटेलको ०७१ असोज २६ गते हरिहरपुर गाविस–४ स्थित महादेव स्थानमा सडक मर्मतको माग लिएर प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीको भीडमा सशस्त्र प्रहरीले चलाएको गोली छातीमा लागी घटनास्थलमै मृत्यु भयो। सोही घटनामा सशस्त्र प्रहरीको गोली लागी हरिहरपुर गाविस–५ का २८ वर्षीय शाह महम्द घाइते भए। प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट सशस्त्र प्रहरीका प्रहरी नायब उपरीक्षक ४८ वर्षीय अर्जुन सापकोटाको दाहिने हात र २८ वर्षीय प्रहरी जवान सीताराम बिष्ट आँखामा गम्भीर चोट लागी घाइते भए। पिठ्यूँमा गोली लागेका प्रदर्शनकारी महम्मदको काठमाडौँस्थित त्रिविवि शिक्षण अस्पतालमा उपचार भयो। सिम्रौनगढ जाँदै गरेका सशस्त्र प्रहरीमाथि प्रदर्शनकारीले ढुङ्गामुढा गर्न थालेपछि स्थिति तनावपूर्ण बनेको थियो। सशस्त्र प्रहरीको गोली लागी पटेलको मृत्यु भएपछि प्रदर्शनकारीले सशस्त्र प्रहरीको ना १ भ ७२० र ना १ ग ५८८ नम्बरको दुई ओटा गाडीमा आगजनी गरेका थिए।

तस्बिर : *लक्ष्मी साह सोनार, बारा*

न्यायको लडाइँ लड्दालड्दै मृत्यु : छोराका हत्यारालाई कारबाहीको माग गर्दै ३ सय ३३ दिनदेखि आमरण अनशनमा बस्दै आएका गोरखा, फुजेल निवासी ५४ वर्षीय नन्दप्रसाद अधिकारीको ०७१ असोज ६ गते निधन भयो। ०६९ साल माघदेखि गोरखा जिल्ला प्रशासन कार्यालय अगाडिबाट अनशन बस्न सुरु गरेका नन्दप्रसाद र गङ्गामाया अधिकारी पटकपटकको अनशनमा भएका प्रतिबद्धता सरकारले पूरा नगरेपछि पछिल्लो पटक ०७० कात्तिक ७ गतेदेखि वीर अस्पतालको आइसीयूकक्षमै अनशन गर्दै आएका थिए ।

अधिकारी दम्पतीका १८ वर्षीय छोरा कृष्णप्रसाद अधिकारीको ०६१ जेठ २४ गते चितवनको बकुलहर चोकमा तत्कालीन माओवादी कार्यकर्ताले यातना दिएपछि गोली हानी हत्या गरेका थिए। अधिकारी दम्पती छोराको गैरन्यायिक हत्या भएको बताउँदै हत्यामा संलग्नलाई कारबाहीको माग राख्दै आमरण अनशनमा बसेका थिए। शिक्षण अस्पतालमा राखिएको नन्दप्रसादको शवको अझै सद्गत हुन सकेको छैन।

तस्बिर : बिमलचन्द्र शर्मा/ *विवेक ढुङ्गाना, काठमाडौँ*

रामगोपालपुर गाविस–१ का २८ वर्षीय जकाउल्लाह नदाफको नेपाल भारत सीमावर्ती क्षेत्रमा पर्ने महोत्तरी जिल्लाको हलखोरी गाविस–२ मा ०७० माघ १९ गते बिहान प्रहरीसँगको भिडन्तमा गोली लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका एसपी रामप्रसाद श्रेष्ठले बताए। जलेश्वर अस्पतालमा माघ १९ गते लासको पोस्टमार्टम गरिए पनि ०७० माघ २२ गते मात्र परिवारजनले सनाखत गरी लास बुझेका थिए। एसपी श्रेष्ठका अनुसार प्रहरीको गस्ती टोलीलाई देख्नासाथ प्रहरीलाई लक्षित गर्दै लगातार फायरिङ गरेपछि जवाफी फायरिङ गर्दा नदाफको मृत्यु भएको थियो। घटनास्थल वरपर एक थान कट्टुवा पेस्तोल र त्यसमा लाग्ने गोलीको खोका, एक थान सिक्सर र त्यसमा लाग्ने तीन गोली फेला परेको प्रहरीले जनायो। मृतकका बुबा अब्दुल सलाम नदाफले छोरालाई प्रहरीले गिरफ्तार गरेर हत्या गरेको आरोप लगाए। जिल्ला प्रहरी कार्यालय महोत्तरीले यो हत्या घटनालाई भवितव्य ज्यानमा अभिलेख गरेको छ, जसको दर्ता नम्बर १ सय ३० छ।

तस्बिर : *ईश्वरी काफ्ले, महोत्तरी*

रसुवा जिल्ला राम्चे गाविस–९ निवासी नेपाल पत्रकार महासङ्घ जिल्ला अध्यक्ष २८ वर्षीय सोमबहादुर तामाङ शिवज्योति अस्पताल बल्खुमा उपचार गराउँदै। उनी र नेपाल पत्रकार महासङ्घ जिल्ला सहसचिव राम्चे गाविस–४ का २९ वर्षीय मालफुर्पा तामाङलाई ०७१ वैशाख १५ गते लहरेपौवा गाविस–२ माझगाउँमा आयोजि एकीकृत नेकपा माओवादीको जिल्ला सम्मेलनको समाचार सङ्कलन गर्न गएका बेला एमाओवादी कार्यकर्ताहरू धैबुङ्ग गाविस–६ का २७ वर्षीय धनबहादुर ग्लान, धैबुङ गाविस–७ का २४ वर्षीय अजय तामाङ र २३ वर्षीय निर्मल लामा, स्याफ्रु गाविस–३ का २८ वर्षीय पासाङकामी तामाङ, यार्सा गाविस–८ का २२ वर्षीय कान्छा तामाङ, यार्सा गाविस–६ का २८ वर्षीय शम्भु तामाङले कुटपिट गरी घाइते बनाए। पीडित मालफुर्पाका बाबु काजीस्याङ्वा तामाङले ०७१ वैशाख १६ गते कालिकास्थान प्रहरीमा जाहेरी दिएको र ०७१ वैशाख १७ गते घटनाका आरोपितहरूको नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। घटनाका आरोपितहरू फरार छन्।

तस्बिर : *विवेक ढुङ्गाना, काठमाडौँ*

लक्ष्मणपुर गाविस-८, मियापुरवा, बाँके निवासी सात महिनाकी गर्भवती २५ वर्षीया रिहाना सेख ढफालीलाई दाइजो नल्याएको आरोपमा उनका पति २६ वर्षीय पति फरिद ढपाली, सासु र ससुराले ०७० चैत ३ गते पछाडि हात बाँधेर आगो लगाए। रिहानाको शरीरको कम्मरमुनिको भाग जलेको थियो। वैशाख २१ गते पीडित पक्षले इन्सेक क्षेत्रीय कार्यालयमा न्याय र उपचारमा सहयोग गरी पाँऊ भन्ने निवेदन दिएपछि घटना सार्वजनिक भयो। इन्सेक, साथी, फातिमा फाउण्डेशन लगायतका सङ्घ संस्थाहरूको समन्वयमा महिला तथा बालबालिका कार्यालयको आर्थिक सहयोगमा घाइतेलाई वैशाख २२ गते उपचारका लागि काठमाडौँ ल्याइएको थियो। आरोपितहरू फरार रहेको र खोजी कार्य भइरहेको प्रहरीले जनायो। रिहानाको उपचार काठमाडौँस्थित वीर अस्पतालमा भयो। पीडित असार ११ गते अस्पतालबाट डिस्चार्ज भएपछि हिरिमिनियास्थित माइती घरमा बस्दै आएकी छन्।

तस्बिर : *बिमलचन्द्र शर्मा, काठमाडौँ*

कुष्ठ रोग लागेको भन्दै छोरा बुहारीद्वारा घरबाट निकालिएकी बर्दियाकी एक ज्येष्ठ नागरिक। उनी घरबाट निकालिएपछि भाइको जग्गामा टहरो बनाएर बसेकी छन्।

तस्बिर : मानबहादुर चौधरी, बर्दिया

उदयपुर त्रियुगा नगरपालिका–१५ घर भई जिल्ला अदालत खोटाङका हल्का सवारी साधनका चालक २२ वर्षीय विष्णुप्रसाद दाहाललाई सशस्त्र प्रहरी बल, हलेसी गुल्म, दिक्तेलको टोलीले साउन २५ गते साँझ कुटपिट गरी सख्त घाइते बनायो। गुल्मका सुविदार मेजर इन्द्रनारायण चौधरीको कमाण्डमा आएका ६ जनाको टोलीले आफूमाथि बिनाकारण कुटपिट गरेको पीडितले बताए। साथीहरूसँग कालिका भगवती मन्दिर घुम्न पुगेका दाहालमाथि उनले लगाएको ज्याकेटले अनुहार छोपेर सशस्त्रले कुटपिट गरेका थिए । सशस्त्र प्रहरीले दाहालसँगै दिक्तेल नगरपालिका–३ का २४ वर्षीय रमेश आचार्य, २३ वर्षीय सोमप्रसाद आचार्य, २१ वर्षीय जीवन आचार्य र च्यास्मिटार गाविस–६ का २२ वर्षीय सञ्जीव राईलाई समेत कुटपिट गरेको थियो। पीडितले कतै उजुरी दिएनन् भने आरोपितहरूलाई कुनै प्रकारको कारबाही भएन।

तस्बिर : *डिएम चाम्लिङ राई, खोटाङ*

कक्षा ७ मा अध्ययनरत खोटाङका एक १२ वर्षीय बालक जीविकोपार्जनका लागि दिक्तेल नगरपालिकाको सडक निर्माण स्थलमा मजदूरी गर्दै।

तस्बिर : *डिएम चाम्लिङ राई, खोटाङ*

पाल्पा जिल्ला घर भई रुपन्देहीको सिद्धार्थनगर नगरपालिका–७ रामजानकी पथमा रहेको राजन रसाइलीको घरमा काम गर्न राखिएकी ८ वर्षीया एक बालिकालाई घरमालिक राजन रसाईली र उनकी पत्नी शिवुले घरमा रहेको सुगा मारेको भन्दै भदौ ७ गते कुटपिट गरे। छिमेकीको सूचनाका आधारमा प्रहरीले दुवै आरोपितलाई नियन्त्रणमा लियो। जिल्ला बाल कल्याण अधिकृत राज्यलक्ष्मी गुप्ताले आरोपितहरूलाई कारबाहीको माग गर्दै दर्ता गरेको मुद्दामा जिल्ला अदालतका न्यायाधीश चन्द्रमणि ज्ञवालीको भदौ ३१ गतेको इजलासले दुवै आरोपितलाई एक/एक लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो।

तस्बिर : *अमृत गिरी, रुपन्देही*

सत्य निरुपण तथा मेलमिलाप ऐन संशोधन गर्नुपर्ने माग राख्दै सिंहदरबारको दक्षिण ढोकामा धर्नामा बसेका द्वन्द्वपीडितहरुलाई हटाउँदै प्रहरी। द्वन्द्वपीडितहरू २०६८ सालदेखि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको आयोग गठनको माग गर्दै आएका छन्।

तस्बिर : *बिमलचन्द्र शर्मा, काठमाडौँ*

इन्सेक जिल्ला प्रतिनिधि एवम् नेपाल पत्रकार महासङ्घ, कालीकोटका अध्यक्ष कालीबहादुर मल्लले होटेलमा जुवातास खेलाएको सूचना प्रहरीलाई दिएको आरोपमा शाही होटेलका सञ्चालकहरूले उनलाई ०७१ कात्तिक १ गते धारिलो हतियारले आक्रमण गरे। घटनामा संलग्न रहेको आरोपमा शाही होटेलका सञ्चालक टीका शाही र उनकी भाइबुहारी सुनीता शाही मल्ललाई प्रहरीले गिरफ्तार गरी १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। मल्लको जिल्ला अस्पताल, कालीकोटमा उपचार भएको थियो।

तस्बिर : *पवित्रकुमार शाही, कालीकोट*

गोरखा जिल्ला स्वाँरा गाविस–६ माझथरका १२ वर्षीय सचिन बराम र सोही ठाउँका ११ वर्षीय ज्ञानबहादुर बराम स्वाँरा गाविस–६ माझथरमा ०७० फागुन २७ गते बेवारिसे अवस्थामा छाडिएको विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। बालबालिकाले उक्त विस्फोटक पदार्थलाई खेलौनाका रूपमा प्रयोग गर्ने क्रममा विस्फोट भई उनीहरू घाइते भएको डिएसपी रमेश थापाले बताए। विस्फोटबाट बालकद्वयको हात खुट्टा तथा अनुहारमा चोट लागेको थियो। उनीहरूको जिल्ला अस्पतालमा सामान्य उपचार भएपछि थप उपचार काठमाडौँस्थित वीर अस्पतालमा भएको थियो।

तस्बिर : *बिमलचन्द्र शर्मा, काठमाडौँ*

घर कब्जा गरेर पार्टी कार्यालय : सशस्त्र द्वन्द्वको समयमा कब्जा गरिएको शङ्करमान श्रेष्ठको घरमा नेकपा-माओवादी र भोलामान श्रेष्ठको घरमा एकीकृत माओवादीको कार्यालय राखिएको छ। विस्तृत शान्ति सम्झौतामा कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने उल्लेख भए पनि व्यवहारमा लागु भएन।

तस्बिर : छेटु शेर्पा, सङ्खुवासभा

जनकपुर नपा–१० का २४ वर्षीय सञ्जीव कर्ण, २३ वर्षीय दुर्गेश लाभ, जनकपुर नपा–४ का २० वर्षीय जीतेन्द्र झा, कुर्था गाविस–१ का १९ वर्षीय प्रमोदनारायण मण्डल र दुहवी गाविस–७ का १८ वर्षीय शैलेन्द्र यादवलाई तत्कालीन सुरक्षाफौजले ०६० असोज २१ गते जनकपुरको कटैया चौरीबाट गिरफ्तार गरी बेपत्ता बनाई गैरन्यायिक हत्या गरेकोमा शव उत्खनन पश्चात् उनीहरूकै लास भनी प्रमाणित भएपछि ०७१ साउन ७ गते राष्ट्रिय मानवअधिकार आयोगद्वारा परिवारजनलाई हस्तान्तरण गरिएको कङ्कालसहितको बाकस।

तस्बिर : *विनोदकुमार रविदास, धनुषा*

डायोलिसिस लगायत अन्य सुविधाको माग गर्दै रिले अनशनमा बसेका मृगौला रोग पीडितहरू।

तस्बिर : *विवेक ढुङ्गाना, काठमाडौँ*

न्यायपालिका

परिच्छेद
२

१. पृष्ठभूमि

मानवअधिकार र विधिको शासन रक्षाको अन्तिम आधारजस्तै नै रहेको न्यायपालिकाका लागि सन् २०१४ केही उतारचढावको वर्ष रह्यो। सर्वोच्च र पुनरावेदन अदालतमा न्यायाधीश नियुक्त भएपछि वर्षौंदेखि थुप्रिएका मुद्दाका फैसला हुन सक्ने सम्भावना देखा पर्‍यो। गत वर्ष एउटै समयमा दुई संवैधानिक निकायका प्रमुख रहेकाले विवादास्पद भएका प्रधानन्यायाधीश खिलराज रेग्मीले नयाँ सरकार गठन भएलगत्तै राजीनामा दिएपछि कायममुकायम रहेका वरिष्ठ न्यायाधीश दामोदर शर्मा ०७० चैत २८ गते नयाँ प्रधानन्यायाधीश नियुक्त भए। वर्षको अन्त्यतिर आइपुग्दा देशले रामप्रसाद साहका रूपमा नयाँ प्रधानन्यायाधीश पायो। साहले ०७१ असोज २५ गते पदभार ग्रहण गरे। विभिन्न तहका केही फैसलाले मानवअधिकारको रक्षकका रूपमा न्यायालय प्रस्तुत भयो भने केही फैसला र अदालती कारबाही आलोचनामुक्त हुन सकेनन्।

वर्ष २०१३ को अन्त्यमा मन्त्रिपरिषद्को अध्यक्ष नियुक्त भएका प्रधानन्यायाधीश खिलराज रेग्मीको भविष्य चुनावी सरकारको गठनपछि के हुने अन्यौलता छाई नै रहेको थियो। अन्तत: रेग्मीले प्रधानन्यायाधीशको रूपमा अदालत नफर्कने निर्णय गरी राजीनामा गरिदिँदा संभावित विभिन्न जटिलता टरेर गयो।[1] राजनीतिक दलहरूले दिएको जिम्मेवारीअनुरूप संविधानसभाको दोस्रो निर्वाचन सफलतापूर्वक सम्पन्न गर्दै देशलाई राजनीतिक निकास दिन सफल भए पनि द्वैध पद अँगालेका रेग्मीले रिक्त रहेका सर्वोच्चका स्थायी र अस्थायी न्यायाधीशको पद र पुनरावेदन अदालतका न्यायाधीशहरूको नियुक्ति यथासमयमा गर्न अक्षम रहँदा कार्यसम्पादनमा अब्बल कहलिएका पुनरावेदन अदालतका न्यायाधीश सर्वोच्चमा जाने अवसरबाट वञ्चित गराइए। सर्वोच्च अदालतमा अस्थायी न्यायाधीशका रूपमा अनुभव प्राप्त केही न्यायाधीश स्थायी बनाइएनन्। यो विषय प्रधानन्यायाधीश तथा न्यायपरिषद्का वरिष्ठ सदस्यका रूपमा रेग्मीको असफलताको रूपमा अभिलेखित भयो।

न्यायपालिकामा भएका केही उल्लेखनीय कार्यमध्ये रात्रिकालीन इजलास पनि एक रह्यो। मुद्दा धेरै हुने भएकोले छिटो फैसला गर्न सर्वोच्चले रात्रिकालीन अदालत सञ्चालन गरेको हो। रातिको समयमा पनि जनताले सहजतापूर्वक न्याय प्राप्त गरून् भन्ने उद्देश्यका साथ सर्वोच्च अदालतले रात्रिकालीन अदालत ०७१ कात्तिक २७ गतेको निर्णयानुसार ०७१ पुस ७ गते देखि काठमाडौं जिल्ला अदालतमा शुरु भएको जनायो। नियमित सेवाभन्दा अतिरिक्त समयमा पनि अदालत सञ्चालनका लागि जिल्ला अदालत नियमावली ०५२ को नियम ३ क मा संशोधन गरी उक्त व्यवस्था शुरु गरिएको हो।

२. न्यायपालिकाको तेस्रो रणनीतिक योजना (२०७१-७२ देखि २०७५-७६)

'छिटो छरितो न्याय, सबैका लागि न्याय' भन्ने नाराका साथ ल्याइएको न्यायपालिकाको तेस्रो रणनीतिक योजनाले स्वतन्त्र, सक्षम एवम् प्रभावकारी न्यायप्रणालीको स्थापना गरी कानुनको शासन एवम् नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण गर्दै सबैका लागि न्याय सुनिश्चित गर्नु नेपालको न्यायपालिकाको परिदृश्य मानेको छ भने संविधान, कानुन र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवम् निष्पक्ष न्यायसम्पादन गर्नु नेपालको न्यायपालिकाको परिलक्ष्य भनी रणनीतिक योजनामा उल्लेख गरिएको छ।

मुद्दाको फैसला र फैसलाको तयारी तोकिएको समयावधिभित्र गर्ने प्रबन्ध मिलाउने, पुराना बक्यौता मुद्दाहरूको न्यूनीकरणमा जोड दिने, फैसला कार्यान्वयनको कार्यलाई विशेष अभियानको रूपमा सञ्चालन गर्ने र सुपरीवेक्षण एवम् निरीक्षणको कार्यलाई प्रभावकारी बनाउने कार्यलाई न्यायसम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने लक्ष्य प्राप्तिका रणनीतिहरूका रूपमा लिइएको छ।

छिटोछरितो न्यायको एक सूचकमा जातीय विभेद, छुवाछूत, बालबालिका संलग्न भएको मुद्दा, पचहत्तर वर्ष उमेर माथिका व्यक्ति पक्ष भएका सबै मुद्दा, महिला वादी भएको न्वारान गराइपाऊँ भन्ने मुद्दा, महिला वादी भएको नाता कायम गराई पाऊँ भन्ने मुद्दा, विधवा महिला वादी भएको मुद्दा, मानव बेचबिखन मुद्दा, मानाचामल मुद्दा, जेष्ठ नागरिक मात्र पक्ष विपक्ष भएको मुद्दा, जबरजस्ती करणी मुद्दा, घरेलु हिंसासम्बन्धी मुद्दा र विदेशी नागरिक संलग्न भएको मुद्दालाई प्राथमिकता प्राप्त मुद्दाको सङ्ज्ञा दिई मुद्दा

१. Regmi 'not to return' to Supreme Court, http://www.ekantipur.com/2014/02/11/top-story/regmi-not-to-return-to-supreme-court/385188.html, accessed on December 15, 2014

एक वर्षभित्र फर्स्यौट गराउने कार्य भनी उल्लेख गरेको छ।

यसै रणनीतिक योजनामा दोस्रो योजना अवधि (२०६६-६७ देखि २०७०-७१) को केही जानकारी पनि समावेश गरिएको छ। यस अनुसार रणनीतिक योजनाको पाँच वर्षमा मुद्दा फर्स्यौटका लागि निर्धारित लक्ष्यको तुलनामा जिल्ला अदालतहरूले ८४.५२, पुनरावेदन अदालतहरूले ८८.३ र सर्वोच्च अदालतले ५८.२ प्रतिशत लक्ष्य हासिल गरेको देखिएको छ। योजना अवधिमा ३ हजार १ सय ४१ थान मुद्दाहरू मेलमिलाप प्रक्रियाद्वारा समाधान भएका छन्। ३८ ओटा जिल्ला र सात ओटा पुनरावेदन अदालतहरूमा दुई वर्ष पुराना मुद्दाहरूको सङ्ख्या शून्य भएको छ।

न्याय सम्पादनको कार्यमा हुने ढिलाइ तथा जटिल कार्यविधि प्रभावकारी मुद्दा व्यवस्थापनको चुनौतीको रूपमा रहेको भन्दै हालको कार्यविधिमा भएको व्यवस्थाबमोजिम सबै कामकारबाहीहरू तोकिएकै समयमा गर्दा पनि मुद्दामा औसत ५ सय ४६ दिन लाग्ने अवस्था रहेको तेस्रो रणनीतिक योजनामा उल्लेख छ।

सर्वसाधारणलाई तारेख लिन झन्झट भएको, पेशीसम्बन्धी जानकारी लिन गाह्रो भएको आदि विभिन्न गुनासो आइरहेको सन्दर्भमा अनलाइन तारेख लिन पाउने व्यवस्था, अनलाइन म्याद तामेलीको व्यवस्थापन सेवा र एसएमएसमार्फत मुद्दाको जानकारीको व्यवस्था शुरु भएको भनिएको छ। साङ्केतिक भाषा प्रयोग गर्ने र नेपाली भाषा नबुझ्नेहरूका लागि दोभासेको व्यवस्था गर्ने, नयाँ बन्ने अदालत भवनहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको सहजता, गोपनीयता कायम गर्नु पर्ने पक्ष र साक्षीहरूको लागि छुट्टै विश्राम कक्षको व्यवस्था, सुरक्षा जोखिममा रहेका पक्ष र साक्षीहरूको सुरक्षा व्यवस्था, बालबालिका र महिलाहरूको आवश्यकता, थुनुवाहरूको लागि सुरक्षित कक्षको व्यवस्था, पक्षहरूसँग परामर्श गर्ने कक्षको व्यवस्था आवश्यक सुविधासहितको भवन निर्माण इत्यादि कदमहरू तेस्रो रणनीतिक योजनामा उल्लेख गरिएका छन्।

३. निरन्तर सुनुवाइ र द्रुत न्याय सेवा

नेपालको सर्वोच्च अदालतले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडितहरूका मुद्दा हेर्ने एउटा छुट्टै कारबाही अदालत (Fast Track Court) गठन गर्नेतर्फ पहल गर्न[२] ०६६ साउन २८ गते र जबरजस्ती करणी, घरेलु हिंसा र मानव बेचविखन तथा ओसारपसार जस्ता गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरूको अनिवार्यरूपमा जिल्ला अदालत नियमावलीमा व्यवस्था भएअनुरूप निरन्तर सुनुवाइ (Continuous Hearing) गर्न[३] ०७० साउन १६ गते नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो। सर्वोच्च अदालतको उपर्युक्त आदेशहरूअनुरूप जबरजस्ती करणी, घरेलु हिंसा र मानव बेचविखन तथा ओसारपसार जस्ता गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरूको सुनुवाइ गर्न कारबाही अदालतको स्थापना अथवा मुद्दाको निरन्तर सुनुवाइको अनिवार्य प्रयोग गरी हिंसा पीडितलाई न्याय दिन सकिने अवसरहरू खुला रहेको देखिन्छ।

जबरजस्ती करणी एवम् मानव बेचबिखन मुद्दाको सुनुवाइ लगायतका कारबाही बन्द इजलासमा हुनुपर्ने कानुनी व्यवस्था, घरेलु हिंसा, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, मानव बेचविखन तथा ओसारपसार लगायत अन्य मुद्दाहरू निरन्तर सुनुवाइ[४] गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन हाल करिब ५० ओटा जिल्ला अदालतले गरेको अवस्था छ। यस प्रकृयाको नियमित रूपमा सबै जिल्ला अदालतवाट अनुसरण गर्नका लागि केन्द्रीय न्याय क्षेत्र समन्वय समितिले ०७० पुस २१ गते सबै जिल्ला अदालतका नाममा परिपत्र जारी गरेको

---

२. अधिवक्ता ज्योति पौडेलसमेत विरुद्ध नेपाल सरकार समेत, रिट नं WO ०६६३/२६६ निणर्य मिति २०६७ मंसीर १५ गते

३. उमा तामाङसमेत विरुद्ध नेपाल सरकार समेत

४. जिल्ला अदालत नियमावली २०५२ को नियम २३ ग अनुसार लगातार सुनुवाइ गर्ने सन्दर्भमा सबै जिल्ला अदालतहरूले कार्यान्वयन गरेको पाईदैन। नमूनाको रूपमा मकवानपुर जिल्ला अदालतले आफ्नै पहलमा आ.व. २०६९/०७० मा नियम २३ ग अन्तर्गतका मुद्दाहरूमा लगातार सुनुवाइको पद्धति लागु गरेको थियो। उमा तामाङसमेत विरुद्ध नेपाल सरकार समेत भएको अर्को रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति ०७० साउन १६ गते फैसला हुँदा जबरजस्ती करणी, घरेलु हिंसा र मानव बेचविखन तथा ओसार पसार जस्ता गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरूको अनिवार्य रूपमा निरन्तर सुनुवाइ गर्नु भन्ने आदेश भएको छ। सर्वोच्च अदालतको फैसला पश्चात हाल अन्य जिल्लामा पनि कार्यान्वयनका प्रयासहरू भएका छन्। तर, यस सम्बन्धमा स्पष्ट प्रकृया र कार्यविधि सम्बन्धमा सर्वोच्च अदालतले नै अग्रणी भूमिका खेल्नु आवश्यक छ।

थियो। संसद्मा आर्थिक वर्ष ०७१-७२ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. रामशरण महतले महिला विरुद्धको हिंसालाई निरुत्साहित गर्न र पीडितलाई न्याय दिलाउन सबै तहका अदालतमा द्रूत न्याय सेवाको थालनी गरिने जानकारी गराए।[५]

४. फैसला कार्यान्वयनमा समस्या

अदालतका फैसलाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु निकै नै चिन्ताको विषय रहेको छ। सर्वोच्च अदालतका प्रतिवेदनहरूले पनि यस सम्बन्धमा असुल्न बाँकी जरिवाना र कैदको परिमाण देखाउने गरेको छ, यद्यपि अदालतको काम फैसला गर्नु हो भने सरकारको काम सो फैसला कार्यान्वयन गराउने हो। अदालतको फैसलाको प्रति लिएर कार्यान्वयनको लागि पुन: अदालतै धाउनुपर्ने अवस्था आइपर्नु नेपालीको लागि नौलो रहेको छैन। यिनै अवस्थालाई मनन गरेर सर्वोच्च अदालतले फैसला कार्यान्वयन निर्देशनालयको गठन नै गरेको छ।

यस वर्ष अदालतले दोषी ठहर भए पनि कारबाहीको दायरामा नआएका व्यक्तिहरूलाई राज्यबाट पाउने कुनै पनि सुविधाबाट वञ्चित गराउने व्यवस्था ल्याउन योजना बनायो। यसका लागि सर्वोच्चले कार्यान्वयन नभएका करिब ६५ हजार फैसलालाई विशेष सफ्टवेयरमा राखिसकेको जनाइयो। यो व्यवस्था लागु भएसँगै सजाय तोकिएका तर, फरार रहेका व्यक्तिहरूका विवरण नागरिकता, पासपोर्ट, लाइसेन्स बनाउँदा, जग्गा किनबेच वा नामसारी गर्न जाँदा, बिजुली पानीको शुल्क तिर्न वा अन्य कुनै राज्यप्रदत्त सुविधा लिन जाँदा सफ्टवेयरको अभिलेखसँग रुजु गरिने व्यवस्था रहेको सर्वोच्च अदालत अन्तर्गतको केन्द्रीय न्याय समन्वय समितिले जानकारी दियो।[६]

तथापि, अदालतले नै १६ जिल्लामा विशेष दस्ता सक्रिय गराई फैसला नटेर्नेहरूबाट कैद तथा जरिवाना असुली शुरु पनि गऱ्यो । यस क्रममा ०७१ कात्तिक १ गतेदेखि तीन महिनामा २ हजार ८ सय अभियुक्त कारागार पुगेका छन्। उनीहरूबाट रु ८ करोड ५ लाख जरिवाना असुल हुनुको साथै १ हजार ६९ वर्ष कैद भुक्तान हुँदैछ। सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयका अनुसार चालु आर्थिक वर्षको साउनदेखि मङ्सिर मसान्तसम्मा देशभरका अदालतहरूमा ६८ करोड ४३ लाख रुपियाँ जरिवाना भुक्तान भएको छ भने १५ हजार ८ सय कैद भुक्तानको क्रममा छ।

नेपाली कानुनमा कतिपय अवस्थामा पीडितले पीडकबाट क्षतिपूर्ति पाउँछन्। मुलुकी ऐनमा जबरजस्ती करणी गरेको ठहर भएमा अदालतले बलात्कृत महिलालाई कसुरदारबाट क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ।[७] पीडकको आधा अंश दिलाइदिने पहिलेको व्यवस्था हटाएर ऐनमा क्षतिपूर्तिको व्यवस्था गरिएको हो। अंश लिनका लागि पीडितले झन्झट व्यहोनुपर्ने कारण यस्तो व्यवस्था बनाइएको हुनसक्ने भए तापनि पीडितले यस्तो क्षतिपूर्ति पाउन सहज छैन।

इन्टरनेशनल कमिसन अफ जुरिष्ट (आईसीजे) र राष्ट्रिय महिला आयोगले ०७० मा गरेको अध्ययन अनुसार क्षतिपूर्ति भराइदिने भनेर फैसला भएका ७२ मध्ये दुई ओटा मुद्दाका पीडितले मात्र क्षतिपूर्ति पाएका छन्। सोही प्रतिवेदनका अनुसार बलात्कृत महिला क्षतिपूर्ति माग्न अदालत नजानु, फैसलाबारे थाहा नपाउनु, पीडकपक्षले डरधम्की देखाउनु, क्षतिपूर्ति दाबी गर्ने प्रक्रिया झन्झटिलो हुनु र बलात्कारीबाट क्षतिपूर्ति लिन पीडितले कम प्रयास गर्नु रहेका छन्। क्षतिपूर्ति दाबी गर्न आउनू भनी अदालतले सूचना नपठाउने भएकाले पनि पीडितले अदालतको फैसला थाहै पाउँदैनन्।[८]

क्षतिपूर्ति दाबी गर्ने आए पनि अदालतले प्राविधिकरूपमा हेरिदिँदा कतिपय अवस्थामा अदालतबाट पीडित हुनसक्ने अवस्था पनि देखियो। पुर्पक्षका लागि कारागारमा वर्षौं व्यतित गरिसकेपछि निर्दोष साबित हुँदा ती व्यक्तिको कारागारमा रहेको

---

५. http://www.inseconline.org/index.php?type=news&id=46017&lang=np

६. दोषी ठहरलाई कारबाही : अदालत, http://www.bbc.co.uk/nepali/news/2014/07/140724_court_prepared_list

७. *मुलुकी ऐनको १४ नं. जवर्जस्ती करणीका महलको १० नं.*: कसैले कुनै महिलालाई जबर्जस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिनु पर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसूरको गाम्भीर्यता, कसूरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ।

८. इन्टरनेशनल कमिसन अफ जुरिष्ट (आईसीजे) र राष्ट्रिय महिला आयोगले ०७० मा गरेको अध्ययन

समयको क्षतिपूर्ति न त राज्यले नै गर्छ, न त कानुनमा यसको व्यवस्था छ। फैसला भई कैद भुक्तानी भइसकेको व्यक्ति प्राविधिक कारणले रिहा हुन पाउँदैन तर, यसको उपचार ती पीडितले दाबी गर्ने आधार भने अदालतले नै मेटाइदिएको छ।[९]

५. न्यायाधीश नियुक्ति प्रकरण

यस वर्ष न्यायालयसम्बन्धी सर्वाधिक चर्चित विषयमध्ये सर्वोच्च अदालतमा स्थायी न्यायाधीश प्रकरण पनि रह्यो। गत वर्ष नै पुनरावेदन र जिल्ला अदालतमा न्यायाधीश नियुक्तिका क्रममा नै चिन्ताको विषय बनेको राजनीतिक प्रभाव सर्वोच्च अदालतका स्थायी न्यायाधीश नियुक्ति प्रकरणमा पुन: बल्झियो। प्रधानन्यायाधीशकै रोल क्रममा रहेका परिषद्का वरिष्ठतम् न्यायाधीश रामप्रसाद साहले पनि नियुक्तिमा असहमति जाहेर गरेबाट पनि यसको पुष्टि हुन्छ।

अदालतका न्यायाधीशको नियुक्तिमा राजनीतिक प्रभाव पर्ने गरेको कुरा सार्वजनिक हुँदै आएको तथ्य हो। पञ्चायतकालीन व्यवस्थामा हुकुम प्रमाङ्गी तथा राजदरबारको इच्छा र इशारामा नै सर्वोच्च अदालतका न्यायाधीशको चयन हुने कुरा पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले विभिन्न समयमा व्यक्त गरेका थिए। पञ्चायती व्यवस्थाको अन्त्यपछि केही हदसम्म राजनीतिक प्रभावमा परे पनि वरिष्ठतम् न्यायाधीश नै प्रधानन्यायाधीश हुने क्रम लगायत अदालती व्यवस्था बिथोलिएको थिएन। तर, पछिल्लो समयमा विशेषत:लोकतान्त्रिक व्यवस्थाको प्रार्दुभावपछि ०६३ सालयता भने यस्तो राजनीतिक प्रभाव संस्थागत नै हुन पुग्यो। अन्तरिम संविधानमा पनि मान्यता पाएको दलगत सहमतिका नाममा न्यायालयलगायत अन्य महत्वपूर्ण संस्थामा राजनीतिक भागबण्डा तथ्यको रूपमा स्थापित भइसकेको छ। वर्षौंको सशस्त्र द्वन्द्व र अस्थिर अवस्थाबाट गुज्रिरहेको, गरिबी, बेरोजगारी तथा भ्रष्टाचारबाट आक्रान्त नेपालजस्तो मुलुकका लागि यो अत्यन्त चिन्ताको विषय हो। न्यायालयमा राजनीतिक भागबण्डाको नाममा गरिने नियुक्तिले अन्तत: न्यायपालिकाको स्वतन्त्रतामाथि आघात पुग्ने र जनतामा विश्वसनीयता पनि गुम्न जाने खतारप्रति राज्यका जिम्मेवार निकाय सचेत देखिएनन्।

न्यायाधीशहरूको दोस्रो राष्ट्रिय सम्मेलनपछि ०७१ मङ्सिर ३ गते जारी घोषणापत्र[१०]मा माथिल्लो तहको अदालतमा न्यायाधीश नियुक्त गर्दा न्यायपालिका भन्दा बाहिरको कुनै शक्तिकेन्द्रबाट संरक्षित हुन र संरक्षित गराउन खोज्ने प्रवृत्तिलाई न्यायाधीशको पदमा नियुक्त हुन वा पदमा बहाल रहन अयोग्य मानिने प्रणालीको रूपमा कठोरतापूर्वक व्यवहारमा उतार्न वाञ्छनीय देखिन्छ भनी न्यायाधीश सम्मेलनको कार्यपत्रमा उल्लेख हुनु न्यायाधीश स्वयम्ले नै न्यायालय विकृतिवहीन नरहेको निष्कर्षमा पुगेको बुझिन्छ।

सर्वोच्चमा स्थायी न्यायाधीशका रूपमा मनोनित केही न्यायाधीशका विगतका फैसला र व्यवहार विवादास्पद रहेका, विभिन्न कारणले उनीहरू सो पदका लागि अनुपयुक्त भएको भनाइ र लेख सञ्चारमाध्यमबाट प्रसारित भए। तथापि संसद्को सुनुवाइमा ती आरोपको चित्तबुझ्दो जवाफ आउन नसक्नु, समितिकै सदस्यले ती मनोनीतले आफूलाई अनुमोदन गर्न अनुरोध गरेको सार्वजनिक गर्नु र समिति र न्यायपरिषद्को यसै विषयमा भएको विवाद पनि उल्लेखनीय नै रह्यो।

यस विषयमा आठ न्यायाधीशलाई सिफारिस गर्ने न्यायपरिषद् र यसका सदस्यहरूको पनि व्यापक चर्चा भयो। कामु न्यायाधीश तथा न्यायपरिषद्का अध्यक्ष दामोदर शर्मा, प्रधानन्यायाधीशको क्रममा रहेका वरिष्ठत् न्यायाधीश रामकुमार साह तथा यसका अन्य सदस्यहरूका बारेमा चर्चा परिचर्चा भए। नेपाल बार एशोसिएसनका तर्फबाट मनोनित सदस्य उपेन्द्रकेशी न्यौपाने र खेमनारायण ढुङ्गानाका पनि व्यवसायिक र राजनीतिक प्रभावको चर्चापरिचर्चा कम रहेन। न्यायपरिषद्को धुन्धुकारी संरचनाका सम्बन्धमा समेत प्रश्न उठे।[११]

कुनै पनि सफल न्यायिक संरचना र न्यायालयको आधार भनेको जनताको आस्था र विश्वास नै हो। यदि सरकारी या राजनीतिक हस्तक्षेप, न्यायाधीशप्रतिको अविश्वासले न्यायालयको अस्तित्वलाई नै कमजोर बनाउँछ, जुन दीर्घकालीन रूपमा सबल र सक्षम लोकतन्त्रका लागि नै घातक सिद्ध हुन जान्छ ।

---

९. सर्वोच्चकै लापरबाहीले न्याय गुमाएकी पीडितको कथा, http://m.setopati.com/news/9345/

१०. http://www.supremecourt.gov.np/download/conference.

११. भट्टराई, टीकाराम, शंकाको घेरामा न्याय परिषद्
http://www.nagariknews.com/opinion/story/17296.html#

न्यायाधीश नियुक्ति सम्बन्धमा परिषद् सदस्य रामकुमार साहको छुट्टै राय

सर्वोच्च अदालतमा लामो अवधिसम्म न्यायाधीश पदहरू रिक्त रहेबाट सेवाग्राहीलाई परेको मर्काप्रति परिषद् संवेदनशील हुनुपर्ने अवस्था छ। सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित स्थायी १५ जना र आवश्यकताअनुसार थप न्यायाधीश रहने संवैधानिक व्यवस्था भएका र लामो अवधिसम्म ती पदहरू रिक्त रहेको कारण मुद्दा सङ्ख्या अप्रत्याशित रूपमा बढ्न गई सेवाग्राही, कानुनव्यवसायी, सर्वसाधारणसमेतलाई मर्माहत बनाइरहेको अवस्थामा सबै रिक्त न्यायाधीश पदहरू यथाशीघ्र पूर्ति गर्नुपर्नेमा न्यायपरिषद्ले सबै स्थायी पद र अस्थायी पदपूर्ति नगरी अत्यन्त न्यून सङ्ख्यामा न्यायाधीश पदपूर्ति गर्न सिफारिस गर्दा समस्या जस्ताको त्यस्तै रहने हुँदा आंशिक पूर्ति गर्ने कार्यसँग सहमत हुन सकिएन। साथै, सबै स्थायी पद पनि पूर्ति नगरी दुई स्थायी पद रिक्त राखी बाँकी पदमात्र पूर्ति गर्नुको कुनै तथ्यसङ्गत कारण छैन। सो सबै पदहरू पूर्ति गर्न परिषद्ले इन्कार गरेकोबाट म असहमत छु। साथै, सिफारिस गरिएका मुख्य न्यायाधीश दीपकराज जोशी कार्यसम्पादनको स्तर, कार्यक्षमता, विषयवस्तुको ज्ञान न्यूनस्तरको रहेको, कारागार निरीक्षणको क्रममा मुद्दाको मिसिल नै नहेरी थुनुवालाई छाड्ने गरेको र माथिल्लो अदालतबाट सचेत गराउँदासमेत सो कार्य दोहोऱ्याएको समेत कारणबाट निजमा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता नदेखिएको, त्यस्तै मुख्य न्यायाधीश गोविन्दकुमार उपाध्यायको कार्यशैली झगडालु प्रवृत्तिको भएको, पदको मर्यादाविपरीत पटक-पटक आचरण र व्यवहार गर्ने गरेको, दीपायलमा रहँदा महिला कर्मचारीप्रति निजले गरेको आचरणबाट निजलाई मोसो दल्ने कार्यबाट रोक्न निजले क्षमायाचना गरी कागजसमेत गरेको समेतका परिप्रेक्ष्यमा निजको स्वच्छ छवि नरहेको समेत विभिन्न कारणबाट सर्वोच्च अदालतको न्यायाधीश पदमा निज अस्वीकार्य हुने हुँदा निजको नियुक्तिका लागि गरिएको सिफारिसप्रति आफ्नो असहमति जनाउँदै छुट्टै राय व्यक्त गर्दछु।

६. विवादमा न्यायपरिषद्

अक्षम र विवादस्पद मानिएका न्यायाधीशमाथि कारबाही चलाउने जिम्मा पाएको परिषद्को अकर्मण्यता आलोचनाको विषय बनेकै अवस्थामा यस वर्ष परिषद, परिषद्का सदस्य र संरचनामाथि यसअघि शायदै चर्चा भयो। कारबाहीका लागि सिफारिस गरिएका र परिषद्को अघिल्लो कार्यकालमा मुख्य न्यायाधीशमा यही सिफारिसका कारण छनौट नभएका व्यक्ति सर्वोच्चको स्थायी न्यायाधीश पदमा नियुक्त भए। उही मुद्दाका अन्य दुई न्यायाधीशले कारबाहीको सिफारिससँगै राजीनामा गरेर र सेवानिवृत्त भई छानबिनबाट उन्मुक्ति पाएको अवस्थामा[१२] उही इजलासका तेस्रा न्यायाधीश सर्वोच्च अदालतका स्थायी न्यायाधीशका लागि योग्य ठहरिए।

बलात्कार अभियोगमा जिल्ला अदालतबाट सजाय सुनाइएका अभियुक्तलाई सफाइ दिने पुनरावेदन अदालत महेन्द्रनगरका न्यायाधीशद्वय रमेशप्रसाद राजभण्डारी र नरबहादुर शाहीमाथि न्यायपरिषद्ले छानबिन शुरु गऱ्यो। दुवै न्यायाधीशहरू गत वर्ष विवादास्पद रहेको नियुक्ति प्रक्रियाबाट पुनरावेदन पुगेका हुन्। यस फैसला पत्रपत्रिका मार्फत चर्चित हुन पुगेपछि न्यायाधीशद्वयको राजनीतिक पृष्ठभूमिसँग जोडिएर समाचार प्रसारित हुनु[१३] समग्रमा न्यायपालिकाका लगि नै दुःखद पक्ष हो।

राज्यमन्त्रीको हैसियतमा रहने न्यायपरिषद्का सदस्यलाई न्यायाधीशले जसरी राजनीतिक नेताहरूसँग भेटघाट गर्नु पदको आचार संहिताविपरीत हुन्छ। तथापि संसदीय सुनुवाइ समितिले सम्बन्धित विषयमा छलफल गरिरहेकै सन्दर्भमा एक राजनीतिक दलको मुख्यालयमा जानु, त्यसका जिम्मेवार नेता र सरकारकै जिम्मेवार मन्त्रीलाई भेट्नु कुनै चिन्ताको विषय बनाएको देखिएन।

७. अदालतको अपहेलनासम्बन्धी विधेयक

सर्वोच्च अदालतमा आठ जना स्थायी न्यायाधीशहरूको नियुक्ति भएलगत्तै नेपाल सरकारका तर्फबाट कानुन मन्त्री नरहरि आचार्यले अदालतको अपहेलनासम्बन्धी विधेयक संसद्मा पेश गरे। न्याय सम्पादनको कार्यलाई स्वच्छ, निष्पक्ष तथा प्रभावकारी बनाई अदालतप्रतिको जनआस्थामा अभिवृद्धि गर्न र अदालतको मर्यादामा आँच पुऱ्याउने कार्यलाई नियन्त्रण

१२. न्यायपालिका, नेपाल वर्षपुस्तक २०१३। अनौपचारिक क्षेत्र सेवा केन्द्र। पृ. ४७

१३. भागबण्डामा नियुक्त भएका थिए बलात्कारीलाई सफाई दिने न्यायाधीश, http://www.ekantipur.com/np/2071/9/3/full-story/400479.html

गर्न भन्दै सरकारले अदालतको अपहेलनासम्बन्धी विधेयक संसदमा दर्ता गरेको हो।

नेपाल पत्रकार महासङ्घ र नेपाल बार एसोसिएसनले यस्तो कानुनको दुरूपयोग हुनसक्ने भन्दै कानुनको विरोध गरे। यसै सम्बन्धमा हङकङस्थित अन्तराष्ट्रिय मानवअधिकार संस्था एसियन ह्युमन राइट्स कमिशनले यस विधेयकले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा उल्लेखित व्यक्तिगत स्वतन्त्रताको उल्लघङ्न हुने जनायो।[१४] कुनै पनि लोकतान्त्रिक अदालती प्रक्रियामा न्यायालयको प्रतिष्ठा र जनविश्वास जोगाउने जिम्मेवारी कुनै व्यक्तिको नभई अदालतकै हुने कमिशनको धारणा थियो।

विभिन्न क्षेत्रबाट उक्त विधेयकमाथि टीकाटिप्पणी भएपछि सभामुख सुवास नेम्बाङले विधेयक पारित गर्नु अगाडि परिमार्जनका लागि जनमत सङ्कलन गरिने बताए। अदालतको अपहेलनामा कानुन बनाउन आवश्यक भए पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित हुन नदिन विधेयकमा व्यापक छलफल आवश्यक भएकाले संसदीय इतिहासमै पहिलो पटक जनमत लिन लागिएको[१५] भदौ २३ गते उनले बताएका थिए।

न्यायाधीश नियुक्ति प्रकरणमा आफ्ना लेख तथा समाचारमार्फत अदालतको अपहेलना गरेको भनी कान्तिपुर दैनिक विरुद्ध अदालतको अपहेलनाको मुद्दा दायर भयो। यस मुद्दालाई यस दैनिकले नियुक्तिको सिफारिसदेखि संसदीय सुनुवाइ, विवादित न्यायाधीशहरूको पृष्ठभूमि सम्बन्धित समाचार प्रकाशन गरेकै कारणले बदलाभावमा नै अदालतको अपहेलनाको आरोप लगाएको आशङ्का रह्यो।[१६]

८. मुद्दाका चाप र अदालतमा जनशक्ति

जनशक्तिको अभावका कारण हरेक तहका अदालतहरूमा कार्यसम्पादनमा ढिलाइ हुने गरेको स्वयम् न्यायाधीशहरूले नै व्यक्त गर्ने गरेका छन्। कार्यबोझको तुलनामा जनशक्ति नथपिँदा यस्तो अवस्था आएको हो। अदालतमा एक दशकअघि जति जनशक्ति रहेको थियो हाल पनि सोही अनुपातमा रहेको छ। तर मुद्दा दर्ता हुने क्रम बढ्दै गएका हुनाले यस्तो समस्या आएको बताइएको छ। एक दैनिक समाचारपत्रकाअनुसार ०६० सालमा

अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने भन्दै आमसञ्चारकर्मीले विरोध गरेका मुख्य दफाहरू

४. अदालतको अपहेलना मानिने- कसैले देहायको कुनै कार्य गरे वा गराएमा या सो गर्न दुरुत्साहन दिएमा अदालतको अपहेलना मानिनेछ।

४.ख.अदालतमा विचाराधीन मुद्दाको काम कारबाही वा निर्णयमा अनुचित प्रभाव पार्ने, अदालतप्रतिको जनआस्थामा आँच पुऱ्याउने अदालतले न्यायिक काम कारबाहीप्रति सर्वसाधारणमा भ्रम उत्पन्न गराउने वा त्यस्ता प्रकृतिका भ्रमपूर्ण वा झुट्टा विवरण प्रकाशन गर्ने तथा विचार अभिव्यक्त गर्ने कार्य अदालतको अपहेलना गरेको मानिनेछ।

४.घ. अदालत वा न्यायाधीशबाट भएको निर्णय, आदेश वा अन्य कुनै कार्यलाई लक्षित गरी कुनै भ्रमपूर्ण वा अपमानजनक आरोप वा लाञ्छना लगाउने।

८. पर्चा खडा गरी कारबाही चलाउन सक्ने : (१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सम्बन्धित न्यायाधीशले पर्चा खडा गरी सम्बन्धित व्यक्तिउपर तत्काल अदालतको अपहेलनामा कारबाही चलाउने आदेश दिन सक्नेछ।

(क) इजलासमा कसैको काम, कारबाही वा क्रियाकलापबाट अदालतको अपहेलना भएको सम्बन्धमा न्यायाधीश स्वयम्ले जानकारी लिएमा

(ख) इजलासमा कसैको काम, कारबाही वा क्रियाकलापबाट अदालतको अपहेलना भएको भनी न्यायाधीशलाई ध्यानाकर्षण गराइएको विषयमा न्यायाधीश सन्तुष्ट भएमा,

(ग) अदालतमा रहेका मिसिलमा संलग्न कागजातमा उल्लेखित व्यहोराबाट अदालतको अपहेलना भएको विषय न्यायाधीशको जानकारीमा आएमा।

---

१४. NEPAL: Contempt of Court bill is too restrictive; http://www.humanrights.asia/news/forwarded-news/AHRC-FAT-019-2014?searchterm=contempt+of+court

१५. http://www.ekantipur.com/2014/07/08/opinion/contempt-of-whom/391882.html

१६. Dahal, Binita, The law and the media, The Nepali times, http://nepalitimes.com/article/nation/supreme-court-kantipur-contempt-of-court-case,1685

देशभरका न्यायालयमा ४ हजार ३ सय ५६ कर्मचारी हुँदा ४८ हजार ६ सय ४ वटा मुद्दा दर्ता भएका थिए। पछिल्लो १० वर्षमा २० प्रतिशत मुद्दा थपिए पनि कर्मचारी भने ४ सय १२ जना अथवा नौ प्रतिशत मात्र थपिएका छन्।

हाल देशमा कार्यरत ३ सय ५८ जना न्यायाधीशमध्ये हरेकको भागमा ४ सय ७१ मुद्दा पर्छ। आन्तरिकरूपमा समेत कर्मचारी व्यवस्थापन गर्ने अधिकार अदालतलाई नभएको र न्याय सेवाको निर्णय पर्खनुपर्ने अवस्था रहेको छ। अन्य देशमा कार्यबोझ प्रतिन्यायाधीश ३ सय मुद्दा प्रतिवर्ष हाराहारीमा हुने गरेको छ। जर्मनीमा २ सय ७१ प्रतिन्यायाधी कार्यबोझ रहेको भने फ्रान्समा ३ सय ४१, हंगेरीमा २ सय ४१ र युक्रेनमा २ सय १३ रहेको छ।[१७] २०६९-७० मा दर्ता भएका मुद्दाको जम्मा सङ्ख्या ९८ हजार ९ सय ५२ थियो भने न्यायाधीश सङ्ख्या २ सय ९ थियो जस अनुसार प्रतिन्यायाधीश करिब ४ सय ७४ मुद्दा परेका थिए।[१८]

यसैगरी, ललितपुर जिल्ला अदालतका न्यायाधीश टेकनारायण कुँवरले वर्षमा ८६ दिन सार्वजनिक बिदा हुने र सामान्य मुद्दामा कानुनबमोजिम निर्णय गर्दा ४ सय १८ दिन लाग्ने हुनाले अदालतमाथि ढिलासुस्तीको आरोप लाग्ने गरेको बताएका थिए।[१९] कतिपय मुद्दामा अदालतले नै मेलमिलाप गराउने नीति लिई कार्य गर्दै आइरहेको छ।

सर्वोच्च अदालतमा १० वर्ष यताकै न्यून फैसला भएको वार्षिक प्रतिवेदनको सूचाङ्कले देखाएको छ। सर्वोच्च अदालतमा आर्थिक वर्ष २०६९/०७० मा कूल लगत २० हजार ८ सय ११ थान मुद्दा रहेकोमा ४ हजार ३ सय ६० मात्र अन्तिम निर्णय भएको छ। फैसला भएको मुद्दा आर्थिक वर्षको कूल मुद्दाको २० दशमलव ९५ प्रतिशत मुद्दा मात्र फर्स्यौट भएको छ। सर्वोच्च अदालतमा अघिल्लो आर्थिक वर्ष १९ हजार ५३ थान मुद्दामध्ये ६ हजार ३ सय मुद्दाको फैसला भएको थियो जुन २३ दशमलव २७ प्रतिशत हो।

नवलपरासी जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या ६ सय १८ थान र फौजदारी मुद्दाको सङ्ख्या ३ सय १६ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी छैनन् । मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ४ सय ७० हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ। अदालतमा दायर भएका बालिका बलात्कारसम्बन्धी १७ थान मुद्दामध्ये एक थान मुद्दाको मात्रै फैसला भयो। १६ थान मुद्दाको फैसला हुन बाँकी रह्यो। *(हेर्नुहोस् जिल्लागत विवरण नवलपरासी)।*

९. विकृतिविहीन न्यायपालिका

नेपालमा न्याय निकै नै महँगो भएको गुनासो हुने गरेको छ। अदालतका विभिन्न तहमा भ्रष्टाचार रहेको भनी विभिन्न समयमा न्यायाधीशहरूले नै स्वीकार गरेका छन् । अदालतमा ८ करोड रुपियाँ बेरुजु रहेको तथ्य पनि सार्वजनिक भयो। सञ्चार माध्यममा आएको समाचार[२०]मा देशभरका न्यायालयमा आर्थिक वर्ष ०६९-७० मा ८ करोड ४२ लाख १८ हजार १८ रुपियाँ बेरुजु देखिएको छ। सोही समाचार अनुसार सो रकममध्ये १ करोड १६ लाख ११ हजार रुपियाँ कर्मचारीलाई दिएर फर्स्यौट हुन बाँकी रहेको पेश्की रकम हो भने ७२ लाख ३४ हजार रुपियाँ भने अनियमितता भएको महालेखा परीक्षकको प्रतिवेदनलाई उदृत गर्दै समाचार सार्वजनिक भएको छ।

यस्तै सत्यलाई स्वीकार गर्दै न्यायपालिकाका तीनै तहमा प्रभावकारी संयन्त्र स्थापना गरिने योजना सार्वजनिक भयो। ०७१ साउन १ गते लागु भएको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनामा अनियमितता नियन्त्रणका लागि सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतमा संयन्त्र स्थापना गरिने उल्लेख छ।

नेपाल पक्ष राष्ट्र रहेको संयुक्त राष्ट्रसङ्घीय भ्रष्टाचारसम्बन्धी अभिसन्धिको धारा ७ मा भनिएको छ कि यस अभिसन्धिको अपराधको गम्भीरता हेरेर उद्देश्य

१७. न्यायाधीशहरूको कार्यबोझ बर्सेनि बढ्दो, http://nagariknews.com/politics/law-custody/story/25839/25839.html, accessed on December 12

१८. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६९/७०

१९. उच्चमाविमा न्यायाधीशहरू, http://www.ekantipur.com/np/2070/11/23/full-story/385268.html#sthash.JjElkYlK.dpuf

२०. अदालतमा आठ करोड बेरुजु, http://nagariknews.com/politics/law-custody/story/17032

अनुरूप हरेक पक्ष राष्ट्रले आफ्नो कानुनी प्रणालीको आधारभूत सिद्धान्तले मेल खाएसम्म हुने गरी भ्रष्टाचारी ठहर भएका व्यक्तिलाई सार्वजनिक पद धारण गर्न र राज्यको पूर्ण या आंशिक स्वामित्व भएको संस्थामा पद धारण गर्नबाट कानुनअनुसार केही समयका लागि रोक लगाउने प्रकृया स्थापना गर्न सुझाएको छ। यसैगरी, हरेक पक्ष राष्ट्रले आफ्नो कानुनी प्रणालीको आधारभूत सिद्धान्तले मेल हुनेसम्म गरी मतदानबाट सिर्जना हुने सार्वजनिक कार्यालयहरूको उम्मेदवारहरूको खर्चको स्रोतमा यथाशक्य पारदर्शिता अपनाउने र पारदर्शिता अपनाउन स्वार्थ बाझिने अवस्थामा रोक लगाउन आवश्यक उपाय अपनाउने छन् भनी उल्लेख छ।

१०. मेलमिलाप नीति

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १३ घ २ मा मेलमिलापकर्ताको सूची स्वीकृत गर्ने, सो सूचीमा नाम समावेश गर्ने, नाम हटाउने तथा मातहत अदालतबाट भएका मेलमिलापसम्बन्धी कार्यको अनुगमन र सुपरीवेक्षणलगायतका अन्य नीतिगत व्यवस्था गर्नको लागि प्रधानन्यायाधीशले तोकेको न्यायाधीशको अध्यक्षतामा अन्य एक जना न्यायाधीश, रजिष्ट्रार, अध्यक्ष सर्वोच्च अदालत बार एशोसिएशन सदस्य र मुद्दा तथा रिट महाशाखाका सह-रजिष्ट्रार सदस्य सचिव रहेको एक मेलमिलाप समिति रहने व्यवस्था छ। यस आर्थिक वर्षमा सर्वोच्च अदालतको मेलमिलाप केन्द्रमा जम्मा २ सय १६ थान मुद्दाको लगत कायम भएकोमा २३ थान मुद्दा मेलमिलापबाट किनारा भएका थिए। ६० थान मुद्दाहरू मेलमिलापको प्रक्रियामा रहेका र बाँकी १ सय ३३ थान मुद्दाहरू मेलमिलाप नभई अदालतमा फिर्ता भएका छन्। यसरी मेलमिलापमा पठाइएका मुद्दाहरूमध्ये जम्मा १ सय ५६ थान मुद्दाहरू फर्स्यौट भएका थिए।

११. कानुनी सहायता/प्रतिनिधित्व

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ (१०) मा मौलिक हकको रूपमा पहिलो पटक असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिमको नि:शुल्क कानुनी सेवा पाउने हक प्रत्याभूत गरिएको छ। अदालतमा न्याय सम्पादनको लागि दायर हुने धेरैजसो मुद्दाहरूमा पक्षले आफ्नोतर्फबाट कानुनव्यवसायी मुकर्रर गरी कानुनी प्रतिनिधित्व/प्रतिरक्षा गराउने गरेको पाइएको छ। तापनि कानुनी राज्यको सिद्धान्तअनुरूप सबैलाई समानरूपमा न्याय उपलब्ध गराउन आवश्यक भएकोले पक्ष स्वयम्ले कानुनव्यवसायी मुकर्रर गरी कानुनी प्रतिनिधित्व गराउन नसकेको अवस्था र आर्थिक सामाजिक कारणबाट आफ्नो कानुनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ तथा असहाय पक्षको तर्फबाट कानुनी प्रतिनिधित्व गराउने तथा आवश्यक कानुनी सहायता उपलब्ध गराउने उद्देश्यले २०१५ सालमा नै सर्वोच्च अदालत, फुलकोर्टको निर्णयबाट वैतनिक कानुनव्यवसायीको व्यवस्था भई असमर्थ, असहाय मुद्दाका पक्षहरूले अनुरोध गरेमा वा इजलासलाई लागेमा नि:शुल्क कानुनी सहायता उपलब्ध गराउँदै आएको अवस्था छ। यस व्यवस्थाको निरन्तरतास्वरूप हाल सर्वोच्च अदालतमा दुई जना र अन्य सबै पुनरावेदन तथा जिल्ला अदालतहरूमा १/१ जनाका दरले अदालतकै तर्फबाट वैतनिक कानुनव्यवसायी नियुक्ति गरी नि:शुल्क कानुनी सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा ४ सय ७५, पुनरावेदन अदालतहरूमा ६ सय ८०, जिल्ला अदालतहरूमा २ हजार २ सय ७५ गरी जम्मा ३ हजार४ सय ३० मुद्दाहरूमा वैतनिक कानुन व्यवसायीबाट नि:शुल्क कानुनी सेवा उपलब्ध गराइएको छ।

त्यस्तै कानुनी सहायता ऐन, २०५४ बमोजिम तोकिएको वार्षीक आयभन्दा कम आय भएका आर्थिक र सामाजिक कारणबाट आफ्नो कानुनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि सम्बन्धित कानुनी सहायता समितिको सिफारिशमा नि:शुल्क कानुनी सहायता प्रदान गर्न सकिने व्यवस्था गरिएको छ। उक्त प्रयोजनका लागि कानुन तथा न्याय मन्त्रीको अध्यक्षतामा केन्द्रीय कानुनी सहायता समिति तथा सहन्यायाधीवक्ता/जिल्ला न्यायाधीवक्ताको अध्यक्षतामा जिल्ला कानुनी सहायता समिति गठन गरिएको छ। समितिले नि:शुल्क कानुनी सहायता प्रदान गर्नुपर्ने व्यक्तिहरूलाई सूचीमा रहेका कानुनव्यवसायी मार्फत सेवा प्रदान गर्दछ। त्यसबाहेक नेपाल बार एशोसिएशन, कानुनी सहायता परियोजना साथै अन्य विभिन्न गैरसरकारी सङ्घ संस्थाहरूबाट समेत मुद्दाका असमर्थ, असहाय पक्षहरूलाई नि:शुल्क कानुनी सहायता उपलब्ध गराईदै आएको छ।[२१]

२१. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६९/७०, पृ.४२

१२. वर्षका केही उल्लेखनीय फैसलाहरू

१२.१ सङ्क्रमणकालीन न्यायको संयन्त्र स्थापनासम्बन्धी विधेयक परिमार्जनको आदेश

सत्य निरूपण तथा मेलमिलाप तथा बेपत्ता व्यक्तिहरूको छानबिनसम्बन्धी विधेयकका विभिन्न प्रावधानहरू मानवअधिकारमैत्री नभएको ठहर गर्दै सर्वोच्च अदालतले ०७० पुस १८ गते यसलाई परिमार्जनको आदेश दियो।

मानव अधिकारको उल्लङ्घन र त्यसका कसूरदारलाई फौजदारी कानुनका स्थापित मूल्य र मान्यतालाई अङ्गीकार गर्दै विभिन्न उद्गार उद्धृत गरिएको यस आदेशले सरकारका लागि विभिन्न मानवअधिकारका मुद्दामा राम्रो निर्देशन दिएको छ।

व्यक्ति बेपत्ता पार्नेसम्बन्धी महासन्धिकै पक्ष राष्ट्र नभएका कारण वा त्यस्तो घोषणापत्रको पक्ष नभएकै कारण नेपालले व्यक्ति बेपत्ता पार्ने कार्यसम्बन्धी त्यस्तो प्रावधानलाई नजरअन्दाज गर्न नमिल्ने फैसला गरी सर्वोच्च अदालतले राज्यलाई जवाफदेही बनाउन मार्ग प्रशस्त गऱ्यो। नेपालले हालसम्म पनि बलात् बेपत्तालाई आपराधीकरण गर्न कुनै कदम नचालेको अवस्थामा अदालतले यसबारेमा बोलिदिँदा सरकारलाई केही दबाब पर्ने आशा गर्न सकिन्छ।

यसैगरी यातना दिने, बेपत्ता पार्ने कार्यहरू विशुद्ध फौजदारी अपराधहरू भएका र ती अपराधहरूको छुट्टाछुट्टै अनुसन्धान गरी न्यायको अन्तिम बिन्दुसम्म नपुऱ्याएसम्म निरन्तररूपमा अपराध मानिने कार्यहरू रहने भन्दै यिनको अपराधीकरणका लागि समेत सरकारलाई दबाब दिइएको छ। साथै द्वन्द्वको सैद्धान्तिक कारणसँग सहमत भई कुनै पक्षबाट द्वन्द्वसँग सम्बन्धित घटनामा सम्बन्धित हुनु वा संलग्न हुनु एउटा कुरा भए पनि द्वन्द्वमार्फत् परिवर्तन ल्याउने वा द्वन्द्व दबाउने वा समाधान गर्ने कुनै नाममा पनि आपराधिक र अवाञ्छित क्रियाकलापमा छुट दिन सकिने ठाउँ नहुने भनी मानवअधिकारको संरक्षणलाई आधार हुने फैसला सर्वोच्च अदालतले गरेको छ।

तथापि आयोगले माफी लगायतको विषयमा अपनाउनुपर्ने मापदण्डका लागि कानुनमा नै आधारभूत कुराको किटान गर्ने लगायतका व्यवस्था गर्न द्वन्द्व विशेषज्ञ, पीडित वा पीडितको हित प्रतिनिधित्व गर्ने संस्था, मानवअधिकार कानुन विशेषज्ञ एवम् सरोकारवाला पक्षहरू सम्मिलित भएको विषय विशेषज्ञ टोलीको सहयोग लिई उक्त अध्यादेश परिमार्जन गर्नू[३२] भनी आदेश दिए तापनि तीमध्ये कुनै पनि आदेशको सम्मान नगरी सरकारले केही समयमै उस्तै प्रकारको विधेयक संसद्मा पेश गऱ्यो र सो विधेयक स्वीकृत पनि भयो। यसले सरकारको मानवअधिकारप्रतिको प्रतिवद्धतामा प्रश्न खडा गऱ्यो भने सरकारले अदालतप्रति हलुका दृष्टिकोण लिएको भन्ने पनि देखियो।

१२.२ महान्यायाधिवक्ताको अधिकारको व्याख्या

दैलेख जिल्लामा ०६१ साउन २७ गते हत्या गरिएका पत्रकार डेकेन्द्रराज थापाकी पत्नी लक्ष्मी थापाको जाहेरीबाट शुरु भएको ज्यान मुद्दामा प्रहरी अनुसन्धान स्थगन गर्न विपक्षी महान्यायाधिवक्ता तथा प्रधानमन्त्री डा. बाबुराम भट्टराईले गरेको निर्देशनले नेपालको अन्तरिम संविधान, २०६३ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को मूल्य मान्यता र प्रावधानहरूको उल्लङ्घन भई स्वतन्त्र न्यायपालिकाको अवधारणामा समेत प्रश्नचिह्न खडा भएकोले सो कार्यबाट मुलुकमा दण्डहीनताले थप प्रश्रय पाई विधिको शासनको उपहास गरेकोले यो विषय सार्वजनिक सरोकारको विषय समेत भएको भन्दै उत्प्रेषण परमादेशको रिट निवेदन पऱ्यो।

यसमा फैसला[३३] गर्दै सर्वोच्च अदालतले महान्यायाधिवक्ताको अधिकारको व्याख्या गरिदिनाका[३४]

---

३२. http://www.supremecourt.gov.np/download/069-WS-0057-0058.pdf

३३. http://www.supremecourt.gov.np/download/069-WO-0740.pdf

३४. सरकारवादी फौजदारी मुद्दाहरूको अभियोजन र प्रतिरक्षा सम्बन्धी जिम्मेवारी वहन गर्दा महान्यायाधिवक्ताले आफूलाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रयोग स्वेच्छाचारी ढङ्गले गर्न सक्ने देखिँदैन। सरकारवादी मुद्दा चलाउने वा नचलाउने निर्णय गर्न पाउने संवैधानिक अधिकारको प्रयोग गर्दा महान्यायाधिवक्ता र निज मातहतको सरकारी वकिलले कानुनको शासन, मानवअधिकार संरक्षण, पीडित पक्षको न्यायमा सुनिश्चितता, न्यायका स्थापित मूल्य मान्यताबाट नै निर्देशित रहनुपर्दछ। अभियोजन सम्बन्धी निर्णय गर्दा स्वच्छ र स्वतन्त्र अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणलाई आधार लिई कानुनको शासनको मान्यताबाट निर्देशित भई निष्कर्षमा पुगेको हुनु पर्दछ। सरकारवादी मुद्दाको अभियोजन गर्ने संवैधानिक एवम् कानुनी दायित्व र व्यावसायिक उन्मुक्तिलाई महान्यायाधिवक्ताको सीमाविहीन र स्वेच्छाचारी अधिकार हो भनी अर्थ गर्न मिल्दैन।
http://www.supremecourt.gov.np/download/069-WO-0740.pdf

साथै द्वन्द्वकालीन मुद्दाहरू सङ्क्रमणकालीन न्यायका संयन्त्र गठन नभएको अवस्थामा फौजदारी कानुन अनुसार नै हेर्न मिल्ने फैसला गरिदियो।

एकीकृत माओवादीका अध्यक्ष प्रचण्डले यस फैसलाले शान्ति प्रकृयामा बाधा पुऱ्याउने बताए[२५] भने माओवादी समर्थक द्वन्द्वपीडितले भने अदालतको यस फैसलाको विरोध गर्दै द्वन्द्वकालीन मुद्दाको फैसला सत्य निरूपण तथा मेलमिलाप आयोगले नै गर्नुपर्ने माग राखे।[२६] अदालतको फैसलापछि दैलेख अदालत थापाको हत्यासम्बन्धी मुद्दा अघि बढाउन सक्षम भयो।

१३.३ आमा वा बाबुको नाममा नागरिकता प्राप्त हुन सक्ने

नागरिकताको मुद्दा नेपालको सामाजिक र राजनीतिक दुवै वृत्तमा दशकौँदेखि संवेदनशील रहँदै आएको छ। नागरिकतासम्बन्धी विभिन्न विवादमध्ये सन्तानले कसको नाममा नागरिकता लिन पाउने भन्ने पनि एक रहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ ले बाबु वा आमाको नाममा नागरिकता पाउन सक्ने भने पनि विविध कारणले सहजरूपमा आमाको नाममा नागरिकता वितरण हुन सकेको छैन। सर्वोच्च अदालतको फैसला नजिर र नजिर कानुन नै मानिने स्थापित मान्यता नेपालमा हुँदाहुँदै पनि सो नजिर टेकेर पीडितहरू अदालत धाउनु पर्ने अवस्था यहाँ रहेको छ।

यस्तै मुद्दामा ०७० चैत १० गते फैसला गर्दै सर्वोच्च अदातलले हालको संविधान अनुसार आमा वा बाबु कुनै एक जना मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने फैसला गऱ्यो।

जिल्ला प्रशासन कार्यालयले बाबु नभई नागरिकता दिन नमिल्ने मौखिक जवाफ दिएपछि चाल्नाखेलका माधव नगरकोटी र धन नगरकोटीका छोराछोरी ०४८ र ०४९ सालमा जन्मिएका भोला र शान्ति अदालत गएका थिए। ०५० भदौदेखि बेपत्ता भएका बाबु माधव हाल कहाँ र कुन अवस्थामा रहेको भन्ने कुनै जानकारी नरहेकाले उनीहरूले आमाको नामबाट नागरिकता लिन खोजेका थिए।[२७]

फैसलामा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ (२) मा बाबु र आमा नभनी बाबु वा आमा भनेको देखिने भन्दै यसको थप व्याख्यामा यही प्रावधानमा बाबुपछि र नभनी वा भनिएको र भनेको भए पनि बाबु पत्ता नलागेमा नेपालको नागरिकता प्राप्त गर्ने नसक्ने अवस्था हुन सक्ने तर संविधानमै स्पष्ट रूपमा वा भनेकाले दुईमध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने उल्लेख छ।

यसैमा दोलखाकी सविना दमाइले २०६७ मा सर्वोच्चको फैसला, नेपालमा जन्मेका नागरिकलाई आमाका नामबाट काननुबमोजिम नागरिकता प्रदान गर्नू भनी जिल्ला प्रशासन कार्यालयलाई परमादेश जारी भइसकेको र त्यही आधारमा वितरणसमेत भएको अवस्थामा हाल रोक्नु असंवैधानिक हुने बताइयो।

फैसलामा आमाको नामबाट नागरिकता दिनू भनेर ०६८ भदौ ५ गते नै गृह मन्त्रालयबाट पत्राचार भए पनि सम्बन्धित निकायले हालसम्म लागू नगर्दा सर्वसाधारणको मौलिक हक हनन भएको सर्वोच्च अदालतको फैसलामा उल्लेख छ।

यस फैसलाको महत्व यो अर्थमा मात्र छैन कि यसले अन्तरिम संविधानको प्रावधानका आधारमा आमाको नाममा सन्तानले वंशजको आधारमा नागरिकता लिन सक्ने भए, यसले हाल जारी नयाँ संविधानको नागरिकता सम्बन्धी विवादमा केही दिशा निर्देश गर्ने देखिएको छ। नयाँ संविधानको मस्यौदामा आमा र बाबु भनेर नै उल्लेख गरिएको छ र यदि यही प्रावधानसहितको संविधान जारी भएमा उक्त फैसला अनुसार पनि आमा वा बाबुको नामबाट मात्रै नागरिकता वितरण हुन सक्ने छैन। पहिले बाबुको नाममा वंशज नागरिकता प्राप्त गर्न सकिने भए पनि नयाँ संविधानमा बाबु र आमा रहिरहने नेपाली पुरुषले पनि आफ्ना सन्तानलाई आफ्नो मात्र नाममा नागरिकता दिलाउन सक्ने छैनन्। यो अवस्थामा नकारात्मक समानता कायम हुनेछ र प्रावधानबाट पीडितको सङ्ख्या झनै बढ्नेछ।

२५. SC verdict on TRC could derail peace process: Dahal, http://www.ekantipur.com/2014/04/04/top-story/sc-verdict-on-trc-could-derail-peace-process-dahal/387773.html

२६. Disappeared fighters' kin condemn SC verdict, http://www.ekantipur.com/2014/04/07/business/disappeared-fighters-kin-condemn-sc-verdict/387880.html

२७. http://nagariknews.com/main-story/story/31241.html#sthash.WEbLpSp6.dpuf

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ को धारा ९ (२) मा 'पक्षराष्ट्रहरूले बालबालिकाको राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरुषसरहको समान अधिकार प्रदान गर्नेछन्' भनी उल्लेख छ। यसर्थ, ढिलो गरी सार्वजनिक भएको यस फैसलाले अन्तर्राष्ट्रिय मान्यता पूरा गरेको छ भने नागरिकतासम्बन्धी जारी रहेको चर्चापरिचर्चामा पनि संविधानको मस्यौदामा संशोधनको आवश्यकताको मागलाई बल पुऱ्याएको छ।

१२.४ जिल्ला अदालतको मुद्दा उल्टिएको सम्बन्धमा

पुनरावेदन अदालतका फैसलामध्ये पूजा बोहोराको जबरजस्ती करणीसम्बन्धी फैसला विभिन्न कारणले चर्चित रह्यो। पीडितले वर्षौंदेखि न्यायको माग गरिरहेको भन्ने विभिन्न सञ्चारमाध्यममा आइरहेकै अवस्थामा जिल्ला अदालतले अभियुक्तहरूलाई दोषी करार गर्दै फैसला गऱ्यो।

यस मुद्दाको फैसलालाई पुनरावेदन अदालत महेन्द्रनगरले उल्टाइदिएपछि भने फैसला र अदालतकै बारेमा विभिन्न टिका टिप्पणी आए। पीडित भनिएकी पूजा बोहरा र फैसला गरिदिने न्यायाधीशकै पनि पृष्ठभूमिको खोजी भयो। न्यायाधीशद्वय नै राजनीतिक दलसँग निकट रहेको सञ्चारमाध्यममा आउँदा गत साल नियुक्ति पाएका न्यायाधीशहरूकै सम्बन्धमा पुन: चर्चा आरम्भ भयो। नियुक्तिपछि केही न्यायाधीश राजनीतिक नेतालाई भेट गर्न पार्टी कार्यालय नै पुगेका र यस विषयमा तत्कालीन प्रधानन्यायाधीशलाई ध्यानाकर्षण गराउँदा अत्यन्त हलुका पाराले लिएको कुरा पनि उठेकै छ।

साधारणतया जबरजस्ती करणी जस्तो मुद्दामा पीडित भनिएका व्यक्तिमाथि विश्वास गरिन्छ। प्रहरी र अदालतले भने यस्तो मुद्दामा संवेदनशीलता अपनाए पनि पहिले नै धारणा निर्माण गर्ने अवस्था हुँदैन। प्रमाणले देखाएको आधारमा नै निर्णय लिने हो। तथापि अनुसन्धानका क्रममा तयार पारिएका दस्तावेजमा केही सन्देह लागेमा सोही अनुसार इङ्गित गर्नुपर्ने हुन्छ।

सर्वोच्च अदालतले ०७० मङ्सिर १६ गते जबरजस्ती करणीको मुद्दामा फैसला[३८] गर्दै जबर्जस्ती करणी जस्तो गम्भीर फौजदारी कसुरमा स्वतन्त्र प्रमाणहरूबाट कसुर स्थापित भइरहेको अवस्था छ, छैन भन्ने कुरा महत्वपूर्ण हुने र जाहेरवाला तथा मौकामा उपस्थित व्यक्तिहरूले अदालतमा गरेको प्रतिरोधी (Hostile) बकपत्रले प्रमाणिक महत्व नराख्ने बताइएको छ। यसै फैसलामा घटनाबाट पीडित व्यक्ति अथवा जाहेरवालाले घटनाको सम्बन्धमा घटनाको तत्काल अघि वा पछि व्यक्त गरेका कुरा प्रमाण ऐन, २०३१ को दफा १० (१) (क) र (ख) बमोजिम प्रमाणमा लिनुपर्ने बताएको छ।

यसै ठहरलाई व्याख्या गर्दै उक्त फैसलाले घटनाका सम्बन्धमा घटना भएको तत्कालपछि घटना देख्ने वा थाहा पाउने व्यक्तिले मौकामा व्यक्त गरेको कुरा मात्र प्रमाण हुन्छ। तर घटनाको निकै महिना वा वर्षपछि व्यक्त गरेको कुरा प्रमाण हुन सक्तैन। पीडित व्यक्ति वा जाहेरवाला वा देख्ने व्यक्तिले घटनाको तत्कालपछि नभई करिब क्रमश: ३१ महिना र ६ महिनापछि अदालतमा व्यक्त गरेको कुरा कसैको पक्ष वा विपक्षमा प्रमाणको स्थान लिन नमिल्ने बताएको छ।

१२.५ कृष्णप्रसाद अधिकारीको मुद्दा

आफ्नो छोराका हत्याराहरूविरुद्ध कारबाहीको माग राख्दै गोरखा, फुजेल गाविसका नन्दप्रसाद अधिकारी र गङ्गामाया अधिकारीले अनशनका कारण सिर्जित दबाबमा परी किटानी जाहेरीमा परेका केही पूर्व माओवादी कार्यकर्तालाई हिरासतमा लिइयो। लामो प्रहरी अनुसन्धानपछि विभिन्न स्थानमा गिरफ्तार भएका कार्यकर्तालाई चितवन जिल्ला अदालतले भने प्रमाणको कमी देखाउँदै तारेखमा र धरौटीमा रिहा गर्दै आएको देखिएको छ। यससम्बन्धमा माओवादीका दुई जना कार्यकर्ता छविलाल पौडेल र भीमसेन पौडेललाई क्रमश: २० हजार र २७ हजार रुपियाँ धरौटी लिएर रिहा गर्ने चितवन जिल्ला अदालतको आदेश भने फौजदारी कानुनको कार्यविधिसँग अमिल्दो रहेको भनी चर्चामा आयो। मुलुकी ऐन अदालती बन्दोबस्तको ११८ महलमा ज्यान मुद्दामा अभियुक्तलाई धरौटीमा रिहा गर्न नपाइने नपाइने उल्लेख छ।

नन्दप्रसाद अधिकारी र गङ्गामाया अधिकारीको जीवन रक्षाका लागि आवश्यक परे जबरजस्ती पनि खुवाउनू भनी सर्वोच्च अदालतले आदेश पनि जारी गरेको थियो तर, सो आदेश पनि पालन भएन। कुनै नागरिकले आफ्नो मृत छोराका हत्यारालाई कारबाही गर्न माग गर्दै प्राण त्याग गर्नु राष्ट्रको न्यायप्रणालीकै लागि लज्जाजनक अवस्था हो। कुनै माग राखी

३८. http://www.supremecourt.gov.np/publication/materials/112783.pdf

आफ्नो प्राण पनि त्याग्न उद्यत व्यक्तिको माग सम्बोधनका लागि राज्यका अङ्ग विशेषतया अदालतले आफैं पनि कदम चाल्न सकेन, जुन अत्यन्त खेदजनक छ।

१२.६ खाद्य सम्प्रभुताको पक्षमा फैसला

सर्वोच्च अदालतले ०७० पुस २४ गते एक अन्तरिम आदेश जारी गर्दै अनुवांशिकी परिवर्तन गरिएका (Genetically Modified) बीउबिजन आयात गर्नबाट सरकारलाई रोक लगायो।

केही कम्पनीहरूले अमेरीकास्थित रसायनिक र कृषि जैविकप्रविधि कम्पनी मोन्सान्तोलगायत अन्य संस्थाबाट जीएम बीउ आयात गर्न लागेको जानकारी सार्वजनिक भएपछि यसको विरुद्धमा रिट निवेदन दायर भएको थियो।[२९]

राष्ट्रपतिद्वारा ०७१ असार १५ गते प्रस्तुत ०७१/७२ को सरकारको नीति तथा कार्यक्रममा पनि प्राङ्गारिक मल र अर्गानिक खेतीमा जोड दिइने उल्लेख छ।[३०]

बीउबिजन ऐन (१९८८) तथा बीउबिजन नियमावली २०१२ ले वातारणीय र जनस्वास्थ्यमा प्रभाव असर नपर्ने अवस्थामा हाइब्रिड बीउबिजन आयात गर्न पाउने व्यवस्था गरेको छ। यद्यपि जीएम बीउ र यसका उत्पादनबाट जनस्वास्थ्यमा हुने प्रभावबारे अनुसन्धान निर्णायक छैन।

अनुवांशिकी परिवर्तन गरिएका बीउबीजनबाट उम्रेका बिरुवाले बीउ दिन सक्दैनन्। यसकारण, किसानले हरेक वर्ष कम्पनीबाट महँगो मूल्य तिरेर बीउ किन्नुपर्ने हुन्छ भने यी नाफामुखी कम्पनीहरूले बीउ प्रयोग गर्ने किसानलाई अनेकन बन्धनमा राखेका हुन्छन्। संविधानमै खाद्य सम्प्रभुत्ताको प्रत्याभूति दिइएको अवस्थामा यस्तो कम्पनीका बीउबिजन बजारमा उपलब्ध हुन थालेमा परम्परागत बीउ, खाद्यका जातहरू विलुप्त हुन जाने, किसान महँगो कृषि सामग्रीको चक्रमा फस्ने आदि संविधानको परिकल्पना बाहिरको परिस्थिति देखिनेछ। यस अर्थमा कृषिप्रधान राष्ट्रको रूपमा रहेको र पारिवारिक खेतीमै धेरै जनता आश्रित रहेको अवस्थामा अदालतको यस्तो निर्णय स्वागतयोग्य छ। तथापि वर्षको अन्त्यसम्ममा यस अन्तरिम आदेशलाई नै निरन्तरता दिइएको अवस्था छ।

१२.७ अदालतको अपहेलनाका सम्बन्धमा

अदालतको अपहेलनासम्बन्धी विधेयक दायर भएसँगै यस विषयमा चर्चा चलेकै समयमा सर्वोच्च अदालतले ०६३ मा जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठविरुद्ध परेको अदालतको अपहेनलासम्बन्धी मुद्दामा फैसला गर्‍यो। तत्कालीन प्रधानन्यायाधीशले आफूलाई शोषण गरेको भनी एक महिलाबाट पत्र आएको भन्दै सो पत्र छापेकोमा यस साप्ताहिक विरुद्ध अपहेलनाको मुद्दा दायर भएको थियो।

यस मुद्दामा फैसला गर्दै सर्वोच्च अदालतले अदालत प्रेस जगतप्रति सदा उदार रहनु पर्ने एवम् प्रेसको भूमिका समेत लोकतन्त्रमा महत्वपूर्ण रहेको कुरालाई मनन गर्दै, प्रेससँग सम्बन्धित व्यक्तिहरूप्रति समेत सहिष्णु रहनु यसको गरिमा अनुकूल हुने भएको महसुस गरी सर्वोच्च अदालतले आफ्नो उदारता एवम् क्षमाशीलतालाई कायम नै राख्नुको साथै प्रतिवादीहरूले आगामी दिनमा त्यस प्रकारको कार्य गरी अदालतको गरिमा तथा त्यसप्रति जनतामा रहेको आस्थालाई ठेस पुर्‍याउने कार्य नगरोस् र अदालतलाई अपहेलनामा कारबाही गर्न बाध्य हुनु नपरोस् भन्ने विश्वास राख्न चाहेको जनायो।

यसै फैसलामा अदालतलाई आफ्नो स्वतन्त्र एवम् निर्भिक भूमिका निर्वाह गर्न जनताको आस्था र विश्वास आस्था आवश्यक हुने जनाउँदै अपहेलनासम्बन्धमा विगतका केही फैसला उदृत गर्दै अपहेलना हुनसक्ने अवस्थाहरू उल्लेख गरेको छ।

१२.८ अत्यावश्यक सेवामा हडताल निषेध

सरकारले विभिन्न क्षेत्रलाई अत्यावश्यक क्षेत्र मान्दै ती क्षेत्रमा कुनै पनि कारणले सेवा रोक्न नपाइने कानुन बनाएको छ तर, ती नियमहरू विरलै पालन हुने गरेका छन्। नियम बनाउने तर, पालना गराउन

२९. Supreme Court says no to GM seeds, http://www.ekantipur.com/2014/01/08/top-story/supreme-court-says-no-to-gm-seeds/383606.html

३०. ०७१/७२ को सरकारको नीति तथा कार्यक्रमको बुँदा नं. १६, http://www.opmcm.gov.np/uploads/news/file/Niti%20tatha%20Karyekaram%20Nepali_20140629101522.pdf

सर्वोच्च अदालत प्रशासन शाखाको *प्रतिवेदनले जनआस्था साप्ताहिकको सम्पादक किशोर श्रेष्ठ समेत विरुद्ध मुद्दा ०६३-AP-००२० अपहेलना मुद्दाको फैसलाको सम्पादित अंश*[३१]

अदालतलाई आफ्नो स्वतन्त्र एवम् निर्भिक भूमिका निर्वाह गर्न जनताको विश्वास एवम् अदालतप्रतिको जनताको आस्था धेरै महत्वपूर्ण हुन जान्छ। वास्तविकताको अनुभव गर्न खोज्ने हो भने अदालतको सम्मान र यस प्रतिको विश्वास र आस्था अदालतको लागि मात्र महत्वपूर्ण नभएर न्याय सम्पादनमा यसको निर्भिक एवम् स्वतन्त्र भूमिका देश र जनतामा चाहिने शान्ति एवम् मुलुकको विकास र आर्थिक समुन्नतिका लागि अनिवार्य रूपले चाहिने कुरा हो। यसको लागि अदालत स्वयम्को आचरण एवम् दायित्वको निर्वहन त आवश्यक छ नै देश र जनताको भलो एवम् न्यायिक समाजको स्थायित्वको लागि समेत आवश्यक छ।

यसैक्रममा, निवेदक मुरारी प्रसाद शर्मा विरुद्ध विपक्षी पुष्पकमल दहाल प्रचण्ड समेत भएको अदालतको अपहेलना (नि.नं. ८५३० ने.का.प. २०६७ अङ्क १२ पृ. ९) को मुद्दामा समेत लोकतान्त्रिक परिवेशमा समालोचनात्मक टिप्पणीहरूले अदालतका कमी कमजोरीहरूलाई प्रकाशित गरी अदालतलाई आफ्नो कमी कमजोरीहरू सुधार्न समेत अभिप्रेरित गर्ने हुनाले त्यस्ता टिप्पणीहरू न्यायपालिकाको लागि सर्वथा नकरा रहेको भन्न नसकिने र लोकतन्त्रलाई बलियो बनाउने एवम् न्यायपालिकाद्वारा जनताको अधिकारलाई सुरक्षित गराउने दृष्टिकोणले कसैबाट भएका समालोचनाहरूलाई अदालतले सकारात्मक रूपमा नै लिनुपर्ने भनी सोही फैसलामा सर्वोच्च अदालतद्वारा नै स्पष्ट पारिएको पाइन्छ। अत: प्रेसको स्वतन्त्रता पनि लोकतन्त्रको स्थायित्व र गतिशीलताको लागि अनिवार्य नै छ भन्ने कुरामा दुई मत हुन सक्दैन।

अदालतको अपहेलना हुने बारे सन्तोष भट्टराई विरुद्ध कनकमणि दीक्षित समेत (नि.नं. ७८३९ ने.का.प. २०६४ अङ्क ४ पृष्ठ ५०६) को मुद्दामा स्पष्ट गर्न अदालतको अपहेलना सम्बन्धमा व्यवस्थापिकाले हालसम्म कुनै कानुन बनाएको देखिँदैन। के कस्तो कामले अदालतको अपहेलना हुन्छ भन्ने कुरा त्यसको परिस्थिति अनुसार अदालत आफैले ठहर गर्ने कुरा हो। मान्य सिद्धान्त अनुसार देहायका कामहरू अदालतको अपहेलना मान्नुपर्ने भनी निम्नलिखित बुँदाहरू तर्फ सर्वोच्च अदालतले सबैको ध्यानाकर्षण गराएको पाइन्छ।

- *अदालतको निर्णय वा आदेशको जानाजान Willful अवज्ञा गर्ने कार्य।*
- *अदालत समक्ष गरेको प्रतिज्ञाको जानाजान Willful भङ्ग वा अवज्ञा गर्ने कार्य।*
- *बोलेर, लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिजाई अनास्था पैदा गरी काण्ड मच्चाउनु अर्थात Scandalize गर्ने कार्य।*
- *बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने कार्य।*
- *बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कामद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रशासनमा अवरोध गर्ने कार्य।*
- *अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने काम गर्ने।*
- *मुद्दाका पक्षहरू, मुद्दाका साक्षीहरू तथा अदालतका कर्मचारीलाई बाधा विरोध गर्ने कार्य।*
- *अदालतलाई विवादमा ल्याउने जुनसुकै कार्य ती अवस्था मात्र होइन, अवस्था अनुसार विभिन्न अन्य कार्यले पनि अदालतको अपहेलना हुनसक्छ।*

३१. http://www.supremecourt.gov.np/cp/assets/downloads/62950.pdf

साक्षी नै थुन्ने न्यायाधीशमाथि छानबिन हुने

न्याय परिषद्ले साक्षीलाई नै थुन्ने आदेश गर्ने मुगु जिल्ला अदालतका न्यायाधीश हरिप्रसाद शर्मा पंगेनी उपाध्यायको कागजपत्र झिकाउने समाचार कान्तिपुर दैनिकको जेठ ३० मा प्रकाशित भएको छ। यसका अनुसार-

परिषद्का अनुसार साक्षीको संरक्षण गर्नु पर्नेमा उल्टै तिनलाई सजाय गर्ने निर्णय गरेकाले प्रथम दृष्टिमै गडबडी देखिएको हुँदा कागजपत्र बुझ्न लागिएको हो।

फौजदारी न्यायप्रणाली र विधिशास्त्रको सर्वमान्य सिद्धान्तको उल्टो हुने गरी पंगेनीले कर्तव्य जान मुद्दाका सरकारी साक्षीलाई नै मुद्दा लगाएर धरौटी माग्दै थुनामा पठाउने फैसला गत जेठ २१ गते गरेका थिए।

फैसला अनुसार मुद्दाका साक्षी प्रहरी जवानहरू बलराम गिरी, हरिप्रसाद जोशी र प्रहरी हवल्दार शीतल भण्डारीलाई जनही १ लाख १५ हजार धरौटी तिर्न भनिएको छ भने अर्का साक्षी स्थानीय धनराज भुमीलाई भने पुर्पक्षका लागि सिधै थुनामा राख्ने आदेश भएको छ।

महान्यायाधीवक्ताको कार्यालयले पंगेनीको यो आदेशलाई फौजदारी न्यायको विचलन भन्दै त्यसविरुद्ध पुनरावेदन गर्ने भएको छ।

मुगुका दीपक बुढा, वाँचे रोकाया, राजन रोकाया, राई रोकाया र सिंह रोकायाले १८ वर्षे मोहनकुमार शाहीको हत्या गरेको भन्दै उनीहरु विरुद्ध जाहेरी परेको थियो। प्रहरीले बुझाएको रायसहितको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिलले मुद्दा दायर गरेका थिए। घटनाका साक्षीलाई उपाध्यायले बकपत्र गर्न इजलाशमा झिकाएका थिए। कानुनमा कुनै पनि मुद्दाका साक्षीलाई तिनको गोप्यताको संरक्षण गर्नु पर्ने, अदालतमा बयान दिन जाँदा भत्ता दिनु पर्ने र आवश्यक परे सुरक्षासमेत दिनु पर्ने प्रावधानहरू छन्।

तर पंगेनीको इजलासले भने कानुनी प्रावधानको ठिक विपरीत साक्षीलाई नै सजाय गर्ने अनौठो फैसला गरेपछि त्यसबारे हल्लीखल्ली भएपछि परिषद्ले अनुसन्धानका लागि आवश्यक कागजपत्र झिकाउन लागेको हो।

गुल्म सिँचाइ कुलो आयोजनाका कामदारलाई ज्याला दिन भनेर शाहीले बोकेको ५ लाख ४० हजार रुपियाँ लुटी शाहीको हत्या गरेको अभियोग प्रतिवादीहरूमाथि लागेको छ। उनका बा लक्ष्मणकुमारले प्रहरी कार्यालयमा दोषीमाथि कारबाही गरिपाऊँ भनी जाहेरी दिएका थिए। त्यसै आधारमा ती विरुद्ध कर्तव्य ज्यान र डाँका मुद्दा सरकारी वकिलको कार्यालयले दायर गरेको थियो।

नसक्ने सरकारी अवस्था पनि टिठ लाग्दो नै हो। तथापि अदालतले विभिन्न समयमा तिनै कानुनको आधारमा यस्तो सेवा अवरुद्ध हुँदा अवरोधविरुद्ध आदेश जारी गर्दै आएको छ।

यस्तै क्रममा एक रिटमा[३१] ०७० माघ ६ गते फैसला गर्दै सर्वोच्च अदालतले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३(१) ले सार्वजनिक हितका लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै आवश्यक सेवामा हड्ताल निषेध गर्नसक्ने व्यवस्था आधारमा नेपाल सरकारले २०७०।७।२९ को नेपाल राजपत्रको सूचना-२ देहाय १२ द्वारा अस्पताल, स्वास्थ्य केन्द्रसमेतमा हड्ताल निषेध गरेको पाइएको भन्दै अस्पताल जस्तो संवेदनशील निकाय बन्द नगर्न अन्तरिक आदेश जारी गर्‍यो।

अदालतले मानिसको जीवन रक्षाको अधिकारलाई सदैव सर्वोच्च प्राथमिकतामा राखी आएका र अस्पतालले प्रदान गर्ने अति आवश्यकीय स्वास्थ्य सेवा पाउनु, प्रत्येक व्यक्तिको नैसर्गिक हक रहेको कुरा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६, २० र २२ समेतले प्रत्याभूत गरेको उक्त फैसलामा उल्लेख छ।

अदालतले त्रिवि. शिक्षण अस्पताल, वीर अस्पताल र वी.पी. कोइराला क्यान्सर अस्पतालमा आह्वान भएका हड्ताल विरूद्ध अन्तरिम आदेश जारी

३१. उपभोक्ता हित संरक्षण मञ्चद्वारा दायर रिट (०७०-WO-०५००) निवेदनमा सर्वोच्चको अन्तरिम आदेश

गरी सेवा सुचारू गराएको तथा रिट जारी गरिएको पनि स्मरण गरायो।

१२.९ बहुविवाह सम्बन्धमा यथास्थितिवादी फैसला

बहुविवाह गरेमा त्यस्तो विवाह दण्डनीय मात्र नभई स्वत: बदरको व्यवस्था हुनुपर्ने भनी बिहावरीको महलको ९, ९ क र १० नं.को बदरको माग गरी दायर गरिएको रिट निवेदन सर्वोच्च अदालतले खारेज गऱ्यो। खारेजीको कारणमा बिहावरीको महलले १० नं. ले बहुविवाहलाई दण्डनीय अपराधको रूपमा स्वीकार गरी बहुविवाहको कार्यलाई नै निरुत्साहित गर्ने प्रयास गरेको र कानुनमा दण्ड सजाय हुने व्यवस्था गरेको विधायिकी कानुनको औचित्यमा प्रवेश गर्न नमिल्ने जनायो।

नेपालमा यसै विषयमा ०६५ भदौ २६ गते सर्वोच्च अदालतको संयुक्त इजलासले बहुविवाह गर्न छुट दिने कानुनमा समयसापेक्ष सुधार गर्न सरकारलाई आदेश दिएको छ। अदालतले मुलुकी ऐनको बिहेवारी महलको व्यवस्थामा सुधार गर्न निर्देशनात्मक आदेश जारी गरेको हो। दोस्रो विवाह गर्न छुट दिने मुलुकी ऐन विहेवारीको महलको ९ नम्बरको १, २, ३, ४, ५ र ६ को प्रावधान लैङ्गिक रूपमा भेदभावपूर्ण भएको भन्दै रिट दायर भएको थियो।[३३]

सर्वोच्च अदालतको कार्यक्षेत्रको प्रमुख जिम्मेवारी भनेको विधायिकी कानुनको औचित्यका समयसापेक्षता, अन्तर्राष्ट्रिय मान्यता र प्रचलन हेरी विश्लेषण गर्ने हो। भारतकै उदाहरण हेर्‍यौं भने पनि मुस्लिम कानुन अनुसारबाहेक पहिली श्रीमती जीवित छँदाछँदै दोस्रो विवाह भएमा सो विवाह स्वत: बदर हुने व्यवस्था छ। भारतकै दिल्ली अदालतले सन् २०१३ मा मुस्लिम कानुन अनुसार पनि सन्तान नहुने या पत्नी बिरामी भएको अवस्थामा उनको सहमतिमा मात्र गर्नुहुने भनी व्याख्या गरिदिएको छ।[३४]

यसैगरी, बहुविवाहले महिलाको सम्मानको उल्लङ्घन गर्ने र यो कार्य महिलाविरुद्धको अस्वीकार्य विभेद भएका कारणले यसको अस्तित्व रहेको अवस्थामा यस प्रचलनको अन्त्य गरिनुपर्ने भनी मानवअधिकार समितिले सन् २००० मा बोलेको छ।[३५]

यसरी हेर्दा कानुनको एक प्रावधानले सजाय व्यवस्था गरेको छ तर सो विवाहको मान्यता कायम रहन्छ रहँदैन भन्ने उल्लेख छैन। बहुविवाहमा अधिकतम् सजाय नै भए पनि दोस्री महिला श्रीमतीकै रूपमा रहिरहने र यसै अनुरूप सम्पत्तिको हक पहिलो महिलाको हकबाट बाँड्ने कानुनी प्रावधान रहेबाट सो सजाय फैसलामा भने जस्तो निरुत्साहन नभई दुरुत्साहन गर्ने प्रयास मात्र हो भन्न सकिन्छ। अझ, दोस्रो विवाह भएको थाहा भएको तीन महिनाभित्र विवाह विरुद्ध उजुरी नभएमा दोस्रो विवाहले स्वत: मान्यता पाउने अवस्था छ।

१२.१० न्यायाधीश मापदण्ड खारेज

सर्वोच्च अदालतले ०७० असार ४ गते न्यायाधीश नियुक्तिका लागि न्याय परिषद्ले तयार गरी लागु गरेको न्यायाधीश मापदण्ड खारेज गऱ्यो। न्यायाधीश नियुक्ति लागि अन्तरिम संविधानमै योग्यता

---

३३. ९ नं.।।।। देहायका अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन ....
- स्वास्नीलाई यौन सम्बन्धी कुनै सरुवा रोग भै निको नहुने भएमा
- स्वास्नी निको नहुने गरी बौलाएमा
- स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकार बाट मान्यता प्राप्त मेडिकल बोर्डबाट
- प्रमाणित भएमा
- स्वास्नी हिँडडुल गर्न नसक्ने गरी कुंजी भएमा
- स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा

१० नं.- कसैले यो महलको ९ र ९क नम्बरमा लेखिएको कुराको विपरीत अर्को विवाह गरेमा वा स्वास्नी राखेमा निजलाई) एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना समेत हुनेछ। स्वास्नीमानिसले जानी जानी त्यस्तो विवाह गरेमा वा स्वास्नी भई बसेमा निजलाई पनि सोही बमोजिम सजाय हुनेछ।

११ नं.- यस महलको ७ नम्बरका कुरामा सो भए गरेको मितिले र अरुमा थाहा पाएको
- मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्तैन।

३४. http://khabarsouthasia.com/en_GB/articles/apwi/articles/features/2013/01/17/feature-01

३५. Human Rights Committee, General Comment 28, Equality of rights between men and women (article 3), U.N. Doc. CCPR/C/21/Rev.1/Add.10 (2000)

तोकेको अवस्थामा एक पक्षीय र अपारशदर्शी रूपमा मापदण्ड लागू गरिएको दाबीसहित मापदण्ड खारेज गर्न माग राख्दै ०६९ असोजमा रिट दायर भएको थियो। यस फैसलापछि सरकारले जिल्ला अदालतमा न्यायाधीश नियुक्ति गर्दा कानुन व्यवसायीलाई पनि समावेश गर्न र न्यसका लागि ऐन बनाउनु पर्नेछ।

मापदण्ड खारेज गर्ने न्यायाधीशद्वय लगायत आठ जना सोही मापदण्डका आधारमा यसै साल सर्वोच्च अदालतको स्थायी न्यायाधीशमा नियुक्त भएका थिए। यसरी नै, ०७० मा पुनरावेदन अदालतमा ८० जना र जिल्ला अदालतमा ९० जना यही मापदण्डअनुरूप नै नियुक्त भएका थिए।

अन्य प्रावधानका अतिरिक्त राजनीतिक दलको सदस्य न्यायाधीश हुन अयोग्य हुने र दलका तर्फबाट राज्यको कुनै पदमा उम्मेदवार भएको व्यक्ति पनि न्यायाधीश हुन नपाउने व्यवस्था उक्त मापदण्डमा थियो। यस मापदण्डको खारेजीसँगै न्यायपालिकामा खुला रूपमै राजनीतिक व्यक्तिलाई न्यायाधीश नियुक्त गरिने अवस्था आउनसक्ने सम्भावना बढेको छ।

१२.११ घरेलु हिंसामा "ब्याटर्ड ओमेन सिन्ड्रोम"लाई मान्यता दिन निर्देशन

एउटा कर्तव्य ज्यानसम्बन्धी मुद्दामा फैसला गर्दै सर्वोच्च अदालतले घटनाको पृष्ठभूमि केलाउँदा Battered Woman Syndrome (BWS) या ब्याटर्ड ओमेन सिन्ड्रोम (बीडब्ल्यूएस) लाई पनि प्रणामका रूपमा लिन सकिने फैसला गर्‍यो।

बौद्ध बसोबास गर्दै आएकी राधिका श्रेष्ठले आफ्ना पति सागरलाई जलाएर हत्या गरेको मुद्दामा लामो समयको तिक्त सम्बन्ध र त्यसका कारण पत्नीमा विकास भएको एक खालको प्रताडना (बीडब्ल्यूएस) का कारण उनको हत्या भएको उल्लेख फैसलामा छ।[३६]

यस मुद्दामा बीडब्ल्यूएससम्बन्धी अवधारणा र यसको प्रयोगको अवस्थासम्बन्धी अवलोकन हुनु पर्ने अदालतको मत रह्यो। बीडब्ल्यूएसलाई एक मनोदशाका रूपमा लिँदै हिंसाको शिकार भएकी महिलाले बारम्बार कठोर हिंसा भोग्नुपरेको कारणबाट घटना भएको र यस्तो प्रकारको मनोदशा घरेलु हिंसाका कारण हुने घटनामा प्रमाणका रूपमा लिनुपर्ने निर्देशन अदालतको फैसलामा छ। साथै यसरी प्रताडित महिलाको मुद्दामा मृतक स्वयम्ले आफ्नो शारीरिक र मानसिक व्यवहारका कारण अपराधको पृष्ठभूमि तयार गर्छ भनी व्याख्या पनि गरिएको छ।

कर्तव्य ज्यान मुद्दामा बीडब्ल्यूएसको परीक्षण गर्ने र सो परीक्षण प्रतिवेदन एवम् विशेषज्ञको रायलाई सजायमा आंशिक छुट वा सजायबाट पूर्ण सफाइ दिनका लागि प्रमाणमा ग्राह्य बनाउनका लागि उपयुक्त व्यवस्था हुन आवश्यक देखिएको पनि फैसलामा भनिएको छ।

यसै सन्दर्भमा यससम्बन्धमा अध्ययन गरी आवश्यक कानुन एवम् पूर्वाधारको व्यवस्था गरी सोको जानकारी सर्वोच्च अदालतलाई गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् व्यवस्थापिका संसद् सचिवालयको समेत ध्यानाकर्षण फैसलामा गराइएको छ।

यस फैसलामा एल ई वाकरको कुनै पुरुषसँग नजिकको सम्बन्धमा रहेकी पत्नी वा महिलालाई उक्त पुरुषले उनको अधिकारको सम्मान नगरी केही कार्य गराउन निरन्तर रूपमा शारीरिक या मानसिक रूपमा प्रताडना दिने महिलालाई खास प्रकारको प्रताडना पाएकी महिलाको रूपमा गरेको परिभाषालाई आधार मानिएको छ।

सर्वोच्च अदालतले यसै प्रकारका मुद्दामा विगतमा मुलुकी ऐनको १८८ नं. लगाई अभियुक्तको सजाय कम गरेको भए पनि यसरी बीडब्ल्यूएसको अवधारणा लागू गरेको भने पहिलो फैसला हो। यसले घरेलु हिंसाका पीडितलाई विशेष अवस्थामा राहत पुर्‍याउने छ भने कानुनलाई समयसापेक्ष बनाउन समेत सहयोग पुग्नेछ।

यस प्रावधानको दुरूपयोग हुने सम्भावना पनि उच्च नै रहेकोमा दुई मत छैन। यससम्बन्धमा कानुन मस्यौदा गर्दा घरेलु हिंसामा उजुरी गर्न पाइने, मानाचामल लिएर र सम्बन्ध विच्छेद गरेर बस्ने उपाय हुँदाहुँदै हत्या गरिएको अवस्थामा अभियुक्तलाई किन

३६. यातना दिने पतिको हत्यामा सजाय घटाइयो,
http://www.ekantipur.com/np/2071/9/26/full-story/401823.html;
http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id
=89884#sthash.0JQri5dr.dpuf

अदालतहरूमा रहेका केही मुद्दा तथा रिट निवेदनहरूको विषयगत वर्गीकरण

क्र.सं.	मुद्दाको विषय	सर्वोच्च अदालत		पुनरावेदन अदालत		जिल्ला अदालत		सबै अदालत	
१	अदालतको अपहेलना	२०४	१.३०	२३८	०.९८	४०८	०.४०	८८०	०.६१
२	जबरजस्ती करणी	४६३	२.९५	८३७	३.०७	१४७०	१.४५	२७७०	१.९२
३	कुटपिट	७४	०.४७	३२७	१२०	१६६२	१.६४	२०६३	१.४३
४	गाली बेइज्जती	३१	०.२०	१३६	०.५०	१५१५	१.४९	१६८२	१.१६
५	मानव बेचबिखन तथा ओसारपार	१९७	१.२६	२२२	०.८१	२९२	०.२९	७११	०.४९
६	पारिवारिक	१४५७	९.२९	२८४९	१०.४५	३०७६९	३०.३३	३५०७५	२४.२९
७	वैदेशिक रोजगार	१०६	०.६८	१३	००५	१	०.००	१२०	०.०८
८	भ्रष्टाचार	४८०	३.०६	१	०.००	२	०.००	८४३	०.३३
९	अपहरण तथा शरीर बन्धक	१०४	०.६६	४१६	१.५३	३९६	०.३९	९१६	०.६३
१०	घरेलु हिंसा	०	०.००	१५	०.०६	१८३	०.१८	१९८	०.१४
११	यातना क्षतिपूर्ति	०	०.००	२८	०.१०	५८	०.०६	८६	०.०६
१२	ज्यान	१९४९	१२.४२	२६८३	९.२५	४३९१	४.३३	९०२३	६.२५

स्रोत : सर्वोच्च अदालत : नेपाल वार्षिक प्रतिवेदन ०६९/७०, पेज ग

नरम व्यवहार गर्ने भन्ने पनि तर्क उठ्ने छ। तर, समाजको विशेष अवस्था, हतास् अवस्थामा हिंसा पीडितले कसरी प्रतिरोध गर्छ भन्न सकिँदैन। यस अवस्थामा पीडित महिलालाई न्याय दिलाउन र फर्जी दाबी खुट्याउन सक्षम हुने गरी सरोकारवालाको क्षमता विकासको सवाल पनि यसै मुद्दासँगै उठाउन सकिन्छ।

१२.१२ बयान फेरेको आरोपमा सजाय

कपिलवस्तु नपा -१४ की एक महिलालाई बयान फेरेको आरोपमा कपिलवस्तु जिल्ला अदालतले एक १ महिना कैद र ३ हजार जरिवानाको फैसला सुनायो। सात वर्षीया छोरीलाई ०७० फागुन १६ गते बलात्कार गरेको भन्दै आफ्नै पतिका विरुद्ध प्रहरीमा जाहेरी दिएकोमा अदालतमा साक्षी बुझ्ने क्रममा ०७१ भदौ २० गते जाहेरी विपरीत बयान गरेकी थिइन्। जिल्ला अदालतका न्यायधीश अचुतप्रसाद भण्डारीको इजलासले ०७१ मङ्सिर १ गते झुटा जाहेरी दिई बयान फेरेको भन्दै महिलालाई कैद सजाय र जरिवानाको आदेश दिएको हो। पतिले आफूलाई पटकपटक कुटपिट गर्ने गरेकोले झुटा उजुरी गरेको हुँ भनी अदालतमा बयान दिएपछि जिल्ला अदालतले कसैको मान मर्दन र मानसम्मानमासमेत आँच आउने गरी झुटा उजुरी गरेकोले दोषी ठहर गरेको हो। बलात्कारका आरोपित बाबुलाई अदालतले सफाइ दियो।

पछिल्लो समयमा जबरजस्ती करणी सम्बन्धी कानुनको दुरूपयोग गर्दै व्यक्तिगत या पारिवारिक रिसइबी साँध्न, कहिले पुरुषबाट अवसर प्राप्त गर्न तथा कहिलेकाहीँ परिवारको दबाबमा पनि जबरजस्ती करणीको आरोप पुरुषमा लगाइने प्रवृत्ति पनि बढेको देखिन्छ। परम्परालाई दृष्टिगत गर्दै महिला मैत्री बनाइएका कानुनको दुरूपयोग भई आपसी समझदारीमा भएका सम्बन्धमा केही समयपछि आएर जबरजस्ती भएको आरोप आउँदा पुरुषहरू कानुनी फन्दामा परेका छन्। यसरी, नक्कली उजुरी पर्दा प्रहरी, अदालतको समय खेर जाने र वास्तविक पीडितलाई न्याय प्राप्तिका लागि लामो समय कुर्नु पर्ने हुन जान्छ। यस अवस्थालाई पनि विचार गर्दै प्रहरी अनुसन्धान र सरकारी वकिलको कार्यालयले ध्यान पुऱ्याएमा अदालतको बहुमूल्य समय नष्ट हुने थिएन भने वास्तवित पीडितका लागि अदालतमा बढी समय हुने थियो।

यसरी, झूटा आरोप लगाउँदै दायर गरिएका मुद्दामा यसरी सजाय गरिदिने परिपाटी बसेमा चरित्रहत्या गर्ने या कसैलाई अनावश्यक दुःख दिने नियतले मुद्दा दायर गर्ने क्रममा कमी आउने विश्वास गर्न सकिन्छ। देशका विभिन्न अदालतमा झिनामसिना कुरामा व्यक्तिगत इखका कारण आदिले मुद्दा दिइने

मुद्दा, रिट, निवेदन तथा प्रतिवेदनहरूको लगत, फस्यौंट र बाँकीको विवरण पेज क

	अदालत	जिम्मेवारी	नयाँ दर्ता	जम्मा लगत	फस्यौंट सङ्ख्या	प्रतिशत	बाँकी
१	सर्वोच्च	१२७१४	८०९७	२०८११	४३६०	२०.९५	८१६१
२	पुनरावेदन	११३८२	२८७२२	४०१०४	२४८५४	६१.९८	१५२८६
३	जिल्ला	४०३५०	६२१३३	१०२४८३	५६८१९	५५.४४	४५६६४
४	अन्य अदालत तथा न्यायाधीकरण	१३७९	१३९९	२७७८	८८२	३१.७५	१८९६
जम्मा		६५८२५	१००३५१	१६६१७६	८६९१९	५२.३१	७९२५७

स्रोत : सर्वोच्च अदालत : नेपाल वार्षिक प्रतिवेदन ०६९/७०, पेज क

वास्तविकता नै हो। यसले अदालत, प्रहरी प्रशासन लगायत राज्यका विभिन्न निकायको बहुमूल्य स्रोत तथा संशाधन व्यर्थ खर्च भइरहेको हुन्छ भने यसले उजुरी तथा मुद्दाका चाप बढाउने काम गर्छ। यसरी नै, सानातिना कुरामा, मात्र प्रचारका लागि पनि सार्वजनिक सरोकारका मुद्दामा रिट निवेदन दिने प्रवृत्ति पनि रहेको छ। यस प्रकारका गलत उद्देश्यले दिइएका मुद्दा कम गराउने हेतुले सर्वोच्च अदालतले ०६९ पुस ५ गते एकै विषयमा सार्वजनिक सरोकारका मुद्दाका रिट निवेदन विचाराधीन रहेका अवस्थामा उस्तै प्रकारका निवेदन दर्ता नगर्न तथा त्यस्ता व्यक्तिलाई कालोसूचीमा राख्न आदेश दिएको थियो जसको पालना हुन सकेको छैन।

१३. विगतको अनुपरीक्षण

नेपालका अदालतले विभिन्न समयमा अति नै महत्वपूर्ण मानवअधिकार मैत्री निर्णयहरू लिएका छन्। छोरीको पैत्रिक सम्पत्तिमा अधिकार, वैवाहिक बलात्कार तथा तेस्रो लिङ्गीसम्बन्धी मुद्दा यिनमा केही उल्लेखनीय फैसला हुन्। यसै वर्षको सत्य निरूपण आयोग सम्बन्धी ऐनमाथिको फैसला र डेकेन्द्र थापाको हत्याको सम्बन्धमा महान्यायाधिवक्तालाई दिइएको निर्देशन पनि यही श्रेणीमा राख्न सकिन्छ।

यति हुँदाहुँदै पनि अदालतको धेरै निर्णय कागजमै सीमित रहेको पनि सत्य नै हो।[३८] अदालतका निर्णय कार्यान्वयन हुनमा समस्या हुँदा सर्वसाधारण उत्तिकै पीडित रहन्छन्। फैसला आफ्नो पक्षमा रहेर पनि फेरि कार्यान्वयनका लागि अदालत नै धाउनुपर्ने अवस्था पनि विद्यमान छ।

यस प्रवृत्तिको ज्वलन्त उदाहरण ओखलढुङ्गाका उज्जन श्रेष्ठको हत्याको फैसलालाई लिन सकिन्छ। सर्वोच्च अदालतले नै जिल्ला अदालतको फैसला सदर गर्दै र पुनरावेदन अदालतको फैसला उल्टी गर्दै ओखलढुङ्गाबाट सांसद् समेत रहेका बालकृष्ण ढुङ्गेललाई हत्यारा ठहर गरेको थियो। तथापि उनी खुला रूपमा फरार रहेका छन्। प्रहरी प्रमुखसँग एकै मञ्चमा आसीन हुँदा पनि प्रहरीले उनी फरार रहेको भन्नु खेदजनक हो। यत्ति मात्र नभएर दोस्रो संविधानसभाको चुनावमा समानुपातिक उम्मेदवारको सूचीमा उनको नाम हुनु, निर्वाचन आयोगले आफैं यसमा कुरा नउठाउनु पनि आश्चर्यकै विषय रह्यो। यो त एउटा चर्चित मुद्दाको उदाहरण मात्र हो।

शक्ति पृथकीकरणको सिद्धान्तअनुसार राज्यको कुनै अङ्गले अन्य दुई अङ्गलाई प्रभावित पार्नु हुँदैन तथापि नेपालको न्यायपालिकामा कर्मचारीका विषयमा पनि केही सहुलियत प्राप्त नहुने, फैसला कार्यान्वयन नहुने साथै अपर्याप्त बजेट तर्जुमा गरिएको गुनासोबीच न्यायिक स्वतन्त्रतामा केही बाधा रहेको प्रतीत हुन्छ।

अदालतको जिम्मेवारी फैसला गरिदिने हो। यसको कार्यान्वयन भने सरकार, सरकारी संयन्त्र र केही अवस्थामा व्यवस्थापिकाले नै गर्ने हो। तर, यदि अदालतको फैसला कार्यान्वयन हुन नसकेमा जनमानसमा न्यायपालिकामाथि नै अनास्था आउने अवस्था हुन सक्छ।

अदालतले विभिन्न मुद्दा, रिट निवेदन आदिमा दिएका निर्देशन, फैसला त्यति सजिलै कार्यान्वयन हुँदैन।

३८. SC's PIL verdict remains unimplemented, http://www.ekantipur.com/the-kathmandu-post/2014/08/11/nation/scs-pil-verdict-remains-unimplemented/266035.html

मुद्दा, रिट, निवेदन तथा प्रतिवेदनहरूको जम्मा लगतको सालबसाली विवरण पेज क
सर्वोच्च अदालतको १० वर्षको तुलनात्मक कार्य बोझ र कार्य सम्पादन स्थिति

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फछ्र्यौट	बाँकी
०५९/०६०	११६७४	७४९०	२४४२३	६४८३	१७९४०
०६१/०६२	१७९४०	६६३०	२४५७०	६७९६	१७७७४
०६२/०६३	१७७७४	६०६६	२३८४०	७४९४	१६३४६
०६३/०६४	१६३४६	६०३१	२२३७७	८१८१	१४१९६
०६४/०६५	१४१९६	५५९९	१९७९५	६३१९	१३४७६
०६४/०६५	१३४७६	५०८८	१८५६४	५६०८	१२९५६
०६५/०६६	१२९५६	५००५	१७९६१	६९८५	१०९७६
०६६/०६७	१०९९९	६३५५	१७३५४	७७६५	९५८९
०६७/०६८	९५८९	८३०३	१७८९२	७४७०	१०४२२
०६८/०६९	१०४२२	८६३१	१९०५३	६३३९	१२७१४
०६८/०६९	१२७१४	८०९७	२०८११	४३६०	१६५५१

स्रोत : सर्वोच्च अदालत : नेपाल वार्षिक प्रतिवेदन ०६९/७०, पेज छ

लोकतान्त्रिक व्यवस्थामा अदालतले जारी गरेका निर्देशन, फैसला यदि राज्यका अन्य संयन्त्रले पालन गर्दैनन् भने त्यस्तो न्यायापालिकालाई कार्यकारी र व्यवस्थापिकाजत्तिकै स्थान दिइएको नभई कार्यकारीको एक अङ्ग मान्नुपर्ने अवस्था सिर्जना हुनेछ।

१४ उपसंहार

अनेकन आरोह अवरोहको वर्षबाट आएको न्यायापालिकामा सबैको चासो हुनु स्वभाविक हो। राज्यका कुनै पनि अङ्गमा केही कमजोरी रहेकै हुन्छन् यिनलाई सुधार गर्दै अन्तर्राष्ट्रिय मापदण्डमा पुऱ्याउन सबै उद्यत रहनुपर्छ। यस वर्ष पनि न्यायपालिकामा केही प्रश्न उठेका छन्। सकारात्मक विषय के हो भने राष्ट्र हाल पनि सङ्क्रमणकालीन अवस्थामै छ र संविधान निर्माणको प्रक्रिया जारी छ। यस समयमा विगतमा सतहमा नदेखिएका तर यस वर्ष महसुस गरिएका न्यायपालिका र यसका अङ्गहरूको कमीकमजोरी आगामी संविधानमा दोहोरिन नदिन र सोही अनुरूप कानुन पुनरावलोकनको अवसर जुरेको छ।

न्यायाधीशहरूमा मानवोचित कमजोरी रहने नै हुँदा केही फैसला मानवअधिकारमैत्री नहुँदैमा निराश भइहाल्नुपर्ने अवस्था छैन तर, अदालतले नै कानुन संशोधन, तर्जूमा, पुनरावलोकन गर्न विभिन्न फैसला, निर्देशन, निर्देशनात्मक आदेश दिँदा ती पालना नगर्नुलाई अदालतको अपहेलना नै मान्न सकिन्छ। अदालतको आदेश बेवास्ता गर्दै सत्य निरूपण आयोगसम्बन्धी ऐन पेश गर्ने कानुनमन्त्रीप्रति उनैले पेश गरेको अदालतको अपहेलनासम्बन्धी प्रावधान आकर्षित गर्न माग नहोला भन्न सकिन्न। यसरी नै, जनआस्थामा टिकेको न्यायापालिकाको धरालत केही अमूक व्यक्ति या प्रवृत्तिले कमजोर बनाइने अवस्था आयो भने दुभार्ग्यपूर्ण हुनेछ।

राज्यले तयार पारेको मानवअधिकारसम्बन्धी चौथो राष्ट्रिय कार्ययोजनामा अदालत र मानवअधिकार आयोगका फैसला तथा सिफारिसहरू कार्यान्वयन गराउने भनी उल्लेख छ। सरकारले नै पनि महसुस गरेको फैसला कार्यान्वयन नहुने न्यायपालिकाको समस्याका कारण कतिपय अवस्थामा यो एउटा कमजोर दन्तहीन बाघ (Toothless Tiger) को हैसियतमा पुगेको निकायभन्दा बढी नहोला भन्ने सरोकार पनि हो किनकि फैसला जति नै स्तरीय भएपनि न्याय कागजमा सीमित रह्यो भने त्यो अर्थहीन हुनेछ ।

२.२ राज्य र मानवअधिकार

कार्यपालिका

परिच्छेद

२

१. पृष्ठभूमि

गत वर्ष पु:न सम्पन्न भएको संविधानसभा निर्वाचनले जननिर्वाचित सरकार गठनका लागि मार्गप्रशस्त गरिदिएपछि सन् २०१४ को पहिलो महिनामा सरकार गठन हुन सक्यो। मुलुकले १९ महिनापछि जनउत्तरदायी सरकार पायो। अघिल्लो वर्ष ठूला राजनीतिक दलको सहमतिका आधारमा बनेको प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारले कुशलतापूर्वक निर्वाचन सम्पन्न गरी निर्वाचित जनप्रतिनिधिलाई सरकार हस्तान्तरण गऱ्यो। कार्यपालिका र न्यायपालिका दुवैको नेतृत्वमा रहेका मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा गरी उनको नियुक्तिसँगै लामो समयदेखि सिर्जना भएको विवादको अन्त्य गरे।

नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइरालाले माघ २७ गते पदबहाली गर्दा 'सहमति र सहकार्यबाट अघि बढ्ने' घोषणा गर्दै संविधानसभाबाट एक वर्षभित्र नयाँ संविधान निर्माण गर्ने र शान्ति प्रक्रियाका बाँकी काम पूरा गरेर राजनीतिक सङ्क्रमणकाल टुङ्ग्याउने प्रतिबद्धता गरेका थिए। सत्तारुढ घटक नेपाली काङ्ग्रेस र नेकपा एमालेले चैत ४ गते गरेको सहमतिमा छ महिनामा संविधानको प्रारम्भिक मस्यौदा तयार पार्ने, बाँकी रहेको छ महिनामा संविधानसभाबाट नयाँ संविधान जारी गर्ने र स्थानीय तहमा लोकतन्त्रको जग बलियो पार्न छ महिनाभित्र स्थानीय निकायको निर्वाचन गर्ने प्रतिबद्धता उल्लेख थियो।

स्थानीय निकायको निर्वाचन जेठ महिनाभित्र गर्ने अभिव्यक्ति राजनीतिक वृत्तबाट सार्वजनिक भए पनि स्थानीय निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक कानुनहरूको तर्जुमा गर्ने तदारुकता भने देखिएन। स्थानीय निकायको निर्वाचन जेठ महिनाभित्रमा सम्पन्न गर्ने एमाओवादीको चुनावी प्रतिबद्धता संविधानसभाको निर्वाचन परिणामसँगै सेलाएर गयो।

अघिल्लो संविधानसभाले गरेका निर्णयहरूको स्वामित्व ग्रहणको विषयले संविधानसभामा प्रवेश पायो। मन्त्रिपरिषद्बाट नियुक्त गरिने २६ सदस्यको मनोनयन नहुँदा संविधानसभाले पूर्णता पाउन लामो समय कुर्नुपऱ्यो। सर्वोच्च अदालतले २६ जना सभासद्को मनोयन गर्दा निर्वाचनमा पराजित भएकालाई समावेश नगर्न, नियुक्ति प्रक्रिया समावेशी बनाउन दिएको निर्देशनको सरकारले पालना गरेन। यसले लोकतन्त्र र मानवअधिकारको स्थिति कमजोर बनाउने प्रयत्न गऱ्यो। दलगत भागबण्डाकै आधारमा २४ सभासद् मनोनयन गरिए। दुई सभासद् अझै मनोनयन गर्न बाँकी रह्यो।

सरकारको साझा कार्यक्रममा संविधानसभा भित्र र बाहिर रहेका राजनीतिक दलहरूसँग छलफल गरी संविधान निर्माण, लोकतन्त्रको सुदृढीकरण तथा आधारभूत राष्ट्रिय हितका पक्षमा सहमति जुटाउन प्रयत्न गरिने छ[1] भनेर उल्लेख गरिएको भए पनि सरकारले संविधानसभा बाहिर रहेका दलका साथै मधेसी दलहरू तथा पहिचानको मुद्दा उठाइरहेका समूहसँग छलफल, वार्ता गर्ने र उनीहरूको सहभागिता सुनिश्चित गर्न सरकारको पहल सार्थक देखिएन, जसका कारण संविधानसभाको अस्तित्व नै नस्वीकार्ने नेकपा-माओवादी र केही जातीय सङ्गठनको अवरोध नयाँ संविधान निर्माणका लागि लागि चुनौती हुने सम्भावना यथावत रह्यो। संविधानसभा बाहिर रहेका दलहरूलाई सहमतिमा ल्याउने सरकारी प्रयास पर्याप्त नरहेको देखियो। फलस्वरूप संविधान निर्माण अनिश्चिततातर्फ धकेलिँदै जाने आशङ्का बढ्दै गयो।

विस्तृत शान्ति सम्झौताको महत्वपूर्ण सङ्क्रमणकालीन न्यायको विशिष्ट पाटो सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानविन आयोगको विधेयक सरकारले संसद्मा पेश गऱ्यो। तर, विधेयकले द्वन्द्वकालका पीडितलाई न्याय होइन, दोषीहरूलाई कारबाहीको साटो क्षमादानको प्रस्ताव गरेको भन्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदायले जनाएको विरोधका बावजुद व्यवस्थापिका संसद्ले यसलाई पारित गऱ्यो। सर्वोच्च अदालतले ०७० पुस १८ गते गरेको फैसलामा गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा संलग्नलाई क्षमादान दिन नमिल्ने, विधेयक मानवअधिकारका अन्तर्राष्ट्रिय सिद्धान्त बमोजिम हुनुपर्ने उल्लेख थियो। सङ्क्रमणकालीन न्यायका विषयहरू सम्बोधन हुन नसक्दा सशस्त्र द्वन्द्वका पीडितहरूले अझै न्याय पाउन सकेका छैनन्। आफ्ना छोराको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै आमरण अनशनमा बसेका नन्दप्रसाद अधिकारी तथा गङ्गामाया अधिकारीको माग

---

१. "सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक"- संविधान निर्माण र स्थानीय चुनाव उच्च प्राथमिकतामा http://www.ekantipur.com/np/2070/12/4/full-story/385896.html पुस २२ गते हेरिएको

सम्बोधन गर्न राज्यले परिणाममुखी तत्परता देखाएन। न्यायका लागि आमरण अनशन बसेका नन्दप्रसाद अधिकारीले मृत्युवरण गर्दासमेत सरकारी पक्षको असंवेदनशीलता कायमै रह्यो।

मानवअधिकारको अवस्थामा सुधार नआएको दण्डहीनताको कुसंस्कार बढ्दै गएको, अवस्थामा राष्ट्रिय मानवअधिकार आयोग लामो समयसम्म पदाधिकारीबिहीन रह्यो। आयोगमा पदाधिकारीहरू नियुक्त हुन नसकेका कारण आयोग निस्कृय जस्तै बस्नुपर्ने अवस्था रह्यो। कानुनको कमजोर कार्यान्वयन, महिलामाथि हुने हिंसा रोक्न बाधक हुने गरेको तथ्य सबैका सामु छर्लङ्ग हुँदाहुँदै पनि कानुनको प्रभावकारी कार्यान्वयन र समयानुनकूल कानुन परिमार्जन गर्नेतर्फ ध्यान दिइएको पाइएन। जनताको नागरिक तथा राजनीतिक अधिकारमा सुधार भएको भए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र शान्ति सुरक्षाको सवालमा राज्यले आफ्नो दायित्व निर्वाह गर्न सकेन। शिक्षा, स्वास्थ्य र खाद्यअधिकारको अवस्थामा यो वर्ष पनि सुधार हुन सकेन। स्वास्थ्य संस्थामा रहेको दरबन्दी अनुसारका स्वास्थ्यकर्मी उपलब्ध भएनन्। कारागारमा क्षमताभन्दा बढी बन्दी भएका कारण कारागारको जीवन कष्टप्रद रहेको पाइयो।

माथि उल्लेख गरिएका यस्तै विषयवस्तुहरूमा यो परिच्छेदमा सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ।

१.१ संविधान निर्माणमा विमति

संविधानसभाबाट संविधान निर्माण गर्ने मुख्य लक्ष्यमा राजनीतिक क्षेत्रको ध्यान केन्द्रित रहेको भए पनि संविधानको मूल काममा भने सकारात्मक प्रगति भएन। वर्षभर दलहरूको तिक्ततादेखि एउटै पार्टीभित्रका गुट उपगुटका गतिविधिमा कुनै कमी आएन। जसका कारण संविधान निर्माणको मूल लक्ष्य प्राप्तिको बाटोमा सन् २०१४ सकारात्मक वर्षको रूपमा रहेन। अघिल्लो संविधानसभाको विघटनपछि कायम रहेको राजनीतिक अन्योलले जनताको सम्प्रभुता नै समाप्त भएको जस्तो अवस्था देखिए पनि ०७० मङ्सिर महिना भएको संविधानसभा निर्वाचनको निर्देशअनुसार माघ महिनामा व्यवस्थापिका संसद्को बैठक शुरु भयो। माघ ८ गते बसेको संविधानसभाको पहिलो बैठकले एक वर्षभित्र संविधान जारी गरिसक्ने राजनीतिक प्रतिबद्धता गरेको थियो। संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूको साझा प्रतिबद्धता विगतको गल्ती नदोहऱ्याउने नै थियो। तर, राजनीतिक दलरूको यो प्रतिबद्धता टिक्न सकेन।

संविधानसभाभन्दा बाहिरका शक्तिलाई पनि संविधान निर्माणमा समेट्नुपर्ने चौतर्फी मागका बीच मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीले राखेको माग बमोजिम भदौ ३१ गते राजनीतिक सभा गर्ने निर्णय सरकारले गऱ्यो। बैठकमा सबै दल पुगे। तर, जसको मागका कारण बैठक आयोजना गरिएको थियो,उही दल नेकपा-माओवादी बैठकमा सहभागी नहुने जानकारी गरायो। राजनीतिक सभाको तयारी त्यतिकै समाप्त भयो। नेकपा माओवादीले संविधानसभाको विघटन, गोलमेच सम्मेलन, सर्वदलीय सरकारका माग दोहोऱ्याई रह्यो। एनेकपा माओवादीले संविधानसभा भन्दा बाहिर पनि उच्चस्तरीय राजनीति संयन्त्र बनाउनुपर्ने मागका कारण झण्डै साढे दुई महिना संसद् अवरुद्ध भयो। राजनीतिक समिति बनाउने र पहिलो नेतृत्व दाहाललाई दिने सहमतिपछि संसद् खुल्यो। एमाओवादी अध्यक्ष एकातिर राजनीतिक समितिको नेतृत्व गर्ने अर्कातिर २३ दलीय मोर्चाको संयोजकसमेत भए। मोर्चाले पहिचानसहितको सङ्घीयता, शासकीय स्वरूपजस्ता विषयमा आफ्ना मागमा अडिग रहेको जनायो। एक व्यक्ति दुई पदमा बसेर दोहोरो भूमिका निर्वाह गरिरहेको भनी दाहालको आलोचना भयो। संविधानका विवादित विषय मिलाउने जिम्मा संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समितिलाई थियो। तर, समितिले विवाद टुङ्ग्याउनेतर्फ कुनै कार्य गर्न सकेन। समितिले नियमावलीले दिएको बहुमत अल्पमत गरी प्रतिवेदन पठाउने अधिकारसमेत प्रयोग गरेन।

२. आम जनजीवनका सवालहरू

२.१ स्वास्थ्य सेवा

सरकारी नीति तथा कार्यक्रमहरूका साथै नेपालको अन्तरिम संविधानको मौलिक हकमा स्वास्थ्यको अधिकारलाई उल्लेख गरिएको भए पनि ग्रामीण भेगका जनता आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित भएका सूचना अभिलेख भए। इन्सेक प्रतिनिधिले गरेको अनुगमनका क्रममा पनि ग्रामीण भेगका स्वास्थ्य संस्थामा औषधीको अभाव भएको स्वास्थ्यकर्मी उपलब्ध नहुने गरेको पाइयो।[१] यो वर्षको अन्त्यसम्म महाकाली

१. "स्वास्थ्य संस्थामा स्वाथ्यकर्मी नहुँदा उपचारमा समस्या" http://www.inseconline.org/index.php?type=news&id=45700&lang=np ०७१ पुस २२ गते हेरिएको

अञ्चल अस्पतालमा दुई जना चिकित्सक मात्र कार्यरत रहे। जबकी यस अस्पतालमा १९ जना दरबन्दी रहेको थियो। सरकारले यसै वर्षदेखि लागु हुने गरी ४० प्रकारका औषधी प्राथमिक स्वास्थ्य केन्द्रमार्फत नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको भने पनि ती औषधी सर्वसाधारणले नपाएको गुनासो गरे।[3]

सरकारले उपस्वास्थ्य चौकीमा २५, स्वास्थ्यचौकीमा ३२ र प्राथमिक स्वास्थ्य केन्द्र र जिल्ला अस्पतालमा ७० प्रकारका औषधी नि:शुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको जनाएको थियो। नि:शुल्क औषधी नपाउँदा बिरामी मर्कामा परेका समाचार प्रकाशन भए। औषधि नहुँदा स्वास्थ्यकर्मीले बिरामीलाई परामर्श मात्रै दिएर फर्काउनुपर्ने अवस्था सिर्जना भयो। यो वर्षको अन्त्यतिर सुदूरपश्चिमाञ्चलभर नै दादुरा र क्षयरोग विरुद्धको खोपको अभाव भएको थियो।[4]

कान्तिपुर दैनिकले गरेको एक अध्ययनमा चिकित्सा क्षेत्रको सामान्य तालिमसमेत नलिएका व्यक्तिले स्वास्थ्य संस्थाको जिम्मेवारी लिएको उल्लेख छ। कान्तिपुरको सो अध्ययनअनुसार एउटा रोगका लागि अर्कै औषधी दिइने र कार्यालय सहयोगीले नै घाउ चिरफार गर्ने गरेको फेला परेको थियो।[5] राष्ट्रिय नि:शुल्क स्वास्थ्य तथा औषधी सेवा सञ्चालन निर्देशिका- ०६५ मा प्राथमिक स्वास्थ्य केन्द्रबाट ४०, स्वास्थ्य चौकीबाट ३५ र उपस्वास्थ्य चौकीबाट २५ प्रकारका औषधी नि:शुल्क वितरण गर्ने भनिएको छ। तर, ती औषधी अधिकांश म्याद गुज्रिन केही समय बाँकी हुँदा मात्रै स्वास्थ्य केन्द्रमा पुग्ने गरेको पाइयो।

महालेखा परीक्षकको कार्यालयले गएको वर्ष सार्वजनिक गरेको प्रतिवेदनअनुसार देशभरका स्वास्थ्य निकायमा म्याद गुज्रिएका औषधीको बिगबिगी थियो। दोलखा, काभ्रे, नवलपरासीसहित १० जिल्लामा करिब ४० लाख ट्याब्लेट म्याद नाघेपछि स्वास्थ्य संस्थामा पुऱ्याइएको थियो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले स्वास्थ्य सेवा विभागमा अनुसन्धान गर्दासमेत सुत्केरीको रक्तस्राव रोक्ने मिसोप्रोस्टोल नामक औषधी ठूलो परिमाणमा खरिद गरेर भण्डारण गरिएको फेला परेको थियो। अख्तियारले दुई महिनाअघि गरेको अनुसन्धानले कमिसन र स्वार्थका आधारमा ठूलो परिमाणमा औषधी खरिद हुने गरेको देखाएको छ। महालेखा परीक्षकको प्रतिवेदनमासमेत कार्यालयले औषधीको खरिद र आपूर्तिबीच सामञ्जस्य नभएको उल्लेख छ।[6] स्वास्थ्यमन्त्री खगराज अधिकारीले म्याद गुज्रेको औषधी स्वास्थ्य संस्थामा भेटिए कारबाही गरिने बताएको भए पनि[7] कुनै स्वास्थ्यकर्मीलाई कारबाही भएको समाचार प्रकाशन तथा प्रसारण भएनन्।

यो वर्षको शुरुआतमा वीर अस्पतालका आवासीय चिकित्कसले दुई हप्ताभन्दा बढी समय अस्पतालको आकस्मिक कक्षबाहेक अन्य सेवामा हडताल गरे। अस्पतालमा भएको हडतालका कारण[8] सयौँ बिरामी मर्कामा परेको भए पनि सरकार र आन्दोलनरत डाक्टरहरूको असंवेदनशीलता अमानवीय थियो। यसैवर्ष मेडिकल कलेजलाई सम्बन्धन दिन नहुने माग राख्दै शिक्षण अस्पतालका डाक्टर गोविन्द केसीले दुई हप्ता आमरण अनसन बस्दा शिक्षण अस्पताल महाराजगञ्जको सेवा ठप्प भयो। गरिब तथा निमुखाका लागि वीर तथा शिक्षण अस्पतलालको विकल्प नै हुँदैन तर, हुनेखानेलाई सुविधासम्पन्न अस्पतालको खाँचो छैन। राजनीतिक दलका नेता तथा उच्चपदस्थ अधिकारीहरू सानोतिनो बिरामी पर्दा पनि विदेश जाने र उपचार खर्च राज्यले व्यहोर्ने चलन यो वर्ष पनि रोकिएन। यसैबीच, चिकित्सकीय लापरवाहीका कारण आफन्तको ज्यान गएको भन्दै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी माथि भौतिक आक्रमण गर्ने क्रम यो वर्ष पनि रोकिएन। त्यस्तै चिकित्सकको लापरवाहीका सम्बन्धमा सार्वजनिक घटनाको विषयमा आवश्यक अनुसन्धान गरी स्वास्थ्यकर्मीलाई पेशाप्रति जवाफदेही बनाउन सरकारी संयन्त्रको ध्यान गएको पाइएन।

---

३. "सुदूरपश्चिममा नि:शुल्क पाइने औषधिको अभाव" http://setopati.com/samaj/22169/ ०७१ पुस २५ गते हेरिएको

४. "गरिबलाई 'ज्यानमारा' उपचार"http://www.ekantipur.com/np/2071/5/15/full-story/394947.html ०७१ पुस २२ गते हेरिएको

५. उही

६. उही

७. उही

८. "बीर अस्पताल हड्तालमा स्वास्थ्य मन्त्रालयको 'हस्तक्षेप' http://www.bbc.co.uk/nepali/news/story/2010/01/100105_bir_strike.shtml, ०७१ पुस २७ गते हेरिएको

२.२ खाद्य अधिकार

नेपालका दुर्गम पहाडी जिल्लाहरूमा विगतका वर्षहरूमा झैं यो वर्ष पनि खाद्य सङ्कट देखियो। नेपाली जनतालाई खाद्य सुरक्षाका नाममा विदेशबाट आयात गरिएका चामल बाँड्न राज्य अग्रसर देखिए पनि कृषि प्रविधि विस्तार र उन्नत बीउहरू अनुदानमा उपलब्ध गराउने कार्यमा सरकारी उदासिनता देखियो। रासायनिक मलको अभाव वर्ष भर नै कायम रहेको सार्वजनिक भइरह्यो। धान लगाउने बेलामा आवश्यक डीएपी र युरिया मलको चर्को अभाव कृषकहरूले व्यहोरे। कम गुणस्तरको मलखादको बिगबिगी रहेको समाचार प्रकाशन भए। सरकारले सन् २०२५ सम्म देशलाई भोकमरी मुक्त देश घोषणा गरेको छ। तर, खेतीयोग्य भूमिहरू दिनप्रतिदिन बाँझो हुँदै गइरहेका छन्। खेतीयोग्य जमिनमा हुन थालेको खण्डीकरणलाई रोक्ने प्रयासमा सरकार असफल रह्यो। भूक्षय, अतिवृष्टि, अनावृष्टिलगायतका समस्याले खाद्य उत्पादनमा कमी आयो। स्थानीय खाद्यान्नलाई प्रवर्धन गर्ने खालका कार्यक्रम सञ्चालन भएनन्। दुर्गम क्षेत्रमा चामललाई मात्रै खाद्यान्न मान्ने प्रवृतिमा कमी आएन। चर्को मूल्यवृद्धि नियन्त्रणमा सरकारको प्रभावकारिता फितलो सावित भयो। गुणस्तरहीन खाद्यान्नको बिक्री वितरणमाथि पनि प्रभावकारी नियन्त्रण तथा नियमन हुन सकेन। यसका कारण जनताको खाद्य अधिकारको स्थिति अति नै कमजोर देखियो।

२.३ भूमिहीनको समस्या

नेपालको कूल जनसङ्ख्या २ करोड ६६ लाखमध्ये ४ लाख ५१ हजार सुकुमबासी छन्। दुई लाख ८७ हजार भूमिहीन किसान, ६ लाख ७१ हजार सीमान्तकृत किसान, ६ लाख ४८ हजार साना किसान, एक लाख ५१ हजार मुक्त कमैया, एक लाख मुक्त हलिया र ६५ हजार हरूवाचरुवा रहेका छन्। यस्ता भूमिहीनको समस्या समाधान गरी भूमिमाथि पहुँच पु¥याउन करिब ४ लाख ७ सय हेक्टर जमिन आवश्यक रहेको वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन, ०६७ मा उल्लेख छ।

वास्तविक भूमिहीन सुकुमबासीको पहिचान गरी पुन:स्थापना गराउने प्रयासस्वरूप हालसम्म १२ पटक सुकुमबासी समस्या समाधान आयोग गठन भइसकेका छन्। र, आयोगले २ लाख २३ हजार १ सय ४५ परिवारको पहिचान गरी ७१ हजार ५ सय १२ परिवारलाई ४५ हजार ८ सय ३९ बिघा जग्गा वितरण गरिसकेको छ। ०६८ मा गठित आयोगले २५ जिल्लामा मात्र ३ लाख ९५ हजार ४ सय ५६ ओटा निवेदन सङ्कलन गरी एक लाख ५१ हजार ६ सय ३३ परिवारको प्रमाणीकरण र ८९ हजार २ सय १३ परिवारलाई परिचयपत्र वितरण गरेको थियो। सरकारले यो वर्ष गठन गरेको सुकुमबासी समस्या समाधान आयोगले एक महिनाको अवधि राखेर देशभरका जिल्ला कार्यालयमार्फत सुकुमबासीहरूको निवेदन सङ्कलन ग¥यो। सरकार परिवर्तन हुने बित्तिकै आयोग विघटन हुने र त्यस आयोगले गरेका कार्य थाँती राखेर अर्को आयोगले कार्य अगाडि बढाउने परम्पराले सुकुमबासी समस्या समाधानमा सहयोग नपुग्ने आँकलन भयो।

२.४ चौथो मानवअधिकार राष्ट्रिय कार्ययोजना

सरकारले मानवअधिकार संस्कृतिको विकास तथा मानवअधिकारको संरक्षण र प्रवर्धनका लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्न, आर्थिक वर्ष ०६१/०६२ देखि मानवअधिकार कार्ययोजना तयार पार्दै आएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धि र प्रचलित नेपाल कानुनले प्रत्याभूत गरेका अधिकार समावेश गरी तयार पारिएको राष्ट्रिय कार्ययोजना तीनपटकसम्म सफलापूर्वका लागु हुन सकेन। यस वर्ष सरकारले मानवअधिकारसम्बन्धी रणनीतिक योजनालाई परिमार्जन गरी आर्थिक वर्ष ०७१ देखि ०७६ सम्मका लागि चौथो पटकको कार्यक्रम गर्ने रणनीतिक योजनाहरू नेपाल सरकारले ल्याएको पाइन्छ। यस कार्ययोजनाले मानवअधिकारका सबै पाटाहरू समेटेको त छँदैछ, यसबाहेक सङ्क्रमणकाललाई व्यवस्थित गर्न थप पहल पनि गरेको छ। कार्ययोजनामा सशस्त्र द्वन्द्वसँग सम्बन्धित घटनाको सत्यतथ्य पत्ता लगाउन दोषीलाई कारबाही र पीडितलाई हानिपूरणको व्यवस्था, सरकारले जारी गरेको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरूपण र मेलमिलाप' अन्तर्गतको आयोग गठन, बारुदी सुरुङ तथा द्वन्द्वकालीन विस्फोटक अवशेष व्यवस्थापन, द्वन्द्वरत समूहलाई राजनीतिक मूलप्रवाहमा ल्याई सुरक्षा र विकासको अधिकार प्रवर्धन र द्वन्द्वोत्तरको अवस्था व्यवस्थापन गर्ने योजना रहेको छ। मेलमिलाप, पुनस्थापना, सम्पत्ति फिर्ता र पीडितलाई हानिपूरण उपलब्ध गराउने विषय पनि समाविष्ट छन्।

मन्त्रिपरिषद्को असार ३२ गते बसेको बैठकले कार्ययोजनालाई कार्यान्वयन गर्न स्वीकृति दिएको थियो।

कार्ययोजनामा शिक्षा, स्वास्थ्यलगायत विभिन्न १८ ओटा विषयलाई समेटिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहायक प्रवक्ता देवीप्रसाद थपलियाद्वारा जारी विज्ञप्तिमा कार्ययोजनाले नेपाल पक्ष राष्ट्र भएका विभिन्न मानव अधिकारसम्बन्धी सन्धिद्वारा सिर्जित दायित्व पालना गर्न र अन्तरिम संविधान तथा अन्य प्रचलित कानुन एवम् नीतिद्वारा नेपाली नागरिकलाई प्रत्याभूत अधिकारहरूको संरक्षण र प्रवर्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।[९] प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको मानवअधिकार एकाइले यो रणनीति तयार पारेको हो।

२.५ विपद् व्यवस्थापनमा चुकेको सरकार

साउन महिनामा देशभर भएको वर्षाका कारण सयौँको मृत्यु हुनुका साथै हजारौँ मानिसहरू विस्थापित भए। साउन १७ गते राति सिन्धुपाल्चोकको जुरेमा गएको पहिरोबाट १ सय ५६ जनाको मृत्यु भयो। साउनकै २९ गतेदेखि परेको अविरल वर्षाका कारण बाँके, बर्दिया, दाङ, सुर्खेत र सल्यानलगायत देशका विभिन्न ठाउँमा बाढीपहिरोमा १ सय ५ जना मृत्यु, १ सय ३६ जना बेपत्ता र २० हजारभन्दा बढी परिवार विस्थापित भए। देशभर तीन दर्जन विद्यालय भत्किएका कारण ४० हजारभन्दा बढी बालबालिकाको अध्ययनमा प्रत्यक्ष प्रभाव पर्न गयो। यस्ता घटनाबाट पीडित हुनेमा मध्य तथा सुदूरपश्चिम र पूर्वी नेपालका महोत्तरी, सिरहा, सप्तरी जिल्लाका दलित समुदायको बाक्लो जनसङ्ख्या भएका जिल्ला जहाँ सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदाय थिए। उनीहरूसँग बाँच्नका लागि सरकार र अन्य दातृसंस्थाहरूको आस गर्नुबाहेक अरु केही विकल्प थिएन। बाढी पीडितजस्ता आपद नियन्त्रणका लागि विभिन्न आपतकालीन कार्ययोजनाहरू भए पनि त्यसको समयमा सही परिचालन नहुँदा जनताले कहालीलाग्दो अवस्था भोग्न बाध्य भए। यस्तो हुनुमा सरकारी संयन्त्रको असफलता र कमजोर व्यवस्थापन रहेको देखिन्छ। यस्ता घटनाले नेपालको लोकतन्त्र र मानवअधिकारको स्थिति कमजोर बन्न पुगेको छ।

सरकारले सबै निकाय र सुरक्षा अङ्गहरूलाई परिचालन गरी एकीकृतरूपमा काम गर्ने उद्देश्यले राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन गरेको छ। सबै प्रमुख जिल्ला अधिकारीहरूलाई तत्कालै जोखिमको सूचना प्रवाह गर्न हाई अलर्टको निर्देशन दिने व्यवस्था मिलाए पनि २८ साउनदेखि देशभर भारी वर्षा हुने जानकारी हुँदाहुँदै पनि जिल्ला प्रशासन कार्यालयहरूले उद्धारका लागि पहल गर्न सकेनन्।

नेपालको अन्तरिम संविधान र विपद्सम्बन्धी विभिन्न नीति तथा निर्देशिकाले पनि विपद् व्यवस्थापनमा सबै समुदायको सहभागिता सुनिश्चित गरेको छ। विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६७ ले लैङ्गिक तथा सामाजिक समावेशितालाई स्वीकार गरेको छ। प्राथमिकता प्राप्त क्रियाकलापले समाजका सीमान्तकृत श्रेणीमा रहेका दलित, महिला, अपाङ्ग तथा सुविधाबाट वञ्चित बालबालिका तथा वृद्ध समूहलाई प्राथमिकता राखिने रणनीतिमा उल्लेख छ। नेपाल सरकारले हस्ताक्षर गरेको ह्युगो कार्यसंरचना सन् २००५-२०१५ अन्तर्गत क्रियाकलाप (५) को (६) ले प्रकोपको जोखिम हटाउन समुदाय र सरोकारवालामा स्वामित्वको भावना विकास गर्ने लक्ष्य लिएको छ। समुचित विपद् व्यवस्थापन गर्न नसक्दा सरकारले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको २५ (१), आर्थिक सामाजिक सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको धारा ११(१) र धारा ११ (२) ले प्रत्याभूत गरेका अधिकारहरू उल्लङ्घन गरेको छ।

२.६ कारागारहरूको दुरावस्था

देशभरका कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी राखिनाले कारागारका बन्दीको दैनिकी कष्टपूर्ण रहेको इन्सेक प्रतिनिधिले कारागारको अनुगमनका क्रममा फेला पारे। केही कारागारमा क्षमताभन्दा बढी बन्दी हुँदा पालो गरेर सुत्नुपरेको इन्सेक प्रतिनिधिलाई बन्दीले बताए। क्षमता भन्दा बढी कैदी बन्दी हुँदा कारागारमा झडपका घटना हुने गरेको समाचार पनि प्रकाशन भए।[१०] राष्ट्रिय मानव अधिकार आयोगले नेपालको कारागार यातनागृहसरह देखिएको टिप्पणी

९. "सप्तरी कारागार दिनभर तनावग्रस्त" http://www.inseconline.org/index.php?type=news&id=44053&lang=np ०७१ पुस २५ गते हेरिएको

१०. उही

गऱ्यो।[११] आयोगले देशभरका ७३ कारागारको भ्रमण गरी बन्दीहरूको मानवअधिकार अवस्था अध्ययन गर्ने निर्णय गरेको थियो। कारागारमा बस्नेहरूको अवस्था अति कहालीलाग्दो देखिएको आयोगले जनायो। कास्की कारागारको क्षमता जम्मा ६० जनाको रहेको भए पनि ५ सय २० जना कैदी बन्दी रहेको अनुगमनको क्रममा फेला पऱ्यो। कारागारमा खुट्टा पसारेर सुत्ने ठाउँ नभएको, भलिबल मैदान, बाटो, भान्छा इत्यादि सबैतिर कैदी र बन्दी सुत्ने गरेको आयोगको निरीक्षणका क्रममा खुलेको थियो।[१२] पानी आएका बेलामा उनीहरू रातभरि उभिएर समय बिताउनुपर्ने अवस्था विद्यमान देखियो। नेपालको ७२ जिल्लामा रहेका ७४ वटा कारागारहरू मध्ये धेरैजसो कारागारहरूको भौतिक अवस्था अत्यन्त नाजुक रहेको छ। इन्सेकले सन् २०१४ मा ७४ ओटा कारागारहरूको अनुगमन गर्दा ७ हजार ३ सय १० जनाको क्षमता भएको कारागारमा १५ हजार ४ सय ९५ जना कैदी बन्दी राखिएको पाइयो। देशभरका कारागारहरूमा शौचालय, खानेपानी, ढल, बिजुलीलगायतका समस्याहरू विद्यमान रहेका छन्। कारागार ऐन २०१९ को दोस्रो संशोधन, २०६४ ले कारागारलाई सुधारगृहको रूपमा रूपान्तरण गर्ने उद्देश्यबाट सामुदायिक कारागार र खुला कारागारको अवधारणालाई कानुनी दायरामा ल्याए पनि यसको कार्यान्वयनको लागि संरचना, निर्देशिकालगायत अन्य कुनै कुरा पनि तयार हुन सकिरहेको अवस्था छैन।

२.७ महिला अधिकार

नेपाल सरकारले सन् २०१० लाई महिला हिंसाविरुद्धको वर्षको रूपमा मनाउने घोषणा गरी महिला हिंसाविरुद्ध वर्षभरी विभिन्न कार्यक्रम आयोजना गरेको थियो। महिलाविरुद्ध हुने हिंसाका घटनामा शून्य सहनशीलताको नीति नेपाल सरकारले लिएको जनायो। देशभरका प्रहरी कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना गरी महिलाविरुद्ध हुने हिंसा रोक्न सरकारी प्रयास जारी रहेको छ। नेपालको अन्तरिम संविधान ०६३ को धारा १३ मा समानताको हक र लिङ्गको आधारमा भेदभाव नगरिने कुरा उल्लेख गरिनुको साथै धारा २० मा महिलाको हक उल्लेख गरिएको र सोअन्तर्गत प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने, महिलाविरुद्ध शारीरिक मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन भन्ने उल्लेख गरिएको छ। घरेलु हिंसा (कसुर र सजाय ऐन) -०६५ को दफा २ मा घरेलु हिंसा, घरेलु सम्बन्ध, शारीरिक यातना, मानसिक यातना, यौनजन्य यातना, आर्थिक यातना आदिको परिभाषा दिइएको छ। घरेलु हिंसा गर्ने व्यक्तिलाई ३ हजारदेखि २५ हजारसम्म जरिवाना गर्न सक्ने ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था गरिएको छ। सन् २०१३ मा २ हजार ३ सय ४८ जना पीडित भएकोमा त्यसमध्ये परिवारजनबाट १ सय ८ जना महिलाको हत्या भएको थियो।

गएको वर्ष इन्सेकले गरेको अनुगमनका क्रममा देशभरका प्रहरी कार्यालयमा दर्ता भएका घरेलु हिंसाका उजुरीमध्ये करिब ९८ प्रतिशत घटनामा मिलापत्र भएको जानकारी प्राप्त गऱ्यो। मिलापत्र गराएर पठाइएका महिलाहरूको पछिल्ला अवस्थाको अनुगमन कुनै निकायबाट भएको अवस्था देखिएन। घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐनमा भएको मेलमिलापको प्रावधानलाई टेकेर हाल देशभरका प्रहरी कार्यालयमा दर्ता भएका घरेलु हिंसाका घटनामा मिलापत्र गर्ने परिपाटी विकास भयो। गम्भीर खालका हिंसामा परेका महिलाहरूलाई राख्न १७ जिल्लामा सरकारले सेफ हाउसको व्यवस्था गरेको छ। सेफ हाउसमा हिंसापीडित महिलालाई ३५ दिनसम्म राख्ने गरिएको भए पनि त्यसपछि के गर्ने भन्ने अन्यौल जिल्लास्थित सरकारी निकायमा कायम रहेको पाइयो। कुनै घटना हुँदा जागरुक हुने सरकार घटनाको जरो पत्ता लगाउनेतर्फ सक्रिय नहुँदा समस्या ज्यूँ का त्यूँ नै रहने गर्छ। पाठ्यक्रममा यथोचित सुधार, जनचेतनामा अभिवृद्धि गर्ने खालका कार्यक्रम लागु गर्न सकिए महिला हिंसाका घटनामा कमी ल्याउन मद्दत पुग्नेमा दुई मत हुन सक्दैन।

२.८ मानव ओसारपसार

प्रत्येक वर्ष लगभग १२ हजार नेपालका महिला तथा बालबालिका बेचविखन भइरहेको तथ्याङ्क सार्वजनिक भइरहेका छन्। राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गरेको प्रतिवेदनअनुसार सन्

११. उही
१२. उही

२००६ देखि अहिलेसम्म १८ वर्ष मुनिका झन्डै १२ हजार जना बेचिएका सन्दर्भ उल्लेख गरेको पाइन्छ। बेचविखन कार्य विरुद्ध अभियानमा विभिन्न सङ्घसंस्था र नेपाल सरकारको सहकार्य भए तापनि यसका अपराधीलाई कानुनमा उल्लेख भएअनुरूपको सजाय र दण्डित गर्न सकेको पाइँदैन। बेचबिखनमा परेको चेलीलाई उद्धार गर्न सरकारले आठ पुन:स्थापना केन्द्रको स्थापना गरेको छ। हाल केन्द्रमा ७ सय ४० महिला छन्।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७० अनुसार गम्भीर सामाजिक र आपराधिक समस्या विश्वव्यापी रूपमा रहेका लागू औषधी र अवैध हातहतियारको कारोबारपछिको फाइदाजनक भनिएको अवैध व्यवसाय विश्वव्यापी रूपमा हुने मानव बेचविखनमध्ये ७५ देखि ८० प्रतिशत बेचबिखन यौनजन्य शोषणको लागि हुने गरेको उल्लेख छ। विश्वभरमा करिब दुई करोड ७० लाख वयस्क र एक करोड ३० लाख बालबालिका बेचविखनबाट पीडित हुने गरेका छन्। सन् २०१४ मा बालबालिका ओसारपसारका ६६ घटना इन्सेकमा अभिलेखित भए।

नेपालमा मानवबेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण र पुनस्थापना गर्ने उद्देश्यले मानवबेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ लागु गरिएको छ। उक्त ऐनको पुनरावलोकन गर्ने तथा ऐन संशोधन गर्न महिला तथा बालबालबालिका कल्याण मन्त्रालयले तयारी गरेको छ। उक्त ऐन तर्जुमा गर्नु अघि मानवअधिकार समुदाय र अन्य सरोकारवालाहरूसँग सहकार्य भने आरम्भ भएको छैन।

राष्ट्रिय मानवअधिकार आयोगद्वारा भदौ ३१ गते प्रकाशित बेचविखनमा परेका महिला तथा बालबालिका अध्ययन प्रतिवेदनमा सन् २०१२-०१३ मा बेचखिनका घटनामा ६० प्रतिशतले वृद्धि भएको उल्लेख छ। यी दुई वर्षमा २९ हजार महिला तथा बालबालिकालाई बेचविखन वा बेचबिखनको प्रयास गरिएको उल्लेख छ। जबकी यो सङ्ख्या सन् २०११ मा ११ हजार ५ सय थियो।[१३]

२.९ आप्रवासी कामदारका सवाल

आप्रवासी नेपाली कामदारको मानवअधिकार सुनिश्चित गर्ने सवालमा यो वर्ष पनि राज्यले पहलकदमी लिन सकेको देखिएन। नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषणले ठूलो योगदान गरेको भए पनि यो क्षेत्र सरकारको प्राथमिकताभन्दा बाहिर पर्‍यो। वैदेशिक रोजगार व्यवसायको फितलो नियमन, अनियमितता र भ्रष्टाचार, एजेन्टको मनपरी, मौजुदा कानुनको प्रभावकारी कार्यान्वयनको अभाव, जनचेतनाको कमी, ऐनकानुन, नीति नियमको समयसापेक्ष संशोधन हुन नसक्नु, सन्धि, महासन्धिको अनुमोदनमा ढिलाइ आदि कारणले वैदेशिक रोजगारीमा जाने नेपाली कामदार ठगिने र जोखिम बढेर गएको छ। कामका लागि सरदर दैनिक १५ सयको सङ्ख्यामा तेस्रो मुलुकमा नेपालको युवा जाने गर्दछन्। बेरोजगार युवालाई वैदेशिक रोजगारी महत्वपूर्ण विकल्प भए पनि राज्यले तिनको आधारभूत मानवअधिकार प्रत्याभूत गर्न सकेन। युवाहरू विदेशिएपछि गाउँहरू सुनसान भएको समाचारहरू प्रकाशन भए। विप्रेषणका रूपमा पठाइएको रकम उत्पादनमूलक कार्यमा खर्च भएनन्। वैदेशिक रोजगारमा गएका मानिसहरूलाई शेयर दिएर जलविद्युत आयोजना बनाउने सरकारी योजना भाषणमै सीमित भयो।

२.१० अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धिमा हस्ताक्षर गरी अपाङ्गहरूको अधिकार संरक्षणको दिशामा क्रियाशील रहेको जनायो। तर, देशका संरचनाहरू अपाङ्गमैत्री नभएको, उनीहरू समानुपातिक प्रतिनिधित्वको व्यवस्था नगरिएको भनी अपाङ्गताका क्षेत्रमा क्रियाशील सङ्घ संस्था तथा व्यक्तिहरूले बताइरहे। सरकारद्वारा मनोनित गरिने २६ जना सभासद्मा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व माग गर्दै अपाङ्गता भएका व्यक्ति तथा संस्थाले विरोध कार्यक्रमहरू आयोजना गरे। सरकारका प्रतिनिधिले उनीहरूको माग सम्बोधन गर्ने आश्वासन दिए पनि उनीहरूको नाम सरकारले मनोनयन गर्ने

१३. http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Report%20of%20Trafficking%20in%20Persons%20(Especially%20on%20Women%20and%20Children)%20National%20Report%202012-2013-En.pdf ०७१ माघ १३ गते हेरिएका

सभासदको सूचीमा परेन। सरकारले फरक किसिमले सक्षम (अपाङ्ग) व्यक्तिहरू विरुद्ध हुने भेदभाव अन्त्य र उनीहरूको उत्थान विकास र अधिकारको प्रवर्धनसम्बन्धी संयन्त्र २०६८ लाई संशोधन गरी "अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरू विरुद्ध हुने भेदभाव अन्त्य र निजहरूको उत्थान, विकास र अधिकार प्रवर्धनसम्बन्धी संयन्त्र, २०६८" मार्फत उनीहरूको अधिकारको संरक्षणको लागि केन्द्रदेखि स्थानीय तहसम्म प्रभावकारी संयन्त्रको निर्माण गरेको जनायो। अपाङ्गमैत्री संरचना सडक, कार्यालय भवन, अपाङ्गतासम्बन्धी परिचयपत्र,यातायात भाडामा ५० प्रतिशत छुट जस्ता व्यवस्था अनिवार्य गर्नुपर्ने व्यवस्था यसका उपलब्धि भए पनि सार्क सम्मेलनताका तयार गरिएका भौतिक संरचनाहरू अपाङ्गमैत्री नभएको सरोकारवालाले जनाए।

२.११ बढेको दुर्घटना र सरकार गैरजिम्मेवारी

यो वर्षको मङ्सिरदेखि पुससम्म भएका सडक दुर्घटनामा एक सय जनाले ज्यान गुमाए। जीर्ण सडक, क्षमताभन्दा बढी यात्रु, लापरबाही, फितलो ट्राफिक नियमन, चालक अनुमतिपत्रमा हुने अनियमितता, मादकपदार्थ सेवन र थोत्रा बस दुर्घटनाका कारक बन्ने गरेका छन्। प्रहरी प्रधान कार्यालयको तथ्याङ्कअनुसार दशैं र तिहारको अवधिमा मात्रै दुर्घटनामा परी झण्डै तीन सय जनाले ज्यान गुमाएका थिए। दुर्घटनाका खबर एकपछि अर्को गरी दोहोरिएका छन्। अधिकांश सार्वजनिक सवारी दुर्घटनामा १० भन्दा बढीको ज्यान गएको छ। प्रहरीले चालकको लापरबाहीलाई दुर्घटनाको प्रमुख कारण मान्छ। तर, चालक र व्यवसायीले भने सरकारी नीतिलाई दोष दिन्छन्। सडकमा यातायात व्यवसायीको साम्राज्य छ। यातायात व्यवसायी यति उन्मुक्त छन्, उनीहरू यातायात क्षेत्रको सरकार नै आफैं भएको[१४] बताउन हिच्किचाउँदैनन्। हुन त सरकार दुर्घटना न्युनीकरणका लागि भएका ऐनको कार्यान्वयन भइरहेको बताउँछ। तर, पनि दुर्घटना न्युनीकरण हुन सकेको छैन। थोत्रा गाडी, सिण्डिकेट प्रणालीको यातायात, भएका नियमको कार्यान्वयन नहुनु अनि फितलो अनुगमन नहुनुले पनि दुर्घटना बढाएको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले जनायो। नेपालमा हरेक वर्ष करिब २ हजार मानिसको सवारी दुर्घटनामा मृत्यु हुने गरेको छ।[१५]

२.१२ ज्येष्ठ नागरिकका अधिकार

नेपालको अन्तरिम संविधान, २०६३, ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६३, ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५ एवम् नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनामा समेत ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षासम्बन्धी विभिन्न व्यवस्थाहरू उल्लेख गरिएको भए पनि उल्लेखित संवैधानिक, कानुनी तथा नीतिगत दस्तावेजहरूमा रहेका व्यवस्थाहरूको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेका छैनन्। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा ७० वर्ष उमेर पुगेका देशभरका सबै नागरिक, ६० वर्ष उमेर पूरा भएका कर्णाली अञ्चलका सबै नागरिक, ६० वर्ष उमेर पूरा भएका दलितहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने उल्लेख छ। ज्येष्ठ नागरिकको जीवनस्तर सुधार्न, उनीहरूका आर्थिक, सामाजिक, परिवेशहरू सबैलाई विचार गरी ज्येष्ठ नागरिक ऐन-२०६३ मा ज्येष्ठ नागरिकले स्वास्थ्य उपचार गराउन लाग्ने खर्चमा ५० प्रतिशत छुट दिने व्यवस्था भए पनि ज्येष्ठ नागरिकहरू उक्त सुविधा उपयोग गर्नबाट वञ्चित रहँदै आएका छन्। सर्वोच्च अदालतले ज्येष्ठ नागरिकको उपचार खर्चमा ५० प्रतिशत छुट दिन नेपाल सरकारको नाममा ०६९ जेठ २४ गते निर्देशनात्मक आदेश जारी गरेको भए पनि ज्येष्ठ नागरिकले उपचार खर्चबापत पाउने ४ हजार रुपियाँ भत्ताबारे ज्येष्ठ नागरिकहरूलाई जानकारी भएन। सर्वोच्च अदालतले गरेको आदेशअनुसार सरकारले कार्य नगरेको भन्दै ज्येष्ठ नागरिकहरू विगत दुई वर्षदेखि काठमाडौंको मीनभवनमा धर्नामा बसिरहेको भए पनि उनीरूको माग सम्बोधन गर्न राज्य उदासीन देखियो।

३. सङ्क्रमणकालीन न्यायको सवाल

विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका सहमतिहरू शान्ति सम्झौताका सात वर्ष पूरा भइसक्दा पनि कार्यान्वयन नगरिँदा नेपालको सङ्क्रमणकाल दिन-प्रतिदिन लम्बिँदै गएको आभास हुन थाल्यो। विस्तृत शान्ति सम्झौताको बुँदा ५.२.५ मा दुवै पक्ष सशस्त्र

---

१४. http://www.insec.org.np/pics/publication/1415184080.pdf page 2

१५. "बढ्दो दुर्घटना" http://www.newsofnepal.com/new/editorial/2014/10/73620)&! माघ ५ गते हेरिएको

द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने मानवताविरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् भनेर उल्लेख गरिएको छ। यो वर्ष व्यवस्थापिका संसद्बाट पारित बेपत्ता र सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन कार्यान्वयनमा आए पनि पीडितले न्याय पाउने सम्भावना देखिँदैन। विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधान तथा सर्वोच्च अदालतले दिएका फैसलाले बेपत्ता छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग छुट्टै बनाउन भने पनि यो ऐनमा बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भनिएको छ। अध्यादेशमा आयोगले छानबिन गर्दा पीडकलाई क्षमादान गर्न उपयुक्त देखेमा त्यसको आधार र प्रमाण खुलाई सरकारलाई सिफारिश गर्न सक्ने व्यवस्था पनि छ। अन्तर्राष्ट्रिय कानुनले अपराधको अनुसन्धान गर्ने, पीडकलाई न्यायको परिधिमा ल्याई दण्ड दिने र क्षतिको उपचार र हानिपूरण उपलब्ध गराउने कर्तव्य राज्यको हुने उल्लेख छ। ऐनले आयोगलाई संलग्न पक्षहरूको सहमति बिना नै मेलमिलाप गराउन सक्ने अधिकार प्रदान गरेको छ। तर, राज्यले कसैलाई पनि जबरजस्ती मेलमिलाप गराउन सक्दैन र हुँदैन। पारित ऐनले मानवताविरुद्धका गम्भीर फौजदारी अपराधमा संलग्नलाई कारबाही गर्ने सुनिश्चित गरेको छैन। गम्भीर मानवअधिकार उल्लङ्घनका दोषीलाई पनि क्षमादान गर्न र मेलमिलाप गराउन सक्ने अधिकार आयोगलाई दिइएको छ। सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न राज्य गम्भीर नहुँदा सशस्त्र द्वन्द्वका पीडितहरू न्याय खोज्न आ-आफ्ना तरिका अवलम्बन गर्न थालेका छन्। हजुरबा हजुरआमालाई भेट्न चितवन गएका आफ्ना छोरालाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले ०६१ जेठ हत्या गरेपछि हत्यारालाई कारबाहीको माग गर्दै आमरण अनशनमा बसेका गोरखा फुजेलका अधिकारी दम्पतीको माग सम्बोधनतर्फ राज्यले पहल गरेन। आफ्ना निरपराध छोराको हत्यामा संलग्न अपराधीलाई कारबाहीको दायरामा ल्याउनु पर्ने माग गर्दै ३ सय ३३ दिनदेखि आमरण अनसनरत नन्दप्रसाद अधिकारीको बीर अस्पतालमा मृत्यु भयो। उनको लास अझै पनि शिक्षण अस्पतालमा छ। नन्दप्रसादसँगै आमरण अनशनरत उनकी धर्मपत्नीले मानवअधिकारकर्मीको पहलमा अनशन तोडेको भए पनि हत्यारालाई कारबाही नहुञ्जेलसम्म अन्न नखाने बताइन्।[१६]

यसअघि व्यवस्थापिका संसद् सचिवालयमा दर्ता भएको दुइटै आयोग गठनसम्बन्धी विधेयक माओवादीको अनिच्छाले संसद्मा प्रस्तुत नै नभई संविधानसभा र व्यवस्थापिका संसद् भङ्ग भयो भने बाबुराम भट्टराई नेतृत्वको कामचलाउ सरकारले संसद् नरहेका बेला आममाफीमा केन्द्रित रहेर सिफारिश गरेको तथा राष्ट्रपतिले १ चैत २०६९ मा जारी गरेको अध्यादेशलाई सर्वोच्च अदालतको परमादेशले रोकेको थियो। अध्यादेशविरुद्ध परेको रिटमा सर्वोच्चका न्यायाधीशहरू कल्याण श्रेष्ठ, गिरिशचन्द्र लाल र सुशीला कार्कीको विशेष इजलासले आममाफीको प्रावधानमाथि प्रश्न उठाउँदै १८ पुस ०७० मा परमादेश जारी गरेर त्यसलाई कार्यान्वयन नगर्न र नयाँ कानन बनाउन भनेको थियो। सर्वोच्चले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनअन्तर्गत पर्ने बेपत्ता, यातना, अपहरण र बलात्कारका घटनामा क्षमादान हुन नसक्ने भन्दै तिनलाई अपराधीकरण गर्ने राष्ट्रिय कानुन निर्माण गर्न निर्देश गरेको थियो।[१७] तर, पारित भएको ऐनमा व्यवस्था भएको क्षमादानको प्रावधानले गम्भीर मानवअधिकार खालका मानवअधिकार उल्लङ्घनमा संलग्नलाई उन्मुक्ति दिने प्रावधान राखिएको भन्दै मानवअधिकार समुदाय, तथा द्वन्द्वपीडितले चिन्ता व्यक्त गरे। आयोगको ऐन सर्वोच्च अदालतले ०७० पुस १८ गते दिएको परमादेश विपरीत भएको भन्दै द्वन्द्वपीडितले जेठ २० गते सर्वोच्च अदालतमा पुन: रिट दायर गरे। यो रिट अदालतमा विचाराधीन रहेको छ। अदालतमा रिट विचाराधीन रहेकै अवस्थामा सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरी पदाधिकारी नियुक्ति गर्ने भन्दै पाँच सदस्यीय एक समिति गठन गऱ्यो। सो समितिलाई आयोगका पदाधिकारी नियुक्ति गर्ने जिम्मेवारी दिइयो। सो समितिले पदाधिकारी

१६. "गङ्गामाया अधिकारीको अनसन तोडियो"
http://www.inseconline.org/index.php?type=news&lang=np&id=47258
१७. "सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी अध्यादेश संशोधन गर्न सर्वोच्चको आदेश"
http://setopati.com/raajneeti/7160/

नियुक्तिका लागि सार्वजनिक रूपमा आवेदन माग गरी प्रक्रिया अगाडि बढाएको भए तापनि यो वर्षको अन्त्यसम्म पदाधिकारीको चयन भने गर्न सकेन।

३.१ दण्डहीनता

तत्कालीन सात दल सम्मिलित सरकार र विद्रोही माओवादीबीच २०६३ मङ्सिर ५ गते भएको बृहत् शान्ति सम्झौतापछि जुनसुकै पक्ष विशेषले गरेको हत्या, अपहरणजस्ता क्रियाकलापलाई आपराधिक घटना मानिने स्पष्ट उल्लेख गरिएको छ। माओवादीको सशस्त्र द्वन्द्वपूर्वको अवस्था र शान्ति सम्झौतामा हस्ताक्षर गरिसकेपछि कुनै पनि घटनालाई राजनीतिक घटनामा नलिइने र पीडकहरूलाई सम्बन्धित देशको कानुनी व्यवस्थाअनुसार फौजदारी अभियोगमा मुद्दा दायर गर्न सकिने स्पष्ट कानुनी आधार छ। तर, शान्ति सम्झौता पछाडिका कैयन् घटनाहरूमा संलग्न भएकाहरूको मुद्दा गएका वर्षका मन्त्रिपरिषद्को निर्णयमार्फत फिर्ता लिइनुले दण्डहीनतालाई बढावा दिएको स्पष्ट हुन्छ। विगतका सरकार झैं यो सरकारले पनि दण्डहीनता रोक्नेतर्फ कुनै पहलकदमी लिएन। राष्ट्रिय मानवअधिकार आयोगका साथै अन्तर्राष्ट्रिय मानवअधिकार सङ्घ संस्थाले सशस्त्र द्वन्द्वका बेला भएका मानवअधिकार उल्लङ्घनका घटनामा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग यो सरकारले पनि बेवास्ता गर्‍यो। दण्डहीनताको कुप्रथा यो वर्ष पनि कायमै रह्यो। यसले मानवअधिकार र मुलुकको लोकतन्त्रलाई कमजारे तुल्याउन सहयोग पुर्‍याएको छ।

३.२ यातना तथा अन्य क्रूर अमानवीय व्यवहार

यातना मानवअधिकार उल्लङ्घनको पराकाष्ठा हो। देशमा युद्ध तथा सङ्कटकाल विद्यमान रहेको अवस्थामा समेत यातना विरुद्धको अधिकार निलम्बन गर्न पाइन्न। नेपालको अन्तरिम संविधान २०६३ ले यातनालाई निषेध गरेको भए पनि पीडितले उचित उपचार र न्याय पाउन नसकेको यथार्थ हाम्रा सामु विद्यमान छ। विद्यमान यातना तथा क्षतिपूर्ति ऐन, २०५३ मा रहेका कमजोर प्रावधानका कारण यातना दिने कार्यलाई प्रश्रय पुगेको छ। प्रहरी हिरासतमा भएका थुनुवालाई केरकारका नाममा यातना दिने आमप्रचलनका रूपमा कायम छ। क्षतिपूर्ति ऐनमा पीडितले आफूले यातना पाएको वा थुनामुक्त भएको ३५ दिनभित्रै क्षतिपूर्तिको दावी प्रस्तुत गर्नुपर्ने कानुनी व्यवस्थाका कारण भौगोलिक विकटता भएका ठाउँका पीडित सजिलै अदालतमा पुग्न सक्दैनन्। यातना क्षतिपूर्ति सम्बन्धी ऐन, २०५३ मा यातना दिने सरकारी अधिकारीलाई विभागीय कारबाही गर्न सकिने र पीडितलाई एक लाख रुपियाँसम्म क्षतिपूर्ति उपलब्ध गराउन सकिने व्यवस्था छ। तर, क्षतिपूर्ति रकम अपराधमा संलग्न व्यक्तिले बुझाउनु पर्दैन राज्यले नै तिरिदिने व्यवस्था छ। ऐनमा भएको सबैभन्दा कमजोर प्रावधान नै यही हो, जसले पीडकलाई उन्मुक्ति मात्रै दिँदैन अपराध गर्न हौसलासमेत प्रदान गर्छ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायोगको कार्यालयले सार्वजनिक गरेको नेपालको द्वन्द्व प्रतिवेदनमा द्वन्द्वका दौरान करिब २५ सय[१८] यातनाका घटनालाई अभिलेखीकरण गरिएको छ। यातनालाई फौजदारी अपराधको रूपमा कारबाही गर्न सकिने कानुन नबनेकाले विश्वव्यापी क्षेत्राधिकारको कानूनअन्तर्गत नेपालमा भएका यातनाका मुद्दाहरू विदेशी अदालतलेसमेत हेर्न सक्छन्। नेपालमा दिएको यातनालाई अन्य देशमा पनि यातना दिएको सरह मानेर कानुन अनुसार कारबाही गर्न सकिने व्यवस्था यातनासम्बन्धी महासन्धिमा छ। सशस्त्र द्वन्द्वको बेला कपिलवस्तुको गोरुसिङ्गे सैनिक ब्यारेकमा माओवादीको आरोप लागेका दुई बन्दीलाई चरम यातना दिएको अभियोगमा बेलायतमा गिरफ्तार भएका नेपाली सेनाका महासेनानी कुमार लामा हाल घरौटीमा रिहा भए पनि त्यहीं बसेर कानुनी लडाइँ लडिरहेका छन्। इन्सेकको अभिलेखअनुसार सन् २०११ म पाँच जना महिला र ९० जना पुरुष गरी ९४ जना यातनाका कारण पीडित भए भने सन् २०१२ मा एक जना महिला र ६५ जना पुरुष गरी ६६ जना पीडित भएका थिए। सन् २०११ भन्दा सन् २०१२ मा यो सङ्ख्यामा कमी भएको पाइयो। तर, सन् २०१३ मा यो सङ्ख्या सन् २०११-२०१२ को तुलनामा झण्डै दोब्बर बढ्यो। सन् २०१३ मा १ सय ७१ जना[१९] यातना पीडित भए। देशका ७५ जिल्लामध्ये ४८ जिल्लामा मात्रै यातनाका घटना सार्वजनिक भए। बाँकी २७ जिल्लामा यातनाका कुनै घटना सार्वजनिक भएनन्।

---

१८. http://www.ohchr.org/Documents/Countries/NP/OHCHR_Nepal_Conflict_Report2012.pdf page 124-14

१९. "यातना दिने कार्यलाई अपराध घोषणा गर" http://www.insec.org.np/index.php?type=press&id=637&lang=np ०७१ माघ ७ गते हेरिएको।

३.३ भूमिगत समूहसँग भएका वार्ता

यो वर्ष सरकारले सशस्त्र समूहहरूसँग वार्ताका लागि उपसमिति गठन गऱ्यो। संविधान निर्माणमा सहयोग पुग्ने उद्देश्यले विभिन्न दल तथा समूहसँग वार्ता गर्ने उद्देश्यले नेपाली काङ्ग्रेसका सभासद् आनन्दप्रसाद ढुङ्गानाको संयोजकत्वमा सरकारले जेठ महिनामा वार्ता समिति गठन गरेको थियो। उक्त उपसमितिसँग वार्ता गरेपछि देशभरका विभिन्न १४ वटा सशस्त्र समूह हतियार बुझाउन तयार भएको उक्त समितले जनायो।[३०] संविधान निर्माण प्रकृयामा बाहिर रहेका शक्तिहरूलाई संविधान निर्माणमा सहभागी गराउने उद्देश्यले प्रारम्भिक वार्ता उपसमितिले तीन ठाँउमा उनीहरूसँग वार्ता गरेको थियो।

साउनको दोस्रो सातादेखि सशस्त्र समूहहरूसँग पूर्वको इलामबाट वार्ता सुरु गरेको उपसमितिले नेपालगञ्जमा अन्तिम वार्ता गरेको थियो। त्यसक्रममा १४ ओटा समूहसँग वार्ता र सहमति गरिएको उपसमितिले जनायो। विगतमा गिरफ्तार भएका सशस्त्र समूहका कार्यकर्ताहरूको रिहाइ, उनीहरूमाथि लगाइएको मुद्दा फिर्तालगायतका माग सशस्त्र समूहले गरेको थियो भने समितिले उनीहरूसँग रहेका हतियार फिर्ता र संविवधानसभाका कामलाई सघाउनुपर्ने प्रस्ताव राखेको थियो।[३१] तर, विगतमा खासगरी मध्य तराईमा आफ्ना गतिविधि तीव्र बनाएको जयकृष्ण गोइत र ज्वालासिंहले नेतृत्व गरेका सङ्गठन ती वार्तामा आएनन् भने वार्ताका बारेमा कुनै धारणा सार्वजनिक गरेनन्।

डा. बाबुराम भट्टराईको अध्यक्षतामा बसेको राजनीतिक संवाद तथा सहमति समितिको बैठकले हालसम्म विभिन्न समूहसँग भएका सयभन्दा बढी सहमति र सम्झौताहरूको अध्ययन गरी त्यसलाई संविधानमा समेट्ने निर्णय भएअनुरूप विस्तृत शान्ति सम्झौतापछि तराई र पहाडका विभिन्न सशस्त्र समूहहरूसँग सरकारले गरेको २७ ओटा सहमति र अन्य समूहसँग संविधानको विषयवस्तुसँग सम्बन्धित ६१ ओटा विषयका सहमतिहरू अध्ययन गरी प्रतिवेदन पेश गर्न पूर्णबहादुर खड्काको नेतृत्वमा नौ सदस्यीय उपसमिति गठन गरिएको थियो। सो उपसमितिको बैठक बसी सहमतिहरूमध्ये ६१ ओटा विषय संविधानको विषयवस्तुसँग सम्बन्धित देखिएको र कतिपय सहमतिहरू सरकारले समाधान गर्नुपर्ने विषयसँग सम्बन्धित भएकाले ती विषयमा पनि छलफल नगरिने साथै सशस्त्र समूहसँग गरिएको २७ ओटा सहमति दोहोरिएकाले उपसमितिले पेश गर्ने प्रतिवेदनमा समावेश नगर्ने निर्णय गरिएको जानकारी उपसमितिका सदस्य रुक्मिणी चौधरीले गराएकी थिइन्।

४. मानवअधिकार संस्थाहरू

४.१ राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारीविहीन भएको करिब एक वर्षपछि आयोगमा सरकारले पदाधिकारी नियुक्त गऱ्यो। लामो समय पदाधिकारीविहीन हुँदा आयोगले मानवअधिकार उल्लङ्घनका उजुरीउपर कारबाही प्रक्रिया अगाडि बढाउन सकेन। आयोगले गरेका सिफारिशहरूको कार्यान्यवनको अवस्था एकदमै फितलो रहेको आयोगले जनायो। आयोगले मानव अधिकार उल्लङ्घनका घटनामा गरेका सिफारिशहरूमा पीडितलाई क्षतिपूर्ति दिइने गरेको तर, अपवादबाहेक आरोपित व्यक्ति वा अधिकारीहरूमाथि कानुनी कारबाही नभएको अवस्थाप्रति टिप्पणी गर्दै सरकार र राजनीतिक दलहरू मानव अधिकारप्रति पूर्ण प्रतिबद्ध हुन नसकेको बतायो। आयोगमा आर्थिक वर्ष ०७० र ०७१ मा यातना, दुर्व्यवहार, महिलाअधिकार, न्यायप्रशासन, बालअधिकार गैरन्यायिक थुना, हत्या, धम्की, सम्पत्तिको अधिकार आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, जातीय विभेद, आप्रवासी कामदारको अधिकारलगायतका विषयमा २ सय ४० ओटा उजुरी परेका थिए।[३२] आयोगले गरेका सिफारिशहरूको प्रभावकारी कार्यान्वयनको अवस्था यस वर्ष पनि कमजोर देखियो। राष्ट्रिय मानवअधिकार आयोगले सशस्त्र द्वन्द्वका बेला जनकपुरबाट गिरफ्तार गरी कमला नदीको किनारमा पुऱ्याई हत्या गरी गाडिएका पाँच जना युवाको कङ्कालको पहिचान गरी

---

३०. सशस्त्र समूहहरूसँगको वार्ता सकियो"
http://www.bbc.co.uk/nepali/news/2014/08/140825_talks_armed_group ०७१ माघ ७ गते हेरिएको।

३१. उही

३२. "राष्ट्रपतिलाई मानवअधिकार आयोगका अध्यक्षको प्रतिवेदन"
http://nepalpati.com/news/2973/NHRC-Yearly-Report-Submits-to-President
०७१ माघ १३ गते हेरिएको

परिवारजनलाई हस्तान्तरण गऱ्यो। आयोगले घटनामा संलग्नहरूको नाम नै किटान गरी उनीहरूविरुद्ध कारवाही प्रक्रिया अगाडि बढाउन सिफारिश गऱ्यो।

४.२ राष्ट्रिय महिला आयोग

महिला हक हितको संरक्षण एवम् सम्वर्धन गरी विकासको मूलप्रवाहमा महिलालाई समाहित गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरूप स्थापित राष्ट्रिय महिला आयोग आफ्नो उद्देश्य प्राप्तिमा क्रियाशील रहँदै आएको छ। राष्ट्रिय महिला आयोगले महिला हक हितको संरक्षण र संवर्द्धनसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सिफारिस गर्ने, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्ने तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन समेतको विषयमा अनुगमन गरी सरकारलाई सिफारिस गर्ने, महिला अधिकार उल्लङ्घन तथा महिला हिंसाका घटनाहरूको अनुगमन तथा जाँचबुझ गर्ने लगायतका कार्यक्षेत्रको पहिचान गरी आफ्नो काम गर्दै आएको छ।

यस वर्ष आयोगमा घरेलु हिंसा २ सय ९६ र महिला हिंसाका निवेदन १ सय ६० दर्ता भएकोमा निवेदनहरूमा आयोगको तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, सम्बन्धित निकायमा सिफारिस, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको आयोगले जनायो।[३३]

४.३ राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोगले आफ्नो कार्यलाई दलित अधिकारका लागि सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक एवम् सांस्कृतिक क्षेत्रका पहिचान गरी काम गर्दै आएको छ। "जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८" लागु भएपछि जातकै आधारमा हुने घटनामा संलग्नलाई अपराध मानी कारबाही गर्ने व्यवस्था भए पनि जातका आधारमा हुने विभेद कायमै रहेको पाइन्छ। दलितसँग सम्बन्धित उजुरी आयोगमा लिइने कानुनी प्रावधान भए पनि आयोगमा ज्यादै कम उजुरीहरू दर्ता हुने गर्छन्। प्राप्त भएका उजुरीहरू आयोगले सम्बन्धित क्षेत्रमा कानुनी प्रक्रियाको लागि पठाउने र ताकेता गर्ने गरेको छ।

५. निष्कर्ष

समग्रमा कार्यपालिकाले मानवअधिकारको रक्षा र सम्बर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिएन। जनताका आधारभूत आवश्यकतालाई सम्बोधन गर्न राज्य चुक्यो। स्वास्थ्य, शिक्षा, रोजगारीका अधिकारका सवाल छायाँमा परे। स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको १८ वर्ष भन्दा बढी समय भइसक्दासमेत स्थानीय निकायको निर्वाचन गर्नेतर्फ सरकार र राजनीतिक दलको तदारुकता देखिएन । सङ्क्रमणकालको नाममा पीडितको न्याय पाउने अधिकारलाई पन्छाउने कार्य यस वर्ष पनि भए। दिगो शान्तिको लागि पीडितले न्यायको अनुभूति गर्नुपर्नेमा न्याय माग्ने पीडितलाई न्यायसम्म पहुँच नै दिइएन। दण्डहीनता, असुरक्षा, महँगी, कालोबजारी, कमिसनतन्त्र, डन संस्कृति ढिलासुस्ती जस्ता कुरीति अन्त्य गर्न र सुशासन कायम गर्न सरकार असफल रह्यो।

६. सुझाव

- अन्तर्राष्ट्रिय मापदण्डअनुसारको बेपत्ता नागरिक छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नु पर्ने।
- स्थानीय निकायको निर्वाचनको मिति तोकी यथासक्य चाँडो निर्वाचन सम्पन्न गर्नु पर्छ।
- व्याप्त महँगी, कालोबजारी र सरकारी निकायमा रहेको ढिलासुस्ती रोक्न आवश्यक कदम चाल्नु पर्ने।
- द्वन्द्वपीडितलाई हानिपूरण र क्षतिपूर्ति प्रदान गर्नु पर्ने।
- स्वास्थ्य संस्थामा दरबन्दीअनुसारका स्वास्थ्यकर्मी तथा सरकारले नि:शुल्क उपलब्ध गराउने घोषणा गरेका औषधीहरूको शुलभ उपलब्धताका लागि पहल गर्नु पर्ने।
- भोकमरीबाट पीडित जनताको खाद्यअधिकार प्रत्याभूत गर्नु पर्ने।
- कमैया, कमलरी, भूमिहीन, हलियाका समस्या समाधान गर्न आवश्यक पहल गर्नु पर्ने।
- कारागारमा भौतिक अवस्था सुधार गर्न आवश्यक पहल गर्नु पर्ने।

---

३३. हेर्नुहोस् यसै वर्षपुस्तकमा प्रकाशित महिला आयोगको घारणा

२.३ राज्य र मानवअधिकार

व्यवस्थापिका

परिच्छेद
२

१. पृष्ठभूमि

गएको वर्ष पुन: भएको संविधानसभाको निर्वाचनले जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य गऱ्यो। पहिलो संविधानसभा ०६९ जेठ १५ गते विघटन भएपछि करिब २१ महिना देशमा जनप्रतिनिधिविहीनताको अवस्था कायम रहेको थियो। गएको वर्ष मङ्सिरमा सम्पन्न भएको दोस्रो संविधासभाको निर्वाचनपछि संविधानसभा र व्यवस्थापिका संसद्को गठन हुन सक्यो। यसरी गठन भएको व्यवस्थापिका संसद्ले बहुमतद्वारा प्रधानमन्त्री निर्वाचित गऱ्यो।

संविधानसभाले संविधान निर्माणका अन्तरवस्तुहरूमा सहमति गरे पनि पहिलो संविधानसभामा विवादित रहेका विषयवस्तुहरूमा खासै सहमति कायम हुन सकेन। नियमावली मस्यौदा, संसदीय समिति गठन र यी समितिका सभापति चयनजस्ता प्राविधिक विषयमा धेरै समय व्यतीत हुँदा व्यवस्थापिका संसद्को भूमिका खासै प्रभावकारी हुन सकेन। मानवअधिकारका विषयहरूले पनि व्यवस्थापिका संसद्मा स्थान पाए। अघिल्ला वर्षहरू झैँ सरकार गठनका लागि दलहरूबीच तिक्तता देखिएन। व्यवस्थापिका संसद्मा विगतमा झैँ सार्वजनिक महत्व, जनसरोकारका विषयले पनि स्थान पाए।

संविधानसभाको पहिलो बैठक मन्त्रिपरिषद्का अध्यक्षले वा राष्ट्रपतिले कसले बोलाउने भन्ने किचलोले लामो समय बित्यो। संविधानसभाको पहिलो बैठकमै राष्ट्रपति र उपराष्ट्रपतिको पुन: निर्वाचन हुनुपर्ने बहसमा राजनीतिक दलहरू अल्झिए। यो विवाद सर्वोच्च अदालतसम्म पुगे पनि संविधानसभा, व्यवस्थापिका संसद्को क्षेत्राधिकार भित्रको भन्दै सर्वोच्चले रिट खारेज गऱ्यो। संविधान जारी भएपश्चात् स्वत: रिक्त हुने यी पदहरूमा राजनीतिक हिस्सेदारीका नाममा विवाद गर्दा दलहरू संविधान निर्माणभन्दा पनि सत्ताकेन्द्रित रहेको देखियो। विगतमा पनि संविधान निर्माणमा भन्दा सत्ता वरिपरि राजनीतिक दल र तिनको नेतृत्व केन्द्रित रहँदा उनीहरूका यस्तो क्रियाकलाप आलोचित हुन पुगेको थियो।

विघटित संविधानसभामा भएका सहमतिको स्वामित्व लिने निर्णय सकारात्मक रहे। स्थानीय निकायको निर्वाचनलाई प्राथमिकता दिने/नदिनेमा दलहरू विभाजित देखिए। प्रतिपक्षी दलहरूले संसद् अवरोध गर्ने नीतिलाई निरन्तरता दिए। सभासद्हरूका आचरणले संसद्को गरिमामा आँच आउने क्रियाकलाप पनि भए।

संविधानसभा र व्यवस्थापिका संसद्को पहिलो बैठकदेखि सन् २०१४ को अन्त्यसम्मका मानवअधिकारसँग सम्बन्धित गतिविधिहरूबारे आलेखमा चर्चा गरिएको छ। संविधानसभा र व्यवस्थापिका संसद्ले गरेका मुख्य क्रियाकलाप र घटनाक्रमहरू यहाँ समेटिएको छ। साथै, व्यवस्थापिका संसद्मा प्रवेश भएका विधेयकहरूमध्ये मानवअधिकारसँग प्रत्यक्ष सम्बन्धित र अन्य विधेयकहरूको मानवअधिकारसँगको सरोकारका बारेमा सङ्क्षिप्त समीक्षा गर्ने प्रयास पनि यस आलेखमा गरिएको छ।

२. संसदीय समितिका गतिविधिहरू

सरकारलाई संसद्मार्फत जनउत्तरदायी बनाउने महत्वपूर्ण भूमिका संसदीय समितिहरूको हुन्छ। यस वर्ष व्यवस्थापिका संसद्मा ११ ओटा संसदीय समितिहरू गठन भए। ती समितिहरूले आफ्ना दायित्वअन्तर्गतका कार्यहरू गरिरहेको समाचारहरू प्रकाशन भए। संसदीय समितिहरूबीच नै क्षेत्राधिकारको विवाद पनि सतहमा आयो। सरकार र संवैधानिक निकायका क्रियाकलाप, निर्णयहरूको अनुगमन, निगरानी र खबरदारी गर्न यी समितिहरूको भूमिका प्रभावकारी हुने अपेक्षा गरिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तले संसदीय समितिको बैठकमा आउन अस्वीकार गरे। यस विषयमा संसदीय समिति र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका बीच जुहारी नै चल्यो। संसदीय समितिहरूले भ्रष्टाचार, सुशासन, महँगीलगायतका विषयमा सरोकारवाला निकायलाई ध्यानाकर्षण गराउनुका साथै कतिपय विषयमा सिफारिशहरू पनि गरे। कर्णाली अञ्चलको आर्थिक विकास गर्न १५ वर्से दीर्घकालीन विकास गुरुयोजना बनाई दुई महिनाभित्रै कार्यान्वयन गर्न संसदीय समितिले निर्देशन दियो। संसदको विकास समितिले स्थानीय अर्थतन्त्रको विकास गर्न यातायात, खाद्यान्न सङ्कट, बेरोजगारी, पर्यटनलगायत समस्या सम्बोधन गर्ने गरी सातवर्से मध्यकालीन र १५ वर्षे दीर्घकालीन गुरुयोजना बनाउन सरकारलाई निर्देशन दियो।

बाराको सिम्रौनगढमा विकासको माग गर्दै आन्दोलनमा उत्रिएका जनतामाथि सशस्त्र प्रहरीले गोली चलाउँदा एक स्थानीयको मृत्यु भएको घटनाबारे छानबिन गर्न बनेको संसदीय विशेष समितिले छानबिन

गऱ्यो। व्यवस्थापिका संसदबाट गठित 'सिम्रौनगढ घटना छानबिन संसदीय विशेष समिति' ले घटनास्थल, सुरक्षा निकायका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधि, पीडित परिवार, प्रत्यक्षदर्शी, आन्दोलित पक्ष, अधिकारकर्मी, कानुन व्यवसायीलगायतबाट घटनाको समग्र स्थितिबारे जानकारी लिएको थियो। समितिको प्रतिवेदन सार्वजनिक भएन।

२.१ संसदीय सुनुवाइ समिति

यस वर्ष संसदीय सुनुवाइ समितिका महत्वपूर्ण सुनुवाइहरू सर्वोच्च अदालतका स्थायी न्यायाधीश र राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारी नियुक्ति रह्यो। नेपालको संसदीय सुनुवाइको इतिहासमा पहिलोपल्ट सर्वोच्च अदालतका स्थायी न्यायाधीशको सुनवाइ मतदानबाट अनुमोदन भयो। न्यायपरिषद्ले सिफारिश गरी सरकारले नियुक्त गरेका न्यायाधीशको सुनुवाइ प्रक्रियामा विवाद भएपछि पहिलोपल्ट मतदानको प्रक्रिया अपनाउनु परेको थियो। नेपालमा नौलो अभ्यास भएकाले संसदीय सुनुवाइ व्यवस्थित भइसकेको छैन।

राज्यका अरू दुई अङ्ग व्यवस्थापिका र कार्यपालिका जनताप्रति सोझै उत्तरदायी हुन्छन्। तर, न्यायपालिकामा जनताको प्रत्यक्ष नियन्त्रण हुँदैन। न्यायपालिकालाई निष्पक्ष र स्वतन्त्र राख्न यस अङ्गलाई अपेक्षाकृत नियन्त्रणमुक्त राखिएको हुनुपर्छ। तर, नियुक्तिका क्रममा मात्रै भने पनि न्यायपालिकाको उपल्लो तहमा जननिर्वाचित संसद्को भूमिका होस् भनेर संसदीय सुनुवाइको व्यवस्था गरिएको हो।[१] संसदीय सुनुवाइ गरी नियुक्त नगर्न सिफारिश गरे पनि सरकारले नियुक्ति गर्नसक्ने व्यवस्था भएका कारण, सुनुवाइ प्रक्रिया कर्मकाण्डीमात्र भएको आरोप पनि नलाग्ने गरेको होइन।

संसदीय सुनुवाइ विशेष समितिले राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र चार सदस्यको नाम अनुमोदन गरी मानवअधिकार आयोगलाई पूर्णता दिन मद्दत पुऱ्यायो। संसदीय सुनुवाइ समितिको असोज ३१ गतेको बैठकले संवैधानिक परिषद्ले गरेको सिफारिश अनुमोदन गरेपछि १४ महिनादेखि रिक्त रहेको आयोगमा अध्यक्षसहित सदस्यहरूको नियुक्ति भएको हो। सुनुवाइ समितिले प्रस्तावित अध्यक्ष र सदस्यहरू परेका उजुरीउपर असोज २९ गते सुनुवाइ गरेको थियो।

संवैधानिक परिषद्को सिफारिश अनुमोदन भने सहज भएन। समितिको बैठकमा सांसद्हरूले परिषद्को सिफारिस समावेशी मूल्य र मान्यताअनुसार नभएको तथा दलगत स्वार्थपूर्ति गरेको आरोप लगाउँदै असन्तुष्टि व्यक्त गरेका थिए। समितिको बैठकमा उपस्थित दुई तिहाइभन्दा बढी सांसदले आयोगका पदाधिकारीमा मधेसी, जनजाति, अल्पसङ्ख्यक समुदायको सहभागिता नभएकाले परिषद्को निर्णय फिर्ता पठाउनु पर्ने माग गरेका थिए। यस्तो माग गर्नेहरूमा सांसदहरू सुशील कुमार श्रेष्ठ, गोपाल दहित, महेन्द्र यादव, मेघराज नेपाली निषाद, मञ्जुकुमारी चौधरी, जयन्त चन्द, शिवजी यादव, हृदयराम थानी, लोकमणि ढकाल, लक्ष्मणलाल कर्ण, रामकुमार भट्टराई, प्रभु साह, अमरसिंह पुनलगायत रहेका थिए।

समितिका सभापति कुलबहादुर गुरुङले पटकपटक सर्वसम्मत निर्णय गर्न आग्रह गर्नु भए पनि सांसद्हरूको विरोध कायम रहेपछि परिषद्को ध्यानाकर्षण गराउने भनेर विवाद टुङ्ग्याइएको थियो।[२]

सुनवाइ समितिले आयोगको अध्यक्षमा सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश अनुपराज शर्मा र सदस्यहरूमा प्रकाश वस्ती, मोहना अन्सारी, गोविन्द पौडेल र सुदीप पाठकको नाम अनुमोदन गरेको हो। संवैधानिक परिषद्ले असोज २ गते मानवअधिकार आयोगका लागि पदाधिकारीहरूको नाम सिफारिश गरेको थियो।

२.२ सामाजिक न्याय तथा मानवअधिकार समिति

व्यवस्थापिका-संसद्अन्तर्गतको सामाजिक न्याय तथा मानवअधिकार समितिले मानवअधिकारको अवस्थाको अध्ययन, अनुसन्धान गर्न उपसमिति गठन गऱ्यो। सामाजिक न्याय तथा मानवअधिकार समितिले आफ्नो कामलाई विशिष्टीकृत तथा प्रभावकारी ढङ्गले अघि बढाउन भन्दै शान्ति तथा पुन: निर्माण र सामाजिक न्यायसम्बन्धी अन्य दुई उपसमिति समेत गठन गरेको थियो।

१. "संसदीय सुनुवाइ नहटाऊ" http://www.nagariknews.com/opinion/story/13304#sthash.7rSxSsjk.dpuf
२. "सवैधानिक पषिद्लाई ध्यानाकर्षण गराइने" http://radionepal.gov.np/radionepal/news/post/post-169 पुस ५ गते हेरिएको

कुवेतमा रहेको नेपाली दूतावासको आश्रयमा रहेका महिला श्रमिकहरूको मानवअधिकारको अवस्थाबारे अध्ययन-अनुसन्धान गरी प्रदिवेदन बुझाउन "वैदेशिक रोजगार अध्ययन, अवलोकन तथा अनुसन्धान कार्यदल गठन" समेत गऱ्यो। कुवेतलगायतका अन्य मुलुकहरूमा समेत नेपाली कामदारहरूको विद्यमान अवस्था, उनीहरूको मानवअधिकार बारेमा जानकारी लिई प्रतिवेदन तयार पार्न कार्यदल गठन गरिनुलाई सराहनीय कार्य मानियो। नेपाली आप्रवासी कामदारहरूको यथार्थ अवस्था बुझी उनीहरूको मानवअधिकार अवस्थामा सुधार्न नीतिगत निर्णय गराउन जरुरी रहेको छ।

बैठकले देशभरका कारागार र बन्दीहरूको मानवअधिकारको अवस्थाबारे स्थलगत अध्ययन अवलोकन गरी तीन हप्ताभित्र सुझावसहितको प्रतिवेदन पेस गर्ने अर्को एक कार्यदल समेत गठन गऱ्यो।

कारागार अध्ययन, अवलोकन तथा निरीक्षण कार्यदलले कैदी बन्दीहरूसँग उनीहरूको अवस्थामा बारे जानकारी लिएको थियो। देशभरकै कारागारहरूमा कैदी बन्दीहरू क्षमताभन्दा कैयौँ गुना बढी राखिनाले, न्यून सेवा सुविधाहरू मात्र उपलब्ध हुँदा सुधारगृहभन्दा पनि यातना गृहको रूपमा रहेको कार्यदलले जनायो।

३. संविधानसभा समितिहरू

संविधानसभा निर्वाचन भएको नौ महिना र पहिलो बैठक बसेको सात महिना पूरा हुँदा समेत सभापति चयन नहुँदा संसदीय समितिहरू प्रभावकारी हुन सकेनन्। संसदको पूर्ण बैठक नभएका बेला पनि आफ्नो गतिविधि अघि बढाउनु र मिनी संसद्का रूपमा सरकारका सम्पूर्ण गतिविधि सूक्ष्म तरिकाले अध्ययन र अनुसन्धान गरी सही बाटो देखाउनु समितिको मूल कर्तव्य हो।[3] संविधान मस्यौदा तयार भएपछि नागरिक संवाद तथा सुझाव सङ्कलन समितिले गाउँ-गाउँ पुगेर जनमत सङ्कलन गर्नेछ। प्राप्त सुझावका आधारमा आवश्यक संशोधन गरी मस्यौदालाई अन्तिम रूप दिई समितिले मस्यौदा समितिमै पठाइदिनेछ।

अघिल्लो संविधानमा ८० प्रतिशतभन्दा बढी काम सकिएको भनिए पनि मुख्य विवादित विषयहरूमा यस वर्ष पनि खासै प्रगति भएन। नैतिक पतन र गम्भीर फौजदारी अपराधमा संलग्न भएको प्रमाणित भएको व्यक्तिले उम्मेदवार हुन नपाउनेमा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठकले भ्रष्टाचारीलाई आजीवन उम्मेदवार बन्न प्रतिबन्ध लगाउने सहमति गऱ्यो।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिअन्तर्गतको उपसमितिले मौलिक हक र राज्यको निर्देशक सिद्धान्त, व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण, महिला तथा दलित आयोगलाई संवैधानिक हैसियत दिने सिफारिस गर्नु उपलब्धिमूलक रह्यो।

४. सवैधानिक राजनीतिक संवाद तथा सहमति समिति एवम् उपसमिति

संविधान निर्माणमा सहयोग पुग्ने उद्देश्यले विभिन्न दल तथा समूहसँग वार्ता गर्ने उद्देश्यले नेपाली काङ्ग्रेसका सभासद् आनन्दप्रसाद ढुङ्गानाको संयोजकत्वमा सरकारले जेठ महिनामा वार्ता समिति गठन गरेको थियो। उक्त उपसमितिसँग वार्ता गरेपछि देशभरका विभिन्न १४ ओटा सशस्त्र समूह हतियार बुझाउन तयार भएको उक्त समितिले जनायो।[4] संविधान निर्माण प्रकृयामा बाहिर रहेका शक्तिहरूलाई संविधान निर्माणमा सहभागी गराउने उद्देश्यले प्रारम्भिक वार्ता उपसमितिले तीन ठाँउमा उनीहरूसँग वार्ता गरेको थियो।

साउनको दोस्रो सातादेखि सशस्त्र समूहहरूसँग पूर्वको इलामबाट वार्ता सुरु गरेको उपसमितिले नेपालगञ्जमा अन्तिम वार्ता गरेको थियो। त्यस क्रममा १४ ओटा समूहसँग वार्ता र सहमति गरिएको उपसमितिले जनायो।

५. संसद्मा जनसरोकारका विषय

व्यवस्थापिका संसदको शून्य समय, विशेष समयहरूमा सरकारलाई जिम्मेवार बनाउने प्रयासहरू भए। मुक्त कमैयाका विषय, गैरन्यायिक हत्या, सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको गठनका विषयमा सरकारलाई जवाफदेही बनाउने क्रियाकलापहरू व्यवस्थापिका संसद्मा यस वर्ष भए।

काङ्ग्रेसका गगन थापा र राप्रपा नेपालका विराज विष्टले बन्दहडताल सधैँका लागि अन्त्य गर्न,

३. "सभापति चयन नहुँदा संसदीय समिति निष्प्रभावी" See more at: http://www.nagariknews.com/politics/constitutional-body/story/21575.html#sthash.0NRuNaNS.dpuf

४. "सशस्त्र समूहहरूसँगको वार्ता सकियो" http://www.bbc.co.uk/nepali/news/2014/08/140825_talks_armed_group

एमालेका सुरेन्द्र पाण्डेले सामाजिक सुरक्षा योजना तत्काल कार्यान्वयन गर्न, एमालेकै रामेश्वर फुयाँलले सार्वजनिक विद्यालयलाई प्राविधिक विद्यालयमा रूपान्तरण गर्न, सोही पार्टीकै केशव बडालले खाद्यसङ्कट अन्त्यसम्बन्धी सङ्कल्प प्रस्ताव दर्ता गराए। काङ्ग्रेसका नवीन्द्रराज जोशीले युवालाई निर्वाह भत्ता उपलब्ध गराउने, एमालेका भरतमोहन अधिकारीले वैदेशिक रोजगारीका सम्बन्धमा, युवराज ज्ञवालीले नेपाल भारत सीमा सम्बन्धमा देखापरेका समस्या समाधान गर्ने र आनन्द पोखरेलले ऊर्जा सङ्कट हटाउने सम्बन्धमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराए। सरकारको ध्यानाकर्षण गर्न सत्तासीन दलकै सभासद्ले आठ ओटा ध्यानाकर्षण प्रस्ताव दर्ता गरे।[५]

व्यवस्थापिका संसद्को कात्तिक २० गतेको बैठकमा बोल्दै सभासद् सन्तकुमार चौधरीले मुक्त कमैयाहरूको पुन: स्थापनाका लागि संसद्मा प्रस्ताव पेश गरे। सभासद् चौधरीले कमैया प्रथाको अन्त्य घोषणा भएको १४ वर्ष बितिसक्दा पनि हालसम्म उनीहरूले आधारभूत अधिकारको उपभोग गर्न नपाएको भन्दै राज्यले मुक्त कमैयाका परिवारलाई खानपुग्ने जमिन, नि:शुल्क शिक्षा, स्वास्थ्य र प्रत्येक परिवारका एक जना व्यक्तिलाई रोजगारको व्यवस्था गरियोस् भन्ने सार्वजनिक महत्वको प्रस्ताव पेश गरेका थिए ।

आफ्ना छोराको हत्यारालाई कारबाहीको माग गर्दै अनशन बसेका गोरखा फुजेलका अधिकारीको माग पूरा गर्न सरकारले चासो नदिएको भन्दै नेपाली काङ्ग्रेसका सभासद् अर्जुननरसिंह केसीले सरकारको ध्यानाकर्षण गराए। उनीहरूको माग पूरा सम्बोधन गर्न र अनशन तोडाउन सरकारले तत्काल पहल गर्नुपर्नेमा उनले समामुखमार्फत सरकारको ध्यानकर्षण गराएका थिए। यस विषयमा सरकारले दोषीलाई गिरफ्तार गर्न कारबाही अगाडि बढाएको उपप्रधानमन्त्री बामदेव गौतमले जवाफ दिए। सरकारले हत्यारालाई गिरफ्तार गर्न उचित कदम नचालेको भन्दै अनशनकै क्रममा उनको मृत्यु भयो। संसद्को असोज ३० गते बैठकमा कानुन मन्त्री नरहरि आचार्यले छोरा नूरप्रसाद अधिकारी सम्पर्कमा नआएका कारण उनका बाबु नन्दप्रसाद अधिकारीको शव उठ्न नसकेको संसद्लाई जानकारी दिए। न्यायको माग राखी नन्दप्रसादकी पत्नी गङ्गामाया अधिकारी आमरण अनशन बसिरहेको भन्दै मन्त्री आचार्यले सरकारले पटक-पटक अनशन अन्त्य गर्न र औषधी सेवन गर्न भनी दम्पत्तिलाई गरेको आग्रह विपरीत अनशन जारी राखेका कारण नन्दप्रसादको निधन हुन पुगेको बताएका थिए। मन्त्री आचार्यले नन्दप्रसादको मृत्युको घटनालाई गम्भीरका साथ लिई गङ्गामायालाई अनशन तोडाउने परिस्थिति सृजना हुने कुरामा सरकार विश्वस्त रहेको संसद्लाई जानकारी गराएका थिए।

६. आमाको नामबाट नागरिकता

सङ्घीयता, शासकीय स्वरूप, निर्वाचन र न्याय प्रणालीमा देखिएका विवादका कारण संविधान निर्माण प्रक्रिया अनिश्चित भयो। तर, यी राजनीतिक विषयले आमाको नाममा नागरिकता प्राप्त गर्न पाउने अधिकारलाई भने ओझेलमा पाऱ्यो। संविधान अभिलेख अध्ययन तथा निर्क्योल समितिले यो विषयलाई सहमति भइसकेको सूचीमा राखी मस्यौदा समितिमा पठायो। प्रस्तावित संविधानको मस्यौदामा वंशजको आधारमा नागरिकता प्राप्त गर्नका लागि आमा र बाबु दुवै नेपाली नागरिक हुनु पर्ने प्रावधान राखिँदा यसले हजारौँ नेपाली नागरिकलाई राज्यविहीन बनाउने अवस्था सिर्जना गर्न सक्ने भनी यसको सर्वत्र आलोचना भयो। सर्वोच्च अदालतलेसमेत यस विषयमा आमा वा बाबुको नाममा सन्तानलाई नागरिकता प्रदान गर्न आदेश जारी गरिसकेको अवस्थामा आमा र बाबु प्रावधान राखिँदा सो आदेशको प्रतिकूल हुने देखिन्छ (हेर्नुहोस् परिच्छेद न्यायपालिका)। नेपालको अन्तरिम संविधान, २०६३ भाग २, धारा ८ को उपधारा २(ख) मा आमाको नामबाट नागरिकता दिने विषयमा स्पष्ट उल्लेख छ "कुनै पनि व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्तिले नेपाली नागरिकता पाउने उल्लेख।"

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ५ ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार हुने र कसैलाई पनि नागरिकताको अधिकारबाट वञ्चित नगरिने प्रत्याभूति गरको छ। यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,१९९६ को धारा २४ ले प्रत्येक बालबालिकालाई नागरिकता प्राप्त गर्ने अधिकार सुरक्षित गरको छ। महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि,१९७९को धारा ९(

५. अन्नपूर्ण पोष्ट, ०७१ चैत १७ , पेज २

२)ले राष्ट्रियताको सबालमा महिलालाई पुरुषसरह अधिकार दिएको छ। यस्तै बालअधिकार महासन्धि,१९८९ को धारा ७ ले जन्मिएपछि नागरिकताको अधिकार पाउने व्यवस्था गरेको छ। उपरोक्त अन्तराष्ट्रिय दस्तावेजहरूको बिना कुनै असहमति नेपाल नेपाल पक्ष राष्ट्र भइसकेको छ। नेपालको सन्धि ऐन , २०४७ को दफा ९ ले नेपालले अनुमोदन गरेका सन्धि नेपालको राष्ट्रिय कानुनसरह लागू हुने व्यवस्था छ। बाझिएको हदमा अन्तर्राष्ट्रिय महासन्धिहरू लागु हुने प्रावधान छ।

यसै सन्दर्भमा सर्वोच्च अदालतका केही फैसला चर्चा गर्नु सान्दर्भिक हुने छ। दोलखा जिल्लाकी सविना दमाईले उनकी आमा नेपाली नागरिक भएकीले आमाको नाममा नागरिकताको प्रमाणपत्र पाउनका लागि जिल्ला प्रशासन कार्यालय, दोलखामा निवेदन दिएकी थिइन्। जिप्रकाले नागरिकता दिन इन्कार गरिदिएकाले उनले सर्वोच्च अदालतमा नेपालको संविधान २०६३ को धारा ८(२)(ख) को अधिकार कार्यान्वयन गराई पाउन निवेदन दिइन्। आमाको नामबाट नागरिकता दिन सर्वोच्च अदालतले ०६७ फागुन १५ गते आदेश गऱ्यो। साथै अदालतले गृहमन्त्रालयलाई अब उप्रान्त आमाको नाममा नागरिकता माग गर्नेलाई कानुनबमोजिम नागरिकता दिन पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिनू भनी निर्देशन पनि दिएको थियो। नेपालको अन्तरिम संविधान २०६३ को धारा ११६(१) र (२)ले मुद्दा मामिलाको रोहमा अदालत तथा सर्वोच्च अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नु पर्नेछ भन्ने उल्लेख छ। अदालत आफैं संविधानको संरक्षक भएकोले संवैधानिक प्रावधान विपरीत जान सक्दैन।

यस सन्दर्भमा नेपालका अघिल्ला संविधानको चर्चा गर्नु सान्दर्भिक हुन्छ। सैन्य शक्तिको आडमा बहुदलीय व्यवस्थालाई अफाप भन्दै पञ्चायती व्यवस्था लागू गरिएपछि निर्मित नेपालको संविधान २०१९ ले जन्म, वंशज, बसोबास र विवाहलाई नागरिकता प्राप्तिको आधार बनाएको थियो। २०१९ साललाई आधार वर्ष तोकेर जन्मको आधारमा नागरिकता दिने बाटो खोलिएको थियो। ०४७ सालको संविधानले वंशज, बसोवास र विवाहलाई नागरिकता प्राप्तिको आधार बनाएको थियो। ०५७ सालको नागरिकता विधेयकलाई सर्वोच्च अदालतले खारेज गरिदिएको थियो। नेपालको अन्तरिम संविधान २०६३ का निर्माताहरू नै अहिले नयाँ संविधान निर्माणका लागि प्रयत्नशील भइरहेका बेला अन्तरिम संविधानका प्रावधान विपरीत "बाबु र आमा" "बाबु वा आमा" को विवादमा किन अल्झिएका छन् , यो प्रश्न उठनु स्वभाविक हो। के अन्तरिम संविधानका प्रावधान गलत थिए वा त्यस प्रावधानबाट गलत प्रतिफल प्राप्त भयो ? यो प्रश्नको उत्तर संविधानसभाबाट नै आउनु आवश्यक छ, किनभने जनताले चुनेर पठाएका प्रतिनिधि नै अन्तिम निर्णायक हुन्।

७. संसद अवरोधको अनीति र प्रतिपक्ष

एकीकृत नेकपा माओवादी, राप्रपा नेपाल तथा मधेसवादी दलहरूले नेपाली काङ्ग्रेस र नेकपा एमालेको गठबन्धन सरकारको चर्को विरोध गर्दै व्यवस्थापिका संसद्को बैठक अवरुद्ध पारे। विगतमा जस्तै आफ्ना मागहरू पूरा गर्न दबाब दिन संसद् अवरोध गर्ने गलत परम्परा यस वर्ष पनि व्यवस्थापिका संसद्मा देखियो। विपक्षी दलका सभासद्हरूले सरकारको काम कारबाही विगतको सहमति लत्याउने तथा प्रतिपक्षले उठाएको कुरा सम्बोधन नगर्ने मात्र होइन कि तोक आदेशको भरमा अरबौं रकम अपचलन गरेको भन्दै यसलाई तत्काल रोक्नुपर्ने र सरकारले कुन-कुन योजनालाई कति रकम बाँडेको हो तथ्याङ्क सदनलाई जानकारी गराउन माग गर्दै संसद् बैठक अवरुद्ध पारेका थिए। व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलहरूबीच विगतका सहमति कार्यान्वयन गर्ने समझदारी भएपछि जेठ १६ गतेदेखि अवरुद्ध संसद् बैठक सुचारु भयो। नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र प्रमुख प्रतिपक्षी एनेकपा माओवादीबीच राजनीतिक समिति बनाउने, बजेट रकमान्तरबारे अर्थमन्त्रीले संसदमा जवाफ दिने, रकमान्तर बजेट खर्चबारे जिल्लास्तरमा अनुगमन समिति बनाउने र ०७० मङ्सिर ४ गतेको निर्वाचनमा भएको भनिएको धाँधलीबारे छानबिन गर्न संसदीय समिति गठन गर्नेलगायतका विषयमा सहमति भएको थियो।

जेठ महिनामा भएको चार बुँदे सहमति कार्यान्वयन नभएको भन्दै विपक्षीहरूले भदौ महिनामा पुन: संसद अवरोध गरे। करिब डेढ महिनासम्म अवरोध भएको संसद् एकीकृत नेकपा माओवादी र सत्तारुढ दलबीच पाँचबुँदे सहमति भएपछि सुचारु त भयो, तर यस सहमतिले भविष्यमा अनेकौं विवादका लागि बाटो पनि खोलिदियो। यो सहमति अपरिपक्वता र अदूरदर्शिताको प्रमाण पनि बन्न पुग्यो।

संसदीय व्यवस्थामा प्रतिपक्षको भूमिका

सर्वाधिक हुन्छ। वर्तमान प्रतिपक्षको प्रकृति कस्तो रहेको छ भने यसले संसदीय व्यवस्थाकै विरोधमा सशस्त्र जनयुद्धको घोषणा गरेको थियो र आफू संसदमै रहँदा पनि अन्य दललाई संसदीय दल भनेर आलोचना गर्ने गर्दै आएको छ। प्रतिपक्षको सशक्तताकै संसद् गतिशील भएर सरकार जनउत्तरदायी हुन्छ। चार बुँदे सहमति पालना नभएको भनेर सदन अवरुद्ध गर्नुको एउटै उद्देश्य थियो, नयाँ सहमति गर्ने, जुन भयो पनि। जुन निर्वाचनबाट आफू सत्तामा पुगेको छ त्यही निर्वाचनमा धाँधलीको समेत छानविन गर्ने सहमति गरेर सत्तारुढ दलहरूलाई प्रतिपक्षले झुकाएन मात्र उच्चस्तरीय राजनीतिक संयन्त्रको संयोजक एमाओवादीका अध्यक्षलाई सुम्पन बाध्य पनि पार्‍यो।

८. व्यवस्थापिका संसद्मा प्रस्तुत तथा पारित विधेयकः एक समीक्षा

८:१ अदालतको अपहेलनासम्बन्धी विधेयक

सरकारले व्यवस्थापिका संसद्मा पेस गरेको अदालतको अपहेलना विधयेकका केही प्रावधानमा नेपाल बार एसोसिएसन र नेपाल पत्रकार महासङ्घले आपत्ति जनाए। विधेयकका दफा ४, ५ र ८ का कतिपय बुँदाले नागरिक अधिकार र प्रेस स्वतन्त्रता हर्ने उनीहरूको आरोप थियो।

न्यायाधीशमाथि कुनै टिप्पणी गर्न नपाइने आशयको व्यवस्था विधेयकमा राखिएको प्रति उनीहरूको तीव्र विरोध गरे। इजलासमा कसैको काम-कारबाही वा क्रियाकलापबाट अदालतको अपहेलना भएको सम्बन्धमा न्यायाधीश स्वयम्ले जानकारी लिए, इजलासमा कसैको काम-कारबाही वा क्रियाकलापबाट अदालतको अपहेलना भएको भनी न्यायाधीशलाई ध्यानाकर्षण गराइएको विषयमा न्यायाधीश सन्तुष्ट भए अदालतको अपहेलना मानिने विधेयकमा उल्लेख छ। अदालतमा रहेका मिसिलमा संलग्न कागजातमा उल्लिखित बेहोराबाट अदालतको अपहेलना भएको विषय न्यायाधीशको जानकारीमा आए न्यायाधीशले पर्चा खडा गरी सम्बन्धित व्यक्तिउपर अवहेलनामा तत्काल कारबाही चलाउन आदेश दिन सक्ने विषयले न्यायाधीशका विषयमा कुनै टिप्पणी गर्न नपाइने गरी विधेयक ल्याइएको उनीहरूको भनाइ थियो।

विधेयकको दफा ४ मा अदालतको न्यायसम्पादन कार्यमा अवरोध पुर्‍याए वा अदालतको कुनै निर्णय वा आदेश कार्यान्वयन हुन नदिए वा त्यस्तो निर्णय वा आदेश कार्यान्वयन जानाजान अवज्ञा गरे, ढिलासुस्ती गरे वा गराउने बदि्नयतले कुनै कार्य गरे अदालतको अपहेलना गरेको मानिने उल्लेख छ। यस्तै, अदालतमा विचाराधीन मुद्दाको काम, कारबाही वा निर्णयमा अनुचित प्रभाव पारे, अदालतप्रतिको जनआस्थामा आँच पुर्‍याए। अदालतको न्यायिक कामकारबाहीप्रति सर्वसाधारणमा भ्रम उत्पन्न गराए वा त्यस्तै प्रकृतिका भ्रमपूर्ण वा झुट्टा विवरण प्रकाशन तथा विचार अभिव्यक्त गरे पनि अदालतको अपहेलना गरेको मानिने उल्लेख छ।[६]

तीव्र विरोधकाबीच अदालतको अपहेलना सम्बन्धी विवादास्पद विधेयक जनताका बीच छलफलमा पठाउने निर्णय भयो। संसद्को इतिहासमै सरकारी विधेयकमा सरोकारवाला र सर्वसाधारणका बीच छलफलमा लैजाने निर्णय भएको पहिलो पटक हो। अदालतको अपहेलनासम्बन्धी कानुनविहीनताको अवस्था अन्त्यका लागि संसद्मा आएको विधेयक फिर्ता पठाउनुभन्दा सर्वसाधारणको रायसहित परिमार्जन गर्ने प्रक्रिया अपनाउने उपाय सुझाउँदै सभामुख सुवास नेम्वाङले त्यसमा सरकारलाई सहमत गराएका थिए। सोहीअनुसार कानुनमन्त्री नरहरि आचार्यले संसदमा विधेयकलाई जनताको प्रतिक्रिया प्राप्त गर्न प्रचार गरियोस् भन्ने प्रस्ताव राखेका थिए। त्यसलाई सदनले स्वीकृत गरेपछि सभामुखले विधेयक छलफलका लागि जनतामा लैजाने प्रस्ताव पारित भएको घोषणा गरेका थिए।[७]

८.२ कथित बोक्सीसम्बन्धी विधेयक पेस

व्यवस्थापिका संसद्मा बोक्सीसम्बन्धी (कसुर र सजाय) विधेयक, २०७१ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृति दियो। उपप्रधान एवं संसदीय मामिला तथा स्थानीय विकासमन्त्री प्रकाशनमान सिंहले स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) विधेयक, २०७१ लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राखेको प्रस्तावलाई पनि सर्वसम्मतिले स्वीकृति प्रदान गर्‍यो।

६. "अदालत अवहेलना विधेयक संशोधन गरिने" http://nagariknews.com/politics/story/21747.html#sthash.e1HomXwT.dpuf

७. "अदालतको अपहेलना विधेयकमा जनमत सङ्कलन गरिने" http://www.nagariknews.com/main-story/story/24415.html

यो विधेयक पारित भयो भने यो कानुनको नाम बोक्सीसम्बन्धी (कसुर तथा सजाय) ऐन हुनेछ। केही सांसदले यसको नाममा नै आपत्ति प्रकट गरे भने कतिले यसको नाममा बोक्सा पनि थप्नुपर्ने धारणा व्यक्त गरे। "बोक्सी सम्बन्धी" भनिँदा बोक्सी प्रथालाई मान्यता दिएजस्तो लाग्ने भएर पनि यसको नाम परिवर्तन गरिनु सान्दर्भिक देखिन्छ।

कथित बोक्सीको आरोपमा पीडित हुने धेरैजसो महिला नै हुने गर्छन्। त्यसमाथि असहाय, गरिब, दलित, जनजाति, एकल महिला कथित बोक्सीका नाममा प्रताडित हुने गरेको पाइन्छ। अभक्ष खुवाउनेदेखि लिएर हत्याजस्ता जघन्य अपराध पनि यससँग गाँसिएको पाइन्छ। कानुनको अभावका कारण हत्याबाहेक जस्तोसुकै अपराधमा पनि सार्वजनिक अपराध ऐन अन्तर्गत कारबाही चलाउने वा गाउँ समाजमा मिलापत्र गराइदिने उपाय प्रचलनमा रहेको छ। एक पटक समाजमा बोक्सीको आरोप लगाएर प्रताडित गरेपछि पीडितका परिवारलाई परेको मानसिक चोट कुनै पनि सजाय वा हानिपूरणले कम हुन सक्दैन। सन् २०१४ मा मात्र कथित बोक्सीको आरोपमा ८९ जना महिला पीडित भएको इन्सेकको अभिलेख रहेको छ।

जसरी यो ऐन सदनमा प्रस्तुत भई छलफल भइरहेको छ, पारित भएपछि यसले बोक्सीको आरोप लगाउनेदेखि लिएर प्रताडना गर्नेहरू निरुत्साहित हुनेमा विश्वास गर्न सकिन्छ। यस ऐनमा कसुरको गम्भीरता हेरी एक वर्षदेखि १० वर्ष कैद र १० हजार रुपियाँदेखि लिएर एक लाख रुपियाँसम्म जरिवाना हुनुपर्ने प्रस्ताव गरिएको छ।

त्यसैगरी कानुनमन्त्री नरहरि आचार्यले लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक यस वर्ष संसदमा पेश गरे।

८.३ अमानवीय क्रियाकलाप निर्मूलनसम्बन्धी विधेयक

सरकारले यातनालाई फौजदारी कसुर परिभाषित गरी यातना दिने व्यक्तिलाई पाँच वर्ष कैद सजायसहितको विधेयक संसदमा पेश गऱ्यो। विधेयकमा अपराध अनुसन्धान तथा पुर्पक्षका क्रममा हुने यातना र अमानवीय व्यवहारलाई समेटिएको छ। उपप्रधान मन्त्री एवम् गृहमन्त्री वामदेव गौतमले यातना तथा अमानवीय क्रियाकलाप निर्मूलसम्बन्धी विधेयक मङ्सिर ५ मा संसद् सचिवालयमा दर्ता गरेका हुन्। विधेयक पारित भए यातना क्षतिपूर्ति ऐन ०५३ खारेज हुनेछ। प्रस्तावित विधेयक अनुसार यातनापीडितले क्षतिपूर्ति पाउनेछन्। यातना दि दुरुत्साहित गर्ने, अमानवीय व्यवहार गर्ने र त्यस्ता व्यवहारका लागि उक्साउनेलाई कारबाही हुनेछ।

८.४ फौजदारी तथा देवानी संहिताहरू

कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयले ३० असोजमा अपराधसंहिता फौजदारी कार्यविधि संहिता, फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक, देवानी संहिता र देवानी कार्यविधि संहिता गरी पाँच विधेयक संसद्मा दर्ता गरको छ। यी विधेयक पारित भएपछि नेपालमा १६० वर्ष अघि लागू भएको मुलुकी ऐन विस्थापित हुनेछ। संहिताले १६ वर्ष पुगेकोलाई उमेर पुगेको मानिने प्रचलित कानुनमा रहेका प्रावधानलाई हटाएर १८ वर्ष राखेर बालअधिकार महासन्धिको परिभाषाको सम्मान गरेको छ। जन्मकैदलाई ३० वर्ष र अत्यन्त जघन्य अपराध गरेको कसुरमा जीवित रहेसम्म कसुरदार कैदमा बस्नुपर्ने प्रावधान छ।

९. व्यवस्थापिका संसद्बाट पारित विधेयकहरू

अन्तरिम सरकारले चुनावका लागि जारी गरेको बाधा अड्काउ फुकाउ आदेश, निर्वाचनसम्बन्धी अध्यादेश र अन्य केही अध्यादेश माघ १९ गते बहुमतले अनुमोदन गऱ्यो।

संसद्ले पूर्ववर्ती सरकारका पालामा जारी सुपुर्दगी अध्यादेश र सङ्गठित अपराध निवारण अध्यादेश पारित गऱ्यो। यस्तै, स्वास्थ्य सेवा चौथो संशोधन अध्यादेश र निजामती सेवा तेस्रो संशोधन अध्यादेश पनि स्वीकृत भयो ।

लैङ्गिक विभेद हटाउने भन्दै सरकारले विवाहित वा अविवाहित छोरीलाई पनि छोरासरह पैतृक सम्पत्तिमा समान हक दिने व्यवस्था भएको विधेयक संसदमा दर्ता गरेपछि त्यसबारेको चर्चा चुलियो। मुलुकी ऐनको व्यवस्थाले महिला र पुरुषबीच थुप्रै विभेद गरेको भन्दै सरकारले जेठ अन्तिम साता उक्त ऐनका विवादित व्यवस्था संशोधन गर्न संसदमा विधेयक दर्ता गरेको थियो। पाति हुन बाँकी रहेको उक्त विधेयक जस्ताको त्यस्तै पारित भए त्यसले यो ऐन संशोधन हुनु पहिल्यै विवाह गरिसकेका छोरीलाई पनि बाबु आमाबाट पैतृक सम्पत्तिमा दाजुभाइ सरह समान अंश पाउने अधिकार

हुनेछ।[८]

संशोधन गर्न बनेको विधेयकमा श्रीमतीलाई जबरजस्ती करणी गर्नेलाई पाँच वर्षसम्म कैद सजाय हुनुपर्ने प्रस्ताव गरिएको छ। श्रीमानले जबरजस्ती गरेको उजुरी दिइने महिलालाई मुद्दाको किनारा नलाग्दासम्म सरकारले संरक्षण दिने व्यवस्था पनि संशोधन विधेयकमा व्यवस्था गरिएको छ।

गर्भवती र अशक्त महिलालाई जबरजस्ती करणी वा सामूहिक बलात्कार गर्नेलाई १० वर्ष कैद गर्ने व्यवस्था पनि सो विधेयकमा उल्लेख छ। त्यसैगरी अहिलेसम्म नेपालको कानुनमा विशेष अवस्थामा बहुविवाह गर्न पाउने व्यवस्था छ। जसको विभिन्न बहाना बनाएर पुरूषले फाइदा लिइरहेका छन् भने महिला पीडित बनेको तर, प्रस्ताविक कानुनमा विशेष अवस्थामा पनि एक जना श्रीमती हुँदाहुँदै अर्की श्रीमती विवाह गर्न पाउने कानुनी व्यवस्थाको अन्त्य गर्नुपर्ने व्यवस्था गरिएको छ।

९.१ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१

आठ वर्षअघि तत्कालीन विद्रोही नेकपा माओवादी तथा नेपाल सरकारबीच भएको विस्तृत शान्ति सम्झौताको दफामा ५.२.३ मा "दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी गराउन मञ्जुर गर्दछन्" भन्ने प्रावधान छ। यससँगै सो सम्झौताको दफा ५.२.५ मा, "दुवैपक्ष द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्" भन्ने व्यवस्था छ। साथै, दफा ५.२.७ मा, "दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र राखिएको बन्दीहरूको मुद्दा मामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्काले सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन्" भन्ने उल्लेख छ। विभिन्न कालखण्डमा भएका सहमति एवम् प्रतिबद्धता पालना नगरिए झैं यस समझौताको पनि पालना भएन। सम्झौताका तिनै बुँदाको आधारमा अन्तरिम संविधानमा समेत सङ्क्रमणकालीन आयोग गठनको विषय उल्लेख भएको छ।

सर्वोच्च अदालतले संशोधन गर्न आदेश दिएको बेपत्ता छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्वन्धी अध्यादेश सरकारले जस्ताको त्यस्तै संसदमा पेश गऱ्यो। सर्वोच्च अदालतले ०७० पुस १८ गते बेपत्ता छानविन र सत्य निरूपणसम्बन्धी छुट्टा छुट्टै आयोग गठन गर्नका साथै अध्यादेशको २३, २५ र २९ दफा संशोधन गरी जघन्य अपराधमा आममाफी नदिने गरी कानुन बनाउन परमादेश दिएको थियो।

यस वर्ष पारित भएको ऐनले सङ्क्रमणकालीन न्यायिक आयोग गठन गर्न बाटो खोलिदियो। तर, यो ऐनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाले आलोचना गर्दैं संशोधन गर्नु पर्ने धारणा व्यक्त गरे। राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले प्रेस विज्ञप्ति जारी गरी सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न जारी ऐन सच्याउन सरकारसँग आग्रह पनि गऱ्यो।[९]

ऐनले माओवादी सशस्त्र द्वन्द्वकालीन घटनासँग सम्बन्धित सबै मुद्दा हेर्ने गरी विशेष अदालत गठनको व्यवस्था गरेको छ। त्यससँग सम्बन्धित न्यायालयमा विचाराधीन मुद्दासमेत सत्य निरूपण आयोगको क्षेत्राधिकारमा पर्ने विशेष व्यवस्थासमेत भएको छ।

सरकारले प्रमुख तीन दल र अन्य केही सांसदहरूको संशोधन प्रस्ताव स्वीकार गरेपछि सदनको बहुमतले विधेयक पारित गरेको थियो। मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने अडानमा रहेका सत्तारूढ दलका सांसद्हरू भने क्षमादानमुखी प्रावधानप्रति असन्तुष्ट थिए। मानव अधिकार उल्लङ्घनका घटनामा समेत आयोगले क्षमादान दिने व्यवस्थाप्रति सहमत हुन नसकिने संशोधन प्रस्ताव फिर्ता लिने क्रममा सत्तारूढ काङ्ग्रेसका सांसद् गगन थापाले बताए। दलको ह्विपका अघि आत्मसमर्पण गर्नुपर्ने भएकाले बाध्य भएर, भविष्यमा पनि न्यायका पक्षमा लड्ने प्रतिबद्धतासहित

---

८. "विवाहित छोरीलाई पनि सम्पत्ति दिने प्रस्ताव"
http://www.bbc.co.uk/nepali/news/2014/07/140701_right_to_property.shtml

९. UN High Commission Urges Government to Amend TRC Act
http://www.inseconline.org/index.php?type=news&id=14268&lang=en

संशोधन फिर्ता लिएको जनाए। गङ्गालाल तुलाधर, कृष्णभक्त पोखरेल, चूडामणि जङ्गलीसहितका एमाले सांसदहरूले मानव अधिकारका विश्वव्यापी मान्यता, नेपाल पक्षराष्ट्र रहेका अन्तर्राष्ट्रिय अभिसन्धि र क्षमादानलाई आयोगको तजबिजी क्षेत्राधिकार नबनाउन सर्वोच्चले दिएको आदेशलाई सम्बोधन गर्नुपर्ने अडान राखेका थिए।

यस ऐनको दफा ३ ले आयोगलाई मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनामा मात्र छनबिन गर्ने कार्यादेश दिएको देखिन्छ। ऐनको दफा २ (ञ) मा गरिएको मानवअधिकार गम्भीर उल्लङ्घनको परिभाषा आफैँमा विरोधाभाष र त्रुटीपूर्ण देखिन्छ। उक्त दफामा प्रयुक्त शब्दावली हेर्दा त्यसले सशस्त्र द्वन्द्वको क्रममा निशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित कार्यलाई मात्र समेटेको देखिन्छ। तर जेनेभा महासन्धिको साझा धारा ३ विपरीत गरिएका मानवअधिकार उल्लङ्घनलाई यसले छोएको छैन।

ऐनको दफा २ को उपदफा (२)मा पीडकको परिभाषाअन्तर्गत सङ्घ, संस्था वा समूहलाई समावेश गरिएको छैन। यसरी कुनै पनि व्यक्तिले गरेको अपराधलाई सङ्घ संस्थाले जिम्मेवारी मात्र लिए पनि दोषीले उन्मुक्ति पाउने सक्नेछ।

विद्यमान ऐनमा भएको मेलमिलापसम्बन्धी व्यवस्था हेर्दा यो मेलमिलापको सैद्धान्तिक अवधारणाविपरीत रहेको देखिन्छ। यसले गम्भीर अपराधहरूमा समेत मेलमिलाप हुन सक्ने गरी गरेको व्यवस्था अन्तर्राष्ट्रिय कानुनको मापदण्ड र पीडितको हित अनुकूल देखिँदैन। साथै मेलमिलाप हुने सक्ने विषयमासमेत पीडितको सहमतिलाई स्पष्टरूपमा अनिवार्य बनाउन सकेको छैन।

पीडितहरूलाई तत्काल अन्तरिम राहत दिने सम्बन्धमा ऐन मौन रहेको छ। ऐनमा परिपूरणका लागि प्रदान गरिने सुविधा एवम् सहुलियतका आधारहरू पर्याप्त रहेका देखिँदैनन। सार्थ परिपूरणलाई पीडितको अधिकारको रूपमा नभई सुविधा वा सहुलियतको रूपमा लिइएको देखिन्छ।

ऐनमा क्षमादान दिन नसकिने अपराधहरूको स्पष्ट किटान नगरिएको हुँदा अन्तर्राष्ट्रिय कानुन र सर्वोच्च अदालतको फैसलाविपरीत मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घनका घटनामा संलग्न दोषीलाई समेत क्षमादान दिन सकिने देखिने भएकाले यसलाई सच्याउन आदेश समेत गरिसकेको अवस्था छ। *(थप जानकारीका लागि हेर्नुहोस् परिच्छेद न्यायपालिका)*

९.२ कार्यस्थलमा हुने यौन दुर्व्यवहार(निवारण) सम्बन्धी ऐन, २०७१

कार्यस्थलमा हुने यौन दुर्व्यवहार(निवारण) सम्बन्धी विधेयक असार २० गते संसदमा दर्ता भई कात्तिक २३ गते पारित भयो। संसद्को यो अधिवेशनले पारित गरेको यस विधेयकमा कार्यस्थलमा यौनहिंसा गरेमा वा त्यसको प्रयास गरेमा घटनाको प्रकृति हेरेर तीनदेखि ६ महिना कैद र पचास हजार रुपियाँ जरिवाना गर्ने व्यवस्था ऐनमा छ।

ऐन अनुसार कसैले गलत नियतले महिला सहकर्मीलाई हेर्ने, उसको मनोबल गिर्ने गरी कुरा गर्ने तथा संवेदनशील अङ्गहरूमा छुने गरेमा पनि यौन हिंसा मानिनेछ। यसैगरी आरोपित व्यक्तिलाई कानुनबमोजिम विभागीय कारबाही गर्नुपर्ने, यौन दुर्व्यवहारमा परेकाहरूलाई मनोविमर्श गराउने जस्ता व्यवस्था पनि ऐनले गरेको छ।

१०. सभासद्को आचरण

दुई वर्षअघि पाँच जनाको ज्यान जाने गरी जनकपुरको रामानन्द चोकमा गराइएको बम विस्फोटका मुख्य योजनाकार भएको आरोपमा धनुषा-४ का सभासद् एवम् सद्भावना पार्टीका वरिष्ठ केन्द्रीय उपाध्यक्ष सञ्जयकुमार साह गिरफ्तार भए। संविधानसभा सचिवालयले उनलाई सभासद पदबाट निलम्बन गऱ्यो। संविधानसभा, व्यवस्थापिका संसद र त्यसअन्तर्गत गठन भएको कुनै पनि समितिको बैठकमा भाग लिन नपाउने गरी निलम्बन गरिएको सचिवालयले जनायो। साह ०६९ वैशाख १८ गते रामानन्द चोकमा पाँच जनाको ज्यान जाने गरी गराइएको बम विस्फोटमा संलग्न रहेको प्रहरीको अनुसन्धान ब्यूरोले जनायो।

११. न्यून उपस्थिति

बैठकमा शून्य समय र नियमित कारबाही सुरु हुनासाथ सांसदहरूको निदाउने होडबाजी चलेको देखियो। बैठक कक्ष वरिपरि र सूचना केन्द्रमा राखिएका एलसीडी मनिटरबाट सांसदहरू निदाएका दृश्य राम्ररी देखिन्थ्यो। त्यही क्रममा केही महिला सांसदले त कपालले अनुहार ढाकेर बसेको पनि देखियो। निदाएको दृश्य प्रसारण भएपछि सांसदहरू सतर्क भएको पनि देखिन्थे। एउटा अनुसन्धान संस्था मार्टिन चौतारीले

गरेको अध्ययन अनुसार बैठकमा सभासदहरूको औसत उपस्थिति ७६ प्रतिशत देखियो। अघिल्लो वर्ष यो सङ्ख्या ६२ प्रतिशतको हाराहारीमा रहेको थियो।[१०]

यी सबै परिदृश्यले भविष्यमा हुने निर्वाचनमा मतदाताहरू सजग र सचेत हुन सङ्केत गरेका छन्।

१२. निष्कर्ष

विधि र प्रक्रियालाई केही शीर्ष नेताहरूको निर्णयले प्रतिस्थापन गरेको हुँदा संविधानसभा/व्यवस्थापिका-संसद त्यति प्रभावकारी भएन। संसदमा उठेको विषयले महत्व नपाउने र उठेका विषयको सम्बोधन भएनन्। आफैँले घोषणा गरेको संविधान जारी गर्ने मिति गुजारेका दलहरू मिलेर नयाँ कार्यतालिका जारी गरी नयाँ संविधान जारी गर्नुको विकल्प छैन। संसदमा रहेको मानवअधिकारसम्बन्धी महत्वपूर्ण विधेयकहरूलाई पनि अन्तर्राष्ट्रिय मापदण्डअनुरूप पारित गर्न जरुरी छ।

१०. "बल्ल बन्यो सत्य निरुपण ऐन" http://www.ekantipur.com/np/2071/1/13/full-story/388170.html

परिच्छेद

३

३.१ झापाका राजवंशी समुदाय र मातृभाषामा शिक्षा

"यदि कुनै मानिससँग उसले बुझ्ने भाषामा कुरा गर्नुहुन्छ भने त्यो दिमागमा पस्छ, मातृभाषामा बोल्नु भयो भने मुटुमा।"

नेल्शन मण्डेला

१. पृष्ठभूमि

मण्डेलाको उपरोक्त कथनले मातृभाषाको महत्व दर्शाउँछ। जन्मिएपछि संवाद गर्न सिक्ने पहिलो भाषा नै मानिस मातृभाषा हुन्छ। मातृभाषामा शिक्षा लिन जति सहज हुन्छ, अन्य भाषामा हुँदैन। मातृभाषामा दिइने शिक्षाको अर्को सुन्दर पक्ष भनेको यसले आफ्नो भाषा, त्यसको लिपी एवम् साँस्कृतिक पक्षप्रति आकर्षण पनि बढाउँदछ। त्यसैले मातृभाषामा शिक्षाको महत्व अतुलनीय हुन्छ।

संयुक्त राष्ट्रसङ्घको अध्ययनअनुसार विश्वका झण्डै ५ हजार ३ सय भाषा सङ्कटमा परेका छन्। नेपालकै कुरा गर्ने हो भने २०६८ को जनगणनाअनुसार नेपाल १ सय २६ जातजाति र १ सय २३ भाषा भएको देश हो। जातीय र भाषिक विविधता नेपालको विशिष्टता पनि हो। भाषाहरूको अध्ययन गर्ने संस्था इथ्नोलोगका अनुसार विश्वमा एक सय भन्दा बढी भाषा बोलिने मुलुक २३ ओटा छन्, जसमध्ये नेपाल २० सौं स्थानमा पर्दछ।

विभिन्न कालखण्डका राजनीतिक व्यवस्थाका कारण नेपालमा राष्ट्रिय भाषाको संरक्षण र सम्बर्द्धन भएको पाइँदैन। २०४६ सालको राजनीतिक परिवर्तनपछि मात्र राष्ट्रिय भाषाप्रति राज्यको ध्यान गएको पाइन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ ले पहिलोपटक मातृभाषामा प्राथमिक शिक्षाको अधिकार सुनिश्चित गरेको थियो भने नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७:१ मा मातृभाषामा आधारभूत शिक्षा पाउने प्रावधान छ।

आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र -२००७ को धारा १३:१ मा आदिवासीसँग उनीहरूको आफ्नो इतिहास, भाषा मौखिक परम्परा, दर्शन, लेखन प्रणाली तथा साहित्यहरू पुर्नजीवित गर्ने, प्रयोग गर्ने तथा भावी पुस्तालाई हस्तान्तरण गर्ने तथा समुदाय, स्थान र व्यक्तिको आफ्नै नाम राख्ने र तिनलाई कायम राख्ने अधिकार छ। यी अधिकारको व्यवहारिक रूपान्तरणका लागि पनि मातृभाषामा शिक्षा अपरिहार्य हुन्छ।

राष्ट्रसङ्घद्वारा जारी आर्थिक , सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा १३ को उपधारा १,२,३ र ४ मा पनि यस्तो प्रावधान छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ को उपधारा १ ले मातृभाषामा शिक्षालाई संविधानमा नै मौलिक अधिकारको रूपमा सुनिश्चित गरे पनि त्यसको कार्यान्वययन र सरकारी तहको तदारुकता भने फितलो रहेको छ। जसका कारण मातृभाषामा शिक्षाको अवस्था अपेक्षाकृत प्रभावकारी हुनसकेको छैन र संविधानले सुनिश्चित गरेको अधिकार प्रयोगको अवस्था सही रूपमा भइरहेको छैन।

नेपाल सरकारले मातृभाषा शिक्षाका बारेमा सातओटा प्रमुख आधिकारिक दस्तावेजमा उल्लेख गरेको छ। ती हुन् -नेपालको अन्तरिम संविधान २०६३, शिक्षा ऐन २०२८, स्थानीय स्वायत्त ऐन २०५५ र नियमावली २०५६, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६४ सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००१-२०१५ र तीन वर्षीय अन्तरिम योजना ०६४-०६७।

बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका-०६६ तयार भई कार्यान्वयनमा आएको पाँच वर्षभन्दा बढी भइसक्दा पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। सन् २०१५ सम्ममा देशको ७ हजार ५ सय विद्यालयहरूमा बहुभाषिक शिक्षा लागु गरिसक्ने योजना बनाइए तापनि सरकारी नीति प्रभावकारी देखिएको छैन। हालसम्म २४ विद्यालयमा मात्र यो कार्यक्रम लागु भएको छ।

यसरी, मातृभाषामा शिक्षा प्रदान गर्ने सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वहरू तथा प्राथमिक तहमा विद्यालय छनौट गरी मातृभाषामा शिक्षा प्रदान गर्ने व्यवस्था नेपालको शिक्षा ऐनमा भए पनि हालसम्म त्यसको समेत कार्यान्वयन पक्ष भने फितलो छ। यसै सन्दर्भमा यस अध्ययनमा पूर्वाञ्चल विकास क्षेत्रको झापा जिल्लामा राजवंशी समुदायको मातृभाषा शिक्षाको अवस्थाको विश्लेषण गरिएको छ।

२. अध्ययनको उद्देश्य

- झापा जिल्लामा राजवंशी भाषामा प्राथमिक शिक्षाको अवस्थाको अनुगमन गर्ने।
- प्राथमिक शिक्षाको अवस्थाको विषयमा जानकारी गराउने।
- राजवंशी समुदायको विषयमा शिक्षाविद् , सरकारी निकाय, जातीय सङ्घसंस्था , राजनीतिक दल , शिक्षक विद्यार्थीलगायत सरोकारवाला निकायहरूको धारणा लिने।

३. अध्ययनको औचित्य

मानिसले समाजमा समान, स्वतन्त्रतापूर्वक बाँच्न पाउने, आर्थिक र सामाजिक गतिविधिमा भाग लिन पाउने तथा मातृभाषामा शिक्षा लिन पाउने कुरा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरूमा उल्लेख गरिएको छ। तर, हाम्रो देशमा रहेका केही अल्पसङ्ख्यक जाति पुराना आदिवासी जनजाति समुदायहरू विभिन्न हिसाबले राजनीतिक, सामाजिक, आर्थिक र शैक्षिक रूपमा पछि पर्दै आइरहेको अवस्था छ।

उनीहरू आफैँभन्दा पनि राज्यको नीति नियमको अभाव, भएका नीति नियमका प्रभावकारी कार्यान्वयन पक्षको कमजोरी तथा बढ्दो आधुनिकीकरणको कारण पुराना जातजातिहरूको धर्म संस्कृति, रीतिरिवाज, भाषा, लिपी हराउँदै जान लागेको अवस्था छ। यसरी संरक्षण गर्नुपर्ने समुदायको विविध पक्षहरू लोप भएर जानु एउटा नराम्रो पक्ष हो। जुन कुरालाई जीवन्त राख्नको लागि नेपालको अन्तरिम संविधान २०६३ मा जातजाति धर्मका कुराहरूलाई मौलिक हकको रूपमा राखेर संरक्षित गर्न खोजिएको छ।

राजवंशी समुदायका बालबालिकाले मातृभाषामा प्राथमिक शिक्षा कसरी पाइरहेका छन् ? शिक्षा प्रदान गर्दा आएका समस्या तथा चुनौतीहरूका विविध सवालहरूको जवाफ खोज्न तथा यथार्थ जानकारी गराउने उद्देश्यले यो अध्ययन झापा जिल्लामा गरिएको हो।

यस अध्ययनले सरोकारवालाहरूलाई झापा जिल्लामा राजवंशी समुदायका बालबालिका राजनीतिक, आर्थिक, सामाजिक र शैक्षिक अवस्था, मातृभाषा शिक्षाको अवस्था, चुनौती र समस्या बारेमा जानकारी गराउने प्रयत्न गरेको छ। यसले राजनीतिज्ञ, शिक्षाविद्, लेखक, अभिभावक, जातीय संस्थाका पदाधिकारीहरू, जातीय विषयका विज्ञ व्यक्तिहरू तथा सरोकारवालाहरूलाई राजवंशी समुदायको विषयमा जानकारी दिनेछ। साथै पुराना जातजाति, लोपोन्मुख जातिहरू, अल्पसङ्ख्यक जातजातिहरूको संरक्षण तथा हकअधिकार स्थापनाको लागि सबैलाई सहयोग पुग्नेछ भन्ने अपेक्षा यो अध्ययनले लिएको छ।

४. अध्ययन विधि

राजवंशी समुदायको शैक्षिक, आर्थिक सामाजिक साँस्कृतिक अवस्थाबारे जाानकारी लिनको लागि जिल्लाका सरकारी निकाय, जातीय संस्था, गैरसरकारी संस्था, भाषिक विज्ञ, भाषिक शिक्षक, राजनीतिक दल, सरोकारवालाहरूसँग भेटघाट, अन्तरक्रिया, अन्तर्वार्ता तथा प्रश्नोत्तरको माध्यम तथा ती जातिसम्बन्धी प्रकाशित विभिन्न पुस्तक तथा पत्रिकाहरूमा भएका जानकारी तथ्याङ्कहरूलाई अध्ययनको लागि आवश्यक सामग्री बनाइएको छ।

५. राजवंशी समुदायः सङ्क्षिप्त परिचय

राष्ट्रिय जनगणना २०६८ अनुसार झापा जिल्लाको कुल जनसङ्ख्या ८ लाख १२ हजार ६ सय ५० रहेको छ। जसमा राजवंशीको जनसङ्ख्या ७३ हजार ३ सय ८२ रहेको छ। जिल्लाको कूल भर्ना दर ९५ प्रतिशत रहेको छ भने राजवंशीको मात्रै छुट्टै भर्ना दर र राजवंशीको साक्षरता प्रतिशतको तथ्याङ्क भने उपलब्ध छैन।

जिल्लामा राजवंशी समुदायका अलवा अन्य थुप्रै आदिवासी, जनजातिहरूको बसोबास रहेको छ । राजवंशी समुदाय कोच जातिअन्तर्गत पर्ने एउटा उपजाति हो। कोच जातिमा अन्य थुप्रै जातिहरू पर्दछन्। जस्तै गन्गाई, कोचे, मेचे आदि। जिल्लामा बसोवास गर्ने अन्य जनजातिहरूमा ताजपुरिया, गन्गाईं, सन्थाल, मुसलमान, थारु, धिमाल, मेचे, झाँगड, किसान, प्रजा, माझी, मुण्डा, राई, लिम्बू, सुनवार, नेवार, कहर, मगर, तामाङ, भुजेल, कुमाल, कुलुङ, डोम, खत्वे, मुसहर, यादव, थामी, सरवरिया, कायस्थ, चमार, भोटे, शेर्पा, कुसुण्डा, लोमीलगायतका रहेका छन्।

राजवंशी समुदायको ऐतिहासिक पृष्ठभूमि हेर्दा प्राचीनकालीन मल्ल, लिच्छवी, किराँत, बाईसी चौबीसी राज्यहरू जस्तै वर्तमान नेपालको पूर्वी कोसी नदी तराई पूर्वी खण्डदेखि हाल भारतको जलपाइगुढी, कोचविहार, भुटान, आसाम दक्षिण दिनापुरसम्म फैलिएको पाइन्छ। सोहीअनुरूप ती क्षेत्रहरूलाई चार राज्यमा विभाजन गरी योनीपीठ, गर्भपीठ, कामपीठ र रत्नपीठ रहेको इतिहासले देखाउँछ। त्यसअनुसार रत्नपीठअन्तर्गत नेपालको कोसी पूर्वको भूभाग रहेको थियो। हालको अवस्थामा झापा, मोरङ र सुनसरीमा राजवंशी समुदायको बसोवास रहेको पाइन्छ।

यो समुदाय ठूलो गुज्जमुज्ज परेर रहेको गाउँमा बस्न मन पराउँछ। खेतिकिसानी गर्ने समुदाय भएकोले मेहनती, सोझो र इमान्दार हुन्छ।

राजवंशी झापा जिल्लाको आदिवासी समुदाय हो। यो समुदायको बसोवास जिल्लाका सबै क्षेत्रमा पाइए

तापनि प्राय: गरेर जिल्लाको मध्य तथा दक्षिणी भेगमा बढी रहेको पाइन्छ। यो समुदाय खास गरेर भद्रपुर, पथरिया, अनारमनी, पाठामारी, घेरावारी, मेचीनगर नपा, गौरीगञ्ज घैलाडुब्बा, वैगुनधुरा, राजगढ, खजुरगाछी, कोहबरामा बढी केन्द्रित रहेको पाइन्छ।

जनगणना २०६८ अनुसार झापा जिल्लामा राजवंशी भाषीहरूको सङ्ख्या १ लाख २२ हजार २ सय १४ छ जो नेपालको जनसङ्ख्याको ०: ४६ प्रतिशत हो। सुनसरी, मोरडमा पनि राजवंशीको बसोबास छ। सबै भन्दा बढी ७३ हजार ३ सय ८२ झापामा बसोबास गर्दछन्। ती मध्ये महिलाको सङ्ख्या ३७ हजार ८ सय ९७ रहेको छ।

शारीरिक बनोटले मङ्गोल आकृतिको जस्तो भए पनि यिनीहरूको भाषा बङ्गाली र आसामी भाषासँग मिल्दोजुल्दो हुन्छ। प्रकृतिपूजन उनीहरू ठाकुर ब्रह्मानीको पूजा गर्दछन् र धामीझाँक्रीमा विश्वास गर्दछन्। उनीहरूको जातिभित्र बङ्गा, खटा मात्रा आदि जाति (गोत्र) हुन्छन्।

यो समुदायका युवायुवतीहरू हाल आएर केही मात्रामा शिक्षित भई सरकारी र गैरसरकारी सेवामा संलग्न छन् भने केही वैदेशिक रोजगारीमा समेत गएका छन्।

कृषिलाई प्रधान पेशाको रूपमा अँगाल्दै आएको यो समुदायका मानिसहरू निम्न र मध्यम वर्गको रूपमा रहेका छन्।

६. राजवंशी भाषा पढाइ हुने विद्यालयहरू

जुनसुकै देशको शिक्षाको अवस्था एउटा महत्वपूर्ण कुरा हो। देशमा असल र दक्ष नागरिक उत्पादन देशको भविष्य निर्धारणको कसि शिक्षा हो । असल शिक्षा नीतिबाट नै देशको भविष्य सुनौलो हुन्छ। परम्परागत र अव्यावहारिक शिक्षाले देश विकासमा सहयोग पुऱ्याउन सक्दैन। त्यसकारण शिक्षा जस्तो कुरालाई आर्थिकरूपमा फाइदा तथा नोक्सानको तराजुमा राखेर हेर्नु हुँदैन।

देशको शैक्षिक व्यवस्थामा पाठ्यक्रम र पाठ्यवस्तु त्यस देशभित्र रहेको विभिन्न भागमा बस्ने जातिसँग समेत सम्बन्धित हुनुपर्दछ। यसैक्रममा झापा जिल्लामा रहेका राजवंशी समुदायको आफ्नै मातृभाषा रहेकोमा मातृभाषामा अध्ययन हुने सरकारी विद्यालयहरू जिल्लाका विभिन्न क्षेत्रमा गरी पाँचओटा रहेका छन्।

यी विद्यालयहरूमा सरकारी सहयोग यथेष्ट नभएका कारण भातृभाषा शिक्षा अध्यापनमा समस्या आइरहेको जिल्ला शिक्षा कार्यालय झापाका विद्यालय निरीक्षक हरि मिश्रले बताए । सरकारको नीति परीक्षण गर्ने किसिमको मात्र रहेकाले राजवंशी समुदायको भातृभाषाको विकासमा सहयोग पुग्न नसकेको उनको निष्कर्ष छ। शैक्षिक तालिम केन्द्रमा पनि प्रत्येक आर्थिक वर्षमा एकपटक राजवंशी भाषामा पढाइ हुने विद्यालयका शिक्षकहरूलाई तालिम दिइने गरेको शैक्षिक तालिम केन्द्रका गेहनाथ भट्टराई बताउँछन्। राजवंशी भाषाका शिक्षाविद् तथा विज्ञहरूबाट तालिम प्रदान गरिने उनी बताउँछन्। सरकारले जनुसुकै मातृभाषामा पढाइ हुने नीति ल्याए पनि लगानीको अभावको कारण कार्यान्वययनको अवस्था फितलो रहेको सहायक जिल्ला शिक्षा अधिकारी युवराज पाण्डे बताउँछन्। राजवंशी भाषा पढाइ हुने विद्यालय निम्नानुसार छन्:

६.१ महानन्द प्राvि, मेचीनगर नपा

राजवंशी समुदायको बाहुल्य यस क्षेत्रमा विद्यालय व्यवस्थापन समितिको पहलमा राजवंशी भाषा पढाइ हुन थालेको तथा पाठ्यपुस्तकहरू जिल्ला शिक्षा कार्यालय झापाको सिफारिसमा जनक शिक्षा सामग्री केन्द्र सानोठिमी भक्तपुरबाट ल्याइने गरेको उक्त विद्यालयकी प्रधानाध्यापक सीता गौतमले बताइन्। उक्त विद्यालयको वार्षिक बजेट २० लाख रुपियाँ रहेको उनको भनाइ छ।

६.२ आमगाछी प्रावि, कोरोवारी गाविस

आमगाछी, प्राविमा एनएलपीआई र एसआईएलको सहयोगमा हालसम्म कक्षा ५ सम्म अध्ययन अध्यापन हुने गरेको र जिल्ला शिक्षा कार्यालय, झापाबाट बहुभाषिक शिक्षा कार्यक्रमअन्तर्गत वार्षिक १० हजार जति रकम प्राप्त हुने गरेको प्रधानाध्यापक विष्णु राजवंशीले बताए। उक्त विद्यालयको वार्षिक बजेट करिब ५ लाख रुपियाँ रहेको उनको भनाइ छ।

६.३ आमबारी प्रावि, पथरिया गाविस

आमबारी प्रावि पथरियामा वहुभाषिक शिक्षा कार्यक्रम अन्तर्गत जिल्ला शिक्षा कार्यालयले अतिरिक्त वार्षिक १० हजार रुपियाँ रकम दिने गरेको र सोही

अनुसार मातृभाषा अध्ययन अध्यापन हुने गरेको प्रधानाध्यापक रेशमलाल माली बताउँछन्। उक्त विद्यालयको वार्षिक बजेट १२ लाख रुपियाँ रहेको मालीले बताए।

६.४ रामजानकी निमावि, महाभारा गाविस

रामजानकी निमावि महाभारामा बहुभाषिक शिक्षा कार्यक्रमअन्तर्गत मातृभाषामा अध्ययन अध्यापन हुने जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक हरि मिश्रले बताए।

६.५ राष्ट्रिय एकता प्रावि, हल्दीबारी गाविस

राष्ट्रिय एकता प्राविमा फिनल्याण्ड सरकारको सहयोगमा शुरुमा मातृभाषा शिक्षा कार्यक्रम लागू भएको र त्यसपछि बहुभाषिक शिक्षा कार्यक्रमअन्तर्गत शिक्षा कार्यालय, झापाद्वारा सहयोग भइरहेको प्रधानाध्यापक द्वारिका सुवेदीले बताए। उनकाअनुसार उक्त विद्यालयको वार्षिक बजेट २० लाख ६० हजार २ सय १२ रुपैयाँ रहेको छ।

राजवंशी भाषाको विकासमा सरकारले ध्यान नदिएका कारण मातृभाषा शिक्षाको विकास हुन नसकेको राजवंशी समाज विकास समिति, झापाका अध्यक्ष पुकार राजवंशीको भनाइ छ। उनकाअनुसार राजवंशी समुदायको झापा, मोरङ र सुनसरीमा बसोवास रहेको र भाषिक विकासको लागि सरकारले निश्चित बजेट विनियोजन गरी योजना ल्याएमा मातृभाषा अध्ययन अध्यापनमा परिणाममुखी विकास हुनेछ।

राजवंशी समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक समग्र अवस्थाको विकासको लागि एमाओवादी निकट कोचिला मुक्ति मोर्चा, राजवंशी समुदायको समग्र विकासको लागि स्थापना भएको संस्था राजवंशी समाज विकास समितिलगायतका संस्थाहरूले आवाज उठाइरहेको पूर्वप्राज्ञ तथा सञ्चारकर्मी पवन राजवंशी बताउँछन्।

७. पाठ्यक्रम तथा पाठ्यपुस्तक

अध्ययनका तथा सामग्री सङ्कलन गर्ने क्रममा पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाइयो। सोहीअनुसार शिक्षा खेलकुद तथा संस्कृति मन्त्रालयअन्तर्गत सानोठिमी भक्तपुरद्वारा प्रकाशित पुस्तक विद्यालयहरूमा पढाइ भइरहेको छ। यी पाठ्यक्रम निर्माण गर्दा यसै क्षेत्रका राजवंशी भाषाका विज्ञहरूको सहयोगमा लिइएको थियो। राजवंशी भाषाका पाठ्यपुस्तकको पर्याप्त उपलब्धता नरहेको भाषाविद् पानीलाल राजवंशी बताउँछन्।

राजवंशी भाषाको सन्दर्भमा व्याकरण तथा शब्दकोष हालसम्म उपलब्ध हुन सकेका छैनन्। फरक क्षमता भएका बालबालिकाहरूको लागि ब्रेल लिपी र साङ्केतिक भाषाको पाठ्यक्रम हालसम्म निर्माण हुन नसकेको भाषाविद् राजवंशीको भनाइ छ।

मातृभाषाको पाठ्यपुस्तकको अभाव रहे पनि सम्बन्धित निकायहरू अर्थात जिल्ला शिक्षा कार्यालयलगायतको बेवास्ताले गर्दा मातृभाषा शिक्षणमा थप समस्या परेको राजवंशी समाज विकास समिति, झापाका अध्यक्ष पुकार राजवंशी बताउँछन्।

यसरी हेर्दा राजवंशी र अन्य मातृभाषाहरूको शैक्षिक विकास हुन नसकेको महसुस हुन्छ। सरकारको नीति र संविधानमा नै मातृभाषामा शिक्षा प्रत्याभूत गरिएको भए तापनि कार्यान्वयनको तहमा त्यो अवस्था नरहेको सरोकारवाला निकायहरूको ठहर रहेको छ। राजवंशी भाषामा पठनपाठन हुन थालेपछि भर्ना दर उल्लेख्य रूपमा बढेको छैन। भर्नादर विगतकै अनुपातमा रहेको छ।

८. जनशक्ति

मातृभाषा शिक्षामा जिल्लामा कार्यरत चार शिक्षक शिक्षिकाहरू दक्ष तथा सक्षम रहेको पाइएको छ। जिल्लामा हाल महानन्द प्रावि मेचीनगर, आमगाछी प्रावि कोराबारी, आम्वारी प्रावि पथरिया, रामजानकी निमावि पाँचगाछी, राष्ट्रिय एकता प्रावि हल्दीबारीमा राजवंशी भाषामा शिक्षण भइरहेको छ। ती विद्यालयहरूमा भाषा शिक्षकहरू तालिम प्राप्त भएको पाइएको छ।

मातृभाषा शिक्षामा दक्ष जनशक्ति उत्पादनको लागि जिल्ला शिक्षा कार्यालय झापाअन्तर्गतको शैक्षिक तालिम केन्द्रमा प्रत्येक वर्ष राजवंशी भाषाका शिक्षकहरूलाई १० दिने तालिम दिइने गरेको सहायक जिल्ला शिक्षा अधिकारी युवराज पाण्डेले बताए ।

सो तालिमअन्तर्गत आर्थिक वर्ष ०६९- ०७० मा ३२ जना र ०७०-०७१ मा ३५ जना शिक्षकहरूलाई राजवंशी भाषा शिक्षणको विषयमा तालिम दिइएको थियो। प्राथमिक तहमा विद्यार्थीहरूलाई कसरी पढाउने, कक्षामा ध्यानाकर्षण कसरी गराउने, नेपाली भाषा र राजवंशी भाषाको भाषिक भिन्नता र शब्दका कारण विद्यार्थीहरूमा पर्ने नकारात्मक असर आदिको विषयमा तालिम दिइने गरिएको तालिम केन्द्रका कर्मचारी गेहनाथ भट्टराईले प्रस्ट पारे।

राजवंशी भाषाको पाठ्यपुस्तक सरकारले तयार गरे पनि पर्याप्त मात्रामा समयमा उपलब्ध गराउन सकेको छैन। राजवंशी भाषाको प्राथमिक तहको शिक्षणलाई सरकारले सुरु गरे तापनि कार्यान्वयनको फितलोपनले गर्दा विकास हुन नसकेको अवस्था रहेको पाइयो।

९. मातृभाषा शिक्षाको कार्यान्वयन पक्ष

झापा जिल्ला विकास समितिका अनुसार राई, लिम्बू, तामाङ, मगर, गुरुङ, भुजेल, राजवंशी, धिमाल, सतार, बाँतर, चौधरी, जिरेल आदिवासी जातजाति समुदायको बसोबास रहेको छ। तर, यी सबै जातिहरूले प्रयोग गर्ने भाषामा पठनपाठन भएको पाइएन। केवल राजवंशी भाषामा त्यो पनि सीमित विद्यालयमा मात्र मातृभाषामा पठनपाठन भएको पाइएको छ। यसबाट प्रस्ट हुन्छ कि जिल्लामा मातृभाषा शिक्षाको कार्यान्वयन पक्ष अति फितलो रहेको छ।

१०. राजनीतिक दल तथा सङ्घसंस्थाका प्रतिनिधिहरूको भनाइ

झापा जिल्लाबाट प्रतिनिधित्व गर्ने संविधानसभाका समानुपातिक सभासद् हरि राजवंशीकाअनुसार राजवंशी भाषामा प्राथमिक शिक्षा प्रदान गर्ने कुरामा राज्यले लगानी गर्नुपर्ने र लक्षित समुदानयका लागि नीति तथा कार्यक्रम निर्माण गरी अन्य भाषाभाषीहरूको हकमा निःशुल्करूपमा प्राथमिक शिक्षामा मातृभाषा पढाइ हुने व्यवस्था मिलाउनु पर्छ।

त्यसैगरी, नेपाल शिक्षक सङ्गठन, झापाका पूर्वअध्यक्ष तथा केन्द्रीय सदस्य नेत्र पाठककाअनुसार मातृभाषामा शिक्षा प्रदान गर्ने काम जिल्ला र देशभरि नै प्रभावकारी भएन। पाठ्यक्रमको समस्या, सरकारी लगानीको कमीका कारण मातृभाषामा शिक्षा प्रदान गर्ने नीति सफल हुन नसकेको हो। नेपाल शिक्षक युनियनका झापा जिल्ला अध्यक्ष तेजप्रसाद चौलागाइँ मातृभाषा शिक्षण कार्यक्रम असफल भएको ठान्दछन् । असफल हुनाको कारण विद्यार्थी अभाव, अभिभावकहरूमा चेतनाको कमी, पाठ्यपुस्तक अभाव र तालिम प्राप्त शिक्षकको कमी रहेको उनको भनाइ छ। यसको विकासको लागि चनचेतना अभिवृद्धि, समयसापेक्ष पाठ्यपुस्तकको निर्माण, सरकारको पर्याप्त लगानी, तालिम प्राप्त जनशक्ति उत्पादन गर्नुपर्ने कुरामा चौलागाईंको जोड छ। उनले राजवंशी, लिम्बू, सन्थाल, किसान आदि भाषामा मातृभाषा पढाइ हुने गरेको भए पनि कसैले पनि सफलता प्राप्त गर्न नसकेको अनुभूति सुनाए।

नेकपा एमालेका जिल्ला अध्यक्ष, दीपक कार्कीकाअनुसार सरकारी नीति स्पष्ट बनाइ पर्याप्त लगानी गरेमा राजवंशी तथा अन्य मातृभाषाको शिक्षा प्रणाली प्रभावकारी हुन्छ। नीतिमा अस्पष्टता, लगानीमा न्यूनता, जनचेतनाको कमी आदि कारणले गर्दा मातृभाषा शिक्षा कार्यक्रम लक्षित तहमा पुग्न नसकेको हो।

सङ्घीय लिम्बूवान पार्टीका झापा जिल्ला अध्यक्ष धनबहादुर पन्धाकका अनुसार, सरकारले झापामा रहेका राजवंशीलगायत कोचे, मेचे, ताजपुरिया, धिमाललगायत अन्य सबै जनजातिहरूको लागि ठोस काम गर्न सकेको छैन। राजवंशीहरूको उत्थान गर्ने हो भने राज्यले यी जातिहरूको नाममा बजेट विनियोजन गरी भाषा, संस्कृति, शिक्षा, जनचेतनाको लागि कार्यनीति बनाइ प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। तर, सरकारले अहिले प्राथमिक तहमा मातृभाषा लगायतका कार्यक्रम सीमित गरेको छ।

त्यस्तै त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा राजवंशी भाषामा समाजशास्त्र विषयका अध्येता झापा, धरमपुर गाविसका दीपक राजवंशीका अनुसार राजवंशी भाषाको विषयमा पुरानो अभिलेख फेला परेको छैन।

प्राथमिक तहमा मातृभाषामा अध्ययनरत् विद्यार्थी सङ्ख्या

क्र.सं	विद्यालयको नाम			तालिमप्राप्त शिक्षिका
	महानन्द प्रा.वि मेचीनगर नपा (कक्षा पाँच)	छात्रा	३७	१
		छात्र	४३	
		जम्मा	८०	
२.	आमगाछी प्रा.वि. कोरोबारी (कक्षा पाँच)	छात्रा	६१	५
		छात्र	५५	
		जम्मा	११६	
	आम्बारी प्रा.वि. पथरिया	छात्रा	५१	७
		छात्र	६०	
		जम्मा	१११	
४.	रामजानकी नि.मा.वि. पाँचगाछी	छात्रा	६९	३
		छात्र	५१	
		जम्मा	१२०	
	राष्ट्रिय एकता प्रा.वि. हल्दीबारी	छात्रा	५९	१
		छात्र	७१	
		जम्मा	१३०	

भारत पश्चिम बङ्गालमा त्यहाँका पुराना भाषाभाषीहरूको विषयमा अध्ययन गरेमा केही फेला पार्न सकिन्छ। पुराना बुढाबूढीहरूबाट मौखिकरूपमा जानकारीहरूबाट धेरै कुरा थाहा पाइएको भए पनि अभिलेखबद्ध दस्तावेजहरू न्यून रहेका छन्। राजवंशीहरूको कामरूपी र ५७ अक्षरको लिपीका विषयमा गोरखापत्रको राजवंशी अङ्कमा लेखिएको भएपनि उक्त लिपी कोचहरूको शासन व्यवस्थाको नाम भएको र यस विषयमा एकदमै कम मानिसहरूलाई मात्र थाहा भएको छ।

राजवंशी भाषामा मातृभाषा अध्ययन हुने विद्यालय आमगाछी प्रावि, कोरोबारीका प्रधानाध्यापक विष्णुप्रसाद राजवंशीकाअनुसार सो विद्यालयमा राजवंशी भाषाको अध्ययन अध्यापन राम्ररी चलिरहेको छ। राजवंशी जातिको घना बसोबास भएको क्षेत्र भएको हुनाले प्रत्येक वर्ष एउटा कक्षामा लगभग ३० जना विद्यार्थीहरू राजवंशी मातृभाषामा पढ्नको लागि भर्ना हुने गरेका छन्। सो विद्यालयमा नेपाली राष्ट्रिय भाषाहरू संरक्षण संस्था एसएलपीआई, काठमाडौं र एसआईएल इन्टरनेशनल भन्ने संस्थाहरूले भाषा शिक्षण तथा विद्यार्थीहरूको पोशाक र छात्रवृत्तिका लागि सहयोग गरिरहेका छन्।

पथरिया गाविसका धर्मेन्द्र राजवंशी मातृभाषामा पढाइ हुने कुरा अत्यन्तै राम्रो पक्ष मान्दछन्। जातजाति तथा जनजातिको भाषा संस्कृतिको संरक्षणको पाटो भए पनि यसको लागि सरकारले उल्लेख्य काम गर्न सकेको छैन। राजवंशी भाषा पूर्वमा एउटा छुट्टै पहिचान बोकेको समुदायको भाषा भएको हुनाले सरकारी र निजीस्तरबाट मातृभाषा शिक्षण पद्धतिलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ।

११. निष्कर्ष

झापा जिल्लामा १२ आदिवासी जनजाति समुदायको बसोबास भए पनि थोरै भाषामा मात्र मातृभाषामा विद्यालय तहमा पठनपाठन भएको पाइएको छ। यसबाट के पुष्टि हुन्छ भने मातृभाषा शिक्षामा सरकारी नीति व्यवस्थित छैन। जिल्लामा कति विद्यालयमा कुन कुन मातृभाषामा कति सङ्ख्यामा विद्यार्थीहरू अध्ययनरत छन् भन्ने यथार्थ तथ्याङ्क सम्बन्धित सरकारी निकायसँग भएको पाइएन।

मातृभाषा शिक्षामा सरकारी निकायले पाठ्यक्रम निर्माण गर्नेबाहेक यसको कार्यान्वय, अनुगमलगायत अन्य क्षेत्रमा केही लगानी गरेको देखिँदैन। विभिन्न समुदायको मातृभाषाका शिक्षकको दरबन्दी कायम गर्न नसक्नु, दक्ष शिक्षक उत्पादन गर्न नसक्नु सरकारको कमजोरी रहेको देखिन्छ।

विभिन्न समुदायको मातृभाषामा शिक्षा प्रदान गर्दा सम्बन्धित भाषा तथा संस्कृतिको जगेर्ना हुने तथा भाषिक समुदायको पहिचान हुने विषय सुनिश्चित गरिनु पर्दछ। तसर्थ मातृभाषा शिक्षाका लागि राज्यले स्पस्ट नीति अख्तियार गरेर सो नीतिबमोजिमको बजेट व्यवस्थापन र पूर्वाधार तयार गर्न सकेको देखिँदँन।

१२. सुझाव

सरकारले मातृभाषा शिक्षाका लागि स्पस्ट र दीर्घकालीन नीति अख्तियार गर्नु वाञ्छनीय देखिन्छ। नीति अख्तियारीपछि मातृभाषा शिक्षाको कार्यान्वयको अवस्थाबारे नियमित र निरन्तर अनुगमन गर्न स्थायी प्रकृतिको संयन्त्र निर्माण गर्नु पर्दछ। सबैखाले मातृभाषाको लिपी, शब्दकोष, व्याकरणसम्बन्धी पाठ्यसामग्रीहरू प्रकाशन गर्नु नितान्त जरूरी रहेको छ।

अर्को पक्ष मातृभाषामा साङ्केतिक भाषा र ब्रेललिपीसमेत बनाउन आवश्यक रहेको देखिन्छ। मातृभाषा शिक्षण गर्ने दक्ष जनशक्ति तयार गरेर नियमित र निरन्तर क्षमता अभिवृद्धिको कार्य सम्पादन गर्नु उचित देखिन्छ। मातृभाषा शिक्षणमा संलग्नहरूलाई नीति निर्माण तहमा सहभागी गराउनुपर्ने आवश्यकता टड्कारो रूपमा झल्किएको छ।

सन्दर्भ सामग्री

१. कोचिला प्रदेश (कोच जातिको इतिहास)
२. राजवंशी त्रैमासिक जागरण वर्ष-१ नमूना अंक
३. नेपालको अन्तरिम संविधान २०६३
४. जिल्ला शिक्षा कार्यालय झापाका विद्यालय निरीक्षक हरि मिश्रसँगको कुराकानी
५. शैक्षिक तालिम केन्द्र भद्रपुर, झापाका कर्मचारी गेहनाथ भट्टराईसँगको कुराकानी
६. राजवंशी समाज विकास समिति, झापाका अध्यक्ष पुकार राजवंशीसँग कुराकानी
७. बालबालिका सम्बन्धी ऐन २०४८
८. पूर्वप्राज्ञ तथा राजवंशी भाषाका वरिष्ठ सञ्चारकर्मी पवन राजवंशीसँग कुराकानी
९. राजवंशी भाषाका भाषाविद् पानीलाल राजवंशीसँगको कुराकानी
१०. जिल्ला विकास समिति झापा
११. सहायक जिल्ला शिक्षा अधिकारी युवराज पाण्डेसँग कुराकानी
१२. मानव अधिकार नौ ठूला महासन्धि
१३. जिल्ला शिक्षा कार्यालय

परिच्छेद

३

३.२ मकवानपुरका चेपाङ महिलाहरूको प्रजनन अधिकार

१. पृष्ठभूमि

स्वास्थ्य मानव जीवनको अभिन्न अङ्ग हो। मानिसको शारीरिक र मानसिक विकासका लागि स्वस्थ्य शरीरको आवश्यकता पर्दछ। मानव स्वास्थ्यलाई मानव विकासको परिसूचकको रूपमा लिएको छ भने लैङ्गिक विकास परिसूचकमा महिला स्वास्थ्यलाई प्राथमिकता दिइएको छ। समाजमा रहेका नकारात्मक दृष्टिकोणले महिला स्वास्थ्यलाई प्रत्यक्ष असर पारेको छ। त्यसमा पनि आर्थिक विपन्नताका कारण शताब्दीऔँदेखि थिचिँदै आएका लोपोन्मुख आदिवासी महिलाहरूको स्वास्थ्य अवस्था कहालीलाग्दो छ।

स्वास्थ्य सेवा कसैको वा कसैले दिने दान नभएर यो उसको नैसर्गिक अधिकार हो। नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को मौलिक हकको धारा २० को (२) मा प्रत्येक महिलालाई स्वास्थ्य र प्रजननसम्बन्धी हक हुनेछ भनी स्वास्थ्यलाई जनताको अधिकारको रूपमा स्थापित गरिएको छ।[१] यसरी महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई मौलिक हकको रूपमा समावेश गरी तीन वर्षे अन्तरिम योजनामा यसलाई केही भए पनि समेटिएको छ।

सन् १९९३ मा भियनामा सम्पन्न अन्तर्राष्ट्रिय मानवअधिकार विश्व सम्मेलनले महिलाको अधिकारलाई अदालत, कारागार र सार्वजनिक जीवनका अरू क्षेत्रमा मात्रै नभई घरभित्रको गोप्यतामा पनि संरक्षण गर्नु पर्ने माग गरेर महिलालाई घरेलु हिंसा तथा यौनजन्य हिंसाबाट बचाउने प्रतिबद्धता जनाएको थियो। यी प्रयासहरूले महिलाको प्रजनन अधिकारलाई लिएर पैरवी गर्ने काममा सहयोग पुऱ्याइरहेको अवस्थामा सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा सम्पन्न भएको जनसङ्ख्या तथा विकास विषयक संयुक्त राष्ट्रसङ्घीय सम्मेलनले पहिलो पटक मानव अधिकारलाई प्रजनन स्वास्थ्य अधिकारको रूपमा स्थापित गर्ने काम गऱ्यो।[२] प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको सुरक्षाको निमित्त सबैभन्दा पहिला महिला सशक्तीकरणका निम्ति जोडदार प्रयास हुनु जरुरी छ भन्ने निष्कर्ष निकाली यसप्रति विश्वकै ध्यान आकृष्ट गर्न गराउन सफल भयो।

सन् १९९५ मा बेइजिङमा सम्पन्न चौथो महिला विश्व सम्मेलनले पनि बेइजिङ घोषणापत्र तथा कार्ययोजना तयार गर्दा महिलाका मुख्य १२ ओटा सरोकारका क्षेत्रहरू पहिचान गरेको छ। यसले महिला र महिलाको स्वास्थ्य क्षेत्रलाई एउटा महत्वपूर्ण क्षेत्रको रूपमा पहिचान गरेको छ। महिलाको प्रजनन अधिकारको तात्पर्य गर्भधारण गर्ने, सन्तान जन्माउने सम्बन्धमा निर्णय गर्ने मात्र नभई त्यसका साथसाथै प्रजनन स्वास्थ्यका लागि प्रभाव पार्ने अन्य थुप्रै अधिकारहरू पनि पर्दछन्। ७ नभेम्बर २०१४ काठमाडौँमा सम्पन्न सार्क सम्मेलनले बाल विवाह रोकथामका लागि १२ बुँदे घोषणापत्र जारी गरेको छ। यसका उपलब्धि भने भविष्यले नै बताउला।[३]

कुनै पनि महिलाको जीवन गर्भधारणसँग सम्बन्धित कारणले खतरामा पर्न नहुने व्यक्तिगत स्वतन्त्रता, बिनाभेदभाव स्वास्थ्यसम्बन्धी सेवा लिन पाउने, गोपनीयताको हक, स्वतन्त्ररूपमा विचार राख्न पाउने अधिकार, सूचना तथा शिक्षा पाउने हक, विवाह गर्ने नगर्ने अथवा परिवार बसाउने नबसाउने सम्बन्धी हक, बच्चा जन्माउने नजन्माउने हक, स्वास्थ्यको हेरविचार र सुरक्षाको हक, सुविधाजनक वैज्ञानिक प्रविधि पाउने हकलगायत प्रजनन अधिकार पर्दछन्।

विश्व स्वास्थ्य सङ्गठन, विश्व बैङ्क तथा जोन हप्किन्स् विश्वविद्यायसँग मिलेर पार्टनरसीप फर म्याटरनल न्यूबर्न एन्ड चाइल्ड हेल्थले गरेको अध्ययन अनुसार सन् १९९० को तुलनामा २०१३ मा आइपुग्दा नेपालमा प्रत्येक एक लाख जीवित जन्म हुँदा गर्भवती महिलाहरूको मृत्युको दर ७ सय ९० बाट १ सय ९० मा झरेको छ। यस्तै पाँच वर्षमुनिका बालबालिकाको मृत्युको दर प्रत्येक एक हजार जीवित जन्मिएका बच्चाहरूमध्ये १ सय ४२ बाट ४२ मा झरेको छ। सहस्राब्दी विकास लक्ष्य २०१५ बमोजिम पुग्नुपर्ने लक्ष्य अनुरूप बालमृत्यु दर घटेको छ। तर, मातृमृत्यु दर घटाउने लक्ष्य भने प्राप्त हुन सकेको छैन।[४] यसै सन्दर्भमा मकवानपुर जिल्लामा रहेका चेपाङ

१. नेपालको अन्तरिम संविधान, २०६३

२. मानवअधिकार सञ्जालो, इनहुरेड इन्टरनेशनल, डा.गोपाल कृष्ण सिवाकोटी

३. Kathmandu call for action to the end child marriage in South Asia
roductiverights.org/sites/crr.civicactions.net/files/documents/SA%20End%20Child%20
Marriage%20Brochure_20Nov14(final)-2%20(1).pdf

४. मातृ-शिशु स्वास्थ्यमा नेपालको
प्रगति://www.bbc.co.uk/nepali/news/2014/09/140916_maternal_health.

महिलाहरूको प्रजनन स्वास्थ्यको विषयमा यस आलेखमा अध्ययन गर्ने प्रयास गरिएको छ।

२. चेपाङ समुदायः सङ्क्षिप्त परिचय

चेपाङ जातिको उत्पत्ति र इतिहासका बारेमा धेरै किंवदन्ती, परम्परागत विश्वास, लोकप्रिय जनश्रुतिहरू छन्। चेपाङ समुदायको उत्पत्तिको विषयमा विभिन्न धारणाहरू पाइन्छन्। नेपालका पहिलो मानवशास्त्री डोरबहादुर विष्टले गहिरो अनुसन्धान तथा उपलब्ध सामग्रीका आधारमा भनेका छन् कि चेपाङहरू मङ्गोल वर्णका र पूर्वका राईहरूसँग नजिकको उत्पत्ति सम्बन्ध राख्छन्।[५] कालो वर्णबाहेक जिउडाल, भाषागत सामिप्यले गर्दा उनीहरू किराँत राईहरूसँग मिल्दोजुल्दो देखिन्छन्। दोस्रो उत्पत्ति सम्बन्धी धारणामा चेपाङहरू रामायणका रामचन्द्रकी पत्नी सीताको कोखबाट जन्मेको लव र कुशमध्ये लवका सन्तान चेपाङ र कुशका सन्तान कुसुन्डा हुन् भन्ने किंवदन्ती पाइन्छ।[६] यसको सांस्कृतिक र सामाजिक आधारहरू पुष्टि हुन सकेको छैन। डा. गणेशमान गुरुङका अनुसार चेपाङ भाषामा 'चे' भनेको कुकुर र 'पाङ्ग' भनेको 'धनुकाँड' हो। जङ्गली सिकार तथा खानेकुरा खोज्न जाँदा कुकुर प्रयोग गर्ने भएकाले चेपाङ भनिएको तर्क गुरुङको रहेको छ।[७]

चेपाङको उत्पत्ति तथा किंवदन्तीका आधारमा चेपाङ समुदाय नेपालमा आदिमकालदेखि बसोवास गर्ने समुदाय हुन् भन्नेमा विवाद छैन। पुर्ख्यौली इतिहास वंशावली तथा बसाइसराईको आधारमा उनीहरूको उत्पत्ति चाहिँ दोलखा जिल्लाको पुकुन्थलीबाट भएको मान्यता छ। बसाइसराईको क्रममा उनीहरू मकवानपुर, चितवन, गोरखा र धादिङमा आइपुगेका हुन्। यी चार जिल्लाको महाभारत श्रृङ्खलामा उनीहरूको बसाइ छ। सन् १९७७ मा तत्कालीन राजा वीरेन्द्रले चेपाङ समुदाय बसोबास गर्ने क्षेत्रको भ्रमण गरेपश्चात् चेपाङलाई सरकारी तवरले प्रजा भन्न थालिएको थियो। त्यसपछि मात्र चेपाङ समुदायको विकासलाई ध्यान पुऱ्याउने उद्देश्यका साथ प्रजा विकास समिति गठन भएको थियो।[८] ०४६ सालको राजनीतिक परिवर्तनपछि प्रजाको साटो चेपाङ भन्न थालिएको छ।

२०६८ सालको जनगणनाअनुसार नेपालमा चेपाङको जनसङ्ख्या ६८ हजार ३ सय ९९ रहेको छ।[९] जसमध्ये ३४ हजार ६ सय २० पुरुष र ३३ हजार ७ सय ७९ महिला छन्। मकवानपुर जिल्लामा चेपाङको जनसङ्ख्या १९ हजार १ सय ५२ रहेको छ। जसमध्ये ९ हजार ७ सय ७८ पुरुष र ९ हजार ३ सय ७४ महिला छन्। चेपाङ समुदायका निम्ति नेपाल सरकारले छुट्टै स्वास्थ्य सुविधा उपलब्ध गराएको छैन। सरकारले चेपाङ विकास कार्यक्रमअन्तर्गत चेपाङ विद्यार्थीहरूलाई छात्रवृत्ति र पोशाक दिने गरेको छ।

नेपालका ग्रामीण क्षेत्रका महिलाहरू, अझ खासगरी आदिवासी जनजाति महिलाहरूको पहुँचमा प्रजनन सेवा पर्याप्त पुगको छैन। जसले गर्दा मातृ मृत्युदरमा कमी आउन सकेको छैन। चेपाङ समुदाय यस्तै कोटीमा पर्दछ।

३. अध्ययनको उद्देश्य

मकवानपुर जिल्ला जनजातिको बाहुल्य रहेको जिल्लाअन्तर्गत पर्दछ। त्यसमध्ये पनि लोपोन्मुख आदिवासी जनजातिभित्र पर्ने चेपाङ जातिको बसोबास यहाँको विकट पहाडी भू-भागमा उल्लेख्य मात्रामा रहेको छ। यी समुदायका मानिस आर्थिक, सामाजिक तथा साँस्कृतिक र राजनीतिक रूपमा पछाडि परेका छन्। उनीहरू विकासका मूलधारमा आउन सकेका छैनन्। फलस्वरूप मौलिक हकअधिकारका सम्बन्धमा समेत उनीहरू अनभिज्ञ छन्। चेपाङ समुदायमा बालविवाहका कारण महिलाहरूमा प्रजनन समस्या बढेर गएको देखिन्छ। अनमेल विवाह, बहुविवाह र धेरै

---

५. People of Nepal , Dor Bahadur Bista, Pg1, Ratna pustak Bhandar, 1996

६. The Chepangs: Question for Survival (Society, Culture and Economy) pp. 11-13, Janjati and Dalit Study Center (2009) Kathmandu

७. Tryndyuk, Iryna Isn't it too early to drop out of school? http://munin.uit.no/bitstream/handle/10037/5227/thesis.pdf?sequence=2

८. The Chepang community's Experience in Nepal. Nepal: SVN&NCA: SNV Netherlands Development Organization & Nepal Chepang Association (2008) Let the people lead. Lessons for working effectively with excluded groups p. 9

९. विष्ट, प्रताप, "ओढारमा एक्लै बस्छन्" http://hataru.blogspot.com/2013/06/blog-post.html, ०७१ पुसमा हेरेको

सन्तान जन्माउने परम्परा र संस्कार यो समुदायमा रहेको पाइन्छ। यसका कारण उनीहरूमा देखिएको प्रजनन स्वास्थ्य समस्या तथा अधिकारको अवस्था विषयमा अध्ययन तथा विश्लेषण गर्न यो अध्ययन गरिएको हो।

यस अध्ययनले चेपाङ महिलाहरूको प्रजनन र स्वास्थ्य अधिकारको अवस्थाबारे उजागर समेत गर्ने छ। साथै सरोकारवालाहरूको ध्यानाकृष्ट गराउन पनि सफल हुने छ। मुलुकको विकट क्षेत्रमा बस्ने लोपोन्मुख आदिवासी महिलाहरूको स्वास्थ्य अवस्थाका बारेमा पनि सम्बन्धित निकायहरूलाई जानकारी गराउने यस अध्ययनको उद्देश्य रहेको छ।

४. अध्ययनको औचित्य

मकवानपुर जिल्लामा १९ हजार भन्दा बढीको सङ्ख्यामा चेपाङहरूको बसोबास छ। यस जिल्लाका अति दुर्गम गाविसहरू खैराङ, काकडा, डाडाखर्क, राक्सिराङ, मनहरी, सरिखेत, भार्ता र कालिकाटार गरी आठ गाविसमा चेपाङ जातिको बसोबास रहेको छ। खासगरी विकट र पहाडी भेगमा बसोबास गर्ने यो जाति खोलाको शीरमा र जङ्गलको पुच्छारमा बस्ने गरेको पाइन्छ। प्रकृतिपूजकको रूपमा रहेका चेपाङहरूको आर्थिक अवस्था अत्यन्त कमजोर छ।

उनीहरू सामाजिक, शैक्षिक र राजनीतिक रूपले पछाडि परेका समुदायभित्र पर्दछन्। वर्ष दिनमा नौ महिना कन्दमूल खाएर जीवन निर्वाह गर्दै आएका छन्। मकवानपुरमा रहेका चेपाङको खाद्य सुरक्षाको अवस्था अत्यन्त कमजोर छ। एक प्रतिशत चेपाङलाई पनि आफ्नो उत्पादनले वर्ष दिन खान पुग्दैन। स्वास्थ्य र सरसफाइसँग पनि उनीहरूको गरिबी जोडिएको छ। गरिबीका कारण उनीहरू नयाँ कपडा किन्न र लगाउन सक्दैनन्। एकपटक जुटाएको कपडाले वर्षौंका घामपानी टार्नुपर्ने हुन्छ। यस्तो अवस्थामा पौष्टिक आहारको कुरा उनीहरूका लागि आकाशको फल भएको छ। जङ्गली कन्दमूल, गिट्ठा भ्याकुर नै उनीहरूका लागि पौष्टिक आहार बनेको छ। त्यतिले नपुगे खोलाको माछा र सिस्नुको तरकारी नै उनीहरू बाँच्ने आधार छन् भन्दा पनि अत्युक्ति हुँदैन।

एकातिर खाद्य अभाव व्याप्त छ भने अर्कोतिर बालविवाह, अनमेल विवाह, बहुविवाह र धेरै सन्तान जन्माउने परम्परा र संस्कार यो समुदायमा रहेको पाइन्छ। नियमित स्वास्थ्य जाँच गराउन चेपाङ महिलालाई कठिनाइ हुने गर्दछ। गरिबी, अशिक्षा, अन्धविश्वास र प्रजनन स्वास्थ्यस्थितिको सामान्य जानकारीसमेत नहुँदा कयौँ गर्भवती महिलाहरूको अकालमै मृत्यु हुने गर्छ।

अन्तरिम संविधानको मौलिक हकमा महिलाको स्वास्थ्य र प्रजननसम्बन्धी हक सुनिश्चित गरिएको छ। त्यसैगरी, महिला मानवअधिकारसँग जोडिएको प्रजनन तथा स्वास्थ्य अधिकारलाई उल्लेख गरिएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा समेत नेपालले हस्ताक्षर गरिसकेको छ। महिलाको प्रजनन तथा स्वास्थ्य अधिकारका कुरा सुनिश्चित गरिए पनि परम्परागत सोच तथा उनीहरूको संस्कृतिका कारण चेपाङ महिला यस अधिकारबाट वञ्चित छन्।

५. अध्ययनविधि

चेपाङ जातिका महिलाको प्रजनन स्वास्थ्य तथा प्रजनन समस्याको पहिचान र त्यसको न्यूनीकरणका उपायहरूका बारेमा पीडित परिवार, सरकारी निकायका प्रतिनिधि, राजनीतिक दल, महिला अधिकारकर्मी, चेपाङ समुदायका अधिकारका क्षेत्रमा क्रियाशील सङ्घ संस्थाका प्रतिनिधिहरूसँग भेटघाट तथा छलफल गरिएको थियो। साथै, यस सम्बन्धमा पूर्वप्रकाशित समाचार, पुस्तक, प्रतिवेदन र स्वास्थ्य अधिकारसम्बन्धी ऐन, कानुन, पुस्तक, प्रतिवेदन र लेखहरूलाई पनि यस अध्ययन सामग्रीको रूपमा प्रयोग गरिएको छ।

६. अध्ययनको सीमा

यो अध्ययन मूलतः चेपाङ जातिका महिलाको स्वास्थ्य तथा प्रजनन समस्यासँग सम्बन्धित छ। मकवानपुर जिल्लामा बसोबास गरी बसेका चेपाङ समुदायमा केन्द्रित रहेर गरिएको अध्ययन भएकोले यस प्रतिवेदनमा संलग्न तथ्याङ्क, उदाहरण र सरोकारबालाहरूको भनाइ मकवानपुर जिल्लाबाट मात्र लिइएको छ। यस अध्ययनमा चेपाङ जातिका महिलाको स्वास्थ्य तथा प्रजनन समस्या बाहेक अन्य जातिका महिलाको स्वास्थ्य र प्रजनन समस्याका स्वरूपलाई सम्बोधन गरिएको छैन।

७. मकवानपुरका चेपाङ महिला र स्वास्थ्य

७:१ आर्थिक एवम् सामाजिक अवस्था

चेपाङहरूको बसोबास जिल्लाका दुर्गम क्षेत्रमा रहेको छ, जहाँ प्राथमिक विद्यालयहरू मात्र रहेका छन्। त्यसभन्दा उपल्लो तहको पठनपाठनका लागि ५-७

घण्टा पैदल यात्रा गर्नु पर्ने हुन्छ, जो बालबालिका लागि असम्भवप्राय: हुन्छ। आफ्नो घर छाडेर बस्न अधिकांश चेपाङ परिवारको आर्थिक सामर्थ्यले दिँदैन पनि। आफ्नो गाउँभन्दा टाढा भएकाले र त्यसमाथि परिवारका साना भाइबहिनीहरूको हेरचाह र रेखदेख गर्ने जिम्मा उनीहरूलाई नै दिइएको कारण विद्यालय जाने बालिकाहरूको सङ्ख्या अत्यन्त न्यून हुने गर्छ। विद्यालय जाने बालिकाहरू लामो समयसम्म विद्यालय जाँदैनन्। किनभने परम्पराअनुसार सानै उमेरमा विवाह हुने गर्छ। विद्यालय टाढा भएकोले चेपाङ बालबालिका विद्यालय नगएका कारण उनीहरूका लागि होस्टल निर्माण गर्ने योजना पनि नबनाइएको होइन।

चेपाङ विकास कार्यक्रमको आठकोठे होस्टल निर्माण कार्य आरम्भ भएको सात वर्ष पुग्न लागे तापनि पूरा हुन सकेको छैन। अहिलेसम्म दुई पटक गरेर ७ लाख ५० हजार रुपियाँ विनियोजित भए पनि बजेट अभावका कारण पूरा हुन नसकेको सरोकारवालाहरू बताउँछन्। मकवानपुरका झण्डै तीन हजार बालबालिका विद्यालय जाँदैनन्। जिल्ला शिक्षा कार्यालयका अनुसार विद्यालय जाने उमेरका ७१ हजार ३ सय ४७ जनामध्ये ३ हजार २ सय २४ जना विद्यालय जानबाट वञ्चित रहेका छन्। अशिक्षा, गरिबी र खाद्य अभावका कारण बालबालिकाहरू विद्यालय नआएको सहायक जिल्ला शिक्षा अधिकारी खिमानन्द भुसालले बताए। विद्यालय जानबाट वञ्चितमध्ये अधिकांश चेपाङ र बनकरिया समुदायका रहेका छन्।

नेपालको कूल जनसङ्ख्यामध्ये ०.२३ प्रतिशत चेपाङ जातिको रहेको छ। तीमध्ये चितवनमा ४० प्रतिशत, मकवानपुरमा २९ प्रतिशत, धादिङमा २० प्रतिशत र गोर्खामा ५ प्रतिशत बसोबास गर्छन्। एक अध्ययनअनुसार ९० प्रतिशत चेपाङ गरिबीको रेखामुनि रहेका छन्। सिङ्गो चेपाङ समुदाय अहिले जङ्गली युगमा नै जीवन बिताइरहेको छ। सुत्केरी महिलाहरू खाद्यान्नको अभावले गर्दा जङ्गली कन्दमूल खाएर बस्न बाध्य छन्। उनीहरूको आयआर्जनको स्रोत पनि छैन। आफ्नो उत्पादनले तीन महिना पनि उनीहरूलाई खान पुग्दैन। 'चेपाङ समुदायको अवस्था नाजुक छ, त्यसमा पनि महिलाको अवस्था झन दर्दनाक छ'-उक्त क्षेत्रमा काम गर्दै आएका गैरसरकारी संस्था एमडीआई नेपालका निर्देशक खोपनारायण श्रेष्ठले भने,-"चेपाङ समुदायको आयआर्जनको वृद्धिको निम्ति काम गर्दै आएका छौँ।"[१०]

नेपाल चेपाङ सङ्घका अनुसार सन् २००९ सम्म एक प्रतिशत चेपाङ महिलामात्र साक्षर रहेका थिए । यस अवस्थामा चेपाङ महिलाहरू आफ्नो स्वास्थ्यप्रति सजग हुन सम्भावना कमै हुन्छ। यसका लागि राज्यले नै बढी भन्दा बढी जिम्मेवारी वहन गर्नु पर्ने हुन्छ। राक्सिराङ गाविसका कृष्णबहादुर चेपाङले भने 'गरिबी र अशिक्षाका कारण चेपाङ जाति नै पछाडि परेका छन्। त्यसमा झन महिलाहरूको अवस्था त कल्पनै गर्न सकिँदैन। बाल्यकालमै बच्चा जन्मायो, किशोरीमा बुढी भयो र ४० वर्ष पुग-नपुगमा मृत्यु भयो, यही नै हो चेपाङ महिलाको नियति।'

७.२ प्रतिकूल स्वास्थ्य अवस्थाका कारणहरू

७.२.१ बाल विवाह

जिल्ला जनस्वास्थ्य कार्यालय, मकवानपुरले चेपाङ महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी हालै गरेको अध्ययन अनुसार जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने भार्ता गाविसका ८६ प्रतिशत बालबालिकाहरूको १२ वर्षदेखि १५ वर्ष उमेरसम्ममा विवाह हुने गरेको उल्लेख छ। अधिकांश बालिकाहरूले १३ वर्षदेखि नै बच्चा जन्माउन सुरु गर्छन्।[११] शैक्षिक र भौगोलिक रूपले अत्यन्त पिछडिएको भार्ता गाविसका नौ ओटै वडाका ९० घर धुरीमा जनस्वास्थ्य कार्यालयले गत ०७१ जेठमा अध्ययन गरेको थियो।

मकवानपुरको भार्ता गाविस मात्र नभई राक्सिराङ, कालिकाटार, काकडा, खैराङ, डाँडाखर्क र सरिखेत गाविसमा बसोबास गरिरहेका चेपाङ समुदायमा पनि बालविवाह कायमै छ।[१२] खैराङ गाविसमामात्र गत वर्ष चेपाङ बालबालिकाबीच १५ जोडीको विवाह भएको थियो। 'उमेर नपुगिकन विवाह गर्नुहुँदैन भनेर अभिभावकहरूलाई सम्झाउँदा पनि लुकीलुकी विवाह गराउँछन्' - खैराङ गाविसका पूर्वगाविस अध्यक्ष राजकुमार मल्लको भनाइ छ- 'अशिक्षाका कारणले चेपाङ समुदायमा बालविवाह प्रथा

---

१०. एमडिआई नेपालका निर्देशक खोपनारायण श्रेष्ठसँग ०७१ मङ्सिर २४ गरेको कुराकानी

११. विष्ट, प्रताप "रोकिएन बालविवाह"
http://sarlahiexpressnews.blogspot.com/2014/12/blog-post_17.html

१२. विष्ट प्रताप, "चेपाङ समुदायमा वर्सेनी एक सय बढी बालविवाह"
http://nepalkuwait.com/koselinews/kuwait/news.php?news_id=10472

अझै कायम छ।'

चोपाङहरू आफ्नो गोत्रमा विवाह गर्दैनन्।[13] उनीहरू फरक गोत्र भएको चेपाङसँगमात्र विवाह गर्छन्। चेपाङको २२ ओटा गोत्र हुन्छ। 'छोराको चाँडै विवाह गऱ्यो भने बुहारीको काम खान पाइने र छोरालाई मजदुरी गराउन अन्यत्र पठाउन पाउने भएकाले चाँडै विवाह गर्ने गरेको हो' -भार्ता गाविस-६ धनिराङका ६६ वर्षीय आइतराम चेपाङ बताउँछन्,- 'घर नजिकको केटा उम्केला भनेर छोरीको चाँडै विहे गर्ने चलन छ।'

बालविवाहका कारण यो समुदायका बालबालिका शिक्षाबाट वञ्चित हुने गरेका छन्। चार-पाँच कक्षामा पढ्दापढ्दै विवाह गर्ने चलन यहाँ व्याप्त छ। खैराङ गाविसस्थित अठारे माविका प्रधानाध्यापक दीपेन्द्र झा आफ्नो अनुभव सुनाउँछन् " चेपाङ समुदायमा बालविवाह गर्ने चलन पुरानै रफ्तारमा छ, नियन्त्रण हुन सकेको छैन। विवाह गरेपछि उनीहरू पढ्न स्कूल पनि आउँदैनन्। "

१८ वर्ष नपुगी विवाह गर्न नहुने कानुनी व्यवस्थाबारे उनीहरू बेखबर छन्।[14] सरकारी तथा गैरसरकारी संस्थाहरूले मकवानपुरका चेपाङ क्षेत्रमा बालविवाहविरुद्ध जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन गरेका छैनन्। 'शहर र बजार वरिपरीका गाविसमा मात्र बाल विवाहकाविरुद्ध सरकारी तथा गैरसरकारी कार्यालयहरूले आफ्नो कार्यक्रमलाई सीमित राखेकाले बालविवाह प्रथा नियन्त्रण हुन नसकेको हो'-चेपाङ सङ्घका सचिव महेशले भने- 'गैरसरकारी संस्थाहरूले चेपाङ क्षेत्रलाई आफ्नो कार्य क्षेत्र बनाउनु पऱ्यो।'

छोरीको सानै उमेरमा विवाह गऱ्यो भने छोरी रोगी हुन्छे भन्ने ज्ञान पनि उनीहरूमा छैन। बर्सेनी मकवानपुरका चेपाङ समुदायमा सयभन्दा बढी जोडीको बालविवाह हुने गर्छ तर, प्रहरीमा कसैका विरुद्ध उजुरी परेको छैन। बालविवाह गर्ने, गराउने र जन्ती जानेहरूलाई हालसम्म पनि कारबाही भएको घटना सार्वजनिक भएको छैन।

'बालविवाहकाविरुद्ध प्रहरीमा उजुरी नपरेका कारणले कारबाही नभएको हो', जिल्ला प्रहरी कार्यालय, मकवानपुरका प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता दीपक थापा भन्छन्- 'उजुरी पर्ने बित्तिक्कै कानुन विपरीत कार्य गर्नेहरूलाई कारबाही गरिन्छ।'

विहावारी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मन्जुरी भए १८ वर्ष र संरक्षकको मन्जुरी नभए २० वर्ष नपुगी विहाबारी गर्न गराउन हुँदैन।[15] तर, यो ऐन आए पनि बालविवाहलाई नियन्त्रण गर्न भने सकेको छैन। मकवानपुर जिल्लामा रहेका चेपाङ समुदायका व्यक्तिहरू भने १८ वर्ष नपुगी बिहे गर्न नहुने कानुनी व्यवस्थाबारे बेखबर छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको अध्ययनअनुसार मकवानपुरको पश्चिमी क्षेत्रमा ८६ प्रतिशत बालिकाको १२ देखि १५ वर्षमा विवाह हुन्छ, १३ वर्षमै आमा बन्छन्। मुलुकी ऐन अनुसार १० वर्षमुनिका बालवालिकाको विवाह गरेमा ६ महिनादेखि ३ वर्षसम्म कैद र एक हजारदेखि १० हजार रुपियाँसम्म जरिवाना गर्ने कानुनी व्यवस्था छ भने १० वर्षदेखि १३ वर्षसम्म विवाह गरेमा ३ महिनासम्म कैद र ५ हजार रुपियाँ जरिवाना गर्न सक्ने कानुनी व्यवस्था छ। त्यसैगरी १४ वर्षदेखि १७ वर्षसम्म विवाह गरेमा ६ महिना कैद र १० हजार रुपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ। पुरोहित, लमी र जन्तीसमेतलाई १ महिनासम्म कैद र एक हजार रुपियाँ जरिबाना गर्न सक्ने कानुनी प्रावधान छ। अधिवक्ता ईश्वर ढकालका अनुसार बालविवाहको विरुद्धमा प्रहरीमा उजुरी नै नपरेका कारणले बालविवाह गर्नेहरू कानुनको दायरामा आउन सकेका छैनन्।

अध्ययनका क्रममा भेटिएकी एक चेपाङ युवती १७ वर्षको उमेरमा पाँचौ सन्तानकी आमा बन्ने तरखरमा थिइन्। काकडा गाविस-७ दामराङकी सेतीमाया चेपाङ १७ वर्ष लागेकी छन्। यो उमेर भनेको विद्यालय जाने उमेर हो। एक वर्षदेखि साढे ३ वर्षसम्मका दुई छोरा र दुई छोरीकी आमा हाल ६ महिनाकी गर्भवती छन्। उमेरले किशोरी तर, २५ देखि ३० वर्षकी जस्तो देखिने सेतीमायाको अनुहारमा रगत देखिँदैन भने उनी ठमठमी हिड्न पनि नसक्ने अवस्थामा छिन्।

सेतीमाया १३ वर्षकी हुँदा बुवाआमाले गाउँकै १५ वर्षीय शिवमान चेपाङसँग चार वर्षअघि विवाह गरी दिएका थिए। विवाह गरेको १० महिनापछि उनले बच्चा जन्माउन सुरु गरिन्। बालिकाबाट किशोरी हुन

१३. उही
१४. उही
१५. मुलुकी ऐन, २०२०

नपाई आमा बन्न पुगेकी सेतीमायाको काखमा अहिले पौष्टिक आहार खान नपाएर सुकेनाश लागेको ११ महिनाका छोरा छन्। उता टुकुटुकु हिँडने छोरी छन्। उनका दुवै बच्चा एकैपटक आमाको दूध चुस्ने गर्छन्। उनका १९ वर्षीय पति अधिकांश दिन कन्दमूल खोज्न जङ्गल जाने गर्छन्। खोरिया बारीमा उत्पादन भएको मकै र कोदोले दुई महिना पनि सेतीमायाको परिवारलाई खान पुग्दैन। जङ्गली कन्दमूलमा नै उनीहरूको जीवन धानिएको छ। उनका कुनै पनि बच्चा स्कुल जाँदैनन्। सेतीमायाले लजाउँदै भनिन्-'बुबा आमाले चाँडै नै विवाह गरिदिएपछि विवाह गरेर जानु परि गो, चाँडै विवाह गरेपछि बच्चा धेरै जन्मिन्छ।'

चेतना र शिक्षाको अभावका कारण पनि बालविवाह भएका दृष्टान्त भेटिन्छन्। कुन उमेरमा विवाह गर्नु हुन्छ कुन उमेरमा हुन्न भने ज्ञान पनि नभएको र बाबु आमाले कस्तासँग विवाह गरिदिने हुन् भनेर पनि बालिकाहरू स्वेच्छाले विवाह गर्ने गरेको पाइयो । काँकडा गाविस-१ की वृषामाया चेपाङ पनि १५ वर्षको उमेरमा नै दुई ओटा बच्चाकी आमा बनेकी छिन्। १३ वर्षको उमेरमा उनले छिमेकी १४ वर्षको केटासँग भागेर विवाह गरेकी थिइन्।

'बुबाआमाले अर्कै केटासँग विवाह गर्न लागेकाले मन परेको केटासँग भागेर विवाह गरेको हो'-उनको तर्क थियो । भार्ता गाविस-६ डाँडागाउँका १५ वर्षीया राममाया चेपाङ र १६ वर्षीय रामकृष्ण चेपाङबीच मङ्सिर १ गते हैसियतअनुसार मागी विवाह भयो। सो विवाहमा गाउँका अगुवाका रूपमा चिनिने शिक्षक र राजनीतिक दलहरूका नेताहरू नै सहभागी थिए।[१६] त्यतिमात्र होइन भार्ता गाविस-६ धनिराङका १४ वर्षीय सुन्तली चेपाङ र १५ वर्षीय एकराज चेपाङबीच परम्पराअनुसार नै बालविवाह भयो। यसैगरी, भार्ता गाविस-४ रतुवाका १३ वर्षीय सनीमाया चेपाङको १५ वर्षीया सोमबहादुर चेपाङसँग मङ्सिर २ गते विवाह भयो। भार्ता गाविसमा मङ्सिरको चार गतेसम्ममा पाँच ओटाभन्दा बढी बालविवाह भइसकेको छ। गत वर्ष भार्ता गाविसमा २४ जोडीको बालविवाह भएको थियो। यो वर्ष त्यो भन्दा बढी हुन सक्ने चेपाङ सङ्घका सचिव तथा स्थानीयबासिन्दा महेश चेपाङले बताए। मङ्सिरदेखि फागुनको अन्तिमसम्ममा चेपाङ समुदायले विहे गर्ने चलन रहेको छ ।

भार्ता गाविसमा बाल विवाहले सबैभन्दा विकराल समस्या उत्पन्न गरेको ठम्याइ जिल्ला जनस्वास्थ्य कार्यालयका अधिकृत निरोज घिमिरेको छ। 'अशिक्षा, गरिबी र अन्धविश्वासले भार्ता गाविसका बासिन्दालाई गाँजेको छ', उनले भने 'सरकारी तथा गैरसरकारी संस्थाहरूले एकीकृत ढङ्गले उक्त गाविसमा बालविवाह र प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नुपर्छ।' हेटौँडा नारायणघाट सडकखण्डमा पर्ने मनहरी बजारबाट पाँच घन्टा पैदल हिडेर पुगिने उक्त गविसमा ४ सय २१ घरधुरी रहेको छ। ८५ प्रतिशत घरधुरीका बासिन्दालाई तीन महिना पनि आफ्नो उत्पादनले खान नपुग्ने त्यस क्षेत्रमका कार्यरत गैरसरकारी संस्था एमडिआइले जनायो।

चेपाङ समुदायमा रहेको अस्वस्थकर कुरीति हटाउन समाजका सचेत समुदायले सक्रियत भूमिका निर्वाह गर्नुको साटो उल्टै त्यसलाई मान्यता दिँदै आफू पनि सहभागी हुने गरेका कारण पनि बालविवाह निरुत्साहित हुन सकेको छैन। समाजशास्त्रका प्राध्यापक वीरेन्द साह भन्छन्-'विशेषगरी चेपाङ समुदायमा रहेको बालविवाह सामाजिक समस्या हो, बालविवाहलाई निरुत्साहित गर्न समाजका सबै पक्ष सक्रिय र सजग हुनु जरुरी छ।'

७.२.२ स्वास्थ्य सेवामा पहुँचको अभाव

मनहरी स्वास्थ्य केन्द्रका अहेब जनक अधिकारीका अनुसार 'चेपाङ विकास कार्यक्रमले लैङ्गिक विभेद, प्रजनन स्वास्थ्य, सरसफाइ र महिला स्वास्थ्यलगायतका क्षेत्रमा लगानी नै गरेन, जसले गर्दा चेपाङ महिला र बालबालिकाको स्वास्थ्य अवस्था नाजुक भएको हो, चेपाङहरूको बस्ती अति दुर्गम विकट क्षेत्रमा भएकाले त्यहाँ रहेका स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरू वर्ष दिनमा तीन महिना पनि हाजिर नहुने भएकाले पनि चेपाङहरू धामी झाँक्रीमै भर पर्ने गरेका छन्। स्वास्थ्य सेवाको पहुँचबाट उनीहरू टाढा छन्।'

अधिकारीका अनुसार 'चेपाङ समुदायमा परिवार नियोजनको बारेमा भ्रम छ, कहीं भ्रमले ढाकेको छ, कतै पहुँच नै छैन।' अस्पतालमा सुत्केरी भयो भने एक हजार रुपियाँ सुत्केरी भत्ता पाइन्छ भन्ने चेपाङ जातिलाई जानकारी छैन। यो समुदायका महिलाले

१६. विष्ट प्रताप, "चेपाङ समुदायमा वर्सेनी एक सय बढी बालविवाह" http://www.ekantipur.com/np/2070/12/10/full-story/386193.html २०७० चैत १०, ११:१२

सुत्केरी भत्ता लिएको अस्पतालमा अभिलेख नै नभएको हेटौंडा अस्पतालका स्वास्थ्यकर्मी भोला चौलागाइँले बताए।

चेपाङ समुदायका महिलाहरूको सानै उमेरमा विवाह हुने गरेकाले उनीहरूको यौनाङ्गहरूमा गम्भीर प्रकृतिका समस्याहरू देखा पर्ने गरेका छन्।[१७] यो समुदायमा स्वास्थ्य प्रजनन समस्याका कारण पीडित हुने महिलाको जनसङ्ख्या बढ्दो छ। चेपाङ समुदायको बीचमा रहेको खैराङ गाविसस्थित स्वास्थ्य चौकीकी स्वास्थ्यकर्मी अकमाया थिङका अनुसार अधिकांश चेपाङ महिलाहरू यौनरोगबाट पीडित छन्। "सङ्ख्यामा भन्न नसके पनि ६० प्रतिशत चेपाङ महिला यौन रोगबाट पीडित रहेका उनको अनुमान छ। खासगरी चेपाङ महिलाहरूमा आङ खस्ने रोगले सताएको प्रशस्तै घटनाहरू पाइन्छ।

प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी नभएका कारण यौनस्वास्थ्यमा खराबी देखा पर्नु त सामान्य छ। खासगरी ज्याला मजदुरी गरी जीविकोपार्जन गर्न बाध्य पुरुष चेपाङहरू परिवार नियोजन गर्न मान्दैनन्। परिवार नियोजनपछि ज्याला मजदुरी गर्दा ढाड दुख्छ भन्ने भ्रम उनीहरूमा छ भने पुरुषको तुलनामा महिलाहरू परिवार नियोजन गर्ने मनस्थितिमा देखिन्छन् तर, पुरुषहरूको भूमिका सहयोगी छैन ।

१० औं बच्चा पाउने सुरसारमा रहेकी मनहरी गाविस-२ रूपाचुरीकी राममाया चेपाङ भन्छिन्- "परिवार नियोजन कहाँ गएर गर्ने, त्यो पनि थाहा छैन, परिवार नियोजन गरेपछि तागतिलो खान पाइँदैन र बुढाले पनि हौसला तथा आँट दिँदैनन् कसरी परिवार नियोजन गर्नु।" मकवानपुर जिल्लाका नौ गाविसमा रहेका चेपाङ समुदायका महिलाहरूमध्ये करिब १ हजार ५ सय महिला प्रजनन् समस्याका कारणले पीडित भएको जिल्ला जनस्वास्थ्य कार्यालयकी सिनियर नर्स यसोदा भण्डारीले बताइन् ।[१८] उनकाअनुसार प्रजनन समस्याबाट चेपाङ महिला अति पीडित छन्। प्रजनन समस्याकै कारणले वर्ष दिनमा कति जना चेपाङ महिलाहरूको मृत्यु हुन्छ भन्ने कुराको तथ्याङ्क पनि छैन। पचास वर्ष नाघेका चेपाङ महिला विरलै भेटिन्छन्।

जिल्ला जनस्वास्थ्य कार्यालय, मकवानपुरले चेपाङ महिलाको प्रजनन स्वास्थ्यसम्बन्धी गरेको अध्ययन प्रतिवेदन अनुसार मकवानपुरको पश्चिमी क्षेत्रमा पर्ने चेपाङ समुदायको बाहुल्य रहेको भर्ता गाविसका ९४ प्रतिशत गर्भवती महिलाहरू असुरक्षित ढङ्गले घरमा नै सुत्केरी हुने गरेका छन्।[१९] व्यथा लागेदेखि नै धामिझाँक्री लगाएर ढ्याङ्ग्रो ठोकेर सुत्केरी हुने गरेको अध्ययन प्रतिवेदनले देखाएको छ। सरकारले अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी भत्ता दिन्छ भन्ने कुरा ८६ प्रतिशतलाई थाहा नै छैन। पैसा नभएका कारणले सुत्केरी हुन स्वास्थ्य संस्थामा नगएको नौ प्रतिशतले बताएका छन्। पाँच प्रतिशतले भने सुत्केरी भत्ता दिन्छ भनेर थाहा पाएको भए सुत्केरी हुन स्वास्थ्य चौकी गइन्थ्यो भनेका थिए। उक्त प्रतिवेदनमा ९३ प्रतिशत गर्भवती महिलाले सुत्केरी हुँदा सुत्केरी सामाग्रीहरू प्रयोग पनि गर्दैनन् र पोषिलो खाद्य वस्तु खान पनि पाउदैनन्। ४९ प्रतिशत सुत्केरी चेपाङ महिलाहरूले खाद्यान्न अभावले जङ्गली कन्दमूल खाएर पेट भर्ने गरेको उक्त प्रतिवेदनमा उल्लेख छ। एउटै महिलाले पाँचदेखि दश जनासम्म सन्तान जन्माउने गरेका छन्।[२०] अधिकांशले १८ महिनामा दुई ओटा बच्चा पाउने गरेका छन्। ९५ प्रतिशतले परिवार नियोजनका स्थायी/अस्थायी साधन प्रयोग नै गर्दैनन्।

चेपाङ त्यस्तो बस्ती हो, जहाँ बर्सेनी कलिलै उमेरमा आमा बन्दै गरेका महिलाहरू स्वास्थ्य संस्था नदेखी सुत्केरी हुनुका साथै कतिले अकालमै ज्यान गुमाउनु परे पनि उनीहरूको समस्याप्रति सरोकारवालाहरूको ध्यान केन्द्रित हुन सकेको छैन।

चेपाङ जातिमा रहेको बालविवाह, परिवार नियोजनको बारेमा भ्रम, प्रजनन स्वास्थ्यका बारेमा अनभिज्ञता, अनिच्छामा गर्भधारण र सरसरफाइ तथा स्वास्थ्यसम्बन्धी ज्ञानको अभाव तथा खाद्य असुरक्षाका कारण चेपाङ समुदायका महिला र बालबालिकाको अवस्था अत्यन्त नाजुक रहेको हेटौंडा अस्पतालका डा. हरिबहादुर खडकाले बताए। चेपाङ समुदायका महिलाहरूको सरदर आयु ४५ वर्ष मात्र छ। हेल्थकेयर नेपाल नामक संस्थाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार चेपाङ गाउँमा ५० वर्ष पुगेको

१७. स्वास्थ्य चौकी, खैराङका स्वास्थ्यकर्मी अकमाया थिङसँग ०७१ मङ्सिर २३ गते गरिएको कुराकानी

१८. जिल्ला जनस्वास्थ्य कार्यालय,मकावानपुरकी सिनियर नर्स यसोधा भण्डारीसँग ०७१ मङ्सिर २४ गते गरिएको कुराकानी

१९. अध्ययन प्रतिवेदन, जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुर, २०७१ कात्तिक

२०. अध्ययन प्रतिवेदन, जिल्ला जनस्वास्थ्य कार्यालय, मकवानपुर, २०७१ कात्तिक

महिलाहरूको सङ्ख्या अत्यन्त न्यून छ [३१]। विभिन्न रोगका कारण ४० देखि ४२ वर्षकै उमेरमा उनीहरूको मृत्यु हुने गरेको स्वास्थ्यकर्मी जनक अधिकारीले बताए।

प्रजनन स्वास्थ्यका बारेमा अनभिज्ञता, अनिच्छामा गर्भधारण र सरसरफाइ र स्वास्थ्य सम्बन्धी ज्ञानको अभाव तथा खाद्य असुरक्षाका कारण चेपाङ समुदायका महिला र बालवालिकाको अवस्था अत्यन्त नाजुक रहेको हेटौंडा अस्पतालका डा. इन्द्रप्रसाद प्रजापतिले बताए।

चेपाङ समुदायको समग्र उत्थान गर्ने उद्देश्यले सरकारले साढे तीन दशकदेखि चेपाङ क्षेत्रमा चेपाङ विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ। तर, त्यो कार्यक्रमको लगानी अनुपातमा प्रतिफल प्राप्त हुन सकेको छैन। चेपाङ विकास कार्यक्रम चेपाङहरूको आवश्यकता भन्दा पनि कार्यक्रम सञ्चालकहरूको रुचिमा हुने गरेकाले लगानीको अनुपातमा उपलब्धि हुन नसकेको नेपाल चेपाङ सङ्घका अध्यक्ष तथा सभासद् गोविन्द चेपाङले बताए। उनकाअनुसार योजनाको छनोट र सञ्चालन उनीहरूले गर्नै पाएनन्।

काँकडा गाविसका आरदेसिं चेपाङ भन्छन्-'म मनहरी विकास संस्थाद्वारा गठित समूहमा आबद्ध रहेर काम गरिरहेको छु। मेरो विचारमा चेपाङ जातिमा सरसफाइ र स्वास्थ्यको समस्या जटिल छ। त्यसमाथि पनि चेपाङ महिला र बालवालिकाको स्वास्थ्य अवस्था दयनीय छ। बालविवाहका कारणले गर्दा महिला र बालबालिका दुवै रोगी हुने गर्छन्। प्रजनन स्वास्थ्यका बारेमा उनीहरूलाई जानकारी नै छैन। सानै उमेरमा विहे गर्दा महिलाको स्वास्थ्यमा नकारात्मक असर पर्ने गरेको छ। पेटसम्बन्धी रोगका कारण पनि उनीहरू सताइएका छन्। जसका कारण चाँडै मृत्यु हुने, लामो समयसम्म बिरामी हुने लगायतका समस्याहरू देखा पर्ने गरेका छन्।'

चेपाङ सङ्घ मकवानपुरका सचिव महेश चेपाङकाअनुसार 'बढीमा पाँच प्रतिशतमात्र चेपाङ महिलाले स्वास्थ्य चौकीमा गएर स्वास्थ्य परीक्षण गराएर औषधि उपचार गर्ने गर्छन्। ९५ प्रतिशत धामीझाँक्रीकै भर परेर अकालमा मर्ने गर्छन्।' राक्सिराङ गाविसकी १९ वर्षीया सुन्तली चेपाङ भन्छिन् 'चेपाङ महिलाहरूलाई स्वास्थ्य र सरसफाइसम्बन्धी पटक्कै ज्ञान छैन। अलिअलि ज्ञान भएकालाई पनि पतिहरूले व्यवहारमा ल्याउन दिँदैनन्, महिलाको स्वास्थ्य प्रजनन अधिकार सम्बन्धी महिलाले मात्र बुझेर हुँदैन पुरुषले पनि बुझ्नु पर्छ।'

राक्सिराङ गाविस-८ चैनपुरको स्वास्थ्य चौकीमा लामो समयदेखि पियन पदमा कार्यरत रामबहादुर चेपाङ भन्छन् 'महिलाले मात्र बुझेर के गर्नु, पुरुषले नबुझेपछि व्यवहारमै लागु गर्न दिँदैनन्।'

विगतको एउटा घटना स्मरण गर्दै रामबहादुरले भने 'छ ओटी बच्चाकी आमा चेपाङ महिलाले नरप्लान्ट राख्न खोज्दा पतिले ती महिलालाई झण्डै घरबाट निकालिदिएका थिए।'

अब, विस्तारै परिवार नियोजनप्रति महिलाहरू सकारात्मक हुन नथालेका पनि होइनन्। कालिकाटार गाविसका महिलाहरूमा परिवार नियोजनप्रति आकर्षित हुन थालेका छन् र आफ्नो स्वास्थ्यप्रति सजग हुन थालेको पाइएको छ। स्थानीय स्वास्थ्य चौकीका अनुसार ८ देखि १० जना चेपाङ महिला परिवार नियोजनका अस्थायी साधनका लागि स्थानीय चौकी आउने गरेका छन्। चौकीमा आउनेमध्ये ५० प्रतिशत चेपाङ जातिका मानिसहरू हुने गरेको स्वास्थ्य चौकीले जानकारी गरायो। स्वास्थ्य चौकीका प्रमुख राम अयोधाप्रसाद साहले भने "पहिले पहिले चेपाङ महिलाहरू मातृत्व तथा परिवार नियोयन सेवा लिनका लागि स्वास्थ्य चौकीमा आउन हिचकिचाउँथे। आजकल दुई जना बच्चा भएपछि उनीहरू स्वास्थ्य चौकी आउन थालेका छन्।"

चेपाङ पुरुषहरू भने अझै पनि परिवार नियोजनप्रति सकारात्मक देखिँदैनन्। सङ्गिनी सुई लिन आएकी कालिकाटार गाविस-१ दुई बच्चाकी २६ वर्षीया चेपाङ युवती स्वास्थकर्मी जगतकुमारीलाई भन्दै थिइन् 'मेरो पति अस्थायी साधन प्रयोग गर्न चाहनुहुन्न। त्यसैले म एक्लै आएकी हुँ।'

८. निष्कर्ष

सरकारले साढे तीन दशकदेखि चेपाङ विकास कार्यक्रम सञ्चालन गर्दै आए तापनि त्यसको प्रतिफल देखिएन। यसको अर्थ कार्यक्रम चेपाङ समुदायको आवश्यकता भन्दा पनि सञ्चालकको इच्छाअनुसार चलाइएको सहज निष्कर्ष छ।

---

३१. विष्ट प्रताप, "चेपाङ समुदायमा वर्सेनी एक सय बढी बालविवाह" http://www.ekantipur.com/np/2070/12/10/full-story/386193.html

सरकारी र गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू जारी रहेको छ तर, तिनमा सहकार्यको अभाव पाइएको छ। कतिपय क्रियाकलाप यसरी दोहरिएका छन् कि जसबाट समय र लगानीको पनि उपयोग हुन सकेको छैन। नेपालका ५९ आदिवासीमध्ये ५७ औँ स्थानमा रहेको चेपाङ समुदायको मूल समस्या भनेको जीविकोपार्जन हो। जससँग जीवनका हरेक पक्ष गाँसिएको हुन्छ। परम्परादेखि नै कृषि र जङ्गलमा आधारित जनजीवनको पेशान्तरण सहज हुँदैन। नयाँ पुस्तालाई आधुनिक जीवनशैली र जीविकोपार्जनको आधार तयार गरिनु आवश्यक छ। पुस्तौँदेखि भोगचलन गर्दै आएको जग्गा जमिनमाथि नागरिकता नभएका कारण उनीहरूको स्वामित्व स्थापित हुन सकेको छैन।

बालविवाह, अशिक्षा र स्वास्थ्य सेवामा पहुँचको अभावका कारण चेपाङ महिलाहरू प्रजनन स्वास्थ्यको अधिकारबाट वञ्चित हुनु परेको छ।

समुदायमा बालविवाह प्रथा अझै विद्यमान छ। गरिबी र अशिक्षाका कारण प्रजनन स्वास्थ्य र समग्र स्वास्थ्य समस्याबारे यो समुदाय जानकारी राख्न चाहँदैन। लाज मान्ने र परम्परागत सोचका कारण यी समुदायका महिलाहरूले यौन स्वास्थ्यतिर ध्यान नदिएको देखिन्छ। अहिले पनि परिवार नियोजनप्रति चेपाङ समुदायमा भ्रम छ। परिवार नियोजन गरे शारीरिक रूपमा कमजोर हुने मानसिकता उनीहरूमा छ। अहिले पनि उनीहरूमा धामीझाँक्रिप्रतिको विश्वास कायमै छ। यौन स्वास्थ्यबारे गम्भीर नहुँदा आङ खस्ने रोगले सताउने गरेका घटना ती समुदायका महिलामा देखिन्छ। प्रजनन स्वास्थ्य अधिकार महिलाको अधिकार हो भन्ने कुराको चेतना उनीहरूमा देखिँदैन। सन्तान धेरै जन्माउने चलन छ। स्वास्थ्य सेवा उनीहरूको पहुँचमा नभएको उनीहरूको भनाइ छ। चेतनाको कमीले गर्दा अन्धविश्वास र रुढीवादी परम्परा जस्ता समस्याका कारण चेपाङ समुदाय अहिले पनि ग्रसित छ ।

९. सुझाव

- सरकारको चेपाङ विकास कायक्रमलाई व्यवहारिक बनाउन बृहत् अध्ययन गरिनु आवश्यक छ।
- प्रभावकारी कार्यक्रम तयार गर्न चेपाङ समुदायको अध्ययन गरेका विशेषज्ञ एवम् चेपाङ प्रतिनिधिसमेतको संलग्नतामा योजना तर्जुमा गर्नु पर्छ।
- प्रजनन स्वास्थ्यसम्बन्धी प्रचारप्रसारका लागि घुम्ती टोलीको व्यवस्था गर्नुपर्छ।
- परिवार नियोजन क्याम्पहरू चेपाङ बस्ती नजिकै सञ्चालन गर्ने।
- चेपाङ भाषामा प्रौढ तथा प्राथमिक शिक्षा कक्षा सञ्चालन गर्ने।
- गर्भवतीलाई एक वर्षसम्म पौष्टिक भत्ता उपलब्ध गराउने। दुईओटा बच्चा भन्दा बढी भएमा यस्तो भत्ता उपलब्ध नगराउने व्यवस्था गर्ने।
- प्रजनन स्वास्थ्यको आवश्यकताप्रति धामीझाँक्रीमार्फत प्रचार प्रसार गराउने।
- घरेलु हिंसाका पीडकहरूलाई दण्ड र पीडितहरूलाई राहत तथा सुरक्षा राज्यबाट प्रदान गर्ने।
- सरकारले चेपाङ जातिको बाहुल्य भएको क्षेत्रमा स्वास्थ्य चौकीहरू उनीहरूलाई नै पायक पर्ने स्थानमा राख्नुपर्छ।
- चेपाङ क्षेत्रमा चेपाङ जातिकै महिला स्वास्थ्य स्वयम्सेविका राखिनु पर्छ। उपलब्ध भएसम्म स्वास्थ्यकर्मी पनि चेपाङ समुदायकै खटाउनु पर्छ।
- चेपाङ समुदायमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूलाई एकीकृत ढङ्गले काम गर्न निर्देशन गर्नु पर्छ।

परिच्छेद

३

३.३ नवलपरासीका द्वन्द्वपीडित र हानिपूरणको अवस्था

१.पृष्ठभूमि

सरकारसमक्ष आफूले पेश गरेका ४० सूत्रीय मागहरू पूरा नभएको भन्दै तत्कालीन नेकपा माओवादीले माग पूरा गर्न आफूले दिएको समयसीमा भन्दा अघि नै ०५२ फागुन १ गते सशस्त्र सङ्घर्षको घोषणा गऱ्यो। दश वर्षसम्म भएको सशस्त्र द्वन्द्वले देशमा ठूलो भौतिक तथा मानवीय क्षति भयो। द्वन्द्वले देशका सबै क्षेत्र, वर्ग र समुदायमा अल्पकालीन र दीर्घकालीन असर पऱ्यो। जसअनुसार द्वन्द्वको क्रममा देशका १३ हजार २ सय ७६ जना नागरिकहरूले ज्यान गुमाए।[१] द्वन्द्वका क्रममा हत्यासँगै बेपत्ता, घाइते, अपाङ्गता, गिरफ्तारी, अपहरण, सम्पति क्षतिबाट नागरिक पीडित बन्न पुगे भने कतिपय नागरिक डर, त्रास र असुरक्षाका कारण विस्थापित हुन पुगे।

नवलपरासी जिल्लामा राज्यपक्ष र विद्रोही पक्षबीच मात्र द्वन्द्व नभएर तेस्रो पक्ष माओवादी प्रतिकार समूह समेत व्यक्ति हत्या, अपहरण तथा भौतिक संरचना क्षति जस्ता घटनामा संलग्न रह्यो। सर्वसाधारण नागरिक त्रिपक्षीय द्वन्द्वको मारमा परे। भौतिक तथा मानवीय क्षतिका हिसाबले पश्चिमाञ्चल क्षेत्र अन्तर्गतका १६ जिल्लामध्ये गोरखा जिल्ला पहिलो स्थानमा रह्यो भने नवलपरासी जिल्ला दोस्रो स्थानमा रहेको देखिन्छ । द्वन्द्वका क्रममा नवलपरासी जिल्लाका २ सय १७ जना नागरिकले ज्यान गुमाए भने १३ जना नागरिक अझै पनि बेपत्ता नै छन्। विस्थापितको सङ्ख्या ४८ रहेको थियो भने घाइते अङ्भङ्ग भएका नागरिकको सङ्ख्या ४५ रहेको छ। द्वन्द्वका क्रममा भौतिक सम्पति क्षतिको सङ्ख्या २ सय ८३ रहेको छ।[२]

जिल्लामा दर्जन बढी प्रहरी चौकी, गाविस भवन, विद्यालयहरू विस्फोट र आगजनीबाट क्षति भए। माओवादीविरुद्ध राज्यले गठन गरेको माओवादी प्रतिकार समितिले समेत द्वन्द्वको बेला जिल्लाभित्र भएका घटनामा अमरौट गाविस-४ को पर्सावलमा नौ जना माओवादीका कार्यकर्ताको हत्या गऱ्यो।[३] सोमनी गाविस-७ बर्गदवामा ०६२ वैशाख २ गते राती माओवादी प्रतिकार समिति लुकिछिपी बसेको आशङ्कामा माओवादीले आक्रमण गर्दा १४ वर्षीय बालकसहित १२ जना सर्वसाधारण मारिए।[४] त्यस्तै रामग्राम नपा-७ बुद्धस्तुपमा चार जना माओवादी कार्यकर्ताको हत्या, ०६२ माघ २७ गते राती सुनवल गाविस- ४ रमापुरमा विद्रोही र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा माओवादी कार्यकर्ता, सुरक्षाकर्मी र सर्वसाधारण गरी १९ जनाको मृत्यु भएको थियो।[५] तत्कालीन माओवादी प्रतिकार समितिका कार्यकर्ताले सोमनी गाविस-७ वर्गदवा निवासी ४५ वर्षीय रामकिशुन हरिजनलाई घरबाटै अपहरण गरी उनको हातको औँला काटी पोलेर पीडितलाई नै खुवाई गोली हानी हत्या गरेर भारतीय नहरमा फाले। उनको लाससमेत फेला परेन।[६]

यस्तै, ०६१ वैशाख २६ गते बिहान रजहर गाविस- ८ बडटाँडीबाट तत्कालीन शाही नेपाली सेनाले चार जना माओवादी किशोरीहरूलाई गिरफ्तार गरी सोही ठाउँमा रहेको बडटारी सामुदायिक जङ्गलमा पुऱ्याई हात र आँखामा पट्टी बाँधेर गोली हानी हत्या गऱ्यो। उनीहरूलाई बलात्कारपछि गोली हानी हत्या गरेर सोही ठाउँमा खाल्टो खनेर गाडेको प्रतिवेदन, इन्सेक, नेपाल बार, पत्रकार महासङ्घसहितको मानवअधिकारकर्मीको टोलीले स्थालगत अनुगमनपछि सार्वजनिक गरेका थिए।

जिल्लाको दुर्गम पहाडी डेढगाउँ गाविस-३ बाट गिरफ्तार गरिएका तत्कालीन माओवादी किसान सङ्घका जिल्ला अध्यक्ष बाबुराम खनालसहित तीनजनालाई ०६१ वैशाख २५ गते गिरफ्तार गरिएकोमा सोही ठाउँमा रहेको डेढगाउँ माविमा खडा गरिएको सैनिक क्याम्प राखी रातभर क्याम्पमा यातना दिई दोस्रो दिन २६ गते बिहान भारतीपुर गाविस बोटेटारी भन्ने स्थानमा पुऱ्याई शाही नेपाली सेनाले गोली हानी हत्या गरेको थियो।[७] अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ता प्रगतिनगर गाविस- ३ का जानकी रानाभाट, टीका रानाभाट, रचाङ गाविस-९ का धर्मराज पराजुलीलगायत चारजनालाई रतनपुर गाविस-८ बाट ०५५ पुस २९ गते इलाका प्रहरी

---

१. द्वन्द्वपीडित पार्श्वचित्र, इन्सेक, २०६४।
२. स्थानीय शान्ति समिति/जिल्ला प्रशासन कार्यालय, नवलपरासी
३. इन्सेक, नेपाल मानवअधिकार वर्षपुस्तक २००३, पृष्ठ नं.३०८
४. नेपाल मानवअधिकार वर्षपुस्तक २००६, पृष्ठ नं ४२४
५. नेपाल मानवअधिकार वर्षपुस्तक २००७, पृष्ठ नं.३८९
६. नेपाल मानवअधिकार वर्षपुस्तक २००५, पृष्ठ नं. ४२५
७. नेपाल मानवअधिकार वर्षपुस्तक २००५, पृष्ठ नं. ४४३

कार्यालयको टोलीले गिरफ्तार गरेकोमा उनीहरूको अवस्था हालसम्म अज्ञात छ। [८]

रुचाङ गाविस-६ आमडाँडाका दुई जना किसानलाई भरुवा बन्दुक लिएर दुम्सी तर्साउन बारीतर्फ जाँदै गरेका बेला शाही नेपाली सेनाको गस्ती टोलीसँग जम्काभेट भएको र सोही बाटोबाट उनीहरूलाई गिरफ्तार गरी शाही नेपाली सेनाले उनीहरूकै घरमा पुऱ्याई घोप्टो पारेर गोली हानी हत्या गरेको थियो।[९]

त्यस्तै, दुर्गम गाविस डेढगाउँमा नै माओवादीले अपहरण गरी श्रम शिविरमा राखी खाद्यान्न बोकाएर लैजाँदै गरिएका शिक्षक शुक्रराज च्वाई, भीमबहादुर थापालगायत तीन जना सर्वसाधारणलाई डेढगाउँ गाविसको खहरे भन्ने स्थानमा शाही नेपाली सेनाको गस्ती टोलीले फेला पारी गोली हानी हत्या गरेको थियो।[१०] माथि उल्लेखित घटना जिल्लामा सशस्त्र द्वन्द्वका क्रममा भएका प्रतिनिधिमूलक घटनाहरू हुन्। तर, जिल्लाबाहिर सुरक्षाकर्मीहरूलगायत माओवादी कार्यकर्ताहरूसमेत विभिन्न घटनामा मारिए। यसरी मृत्यु, बेपत्ता, घाइते अङ्गभङ्ग, विस्थापित, गिरफ्तारी र यातना, अपहरण, सम्पत्ति क्षति जस्ता घटनामा पीडितमध्ये मृत्यु र बेपत्ता नागरिकको परिवारले मात्र राहत प्राप्त गरेका छन् । घाइते तथा अङ्गभङ्ग भएकालाई अपाङ्गताको प्रतिशतको आधारमा ४० हजारदेखि १ लाख ५० हजारसम्म उपचार खर्च प्रदान गरियो। अधिकांश पीडितले राहत प्राप्त गरेका छन् भने केहीले प्रमाणको अभावमा अझै प्राप्त गर्न सकेका छैनन्। विस्थापितमध्ये केहीले मात्र राहत प्राप्त गरेका छन्। सम्पत्ति क्षति भएकाहरूले अहिलेसम्म कुनै पनि राहत तथा क्षतिपूर्ति पाउन सकेका छैनन्। [११]

२. अध्ययनको उद्देश्य तथा महत्व

एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा भएको मानवीय र भौतिक क्षतिको अवस्थालाई विश्लेषण गर्दै द्वन्द्वपीडितलाई राहत, हानिपूरणका लागि राज्यबाट भएका प्रयासहरू, राजनीतिक दलबाट विगतमा द्वन्द्वपीडितका सवालमा गरिएका प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा विश्लेषण गर्नु हो। यसका साथै राज्यबाट सुविधा नपाएका द्वन्द्वपीडित र उनीहरूको अवस्थाका बारेमा सूचना सङ्कलन गरेर उनीहरूलाई राहत तथा हानिपूरणका लागि सहयोग पुऱ्याउनु हो। जिल्लामा द्वन्द्वले पारेको समग्र प्रभाव, द्वन्द्वपीडितको अवस्था, पीडितलाई न्याय र हानिपूरणका लागि सरोकारवाला निकायबाट गरिएको प्रयास तथा शान्ति स्थापनाका लागि स्थानीयस्तरबाट के कस्तो पहल गर्न सकिन्छ भन्ने उद्देश्यले यो अध्ययन गरिएको हो।

३ अध्ययन विधि

सशस्त्र द्वन्द्वका समयमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको बारेमा सङ्कलन गरिएका सूचना तथा अभिलेखको अध्ययन, नेपाल मानवअधिकार वर्षपुस्तकहरू, गम्भीर प्रकृतिका घटनाको बारेमा स्थलगत अध्ययन, द्वन्द्वपीडित परिवारसँग भेटघाट, कुराकानी, जिल्ला प्रशासन कार्यालय, स्थानीय शान्ति समितिको तथ्याङ्क, द्वन्द्व पीडितसँग अन्तरवार्ता गरेर सूचना सङ्कलन गरिएको छ। यसका साथै द्वन्द्वपीडितका सवालमा राज्यको नीति, विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका व्यवस्था, विभिन्न पत्रपत्रिका प्रकाशित लेख, टिप्पणी, विशेषज्ञबाट लेखिएका सान्दर्भिक पुस्तक, विभिन्न वेबसाइटहरूको अध्ययन तथा सूचनाहरूको विश्लेषण गरेर यो प्रतिवेदन तयार पारिएको हो।

४. अध्ययनको सीमा

यो प्रतिवेदन नवलपरासी जिल्लामा ०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्म राज्य, विद्रोही पक्ष र माओवादी प्रतिकार समूहबाट हत्या गरिएका, दोहोरो भिडन्तमा मारिएका, बेपत्ता पारिएका, घाइते, अङ्गभङ्ग भएका, सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति क्षति भएका, विस्थापित भएका नागरिकहरूको बारेमामात्र केन्द्रित छ। जिल्लामा द्वन्द्वको समयमा भएको मानवीय तथा भौतिक क्षतिलाई विस्तृत रूपमा विवरणमा समावेश गर्न नसकिए पनि तथ्याङ्कगत रूपमा समावेश गरिएको छ। शान्ति सम्झौतापछि भएका घटनालाई यसमा समावेश गरिएको छैन। द्वन्द्वपीडितका सवालमा बनेका नीति, पीडितलाई प्रदान गरिएको राहत सुविधा, हानिपूरणको अवस्था, सरोकारवाला निकायले गरेको पहल तथा द्वन्द्वपीडितका

८. नेपाल मानवअधिकार वर्षपुस्तक १९९८ तथा उनीहरू कहाँ छन् भाग ३, इन्सेक
९. नेपाल मानवअधिकार वर्षपुस्तक २००५, पृष्ठ नं. ४४३
१०. नेपाल मानवअधिकार वर्षपुस्तक २००४, पृष्ठ नं. ३७९
११. जिल्ला प्रशासन कार्यालय तथा स्थानीय शान्ति समिति ,नवलपरासी

माग र त्यसमा राज्यपक्षबाट भएको सम्बोधनका प्रयासहरूलाईसमेत यसमा समावेश गरिएको छ। यसका साथै द्वन्द्वपीडितका सम्बन्धमा बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र त्यसको कार्यान्वयनको अवस्थालाई यहाँ समावेश गर्ने प्रयास गरिएको छ। यो अध्ययन नवलपरासी जिल्लाका द्वन्द्वपीडित र हानिपूरणका सवालमा मात्र सीमित छ।

५. जिल्लामा द्वन्द्वपीडितको अवस्था

सशस्त्र द्वन्द्वका समयमा नवलपरासी जिल्लामा २ सय ३७ जना नागरिक पीडित भएका छन् जसमध्ये २ सय १५ जनाको हत्या, १३ जना बेपत्ता र ६ जना नागरिक स्थायी रूपमा अपाङ्ग भए।[१२] जिल्ला प्रशासन कार्यालयमा २ सय १९ जना मृतक परिवार, १६ जना बेपत्ता परिवार र ६० जना घाइते तथा अपाङ्ग भएका व्यक्तिको तथ्याङ्क रहेको छ। मृतकमध्ये २ सय १७ जनाको परिवारले राहत पाएका छन्। बेपत्तामध्ये १६ जनाको परिवार र घाइते तथा अपाङ्गता भएका ६० जनामध्ये ४० जनाले शारीरिक अवस्थाअनुसार २० हजारदेखि १ लाख ५० हजारसम्म उपचार खर्च प्राप्त गरेका छन् भने २० जनाले आवश्यक प्रमाण नपुगेको कारण अझसम्म राहत सुविधा पाएका छैनन्।[१३] यसैगरी सम्पत्ति क्षतिको सङ्ख्या २ सय ८३ छ भने विस्थापित सङ्ख्या ४८ जना रहेको छ। जिल्ला प्रशासन कार्यालयका अनुसार आठजनाले अशक्तता जीवन निर्वाह भत्ता स्वरूप यस अघि मासिक ६ हजार २ सय प्राप्त गर्ने गरेकोमा ०७१ साउन १ गतेदेखि लागु हुने गरी मासिक ७ हजार पुऱ्याइएको छ। जिल्ला प्रशासनकै तथ्याङ्कअनुसार द्वन्द्वपीडित टुहुरा असहाय ६ जना १८ वर्ष मुनिका बालबालिकालाई मासिक पाँच हजार रुपियाँका दरले राहत प्रदान गरिएको छ। यस्तै जिल्ला शिक्षा कार्यालयका अनुसार द्वन्द्वपीडित मृतक, बेपत्ताका छोराछोरीमध्ये ७२ जनाले प्रावि, निमावि र उच्चमाविमा क्रमश: १० हजार, १२ हजार, १४ हजार र १६ हजार छात्रवृत्ति प्राप्त गरेका छन्।[१४] यसैगरी, ४८ जना विधवाले जिल्ला विकास समितिबाट २५ हजार रुपियाँका दरले राहत प्राप्त गरेका छन्।[१५]

द्वन्द्वकालमा जिल्लाका विभिन्न स्थानबाट ४९ जनाको सम्पत्ति कब्जा भएको थियो। उक्त समयमा कब्जा गरिएका सम्पत्ति फिर्ता भइसकेको छ। २ सय ८३ जनाले द्वन्द्वका समयमा ३० हजारदेखि ३५ लाखसम्म भौतिक सम्पत्ति क्षति भएको भनी जिल्ला प्रशासन कार्यालय र स्थानीय शान्ति समितिमा क्षतिपूर्तिका लागि निवेदन दिएपनि अहिलेसम्म कसैले राहत क्षतिपूर्ति पाउन सकेका छैनन्।[१६] राहतका लागि स्थानीय तहबाट शान्ति मन्त्रालयमा सिफारिस गरेर पठाइएको भए पनि राहत क्षतिपूर्तिको रकम नआएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। यसैगरी जिल्ला प्रशासन कार्यालयका अनुसार गैरकानुनी गिरफ्तारीमा परेको भनी निवेदन दिएका १५ जनालाई २५ हजारका दरले क्षतिपूर्ति प्रदान गरिएको छ। विस्थापितहरूले प्रशासन कार्यालयबाट भन्दा सिधै शान्ति मन्त्रालयबाट राहत बुझेकोले सोको एकिन तथ्याङ्क जिल्ला प्रशासन कार्यालयमा छैन्।

६. हानिपूरणको विषयमा राज्यको नीति

विस्तृत शान्ति सम्झौताको बुँदा ५.१.८ मा सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरू लगत खडा गरी तत्काल फिर्ता गरिने उल्लेख छ। यसैगरी बुँदा नं ५.२.२ मा आफ्ना कब्जामा रहेका मानिसहरूको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गरिने उल्लेख छ। बुँदा नं ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्ने, यसैगरी बुँदा ५.२.४ मा दुवैपक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूको लागि राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउने उल्लेख

---

१२. द्वन्द्व पीडित पार्श्वचित्र, इन्सेक
१३. शान्ति मन्त्रालय, स्थानीय शान्ति समिति
१४. जिल्ला शिक्षा कार्यालय, नवलपरासी
१५. जिल्ला विकास समिति, नवलपरासी
१६. जिल्ला प्रशासन कार्यालय तथा स्थानीय शान्ति समिति, नवलपरासी

छ। ५.२.८ मा दुवैपक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रहबिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुर्नस्थापना तथा सामाजिकरण गरिने उल्लेख छ।[१७] तर, शान्ति सम्झौताका सात वर्ष पूरा भइसक्दासमेत त्यसको कार्यान्वयन हुन सकेन।

नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हकअन्तर्गतको बालबालिकाको हक धारा २२ को उपधारा ४ ले द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका बालबालिकालाई राज्यबाट विशेष सुविधा प्राप्त गर्ने हक हुने कुरालाई सुनिश्चित गरेको छ। यसैगरी अन्तरिम संविधानको धारा ३३ मा राज्यपक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न, सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भइ अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने, सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने, सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका नीजि तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने, सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने उल्लेख छ भने धारा ३४ को उपधारा १४ मा राज्यको दायित्व अन्तर्गत उपधारा (१४) मा राज्यले द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भन्ने व्यवस्था गरिएको छ।[१८] यसैगरी द्वन्द्वको अवधि (२०५२ साल फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गते सम्म) मा द्वन्द्वका कारणबाट पीडित भएका व्यक्ति तथा परिवारहरूलाई नेपालको अन्तरिम संविधान २०६३, विस्तृत शान्ति सम्झौता २०६३ लगायत सरकार, राजनीतिक दल र तत्कालीन नेकपा माओवादीकाबीचमा भएका अन्य सहमतिका आधारमा नेपाल सरकारको घोषित नीतिअनुसार राहत प्रदान गरिने उल्लेख गरिएको छ।[१९]

द्वन्द्व प्रभावित विभिन्न पक्षहरूको प्रतिनिधित्व हुने गरी चार जना सदस्यहरू राखिनुपर्ने भनी स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरूको नं. ३.२. (ग) मा व्यवस्था गरिएको छ।[२०]

सशस्त्र द्वन्द्वका क्रममा आस्थाका आधारमा पक्राउ वा अपहरण गरी हत्या एवम् बेपत्ता पारिएका परिवारका पीडितहरूले आफ्नो नजिकको ईलाका प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरी पीडकलाई कानुनी कारबाही गराउनकालागि यस ऐनको महत्वपूर्ण भूमिका रहन्छ।

७. हानिपुरणको विषयमा अन्तर्राष्ट्रिय मापदण्ड

मानवअधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सन्धिहरूमा पक्षराष्ट्रले सन्धिहरूमार्फत प्रतिज्ञा गरेका नागरिकका अधिकारहरू उल्लङ्घन भएमा प्रभावकारी उपचार प्रदान गर्नुपर्ने दायित्व तोकिएको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २ को उपधार २ मा प्रतिज्ञापत्रमा व्यवस्था गरिएका हकअधिकारहरू राष्ट्रिय कानुनहरूमा व्यवस्था नगरिएको भए पक्ष राष्ट्रहरूले संवैधानिक प्रक्रिया वा प्रतिज्ञापत्रमा व्यवस्था भए अनुसार कानुनी वा अन्य संयन्त्रमार्फत अधिकारको संरक्षण गर्ने प्रतिज्ञा गर्दछ भनिएको छ। त्यसैगरी धारा ३ को १ मा सरकारी पदाधिकारी वा कर्मचारीबाट भएका मानवधिकार उल्लङ्घनका पीडितलाई पनि प्रभावकारी कानुनी उपचार प्रदान गरिने सुनिश्चित गरिनुपर्ने उल्लेख छ। यस्तै धारा ३ को २ मा त्यस्ता पीडित न्याय माग्न आए, न्यायिक उपचारको सम्भावनाहरूको विकास गर्नुपर्ने उल्लेख छ। मानवअधिकार समितिले नागरिक तथा राजनीतिक

१७. विस्तृत शान्ति सम्झौता २०६३
१८. नेपालको अन्तरिम संविधान २०६३
१९. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि २०६६ (प्रथम संसोधन २०६८) ,नेपाल सरकार शान्ति तथा पुन:निर्माण मन्त्रालय, राहत तथा पुनस्थापना इकाई
२०. स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू ,२०६५

अधिकार सम्बन्धी महासन्धिको धारा ७ अन्तर्गत यातना, धारा ६ अन्तर्गत गैरन्यायिक तथा स्वेछाचारी हत्या र धारा नौअन्तर्गत बलपूर्वक बेपत्ता रोमविधान अन्तर्गतका मानवता विरुद्धका अपराधमा राज्यले अनुसन्धान गर्नुपर्दछ भनि व्याख्या गरिएको छ। जेनेभा महासन्धिहरू १९४९ तथा यसको अतिरिक्त प्रोटोकल १९७७ को पक्ष राष्ट्र भइ युद्ध अपराध नियन्त्रण गर्ने दायित्व स्वीकार गरिसकेको अवस्थामा नेपालले यस्ता अपराधमा क्षमादान दिन मिल्दैन।[३१]

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोगले सर्वसम्मत रूपमा दण्डहीनताको सम्बन्धमा विशेष प्रस्ताव पारित गरी संयुक्त राष्ट्रसङ्घको अग्रसरतामा हुने शान्ति सम्झौतामा पनि जाति हत्या, मानवता विरुद्धको अपराध, युद्ध अपराध र गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा पनि माफी दिन नहुने भनिएको छ। सत्य, न्याय, हानिपूरण तथा पुनरावृति नहुने ग्यारेण्टी सैद्धान्तिक रूपमा मात्र नभएर अनुभवको आधारमासमेत एक अर्काका परिपूरक हुन भन्ने कुरालाई विशेष समाधीक्षकले मानवअधिकार परिषद्मा बुझाएको प्रतिवेदनमा उल्लेख छ।[३२]

८. हानिपूरणको उपलब्ध गराउने प्रक्रिया र तिनका कमजोरी

राज्यको नीतिमा मृतक, बेपत्ताका परिवारलाई १० लाख राहत पुऱ्याउने लक्ष्य भए पनि उनीहरूले अहिलेसम्म ३ लाख रुपियाँ भन्दा बढी प्राप्त गर्न सकेका छैनन्। पटक-पटक गरेर दिइएको राहत दैनिक खर्च हुने हुँदा राज्यले तोकेको रकम एकमुस्ट प्राप्त गर्न सके उत्पादनमूलक कार्यमा लगाउन सजिलो हुने द्वन्द्वपीडितहरू बताउँछन्। सम्पत्ति क्षति भएका र शारीरिक यातना भोगेका २ सय ८३ जना मध्ये कसैले पनि राहत पाउन सकेका छैनन्। विस्थापित ४९ जनामध्ये सबै घर फर्केको भए पनि सोमनी गाविस - ७ बर्गदवाबाट ०६२ वैशाखको शुरुदेखि विस्थापित भई भारतमा बस्दै आएका तीन घर परिवार अहिलेसम्म थातथालेमा फर्किएका छैनन्। कार्यदलको सूचीमा नाम नपरेका कारण हानिपूरणबाट वञ्चित हुनुपरेका उदाहरणहरू पनि छन् । तत्कालीन शिवमन्दिर गाविस-८ कोइलापानीका दीर्घबहादुर टण्डनले द्वन्द्वका कारण एक हात गुमाएको र शारीरिक रूपमा असक्त भए पनि सरकारी सुविधाबाट वञ्चित छन्। कार्यदलको सूचीमा सबै पीडितको नाम समेट्न नसक्नु र उक्त सूचीमा नाम नभएका कारण पाउनुपर्ने सुविधाबाट बञ्चित हुनुपर्ने राज्यको नीति नै बाधक देखिएको छ। केही माथि उल्लेखित बुँदाहरूमा शान्ति समितिबाट छानबिनका लागि कार्यदल गठन गरिनु, कार्यदलले पीडितको बारेमा यथार्थ सूचना सङ्कलन नगरिकन सिफारिस गर्नु र कार्यदलसँग पहुँच नभएका पीडितको नाम सिफारिसमा नपर्नु जस्ता कमजोरी देखिएको छ । द्वन्द्वपीडितलाई १० लाख रुपियाँ दिने घोषणा गरे पनि एकमुस्ट राहत रकम उपलब्ध नगराउँदा पीडितले पनि राहत पाए जस्तो अनुभूति गर्न सकेका छैनन्। स्थानीय शान्ति समितिको भूमिका प्रभावकारी हुनुपर्ने जति नदेखिए पनि शान्ति मन्त्रालयबाट जिल्लामा उपलब्ध ५ लाख रुपियाँबाट चेतनामूलक कार्यक्रम, शान्ति तथा पुर्नमिलन कार्यक्रम, पीडित सम्मान कार्यक्रम, गाविस तथा नगरपालिकास्तरीय स्थानीय शान्ति समिति गठन गरिएका छन्। शान्ति समितिका गतिविधिको अनुगमन गर्ने सम्पूर्ण अधिकार जिल्ला प्रशासनको जिम्मामा रहने हुँदा चाहेअनुसार काम गर्न नसकिएको गुनासो शान्ति समितिका पदाधिकारीहरूले गर्ने गरेका छन्।

९. द्वन्द्व र हानिपूरणका सन्दर्भमा सरोकारवालको भनाइ

स्थानीय शान्ति समितिका पूर्वसंयोजक सुभाष गिरी, विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधानको अक्षरश: पालना हुन नसकेको बताउँछन्। उनले भने राज्यले तोकेको मापदण्डअनुसार ३ लाख २५ हजार, ३ लाख र १ लाख रुपियाँ गरी शान्ति मन्त्रालयले पठाएको कार्यदलको सूचीअनुसार घाइते तथा अङ्गभङ्ग भएका र गिरफ्तारी अपहरणमा परेकालेसमेत क्षतिपूर्ति प्राप्त गरेका छन्। तर, सम्पत्ति क्षति भएका झण्डै तीन सय पीडितको घरपरिवारले कुनै राहत तथा क्षतिपूर्ति प्राप्त गर्न सकेका छैनन्। यससम्बन्धमा पीडितहरूबाट गुनासो आएकाले शान्ति समितिमा आएका निवेदनहरू समितिले निर्णय गरी जिल्ला प्रशासनमा पठाउने गरेको छ।

अहिलेसम्म पीडितको पहिचान हुन नसकेको न्यायका लागि द्वन्द्वपीडित समाजका कोषाध्यक्ष अदालत

३१. नेपालमा सङ्क्रमणकालीन न्याय र क्षमादान: केही न्यायिक प्रश्न, तेजमान श्रेष्ठ ,प्राची, संचेतना द्वैमासिक, पेज १३, पूर्णाङ्क २८, असार २०७१, इन्सेक

३२. नेपालमा सङ्क्रमणकालीन न्याय र क्षमादान: केही न्यायिक प्रश्न, तेजमान श्रेष्ठ प्राची, सचेंतना द्वैमासिक, पेज नं १४, पूर्णाङ्क २८, असार २०७१, इन्सेक

राजभर बताउँछन्। उनले पीडितहरूलाई पहिचान हुने खालको परिचयपत्रको व्यवस्था हुनुपर्ने सम्बन्धित निकायका पदाधिकारीहरूले स्थानीयस्तरमा गएर तथ्याङ्क सङ्कलन गर्नुपर्ने बताए।

द्वन्द्वपीडित मेलमिलाप समितिका जिल्ला संयोजक, लेखनाथ पौडेल मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा संलग्नलाई कानुनको दायरामा ल्याउनका लागि राज्यको भूमिका प्रभावकारी नरहेको बताउँछन्। किस्ता किस्ता गरेर दिएको रकमले कुनै पनि काम गर्न नसकिने र दैनिक खर्चमा सकिने हुँदा उक्त रकम एकमुस्ट गरेर दिएमा साना ठूला उद्योग, रोजगारीमूलक व्यवसाय गर्न सहयोग पुग्ने उनको भनाइ थियो।

१०. द्वन्द्वपीडितका समस्या समाधान हुन नसक्नुका कारणहरू

- नागरिकका मानवअधिकार उल्लङ्घन भएका घटनामा प्रभावकारी उपचार प्रदान गर्नुपर्ने दायित्व पूरा गर्न राज्य अग्रसर नहुनु।
- विस्तृत शान्ति सम्झौता ०६३ लगायत विभिन्न समयमा भएका सम्झौताहरूको कार्यान्वयनमा राज्य तथा राजनीतिक दल जिम्मेवार नहुनु।
- सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका नागरिक छानबिन आयोग गठनमा ढिलाइ तथा छुट्टाछुट्टै आयोग गठन नगरिनु।
- गम्भीर मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा संलग्नलाई कारबाही गरी पीडितलाई न्यायको प्रत्याभूति, हानिपूरणको व्यवस्था गर्नप्रति राज्य तथा राजनीतिक दल संवेदनशील नहुनु।
- द्वन्द्वपीडितलाई न्याय, उनीहरूको अधिकार संरक्षण गर्ने गरी राज्यले दीर्घकालीन र अल्पकालीन नीति तर्जुमा नगर्नु अर्थात राज्यले अभिभावकीय जिम्मेवारी पूरा गर्न नसक्नु।

११ निष्कर्ष

सशस्त्र द्वन्द्वका समयमा जिल्लामा भएको क्षतिका सम्बन्धमा अझैसम्म राज्यका निकायबाट स्पष्ट रूपमा पीडित पहिचान गरेर तथ्याङ्कहरू अद्यावधिक गरेको पाइँदैन। द्वन्द्वका क्रममा मारिएका, बेपत्ता बनाइएका, घाइते अङ्गभङ्ग भएका नागरिक तथा उनीहरूको परिवारलाई मात्र जिल्ला प्रशासन कार्यालय र शान्ति समितिको सिफारिसमा राहत प्रदान गरिएको छ। उक्त समयमा सम्पत्ति क्षति भएका नागरिकका परिवारले राहत पाउन सकेका छैनन्। युद्धसँग कुनै सम्बन्ध नै नभएका सर्वसाधारण समेत त्रिपक्षीय मारमा परेर पीडित बन्न पुगे। नवलपरासी जिल्लामा युद्धरत राज्यपक्ष, तत्कालीन माओवादी र राज्यबाट गठन गरिएको माओवादी प्रतिकार समितिबाट निहत्था सर्वसाधारण मानवीय तथा भौतिक क्षति व्यहोर्न बाध्य भए। व्यक्ति हत्या, बेपत्ता, अपहरण, धम्की, कुटपिट, गैरकानुनी गिरफ्तारी, यातना, घाइते, सम्पति कब्जा, जबरजस्ती चन्दा असुली जस्ता मानवअधिकार र मानवीय कानुनविपरीतका घटनाबाट एक दशक लामो सास्ती जनताले भोग्नु पर्‍यो। तर पनि राज्यबाट प्रदान गरिने राहत सुविधाबाट उनीहरू खुसी हुन सकेका छैनन्। उनीहरूले द्वन्द्वबाट शान्तिमा मुलुक रूपान्तरण भई जिल्लामा मेलमिलापको वातावरण बन्ने अपेक्षा गरे पनि अपेक्षाकृत रूपमा त्यसो हुन नसकेको अवस्था छ। शान्ति सम्झौतापछि मुलुकले शान्ति प्रक्रियामा गति लिने आशा गरिएकोमा लम्बिँदो सङ्क्रमणकालका कारण अझैसम्म त्यो पूरा हुन सकेको छैन।

१२. सुझाव

राज्यले द्वन्द्वपीडितका सवाललाई सहयोग पुग्ने गरी नीति तथा कार्यक्रमहरू सञ्चालन गरी समयमै सम्बोधन गर्नसकेमा मुलुकको शान्तिप्रक्रिया टुङ्गोमा पुग्न सक्छ। यसका साथै सङ्क्रमणकालीन न्यायका संयन्त्र तत्काल स्थापना गरी द्वन्द्वपीडितलाई न्याय दिलाउने तर्फ सम्पूर्ण सरोकारवाला निकायको गम्भीर ध्यान जानु जरूरी छ। द्वन्द्वकालका समयमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा संलग्नलाई कारबाही गरी पीडितलाई न्यायको प्रत्याभूतिसहित हानिपूरणको व्यवस्था गर्नप्रति राज्य तथा राजनीतिक दल संवेदनशील हुनुपर्दछ । द्वन्द्वपीडितलाई राज्यका तर्फबाट प्रदान गरिने राहत तथा सुविधामा एकरूपता ल्याउनु पर्दछ। साथै, एकमुस्ठ रूपमा राहतको व्यवस्था गरिनुपर्दछ। पीडित तथा पीडितको परिवारलाई निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्योपचार तथा रोजगारीको व्यवस्था राज्यले मिलाउनु पर्दछ। समग्रमा द्वन्द्वपीडितका लागि अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको परिधिभित्र रहेर सत्य, न्याय, हानिपूरणको प्रत्याभूति सहित सङ्क्रमणकाललाई व्यवस्थापन गर्नु जरुरी छ। अन्तर्राष्ट्रिय सन्धि, प्रथाजन्य अन्तर्राष्ट्रिय कानुन र राज्यका आफ्ना कानुनद्वारा राज्यको दायित्व श्रृजित हुने हुँदा राज्यले गम्भीरतापूर्वक आफ्नो दायित्वलाई बहन गर्नु जरुरी छ।

परिच्छेद

३

३.४ बर्दिया जिल्लाका मुक्त कमैयाको अवस्था

१. भूमिका

नेपालमा दासप्रथाको अन्त्य तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेर राणाले गरेका हुन्। यसले नेपालमा कमाराकमारी राख्ने प्रचलन थियो भन्ने प्रमाण दिन्छ। कानुनी रूपमा मानिसलाई कमाराकमारी राख्न नपाइने र राखे कानुनअनुसार दण्डसजायको भागीदार हुने व्यवस्था गरिए पनि त्यसको व्यवहारिक कार्यान्वयन भएन। देशमा राजनीतिक परिवर्तनसँगै जाति विशेष थारूहरू दासदासी जस्तै बाँधा मजदुरको रूपमा भूमिपतिको घरमा घरव्यवहार र परिवार पाल्न आफ्नो श्रम मूल्यले नपुग्दा, सौँकी (जीवन गुजारा गर्न लिएको ऋण) तिर्न नसक्दा बाँधा मजदुरको रूपमा कमैया बस्ने मानिसहरू छन् भन्ने कुरा सतहमा आयो।[1]

थारू भाषामा कमाउने अर्थात खेतबारी, कुला, बाँध पैनीलगायत घरबाहिर काम गर्ने व्यक्ति कमैया हो। घरको अगुवाइ गर्नेलाई गर्ढुया वा किसान भनिन्छ। उसको अरन, खटनपटनमा काम गर्ने सबै कमैया भनिए। यसले संस्कारको रूप लियो। श्रमजीवि अर्थमा रहेको कमैया शब्द भूदासमा परिभाषित भयो। कमैया भन्ने बित्तिकै थारू समुदायको सन्दर्भ अगाडि आउँछ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले गरेको अध्ययनअनुसार ९३.२ कमैयाहरू थारू जातिका थिए।[2] नेपाल राष्ट्रिय श्रम प्रतिष्ठानको अर्को एक तथ्याङ्कमा बर्दिया र कैलालीमा रहेका कमैयाहरू ९९ प्रतिशत, दाङमा ८४.२ र बाँकेमा ९१.९ प्रतिशत थारू जातका थिए। नगन्य थारू जमिन्दारहरू बाहेक ९० प्रतिशत भन्दा बढी कमैया मौजावाल जमिन्दार र औलो उन्मुलनपछि बसाइ सरी आएका गैरथारू जमिन्दारहरूसँग कमैयाहरू रहेका थिए। क्रिस्चियन म्याकडोघले गरेको दाङ जिल्लाको एक अध्ययन प्रतिवेदनमा उल्लेख भएअनुसार सन् १९१२ मा कर बुझाउने धेरैजसो जग्गा धनी थारू थिए। सन् १९६० को अन्त्यतिर आइपुग्दा बहुसङ्ख्यक जग्गाधनी अन्य जात जातका पाइए। त्यति बेलासम्म करिब ८० प्रतिशत थारुहरू मोही भइसकेका थिए। ती मध्ये बहुसङ्ख्यकको स्वामित्वमा कुनै पनि जमिन नै थिएन।

कमैयाहरूले मुक्तिका लागि गरेको विभिन्न आन्दोलनको परिणाम तत्कालीन श्री ५ को सरकार श्रम तथा सामाजिक कल्याण मन्त्रालयले ०४१-०४२ सालमा कमैयाहरूको लगत लिई कमैया प्रथा बाँधा मजदुरको एक रूपमा रहेको निष्कर्ष निकाले[3] पनि उनीहरूको मुक्ति र पुर्नस्थापनाको लागि कुनै पहल गरेन। "नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को धारा २० (१) मा शोषण विरुद्धको हक अन्र्तगत "मानिसलाई बेचविखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्धको काम गराउन निषेध गरिएको र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ" भनी मौलिक हकको व्यवस्था गरिएको छ। कमैयाहरूको विकासका लागि वेस (Backward Society Education) नामक गैरसरकारी संस्था ०४७ देखि कार्यरत रहेको थियो। अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले ०५० सालदेखि सचेतना कार्यक्रम सञ्चालन गरेको थियो । आफ्नो स्वतन्त्रताको लागि आफै नै उत्प्रेरित हुनसक्ने वातावरण तयार गर्ने उद्देश्य राखी कमैयाहरू माझ कार्यक्रम सञ्चाल गरिएको थियो।[4]

यस परिवेशमा पश्चिम नेपालका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा विद्यमान कृषि श्रम भित्रको कमैया प्रथालाई बाँधाश्रमको रूपमा चिह्नित गरी कमैयाहरुको जीवन उकास्न धेरै प्रयास भए ।

नेपालको पश्चिम तराईका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा थारू समुदायको बाहुल्यता रहेको छ। ती जिल्लामा विगतमा कमैया प्रथाका नाममा थारू जातिका मानिसहरूलाई जमिन्दारहरूले दासको रूपमा राख्ने अभ्यास रहेको थियो। नेपाल सरकारले ०५७ साउन २ गते कमैया मुक्त घोषणा गरिसकेको छ। बितेका १४ वर्षमा राज्यले मुक्त कमैयाहरूको उचित पुर्नस्थापनाका कार्य पूरा गर्न सकेका छैन। यससन्दर्भमा, कमैया प्रथाको सुरुवातको ऐतिहासिकता, कमैयामुक्तिको घोषणापछिको उनीहरूको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थाका बारेमा जानकारी लिन यो अध्ययन गरिएको हो।

१. श्रेष्ठ, दिनेशप्रसाद, "लामो यात्रा : एक सँगालो" (अर्धशताब्दीदेखि कमैया मुक्तिपूर्वको सङ्घर्षहरूको: जिल्ला सन्दर्भ) पृष्ठ २ ।

२. 'नेपालको कमैया मुक्ति अभियानमा इन्सेकको योगदान' इन्सेकको दुई दशक, इन्सेक, पृष्ठ २१५

३. उही -पृष्ठ २१३

४. कमैयाको आर्थिक तथा सामाजिक स्थितिको अध्ययन प्रतिवेदन, श्री ५ को सरकार, श्रम मन्त्रालय, पृष्ठ १२

२. अध्ययनको उद्देश्य

- मुक्त कमैयाका लागि राज्यले बनाएको नीति, कानुन र यसको व्यवहारिक कार्यान्वयनको अवस्थाका बारेमा जानकारी लिन।
- कमैया मुक्ति अघि र पछिको उनीहरूको राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था सार्वजनिक गर्ने र उनीहरूलाई राज्यको हरेक तह र क्षेत्रमा मूल प्रवाहीकरणमा ल्याउन सहयोग पुऱ्याउन।
- कमैया मुक्त भएपछि सरकारले गरेको प्रतिबद्धताको कार्यान्वयनको अवस्था बारे जानकारी लिन।

३. अध्ययनको औचित्य

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ४ ले हरेक व्यक्तिलाई दासत्वविरुद्धको अधिकार हुने र हरेक स्वरुपका दासत्व व्यवहारको बन्देज लगाउनुपर्ने प्रतिवद्धता जाहेर गरेको छ।[५] नागरिक तथा राजनीतिक प्रतिज्ञा-पत्र सन् १९६६ को भाग १ धारा धारा ८ मा कसैलाई दासत्वको पनि व्यवहार नगरिने, दासत्वसम्बन्धी सबै अवस्थाहरूको अन्त्य गर्ने र कसैलाई पनि जबरजस्ती काम नगराइने उल्लेख छ। यस्तै आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी दुईओटै अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्रमा उचित ज्याला पाउने अधिकार (समान कामको समान ज्याला, ज्यालासहितको बिदाको अधिकार), दासत्वबाट मुक्तिको अधिकार हुने उल्लेख छ।

अन्तर्राष्ट्रिय महासन्धि र राष्ट्रिय कानुनले बाँधा श्रमलाई निषेध गरेको भएपनि नेपालमा लामो समय कमैया प्रथा बाँधा मजदुरको रूपमा अभ्यासमा रह्यो। कमैयाहरूको सशक्त आन्दोलन, नागरिक समाज र राजनीतिक दलहरूको सहकार्य साथै अन्तर्राष्ट्रियरूपमा कमैयाहरूको आन्दोलनप्रति समर्थन र सरकारमाथि दबाब परेपछि अन्तत: सरकारले ०५७ साउन २ गते कमैयाहरूको सौंकी मिनाहासहित मुक्त घोषणा गर्न बाध्य भयो। पहिले कमैयाको समस्याप्रति बेवास्ता गर्नु र पछि कुनै योजनाबिना नै कमैया मुक्त गरिनुले उनीहरू स्वतन्त्र भए पनि जीवन भोगाइमा कुनै परिवर्तन आएन। उनीहरूको जीवन झन कष्टकर बन्दै गयो। मुक्तकमैया परिवारको जीवन धान्न पुन: कमैया बस्नु पर्ने, अधिया जोत्नको लागि छोरीहरूलाई कमलरी बस्न पठाउनुपर्ने, बेगारी र जिरायत प्रथालाई निरन्तरता दिन बाध्य बनायो। अहिले पनि कमैया कुप्रथाको अवशेष कुनै न कुनै रूपमा कायम नै रहेको देखिन्छ। सरकारले मुक्तकमैया पुनस्थापना गर्न आफैंले बनाएको नीति विपरीत कार्यसम्पादन गर्दै आएको छ। यसले सरकार आफ्नो दायित्वभन्दा पछि हटेको र मुक्तकमैयाहरू आफ्नो अधिकार प्राप्त गर्नबाट वञ्चित भइरहेका छन्।

३.१ कमैया प्रथाको आरम्भ

श्रमजीवि अर्थमा रहेको कमैया शब्द भूदासमा परिभाषित र कमैया बाँधा मजदुर प्रथाको रूपमा कहिलेदेखि शुरु भयो भन्ने कुरा थाहा पाउन इतिहासका तथ्य कोट्याउन आवश्यक छ। ईष्टइण्डिया कम्पन्नी सरकारले सन् १८६० मा नेपाललाई दाङ जिल्लामा अवस्थित राप्ती नदीको पश्चिममा पर्ने तराईको क्षेत्र-जुन नयाँ मुलुक भनेर चिनिन आयो, नेपालको सैनिक सहयोगको बदलामा फिर्ता गरिएको थियो। सन् १९५० को दशकमा तराईमा सुरु गरिएका औलो उन्मूलनसम्बन्धी आयोजनाहरूपश्चात् त्यहाँ मुख्यगरी विशिष्ट शासक वर्गसँग जात, भाषा तथा संस्कृतिका आधारमा निकट रहेका उत्तरी पहाडका उच्च जातका मानिसहरूको बसाइसराई भएको थियो। चेतनाको अभाव, ऋण दिने जालीपूर्ण प्रचलन, भ्रष्टाचार, न्यायको पहुँचको अभाव, तथा राज्यधिकारीहरूद्वारा भेदभावको माध्यमबाट थारूहरू ठूलो मात्रामा उनीहरूको परम्परागत भूमिहरूको स्वामित्वबाट बेदखल गरिएका थिए। धेरै भूमि माथिको नियन्त्रण अल्पसङ्ख्यक उच्च जातका आप्रवासीहरूमा स्थानान्तरण भयो र यसरी उनीहरू जमिन्दार भए। कृषि वा अन्यप्रकारका मजदुरलाई काममा लगाउने अलि सम्पन्न भूमि मालिकहरूलाई स्थानीय रूपमा जमिन्दार भनेर चिनिन्छ। अधिकांश थारूहरूको अवस्था मोही(अधियावाला) ज्यालादारी मजदुर अथवा कमैया(बाँधा मज्दर) का रूपमा झऱ्यो। सरकार तथा राजनीतिक प्रतिनिधित्वको अभाव, भाषाको अवरोध तथा राज्यका सुरक्षा तथा शिक्षा लगायतका सेवाहरू माथिको पहुँचको अभावले गर्दा थारूहरूको सीमान्तीकरण अझ बढेको थियो।

---
५. मानवअधिकार शिक्षामाला, इन्सेक, पेज नं. ३९

जङ्गबहादुर राणा प्रधानमन्त्री हुनु अघि थारू जातिका मानिसहरूले पोत प्रथाअन्तर्गत कृषि पेशा अगाडि बढाएका थिए। जब जङ्गबहादुरले नयाँ मुलुक भनेर चिनिने दाङ, बाँके बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेतका लाटीकोइली र उत्तरगङ्गा गाविस क्षेत्रमा कर उठाउने अधिकार प्राप्त गरे, उनले मौजा र वीर्ता प्रथा चलाए। मौजा र वीर्ता पाउनबाट वञ्चित भएका र रिसाएका आफन्तलाई केही गाउँ दिएर जमिन्दारको रूपमा स्थापित गरे। यसै प्रथाले नै थारू जातिलाई उनीहरूले सदियौँदेखि जोतभोग गर्दै आएको जमिनबाट बेदखली गर्ने कार्यको शुरुआत भयो। राणा शासकहरूले मौजा र बिर्ताको नाममा थारू किसानहरूले जोतभोग गर्दै आएको जमिन भाइभारदारलाई बाँडे। उक्त समयमा तराईमा औलोको प्रकोप अत्यधिक रहेकोले उनीहरू आफैँ आएर जग्गा भोगचलन गर्न सक्ने अवस्था थिएन। त्यही कारण उनीहरूले कोठारको रूपमा आफ्नो मान्छे पठाएर जग्गा छुट्याउने र कर उठाउने कार्य गरेका थिए। मौजा र बिर्तावालाहरूले थारू जातिबाट जग्गा त खोसे तर आफैँले जोतभोग गर्न नसक्ने अवस्था भएकोले सतकुर (जम्मा उत्पादनलाई सात भाग लगाएर ६ भाग जोत्नेले लिने र एक भाग जग्गा मालिकले लिने) चलन लगाई तिनै थारूहरूलाई जग्गा जोत्न दिए। जसमा जोत्नेले ६ भाग र मालिकले १ भाग अन्न लिने गर्थे। उक्त एक भाग सरकारलाई कर तिर्न भनेर लिने गर्थे। विस्तारै मौजा र बिर्तावालहरूले जग्गा जोत्ने किसानलाई दिने अन्नको भाग घटाउँदै छकुर, पँचकुर, चौकुर, तिकुर, अधिया गर्दै लाहुरे पँचकुरसम्म पुर्‍याए। लाहुरे पँचकुर भनेको जग्गा मालिकलाई तीन भाग र जग्गा जोत्नेलाई दुई भाग दिने प्रथा हो।

कमैया प्रथाका भुक्तभोगी तथा आन्दोलनका अगुवाहरूले कमैया बस्ने अभ्यास १९८० सालदेखि शुरु भएका मान्छन्। २०२१ सालको भूमिसुधारले थारूहरूलाई भूमिबाट बेदखली गर्‍यो। सोही बेला आएको धर्मभकारीले ऋणमा डुबायो। धर्मभकारीमा अन्न बचत गर्न नसक्नु, साथै मालिक र धर्मभकारीबाट खानलाई लिएको अन्न र सोको ब्याज तिर्न नसक्ने भएपछि अत्यधिक थारू जातिका मानिस बाध्य भएर कमैया बस्न पर्ने अवस्था सृजना हुन थाल्यो। दाङ जिल्लाबाट ०२१ देखि २०२७ सालको अवधिमा बाँके, बर्दिया, कैलाली र कञ्चलनपुर जिल्लामा थारू किसानहरूको बसाईसराइले तीव्रता पायो। जमिन्दारहरूले आफैँले पनि दाङमा कमैया बसेका थारू कमैयाहरूको सौँकी ऋण तिरिदिएर खरिद गरी आफ्ना जग्गा जोत्न ल्याएका थिए।

कमैया प्रथामा प्रत्येक वर्षको माघे सङ्क्रान्ति (माघी)को दिनमा भू-स्वामी वा जमिन्दारहरूले आफ्नो घरखेतको सम्पूर्ण काममा कमैयाश्रम लगाउन कम्तीमा वर्ष दिनको निम्ति ज्यादै सस्तो दरमा कमैयाको परिवारलाई खरिद गर्दथे। एकथरी कृषि मजदुर जमिन्दार कहाँ नयाँ कमैयाको रूपमा र अर्कोथरी एउटा जमिन्दारको कमैयाको रूपमा विनिमय पनि गर्ने चलन थियो। कुनै जमिन्दारलाई आफू कहाँ रहेको कमैया आवश्यक नपरे उसले आफ्नो कमैया माथि थुपारिएको ऋणको रकम कुनै अर्को जमिन्दारबाट असुल गरेर कमैयालाई हस्तान्तरण गर्दथ्यो। एक पटक कमैया बसिसकेपछि यसमाथि वर्ष भरी नै उसले तिर्न नसक्ने गरी धेरथोर जमिन्दारको ऋण लागिहाल्थ्यो। अनि ऊ शुरुमा एक वर्षका निम्ति मात्रै कमैया बसेको भए पनि वा प्रत्येक माघीको माघी देवानी (माघे सङ्क्रान्तिको दोस्रो) दिनमा कमैया बस्ने वा छाड्ने अवसर प्रचलनका रूपमा रहे पनि ऊ माथि ऋणभार थुपारिएको कारण उसले मुक्ति हुने दिन विरलै आउँथ्यो।

कमैया परिवारलाई काम र कामको समयसीमामा पनि हुँदैन थियो। बिहान ३/४ बजे देखि राती ११/१२ बजेसम्म जमिन्दार र कोठारको घरमा भाँडा माझ्ने, बढारकुढार गर्ने, खेत जोत्ने, गोड्ने, बाली काट्ने, थन्क्याउनेसम्म, पाल्तु पशुहरूको रेखदेख र स्याहार सुसारदेखि जङ्गलपात गर्नेसम्म र चुल्हो चौकोसम्मका सबै काम कमैया परिवारले नै गर्नुपर्थ्यो। कमैयाहरूको प्राय: आफ्नो घरबास खेती गर्ने जग्गा हुँदैन थियो। तर, अपवाद स्वरूप केहीको आफ्नो थोरै जग्गा भएपनि त्यसबाट जीविका नचल्ने भए पछि उनीहरू कमैया बस्ने गर्थे।[६] यसरी श्रमशोषणको निरन्तरता कमैयाको नाममा स्थापित हुन गयो।

३.२ कमैया मुक्तिका लागि बर्दिया जिल्लामा भएका सङ्घर्ष

कमैयाहरू दासताबाट मुक्त हुन थारूहरूले सङ्घर्ष गरेको ऐतिहासिक घटनाहरूले पुष्टि गर्छ। बर्दियाका कमैयाहरूले आफ्नो जीविकाको सुधारका

६. श्रेष्ठ, दिनेशप्रसाद, 'लामो यात्रा : एक सँगालो' (अर्धशताब्दीदेखि कमैया मुक्तिपूर्वको सङ्घर्षहरू: जिल्ला सन्दर्भ):को पेज २ बाट दिनेशप्रसाद श्रेष्ठ।

निम्ति विभिन्न समयमा विभिन्न मागहरू राखी सत्तरी वर्षभन्दा अघिदेखि बर्दियामा सङ्घर्ष गर्दै आएका थिए। बर्दिया जिल्लाका घरवारविहीन कमैयाहरू (रैतीहरू)लाई घरबास र खेतीको निम्ति जग्गा दिलाउन राणा प्रधानमन्त्री जुद्धशमशेर राणाले २००१ सालदेखि स्वर्गीय राधाकृष्ण थारूले भूमिगत शान्तिपूर्ण आन्दोलन चलाएका थिए। आन्दोलनका रूपमा जङ्गलभित्र तत्कालीन रैंती भनिने कमैया सुकुमबासीहरूको गुप्त भेला बैठक, हस्ताक्षर सङ्कलन र जग्गा मागको निवेदनहरू तयार हुन्थे। आन्दोलनको फलस्वरूप २००४ सालमा अर्का राणा प्रधानमन्त्री पद्मशमशेर राणाले बर्दियाको भूमिहीन रैतीहरूको यथार्थ अवस्था बुझ्न नापी टोलीसहित ब्रह्मशेरको नेतृत्वमा शारदाशमशेर र विजयशमशेर सदस्य भएको एउटा अधिकारसम्पन्न दौडाहा टोली बर्दिया पठायो। यस टोलीले बर्दियाको सदरमुकाम गुलरियामा आई धर्मभकारी मैदानमा रैती र जमिन्दारहरूलाई भेला गरायो। भूमिहीन कमैया रैंतीहरूको फरियाद सुन्यो। त्यसपछि जमिन्दारहरूको कब्जामा रहेको १३,००० विगाहा (८८४३.५ हेक्टर) जग्गा तत्कालीन कमैयाहरूलाई वितरण गरी काठमाडौँ फर्कियो।

तर, यो टोली बर्दियाबाट फर्किएपछि जमिन्दारहरूले रैंतीहरूलाई वितरीत जमिन खोस्न थाले। यसपछि राधाकृष्ण थारू, उनका सहयोगी सरजुप्रसाद थारू र दिलिपत विक्रम थारूले रैतीका तर्फबाट जमिन्दारहरूको सिकायत लिएर २००५ सालमा काठमाडौँ गई उजुरी गरे। यो उजुरी सुनेर तत्कालीन प्रधानमन्त्री मोहनशमशेरले बासुदेव प्याकुरेलको अध्यक्षतामा अर्को नापी टोलीसहित अधिकारसम्पन्न जाँचबुझ टोली पठाए। यस टोलीले पहिले वितरण गरिएको १३ हजार विगाहामा थपेर अरु १२,००० विगाहा जग्गा भूमिहीन कमैया रैंतीहरूको नाममा दर्ता गरिदियो। यसप्रकार त्यतिबेला रैतीका नाममा २५,००० बिघा जमिन दर्ता भयो। जहानीया राणा शासन विरुद्धको आन्दोलनको अगुवाइ गरिरहेको नेपाली काङ्ग्रेसको २००७ सालको क्रान्तिकालीन घोषणा-पत्रमा "जग्गा जोत्नेको" उल्लेख गरिएको थियो। यसले कमैयाहरूलाई आफ्नो अधिकारको लागि आन्दोलनमा लाग्न सङ्गठित हुन सहयोग गरेको थियो।[७]

३.३ बेलवा हत्याकाण्ड

देशमा २००७ साल फागुन ७ गते प्रजातन्त्रको स्थापना र राणा शासनको अन्त्यपछि, राजापुर क्षेत्रका रैती कमैयाहरूले ००८ वैशाख १५ गते मानपुरटपरा गाविस-९ को बेलवा गाउँमा जमिन्दार बिदुर नरसिंह राणाको खलियानमा जम्मा भई घेरा हाली बाली कमाउने किसानहरूले (जग्गा जोत्ने किसानहरूले) तिक्कुर (तीन खण्डको एक भाग जमिन्दार र दुई भाग जोत्नेले) पाउनुपर्छ भनेर आन्दोलन गरे। उक्त आन्दोलनलाई तत्कालीन प्रहरी प्रशासनसँग मिलेर जमिन्दारहरूले बर्बर दमन गरे। जमिन्दार बिदुर नरसिंह राणा स्वयम्ले आन्दोलनकारी कमैयाहरूलाई गोली हाने। घटनामा छ जना कमैयाको मृत्यु भयो। *(गोली काण्डमा खैरीचन्दनपुर/मङ्गलपुरका कमैया चापु थारू, कोइलीपुरको लक्ष्मीप्रसाद थारू, दयारामपुरका पतिराम थारू, गुलराका डिवुवा थारू, वेलवाका पेपवा थारू र कोइली थारू गरी छ जनाको मृत्यु भएको थियो। सोही गोलीकाण्डमा घाइते हुनेमा वेलवा गाउँकै दादरे थारू, सेतु थारू, लक्ष्मी थारू, लहरू थारू, बिष्णु थारू, लालमनी थारू र लखेर थारू, खल्ला जयपुरको परवारी थारू, कोलहीको लालु थारू, मुरैयाका बङ्कु थारू, सोहलीका भगत थारू र जम्मुन थारू, मङ्गलपुरको चापु थारू, बदालपुरका भंगे थारू र छोटेलाल थारू, जयपुरका बेचन थारू र जखेरु थारू थिए।)*

३.४ २०२१ सालको भूमिसुधार

राजा महेन्द्रको शासनकालमा २०२१ सालमा भएको भूमिसुधार लागु हुँदा बर्दिया जिल्लाका जोताहा कमैयाहरूको ठूलो हिस्सा जग्गा पाउनबाट वञ्चित भए र उनीहरूले जोत्दै आएको जमिनको मोही दर्ता पनि जमिन्दार र कर्मचारीहरूको मिलोमतोमा हुन सकेन। भए पनि धेरै कम सङ्ख्यामा मात्र भयो।

३.५ थुमनी हत्या काण्ड

डेउढकला गाविस-३ थुम्नीमा २०३६ सालमा धधवार गाविस-८ बेलभारका खुसीराम थारू, जीतबहादुर थारू र नन्दलाल थारूसहितका तीनघर परिवार कमैया बसेका थिए। उनी र उनीहरूका परिवार कमैया बस्न नमानेर आफ्ना सामान लिएर

७. उही

भत्काएर घर फर्कन खोज्दा जमिन्दारले अवरोध गरेका थिए। उनीहरूलाई सहयोग गर्न जाँदा धधवार गाविस-८ फच्कहवाका मोहन थारूको जमिन्दारले गोली प्रहार गरी हत्या गरे।

३.६ डल्ला आन्दोलन

२०३८ सालमा मानपुरटपरा (राजापुर क्षेत्र) का बालकृष्ण थारू र सूर्यपटुवा गाविस रजवाराका वामपन्थी कार्यकर्ता केशर गिरीको नेतृत्वमा सूर्यपटुवा गाविसको डल्ला फाँटामा एकपल्ट फेरि सुकुम्वासीकै नामबाट कमैयाहरूले जमिन प्राप्तिको लागि अस्थायी बसोबास गरे। त्यहाँबाट पनि उनीहरूलाई प्रशासनले बल प्रयोग गरी हटायो र नेतृत्व गर्नेलाई गिरफ्तार गरी वन ऐनअनुसार कारबाही चलायो।

३.७ जङ्गली थारूको अभियान

एक वर्षपछि २०३९ सालमा फेरि जङ्गली थारूको नेतृत्वमा हजार भन्दा बढी कमैयाहरू जमिन प्राप्तिको अभियानलाई अगाडि बढाउन ढोढरी गाविस-३ कोहुलाकी सडक किनारको जमिनमा आई अस्थायी बसोवास गरे। जङ्गली थारू २०४० सालमा भएको राष्ट्रिय पञ्चायत सदस्यमा चुनावमा समेत उठेका थिए उनी थोरै मतले मात्र पराजित भए। राजा वीरेन्द्र शाहको हुकुमी प्रमाङ्गीबाट ०४१ सालमा उनीहरूले वन ऐन सुदृढीकरण आयोग र क्षेत्रीय बसोबास कार्यालय नेपालगञ्जले बनियाभार गाविसको विभिन्न क्षेत्रमा पाँच कट्ठा देखि एक बिगाहासम्म ऐलानीप्रति जग्गामा उपलब्ध गराई ९ हजार १ सय २४ घरपरिवार कमैयाहरू रहेकोमा एक हजारले मात्र जग्गा प्राप्त गर्न सके। अरू बाँकीले जग्गा प्राप्त गरेनन्।

४. कमैया मुक्ति आन्दोलन

अन्तर्राष्ट्रिय श्रमिक दिवस (२००० मई १ तारेख/मई दिवस) मा कैलाली जिल्लामा इन्सेक, बेस, लगायत संस्थाहरूले र अन्तर्राष्ट्रिय संस्थाहरूको सर्मथनमा गेटा गाविसमा कमैयाहरूलाई सङ्गठित गरे। कमैया मुक्ति आन्दोलनलाई अझ सशक्त बनाए। कमैयाहरूले जिल्ला प्रशासन कार्यालय बर्दियामा ०५७ असार २ गते, नारा जुलुस सहित जमिन्दारहरूबाट कमैया श्रमको ज्याला र क्षतिपूर्ति दिलाउन माग गरे। सरकारले कमैया मुक्तिको घोषणा नगर्दै खैरीचन्दनपुर गाविसमा जमिन्दार हरिहर गौतमले आफ्ना दुई जना कमैया चुलावा थारू र भागिराम थारूलाई सौकी मिनाहा गरी मुक्त गराएका थिए। यसैगरी सोही गाविसका जमिन्दार भीमबहादुर खड्काले पनि आफ्ना कमैयाहरूको सौकी मिनाहा गरेका थिए।

सिंहदबार घेराउ तथा धर्ना अभियानमा सहभागी हुन बर्दियाबाट २०५७ असार २८ गते १२ जना महिला र ३५ जना पुरुष सहित ४७ जना कमैयाहरू प्रस्थान गरेका थिए। सिहंदरबार घेराउको उक्त मोर्चामा बर्दियाका कमैयाहरूले अग्रणी भूमिका निर्वाह गरेका थिए। सिंहदबार घेराउ तथा धर्ना अभियानलाई सर्मथन गर्दै गुलरियामा पनि ०५७ असार ३० गते विरोध ऱ्याली निकालिएको थियो। अन्ततः सरकार बाध्य भएर ०५७ साउन २ गते सौकी मिनाह गरी कमैया मुक्तिको घोषणा गऱ्यो।

४.१ मुक्तिपछिको अवस्था

सरकारले कमैयाहरूलाई सौंकी मिनाहा गरी मुक्त घोषणा गरेपछि उनीहरूको खुसीको सीमा रहेन। जमिन्दारको जग्गामा बनाएको आफू बस्ने बुकुरा छोडेर साउनको झरी नभनी सम्पत्तिको नाममा भएको पोका पुन्तुरा लिएर नयाँ सुखद जीवनको परिकल्पनासहित पुर्नस्थापनाको आशामा हिँडे। तर, बिना तयारी सरकारले गरेको मुक्तिले उनीहरूलाई घर न घाटको बनायो। स्थायी पुर्नस्थापना गर्नु अगाडि कहीं कतै पनि तत्कालको लागि अस्थायी शिविरको स्थान नतोकिएकाले उनीहरू कहाँ बस्ने के खाने ठेगान भएन। भएको बुकुरा छोडेर आएको, जमिन्दारको घरमा काम गरेपछि मात्रै खानपाइने मुक्त कमैयाहरूको अवस्था दयनीय बन्यो। सरकार मुक्त कमैयाका लागि बस्ने ठाउँको व्यवस्था गर्न असमर्थ रह्यो। मुक्तकमैया आफैंले सरकारी खाली जग्गामा घरटहरा बनाएर बस्दा प्रहरी लगाएर हटायो।

४.२ कमलरीहरूको सवाल सम्बोधन नहुँदा थप जटिलता

कमैया बाँधा मजदुर प्रथासँगै जोडिएको कमलरी प्रथा पनि हो। सरकारले समयमा नै उचित रूपमा मुक्त कमैया पुनर्स्थापना गर्न नसक्दा पुनः नयाँ स्वरूपमा कमैया बस्ने अभ्यासले निरन्तरता त पायो नै यसले पूर्वकमैया, सुकुम्बासी र गरिब थारूहरूका बालिकाहरू कमलरीको रूपमा जमिन्दार र अन्य सरकारी गैरसरकारी उच्चपदस्थ व्यक्तिको घरमा जग्गा अधिया लगाउन दिने तथा पढाइ दिने सर्तमा कलिला थारू बालबालिकाहरू कमलरी बस्न पठाउने र लाने

बाध्यात्मक अवस्था कायम रह्यो।

मुक्त कमलरीहरूको आफ्नै संस्था मुक्तकमलरी विकास मञ्चले लिएको तथ्याङ्कअनुसार बर्दिया, दाङ, बाँके, कैलाली र कञ्चनपुर जिल्लामा १२ हजार कमलरी रहेका छन्। तीमध्ये बर्दिया जिल्लामा २१ सय कमलरी रहेका छन्। नेपाल सरकारले कमलरीको आन्दोलनपछि ०७० असार ३ गते कमलरी मुक्तिको घोषणा गरेको छ।[८]

नेपाल सरकारले कमलरी श्रमलाई कानुनीरूपमा बन्देज लगाएको भए पनि कमलरी मुक्ति अभियान सञ्चालनमा उदासीनता देखाउनु, मुक्त कमलरीहरूको पुन:र्थापनाको लागि उचित व्यवस्था गर्न नसक्नु, गरेको व्यवस्था पनि प्रभावकारी नहुनु आदि कारणले यस प्रथालाई जरैबाट उन्मूलन गर्न बाधा पुगिरहको छ।

५. मुक्त कमैयाको वर्तमान अवस्था :

५:१ स्थापनाका प्रयास

भूमिसुधार कार्यालयले लिएको लगतअनुसार २०५२/०५७ सालको लगत ७ हजार १५, र २०५९ सालको छुट लगत ९ हजार २ सय ४७ गरी १६ हजार २ सय ६२ परिवार मुक्त कमैया छन्। पुनस्थापना गर्नु पर्ने कूल सङ्ख्या २०५२/०५७ सालको लगत ४ हजार २ सय २५ र २०५९ सालको छुट लगत ७ हजार ६ सय ५० जम्मा ११ हजार ८ सय ७५ रहेको छ। परिचय-पत्र पाउने मध्ये पनि ८ सय ८३ जनाको परिचय-पत्रमा फोटो टाँसेर पनि वितरण हुन बाँकी रहेको भूमिसुधार कार्यालयले जनाएको छ। भूमिसुधार कार्यालयका अनुसार परिचय-पत्र वितरण गर्न नसक्नुको कारण उनीहरू २०५७ साल भन्दा अगाडि नै कमैया बस्न छोडेको अनुसन्धानबाट खुलेको हो । यसरी रोकिएको परिचय-पत्र दिने वा नदिने अन्तिम निर्णय लिन जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा रहेको समितिले मात्र गर्न सक्ने प्रावधान निर्देशिकामा छ। यसलाई किनारा लगाउन स्थानीय निकायको निर्वाचन वा मन्त्रिपरिषद्बाट निर्देशिका सशोधन गर्नु पर्ने बाहेक अर्को विकल्प छैन। जिल्ला विकास समितिका सभापति स्थानीय निकायको चुनाव हुन नसक्दा रिक्त रहेको छ। भूमिसुधार कार्यालय बर्दियाले पुर्नस्थापना गर्नु पर्ने सङ्ख्यामध्ये ०५७ देखि ०७०/०७१ सम्म ९ हजार ६ सय ८९ जनालाई १८५५-१८.२१ *विगाहा* र २०७१/०७२ सम्म २ सय ३९ मुक्तकमैयालाई ११-२-१०.५० *विगाहा* गरी जम्मा ९ हजार ९ सय २८ *जनालाई कुल १८६७-३-८.७१ विगाहा* जग्गा वितरण पुनस्थापित गरेको छ।

मुक्तकमैया पनुस्थापना गर्न बाँकी २ हजार १ सय ८६ रहेकोमा यस आ.व. ०७१ ०७२ मा ९०० यस वर्ष गर्नु पर्ने लक्ष्य रहेकोमा ४ सय १७ जना पुर्नस्थापना गरेको र हाल १ हजार ७ सय ६९ पुनर्स्थापना हुन बाँकी रहेका छन्।

सरकारले घर बनाउन ३५ क्यूफिट काठ र १० हजार रुपियाँ रकम उपलब्ध गराउने भनेतापनि हालसम्म रातो कार्ड पाएका मुक्तकमैया १ हजार ७ सय ५५, निलो कार्ड ५ सय ५४ गरी जम्मा २ हजार ३ सय ९ लाई ७९ हजार ९ सय २.८६ क्यूविकफिट मात्रै उपलब्ध गराएको छ। यसै गरी घर बनाउन रकम ७ हजार ८ सय ९५ जनालाई ७ करोड ७८ लाख ४८ हजार वितरण गरेको छ। जसमा ५ हजार २ सय ८० रातो परिचयपत्र रहेका पाएका मध्ये ४ हजार ७ सय ४९ जनाले १० हजार रुपियाँका दरले रकम पूरा पाएका छन् भने ५ सय ३१ ले ८ हजार रुपियाँका दरले मात्रै पाएका छन्। साथै नीलो कार्ड रहेका ७ हजार ८ सय ९५ जनाले १० हजार रुपियाँका दरले रकम पाएका छन् भने २० जनाले ८ हजारको दर मात्रै पाएका छन्। *रातो कार्ड तर्फ ५ सय ३१ र निलो कार्ड तर्फ २० जनाले पहिलो किस्ता प्राप्त गरी दोस्रो किस्ता नपाएको देखिएकोमा उनीहरू आफूले प्राप्त गर्न बाँकी रकम लिन नआएको भूमिसुधार अधिकृत नरहरि तिवारीले बताए। साथै दोस्रो किस्ता रकम लिन बाँकी रहेको मुक्तकमैयाले निवेदनसहित कार्यालयमा सम्पर्कमा आए तत्काल उपलब्ध गराउने पनि भूमिसुधार अधिकृत तिवारीले बताए।*

कमैया मुक्ति घोषणा गरेलगत्तै सरकारले उनीहरूको पुनस्थापना कार्यक्रम सार्वजनिक गर्दै पाँच कट्ठा ग्रामीण क्षेत्रमा, एकदेखि दुई कट्ठासम्म शहरी क्षेत्रमा, मुख्य सडक छेउमा दुई कट्ठा त्यससँगै ३५ क्यूफिट काठ र १० हजारका दरले रकम उपलब्ध गराउनुका साथै विभिन्न सीपमूलक तालिम दिने प्रतिबद्धता जनाएको थियो। पुनस्थापनाको कार्य २०५७ पुस महिनभित्र गरिसक्ने बताए पनि १४ वर्ष बितिसक्दा

---

८. मुक्त कमलरी विकास मञ्च केन्द्रीय कार्यालय दाङको आ.व.२०६९/ ०७० को प्रगति प्रतिवेदन बुलेटिनको पेज नं.३३

पनि पूरा गरेको छैन। मुक्तकमैयालाई जग्गा वितरण गर्न सार्वजनिक जग्गा नभएको भन्दै सरकारले मुक्तकमैया पुन:स्थापना कार्यक्रमअन्तर्गत जग्गा खरिद बिक्रीसम्बन्धी कार्यविधि २०६८ अनुसार पुन:स्थापनाको कार्य अगाडि बढाएको छ। कार्यविधिअनुसार प्रमुख जिल्ला अधिकारी संयोजक, भूमिसुधार कार्यालयका प्रमुख सदस्य सचिव, मालपोत कार्यालयका प्रमुख, स्थानीय विकास अधिकारी, नापी कार्यालय र मुक्तकमैयाका तर्फबाट एक जना प्रतिनिधि गरी ६ जनाको जग्गा व्यवस्थापन समितिले कार्य शुरु गरेको छ। यस समितिले गत आ.व.२०७०/०७१ मा *८ सय ९५ जना मुक्तकमैयालाई प्रतिव्यक्ति १ लाख ५० हजार दरले १३ करोड ४२ लाख ५० हजार रकमले ५८ बिगाहा ११ जग्गा खरिद गरी वितरण गरेको छ। यसैगरी* आ.व. ०७१/०७२ मा ९ सयलाई पुन:स्थापना गर्ने लक्ष्यअनुसार ४ सय १७ लाई प्रतिव्यक्ति १ लाख ५० हजार दरले ६ करोड २५ लाख ५० हजार रुपियाँको जग्गा खरिद गरी वितरण गरिसकेको भूमिसुधार कार्यालय बर्दियाले जनाएको छ। यस वर्षको लक्ष्य अनुसार बाँकी ४ सय ८७ जनालाई जग्गा खरिद गरी पनु:स्थापना गर्न ७ करोड ३० लाख ५० हजार रकम विनियोजित रहेकोले त्यसको लागि आवश्यक कार्य भइरहेको छ। यसरी पुनर्स्थापना गर्ने क्रममा थप बाँकी १ हजार २ सय ८६ जनालाई नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार पुन:र्स्थापना गर्दै जाने पनि भूमिसुधार कार्यालय, बर्दियाले जनाएको छ।

५.२ मुक्त कमैयाका बालबालिकालाई शिक्षा

नेपालको अन्तरिम संविधान, २०६३ ले आधारभूत तहसम्म आफ्नो मातृभाषामा पठनपाठन गर्न पाउने व्यवस्था मौलिक हकको व्यवस्था गरेको भएपनि लागु हुन सकेको छैन। मुक्तकमैयाका बालबालिकाहरू कुन कुन विद्यालयमा कति सङ्ख्यामा अध्ययनरत छन् भन्ने तथ्याङ्क कुनै पनि निकायले राखेको छैन। मुक्तकमैया बस्तीमा स्थापित कुनै पनि विद्यालयमा थारू भाषामा पठनपाठन गर्ने व्यवस्था छैन। मुक्तकमैया बस्तीमा बगनाहा-६ टकियामा मुक्तकमैया प्रावि, बनियाभार-१ लङ्गहवामा हमार कविला प्रावि, डेउढकला-३ शान्तिपुरमा मुक्तकमैया विकास प्रावि, धधवार-८ मा बिजय प्रावि र मजदूर प्रावि, गुलरिया नपा-२ संगमबस्तीमा शान्ति प्रावि, कालिका-४ मा मुक्तकमैया प्रावि, शक्तिनगर प्रावि र शिवशक्ति प्रावि, *राजापुर-४ छेडिया सङ्घर्षनगरमा सरस्वती पदमा प्रावि गरी* १० वटा प्राथमिक तहका विद्यालय स्थापना भइ १ हजार ८७ बालिका र ९ सय ३७ गरी २ हजार २४ बालबालिकाले शिक्षा आर्जन गर्न पाएको भए पनि उनीहरूका बालबालिकाहरूले आफ्नो मातृभाषामा पठनपाठन गर्न पाएको अवस्था छैन। ती विद्यालयहरू मुक्तकमैया सङ्ख्यात्मक रूपमा धेरै भएको ठाउँमा स्थापित छन्। जिल्लाभरि विभिन्न गाविसमा सानो सानो सङ्ख्यामा पुर्नस्थापित मुक्तकमैयाका बालबालिकाहरू त्यहाँ नजिकैको विद्यालयमा पठनपाठन गर्न जाने गरेका छन्। मुक्तकमैयाका बालबालिकाहरू प्रावि तहसम्म शिक्षा लिन त्यति समस्या भोग्नु परेको छैन तर, निमावि तहको विद्यालय गाउँमा नहुनु, आर्थिक अवस्था कमजोर हुनु , आधारभूत शिक्षा नि:शुल्क भने पनि विभिन्न नाममा शुल्क तिर्नुपर्नेलगायतका समस्याले बीचैमा विद्यालय छोड्नुपर्ने बाध्यता रहेको छ।

५.३ सीपमूलक तालिम

सरकारले मुक्त कमैयाहरूलाई पुनर्स्थापना गर्न आरम्भ गरेदेखि नै सीपमूलक तालिमको पनि व्यवस्था गर्दै आएको छ। त्यसको निरन्तरता र प्रभावकारिता देखिएन। आफूले परम्परागत रूपमा गर्दै आएको कृषि खेती, पशुपालनलाई तालिम लिएर व्यवसायिक रूपमा अगाडि बढाउन अपुग हुने गरेको छ। अन्य तालिमहरू लिएकाहरूले लगानी गर्न नसक्नु, चाहना र आवश्यकताभन्दा फरक व्यवसायका सीपमूलक तालिम दिइएका कारण उनीहरूका लागि जीवनउपयोगी हुन सकेका छैनन्। मुक्त कमैयालाई नेपाल सरकारले मात्रै विभिन्न ३६ किसिमका सीपमूलक तालिम दिएको छ। यसबीच १ सय ८३ जना पुरुषलाई विद्युत वाइरिङको तालिम दिइएको छ। उनीहरूले लिएको उक्त सीपको बजारको बारेमा भने नसोचिएका कारण उपयोगी हुन सकेन। नेपाल सरकार तथा आइ एल ओ ले बर्दिया जिल्लामा १ हजार २ सय ९२ महिला र २ हजार ७ सय २१ जना पुरुष गरी ४ हजार १३ जनालाई विभिन्न सीपमूलक तालिम दिएको छ। तीमध्ये नगण्य व्यक्तिले मात्रै ती तालिमको सदुपयोग गरेका छन्। सीपमूलक तालिम दिएको तथ्याङ्क भए पनि त्यसको सार्थकताको बारेमा सम्बन्धित निकायले न अनुगमन गरेको छ, न त मूल्याङ्कन।

मुक्त कमैया र तिनका परिवारलाई सीपमूलक तालिम दिँदा उनीहरूको चाहना र आवश्यकता बुझ्नु आवश्यक छ। साथै उनीहरूको आवश्यकता र चाहना बुझी व्यक्ति वा सामूहिक रूपमा व्यवसाय गर्न

आवश्यक वातावरण बनाइदिनुको साथै निरन्तरताको लागि सरकारले लगानी गरिदिने नीति अपनाउनु पर्छ।

७. निष्कर्ष

मुक्तकमैयाको समस्यालाई सरकारले गम्भीरतपूर्वक नलिएको पाइयो। मुक्तकमैयाको पुनर्स्थापनाका कार्यक्रम किस्ताबन्दीमा गरिएका कारण प्रभावकारी हुन सकेनन्। स्थानीय सरकारको अभावमा मुक्तकमैयाको पहिचान कार्य पूरा नहुँदा ८ सय ८३ जनाले परिचय-पत्र पाउन सकेका छैनन्। पुनर्स्थापना भएका भनिएका मुक्तकमैयाहरू पनि थात बासको ठेगानाको अनश्चितता, रोजगार, सीपमूलक तथा आयमूलक काम नपाएर अहिले पनि कष्टकर जीवन बिताउन बाध्य भएका छन्। गरिबी र अशिक्षाका कारण मुक्त कमैयाका बालबालिकाहरू गाउँ सहरमा अझै पनि बँधुवा बाल मजदुरी र कमलरी पेशामा संलग्न हुनु पर्ने बाध्यता देखिएको छ ।

८. सुझाव

- स्थानीय निर्वाचन नभएकाले परिचयपत्र प्रदान गर्ने निर्देशिका संशोधन गरी परिचयपत्र उपलब्ध गराउनु पर्ने।
- भूमिसम्बन्धी ऐनमा स्पष्ट व्यवस्था भूमि माथिको दोहोरो स्वामित्व हटाउने सवालमा सरकारी तथा गैरसरकारी सक्रियताको आवश्यकता छ।
- सरकारी निर्माणका कार्यमा मुक्त कमैयाका तालिमप्राप्त व्यक्तिहरूलाई प्राथमिकताका आधारमा काम दिलाउने नीति बनाउने
- सामूहिक खेतीको उपाय अवलम्बन गर्ने।
- सीपमूलक तालिमप्राप्त मुक्त कमैयालाई अल्पकालीन रूपमा निर्व्याजी तथा दीर्घकालीन रूपमा न्यून व्याजदरमा ऋण उपलब्ध गराइ व्यवसायमा संलग्न गराउने।

परिच्छेद

३

३.५ बझाङ जिल्लामा खाद्य उपलब्धता र खाद्य अधिकार

१. परिचय

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २२ देखि २७ सम्म आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभूत गरिएको छ। जसमा काम गर्न पाउने अधिकार, आफ्ना नागरिकहरूलाई गुणस्तरीय, पोषणयुक्त खाना, शारीरिक आवश्यकता अनुसारको खाद्यान्न उपलब्ध गराउनु पर्ने दायित्व राज्यलाई दिइएको छ। जबसम्म आवास, खाना र बासको राज्यले प्रत्याभूत गर्दैन तबसम्म नागरिक र राजनीतिक अधिकारको कुनै अर्थ रहँदैन।[1] राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालमा लगभग ७० लाख नागरिक भोकमरी र कुपोषणमा रहेको अनुमान छ। विश्व खाद्य कार्यक्रमलगायतका संस्थाहरूले बर्सेनी प्रकाशन गर्दै आएको प्रतिवेदनमा मुलुकका २३ भन्दा बढी जिल्ला खाद्य असुरक्षाबाट चपेटामा पर्ने गरेको तथ्य सार्वजनिक गर्दै आएका छन्। नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ लाई अनुमोदन गरेको छ, जसको धारा ११ र साधारण टिप्पणी नम्बर १२ मा खाद्य, लत्ताकपडा, आवासलगायय स्तरीय जीवनस्तरको हकको प्रावधान छ। यस महासन्धिको पक्षराष्ट्र भएकाले नेपालले यी अधिकार कार्यान्वयन गर्नुपर्ने हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनकाअनुसार प्रत्येक मानिसले २४ घन्टामा तीनपटक खाना खान पाउनु पर्छ। संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन एफएओका अनुसार दैनिक १ हजार ८ सय क्यालोरी भन्दा कम शक्तिको खाद्य उपयोग गर्नेलाई भोकमरीको अवस्थामा रहेको मानिन्छ। पोषणयुक्त खानेकुरा खानु त कता हो कता, नेपालको बझाङजस्ता विकट जिल्लाहरूमा कुपोषणका कारण प्रत्येक वर्ष आठदेखि १० जना बालबालिकाहरूको मृत्युसमेत हुने गरेको तथ्याङ्क छ। केन्द्रीय तथ्याङ्क विभागले गरिबीको आधारमा गरेको वर्गीकरण अनुसार बझाङ ७३ औं स्थानमा पर्दछ। एक अध्ययन अनुसार नेपालका पाँच वर्षमुनिका ४१ बालबालिका कम उचाई भएका, २९ प्रतिशत कम तौल भएका र ११ प्रतिशत अत्यन्त दुब्ला हुने गर्छन्।[2] युएस एडका अनुसार नेपालका ४३ जिल्ला खाद्यान्न अभावग्रस्त छन्।[3] तीमध्ये बझाङ पनि एक हो। यस आलेखमा यस जिल्लाका जनताको खाद्य अधिकारको वर्तमान अवस्थाबारे जानकारी दिने प्रयास गरिएको छ।

२. अध्ययनको महत्व

संयुक्त राष्ट्रसङ्घद्वारा सन् १९६६ मा पारित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्र हो। यस महासन्धिमा भएका अधिकारहरूको प्रत्याभूति नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ र भाग ४ मा गरिएको छ। तर, यसको कार्यान्वयनको अवस्था अहिले पनि नाजुक रहेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १८(३)र धारा ३६ मा खाद्य सम्प्रभुत्तालाई आधारभूत अधिकारको रूपमा र अन्तरिम संविधानकै भाग ४ को धारा ३५ (१०) मा पनि खाद्य सुरक्षा र आर्थिक सुरक्षाको प्रत्याभूत गरिएको छ।

विश्व खाद्य सम्मेलन १९४७ ले भोकमरी हटाउनको लागि विश्वव्यापी र राष्ट्रिय उत्पादनमा/उपलब्धतामा जोड दिएको थियो, जसका कारण १९६० देखि १९७० को दशकमा खाद्य सुरक्षाको अवधारणाको विकास भएको मानिन्छ। त्यसपछि भोकमरीमा कमी ल्याउनका लागि वितरण, उत्पादनको स्रोतमाथिको पहुँचमा जोड दिएको पाइन्छ। अमर्त्य सेनले सन् १९९१ मा भारतको उडिसा खालन्डी र पश्चिम बङ्गालमा गरेको अध्ययनको निष्कर्ष आधुनिक समयमा अनिकाल वा सामूहिक भोकमरीको उत्पत्ति खाद्यान्नको कमीको कारणले नभइ खाद्य वितरण प्रणालीमा हुने समस्या वा सरकारको नीतिको कारणले उत्पन्न हुने उल्लेख थियो।

१. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६

२. Integrating the Right to Adequate Food and Good Governance http://www.fao.org/fileadmin/templates/righttofood/documents/project_b/Nepal-GCPGLO324NOR-ConceptNote.pdf

३. Country Specific Information: Nepal http://www.usaid.gov/sites/default/files/documents/1866/Nepal%20CSI%20FY%202014.pdf

३. अध्ययनको उद्देश्य

- बझाङ जिल्लामा खाद्यअधिकारको अवस्थाका बारेमा जानकारी लिनु।
- खाद्य सम्प्रभुत्ता नागरिकहरूको आधारभूत अधिकार हो भनेर सम्प्रेषण गर्नु र उनीहरूलाई आफ्नो अधिकार उपभोग गर्नका लागि जागरूक बनाउनु।
- खाद्य सम्प्रुभताका बारेमा जानकारी लिई सरोकारवालाहरूको ध्यानकर्षण गराउनु।

४. अध्ययन विधि

यस अध्ययनका लागि सामग्री र सूचनाहरू सङ्कलन गर्न बझाङ जिल्लाको सदरमुकाम जयपृथ्वी नपा- ४ चैनपुर देउलेख गाविस-२ का स्थानीय बासिन्दा, स्याडी गाविस-६ का स्थानीय बासिन्दा, सुनकुडा गाविस-१, रायल गाविस-३ का स्थानीय सरोकारवालाहरूबाट जिल्लाको खाद्य अवस्थाका बारेमा जानकारी लिइएको थियो। यसैगरी जिल्ला सदरमुकाम नजिकै रहेका बादी समुदायसँग भेटघाट गरी खाद्य अवस्थाका बारेमा जानकारी लिइएको थियो। जिल्लास्थित राजनीतिक दल, मानवअधिकारकर्मी र पत्रकारसँग व्यक्तिगत तथा सामूहिक रूपमा भेटघाट गरी छलफल गरिएको थियो।

५. अध्ययनको सीमा

खाद्य समस्याका कारणहरू सबै क्षेत्रमा एकै प्रकारका छैनन्। साधन, स्रोतका कारण बझाङ जिल्ला सदरमुकाम र केही गाविसका नागरिकहरूसँग मात्रै छलफल गरिएको छ।

६. खाद्यअधिकारका प्रत्याभूत मापडण्डहरू

खाद्यअधिकारको अवस्था कस्तो छ भनेर परीक्षण गर्नाका लागि त्यसका सर्वमान्य मापडण्ड रहेका छन्। यस मापदण्डअन्तर्गत नागरिकले पेटभर खान पाउनुपर्छ र यसको सहज उपलब्धताका लागि राज्यको महत्वपूर्ण योगदान रहनु पर्दछ। खाद्यान्न उत्पादन पर्याप्त मात्रामा गरेर मात्रै पुग्दैन, त्यसका लागि उत्पादित खाद्यवस्तुको वितरण न्यायोचित तरिकाबाट गरिनुपर्दछ, जसबाट खाद्यान्न अभावको आभास जनतामा नहोस्। खाद्यअधिकार प्रत्याभूत हुनका लागि खाद्य उपलब्धता, खाद्यमा पहुँच, खाद्य वितरणको स्थायित्व र खाद्य पर्याप्त हुनु पर्ने जस्ता सिद्धान्तहरू तय गरिएका छन् ।

७. खाद्य अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू

जनगणना २०६८ अनुसार नेपालको कूल जनसङ्ख्या २ करोड ६५ लाख[४] रहेको छ। आर्थिक सर्वेक्षण प्रतिवेदनअनुसार २३.८ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन्। दुई हेक्टरसम्म जमिन भएका मानिस १९ प्रतिशत र आफ्नो उत्पादनले खान नपुग्ने कृषक ६० प्रतिशत छन्। माथिको तथ्याङ्कको विश्लेषण गर्दा खाद्यान्न र गरिबीको अवस्था नाजुक रहेको देखाउँछ। भोकमरीको मुख्य कारण भनेको वितरण प्रक्रियामा रहेको कमजोरीलाई मानिएको छ।

नेपालको अन्तरिम संविधान, २०६३ मा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। जसमा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुत्ताको हक हुनेछ भनी उल्लेख छ।

नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध, १९६६ लाई १४ मे १९९१ मा अनुमोदन गरी पक्षराष्ट्र बनिसकेको छ। यस अनुबन्धको धारा ११(१) मा प्रस्तुत अनुबन्धका पक्षराष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् भनिएको छ। धारा ११(२) मा भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत अनुबन्धका पक्षराष्ट्रहरूले व्यक्तिगतरूपमा अन्तर्राष्ट्रिय सहयोगमार्फत विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन् भन्ने स्वीकारोक्ति उल्लेखित छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ११ लाई व्याख्या गर्दै आर्थिक तथा सामाजिक समितिले सन् १९९९ मा जारी गरेको सामान्य टिप्पणी नं. १२ (General Comment 12) ले पुरुष, महिला तथा बालबालिकालाई उपयुक्त खाद्य वस्तु वा मानवीय मर्यादाका साथ खाद्यान्न खरीद गर्ने स्रोतमा सदैव आर्थिक तथा भौतिक पहुँच भएमा मात्र खाद्यान्नको अधिकारको कार्यान्वयन हुन सक्ने उल्लेख गरेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध, १९६६ स्वेच्छिक आलेखलाई भने नेपालले हालसम्म अनुमोदन गरेको छैन। त्यसो त उक्त अनुबन्ध आउनुभन्दा पहिले नै

४. केन्द्रीय तथ्याङ्क विभाग २०६८

मानवअधिकारको विश्वव्यापी घोषणा, १० डिसेम्बर १९४८ को धारा २५(१) मा प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकारलाई स्वीकार गरिसकिएको थियो। यसअन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारका सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन्। बिरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको शक्तिबाहिरको कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ।

यसैगरी, नेपाल महिलाविरुद्ध हुने सबै प्रकारका विभेदहरूको उन्मूलनसम्बन्धी महासन्धि (सिड), बालअधिकार महासन्धि (सीआरसी), जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सर्ड र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी)लगायत प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पक्षराष्ट्र हो, जसले नेपालमाथि आफ्नो भू-भागमा रहेका सम्पूर्ण जनसङ्ख्याका लागि आर्थिक, मानवअधिकारसम्बन्धी ठूला महासन्धिका केही प्रावधानहरूको कार्यान्वयन अवस्था (अध्ययन प्रतिवेदन) सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सम्मान, संरक्षण तथा पूरा गर्नुपर्ने कानुनी दायित्वहरूको सिर्जना गर्दछन्।[५]

काबु बाहिरको परिस्थितिका कारणले खाद्यान्न माथिको पहुँचबाट वञ्चित भएको अवस्थामा राज्यले त्यस्ता व्यक्तिलाई पुन: आफैँले खाद्यान्न उत्पादन गर्न सक्ने अवस्थामा नपुगन्जेलसम्म जीविकाका लागि खाद्यान्न वितरण गर्नु पर्दछ।[६]

नेपाल सरकारले सन् २०२५ सम्म भोकमरीको स्तरलाई शून्यमा झार्ने अभियान शुरु गरेको छ। प्रधानमन्त्री सुशील कोइरालाले ०७१ पुस ५ गते आयोजित एक कार्यक्रममा खाद्यअधिकारलाई विकासको लक्ष्यसँग जोडेर कार्ययोजना बनाउने प्रतिबद्धता गरेका थिए। संयुक्त राष्ट्रसङ्घले ल्याएको यस अभियानलाई लागु गर्ने नेपाल विश्वमा तेस्रो र दक्षिण एसियामा पहिलो मुलुक हो। प्रतिबद्धता व्यक्त गर्ने सवालमा नेपाल सदैव अग्रपङ्क्तिमा रहँदै आएको छ। सरकारले गरेको यो पछिल्लो प्रतिबद्धता पूरा गर्न सरकार कसरी क्रियाशील हुन्छ, त्यो आगामी दिनले बताउनेछ । सन् २०१३ को अप्रिलमा सम्पन्न एस्क्यापको ६९ औँ सत्रले विश्वलाई भोकमरीरहित अवस्थामा पुऱ्याउने अभिसन्धि पारित गरको थियो। जहाँसम्म प्रतिबद्धताको कुरा छ भोकमरी न्यूनीकरण तथा पोषण व्यस्थाका लागि नेपालको नीतिगत व्यवस्था विकासशील मुलुकको भन्दा राम्रो रहेको अन्तर्राष्ट्रिय अध्ययनले देखाएको छ। इन्स्टिच्यूट अफ डेभेलपमेन्ट स्टडिज, युकेएड र आइरिस एडले प्रकाशन गरेको भोक र पोषण प्रतिबद्ध परिसूचक २०१४ मा नेपाल ४५ विकासशील मुलुकमध्ये छैठौँ स्थानमा रहेको उल्लेख छ। यथार्थमा नेपालमा ४० दशमलव ५ प्रतिशत बालबालिका उचित शारीरिक विकास नहुने समस्या छ। १० वर्ष अघि यस्ता बालबालिकाको सङ्ख्या ६० प्रतिशत थियो।[७]

८. बझाङ जिल्लामा खाद्यान्न उत्पादन र उपयोगको अवस्था

बझाङ जिल्लामा एक नगरपालिका र ४२ गाविस रहेका छन्। यस जिल्लाको जनसङ्ख्या १ लाख ९५ हजार १ सय ५९ रहेको छ। जिल्लावासीहरूको जीविकोपार्जनको प्रमुख आधार नै कृषि नै हो। ५३ हजार ५ सय ९२ मेट्रिक टन खाद्यान्न आवश्यक हुने बझाङ जिल्लामा ३९ हजार २ सय २७ मेट्रिक टन खााद्यान्न उत्पादन हुने गरेको छ। जिल्लामा ९ हजार ८ सय ५० मेट्रिक टन खाद्यान्न अपुग हुँदै आएको छ[८]।

बझाङ जिल्लामा तीन महिनासम्म खाद्यान्न पुग्ने जनताको सङ्ख्या ३३.६८ प्रतिशत, ६ महिनाका लागि पुग्ने ४१.३२ प्रतिशत, नौ महिनाका लागि पर्याप्त खाद्यान्न पुग्ने १४.७१ र १२ महिनाका लागि पुग्ने ६.२८ प्रतिशत जनता रहेबाट पनि जिल्लामा खाद्यान्न उपलब्धताको अवस्था स्पष्ट हुन्छ।[९]

यसको अर्थ विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्ड त परै जाओस् ,झण्डै ९३ प्रतिशत जनता

---

५. कुवँर, टेकनारायण, “मानवअधिकारसम्बन्धी ठूला महासन्धिका केही प्रावधानहरूको कार्यान्वयन अवस्था” (अध्ययन प्रतिवेदन)पृष्ठ ६० इन्सेक, २०७१

६. Obligations to Respect, Protect And Fulfil The Right to Adequate Food In http://www.fao.org/docrep/005/Y4430E/y4430e05.htm

७. “भोक र पोषण प्रतिबद्धता परिसूचक” २०१४: http://www.abhiyan.com.np/article-news_20asar2071_#.VMo5vNKUeKc

८. जिविस बझाङद्वारा प्रकाशित ०७०/०७१ को योजना पुस्तिका

९. District – Bajhangh ttp://www.riberasolutions.com/testtest/Districts/13

तालिका १ : जिल्लाको भू-उपयोगको स्थिति

क्र.सं.	विवरण	क्षेत्रफल
१.	कृषि क्षेत्र	२६८.८३ वर्ग कि.मि
२.	पर्ति जग्गा (बाँझो, पोखरी, नदी,खोला, नाला, बगर, खानी क्षेत्र, पार्क, उद्यान था सार्वजनिक क्षेत्र आदि)	२२९१९९ रोपनी
३.	चरन क्षेत्र	१९८.६५ वर्ग कि.मि

स्रोत : वन, भूमिसुधार, मालपोत, कृषि

भरपेट खान पाउन सक्ने अवस्थामा छैनन्। यस सन्दर्भमा सबैभन्दा पहिले जिल्लाको खाद्यान्न उत्पादनको अवस्था हेर्नु उपयुक्त हुन्छ।

तीन वर्षको अवधिमा भूउपयोगमा वृद्धि भएको देखिंदैन प्रमुख बालीको उत्पादनमा भने ह्रास आएको देखिन्छ। धानमा मात्रै लगभग २ हजार मेट्रिक टन उत्पादनमा ह्रास आएको छ भने ३ हजार ८ सय मेट्रिक टन कम गहुँ उत्पादन हुन थालेको छ।

अझ जौ, कोदो, फापरको उत्पादन आधाभन्दा घटेको छ। यसै सन्दर्भ सरकोकारवालाले निम्नलिखित विषयमा ध्यानाकर्षण गराए :-

- सेती नदी, कालगाड, बाहुली, मोरी र खहरे खोलाको व्यवस्थापन हुन नसकेको। यी नदी, खोला र खहरेले वर्सेनी खेतीयोग्य जमिन बगाएर लैजानु र बालीनालीहरू नष्ट पार्नु।
- हिमाली क्षेत्रमा खेती गरिने बाली कोदो, फापर, मासे, जौ लगायतका खाद्यान्नको खेती कम गरिनु।
- बझाङ जिल्लामा रहेका सीमान्तकृत, विपन्न तथा भूमिहीन वर्गको तथ्याङ्क अद्यावधिक नहनु।
- मुक्त हलिया, खलिया, भूमिहीनहरूका लागि वैकल्पिक रोजगारीमा पहुँच साथै उत्पादन कार्यमा संलग्न गराउन नसकिनु तथा स्थानीयस्तरमा सीप, स्रोत र पूँजीको अभावमा तरकारी तथा खाद्यवस्तुको उत्पादनमा समस्या हुने गरेको छ।
- मागअनुसारको गुणस्तरीय मलखाद, बीउबिजन साथै खाद्यवस्तुको समयमा आपूर्ति नहुनु र वस्तुहरूको असमान वितरण प्रणाली पनि खाद्य अभावको एक कारक हो।
- सिँचाइ सुविधा तथा कृषि उपज तथा खाद्य सामग्रीको सङ्कलन, भण्डारण र बजारीकरणको व्यवस्था नहनु अर्को कारण रहेको छ।

उत्पादन घट्दै जानु, यता जनसङ्ख्या बढ्दै जाँदा खाद्यान्न अपुग हुनु अस्वभाविक होइन। परम्परागत खाद्य आचारमा आएको परिवर्तन पनि खाद्यान्न अभावको अर्को कारकतत्व हो। नियमित सिचाइँको आवश्यकता पर्ने धान तथा गहुँप्रति आकर्षण बढ्दै जानाले कोदो फापर जस्ता खाद्य पदार्थको उपयोग नगर्ने प्रवृत्ति बढ्दै जानाले पनि खाद्यान्न कम हुँदै गएको सरोकारवालाहरूको भनाइ रहेको छ।

बझाङमा सडकको अवस्था अत्यन्त निराशाजनक छ। यहाँ कालोपत्रे सडकको लम्बाइ १०८ किलोमिटर छ भने ९० किलोमिटर कच्ची सडक छ। यस्तै कालोपत्रे सडकमात्रै बाह्रै महिना सञ्चालनमा रहने र बाँकी मौसमी भएकाले जनतालाई खासै राहत पुगेको मान्न सकिन्न। यहाँका गाविसका जनताका लागि खाद्यान्न ढुवानीको माध्यम भनेको घोडा, खच्चड र भरिया नै हुन्। जिल्लालाई खाद्यान्नमा आत्मनिर्भर बनाउनु पर्ने र वैकल्पिक रूपमा खाद्यान्नको सहज आपूर्ति गराउने जिम्मा पाएका सरकार र अन्य सरकारी निकायले बझाङी जनताको खाद्यको अधिकारको सम्मान गर्न नसकेको सडकको अवस्थाबाटै पनि प्रष्ट हुन्छ। व्यक्तिगतरूपमा व्यापारीले खच्चड आदिमार्फत ढुवानी गरेको खाद्यको मूल्यमा स्वत: वृद्धि हुन गई यसै पनि कमजोर क्रयशक्ति रहेको जनतालाई थप आहत बनाउँदछ।

९. खाद्य डिपोमा जनताको पहुँचको अवस्था

जिल्ला सदरमुकाममा खाद्य संस्थानले सञ्चालन गरेको एक खाद्य डिपो र सैनपसेला गाविसस्थित बिसौना बजारमा ठेकेदारमार्फत सञ्चालन गरिएको खाद्य डिपो छ। जिल्लाका अन्य गाविसमा खाद्य डिपो छैनन्। खाद्य संस्थानले बिक्री गर्ने चामलको मूल्य बजार भन्दा महँगो छ। जसका कारण सदरमुकाममा रहेको खाद्य डिपोमा रहेको ८३ क्वीन्टल चामल सड्ने अवस्थामा पुगेको छ। गत वर्ष बजार भाउ भन्दा तीन रुपियाँ कम मूल्यमा बिक्री हुँदा मासिक दुई सय क्वीन्टल चामल बिक्री हुने गरेकोमो हाल बजार भाउ भन्दा पाँच रुपियाँ बढी भएका कारण संस्थानमा रहेको ८३ क्वन्टील चामल सड्ने डर भएको हो। जिल्लाका विकट गाविसहरूमा खाद्य डिपो विस्तार गरी उपभोक्ताहरूलाई सुपथ मूल्यमा चामल उपलब्ध

बझाङ जिल्लामा खेतीयोग्य भूमि र खाद्यान्न उत्पादनको स्थिति[१०]

जिल्लामा कृषिजन्य बालीको क्षेत्रफल (हे.), उत्पादन (मे.ट.) र उत्पादकत्व (मे.ट. प्रति हेक्टर) सम्बन्धी विवरण

क्र.सं.	बाली	आ.व. ०६७/६८			आ.व. ०६८/६९			आ.व. ०६९/७०		
		क्षेत्रफल	उत्पादन	उत्पादकत्व	क्षेत्रफल	उत्पादन	उत्पादकत्व	क्षेत्रफल	उत्पादन	उत्पादकत्व
१.	धान	७००५	१९१२३।६५	२।७३	७००६	१९६८९	२।८१	७००६	१७१६५	२।४५
२.	गहुँ	१०९८०	१७०२९	१।५५	१०९८२	१७५७१	१।६	१०९८२	१३१७८	१।२
३.	मकै	३६५०	४६२१	१।२६	३६५२	४६७५	१।२८	३६५२	३६५२	१
४.	जौ	४५००	२०२५	०।४५	४५०१	२०७०	०।४५	४५०१	२०२५	०।४५
५.	कोदो	२२८५	२०५६	०।४५	२२८६	२०५७	०।९	२२८६	१९४२	०।८५
६.	फापर	७	३।६	०।५	७	०।६	०।५१	७	४।२	०।६
७.	लट्टे	६००	१८०	०।३	६००	१८०	०।३	६००	१८०	०।३

तालिका २ : बझाङ जिल्लामा खाद्य समस्याको अवस्था (गाविसका आधारमा)

उच्चतम खाद्य अुरक्षित अवस्था (३ वटा गाविस)	मध्यस्तरीय खाद्य अुरक्षित अवस्था (२८ वटा गाविस)	न्यूनतम खाद्य अुरक्षित अवस्था (१६ वटा गाविस)
गडराय, कैलाश र मष्टा	दहबगर, काडा, भामचौर, सैनपसेला, लेकगाउँ, मौलाली, मेलबिसौना, दातोला, रिलु, धमेना, सुनिकोट, कडेल, व्यासी, कोटदेवल, सुर्मा, दौलीचौर, पाराकाट्ने, दङ्गाजी, कफलसेरी, देउलीकोट, पिपलकोट, स्याडी, देउलेख, सुनकुडा, बाझ, खिरातडी, रायल र भैरवनाथ	चैनपुर, रिठापाटा, सुबेडा, हेमन्तवाडा, लुयाटा, पौवागढी, लामातोला, माझिगाउँ, कालुखेती, पाटादेवल, मटेला, मालुमेला, चौधारी, कोइरालाकोट, कोटभैरब र भातेखोला

गराउनु पर्ने भन्दै विकट गाविसका बासिन्दाले माग गर्दै आएका छन्। राज्यले निर्माण गरेका केही अप्ठेरा कानुन र कार्यविधिका कारण जिल्लाको खाद्य गोदाममा चामल स्टक भइरहँदा पनि खाद्य संस्थानले निर्धारण गरेको परिमाममा मात्र खरिद गर्न पाइने नियमका कारण सर्वसाधारणले आफूलाई चाहिनेजति चामल खरिद गर्न पाउँदैनन्। यस जिल्लामा वितरण गरिने खाद्यान्नको स्तर मध्यमस्तरको हुने गर्दछ।

१०. खाद्यान्न अभावका कारण भारततिर जाने प्रवृति

वर्षभरका लागि खाद्यान्न अभाव हुने भएपछि यस जिल्लाका मानिसहरू कामको खोजीमा भारतका विभिन्न सहरहरूमा जाने गरेका छन्। आफ्नो खेतीमा उत्पादन भएको खाद्यान्नले तीन महिनाभन्दा कम समयका लागि मात्रै खान पुग्ने भएको परिवारका सबै जना भारतका दिल्ली, मुम्बई र पञ्जावलगायतका सहरमा काम खोज्न जाने गरेको स्थानीयहरू बताउँछन्। घरमा खान नपुगेका कारण सपरिवार भारत जाने क्रम नरोकिएको सरोकारवालाहरू बताउँछन्।

११. गरिबी निवारण कोषका कार्यक्रम र सम्भाव्यता

गरिबी निवारण कोषकाअनुसार यस जिल्लाको सामाजिक आर्थिक विकासका लागि थुप्रै सम्भाव्यताहरू देखिन्छन्। वनजङ्गलको प्रचुरताले गर्दा जिल्लाको दक्षिणी भेगमा पशुपालन र धेरैजसो क्षेत्रमा मौसमी तथा बेमौसमी तरकारीको त्यत्तिकै सम्भावना रहेको छ। सेती नदीको किनारामा असाध्यै उब्जाउ जमिन भएका कारण पानीको श्रोत भएका स्थानहरूमा सोही श्रोतबाट र नभएका स्थानहरूमा सेती नदीको पानी उपयोग गरी त्यसबाट थुप्रै आयआर्जन गर्न सकिन्छ। त्यस्तै, यस जिल्लाको बहुमूल्य र प्रचुर मात्रामा उत्पादन गर्न सकिने जडिबुटी हो। तर, हालसम्म सही सदुपयोग हुन सकेको छैन। त्यस्तै सुन्तला, मौसम जस्ता फलफूलहरू उत्पादन हुने तर, उपयुक्त भण्डारण नहुँदा किसानले उचित मूल्य पाउन नसकिरहेको अवस्थामा उचित भण्डारको व्यवस्था गर्न सकिए यसबाट पनि

१०. जिल्ला वस्तुस्थिति चित्रण तथा विश्लेषण, जिल्ला विकास समिति, बझाङ २०७०, पृ. २०

त्यत्तिकै आम्दानी गर्न सकिने सम्भावना देखिन्छ। यस्तै अदुवालगायतका थुप्रै नगदेबालीहरू, मौरीपालन व्यवसायमा पनि त्यत्तिकै सम्भावना छन्। यसैगरी, भौतिक पूर्वाधार तर्फ सुधारिएका पानीघट्ट, माइक्रोहाइड्रो, ग्रामीण सडक, डेरी, चिस्यान केन्द्र, सङ्कलन केन्द्र, स्कूल, हेल्थपोष्ट भवन, झोलुङ्गे पुलहरू, खानेपानी, सानासिँचाई परियोजनाहरू प्रवल सम्भावना र असाध्यै आवश्यक देखिन्छन्। जसको कार्यान्वयनले गरिब समुदाय र जिल्लाको सामाजिक आर्थिक अवस्थामा व्यापक सुधार हुने देखिन्छ।[११]

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको सन् २००८ देखि २०११ सम्मको नतिजालाई विश्लेषण गर्दा यस जिल्लाका १६ गाविसहरू न्यूनतम खाद्य असुरक्षित, २८ गाविसहरू मध्यमस्तरीय खाद्य असुरक्षित र बाँकी रहेका तीन गाविसहरू उच्चतम खाद्य असुरक्षित गाविसका रूपमा रहेका छन् ।[१२] यस जिल्लामा खाद्य अवस्थालाई विश्लेषण गर्दा सन् २०१३ मा २३ प्रतिशत खाद्यान्न अभाव रहेको अवस्थामा सन् २०१४ मा १६ प्रतिशत मात्रै खाद्य अभाव रहेको खाद्य संस्थान, कार्यालय, बझाङले जनायो। यही अनुपातमा खाद्य अभावको परिपूर्ति भयो भने बझाङ जिल्ला सन् २०१६ सम्ममा खाद्य सङ्कटमुक्त जिल्ला हुने देखिन्छ।

बझाङमा जिल्लामा खाद्य अधिकारको संस्थागत विकास र सुनिश्चित गर्नका लागि सहयोग पुऱ्याउन, खाद्य सुरक्षाको क्षेत्रमा कार्यरत र मानवअधिकारको संरक्षण एवम् प्रवर्धन गर्नका लागि क्रियाशील रहेका व्यक्ति तथा संस्थाहरूको आवद्धतामा जिल्लामा खाद्य अधिकारलाई सुनिश्चित गर्दै मानवको बाँच्न पाउने अधिकारको प्रत्याभूत गर्नका लागि पहल तथा वकालत गर्ने उद्देश्यले ०६८ चैत १६ गते बझाङ जिल्लामा लचिलो सञ्जाल (Loose Network) गठन गरिएको छ। जनगणनानुसार २०६८[१३] काअनुसार बझाङ जिल्लाका सबैभन्दा बढी खाद्य अधिकारबाट वञ्चित रहेका अति गरिब १ लाख १० हजार ४ सय ६५ जना, जसमा हलिया २ हजार ८ सय ४८ र १ सय ९१ जना वादी समुदायका लागि खाद्यअधिकार सञ्जालले (RTF) सर्वप्रथम विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

१२. निष्कर्ष

बझाङ जिल्लाको हकमा सबै नागरिकहरूले वर्षभर खान नपाएको अवस्था देखियो। यस जिल्लाका तीन ओटा गाविसको उत्पादनले तीन महिनामात्रै खान पुग्ने गरेको अध्ययनका क्रममा जानकारी भयो। ती गाविसका नागरिकहरू नौ महिना भारतमा मजदुरी गरेर बिहान बेलुकीको छाक टार्दै आएका छन्। कामका लागि खाद्यान्न वितरण गरिएको भए पनि कम गुणस्तरको खाद्यवस्तु (चामल र गहुँ) वितरण गर्ने गरिएको स्थानीय बासिन्दाको भनाइ छ। स्थानीय बासिन्दाले चामललाई मात्रै खाद्यान्न मान्ने प्रवृत्ति बढदै गएको पाइयो । परम्परागत खाद्यान्न उत्पादनमा रुचि कम हुँदै गएको र त्यस्ता बाली लगाइहालेमा पनि उत्पादित खाद्यवस्तु उपभोग नगर्ने चलन स्थानीय बासिन्दामा विकास हुँदै गएको पाइयो।

खाद्य संस्थानका डिपोहरूमा जान यातायातको सुविधा नभएका कारण जनताको पहुँच कम रहेको छ। स्थानीय बजारभन्दा खाद्य संस्थानको चामलको भाउ बढी भएका कारण चामल कुहिने अवस्थामा पुगेको छ।

१३. सुझावहरू

- कोदो, फापर, जौलगायतका अन्नको गुणवेत्ताको विषयमा आमजनतालाई सुसूचित गराउने अभियान चलाउनु पर्ने।
- आधुनिक खेती प्रणालीका लागि चाहिने सीप, क्षमता र सामग्रीहरूको व्यवस्थापन राज्यले गर्न सकेमा अहिले देखिएको खाद्य अभावलाई परिपूर्ति गर्न सकिन्छ।
- कृषि कार्यालय, सिँचाइ कार्यालय, साना-किसान कार्यालय, भूमिसुधार कार्यालयलगायतका कृषिसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यालयहरूबीच समन्वय हुन आवश्यक छ।
- आंशिक रोजगारीका लागि भारततर्फ पलायन हुने युवाहरूलाई कृषि उत्पादन, बिक्री वितरणमा संलग्न गराउने नीति बनाउनु पर्छ।
- स्थानीय फलफूलको बजारीकरणको योजना लागु गर्नुपर्ने।
- फलफूल प्रशोधन तथा भण्डारणका लागि लगानीको व्यवस्था राज्यले गर्ने।

---

११. गरिबी निवारण कोष, वार्षिक प्रतिवेदन, बझाङ आव २०७० /७१

१२. नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको सन् २००८ देखि २०११ सम्मको नतिजा

१३. ०६८ सालको जनगणना

अनुसूची

१

सन् २०१४ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २०१४ भरिका अर्थात् ०७० पुस १७ देखि ०७१ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् २०१४ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकिएका घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएकामध्ये प्रतिनिधिमूलक घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउँदछौँ। सङ्कलन गरिएका सबै घटनाका विवरण इन्सेकको अभिलेखमा सुरक्षित छ।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लिखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौँ।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर, विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौँ। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौँ।
- सञ्चारमाध्यम पनि वर्षपुस्तकका प्रारम्भिक सूचना स्रोत हुन्। तर, पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- विभिन्न सशस्त्र समूह, अज्ञात समूह, राजनीतिक दलहरूबाट भएका घटना गैरराज्यपक्ष अन्तर्गत राखिएको छ। त्यसको विस्तृत विवरण अनुसूची २ मा उपलब्ध तथ्याङ्कमा राखिएको छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौँ।
- जिल्लाको जनसाङ्ख्यिक तथ्याङ्क मेघा पब्लिकेसन्सको प्रोफाइल अफ नेपाल २०१३(२०१४ बाट लिइएको हो।
- मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई (विगतको अनुगमन) शीर्षकमा समेट्ने प्रयास गरेका छौँ। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षकअन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- विभिन्न समूहबाट भएका ज्यादतीको तथ्याङ्क अन्य शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।
- अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।
- बालमैत्री कार्यक्रम सञ्चालन गरिएका विद्यालयलाई बालमैत्री विद्यालय भनिएको हो। कम्तीमा ह्वीलचेयर गुड्ने, सजिलो शौचालय र कक्षा परिवर्तन गरिरहनु नपर्ने गरी सञ्चालित विद्यालयलाई अपाङ्गमैत्री भनिएको हो। यौन हिंसाअन्तर्गत बलात् यौनसम्बन्ध वा प्रयास वा औषधी प्रयोग गरी अनिच्छित गरिएका यौनजन्य क्रियाकलापका घटना समावेश गरिएका हुन्।

तथ्याङ्कका अन्य स्रोत

क. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०१३

ख. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

ग. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

घ. १९९२ देखि २०१४ सम्मका इन्सेक मानवअधिकार वर्षपुस्तकहरू

ङ. इन्टेन्सिभ रिसर्च एण्ड स्टडी सेन्टरस भिलेज डिभलपमेन्ट कमिटी एण्ड डेमोग्राफिक प्रोफाइल अफ नेपाल २०१४, मेघा पब्लिकेशन एण्ड रिसर्च सेन्टर काठमाण्डु, नेपाल

च. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

छ. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता र मासिकालाई संयुक्त रूपमा स्वास्थ्य कार्यकर्ताको रूपमा उल्लेख गरिएको छ।

पूर्वाञ्चल

१.१ झापा	१.९ भोजपुर
१.२ इलाम	१.१० सङ्खुवासभा
१.३ पाँचथर	१.११ सप्तरी
१.४ ताप्लेजुङ	१.१२ सिरहा
१.५ मोरङ	१.१३ उदयपुर
१.६ सुनसरी	१.१४ खोटाङ
१.७ धनकुटा	१.१५ ओखलढुङ्गा
१.८ तेह्रथुम	१.१६ सोलुखुम्बु

१.१ झापा

जिल्ला सदरमुकामः चन्द्रगढी
क्षेत्रफल (वर्ग कि. मि.)ः १,६०६.००
घरधुरी सङ्ख्याः १८४,५५२
जम्मा जनसङ्ख्याः ८,१२,६५०
पुरुषः ३,८५,०९६
महिलाः ४,२७,५५४
अपाङ्ग सङ्ख्याः १५,३७६
गाविस/नपा सङ्ख्याः ४७/३
पुरुष साक्षरता सङ्ख्याः २,९४,३०६
महिला साक्षरता सङ्ख्याः २,७७,३५६
हिन्दू धर्मावलम्बी प्रतिशतः ७९.८८
बौद्ध धर्मावलम्बी प्रतिशतः ४.८४
इस्लाम धर्मावलम्बी प्रतिशतः ३.२
किराँत धर्मावलम्बी प्रतिशतः ८.३२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.९४
प्रकृति धर्मावलम्बी प्रतिशतः १.४४
अन्य धर्मावलम्बी प्रतिशतः ०.०३
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला हिंसाका घटना सङ्ख्या गत वर्षको तुलनामा खासै फरक देखिएन। सन् २०१३ मा १८ जना पुरुषसहित ६७ जना पीडित भएका थिए भने सन् २०१४ मा १० जना पुरुषसहित ६६ जना पीडित भएको अभिलेख छ। गत वर्ष राज्यपक्षबाट नौ जना पीडित भएकोमा सन् २०१४ मा चार जना पीडित भएका छन्। यी घटनाहरूमध्ये महिलामाथि हुने हिँसाका घटनाहरू गत वर्षको तुलनामा कमी आएको पाइयो भने बालबालिका विरुद्धका घटना बढेको पाइयो।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	१		१	१
बालअधिकार				४०	१	४१
महिलाअधिकार				८		८
गिरफ्तारी/यातना		२	२			
कुटपिट	१		१	१	१	२
धम्की				१	१	२
हत्या				५	३	८
जम्मा	१	३	४	५५	७	६२

जेल र बन्दी

'ख' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २ स ७५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका २ सय ९३ जना र कैद नतोकिएका ३ सय ७३ जना गरी जम्मा ६ सय ६६ जना बन्दी रहेका छन्। कारागारमा आश्रित बालक चार र बालिका आठ जना रहेका छन्। अति जीर्ण भौतिक अवस्था रहेको यस कारागारमा क्षमताभन्दा लगभग तेब्बर बन्दी राखिँदा जेलभित्रको जीवन कष्टकर रहेको चौकीदार सुनिल वसेलले बताए। कारागारमा बन्दीको तुलनामा पानीको धारा र शौचालयको सङ्ख्या आवश्यकताअनुरूप नभएको हुँदा बिहान बेलुका दैनिक जीवन थप कष्टकर रहेको छ। कारागारको भौतिक निमार्णका लागि धेरै पटक पहल गरिए पनि बजेट अभावको कारण निर्माण हुन नसकेको जेलर दीपेन्द्र खत्रीले जानकारी गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

झापा जिल्ला अदालतमा दरबन्दीअनुसार तीनजना न्यायाधीशको कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ६ सय ४७ थान र फौजदारी मुद्दा ६ सय ४ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी १५ थान र फौजदारी ६ थान मुद्दा फर्स्यौट गर्न बाँकी छ। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ४ सय २४ ओटा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा १ सय ७२ ओटा प्राथमिक ८९ ओटा निम्नमाध्यमिक र ४६ ओटा माध्यमिक विद्यालय

छन्। यी विद्यालयहरूमा ९ हजार ६ सय ७५ जना बालक र १० हजार १ सय ९५ जना बालिका भर्ना भएका छन्। झापामा ३ हजार ३० जनाको दरबन्दी रहेकामा ३ हजार ५ सय ४६ जना शिक्षकशिक्षिका कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार झापामा २० ओटा प्राथमिक १२ ओटा निम्नमाध्यमिक र ७ ओटा माध्यमिक विद्यालयमा शौचालय सुविधायुक्त छन्। त्यसैगरी ४० ओटा प्राथमिक २१ ओटा निम्न माध्यमिक र १० ओटा माध्यमिक विद्यालय भवन अझैसम्म पनि बालमैत्री छैनन्। शिक्षा कार्यालयको कूल बजेट ३७ करोड १५ लाख २६ हजार १ सय ७३ रुपियाँ रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका ओसारपसार	५		५
बलात्कार	१४		१४
नवजात शिशुको हत्या	१		१
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	२०		२०
जम्मा	४०	१	४१

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्षको तुलनानमा यो वर्ष बालबालिका विरुद्धका घटनामा वृद्धि भएको छ। सन् २०१३ मा २७ जना बालिकाहरू पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने एक जना बालकसहित ४१ जना पीडित भएको अभिलेख छ। सन् २०१४ मा बलात्कारबाट १४ जना र यौन दुर्व्यवहारबाट २० जना पीडित भएका छन्। त्यसैगरी बेचविखनबाट पाँच जना बालिका पीडित भए। झापामा १४ वर्षमुनिका बालिकाहरू बलात्कार र बलात्कार प्रयासबाट पीडित भएको अभिलेख छ।

चार वर्षीया एक बालिकालाई ०७० माघ ३ गते बिहान चारपाने गाविस-३ का १५ वर्षीय एक बालकले एक्लै भएको समयमा पीडितकै घरमा बलात्कार गरेको आरोपमा प्रहरीले आरोपितलाई माघ ३ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा माघ ४ गते भएको थियो। आरोपितविरुद्ध परिवारले माघ ३ गते इलाका प्रहरी कार्यालय बिर्तामोडमा उजुरी दियो। जिल्ला अदालतको आदेशमा आरोपित माघ २७ गतेदेखि बाल सुधारगृह विराटनगरमा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १७ ओटा, खानलाउन नदिएको २८ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको १२ ओटा, अर्को श्रीमती ल्याएर हेला गरेकोमा नौ ओटा उजुरी छन् भने सामान्य झैझगडाका तीन ओटा घटना दर्ता भए। ती घटनामध्ये ३९ ओटा घटनामा मिलापत्र गराइएको र १६ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो। उजुरी दिएर सम्पर्कमा नआएका १४ जना छन्।

गत वर्ष महिला हिंसाका घटनाहरूबाट ११ जना पीडित भएका थिए भने सन् २०१४ मा यस्ता घटनाबाट आठ जना पीडित भएका छन्। चार जना महिला बलात्कार पीडित भएका छन्। एक जना महिला बेचविखनबाट पीडित भइन्। एक जना बलात्कार प्रयासबाट पीडित भइन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	४	४
बलात्कारको प्रयास	१	१
महिला ओसारपसार	१	१
घरेलु हिंसा	२	२
जम्मा	८	८

कन्काई नपा-७ की २३ वर्षीया मञ्जु गहतराजलाई ०७१ असार २५ गते राति उनका पति २७ वर्षीय उमानाथ गहतराजले यौन सम्पर्क गर्न नदिएको भन्दै छातीमा मुक्का प्रहार गरी हत्या गरेको आरोपमा माइती पक्षले ०७१ असार २६ गते इलाका प्रहरी कार्यालय बिर्तामोडमा उजुरी दियो। लासको पोस्टमार्टम असार २६ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। हत्या गरेको भोलिपल्ट उनले छरछिमेकमा पत्नीको कालगतिले मृत्यु भयो भनी सार्वजनिक गरेका थिए। त्यसपछि असार २६ गते आरोपित र सबै मिलेर लासको दाहसंस्कारका लागि कन्काइमाई नदीमा लगेका बेला मृतकका माइती पक्षले मृत्यु शङ्कास्पद रहेको भन्दै प्रहरीमा खबर गरेको थियो। आरोपितलाई प्रहरीले असार २६ गते गिरफ्तार

गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित साउन २० गतेदेखि पुर्पक्षको लागि थुनामा रहेका छन्।

स्वास्थ्य सेवाको अवस्था

झापा जिल्लामा एउटा अस्पताल, ३० ओटा स्वास्थ्य चौकी र २० ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा छन्। २५ जना डाक्टरको दरबन्दी रहेको अस्पतालमा पाँच जनाको दरबन्दी रिक्त छ। स्त्री रोग विशेषज्ञको दरबन्दी आठ जना रहेकोमा तीन जनाको दरबन्दी रिक्त छ। स्टाफ नर्सको ३७ ओटा दरबन्दीमा ३२ जना कार्यरत छन्। ल्याब असिस्टेण्टका १५ ओटा दरबन्दीमा छ ओटा दरबन्दी रिक्त छन्। अहेबका ८३ ओटा दरबन्दीमा पाँच ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ४५ मा ४१ जना कार्यरत छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा ३ सय २० जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ३९ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। स्वास्थ्य कार्यालयको वार्षिक बजेट २० करोड १८ लाख ५७ हजार ४ सय २५ रुपियाँ रहेको छ। त्यसमध्ये ८ करोड ८९ लाख २६ हजार ६ सय २५ रुपियाँ प्रशासनिक खर्चका लागि र ३८ लाख रुपियाँ औषधीका लागि छुट्याइएको छ।

१.२ इलाम

जिल्ला सदरमुकामः इलाम
क्षेत्रफल (वर्ग कि. मि.): १,७०३.००
घरधुरी सङ्ख्याः ६४,५०२
जम्मा जनसङ्ख्याः २,९०,२५४
पुरुषः १,४१,१२६
महिलाः १,४९,१२८
अपाङ्ग सङ्ख्याः ७,६३६
गाविस/नपा सङ्ख्याः ४८/१
पुरुष साक्षरता सङ्ख्याः १,१३,०४८
महिला साक्षरता सङ्ख्याः १,०३,४९८
हिन्दू धर्मावलम्बी प्रतिशतः ४४.४९
बौद्ध धर्मावलम्बी प्रतिशतः १५.२९
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०८
किराँत धर्मावलम्बी प्रतिशतः ३५.६१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः २.५
प्रकृति धर्मावलम्बी प्रतिशतः १.३४
जैन धर्मावलम्बी प्रतिशतः ०.०२
शिख धर्मावलम्बी प्रतिशतः ०.००१
अन्य धर्मावलम्बी प्रतिशतः ०.६६८
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४६ जना महिला र दुई जना पुरुष पीडित भएका थिए भने सन् २०१४ मा ९१ जना पीडित भएका छन्। सन् २०१४ मा राज्यपक्षबाट मानवअधिकार उल्लङ्घनका घटनाहरू भएनन्। गैरराज्यपक्षबाट एक जना पुरुष र ९० जना महिला पीडित भए। जसमध्ये महिला हिंसाका घटनामा ७७ जना पीडित भए भने दुई जना महिलाको

हत्या, ११ जना बालिका बलात्कार, यौन दुर्व्यवहार र बेचविखनबाट पीडित भएका छन्। सन् २०१३ मा २९ जना महिला र १७ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	११		११
महिलाअधिकार	७७		७७
जातीय विभेद		१	१
हत्या	२		२
जम्मा	९०	१	९१

जेल र बन्दी

'ग' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका २ सय ६७ जना र कैद नतोकिएका ६६ जना गरी जम्मा ३ सय ३३ जना बन्दी रहेका छन्। जसमध्ये ३० जना महिला र आश्रित बालक पाँच जना तथा बालिका एक जना रहेका छन्। यस कारागारको निर्माण ०६९ सालमा भएको हो। जिल्ला कारगार इलाममा ०७० माघ १४ गते राति बन्दीहरूबीच आपसी विवादमा झडप हुँदा छ जना घाइते भए। कारागारमा ज्यादती भएको समाचार सार्वजनिक भएपछि ०७० चैत २ गते सुरक्षा निकायको बैठकले नाइके, भाइनाइके र चौकीदारसहित १० जनालाई अन्यत्रको कारगारमा स्थानान्तरण गर्ने निर्णय समेत गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

इलाम जिल्लामा जिल्ला अदालत र पुनरावेदन गरी दुईवटा अदालत रहेका छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा दरबन्दी रिक्त छैन। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ सय थान र फौजदारी मुद्दा ९६ थान रहेका छन्। इलाम जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैन। यसैगरी पाँच जनाको दरबन्दी भएको पुनरावेदन अदालतमा चार जना न्यायाधीश कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी देवानी मुद्दा ९१ थान र फौजदारी मुद्दा १ सय ४६ थान रहेका छन्। पुनरावेदन अदालतमा दुई वर्ष नाघेका पाँच थान देवानी मुद्दा फर्स्योट हुन बाँकी छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ६० ओटा मुद्दा भागमा पर्ने देखिन्छ।

जिल्ला अदालत इलामले सात वर्षीया एक बालिकालाई बलात्कार गर्ने परिवारकै सदस्यलाई २० वर्षको कैद सजाय सुनाएको छ। जिल्ला अदालत इलामले आरोपितलाई भदौ १८ गते २० वर्ष कैद सजाय फैसला गरेको हो। उनलाई मुलुकी ऐनको जबरजस्ती करणी १ र २ नम्बर बमोजिम कसुर गरेको पुष्टि हुँदा सोही महलको ३ (१) बमोजिम १० वर्ष कैद सजाय र मुलुकी ऐन हाडनाता करणी गर्ने महलको १ नम्बर बमोजिम थप १० वर्ष कैद सजाय ठहर फैसला गरेको हो। अदालतले आरोपितबाट पीडितलाई मुलुकी ऐन जबरजस्ती करणी महलको दश नम्बरबमोजिम २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गरेको छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका २७ हजार ६ सय ६५ बालिका र १४ हजार ५ सय ७८ बालक गरी ४२ हजार २ सय ४३ जना बालबालिका प्राथमिक तहदेखि माध्यामिक तहसम्म भर्ना भएका जिल्ला शिक्षा कार्यालयले जनायो। शिक्षा कार्यालयका अनुसार २ सय ९१ ओटा प्राथमिक ६५ ओटा निम्न माध्यामिक र ५२ ओटा माध्यामिक विद्यालयहरू छन्। सबै विद्यालयहरूमा शौचालय सुविधायुक्त भएको र बालमैत्री भवन नभएको शिक्षा कार्यालयले जनायो। जिल्लामा २ हजार ३ सय ३९ शिक्षक दरबन्दी रहेकोमा ५३ ओटा दरबन्दी रिक्त रहेको कार्यालयले जनायो। ३ हजार १ सय ५६ जना दलित बालबालिकाका लागि १२ लाख ९३ हजार रुपियाँ छात्रवृत्ति प्रदान गरिएको छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ७२ करोड ९५ लाख ८९ हजार ५ सय ५६ रुपियाँ रहेको कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका ओसारपसार	१	१
बलात्कार	९	९
यौन दुर्व्यवहार	१	१
जम्मा	११	११

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्षको तुलनानमा यो वर्ष बालबालिका विरुद्धका घटनामा भने केही कमी आएको छ। सन् २०१३ मा एक जना बालकसहित १७ जना बालबालिकाहरू पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने ११ जना बालिकाहरू पीडित भएको अभिलेख छ। यो वर्ष २ वर्ष ६ महिनाकी बालिकादेखि १७ वर्षीया बालिकासम्म बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भएका छन्। सुस्तमनस्थिति भएकी १२ वर्षीया एक जना बालिकासमेत बलात्कारबाट पीडित भएकी छन्। त्यसैगरी बलात्कारका आरोपितहरू १४ वर्षीय बालकदेखि ८४ वर्षीय बृद्धसमेत रहेका छन्। दुईजना बालिकाहरू परिवारकै सदस्यबाट बलात्कृत भएको घटना अभिलेखित छ।

२ वर्ष ६ महिनाकी एक बालिकालाई ०७१ असार २६ गते आफ्नै परिवारका सदस्य १४ वर्षीय बालकले बलात्कार गरेको आरोपमा पीडित बालिकाकी आमाले विरुद्ध असार ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बालिकालाई घरैमा सुताएर आमा घाँस काट्न जङ्गल गएको समयमा बलात्कार गरेको उजुरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले असार ३० गते नै गिरफ्तार गर्‍यो। पीडित बालिकाको असार ३० गते स्वास्थ्य परीक्षण र उपचार जिल्ला अस्पतालमा भयो। बालकलाई जिल्ला अदालतले साउन २७ गतेदेखि पुर्पक्षको लागि थुनामा राख्ने आदेशसहित आमाको जिम्मा लगाउने आदेश दिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६७ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरिएका ४८ ओटा, खानलाउन नदिएको १० ओटा, अर्की श्रीमती ल्याएर हेला गरेकोमा नौ ओटा उजुरी छन् भने सामान्य झैझगडाका ३१ ओटा घटना दर्ता भए। ती घटनामध्ये ५८ ओटा घटनामा मिलापत्र गराइएको र नौ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो।

गत वर्षको तुलनामा सन् २०१४ मा महिला विरुद्धका हिंसा बढेको पाइयो। सन् २०१३ मा २९ जना महिला विरुद्धको हिँसा तथा ज्यादतीबाट पीडित भएका थिए भने यो वर्ष ७७ जना पीडित भए ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	७	७
बहुविवाह	९	९
महिला बेचबिखन तथा ओसारपसार	२	२
घरेलु हिंसा	५९	५९
जम्मा	७७	७७

जसमध्ये ५९ जना महिला घरेलु हिँसाबाट पीडित रहेका छन्। त्यस्तै सात जना बलात्कार, नौ जना बहुविवाह र दुई जना बेचविखनबाट पीडित भए। बलात्कारका सात ओटै घटनाका आरोपितहरूलाई गिरफ्तार गरी मुद्दा चलाइएको छ। यी घटनामा १८ वर्षदेखि ५१ वर्षसम्मका महिला पीडित भएका छन्। एक जना महिलाको पतिबाट हत्या भएको छ।

माइपोखरी गाविस - ३ की २६ वर्षीया जानुका कार्की (राई) लाई उनका पति ३० वर्षीय वीरेन राईले असोज २ गते बेलुका ९ बजे कुटपिट गरे। पतिपत्नी बीच सामान्य भनाभनकै क्रममा वीरेनले जानुकालाई कुटपिट गरेका थिए। कुटपिटबाट घाइते भएकी जानुकाको उपचारका लागि जिल्ला अस्पताल लग्दै गर्दा बाटैमा मृत्यु भएको प्रहरीले जनायो। ०७१ मङ्सिर १६ गते वीरेन विरुद्ध जिल्ला अदालतले सर्वस्वसहित जन्म कैदको फैसला सुनाएको अदालतका तहसिलदार अर्जुन श्रेष्ठले जानकारी दिए। जानुका र वीरेन दुवै जना माओवादी पार्टीका पूर्व लडाकु रहेको र अवकाशपछि घर आएर बसेको जिल्ला प्रहरी कार्यालय, इलामका डिएसपी अनुपम शम्सेर जबराले जानकारी दिए। जानुकाका छ वर्षीय छोरा र नौं महिनाकी छोरी रहेका छन्।

सबै प्रकारका जातीय विभेद

सन् २०१३ मा जातीय विभेदका घटना अभिलेखित थिएन भने यो वर्ष एउटा घटना अभिलेखित छ। सोया गाविस-४ का १५ वर्षीय आशीष सुन्दासलाई सोया गाविस-१ का ४४ वर्षीय धीरेन सुब्बा र ३५ वर्षीया दुर्गा लिम्बूले दलितको छोरो घरभित्र पसेको भन्दै असार २८ गते गाली-गलौज गरेर घरबाट निकाला गरे। पीडितले आफूलाई जातीय छुवाछूत भएको भन्दै पीडितकी आमा ताराकुमारी सुन्दासले साउन ४ गते जिल्ला प्रहरी कार्यालय

इलाममा धीरेन र दुर्गाविरुद्ध उजुरी दिइन्। आरोपित दुवैलाई साउन ८ गते घरबाटै प्रहरीले गिरफ्तार गऱ्यो। धीरेन सुब्बा र ३५ वर्षीया दुर्गालाई जिल्ला अदालत इलामले साउन २१ गते पाँच-पाँच हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो ।

स्वास्थ्य सेवाको अवस्था

इलाम जिल्लामा एउटा अस्पताल, १८ ओटा स्वास्थ्य चौकी र २६ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा छन्। छ जना डाक्टरको दरबन्दी रहेको इलाम अस्पतालमा दुई जना डाक्टरको दरबन्दी रिक्त रहेको छ। स्त्री रोग विशेषज्ञको दरबन्दी २ ओटा रहेकोमा दुई जना नै कार्यरत छन्। स्टाफ नर्सको ८ ओटा दरबन्दीमा ७ जना कार्यरत छन् भने अहेबका ८० दरबन्दीमा १८ ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ४६ मा नौ ओटा दरबन्दी रिक्त छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा २ सय २८ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ४४ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो।

१.३ पाँचथर

जिल्ला सदरमुकामः फिदिम
क्षेत्रफल (वर्ग कि. मि.)ः १,२४१.००
घरधुरी सङ्ख्याः ४१,१९६
जम्मा जनसङ्ख्याः १,९१,८१७
पुरुषः ९०,१८६
महिलाः १,०१,६३१
अपाङ्ग सङ्ख्याः ५,०४९
गाविस/नपा सङ्ख्याः ४१/०
पुरुष साक्षरता सङ्ख्याः ६८,०५७
महिला साक्षरता सङ्ख्याः ६४,१५५
हिन्दूधर्मावलम्बी प्रतिशतः ३४.३१
बौद्धधर्मावलम्बी प्रतिशतः ११.६७
इस्लामधर्मावलम्बी प्रतिशतः ०.०३
किराँत धर्मावलम्बी प्रतिशतः ५२.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.५८
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१३
वोन धर्मावलम्बीः ०.०२
अन्य धर्मावलम्बी प्रतिशतः ०.१६३
प्रतिपरिवार सरदर सङ्ख्याः ४.६६

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५५ जना पीडित भएका थिए भने सन् २०१४ मा राज्यपक्षबाट चार सहित ४४ जना पीडित भएका छन्। सन् २०१४ मा गैरराज्यपक्षबाट तीन जना पुरुष र ३७ जना महिला पीडित भए। सन् २०१३ मा भने ३५ जना महिला पीडित भएका थिए। जसमध्ये महिला उपर भएका ज्यादती तथा दुर्व्यवहारबाट अघिल्लो वर्ष नौ जना पीडित भएका थिए भने यो वर्ष २६ जना पीडित

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				८		८
अमानवीय व्यवहार					१	१
अपहरण					१	१
महिलाअधिकार				२६		२६
कुटपिट	१	३	४			
हत्या				३	१	४
जम्मा	**१**	**३**	**४**	**३७**	**३**	**४०**

भएको इन्सेकले अभिलेख गऱ्यो। गत वर्ष विभिन्न घटनामा १८ जना बालबालिका पीडित भएकोमा यो वर्ष आठ जना पीडित भए।

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ९८ जना र कैद नतोकिएका ५५ जना गरी १ सय ५३ जना बन्दी रहेका छन्। आश्रित बालक र बालिका एक/एक जना रहेका छन्। यस कारागारको निर्माण २०३० सालमा भएको हो। यस जिल्ला कारागारमा दुई ओटा पक्की भवन छन्। तीन ओटामा पुरुष र दुई ओटामा महिला बन्दीहरू बसेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा ०७१ पुस १५ गतेसम्म फौजदारी मुद्दातर्फ १ सय १४ थान मुद्दा फैसला हुन बाँकी रहे। त्यसैगरी देवानी मुद्दातर्फ १ सय ६ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्षभन्दा पुराना तीन थान फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी छन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका २७ हजार ६ सय ६५ बालिका र १४ हजार ५ सय ७८ बालक गरी ४२ हजार २ सय ४३ जना बालबालिका प्राथमिक तहदेखि माध्यामिक तहसम्म भर्ना भएका जिल्ला शिक्षा कार्यालयले जनायो। शिक्षा कार्यालयका अनुसार २ सय ९१ ओटा प्राथमिक ६५ ओटा निम्न माध्यामिक र ५२ ओटा माध्यामिक विद्यालयहरू छन्। पाँचथरका सबै विद्यालयहरूमा शौचालय सुविधायुक्त भएको र बालमैत्री भवन नभएको शिक्षा कार्यालयले जनायो। जिल्लामा २ हजार ३ सय ३९ शिक्षक दरबन्दी रहेकोमा ५३ ओटा दरबन्दी रिक्त रहेको कार्यालयले जनायो। ३ हजार १ सय ५६ जना दलित बालबालिकाका लागि १२ लाख ९३ हजार रुपियाँ छात्रवृत्ति प्रदान गरिएको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
नवजात शिशुको हत्या	१	१
यौन दुर्व्यवहार	२	२
जम्मा	**८**	**८**

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्षको तुलनानमा यो वर्ष बालबालिका विरुद्धका हिंसात्मक घटनामा केही कमी आएको छ। सन् २०१३ मा एक जना बालकसहित १८ जना बालबालिकाहरू पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने आठ जना बालिकाहरू पीडित भएको अभिलेख छ। यो वर्ष ६ वर्षीयादेखि १७ वर्षीयासम्म पाँच जना बालिका बलात्कारबाट, दुई जना यौन दुर्व्यवहारबाट पीडित भएका छन्।

१७ वर्षीया एक बालिकालाई ०७० माघ १ गते बलात्कार गरेको आरोपमा रानीगाउँ गाविस- ७ का १७ वर्षीय बालकलाई प्रहरीले माघ २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार माघ २ गते जिल्ला अस्ताल पाँचथरमा भयो। उनका आफन्तले जिल्ला प्रहरी कार्यालयमा आरोपितविरुद्ध माघ २ गते जबरजस्ती करणीसम्बन्धी मुद्दामा उजुरी दर्ता गरेका थिए। जिल्ला अदातलको आदेशमा आरोपित माघ २३ गतेदेखि पुर्पक्षका लागि कारागार कार्यालय फिदिममा थुनामा थिए। फागुन १६ गते उमेर नपुगेको भन्दै जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले आरोपितलाई बालसुधारगृहमा राख्न आदेश दिएबमोजिम फागुन १७ गतेदेखि बालसुधारगृह, विराटनगरमा राखिएका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ५६ जना महिलाहरूले जिल्ला प्रहरी

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	४	४
बहुविवाह	१०	१०
महिला बेचबिखन तथा ओसारपसार	२	२
घरेलु हिंसा	५	५
यौन दुर्व्यवहार	२	२
जम्मा	२६	२६

कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट तथा घर निकाला गरिएका १७ ओटा, खान लाउन नदिएका १२ ओटा, विवाह तथा नागरिकता नबनाएको १०, अर्की श्रीमती ल्याएर हेला गरेको तीन ओटा, मार्ने धम्की दिएको सात ओटा, कथित बोक्सीको आरोप लगाएको तीन ओटा र सामान्य झैझगडा भएका चार ओटा घटना दर्ता भए। ती घटनामध्ये ५० ओटा घटनामा मिलापत्र गराइएको र छ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

गत वर्षको तुलनामा सन् २०१४ मा महिला विरुद्धका घटनाहरू बढेको पाइयो। सन् २०१३ मा नौ जना महिला विरुद्धको हिँसा तथा ज्यादतीबाट पीडित भएका थिए भने यो वर्ष २६ जना पीडित भएका छन्। जसमध्ये तीन जना बलात्कार, १० जना बहुविवाह र चार जना बलात्कार प्रयासबाट र पाँच जना घरेलु हिँसाबाट पीडित भएका छन्। घरेलु हिंसाका कारण तीन जनाको हत्या भएको अभिलेखित छ। दुईजना बेचविखनबाट पीडित भएको अभिलेख छ। बलात्कार र बलात्कार प्रयास र यौन दुर्व्यवहारका पाँच ओटा घटनाका आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार रहेका छन् भने अन्यलाई कानुनी कारबाही चलाइएको पाइयो। यो अवधिमा एक जना अपाङ्गता भएकी महिलासमेत बलात्कृत भएको अभिलेख छ।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

४२ वर्षीया अपाङ्गता भएकी एक महिलालाई ०७१ पुस ५ गते बलात्कार गरेको आरोपमा फिदिम नपा-१ का ५३ वर्षीय मानबहादुर राईविरुद्ध पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा ०७१ पुस ९ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार जिल्ला अस्पताल पाँचथरमा पुस ९ गते नै भयो। जिल्ला प्रहरी कार्यालयका अनुसार पीडितको उजुरीका आधारमा आरोपितलाई प्रहरीले पुस ९ गते गिरफ्तार गरेको थियो। यस वर्षको अन्त्यसम्म आरोपित हिरासतमै छन्।

परिवारजनबाट हत्या

नागी गाविस-६ की ३२ वर्षीया कमला अधिकारीको हत्या गरेको भन्दै उनका पति ३५ वर्षीय डिल्ली अधिकारी, ससुरा ७२ वर्षीय चिन्तामणि अधिकारी, सासू ६२ वर्षीया तुलसा अधिकारी र नन्द ३३ वर्षीया चन्द्रकला कुइँकेलविरुद्ध ०७० माघ १९ गते मृतकका आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। ०७० कात्तिक २ गतेदेखि बेपत्ता रहेकी मृतकको लास माघ १७ गते अमरपुर गाविस-१ स्थित जङ्गलमा फेला परेको थियो। सडिएर नचिनिने अवस्थमा रहेको उनको लासलाई कपडाबाट स्थानीयले पहिचान गरेका थिए। लासको पोस्टमार्टम जिल्ला अस्पताल पाँचथरमा माघ १८ गते भएको थियो। प्रहरीले घटनाका आरोपितहरूमध्ये पतिलाई माघ २६ गते तथा ससुरा र नन्दलाई फागुन ५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित डिल्ली, चिन्तामणि र तुलसा फागुन २० गतेदेखि पुर्पक्षका लागि कारागार कार्यालय फिदिममा थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

पाँचथर जिल्लामा एउटा अस्पताल, २० ओटा स्वास्थ्यचौकी र २० ओटा उपस्वास्थ्यचौकी रहेका छन्। पाँच जना डाक्टरको दरबन्दी रहेको पाँचथरमा पाँचैजना कार्यरत छन्। एक जना स्त्री रोग विशेषज्ञको दरबन्दीमा पनि डाक्टर कार्यरत छन्। अहेव पदमा ६३ जना कार्यरत हुनुपर्नेमा ४१ जनामात्रै कार्यरत छन्। २२ ओटा दरबन्दी रिक्त रहेको छ। अनमिको दरबन्दी सङ्ख्या ६० ओटा छ। त्यसमध्ये ७ ओटा दरबन्दी रिक्त रहेको छ। पाँचथर जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा १ सय ६३ जनाको दरबन्दी रहेकोमा जिल्ला जनस्वास्थ्य कार्यालयले ४१ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। स्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ५१ लाख ८४ हजार ७ सय रुपियाँ रहेको छ। त्यसमध्ये १२ करोड २६ लाख ८४ हजार ७ सय रुपियाँ प्रशासनिक खर्चका लागि छुट्याइएको छ। औषधीका लागि २५ लाख रुपियाँ छुट्याइएको स्वास्थ्य कार्यालयले जनायो। पाँचथर जिल्लामा प्रति डाक्टर ३८ हजार ३ सय ६३ जना जनसङ्ख्या छ।

१.४ ताप्लेजुङ

जिल्ला सदरमुकामः फुङलिङ
क्षेत्रफल (वर्ग कि. मि.)ः ३,६४६
घरधुरी सङ्ख्याः २६,५०९
जम्मा जनसङ्ख्याः १,२७,४६१
पुरुषः ६०,५५२
महिलाः ६६,९०९
अपाङ्ग सङ्ख्याः ३,७३०
गाविस/नपा सङ्ख्याः ५०/०
पुरुष साक्षरता सङ्ख्याः ४४,४१४
महिला साक्षरता सङ्ख्याः ४०,४२३
हिन्दू धर्मावलम्बी प्रतिशतः ३५.९
बौद्ध धर्मावलम्बी प्रतिशतः २०.५२
किराँत धर्मावलम्बी प्रतिशतः ४१.३७
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.४७
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०२
वोन धर्मावलम्बी प्रतिशतः०.४८
अन्य धर्मावलम्बी प्रतिशतः ०.२४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.८०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा खासै फरक पाइएन। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा आठ जना पुरुषसहित २४ जना पीडित भएका थिए भने सन् २०१४ मा दुई जना पुरुषसहित २४ जना पीडित भएको अभिलेख छ। गत वर्ष राज्यपक्षबाट एक जना पुरुष पीडित भएकोमा सन् २०१४ मा राज्यपक्षबाट पीडित भएको पाइएन। यी घटनाहरूमध्ये चार जना महिलामाथि बलात्कार प्रयास भएको र तीन जना बालिकामाथि यौन दुर्व्यवहार भएको घटना अभिलेखित छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१	१
बालअधिकार	४		४
अपहरण	१		१
महिलाअधिकार	१३		१३
हत्या	४	१	५
जम्मा	२२	२	२४

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ६० जना र कैद नतोकिएका ३८ जना गरी ९८ जना बन्दी रहेका छन्। यस कारागारको निर्माण १९५२ सालमा भएको हो। कारागार भवन पुरानो भएकाले भवन जीर्ण छ। क्षमताभन्दा तेब्बर बन्दी राखिएकाले खान, बस्न, सुत्न, चर्पी प्रयोग, विद्युत, खानेपानी, लगायत न्यूनतम सेवा उपभोगमा समस्या देखिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

ताप्लेजुङ जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ सय ५१ थान र फौजदारी मुद्दा १ सय ८९ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी र फौजदारी दुवै १२/१२ थान मुद्दा फर्स्यौट गर्न बाँकी छ। एक जना मात्रै न्यायाधीश रहेको ताप्लेजुङ जिल्ला अदालतमा मुद्दाको सङ्ख्या हेर्दा ३ सय ६४ ओटा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय २० ओटा प्राथमिक ६६ ओटा निम्नमाध्यमिक र २७ ओटा माध्यमिक विद्यालय छन्। ताप्लेजुङमा विद्यालय जाने उमेरका ४९ हजार ६ सय ६८ जना बालबालिकाहरू मध्ये १९ हजार २ सय ५४ जना बालक र २१ हजार ५ सय ४५ जना बालिका विद्यालयमा भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार विद्यालय जाने उमेरका ८ हजार ८ सय ६९ जना बालबालिका विद्यालयमा भर्ना भएका छैनन्। जिल्लामा १ हजार २ सय ५६ जना शिक्षक

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
नवजात शिशुको हत्या	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	**४**	**४**

दरबन्दी रहेकोमा १६ ओटा दरबन्दी रिक्त रहेका छन्। ताप्लेजुङका सबै विद्यालयमा सुविधायुक्त शौचालय भएको शिक्षा कार्यालयले जनायो। कार्यालयका अनुसार ५० प्रतिशत विद्यालय मात्रै अपाङ्गमैत्री रहेका छन्। १ हजार ९ सय १ जना बालक र २ हजार १ सय ९४ जना बालिकालाई दलित छात्रवृत्ति प्रदान गरिएको छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक वजेट १३ करोड ९८ लाख ३५ हजार रुपियाँ रहेको छ।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्ष र यो वर्ष ताप्लेजुङमा चार/चार जना बालिका पीडित भए। यो वर्ष यौन दुर्व्यवहारबाट तीन जना पीडित भए।

छ वर्षीया बालिकालाई ०७० चैत ३ गते लेलेप गाविस- २ का ३५ वर्षीय सागर फेम्बो लिम्बूले पीडितको घरनजिकैको ओढारमा लगेर बलात्कारको प्रयास गरेको भन्दै पीडितका अभिभावकले जिल्ला प्रहरी कार्यालयमा चैत ८ गते जाहेरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत ८ गते भएको थियो। आरोपितलाई प्रहरीले चैत ९ गते बाटोबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतबाट चैत ९ गते म्याद थप भएको सई कृष्णप्रसाद सापकोटाले बताए। जिल्ला अदालतको आदेशमा आरोपित ०७१ वैशाख ७ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

गत वर्ष महिला विरुद्धका घटनाहरू छ ओटा थिए भने सन् २०१४ मा यस्ता घटनाबाट १३ जना पीडित भएका छन्। चार जना बलात्कार प्रयासबाट र पाँच जना बहुविवाहबाट पीडित भएका छन्। बलात्कार प्रयासका दुई ओटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेको अभिलेखित छ। घरेलु हिंसाका कारण एक जनाको हत्या भएको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	४	४
बहुविवाह	५	५
घरेलु हिंसा	४	४
जम्मा	**१३**	**१३**

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २६ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १४ ओटा, खानलाउन नदिएको पाँच ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको तीन ओटा, अर्को श्रीमती ल्याएर हेला गरेकोमा चार ओटा उजुरी छन् भने सामान्य झैझगडाका एउटा पनि ओटा घटना दर्ता भएनन्। ती घटनामध्ये १० ओटा घटनामा मिलापत्र गराइएको र १६ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो।

लिबाङ गाविस-८ की ३६ वर्षीया सञ्चकुमारी लिम्बूलाई ०७१ मङ्सिर १० गते राति ९ बजे ससुरा ६३ वर्षीय हर्कबहादुर लिम्बूले घरायसी विवाद हुँदा फलामे हतियार (बाम्फोक)ले टाउकोमा प्रहार गरी घाइते बनाए। घाइतेको उपचारका लागि जिल्ला अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भयो। आरोपित ससुरालाई जिल्ला प्रहरी कार्यालयले घटना भएकै दिन गिरफ्तार गऱ्यो। मृतकका छोरा १७ वर्षीय नविन लिम्बूले मङ्सिर १२ गते हजुरबुवाविरुद्ध प्रहरीमा कर्तव्य ज्यान मुद्दा दर्ता गरे। जिल्ला अदालतको आदेशमा आरोपित पुस ३ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

ताप्लेजुङमा एउटा अस्पताल, १२ ओटा स्वास्थ्यचौकी र ३९ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। अस्पतालमा चार जना डाक्टरको दरबन्दी रहेको छ। यो अस्पतालमा स्त्री रोग विशेषज्ञ छैनन्। स्टाफ नर्सको पाँच ओटा दरबन्दीमा चार जना मात्रै कार्यरत छन्। अहेबको ६१ ओटा दरबन्दीमा २६ ओटा रिक्त रहेको छ। अनमिको २४ ओटा दरबन्दीमा २१ जना कार्यरत रहेका छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा १ सय १६ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ३९ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ११ करोड १० लाख १९ हजार रुपैयाँ रहेकोमा ५ करोड ३० लाख २० हजार रुपियाँ प्रशासनिक खर्च र २८ लाख रुपियाँ औषधी खर्च रहेको कार्यालयले जनायो।

१.५ मोरङ

जिल्ला सदरमुकामः बिराटनगर
क्षेत्रफल (वर्ग कि. मि.)ः १,८५५
घरधुरी सङ्ख्याः २,१३,९९७
जम्मा जनसङ्ख्याः ९,६५,३७०
पुरुषः ४,६६,७१२
महिलाः ४,९८,६९८
अपाङ्ग सङ्ख्याः १७,०५३
गाविस/नपा सङ्ख्याः ६५/१
पुरुष साक्षरता सङ्ख्याः ३,४१,५८४
महिला साक्षरता सङ्ख्याः २,९७,६२३
हिन्दूधर्मावलम्बी प्रतिशतः ८०.२७
बौद्धधर्मावलम्बी प्रतिशतः ४.१३
इस्लामधर्मावलम्बी प्रतिशतः ४.७४
किराँत धर्मावलम्बी प्रतिशतः ६.५५
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.६४
प्रकृति धर्मावलम्बी प्रतिशतः २.२५
जैन धर्मावलम्बी प्रतिशतः0.१
शिख धर्मावलम्बी प्रतिशतः ०.००२
वोन धर्मावलम्बी प्रतिशतः ०.०१
वहाइ धर्मावलम्बी प्रतिशतः ०.०२
अन्य धर्मावलम्बी प्रतिशतः ०.२८
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५२

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कमी भएको पाइएको छ। गत वर्ष राज्यपक्षबाट १७ जना पीडित भएका थिए भने यो वर्ष २० जना पीडित भएको अभिलेख छ। त्यसैगरी गत वर्ष गैरराज्यपक्षबाट २ सय ७४ जना पीडितको अभिलेख राखिएकोमा यो वर्ष २ सय ४३ जना पीडितको अभिलेख राखिएको छ। गत वर्ष भेला तथा सङगठित हुने अधिकारबाट चार जना पीडित भएका थिए भने यो वर्ष १९ जना पीडित भएका छन्। गत वर्षको तुलनामा मोरङमा बालबालिका विरुद्धका घटनामा वृद्धि भएको छ। गत वर्ष ४६ जना बालबालिका पीडित भएका थिए भने यो वर्ष १९ जना बालकसहित ६८ जना बालबालिका पीडित भएका छन्। महिला विरुद्धका घटनामा गत वर्ष १ सय ८३ जना पीडित भएकामा यो वर्ष १ सय ५७ जना पीडित भएका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१		१
बालअधिकार			४९	१९	६८
अमानवीय व्यवहार				२	२
अपहरण				३	३
महिलाअधिकार			१५७		१५७
भेला/सङ्गठित हुने अधिकार	१९	१९			
हिरासत वा थुनामा मृत्यु	१	१			
कुटपिट				१	१
धम्की				१	१
हत्या			६	४	१०
जम्मा	**२०**	**२०**	**२१३**	**३०**	**२४३**

जेल र बन्दी

'ख' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २ सय ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४ सय ५७ जना र कैद नतोकिएका २ सय ५० जना गरी जम्मा ७ सय ७ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालिका दुई जना रहेका छन्। यस जिल्ला कारागारको निर्माण ०४५ सालमा भएको हो।

यस वर्ष सुनसरी जिल्लाको हरिनगरा गाविस-८ का कैदी ५४ वर्षीय महेन्द्र महतो विरामी भई धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराउन लाने क्रममा ०७० भदौं २६ गते मृत्यु भयो।

कारागारमा क्षमताभन्दा बढी बन्दी भएकाले सुत्न, शौचालय समस्या रहेको उनीहरू बताउँछन्। कारागारमा १४ ओटा शौचालय, तीन ओटा मोटर धारा, छ वटा चापाकल रहेका छन्। नुहाउन र लुगा

धुन पालो कुर्नु पर्ने हुन्छ। कारागार प्रशासनले बिजुली बत्ती नभएको समयमा जेनेरेटरको व्यवस्था गरेको छ। कारागारमा भएको पर्खाल जीर्ण अवस्थाको रहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

मोरङमा जिल्ला र पुनरावेदन गरी दुईओटा अदालत रहेका छन्। पाँच जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालत मोरङमा पाँचै जना कार्यरत छन्। जिल्ला अदालतमा ०७१ पुस १५ गतेसम्म फौजदारी मुद्दातर्फ १ हजार २० थान मुद्दा फैसला हुन बाँकी रहे। त्यसैगरी देवानी मुद्दातर्फ १ हजार १ सय ३ थान मुद्दा फैसला हुन बाँकी रहे। दुईवर्ष भन्दा पूराना फौजदारी २१ थान र देवानी ९ थान गरी ३० थान मुद्दा फर्स्यौट हुन बाँकी रहेको जिल्ला अदालतले जानकारी दियो। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश झण्डै ४ सय ५० थान मुद्दा हेर्नुपर्ने देखिन्छ। पुनरावेदन अदालतमा नौ जना न्यायाधीशको दरबन्दी रहेकामा सबै दरबन्दीमा न्यायाधीश कार्यरत छन्। पुनरावेदन अदालत, मोरङमा ०७१ पुस १५ गतेसम्म फौजदारी ५ सय ३२ थान र देवानी ४ सय ९ थान मुद्दा फैसला हुन बाँकी रहेका छन्। दुई वर्षभन्दा पुराना तीन थान फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहेको पुनरावेदन अदालतले जनायो। मुद्दाको सङ्ख्या हेर्दा पुनरावेदन अदालत मोरङमा प्रति न्यायाधीश १ सयको हाराहारीमा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका १० हजार २९ जना बालिका र ९ हजार ६ सय २७ बालक गरी १९ हजार ६ सय ५६ जना बालबालिकामध्ये ९ हजार ४ सय ६० बालिका र ८ हजार ८ सय ८१ बालक गरी १८ हजार ३ सय ४१ जना बालबालिका विद्यालयमा भर्ना भएका छन्। शिक्षा कार्यालयका अनुसार मोरङमा २ सय ९२ ओटा प्राथमिक, १ सय ५ ओटा निम्न माध्यामिक र १ सय ६१ ओटा माध्यामिक विद्यालय छन्। विद्यालयहरूमा ४ हजार २८ ओटा दरबन्दी भएकोमा ८ सय ३२ ओटा दरबन्दी रिक्त रहेको छ। मोरङमा ३ सय ओटा विद्यालय अपाङ्गमैत्री छन्। जिल्लाका सबै विद्यालयमा सुविधायुक्त शौचालय छन्। ३२ हजार हजार ४ सय ९२ जना दलित बालबालिकालाई छात्रवृत्ति दिइएको जिल्ला शिक्षा कार्यालयले जनायो। कार्यालयका अनुसार जिल्लाको कूल

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका ओसारपसार	८	१६	२४
बलात्कार	२७		२७
नवजात शिशुको हत्या	१		१
विद्यालयमा शारीरिक सजाय	२	१	३
यौन दुर्व्यवहार	११	२	१३
जम्मा	४९	१९	६८

वार्षिक बजेट १ अरब ६८ करोड ७७ लाख १२ हजार १ सय ६४ रुपियाँ रहेको छ। यसमध्ये १ करोड ६ लाख १३ हजार ५ सय रुपियाँप्रशासनिक खर्च रहेको छ।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिका विरुद्धका हिंसात्मक घटनामा वृद्धि भएको पाइयो। सन् २०१३ मा ४६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने १९ जना बालकसहित ६८ जना पीडित भएका छन्। जसमध्ये आठ बालिकासहित २४ जना बेचबिखनबाट पीडित भएका छन्। त्यसैगरी २७ जना बालिका बलात्कारबाट पीडित भएको तथ्याङ्क छ। मोरङमा आफ्नै नातेदारबाट बलात्कृत भएका, दुई वर्षीया देखि १७ वर्षीयासम्मका बालिका बलात्कृत भएका तथा ११ वर्षीया एकजना बालिका पटकपट बलात्कृत भएका कारण गर्भवती भएको जस्ता घटनाहरू अभिलेखित छन्। बलात्कारको घटनामा अदालतबाट सादा तारेखमा रिहा भएका घटनाहरू पनि मोरङमा अभिलेखित छन्।

दुई वर्षीया एक बालिकालाई बेलबारी गाविस-३ का १३ वर्षीय एक बालकले ०७१ जेठ १० गते घरमा एक्लो भएको अवस्थामा बलात्कार गरेको आरोपमा पीडित परिवारले जेठ १० गते इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण कोसी अञ्चल अस्पताल, विराटनगरमा जेठ १२ गते भयो। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित जेठ २६ गते सादा तारेखमा रिहा भए।

छ वर्षीया एक बालिकालाई ०७१ जेठ २५ गते आफन्त नाता पर्ने इन्द्रपुर गाविस-१ का १४ वर्षीय एक बालकले घरमा कोही नभएको अवस्थामा मकैबारीमा पुऱ्याएर बलात्कार गरेको आरोपमा

आरोपितलाई इलाका प्रहरी कार्यालय बेलबारीले जेठ २६ गते गिरफ्तार गर्‍यो। इलाका प्रहरी कार्यालय बेलबारीले बालिकालाई उद्धार गरी स्वास्थ्य परीक्षण र उपचारका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठायो। उनको स्वास्थ्य परीक्षण जेठ २५ गते प्रतिष्ठानमा भयो। जिल्ला अदालतको आदेशमा आरोपित असार १६ गते सादा तारेखमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय १८ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ३५ ओटा, खानलाउन नदिएको ११ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको १९ ओटा, अर्की श्रीमती ल्याएर हेला गरेकोमा १५ ओटा उजुरी छन् भने सामान्य झैंझगडाका ३८ ओटा घटना दर्ता भएका थिए। ती घटनामध्ये १ सय ११ ओटा घटनामा मिलापत्र गराइएको र सात ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो।

गत वर्ष महिला विरुद्धका हिंसात्मक घटना १ सय ८३ जना पीडित भएको घटना अभिलेख गरिएकोमा सन् २०१४ मा १ सय ५७ जना पीडित भएको घटना अभिलेख गरिएको छ। जसमध्ये १ सय २८ जना महिला घरेलु हिंसाबाट पीडित भए। कथित बोक्सीको आरोपमा दुईजना महिला पीडित भए भने छ जना बलात्कार र छ जना बलात्कार प्रयासबाट पीडित भए। बेचविखन तथा ओसारपसारबाट सात जना पीडित भए। मोरङमा परिवारजनबाट हत्याका घटना तथा

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	२	२
बलात्कार	६	६
बलात्कारको प्रयास	६	६
बहुविवाह	७	७
महिला बेचविखन	७	७
घरेलु हिंसा	१२८	१२८
यौन दुर्व्यवहार	१	१
जम्मा	१५७	१५७

दाइजोका कारण विवाह नै रद्द गरिएका घटनाहरू यस वर्ष अभिलेख गरिएको छ।

हसन्दह गाविस-८ की ३० वर्षीया विष्णु लिम्बूलाई ०७१ वैशाख ३१ गते उनका पति ३४ वर्षीय रमा भन्ने दिलबहादुर चौधरीले घरायसी विवादमा घाँटीमा खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा आरोपितलाई प्रहरीले जेठ १ गते गिरफतार गरी जेठ २५ गते जिल्ल अदालतमा बुझाएको थियो। मादक पदार्थ सेवन गरेर घर पुगेका आरोपितले सामान्य वादविवाद हुँदा पीडितको घाँटीमा खुकुरी प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। लासको पोस्टमार्टम उर्लाबारी गाविस-६ स्थित मङ्गलबार प्राथमिक स्वास्थ्य केन्द्रमा जेठ १ गते भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित जेठ २६ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

उर्लाबारी गाविस-३ की एक १९ वर्षीया बेहुलीसँग विवाह गर्न आएका भारत बिहार किसनगञ्जका २३ वर्षीय राजकुमार दासले ०७० फागुन २३ गते दाइजोको रूपमा औंठी नदिएको भन्दै विवाह गर्न अस्वीकार गरे। विवाह गर्न अस्वीकार गरेपछि स्थानीयहरूले बेहुलालाई जग्गेबाटै नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय, उर्राबारीमा बुझाए। बेहुली पक्षबाट दाइजोस्वरूप डेढ तौला सुनको औंठी तथा फर्निचरको सामान नदिएपछि विवाह मण्डपबाट बेहुलीलाई छोडेर हिँडेपछि स्थानीयवासीले नियन्त्रणमा लिई प्रहरीमा बुझाएका थिए। प्रहरीले जिल्ला प्रशासन कार्यालय, मोरङबाट सामाजिक सुधार व्यवहार ऐन २०३३ को दफा ३ र ५ को कसुर अनुसार मुद्दा दर्ता गरी कारबाही प्रकृया अघि बढायो। पीडित पक्षले इलाका प्रहरी कार्यालय उर्राबारीमा कारवाहीको माग गर्दै १ लाख १४ हजार रुपियाँको विगो दाबीसहित दिएको जाहेरी अनुसार मुद्दा चलाएको प्रहरीले जनायो। इलाका प्रहरी कार्यालय उर्लाबारीका इन्स्पेक्टर वेदप्रसाद गौतम अनुसार, बेहुलाले सिन्दुर हाल्ने बेलामा बेहुली पक्षबाट सुनको औंठी नदिएपछि विवाह मण्डपबाट हिँडेकोले नियन्त्रणमा लिई कारबाही अगाडि बढाएको थियो। जिल्ला प्रशासन कार्यालयको आदेशमा आरोपित चैत ११ गते सामाजिक सुधार तथा व्यवहार ऐन अनुसार ५० हजार रुपियाँ धरौटी तिरेर रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

मोरङ जिल्लामा दुई ओटा अस्पताल, ३४ ओटा स्वास्थ्य चौकी र २६ ओटा उपस्वास्थ्य चौकी

सञ्चालनमा छन्। सात जना डाक्टरको दरबन्दी रहेको मोरङमा चार ओटा दरबन्दी रिक्त रहेको छ। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा ३ सय ४७ जनाको दरबन्दी रहेकोमा जिल्ला जनस्वास्थ्य कार्यालयले ४३ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। मोरङ स्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ३१ लाख २ हजार रुपियाँ रहेको छ। त्यसमध्ये १ लाख २१ हजार ७ सय १९ रुपियाँ प्रशासनिक खर्चका लागि छुट्याइएको छ भने औषधी खर्चका लागि १३ लाख ८३ हजार रुपियाँ छुट्याइएको छ।

१.६ सुनसरी

जिल्ला सदरमुकामः इनरुवा
क्षेत्रफल (वर्ग कि. मि.)ः १,२५७
घरधुरी सङ्ख्याः १,६२,४०७
जम्मा जनसङ्ख्याः ७,६३,४८७
पुरुषः ३,७१,२२९
महिलाः ३,९२,२५८
अपाङ्ग सङ्ख्याः १०,४०९
गाविस/नपा सङ्ख्याः ४९/३
पुरुष साक्षरता सङ्ख्याः २,६५,४६१
महिला साक्षरता सङ्ख्याः २,२४,५२९
हिन्दू धर्मावलम्बी प्रतिशतः ७३.२८
बौद्ध धर्मावलम्बी प्रतिशतः ४.१२
इस्लाम धर्मावलम्बी प्रतिशतः ११.५४
किराँत धर्मावलम्बी प्रतिशतः ६.८८
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.४९
प्रकृति धर्मावलम्बी प्रतिशतः १.९४
जैन धर्मावलम्बी प्रतिशतः०.०५
शिख धर्मावलम्बी प्रतिशतः ०.००३
अन्य धर्मावलम्बी प्रतिशतः ०.३९८
प्रतिपरिवार सरदर सङ्ख्याः ४.७०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला हिंसाका घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। गत वर्ष मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट २८ जना पीडित भएका थिए भने सन् २०१४ मा १५ जना पीडित भएका छन्। १० जना भेला/सङ्गठित हुने अधिकारबाट पीडित भएका छन्। गत वर्षको तुलनामा सुनसरीमा बालबालिका विरुद्धका घटनामा तेब्बर बृद्धि भएको छ। सुनसरीमा १७ जना बालिका बलात्कारबाट पीडित भएका छन्। तीन जना बालक विद्यालयमा हुने शारीरिक सजायबाट पीडित भएका छन्। महिला विरुद्धका हिंसात्मक घटनामा गत वर्ष २० जना पीडित भएका थिए भने यो वर्ष ३६ जना पीडित भएका छन्।

जेल र बन्दी

'ख' श्रेणीको झुम्का कारागारको बन्दी क्षमता १ हजार ४ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ९ सय ५८ जना र कैद नतोकिएका ४ सय ३ जना गरी जम्मा १ हजार ३ सय ६१ जना बन्दी रहेका छन्। यस कारागारमा महिला र बालबालिका छैनन्। झुम्का कारागारको निर्माण ०६६ सालमा भएको हो। ३९ वटा कोठा रहेको कारागारमा शौचालय र खानेपानीको राम्रो व्यवस्था छ। प्राथमिक उपचारका लागि अहेव तथा अनमीको सेवा उपलब्ध छ। साथै यस कारागारमा बाँसका मुढा बनाउने उद्योग सञ्चालनमा छ। त्यसबाट तीन सय बढी कैदी बन्दीले

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१		१
बालअधिकार				३१	४	३५
अपहरण				१		१
महिलाअधिकार				३६		३६
भेला/सङ्गठित हुने अधिकार		१०	१०			
जातीय विभेद				१	३	४
गिरफ्तारी/यातना		२	२			
कुटपिट	१	१	२		३	३
धम्की		१	१		२	२
हत्या				४	२	६
जम्मा	**१**	**१४**	**१५**	**६४**	**१४**	**७८**

राम्रो आम्दानी गरिरहेको कारागार प्रशासनले जनाएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालत सुनसरीमा ०७१ पुस १५ गतेसम्म फौजदारी मुद्दातर्फ १ हजार १ सय ४७ थान मुद्दा फैसला हुन बाँकी रहे। त्यसैगरी देवानी मुद्दातर्फ १ हजार १ सय १५ थान मुद्दा फैसला हुन बाँकी रहे। दुईवर्ष भन्दा पुराना फौजदारी ७४ थान र देवानी ६२ थान गरी १ सय ३६ थान मुद्दा रहेको जिल्ला अदालतले जानकारी दियो। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ४ सय ५० थान मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ८८ हजार ९ सय २६ बालिका र ९३ हजार ४ सय २७ बालक गरी १ लाख ८२ हजार ३ सय ५३ जना बालबालिकामध्ये ७६ हजार ८ सय २४ बालिका र ७१ हजार ७ सय ६५ बालिका गरी १ लाख ४८ हजार ५ सय ८९ जना बालबालिका विद्यालयमा भर्ना भएका छन्। शिक्षा कार्यालयका अनुसार ३३ हजार ७ सय ६४ जना बालबालिका विद्यालय बाहिर नै छन्। सुनसरीमा ३ सय ७१ प्राथमिक, १ सय ६ निम्न माध्यमिक र १ सय ४० ओटा माध्यमिक विद्यालय छन्। यी विद्यालयहरूमा २ हजार ६ सय ६८ शिक्षकशिक्षिका कार्यरत छन्। २० हजार ९ सय ९६ जना दलित बालबालिकालाई छात्रवृत्ति दिइएको जिल्ला शिक्षा कार्यालयले जनायो। कार्यालयका अनुसार जिल्लाको कूल वार्षिक बजेट १ अरब १८ करोड रुपियाँ रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम	१		१
बालविवाह	१		१
बलात्कार	१७		१७
नवजात शिशुको हत्या		१	१
विद्यालयमा शारीरिक सजाय		३	३
यौन दुर्व्यवहार	२		२
जम्मा	२१	४	२५

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिका विरुद्धका हिंसात्मक घटनामा तेब्बर बृद्धि भएको पाइयो। सन् २०१३ मा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने चार जना बालकसहित २५ जना पीडित भएका छन्। जसमध्ये १७ जना बालिका बलात्कार र दुई जना यौन दुर्व्यवहारबाट पीडित भएका छन्। यी घटनाहरूमा चार वर्षीयादेखि १७ वर्षीयासम्मका बालिका बलात्कृत भएका छन्। तीन जना बालकलाई विद्यालयमा शारीरिक सजाय दिइएको घटना इन्सेकमा अभिलेखित छ।

छ वर्षीया एक बालिकालाई ०७० माघ ८ गते १४ वर्षीय बालकले बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले माघ ११ गते गिरफ्तार गऱ्यो। घरमा कोही नभएको समयमा नातिनीलाई बलात्कार गरेको भन्दै पीडितका हजुरबुबाले माघ १० गते उजुरी गरेका थिए। बालिकाको स्वास्थ्य परीक्षण कोसी अञ्चल अस्पतालमा माघ ११ गते भयो। प्रहरीले जबजरजस्ती करणीअन्तर्गतको मुद्दा माघ १२ गते जिल्ला अदालतमा पेश गऱ्यो। सो अदालतको आदेशमा माघ १२ देखि आरोपित विराटनगरस्थित बालसुरधार गृहमा छन्। जिल्ला अदालतले पुस २ गते बालकले बलात्कार प्रयास गरेको ठहर गर्दै दुई वर्ष ६ महिना कैद सजायको फैसला गऱ्यो। बालक विराटनगरस्थित बालसुधार गृहमा छन्।

सशस्त्र प्रहरी पूर्वी मुख्यालय पकलीमा कार्यरत सशस्त्र प्रहरीका इन्स्पेक्टर ३१ वर्षीय उत्तम बस्नेत र उनकी पत्नी ३० वर्षीया दुर्गा राईले घरेलु कामदार राखेकी एक आठ वर्षीया बालिका करुणा कार्कीलाई स्थानीय बालचेतना समूहको पहलमा उद्धार गरी मङ्सिर १० गते अभिभावकको जिम्मा लगायो। पकली उच्चमाविमा कक्षा-१ मा अध्ययनरत ती बालिका तीन दिनसम्म विद्यालय नआएपछि उनको खोजी गर्दै कोठामा पुगेका पकली बालचेतना समूह विद्यार्थीहरूले बालिकाको आँखालगायत जिउमा निलडाम देखेका थिए। सो समूहका बालबालिकाले मङ्सिर ९ गते इलाका प्रहरी कार्यालय पकलीमा उजुरी गरेका थिए। बालक्लबले इन्स्पेक्टर उत्तम र उनकी पत्नी सशस्त्र प्रहरीकै इन्स्पेक्टर दुर्गा राईले पटकपटक बालिकालाई यातना दिएको उजुरीमा उल्लेख गरिएको छ। इन्सेकले गठन गरेको बालसमूहले खबर गरेपछि भेट्न गएका इन्सेक प्रतिनिधिसँग बालिकाले आफूलाई इन्स्पेक्टर

दम्पत्तिले पिट्ने गरेको बताइन्। 'अंकल आन्टीले पिट्नुहुन्छ। बुटले हान्नु हुन्छ। चिमोटनु हुन्छ,' उनले भनिन्। कुटाइबाट बालिकाको आँखाको डिलमा र तिघ्रामा नीलडाम भएको थियो। सशस्त्र प्रहरीका इन्स्पेक्टरविरुद्ध उजुरी परेपछि इलाका प्रहरी कार्यालय पकलीले जिल्ला बालकल्याण समितिका संयोजक रमेश ताम्राकार, महिला तथा बालबालिका कार्यालयकी बालसंरक्षण अधिकृत पूर्णमाया राईसहित पत्रकारहरूको रोहबरमा बालिकाकी आमा पर्मिला कार्कीलाई जिम्मा लगाइएको इलाका प्रहरी कार्यालय पकलीका इन्स्पेक्टर विष्णुवरसिंह थापाले बताए। आरोपित इन्स्पेक्टर उत्तम बस्नेतले परिवारको निम्न आर्थिक अवस्था भएकी बालिकालाई पढाउन राखेको र उसले गलती गरेकाले डर देखाउँदा लडेर नीलडाम भएको बताए। इटहरी नपा-७ घर भएका उत्तम र उनकी पत्नी दुर्गा दुवैजना सशस्त्र प्रहरी पूर्वी पृतना पकलीमा कार्यरत इन्स्पेक्टर हुन्। आरोपितहरूले बालिकाको उपचार खर्च दिएर मिलापत्र गरे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ७२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २० ओटा, खानलाउन नदिएको २५ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको १० ओटा, अर्को पत्नी ल्याएर हेला गरेको ११ ओटा उजुरी छन् भने सामान्य झैझगडाका छ ओटा घटना दर्ता भए। ती घटनामध्ये ५६ ओटा घटनामा मिलापत्र गराइएको र १६ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	१	१
बलात्कार	७	७
बलात्कारको प्रयास	२	२
बहुविवाह	३	३
महिला बेचबिखन तथा ओसारपसार	२	२
घरेलु हिंसा	२१	२१
जम्मा	३६	३६

गत वर्ष महिला विरुद्धका घटना २० ओटा अभिलेख गरिएकामा सन् २०१४ मा ३६ ओटा अभिलेख गरिएको छ। जसमध्ये २१ जना महिला घरेलु हिँसाबाट पीडित रहेका छन्। त्यस्तै सात जना बलात्कार, एक जना कथित बोक्सीको आरोपमा र दुईजना बेचविखनबाट पीडित भए।

४३ वर्षीया एक महिलालाई ०७० फागुन १२ गते राति पौने १० बजे खनार गाविस-३ का २७ वर्षीय सुनील गुरुङले बलात्कार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यलय इटहरीमा जाहेरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण सामुदायिक अस्पताल इटहरीमा फागुन १३ गते भयो। घरमा कोही नभएको बेला आएर गुरुङले मार्ने धम्की दिदै बलात्कार गरेको भन्दै पीडितले फागुन १३ गते इलाका प्रहरी कार्यलयमा जाहेरी दिएकी थिइन्। पीडितको जाहेरीका आधारमा आरोपितलाई फागुन १३ गते नै प्रहरीले गिरफ्तार गरी चैत ८ गते अदालत पेस गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित चैत ८ गतेदेखि कारगारमा थुनामा थिए। सोही अदालतले आरोपितले बलात्कार गरेको ठहर गर्दै उनलाई पाँच वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति दिलाउने ०७१ असोज ७ गते फैसला गऱ्यो। आरोपित झुम्का कारागारका कैद भुक्तान गर्दैछन्।

१८ वर्षीया एक युवतीले ०७१ असोज १८ गते मध्यहर्षाही गाविस-५ का छिमेकी २० वर्षीय जरवनकुमार मेहताले आफूलाई बलात्कार गरेको भन्दै इलाका प्रहरी कार्यालय हरिनगरामा असोज १९ गते उजुरी दिइन्। सशस्त्र प्रहरी जवानको तालिम दिइरहेका जरवन पक्षकाको दबाबले प्रहरीले मुद्दा चलाउन मानेन। प्रहरीले मुद्दा चलाउन नमानेपछि पीडितले जिल्लास्थित महिला तथा बालबालिका कार्यालयमा असोज ३० गते जानकारी निवेदन दिइन्। महिला तथा बालबालिका कार्यालयको पहलमा समेत प्रहरीले आरोपितविरुद्ध मुद्दा चलाउन मानेन। त्यसपछि मानवअधिकार सञ्जाल सुनसरीको पहलमा पीडकविरुद्ध कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालय सुनसरीमा पुःन उजुरी दर्ता भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालत सुनसरीमा कात्तिक २१ गते मुद्दा दर्ता गऱ्यो। आरोपित सशस्त्र प्रहरी जवानको तालिम समेत छाडेर फरार रहेको जिल्ला प्रहरी कार्यालय, सुनसरीले जनाएको छ। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

कथित बोक्सीको आरोपमा कुटपिट

हाँसपोसा गाविस-३ की ५० वर्षीया पावर्ती

चौधरीलाई ०७१ असार १५ गते राति सोही ठाउँका ३५ वर्षीया २५ जीवन चौधरी, १४ वर्षीय माइकल चौधरी र ३५ वर्षीया बौकी१५ चौधरीले कथित बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै आरोपितहरू इलाका प्रहरी कार्यालय इटहरीले असार १७ गते गिरफ्तार गऱ्यो। काम्ने रोगबाट ग्रस्त भएका सोही ठाउँकी ३५ वर्षीया जीवन चौधरीले बारम्बार 'पावर्ती बोक्सी हो', भनेपछि जीवनका छोरा १४ वर्षीय माइकलले दाउराले टाउकोमा प्रहार गरेको र त्यसपछि अरु गाउँलेले आफूलाई कुटपिट गरेको पीडितले बताइन्। गाउँलेहरूले पनि कुटपिट गर्न थालेपछि प्रहरी चौकी तरहराका प्रहरीले पार्वतीको उद्धार गरी स्थानीय सामुदायिक स्वास्थ्य केन्द्रमा भर्ना गरेको थियो। पार्वतीको टाउकोमा चार टाँका लगाइएको प्रहरी चौकी तरहराका निमित्त इन्चार्ज असई पेमादोर्जी शेर्पाले बताए। गाउँलेको डरले पीडितले आरोपितहरू विरुद्ध जाहेरी भने दिइनन्। आरोपितहरूलाई इलाका प्रहरी कार्यालय इटहरीले असार १५ गते गिरफ्तार गरी केही सार्वजनिक अपराध ऐनअन्र्तगत मुद्दा चलायो। जिल्ला प्रशासन कार्यालयले आरोपितमध्ये माइकललाई सादा, जीवन चौधरीलाई २५ हजार र बैकी चौधरीलाई १५ हजार रुपियाँ धरौटी लिएर तारेखमा रिहा गऱ्यो।

सबै प्रकारका जातीय विभेद

गत वर्ष सुनसरीमा जातीय विभेदका घटनाहरू थिएनन्। यो वर्ष जातीय विभेदका कारण चार जना पीडित भए।

धरान नपा-१६ का ४० वर्षीय भुलकाजी विश्वकर्माले छिमेकी ५० वर्षीया भगवती भण्डारीले छोरा जीवनको विवाहमा बोलाएर आफूलाई छुवाछूत गरेको भन्दै ०७१ असार ७ गते इलाका प्रहरी कार्यालयमा उजुरी दर्ता गरे। इलाका प्रहरी कार्यालयले असार ८ गते भगवतीलाई गिरफ्तार गरेपछि दलित उत्थान समन्वय समितिका अध्यक्ष लीला शंकरसहितका समाजका अगुवाहरू बसेर सहभोज गराई पुनः जातीय छुवाछूत नगर्ने सर्तमा मिलापत्र गराए। समाजका अगुवाहरू समेतले मिलापत्र गर्ने भनेपछि कारबाहीको प्रकृया नबढाएको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

सुनसरी जिल्लामा एउटा अस्पताल, २४ ओटा स्वास्थ्य चौकी र २३ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा छन्। आठ जना डाक्टरको दरबन्दी रहेको सुनसरी अस्पतालमा छ ओटा दरबन्दी रिक्त रहेको छ। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा २ सय ८२ जनाको दरबन्दी रहेकोमा जिल्ला जनस्वास्थ्य कार्यालयले २८ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। सुनसरी स्वास्थ्य कार्यालयको वार्षिक बजेट ७ करोड २४ लाख २२ हजार रुपियाँ रहेको छ। त्यसमध्ये ७ लाख ३७ हजार रुपियाँ प्रशासनिक खर्चका लागि छुट्याइएको छ।

१.७ धनकुटा

जिल्ला सदरमुकामः धनकुटा
क्षेत्रफल (वर्ग कि. मि.)ः ८९१
घरधुरी सङ्ख्याः ३७,६३७
जम्मा जनसङ्ख्याः १,६३,४१२
पुरुषः ७६,५१५
महिलाः ८६,८९७
अपाङ्ग सङ्ख्याः ४,८८१
गाविस/नपा सङ्ख्याः ३५/१
पुरुष साक्षरता सङ्ख्याः ५८,२७१
महिला साक्षरता सङ्ख्याः ५५,४३९
हिन्दू धर्मावलम्बी प्रतिशतः ४९.१७
बौद्ध धर्मावलम्बी प्रतिशतः १३.५९
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.१
किराँत धर्मावलम्बी प्रतिशतः ३४.९४
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.७८
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१२
जैन धर्मावलम्बी प्रतिशतः ०.०१
शिख धर्मावलम्बी प्रतिशतः ०.००१
अन्य धर्मावलम्बी प्रतिशतः ०.२९१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३४

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २९ जना पीडित भएका थिए भने सन् २०१४ मा ५५ जना पीडित भएका छन्। सन् २०१३ र २०१४ दुवै वर्ष धनकुटामा राज्यपक्षबाट एक⁄एक जना पीडित भए। गत वर्ष बालबालिका विरुद्धका हिंसामा तीन जना पीडित भएकामा यो वर्ष छ जना बालिका पीडित भएका छन्। महिला विरुद्धका घटनामा भने गत वर्षको तुलनामा झण्डै तेब्बर वृद्धि भएको छ। गत वर्ष यस्ता घटनाबाट १७ जना महिला पीडित भएका थिए भने सन् २०१४ मा ४६ जना पीडित भएका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			६		६
महिलाअधिकार			४६		४६
जातीय विभेद				१	१
धम्की	१	१			
हत्या			१		१
जम्मा	१	१	५३	१	५४

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्य सम्ममा कैद तोकिएका ३२ जना र कैद नतोकिएका २७ जना गरी ५९ जना बन्दी रहेका छन्। कारागार कार्यालयको आफ्नै भवन छैन। हाल जिल्ला अदालतको पुरानो भवनमा क्षमताभन्दा बढी बन्दीहरू बस्दै आएका छन्। सो भवन जीर्ण र ओसिलो रहेका कारण बन्दीहरू कष्टकर जीवन बिताउँदै आएको कारागारका चौकीदार मिलन खड्काले बताए। दुई वर्षअघि महिलाहरूको लागि महिला बन्दीगृह निर्माण भएपछि महिला बन्दीहरूलाई भने बस्न तथा सुत्न सहज भएको कारागार प्रमुख विश्वनाथ दाहालले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धनकुटामा जिल्ला र पुनरावेदन गरी दुईओटा अदालत रहेका छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा दरबन्दी रिक्त छैन। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या १ सय ११ थान र फौजदारी मुद्दाको सङ्ख्या १ सय ४६ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। एकजना मात्रै न्यायाधीशको दरबन्दी रहेको यस अदालतमा मुद्दाको सङ्ख्या हेर्दा १ सय ५० ओटा भन्दा बढी मुद्दा हेर्नुपर्ने देखिन्छ। पुनरावेदन अदालतमा पाँच जना न्यायाधीशको दरबन्दीमा सबैजना कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म देवानी ९८ थान र फौजदारी १ सय ८० थान मुद्दा बाँकी छन्। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा प्रति न्यायाधीश ५० ओटाको हाराहारीमा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

धनकुटा जिल्लामा २ सय ३२ ओटा प्राथमिक ३९ ओटा निम्नमाध्यामिक र ४१ ओटा माध्यमिक विद्यालय छन्। यी विद्यालयहरूमा १ हजार ५ सय ४० शिक्षक दरबन्दी रहेकोमा सबैमा शिक्षकशिक्षिका कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। यस शैक्षिक सत्रमा १८ हजार ४ सय ८५ जना बालक र २० हजार ३ सय ५६ जना बालिका भर्ना भएका छन्। धनकुटा जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ६७ करोड ७७ हजार ३ सय ९६ रुपियाँ छ। त्यसमध्ये प्रशासनिक खर्च ७६ लाख ७२ हजार ६ सय रुपियाँ रहेको छ। १ हजार ८ सय ५ जना दलित बालक र १ हजार ८ सय २२ जना दलित बालिकालाई छात्रवृत्ति उपलब्ध गराइएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
यौन दुर्व्यवहार	१	१
जम्मा	६	६

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्षको तुलनानमा यो वर्ष बालबालिका विरुद्धका घटना बढेको पाइयो। सन् २०१३ मा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने छ जना बालिका बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भएका छन्।

सात वर्षीया एक बालिकालाई ०७१ कात्तिक ७ गते धनकुटा नपा-१ हिलेका १६ वर्षीय बालकले बलात्कार गरेको आरोपमा पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा कात्तिक ९ गते उजुरी दिइन्।

घरनजिकै पीङ खेल्न जाने क्रममा बालिकालाई बाटो छेकेर आरोपितले बलात्कार गरेको बालिकाकी आमाले दिएको उजुरीमा उल्लेख छ। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा कात्तिक ९ गते भएको थियो। आरोपितलाई प्रहरीले भाग्दै गरेको अवस्थामा चुम्बाङ गाविसबाट कात्तिक ८ गते गिरफ्तार गरेको थियो। आरोपित विरुद्ध जिल्ला अदालतमा कात्तिक १० गते जबरजस्ती करणी अन्तरगतको मुद्दा दायर भएको प्रहरीले जनाएको छ। जिल्ला अदालतको आदेशमा आरोपित मङ्सिर २ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४४ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ३१ ओटा, खानलाउन नदिएको छ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको एउटा, अर्की पत्नी ल्याएर हेला गरेकोमा एउटा उजुरी छन् भने सामान्य झैझगडाका पाँच ओटा घटना दर्ता भए। ती घटनामध्ये ४२ ओटा घटनामा मिलापत्र गराइएको र दुई ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	२	२
बहुविवाह	७	७
घरेलु हिंसा	३६	३६
जम्मा	४६	४६

गत वर्ष महिला विरुद्धका घटना १७ ओटा अभिलेख गरिएकोमा सन् २०१४ मा ४६ ओटा अभिलेख गरिएको छ। जसमध्ये ३६ जना महिला घरेलु हिँसाबाट पीडित रहेका छन्। त्यस्तै दुई जना बलात्कार, सात जना बहुविवाहबाट र एक जना कथित बोक्सीको आरोपबाट पीडित भए। आफ्नै नाता सम्बन्धबाटै बोक्सीको आरोप लगाएकाले प्रहरीको उपस्थितिमा मिलापत्र भयो।

सबै प्रकारका जातीय विभेद

गत वर्ष धनकुटामा जातीय विभेदका घटनाहरू अभिलेखित थिएनन्। यो वर्ष जातीय विभेदको एउटा घटना अभिलेख गरिएको छ।

मोरङ जिल्ला, विराटनगर उमनपा-१९ मिल्स एरियामा स्थायी घर भई अस्थायी प्रहरी पोस्ट डाडाँबजारमा कार्यरत ३० वर्षीय प्रहरी जवान युवराज परियारले आफूलाई जातीय विभेद गरेको भन्दै ०७१ जेठ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सोही अस्थायी प्रहरी पोस्टका इन्चार्ज असई नवराज कार्कीले बारम्बार सानो जातको भन्दै आफूलाई मेसमा खाना पकाउन नदिने, खाना खाँदा छुट्टै बसेर खानु पर्ने, खाना थप्न भान्सा कोठामा जान नदिने, आफूले ल्याएको पिउने पानी नखाने लगायतका कार्य बारम्बार गर्दै आएकाले कारवाहीको माग गरेको उनले दिएको उजुरीमा उल्लेख गरिएको छ। पीडितले दिएको उजुरीबारे घटनाको सत्यतथ्यसहितको प्रतिवेदन बुझाउन जिल्ला प्रहरी कार्यालयले इलाका प्रहरी कार्यालय राजारानीका इन्स्पेक्टर सुरेन्द्रप्रकाश श्रेष्ठको संयोजकत्वमा असार १ गते तीन सदस्यीय समिति गठन गरेको थियो। सो समितिले तयार पारेर बुझाएको प्रतिवेदनको अध्ययन गरी घटनाको छानबीन गरी कारवाहीको लागि कोसी अञ्चल प्रहरी कार्यालय, धरानमा पठाएको जिल्ला प्रहरी कार्यालयका एसपी ईश्वरीप्रसाद चापागाईले बताए। सो घटनापश्चात् पीडित र आरोपित दुवै जना जिल्ला प्रहरी कार्यालयमा तानिएका छन्। उक्त प्रतिवेदन अञ्चल प्रहरी कार्यालयमा पठाएको भए पनि यो वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भए नभएको विषयमा आफूलाई कुनै जानकारी नभएको एसपी प्रदीपकुमार श्रेष्ठले बताए।

स्वास्थ्य सेवाको अवस्था

धनकुटा जिल्लामा एउटा अस्पताल, २४ ओटा स्वास्थ्य चौकी र ११ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। पाँच जना डाक्टरको दरबन्दी रहेको धनकुटा अस्पतालमा एक जना मात्रै कार्यरत छन्। स्टाफ नर्सको ६ ओटा र ल्याब असिस्टेण्टको ६ ओटा दरबन्दी रहेकोमा दुवैमा पद रिक्त छैन। अहेवका ७८ ओटा दरबन्दीमा १८ ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ५८ मा एउटा दरबन्दी रिक्त छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा १ सय ८२ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ३६ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो।

१.८ तेह्रथुम

जिल्ला सदरमुकामः म्याग्लुङ
क्षेत्रफल (वर्ग कि. मि.)ः ६७९
घरधुरी सङ्ख्याः २२,०९४
जम्मा जनसङ्ख्याः १,०१,५७७
पुरुषः ४७,१५१
महिलाः ५४,४२६
अपाङ्ग सङ्ख्याः २,६२६
गाविस/नपा सङ्ख्याः ३२/०
पुरुष साक्षरता सङ्ख्याः ३६,४६९
महिला साक्षरता सङ्ख्याः ३४,५२३
हिन्दू धर्मावलम्बी प्रतिशतः ५२.१७
बौद्ध धर्मावलम्बी प्रतिशतः १२.५३
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०३
किराँत धर्मावलम्बी प्रतिशतः ३३.९३
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.०२
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१५
अन्य धर्मावलम्बी प्रतिशतः ०.१६१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.६०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट १० सहित ६४ जना पीडित भएका थिए भने सन् २०१४ मा ४ जना पुरुषसहित ३९ जना पीडित भएका छन्। यो वर्ष राज्यपक्षबाट एक जना पीडित भएको घटना अभिलेखित छ। गत वर्ष २१ जना महिला हिंसा तथा ज्यादतीबाट पीडित थिए भने यो वर्ष २७ जना पीडित भएका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			५		५
महिलाअधिकार			२७		२७
कुटपिट	१	१			
धम्की				१	१
हत्या			३	२	५
जम्मा	**१**	**१**	**३५**	**३**	**३८**

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ५५ जना र कैद नतोकिएका १७ जना गरी जम्मा ७२ जना बन्दी रहेका छन्। आश्रित बालिका १ जना रहेका छन्। यस कारागारको निर्माण ०११ सालमा भएको हो। कारागारको भवन अति जीर्ण छ। वर्षातको बेला पानी चुहिएर बन्दीहरू रातभर सुत्न सक्दैनन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

तेह्रथुम जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या २८ थान र फौजदारी मुद्दाको सङ्ख्या ४२ थान रहेका छन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा १ सय ५३ ओटा प्राथमिक ३८ ओटा निम्नमाध्यामिक र १८ ओटा माध्यमिक विद्यालय छन्। तेह्रथुममा विद्यालय जाने उमेरका १३ हजार १ सय ७१ जना बालक र १४ हजार ५ सय ३० बालिका गरी २७ हजार ६ सय ६८ जना बालबालिकाहरू मध्ये १ हजार १ लसय ४ जना बालक र १ हजार २ सय ३ जना बालिका विद्यालयमा भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार विद्यालय जाने उमेरका २५

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
यौन दुर्व्यवहार	२	२
जम्मा	**५**	**५**

हजार ३ सय ९४ जना बालबालिका विद्यालयमा भर्ना भएका छैनन्। जिल्लामा १ हजार ७४ ओटा शिक्षक दरबन्दी रहेकोमा ८ ओटा दरबन्दी रिक्त रहेका छन्। तेह्रथुम १ सय ५७ ओटा विद्यालयमा शौचालय सुविधायुक्त छ। १ हजार ६ सय ६२ जना बालक र १ हजार ८ सय ३४ जना बालिकालाई दलित छात्रवृत्ति प्रदान गरिएको छ।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

यो वर्ष बलात्कार तथा यौन दुर्व्यवहारका सबै घटनाका आरोपितहरूलाई कानुनी कारवाही बढाइएको पाइयो। अपाङ्गता भएका बालिकासमेत बलात्कारका कारण पीडित भएको पाइयो।

१७ वर्षीया एक अपाङता भएकी बालिकालाई ०७१ जेठ २ गते बेलुकी बलात्कार प्रयास गरेको आरोपमा इशिबु गाविस-५ का ५१ वर्षीय रामबहादुर फम्बो लिम्बूलाई प्रहरीले जेठ ११ गते गिरफ्तार गऱ्यो। बालिकालाई आरोपितले मादक पर्दाथ सेवन गरी पानी खाने बहानामा घरमा कोही नभएको अवस्थामा बलात्कार प्रयास गरेका थिए। पीडितले अभिभावकलाई बलात्कारको प्रयास गरेको जानकारी दिएपछि जेठ ३ गते घटनालाई स्थानीय गाउँमा नै मिलाउने भन्दै छलफल समेत भएको थियो। पीडित पक्षले आरोपितलाई कानुनी कारबाही गर्न जेठ ५ गते प्रहरी चौकी सम्दुमा उजुरी दियो। आरोपितलाई सम्दु प्रहरी चौकीले जेठ ७ गते गिरफ्तार गऱ्यो। गिरफ्तारपछि आरोपितलाई जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा ल्याइएको थियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ४ गते इलाका प्रहरी कार्यालय आठराईमा भयो। जिल्ला अदालतको आदेशमा आरोपित जेठ १५ गतेदेखि कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १३ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका पाँच ओटा, खानलाउन नदिएको चार ओटा, अर्को श्रीमती ल्याएर हेला गरेको दुई ओटा उजुरी छन् भने सामान्य झैझगडाका दुई ओटा घटना दर्ता भए। ती घटनामध्ये पाँच ओटा घटनामा मिलापत्र गराइएको र आठ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	४	४
बलात्कारको प्रयास	२	२
बहुविवाह	४	४
घरेलु हिंसा	१६	१६
यौन दुर्व्यवहार	१	१
जम्मा	२७	२७

गत वर्षको तुलनामा सन् २०१४ मा महिला विरुद्ध हुने घटनामा केही वृद्धि भएको पाइयो। २०१३ मा २१ जना महिला विरुद्धको हिँसा तथा ज्यादतीबाट पीडित भएका थिए भने यो वर्ष २७ जना पीडित भएका छन्। जसमध्ये १६ जना महिला घरेलु हिँसाबाट पीडित रहेका छन्। त्यस्तै चार जना बलात्कार, दुई जना बलात्कार प्रयास र एक जना यौन दुर्व्यवहारबाट पीडित भए। अभिलेखित अधिकाँश घटनाहरूमा बलात्कार र बलात्कार प्रयासमा आरोपितहरूले धारिलो हतियारको प्रयोग गरेको उल्लेख छ। घरेलु हिंसाका घटनाहरूमा दुईजना पतिबाटै मारिएको अभिलेख छ।

दाँगपा गाविस-५ का ५० वर्षीया धनमाया तेयुङ लिम्बूलाई ०७१ असोज २३ गते ५९ वर्षीय पति मनबहादुर लिम्बूले भनाभनको निहुँमा बञ्चरो प्रहार गरी घटनास्थलमा हत्या गरेको आरोपमा प्रहरीमा उजुरी पऱ्यो। आरोपितलाई प्रहरीले घटना भएकै दिन घरैबाट गिरफ्तार गऱ्यो। पतिपत्नीबीच सामान्य घरायसी विषयमा विवादका क्रममा पत्नी घरभित्र अगेनोमा आगो बाल्न लागिरहेको अवस्थामा आरोपितले शरीरको पछाडिबाट टाउकोमा बञ्चरो प्रहार गरेका थिए। पीडितको घटनास्थलमा नै मृत्यु भएपछि स्थानीय गाउँलेले इलाका प्रहरी कार्यालयमा प्रहरीलाई खबर गरेका थिए। लासको पोस्टमार्टम जिल्ला अस्पतालमा भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित असोज ३० गतेदेखि पुर्पक्षका लागि कारागरमा थुनामा छन्।

म्याङलुङ नपा-६ का ४० वर्षीया विमला विक सार्कीलाई ०७१ कार्तिक १४ गते राति उनका भिनाजु ताप्लेजुङ जिल्ला, फुङलिङ नगरपालिका-७ घर भई म्याङलुङ नगरपालिका-६ पिप्लेका ४२ वर्षीय दलबहादुर कामीले मादक पर्दाथ सेवन गरेर सामान्य

घरायसी विवादमा अचानोमा गर्दन राखेर खुकुरीले प्रहार गरी हत्या गरेको आरोपमा आरोपितलाई प्रहरीले कात्तिक १६ गते गिरफ्तार गर्‍यो। आरोपितले महिलाको हत्या गरेपछि पीडितको घरमा लास छोपेर फरार भएका थिए। स्थानीय गाउँलेले कात्तिक १६ गते बिहानमात्र घटना भएको थाहा पाएका थिए। लासको पोस्टमार्टम जिल्ला अस्पतालमा कात्तिक १६ गते भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित कार्तिक २४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

तेह्रथुममा एउटा अस्पताल, नौ ओटा स्वास्थ्यचौकी र २० ओटा उपस्वास्थ्यचौकी रहेका छन्। अस्पतालमा चार जना डाक्टरको दरबन्दी रहेको छ। यो अस्पतालमा करारसहित छ जना डाक्टर कार्यरत रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनायो। यो अस्पतालमा स्त्री रोग विशेषज्ञ छैनन्। स्टाफ नर्सको पाँच ओटा दरबन्दीमा तीन जना कार्यरत छन्। अहेबको ४५ ओटा दरबन्दीमा नौ ओटा रिक्त रहेको छ। अनमिको ३५ ओटा दरबन्दीमा ३० जना कार्यरत रहेका छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा १ सय २९ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले २३ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो।

१.९ भोजपुर

जिल्ला सदरमुकाम: भोजपुर
क्षेत्रफल (वर्ग कि. मि.): १,५०७
घरधुरी सङ्ख्या: ३९,४१९
जम्मा जनसङ्ख्या: १,८२,४५९
पुरुष: ८६,०५३
महिला: ९६,४०६
अपाङ्ग सङ्ख्या: ४,६१८
गाविस/नपा सङ्ख्या: ६२/१
पुरुष साक्षरता सङ्ख्या: ६२,९२४
महिला साक्षरता सङ्ख्या: ५६,०००
हिन्दू धर्मावलम्बी प्रतिशत: ५३.३३
बौद्ध धर्मावलम्बी प्रतिशत: १४.१७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
किराँत धर्मावलम्बी प्रतिशत: ३१.५१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.५४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१८
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२४६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६३

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २० जना महिलासहित ३३ जना पीडित भएका थिए भने सन् २०१४ मा ५४ जना महिलासहित ६१ जना पीडित भएका छन्। सन् २०१३ र २०१४ दुबै वर्ष भोजपुरमा राज्यपक्षबाट मानवअधिकार उल्लङ्घनका घटनाहरू अभिलेखित छैनन्। गत वर्ष बालबालिका विरुद्धका हिंसामा तीन जना बालिका पीडित भएकोमा यो वर्ष एक बालकसहित १६ जना पीडित भएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१५	१	१६
महिलाअधिकार	३८		३८
जातीय विभेद		२	२
कुटपिट		१	१
हत्या	१	३	४
जम्मा	**५४**	**७**	**६१**

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागार कार्यालय भोजपुरको बन्दी क्षमता २५ जनाको हो। ०७१ पुस १५ गतेसम्म कैद तोकिएका ६० जना पुरुष र दुई जना महिला र कैद नतोकिएका २६ जना पुरुष गरी जम्मा ८८ जना बन्दीहरू रहेका छन्। जिल्ला कारागार कार्यालय, भोजपुरमा कैदीको सङ्ख्या क्षमताभन्दा तेब्बर नाघेपछि उनीहरूको दैनिकी कष्टकर बनेको छ। बन्दीहरू शौचालय जानका लागि कुर्नुपर्ने बाध्यता रहेको उनीहरूले बताए। पुरुष बन्दीहरूको सङ्ख्या क्षमताभन्दा तेब्बर बढी भएकाले सुत्न पालो गर्नुपरेको बन्दीहरूले बताए। बन्दीहरू भुई, भान्सा कोठा र त्रिपालमुनि सुत्ने गरेका छन्। नियमित मर्मतको अभावमा कारागारका शौचालय र अन्य भौतिक पूर्वाधार जीर्ण बनेको जेलर हरिकृष्ण दाहालले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

भोजपुर जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ३६ थान र फौजदारी मुद्दा ६३ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी तीन थान र फौजदारी एक थान मुद्दा फर्स्यौट गर्न बाँकी छ। एकजना मात्रै न्यायाधीश रहेको अदालतमा मुद्दाको सङ्ख्या हेर्दा एक सय भन्दा बढी मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ७४ ओटा प्राथमिक ६० ओटा निम्नमाध्यामिक र ४२ ओटा माध्यमिक विद्यालय छन्। यी विद्यालयहरूमा १३ हजार ८ सय १५ जना बालक र १३ हजार ४ सय ३९ जना बालिका गरी २७ हजार २ सय ५४ जना बालबालिका भर्ना भएका छन्। भोजपुरमा १ हजार ७ सय ८० ओटा दरबन्दी रहेकामा एउटा पनि रिक्त नरहेको जिल्ला शिक्षा कार्यालयले जनायो। भोजपुरका सबै विद्यालयमा सुविधायुक्त शौचालय रहेको कार्यालयले जनायो। त्यसैगरी दुई ओटा विद्यालय अपाङ्गमैत्री छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलत्कार	१०		१०
नवजात शिशुको हत्या	३	१	४
यौन दुर्व्यवहार	२		२
जम्मा	**१५**	**१**	**१६**

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्षको तुलनानमा यो वर्ष बालबालिका विरुद्धका घटनामा बढेको पाइयो। सन् २०१३ मा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने १० जना बालिका बलात्कारबाट पीडित भएका छन्। चार जना नवजात शिशुको हत्या भएको छ भने दुईजना यौन दुर्व्यवहारबाट पीडित भएका छन्। बलात्कारबाट पीडित हुनेहरूमध्ये पाँच वर्षका दुई जना र अन्य १७ वर्ष सम्मका रहेका छन् भने आरोपितमध्ये दुई जना १४ वर्षमुनिका छन्। यो अवधिमा एक बालिका आफ्नै बाबुबाट बलात्कृत भएकी छन्।

एक ११ वर्षीया बालिकालाई ०७० फागुन २५ गते बलात्कार गरेको आरोपमा हेलौंछा गाविस- ५ का १३ वर्षीय र ११ वर्षीय बालकलाई प्रहरीले ०७० फागुन ३० गते घरैबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला स्वास्थ्य कार्यालयमा ०७० फागुन २६ गते भयो। बालिकाका आफन्तले आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा कानुनी कारबाहीको माग गर्दै फागुन ३० गते उजुरी दिए। घरमा कोही नभएको समयमा बालिकालाई बलात्कार गरेको पीडितको आफन्तको भनाइ छ। आरोपितद्वय चैत १७ गते प्रतिव्यक्ति ५९ हजार रुपियाँ धरौटीमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४४ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
बलात्कारको प्रयास	१	१
बहुविवाह	४	४
घरेलु हिंसा	३०	३०
यौन दुर्व्यवहार	१	१
जम्मा	**३८**	**३८**

घरनिकाला गरिएका ६ ओटा, खानलाउन नदिएका १२ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको चार ओटा, अर्को पत्नी ल्याएर हेला गरेकोमा एउटा उजुरी छन् भने सामान्य झैझगडाका २१ ओटा घटना दर्ता भए। ती घटनामध्ये ४२ ओटा घटनामा मिलापत्र गराइएको र दुई ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

गत वर्षको तुलनामा सन् २०१४ मा महिला विरुद्ध हुने घटना दोब्बर बृद्धि भएको पाइयो। २०१३ मा १५ जना महिला विरुद्धको हिँसा तथा ज्यादतीबाट पीडित भएका थिए भने यो वर्ष ३८ जना पीडित भएका छन्। जसमध्ये ३० जना महिला घरेलु हिँसाबाट पीडित रहेका छन्। त्यस्तै दुई जना बलात्कार, चार जना बहुविवाहबाट पीडित भए। एक जना महिलाको पतिको कुटपिटका कारण हत्या भएको छ।

छिनामखु गाविस-१ की ४२ वर्षीया कल्पना राईलाई ०७० फागुन २७ गते दिउँसो पति ५२ वर्षीय यदावचन्द्र राईले कुटपिट गरी हत्या गरेको आरोपमा आरोपितलाई प्रहरीले घरछेउबाट चैत ३ गते गिरफ्तार गऱ्यो। यादवचन्द्रले घरायसी विवाद हुँदा पत्नी कल्पनालाई दाउराले प्रहार गरी घाइते बनाएका थिए। पतिको कुटपिटबाट कल्पनाको टाउको र छातीमा गम्भिर चोट लागेर घाइते भएपछि उपचारका लागि भोजपुर सदरमुकाम लैजाने क्रममा बाटोमा मृत्यु भएको थियो। लासको पोस्मार्टम जिल्ला अस्पताल भोजपुरमा फागुन २९ गते भएको थियो। आरोपितविरुद्ध मृतकका माइती पक्षले फागुन २८ गते प्रहरीमा उजुरी दिएको थियो। यादवचन्द्रले पत्नी कल्पनालाई मादक पदार्थ सेवन गरेर पटकपटक शारीरिक र मानसिक यातना समेत दिदै आएको छिमेकीले बताए। जिल्ला अदालतको आदेशमा आरोपित चैत १७ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार भोजपुरमा थुनामा रहेका छन्।

स्वास्थ्य सेवाको अवस्था

भोजपुर जिल्लामा एउटा अस्पताल र ४० ओटा उपस्वास्थ्य चौकी छन्। दुई जना डाक्टरको दरबन्दी रहेको भोजपुर अस्पतालमा तीन जना कार्यरत छन्। अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। स्टाफ नर्सको चार ओटा दरबन्दी छन्। अहेवका ८८ ओटा दरबन्दीमा १५ ओटा रिक्त छन्। अनमिको दरबन्दी सङ्ख्या ८३ मा चार ओटा दरबन्दी रिक्त छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा ३ सय १४ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ५२ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो।

१.१० सङ्खुवासभा

जिल्ला सदरमुकामः खाँदबारी
क्षेत्रफल (वर्ग कि. मि.): ३,४८०
घरधुरी सङ्ख्याः ३४,६२४
जम्मा जनसङ्ख्याः १,५८,७४२
पुरुषः ७५,२२५
महिलाः ८३,५१७
अपाङ्ग सङ्ख्याः ४,०५४
गाविस/नपा सङ्ख्याः ३३/१
पुरुष साक्षरता सङ्ख्याः ५४,२३३
महिला साक्षरता सङ्ख्याः ४९,३४७
हिन्दू धर्मावलम्बी प्रतिशतः ४२.७३
बौद्ध धर्मावलम्बी प्रतिशतः १५.२८
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०३
किराँत धर्मावलम्बी प्रतिशतः २८.७५
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.४७
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.११
जैन धर्मावलम्बी प्रतिशतः ०.०४
अन्य धर्मावलम्बी प्रतिशतः ०.२५४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५८

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५० जना पीडित भएका थिए भने सन् २०१४ मा ७३ जना पीडित भएका छन्। सन् २०१३ मा राज्यपक्ष एक जना महिला पीडित थिए। तर, यो वर्ष सङ्खुवासभामा राज्यपक्षबाट पीडित भएको अभिलेख छैन। गत वर्ष बालबालिका विरुद्धका हिंसामा १५ जना बालिका पीडित भएकोमा यो वर्ष आठ जना बालिका पीडित भएका छन्। महिला विरुद्धका घटनामा भने गत वर्षको तुलनामा चौबर भन्दा बढी पीडित भएका छन्। गत वर्ष यस्ता घटनाबाट १३ जना महिला पीडित भएका थिए भने सन् २०१४ मा ५८ जना पीडित भएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	८		८
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार		१	१
महिलाअधिकार	५८		५८
हत्या	३	३	६
जम्मा	६९	४	७३

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ८८ जना र कैद नतोकिएका २६ जना गरी १ सय १४ जना बन्दीहरू रहेका छन्। आश्रित बालक एक जना पनि १ सय १४ जनासँगै रहेका छन्। यस जिल्ला कारागारको निर्माण ०४२ सालमा भएको हो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सङ्खुवासभा जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या ६५ थान र फौजदारी मुद्दाको सङ्ख्या ६४ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी दुई थान र फौजदारी एक थान मुद्दा फर्स्यौट गर्न बाँकी छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ५८ ओटा प्राथमिक ६२ ओटा निम्नमाध्यमिक र ४१ ओटा माध्यामिक विद्यालय छन्। सङ्खुवासभामा विद्यालय जाने उमेरका कूल ४९ हजार २ सय ६० जना बालबालिकामध्ये १ हजार ६ सय ८५ बालक र १ हजार ६ सय ५६ बालिका विद्यालयमा भर्ना भएका छन्। १ हजार ६ सय ४० ओटा दरबन्दी रहेका सङ्खुवासभामा सबै पदमा शिक्षकशिक्षिका कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको कूल बजेट ६९ करोड ७९ लाख १ हजार ५ सय ७२ रुपियाँ रहेको शिक्षा कार्यालयले जनायो। कूल ५ हजार ४ सय ६० जना दलित बालबालिकालाई २१ लाख ८४ हजार रुपियाँ छात्रवृत्ति प्रदान गरिएको कार्यालयले जनायो। जिल्लामा सुविधायुक्त शौचालय र अपाङ्गतामैत्री विद्यालय एउटा पनि छैनन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	५	५
विभिन्न अवसरबाट वञ्चित	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	८	८

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिका विरुद्धका घटनामा कमी आएको पाइयो। सन् २०१३ मा १५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने आठ जना बालिका पीडित भएका छन्। त्यस्ता घटनाहरूका एक जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेका छन् भने छ ओटा घटनाका आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

पाँच वर्षीया एक बालिकालाई ०७० पुस १७ गते भोजपुर साम्पाङ गाविस-६ का १३ वर्षीय बालकले बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय चैनपुरले पुस १८ गते आरोपितलाई गिरफ्तार गऱ्यो। प्रहरीले उनीविरुद्ध पुस १९ गते मुलुकी ऐनको जबरजस्ती करणी महलमा मुद्दा दर्ता गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैनपुर प्राथमिक स्वास्थ्य केन्द्रमा पुस १७ गते भयो। पीडित पक्षले पुस १७ गते इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दियो। बालिकाको अवस्था

सामान्य छ। पीडितको काकाको घरमा खाना पकाउने किचनमा ललाईफकाई बलात्कार गरेको पीडित पक्षले दिएको उजुरीमा उल्लेख छ। जिल्ला अदालतको आदेशमा आरोपित माघ १५ गतेदेखि .पुर्पक्षका लागि खाँदबारी कारागारमा थुनमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन २०१४ मा पीडित भएको भन्दै ५८ वटा जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अर्न्तगत महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये बलात्कार १२ वटा, १० वटा अर्को श्रीमती ल्याएर हेला गरेको, २८ वटा कुटपिट, बोक्सी आरोप १, विवाह दर्ता र नागरिकता बनाइदिन नमानेको २ र खानलाउन नदिई घर निकाला गरेको ३, अंश नदिएको १ र झैझगडा रहेका छन्। तीमध्ये १६ वटा कानुनी प्रक्रियामा अगाडि बढेको बाँकी पीडितले नै सम्पर्क नगरेको जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	२	२
बलात्कारको प्रयास	३	३
बहुविवाह	७	७
महिला बेचबिखन तथा ओसारपसार	१	१
घरेलु हिंसा	४२	४२
यौन दुर्व्यवहार	२	२
जम्मा	५८	५८

गत वर्ष महिला विरुद्धका घटना १२ ओटा घटना अभिलेख गरिएकामा सन् २०१४ मा ५८ ओटा घटना अभिलेख गरिएको छ। जसमध्ये ४२ जना महिला घरेलु हिँसाबाट पीडित रहेका छन्। त्यस्तै दुई जना बलात्कार, सात जना बहुविवहाबाट र एक जना कथित बोक्सीको आरोपबाट पीडित भए। एउटा घटनामा १७ वर्षीय बालकले ४२ वर्षीय महिलालाई बलात्कार प्रयास गरेको अभिलेखित छ।

४२ वर्षीया एक महिलालाई ०७१ साउन २० गते १७ वर्षीय बालकले बलात्कार प्रयास गरेको आरोपमा पीडितले आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय, चैनपुरमा साउन २१ गते उजुरी दिइन्। पीडित घरमा बसिरहेको अवस्थामा आरोपितले संवेदनशील अङ्गमा छोएको र बलात्कार गर्न खोजेको भन्दै उजुरी दिएकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण प्राथमिक स्वास्थ्य केन्द्र चैनपुरमा साउन २१ गते भयो। आरोपितलाई प्रहरीले साउन २२ गते गिरफ्तार गरी जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतले भदौ १८ गते पीडित बालक भएको भन्दै परिवारलाई जिम्मा लगाउन आदेश दियो। आरोपित सोही दिन रिहा भएका थिए। उनलाई उनको अभिभावकले जिम्मा लिएका थिए।

स्वास्थ्य सेवाको अवस्था

सङ्खुवासभा जिल्लामा एउटा अस्पताल, २३ ओटा स्वास्थ्यचौकी र १३ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा रहेका छन्। पाँच जना डाक्टरको दरबन्दी रहेको सङ्खुवासभा अस्पतालमा पाँचै जना कार्यरत छन्। स्त्रीरोग विशेषज्ञ पदका ६ ओटा दरबन्दीमा पाँच जना कार्यरत रहेका छन्। अहेवका ८० ओटा दरबन्दीमा ७४ जना कार्यरत छन्। अनमिको दरबन्दी सङ्ख्या ६८ मा ५४ जना कार्यरत छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा १ सय ७५ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ३७ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १० करोड ७८ लाख ९९ हजार सय ५७ रुपैयाँ रहेको छ। प्रशासनिक खर्च कति छ कार्यालयले उपलब्ध गराएन।

१.११ सप्तरी



जिल्ला सदरमुकामः राजविराज
क्षेत्रफल (वर्ग कि. मि.)ः १,३६३
घरधुरी सङ्ख्याः १,२१,०९८
जम्मा जनसङ्ख्याः ६,३९,२८४
पुरुषः ३,१३,८४६
महिलाः ३,२५,४३८
अपाङ्ग सङ्ख्याः ८,०४४
गाविस/नपा सङ्ख्याः ११४/१
पुरुष साक्षरता सङ्ख्याः १,९६,७०५
महिला साक्षरता सङ्ख्याः १,३४,४४९
हिन्दू धर्मावलम्बी प्रतिशतः ८५.७३
बौद्ध धर्मावलम्बी प्रतिशतः ४.६८
इस्लाम धर्मावलम्बी प्रतिशतः ८.९२
किराँत धर्मावलम्बी प्रतिशतः ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.०५
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
जैन धर्मावलम्बी प्रतिशतः०.०३
अन्य धर्मावलम्बी प्रतिशतः ०.५२१
प्रतिपरिवार सरदर सङ्ख्याः ५.२८

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट चार जना महिलासहित ३६ जना र गैरराज्यपक्षबाट ३० जना पुरुषसहित १ सय ३६ जना गरी १ सय ७२ जना पीडित भएका थिए। सन् २०१४ मा २ सय ६१ जना पीडित भएका छन्। यो वर्ष राज्यपक्षबाट गत वर्षको तुलनामा पीडितको सङ्ख्यामा कमी आएको पाइयो। राज्यपक्षबाट छ जना पुरुषसहित १३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। त्यसैगरी गैरराज्यपक्षबाट २१ जना पुरुषसहित २ सय ४८ जना पीडित भए। यो वर्ष १ सय ८९ जना महिला महिला हिंसा र ज्यादतीका घटनाबाट पीडित भए। गत वर्ष ११ जनाको हत्या भएको अभिलेख राखिएकोमा यो वर्ष २४ जनाको हत्या भयो। परिवारजनबाटै सात वटा घटनामा आठ जनाको हत्या भएको अभिलेख छ। यो वर्ष अमानवीय व्यवहारका कारण तीन जना पुरुष पीडित भए। कथित बोक्सोको आरोपमा कुटपिट गरिएको घटना पनि अभिलेखित छ।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१	२
बालअधिकार				२१	१	२२
अमानवीय व्यवहार					३	३
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार				१		१
अपहरण				२	१	३
महिलाअधिकार				१८९		१८९
भेला/सङ्गठित हुने अधिकार	५	१	६			
जातीय विभेद				१		१
गिरफ्तारी/यातना	१		१			
कुटपिट	१	३	४		२	२
धम्की		२	२		१	१
हत्या				१२	१२	२४
जम्मा	**७**	**६**	**१३**	**२२७**	**२१**	**२४८**

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ४ जना र कैद नतोकिएका १ सय ४५ जना गरी २ सय ४९ जना बन्दीहरू रहेका छन्। जसमा महिला ११ जना छन्। यहाँ आश्रित बालबालिका छैनन्। यस कारागारको निर्माण ०१० सालमा भएको हो। एक जना व्यक्तिले कारागार प्रमुख र जिल्ला प्रशासन कार्यालयको प्रशासकीय अधिकृत दुवैतर्फको काम सम्हालेका छन्। एक जना खरदार कार्यरत छन् भने नायबसुब्बा र सहलेखापाल रिक्त रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयबाट पठाइएका एक जना हेल्थ असिस्टेन्ट हाजिर हुन आएका छैनन्। छ जना कार्यालय सहायोगीमध्ये दुई स्थायी र चार करारमा छन्।

बन्दीहरूबीच बेला-बेला हुने झडपमा घाइते बन्दीहरूको उपचारमा समेत रकम खर्च हुने गरेकाले पनि आर्थिक अभाव सृजना हुने गरेको कारागार प्रशासनले जनाएको छ। पुरुष कारागार भवनको पर्खाल ठाउँ-ठाउँमा भत्किएको र कतिपय ठाउँमा पीपलका रुखहरू उम्रिएर चर्किएको छ। कारागार सीमालाई चारैतिरबाट नघेरेकाले सुँगुर, गाई, भैंसी, बाखा भित्र आएर चर्ने गर्छन्। सुरक्षाका लागि कम्तीमा पर्खाल नभए पनि तारको जालीले घेर्नु आवश्यक छ। बन्दीहरू सुत्न नपुगेर चिसो भुईंमा वरण्डा, भान्सामा कोचाकोच गरी सुत्छन्। बन्दीहरू कोचेर राख्नु पर्दा बेला-बेलामा झडप हुने र बन्दीहरूमा भाइरल ज्वरोको प्रकोप फैलिने गरेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सप्तरीमा जिल्ला र पुनरावेदन गरी दुईओटा अदालत रहेका छन्। जिल्ला अदालतमा नौ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २ हजार ३७ थान र फौजदारी मुद्दा ८ सय ७८ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी १ सय ६१ थान र फौजदारी ६२ थान मुद्दा फर्स्यौट गर्न बाँकी छ। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा प्रति न्यायाधीश ३ सय ५० थान मुद्दा हेर्नुपर्ने देखिन्छ। पुनरावेदन अदालतमा १२ जना न्यायाधीशको दरबन्दी रहेकोमा दुई जनाको दरबन्दी रिक्त छ। ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या १ हजार १ सय ९१ थान र फौजदारी मुद्दाको सङ्ख्या ८ सय ८६ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी ३६ थान र फौजदारी ३० थान मुद्दा फर्स्यौट गर्न बाँकी रहेको पुनरावेदन अदालतले जनाएको छ। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश २ सय १५ थान मुद्दा हेर्नुपर्ने देखिन्छ।

गैरकानुनी थुना

पुनरावेदन अदालतको फैसला र कैदी पूर्जीको मितिमा भएको त्रुटिपूर्ण शब्दका प्रयोगका कारण ०७१ वैशाख २१ गते कैदमुक्त हुनुपर्ने सिरहाको इटहर्वा गाविस-७ का ३५ वर्षीय आनन्दकुमार यादव ०७१ जेठ २१ गतेसम्म कारगारमा थुनामा रहे। पुनरावेदन अदालतले फैसलामा ०६५ वैशाख २२ (०६५/१/२२) गतेदेखि गणना गरी ०७१ वैशाख २१ (०७१/१/२१) गते थुनामुक्त गरिदिने भनी लेख्नुपर्नेमा भुलवश ०६५ फागुन २२ (०६५/११/२२) गतेदेखि गणना गरी ०७१ फागुन २१ (०७१/११/२१) गते थुनामुक्त गरिदिने भनी लेखेको थियो। पुनरावेदन अदालत नियमावली ०४८ को नियम ६७ बमोजिम लेखाइ सम्बन्धी त्रुटि सच्याउने ०७१ जेठ २० गते निर्णय भएपछि यादव कारागारबाट बाहिरिएका थिए।

बेपत्ता/अपहरण

सप्तरीमा सन् २०१४ मा गैरराज्यपक्षबाट दुईजना महिलासहित तीनजनाको अपहरण भएको घटना अभिलेखमा छ। एउटा घटनामा संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका तत्कालीन जिल्ला संयोजक अनील यादव भनिने देवराम यादवको संलग्नता रहेको भन्दै उजुरीपरेपछि उनी गिरफ्तारपछि पुर्पक्षका लागि थुनामा रहेका छन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ५९ ओटा प्राथमिक १ सय २ ओटा निम्न माध्यामिक र ४३ ओटा माध्यामिक विद्यालय छन्। सप्तरीका ५५ हजार ९ सय ७२ जना बालक र ४९ हजार ३ सय १० जना बालिका गरी १ लाख ५ हजार २ सय ८२ जना बालबालिका विद्यालयमा भर्ना भएका छन्। २ हजार ५ सय ३० ओटा दरबन्दी रहेको सप्तरीमा ६० ओटा दरबन्दी रिक्त रहेको छ। ३ सय ४७ ओटा विद्यालयमा सुविधायुक्त शौचालय छन् भने २ सय १५ ओटा विद्यालय अपाङ्गतामैत्री छन्। ६१ ओटा विद्यालय भवन बालमैत्री नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्ला शिक्षा कार्यालयको कूल बजेट ६९ करोड ५२ लाख ७० हजार २ सय ४५ रुपियाँ रहेको शिक्षा कार्यालयले जनायो। त्यसमध्ये १ लाख २९ हजार रुपियाँ प्रशासनिक खर्च रहेको छ। ७ हजार १ सय २६ जना दलित बालकका लागि २८ लाख ५० हजार ४ सय रुपियाँ र ११ हजार २ सय ७१ जना दलित बालिकाका लागि ४५ लाख ८ हजार ४ सय रुपैयाँ छात्रवृत्तिका लागि खर्च गरेको शिक्षा कार्यालयले बताएको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालविवाह	२		२
बलात्कार	१४		१४
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	५		५
जम्मा	२१	१	२२

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

सप्तरीमा सन् २०१३ मा २८ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने एकजना बालकसहित २२ जना पीडित भए। बलात्कार तथा यौन दुर्व्यवहारका घटनाबाट १९ जना बालिका पीडित भएका छन्। यी घटनाहरूमा तीन वर्षदेखि १५ वर्षसम्मका बालबालिकाहरू पीडित भएका छन्। आफ्नै बाबुबाट बालकको हत्या भएको घटना पनि अभिलेखित छन्।

चार वर्षीया एक बालिकालाई ०७१ वैशाख ३० गते दिउँसो बोरिया गाविस-३ का १६ वर्षीय एक बालकले आरोपितको घरमा कोही नभएको समयमा बलात्कार गरेको आरोपमा पीडितकी हजुरआमाले वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरी जेठ २ गते दर्ता भयो। पीडितको स्वास्थ्य परीक्षण राजविराज नपा-३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा वैशाख ३० गते भएको थियो। घरअगाडि खेलिरहेकी नर्सरी कक्षामा अध्ययनरत बालिकालाई चकलेटको लोभ देखाई आरोपितले कोही नभएको मौका पारी घरभित्र लगी बलात्कार गरेको उजुरीमा उल्लेख गरिएको छ। आरोपितलाई प्रहरीले जेठ १ गते गिरफ्तार गरेको थियो। जिल्ला न्यायाधीश रामप्रसाद अधिकारीको बन्द इजलाशको आदेशमा आरोपित जेठ २७ गतेदेखि बालसुधार गृहमा छन्।

तीन वर्षीया एक बालिकालाई ०७१ कात्तिक १ गते राति राजविराज-३ का १९ वर्षीय कन्हैयाकुमार साहले राजविराज नपा-७ हटियास्थित माछा गल्लीमा बलात्कार गरेको आरोपमा स्थानीयवासीले घटनास्थलबाटै आरोपितलाई समातेर कुटपिट गर्दै कात्तिक १ गते राति ८ बजे प्रहरीको जिम्मा लगाए। बालिका चिच्याएको आवाज सुनी स्थानीयहरू राति नै भेला भएका थिए। पीडित बालिकाकी आमाले कारबाहीका लागि कात्तिक २ गते जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरी सोही दिन दर्ता भएको थियो। पीडित बालिकाको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा कात्तिक २ गते स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला न्यायाधीश राजेन्द्र अधिकारीको आदेशले कात्तिक २७ गतेदेखि आरोपित पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ८० जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका पाँच ओटा, खानलाउन नदिएको ३१ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको ५ ओटा, अर्की श्रीमती ल्याएर हेला गरेकोमा पाँच ओटा उजुरी छन् भने सामान्य झैझगडाका ३४ ओटा घटना दर्ता भए। ती घटनामध्ये ४६ ओटा घटनामा मिलापत्र गराइएको र दुई ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो। उजुरी दिएर सम्पर्कमा नआएका ३२ जना छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१२	१२
बलात्कार	५	५
बलात्कारको प्रयास	५	५
बहुविवाह	१४	१४
महिला बेचबिखन तथा ओसारपसार	१	१
घरेलु हिंसा	१४९	१४९
यौन दुर्व्यवहार	२	२
गर्भपतन	१	१
जम्मा	१८९	१८९

सप्तरीमा सन् २०१३ मा महिला विरुद्ध हुने हिंसा एवम् भेदभाव र दुर्व्यवहारबाट ७७ जना पीडिभएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने त्यसभन्दा दोब्बरभन्दा बढी १ सय ८९ जना पीडित भएका छन्। अभिलेख अनुसार घरेलु हिंसाका कारण १ सय ४९ जना र बलात्कार तथा बलात्कार प्रयास तथा यौन दुर्व्यवहारबाट १२ जना पीडित भए। दाइजोका कारण विवाह अस्वीकार गरिएको घटना पनि सप्तरीमा अभिलेखित छ। कथित बोक्सीको आरेपका कारण १२ जना पीडित भएको इन्सेकले अभिलेख गरेको छ। कथित बोक्सीका दुई ओटा घटनाका आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार भएको अभिलेख छ भने अन्य घटनाहरूमध्ये दुई ओटा घटनामा केही कारवाही भएन। अन्य घटनाहरूमा केही रकम जरिवानासहित मिलापत्र भएको पाइयो। एउटा घटनामा अदालतले १७ हजार रुपियाँ धरौटीको आदेश गरेको पाइयो। यी

घटनाहरू हेर्दा कथित बोक्सीको आरोपका आरोपितहरू सजिलै उम्कने हुँदा पीडितहरूले न्यायको अनुभूतिगर्न नसकेको पाइयो।

२१ वर्षीया एक महिलालाई ०७१ वैशाख १७ गते भंगहा गाविस-४ का २२ वर्षीय रमेशकुमार चौधरी, २३ वर्षीय सुनीलकुमार चौधरी र अन्य एकजना अपरिचितले बिहान सामूहिक बलात्कार गरेको आरोपमा पीडितकी आमाले आरोपितहरूविरुद्ध इलाका प्रहरी कार्यालय कल्याणपुरमा वैशाख १७ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण र उपचार राजविराज नपा-३ स्थित अञ्चल अस्पतालमा वैशाख १७ गते भएको थियो। पीडितले भंगहा गाविस-५ सबैयास्थित नर्सरी वनमा दाउरा लिन गएको बेला आरोपितहरूले हात गोडा समातेर मुख थुनी रमेशले बलात्कार गरेको बताइन्। आरोपितहरूलाई प्रहरीले वैशाख १७ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा बुझाएको थियो। जिल्ला प्रहरी कार्यालयले वैशाख १९ गते जबरजस्ती करणी मुद्दा दर्ता गरेको थियो। अपरिचित एक जनाको पहिचान खुल्न सकेको छैन्। सासू र ससुरासँग बस्दै आएकी पीडितका पति रोजगारीका लागि काठमाडौंमा छन्। पीडित दुई महिनाकी गर्भवती समेत रहेको अस्पतालले जनायो। जिल्ला न्यायाधीश कमलप्रसाद पोखरेलको आदेशले आरोपितहरूमध्ये रमेशलाई जेठ १२ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन् भने आरोपित सुनिल २० हजार रुपियाँ धरौटीमा रिहा भएका थिए। पीडितले अदालतमा तीन-चारजनाले समाती एक जनाले बलात्कार गरेको बताए पनि आरोपितहरूलाई नचिनेको भन्दै बयान फेरेपछि असार २ गते आरोपितहरूले अभियोग दावीबाट सफाइ पाएका छन्। बयान फेरेको आरोपमा उजुरीकर्ता उनकी आमालाई अदालतले असार २ गते एक महिना कैद र दुई हजार रुपियाँ जरिवानासमेत गरेको थियो।

बरमझिया गाविस-५ की २२ वर्षीया एक युवतीसँग विवाह तय भइसकेपछि बढी दाइजोको लोभमा भारत विहारको जिल्ला मधुबनी थाना बासोपट्टी ग्राम मानसीपट्टी घर भई राजविराज नपा-९ बस्ने २३ वर्षीय हरिप्रसाद गोस्वामीले राजविराज नपा-९ की २३ वर्षीया सुजीताकुमारी गिरीसँग वैशाख २९ गते विवाह गरे। पीडितका बाबु ५२ वर्षीय कामेश्वर गिरीले छोरीसँग आरोपितको विवाहका लागि टिकोटालो गर्दा आरोपितलाई ०७० फागुन २० गते दाइजोस्वरूप सुन र नगद रकम दिएका थिए। विवाह तय भइसकेपछि बढी दाइजो पाइने लोभमा सो विवाह अस्वीकार गरी आरोपितले अन्यत्र विवाह गर्न खोजेको भन्दै पीडितले जिल्ला प्रशासन कार्यालयमा वैशाख २४ गते उजुरी दिइन्। उजुरीका साथ पीडितले टिकाटालोको फोटो र बिहेको तिथी तय भएको प्रतिलिपीसमेत पेश गरेको थिइन्। जिल्ला प्रहरी कार्यालयमा वैशाख ३० गते भएको छलफलमा आरोपितले जरिवाना र क्षतिपूर्तिस्वरुप ८८ हजार रुपियाँ पीडितलाई तिरेका थिए।

परिवारजनबाट हत्या

सप्तरीमा परिवारजनबाट हत्या भएका घटनाहरू पनि अभिलेखित छन्। त्यस्ता घटनाहरूमध्ये चार ओटा घटनाका आरोपितहरू कानुनी कारबाहीको दायरामा ल्याइएको छ भने तीन ओटा घटनाका आरोपितहरू फरार रहेका छन्। अभिलेखित घटनामध्ये चार जना महलिाको पतिले हत्या गरेका छन्।

राजविराज नपा-७ की सात महिनाकी गर्भवती २२ वर्षीया नजराना खातुनलाई ०७० फागुन २४ गते दिउँसो २ बजे सासू ४४ वर्षीया मनी बिबी भनिने बानो खातुन र जेठानी २० वर्षीया नुरजहाँ खातुनले सुतिरहेका बेला मट्टितेल छर्केर आगो लगाई हत्या गरेको आरोपमा आरोपितहरूलाई प्रहरीले फागुन २४ गते घटनास्थलबाट गिरफ्तार गऱ्यो। पीडितको उपचारका क्रममा धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा फागुन २४ गते राति ११:२४ बजे मृत्यु भएको थियो। लासको पोस्टमार्टम धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा फागुन २५ गते भएको थियो। पीडितले मृत्यु हुनुपूर्व प्रहरीसमक्ष आरोपितद्वय सासू र जेठानीले आगो लगाएको बयान दिएकी थिइन्। पीडितका बुवा सुनसरी मधुवन गाविस-५ का फुल हुसैनले जिल्ला प्रहरी कार्यालयमा फागुन २५ गते उजुरी दिएका थिए। आरोपितद्वयविरुद्ध प्रहरीले फागुन २६ गते आगो लगाई कर्तव्य ज्यान अन्तर्गतको मुद्दा दर्ता गरेको थियो। पीडितका पति र जेठाजु वैदेशिक रोजगारीमा सउदी अरबमा छन् भने मृतककी एक वर्षीया छोरी छन्। जिल्ला अदालतको आदेशमा आरोपितद्वय चैत २४ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

पंसेरा गाविस-५ की २५ वर्षीया नगीना साहको ०७१ असार ८ गते बिहान घरमा लास फेला पऱ्यो। पीडितको घाँटी र शरीरको विभिन्न भागमा चोटपटकको निलडाम थियो। पीडित र आरोपित शत्रुघ्नबीच केही दिनयता बारम्बार झगडा हुने गरेको

र असार ७ गते राति पुनः कुटपिट भएपछि घरबाट चोकतिर भागेकी पीडितलाई समातेर आरोपितले घरभित्र लगी घाँटी थिचेर हत्या गरेको गाउँलेले जनाए। हत्याको आरोपमा उनका पति शत्रुघ्न साह र सासू सुमीत्रादेवी साहलाई प्रहरीले असार ८ गते घरबाट गिरफ्तार गरेको थियो। लासको पोस्टमार्टम असार ९ गते लहान अस्पतालमा भएको थियो। सामाजिक परम्पराअनुसार पीडित र आरोपित शत्रुघ्नबीच ०७० असार १५ गते विवाह भएको थियो। पीडितका बुबा धनुषाको जनकपुर नपा-८ घर भई जनकपुर नपा-१० बस्ने विमलकिशोर साहले असार १० गते दिएको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय कल्याणपुरले असार ११ गते कर्तव्य ज्यान मुद्दा दर्ता गरेको थियो। जिल्ला न्यायाधीश कमलप्रसाद पोखरलेको आदेशले आरोपितहरू ०७१ साउन ६ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

मलेकपुर गाविस-५ खुरहुरियाकी १९ वर्षीया पुनीताकुमारी मण्डलको घाँटीमा डोरीको डाम भएको अवस्थामा ०७१ साउन १ गते लास फेला पर्‍यो। पीडितका बुबा सारस्वर गाविस-८ का ४१ वर्षीय नथुनी मण्डलले दाइजोकै कारण पीडितको हातखुट्टा बाँधी घाँटी निमोठी हत्या गरेको आरोप लगाउँदै मृतकका पति २५ वर्षीय अर्जुन मण्डल र ससुरा ४७ वर्षीय कपलेश्वर मण्डलमाथि कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा साउन २ गते किटानी उजुरी दिए। प्रहरीले अर्जुनलाई साउन २ गते र कपलेश्वरलाई साउन ४ गते गिरफ्तार गरेको थियो। जिल्ला प्रहरी कार्यालयले साउन २ गते कर्तव्य ज्यान मुद्दा दर्ता गरेको थियो। आरोपितहरूले साउन १ गते राति प्रहरीलाई घरको छतबाट लडेर दुर्घटना भई पीडितको मृत्यु भएको बताएका थिए। गिरफ्तारीपछि पीडितले पासोमा झुण्डिई आत्महत्या गरेको आरोपितले प्रहरीलाई बयान दिएका थिए। लासको पोस्टमार्टम राजविराज नपा-३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा साउन २ गते भएको थियो। सामाजिक परम्पराअनुसार ०७० वैशाख २३ गते विवाहित मृतक तीन महिनाकी गर्भवती थिइन्। जिल्ला न्यायाधीश पुष्पराज थपलियाको आदेशले भदौ २ गतेदेखि अर्जुन पुर्पक्षका लागि थुनामा छन् भने कपलेश्वर सोही दिन साधारण तारेखमा रिहा भएका थिए।

स्वास्थ्य सेवाको अवस्था

सप्तरी जिल्लामा एउटा जिल्ला अस्पताल र एउटा अञ्चल अस्पताल, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ३० ओटा स्वास्थ्य चौकी र ८१ ओटा उपस्वास्थ्य चौकी छन्। सात जना डाक्टरको दरबन्दी रहेको सप्तरी जिल्ला अस्पतालमा एक जना पनि डाक्टर कार्यरत छैनन्। अञ्चल अस्पतालमा भने १७ जनाको दरबन्दीमा चार जनाले काम गरिरहेका छन्। सप्तरीका दुवै अस्पतालमा स्त्री रोग विशेषज्ञ छैनन्। अहेबका २ सय २९ ओटा दरबन्दीमा २ सय ३० जना कार्यरत छन्। १ सय ३९ अनमिको दरबन्दी सङ्ख्यामा १ सय २९ जना कार्यरत छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा ४ सय ७० जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ५६ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। त्यसमध्ये सबैभन्दा बढी डाक्टरको दरबन्दी रिक्त रहेको पाइयो। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २२ करोड रुपियाँ रहेको छ। यसमध्ये २५ लाख रुपियाँ प्रशासनिक र ३५ लाख रुपियाँ औषधी खर्च रहेको जनस्वास्थ्य कार्यालयले जनायो।

१.१२ सिरहा

जिल्ला सदरमुकामः लहान (सिरहा)
क्षेत्रफल (वर्ग कि. मि.): १,१८८
घरधुरी सङ्ख्याः १,१७,९६२
जम्मा जनसङ्ख्याः ६,३७,३२८
पुरुषः ३,१०,१०१
महिलाः ३,२७,२२७
अपाङ्ग सङ्ख्याः ६,६६५
गाविस/नपा सङ्ख्याः १०६/२
पुरुष साक्षरता सङ्ख्याः १,७७,७०८
महिला साक्षरता सङ्ख्याः १,२३,१००
हिन्दू धर्मावलम्बी प्रतिशतः ९०.१९
बौद्ध धर्मावलम्बी प्रतिशतः १.७३
इस्लाम धर्मावलम्बी प्रतिशतः ७.४६
किराँत धर्मावलम्बी प्रतिशतः ०.०७
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.०६
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१२
शिख धर्मावलम्बी प्रतिशतः ०.००१
अन्य धर्मावलम्बी प्रतिशतः ०.३६४
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट चारसहित १ सय १० जना पीडित भएका थिए भने सन् २०१४ मा राज्यपक्षबाट एक जनासहित १ सय ३७ जना पीडित भएका छन्। जसमध्ये सबैभन्दा बढी महिला हिंसाका घटना अभिलेखित छन्। गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट ४८ जना पीडित भएका थिए भने यो वर्ष सिरहामा यस्ता घटनाबाट ६८ जना पीडित भएका छन्। गत वर्ष बालबालिका विरुद्धका हिंसामा २४ जना बालिका पीडित भएकोमा यो वर्ष एक बालकसहित २७ जना पीडित भएका छन्। सिरहामा नौ जना महिलासहित १४ जनाको गैरराज्य पक्षबाट हत्या भएको घटना अभिलेख छ। गत वर्ष १३ जनाको हत्या भएको घटना अभिलेख गरिएको थियो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			६	६	१२
बालअधिकार			२६	१	२७
अपहरण				१	१
महिलाअधिकार			६८		६८
जातीय विभेद			९	१	१०
कुटपिट				२	२
धम्की	१	१		२	२
हत्या			९	५	१४
जम्मा	**१**	**१**	**११८**	**१८**	**१३६**

जेल र बन्दी

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दीक्षमता १ सय ५० जना रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ७५ जना र कैद नतोकिएका १ सय ९३ जना गरी २ सय ६८ जना बन्दी रहेका छन्। आश्रित बालक एक जना रहेका छन्। यस कारागारको निर्माण ०२८ सालमा भएको हो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सिरहा जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या १ हजार ३ सय ८५ थान र फौजदारी मुद्दाको सङ्ख्या ४ सय १७ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी ९८ थान र फौजदारी २२ थान मुद्दा फर्स्याेट गर्न बाँकी छ। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश तीन सय ८५ थान मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ४ ओटा प्राथमिक ५३ ओटा निम्नमाध्यमिक र ३४ ओटा माध्यमिक विद्यालय छन्। सिरहामा १ हजार ७ सय ३६ ओटा शिक्षक

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालविवाह	२		२
बलात्कार	१३		१३
यौन दुर्व्यवहार	११	१	१२
जम्मा	२६	१	२७

दरबन्दी रहेकोमा राहत कोटाका थप ४ सय ३९ जनासमेत अध्यापन गराइरहेका शिक्षा कार्यालयले जनायो। यहाँका सबै विद्यालयमा सुविधायुक्त शौचालय छन् भने ४५ ओटा विद्यालय अपाङ्गमैत्री छन्। शिक्षा कार्यालयको वार्षिक बजेट ६२ करोड ८६ लाख ४ हजार ७ सय ४७ रुपियाँ रहेकोमा प्रशासनिक खर्च ४४ करोड ८६ लाख ४ हजार ७ सय ४७ रुपियाँ रहेको शिक्षा कायाल्यले जानकारी दियो। अन्य तथ्यतथ्याङ्क शिक्षा कार्यालयमा अद्यावधिक गरिएको पाइएन।

हत्या

असनपुर गाविस-८ की आठ वर्षीया रविना यादवको ०७० माघ ६ गते बिहान उनका बाबु ४० वर्षीय विनोद यादवको कुटपिटबाट मृत्यु भयो। आरोपितले माघ ४ गते राति पत्नी रेखासँग रक्सी खाएर झगडा गरेको बखत छोरी रविनाले झगडा नगर्नुभन्दा छोरीलाई निर्घात कुटपिट गरेका थिए। मृतककी आमा रेखाकाअनुसार छोरीको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारको क्रममा माघ ६ गते बिहान मृत्यु भएको थियो। इलाका प्रहरी कार्यालय मिर्चैयाका इन्स्पेक्टर पदम थपलियाका अनुसार आरोपितलाई प्रहरीले माघ ५ गते गिरफ्तार गऱ्यो। लासको पोस्टमार्टम रामकुमार उमाप्रसाद मुराराका अस्पताल लहानमा माघ ६ गते भएको थियो । जिल्ला अदालतको आदेशमा आरोपित माघ २८ गते साधारण तारेखमा रिहा भएका थिए।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

सिरहामा सन् २०१३ मा तीन जना बालकसहित २४ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने एकजना बालकसहित २७ जना पीडित भएका छन्। अभिलेख अनुसार २५ जना बालबालिका बलात्कार र यौन दुर्व्यवहारका घटनाबाट पीडित भएका छन्। यी घटनाहरूमा सात वर्षीयादेखि १७ वर्षीयासम्मका बालबालिका बलात्कार र यौन दुव्यवहारबाट पीडित भएका छन्। अभिलेख अनुसार आठ ओटा घटनाका आरोपितहरू यो वर्ष सम्मको अन्त्यसम्म फरार रहेका छन्।

एक सात वर्षीया बालिकालाई ०७१ जेठ १७ गते बिहान ९ बजे मुक्सार गाविस- ३ का ५८ वर्षीय धनबहादुर सार्कीले मुक्सार गाविस- ३ स्थित आँपबगैँचामा बाखा चराउन गएको समयमा बलात्कार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय मिर्चैयामा जेठ १९ गते जाहेरी दियो। बालिकाको स्वास्थ्य जाच जिल्ला अस्पतालमा जेठ १९ गते भएको थियो। आरोपितलाई इलाका प्रहरी कार्यालय मिर्चैयाले जेठ २० गते गिरफतार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित असार १२ गतेदेखि पुर्पक्षको लागि थुनामा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ५१ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय तथा मातहतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २२ ओटा,खानलाउन नदिएको सात ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको सात ओटा अर्को श्रीमती ल्याएर हेला गरेको पाँच ओटा उजुरी छन् भने सामान्य झै झगडा १० ओटा, घटना दर्ता भए। ती घटनामध्ये ४४ ओटा घटनामा मिलापत्र गराइएको र सात ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो।

सिरहामा सन् २०१३ मा ४८ जना महिला विरुद्ध हुने हिंसा एवम् भेदभाव र दुर्व्यवहारबाट पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	७	७
बलात्कार	२	२
बलात्कारको प्रयास	५	५
बहुविवाह	१२	१२
महिला बेचबिखन तथा ओसारपसार	१	१
घरेलु हिंसा	३९	३९
यौन दुर्व्यवहार	२	२
जम्मा	६८	६८

भने त्यसभन्दा बढी ६८ जना पीडित भएको अभिलेख छ। अभिलेख अनुसार घरेलु हिंसाका कारण ३९ जना कथित बोक्सीको आरोपमा सात जना तथा बलात्कार, बलात्कार प्रयास एवम् यौन दुर्व्यवहारबाट नौ जना पीडित भएका छन्। कथित बोक्सीको आरोपमा चलाइएका मुद्दाहरू आरोपितलाई केही रकम धरौटीमा छाड्ने गरी फैसला भएको पाइयो भने कुनै घटनामा आरोपितहरू वर्षको अन्त्यसम्म नै फरार रहेको पाइयो। परिवारजनबाट हत्या गरिएको घटना पनि इन्सेकले अभिलेख गरेको छ।

सुस्तमनस्थितिकी ५० वर्षीया महिलालाई ०७० चैत २६ गते साँझ ७.०० बजे बस्तीपुर गाविस -४ का ५६ वर्षीय विष्णुबहादुर लामाले भान्जीको घर विष्णुपुरकट्टी गाविस घुम्न गएको समयमा बलात्कार गरेको आरोपमा पीडितकी भान्जीले इलाका प्रहरी कार्यालय लहानमा चैत २७ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य जाँच जिल्ला अस्पताल सिरहामा चैत २७ गते भएको थियो। इलाका प्रहरी कार्यालय लहानले आरोपितलाई चैत २७ गते गिरफतार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित वैशाख २१ गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

परिवारजनबाट हत्या गरेको आरोप

रामनगर मिर्चैया गाविस-३ की २५ वर्षीया पुनमदेवी साहको ०७० चैत ३ गते दिउँसो उनका पति ३० वर्षीय वीरेन्द्र साहले आगो लगाई हत्या गरेको आरोपमा आरोपितलाई प्रहरीले चैत ३ गते गिरफतार गऱ्यो। इलाका प्रहरी कार्यालयका अनुसार चैत्र ३ गते घरमा आगो लागेको अवस्थामा मृतक साह फेला परेकोले उनलाई तत्कालै उद्धार गरी उपचारको लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको थियो। उनको उपचारको क्रममा राति मृत्यु भएको थियो। लासको पोस्टमार्टम विपी प्रतिस्ठान धरानमा चैत ४ गते भएको थियो। महिलामाथि आगजनी गरेको शङ्कामा मृतकका पतिलाई प्रहरीले चैत ५ गते गिरफ्तार गरेको थियो। वीरेन्द्रको हात पनि जलेकोले प्रहरीको निगरानीमा मिर्चैयामा उपचार भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७१ वैशाख ४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन।

स्वास्थ्य सेवाको अवस्था

सिरहा जिल्लामा दुई ओटा अस्पताल, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ३३ ओटा स्वास्थ्यचौकी र ७१ ओटा उपस्वास्थ्यचौकी छन्। सात जना डाक्टरको दरबन्दी रहेको सिरहाका अस्पतालमा दुई ओटा दरबन्दी रिक्त छ। एउटा स्त्री रोग विशेषज्ञको दरबन्दी पनि रिक्त रहेको छ। स्टाफ नर्सको आठ ओटा दरबन्दीमा छ जना कार्यरत छन् भने अहेबका २ सय ५५ ओटा दरबन्दीमा ४२ ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या १ सय ६१ मा ४१ ओटा दरबन्दी रिक्त छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा ४ सय ८१ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ९८ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। जिल्ला स्वास्थ्य कार्यालयले वार्षिक बजेट २३ करोड २३ लाख ११ हजार २ सय रुपियाँ रहेको जनायो।

१.१३ उदयपुर



जिल्ला सदरमुकामः गाईघाट
क्षेत्रफल (वर्ग कि. मि.): २,०६३
घरधुरी सङ्ख्या: ६६,५५७
जम्मा जनसङ्ख्या: ३,१७,५३२
पुरुष: १,४९,७१२
महिला: १,६७,८२०
अपाङ्ग सङ्ख्या: ७,७८१
गाविस/नपा सङ्ख्या: ४४/१
पुरुष साक्षरता सङ्ख्या: १,०६,५९१
महिला साक्षरता सङ्ख्या: ९७,५३५
हिन्दू धर्मावलम्बी प्रतिशत: ७२.५७
बौद्ध धर्मावलम्बी प्रतिशत: १२.१२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६८
किराँत धर्मावलम्बी प्रतिशत: ९.८९
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.३९
प्रकृति धर्मावलम्बी प्रतिशत: २.११
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२३८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७७

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा राज्यपक्षबाट १३ सहित ५३ जना पीडित भएका थिए भने सन् २०१४ मा राज्यपक्षबाट एक जनासहित ७८ जना पीडित भएका छन्। जसमध्ये सबैभन्दा बढी महिला हिंसाका घटना अभिलेखित छन्। गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट १२ जना पीडित भएका थिए भने यो वर्ष उदयपुरमा ४९ जना पीडित भएका छन्। गत वर्ष बालबालिका विरुद्धका हिंसामा ११ जना बालिका पीडित भएकोमा यो वर्ष एक बालकसहित १७ जना पीडित भएका छन्। दुई जना बालकलाई अमानवीय व्यवहार गरिएको घटना अभिलेखित छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१६	१	१७
अमानवीय व्यवहार				२	२
अपहरण			१		१
महिलाअधिकार			४९		४९
कुटपिट	१	१		३	३
धम्की				२	२
हत्या			३		३
जम्मा	१	१	६९	८	७७

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दीक्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ७६ जना र कैद नतोकिएका ५२ जना गरी जम्मा १ सय २८ जना बन्दी रहेका छन्। आश्रित बालक २ जना रहेका छन्। यस कारागारको निर्माण ०३७ सालमा भएको हो। भवन पुरानो भएकाले जीर्ण रहेको छ। जेलभित्र ०७१ मङ्सिर ५ गते झडप भएको थियो। सो झडपको क्रममा ११ जना घाइते भएका थिए। सबै घाइतेहरूको जिल्ला अस्पतालमा मङ्सिर ५ गते नै उपचार भएको थियो। नाइकेको समूहले सरुवा हुने बन्दीको अभिलेख स्थानीय सुरक्षा प्रमुखहरूलाई नदिएको, बन्दीको शोषण गरेको र सरुवा भएर जाने कैदीबाट रकम असुलेको भन्दै आक्रोशित भएका बन्दीहरू र नाइके पक्षधरबीच झडप भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

उदयपुर जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या २ सय ४ थान र फौजदारी मुद्दाको सङ्ख्या २ सय ६ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी पाँच थान र फौजदारी चार थान मुद्दा फर्स्योट गर्न बाँकी छ। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश दुई सय भन्दा बढी मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ३० ओटा प्राथमिक १ सय १८ ओटा निम्न माध्यामिक र ६९ ओटा माध्यामिक विद्यालय छन्। विद्यालयहरूमा ३७ हजार २ सय ५६ जना बालक र ४१ हजार ९४ जना बालिका भर्ना भएका छन्। उदयपुरमा २ हजार १ सय १६ ओटा दरबन्दी रहेकामा एउटा पनि रिक्त नरहेको जिल्ला शिक्षा कार्यालयले जनायो। ८ हजार ९ सय १७ जना दलित बालबालिकाका लागि ३६ लाख ५१ हजार रुपियाँ छात्रवृत्ति स्वरूप वितरण गरिएको कार्यालयले जनायो। शिक्षा कार्यालयको वार्षिक बजेट ४३ करोड ५७ लाख ६७ हजार ५ सय ८६ रुपियाँ रहेकोमा प्रशासनिक खर्च ८० लाख ११ हजार ५ सय रुपियाँ रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	१०		१०
यौन दुर्व्यवहार	६	१	७
जम्मा	१६	१	१७

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

उदयपुरमा सन् २०१३ मा ११ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने एकजना बालकसहित १७ जना पीडित भएका छन्। अभिलेख अनुसार सबैजना यौन दुर्व्यवहार र बलात्कारका घटनाबाट पीडित भएका छन्। यी घटनाहरूमा सात वर्षीयादेखि १६ वर्षीयासम्मका बालबालिका बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भएका छन्।

१४ वर्षीया सुस्तमनस्थितिकी एक बालिकालाई ०७१ भदौ १६ गते त्रियुगा नपा-७ का४० वर्षीय

इन्द्रबहादुर चन्द ठकुरीले नर्सरीमा बलात्कारको प्रयास गरेको आरोपमा उनीविरुद्ध पीडितका अभिभावकले कारवाहीको माग गर्दै भदौ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण भदौ १७ गते नै जिल्ला अस्पताल बोक्सेमा भयो। प्रहरीले भदौ १९ गते जाहेरी दर्ता गर्‍यो। घरमा कोही नभएको समयमा विभिन्न प्रलोभन देखाई बलात्कारको प्रयास गरेको र आरोपितले यसअघि पनि चारपटकसम्म बलात्कार गरेको पीडित पक्षले प्रहरीमा दिएको उजुरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले असोज ३१ गते गिरफतार गरी सरकारी वकिल कार्यालयमा बुझाएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित कात्तिक २ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ घरेलु हिंसाका कारण पीडित भएको भन्दै ८० जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्र्तगतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी खानलाउन नदिएको ४२ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाइदिएको १ ओटा, अर्को पत्नी ल्याएर हेला गरेको सात ओटा उजुरी छन् भने सामान्य झैझगडाका ३० ओटा दर्ता भए। ती घटनामध्ये ६९ ओटा घटना मिलापत्र गराइएको, तीन ओटा कानुनी प्रक्रिया अगाडी बढेको र आठ ओटा निवेदन दिएर सर्म्पकमा नआएको महिला तथा बालबालिका सेवा केन्द्रले जानकारी दिएको छ।

उदयपुरमा सन् २०१३ मा १२ जना महिला विरुद्ध हुने हिंसा एवम् भेदभाव र दुर्व्यवहारबाट पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने त्यसभन्दा चार गुणा बढी ४९ जना पीडित भएका छन्। अभिलेख अनुसार घरेलु हिंसाका कारण ३२ जना कथित बोक्सीको आरोपमा एक जना तथा बलात्कार, बलात्कार प्रयास एवम् यौन दुर्व्यवहारबाट नौ जना पीडित भएका छन्। अभिलेख अनुसार बलात्कार प्रयासको घटनामा जिल्ला अदालतले आरोपितलाई ३५ हजार रुपियाँ धरौटीमा रिहा गरेको घटनासमेत छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	५	५
बलात्कारको प्रयास	३	३
बहुविवाह	७	७
घरेलु हिंसा	३२	३२
यौन दुर्व्यवहार	१	१
जम्मा	**४९**	**४९**

२८ वर्षीया महिलालाई ०७१ भदौ २९ गते राति १० बजे रामपुर ठोक्सिला गाविस-२ की २९ वर्षीय भगौडा प्रहरी गजल केसीले बलात्कारको प्रयास गरेको आरोपमा पीडितले आरोपितविरुद्ध कारवाहीको माग गर्दै ०७१ असोज ३ गते इलाका प्रहरी कार्यालय रामपुरमा उजुरी दिइन्। पीडितको भदौ ३० गते न्युरो अस्पताल विराटनगरमा स्वास्थ्य परीक्षण भयो। मदिरा पिएर पीडितकै घरमा बलात्कारको प्रयास गरी कुटपिट गरेको पीडितले दिएको उजुरीमा उल्लेख छ। पीडितको जाहेरीको आधारमा प्रहरीले आरोपितलाई असोज ३ गते नै गिर्फतार गर्‍यो। जिल्ला अदालतको आदेशमा आरोपित असोज २८ गते ३५ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

उदयपुर जिल्लामा दुई ओटा अस्पताल र २० ओटा स्वास्थ्यचौकी र २४ ओटा उपस्वास्थ्यचौकी सञ्चालमा छन्। १८ जना डाक्टरको दरबन्दी रहेको उदयपुर अस्पतालमा १२ ओटा दरबन्दी रिक्त छ। दुईओटा स्त्री रोग विशेषज्ञको दरबन्दीमा एक जना मात्रै कार्यरत छन्। स्टाफ नर्सको १५ ओटा दरबन्दीमा नौ जना कार्यरत छन् भने अहेबका ९४ ओटा दरबन्दीमा तीन ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ६७ मा तीन ओटा दरबन्दी रिक्त छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा २ सय ३२ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ३५ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड ७७ लाख ८६ हजार रुपियाँ रहेकोमा ५ करोड ५६ लाख २ हजार रुपियाँ प्रशासनिक खर्च र ३१ लाख ४३ हजार रुपियाँ औषधी खर्च रहेको छ।

१.१४ खोटाङ



जिल्ला सदरमुकामः दिक्तेल
क्षेत्रफल (वर्ग कि. मि.)ः १,५९१.००
घरधुरी सङ्ख्याः ४२,६६४
जम्मा जनसङ्ख्याः २,०६,३१२
पुरुषः ९७,०९२
महिलाः १,०९,२२०
अपाङ्ग सङ्ख्याः १,१५८
गाविस/नपा सङ्ख्याः ७६/०
पुरुष साक्षरता सङ्ख्याः ७०,३५८
महिला साक्षरता सङ्ख्याः ६३,७८३
हिन्दू धर्मावलम्बी प्रतिशतः ५८.७८
बौद्ध धर्मावलम्बी प्रतिशतः ७.३३
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०२
किराँत धर्मावलम्बी प्रतिशतः ३१.३८
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः २.०९
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०६
वहाइ धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.३२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.८३

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट पाँचसहित ९९ जना पीडित भएका थिए भने सन् २०१४ मा राज्यपक्षबाट सात जनासहित १ सय ३६ जना पीडित भएका छन्। जसमध्ये सबैभन्दा बढी महिला हिंसाका घटना अभिलेखित छन्। गत वर्ष बालबालिका विरुद्धका हिंसामा नौ जना बालबालिका पीडित भएकोमा यो वर्ष दुईजना बालकसहित २० जना पीडित भएका छन्। जातीय विभेदका कारण पाँच जना पीडित भए भने १० जनाको हत्या भएको अभिलेख छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१		१
बालअधिकार			१८	२	२०
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार			१		१
अपहरण			१		१
महिलाअधिकार			८७		८७
जेलमा मृत्यु	१	१			
जातीय विभेद			२	३	५
कुटपिट	६	६		२	२
धम्की			१	२	३
हत्या			५	५	१०
जम्मा	**७**	**७**	**११६**	**१४**	**१३०**

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्लाकारागारको बन्दीक्षमता ९९ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५७ जना र कैद नतोकिएका ६८ जना गरी १ सय २५ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना गरी जम्मा १ सय २६ जना रहेका छन्। यस जिल्ला कारागारको निर्माण ०६९ सालमा भएको हो। जिल्ला कारागार शाखाको भौतिक अवस्था सामान्यमात्र छ। पुनर्निर्माण गरिएपश्चात् ठेकेदारको लापारवाहीले गुणस्तरहीन भवन बनेकाले चर्किएको बन्दीहरूको भनाइ छ। क्षमताभन्दा बढी बन्दी भएकाले शौचालय, खानेपानीको प्रयोग र सुत्न बस्न समस्या भएको कारागार प्रमुख चित्रखर आचार्यले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

खोटाङ जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या १ सय ३० थान र फौजदारी मुद्दाको सङ्ख्या २ सय ८० थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी १ थान र फौजदारी १ थान मुद्दा फर्स्यौट गर्न बाँकी छ। एकजना मात्रै न्यायाधीशको दरबन्दी रहेको यस अदालतमा मुद्दाको सङ्ख्या हेर्दा ४ सय १२ थान मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय १२ ओटा प्राथमिक ९१ ओटा निम्नमाध्यामिक र ५८ ओटा माध्यामिक विद्यालय छन्। यी विद्यालयहरूमा ४० हजार ४ सय १४ जना बालक र ३७ हजार २ सय ३९ जना बालिका गरी जम्मा ७७ हजार ६ सय ५३ जना बालबालिका विद्यालयमा भर्ना भएका छन्। खोटाङमा १ हजार ५ सय २ ओटा दरबन्दी रहेकामा ५ सय ९३ ओटा दरबन्दी रक्त छन्। तर यहाँ कार्यरत शिक्षकहरूको सङ्ख्या भने २ हजार ९५ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। अपाङ्गतामैत्री विद्यालय तीन ओटा मात्रै रहेको खोटाङमा ४ सय ५ ओटा विद्यालयमा सुविधायुक्त शौचालय छन्। जिल्ला शिक्षा कार्यालयको कूल बजेट २१ करोड ३५ लाख ३१ हजार ७१ रुपियाँ रहेकोमा ६२ लाख १३ हजार रुपियाँ प्रशासनिक खर्च रहेको छ। खोटाङमा १ हजार २ सय १६ जना बालक र २ सय ८३ जना बालिकाले दलित छात्रवृत्ति पाएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालविवाह	४		४
बलात्कार	१०		१०
नवजात शिशुको हत्या	२		२
विद्यालयमा शारीरिक सजाय		१	१
शिक्षामा भेदभाव		१	१
यौन दुर्व्यवहार	२		२
जम्मा	१८	२	२०

खोटाङमा सन् २०१३ मा नौ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने दुई जना बालकसहित २० जना पीडित भएका छन्। अभिलेख अनुसार खोटाङमा चार जना बालिका बाल विवाहबाट पीडित भए भने १० जना बलात्कारबाट पीडित भए। शिक्षामा गरिएको भेदभावबाट एक जना बालक पीडित भए।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१४ वर्षीय आफ्नै छोरीलाई ४० वर्षीय बाबुले ०७० माघ २९ गते बलात्कार गरेको आरोपमा आरोपितलाई प्रहरीले ०७० फागुन २ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित पक्षले अरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय दिक्तेलमा फागुन २ गते जाहेरी दिएको थियो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २ गते जिल्ला अस्पताल दिक्तेलमा भयो। बालिकाको जिल्ला सदरमुकाम दिक्तेलस्थित बालसेवा समाज नेपालको महिला तथा बालबालिका पुन:स्थापना केन्द्रको संरक्षणमा फागुन २ गतेदेखि चैत १० गतेसम्म मनोविमर्श र स्वास्थ्य उपचार भएको थियो। बहिष्कृत हुने डरले बालिकालाई आफन्तले घर लैजान अस्वीकार गरेकोमा अधिकारकर्मी सङ्घसंस्था, सरकारी तथा गैरसरकारी निकाय र राजनीतिक दलका प्रतिनिधिले समाजमा कुनै समस्या आए त्यसको समाधान गरिदिने प्रतिबद्धता जनाएका थिए। त्यसपछि पीडितलाई काकीले चैत १० गते जिम्मा लिएर गाउँ लगिन्। आरोपितविरुद्ध प्रहरीले हाडनाता र जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गरेको छ। जिल्ला अदालतको आदेशमा आरोपित फागुन २७ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा दिक्तेलमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ८१ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय खोटाङ अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ४१ वटा, विवाह दर्ता तथा नागरिकता नबनाइदिएको सात वटा, अर्को पत्नी ल्याएर हेला गरेको १९ वटा र सामान्य झैझगडा तथा दुर्व्यवहारका १२ वटा उजुरी परेको सेवा केन्द्रले जनायो। ती घटनाहरूमध्ये १६ वटा घटनाको उजुरीमा कानुनी प्रक्रिया अघि बढाईएको र ६५ वटा घटनामा मिलापत्र गराइएको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो। गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट ४७ जना पीडित भएका थिए भने यो वर्ष खोटाङमा ८७ जना पीडित भएका छन्। घटना अभिलेख अनुसार घरेलु हिंसाका कारण ५७ जना पीडित भएका छन् भने १० जना बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
बलात्कारको प्रयास	४	४
बहुविवाह	२०	२०
घरेलु हिंसा	५७	५७
यौन दुर्व्यवहार	४	४
जम्मा	८७	८७

बलात्कार प्रयासका दुई ओटा घटना भएकोमा दुवैमा धरौटी बुझाएर आरोपित रिहा भए।

४० वर्षीय एक महिलालाई ०७० फागुन २६ गते राति सप्तेश्वर गाविस-८ का १७ वर्षीय एक बालकले बलात्कार गरेको आरोपमा पीडितले फागुन २७ गते आरोपितविरुद्ध कारबाहीको माग गरी इलाका प्रहरी कार्यालय, बाक्सिलामा उजुरी दिइन्। पीडितलाई आरोपितले पीडितको घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको उजुरीमा उल्लेख गरिएको छ। आरोपितलाई प्रहरीले फागुन २९ गते गिरफ्तार गरेको थियो। उनलाई प्रहरीले बिनाअनुसन्धान चैत ६ गते रिहा गर्‍यो। पीडित जिल्ला प्रहरी कार्यालयमा नआएकाले आठ दिनसम्म हिरासतमा राखेर छाडिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी गोविन्दकुमार शाहले बताए। राम्ररी बोल्न नसक्ने अपाङ्गता भएकी पीडित सदरमुकाम दिक्तेलसम्म आएको भए पनि राजनीतिक दबाबमा मुद्दा फिर्ता गराउन लगाएपछि प्रहरी कार्यालयसम्म पुग्न सकिनन्। पीडितलाई सामान्य झगडामात्र भएको हो भन्न पीडित महिलाकी बुहारीलाई प्रहरी कार्यालय पठाइएको थियो। मिलापत्रमा माइतीराज राई, खगेन्द्र राई, नरेश राईलगायतले पीडितलाई रकम लिएर घटना मिलाउन दबाब दिएको पीडित पक्षको आरोप सार्वजनिक भयो। आरोपित सप्तेश्वर गाविसस्थित थर्पुडाँडा माविका शिक्षकका छोरा भएकाले सो घटना आफूहरूले मिलाएको र कसैले हस्तक्षेप नगर्न इन्सेक प्रतिनिधि र अन्य अधिकारकर्मीलाई दबाब दिइएको थियो। घटनाबारे राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक, महिला मानवअधिकार रक्षक सञ्जालले ध्यानाकर्षण भएको जनाउँदै कारबाही प्रक्रिया अघि बढाउन प्रहरीलाई दबाब दिइएको थियो। मानवअधिकार आयोग र इन्सेकको संयुक्त टोलीले चैत ११ गते सप्तेश्वर गाविस हुँदै बाक्सिला पुगेर घटनाको अध्ययन अनुगमन गरेको थियो। अधिकारकर्मीहरूको चर्को दबाबपछि घटनामा संलग्नहरूलाई प्रहरीले पुनः गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितलाई मोरङको पथरीबाट चैत १३ गते गिरफ्तार गर्‍यो भने बलात्कारको घटनालाई पैसामा मिलाएको, आरोपितलाई भगाएको र पीडित महिलालाई लुकाएर राखेको आरोपमा नरेश राई, खगेन्द्र राई र चन्द्रकला परियारलाई चैत १२ गते गिरफ्तार गर्‍यो। गिरफ्तार गरिएकाहरूमध्ये आरोपित बालकलाई जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढायो भने नरेश राई र चन्द्रकला परियारलाई सार्वजनिक अपराधअन्तर्गत चैत १३ गते मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढायो। पीडितको फागुन २७ गते बाक्सिला उपस्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण गरिएको थियो भने पुःन चैत १३ गते जिल्ला अस्पताल दिक्तेलमा स्वास्थ्य परीक्षण भयो। घटनाबारे राष्ट्रिय मानवअधिकार आयोगले पीडितको तर्फबाट उजुरी दर्ता गरी प्रक्रिया अघि बढाएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० चैत २८ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा थिए। सोही अदालतले आरोपितलाई ०७१ मङ्सिर १४ गते १० वर्ष कैदको फैसला गर्‍यो। बलात्कारका आरोपित दिक्तेल कारागारमै थुनामा छन्। जिल्ला प्रशासन कार्यालयको आदेशमा सार्वजनिक अपराधका आरोपित नरेश र चन्द्रकला ०७० चैत २८ गते जनही १० हजार रुपियाँ धरौटी राखी रिहा भएका थिए। सार्वजनिक अपराधका आरोपित खगेन्द्र राई ०७० चैत २८ गते सादा तारेखमा रिहा भएका थिए।

सबै प्रकारका जातीय विभेद

सिम्पानी गाविस-८ स्थित सिम्पानी उच्च मावि परीक्षा केन्द्रमा एसएलसी दिन आएका तीन जना बालबालिका दलित भएकै कारण डेराबाट निकालिएका थिए। उनीहरूको न्यायका लागि विभिन्न सङ्घसंस्थाले माग गरे पनि प्रहरीमा उजुरी नपरेका कारण आरोपितलाई कारवाही नभएको अभिलेख छ।

स्वास्थ्य सेवाको अवस्था

खोटाङ जिल्लामा एउटा अस्पताल, २४ ओटा स्वास्थ्यचौकी र ४९ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा रहेका छन्। तीन जना डाक्टरको दरबन्दी रहेको खोटाङ अस्पतालमा दुई जना कार्यरत छन्। स्टाफ नर्सको छ ओटा दरबन्दीमा पाँच ओटा दरबन्दी रिक्त छन्। अहेवका १ सय ४६ ओटा दरबन्दीमा ४० ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ९७ मा पाँच जना कार्यरत छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा २ सय ८३ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ६३ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड ४४ लाख ३९ हजार रुपियाँ रहेको छ। त्यसमध्ये ४ करोड १६ लाख २५ हजार रुपियाँ प्रशासनिक खर्च र २४ लाख रुपियाँ औषधी खर्च रहेको छ।

१.१५ ओखलढुङ्गा

जिल्ला सदरमुकामः ओखलढुङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): १,०७४
घरधुरी सङ्ख्याः ३२,५०२
जम्मा जनसङ्ख्याः १,४७,९८४
पुरुषः ६८,६८७
महिलाः ७९,२९७
अपाङ्ग सङ्ख्याः ३,४९०
गाविस/नपा सङ्ख्याः ५६/०
पुरुष साक्षरता सङ्ख्याः ४७,५३४
महिला साक्षरता सङ्ख्याः ४२,५५६
हिन्दू धर्मावलम्बी प्रतिशतः ७०.७६
बौद्ध धर्मावलम्बी प्रतिशतः १७.६९
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०२
किराँत धर्मावलम्बी प्रतिशतः १०.२४
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.९२
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०६
जैन धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.३०१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५६

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट दुईसहित २७ जना पीडित भएका थिए भने सन् २०१४ मा राज्यपक्षबाट तीन जनासहित ३२ जना पीडित भएका छन्। जसमध्ये सबैभन्दा बढी महिला हिंसाका घटनाबाट २० जना पीडित भएको अभिलेख छ। गत वर्ष बालबालिका विरुद्धका हिंसामा छ जना बालबालिका पीडित भएकोमा यो वर्ष दुईजना बालिका पीडित भएका छन्। जातीय विभेदका कारण चार जना पीडित भए भने दुई जनाको हत्या भएको छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			२		२
अमानवीय व्यवहार				१	१
महिलाअधिकार			२०		२०
जातीय विभेद			२	२	४
गिरफ्तारी/यातना	३	३			
हत्या				२	२
जम्मा	**३**	**३**	**२४**	**५**	**२९**

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ४२ जना र कैद नतोकिएका आठ जना गरी ५० जना बन्दी रहेका छन्। आश्रित बालक एक जना रहेका छन्। यस कारागारको निर्माण ०४५ सालमा भएको हो। २६ वर्ष अघि निर्माण गरिएको २५ जना क्षमताको भवन जीर्ण अवस्थामा रहेको छ भने क्षमताभन्दा बढी बन्दी रहेकाले उनीहरूको बसोवास कष्टकर भएको बन्दीहरूको गुनासो रहेको छ। कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। पुरुषतर्फको कोठामा पालैपालो सुत्नुपर्ने अवस्था छ। कारागारमा दुई ओटा बुर्जा, महिला र पुरुष गरी दुई बन्दीगृह, एउटा भान्छाघर र दुई वटा शौचालय छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

ओखलढुङ्गा जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या ६५ थान र फौजदारी मुद्दाको सङ्ख्या ६४ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी दुई थान र फौजदारी एक थान मुद्दा फर्स्यौट गर्न बाँकी छ। एकजना मात्रै न्यायाधीशको दरबन्दी रहेको यस अदालतमा मुद्दाको सङ्ख्या हेर्दा १ सय ३२ थान मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ५९ ओटा प्राथमिक १ सय २५ ओटा निम्नमाध्यामिक र ७४ ओटा माध्यामिक विद्यालय छन्। ओखलढुङ्गामा २० हजार ७ सय ६१ जना बालक र २२ हजार ४ सय ५९ जना बालिका

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
जम्मा	२	२

विद्यालयमा भर्ना भएका छन्। १ हजार ५ सय २६ ओटा दरबन्दी रहेको ओखलढुङ्गामा सबै पदमा शिक्षकशिक्षिका कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको कूल बजेट १२ करोड ८९ लाख ८४ हजार १ सय ६३ रुपैयाँ रहेको शिक्षा कार्यालयले जनायो। त्यसमध्ये ६२ लाख ५५ हजार ५ सय रुपियाँ प्रशासनिक खर्च रहेको छ। २ हजार ४ सय ९५ जना बालक र २ हजार ४ सय ८२ जना बालिकाले ९० लाख ७६ हजार ८ सय ९० रुपियाँ दलित छात्रवृत्ति पाएको शिक्षा कार्यालयले जनायो।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

ओखलढुङ्गामा सन् २०१३ मा छ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने एक जना १० वर्षीया र अर्की १३ वर्षीया बालिका बलात्कारबाट पीडित भएका छन्।

१३ वर्षीय बालिकालाई ०७१ वैशाख २३ गते कटुञ्जे गाविस-८ का २५ वर्षीय नरेशकुमार कटुवाल, १४ वर्षीय तीन जना र १३ वर्षीय एक जना बालकले बलात्कार गरेको आरोपमा पीडित बालिकाका आफन्तले वैशाख २३ गते नै जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २४ गते जिल्ला अस्पताल रुम्जाटारमा भयो। आरोपितहरू सबैलाई प्रहरीले वैशाख २३ गते गिरफ्तार गऱ्यो। उनीहरूविरुद्ध जिल्ला प्रहरी कार्यालयले वैशाख २६ गते जिल्ला अदालतमा जबरजस्ती करणीअन्तर्गत मुद्दा दर्ता ग-यो। जिल्ला अदालतको आदेशमा आरोपितमध्ये नरेशकुमार ०७१ जेठ ८ गतेदेखि पुर्पक्षमा थुनामा छन्। त्यसैगरी एक जना बालकलाई बालसुधार गृहमा राख्न, १३ वर्षीय बालकलाई साधारण तारेखमा रिहा गर्न र १४ वर्षीय दुई जना बालक अभिभावकको जिम्मामा लगाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक भगीरथ रेग्मीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४८ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १६ ओटा, खानलाउन नदिएको तीन ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको तीन ओटा, अर्की पत्नी ल्याएर हेला गरेकोमा दुई ओटा उजुरी छन् भने सामान्य झैझगडाका २४ ओटा घटना दर्ता भए। ती घटनामध्ये ४१ ओटा घटनामा मिलापत्र गराइएको र एउटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो। अन्य ६ ओटा घटना अनुसन्धानकै क्रममा रहेका छन्।

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट चार जना पीडित भएका थिए भने यो वर्ष २० जना पीडित भएका छन्। जसमध्ये घरेलु हिंसाका कारण १७ जना पीडित भए भने दुई जनालाई बलात्कारको प्रयास गरिएको अभिलेख छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	२	२
बहुविवाह	१	१
घरेलु हिंसा	१७	१७
जम्मा	२०	२०

२३ वर्षीया एक विवाहित महिलालाई ०७० पुस १७ गते राति ११ बजे अँधेरी नारायणस्थान गाविस-७ का २२ वर्षीय लक्ष्मण राईले सुतिरहेको अवस्थामा ढोका फोडेर बलात्कार प्रयास गरेको आरोपमा आरोपितलाई प्रहरीले पुस २० गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध पुस २२ गते जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। पीडितले जिल्ला प्रहरी कार्यालयमा १९ गते उजुरी दिइएकी थिइन् । पीडितको स्वास्थ्य परीक्षण भएन। जबरजस्ती गर्न खोज्दा आरोपित राईले पीडित महिलाको पतिका फोटोफ्रेम फुटाएको प्रहरीले बतायो। घटनास्थल प्रमाण र आरोपितको बयानका आधारमा मुद्दा चलाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक भगीरथ रेग्मीले बताए। आरोपित राई जिल्ला अदालतको आदेशमा माघ १५ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा थिए। सोही अदालतको ०७१ वैशाख १५ गतेको फैसलाबाट आरोपितलाई दुई वर्ष ६ महिना कैदको आदेश आएको छ। उनी जिल्ला कारागारमा थुनामा रहेका छन्।

सबै प्रकारका जातीय विभेद

ओखलढुङ्गामा जातीय विभेदका दुईओटा घटनामा तीनजना पीडित भए। प्रहरीमा उजुरी गरी कानुनी कारबाहीको पहल भए पनि आगामी दिनमा त्यस्तो नगर्ने भन्दै आरोपितले माफ माग्दै दुवै पक्षबीचको मिलापत्रबाट घटना टुङ्गिएका छन्।

स्वास्थ्य सेवाको अवस्था

ओखलढुङ्गा जिल्लामा दुई ओटा अस्पताल र २२ ओटा स्वास्थ्यचौकी र ३५ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा रहेका छन्। चार जना डाक्टरको दरबन्दी रहेको ओखलढुङ्गा अस्पतालमा तीन जना कार्यरत छन्। अहेबका १ सय ३३ ओटा दरबन्दीमा १ सय ५ जना कार्यरत छन्। स्टाफ नर्सको ७ ओटा दरबन्दीमा ३ ओटा रिक्त छन्। अनमिको दरबन्दी सङ्ख्या ८१ मा ६८ जना कार्यरत छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा १ हजार २ सय ४२ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ५९ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। जिल्ला स्वास्थ्य कार्यालयले वार्षिक बजेट उपलब्ध गराएन।

१.१६ सोलुखुम्बु

जिल्ला सदरमुकामः सल्लेरी
क्षेत्रफल (वर्ग कि. मि.): ३,३१२
घरधुरी सङ्ख्याः २३,७८५
जम्मा जनसङ्ख्याः १,०५,८८६
पुरुषः ५१,२००
महिलाः ५४,६८६
अपाङ्ग सङ्ख्याः २,६०९
गाविस/नपा सङ्ख्याः ३४/०
पुरुष साक्षरता सङ्ख्याः ३५,४४५
महिला साक्षरता सङ्ख्याः २९,१९७
हिन्दू धर्मावलम्बी प्रतिशतः ४०.२१
बौद्ध धर्मावलम्बी प्रतिशतः २७.१५
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०१
किराँत धर्मावलम्बी प्रतिशतः ३०.१६
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः २.२१
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०६
अन्य धर्मावलम्बी प्रतिशतः ०.१८६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४५

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पाँच जना पुरुषसहित ४८ जना पीडित भएका थिए भने सन् २०१४ मा तीनजना पुरुषसहित १ सय १५ जना पीडित भएका छन्। यहाँ राज्यपक्षबाट मानवअधिकार उल्लङ्घन भएका घटनाहरू अभिलेख छैनन्। यो वर्ष सबैभन्दा बढी महिला हिंसाका घटना अभिलेखित छन्। गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट २२ जना पीडित भएका थिए भने यो वर्ष १ सय २ जना पीडित भएका छन्। गत वर्ष

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१०		१०
महिलाअधिकार	१०२		१०२
हत्या		३	३
जम्मा	११२	३	११५

बालबालिका विरुद्धका हिंसामा एक बालकसहित छ जना पीडित भएकोमा यो वर्ष १० जना बालिका पीडित भएका छन्।

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६१ जना र कैद नतोकिएका १५ जना गरी ७६ जना बन्दीहरू रहेका छन्। आश्रित बालक एक जना छन्। यस जिल्ला कारागारको निर्माण ०६१ सालमा भएको हो। यस कारागारमा रहेका बन्दीहरूका स्वास्थ्य उपचारका लागि औषधी उपचारको व्यवस्था रहनुका साथै आयआर्जनतर्फ महिला बन्दीहरूका लागि सिलाइजस्ता सीपमूलक कार्यहरूको समेत व्यवस्था रहेको कारागार प्रमुख बासुदेव श्रेष्ठले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सोलुखुम्बुमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। ०७१ पुस १५ गते यस अदालतमा २४ थान देवानी मुद्दा र ४१ थान फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे। दुई वर्ष नाघेका कुनै पनि फौजदारी र देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहेनन्।

बालअधिकार

यस जिल्लामा १ सय ६७ ओटा प्राथमिक ५८ ओटा निम्नमाध्यामिक र २३ ओटा माध्यमिक विद्यालय छन्। यी विद्यालयहरूमा १३ हजार ८ सय २८ जना बालक र १४ हजार ७ सय ११ जना बालिका भर्ना भएका छन्। सोलुखुम्बुमा १ हजार २ सय ५९ ओटा दरबन्दी रहेकामा चार ओटा दरबन्दी रिक्त रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। कार्यालयका अनुसार बालक १ हजार २ सय १४ र बालिका १ हजार ४ सय जनाले दलित छात्रवृत्ति पाएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	८	८
नवजात शिशुको हत्या	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	१०	१०

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

सोलुखुम्बुमा सन् २०१३ मा छ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने नौ जना बालिका बलात्कार तथा यौन दुर्व्यवहार र बलात्कारका घटनाबाट पीडित भएका छन्। यी घटनाहरूमा चार वर्षीयादेखि १५ वर्षीयासम्मका बालिकाहरू छन्। १० वर्षभन्दा कम उमेरका दुई जना बालिका बलात्कारको मुद्दा फैसला भएकोमा दुबैमा आरोपितलाई १० वर्ष कैद र एक लाख रुपियाँ क्षतिपूर्तिको आदेश छ। एउटा घटनामा सफाइ पाएको अभिलेखित छ।

पाँच वर्षीया एक बालिकालाई ०७० चैत २५ गते बिहान ११ बजे बासा गाविस-८ की ३२ वर्षीय मङ्गल राईले बलात्कार गरेको आरोपमा पीडितको परिवारले आरोपितविरुद्ध ०७१ वैशाख ०७ गते जिल्ला प्रहरी कार्यालय उजुरी दियो। कोही नभएको मौका पारी आरोपितको घरनजिकै बलात्कार गरेको उजुरीमा उल्लेख गरिएको छ। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल फाप्लुमा वैशाख ०७ गते भयो। पीडितको स्वास्थ्य परीक्षण भएकै दिन आरोपितलाई प्रहरीले गिरफतार गऱ्यो। जिल्ला अदालत सोलुखम्बुको आदेशमा आरोपित वैशाख २९ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार सोलुखुम्बुमा थुनामा थिए। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको ०७१ असार १८ गतेको फैसलाले आरोपित राईलाई १० वर्ष कैद र १ लाख रुपियाँ क्षतिपूर्ति दिलाउने निर्णय भएको जिल्ला प्रहरी कार्यालय सोलुखम्बुका सई राजेश थापाले बताए। आरोपित जिल्ला कारागार सोलुखुम्बुमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय १३ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय सोलुखम्बु अन्तर्गतको महिला तथा बालबालिका सेवाकेन्द्र सोलुखम्बुमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट १ सय ४ ओटा, धम्की तीन,

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
बलात्कारको प्रयास	१	१
बहुविवाह	३	३
घरेलु हिंसा	९६	९६
जम्मा	१०२	१०२

बहुविवाह र मानसिक यातनाका तीन/तीन ओटा उजुरी परेको जिल्ला प्रहरी कार्यालय सोलुखम्बुका प्रहरी निरीक्षक खगेन्द्रबहादुर खड्काले बताए।

उक्त उजुरीहरूमध्ये कुटपिटको सबै उजुरीको मिलापत्र भएको र अन्यको कारबाहीको प्रक्रियामा रहेको प्रहरी निरीक्षक खड्काले बताए। विगतको तथ्याङ्क हेर्दा २०१४ मा घरेलु हिंसाको उजुरीमा वृद्धि भएको समेत जिल्ला प्रहरी कार्यालय सोलुखम्बुले जनायो।

सोलुखुम्बुमा सन् २०१३ मा महिला विरुद्ध हुने हिंसा एवम् भेदभाव र दुर्व्यवहारबाट २२ जना पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने त्यसभन्दा झण्डै पाँच गुणा बढी १ सय २ जना पीडित भएका छन्। अभिलेख अनुसार घरेलु हिंसाका कारण ९६ जना र बलात्कार तथा बलात्कार प्रयासबाट तीन जना पीडित भएका छन्।

२४ वर्षीया एक महिलालाई ०७१ साउन १९ गते दिउसो ०३ बजे टाप्टिङ गाविस- १ का २५ वर्षीय फुरी शेर्पाले आफ्नै घरमा बसिरहेको अवस्थामा बलात्कारको प्रयास गरेको आरोपमा पीडितले साउन २० गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यलयमा जाहेरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल फाप्लुमा साउन २० गते भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले साउन २१ गते गिरफतार गऱ्यो। आरोपितविरुद्ध ०७१ कात्तिक १७ गते जिल्ला अदालतमा जबरजस्ती करणी उद्योग महलमा मुद्दा दर्ता भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित भदौ ५ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार सोलुखुम्बुमा थुनामा राखेको जिल्ला प्रहरी कार्यालयका सई राजेश थापाले बताए। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको ०७१ भदौ १९ गते फैसलाबाट आरोपित शेर्पालाई दुई वर्ष ६ महिना कैद हुने निर्णय भएको सोही अदालतका श्रेस्तेदार दुर्गाप्रसाद भट्टराईले बताए। आरोपित जिल्ला कारागार सोलुखुम्बुमा थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

सोलुखुम्बु जिल्लामा एउटा अस्पताल, १८ ओटा स्वास्थ्यचौकी र १४ ओटा उपस्वास्थ्यचौकी सञ्चालमा छन्। पाँच जना डाक्टरको दरबन्दी रहेको सोलुखुम्बु अस्पतालमा एउटा दरबन्दी रिक्त छ। एउटा स्त्री रोग विशेषज्ञको दरबन्दी छ। स्टाफ नर्सको सात ओटा दरबन्दीमा छ जना कार्यरत छन् भने अहेबका ५६ ओटा दरबन्दीमा १२ ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ५६ मा १० ओटा दरबन्दी रिक्त छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा १ सय ३० जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले २५ जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड २६ लाख ३९हजार रुपियाँ रहेकोमा ४ करोड ३७ लाख ५ हजार रुपियाँ प्रशासनिक खर्च रहेको छ।

मध्यमाञ्चल

२.१ धनुषा

२.२ महोत्तरी

२.३ सर्लाही

२.४ सिन्धुली

२.५ रामेछाप

२.६ दोलखा

२.७ रौतहट

२.८ बारा

२.९ पर्सा

२.१० चितवन

२.११ मकवानपुर

२.१२ ललितपुर

२.१३ काभ्रे

२.१४ भक्तपुर

२.१५ काठमाडौँ

२.१६ धादिङ

२.१७ सिन्धुपाल्चोक

२.१८ नुवाकोट

२.१९ रसुवा

२.१ धनुषा



जिल्ला सदरमुकामः जनकपुर
क्षेत्रफल (वर्ग कि. मि.): १,१८०
घरधुरी सङ्ख्याः १,३८,२४९
जम्मा जनसङ्ख्याः ७,५४,७७७
पुरुषः ३,७८,५३८
महिलाः ३,७६,२३९
अपाङ्ग सङ्ख्याः ८,४१२
गाविस/नपा सङ्ख्याः १०१/१
पुरुष साक्षरता सङ्ख्याः २,१७,२२३
महिला साक्षरता सङ्ख्याः १,४८,२६०
हिन्दू धर्मावलम्बी प्रतिशतः ८९.३५
बौद्ध धर्मावलम्बी प्रतिशतः १.४९
इस्लाम धर्मावलम्बी प्रतिशतः ८.३६
किराँत धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.०९
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०८
शिख धर्मावलम्बी प्रतिशतः ०.६२
अन्य धर्मावलम्बी प्रतिशतः ०.००१
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४६

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ६ जना पीडित भएका थिए भने सन् २०१४ मा यो सङ्ख्या ९१ मात्र रहेको छ। दुई जना बालकले एक बालिकाको बलात्कार गरेर हत्या गरेको असामान्य घटना यस वर्ष जिल्लामा भएको पाइएको छ।

गत वर्ष राज्य पक्षबाट तीन जना महिला र नौ जना पुरुष गरी १२ जना पीडित भएका थिए भने गैरराज्य पक्षबाट ८४ जना महिला र १० जना पुरुष गरी ९४ जना पीडित भएका थिए। यस वर्ष राज्य पक्षबाट सात जना पुरुष पीडित भए भने गैरराज्य पक्षबाट ६३ जना महिला र २१ जना पुरुष गरी ८४ जना पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष आठ जना महिला र नौ जना पुरुष गरी १७ जनाको हत्या भयो। अघिल्लो वर्ष १० जना महिला र एक जना पुरुष गरी ११ जनाको हत्या भएको थियो। जातीय विभेदको घटनामा एक जना महिला र तीन जना पुरुष, गिरफ्तारी/यातनाको घटनामा एक जना पुरुष, कथित बोक्सीको आरोपमा ६ जना, बलात्कारको घटनामा तीन जना, बलात्कार प्रयासको घटनामा तीन जना, बहुविवाहको घटनामा पाँच जना, घरेलु हिंसाबाट २५ जना तथा यौन दुर्व्यवहारबाट एक जना महिला यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनका ११ ओटा घटना अभिलेख भए, जसमध्ये छ जना बालिका बलात्कार, तीन जना बालिकामाथि यौनदुर्व्यवहार, एक बालविवाह र एक बालकलाई विद्यालयमा शारीरिक सजाय दिइएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा १२ जना बालबालिका पीडित भएका थिए।

यस वर्ष राज्य पक्षको कारणबाट कसैको मृत्यु भएको छैन। अज्ञात पक्षबाट एक जना बालक तथा एक

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	५	५		२	२
बालअधिकार			१०	१	११
अमानवीय व्यवहार				१	१
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार				१	१
अपहरण			१	२	३
महिलाअधिकार			४३		४३
जातीय विभेद			१	३	४
गिरफ्तारी/यातना	१	१			
कुटपिट	१	१		१	१
धम्की				१	१
हत्या			८	९	१७
जम्मा	**७**	**७**	**६३**	**२१**	**८४**

बालिकाको हत्या भयो भने एक समूहको अपहरणमा परेका बालकको प्रहरीले उद्धार गरी अभिभावकको जिम्मा लगाएको इन्सेकले अभिलेख गऱ्यो।

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते

जनता उमावि धवौली परीक्षा केन्द्रमा एसएलसी परीक्षा दिइरहेका विद्यार्थीहरूमाथि प्रहरीले ०७० चैत ११ गते बिहान गोली चलाएपछि गोलीको छर्रा लागी बालाबाखर गाविस-४ का १७ वर्षीय सन्तोषकुमार यादव र यदुकुहा-३ का १७ वर्षीय राधेकुमार घाइते भए। सन्तोषको पिठ्यूँ र पाखुरामा गोलीको छर्रा लाग्यो भने राधेकुमार हाथीको बायाँ तीघ्रामा गोली लागेको थियो। जनकपुर अञ्चल अस्पतालमा उपचार सम्भव नभएपछि घाइतेहरूलाई थप उपचारको लागि धरानस्थित वीपी कोइराला मेमोरियल अस्पताल लगिएको थियो। आन्दोलनमा उत्रेका रानिमावि यदुकुहा 'ख' सेन्टर र जनता उमावि यदुकुहा 'क' सेन्टरको सम्पूर्ण विद्यार्थीहरूले उमावि धवौली परीक्षा केन्द्रको परीक्षा अवरोध गरेपछि विद्यार्थी र प्रहरीबीच झडप भएको थियो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाइ फायर गरेपछि दुई जना विद्यार्थी घाइते भएको इलाका प्रहरी कार्यालय यदुकुहाको प्रहरी निरीक्षक असिमचन्द्र शाहले बताए।

विद्यार्थीहरूले प्रहरीलाई लक्षित गरी ढुङ्गामुढा प्रहार गरी महिला प्रहरी शशिकला मैनालीको टाउको फुटाएपछि एकै ठाउँमा जम्मा भएका प्रहरी र उमावि धवौलीको केन्द्राध्यक्ष समेत रहेका प्रअ श्रीप्रसाद यादव लगायत गार्डमा खटिएका शिक्षकहरूलाई बचाउनको लागि बाध्यात्मक अवस्थामा गोली चलाउनु परेको

श्री उच्चमावि धवौली एस.एल.सी. परीक्षा केन्द्रमा प्रहरीले चलाएको गोलीको छर्रा लागी घाइते भएका सन्तोषकुमार यादव

श्री उच्चमावि धवौली एस.एल.सी. परीक्षा केन्द्रमा प्रहरीले चलाएको गोलीको छर्रा लागी घाइते भएका राधे कुमार हाथी

उमावि धवौली परीक्षा केन्द्रको सुरक्षामा खटिएका सई पर्शुराम बुढाथोकीले बताए।

महिला प्रहरीले छात्राहरूलाई गेटमा सुरक्षा जाँच गर्ने क्रममा शरीरको भित्री अङ्गमा हात छिराइ जाँच गर्ने गरेको र सोही ठाउँमा उभिरहेको पुरुष प्रहरीले भित्री अङ्ग हरेको भनी विद्यार्थीहरूले हो- हल्ला गरेपछि प्रहरीले लाठी प्रहार गरी स्थितिलाई नियन्त्रण लिन खोज्दा विवाद उत्पन्न भएको विद्यार्थीहरूले बताए।

धम्की/कुटपिट

बँगाडावर गाविस-२ निवासी पत्रकार २४ वर्षीय राजकमल सिंहलाई ०७० चैत ५ गते समाचार सङ्कलन गरी फर्कने क्रममा यातायात व्यवस्था कार्यालय अगाडि प्रहरीले दुर्व्यवहार गरेको पीडितले बताए। पत्रकार महासङ्घ धनुषाका सदस्यसमेत रहेको न्युज २४ टेलिभिजनका जनकपुर सम्वाददाता सिंहलाई जिल्ला प्रहरी कार्यालय धनुषाका असई आरपी मैनालीको कमाण्डमा रहेको प्रहरी टोलीमा रहेका प्रहरी जवान अशोकप्रसाद जयसवालले गालीगलौज गर्दै हातपात गरेको र पत्रकार सिंह चढेको ज ५ प ९९८५ नम्बरको मोटरसाइकलमा समेत तोडफोड गरी नियन्त्रणमा लिएको पत्रकार सिंहले बताए। जिल्ला प्रहरी कार्यालयबाट आउँदै गरेको प्रहरीको भ्यानलाई पत्रकार सिंहले साइड नदिएको भन्दै प्रहरीले दुर्व्यवहार गरेका थिए। पत्रकारहरूको टोलीले धनुषाका एसपी उत्तमराज सुवेदीलाई तत्कालै भेटी घटनाबारे जानकारी गराउँदा आरोपित प्रहरी जवान जयसवाललाई विभागीय कारबाही गरिएको इन्स्पेक्टर मच्छिन्द्रबाबु केसीले बताए।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

मिथिलेश्वर निकास गाविस-६ ललियाका ६५ वर्षीय उचित मण्डल केवटलाई प्रहरी चौकी ललियाका असई बैजुलाल यादवले ०७१ वैशाख २२ गते साँझ ६ बजेदेखि वैशाख २३ गतेसम्म प्रहरी चौकी ललियामा कुटपिट गरी रातभरि यातना दिएको पीडितले बताए। शरीरभर नीलडाम र हातको औँलाहरू सुन्निएर घाइते भएका पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भएको थियो। मिथिलेश्वर निकास गाविस-६ की २० वर्षीया सुलोचनी मण्डललाई मिथिलेश्वर निकास गाविस-६ ललियाका राधेश्याम मण्डलले बेचविखन गरेको भन्दै पीडितका बुबा उचित मण्डलले जिल्ला प्रहरी कार्यालयमा वैशाख २१ गते किटानी जाहेरी दिएपछि प्रहरीले राधेश्यामलाई सोही दिन गिरफ्तार गरी वैशाख २२ गते रिहा गरेको थियो। राधेश्याम रिहा भएपछि ललिया प्रहरी चौकीका असई बैजुलाल यादवले आफूलाई घटनाबारे जानकारी नगराई जिल्ला प्रहरी कार्यालयमा उजुरी किन गरेको भन्दै वैशाख २२ गते बेलुका ६ बजे उचित मण्डललाई घरबाट गिरफ्तार गरी प्रहरी चौकी ललियामा पुऱ्याई शारीरिक यातना दिएको भन्दै क्षतिपूर्ति तथा कारबाहीको माग गर्दै पीडित पक्षले जिल्ला अदालत धनुषामा जेठ ५ गते मुद्दा दर्ता गरायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

प्रहरीले चौकीमा बोलाएर यातना दिइएका उचित मण्डल केवट

सुगम र निष्पक्ष न्यायिक अधिकार

धनुषा जिल्ला अदालतमा छ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेको देवानी मुद्दा १ हजार ५ सय ४१ थान र फैजदारी मुद्दा ७ सय २ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा १ सय १५ थान र फौजदारी मुद्दा ४६ थान फर्स्योट हुन बाँकी छन्। मुद्दा हेर्दा प्रति न्यायाधीश ३ सय ७० हाराहारीको मुद्दा भागमाा पर्ने देखिन्छ।

पुनरावेदन अदालतमा आठ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेको देवानी मुद्दाको सङ्ख्या ९ सय ४४ थान र फौजदारी मुद्दा ५ सय ६८ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा ५७ थान र फौजदारी मुद्दा ३३ थान फैसला हुन बाँकी रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश १ सय ८९ हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ६० प्राथमिक, ६१ निम्नमाध्यमिक र ४७ माध्यमिक विद्यालहरू रहेका छन्। १ हजार ८ सय ४ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ७ सय १४ जना शिक्षक कार्यरत रहेको र ९० जना शिक्षकको दरबन्दी खाली रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका १ लाख ३ हजार ८ सय २ बालक र ९७ हजार ७ सय १६ बालिका ०७१/७२ को शैक्षिक सत्रमा विद्यालय भर्ना भए। जिल्लामा रहेको विद्यालयहरू मध्ये १ सय ९८ प्राथमिक, ५७ निम्नमाध्यमिक र ४७ माध्यमिक विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। दलित छात्रवृतिका लागि ३० हजार ३ सय ७ जना बालबालिकाका लागि १ करोड २१ लख २३ हजार रुपियाँ रहेकोमा १४ हजार ६ सय ६६ बालक र १७ हजार ९ सय २३ जना बालकले छात्रवृत्ति पाएको जिल्ला शिक्षा कार्यालयले तथ्याङ्कमा पाइयो। यस जिल्लामा बाल मैत्री विद्यालय नभएकोमा २ सय ३२ प्राथमिक, ५५ निम्नमाध्यमिक, ४५ माध्यमिक विद्यालयहरू रहेका छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ६३ करोड १९ लाख ३९ हजार ३ सय ५६ रहेकोमा प्रशासनिक खर्च ७० लाख ५३ हजार ५ सय रुपियाँ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालविवाह	१		१
बलात्कार	६		६
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	३		३
जम्मा	१०	१	११

जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यस वर्ष आठ वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सकेले अभिलेख गऱ्यो। घटनाका आरोपितहरू ५५ वर्ष उमेरसम्मका रहेको पाइयो। यस वर्ष ६ जना बालिका बलात्कृत भए भने तीन जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए। एक जना बालिका सामूहिक बलात्कारबाट पीडित भइन् भने एक जना बालिकको सामूहिक बलात्कारपछि हत्या भएको थियो। बलात्कारका पाँच घटनामा तीन घटनाको आरोपितलाई धनुषा जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो भने दुई घटनाका आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेका छन्। यौन दुर्व्यवहारका दुई घटनाका आरोपित फरार छन् भने एक घटनामा गाउँमै मिलापत्र भएको पाइयो।

बेंगाडावर गाविस-९ लालगढकी ११ वर्षीया सावित्री विश्वकर्मालाई भदौ १ गते बलात्कारपछि हत्या गरेको आरोपमा बेंगाडावर-९ लालगढका १६ र १२ वर्षीय दुई बालकलाई भदौ २ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा भदौ ३० गते एक जना साधारण तारेखमा रिहा भए भने अर्कालाई बाल सुधार गृह सानोठिमी भक्तपुर पठाएको जिल्ला प्रहरी कार्यालयले जनायो। आरोपितहरू विरुद्ध जिल्ला प्रहरी कार्यालयमा भदौ ३ गते जाहेरी दर्ता भएको थियो। कृष्ण अष्टमीको राती गाउँमा नाचगान हेर्न गएकी बालिका राती हराएपछि खोजी गर्दै जाँदा भोलिपल्ट बिहान घर अगाडि रहेको बाँसघारीमा हत्या गरी फालिएको अवस्थामा लास फेला परेपछि प्रहरीलाई खबर गरिएको थियो। प्रहरीले जनकपुर अञ्चल अस्पतालमा भदौ ३ गते पोस्टमार्टम गराई लास पीडित परिवारलाई बुझाएको थियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४ सय ६१ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय २४, खानलाउन नदिएको १ सय ८८, विवाह दर्ता तथा नागरिकता नबनाएको ४८, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ३४, मार्ने धम्की दिइएकोमा ५२, बोक्सीको आरोप लगाएको भनी १५ उजुरी दर्ता भएका थिए। ती घटनामध्ये प्रहरीले ४ सय ६१ घटनामा मिलापत्र गराएको र १० उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

यस वर्ष तीन जना महिला सामूहिक बलात्कृत भए भने तीन जना महिला बलात्कार प्रयासबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सामूहिक बलात्कार घटनाका सबै आरोपित फरार छन् भने बलात्कार प्रयासका तीन घटनामा दुई घटनाका आरोपित फरार छन् भने एक घटनाका आरोपितले सफाइ पाएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	६	६
बलात्कार	३	३
बलात्कारको प्रयास	३	३
बहुविवाह	५	५
घरेलु हिंसा	२५	२५
यौन दुर्व्यवहार	१	१
जम्मा	४३	४३

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१९ वर्षीया एक युवतीलाई घरमा कोही नभएको मौका छोपी ०७१ असोज १९ गते राती ११ बजे पाँच जना युवाले अपहरण गरेर दुई दिनसम्म सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले असोज २२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडितको असोज २२ गते जनकपुर अञ्चल अस्पतालमा स्वास्थ परीक्षण गरिएको थियो। पीडितलाई ०७१ असोज १९ गते राति ११ बजे घरबाट अपहरण गरी असोज २१ गते साँझ जनकपुर नपा-८ स्थित सडकमा ल्याएर मुक्त गरेको पीडित पक्षले जनायो। घटनामा संलग्न रहेका आरोपमा धनुषाधाम नपा-५ उमाप्रेमपुर बस्ने ३५ वर्षीय रामश्रेष्ठ महतो, ३० वर्षीय कारी महरा, २९ वर्षीय दीपो महरा, ३४ वर्षीय उपेन्द्र महरा र ३० वर्षीय विहारी महराको नाउँमा किटानी जाहेरी दिएको पीडित पक्षले बतायो। आरोपितहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर भगीरथ रेग्मीले बताए।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

यस वर्ष ६ जना महिला कथित बोक्सीको आरोपमा छरछिमेक र स्थानीय गाउँलेहरूको कुटपिटबाट घाइते भए। यसरी पीडित हुनेहरूमा १८ देखि ६० वर्ष उमेरका महिलाहरू छन्। यस्ता तीन ओटा घटनाका आरोपित धनुषा जिल्ला अदालतको आदेश अनुसार धरौटी तिरी रिहा भएका छन् भने एक घटनामा मिलापत्र र अर्को एक घटनाका आरोपित फरार छन्। कथित बोक्सीको आरोपमा पीडित हुने भनेका कमजोर, असहाय, गरिब महिला हुने गरेका छन्।

अन्दुपट्टी कटरैत-९ की ३५ वर्षीया लक्ष्मीनिया देवी ठाकुरलाई छिमेकीहरू ४० वर्षीय जिवछ ठाकुर, उनकी पत्नी ३७ वर्षीया राजो देवी, भाइ ३५ वर्षीय बिच्छा ठाकुर र छोरी १८ वर्षीया ममता ठाकुर समेत मिलेर बोक्सीको आरोपमा ०७१ असोज १५ गते कुटपिट गरेकोमा यस वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्। पीडितले असोज ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए।

भुतही पटेर्वा-५ की ६० वर्षीया सावित्री देवी दासलाई असोज २३ गते बोक्सी लगाएर नातीनीलाई मारेको भन्दै कुटपिट गरेको आरोपमा सोही गाविस-६ सोमिन्द्र यादवलाई कात्तिक ३ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको कात्तिक २६ गतेको आदेशबमोजिम १० हजार रुपियाँ धरौटी राखी रिहा भए।

दाइजोका कारण हत्या

यदुकुहा गाविस-७ की २० वर्षीय मञ्जुदेवी यादवको लास वैशाख २५ गते यहुकुहा-७ स्थित लेखनाथ मेमोरियल स्कुलदेखि उत्तर पूर्वमा फेला पर्‍यो। प्रशस्त दाइजो नल्याएको कारण घरपरिवारको मिलोमतोमा हत्या भएको स्थानीयबासीको भनाइ छ। पीडितपक्षले ईलाका प्रहरी कार्यालय यदुकुहामा वैशाख २८ गते जाहरी दर्ता गरायो। प्रहरीले मृतकका पति जिवछ यादवलाई वैशाख २६ गते गिरफ्तार गरेको थियो। आरोपित यादव जिल्ला अदालतको आदेशमा जेठ २५ गतेदेखि पुपर्क्षका लागि थुनामा छन्। जनकपुर अञ्चल अस्पतालमा वैशाख २५ गते पोस्टमार्टम गरी पीडित पक्षलाई प्रहरीले लास बुझाएको थियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या

बहुविवाहपश्चात् जेठी पत्नीको हत्या गरी देवपुरा रुपैठा-७ का ३० वर्षीय रामबाबु महतो ०७१ भदौ ६ गते जिल्ला प्रहरी कार्यालयमा पुगेर आत्मसमर्पण गरे। २५ वर्षीया सञ्जु महतोलाई भदौ ५ गते राती पति रामबहादुर महतो र सौता सिवानी महतोले घाँटी थिचेर हत्या गरी आत्मसमर्पण गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर हरिनन्दन चौधरीले बताए। जिल्ला प्रहरी कार्यालयका अनुसार राती ११ बजे महतोले आफ्नो जेठी पत्नी सञ्जुको घाँटी थिची हत्या गरेको प्रहरीसमक्ष स्वीकार गरे। जेठी पत्नीले घरमा पटक-पटक झैँझगडा गर्ने गरेकोले रिसको आवेगमा उनको हत्या गरेको आरोपितले बयान दिए। जिल्ला अदालतको आदेशमा ०७१ असोज ३ गते देखि उनीहरू पुर्पक्षको लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक ओटा अस्पताल, २९ ओटा स्वास्थ्य चौकी, र ६९ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा पाँच जना डाक्टरको दरबन्दी भएकोमा सबै कार्यरत रहेका छन्। स्टाफ नर्सको दरबन्दी पाँच जना रहेकोमा पाँचै जना कार्यरत छन्। ल्याव असिस्टेन्टको दरबन्दी नौ जना रहेकोमा नौ जना कार्यरत छन्। अहेबको दरबन्दी २ सय ४० जना रहेकोमा २ सय ३२ जना कार्यरत रहेका छन् भने आठ जना रिक्त रहेका छन्। अनमिको २ सय ११ जना दरबन्दी रहेकोमा १ सय ९८ जना कार्यरत छन् भने १३ जना रिक्त रहेका छन्। हेल्थ असिस्टेन्ट ३४ जना दरबन्दी रहेकोमा ३४ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारी अनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १५ करोड ७७ लाख ८७ हजार रहेकोमा १५ करोड ३७ लाख ८७ हजार प्रशासनिक खर्च र औषधी खर्च ४० लाख रुपियाँ रहेको छ।

विगतको अनुगमन

जनकपुरबाट गिरफ्तार गरी गैरन्यायिक हत्या गरिएको पाँच जना युवाको कङ्काल ०७१ साउन ७ गते राष्ट्रिय मानवअधिकार आयोगले परिवारजनलाई हस्तान्तरण गर्‍यो। परिवारजनले साउन ७ गते अन्तिम संस्कार गरे। जनकपुर-१० का २४ वर्षीय सञ्जीव कर्ण, २३ वर्षीय दुर्गेश लाभ, जनकपुर-४ का २० वर्षीय जितेन्द्र झा, कुर्था-१ का १९ वर्षीय प्रमोदनारायण

मण्डल र दुहवी-७ का १८ वर्षीय शैलेन्द्र यादवलाई तत्कालीन सुरक्षाफौजले ०६० असोज २१ गते जनकपुरको कटैया चौरीबाट गिरफ्तार गरी बेपत्ता बनाइ गैरन्यायिक हत्या गरेको थियो। पीडित परिवारले ०६० असोज २२ गते राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिएपछि आयोगले पीडित परिवारलाई जनही तीन लाख रुपियाँ क्षतिपूर्ति दिन सरकारलाई ०६४ माघ १५ गते सिफारिस गरेको थियो।

तत्कालीन सुरक्षाफौजद्वारा बेपत्ता बनाई गैरन्यायिक हत्या गरिएका सञ्जीव कर्ण, शैलेन्द्र यादव, प्रमोदनारायण मण्डल, जितेन्द्र झा र दुर्गेश लाभ

२.२ महोत्तरी

जिल्ला सदरमुकामः जलेश्वर
क्षेत्रफल (वर्ग कि. मि.): १,००२
घरधुरी सङ्ख्याः १,११,३१६
जम्मा जनसङ्ख्याः ६,२७,५८०
पुरुषः ३,११,०१६
महिलाः ३,१६,५६४
अपाङ्ग सङ्ख्याः १०,१६६
गाविस/नपा सङ्ख्याः ७६/१
पुरुष साक्षरता सङ्ख्याः १,६२,३९०
महिला साक्षरता सङ्ख्याः १,०५,७८२
हिन्दू धर्मावलम्बी प्रतिशतः ८४.२४
बौद्ध धर्मावलम्बी प्रतिशतः २.०२
इस्लाम धर्मावलम्बी प्रतिशतः १३.३४
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.१४
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.२४२
प्रतिपरिवार सरदर सङ्ख्याः ५.६४

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २७ जना महिला र १४ जना पुरुष गरी ४१ जना पीडित भएका थिए भने सन् २०१४ मा ४२ जना महिला र पाँच जना पुरुष गरी ४७ जना पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१२		१२
अपहरण				१	१
महिलाअधिकार			२४		२४
हत्या	२	२	६	२	८
जम्मा	**२**	**२**	**४२**	**३**	**४५**

पीडित भएको पाइएको छ। दाइजोका कारण हत्या गरेको आरोप लागेका व्यक्तिहरुलाई अदालतले साधारण तारेखमा रिहा गरको छ।

यस वर्ष राज्य पक्षबाट दुई जना पुरुषको हत्या भयो भने गैरराज्य पक्षबाट छ जना महिला र दुई जना पुरुष गरी आठ जनाको हत्या भयो। अघिल्लो वर्ष गैरराज्य पक्षबाट तीन महिला र ६ पुरुष गरी नौ जनाको हत्या भएको थियो। महिलाअधिकार उल्लङ्घनका घटनामा २४ जना पीडित भए, जसमध्ये कथित बोक्सीको आरोपमा चार जना, बलात्कारका घटनामा दुई जना, बलात्कार प्रयासका घटनामा दुई जना, बहुविवाहका घटनामा चार जना, महिला बेचबिखन घटनामा दुई जना घरेलु हिंसाको घटनामा १० जना महिला यस वर्ष पीडित भए। सन् २०१३ मा १० जना महिला पीडित भएका थिए। बालअधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका पीडित भए, जसमध्ये बालिका बेचविखनमा चार जना, बलात्कार घटनामा पाँच जना, यौन दुर्व्यवहारमा तीन जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा १२ जना बालिका पीडित भएका थिए।

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या
राज्यपक्षबाट

रामगोपालपुर गाविस-१ का २८ वर्षीय जकाउल्लाह नदाफको नेपाल भारत सीमावर्ती क्षेत्रमा पर्ने हलखोरी गाविस-२ मा ०७० माघ १९ गते बिहान प्रहरीसँगको भिडन्तमा गोली लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी रामप्रसाद श्रेष्ठले बताए। जलेश्वर अस्पतालमा माघ १९ गते शवको पोस्टमार्टम गरिए पनि ०७० माघ २२ गते मात्र परिवारजनले सनाखत गरी शव बुझेका थिए। एसपी श्रेष्ठका अनुसार प्रहरी गस्ती टोलीलाई देख्नासाथ

प्रहरीको गोली प्रहारबाट मारिएका जकाउल्लाह नदाफ

प्रहरीलाई लक्षित गर्दै लगातार फायरिङ गरेपछि जवाफी फायरिङ गर्दा नदाफको मृत्यु भएको थियो। घटनास्थल वरपर एक थान कटुवा पेस्तोल र त्यसमा लाग्ने गोलीको खोका, एक थान सिक्सर र त्यसमा लाग्ने तीन गोली फेला परेको प्रहरीले जनायो।

मृतकका बुबा अब्दुल सलाम नदाफले छोरालाई प्रहरीले गिरफ्तार गरी हत्या गरेको आरोप लगाए। जिल्ला प्रहरी कार्यालय महोत्तरीले यो हत्या घटनालाई भवितव्य ज्यानमा अभिलेख गरेको छ जसको दर्ता नम्बर १३० रहेको छ।

त्यसैगरी महोत्तरी जिल्ला बदियाबन्चौरी गाविस-२ का २५ वर्षीय मोहम्मद शेराजुल मन्सुरीलाई सोनमा गाविस-५ मा ०७० माघ २३ गते बिहान गस्तीमा रहेको प्रहरी टोलीलाई देख्नासाथ लक्षित गर्दै गोली चलाएकाले प्रहरीको जवाफी कारबाहीमा मृत्यु भएको प्रहरीले जनायो। सुरुमा सनाखत हुन नसकेको लास ०७० फागुन १ गते परिवारजनले सनाखत गरी बुझेका थिए।

भाइलाई प्रहरीले गिरफ्तार पछि हत्या गरी भिडन्तको नाटक रचेको भन्दै मृतकका दाजु ३५ वर्षीय

प्रहरीको गोली प्रहरबाट मारिएका मोहम्मद शेराजुल मंसुरी

इसराफिल मन्सुरीले ०७० फागुन १ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख एसपी रामप्रसाद श्रेष्ठलगायत चार जना प्रहरी अधिकारीविरुद्ध जाहेरी दिए। जाहेरी बुझ्न जिल्ला प्रहरी कार्यालयले आनाकानी गरेपछि हुलाकबाट पठाएको पीडित बाबु इसराफिलले बताए। जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्ता नगरी यो घटनालाई भवितव्य ज्यानमा अभिलेख गरेको छ जसको दर्ता नम्बर १ सय ३३ रहेको छ। पीडित पक्षले भने जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता नगरेको भन्दै पुनरावेदन अदालतमा ०७० चैत ६ गते जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेश जारी गर्न निवेदन गऱ्यो। पुनरावेदन अदालत जनकपुरका मुख्य न्यायाधीश पुरुषोत्तम भण्डारी र न्यायाधीश मेघनाथ भट्टराईको संयुक्त इजलासले ०७१ कात्तिक १८ गते सेराजुल नुरी मन्सुरी दोहोरो भिडन्तमा मारिएको घटनाको विषयमा अनुसन्धान तथा छानविन गर्नू भनी परमादेश जारी गरेको छ।

जेल र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ३५ सय जनाको रहेको छ। यस कारागारमा वर्षको अन्त्यसम्म कैद तोकिएका १३ महिलासहित ४५ जना र कैद नतोकिएको थुनुवा २२ महिलासहित ३ सय ६३ गरी जम्मा ४ सय ८ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक तीन जना र बालिका तीन जना गरी जम्मा छ जना रहेका छन्।

वि.स. १९५३ सालमा निर्माण गरिएको जलेश्वर कारागारको अवस्था जीर्ण रहेको छ। यहाँ पुरुषको लागि १० र महिलाको लागि दुई ओटा गरी जम्मा १२ ओटा शौचालय रहेका छन्। खानेपानीको लागि हाते चापाकल पुरुषको लागि चार ओटा र महिलाको लागि दुई ओटा, खानेपानी धारा पुरुषको लागि छ ओटा र महिलाको लागि दुई ओटा रहेका छन्। कैदीलाई दैनिक ४५ रुपियाँ र रासन दैनिक ७ सय ग्राम, गर्मीको बेला एक पटक र जाडोको बेला एक पटक गरी सालमा दुई पटक लगाउने लुगा, प्रत्येक दुई वर्षमा एक पटक तन्ना, राडी, चटाई र कम्बल दिइने गरेको, औषधी उपचार खर्च दिइने गरेको र जिल्लामा उपचार सम्भव नभएको खण्डमा चिकित्सकको सल्लाह अनुसार प्रमुख जिल्ला अधिकारीबाट सिफारिश गराई कारागार व्यवस्थापन विभाग कालिकास्थान, काठमाडौँ पठाउने गरेको र त्यहाँ सुविधा सम्पन्न अस्पतालमा उपचारको व्यवस्था हुने गरेको कारागार प्रमुख सौभेन्द्र ठाकुरले जानकारी गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

महोत्तरी जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेकोमा पाँचै जना कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ हजार २ सय ८९ थान र फौजदारी मुद्दा ३ सय ७१ थान रहेका छन्। दुइ वर्षभन्दा पुराना मुद्दाहरूमध्ये देवानी मुद्दा ५४ थान र फौजदारी मुद्दा २५ थान रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा प्रति न्यायाधीश ३ सय ५० ओटा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख ११ हजार ३ सय ४८ बालबालिकामध्ये बालक ८६ हजार ५ सय २६ जना र बालिका ८२ हजार १ सय २६ जना प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। महोत्तरी जिल्लामा ४२ हजार ६ सय ९६ जना बालबालिका विद्यालयको पहुँच बाहिर रहेका छन्। जिल्लामा २ सय ६ प्राथमिक, ४१ निम्न माध्यामिक र ४० ओटा माध्यामिक विद्यालय रहेका छन्। यी विद्यालयहरूमा १ हजार ४ सय ८६ जनाको दरबन्दी रहेको छ। जसमध्ये ३९ दरबन्दी रिक्त छ भने १ हजार ४सय ४७ जना शिक्षक कार्यरत रहेका छन्। महोत्तरी जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ५६ करोड ७९ लाख ११ हजार २० रुपियाँ रहेको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार महोत्तरीमा शैक्षिक सत्र ०७१ को दलित छात्रवृत्ति रकम सन् २०१४ को अन्त्यसम्म वितरण गरिएको छैन।

महोत्तरी जिल्ला शिक्षा कार्यालयमा कार्यरत धेरै कर्मचारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको आरोपमा कारबाही र निलम्बन गरेको हुँदा तथ्याङ्कहरू अध्यावधिक गर्न नसकेको पाइयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिक बेचबिखन तथा ओसारपसार	४	४
बलात्कार	५	५
यौन दुर्व्यवहार	३	३
जम्मा	१२	१२

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष छ वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू ५५ वर्ष उमेरसम्मका रहेको इन्सेकको अभिलेखमा रहेको छ। बलात्कार घटनामा नजिकका नातेदार तथा स्थानीय व्यक्तिहरूको संलग्नता देखियो। पाँच ओटा बलात्कार घटनाका आरोपितहरू मध्ये एक घटना आरोपित यस वर्षको अन्त्यसम्ममा फरार छन्। त्यसैगरी, यौन दुर्व्यवहारका तीन घटनाका आरोपित गिरफ्तार गरिए।

६ वर्षीया एक बालिकालाई ०७१ असार ७ गते घरमै खेलिरहेको बेला बलात्कार गरेको आरोपमा सिरहा जिल्ला जगदाहा गाविस-३ घर भई माइस्थान गाविस-२ मा डेरा गरी बस्ने ५५ वर्षीय तेबहादुर घिसिङगलाई असार ९ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०७१ साउन ४ को आदेशले आरोपित पुर्पक्षका लागि जलेश्वर कारागार चलान भए। पीडित पक्षले ०७१ असार ९ गते इलाका प्रहरी कार्यालय वर्दिवासमा जाहेरी दिएका थिए। सोही दिन प्रहरीले पीडितको स्वास्थ्य परीक्षण बर्दिवास अस्पतालमा गराएको थियो।

बालिका बेचबिखन तथा ओसारपसार

बालिका बेचबिखनको चार ओटा घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बेचविखनमा परि यस वर्ष १३ वर्षका एक जना, १५ वर्षका दुई जना र १७ वर्षका एक जना गरी चार जना बालिका पीडित भए। विवाहको प्रलोभनमा पारी तथा राम्रो कमाइ हुने लोभ देखाएर पीडित बालिकालाई बेचबिखनमा पार्ने गरेको देखिन्छ। पीडित बालिकाहरू आफू बेचबिखनमा पर्ने थाहा पाएपछि आफ्नो घर परिवारको सर्म्कमा आई आरोपित विरुद्ध प्रहरीमा उजुरी गरे भने कतिपय घटनामा प्रहरीले उद्धार गरी पीडित परिवारलाई जिम्मा लगाइ आरोपित विरुद्ध कानुनी कारबाही प्रक्रिया अगाडि बढाएको देखिन्छ।

महोत्तरीमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध एक दर्जन भन्दा बढी संस्था कार्यरत छन्। तीमध्येको एउटाले सीमामा निगरानी केन्द्र समेत राखेको छ। केन्द्रका कर्मचारीले शङ्कास्पदलाई सोधपुछ गरी प्रहरी सहयोगमा नियन्त्रणमा लिने गर्छन्। नेपाल भारतीय नाकामा सीमा प्रहरी कार्यालय छ। त्यसका बाबजुद सीमाबाट महिलाहरूको ओसारपसार रोकिएको छैन। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार चार महिनायता बेचबिखनको उद्देश्यले सीमा कटाइँदै गरेका २८ जनाको उद्धार गरिसकिएको छ। अधिकांश घटनाका आरोपित भने गिरफ्तार भएका छैनन्। प्रहरीले मानव बेचबिखन तथा ओसारपसार अभियोगमा एउटा उजुरी दर्ता गरेको छ। गत वर्ष दुई थान मुद्दा दर्ता भएका थिए। अधिकांश घटनामा युवतीलाई सीमा पार गर्न लगाएर अभियुक्त पहिल्यै पारी पुगिसक्ने, पीडितले पीडकको सक्कली परिचय बताउन नसक्ने र पहिचान नखुल्ने भएकाले गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रहरी नायब उपरीक्षक लोकेन्द्र श्रेष्ठले बताए। उनका अनुसार पीडित र उनीहरूका आफन्त सहयोगी नहुँदा बेचबिखन तथा ओसारपसारमा संलग्न मुख्य अभियुक्त फेला पार्न नसकिने समस्या बढिरहेको बताए। मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रही फरार रहेका तीन जना आरोपितहरूको खोजबिनका लागि प्रहरी परिचालन गरिएको प्रहरी नायव उपरीक्षक लोकेन्द्र श्रेष्ठले बताए।

बिजलपुरा गाविस-८ की १७ वर्षीया शोभा बुढाथोकीलाई सोही ठाउँका ३२ वर्षीय दिलबहादु परियारले निगौल गाविस-४ का ३५ वर्षीय श्याम मण्डलसँग बिहे गराई दिने प्रलोभनमा पारी बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा भागेर माइतीको सम्पर्कमा आइ ईलाका प्रहरी कार्यालयमा ०७० चैत २७ गते जाहेरी दिइन्। प्रहरीले सोही दिन परियारलाई गिरफ्तार गरे पनि मण्डल फरार छन्। जिल्ला अदालतको आदेशमा ०७१ जेठ २५ गते देखि परियार पुर्पक्षका लागि जेल चलान भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसा/महिला हिंसाका कारण पीडित भएको भन्दै ३ सय २१ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र ३ सय २१ मा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट, मार्ने धम्की, खाना लाउन नदिएको र घरनिकाला गरिएका १ सय २३ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको पाँच, अर्को श्रीमती ल्याएर हेला गरेकोमा १०, बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ५४ घटनामा मिलापत्र गराएको र नौ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको जनाएको छ। यस वर्ष दुई जना महिलामाथि बलात्कार भयो भने दुई जना महिला बलात्कार प्रयासबाट पीडित भएको

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	४	४
बलात्कार	१	१
बलात्कारको प्रयास	१	१
बहुविवाह	४	४
महिला बेचबिखन तथा ओसारपसार	१	१
घरेलु हिंसा	१०	१०
जम्मा	२४	२४

इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका सबै आरोपित गिरफ्तार भएका र कानुनी प्रक्रियामा रहेका छन् भने बलात्कार प्रयासका दुई घटनामध्ये एक घटनाका आरोपित गिरफ्तारीमा परे भने एक घटनाका आरोपित फरार छन्। सामूहिक बलात्कारपछि एक महिलाको हत्या भयो।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

श्रीपुर गाविस-६ की ३२ वर्षीया मञ्जु देवी यादवलाई एक समूहले सामूहिक बलात्कारपछि हत्या गरेर झुण्ड्याई दिएको अवस्थामा घर नजिकैको आँपको रुखमा ०७१ साउन ८ गते शव फेला पऱ्यो। प्रहरीले शवको प्रकृति मुचुल्का उठाई पोष्टमार्टमको लागि सोही दिन जिल्ला अस्पताल, जलेश्वर पठायो। सामूहिक बलात्कारपछि हत्या गरेर फरार रहेका चार जना अभियुक्त मध्ये श्रीपुर गाविस-३ का ४२ वर्षीय श्यामकुमार राय यादव र गौशाला नपा-११ निगौलका १९ वर्षीय लक्ष्मण मुखियालाई ईलाका प्रहरी कार्यालय, गौशालाले कात्तिक २० गते साँझ गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०७१ मङ्सिर १८ गतेको आदेशले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो। ईलाका प्रहरी कार्यालय, गौशालाले कात्तिक २१ गते पत्रकार सम्मेलन गरी गिरफ्तार भएका दुवै जनालाई सार्वजनिक गरेको थियो। घटनामा संलग्न रहेका चार जना अझै फरार रहेको र उनीहरूको खोजतलास भइरहेको प्रहरीले जनायो। मञ्जुका पति करिब अढाई वर्षदेखि वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा छन्।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

यस वर्ष चार जना महिला कथित बोक्सीको आरोपमा छरछिमेक र स्थानीय गाउँलेहरूको कुटपिटबाट घाइते भएका छन्। यसरी पीडित हुनेहरूमा ३० देखि ६० वर्ष उमेरका महिलाहरू छन्। कथित बोक्सीको आरोपमा पटकपटक महिलाहरूलाई कुटपिट हुँदासमेत आरोपित विरुद्ध कारबाही नहुने पीडित पक्षले गुनासो गरेको पाइन्छ। समाजमा बोक्सीको आरोपमा पीडित हुने भनेका कमजोर, असहाय, गरिब महिला हुने गरेका छन्। यस्ता घटनाका अधिकांश आरोपितहरू धरौटी र तारेखमा रिहा भएपछि पीडित तथा पीडित परिवारले असुरक्षित महसुस गर्ने गरेका छन्। महोत्तरी जिल्लामा स्थानीयले कथित बोक्सीको आरोपमा एक जना महिलाई अभक्ष खुवाएको घटना इन्सेकले अभिलेख गऱ्यो।

हतिसर्वा गाविस-९ की ५५ वर्षीया सुमित्रादेवी साहलाई सोही गाविस-३ की ४० वर्षीया पहुनिया देवी हुजेदार र उनकी छोरी १८ वर्षीया सरीताकुमारी हुजेदारले बोक्सीको आरोपमा ०७१ जेठ २६ गते अभक्ष खुवाए। पीडितले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। प्रहरीले जेठ २८ गते आरोपित दुवै जनालाई गिरफ्तार गरी सोही दिन मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको आदेशबमोजिम आरोपित दुवै जना असार २५ गते ४५ हजार रुपियाँ धरौटीमा रिहा भए। स्थानीय सरीता कुमारीको शरीरमा शिवजी उत्रने हल्ला चलेपछि हेर्न गएकी सुमित्रालाई आरोपित दुवै जनाले बोक्सीको आरोप लगाउँदै कुटपिट गरी अभक्ष कोच्याएको पीडितले जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरीमा उल्लेख छ। मुख्य दोषी आफ्नै पति भएको बताउने सुमित्राले पतिविरुद्ध भने उजुरी दिइनन्।

घरेलु हिंसा

दाइजोको कारण हत्या

मेघनाथ गोरहन्ना-७ की २० वर्षीया गीतादेवी राउतको ०७१ असोज २६ गते हत्या भयो। हत्या लगत्तै आरोपितले सोही राती गीताको शव रातू खोलामा लगेर जलाएका थिए। केही छिमेकी र माइती पक्षले गीताको हत्या भएको प्रहरीलाई खबर गरी दिएका कारण जलाउँदै गरेको अवस्थामा शव निकालेर पोस्टमार्टमका लागि अस्पताल लगिएको थियो।

घटनामा संलग्न रहेको आरोपमा मृतकका ससुरा ४५ वर्षीय खेहरु राउत, नन्द १९ वर्षीया पुनम कुमारी र नन्दी दाइ २२ वर्षीय विशेश्वर राउतलाई कात्तिक २ गते साँझ गिरफ्तार गरेकोमा जिल्ला अदालत महोत्तरीको कात्तिक २० गतेको आदेशले साधारण तारेखमा रिहा भए। दाइजोको निहुँमा

परिवारजनले नै हत्या गरेको भनी मृतकका बाबु भूमि राउतले असोज २८ गते प्रहरीमा किटानी जाहेरी दिँदै हदैसम्मको कारबाहीको माग गरेको थियो। महोत्तरीकै ढाँमीमरैय-६ का भूमि राउतकी छोरी गीताको ०७० जेठ १६ गते मेघनाथ गोरहन्ना-७ का खेहरू राउतका छोरा नथुनी राउतसँग हिन्दू परम्परा अनुसार विवाह भएको थियो। गीताका पति नथुनी राउत रोजगारीका लागि भारतको पञ्जाबमा छन्। आरोपितहरू अहिलेसम्म तारेखमै छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

महोत्तरी जिल्लामा जलेश्वर र बर्दिवासमा गरी दुई ओटा अस्पताल रहेका छन्। जिल्लामा पाँच ओटा प्राथमिक स्वास्थ्य केन्द्र, १८ ओटा स्वास्थ्य चौकी र ५२ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार महोत्तरी जिल्लामा १२ जना डाक्टरको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। जिल्लाका दुई ओटै अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। यहाँ १५ जना स्टाफ नर्स कार्यरत छन्। १ सय २ जनाको दरबन्दी रहेको अहेब पदमा सबै जना कार्यरत छन्। त्यसैगरी अनमिको दरबन्दी ९१ रहेकोमा सबैमा कार्यरत रहेको जिल्ला जनस्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ। यस कार्यालयको वार्षिक बजेट १९ करोड ३९ लाख २५ हजार ६ सय रहेकोमा प्रशासनिक खर्चका लागि १३ करोड २६ लाख ८७ हजार छुट्याइएको छ। औषधीका लागि ४१ लाख २५ हजार रुपियाँ खर्च छुट्याइएको छ। यस जिल्लामा प्रति डाक्टर ३ लाख १५ हजार ७ सय ५ जनाले सेवा पाउनु पर्ने अवस्था छ ।

२.३ सर्लाही

जिल्ला सदरमुकामः मलङ्गवा
क्षेत्रफल (वर्ग कि. मि.)ः १,२५९
घरधुरी सङ्ख्याः १,३२,८४४
जम्मा जनसङ्ख्याः ७,६९,७२९
पुरुषः ३,८९,७५६
महिलाः ३,७९,९७३
अपाङ्ग सङ्ख्याः ९,५८५
गाविस/नपा सङ्ख्याः ९९/१
पुरुष साक्षरता सङ्ख्याः २,०२,३११
महिला साक्षरता सङ्ख्याः १,३३,०७०
हिन्दू धर्मावलम्बी प्रतिशतः ८५.५६
बौद्ध धर्मावलम्बी प्रतिशतः ५.७२
इस्लाम धर्मावलम्बी प्रतिशतः ७.८८
किराँत धर्मावलम्बी प्रतिशतः ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.२३
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.२५
अन्य धर्मावलम्बी प्रतिशतः ०.३०७
प्रतिपरिवार सरदर सङ्ख्याः ५.७९

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय २५ जना पीडित भएका थिए भने सन् २०१४ मा यो सङ्ख्या ३२ मात्र रहेको छ।

गत वर्ष राज्य पक्षबाट १६ पुरुष पीडित भएका थिए भने गैरराज्य पक्षबाट ६८ महिला र ४१ पुरुष पीडित भएका थिए। राज्य पक्षबाट हुने मानवअधिकार उल्लङ्घनका घटना यो वर्ष अभिलेख भएन। यस वर्ष गैरराज्य पक्षबाट एक महिला र तीन पुरुष गरी चार जनाको हत्या भयो। सन् २०१३ मा

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		५	५
बालअधिकार	५		५
महिलाअधिकार	१७		१७
कुटपिट		१	१
हत्या	१	३	४
जम्मा	२३	९	३२

तीन महिला र दुई पुरुषको हत्या भएको थियो। यो वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना पीडित भए जसमध्ये कथित बोक्सीको आरोपमा चार जना, बहुविवाह घटनामा एक जना र घरेलु हिंसाका घटनामा १२ जना महिला यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका पीडित भए, जसमा बलात्कारका घटनामा चार जना र यौन दुर्व्यवहारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा चार जना बालिकाको अधिकार उल्लङ्घन भएको तथ्याङ्क इन्सेकमा अभिलेख छ।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

धम्की/कुटपिट

नागरिक दैनिक पत्रिकाका सर्लाही संवाददाता महोत्तरी जिल्ला भरतपुर गाविस-९ का २६ वर्षीय सन्तोष सिंहलाई ०७१ वैशाख १९ गते दिउँसो भक्तिपुर गाविस-३ स्थित सागरनाथ जङ्गलमा मोटरसाइकलबाट घरतर्फ जाँदै गर्दा एक सङ्गठित समूहले कुटपिट तथा दुर्व्यवहार गरेको आरोपमा प्रहरीले ०७१ वैशाख १९ गते तीन जना हतियारधारीलाई गिरफ्तार गर्‍यो। उनीहरूबाट तीन थान बन्दुक, बारुद, गोली र अन्य हतियार बरामद भएको प्रहरीले जनायो। सर्लाही र महोत्तरीको सीमानामा पर्ने जङ्गलमा शिकार गर्न गएका हतियारधारीहरूको फोटो खिच्न खोज्दा पत्रकार सिंहलाई उनीहरूले कुटपिट गरी दुर्व्यवहार गरेका थिए। पत्रकार सिंहलाई दुर्व्यवहार गर्ने गौरीशंकर गाविस-९ का ४७ वर्षीय वीरबहादुर पाखिन, सोही स्थानका ३६ वर्षीय भीमबहादुर पाखिन र २९ वर्षीय नरबहादुर थापा मगरलाई गिरफ्तार गरेकोमा ०७१ जेठ ८ गते जिल्ला प्रशासन कार्यालय सर्लाहीले हातहतियार तथा खरखजाना मुद्दा अन्तर्गत ५ वर्ष कैद गर्ने फैसला गर्‍यो।

सर्लाही जिल्ला भन्सार कार्यालयका प्रमुख ४५ वर्षीय टीकाराम भुषाललाई ०७० माघ ६ गते कार्यालयमा बसिरहेको अवस्थामा मलङ्गवा नपा-२ का २२ वर्षीय धिरेन्द्र साह, २३ वर्षीय सुबोधकुमार साह र ३० वर्षीय नागेन्द्र ठाकुरसहित एक समूहले हातपात गर्दै दुर्व्यवहार गर्‍यो। जिल्ला भन्सार कार्यालयको गस्ती टोलीले त्रिभुवननगरस्थित छोटी भन्सार कार्यालयबाट लुकाई छिपाई नेपाल भित्र्याउँदै गरेको चार पोका कपडा नियन्त्रणमा लिएको र सोही विषयलाई लिएर सो समूहले भुषालमाथि आक्रमण गरेको थियो। कुटपिटमा संलग्नको पहिचान गरी कारबाही गर्नुपर्ने भन्दै भन्सारमा कार्यरत सबै कर्मचारीहरूले मूल ढोकामा सूचना टाँस गरी अनिश्चितकालीन कार्यालय बन्द गरेपछि आरोपितमध्ये धिरेन्द्र, सुबोध र नागेन्द्रलाई माघ १० गते प्रहरीले गिरफ्तार गरेपछि सोही दिनदेखि कार्यालय खुला रह्यो। आरोपितहरू दुई/दुई हजार रुपियाँ धरौटी राखेर जिल्ला प्रशासन कार्यालय, सर्लाहीको आदेशमा रिहा भए।

जेल र बन्दी

'ग' श्रेणीको १ सय जनाको क्षमता भएको सर्लाही जिल्ला करागारमा सन् २०१४ मा बन्दी राखिएन। कारागार भवन निर्माण तथा जीर्ण अवस्थामा रहेको भवनको मर्मत सम्भार गर्ने काम अन्यौलमा भएका कारण ०६९ माघ १५ गतेदेखि यहाँको कारागारमा बन्दी राखिएको छैन। कैद तोकिएका र नतोकिएका कैदी तथा थुनुवाहरूलाई छिमेकी जिल्ला महोत्तरी र रौतहटमा पठाइने गरेको करागार प्रमुख अनिलकुमार अचार्यले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

चार जना न्यायाधीशको दरबन्दी रहेको सर्लाही जिल्ला अदालतमा चारैजना कार्यरत रहेका छन्। जिल्ला अदालतले ०७१ पुस १६ सम्म फैसला हुन बाँकी रहेका फौजदारी मुद्दातर्फ ५ सय ५० थान र देवानी मुद्दातर्फ ३ सय ८५ थान रहेका छन्। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३१ थान, देवानी मुद्दा १ सय १६ थान रहेको जिल्ला अदालत सर्लाहीले जनायो। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा प्रतिन्यायाधीश करिब ३ सय ओटा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ९२ प्राथमिक, ५९ निम्नमाध्यमिक र ७५ माध्यमिक विद्यालयहरु रहेको छन् । १ हजार ६ सय ८२ जना शिक्षकको दरबन्दी रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका १५ हजार २ सय १९ बालक र १५ हजार ७ सय ८४ बालिका ०७१-७२ को शैक्षिकसत्रमा भर्ना भए। जिल्ला शिक्षा कार्यालयले कूल विद्यालय मध्ये ७० प्रतिशत विद्यालयमा सुविधायुक्त शौचालय रहेको जनायो। दलित छात्रवृत्ति, बालमैत्री भवनको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयमा अभिलेख गरेको पाइएन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	४	४
यौन दुर्व्यवहार	१	१
जम्मा	**५**	**५**

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यस वर्ष ६ वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू ५५ वर्ष उमेरसम्मका रहेका छन्। बलात्कार घटनामा स्थानीय व्यक्ति, बालक र शिक्षकको संलग्नता देखियो। चार ओटै बलात्कार घटनाका आरोपितहरूलाई गिरफ्तार गरी कानुनी कारबाही प्रक्रिया अगाडि बढाइए पनि यो वर्षको अन्त्यसम्म ती मुद्दाहरूको फैसला भएको छैन।

छ वर्षीया एक बालिकालाई ०७१ पुस ५ गते राती मिठाइ खान दिने प्रलोभन दिएर बलात्कार गरेको आरोपमा हरिपूर्वा-५ का १६ वर्षीय एक बालकलाई पुस ६ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा पुस २९ गते देखि पुर्पक्षका लागि थुनामा छन्। जिल्ला अस्पताल मलङ्गवमा ०७१ पुस ५ गते राती बालिकाको स्वास्थ्य परीक्षण गर्दा बलात्कार भएको पुष्टि भएको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय २९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र सर्लाहीमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरिएका ९०, खानलाउन नदिएको ५२, अर्को श्रीमती ल्याएर हेला गरेकोमा तीन, मार्ने धम्की दिइएकोमा सात, कथित बोक्सीको आरोप लगाएको उजुरी दर्ता भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय १४ घटनामा मिलापत्र गराएको र ५२ उजुरीमा कारबाही गर्न बाँकी रहेको जनाएको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	४	४
बहुविवाह	१	१
घरेलु हिंसा	१३	१३
जम्मा	**१८**	**१८**

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

यस वर्ष चार जना महिला कथित बोक्सीको आरोपमा आफन्त, छरछिमेक र स्थानीय गाउँलेहरूको कुटपिटबाट घाइते भए। यसरी पीडित हुनेहरूमा २२ देखि ४५ वर्ष उमेरका महिलाहरू छन्। कथित बोक्सीको आरोपमा पटक-पटक महिलाहरूलाई कुटपिट हुँदा समेत प्रहरीले आरोपित विरुद्ध कारबाही नहुने पीडित पक्षले गुनासो गरेको पाइन्छ। समाजमा बोक्सीको आरोपमा पीडित हुने भनेका कमजोर, असाहय, गरिब महिला हुने गरेका छन्। बोक्सी आरोपका अधिकांश आरोपितहरू धरौटी र तारेखमा रिहा भएपछि पीडित तथा पीडित परिवार असुरक्षित महसुस गरेका छन्।

हरिपुर गाविस-६ की ४५ वर्षीया कलिया देवीलाई स्थानीयले कुटपिट गर्दा दुई दिन डरका कारण गाउँबाट विस्थापित भई जिल्ला सदरमुकाम मलङ्गवामा बसेकी थिइन्। स्थानीय उदयनारायण धामीकी २७ वर्षीया पत्नी मन्तरी धामी बिरामी परेर झारफुक गर्दा मृत्यु भएपछि बोक्सी लगाएको भन्दै गाउँलेहरू मिली कलियादेवीलाई दुर्व्यवहार गरेका थिए। बोक्सी मन्त्रबाट मान्छे मारेको भन्दै आफन्त सहितका गाउँलेले दुर्व्यवहार गरेपछि स्थानीय कलियादेवीसहितको परिवार विस्थापित भएको थियो। देवरले नै घरबाट लछार्दै बाहिर निकालेको पीडित कलियादेवीले बताइन्। उनकी कान्छी देउरानी मन्तोरिया देवीको ०७० चैत २ गते राती निधन भएपछि त्यसका दोष उनलाई लगाइएको थियो। देवरले 'बोक्सी लगाएर मारिस् अब बचाउनू' भन्दै दुर्व्यवहार गरेका थिए।

पीडितले हरिपुर गाविस-६ का ३५ वर्षीय महेशी धामी, सोही ठाउँका ३० वर्षीय शारदा देवी धामी र ३२ वर्षीया सञ्जितादेवी धामीविरुद्ध ०७० चैत ५ गते इलाका प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। प्रहरीले ०७० चैत १८ गते महेशीलाई गिरफ्तार गऱ्यो भने महेशीको बयानको आधारमा जब्दी गाविस-२ की ४८ वर्षीया धमिनीको काम गर्ने राजकलियादेवी चौधरीलाई ०७० चैत २१ गते प्रहरीले गिरफ्तार गरेकोमा दुवै जना जिल्ला अदालतको आदेशले ०७० चैत २८ गते २५/२५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

दाइजोको कारण पतिद्वारा हत्या गरिएको भनिएकी पुनमदेवी महतो

घरेलु हिंसा

यस वर्ष बहुविवाहका घटनामा एक जना महिला पीडित भइन् । जिल्लामा विवाहित महिलाहरू दाइजो नल्याएको आरोपमा हिंसबाट पीडित भएका घटनाहरू बढी सार्वजनिक हुने गरेका छन्।

दाइजोका कारण हत्या गरेको आरोप

२५ वर्षीया पत्नी पुनमदेवी महतोलाई पति सर्लाही जिल्ला मधुवनगोठ-८ का ३५ वर्षीय रामप्रवेश भनिने अमरप्रसाद सिंहले ०७१ कात्तिक २४ गते हत्या गरी लास बेपता बनाएको आरोप छ। पुनमसँग ०६२ असार १७ गते विवाह गरेका रामप्रवेशले ससुरालीबाट मोटरसाइकल र बक्सपलङ दाइजोमा नल्याएको भन्दै पटक-पटक कुटपिट गर्दै यातना दिने क्रममा पुनमको मृत्यु भएको मृतकका बाबु रामप्रसाद महतोले बताए। कुटपिटबाट घाइते भएकी पुनमलाई उपचारका लागि भारतको मेजरगञ्ज पुऱ्याएकोमा डाक्टरले मृत घोषणा गरेका थिए। क्लिनिकबाट टेम्पोमा लास लिएर नेपालको मधुवन गोठस्थित घरतर्फ आउने क्रममा अमरप्रसाद सिंहले ससुरा रामप्रसाद महतोलाई टेम्पोबाट धकेलेर बाटोमा लडाएर भारततर्फ नै लास लिएर भागेको पीडित पक्षले जनाएको छ। मृतक पुनमका ८ महिने छोरासहित तीन सन्तान छन्। जिल्ला प्रहरी कार्यालयले लास फेला नपरेको भन्दै पीडितको जाहेरी लिएको छैन। फरार पति र उनका परिवारको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

सर्लाही जिल्लामा एउटा जिल्ला अस्पताल, दुई ओटा स्वास्थ्य चौकी र ६८ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार सर्लाही जिल्लामा २५ जना डाक्टरको दरबन्दी रहेकोमा २४ जनाको पद रिक्त रहेको छ। एक जनामात्रै डाक्टर कार्यरत रहेका छन्। एक जना स्त्री रोग विशेषज्ञको दरबन्दी भएको सर्लाही जिल्लामा स्त्री रोग विशेषज्ञ पनि छैनन्। १३ जनाको दरबन्दी रहेको स्टाफ नर्स मध्ये पाँच ओटा दरबन्दी रिक्त रहेको छ। आठ जना स्टाफ नर्स कार्यरत छन्। २ सय २९ जनाको दरबन्दी रहेको अहेब पदमा २ सय ४ जना कार्यरत छन् भने २५ जनाको दरबन्दी रिक्त रहेको छ। त्यसैगरी अनमिको दरबन्दी १ सय ३३ मध्ये १७ ओटा दरबन्दी रिक्त रहेको छ। अनमि पदमा १ सय १६ जना कार्यरत रहेका छन्। हेल्थ असिस्टेण्टको दरबन्दी ३३ रहेकोमा १९ ओटा दरबन्दी रिक्त रहेको छ। यस जिल्लामा सबै पदमा गरी ४ सय ४५ ओटा दरबन्दी रहेकोमा ९२ जनाको दरबन्दी रिक्त रहेको पाइयो। तर, २५ जना डाक्टरको दरबन्दीमध्ये एक जना मात्रै कार्यरत रहेका कारण आम नागरिकले स्वास्थ्य सेवा पाउन सकेका छैनन्।

२.४ सिन्धुली



जिल्ला सदरमुकामः सिन्धुलीमाडी
क्षेत्रफल (वर्ग कि. मि.): २,४९१
घरधुरी सङ्ख्याः ५७,५८१
जम्मा जनसङ्ख्याः २,९६,१९२
पुरुषः १,४२,१२३
महिलाः १,५४,०६९
अपाङ्ग सङ्ख्याः ९,५८५
गाविस/नपा सङ्ख्याः ५३/१
पुरुष साक्षरता सङ्ख्याः ९२,३२१
महिला साक्षरता सङ्ख्याः ७६,५८१
हिन्दू धर्मावलम्बी प्रतिशतः ६४.४७
बौद्ध धर्मावलम्बी प्रतिशतः ३०.४३
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०६
किराँत धर्मावलम्बी प्रतिशतः ०.३५
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.९८
प्रकृति धर्मावलम्बी प्रतिशतः ३.२९
अन्य धर्मावलम्बी प्रतिशतः ०.४२६
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१४

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ८६ जना पीडित भएका थिए भने सन् २०१४ मा पीडित हुनेको सङ्ख्या ८८ रहेको छ। गत वर्षको तुलनामा यो वर्ष महिला हिंसाका घटनामा दोब्बर वृद्धि भएको देखिन्छ।

गत वर्ष राज्य पक्षबाट दुई जना महिला र १० जना पुरुष पीडित भएका थिए भने गैरराज्य पक्षबाट ४२ महिला र ३२ पुरुष पीडित भएका थिए। यस वर्ष राज्य पक्षबाट एक जना पुरुष पीडित भए भने गैरराज्य पक्षबाट ८५ महिला र दुई पुरुष गरी ८७ जना पीडित भए।

यस वर्ष गैरराज्य पक्षबाट दुई महिला र एक पुरुषको हत्या भयो। सन् २०१३ मा दुई पुरुषको हत्या भएको थियो। महिला अधिकार उल्लङ्घनका घटनामा ७२ जना पीडित भए जसमध्ये कथित बोक्सीको आरोपमा दुई जना, बलात्कारको घटनामा सात जना, बलात्कार प्रयासका घटनामा तीन जना, बहुविवाहका घटनामा सात जना र घरेलु हिंसाका घटनामा ५३ जना महिला यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनका घटनामा ११ जना बालिका र एक जना बालक पीडित भए, जसमा बालबालिका बेचबिखनको घटनामा एक जना, बलात्कारका घटनामा ६ जना र यौन दुर्व्यवहारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा पाँच जना बालबालिकाको अधिकार उल्लङ्घन भएको तथ्याङ्क इन्सेकमा अभिलेख छ।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट बढी पीडित भएको पाइएको छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			११	१	१२
महिलाअधिकार			७२		७२
कुटपिट	१	१			
हत्या			२	१	३
जम्मा	**१**	**१**	**८५**	**२**	**८७**

धम्की/कुटपिट

नेपाल पत्रकार महासङ्घ जिल्ला कार्यसमिति सदस्य कमलामाई नपा-६ का ३२ वर्षीय बरुण लामिछानेलाई ०७१ वैशाख २२ गते साँझ जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखिएका थुनुवाहरूको अवस्था बुझ्न गएको बेला ड्युटीमा बसेका प्रहरी हबल्दार लालबाबु साहले अपशब्द प्रयोग गरी गालीगलौज, कुटपिट तथा दुर्व्यवहार गरे। आफूले हिरासतमा राखिएका थुनुवाहरूको अवस्था बुझ्न खोज्दा मादकपदार्थ सेवन गरेर बसेका साहले उनीहरूलाई भेट्न नदिएको र आफू फर्कन लाग्दा कठालोमा समाती अपशब्द प्रयोग गरी गालीगलौज गर्दै बाहिर सडकसम्म

आएर कुटपिट गरेको पीडितले बताए। पीडितले वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। आरोपितलाई विभागीय कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी नरेन्द्र उप्रेतीले बताए।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार सिन्धुलीको बन्दी क्षमता ३५ जनाको रहेको छ। वर्षको अन्त्यसम्म कैद तोकिएका चार महिलासहित ८० र कैद नतोकिएका दुई महिलासहित १८ जना छन्। कैदी र थुनुवा गरी कूल ९८ जना बन्दी छन्। जसमा आश्रित बालक र बालिका छैनन्। यस जिल्ला कारागारको २०२९ सालमा निर्माण भएको हो।

महिलाहरूका लागि यो कारागारमा बन्दी गृहको व्यवस्था छैन तर जिल्ला कारागार व्यवस्थापनले कार्यालयको एउटा कोठा महिलाहरूका लागि छुट्याइएको छ। यसै कोठामा महिलाहरू मिलेर बस्ने गरेका छन्। जीर्ण रहेको भवन, पानी चुहिने अवस्था र शौचालयलाई केही व्यवस्थापन गरिएको भए पनि खानेपानीको अभाव रहेको बन्दीहरूले बताए। उनीहरूले सफा खानेपानीको अभाव रहेको बताए। पछिल्लो समयमा कारागारमा कैदी, बन्दीको नियमित स्वास्थ्य परीक्षणको लागि करारमा स्वास्थ्य सहायक नियुक्त गरी हप्ताको दुई चोटी नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिएको छ। कैदी बन्दीलाई पत्रपत्रिका पढ्ने व्यवस्था, टेलिभिजन हेर्ने व्यवस्था गरिएको छ भने कारागारमा ३ सय पुस्तक रहेको पुस्तकालय व्यवस्था गरिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सिन्धुली जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १६ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या १ सय २ थान र फौजदारी मुद्दाको सङ्ख्या ९३ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला आदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ९४ ओटा प्राथमिक, ९८ ओटा निम्नमाध्यामिक र ६२ ओटा माध्यामिक विद्यालय रहेका छन्। सरकारी र सामुदायिक विद्यालयमा २ हजार २ सय २५ जनाको दरबन्दी रहेकोमा २ हजार १ सय ९५ जना कार्यरत र ३० ओटा दरबन्दी रिक्त रहेको छ। जिल्लामा विद्यालय जाने उमेरका १ लाख ८ सय ६३ जना बालबालिकामध्ये ४८ हजार ५ सय २ जना बालक र ५० हजार ७ सय ५३ जना बालिका प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये १० हजार ३३ जना दलित बालबालिकालाई ४१ लाख ३ हजार रुपियाँ छात्रवृत्ति दिइएको छ। सिन्धुली जिल्लामा १ हजार ६ सय ८ जना बालबालिका विद्यालयको पहुँच बाहिर छन्। प्राथमिक र निम्नमाध्यामिक विद्यालयहरू ४ सय ९२ ओटा मध्ये ३२ ओटा विद्यालयमा सुविधायुक्त शौचालय नभएको शिक्षा कार्यालयले जनायो। शिक्षा कार्यालय सिन्धुलीको कूल बजेट ४८ करोड ३६ लाख ७८ हजार ५ सय १३ रुपियाँ रहेको छ। त्यसमध्ये ४२ करोड ४७ लाख २८ हजार ५ सय १३ रुपियाँ प्रशासनिक काममा छुट्याइएको छ। जिल्लामा रहेका ५ सय ५४ ओटा विद्यालयमध्ये ४ सय ८१ ओटा विद्यालयमा बालमैत्री भवन छैन।

जिल्ला शिक्षा कार्यालयका अनुसार चार ओटा विद्यालय अपाङ्गतामैत्री छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	१		१
बलात्कार	६		६
यौन दुर्व्यवहार	४	१	५
जम्मा	११	१	१२

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष चार वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू ५१ वर्ष उमेरसम्मका रहेका छन्। बलात्कार घटनामा स्थानीय व्यक्ति, बालक र शिक्षकको संलग्नता देखियो। बलात्कार घटनामा ६ जना र यौन दुर्व्यवहारका घटनामा चार जना बालिका पीडित भए पनि दुई ओटा घटनामध्ये एक घटनाका दोषीहरूलाई छ देखि तीन वर्ष र अर्को घटनाको दोषीलाई १० वर्ष कैद सजायको फैसला सिन्धुली जिल्ला अदालतबाट भएको छ। अभिलेखित घटना अनुसार सामूहिक बलात्कारबाट एक जना बालिका पीडित भएकी छन्।

१४ वर्षीया एक बालिकालाई ०७० फागुन २९ गते बेलघारी गाविस-८ का १९ वर्षीय डुकेन्द्र परियार

र सोही ठाउँका २० वर्षीय सुमन गोलेले सामूहिक बलात्कार गरेको आरोपमा ०७० चैत १ गते प्रहरीले उनीहरूलाई गिरफ्तार गऱ्यो। बालिकाको फागुन ३० गते सिन्धुली जिल्ला अस्पतालमा स्वास्थ परीक्षण गरिएको थियो। आरोपितहरूलाई जिल्ला अदालतको आदेशमा ०७० चैत २७ गतेबाट सिन्धुली कारागारमा पुर्पक्षको लागि थुनामा राखिएकोमा जिल्ला आदालतको ०७१ असार ९ गतेको आदेशले आरोपितमध्ये गोले लाई ६ वर्ष कैद र पीडितलाई २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने तथा अर्का पीडक परियारलाई तीन वर्ष कैद गर्ने फैसला गऱ्यो।

आठ वर्षीया एक बालिकालाई ०७१ असोज ३० गते कमलामाई नपा-४ साङ्वालेका ५१ वर्षीय नारायण ढकालले बारीमा लगी बलात्कार गरेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनायो। ढकाललाई ०७१ असोज ३० गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित परिवारले ०७१ कात्तिक १ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दर्ता गराएका थिए। जिल्ला अदालतको ०७१ मङ्सिर २८ गतेको इजलासले आरोपितलाई १० वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति दिने फैसला गऱ्यो। पीडित बालिकाको कात्तिक १ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १८, खानलाउन नदिएको नौ, विवाह दर्ता तथा नागरिकता नबनाएको तीन, मार्ने धम्की दिइएकोमा दुई, बोक्सीको आरोप लगाएको घटनामा एक पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले २१ ओटा घटनामा मिलापत्र गराएको र तीन उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सेवा केन्द्रले जनायो।

यस वर्ष सिन्धुली जिल्लामा सात जना महिला बलात्कृत भए भने तीन जना महिला बलात्कार प्रयास तथा यौन दुर्व्यवहारबाट पीडित भए। सामूहिक बालात्कारबाट एक जना महिला पीडित भएको अभिलेख छ। बलात्कारका सात ओटा घटनामध्ये चार घटनाका दोषीलाई सिन्धुली जिल्ला अदालतले कैद गर्ने फैसला गऱ्यो भने एकले सफाइ पाएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	२	२
बलात्कार	७	७
बलात्कारको प्रयास	३	३
बहुविवाह	७	७
घरेलु हिंसा	५३	५३
जम्मा	**७२**	**७२**

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

काठमाडौँको साङ्ला गाविस-१ घर भएकी २३ वर्षीया दीपा सापकोटाको कपिलाकोट गाविस-९ स्थित मरिण खोलाको बगरमा २०७१ मङ्सिर ४ गते राती बलात्कारपछि हत्या गरेको आरोपमा गिरफ्तार भएका खोटाङ जिल्ला राजपानी-७ का ३० वर्षीय विदुर कार्कीलाई जिल्ला अदालत सिन्धुलीले ०७१ पुस १ गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। कल्पवृक्ष गाविस-४ मा लागेको बालाचतुर्दशी मेला हेर्न जाने भनी लगेको र बलात्कार गर्ने प्रयासका क्रममा प्रतिकार हुँदा ढुङ्गाले किचेर मारेको अभियुक्तले बयानको क्रममा स्वीकार गरेको प्रहरीले जनायो। मौली सामुदायिक लघु वित्त संस्था कपिलाकोटमा काम गर्ने कार्की र सौर्य विद्युत प्रा.लिको गुणस्तर जाँच तथा अनुगमन निरीक्षक रहेकी सापकोटाको कामको सिलसिलामा चिनजान भएको थियो।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

यस वर्ष सिन्धुली जिल्लामा दुई जना महिलालाई कथित बोक्सीको आरोमा आफन्त परिवार, छरछिमेक र स्थानीय गाउँलेहरूले कुटपिट गरी दुर्व्यवहार गरेको घटना इन्सेकले अभिलेख गरेको छ। यसरी पीडित हुनेहरूमा ४१ र ५५ वर्षीया उमेरकी महिला छन्। कथित बोक्सीको एक घटनाका आरोपितले सिन्धुली जिल्ला अदालतको आदेशबाट सफाइ पाए भने अर्को घटनाका आरोपितलाई घटना नदोहोऱ्याउने सर्तमा रिहा भए।

दूधौली गाविस-६ की ५५ वर्षीया एक महिलालाई भतिजो ४० वर्षीय रामकुमार अधिकारी दनुवारले आफ्नी छोरी बिरामी परेको र काकीले बोक्सी लगाएको आरोप लगाई ०७१ भदौ १७ गते कुटपिट गरे। पीडितले आरोपितविरुद्ध ०७१ असोज ४ गते उजुरी दिएकी थिइन्। उनको उजुरीका आधारमा

रामकुमारलाई प्रहरीले गिरफ्तार गरी जिल्ला अदालतमा अनुसन्धानका लागि पठाएको थियो। अदालतले ०७१ असोज २२ गतेको आदेशले २५ हजार रुपियाँ धरौटीमा आरोपितलाई रिहा गरेकोमा दुवै पक्ष मिलेर आएकाले ०७१ मङ्सिर १६ गते जिल्ला अदालतबाट आरोपितले सफाइ पाए।

घरेलु हिंसा

बहुविवाह

यस वर्ष बहुविवाहका सात घटना दर्ता भएकोमा दुई घटनामा आरोपित र पीडित पक्षबीच सहमति गराइएको छ भने दुई घटनामा कानुनी प्रक्रिया अगाडि बढाएको देखिन्छ। त्यसैगरी बहुविवाहकै तीन घटनाका पीडितले जिल्ला अदालतमा अंश मुद्दा दर्ता गरेकोमा सबै मुद्दा अदालतमा विचाराधीन रहेका छन्।

परिवारजनबाट हत्या

लदाभिर गाविस-९ की ३१ वर्षीया जानुका कार्कीलाई ०७० चैत २२ गते राती पति ४२ वर्षीय गोविन्दबहादुर कार्कीले इट्टाले टाउकोमा हिर्काई हत्या गरेको अरोपमा ०७० चैत २३ गते प्रहरीले गिरफ्तार गर्‍यो। उक्त दिन साँझ ५.३० बजे पति र पत्नी बीच घरायसी बादविवाद हुँदा पति गोविन्दले रिसको आवेगमा पत्नी जानुकालाई इट्टाले टाउकोमा हिर्काई गम्भीर घाइते बनाएकोमा उपचारका लागी सिराहा जिल्लाको कर्जानहा गाविस-४ स्थित फुलकुमारी महतो मेमोरियल अस्पतालतर्फ लैजाने क्रममा बाटोमा मृत्यु भएको प्रहरीले जनायो। शवको पोस्टमार्टम चैत २३ गते सिराहा अस्पतालमा गरिएको थियो। जिल्ला अदालतको ०७१ वैशाख १५ गतेको इजलासले आरोपितलाई १० वर्ष कैद सजाय गर्ने फैसला गर्‍यो।

स्वास्थ्य सेवाको अवस्था

सिन्धुली जिल्लामा सरकारी स्वामित्व रहेको ५१ शैय्याको जिल्ला अस्पताल, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र, २६ उपस्वास्थ्य चौकी र २५ स्वास्थ्य चौकी,१५ ओटा बर्थिङ सेन्टरहरू सञ्चालनमा छन्। विगतका तीन वर्षको तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी आ.व. ०७०/०७१ मा १ हजार ५ सय २ जना बालबालिका यी सेन्टरमा जन्मेका छन्। यसले महिलाहरूलाई तथा नवजात शिशुहरूलाई सेवा दिन सकिएको देखाएको छ। तर, यी बर्थिङ सेन्टरहरूमा अनमी करार सेवा निरन्तर नहुनु, नर्सिङ स्टाफ नहुनु, गर्भवती जाँचका लागि छुट्टै कोठा नहुनु जस्ता समस्या आउने गरेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। १५ जना डाक्टरको दरबन्दी रहेको सिन्धुलीमा १३ ओटा दरबन्दी रिक्त रहेको छ। एक जना स्त्री रोग विशेषज्ञको दरबन्दी पनि रिक्त छ। अहेब १ सय २० जना हुनुपर्नेमा ९१ जनामात्रै कार्यरत छन्। अनमीको दरबन्दी सङ्ख्या ९१ भए पनि कार्यरतको सङ्ख्या ७४ मात्र छ। सिन्धुली जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा २ सय ८० जनाको दरबन्दी रहेकोमा जिल्ला जनस्वास्थ्य कार्यालयले ८० जनाको दरबन्दी रिक्त रहेको जनायो। स्वास्थ्य क्षेत्रमा जिल्लामा माथिल्लो देखि तल्लो स्तरसम्मका ८२ जना प्राविधिक कर्मचारी तथा १२ जना अन्य सहायक स्तरका कर्मचारीको पद रिक्त रहेको पाइएको छ। जसका कारण सेवा प्रवाहमा केही कठिनाइ देखिएको जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुलीले जनाएको छ। सिल्धुली जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड १४ लाख ३२ हजार रुपियाँ रहेको छ। त्यसमध्ये ६ लाख रुपियाँ प्रशासनिक खर्चका लागि छुट्याइएको छ।

२.५ रामेछाप



जिल्ला सदरमुकामः मन्थली
क्षेत्रफल (वर्ग कि. मि.)ः १,५४७
घरधुरी सङ्ख्याः ४३,९१०
जम्मा जनसङ्ख्याः २,०२,६४६
पुरुषः ९३,३८६
महिलाः १,०९,२६०
अपाङ्ग सङ्ख्याः ४,४१८
गाविस/नपा सङ्ख्याः ५५/०
पुरुष साक्षरता सङ्ख्याः ६५,२८५
महिला साक्षरता सङ्ख्याः ५७,७४६
हिन्दू धर्मावलम्बी प्रतिशतः ७१.९३
बौद्ध धर्मावलम्बी प्रतिशतः २४.६७
इस्लाम र्मावलम्बी प्रतिशतः ०.०२
किराँत धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.५७
प्रकृति धर्मावलम्बी प्रतिशतः १.४४
वोन धर्मावलम्बी प्रतिशतः०.०३
अन्य धर्मावलम्बी प्रतिशतः ०.३१९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.६१

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्ललङ्घन तथा ज्यादतीका घटनामा ५४ जना पीडित भएका थिए भने सन् २०१४ मा यो सङ्ख्या २५ मात्र रहेको छ।

गत वर्ष राज्य पक्षबाट ६ जना महिला र ६ जना पुरुष गरी १२ जना पीडित भएका थिए भने यो वर्ष राज्य पक्षबाट एक जना महिलामात्र पीडित भएको अभिलेख भएको छ। यस वर्ष गैरराज्यपक्षाट १६ जना महिला र आठ जना पुरुष गरी २४ जना पीडित भए भने गत वर्ष गैरराज्यपक्षबाट ३१ जना महिला र १७ जना पुरुष गरी ४८ जना पीडित भएका थिए।

यो वर्ष गैरराज्य पक्षबाट एक जना महिलाको हत्या भयो। सन् २०१३ मा तीन जना मारिएका थिए। बलात्कारको घटनामा तीन जना, यौन दुर्व्यवहारको घटनामा तीन जना, बहुविवाहको घटनामा एक जना, घरेलु हिंसाको घटनामा पाँच जना गरी १२ जना महिला यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनको घटनामा तीन जना पीडित भए जसमध्ये एक बालविवाह र दुई यौन दुर्व्यवहारबाट पीडित भएका थिए। सन् २०१३ मा सात जना बालबालिका पीडित भएका थिए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसामा बढी पीडित भएको पाइएको छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			३		३
महिलाअधिकार			१२		१२
कुटपिट	१	१		७	७
धम्की				१	१
हत्या			१		१
जम्मा	**१**	**१**	**१६**	**८**	**२४**

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय १८ पुरुष र १५ महिला गरी २ सय ३३ जना र कैद नतोकिएका १७ पुरुष र पाँच महिला सहित २२ जना थुनुवा गरी कुल २ सय ५५ जना बन्दीहरू रहेका छन्। जेलमा आश्रित बालक दुई जना र बालिका एक जना गरी जम्मा तीन जना रहेका छन्। कारागारमा क्षमताभन्दा बढी बन्दी हुँदा उनीहरूलाई बस्न, खानेपानी तथा शौचालयको समस्या छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रामेछाप जिल्ला अदालतमा एक जना मात्र न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको ८२ थान र फौजदारी मुद्दा ४४ थान रहेका

छन्। दुई वर्षभन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा न्यायाधीशले १ सय २६ ओटा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७ ओटा प्राथमिक, ८३ निम्नमाध्यामिक र ५२ माध्यामिक विद्यालयहरू रहेका छन्। १ हजार ८ सय ३१ शिक्षक दरबन्दी रहेकोमा ३३ जनाको दरबन्दी रिक्त रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामाा विद्यालय जाने उमेरका २९ हजार ९ सय ९७ जना बालक र ३३ हजार १४ जना बालिकाहरू प्राथमिक तहदेखि मावि तहसम्म विद्यालयमा भर्ना भए। त्यसैगरी ३ सय ३१ ओटा विद्यालयमा शौचालय बनेका छन्। तर, शौचालय बनेका विद्यालयहरूमा पनि पानीको अभाव तथा फोहोरको उचित व्यवस्थापन नहुँदा अधिकाँश विद्यालयका शौचालयहरू प्रयोग गर्न योग्य छैनन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
यौन दुर्व्यवहार	२	२
जम्मा	३	३

जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ९५ करोड ९५ लाख, ५४ हजार १ सय ४८ रहेको छ। जसमध्ये ७१ लाख ५७ हजार रुपियाँ कार्यालयका कर्मचारीको तलव भत्ता र अन्य प्रशासनिक कामको लागि खर्च हुने गर्दछ। दलित छात्रवृत्ति अन्तर्गत २ हजार ७ सय ७१ जना बालक र २ हजार ९ सय ३९ जना बालिकाले छात्रावृत्ति पाएका छन्। जिल्लामा शिक्षा कार्यालयका अनुसार जिल्लामा अपाङ्गमैत्री विद्यालयहरू दुई ओटा मात्र छन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष ६ देखि आठ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू ५२ वर्ष उमेरसम्मका रहेको इन्सेकको अभिलेखमा रहेको छ। बलात्कार घटनामा स्थानीय व्यक्ति तथा छिमेकीको संलग्नता देखियो। बलात्कार घटनामा दुई जना बालिका पीडित भए। उक्त घटनाका दोषीलाई रामेछाप जिल्ला अदालतले १६ वर्ष जेल सजायको फैसला सुनायो।

आठ वर्षीया दुई बालिकाहरूलाई मङ्सिर १० गते यौन दुराचार गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी जिल्ला न्यायाधिवक्ताको कार्यालय मार्फत अदालतमा पेस गरेको भलुवाजोर गाविस-२ का ५२ वर्षीय विष्णुबहादुर थापालाई ०७१ पुस ६ गते जिल्ला अदाल रामेछापले १६ वर्ष जेल सजायको फैसला सुनायो। साथै पीडित बालिकाहरूलाई पीडकको तर्फबाट ५०/५० हजार रुपियाँ क्षतिपूर्ति भराउने आदेश जिल्ला न्यायाधीश उमेशप्रसाद लुईंटेलको इजालसले दियो। थापाविरुद्ध मन्थली बजारमा डेरा गरी बस्ने छिमेकका बालिकाहरूलाई यौनदुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालय रामेछापमा ०७१ मङ्सिर १० गते उजुरी गरेको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष रामेछाप जिल्लामा तीन जना महिला बलात्कृत भए भने तीन जना महिला यौन दुर्व्यवहारबाट पीडित भए। बलात्कारका तीन घटनामध्ये तीन ओटै बलात्कार मुद्दा रामेछाप जिल्ला अदालतमा विचाराधीन रहेको पाइएको छ। यौन दुर्व्यवहारका तीन घटनामध्ये एक घटनामा दुवै पक्षबीच मिलापत्र, एक घटनाको आरोपितले धरौटी तिर्न नसक्दा कारागार चलान भए भने अर्का घटनाका आरोपितलाई कारबाही नभएको पाइएको छ। सामूहिक बलात्कारबाट एक जना महिला पीडित भएको अभिलेख छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बहुविवाह	१	१
घरेलु हिंसा	५	५
यौन दुर्व्यवहार	३	३
जम्मा	१२	१२

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

२२ वर्षीया एक महिलालाई ०७१ साउन २६ गते बेलुका सुनारपानी गाविस-५ का २२ वर्षीय प्रदीप भुजेल, मन्थली गाविस-३ का १८ वर्षीय प्रकाश भुजेल, सुकाजोर गाविस-४ का ३० वर्षीय एक श्रेष्ठ, गोविन्द भुजेल र उद्धव भुजेलले घरनजिकैको बारीको पाटोमा सामूहिक बलात्कार गरेको आरोपमा पीडित पक्षले ०७१ साउन ३१ गते प्रहरीमा उजुरी गर्‍यो । प्रहरीले आरोपितहरूलाई सोही दिन गिरफ्तार गरी ०७१ भदौ

२ गते अदालतसमक्ष पेस गऱ्यो। आरोपितमध्ये प्रदीप भुजेल लाई ५० हजार रुपियाँ धरौटी र अन्यलाई सामान्य तारेखमा छोड्न जिल्ला अदालतले आदेश दियो। मुद्दा अदालतमा विचाराधीन छ।

एक २२ वर्षीया युवतीलाई ०७० चैत ८ गते नामाडी गाविस-७ का २७ वर्षीय दीपक खड्काले स्थानीय विष्णुमायाँ कार्कीको मिलोमतोमा बलात्कार गरेको भनी ०७१ वैशाख १३ गते प्रहरीमा उजुरी पऱ्यो। प्रहरीले आरोपितलाई जिल्ला अदालतमा पेश गरेकोमा अदालतको ०७१ वैशाख १२ गते आदेशले पुर्पक्षको लागि कारागार चलान भए भने विष्णुमायालाई २५ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गर्ने आदेश गऱ्यो। मुद्दा अदालतमा विचाराधीन छ।

घरेलु हिंसा

भिरपानी गाविस-८ की २२ वर्षीया सुनीता पौडेललाई ०७० फागुन २१ गते पति २१ वर्षीय मनोज पौडेलले घरेलु हिंसा गरेको भन्दै पीडितले प्रहरी कार्यालय, रामेछापमा उजुरी दर्ता गरिन्। पतिले विवाह गरेदेखि नै अपहेलना गर्ने गरेको पीडित महिलाले प्रहरीमा दिएको उजुरीमा उल्लेख गरेकी छिन्। पति लगायत परिवारका सदस्यहरूले समेत आफूलाई कुटपिट गर्ने गरेको पीडितले बताइन्। पतिले विवाह दर्ता र नागरिकता बनाइदिन नमानेको उनले बताइन्। प्रहरीले आरोपितलाई ०७० फागुन २५ गते नियन्त्रणमा लिई पत्नीको नागरिकता र विवाह दर्ताको कागज बनाइदिन आग्रह गरेपछि उनले फागुन २६ गते विवाह दर्ता र नेपाली नागरिकताको प्रमाणपत्र बनाइदिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

दिमीपोखरी गाविस-९ का ३४ वर्षीय नवराज रायको घरमा बालेको स्थानीय लघु जलविद्युत आयोजनाको बत्ती ०७० माघ १० गते संविधानसभा निर्वाचनमा काङ्ग्रेसलाई मतदान गरेको आरोपमा उपभोक्ता समितिका अध्यक्ष ४६ वर्षीय कमलकुमार केसीले काटी दिए। एकीकृत नेकपा माओवादी समर्थक केसीले संविधानसभा निर्वाचनमा एकीकृत नेकपा माओवादी पार्टी बाहेकका अन्य पार्टीलाई मतदान गर्नेहरूको घरमा जोडेको बत्तीसमेत काटी दिने धम्की दिएका थिए।

दोरम्बा गाविस-८ की ६५ वर्षीया जुनकिरी माल्पुकेको नाममा जिविसले निकासा गरेको ०६९ चैत महिनादेखि ०७० पुस महिनासम्मको सामाजिक सुरक्षा भत्ताको रकम सो गाविसका गाविस सचिव ६० वर्षीय तेजनारायण मण्डलले किर्ते कागज बनाई हिनामिना गरे। मण्डलले रकम नआएको भन्दै उनलाई रकम नदिएपछि त्यस बारेमा बुझ्न जिल्ला विकास समितिमा आउँदा उनले पहिला नै रकम लगेको थाहा पाएको पीडितले बताइन्। उनीलगायत गाउँका अन्य मानिसहरूको नाममा गएको सामाजिक सुरक्षा भत्ताको रकम गाविस सचिवले निकालेर मासेपछि पीडित पक्षले ०७० फागुन १४ गते जिल्ला विकास समिति रामेछापमा उजुरी गरे। पीडित पक्षले उजुरी गरेपछि जिविसले गाविस सचिवबाट गाविसको खातामा रकम फिर्ता गरायो।

स्वास्थ्य सेवाको अधिकार

रामेछाप जिल्लामा एउटा जिल्ला अस्पताल, २३ ओटा स्वास्थ्यचौकी र २९ ओटा उपस्वास्थ्य चौकी छन्। जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार रामेछाप जिल्लामा पाँच जना डाक्टरको दरबन्दी रहेकोमा पाँचै जना कार्यरत रहेका छन्। अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। यहाँ ६ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा एक जनाको दरबन्दी रिक्त रहेको छ। दुई ओटा दरबन्दी रहेको ल्याब असिस्टेण्टमा एक जना कार्यरत छन्। १ सय १६ जनाको दरबन्दी रहेको अहेब पदमा १ सय १० जना कार्यरत छन् भने ६ जनाको दरबन्दी रिक्त रहेका छन्। त्यसैगरी अनमिको दरबन्दी ८७ रहेकोमा ७६ जना कार्यरत रहेका छन् भने ११ जनाको दरबन्दी रिक्त रेको छ।

जिल्ला स्वास्थ्य कार्यालयको कूल बजेट १२ करोड ६९ लाख ३१ हजार रुपियाँ रहेको छ। प्रशासनिक खर्च ७ करोड ५१ लाख ९२ हजार रुपियाँ र औषधि खर्च ६६ लाख ५८ हजार रुपियाँ रहेको छ।

२.६ दोलखा



जिल्ला सदरमुकामः चरिकोट
क्षेत्रफल (वर्ग कि. मि.): २,१९१
घरधुरी सङ्ख्याः ४५,६८८
जम्मा जनसङ्ख्याः १,८६,५५७
पुरुषः ८७,००३
महिलाः ९९,५५४
अपाङ्ग सङ्ख्याः ५,५८७
गाविस/नपा सङ्ख्याः ५१/१
पुरुष साक्षरता सङ्ख्याः ६०,६१८
महिला साक्षरता सङ्ख्याः ५२,५९९
हिन्दू धर्मावलम्बी प्रतिशतः ६७.८
बौद्ध धर्मावलम्बी प्रतिशतः २२.३
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०२
किराँत धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.६३
प्रकृति धर्मावलम्बी प्रतिशतः ८.०७
अन्य धर्मावलम्बी प्रतिशतः ०.१४६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०८

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २४ जना पीडित भएका थिए भने सन् २०१४ मा २३ जना पीडित भए।

गत वर्ष गैरराज्य पक्षबाट १९ महिला र पाँच पुरुष गरी २४ जना पीडित भएका थिए भने यो वर्ष राज्य पक्षबाट एक पुरुष र गैरराज्य पक्षबाट २२ महिला पीडित भएको अभिलेख छ।

राज्यपक्षबाट मानवअधिकार उल्लङ्घनको घटनामा यो वर्ष एक जना पीडित भए भने गत वर्ष राज्य पक्षबाट हुने मानवअधिकार उल्लङ्घनको घटनामा कोही पीडित भएका थिएनन्। यस वर्ष गैरराज्य पक्षबाट एक महिलाको हत्या भयो। सन् २०१३ मा गैरराज्य पक्षबाट दुई जना महिला र दुई जना पुरुषको हत्या भएको थियो। यस वर्ष महिला अधिकारको १४ ओटा घटना अभिलेख भए, जसमध्ये कथित बोक्सीको आरोपमा एक जना, बलात्कार घटनामा दुई जना, बलात्कार प्रयास घटनामा दुई जना, बहुविवाहका घटनामा सात जना, घरेलु हिंसाको घटनामा दुई जना पीडित भए। बालअधिकार उल्लङ्घनका सात ओटा घटना अभिलेख भए, जसमध्ये पाँच जना बालिका बलात्कार, दुई जना बालिकामाथि यौन दुर्व्यवहार भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा नौ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट	
	पुरुष	जम्मा	महिला	जम्मा
घाइते	१	१		
बालअधिकार			७	७
महिलाअधिकार			१४	१४
हत्या			१	१
जम्मा	१	१	२२	२२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते

काभ्रे गाविस-३ का १८ वर्षीय अमित घिमिरे ०७० चैत २ गते प्रहरीले चलाएको गोली लागी घाइते भए। इलाका प्रहरी कार्यालयको गाडी तोडाफोड गरी कुटपिट घटनामा संलग्न रहेको आरोपमा गिरफ्तार भएका काभ्रे गाविस-७ का २६ वर्षीय तेजबहादुर तामाङलाई काभ्रे गाविस-३ का ४० वर्षीय मीनबहादुर घिमिरे लगायतले भगाएपछि प्रहरीले तीन राउण्ड हवाइ फायर गर्दा घिमिरेलाई गोली लागेको थियो। देब्रे घुँडामा गोली लागी घाइते भएका घिमिरेको प्रहरी नियन्त्रणमा दोलखा जनरल अस्पतालमा उपचार भयो। भारत घर भई काभ्रे गाविस-५ भेनियर उद्योगमा काम गर्ने मजदुरहरू रोन्जित तहान र राजु तहानलाई मीनबहादुर घिमिरेसहितले लाठी, रडले कुटपिट गरेको सूचना प्राप्त भएपछि झगडा नियन्त्रणमा गर्न प्रहरी परिचालन गरेकोमा घटनामा संलग्नहरू प्रहरीमाथि नै आइलागेको डीएसपी काफलेले बताए।

प्रहरीले चलाएको गोली लागी घाइते भएका अमित घिमिरे

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। नयाँ निर्मित १६ जनाको क्षमताको महिला कारागार भवनमा हाल कैद तोकिएका ४१ जना र कैद नतोकिएका २० जना थुनुवा गरी ६१ जना पुरुष बन्दी रहेका छन्। जसमा आश्रित बालक र बालिका रहेका छैनन्। बन्दी महिलालाई अन्य जिल्लामा पठाइन्छ। कारागारमा रहेका कैदी तथा बन्दीहरूलाई दैनिक ७ सय ग्राम चामल र ४५ रुपियाँ दिइन्छ। दैनिक पत्रिका तीन ओटा उपलब्ध गराइन्छ भने खेलकुदका लागि एक क्यारेमवोर्डको व्यवस्था छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दोलखा जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। जिल्ला अदालतमा ०७१ पुस १५ सम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दातर्फ १ सय ७८ थान र फौजदारी मुद्दातर्फ १ सय १७ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी छैनन्। यस अदालतमा प्रति न्यायाधीश १ सय ५० हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय १९ प्राथमिक, ७४ निम्न माध्यमिक र ८३ माध्यामक विद्यालय रहेका छन्। ८ सय ७३ जना शिक्षकको दरबन्दी रहेकोमा आठ जना शिक्षकको दरबन्दी रिक्त रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका २२ हजार १ सय २९ जना बालक र २४ हजार २ सय २८ जना बालिका विद्यालयमा भर्ना भए। विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या कति छ भन्ने शिक्षा कार्यालयसँग तथ्याङ्क नभएको जानकारी दिइयो।। कक्षा १ देखि ८ सम्मका ३ हजार ७ सय ५० जना दलित बालबालिकालाई ४ सय रुपियाँका दरले दलित छात्रवृत्ति उपलब्ध गराउँदा १५ लाख रुपियाँ र कक्षा नौ र १० का ४ सय जना दलित बालबालिकालाई ५ सयका दरले २ लाख रुपियाँ वितरण गरेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा तीन ओटा विद्यालय अपाङ्गतामैत्री रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
यौन दुर्व्यवहार	३	३
जम्मा	८	८

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष १० देखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू ३८ वर्ष उमेरसम्मको रहेका छन्। बलात्कार घटनामा नजिकका नातेदारको सङ्लग्नता देखियो। इन्सेकले गरेको अभिलेखमा आफ्नो छोरीलाई बलात्कार गर्ने एक जना बाबु समेत रहेका छन्।

१७ वर्षीया एक बालिकालाई ३८ वर्षीय बाबुले तीन वर्षदेखि बलात्कार गर्दै आएको र पछिल्लो पटक ०७० चैत १४ गते बलात्कार गरेको भन्दै पीडितले ०७० चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिइन्। पीडित बालिकाको सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई चैत १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०७१ असार १३ गते आरोपितलाई १५ वर्ष जेल सजाय र १ लाख २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने आदेश गऱ्यो।

१० वर्षीया एक बालिकालाई काटाकुटी गाविस-३ का १६ वर्षीय एक बालकले ०७१ जेठ २ गते पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडित परिवारले ०७१ जेठ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपितलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतले ०७१ असार १२ गते बालसुधार गृहमा राख्ने आदेश गऱ्यो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६५ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २५ जना, खानलाउन नदिएको २३ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको ११, अर्को पत्नी ल्याएर हेला गरेकोमा ६, मार्ने धम्की दिइएकोमा ६ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ६१ घटनामा मिलापत्र गराएको र ६ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	२	२
बलात्कारको प्रयास	२	२
बहुविवाह	७	७
घरेलु हिंसा	२	२
जम्मा	१४	१४

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

बोल्न नसक्ने ७२ वर्षीया एक महिलालाई भीमेश्वर नपा-४ का ६० वर्षीय राजकुमार योगीले ०७१ भदौ १० गते पीडितको घरमा नै बलात्कार गरेको आरोपमा पीडितका परिवारले जिल्ला प्रहरी कार्यालय, दोलखामा ०७१ भदौ ११ गते उजुरी दियो। पीडितको सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई ०७१ भदौ १० गते गिरफ्तार गरिएकोमा जिल्ला अदालतको ०७१ असोज ३ गतेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

काब्रे गाविस-६ की ४५ वर्षीय अम्बिका दाहाललाई ५० वर्षीय पति केदार दाहालले ०७० चैत १० गते घरायसी झगडामा आफ्नै घरमा खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको काठमाडौँस्थित वीर अस्पताल उपचारका क्रममा ०७० चैत ३० गते मृत्यु भयो। आरोपित केदारलाई ०७० चैत १२ गते ईलाका प्रहरी कार्यालय मैनापोखरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७१ वैशाख १० गतेको आदेशले आरोपित हाल पुर्पक्षका लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अधिकार

दोलखा जिल्लामा एउटा जिल्ला अस्पताल छ। जिल्लामा दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र, २५ ओटा स्वास्थ्य चौकी र २७ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा दुई जना डाक्टरको दरबन्दी रहेकोमा दुवै जना कार्यरत छन्। १ सय ११ जनाको दरबन्दी रहेको अहेब पदमा ३५ जनाको दरबन्दी रिक्त रहेको छ। यस जिल्लामा सबै पदमा गरी २ सय ३४ ओटा दरबन्दी रहेकोमा ३६ जनाको दरबन्दी रिक्त रहेको पाइयो। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १० करोड ७१ लाख २७ हजार रुपियाँको छ। त्यसमध्ये प्रशासनिक खर्च ७ करोड १२ लाख ८५ हजार रहेको छ। औषधीका लागि २४ लाख र कार्यक्रमका लागि ३ करोड ३४ लाख ४२ हजार रुपियाँ विनियोजन गरिएको छ।

२.७ रौतहट

जिल्ला सदरमुकामः गौर
क्षेत्रफल (वर्ग कि. मि.)ः १,१२६
घरधुरी सङ्ख्याः १,०६,६६८
जम्मा जनसङ्ख्याः ६,८६,७२२
पुरुषः ३,५१,०७९
महिलाः ३,३५,६४३
अपाङ्ग सङ्ख्याः ८,६९८
गाविस/नपा सङ्ख्याः ९६/१
पुरुष साक्षरता सङ्ख्याः १,६९,२०९
महिला साक्षरता सङ्ख्याः १,०५,५०२
हिन्दू धर्मावलम्बी प्रतिशतः ७७.७७
बौद्ध धर्मावलम्बी प्रतिशतः १.८५
इस्लाम धर्मावलम्बी प्रतिशतः १९.७
किराँत धर्मावलम्बी प्रतिशतः ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.१५
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१६
जैन धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.२५८
प्रतिपरिवार सरदर सङ्ख्याः ६.४४

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढेको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय १० जना पीडित भएका थिए भने सन् २०१४ मा १ सय १७ जना पीडित भए।

गत वर्ष राज्य पक्षबाट एक पुरुष र गैरराज्य पक्षबाट तीन महिला र दुई पुरुषको हत्या भएको थियो। यस वर्ष राज्य पक्षबाट गिरफ्तारी/ यातनाका घटनामा दुई जना पीडित भए भने गैरराज्य पक्षबाट पाँच जना महिला र एक जना पुरुषको हत्या भयो। कथित बोक्सीको आरोपमा चार जना, बलात्कारको घटनामा ६ जना, बहुविवाहको घटनामा पाँच जना, महिला बेचविखनको घटनामा दुई जना, घरेलु हिंसाको घटनामा ७३ जना, यौन दुर्व्यहारको घटनामा दुई जना, गर्भपतनको घटनामा दुई जना महिला यस वर्ष पीडित भए।

बालअधिकार उल्लङ्घनमा १३ जना पीडित भए, जसमध्ये एक जना बालिका बेचविखन, दुई जना बालिका बालविवाह, नौ जना बालिका बलात्कार, एक जना बालिकामाथि यौन दुर्व्यवहार भएको घटना इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा १८ जना बालबालिका पीडित भएका थिए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइयो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			१३		१३
महिलाअधिकार			९४		९४
गिरफ्तारी/यातना	२	२			
धम्की				१	१
हत्या			५	१	६
जम्मा	**२**	**२**	**११२**	**३**	**११५**

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

सन्तपुर (म) गाविस-६ का ४७ वर्षीय कलाधर पौडललाई ०७० चैत १७ गते राती अज्ञात समूहले गोली हानी घाइते बनायो। घरमा सुतिरहेका पौडेललाई राती करीब ११ बजे पाँचदेखि ६ जनाको सङ्ख्यामा आएका आज्ञात व्यक्तिहरूले सुतिरहेको स्थानमा गोली प्रहार गरेका थिए। घाइतेको तिघ्रामा गोली लागेको थियो। सो समूहले पौडेललाई गोली हानी घाइते बनाएपछि घर बाहिर निकाली पुनः दाहिने पाखुरामा गोली प्रहार गरेको र टाउकोमा रडले प्रहार गरी घाइते बनाएको पीडितका आफन्त सूर्यप्रसाद पौडेलले बताए। घाइतेको चितवन जिल्ला भरतपुरस्थित मेडिकल

कलेजमा उपचार भयो। घाइते पौडेल भैंसीको व्यापारी भएकाले सोही रिसका कारण गोली प्रहार गरेको हुनसक्ने प्रहरीले आशङ्का गरेको छ। घटनामा संलग्नहरूलाई प्रहरीले यो वर्षको अन्त्यसम्म गिरफतार गर्न सकेन।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ९५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५८ जना र कैद नतोकिएका ७३ जना कैदी र थुनुवा गरी जम्मा १ सय ३१ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना रहेका छन्। १९७५ सालमा निर्माण भएको यस कारागारमा सुरुमा ७५ जनाको क्षमता भए पनि हाल दुई तले भवन निर्माण भएपछि ९५ जनाको क्षमता रहेको छ। कारागारमा क्षमताभन्दा बढी बन्दी राख्नु परेका कारण कैदी बन्दीहरूलाई सुत्न कठिनाइ हुने गरेको छ। कारागारमा खानेपानीको सुविधा भए पनि ढल निकासको समस्या भएकाले कैदी बन्दीहरूले थोरै मात्रामा पानीको प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ। कारागारभित्र एक जना प्रावि शिक्षकको दरबन्दी भए पनि कैदी बन्दीहरूले पढ्न रुची नदेखाउने गरेको कारागार प्रशासनले जनाएको छ। कारागारमा एक जना अहेवको दरबन्दी रहेकाले सामान्य रोगको उपचार कारागारभित्रै हुने गरेको जेलर अनीता राजलवटले बताइन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रौतहट जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ५ सय ९५ थान र फौजदारी मुद्दा १ सय २६ थान रहेका छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा ३५ थान र फौजदारी मुद्दा १० थान फर्स्यौट हुन बाँकी रहेको जिल्ला अदालतले जनायो। मुद्दाको सङ्ख्याका आधारमा प्रति न्यायाधीश १ सय १९ थान मुद्दा भागमा पर्ने देखिन्छ।

बाल अधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय २० प्राथमिक, ८८ निम्नमाध्यमिक, ५५ माध्यमिक विद्यालयहरू रहेका छन्। शिक्षकतर्फ प्राथमिक तहमा स्वीकृत दरबन्दीमा १ हजार २३, राहत अनुदान कोटामा ५ सय ४१ र महिला परियोजनामा २८ गरी १ हजार ५ सय ९२ जना, निम्नमाध्यमिक तहमा दरबन्दीमा १ सय ७४, राहत अनुदानमा ८४ गरी २ सय ५८ जना, माध्यमिक तहमा दरबन्दीमा १ सय ९०, राहत अनुदानमा ४८ गरी २ सय ३८ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। शिक्षा कार्यालयमा तीन जना लेखापालको दरबन्दी रहेकोमा कार्यरत एक जना पनि नभएका कारण अन्य विवरण राख्न नसकिएको निमित्त जिल्ला शिक्षा अधिकारी रामदरश यादवले बताए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका ओसारपसार	१	१
बालविवाह	२	२
बलात्कार	९	९
यौन दुर्व्यवहार	१	१
जम्मा	१३	१३

जिल्लाका अधिकांश विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूले असारको पहिलो हप्ता सकिँदासमेत सरकारले उपलब्ध गराएको नि:शुल्क पाठ्यपुस्तक पाउन सकेनन्। जिल्ला शिक्षा कार्यालय रौतहटले सम्पूर्ण विद्यालयहरूलाई विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको फोटोसहितको तथ्याङ्क उपलब्ध गराउन निर्देशन दिए पनि विद्यालयहरूले अटेर गर्दा विद्यार्थीहरू मर्कामा परेका थिए।

बालबालिका बेचबिखन तथा ओसारपसार

सन्तपुर (म) गाविस-६ हाल चन्द्रपुर नपा-११ की १४ वर्षीया एक बालिकालाई सोही ठाउँका ३० वर्षीय ओजिर मन्सुरीले ०७१ साउन ३१ गते राती ललाइ फकाइ बेचेबखन गर्ने उद्देश्यले भारततर्फ लगेको आरोपमा पीडितकी आमा ३३ वर्षीय महिलाले ईलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरमा ०७१ असोज १० गते जाहेरी दर्ता गराइन्। आफ्नै घरमा सुतिरहेको अवस्थामा आरोपितले पीडितलाई विभिन्न प्रलोभन देखाई फकाएर लगेको र भारततर्फ बिक्री गरेको उनले बताइन्। प्रहरीले आरोपितलाई यो वर्षको अन्त्यसम्म पनि गिरफतार गर्न सकेन।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष पाँचदेखि १७ वर्ष उमेर समूहका नौ बालिका बलात्कृत भए भने एक बालिका यौन

दुर्व्यवहारबाट पीडित भइन्। घटनाका आरोपितहरू १७ वर्षदेखि ५३ वर्ष उमेरसम्मका रहेका छन्। विभिन्न मितिमा चार जना बालिकालाई बलात्कार र अप्राकृतिक मैथुन गरेको आरोपमा चन्द्रपुर नपा-४ का ५३ वर्षीय भक्तबहादुर राईलाई प्रहरीले गिरफ्तार गरेको घटनासमेत रहेका छन्।

१३ वर्षीया एक बालिकालाई प्रेमपुर गोनाही गाविस-८ उचीडिह टोलका ५० वर्षीय रफिद अन्सारीले ०७१ साउन ९ गते दिउँसो बलात्कार गरेको आरोपमा पीडितकी आमाले इलाका प्रहरी कार्यालय गरुडामा साउन ११ गते जाहेरी दर्ता गराइन्। पीडितको चन्द्रनिगाहपुर अस्पतालमा साउन ११ गते स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितलाई प्रहरीले साउन १८ गते गिरफ्तार गरी मुद्दा चलाएकोमा जिल्ला अदालतको ०७१ भदौ १४ गतेको आदेशले आरोपित ४५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ४६ जना महिलाहरू र दुई जना पुरुषहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र गरुडामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गररेकोमा ७२, श्रीमानले वास्ता नगरेकोमा ५३, नागरिकता र विवाह दर्ता नबनाइ दिएकोमा तीन, घरमा बस्न नदिएकोमा ६ जना, खान लाउन नदिएकोमा १० जना, दाइजोको निहुँमा कुटपिट एक जना र श्रीमतीले हिंसा गरेकोमा दुई उजुरी समेत जम्मा १ सय ४८ उजुरी दर्ता भए। दर्ता भएका उजुरीमध्ये १ सय ७ ओटा मिलापत्र, सात ओटा कानुनी काराबाहीका लागि अदालतमा गएको र ३४ ओटा उजुरीउपर कारबाही हुन बाँकी रहेको सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	४	४
बलात्कार	६	६
बहुविवाह	५	५
महिला बेचबिखन	२	२
घरेलु हिंसा	७३	७३
यौन दुर्व्यवहार	२	२
गर्भपतन	२	२
जम्मा	९४	९४

यसवर्ष रौतहट जिल्लामा ६ जना महिला बलात्कार र दुई जना महिलामाथि यौन दुर्व्यवहार भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनामध्ये दुई घटनाका आरोपितलाई रौतहट जिल्ला अदालतले पाँच वर्ष कैद सजायको फैसला गऱ्यो। बलात्कार घटनामध्ये एक जना महिला सामूहिक बलात्कारबाट पीडित भएकी थिइन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१८ वर्षीया एक युवतीलाई ०७१ वैशाख १० गते जुडिबेला गाविस-५ का २४ वर्षीय सुवास कुँवर, सोही गाविस-४ का २० वर्षीय धिरेन्द्र धामी, सोही ठाउँका १८ वर्षीय सञ्जय धामी, सोही ठाउँका २१ वर्षीय राजेश धामी, चन्द्रनिगाहपुर गाविस-५ का २२ वर्षीय एक पुरुष र धनुषा जिल्ला भुचकपुर गाविस-९ का ४० वर्षीय कनकलाल माझीले सामूहिक बलात्कार गरेको भन्दै पीडितले ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा वैशाख ११ गते जाहेरी दर्ता गराइन्। पीडित युवतीलाई कनकलाल माझीले घरसम्म पुऱ्याइदिने भन्दै जङ्गलभित्र पुऱ्याएका थिए। सोही ठाउँमा रहेका अन्य आरोपितसमेतले पालैपालो बलात्कार गरेको पीडितको आरोप छ। प्रहरीले कनकलाल माझी, सुवास कुँवर, धिरेन्द्र धामी र सञ्जय धामीलाई गिरफ्तार गऱ्यो। पीडितको चन्द्रनिगाहपुर अस्पतालमा सोही दिन स्वास्थ्य परीक्षण गराइएको ईलाका प्रहरी कार्यालयले जनायो। जिल्ला अदालतको ०७१ जेठ ६ गतेको आदेशले उनीहरू पुर्पक्षको लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन। घटनामा संलग्न अन्य आरोपित फरार छन्।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

कथित बोक्सीको आरोपमा यो वर्ष रौतहट जिल्लामा चार जना महिला पीडित भए, पीडित हुनेहरूमा ४० देखि ६८ वर्ष उमेरसम्मका रहेका छन्। यस्ता घटनामध्ये एक घटनाका आरोपितहरूलाई रौतहट जिल्ला अदालतले जनही ५ हजार रुपियाँ जरिवाना गरे पनि दुई घटनाका आरोपित धरौटीमा रिहा भए भने एक घटनाका आरोपितलाई कानुनको दायरामा ल्याउन सकेको छैन। कथित बोक्सीको

आरोपमा पीडित भएकी दुई महिलालाई अभक्ष समेत खुवाउने प्रयास भएको थियो।

प्रेमपुर गोनाही गाविस-७ की ६८ वर्षीया चम्पादेवी दुसाधीनलाई सोही ठाउँका ४५ वर्षीय मुननेस्वर हजरा दुसाध, ५५ वर्षीय नन्दु हजरा दुसाध, ५५ वर्षीय जयपत हजरा दुसाध र ४० वर्षीय सुरतीया देवी दुसाधीनले ०७० फागुन ९ गते बिहान बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडितले फागुन २५ गते ईलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दर्ता गराइन्। आरोपितहरूले पीडितलाई सोही दिन बिहान १० बजे बोक्सीको आरोप लगाउँदै कुटपिट गरी घाइते समेत बनाएको र अभक्षसमेत खुवाउने प्रयास गरेको पीडितले बताइन्। आरोपितहरूलाई प्रहरीले गिरफ्तार गर्न नसकी जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा अदालतको ०७१ असोज ३० गते आरोपितहरू सबैलाई जनही ५ हजार रुपैँया जरिवाना हुने फैसला गऱ्यो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

राजपुर फरहदवा गाविस-९ की १७ वर्षीया सवना खातुनलाई उनका पति ४३ वर्षीय जवीर आलम र सौता २० वर्षीया रौसनीया खातुनले ०७१ भदौ ४ गते कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले दुवै जनालाई मङ्सिर १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको पुस १६ गतेको आदेशबमोजिम दुवैजना आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडित महिलाको शव प्रहरीले राजपुर फरहदवा गाविस-९ स्थित खेतमा ०७१ भदौ ५ गते बेवारिसे अवस्थामा फेला पारी अनुसन्धान गरेको थियो। जिल्ला अस्पताल गौरमा भदौ ५ गते शवको पोस्टमार्टम भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रामप्रकाश चौधरीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा अस्पताल, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र, आठ ओटा स्वास्थ्य चौकी र ८५ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। ११ जना डाक्टरको दरबन्दी रहेको रौतहटमा ११ ओटै दरबन्दी रिक्त रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनायो। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार सात जना डाक्टर करारमा कार्यरत रहेका छन्। स्टाफ नर्सका २२ ओटा दरबन्दीमा १८ ओटा दरबन्दी रिक्त रहेका छन्। अहेब २ सय २२ जना हुनुपर्नेमा १ सय ८३ जनामात्रै कार्यरत छन्। अनमिको दरबन्दी सङ्ख्या १ सय २८ भए पनि कार्यरतको सङ्ख्या ९४ मात्र छ। रौतहट जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा ४ सय २७ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले १ सय ११ जनाको दरबन्दी रिक्त रहेको जनायो।

२.८ बारा

जिल्ला सदरमुकामः कलैया
क्षेत्रफल (वर्ग कि. मि.)ः १,१९०
घरधुरी सङ्ख्याः १,०८,६३५
जम्मा जनसङ्ख्याः ६,८७,७०८
पुरुषः ३,५१,२४४
महिलाः ३,३६,४६४
अपाङ्ग सङ्ख्याः ११,६४९
गाविस/नपा सङ्ख्याः ८९/१
पुरुष साक्षरता सङ्ख्याः २,०४,७१८
महिला साक्षरता सङ्ख्याः १,३०,१७८
हिन्दू धर्मावलम्बी प्रतिशतः ८१.७३
बौद्ध धर्मावलम्बी प्रतिशतः ४.५३
इस्लाम धर्मावलम्बी प्रतिशतः १३.०४
किराँत धर्मावलम्बी प्रतिशतः ०.१९
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.२४
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०८
शिख धर्मावलम्बी प्रतिशतः ०.००१
अन्य धर्मावलम्बी प्रतिशतः ०.१९१
प्रतिपरिवार सरदर सङ्ख्याः ६.३३

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३५ जना पीडित भएका थिए भने सन् २०१४ मा यो सङ्ख्यामा ६४ पुगेको छ। गत वर्ष राज्य पक्षबाट १२ जना पुरुष पीडित भएका थिए भने गैरराज्य पक्षबाट १५ जना महिला र आठ जना पुरुष गरी २३ जना पीडित भएका थिए। यस वर्ष राज्य पक्षबाट एक महिला र सात पुरुष गरी आठ जना पीडित भए भने गैर राज्यपक्षबाट ४२ महिला र १४ पुरुष गरी ५६ जना पीडित भए।

यस वर्ष राज्य पक्षबाट एक पुरुषको हत्या भयो। गिरफ्तारी/यातना तथा राज्य पक्षबाट कुटपिटको घटनामा पाँच जना पीडित भए, महिला अधिकार उल्लङ्घनको घटनामा १८ जना पीडित भए, जसमध्ये बलात्कारको घटनामा एक जना, बलात्कारका प्रयास घटनामा एक जना, बहुविवाहको घटनामा ६ जना, घरेलु हिंसाका घटनामा नौ जना, यौन दुर्व्यवहारको घटनामा एक जना यस वर्ष पीडित भए। सन् २०१३ मा १५ जना महिला पीडित भएका थिए। बालअधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका पीडित भए, जसमध्ये बलात्कार घटनामा नौ जना र यौन दुर्व्यवहारको घटनामा पाँच जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा दुई जना बालिका पीडित भएका थिए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		२	२	२	४	६
बालअधिकार				१४		१४
अमानवीय व्यवहार					१	१
अपहरण					३	३
महिलाअधिकार				१८		१८
गिरफ्तारी/यातना		१	१			
कुटपिट	१	३	४			
हत्या		१	१	८	६	१४
जम्मा	१	७	८	४२	१४	५६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

यस वर्ष राज्य पक्षबाट एक जना र गैरराज्य पक्षबाट १४ जनाको हत्या भएको घटना इन्सेकले अभिलेख गऱ्यो। सडक मर्तमतको माग गर्दै प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीमाथि सशस्त्र प्रहरीले ताकेर गोली प्रहार गरेको स्थानीयको आरोप छ भने चारैतिरबाट घेराहाली आफूहरूमाथि आक्रमण हुँदा हवाइ फायरको क्रममा गोली लागी मृत्यु भएको प्रहरीले दावी गरेको छ।

हरिहरपुर गाविस-७ नयका टोलका ४२ वर्षीय जयनाराण पटेलको ०७१ असोज २६ गते हरिहरपुर गाविस-४ स्थित महादेव स्थानमा सडक मर्मतको माग लिएर प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीको भीडमा सशस्त्र प्रहरीले चलाएको गोली छातीमा लागी घटनास्थलमै मृत्यु भयो। सोही घटनामा सशस्त्र प्रहरीको गोली लागी हरिहरपुर गाविस-५ का २८ वर्षीय साह महमद घाइते भए। दर्जनौ स्थानीयवासी प्रहरीको कुटाइबाट सामान्य घाइते भएको स्थानीय बासिन्दाले जनाए । प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट सशस्त्र प्रहरीका प्रहरी नायब उपरीक्षक ४८ वर्षीय अर्जुन सापकोटाको दाहिने हात र २८ वर्षीय प्रहरी जवान सीताराम विष्ट आँखामा गम्भीर चोट लागी घाइते भए। पिठ्युँमा गोली लागेका प्रदर्शनकारी महम्मदको काठमाडौंस्थित त्रिविवि शिक्षण अस्पतालमा उपचार भयो। सिम्रौनगढ जाँदै गरेका सशस्त्र प्रहरीमाथि प्रदर्शनकारीले ढुङ्गामुढा गर्न थालेपछि स्थिति तनावपूर्ण बनेको थियो। सशस्त्र प्रहरीले गोली लागी पटेलको मृत्यु भएपछि प्रदर्शनकारीले सशस्त्र प्रहरीको ना १ झ ७२० र ना १ ग ५८८ नम्बरको दुई ओटा गाडीमा आगजनी गरेका थिए। यो घटनाअघि अर्थात असोज २५ गते सिम्रौनगढमा नेपाल प्रहरी र स्थानीय तथा युवा विद्यार्थीबीच झडप भएको थियो। झडपका क्रममा प्रहरीले दर्जनौ हवाई फायर र अश्रुग्यास प्रहार गरेको थियो। प्रदर्शनकारीले इलाका प्रहरी कार्यालय सिम्रौनगढको पर्खाल, प्रतीक्षालय लगायतमा तोडफोड गरी भान्सा कोठामा आगजनी गरेका थिए। सडक मर्मत हुनुपर्ने माग गर्दै विद्यार्थीले पावर हाउस चोकमा गाडी सञ्चालनमा अवरोध पुऱ्याएपछि त्यहाँ पुगेका प्रहरी र विद्यार्थीबीच तनाव बढ्दा प्रहरीले विद्यार्थी उमेश कुसवाहासहितका अन्य चार जनालाई नियन्त्रणमा

लिएपछि इलाका प्रहरी कार्यालयमा सयौँको सङ्ख्यामा स्थानीय तथा युवा विद्यार्थीहरूले घेराउ गर्न पुग्दा झडप भएको थियो। यस घटनाको संसद्मा चर्को आलोचना भएपछि व्यवस्थापिका संसद्ले सात सदस्यीय संसदीय विशेष छानबिन समिति बनायो। घटनाको छानबिन भए पनि समितिले आफ्नो प्रतिवेदन सार्वजनिक गरेको छैन। त्यसैगरी इन्सेक, एडभोकेसी फोरम र कोक्याप लगायतका संस्थाले सो घटनाको स्थलगत अध्ययन गरेका थिए।



सशस्त्र प्रहरीले चलाएको गोली लागेर मृत्यु भएका जयनारायण पटेल

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पाँच जना न्यायाधीशको दरबन्दी रहेकामा पाँचै जना कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ हजार ९ सय २२ थान र फौजदारी मुद्दा ४ सय ९६ रहेका छन्। दुई वर्षभन्दा पुराना मुद्दाहरूमध्ये देवानी मुद्दा १७ र फौजदारी मुद्दा सात थान रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा प्रति न्यायाधीश करिव ५ सय ओटा मुद्दा हेर्नुपर्ने देखिन्छ।

धम्की/कुटपिट

यस वर्ष धम्की/कुटपिट घटनामा एक महिला र तीन जना पुरुष गरी चार जना पीडित भए भने सन् २०१३ मा एक जना पीडित भएका थिए । यो वर्ष इन्सेकले अभिलेख गरेको घटनामा राज्य पक्षबाट एक जना पत्रकारमाथि दुर्व्यवहार भयो।

गढीमाई नपा-७ निवासी पत्रकार २४ वर्षीय मोहित चौधरीलाई भदौ १७ गते इलाका प्रहरी कार्यालय जीतपुरका प्रहरी नायब निरीक्षक अरुण कुसवाहाले इलाका प्रहरी कार्यालयको प्राङ्गणमा दुर्व्यवहार गर्दै कुटपिट गरे। शिवशक्ति घ्यू उद्योगको प्रदुषण फैलिएको विषयमा उद्योग र स्थानीय बासिन्दाबीच भइरहेको छलफलको समाचार सङ्कलन गर्न गएका पत्रकार चौधरीलाई कुसवाहाले कुटपिट गर्दा उनको पिठ्यु, घाँटी र कन्चटमा चोट लागेको थियो।

प्रदर्शकारी र प्रहरी बीच भएको झडपमा प्रहरीले प्रहार गरेको गोली लागी घाइते भएका शाह महम्मद

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजक व्यवहार वा दण्ड

यस वर्ष प्रहरीको कुटपिटबाट दुई जना पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। हरैया गाविस-३ का ४५ वर्षीय श्रीचन पासवान, उनका छोरा २५ वर्षीय रामध्यान पासवान र २६ वर्षीय भान्जा सनी पासवानलाई ०७० फागुन १६ गते 'निर्देशन' नमानेको भन्दै प्रहरीले निर्घात कुटपिट गऱ्यो । प्रहरी चौकी मधुवनका प्रहरी सहायक निरीक्षक खगेन्द्र महतो र प्रहरी हवल्दार नवराज न्यौपानेले बाँसको फटाले कुटपिट गरेको पीडितहरूले बताए। कुटपिटबाट घाइते भएका उनीहरूको कलैया अस्पतालमा उपचार भएको थियो। तीनै जनाको ढाड, हत्केलामा चोट लागेको थियो। सनी पासवानको हत्केला फुटेको थियो। रामध्यानको खुट्टा र ढाडमा चोट लागेको थियो। प्रहरी सहायक निरीक्षक महतोले निर्देशन नमान्दा कुटपिट गरेको बताए। पीडितले प्रहरी विरुद्ध उजुरी गरेनन्। घटना त्यतिकै सामसुम भयो।

बालअधिकार

शिक्षाको अधिकार

जिल्लामा ३ सय २१ ओटा प्राथमिक, ८६ ओटा निम्न माध्यामिक र ३९ ओटा माध्यामिक विद्यालय रहेका छन्। २ हजार २ सय ५४ जना शिक्षक दरबन्दी

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	९	९
यौन दुर्व्यवहार	५	५
जम्मा	१४	१४

प्रदर्शनकारी र प्रहरी बीच भएको झडपमा परी प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागी घाइते भएका सशस्त्र प्रहरी नायब उपरीक्षक अर्जुन सापकोटा, प्रहरी निरीक्षक निरञ्जन थापा र प्रहरी जवान सीताराम विष्ट

रहेकोमा १५ ओटा दरबन्दी रिक्त रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लाका विद्यालय जाने उमेरका २ लाख ३४ हजार ५ सय ८७ मध्ये छात्रा १ लाख १८ हजार ४ सय ६२, छात्र १ लाख १६ हजार २ सय ५ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २१ हजार ३ सय ४३ र छात्र २१ हजार ५ सय ९१ रहेका छन्। ५ सय ७२ ओटा बालविकास केन्द्रमा छात्र ११ हजार ६ सय ६४ र छात्रा ११ हजार ९ सय ५३ रहेका छन् , जसमध्ये दलित बालक ३ हजार २ सय ७५ र बालिका ३ हजार २ सय १५ छन्। जिल्ला शिक्षा कार्यालयले कूल विद्यालय मध्ये ७० प्रतिशत विद्यालयमा सुविधायुक्त शौचालय रहेको जनायो। दलित छात्रवृत्ति, बालमैत्री भवनको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयमा अभिलेख गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

सन् २०१४ मा ६ वर्षदेखि १७ वर्ष उमेर समूहका नौ जना बालिका बलात्कृत भए भने पाँच जना बालिका बलात्कार प्रयास तथा यौन दुर्व्यवहारबाट पीडित भए। घटनाका आरोपितहरू ४५ वर्ष उमेरसम्मका रहेका छन्। बलात्कार घटनामा स्थानीय व्यक्ति, शिक्षक तथा अज्ञात व्यक्तिको संलग्नता देखियो। दुई जना बालिकाको बलात्कारपछि हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

कलैया नपा-७ की छ वर्षीया रियाकुमारी साहको ०७० चैत २७ गते राती बलात्कारपछि हत्या भयो। मामाघरमा दुई वर्षदेखि बस्दै आएकी ती बालिका खेल्दै गर्दा ललाईफकाई घरसँगै रहेको बरेवा दरबार लगेर बलात्कार गरी हत्या गरिएको थियो। पीडित पक्षले बालिका हराएको खबर प्रहरीलाई गरेपछि खोजतलास गर्दा बालिका अचेत अवस्थामा भेटिएकी थिइन्। घटनाको छानविन गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोबाट थप टोली बारा गएको थियो। हत्याको आरोपमा कलैया-७ निवासी ३८ वर्षीय सञ्जीव विक्रम शाह र २८ वर्षीय बैजु राउत मेस्तरलाई वैशाख २५ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको जेठ २१ गतेको आदेशले शाह पुर्पक्षका लागि कारागार चलान भए भने अर्का आरोपित मेस्तर ५ हजार रुपियाँ धरौटी राखेर रिहा भए।

कलैया-८ की आठ वर्षीया एक बालिकाको ०७१ कात्तिक २२ गते राती बलात्कारपछि हत्या भयो। कक्षा एकमा अध्ययनरत बालिका घरबाट साँझ ७ बजे १० रुपियाँ लिएर भाइका लागि चाउचाउ किन्न जाँदा पसल नपुग्दै अपरिचित व्यक्तिले बाटोबाट ललाइफकाइ कलैया अस्पतालको औषधि गोदाम घरको पछाडिपट्टिको झाडीमा बलात्कारपछि हत्या गरेका थिए। घरबाट पसल लगभग २ सय मिटरको दूरीमा छ भने घटनास्थल झन्डै ५ सय मिटरको दूरीमा छ। बालिकासँगै पसलमा गएकी उनकी ६ वर्षीया बहिनीले घरमा आएर दिदीलाई लगेको जानकारी गराएपछि आफन्तसहित प्रहरी घटनास्थलमा खोज्दै जाँदा बालिका रक्ताम्य र निर्वस्त्र अचेत भेटिएकी थिइन्। बालिकालाई प्रहरीले नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचारका लागि लग्दा भर्ना नहुँदै चिकित्सकले मृत्यु भएको जानकारी दिएको जिल्ला प्रहरीका डीएसपी रविन्द्र रेग्मीले बताए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा पिप्राविर्ता-३ घर भई कलैया-८ मदर्शा टोलमा डेरा गरी बस्ने २८ वर्षीय गुल्लु भनिने अरबिन्दलाल दास, सोही ठाउँका १७ वर्षीय पवनकुमार मिश्र र घटना ढाकछोप गर्न सहयोगीको भूमिकामा

रहेका ३७ वर्षीय मदनकुमार मिश्रलाई गिरफ्तार गरी ०७१ पुस ९ गते सार्वजनिक गरेको थियो। आरोपितका परिवारजनले पुस ९ गते पत्रकार सम्मेलन गरी प्रहरीले घटनामा जबर्जस्ती फसाउन खोजेको आरोप लगाए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा ४ सय २५ जनाले उजुरी दर्ता गराए। जसमध्ये कुटपिट ९६, घरनिकाला गरिएका ६८, खानलाउन नदिएको १ सय २८, विवाह दर्ता नबनाएको १, नागरिकता नबनाएको १५, सम्बन्धविच्छेद ११, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ६, मार्ने धम्की दिइएकोमा १ सय ११ उजुरी पऱ्यो। जसमध्ये ३ सय ५१ मिलापत्र भएको र ४६ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो।

यस वर्ष एक जना महिला सामूहिक बलात्कृत भइन् भने एक जना महिला बलात्कार प्रयास तथा एकजना यौन दुर्व्यवहारबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सामूहिक बलात्कार घटनाका सबै आरोपितहरूलाई कानुनको दायरामा ल्याइएको छ भने बलात्कार प्रयासका घटनामा पीडकलाई १ महिना १३ दिन जेल सजाय र ५ हजार रुपियाँ जरिवाना गऱ्यो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बलात्कारको प्रयास	१	१
बहुविवाह	६	६
घरेलु हिंसा	९	९
यौन दुर्व्यवहार	१	१
जम्मा	१८	१८

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

३० वर्षीया एक महिलालाई ०७० चैत २२ गते उखु खेतमा शौच गर्न गएको बेला विशुनपूर्वा-८ का ३२ वर्षीय हरिन्द्र सहनीले बलात्कार प्रयास गरेको आरोपमा पीडितले चैत २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिन्। जिल्ला अदालतले ०७१ जेठ ५ गते आरोपितलाई एक महिना १३ दिन जेल सजाय र ५ हजार रुपियाँ जरिवाना गर्ने आदेश गऱ्यो।

घरेलु हिंसा

दाइजोको कारण हत्या

बारा जिल्ला पत्रहट्टी गाविस-९ की २१ वर्षीया खुश्वुदेवी सहनीलाई ०७० पुस १७ गते उनकी सासू ४२ वर्षीया लक्ष्मीनिया देवी सहनी र ससुरा मखन सहनीले घर बनाउन माइतीबाट पैसा नल्याएको निहुँमा हत्या गरे। घटनामा संलग्न रहेको आरोपमा लक्ष्मीनिया देवीलाई प्रहरीले पुस १९ गते गिरफ्तार गरी मुद्दा चलाएकोमा जिल्ला अदालतको ०७० माघ २३ गतेको आदेशले पुर्पपक्षका लागि जेल चलान भइन्। खुश्बुका पति बलिराम सहनी र सुसुरा मखन सहनी हालसम्म फरार छन्। पटकपटक रकम माग्दा नपाएपछि पति, सासू र ससुरा मिलेर कुटपिट गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रामनाथ घिमिरेले बताए। प्रहरीले खुश्बूको शव बरियारपुर गाविस-७ स्थित भुतही खोलाको किनारामा गाडेको अवस्थामा पुस १९ गते फेला पारेको थियो। पोस्टमार्टम रिपोर्टमा टाउकोमा गम्भीर चोट लागी मष्तिष्कमा भएको अत्याधिक रक्तस्रावले उनको मृत्यु हुन पुगेको उल्लेख भएको इन्स्पेक्टर घिमिरेले जनाए। पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, ४६ ओटा स्वास्थ्य चौकी र ४८ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार जिल्लामा १९ जना डाक्टरको दरबन्दी रहेकोमा तीन जना मात्रै कार्यरत रहेका छन्। १६ ओटा डाक्टरको दरबन्दी रिक्त रहेको छ। १५ जनाको दरबन्दी रहेको स्टाफ नर्समध्ये सात जना कार्यरत रहेको र आठ ओटा दरबन्दी रिक्त रहेको छ। सात जना स्टाफ नर्स कार्यरत छन्। ११ ओटा दरबन्दी रहेको ल्याब असिस्टेण्टमा नौ जना कार्यरत छन्। २ सय ५९ जनाको दरबन्दी रहेको अहेब पदमा ६३ ओटा दरबन्दी रिक्त रहेको छ। त्यसैगरी अनमिको दरबन्दी १ सय ६९ मध्ये ७३ ओटा दरबन्दी रिक्त रहेको छ। हेल्थ असिस्टेण्टको दरबन्दी ६३ रहेकोमा ४४ ओटा दरबन्दी रिक्त रहेको छ। यस जिल्लामा सबै पदमा गरी ५ सय ३९ ओटा दरबन्दी रहेकोमा २ सय ६ जनाको दरबन्दी रिक्त रहेको पाइयो। यसले गर्दा आम नागरिकको स्वास्थ्यको अधिकारप्रति राज्य संवेदनशील नभएको पाइएको छ। स्त्री रोग विशेषज्ञ एक जना पनि नभएको स्वास्थ्य कार्यालयले जनाएको छ।

२.९ पर्सा

जिल्ला सदरमुकामः विरगञ्ज
क्षेत्रफल (वर्ग कि. मि.): १,३५३
घरधुरी सङ्ख्याः ९५,५३६
जम्मा जनसङ्ख्याः ६,०१,०१७
पुरुषः ३,१२,३५८
महिलाः २,८८,६५९
अपाङ्ग सङ्ख्याः ६,२१५
गाविस/नपा सङ्ख्याः ८२/१
पुरुष साक्षरता सङ्ख्याः १,९४,०००
महिला साक्षरता सङ्ख्याः १,१९,४५०
हिन्दू धर्मावलम्बी प्रतिशतः ८३.१
बौद्ध धर्मावलम्बी प्रतिशतः १.६८
इस्लाम धर्मावलम्बी प्रतिशतः १४.४८
किराँत धर्मावलम्बी प्रतिशतः ०.४३
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.१३
जैन धर्मावलम्बी प्रतिशतः ०.०२
शिख धर्मावलम्बी प्रतिशतः ०.०२२
अन्य धर्मावलम्बी प्रतिशतः ०.१४७
प्रतिपरिवार सरदर सङ्ख्याः ६.२९

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ८७ जना पीडित भएका थिए भने सन् २०१४ मा यो सङ्ख्यामा ७३ रहेको छ। गत वर्ष राज्य पक्षबाट एक महिला र सात जना पुरुष पीडित भएका थिए भने गैरराज्य पक्षबाट ६८ जना महिला र ११ जना पुरुष गरी ७९ जना पीडित भएका थिए। यस वर्ष राज्य पक्षबाट चार पुरुष पीडित भए भने गैर राज्यपक्षबाट ६५ महिला र ४ पुरुष गरी ६९ जना पीडित भए।

गैरराज्य पक्षबाट पाँच जना महिला र दुई जना पुरुष गरी सात जनाको हत्या भयो। सन् २०१३ मा एक जना महिला र एक जना पुरुषको हत्या भएको थियो। महिला अधिकार उल्लङ्घनको घटनामा ४८ जना पीडित भए, जसमध्ये कथित बोक्सीको आरोपमा चार जना, बलात्कारको घटनामा दुई जना, बलात्कारको प्रयास घटनामा पाँच जना, बहुविवाहको घटनामा दुई जना, घरेलु हिंसाको घटनामा ३३ जना यस वर्ष पीडित भए। सन् २०१३ मा ५३ जना महिला पीडित भएका थिए। बालअधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका पीडित भए, जसमध्ये बलात्कार घटनामा सात जना र यौन दुर्व्यवहारको घटनामा दुई जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१२		१२
अमानवीय व्यवहार				१	१
महिलाअधिकार			४८		४८
भेला/सङ्गठित हुने अधिकार	४	४			
जातीय विभेद				१	१
हत्या			५	२	७
जम्मा	**४**	**४**	**६५**	**४**	**६९**

धम्की/कुटपिट

नेकपा-माओवादीबाट

वीरगञ्ज नपा-१० निवासी खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय वीरगन्जका इन्जिनियर ५५ वर्षीय रामहित यादवलाई ०७१ जेठ १८ गते नेकपा-माओवादीका कार्यकर्ताहरूले मोसो दलेर दुर्व्यवहार गरे। कार्यालयको बजेट हिनामिना तथा भ्रष्टाचार गरेको आरोप लगाउँदै नेकपा-माओवादीका कार्यकर्ताहरूले दिउँसो कार्यकक्षमै बसेका बेला यादवको अनुहारमा मोसो दलेका थिए। नेकपा-माओवादी निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारी (वैद्य समूह) का केन्द्रीय सदस्य २४ वर्षीय राकेश यादव र

जनस्वयम्सेवक सङ्गठनका बिमल पौडेलको नेतृत्वमा गएका चार पाँच जनाको समूहले यादवको अनुहारमा मोसो दलेर दुर्व्यवहार गरेको थियो। मोटरसाइकलमा आएका माओवादी कार्यकर्ताहरूले अचानक मोसो दलेर फरार भएको पीडितले बताए। यस विषयमा पीडितले कतै उजुरी गरेनन्।

जेल र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७ सय ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ६ सय ५ र कैद नतोकिएका ५ सय ४१ कैदी र थुनुवा गरी जम्मा ११ सय ४६ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक तीन जना र बालिका चार जना गरी जम्मा सात जना रहेका छन्। यस जिल्ला कारागारको वि.स. १९९७ सालमा निर्माण भएको हो।

वीरगञ्ज कारागारका भवनहरू भने जीर्ण हुँदै गएका छन्। यो वर्ष सर्वोच्च अदालतका प्रधानन्यायाधीश, पुनरावेदन अदालत हेटौंडाका मुख्य न्यायाधीश र राष्ट्रिय मानव अधिकार आयोगका सदस्य समेतले कारागारको निरीक्षण गरे। निरीक्षणका क्रममा वीरगञ्ज कारागारको भौतिक संरचना मानव बस्न लायक नरहेको उनीहरूको टिप्पणी रहेको थियो। क्षमताभन्दा झण्डै दोब्बर सङ्ख्यामा बन्दी रहनु पर्ने भएकोले भौतिक संरचनाहरू पर्याप्त छैनन्। कमजोर संरचना कतिखेर ढल्ने हो भन्ने त्रास हुने गरेको बन्दीहरूले बताए । यस वर्ष मर्मत सम्भारका लागि सरकारले ८ लाख रुपियाँ विनियोजन गरेको कारागार प्रमुखले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पर्सा जिल्ला अदालतमा छ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म देवानी मुद्दातर्फ १ हजार ५ सय ६६ थान र फौजदारी मुद्दातर्फ ६ सय ९ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा २४ थान र फौजदारी १४ थान गरी ३८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेको जिल्ला अदालतले जनायो। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ३ सय ७० थानको हाराहारीमा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय २६ प्राथमिक, ६२ निम्न माध्यमिक र ८२ माध्यमिक विद्यालय रहेका छन्। २ हजार ७ सय ९५ शिक्षक/शिक्षिकाको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका १ लाख ६० हजार ६ सय १६ बालबालिका विद्यालय भर्ना भए।

यसमध्ये दलित छात्रा १६ हजार ५ सय १ र छात्र १७ हजार ७ सय ३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ४ सय ७६ र पुरुष ९ सय ६ गरी जम्मा १३ सय ८२ शिक्षक कार्यरत रहेका छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ५० करोड सात लाख ८२ हजार ५ सय ८३ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका ओसारपसार	३	३
बलात्कार	७	७
यौन दुर्व्यवहार	२	२
जम्मा	१२	१२

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष ६ वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू ५५ वर्ष उमेरसम्मका रहेका छन्। बलात्कार घटनामा स्थानीय व्यक्तिहरूको संलग्नता देखियो। ६ ओटा बलात्कार घटनाका आरोपितहरूलाई गिरफ्तार गरियो भने एक घटना आरोपित यस वर्षको अन्त्यसम्ममा फरार छन्। त्यसैगरी यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गर्‍यो।

१३ वर्षीया एक बालिकालाई ०७१ साउन २३ गते बलात्कार गरेको आरोपमा बगही गाविस-३ का २५ वर्षीय सुरेश यादवलाई साउन २४ गते प्रहरीले गिरफ्तार गर्‍यो। पीडित पक्षले साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी परेपछि प्रहरीले यादवलाई गिरफ्तार गरी मुद्दा चलाएको थियो। जिल्ला अदालतको भदौ १९ गते आदेशले आरोपित यादव पुर्पक्षको लागि कारागार चलान भए। पीडित बालिकाको साउन २४ गते कलैया अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३ सय ४२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र पर्सामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २ सय १३, खानलाउन नदिएको १ सय ३ , अर्को श्रीमती ल्याएर हेला गरेकोमा ११, बोक्सीको आरोप लगाएको घटनामा दुई र अन्यमा १० ओटा उजुरी दर्ता भए। ती घटनामध्ये प्रहरीले २ सय ७४ घटनामा मिलापत्र गराएको र अन्यको काम बाँकी रहेको जनायो।

यस वर्ष दुई जना महिला बलात्कृत भए भने बलात्कार प्रयासबाट पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका सबै आरोपित गिरफ्तार पछि कानुनी कारबाही प्रक्रियामा रहेका छन् भने बलात्कार प्रयासका पाँच घटनामध्ये तीन घटनामा जिल्ला अदालतले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेको छ भने दुई घटनाका आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनाएको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	४	४
बलात्कार	२	२
बलात्कारको प्रयास	५	५
बहुविवाह	२	२
महिला बेचबिखन तथा ओसारपसार	२	२
घरेलु हिंसा	३३	३३
जम्मा	४८	४८

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१८ वर्षीय एक सुस्तमनस्थितिकी युवतीलाई बलात्कार गरेको आरोप लागेका लहाबरथकरी गाविस-६ का ३८ वर्षीय श्यामबाबु साहलाई जोगाउन गाउँकै हरिप्रसाद चौहान, जयमङ्गल साह तेली लगायतले मिलापत्र गर्न दबाब दिएको पीडित परिवारले आरोप लगायो। साहले ती बालिकालाई सोही ठाउँकी ३५ वर्षीय सीतादेवी माझीको सहयोगमा ०७० माघ ७ गते सीतादेवीकै घरमा बिहान १० बजेदेखि बन्धक बनाएर माघ ८ गते बिहान ३ बजेसम्म पटकपटक बलात्कार गरेको पीडित परिवारले माघ १४ गते वीरगञ्जमा पत्रकार सम्मेलन गरेर जानकारी गरायो घटनापछि माघ ८ गते गाउँमै भद्रभलाद्मी बसेर छलफल समेत भएको उनीहरूले बताए। पञ्च भलाद्मीले न्याय दिलाउँछौ भनेका थिए तर त्यस्तो नभएपछि माघ १३ गते खेस्राहमा रहेको प्रहरी चौकीमा उजुरी गरेको उनीहरूले जनाए। प्रहरीले सोही दिन सीतादेवीलाई गिरफ्तार गरेकोमा ०७० फागुन ११ गते पर्सा जिल्ला अदालतको आदेशले १० हजार रूपियाँ धरौटी राखेर रिहा भइन्। बलात्कारका आरोपित भने फरार रहेको प्रहरीले जनायो। पीडित बालिकाको माघ १३ गते नै स्वास्थ्य परीक्षण भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनायो।

४१ वर्षीया एक महिलालाई ०७१ भदौ २३ गते उनकै घरमा राती बलात्कार प्रयास गर्न खोजेको आरोपमा जयमङ्गलापुर गाविस-३ का ४० वर्षीय पन्नालाल कुर्मीविरुद्ध प्रहरीले असोज ५ गते मुद्दा दर्ता गऱ्यो। जबरजस्ती करणी गर्न खोज्दा पीडितले हो हल्ला गरेपछि कुर्मी फरार भएका थिए। आरोपित हालसम्म फरार रहेको प्रहरीले जनायो। पीडितले भदौ २५ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी गरिन्।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

यस वर्ष चार जना महिला कथित बोक्सीको आरोपमा छरछिमेक र स्थानीय गाउँलेहरूको कुटपिटबाट घाइते भएका छन्। यसरी पीडत हुनेहरूमा ३५ देखि ६० वर्ष उमेरकी महिलाहरू छन्। कथित बोक्सीको आरोपमा पटक पटक महिलाहरूलाई कुटपिट हुँदा समेत प्रहरीले आरोपित विरुद्ध कारबाही नगर्ने पीडित पक्षले गुनासो गरेको पाइन्छ। समाजमा बोक्सीको आरोपमा पीडित हुने कमजोर, असहाय गरिब महिला हुने गरेका छन्। बोक्सी आरोपका अधिकाँश आरोपितहरू धरौटी र तारेखमा रिहा भएपछि पीडित तथा पीडित परिवार असुरक्षित ठान्दछछन्। यस वर्ष जिल्लामा एकै गाविसका दुई जना महिला कथित बोक्सीको आरोपमा पीडित भएका छन्।

लखनपुर गाविसकी ६० वर्षीया छटिया देवीलाई ०७० फागुन २७ गते कथित बोक्सीको आरोपमा कुटपिट तथा गालीगलौज गर्ने सोही ठाउँका ३५ वर्षीय नेत्रबहादुर सहनी र शिववर्वा गाविस-३ का ४० वर्षीय सुदामा सहनीलाई सोही दिन गिरफ्तार गरी मुद्दा चलाएको डीएसपी बासुदेव खतिवडाले जानकारी दिए। उनीहरूलाई घटना भएकै दिन प्रहरीले गिरफ्तार गरेको थियो। पीडित पक्षबाट जाहेरी लिएर उनीहरूलाई

गिरफ्तार गरी मुद्दा चलाइएको डीएसपी खतिवडाले बताए। आरोपित जिल्ला अदालतको ०७१ जेठ २६ गतेको आदेशमा ५ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भए। स्थानीय विनय सहनीको ६ महिनाको छोरालाई टुना गरेर मारेको आरोपमा स्थानीयले छटियादेवीलाई कुटपिट गरेका थिए। विनय सहनीको छोराको दुई महिना अगाडि मृत्यु भएको थियो।

दाइजो नल्याएको भन्दै परिवारका सदस्यद्वारा हत्या गरिएकी अनितादेवी पटेल

घरेलु हिंसा

दाइजोका कारण हत्या

औराह गाविस-५ मा २६ वर्षीया अनीता देवीलाई कात्तिक २ गते परिवारका सदस्यले मुख थिचेर हत्या गरेको आरोपमा पीडित पक्षले कात्तिक ६ गते प्रहरीमा किटानी जाहेरी दियो। अनीताको हत्या गरेको आरोपमा कात्तिक २५ गते प्रहरीले माइतीले दिएको जाहेरीका आधारमा मुद्दा दर्ता गऱ्यो। घटनाका आरोपित २८ वर्षीय पति सिकेन्द्र पटेललगायत उनका परिवारका सदस्यहरू फरार छन्। दाइजो स्वरुप मागेको २ लाख रुपियाँ दिन नसक्दा अनीताको मुख र घाँटी थिचेर हत्या गरेको पीडित पक्षले आरोप लगायो।

सेढवा गाविस-२ की ३८ वर्षीया आशादेवी खनालको भदौ १२ गते प्रेमीसँग मिलेर उनकी बुहारी २० वर्षीय रिन्कु देवी खनाल पासवानले हत्या गरिन्। जानकी टोलाका ४५ वर्षीय आरिफ मियासँग मिली धारिलो हतियारको प्रयोग गरी घरमै सुतिरहेको बेला उनको घाँटी रेटी हत्या गरेको प्रहरीले जनायो। प्रहरीले हत्यामा संलग्न रहेको आरोपमा रिन्कु देवी र उनका प्रेमी आरीफलाई गिरफ्तार गरी मुद्दा चलाएकोमा जिल्ला अदालतलले असोज ६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो। मुद्दाको फैसला भएको छैन।

सबै प्रकारका जातीय विभेद

बैरीयाविर्ता गाविस-५ नौतज टोलमा रहेको मठ परिसरको चापाकलमा स्थानीय लक्ष्मी राउत डोमले पानी खाएपछि धारा छोइएको भन्दै गाउँका कथित उपल्लो जातिका व्यक्तिहरूले गाँउमा भेला नै गरेर नयाँ चापाकल गाडनु पर्ने निर्णय गरेको समाचार सार्वजनिक भएपछि मङ्सिर २५ गते सोही गाँउमा पुगेका सञ्चारकर्मीहरूको टोलीसँग ब्रम्हदेव यादव र चोकट यादवले आफ्नो गाँउमा छुवाछूतको प्रथा अझै कायम रहेको बताए। कात्तिक ८ गते खेतमा काम गर्ने बेला तिर्खा लागेपछि नजिकैको मठमा रहेको चापाकलबाट लक्ष्मी डोमले पानी खाएपछि आफूलाइ कथित उपल्लो जातिको भन्ने स्थानीय ५७ वर्षीय ब्रम्हदेव यादव, ५६ वर्षीय चोकट यादव लगायतका व्यक्तिहरूले गाउँ भेला नै गरी उक्त चापकलको पानी खान अयोग्य भएको घोषणा गर्दै डोमलाई गालीगलौज र धम्की दिनुका साथै चापकलको हेड खोलेर लगेका थिए। गाउँको भेलामा पानी खाएकै कारण आफूलाई दण्डित गर्ने प्रयास गरेको भए पनि आफूले कुनै पनि हालतमा कुनै किसिमको दण्ड जरिवाना नतिर्ने बताएपछि ब्रम्हदेव यादव, चोकट यादव लगायतका व्यक्तिहरूले चापाकलको हेड नै खोलेर लगेको लक्ष्मी डोमले बताइन्। चापकलको हेड खोलेर लुकाइएपछि मठनजिकै घर भएका स्थानीय नागा सहनीले आफूहरू खोलाको दूषित पानी पिउन बाध्य भएको भन्दै जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी गरेका थिए। उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साले तत्काल चापाकल जडान गर्न इलाका प्रहरी कार्यालय पोखरियालाई निर्देशन दिएको थियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लमा एक ओटा अस्पताल, ७९ ओटा स्वाथ्यचौकी र तीन ओटा उपस्वास्थ्यचौकी रहेको छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार जिल्लामा छ जना डाक्टरको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। जिल्लामा स्त्रिविशेषज्ञको दरबन्दी रहेको छैन। अहेवको दरबन्दी २ सय ७ रहेकोमा १ सय २३ जना कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी नौ रहेकोमा सात जना कार्यरत छन्। अनमिको दरबन्दी १ सय २६ रहेकोमा ८० जना कार्यरत छन् भने ४६ दरबन्दी रिक्त रहेको छ। ल्याव असिस्टेन्टको दरबन्दी ६ रहेकोमा दुई जना कार्यरत छन् भने चार रिक्त रहेको छ।

२.१० चितवन



जिल्ला सदरमुकामः भरतपुर
क्षेत्रफल (वर्ग कि. मि.): २,२१८
घरधुरी सङ्ख्याः १,३२,४६२
जम्मा जनसङ्ख्याः ५,७९,९८४
पुरुषः २,७९,०८७
महिलाः ३,००,८९७
अपाङ्ग सङ्ख्याः १२,९३७
गाविस/नपा सङ्ख्याः ३८/२
पुरुष साक्षरता सङ्ख्याः २,२०,२२८
महिला साक्षरता सङ्ख्याः २,०३,८७७
हिन्दू धर्मावलम्बी प्रतिशतः ८१.४
बौद्ध धर्मावलम्बी प्रतिशतः १३.०२
इस्लाम धर्मावलम्बी प्रतिशतः १.१६
किराँत धर्मावलम्बी प्रतिशतः ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ३.३९
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.६५
वोन धर्मावलम्बी प्रतिशतः ०.०१
शिख धर्मावलम्बी प्रतिशतः ०.००१
अन्य धर्मावलम्बी प्रतिशतः ०.३२६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३८

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ३५ जना पीडित भएका थिए भने सन् २०१४ मा यो सङ्ख्या ९९ रहेको छ।

गत वर्ष गैरराज्य पक्षबाट १ सय २३ जना महिला र १२ जना पुरुष गरी १ सय ३५ जना पीडित भएका थिए भने यो वर्ष गैरराज्य पक्षबाट ९२ जना महिला र सात जना पुरुष गरी ९९ जना पीडित भएको अभिलेख छ।

राज्यपक्षबाट हुने मानवअधिकार उल्लङ्घनको घटना यो वर्ष अभिलेख भएन। गैरराज्य पक्षबाट दुई पुरुषको हत्या भयो। सन् २०१३ मा तीन महिला र दुई पुरुषको हत्या भएको थियो। महिला अधिकारको घटनामा ६४ जना पीडित भए जसमध्ये बलात्कार घटनामा ६ जना, बलात्कारको प्रयास घटनामा पाँच जना, बहुविवाह घटनामा सात जना, महिला बेचबिखनको घटनामा दुई जना, घरेलु हिंसाको घटनामा ४३ जना यस वर्ष पीडित भए। यस वर्ष बालअधिकार घटनामा २१ जना पीडित भए। जसमध्ये बालिका बेचबिखनको घटनामा तीन जना, बलात्कार घटनामा १५ जना, यौन दुर्व्यवहारको घटनामा तीन जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा १७ जना पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		२	२
बालअधिकार	२१		२१
अपहरण	३	२	५
महिलाअधिकार	६४		६४
जातीय विभेद	१	१	२
धम्की	३		३
हत्या		२	२
जम्मा	९२	७	९९

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ८५ र कैद नतोकिएका २ सय ३६ कैदी र थुनुवा गरी जम्मा ५ सय २१ जना बन्दीहरू छन्। जसमा आश्रित बालक दुई जना रहेका छन्। यस जिल्ला कारागार वि.स. २०२५ सालमा निर्माण भएको हो।

वि.सं.०२५ सालतिर बनेको पुरुष बन्दी गृहको 'क' ब्लक भवन एकदमै जीर्ण रहेको छ। अरु भवनहरू सामान्य खालका छन् र वर्षेपिच्छे मर्मत सम्भार गरी काम चलाउँदै आएको कारागार प्रमुख चोलाकान्त पोखेलले बताए। ०६८ सालमा निर्माण भएको 'ङ' ब्लक भवनको क्षमता सङ्ख्या आधिकारिक रूपमा बाहिर आउन सकेको छैन। पुरुष बन्दीहरुतर्फ २२ ओटा

ट्वाइलेट, धाराहरू छन्। बन्दी पुस्तकालय, घरेलुका तानहरू, टेलरिङ आदि लगायतका सीपमूलक तालिमहरूको साथै खेलकुद मनोरञ्जनका साधन, क्यारिमबोर्ड, पोर्ट, टेलिभिजन तथा दुई ओटा सिडिएमए टेलिफोन सेटको व्यवस्था छ।

महिला बन्दीगृह पनि जीर्ण नै छ। यो गृह धेरै साँघुरो छ। दुई ओटा शौचालय, दुई ओटा बाथरुम, चार ओटा धारा र एक टेलिभिजन सेट रहेका छन्। भित्रै घुम्न, घाम ताप्न, कपडा सुकाउन र घरेलुको काम गर्न असुविधा छ। ऊँ शान्ति र क्रिश्चियनका सङ्गति चल्ने तथा देवीदेवताको पूजा गर्ने साँघुरो ठाउँ छ।

धम्की/कुटपिट

अज्ञातबाट

नेपाल प्रेस युनियन चितवनका अध्यक्ष भरतपुर नपा-११ मुक्तिनगरका ३५ वर्षीय नारायणप्रसाद अधिकारीलाई ०७१ मङ्सिर ४ गते साँझ सोही नपाको सडक बाटोमा अपरिचित व्यक्तिहरूले धारिलो हतियार प्रहार गरी घाइते बनाए। ना ३० प ७२२३ नम्बरको मोटरसाइकलमा घरतर्फ जाँदै गर्दा रातो पल्सरमा आएका अपरिचित दुई जना व्यक्तिले अधिकारीमाथि धारिलो हतियार प्रहार गरेका थिए। घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले केही व्यक्तिहरूलाई गिरफ्तार गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको भए तापनि हालसम्म कुनै तथ्य खुल्न नसकेको जिल्ला प्रहरी कार्यालयले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

चितवन जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म देवानी मुद्दातर्फ १ हजार ३२ थान मुद्दा र फौजदारीतर्फ ७ सय ६६ थान फैसला हुन बाँकी छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दातर्फ दुई थान र फौजदारी मुद्दातर्फ नौ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ६ सय भन्दा बढीको हाराहारीमा मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ४९ ओटा प्राथमिक, ९८ ओटा निम्नमाध्यमिक र १ सय ४३ ओटा माध्यमिक विद्यालय रहेका छन्। २ हजार ८ सय ११ जनाको दरबन्दी रहेकोमा सबै जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ७६ हजार २ सय ४८ जना बालक र ७३ हजार ४ सय ८८ जना बालिका प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये ११ हजार १ सय २७ जना दलित बालबालिकालाई ४४ लाख ५० हजार ८ सय रुपियाँ छात्रवृत्ति दिइएको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार सबै विद्यालयमा सुविधायुक्त शौचालय छ। शिक्षा कार्यालयको कूल बजेट १ अरब १५ करोड ६० लाख ४३ हजार २ सय ३ रुपियाँ रहेको छ। चितवनमा ३ सय ओटा विद्यालय अपाङ्गमैत्री छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका ओसारपसार	३	३
बलात्कार	१५	१५
यौन दुर्व्यवहार	३	३
जम्मा	२१	२१

बालबालिका बेचविखन तथा ओसार पसार

यस वर्ष बालिका बेचविखनमा परी तीन जना पीडित भए, जसमध्ये दुई घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन् भने एक घटनाका आरोपित कानुनको दायरामा ल्याउन सकिएको छैन। बेचविखनमा संलग्नहरूले राम्रो काममा लगाई दिने र विवाह समेत गराई दिने प्रलोभन देखाई बालिकाहरूलाई बेचबिखनका लागि भारत लैजान लागेको पाइएको छ। यसरी बेचबिखनमा पर्नेमा १५ देखि १७ वर्ष उमेरका बालिकाहरू रहेका छन्।

नवलपरासी जिल्ला तमसरीया गाविस-४, अमलसार घर भई हाल भरतपुर नपाकी १७ वर्षीया दुई किशोरीलाई नुवाकोट जिल्ला राउतबेसी गाविस-१ घर भई हाल भरतपुर नपा-४, कमलनगर बस्ने २६ वर्षीया मनपर्ने तामाङले ०७० माघ २५ गते दिल्ली पुऱ्याई बेचेको आरोपमा पीडित परिवारले ०७० फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। पीडित किशोरीहरूसँग सामान्य चिनजान भएको मनपर्ने तामाङले आफ्नै डेरा कोठामा बसिरहेका पीडितहरूलाई माघ २५ गते बिहान फोन गरी नारायणगढ बजारमा बोलाई गाडीमा चढाई वीरगञ्ज, रक्सौल हुँदै दिल्ली पुऱ्याई बिक्री गरेको थाहा भएको पीडितका बाबुले बताए। आरोपित मनपर्ने तामाङलाई जाहेरी परेकै दिन गिरफ्तार गरिएको जिल्ला प्रहरी

कार्यालयले जनायो। जिल्ला अदालतको ०७० चैत २६ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष चार वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो। घटनाका आरोपितहरू ७२ वर्ष उमेरसम्मका रहेको पाइयो। यस वर्ष १५ जना बालिका बलात्कृत भए भने तीन बालिका यौन दुर्व्यवहारबाट पीडित भए। बलात्कारका १५ घटना मध्ये चितवन जिल्ला अदालतले चार जना पीडकलाई कैद सजायको फैसला गरेको छ भने छ घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेको छ। त्यसैगरी चार घटनाका आरोपितले सफाइ पाएका छन् भने एक घटनाका आरोपितलाई कानुनको दायरामा ल्याउन सकिएको छैन।

चार वर्षीया एक बालिकालाई ०७० माघ ११ गते कल्याणपुर गाविस-१ को ५१ वर्षीय चोकनारायण श्रेष्ठले सोही गाविसमा बलात्कार गरेको आरोपमा पीडित परिवारले माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। नजिकै चौरमा खेल हेर्दै बसेकी बालिकालाई चकलेट दिन्छु भनी फकाइ आफ्नै घरमा लगेर बलात्कार गरेको आरोप छ। उजुरी परेकै दिन पीडित बालिकाको भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भएको जिल्ला प्रहरी कार्यालयले जनायो। आरोपित यो वर्षको अन्त्यसम्म पनि फरार रहेको र अनुसन्धानपश्चात् जिल्ला सरकारी वकिल कार्यालयमार्फत चितवन जिल्ला अदालतमा मुद्दा बुझाएको जिल्ला प्रहरी कार्यालयले जनायो।

सात वर्षीया एक बालिकालाई भरतपुर नपा-११ बस्ने ७२ वर्षीया भीमप्रसाद घलेले ०७१ असोज २१

अपरिचित व्यक्तिहरूको आक्रमणमा परी घाइते भएका नेपाल प्रेस युनियन चितवनका अध्यक्ष नारायण प्रसाद अधिकारी

साँझको समयमा पीडितको घरनजिकै रहेको जलदेवी मन्दिरको कृयापुत्री बस्ने पौवामा बलात्कार प्रयास गरेको भनी पीडितकी आमाले ०७१ असोज २१ गते नै जिल्ला प्रहरी कार्यालय, चितवनमा जाहेरी दिइन्। आरोपित घलेलाई ०७१ असोज २१ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०७१ कात्तिक १४ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ८६ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १० जना, खानलाउन नदिएको १ सय ४२ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको १३ जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ११ जना, मार्ने धम्की दिइएकोमा १ सय १० जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय ४० ओटा घटनामा मिलापत्र गराएको, २६ ओटा घटनाको उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको र बाँकी उजुरीमा निर्णय हुन बाँकी रहेको कार्यालयले जनायो।

यस वर्ष १८ देखि ८६ वर्ष उमेरका महिला बलात्कार तथा बलात्कार प्रयासबाट पीडित भए, जसमध्ये छ जना महिला बलात्कृत भए भने पाँच जना बलात्कार प्रयासबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनामध्ये तीन घटनाका आरोपितलाई कानुनको दायरामा ल्याइएको छ भने दुई घटनाका आरोपितले सफाइ पाएका छन् र एक घटनाका आरोपितलाई कानुनको दायरामा ल्याउन सकिएको छैन। बलात्कार प्रयासका पाँच घटनामध्ये एक घटनाका आरोपित धरौटीमा रिहा भए भने चार घटनाका आरोपितले सफाइ पाएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	६	६
बलात्कारको प्रयास	५	५
बहुविवाह	७	७
महिला बेचबिखन	२	२
घरेलु हिंसा	४३	४३
यौन दुर्व्यवहार	१	१
जम्मा	**६४**	**६४**

मानव बेचबिखन तथा ओसारपसार

राम्रो काममा लगाई दिन भनेर एक ५० वर्षीया महिलालाई मुम्बइमा पुर्‍याई बेचेको घटना यस वर्ष अभिलेख भएको छ। सामान्य चिनजानमा रहेका पटिहानी गाविस-८ गङ्गानगरका ५३ वर्षीय हस्तबहादुर सेन्चुरी भनिने हस्तबहादुर पौडेलले ५ लाख रुपियाँमा आफूलाई बिक्री गरेको भन्दै पीडितले ०७० पुस ३० जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। आफूलाई बेचेको र घर फर्कने कुरा गर्दा हस्तबहादुरले लिई गएको रकम चुक्ता नभएसम्म होटलमा बसी वेश्यावृत्ति गर्नुपर्ने भनी होटलमा बन्धक बनाई राखेको र ०७० पुस १० गते होटलबाट भागी नेपाल आएको पीडितको भनाइ छ। आरोपित हस्तबहादुरलाई ०७० माघ ५ गते गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर जीवलाल चुदालीले बताए। अनुसन्धानपश्चात् अदालतमा पेश गर्दा जिल्ला अदालतको ०७० फागुन १ गतेको आदेशले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटी राखी रिहा गर्ने आदेश गरिए पनि पुनरावेदन अदालतबाट थुनाको आदेश भएकोले आरोपित थुनामै छन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

३७ वर्षीया महिलालाई ०७१ असार १८ गते भरतपुर नपा बस्ने ३५ वर्षीय गणेश मल्ल ठकुरीले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०७१ असार २० गते जिल्ला प्रहरी कार्यालय, चितवनमा जाहेरी दियो। आरोपितले पीडितको कोठामा पसी बलात्कार गरेको आरोप छ। पीडितको सोही दिन चितवन मेडिकल कलेजमा उपचार भयो। आरोपितलाई प्रहरीले असार २० गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। जिल्ला अदालतको ०७१ साउन १५ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षको लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन ओटा अस्पताल, २४ ओटा स्वास्थ्यचौकी र १२ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा तीन जना डाक्टरको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। सात जना स्टाफ नर्सको दरबन्दी रहेकोमा सबै जना कार्यरत छन्। १ सय ८ जना अहेबको दरबन्दीमा १ सय जना कार्यरत छन्। ६८ जना अनमिको दरबन्दी रहेकोमा ६० जना कार्यरत छन्। स्वास्थ्य संस्थाहरूमा २ सय २१ जनाको दरबन्दी रहेकोमा २७ जनाको दरबन्दी रिक्त रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारी अनुसार स्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड २८ लाख २५ हजार ३ सय रुपियाँ, प्रशासनिक खर्चका लागि छुट्याइएको रकम २ करोड ५८ लाख ९५ हजार १ सय ७१ रुपियाँ र औषधी खर्चवापतको ३ लाख ९० हजार ४ सय ६० रुपियाँ रहेको छ।

२.११ मकवानपुर

जिल्ला सदरमुकामः हेटौँडा
क्षेत्रफल (वर्ग कि. मि.): २,४२६
घरधुरी सङ्ख्याः ८६,१२७
जम्मा जनसङ्ख्याः ४,२०,४७७
पुरुषः २,०६,६८४
महिलाः २,१३,७९३
अपाङ्ग सङ्ख्याः ८,४६७
गाविस/नपा सङ्ख्याः ४३/१
पुरुष साक्षरता सङ्ख्याः १,४६,२२२
महिला साक्षरता सङ्ख्याः १,२३,२०२
हिन्दू धर्मावलम्बी प्रतिशतः ४८.२६
बौद्ध धर्मावलम्बी प्रतिशतः ४५.५७
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.४२
किराँत धर्मावलम्बी प्रतिशतः ०.०५
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ४.८४
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.६६
वोन धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.१९२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.८८

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढेको पाइएको छ। गत वर्ष ३९ जना पीडित भएका थिए भने सन् २०१४ मा ५२ जना पीडित भए। राज्य पक्षबाट हुने मानवअधिकार उल्लङ्घनका घटना यो वर्ष अभिलेख भएन।

गत वर्ष गैरराज्य पक्षबाट ३० जना महिला र नौ जना पुरुष गरी ३९ जना पीडित भएका थिए। यो वर्ष गैरराज्य पक्षबाट ४९ जना महिला र तीन जना पुरुष गरी ५२ जना पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष एक जना महिला र तीन जना पुरुष गरी चार जनाको हत्या भयो भने सन् २०१३ मा गैरराज्य पक्षबाट दुई महिला र तीन पुरुष गरी पाँच जनाको हत्या भएको थियो। यस वर्ष महिला हिंसामा २५ जना पीडित भए, जसमध्ये कथित बोक्सीको आरोपमा दुई जना, बलात्कारको घटनामा १० जना, बलात्कार प्रयासको घटनामा चार जना, बहुविवाहको घटनामा ६ जना, घरेलु हिंसाबाट तीन जना यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनमा २३ जना पीडित भए, जसमध्ये एक बालिका बेचविखन, १६ जना बालिका बलात्कार, पाँच जना बालिकामाथि यौनदुर्व्यवहार, एक नवजात शिशुको हत्याको घटना इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा १३ जना बालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	२३		२३
महिलाअधिकार	२५		२५
हत्या	१	३	४
जम्मा	४९	३	५२

जेल र बन्दी

जिल्ला कारागार शाखा, भीमफेदीको 'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता १ हजार २ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ९९ र कैद नतोकिएका ३ सय ३९ कैदी र थुनुवा गरी ५ सय ३८ जना रहेका छन्। जसमा महिला तथा बालबालिका छैनन्।

भीमफेदीको यो जेल अत्यन्त जीर्ण भएको र भीमफेदीको हावापानी उपयुक्त भएकाले नेपाल सरकारले निर्माण गरेको क्षेत्रीय कारागार भीमफेदीको महिला वार्डमा पुरुष बन्दीहरू राखिएका छन्। क्षेत्रीय कारगार भीमफेदीमा महिला वार्ड मात्र तयार भएकोले भीमफेदी जेलमा रहेका पुरुष बन्दीहरूलाई ०६८ भदौ १४ गतेदेखि उक्त कारागारमा स्थानन्तरण गरिएको हो। कारागार विभागले पुरुष वार्ड पनि निर्माण सुरु गरेका छ। महिला वार्ड र पुरुष वार्डमा गरेर १ हजार २ सय बन्दी अटाउने जेलर चिरन्जीवी थापाले बताए। कैदी र बन्दी गरेर ५ सय ३७ जना पुरुष कैदी बन्दी छन्।

यहाँका महिला बन्दीलाई बीरगञ्ज कारागारमा पठाउने गरिएको छ। जेलमा टेलिभिजनका साथै टेलिफोनको पनि सुविधा छ। पानीको सुविधा भए पनि अपर्याप्त छ। क्षमताभन्दा बढी बन्दी भएकाले उनीहरूलाई सुत्न र शौचालयको समस्या छ। बन्दीहरूलाई पढ्न, लेख्नका लागि पुस्तकालयको पनि व्यवस्था छ। बन्दीहरूले बाँसको मुढा बनाएर आयआर्जन गर्ने गरेका छन्। क्षेत्रीय कारागार भीमफेदीमा पढ्ने स्कुलको अभाव रहेको छ। भीमफेदीमा प्राथमिक स्वास्थ्य केन्द्र मात्र भएकाले बन्दीहरूलाई उपचारको समस्या छ। उपचार गर्न बन्दीहरूलाई हेटौँडा लैजान बजेट र सवारी साधनको अभावले गर्दा समस्या हुने गरेको जेलर थापाले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

मकवानपुरमा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ सय ७८ थान र फौजदारी मुद्दा १ सय ७७ थान रहेका छन्। यस जिल्लामा दुई वर्षभन्दा पुराना मुद्दाहरू एउटा पनि बाँकी रहेका छैनन्। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा प्रति न्यायाधीश झण्डै दुई सय हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

पुनरावेदन अदालतमा ११ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ९ सय ८० थान र फौजदारी मुद्दा ४ सय ५९ थान रहेका छन्। यस जिल्लामा देवानी ७ थान र फौजदारी १२ थान मुद्दा दुई वर्षभन्दा पुराना छन्। मुद्दाको सङ्ख्या हेर्दा

यस अदालतमा प्रति न्यायाधीश १ सय ३० हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७३ प्राथमिक, १ सय निम्नमाध्यमिक र ८८ माध्यमिक विद्यालय रहेका छन्। १ हजार ७ सय ३८ जना शिक्षकको दरबन्दी रहेकोमा २ हजार ६ सय ४४ कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो जिल्लामा विद्यालय जाने उमेरका ७ हजार ९० बालक र ६ हजार ५ सय ९८ बालिका ०७१-०७२ शैक्षिक सत्रमा भर्ना भए। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा १० विद्यालय अपाङ्गमैत्री रहेको छ। यस जिल्लामा ३ सय ७३ प्राथमिक, १ सय निम्नमाध्यमिक र ८८ माध्यमिक विद्यालय शौचालय सुविधायुक्त रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। २ हजार ३ सय ७८ दलित छात्र र २ हजार २ सय २४ दलित छात्रालाई दलित छात्रवृति वितरण गरिएको कार्यालयले जनायो। जिल्लाको बार्षिक बजेट ५८ करोड २९ लाख ७० हजार ७ सय ८७ रहेकोमा २ करोड २६ लाख ६० हजार प्रशासनिक खर्च रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका बेचबिखन	१	१
बलात्कार	१६	१६
नवजात शिशुको हत्या	१	१
यौन दुर्व्यवहार	५	५
जम्मा	२३	२३

मकवानपुरका पढ्ने उमेरका करिब तीन दशमलव चार प्रतिशत बालबाालिकाले अझै पनि स्कुल देखेका छैनन्। गरिबी, अशिक्षा र स्कुल पहुँचमा नभएकाले जिल्लाका करिब ३ हजार भन्दाबढी बालवालिका पढ्ने अवसरबाट वञ्चित रहँदै आएका हुन्। जिल्ला शिक्षा कार्यालयका अनुसार ५ वर्षदेखि ९ वर्ष उमेरसम्मका मकवानपुरमा ७१ हजार ३ सय ७४ बालवालिका रहेका छन्। तीमध्ये ६८ हजार १ सय ५० जना बालबालिकाले मात्र पढ्ने अवसर पाएका छन्।

बालबालिका बेचविखन तथा ओसारपसार

यस वर्ष बालबालिका बेचविखनमा परी एक बालिका पीडित भएको घटना इन्सेकले अभिलेख गर्‍यो। धियाल गाविस-८ की १६ वर्षीया किशोरीलाई सोही ठाउँ बस्ने २३ वर्षीय ज्ञानबहादुर वाइवा र १९ वर्षीय शुक्रराम स्याङ्तानले ०७० माघ १० गते भारतमा लगेर बिक्री गरेको आरोप छ। पीडित पक्षले मानव बेचविखनमा प्रहरीमा ०७० माघ २५ गते उजुरी दिएका थिए । आरोपितहरू फरार छन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष चार वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू ६५ वर्ष उमेरसम्कका रहेका छन्। यस वर्ष १६ बालिका बलात्कृत भए भने पाँच जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए। बलात्कारका १६ घटनामा तीन घटनाका आरोपितलाई मकवानपुर जिल्ला अदालतले कैद गर्ने फैसला गर्‍यो भने दुई बलात्कार घटनाका आरोपित दुई बालकलाई अभिभावकको जिम्मा लगाउने आदेश गर्‍यो। बलात्कारका दुई घटनाका आरोपितलाई कानुनको दायरामा ल्याउन सकिएको छैन।

बलात्कार घटनामा नजिकका नातेदारको संलग्ना देखियो। इन्सेकले गरेको अभिलेखमा आफ्नो छोरीलाई बलात्कार गर्ने दुई जना बाबुसमेत रहेका छन्।

१२ वर्षीया बालिकालाई ०७० फागुन २१ गते ४० वर्षीय बाबुले बलात्कार गरेको आरोपमा प्रहरीले ०७० फागुन २२ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०७१ साउन १० गतेको आदेशले पीडकलाई १० वर्ष कैद र २ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने फैसला गर्‍यो। जिल्ला अदालतको ०७० चैत १५ गतेको आदेश अनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा छन्। पीडित पक्षले ०७० फागुन २२ गते जिल्ला प्रहरी कार्यालय हेटौँडामा उजुरी दिएको थियो। पीडितको स्वास्थ्य परीक्षण हेटौँडा अस्पतालमा ०७० फागुन २२ गते भएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४५ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २०, खानलाउन नदिएको १०, विवाह दर्ता तथा नागरिकता नबनाएको सात, अर्को श्रीमती ल्याएर

हेला गरेकोमा चार, मार्ने धम्की दिइएकोमा दुई, बोक्सीको आरोपमा दुई उजुरी दर्ता भएका थिए। ती उजुरीमध्ये प्रहरीले ३५ ओटा घटनामा मिलापत्र गराएको र चार ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको छ। बाँकी छ ओटा मुद्दाका वादीप्रतिवादी दुवै सम्पर्कमा नआएका कार्यालयले जनायो।

यस वर्ष मकवानपुर जिल्लामा १० जना महिलामाथि बलात्कार भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा यो सङ्ख्या ६ थियो। यो वर्ष अभिलेखित सामूहिक बलात्कारका दुई घटनामा दुई जना महिला पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	२	२
बलात्कार	१०	१०
बलात्कारको प्रयास	४	४
बहुविवाह	६	६
घरेलु हिंसा	३	३
जम्मा	**२५**	**२५**

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२१ वर्षीया महिलालाई ०७१ जेठ १७ गते २६ वर्षीय पति सन्तोष उपाध्याय, देवर २४ वर्षीय सुमन उपाध्यायले सामूहिक बलात्कार गरेको आरोपमा ०७१ जेठ २२ गते प्रहरीले गिरफ्तार गऱ्यो। बलात्कार गर्न सहयोग पुऱ्याएको आरोपमा सन्तोषकी काकी ४४ वर्षीया भगवती देवी उपाध्यायलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत मकवानपुरको ०७१ असार १७ गतेको आदेश अनुसार भगवतीलाई ५० हजार रुपियाँ धरौटी लिई तारेखमा राख्ने आदेश दिएको थियो भने सन्तोष र सुमनलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो। जिल्ला अदालत मकवानपुरले ०७१ मङ्सिर २२ गते सन्तोषलाई ६ महिना कैद र पीडितलाई एक लाख रुपियाँ क्षतिपूर्ति स्वरुप पीडकबाट भराउने आदेश गऱ्यो। अर्का दुई आरोपित सुमन र भगवतीलाई सफाइ दिइएको छ। पीडित पक्षले ०७१ जेठ २१ गते जिल्ला प्रहरी कार्यालय हेटौँडामा उजुरी दिएको थियो। पीडितको ०७१ जेठ २२ गते स्वास्थ्य परीक्षण हेटौँडा अस्पतालमा भएको थियो।

घरेलु हिंसा

यस वर्ष घरेलु हिंसाका कारण एक जना महिलाको हत्या भयो भने तीन जना घाइते भएको घटना इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घरेलु हिंसका हत्या घटनामा पतिको संलग्नता रहेको पाइयो।

परिवारजनबाट हत्या

मार्खु गाविस-३ की ४० वर्षीया हरिमाया बम्जनको ०७१ साउन ५ गते एकाघरमा बस्ने पति ५० वर्षीया सुकराम भोम्जनले खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले ०७१ साउन ६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०७१ साउन २८ गतेको आदेश अनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्। ०७१ साउन ६ गते पीडितका पक्षले इलाका प्रहरी कार्यालय पालुङमा उजुरी गरेका थिए। मृतकको स्वास्थ्य परीक्षण प्राथमिक स्वास्थ्य केन्द्र पालुङमा गरिएको थियो। आरोपित पुर्पक्षका लागि जेलमा छन्।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

मकवानपुर जिल्लामा कथित बोक्सीको आरोपमा ७० र ५२ वर्षीया गरी दुई जना महिला पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो।

हेटौँडा नपा-२२ की ५२ वर्षीया देवकी सुवेदीलाई भदौ १६ गते कथित बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै प्रहरीले सोहीस्थान बस्ने ३४ वर्षीया राधिका रिजाललाई भदौ १७ गते गिरफ्तार गरेकोमा कुटपिट गर्दा लागेको घाउचोटको उपचार गर्न खर्च व्यहोर्ने गरी भदौ १८ गते पीडितसँग मिलापत्र भयो।

मनहरी गाविस-६ की ७० वर्षीया सुकमाया बोटेलाई ०७१ असोज १ गते कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरेको आरोपमा सोही स्थान बस्ने १८ वर्षीया सङ्गीता बोटे, १९ वर्षीया सरीता बोटे र १८ वर्षीया अनिता भुजेललाई असोज २ गते प्रहरीले गिरफ्तार गरिहेकोमा जिल्ला अदालतको असोज ६ गतेको आदेशअनुसार जनही १० हजार रुपियाँ धरौटीमा रिहा भए। पीडित पक्षले असोज २ गते इलाका प्रहरी कार्यालय मनहरीमा उजुरी दिएका थिए।

स्वास्थ्य सेवाको अवस्था

मकवानपुर जिल्लामा एक ओटा जिल्ला अस्पताल र ४० ओटा स्वास्थ्यचौकी छन्। जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार ११ जना डाक्टरको दरबन्दी रहेको मकवानपुरमा सात जना मात्रै कार्यरत छन्। चार ओटा दरबन्दी रिक्त छ। एक जना स्त्री रोग विशेषज्ञको दरबन्दी भएकोमा सो

दरबन्दी पनि रिक्त रहेको छ। स्टाफ नर्सको १५ ओटा दरबन्दी रहेकोमा आठ ओटा रिक्त छ। अहेब ८२ जना र अनमि ६७ जना कार्यरत छन्। मकवानपुर जिल्लमा १ सय ९४ जनाको दरबन्दी रहेकोमा १३ ओटा दरबन्दी रिक्त रहेको छ।

जिल्लाको कुल बार्षिक बजेट १३ करोड ५२ लाख १० हजार रहेकोमा प्रशासनिक खर्च ७ करोड ६८ लाख २५ हजार २ सय ५० रुपियाँ र औषधि खर्च ३० लाख रुपियाँ रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ।

२.१२ ललितपुर



जिल्ला सदरमुकामः ललितपुर
क्षेत्रफल (वर्ग कि. मि.): ३८५
घरधुरी सङ्ख्याः १,०५,७९७
जम्मा जनसङ्ख्याः ४,६८,१३२
पुरुषः २,३८,०८२
महिलाः २,३०,०५०
अपाङ्ग सङ्ख्याः ४,९३४
गाविस/नपा सङ्ख्याः ४१/१
पुरुष साक्षरता सङ्ख्याः २,०३,८०१
महिला साक्षरता सङ्ख्याः १,६५,८१०
हिन्दू धर्मावलम्बी प्रतिशतः ७३.५३
बौद्ध धर्मावलम्बी प्रतिशतः १९.२७
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.६६
किराँत धर्मावलम्बी प्रतिशतः १.२४
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ५.०२
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०५
वोन धर्मावलम्बी प्रतिशतः ०.०२
जैन धर्मावलम्बी प्रतिशतः ०.०१
शिख धर्मावलम्बी प्रतिशतः ०.०१६
वहाई धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.१७५
प्रतिपरिवार सरदर सङ्ख्याः ४.२६

सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २२ जना महिला र १८ जना पुरुष गरी ४० जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ३३ जना महिला र आठ जना पुरुष गरी ४१ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट एक जना महिला र एक जना पुरुष गरी दुई जना पीडित भए।

जिल्लामा गैरराज्यपक्षबाट महिला र पुरुषको सङ्ख्याभन्दा बढी बालबालिका पीडित भएको पाइएको छ। जसमा बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट बढी पीडित भएका छन्। यस वर्ष नौ जना महिला पीडित भएको इन्सेकमा अभिलेखित छ। जसमध्ये एक जना बलात्कारमा, तीन जना बहुविवाहमा, दुई जना महिला बेचबिखनमा र तीन जना घरेलु हिंसामा पीडित भएको इन्सेकले अभिलेखित गरेको छ।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					२	२
बालअधिकार				२०	२	२२
महिलाअधिकार				९		९
गिरफ्तारी/यातना	१		१			
हिरासत वा थुनामा मृत्यु		१	१			
हत्या				४	४	८
जम्मा	**१**	**१**	**२**	**३३**	**८**	**४१**

गैरराज्यपक्षबाट यस वर्ष चार जना महिला र चार जना पुरुषको हत्या भयो। अघिल्लो वर्ष एक जना पुरुषको हत्या भएको थियो। यसै गरी, यस वर्ष २० जना बालिका र दुई जना बालक गरी २२ जना बालबालिका गैरराज्यपक्षबाट पीडित भए। जसमध्ये १२ जना बलात्कारमा, छ जना यौन दुर्व्यवहारमा र चार जना बालश्रम पीडित भएको घटना इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा गैरराज्यपक्षबाट एक बालक र १२ बालिका गरी १३ जना बालबालिका पीडित भएका थिए।

जेल र बन्दी

'ग' श्रेणीको नख्खु कारागारको बन्दी क्षमता १ सय ७५ जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद

तोकिएका ५ सय ३० जना कैदी तथा बन्दी रहेका छन्। जसमध्ये २ सय ५५ जना नेपाली कैदी र ५४ विदेशी कैदी तथा २ सय १२ जना नेपाली बन्दी र नौ जना विदेशी बन्दी रहेका छन्। राणाकालीन जीर्ण भवनमा क्षमताभन्दा तेब्बर बढी कैदी तथा बन्दी रहेकोले विशेष गरी पानीको व्यवस्थापनमा कठिनाइ भएको जेलर चक्रपाणी गौतमले बताए । कारागारमा बन्दीको स्वास्थ्य उपचारका लागि एक जना हेल्थ असिस्टेण्टको दरबन्दी रहेको, शौचालय, खानेपानी, खेलकुद सामग्री, टेलिफोन, पत्र पठाउने, रेडियो, टेलिभिजन र पुस्तकालयको व्यवस्था रहेको छ।

झडप

नख्खु कारागारका कैदीबन्दीले ०७१ असोज २७ गतेदेखि जेलको सिआरसी ब्लकमा तालाबन्दी गरेपछि यहाँबाट एसएलसी तयारी गरेका २९ जना विद्यार्थीको पठनपाठन अबरुद्ध भयो। जेलको आन्तरिक तथा बाह्य प्रशासनले भेदभाव गरेको भन्दै उनीहरूले असोज २७ गते दिउँसो ३ बजे जेलको 'सीआरसी' ब्लकमा ताल्चा लगाएपछि एसएलसी दिने २९ जनासहित १ सय विद्यार्थीको पढाइ अवरुद्ध भएको जेल प्रशासनले जनाएको छ। तालाबन्दी गरिएको ब्लकमा करिब २ सय ६२ जना बन्दी राखिएको नख्खु जेलका जेलर चक्रपाणी गौतमले जानकारी दिएका छन्। गौतमका अनुसार बन्दीले सीआरसी ब्लकको १० ठाउँमा ताल्चा लगाएका थिए। असोज २९ गते भएको छलफलमा समस्याको समाधान गर्न प्रशासनले प्रतिबद्धता जनाएपछि ताल्चा खोलिएको थियो। जेलभित्रको आन्तरिक प्रशासन चलाउन विभागले बन्दीबाटै चौकीदार, नाइके, भाइनाइके चयन गर्ने गरे पनि यही विषयमा ललितपुरको नख्खु जेलमा पटकपटक झडप हुने गरेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा अदालत र पुनरावेदन आदालत गरी दुई ओटा अदालत रहेका छन्। जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ८ सय ४९ थान र फौजदारी मुद्दा ५ सय ३ थान रहेका छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा तीन थान बाँकी रहेको जिल्ला अदालतले जनायो। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधिश ३ सयको हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

त्यसैगरी पुनरावेदन अदालत, पाटनमा २५ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस मसान्तसम्म फैसला हुन बाँकी देवानी मुद्दा २ हजार ५ सय ४८ थान र फौजदारी मुद्दा २ हजार १ सय २३ थान रहेका छन्। दुई वर्ष नाघेका मुद्दा २ सय १ थान रहेको पुनरावेदन अदालतले जनायो। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश दुई सय हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

ललितपुर जिल्लामा सरकारी र सामुदायिक गरी १ सय ९४ प्राथमिक, ३२ निम्न माध्यामिक र ७४ माध्यामिक विद्यालय रहेका छन्। ती विद्यालयहरूमा २ सय ९० राहत दरबन्दीसहित १ हजार ८ सय ५७ जना शिक्षक दरबन्दी रहेकोमा जिल्ला शिक्षा कार्यालयका सहायक जिलला शिक्षा अधिकारी खेमनाथ पोखेलले दरबन्दी रिक्त नभएको जानकारी दिए। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा विद्यालय जाने उमेरका कूल ६४ हजार ६ सय ६० जना बालक र ५९ हजार ३४ जना बालिका गरी कूल १ लाख २३ हजार ६ सय ९४ जना बालबालिका विद्यालयमा भर्ना भएका छन्। सरकारी सामुदायिक विद्यालयहरूमा १५ हजार ८ सय ३४ बालिका र १४ हजार ६७ बालकसहित कूल २९ हजार ९ सय एक बालबालिका भर्ना भएका छन्। जिल्लामा अपाङ्गता मैत्री विद्यालय भए पनि विद्यालयसम्म पुग्ने बाटो नै अपाङ्गतामैत्री नभएका कारण विद्यालयलाई अपाङ्गता मैत्री भन्न नमिल्ने शिक्षा कार्यालयले जनायो। सामान्य प्रकृतिका शौचालयहरू सबै विद्यालयमा भएको अभिलेख भए पनि शौचालय सुविधायुक्त विद्यालयको अभिलेख शिक्षा कार्यालयसँग पाइएन। जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लाको कुल बजेट ७५ करोड ५६ लाख ९५ हजार ७ सय ६४ रहेकोमा शिक्षकहरूको तलबसमेत प्रशासनिक खर्च ५५ करोड ८६ लाख ३ हजार ७ सय ६४ रुपियाँ रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम	३	१	४
बलात्कार	१२		१२
यौन दुर्व्यवहार	५	१	६
जम्मा	२०	२	२२

सन् २०१३ मा गैरराज्यपक्षबाट एक बालक र १२ बालिका गरी १३ जना बालबालिका गैरराज्यपक्षबाट पीडित भए भने यस वर्ष दुई बालक र २० बालिका गरी २२ जना बालबालिका गैरराज्यपक्षबाट पीडित भएको इन्सेकले अभिलेखित गरेको छ। जसमध्ये चार वर्षदेखि १५ वर्ष उमेर समूहका बालिका बलात्कृत भएको पाइएको छ। तीन घटनामा बाबु र एक घटनामा परिवारजनको संलग्नता रहेको पाइयो। आठ घटनामा पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेको र एक घटनामा २० वर्षको कैद सजाय र ५ लाख रुपियाँ क्षतिपूर्ति भराउने आदेश भएको छ।

१५ वर्षीया छोरीलाई ३७ वर्षीय बाबुले चार वर्षदेखि डरधाक देखाई बलात्कार गर्दै आएको भन्दै पीडित बालिकाकी आमाले ०७१ वैशाख २९ गते महानगरीय प्रहरी परिसर, जावलाखेलमा उजुरी दिइन्। पछिल्लोपटक बालिकालाई ०७१ वैशाख २४ गते बलात्कार गरेको पीडितकी आमाले प्रहरीमा दिएको उजुरीमा उल्लेख छ। पीडक बाबुलाई वैशाख २९ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको जेठ २२ गतेको आदेशबमोजिम पुर्पक्षका लागि नख्खु कारागार चलान गरिएको थियो। जिल्ला अदालतको ०७१ असोज २९ गतेको इजलासले २० वर्षको कैद सजाय सुनाएको छ। साथै सवारी चालक पेशा गर्दै आएका उनको पारिवारको आर्थिक अवस्था कमजोर रहेको भन्दै अदालतले बालिकाको मानसिक र शारीरिक स्वास्थ्यको नियमित जाँच र उच्च शिक्षासम्म नि:शुल्क पठनपाठनको व्यवस्था मिलाउन सरकारका नाममा आदेश गर्‍यो। त्यसैगरी बालिकाको शारीरिक, मानसिक र मनौवैज्ञानिक क्षतिवापत राज्यकोषबाट एकमुष्ट ५ लाख रुपियाँ क्षतिपूर्ति भराउने आदेशसमेत अदालतले दिएको छ।

११ वर्षीया एक बालिकालाई ०७१ साउन २१ गते २२ वर्षीय काकाले बलात्कार गरेको भनी पीडित पक्षले महानगरीय प्रहरी वृत्त चापागाउँमा ०७१ भदौ ४ गते उजुरी दियो। पीडितको भदौ ४ गते पाटन अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। प्रहरीले आरोपितलाई भदौ ४ गते गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा अदालतले ०७१ भदौ २६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश गर्‍यो। यो वर्षको अन्त्यसम्म यो मुद्दामा फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१३ मा १० जना महिला पीडित भएका थिए भने यस वर्ष नौ जना महिला पीडित भएको पाइयो। जसमध्ये एक जना बलात्कारमा, तीन जना बहुविवाहमा, दुई जना महिला बेचबिखनमा र तीन जना घरेलु हिंसामा पीडित भएको इन्सेकले अभिलेखित गरेको छ। साथै एक घटनामा परिवारजनबाट हत्या र एक घटनामा हत्याको प्रयास भएको पनि पाइयो।

बहुविवाहको घटनामा २१ देखि २८ वर्ष उमेरसम्मका महिलाहरू यस वर्ष पीडित भएको पाइयो। जसमध्ये दुई घटनामा आरोपितहरूलाई १४ हजारदेखि २० हजार रुपियाँसम्म धरौटीमा रिहा गरिएको छ भने एक घटनामा ३५ हजार जरिवाना गरी तारेखमा रिहा गरेको पाइएको छ। तीन घटनामा आरोपितहरूलाई एक/एक वर्ष कैद र ५/५ हजार रुपियाँ जरिवाना आदेश गरेको पाइयो।

यो वर्ष महानगरीय प्रहरी परिसर ललितपुर अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा घरायसी झैझगडाका २ सय २२ र अन्य झगडाका ९१ ओटा उजुरी दर्ता भए। उजुरी दर्ता भएका सबै घटनाको मिलापत्र भएको केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बहुविवाह	३	३
महिला बेचबिखन	२	२
घरेलु हिंसा	३	३
जम्मा	**९**	**९**

घरेलु हिंसा

परिवारजनबाट हत्या

बुङमती गाविस-९ की ६१ वर्षीया कृष्णमाया तामाङलाई घरायसी विवादका कारण उनका पति ६१ वर्षीय बुद्धिराज तामाङले ०७१ जेठ १९ गते अन्दाजी दिउँसो ३ बजेको समयमा फलामको लोरी प्रहार गरी हत्या गरे। आरोपित बुद्धिराजलाई महानगरीय प्रहरी प्रभाग, बुङमतीको प्रहरी टोलीले जेठ २० गते घरैबाट गिरफ्तार गरी जेठ २१ गते जिल्ला अदालत पेश गरेकोमा अदालतले ०७१ असार १२ गते पूर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

हत्या प्रयास

प्यूटार गाविस-१ धनडाँडाकी २३ वर्षीया ईश्वरी बजगाईलाई उनका पति २६ वर्षीय रामशरण बजगाईंले ०७१ भदौ १३ गते धारिलो हतियारले मरणासन्न हुने गरी कुटपिट गरेको भनी पीडितका काका रामजी घिमिरेले ०७१ भदौ १६ गते महानगरीय प्रहरी वृत चापागाउँमा उजुरी दिए। कुट्दाकुट्दा मरी भनी आफूलाई छाडेर भागेको पीडितले बताइन्। मौखिक उजुरीका आधारमा महानगरीय प्रहरी वृत्त चापागाउँले ०७१ भदौ १५ गते आरोपितलाई गिरफ्तार गरी जिल्ला अदालत पेश गरेकोमा अदालतले ०७१ असोज ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

कुटपिट

स्याङ्जा जिल्ला वालिङ-१ माइती भई हाल चापागाउँ-१ बस्ने शारीरिक रूपमा अपाङ्गता भएकी २२ वर्षीया मनमाया श्रेष्ठलाई मकवानपुर जिल्ला मनहरी गाविस-५ घर भई हाल चापागाउँ-१ बस्ने पति २८ वर्षीय ईश्वर सुनारले पटकपटक कुटपिट गर्ने, छोरी र आफूलाई बवास्ता गर्ने गरेको भन्दै पीडितले महानगरीय प्रहरी वृत्त चापागाउँमा ०७१ कात्तिक २३ गते पतिविरुद्ध उजुरी गरिन्। उनको पनि सुनारले कुटपिट गर्ने, यातना दिने र पैसा मात्रै मागी दुःख दिएको भन्दै प्रहरीमा उजुरी परेको प्रहरीले जनायो। उनीहरूको विवाह ०६९ मङ्सिर १० गते भएको भए पनि पति सुनारले विवाह दर्ता बनाइ दिन इन्कार गर्दै आएको पीडितले बताइन्। उनीहरूको एक वर्षीया छोरी छिन्। आरोपितले छोरीको जन्म दर्ता पनि बनाई दिएका छैनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र, २२ ओटा स्वास्थ्यचौकी र १६ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। ललितपुरमा चार जना स्टाफ नर्सको दरबन्दी छ। ल्याब असिस्टेण्ट तीन जनाको दरबन्दी छ। अहेबको दरबन्दी ८३ भएकोमा ४९ जना कार्यरत छन्। अनमिका ७३ दरबन्दीमा तीन ओटा दरबन्दी रिक्त रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड रहेको छ। त्यसमध्ये ९ करोड प्रशासनिक खर्च रहेको जनस्वास्थ्य कार्यालयले जनायो।

२.१३ काभ्रे



जिल्ला सदरमुकामः धुलिखेल
क्षेत्रफल (वर्ग कि. मि.): १,३९६
घरधुरी सङ्ख्याः ८०,७२०
जम्मा जनसङ्ख्याः ३,८१,९३७
पुरुषः १,८२,९३६
महिलाः १,९९,००१
अपाङ्ग सङ्ख्याः ६,६७०
गाविस/नपा सङ्ख्याः ८७/३
पुरुष साक्षरता सङ्ख्याः १,३८,५८४
महिला साक्षरता सङ्ख्याः १,१८,१३०
हिन्दूधर्मावलम्बी प्रतिशतः ६२.५७
बौद्धधर्मावलम्बी प्रतिशतः ३४.६२
इस्लामधर्मावलम्बी प्रतिशतः ०.०८
किराँत धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.७८
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.६
शिख धर्मावलम्बी प्रतिशतः ०.००१
अन्य धर्मावलम्बी प्रतिशतः ०.३२२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.७३

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७५ जना महिला र ३८ जना पुरुष गरी १ सय १३ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ६१ जना महिला र छ जना पुरुष गरी ६७ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट एक जना पुरुष पीडित भए।

जिल्लामा गैरराज्यपक्षबाट पुरुषको भन्दा बढी महिला र बालिकाहरू पीडित भएको पाइयो। बालिकाहरू बढी बलात्कार तथा यौन दुर्व्यवहारबाट

पीडित भएका छन् भने महिलाहरू बलात्कार र बहुविवाहबाट पीडित भएको पाइएको छ। साथै, चार जना कथित बोक्सीको आरोपमा, १० जना बलात्कारमा, चार जना बलात्कारको प्रयासमा, आठ जना बहुविवाहमा, तीन जना घरेलु हिंसामा र तीन जना यौन दुर्व्यवहारमा पीडित भएको पाइएको छ।

गैरराज्यपक्षबाट यस वर्ष ६ जना महिला र तीन जना पुरुषको हत्या भयो। अघिल्लो वर्ष सात जना महिला र पाँच जना पुरुषको हत्या भएको थियो। यस वर्ष जातीय विभेदका कारण एक जना पुरुष पीडित भएका छन् भने गत वर्ष तीन जना पुरुष पीडित भएका थिए। यसरी नै २३ जना बालिका र एक जना बालक गरी २४ जना बालबालिका गैरराज्यपक्षबाट यस वर्ष पीडित भएको पाइयो, जसमा १५ जना बालिका बलात्कारमा र आठ जना यौन दुर्व्यवहारमा पीडित भए। २०१३ मा ४९ जना महिला र १८ बालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			२३	१	२४
महिलाअधिकार			३२		३२
जातीय विभेद				१	१
कुटपिट	१	१		१	१
हत्या			६	३	९
जम्मा	१	१	६१	६	६७

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ६१ जनाको रहेको छ। यस कारागारमा कैदी १ सय ६० र थुनुवा १५ गरी १ सय ७५ जना बन्दी छन्। काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा रहेको यस कारागार राणाकालीन समयमा बडाहाकिमले घोडा राख्ने तबेलाको रूपमा प्रयोग गर्ने गरेका थिए। वि.सं. १९६० मा कारागारको रूप दिइएको हो। यस कारागारलाई दुई भागमा विभाजन गरी दक्षिणतर्फ मानसिक रोगीहरूलाई राखिने गरिन्छ। यस वर्ष यस्ता मानसिक रोगी २७ जना छन्।

यस कारागारका कुल १० ओटा कोठामध्ये सात ओटा कोठा साना छन्। बन्दीहरूका लागि आठ ओटा चर्पीको व्यवस्था छ भने बाहिर र भित्रगरी चार ओटा धारा छन्। यस कारागारमा चर्पीको मर्मत, सम्भार र भवनको जीर्णोद्धार गर्नुपर्ने आवश्यकता देखिन्छ। कारागारमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको छ। मानसिक रोगीहरूका लागि जिल्ला स्वास्थ्य कार्यालयले मासिक एक पटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाएको छ।

धम्की / कुटपिट

भुम्लुटार गाविस-६ का ३० वर्षीय रोनेश श्रेष्ठलाई ०७१ असोज १६ गते साँझ दोलालघाट प्रहरी चौकीका इन्चार्ज असई प्रदीप गिरीले कुटपिट गरेको भनी असोज २१ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा पीडितले उजुरी गरे। लामो समयदेखि 'दोलालघाटमा बालुवा झिक्ने काम बन्द गर्नुपर्‍यो' भनी अभियान चलाएका उनले जिल्ला प्रहरी कार्यालयमा फोन गरेको भनी असईले रिसइवी साँधेको पीडितले बताए। पीडितले भोलिपल्ट काठमाडौँ चावहिलस्थित हिमाल डेन्टल हस्पिटलमा दाँतको उपचार गराएको बताए। पीडित रोनेशले असोज २२ गते राष्ट्रिय मानवअधिकार आयोगमा (दर्ता नम्बर-११६९) उजुरी दिए। घटनाका विषयमा आरोपित गिरीसँग टेलिफोन सम्पर्क राख्दा 'रातको समयमा मादक-पदार्थ खाएर हल्ला गरिरहेका उनीहरूलाई घर जाऊ मात्र भनेको हो, कुटेको होइन' भने। 'स्थानीय भएको भन्दै सधैँजसो प्रहरीलाई हेप्ने उनीहरूले आफूलाई हटाएर स्वार्थपूर्ति गर्ने अभियानमा लागेको' गिरीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

काभ्रे जिल्ला अदालतमा तीन जना न्यायाधीश दरबन्दी रहेको छ। ०७१ पुस १६ गतेसम्म फौजदारी मुद्दा ३ सय १६ थानमा १ सय ४२ फैसला भई १ सय ७४ थान बाँकी रहे। देवानी मुद्दा ३ सय ९४ थानमा १ सय २९ फैसला भई २ सय ६५ थान बाँकी रहे। दुई वर्षभन्दा पुराना फौजदारी र देवानी मुद्दा रहेका छैनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७९ प्राथमिक, १ सय १८ निम्नमाध्यमिक, १ सय ३२ माध्यमिक रहेका छन्। ३ हजार १ सय ३३ शिक्षकको दरबन्दी रहेकोमा २ हजार ३ सय १ कार्यरत छन् भने ८ सय ३२ जना रिक्त रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	१५		१५
यौन दुर्व्यवहार	८	१	९
जम्मा	२३	१	२४

जिल्लामा विद्यालय जाने उमेरका ६४ हजार २ सय ६ बालक, ६६ हजार ४ सय ३७ बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय सङ्ख्या ६ रहेको शिक्षा कार्यालयले जनायो। दलित छात्रवृति ३ हजार १ सय २५ छात्र र ३ हजार ४ सय ४६ छात्रालाई वितरण गरिएको छ। जिल्ला शिक्षा कार्यालयको बार्षिक बजेट १ अरब, २६ करोड, १५ लाख ६३ हजार १ सय ४ रहेको छ, जसमध्ये प्रशानिक खर्च ८१ करोड, ५६ लाख, २० हजार ५ सय ५ रहेको छ।

सन् २०१३ मा गैरराज्यपक्षबाट १८ जना बालबालिका पीडित भएका थिए भने यस वर्ष एक बालक र २३ बालिका गरी २४ जना बालबालिका पीडित भएको पाइयो जसमा तीन वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू छन्। बलात्कार घटनामा आरोपितहरू एक घटनामा दाजु, एक हजुरबुबा पर्ने र एक घटनामा बालबालिका सहयोग कार्यक्रम नामक संस्था सञ्चालकको संलग्नता देखियो। बालअधिकार उल्लङ्घनका आरोपितहरू १५ देखि ८६ वर्ष उमेरसम्मका रहेका छन्। २२ ओटा घटनाका आरोपितहरूलाई गिरफ्तार भएका छन्। एउटा घटना बलात्कारपछि हत्या र दुई ओटा घटना सामूहिक बलात्कारका छन्। बलात्कार र यौन दुर्व्यवहारमा चार ओटा घटनामा आरोपितहरुलाई पुर्पक्षका लागि कारागार चलान गरिएको, एक घटनामा आरोपितलाई सफाइ दिएको, दुई घटनामा दावी नपुगेको भनी आरोपित सोही दिन रिहा भए।, दुई घटनामा एक हजारदेखि १० हजारसम्मको रुपियाँ धरौटीमा आरोपित रिहा भएको, चार घटनामा चार वर्षदेखि पाँच वर्षसम्मको कैद सजाय भएको छ।

बलात्कारपछि हत्या

उग्रतारा जनागाल गाविस-७ जनागालकी ७ वर्षीया लक्ष्मी भनिने सलिना बोगटीलाई ०७१ साउन ३० गते पनौती नपा-२ का १६ वर्षीय बालक र बनेपा नपा-५ मा डेरागरी बस्ने १५ वर्षीय अर्का बालकले सामूहिक बलात्कारपछि बालिकाको हत्या गरेर लास फला पाऱ्या। खालरहका बाालकालाइ गाठमा बलात्कार गरेपश्चात् लासलाई खोल्सामा लगेर ढुङ्गाले किचेर पत्करले छोपिएको थियो। सामूहिक बलात्कारपछि हत्या गरी बाघले लगेको हल्ला चलाउने एक आरोपितलाई साउन ३१ गते र अर्का आरोपतिलाई भदौ २ गते प्रहरीले गिरफ्तार गऱ्यो। लासको साउन ३१ गते शिक्षण अस्पताल काठमाडौंमा पोर्स्टमार्टम भएको थियो। यस घटनामा जिल्ला सरकारी वकिलको कार्यालयले ०७१ भदौ २५ गते जिल्ला अदालतमा अभियोग दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ २६ गतेको आदेशमा १६ वर्षीय आरोपितलाई पुर्पक्षका लागि थुनामा र अर्का आरोपितलाई उमेर नपुगेको भन्दै बालसुधार गृह भक्तपुरमा पठाइयो।

एक ११ वर्षीया बालिकालाई ०७० चैत १३ गते दिउँसो सामूहिक बलात्कार गर्ने मध्येका रामेछाप जिल्ला बेताली गाविस-६ घरभई उग्रतारा जनागाल गाविस-१ पुलबजारमा डेरागरी बस्ने १८ वर्षीय दीपक कार्की, उग्रतारा जनागाल गाविस-१ पुलबजार घर भएका १६ वर्षीय बालक र उग्रतारा जनागाल गाविस-३ का १६ वर्षीय बालकलाई चैत्र १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। रामेछाप जिल्ला बेताली गाविस-६ घर भई उग्रतारा जनागाल गाविस-१ पुलबजारमा डेरागरी बस्ने ती बालिकालाई पैसाको प्रलोभन देखाएर बालकुमारी जङ्गलमा लगि आरोपितहरूले बलात्कार गरेका थिए। पीडित बालिकाको चैत्र १३ गते धुलिखेल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला सरकारी वकिल कार्यालयले चैत्र ३० गते जिल्ला अदालतमा अभियोग दर्ता गराएको थियो। काभ्रे जिल्ला अदालतले ०७१ साउन २७ गते दीपकलाई १५ वर्ष कैद सजाय र १० हजार रुपियाँ क्षतिपूर्ति, १६ वर्षीय बालकलाई पाँच वर्ष कैद सजाय र ५ हजार रुपियाँ क्षतिपूर्ति र अर्का आरोपित बालकलाई १५ दिन कैद सजाय र १ हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ६१ जनाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, धुलिखेलमा उजुरी दर्ता गराए। जसमा शारीरिक यातना अर्न्तगत कुटपिटका ८६ र कुटपिट गरी घर निकालेका ६ र मानसिक यातना अर्न्तगत बात लगाएको दुई, मार्ने

धम्की दिएको पाँच र गालीगलौज गरेको ६८ रहेका छन्। अर्की पत्नी ल्याएर हेला गरेको २१, विवाह दर्ता र नागरिकता नबनाइदिएको आठ, बेवास्ता गरेको १४, बेवारिसे अवस्थामा छाडी भागेको १० र खानलाउन नदिएका ४१ उजुरी दर्ता भए। यस वर्ष १३ जना पुरुषहरूले पनि घरेलु हिंसा भएको भन्दै पत्नी विरुद्ध महिला सेलमा उजुरी दिए। घरेलु हिंसाका घटनामा सबैभन्दा बढी पीडक पति रहेका छन्। राजमार्गले छोएका नगरपालिकाहरुका साथै नासिकास्थान साँगा, उग्रतारा जनागाल, काभ्रे नित्यचण्डेश्वरी, पाल्लेखेत, खनालथोक, मेथिनकोट, पाँचखाल र ज्याम्दी गाविसबाट बढी घरेलु हिंसाका घटना दर्ता भएको देखिन्छ। केन्द्रमा दर्ता भएका यी घटनामध्ये १ सय ४९ घटनामा मिलापत्र भयो भने १४ घटनाका पीडित अदालत गएको र ९८ ओटा घटना प्रक्रियामा रहेको केन्द्रले जनायो।

सन् २०१३ मा ४९ जना महिला पीडित भएका थिए भने २०१४ मा महिला विरुद्धका हिंसामा ३२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये कथित बोक्सीको आरोपमा चार जना, बहुविवाहमा आठ जना, बलात्कारमा १० जना, बलात्कार प्रयासमा चार जना, यौन दुर्व्यवहारमा तीन जना र घरेलु हिंसामा तीन जना पीडित भएको इन्सेकले अभिलेखित गऱ्यो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	४	४
बलात्कार	१०	१०
बलात्कारको प्रयास	४	४
बहुविवाह	८	८
घरेलु हिंसा	३	३
यौन दुर्व्यवहार	३	३
जम्मा	३२	३२

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहारको घटनामा यस वर्ष १९ वर्षदेखि ७३ वर्षसम्मका महिला पीडित देखिएको छ। जसमा एक सुस्त मनस्थिति भएकी महिला सामूहिक बलात्कारबाट पीडित भइन्। आरोपितहरू २४ वर्षदेखि ६५ वर्षसम्मका छन्। बलात्कार र बलात्कार प्रयासका १३ ओटा घटनामा पीडितको स्वास्थ्य परीक्षण गरेको पाइएको छ। बलात्कारको एक घटनामा बुबा र हजुरबुवाको संलग्नता रहेको पाइएको छ। बलात्कारक घटनामध्ये छ ओटा घटनाका आरोपितहरूलाई तीन महिना कैद सजाय र ५ हजार रुपियाँ क्षतिपूर्तिदेखि १८ वर्ष कैद सजाय र २ लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला भएको छ। एक घटनाका आरोपितलाई १५ हजार धरौटीमा रिहा र एक घटनामा पुर्पक्षका लागि थुनामा पठाइएको पाइएको छ। बलात्कार प्रयासका एक घटनामा आरोपितले सफाइ .पाए , एक घटनामा दावी नपुगेको भनी फैसला भयो, एक घटनामा २२ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गरेको र एक घटनामा आशय करणी भनी रिहा गरेको पाइएको छ। त्यसै गरी, यौन दुर्व्यवहारका घटनामा आरोपितहरूलाई ४ हजारदेखि छ हजार रुपियाँसम्मको धरौटी लिई रिहा गरिएको छ।

एक २१ वर्षीया सुस्त मनस्थितिकी महिलालाई ०७० चैत १० गते सामूहिक बलात्कार गर्ने शङ्खुपाटीचौर गाविस-१ एक्लेखेत घर भएका ५० वर्षीय देवलाल श्रेष्ठ र ३० वर्षीय नवराज तामाङलाई चैत ११ गते प्रहरीले गिरफ्तार गऱ्यो। शङ्खुपाटीचौर गाविस-१ एक्लेखेत घर भएकी २१ वर्षीया पीडित महिलालाई घाँस काट्न एक्लेखेत जङ्गल गएको समयमा डाँडाको गोठमा पुऱ्याएर उनीहरूले पालैपालो बलात्कार गरेका थिए। घटनाको विषयमा पीडितकी काकीले प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको चैत्र ११ गते धुलिखेल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। चैत्र २७ गते जिल्ला सरकारी वकिल कार्यालयले अदालतमा अभियोगपत्र दायर गरेको यस मुद्दामा जिल्ला अदालत काभ्रेले ०७१ असार २५ गते जनही ५ वर्ष कैद र ५० हजार क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

एक ७३ वर्षीया महिलालाई ०७१ साउन २३ गते बलात्कार गरेको आरोपमा गोकुले गाविस-४ का ४५ वर्षीय उत्तरमान घलानलाई ०७१ साउन ३० गते प्रहरीले गिरफ्तार गऱ्यो। आर्थिक प्रलोभन देखाएर घटनालाई स्थानीय तहमा नै मिलाउन दबाब दिएको पीडित महिलाले बताइन्। पीडितको प्रसुती गृह थापाथलीमा साउन २९ गते स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला सरकारी वकिल कार्यालयले भदौ १६ गते काभ्रे जिल्ला अदालतमा अभियोग दर्ता गराएकोमा अदालतको आदेशमा सोही दिन आरोपितलाई पुर्पक्षका लागि धुलिखेल कारागार पठाइयो। यस मुद्दामा जिल्ला

अदालतले मङ्सिर २९ गते आरोपितलाई पाँच वर्ष कैद सजाय र ५० हजार क्षतिपूर्ति भराउने फैसला गर्‍यो।

घरेलु हिंसा

यस वर्ष तीन ओटा घरेलु हिंसाका घटना इन्सेकले अभिलेखित गरेको छ। घरेलु हिंसाको घटनामा २० देखि ४० वर्षसम्मका महिलाहरू पीडित भएको पाइएको छ। जसमध्ये एक घटनामा आरोपितहरूलाई पुर्पक्षको लागि थुनामा राखिएकोमा जिल्ला अदालतको फैसलाबाट सफाई पाई रिहा भए। दुई घटनामा आरोपितहरूलाई दुई हजार १ सय देखि ४ हजार धरौटी लिई रिहा फैसला भएको पाइएको छ।

परिवारजनबाट हत्या

यस वर्ष परिवारजनबाट तीन जना महिलाहरूको हत्या भएको पाइएको छ। एक घटनामा जिल्ला अदालतले आरोपितलाइ सफाइ दियो, एक घटनामा १० वर्षको कैद सजाय फैसला गरेको र एक घटनामा आरोपितले आत्महत्या गरेका थिए।

चौवास गाविस-२ पाल्लेगाउँकी २० वर्षीया मञ्जु परियार दर्जीलाई ०७१ वैशाख ७ गते राती घरायसी विवादमा पति २० वर्षीय माइला भनिने दीपेन्द्र दर्जीले कुटपिट गर्दा घाइते भएकाले उपचारका लागि अस्पताल ल्याउने क्रममा बाटैमा मृत्यु भयो। आरोपितलाई कर्तव्य ज्यान मुद्दामा वैशाख ८ गते प्रहरीले गिरफ्तार गर्‍यो। शवको वैशाख १४ गते शिर मेमोरियल अस्पताल बनेपामा पोष्टमार्टम गरियो। पोष्टमार्टम प्रतिवेदनमा नाक र कानबाट रगत बगेर मृत्यु भएको उल्लेख छ। यस घटनामा जिल्ला सरकारी वकिल कार्यालयले जेठ १ गते अदालतमा अभियोग दर्ता गरायो। आरोपितलाई जिल्ला अदालतबाट पुर्पक्षका लागि थुनामा राखिएकोमा आरोपितलाई ०७१ जेठ २१ गते १० वर्ष कैद सजाय सुनाइयो।

कुटपिट

ललितपुर उमनपा-१२ घर भई बनेपा नपा-३ मा डेरा गरी बस्ने २१ वर्षीया आशा तिमल्सिनालाई ०७१ साउन २५ गते उनका पति ३० वर्षीय विकास महर्जनले कुटपिट गरी स्टोभको मट्टितेल शरीरमा छर्किएर आगो लगाउन खोजेको आरोपमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी केही सार्वजनिक अपराध ऐनअर्न्तगत मुद्दा चलायो। आरोपितले खाना पकाउँदै गर्दा मट्टितेल सकिएर स्टोभमा मट्टितेल हाल्दाहाल्दै पत्नीले गालीगलौज गरेकाले रिसमा आफूले त्यसो गरेको बताएका थिए। पीडितको सोही दिन बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार गरियो। यस मुद्दामा जिल्ला सरकारी वकिल कार्यालयले भदौं १३ गते अभियोग दर्ता गराएकोमा कात्तिक २१ गते जिल्ला प्रशासन कार्यालय काभ्रेबाट भएको फैसलाअनुसार २ हजार १ सय जरिवाना तिरी रिहा भए।

खरेलथोक गाविस-३ मानेगाउँकी ४० वर्षीया विवरानी तामाङलाई ०७१ मङ्सिर २२ गते पति ५० वर्षीय श्यामबहादुर तामाङले कुटपिट गरी शरीरमा एसिड खन्याएर मार्ने प्रयास गर्दा एसिड पोखिएर तिघ्रामा चोट लाग्यो। सधैंजसो मादकपदार्थ सेवन गरी पत्नीलाई कुट्दै आएका पतिविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालय धुलिखेलमा उजुरी गरिन्। प्रहरीले आरोपितलाई मङ्सिर २३ गते गिरफ्तार गरी केही सार्वजनिक अपराध ऐनअर्न्तगत मुद्दा चलायो। घाइतेको मङ्सिर २४ गते धुलिखेल, प्राथमिक स्वास्थ्य केन्द्रमा घाउ जाँच गरिएको थियो। जिल्ला सरकारी वकिल कार्यालयले पुस १६ गते जिल्ला प्रशासन कार्यालय काभ्रेमा अभियोग दर्ता गरायो।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

यस वर्ष कथित बोक्सीको आरोपमा चार जना महिला पीडित भएको इन्सेकले अभिलेखित गरेको छ। जसमा ३६ वर्षदेखि ६२ वर्षसम्मका महिला पीडित भएका छन्। दुई घटनामा आफ्नै परिवारजनको पनि संलग्नता रहेको पाइयो। एक घटनामा पीडितलाई अभक्ष खुवाएको पाइएको छ। एक घटनामा आरोपित १० हजार रुपियाँ धरौटी लिई तारेखमा रहे पनि जनही १० हजार रुपियाँ जरिवाना गर्ने फैसला भएको छ। एक घटनामा सात हजार ५ सय रुपियाँ धरौटी लिई तारेखमा रहे पनि फैसलामा दावी पुग्न नसकेको भनी आरोपितहरूलाई सफाइ दिएको, दुई घटनामा आरोपितहरूलाई जनही तीन हजारदेखि १० हजार रुपियाँसम्म जरिवाना गरी रिहा गरेको पाइएको छ।

पोखरी नारायणस्थान गाविस-२ की ४२ वर्षीया श्रीमाया लमिनीलाई ०७० माघ १ गते साँझ सोही ठाँउका ३८ वर्षीया पासाङ तामाङ, उनका छोरा २५ वर्षीय विकुलाल तामाङ र बुहारी २० वर्षीया मनमाया तामाङले बोक्सीको आरोपमा कुटपिट गरे। पीडित महिलाले आफूलाई बोक्सीको आरोपमा कुटपिट

गरिएको भन्दै माघ ८ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा मुद्दा दर्ता गरेपछि आरोपितमध्ये सासू पासाङ र बुहारी मनमाया तामाङलाई सोही दिन प्रहरीले गिरफ्तार गर्‍यो। पीडितको माघ ८ गते नै प्राथमिक स्वास्थ्य केन्द्र धुलिखेलमा स्वास्थ्य परीक्षण गरियो। जिल्ला सरकारी वकिलको कार्यालयले माघ १५ गते जिल्ला अदालतमा यस मुद्दाको अभियोग दर्ता गरायो। जिल्ला अदालत काभ्रेको माघ १५ गतेको आदेशमा आरोपितहरूलाई जनही १० हजार रुपियाँ धरौटी लिएर तारेखमा राख्नू भन्ने आदेशअनुसार आरोपित दुबै जना माघ २६ गते धरौटी राखी रिहा भए। यस मुद्दामा जिल्ला अदालत काभ्रेको ०७० चैत २७ गते जनही १० हजार जरिवाना गर्ने फैसला भयो। यो मुद्दा फिर्ता लिनका लागि भन्दै गाउँबाट एमाओवादीका नेताहरू जिल्ला प्रहरी कार्यालयमा आएर दबाब दिएका थिए। पीडित महिलाले माघ ९ गते आफ्नो शान्ति सुरक्षाको माग गर्दै अर्को निवेदन दर्ता गराएकी थिइन्। पीडत महिलाका अनुसार बुहारी मनमायाले बोक्सीको आरोपमा अभक्ष खुवाएको र सासूले भने बोक्सीले चुसेका कारण आफ्नो दाँत झरेको आरोपमा कपाल भुत्ल्याएकी थिइन्। घटनापछि स्थानीयले उनीहरूलाई छुट्याएका थिए।

सबै प्रकारको जातीय विभेद

यस वर्ष जातीय विभेदबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गरेको छ।

ज्याम्दी गाविस-३ घर भएका शङ्करबहादुर सार्कीलाई सोही ठाँउका ३५ वर्षीय अच्युतप्रसाद अर्याल र उनकी पत्नी २८ वर्षीया मञ्जु अर्यालले २०७० फागुन २९ गते पानी लिन भनी नजिकैको कुवामा जाँदा दलितले छोएको पानी खान नहुने भन्दै पानी भर्न नदिएर पानीको भाँडो फ्याक्नुका साथै कुटपिटसमेत गरेको भनी ०७० चैत्र ३ गते आवश्यक कारबाही माग गर्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। यस घटनामा दुवै पक्षबीच मेलमिलाप भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, २५ ओटा स्वास्थ्यचौकी, ६४ ओटा उपस्वास्थ्यचौकी र प्राथमिक स्वास्थ्य केन्द्र चार ओटा छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा सात जना डाक्टरको दरबन्दी भएकोमा सात जना कार्यरत र १८ जना करारमा कार्यरत छन्। अहेबको दरबन्दी १ सय ९२ जना रहेकोमा १ सय ३१ जना कार्यरत ६१ जना रिक्त र ३७ जना करारमा कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी १० जना रहेकोमा आठ जना कार्यरत दुई जना रिक्त र दुई जना करारमा कार्यरत रहेका छन्। ल्याब असिस्टेन्टको दरबन्दी चार जना रहेकोमा चार जना कार्यरत रहेका छन्। अनमीको दरबन्दी १ सय २९ जना रहेकोमा १ सय १५ जना कार्यरत १४ जना रिक्त र १२ जना करारमा कार्यरत रहेका छन्। हेल्थ असिस्टन्टको दरबन्दी ३२ जना रहेकोमा २० जना कार्यरत १२ जना रिक्त र दुई जना करारमा कार्यरत छन्। स्त्री रोग विशेषज्ञ एक जना कार्यरत रहेको छ।

२.१४ भक्तपुर



जिल्ला सदरमुकामः भक्तपुर
क्षेत्रफल (वर्ग कि. मि.): ११९
घरधुरी सङ्ख्याः ६८,६३६
जम्मा जनसङ्ख्याः ३,०४,६५१
पुरुषः १,५४,८८४
महिलाः १,४९,७६७
अपाङ्ग सङ्ख्याः ३,२०४
गाविस/नपा सङ्ख्याः १६/२
पुरुष साक्षरता सङ्ख्याः १,३२,६१६
महिला साक्षरता सङ्ख्याः १,०४,९३७
हिन्दू धर्मावलम्बी प्रतिशतः ८७.८५
बौद्ध धर्मावलम्बी प्रतिशतः ९.१८
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.४९
किराँत धर्मावलम्बी प्रतिशतः ०.३८
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.९७
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०२
शिख धर्मावलम्बी प्रतिशतः ०.००२
अन्य धर्मावलम्बी प्रतिशतः ०.०९६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४४

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा१२ जना महिला र ८ जना पुरुष गरी २० जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ४५ जना महिला र एक जना पुरुष गरी ४६ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट एक जना पुरुष पीडित भए।

जिल्लामा गैरराज्यपक्षबाट बालिका र महिला बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट र महिलाहरू घरेलु हिंसाबाट बढी पीडित भएको पाइएको छ। जसमध्ये छ जना बलात्कार र यौन दुर्व्यवहारमा, चार जना बहुविवाहमा, २३ जना घरेलु हिंसामा, एक जना महिला बेचबिखनमा र एक जना यौन दुर्व्यवहारमा पीडित भएको पाइएको छ। यसैगरी, १० जना बालिका गैरराज्यपक्षबाट यस वर्ष पीडित भएको पाइयो। जसमध्ये आठ जना बालिका बलात्कारमा र दुई जना यौन दुर्व्यवहारमा पीडित भएको घटना इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा सात जना महिला र पाँच जना बालिका गरी १२ जना पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१०		१०
अपहरण				१	१
महिलाअधिकार			३४		३४
गिरफ्तारी/यातना	१	१			
हत्या			१		१
जम्मा	**१**	**१**	**४५**	**१**	**४६**

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, भेला हुने र सङ्गठित अधिकार)

अरनिको राजमार्गको सल्लाघारीमा चैत १९ गते दिउँसो प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरी हवलदार राजकुमार दनुवार, प्रहरी जवान लोकेन्द्र घर्ती र होमबहादुर तामाङ सामान्य घाइते भए। चैत १८ गते टिपर र मोटरसाइकल ठोकिँदा मोटरसाइकलमा बसेका एक जनाको मृत्यु भएकोमा उचित क्षतिपूर्ति र टिपर चालकलाई कारबाहीको माग गर्दै अरनिको राजमार्गको सल्लाघारी सृजनानगर चोकमा मृतकका आफन्तहरूले सडक अवरोध गरेपछि अबरुद्ध यातायात खुलाउने क्रममा भएको झडपमा प्रहरी तर्फ दुई जना र मृतकका आफन्त एक जना घाइते भए थिए। प्रदर्शनकारीले सवारीसाधनहरूमा ढुङ्गामुढा गर्न थालेपछि बाटो खुलाउन तथा सवारीसाधनहरूको सुरक्षाको लागि सामान्य बल प्रयोग गरिएको महानगरीय प्रहरी परिसर, भक्तपुरले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

भक्तपुर जिल्ला अदालतमाा तीन जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पसु १५ गतेसम्म फैसला हुन बाँकी रहेको देवानी मुद्दा ६ सय ४ थान र फैजदारी मुद्दा २ सय ७१ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ३ सय हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार
शिक्षाको अधिकार

यस जिल्लामा ५ सय १ प्राथमिक, ६४ निम्नमाध्यमिक र १ सय ४९ जना माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार २ सय ५६ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ४ सय १३ जना कार्यरत रहेका छन्। जिल्लामा विद्यालय जाने उमेरका ३० हजार ४ सय ८६ बालक र २८ हजार २ सय ४४ बालिका ०७१-०७२ शैक्षिकसत्रमा भर्ना भए। जिल्ला शिक्षा कार्यालयका अनुसार नौ ओटा विद्यालय अपाङ्गमैत्री रहेका छन्। शौचालय सुविधायुक्त प्राथमिक ५ सय १, निम्नमाध्यमिक ६४ र माध्यमिक १ सय ४९ विद्यालयहरू रहेका छन्। १ हजार १ सय ४७ दलित छात्र र १ हजार १ सय ७९ दलित छात्रालाई वितरण गरिएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा बालमैत्री भवन नभएको विद्यालयको सङ्ख्या ७ सय १४ रहेका छन्। जिल्ला शिक्षा कार्यलयले दिएको जानकारी अनुसार जिल्लाको कुल बार्षिक बजेट २९ करोड, ६५ लाख ७३ हजार रहेकोमा प्रशासनिक खर्च १८ करोड २६ लाख ६ हजार रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	८	८
यौन दुर्व्यवहार	२	२
जम्मा	**१०**	**१०**

बाल सुधार गृह

भक्तपुर जिल्लामा गैरसरकारी संस्थाको सहयोगमा ०५८ सालदेखि बाल सुधारगृह सञ्चालनमा रहेको छ। सुधार गृहको क्षमता १ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म फैसला भएका ४६ जना तथा फैसला नभएका २९ जना गरी जम्मा ७५ जना बालबालिका यस बाल सुधारगृहमा रहेका छन्। तीमध्ये बालक ७० तथा बालिका पाँच जना रहेका छन्।

गत वर्षको तुलनामा बालअधिकार उल्लङ्घनमा दोब्बर वृद्धि भएको पाइयो। सन् २०१३ मा गैरराज्यपक्षबाट पाँच जना बालिका पीडित भएका थिए भने यस वर्ष १० जना बालिका पीडित भएको पाइयो जसमा १२ वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेखित गऱ्यो। आरोपितहरू २० वर्षदेखि ३७ वर्षको रहेको पाइयो। जसमा दुई ओटा घटनामा भ्फड्केला बुबा रहेको पाइयो। सात ओटा घटनामा आरोपित गिरफ्तार गरेको र एक ओटामा आरोपित फरार रहेको पाइयो। दुई ओटा घटनामा आरोपितलाई जिल्ला अदालतले पुपक्षको लागि थुना राख्ने आदेश दिएको र चार ओटा घटनामा छ वर्षदेखि आठ वर्षसम्मको सजाय र एक लाख रुपियाँसम्मको क्षतिपूर्ति दिनुपर्ने फैसला सुनाइएको छ।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिकालाई कात्तिक ७ गते साँझ कोही नभएको बेला ललाई फकाई बलात्कार गरेको आरोपमा काभ्रे जिल्ला नासिका-६ बालिकाका भ्फडकेला बुबा ३७ लाई जिल्ला अदालत भक्तपुरले मङ्सिर १४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थिमी प्रहरी वृत्तले जनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण काडमाडौँको थापाथलीस्थित प्रसुती गृहमा कात्तिक १८ गते भएको थियो। आरोपितलाई मङ्सिर ८ गते गिरफ्तार गरिएको थियो। पीडितकी आमाले ०७१ कात्तिक २० गते प्रहरी वृत्त ठिमीमा जाहेरी दिएकी थिइन्।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

गत वर्षको तुलनामा सन् २०१४ मा महिला विरुद्धका हिंसाका घटना धेरै वृद्धि भएको पाइयो। सन् २०१३ मा पाँच जना महिला पीडित भएका थिए भने यस वर्ष ३४ जना महिला पीडित भएको पाइयो। जसमध्ये बलात्कार र यौन दुर्व्यवहारमा ६ जना, बहुविवाहमा चार जना, महिला बेचविखनमा एक जना र घरेलु हिंसामा २३ जना पीडित भएको इन्सेकले अभिलेखित गऱ्यो। बलात्कारको घटनामा १८ वर्षदेखि ३५ वर्षसम्मका पीडित रहेको पाइयो। जसमध्ये बलात्कारमा एक घटनामा जिल्ला अदालतको आदेशमा आरोपित थुनामा रहेको र अर्को एक घटनामा आरोपितलाई पाँच वर्षको कैद सजाय र २५/२५ हजार रुपियाँ पीडितहरूलाई क्षतिपूर्ति दिनुपर्ने फैसला गरेको पाइयो। एक महिलाको परिवारजनबाट हत्या भयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
बहुविवाह	४	४
महिला बेचबिखन तथा ओसारपसार	१	१
घरेलु हिंसा	२३	२३
यौन दुर्व्यवहार	१	१
जम्मा	३४	३४

मानव बेचबिखन तथा ओसारपसार

दोलखा जिल्ला बिगु गाविस-१ छोइयाङ् स्थायी घर भई हाल काठमाडौँ जैसीदेवल बस्ने २९ वर्षीय असिमराज तामाङलाई मानव बेचविखनमा संलग्न भएको आरोपमा जिल्ला अदालतको कात्तिक २६ गतेको इजलासले २५ वर्षको जेल सजाय सुनायो। आरोपित तामाङविरुद्ध पीडितका बाबुले ०६९ असार ५ गते उजुरी दर्ता गरेका थिए। पीडितका बुबा सानु बाबुका अनुसार ०६८ माघ १७ गते आफ्नी १४ वर्षीया छोरीलाई आरोपितले खासाको एक होटेलमा मासिक १० हजार रुपियाँ तलबमा काम लगाइदिने भन्दै पुरानो बसपार्कबाट गाडीमा खाडीचौर हुँदै राती ८ बजे सिमानामा लगेको र त्यतै तिरको एउटा लजमा राखी भोलिपल्ट ०७० माघ १८ गते मितेरी पुल पारी चीनको खासामा रहेको माप्फाली भ्फुप्पा लजमा राखेर आरोपित भागेर गएका थिए। तामाङलाई जेल र जरिवानासहित पीडित महिलालाई १ लाख २५ हजार रुपियाँसहित क्षतिपूर्ति दिनु पर्ने फैसला सुनाएको भक्तपुर जिल्ला अदालतले जनायो।

घरेलु हिंसा

सूर्यविनायककी २९ वर्षीया शर्मिला गाईजु (गोठे) लाई मङ्सिर २८ गते कुटपिट गरेको आरोपमा फर्निचर पेशा गर्ने उनका पति २९ वर्षीय सुनिल गोठे र जेठाजू अनिल गोठेलाई पुस २ गते महानगरीय प्रहरी

वृत्त जगतीले गिरफ्तार गर्‍यो। पति र जेठाजूको कुटपिटबाट घाइते भएकी शर्मिलाको मध्यपुर थिमी अस्पतालको आईसीयू कक्षमा उपचार भयो। नौ वर्षअघि प्रेम विवाह गरेकी शर्मिलालाई विवाह लगत्तैदेखि नै पतिलगायत परिवारका अन्य सदस्यहरूले शारीरिक तथा मानसिक यातना दिने गरेको पीडितका भाइ निसान गाइजुले बताए। पीडित पक्षले मङ्सिर २९ गते नै भक्तपुर प्रहरी प्रभाग जगतीमा उजुरी गरेको थियो। आरोपितहरूलाई सोही दिन गिरफ्तार गरी पुस १ गते तारेखमा रिहा गरिएको थियो। पीडितको तर्फबाट मनिस गाइजुले सार्वजनिक अपराध अन्तर्गत कारबाहीको माग राखी पुस २ गते उजुरी गरेपछि आरोपितहरूलाई पुनः सोही दिन प्रहरीले गिरफ्तार गरेको थियो। आरोपितहरूलाई पीडित पक्षबाट सार्वजनिक अपराध अर्न्तगत मुद्दा चलाइएकोमा हाल दुवै जना ८४ हजार ५ सय २६ रुपियाँ धरौटीमा रिहा भएको जिल्ला प्रशासन कार्यालयले जनायो।

परिवारजनबाट हत्या

भक्तपुर सिरुटार-२ की ३८ वर्षीया सुनकेशरी कायस्थलाई ०७० फागुन १७ गते आफ्नै घरमा देवर ३६ वर्षीय तइल कृष्ण कायस्थले पिकको बिँडले टाउकोमा हानी हत्या गरे। सोही राति आरोपितलाई प्रहरीले गिरफ्तार गर्‍यो। मृतकका पतिले महानगरीय प्रहरी वृत थिमीमा दिएको जाहेरी फागुन १९ गते दर्ता भई आरोपितलाई म्याद थप गरी अनुसन्धान सुरु गरेको थियो। कायस्थ दाजुभाई बीच अंश सम्बन्धी विवाद रहेको थियो। आरोपितलाई ज्यानसम्बन्धी महलको १ र १३ (३) अनुसार कसुर ठहर भएकोले ०७१ वैशाख ७ गते सर्वस्व सहित जन्म कैदको फैसला भएको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा निजीसहित १० ओटा अस्पताल, १४ ओटा स्वास्थ्यचौकी, पाँच ओटा उपस्वास्थ्यचौकी दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा दुई जना डाक्टरको दरबन्दी भएकोमा दुई जना कार्यरत रहेका छन्। अहेबको दरबन्दी ५१ जना रहेकोमा ५२ जना कार्यरत रहेका छन्। स्टाफ नर्सको दरबन्दी दुई जना रहेकोमा दुई जना कार्यरत रहेका छन्। ल्याब असिस्टेन्टको दरबन्दी चार जना रहेकोमा तीन जना कार्यरत एक जना रिक्त रहेका छन्। अनमीको दरबन्दी ३२ जना रहेकोमा ३९ जना कार्यरत रहेका छन्। हेल्थ असिस्टन्टको दरबन्दी १८ जना रहेकोमा १० जना कार्यरत आठ जना रिक्त रहेका छन्।

जिल्ला स्वास्थ्य कार्यालयले दिएको जानकारी अनुसार ८ करोड ७५ लाख ७० हजार रुपियाँ वार्षिक बजेट रहेकोमा ८ करोड ११ लाख ७७ हजार १ सय ६५ रुपियाँ प्रशासनिक खर्च रहेको छ ।

२.१५ काठमाडौँ



जिल्ला सदरमुकामः काठमाडौँ
क्षेत्रफल (वर्ग कि. मि.): ३९५
घरधुरी सङ्ख्याः ४,३६,३४४
जम्मा जनसङ्ख्याः १७,४४,२४०
पुरुषः ९,१३,००१
महिलाः ८,३१,२३९
अपाङ्ग सङ्ख्याः १७,१२२
गाविस/नपा सङ्ख्याः ५७/२
पुरुष साक्षरता सङ्ख्याः ७,९८,१७५
महिला साक्षरता सङ्ख्याः ६,३५,६३०
हिन्दू धर्मावलम्बी प्रतिशतः ८०.०१
बौद्ध धर्मावलम्बी प्रतिशतः १५.३९
इस्लाम धर्मावलम्बी प्रतिशतः १.२५
किराँत धर्मावलम्बी प्रतिशतः ०.७७
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः २.३३
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०५
वोन धर्मावलम्बी प्रतिशतः ०.०१
जैन धर्मावलम्बी प्रतिशतः ०.०५
शिख धर्मावलम्बी प्रतिशतः ०.००४
अन्य धर्मावलम्बी प्रतिशतः ०.१३३
प्रतिपरिवार सरदर सङ्ख्याः ४००.००

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५ सय ३३ जना पीडित भएका थिए भने सन् २०१४ मा पीडित सङ्ख्या ५ सय ९४ पुगेको छ।

यस वर्ष राज्यपक्षबाट एक जनाको हत्या भयो। सन् २०१३ मा गैराराज्य पक्षबाट पाँच जना महिला र ११ जना पुरुष गरी १६ जनाको हत्या भयो भने यस वर्ष गैरराज्य पक्षबाट तीन जना महिला र दुई जना पुरुष गरी पाँच जनाको हत्या भएको घटना इन्सेकले अभिलेख गऱ्यो। जातीय विभेदको घटनामा एक जना महिला र एक जना पुरुष गरी दुई जना पीडित भए भने भेला/सङ्गठित हुने अधिकारका घटनामा तीन जना महिला र २५ जना पुरुष यसवर्ष पीडित भएको पाइएको छ।

जिल्लामा गैरराज्यपक्षबाट महिला तथा बालबालिका बढी पीडित भएको पाइयो। महिला हिंसा गत वर्षको तुलनामा बढेको देखिन्छ। यस वर्ष ५ सय ८ जना महिला पीडित भए भने गत वर्ष ३ सय ५४ महिला पीडित भएका थिए। महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट बढी पीडित भएको पाइएको छ। बलात्कारको घटनामा १८ जना, बलात्कार प्रयासका घटनामा पाँच जना, बहुविवाहको घटनामा १६ जना, महिला बेचविखनको घटनामा १७ जना, घरेलु हिंसाको घटनामा ४ सय ५१ जना, यौन दुर्व्यहारको घटनामा एक जना महिला यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनका ४६ ओटा घटना अभिलेखित भए, जसमध्ये ३४ जना बालिका बलात्कार, १० जना बालिकामाथि यौन दुर्व्यवहार, एक जना बालिका बालश्रम र एक जना बालिका बेचबिखनमा परी पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा २४ जना बालबालिकाहरू पीडित भएका थिए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

धादिङ जिल्ला त्रिपुरेश्वर गाविस-६ का २८ वर्षीय दिनेश अधिकारी चरीको ०७१ साउन २१ गते काठमाडौँको भीमढुङ्गामा प्रहरीको गोली लागी मृत्यु भयो। महानगरीय प्रहरी परिसर हनुमानढोका अपराध अनुसन्धान महाशाखाकी डीएसपी मीरा चौधरीको कमाण्डमा गोलढुङ्गा पुगेको प्रहरी टोलीसँग दिनेश अधिकारीको दोहोरो भिडन्त भएपछि जवाफी कारबाहीमा प्रहरीले चलाएको गोली लागेर उनको घटनास्थलमै मृत्यु भएको महानगरीय प्रहरी अपराध अनुसन्धान महाशाखाले जनायो। अधिकारीलाई करिब ६ महिनाअघि धादिङ क्षेत्र नम्बर १ का राधे भण्डारीलाई खुकुरी हानी हत्या प्रयास गरेको अभियोग लागेको थियो। अधिकारीको शवको मुचुल्का उठाई पोस्टमार्टमका लागि साउन २१ गते त्रिविवि शिक्षण अस्पताल महाराजगञ्ज लगिएको थियो। अधिकारीलाई प्रहरीले गिरफ्तार गरी गैरन्यायिक हत्या गरेको मृतकको परिवारजनको आरोप छ भने प्रहरीमाथि गोली प्रहार गरेपछि जवाफी कारबाहीमा गोली लागेर अधिकारीको मृत्यु भएको प्रहरीले दावी गऱ्यो। घटनाको सम्बन्धमा सत्य तथ्य बुझ्न अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), पिपिआर नेपाल, एड्भोकेसी फोरम नेपाल, स्कोप नेपाल सम्मिलित संस्थाका प्रतिनिधिहरूले ०७१ साउन २२ गते घटनास्थलको अनुमगन गरेको थियो। अध्ययनका क्रममा टोलीले घटनास्थल, स्थानीयबासी, प्रहरीलगायत सरोकारवाला व्यक्तिहरूसँग जानकारी लिएको थियो।

प्रहरीको गोली प्रहारबाट मारिएका दिनेश अधिकारी (चरी)

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				४६		४६
अपहरण				१	१	२
महिलाअधिकार				५०८		५०८
भेला/सङ्गठित हुने अधिकार	३	२५	२८			
जातीय विभेद				१	१	२
कुटपिट					१	१
धम्की				१		१
हत्या		१	१	३	२	५
जम्मा	**३**	**२६**	**२९**	**५६०**	**५**	**५६५**

जानकारीको क्रममा स्थानीयवासीहरूले घटना शङ्कास्पद भएको बताएका थिए। उनीहरूले आफूहरूलाई घटनास्थलमा जान नदिएको, दोहोरो भिडन्तमा जस्तो गोलीको आवाज नसुनिएको, घटनास्थलमा रगतको मात्रा एकदमै न्यून रहेको र स्थानीय प्रहरीलाई समेत घटनाको बारेमा पूर्व जानकारी नगराइएको भन्दै घटना सुनियोजित हुन सक्ने बताएका थिए। घटनाको सम्बन्धमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री बामदेव गौतमले ०७१ साउन २३ गते व्यवस्थापिका संसद्मा सम्बोधन गर्दै अधिकारी प्रहरीसँगको मुठभेडमै मारिएको स्पष्टीकरण दिएका थिए।

जेल र बन्दी

"क" श्रेणी अन्तर्गत क्रमश: केन्द्रीय कारागार, भद्र बन्दी कारागार र महिला कारागार गरी तीन ओटा कारागार रहेका छन्। तीनओटै कारागारको कुल बन्दी क्षमता १ हजार २ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म केन्द्रीय कारागारमा कैद तोकिएको ४ सय ३० जना र कैद नतोकिएको १ हजार १ सय गरी जम्मा १ हजार ५ सय ३० जना बन्दीहरू रहेका छन्। जसमध्ये १ हजार ३ सय ९८ जना नेपाली र १ सय ३२ जना विदेशी बन्दी रहेका छन्। यसैगरी भद्रबन्दी कारागारमा यसवर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय ८१ जना र कैद नतोतिएका ३ सय १५ जना गरी जम्मा ६ सय ९६ जना बन्दीहरू रहेका छन्। जसमध्ये ६ सय ४९ जना नेपाली र ४७ जना विदेशी बन्दी रहेका छन्। यसै गरी महिला कारागारमा यसवर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ३३ जना र कैद नतोकिएका १ सय ९८ जना गरी जम्मा ३ सय ३१ जना बन्दीहरू रहेका छन्। जसमध्ये २ सय ९८ जना नेपाली महिला र ३३ जना विदेशी महिला रहेका छन्। तीन औटे कारागारमा रहेका बन्दीको कुल सङ्ख्या २ हजार ५ सय ५७ जना रहेको छ। कुल बन्दी सङ्ख्यामा २ हजार २ सय २६ जना पुरुष, ३ सय ३१ जना महिला, १७ जना नाबालक रहेका छन्। कुल बन्दी सङ्ख्यामा पाँच जना बन्दी भने हाल अस्पतालमा उपचारका क्रममा रहेका छन्। यो कारागार १९७१ सालमा निर्माण भएको हो।

"ख" श्रेणी अन्तर्गत रहेको डिल्लीबजार कारागारको कुल बन्दी क्षमता १ सय १० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ८५ र कैद नतोएिका ३ सय ८९ गरी जम्मा ६ सय ७४ जना बन्दीहरू रहेका छन्। जसमा परुष बन्दीहरू मात्रै रहेका छन्। यस कारागारको स्थापना १९७८ सालमा भएको हो।

कैदी र थुनुवालाई स्वास्थ्य उपचार, पत्रपत्रिका, रेडियो टेलिभिजन लगायतका सुविधा कारागारभित्र दिइएको डिल्लीबजार कारागारका जेलर खड्गराज शर्माले बताए। साथै, क्षमताभन्दा बढी कैदी हुनु, भक्तपुरमा कारागार नभएका कारण कैदी, थुनुवालाई काठमाडौँ ल्याइनुले बन्दीहरूको चाप बढेको र सुत्नलाई समस्या हुने गरेको, भवन जीर्ण भएको, घामको प्रकाश कारागारभित्र नछिर्ने भएकाले अँध्यारोमा बन्दीहरू बस्नुपरेको, खानेपानीको समस्या, बन्दीहरूलाई घुमफिर गर्न स्थानको समस्या रहेको जेलर शर्माले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

काठमाडौँ देशको शासन सत्ता सञ्चालन गर्ने तथा नीति नियम बनाउने थलो भएकाले विभिन्न समुदायका व्यक्ति तथा नागरिक समाज, विभिन्न सङ्घ संस्था र राजनीतिक दल तथा तीनका भातृ सङ्गठनहरूका लागि आन्दोलनको केन्द्र विन्दु यो जिल्ला पर्ने गरेको छ। यसरी विरोध प्रर्दशन तथा बन्द हड्ताल गर्नेहरूमा बढी राजनीतिक दल तथा तीनका भातृ सङ्गठनका नेता तथा कार्यकर्ताहरू अग्रपंक्तिमा देखिन्छन्। संविधान निर्माणका क्रममा रहेकाले पनि अहिले काठमाडौँको नयाँ वानेश्वर र कानुन निर्माण तथा कार्यान्वयनको थलोको रूपमा रहेको सिंहदरबार वरिपरि धर्ना, विरोध तथा प्रर्दशन जस्ता गतिविधिहरूको इन्सेकले अनुगमन गरेको छ।

यसरी आफ्नो समुदायको अधिकार सुनिश्चितताका लागि संयुक्त दलित अधिकार मञ्च नेपालले आर्थिक वर्ष ०७१/७२ को बजेट विनियोजनमा करिब ६० लाख दलितलाई बेवास्ता गरिएको भन्दै ०७१ साउन ८ गते दलित अधिकारकर्मीहरूले सिंहदरबार दक्षिणढोकामा शान्तिपूर्ण धर्ना दिने क्रममा महानगरीय प्रहरी वृत्त सिंहदरबारको प्रहरी टोलीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा दलित अधिकारकर्मीहरू भुवन सुनुवार, रणबहादुर रम्तेल र कृष्ण विके सामान्य घाइते भए। घाइते तीन सहित कमला हेम्चुरी, दलमर्द्धन कामी, सरोज दिलु, कृष्ण रणपाल र सन्तोष विकलाई प्रहरीले गिरफ्तार गर्‍यो। निषेधित क्षेत्रमा प्रर्दशन गरेको भनी दलित अधिकारकर्मीहरूलाई गिरफ्तार गरिएको प्रहरीले बतायो। गिरफ्तार उनीहरूलाई बिहान १० बजेतिर

गिरफ्तार गरी सोही दिन दिउँसो ३ बजे रिहा गरिएको थियो। हस्तक्षेप घटनाप्रति एक प्रेस विज्ञप्ति जारी गर्दै संयुक्त दलित अधिकार मञ्च आन्दोलन परिचालन समितिले प्रहरी हस्तक्षेपको भर्त्सना गर्‍यो।

त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार स्थापित गर्न माग गर्दै राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको अगुवाइमा विभिन्न सङ्घसंस्थाहरूले भृकुटिमण्डपबाट निकालेको र्‍यालीमाथि सिंहदरबार अगाडि ०७० पुस २४ गते प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्‍यो। प्रहरीको लाठी चार्जबाट राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष सुदर्शन सुवेदी, गुल्मी जिल्ला हसारा गाविस-७ घर भई हाल ललितपुर कुपण्डोल बस्ने राष्ट्रिय अपाङ्ग महासङ्घका केन्द्रीय कोषाध्यक्ष ३५ वर्षीय धुव्रहरि न्यौपाने, काठमाडौँ मनपा-३५ कोटेश्वर बस्ने नेपाल अपाङ्ग महिला सङ्घकी ३६ वर्षीया रमा ढकाल, काठमाडौँ मनपा-१४ कुलेश्वरकी ३४ वर्षीया सुमित्रा बर्मा, जुम्ला जिल्ला घर भएका ३२ वर्षीय रामकृष्ण न्यौपाने, धनकुटाका २६ वर्षीय युवराज कट्टेल घाइते भए। घाइते उनीहरूको काठमाडौँ मोडेल अस्पतालमा उपचार भयो। प्रहरीले छाती र मुखमा लात्ती र लाट्ठीले हिर्काउँदा पीडित धुव्रहरिको मुखबाट रगत बगेको थियो भने अर्की पीडित रमा ढकालको कृत्रिम खुट्टा भाँचिई प्राकृतिक खुट्टा समेत फ्याक्चर भएको थियो। त्यसैगरी पीडित सुमित्राको हातमा चोट लागेको थियो भने बाँकी अन्य सबै सामान्य घाइते भएका थिए। अपाङ्गता भएका व्यक्तिहरूले मन्त्रिपरिषद्ले मनोनयन गर्ने २६ जना सभासद्को कोटामा कम्तिमा चार जना अपाङ्गता भएका व्यक्ति अनिवार्य मनोनयन गर्न माग राखी उनीहरूले र्‍यालीको आयोजना गरेका थिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

काठमाडौँ जिल्ला अदालतमा १९ जना न्यायाधीशको दरबन्दी रहेको छ । यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेको देवानी मुद्दा ४ हजार ४८ थान र फैजदारी मुद्दा ३५ सय ५० थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा १ सय १३ थान र फैजदारी मुद्दा २ सय २२ थान जिल्ला अदालतमा रहेका छन् । मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ४ सय हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ६९ ओटा प्राथमिक, ७ सय ९५ ओटा निम्न माध्यामिक र ७ सय २५ ओटा माध्यामिक विद्यालय रहेका छन्। कुल ७ सय २५ शिक्षक दरबन्दी रहेकोमा सबै जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ३६ हजार ८ सय ४८ जना बालक र ४० हजार ६ सय ४१ जना बालिका गरी ७७ हजार ४ सय ८९ जना बालबालिकाहरू प्राथमिक तहदेखि मावि तहसम्म विद्यालयमा भर्ना भए। जिल्ला शिक्षा कार्यालयका अनुसार ४ हजार ५ जना दलित बालबालिकालाई ३७ लाख रुपियाँ छात्रवृत्ति प्रदान गरिएको छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक वजेट १ अरब ८१ करोड ६ लाख ७३ हजार ३ सय ९२ रुपियाँ रहेको छ, जसमध्ये मध्ये १ अरब ६४ करोड ४८ लाख २६ हजार ६ सय २४ रुपियाँ प्रशासनिक खर्च रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालश्रम	१	१
बालबालिका बेचबिखन	१	१
बलात्कार	३४	३४
यौन दुर्व्यवहार	१०	१०
जम्मा	४६	४६

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष तीन वर्षदेखि १७ वर्ष उमेर समूहका ३४ जना बालिका बलात्कृत भए भने यौन दुर्व्यहारबाट १० जना बालिका पीडित भए। घटनाका आरोपितहरू ६५ वर्ष उमेरसम्मका रहेका छन्।

एक १४ वर्षीया बालिकालाई सिन्धुपाल्चोक जिल्ला थोकर्पा गाविस-३ घर भई हाल काठमाडौँ मनपा-१४ का २१ वर्षीय सोमबहादुर पहाडीले ०७० चैत २९ गते बलात्कार गरेको आरोपमा पीडितले वैशाख १२ गते महानगरीय प्रहरी वृत्त, कालिमाटीमा जाहेरी दिइन्। महानगरीय प्रहरी वृत्त, कालिमाटीले आरोपितलाई वैशाख ११ गते गिरफ्तार गरी मुद्दा दायर गर्‍यो। जिल्ला अदालतको जेठ ६ गतेको आदेशले आरोपित पुपर्क्षका लागि कारागार चलान भए। पीडितको थापाथलीस्थित प्रसुतीगृहमा वैशाख १२ गते स्वास्थ्य परीक्षण गरिएको थियो।

६ वर्षीया एक बालिकालाई दोलखा जिल्ला

श्यामा गाविस-८ घर भई हाल काठमाडौं इन्द्रायणी डेरा गरी बस्ने ६२ वर्षीय लाक्पा टेण्डु शेर्पाले ०७१ कात्तिक ७ गते बलात्कार गरेको आरोपमा पीडित बालिकाकी आमाले सोही दिन महानगरीय प्रहरी वृत्त बौद्धमा किटानी जाहेरी दिइन्। आरोपितलाई कात्तिक ८ गते प्रहरीले गिरफ्तार गरी कात्तिक ९ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको मङ्सिर ८ गतेको आदेशले हाल आरोपित पुपर्क्षका लागि कारागार चलान भए। पीडित बालिकाको थापाथलीस्थित प्रसुति गृहमा कात्तिक ७ गते स्वास्थ्य परीक्षण गरिएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

मानवबेचबिखन तथा ओसारपसार

यो वर्ष महिला बेचबिखनको घटनामा १७ जना पीडित भएको घटना इन्सेकले अभिलेख गरेको छ। बेरोजगारी, अशिक्षा, अज्ञानता, चरम गरिबीका बाबजुद जीवन बाँच्नुपर्ने बाध्यताले गर्दा मानिसहरू बेचबिखन र ओसारपसार अपराधका शिकार भइरहेका छन्। कुवेत लैजाने भन्दै दुई महिनादेखि काठमाडौं तिलगङ्गास्थित चिरपरिचित नामक सेकुवा कर्नरको माथिल्लो तल्लामा बन्धक बनाई राखिएका उदयपुर कटारीकी बद्रीकुमारी राई, अमृतमाया रसाइली, सञ्चमाया तामाङ, झापाकी फूलमाया तामाङ, आइतमाया बराइली र मकवानपुरकी सञ्चमाया वाइवालाई महानगरीय प्रहरी वृत्त गौशालाको प्रहरी टोलीले ०७० चैत १७ गते उद्धार गरी पीडितहरूलाई माइती नेपालको संरक्षणमा पठायो। उद्धारसँगै सेकुवा कर्नर सञ्चालक मकवानपुर जिल्ला राईगाँउ गाविस-१ का ३८ वर्षीय धनबहादुर स्याङ्तानलाई प्रहरीले गिरफ्तार गरी जिल्ला प्रशासन कार्यालयमा चैत १८ गते सार्वजनिक ऐन अन्तर्गतको मुद्दा चलाएकोमा जिल्ला प्रशासनको ०७१ वैशाख ७ गतेको आदेशले

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१८	१८
बलात्कारको प्रयास	५	५
बहुविवाह	१६	१६
महिला बेचबिखन तथा ओसारपसार	१७	१७
पारिवारीक हिंसा	४५१	४५१
यौन दुर्व्यवहार	१	१
जम्मा	**५०८**	**५०८**

आरोपित ४ हजार रुपियाँ धरौटी राखी रिहा भए।

एक २३ वर्षीया युवतीलाई ०७१ असोज २३ गते भारत पुर्‍याई बेचबिखन गर्न खोजेको आरोपमा सिन्धुपाल्चोक जिल्ला जलविरे गाविस-२ घर भई हाल काठमाडौं मनपा-७ सिपल बस्ने ७१ वर्षीय पृथ्वीबहादुर थापा र काठमाडौं जोरपाटी गाविस-२ का २९ वर्षीय फुलमान सुनारलाई महानगरीय प्रहरी वृत्त गौशलाले घटना भएकै दिन गिरफ्तार गरी असोज २४ गते जिल्ला अदालतमा मानवबेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दा दायर गरेकोमा जिल्ला अदालतको पुस १ गतेको आदेशले आरोपित फुलमान ७५ हजार रुपियाँ र पृथ्वीबहादुर ५० हजार रुपियाँ धरौटीमा रिहा भए। घटनाको सम्बन्धमा पीडित आफैँले असोज २३ गते प्रहरीमा जाहेरी दिएकी थिइन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा कुल ७ सय ४८ ओटा उजुरी दर्ता भएको छ। कुल घटनामा ७ सय २५ जना महिला तथा २३ जना पुरुष गरी कुल ७ सय ४८ जना पीडित भए। घटनामध्ये खानलाउन नदिएको सम्बन्धी ३ सय ६७, शारीरीक तथा मानसिक यातना (कुटपिट) सम्बन्धी २ सय २६, अन्य केटीसँग लागि हेरविचार नगरेको सम्बन्धी १ सय २३, धाकधम्की तथा गालीगलौज सम्बन्धी १९ र दाइजो सम्बन्धी १३ ओटा घटना सेवा केन्द्रमा दायर भए। कुल घटनामा २ सय ९९ ओटा घटनामा मिलापत्र भयो बाँकी ४ सय ४९ ओटा घटनामा अनुसन्धानकै क्रममा रहे। उजुरी पश्चात घरपरिवारको दवाव वा डर त्रासले प्रहरी कार्यालयमा धाउनु भन्दा घरमै सहेर बस्नुले धेरैजसो घटना अनुसन्धानकै क्रममा रहने गरेको सेवा केन्द्रले जनायो।

सन् २०१३ मा यस जिल्लामा सात जना महिला बलात्कृत भए भने २०१४ मा १८ जना महिला बलात्कृत भएको इन्सेकले अभिलेख गर्‍यो।

२० वर्षीया एक युवतीलाई ०७१ साउन २६ गते बलात्कार गरेको आरोपमा चितवन जिल्ला शारदानगर नपा-५ घर भई हाल काठमाडौं चपली भद्रकाली बस्ने २९ वर्षीय ताराबहादुर लामिछानेलाई प्रहरीले साउन २९ गते गिरफ्तार गर्‍यो। पीडितले

साउन २८ गते महानगरीय प्रहरी वृत्त, महाराजगञ्जमा जाहेरी दिएकी थिइन्। जिल्ला अदालतको भदौ १९ गतेको आदेशले आरोपित पुपर्क्षका लागि कारगाार चलान भए। पीडितको साउन २८ गते महाराजगञ्जस्थित त्रिविवि शिक्षण अस्पताल माहाराजगञ्जमा स्वास्थ्य परीक्षण गरिएको थियो।

जिल्लामा स्वास्थ्यको अधिकार

जिल्लामा आठ ओटा प्राथमिक स्वास्थ्य केन्द्र, २६ ओटा स्वास्थ्यचौकी र ३२ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार आठ जना मेडिकल अधिकृत आड जना स्टाफ नर्स, १ सय २० जना अहेब र १ सय ८ जना अनमिको दरबन्दी रहेकोमा सबै जना कार्यरत छन्। काडमाडौं जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा जिल्लमा ३ सय जनाको दरबन्दी रहेकोमा १४ ओटा दरबन्दी रिक्त रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २५ करोड ३ लाख १८ हजार रुपियाँ रहेकोमा १३ करोड ४५ लाख ६० हजार रुपियाँ प्रशासनिक र ५० लाख औषधी खर्च खर्चबातपको रकम रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

२.१६ धादिङ

जिल्ला सदरमुकामः धादिङवेशी
क्षेत्रफल (वर्ग कि. मि.): १,९२६
घरधुरी सङ्ख्याः ७३,८५१
जम्मा जनसङ्ख्याः ३,३६,०६७
पुरुषः १,५७,८३४
महिलाः १,७८,२३३
अपाङ्ग सङ्ख्याः ७,८२७
गाविस/नपा सङ्ख्याः ५०/०
पुरुष साक्षरता सङ्ख्याः १,०५,००५
महिला साक्षरता सङ्ख्याः ९५,०७७
हिन्दू धर्मावलम्बी प्रतिशतः ७२.४२
बौद्ध धर्मावलम्बी प्रतिशतः २०.५७
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.३१
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ६.३२
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.२४
वहाई धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.११९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५५

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७८ जना महिला र ६७ जना पुरुष गरी १ सय ४५ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ४५ जना महिला र छ जना पुरुष गरी ५१ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट नौ जना महिला र तीन जना पुरुष गरी १२ जना पीडित भए।

जिल्लामा गैरराज्यपक्षबाट पुरुष र बालिकाको सङ्ख्याभन्दा बढी महिला पीडित भएको पाइयो।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				१०	१	११
महिलाअधिकार				३२		३२
जातीय विभेद				२	२	४
कुटपिट	५	२	७			
धम्की	४	१	५	१		१
हत्या					३	३
जम्मा	**९**	**३**	**१२**	**४५**	**६**	**५१**

बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट बढी पीडित भएका छन् भने महिलाहरू घरेलु हिंसाबाट बढी पीडित भएको पाइएको छ। जसमध्ये एक जना कथित बोक्सीको आरोपमा, पाँच जना बलात्कारमा, पाँच जना बलात्कारको प्रयासमा, सात जना बहुविवाहमा, १३ जना घरेलु हिंसामा र एक जना यौन दुर्व्यवहारमा पीडित भएको पाइएको छ।

गैरराज्यपक्षबाट यस वर्ष तीन जना पुरुषको हत्या भयो। अघिल्लो वर्ष दुई महिला र दुई पुरुषको हत्या भएको थियो। जातीय विभेदका कारण दुई जना महिला र दुई पुरुष पीडित भएको घटना यस वर्ष इन्सेकले अभिलेख गरेको छ। यसरी नै १० जना बालिका र एक जना बालक गरी ११ जना बालबालिका गैरराज्यपक्षबाट यस वर्ष पीडित भएको पाइयो। जसमा आठ जना बालिका बलात्कारमा, दुई जना यौन दुर्व्यवहारमा र एक जना बालक शारीरिक सजायमा पीडित भएको घटना इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा ३६ जना महिला र एक बालक तथा १७ बालिका गरी १८ जना बालबालिका पीडित भएका थिए। साथै, राज्यपक्षबाट एक जना बालिका पीडित भएका थिए।

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अन्यबाट

नुवाकोट जिल्ला सामरी गाविस-९ परमाचेत निवासी काठमाडौं जिल्ला समिति ६ नम्बर निर्वाचन क्षेत्र एकाई समितिका सदस्य २५ वर्षीय पहलमान तामाङ 'पवन' को ०७० माघ २४ गते राती सेमजोङ गाविसमा काङ्ग्रेस धादिङ र नुवाकोट जिल्लाका कार्यकर्ताहरूले हत्या गरेको वाईसीएल नेवा राज्य समितिले आरोप लगायो। हत्यामा धादिङ जिल्ला धुँवाकोट गाविस-१ का २८ वर्षीय राजकुमार तामाङको नेतृत्वमा उनकै भाई नकूल तामाङ, सेमजोङ गाविस-८ धाराधिरिका २६ वर्षीय 'नाचोक' भनिने साजन गुरुङ, ३० वर्षीय गोले तमाङ, सेमजोङ गाविस-६ टिकाढुङ्गाका २२ वर्षीय धोवि गुरुङ, सेमजोङ गाविस-२ गैराका २१ वर्षीय गोरे तामाङ र नुवाकोट जिल्ला सामरी गाविसका २४ वर्षीय सोमबहादुर तामाङसमेत संलग्न रहेको आरोप लगायो। हत्याको खबरले आफ्नो पार्टीलाई समेत दुःखित बनाएकाले उक्त घटनामा पार्टी कार्यकर्ताको संलग्नता नरहेको भन्दै माघ २६ गते काङ्ग्रेस जिल्ला कार्यालयले विज्ञप्ति जारी गरी घटनाको तत्काल अनुसन्धान गरी दोषीलाई कारबाही गर्न माग गरेको थियो। नुवाकोट जिल्ला सामरी गाविस-९ परमाचेत घर भएका तामाङ धादिङ जिल्लाको सेमजाङ गाविस-६, टिकाढुङ्गामा रहेको आफ्नो ससुराली घरमा आएको बेला धारिलो हतियार प्रहार गरी हत्या भएको थियो। हत्यामा संलग्न भएको आशङ्कामा धादिङबाट खटिगएको प्रहरी टोलीले १० जना व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धादिङका इन्स्पेक्टर दीपेन्द्र पंजियारले जनाए पनि गिरफ्तारीमा परेका उनीहरू घटनामा संलग्न नरहेको भन्दै रिहा भए। मृतकको शवको माघ २५ गते जिल्ला अस्पताल, धादिङबेसीमा पोस्मार्टमपछि आफन्तहरूलाई बुझाइएको प्रहरीले जनायो। घटनामा को संलग्न थिए हालसम्म पत्ता नलागेको प्रहरीले जनायो।

नीलकण्ठ नपा-१३ मधुवन निवासी स्थानीय पञ्चकन्या माध्यमिक विद्यालयका शिक्षक ३० वर्षीय भरत सारु मगरको ०७१ असोज २२ गते राती सोही स्थानका २६ वर्षीय इन्द्रबहादुर गुरुङ र शिक्षक ३७ वर्षीय हरि गुरुङले बञ्चरोले प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले अनुसन्धान गरी मुद्दा दायर गऱ्यो। मधुवन भन्ने ठाउँमा कोदोबारीमा असोज २३ गते मगरको शव भेटिएकोले सोही दिन पोस्टमार्टमको लागि दिउँसो हेलिकोप्टरबाट जिल्ला अस्पताल धादिङबेसी लगिएको थियो। मधुवनको एक घरमा बसेर साथीहरूसँग भोज खाएका मगर बिहान भोज गरेर बसेको घरनजिकै मृत अवस्थामा भेटिएको प्रत्यक्षदर्शीहरूले बताए। पीडतको तर्फबाट बाबु बीरबहादुर सारुपमगरले ०७१ असोज २३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोमा जिल्ला अदालतको कात्तिक १६ गतेको आदेश बमोजिम इन्द्रबहादुर पुर्पक्षका लागि थुनामा छन् भने हरिबहादुर फरार छन्।



छिमेकी र साथीबाट हत्या गरिएका शिक्षक भरत सारु मगर

धम्की कुटपिट

जिल्लाका मानवअधिकारकर्मी र सञ्चारकर्मीलाई ०७० फागुन १३ गते प्रहरी प्रमुख डिएसपी अशोक सिंहले पीडक मार्फत धम्की दिएको घटना सार्वजनिक भयो। डीएसपी सिंहले पीडक पक्षका व्यक्तिहरूलाई पत्रिकामा निकाल्ने र यो सबै काम गर्ने 'राधिका सापकोटा हो' अब तिमीहरू फस्यौ भनेपछि पीडक पक्षले सापकोटालाई फोन गरेर यसो नगर्न चेतावनी दिएका थिए। पत्रिकामा समाचार लेखेको विषयलाई लिएर कान्तिपुर समाचारदाता सुदीप कैनीलाई पटक पटक फोन गरेर डीएसपी सिंहले कार्यालयमा आउनका लागि धम्की समेत दिएका थिए। सल्यानटार गाविसकी एकसुस्त मनस्थितीकी महिलालाई ०७० माघ ३ गते जबरजस्ती करणी भएको घटनामा प्रहरीले सो घटना मिलापत्र गराई घटनालाई सार्वजनिक अपराध अर्न्तगत अगाडि बढाएपछि सो समाचार कान्तिपुर दैनिकका जिल्ला सम्वाददाता सुदीप कैनीको नामबाट समाचार प्रकाशन भएको थियो। यो घटनामा पीडकले १० लाख रुपियाँ तिरेको तर पीडितले ७ लाख रुपियाँ मात्र पाएको र तीन लाख रुपियाँ प्रहरीले नै लिएको आरोपसमेत स्थानीयहरूले लगाएका थिए।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय २३ जना कैद नतोकिएका ३१ जना गरी जम्मा १ सय ५४ बन्दीमध्ये १७ जना महिला छन्। यो जिल्ला कारागार २०३२ सालमा निर्माण भएकोले जीर्ण अवस्थामा रहेको र क्षमताभन्दा बन्दी भएकोले पालो कुरेर सुत्नुपर्ने र कारागारको घर बाहिरपट्टिको भागमा त्रिपाल टाँगेर बन्दी सुत्न बाध्य छन्। तीन ओटा मात्र शौचालय भएकाले दिसा पिसाब गर्न असुविधा भएको छ। बन्दै गरेको नयाँ १ सय ५० जना बन्दी क्षमताको कारागार ठेकेदारको लापरबाहीका कारण तोकिएको समयभन्दा एक वर्ष ढिला भइसक्दा पनि निर्माण कार्य सम्पन्न भएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धादिङ जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। ०७१ पुस १६ गतेसम्म फौजदारी मुद्दा २ सय ५८ थानमा १ सय २८ फैसला भई १ सय ३० थान बाँकी रहे। देवानी मुद्दा २ सय थानमा ७१ फैसला भई १ सय २९ थान बाँकी रहे। दुई वर्षभन्दा पुराना फौजदारी र देवानी मुद्दा रहेका छैनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७६ प्राथमिक, ८३ निम्नमाध्यमिक र ७९ माध्यमिक विद्यालय रहेका छन्। १ हजार ६ सय ४३ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेका ३९ हजार १ सय ८६ जना बालक र ४४ हजार ८ सय ११ जना बालिका ०७१-०७२ शैक्षिक सत्रमा विद्यालय भर्ना भए। जिल्ला शिक्षा कार्यालयमा अपाङ्गमैत्री र शौचालय सुविधा रहेको विद्यालय सङ्ख्या अभिलेख नगरेको पाइयो। ९ हजार ७ सय ८९ जना दलित छात्रछात्रालाई दालित छात्रवृत्ति वितरण गरिएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा १ सस ५० प्राथमिक र २० निम्नमाध्यमिक र १० माध्यमिक विद्यालयमा बालमैत्री भवन नभएको शिक्षा कार्यालयको अभिलेखमा पाइयो। जिल्ला शिक्षा कार्यालयका अनुसार २ अरब २० करोड बार्षिक बजेट रहेका छ, जसमध्ये १ अरब प्रशासनिक खर्च रहेका छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	८		८
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	२		२
जम्मा	१०	१	११

गत वर्षको तुलनामा यस वर्ष थोरै बालबालिका पीडित भएको पाइयो। सन् २०१३ मा गैरराज्यपक्षबाट १८ जना बालबालिका पीडित भए भने यस वर्ष एक बालक र १० बालिका गरी ११ जना बालबालिका पीडित भएको पाइयो जसमा तीन वर्षदेखि १८ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेखित गऱ्यो। एक घटनामा आरोपित हाडनाताले मामा पर्ने र एक सामुहिक बलात्कार गरेको पनि पाइयो। घटनाका आरोपितहरू १३ देखि ५४ वर्ष उमेरसम्मका रहेको पाइयो। जिल्ला अदालतले आरोपितहरूलाई एक घटनामा ६ वर्ष कैद र १ लाख रुपियाँ क्षतिपूर्ति गर्ने आदेश दिएको, एक घटनामा तारेख गुजारेका कारण ढिसमिस गरेको जनाइएको, एक घटनामा १० वर्ष कैद र २५ हजार क्षतिपूर्ति भराउने आदेश, दुई ओटा घटनाका आरोपित १६ वर्षभन्दा कम उमेरका भएका कारण एक जनालाई बाल सुधारगृह र अर्को एकलाई अभिभावकको जिम्मा लगाउने आदेश गऱ्यो।

कुटपिट

फूलखर्क गाविस-१ का नौ वर्षीय सुवाद अधिकारीलाई ०७१ कात्तिक १३ गते सितला प्राथमिक विद्यालयका प्रधानाध्यापक सरीता नेपालले कुटपिट गरी घाइते बनाइन्। सुवादका दाहिने खुट्टामा रगत पाकेर पिप भरिएपछि कात्तिक १५ गते काठमाडौंस्थित त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा भर्ना गरिएको थियो। सञ्चारमाध्यमले यस विषयमा समाचार प्रसार गरेपछि पीडकले पीडितलाई विद्यालयबाट निकाल्ने धम्की दिएको पीडितले बताए।

शिक्षकको कुटपिटबाट घाइते भएका सुवाद अधिकारी

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१० वर्षीय एक बालिकालाई ०७१ बैशाख १६ गते मुरलीभन्ज्याङ्ग गाविस-३ रामकोटका ३६ वर्षीय सीताराम परियारले ललाइ फकाइ बलात्कार गरे। पीडित पक्षले बैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमाा उजुरी दिए। पीडकलाई प्रहरीले उजुरी परेकै दिन गिरफ्तार गरेकोमा जिल्ला सरकारी वकिल कार्यलय मार्फत पीडक विरुद्ध ०७१ जेठ ५ गते जिल्ला अदालतमा जबरजस्ती करणी मुद्दा दर्ता गरायो। जिल्ला अदालतको ०७१ असार १० गतेको फैसलाले पीडकलाई १० वर्ष कैद र २५ हजार रुपियाँ क्षतिपूर्ति भराउन आदेश गऱ्यो। पीडित बालिकालाई पीडकले पैसा दिन्छु भनेर बलात्कार गरेको थियो। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय २७ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र धादिङमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ३५ जना, खानलाउन नदिएको ३५ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको चार जना, बोक्सीको आरोप लगाएको घटनामा सात जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ७३ घटनामा मिलापत्र गराएको र पाँच जना महिलाको उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको छ।

गत वर्षको तुलनामा सन् २०१४ मा महिला हिंसामा खासै कमी भएन। सन् २०१३ मा ३६ जना महिला पीडित भएका थियो भने यस वर्ष ३२ जना महिला पीडित भएको पाइयो। जसमध्ये कथित बोक्सीको आरोपमा एक जना, बहुविवाहमा सात जना,

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	५	५
बलात्कारको प्रयास	५	५
बहुविवाह	७	७
पारिवारीक हिंसा	१३	१३
यौन दुर्व्यवहार	१	१
जम्मा	३२	३२

बलात्कार तथा बलात्कार प्रयास र यौन दुर्व्यवहारमा ११ जना र घरेलु हिंसामा १३ जना पीडित भएको इन्सेकले अभिलेखित गर्‍यो। बलात्कारको घटनामा १९ वर्षदेखि ७० वर्षसम्मका पीडित रहेको पाइयो। जसमध्ये एउटा घटनामा सुस्त मनस्थितिकी महिला पनि पीडित भएको पाइयो। आठ ओटा घटनामा पीडितको स्वास्थ्य उपचार गरेको पाइयो। जसमध्ये दुई ओटा घटनामा आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको, एउटा घटनामा आरोपितहरूलाई २५/२५ दिन कैद फैसला गरेको, एक ओटा घटनामा १ हजार रुपियाँ जरिवाना, १ महिना कैद तथा पीडितलाई ५ हजार क्षतिपूर्ति दिने फैसाला, दुई ओटा घटनामा २ वर्ष ६ महिना कैद फैसला गरेको पाइयो।

बहुविवाहको घटनामा २१ देखि ३३ वर्षीया महिलाहरू पीडित भएको पाइयो। जसमध्ये एक घटनामा आरोपितलाई ५ हजार जरिवाना र एक वर्ष कैद फैसला गरेको पाइयो। तीन घटनामा आरोपितहरूलाई एक/एक वर्ष कैद र ५/५ हजार रुपियाँ जरिवाना आदेश गरेको पाइयो। एक घटनामा पीडित विस्थापित भएको पाइयो।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

२७ वर्षीया एक सुस्त मनस्थितीकी युवतीलाई ०७० माघ ३ गते सल्यानटार गाविस-७ माझगाउँका ५४ वर्षीय श्यामकुमार श्रेष्ठले गोठालो गएका बेला बलात्कार गरेको आरोपमा प्रहरीले सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गरेको छ। पीडित युवतीले बलात्कृत भएको घटना घरमा जानकारी गराएपछि प्रहरीलाई खबर गरिएको थियो। माघ ४ गते पीडित र आरोपितलाई स्वास्थ्य परीक्षणका लागि जिल्ला प्रहरी कार्यालयले जिल्ला अस्पताललाई चलानी नम्बर १२१६ उल्लेख गरी पत्र लेखेर स्वास्थ्य परीक्षण गराउन पठाएको थियो। प्रहरीले माघ ५ गते सार्वजनिक अपराध अन्तरगत जाहेरी दर्ता गर्‍यो। हिरासतमा रहेका आरोपित श्रेष्ठलाई केही सार्वजनिक अपराध मुद्दाको अभियोगमा जिल्ला प्रहरी कार्यालयले फागुन १४ गते प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद पोखरेलसमक्ष सरकारी वकिल मार्फत पेश गरेको थियो। प्रमुख जिल्ला अधिकारीले फागुन १४ गते नै केही सार्वजनिक अपराधको मुद्दामा आरोपितलाई ५ हजार रुपियाँ धरौटीमा साधारण तारेखमा रिहा गरे। मुद्दा जिल्ला प्रशासन कार्यालयमा चलिरहेको छ।

यो घटना सञ्चार माध्यममा सार्वजनिक भएपछि इन्सेक, ओरेक नेपाल, महिला मानवअधिकार रक्षक संजाल र महिलाको निम्ति महिला मञ्चका प्रतिनिधिहरूले ०७० फागुन १८ गते संयुक्त रुपमा घटनाको स्थलगत अध्ययन तथा अनुगमन गरेको थियो। महिलामाथि भएको हिंसाका घटनामा प्रहरी प्रशासन पीडित मुखी नभएको र महिला हिंसाका जघन्य अपराधका घटनाहरूमा समेत मिलापत्र गराउने नाममा घटनाको सत्यतथ्य भन्दा बाहिर गई घटनाको गाम्भीर्यतालाई प्राथमिकीकरण नगरी दुवै पक्षलाई मिलापत्र गराउन दबाब दिएर पठाउने प्रयासमा बढी प्रहरी प्रशासनको ध्यान गएको स्थलगत अध्ययनको क्रममा पाइएको प्रतिवेदनमा छ। महिला हिंसाका घटनाहरू अधिकारकर्मी र पत्रकारले सार्वजनिक गर्दा जिल्ला प्रहरी कार्यालयका डीएसपी अशोक सिंह र आरोपित पक्षबाट समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महिला अधिकारकर्मी राधिका सापकोटा र कान्तिपुर दैनिकका पत्रकार सुदीप कैनीलाई धम्कीहरू आउने गरेको उनीहरूले बताए। घटनाको स्थलगत अध्ययनपछि अनुगमन टोलीले २०७० चैत १३ गते गृहमन्त्रालयका सहसचिवलाई भेटी घटना सम्बन्धमा ध्यानाकर्षण पत्र बुझाउँदै स्थलगत प्रतिवेदन बुझाएको थियो। यसको बोधार्थ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार र नेपाल प्रहरी प्रधान कार्यालय नक्साललाई बुझाइएको थियो।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

बेनिघाट गाविस-३ की ४० वर्षीया लिलामाया पाण्डेलाई उनका जेठाजु ४५ वर्षीय लिलानाथ पाण्डे, जेठानी सान्नानी पाण्डे सहितले ०७१ असार १६ गते कथित बोक्सीको आरोपमा कुटपिट गरी घरमा बस्न दिएनन्। गोठालोबाट घरमा आएर बेलुका भात खान लागेको बेला बोक्सी मन्त्र गरेर बुहारीलाई विरामी पारेको भन्दै आरोपितहरूले उनलाई कुटपिट गर्ने र घरमा बस्नै नसक्ने गरी मार्ने सम्मको धम्की दिएपछि असार १७ गतेबाट पीडित विस्थापित भइन्। उनले असार १८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। आरोपित पक्षले प्रहरी कार्यालयमा आफ्नो घरको गहना चोरेको आरोप लगाएर उजुरी गरेकोले पीडित लिलामायालाई नै असार २७ गते प्रहरी गिरफ्तार गर्‍यो। प्रहरी हिरासतमा रहेको बेला असार २८ र २९ गते आफूलाई पैतालामा पाइपले कुटेर यातना दिएको भन्दै पीडितले आफूमाथि अन्याय भएको

बताइन्। घटनापछि दुबै पक्षलाई असार ३२ गते जिल्ला प्रहरी कार्यालयमा राखेर छलफल गरी आइन्दा झगडा नगर्ने र चोरको दोष समेत नलागाउने सहितको मलिपत्र गराएर रिहा गरिएको थियो। प्रहरीले कुटपिट गरेको कुरा सार्वजनिक नगर्न पीडितलाई धम्की दिइएको थियो।

सबै प्रकारको जातीय विभेद

सन् २०१३ मा जातीय विभेदका घटना अभिलेखित थिएन भने यो वर्ष चार ओटा घटना अभिलेखित छ। जसमा दुई जना महिला र दुई जना पुरुष पीडित भएको पाइयो।

गजुरी गाविस-१ उज्यालो गाउँकी ३० वर्षीया गीता मिजारले पालेको गाईको दूध पसले र डेरीले नलिएपछि ०७१ असोज १० गतेदेखि बजारमा लगेको दूध बिक्री भएन। दलितले छोएको दूध भन्दै बजारमा उनीहरूले नकिनिदिएपछि समस्यामा परेकी थिइन्। उनले गरिवी निवारण कोषअन्तरगत सञ्चालित उज्यालो सामुदायिक संस्थाबाट ऋण लिएर २५ हजार रुपियाँमा हरेक छाकमा ५ लिटर दुध दिने गाई ल्याएर पालेकी थिइन्। बजारमा दूध बिक्री गर्न नपाएपछि उनले स्थानीय गैर दलित सम्झना दुवाडीलाई महिनामा ४ सय रुपियाँ दिएर दूध बिक्री गर्न खटाइन्। उनले नै बिहान दूध दोएर बजार लाने र बिक्री गरिदिने गरेकी थिइन्। पीडित गीताले सहजै बजारमा दूध बिक्री गर्न सक्ने व्यवस्था मिलाइदिन आग्रह गरिन्। मङ्सिर २० गते जिल्ला प्रही कार्यालयमा भएको छलफल पछि बजारका होटल र डेरीले दुध किन्ने सहमति भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, ३३ ओटा स्वास्थ्यचौकी र १६ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा पाँच जना डाक्टरको दरबन्दी भएकोमा पाँच जना कार्यरत रहेका छन्। अहेबको दरबन्दी १ सय ६ जना रहेकोमा ९८ जना कार्यरत आठ जना रिक्त रहेका छन्। स्टाफ नर्सको दरबन्दी छ जना रहेकोमा छ जना कार्यरत रहेका छन्। ल्याब असिस्टेन्टको दरबन्दी सात जना रहेकोमा सात जना कार्यरत रहेका छन्। अनमीको दरबन्दी ९२ जना रहेकोमा ८५ जना कार्यरत सात जना रिक्त रहेका छन्। हेल्थ असिस्टन्टको दरबन्दी ३८ जना रहेकोमा ३८ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १२ करोड ७३ लाख ७४ हजार आठ सय र औषधी खर्चवापतको रकम ४ लाख ९३ हजार रहेको छ।

विगतको अनुगमन

ढोला गाविस-२ सिम्खडागाउँकी एक २७ वर्षीय महिलालाई अदालतमा दिएको मुद्दा फिर्ता नलिएको भन्दै ०७० चैत १० गते स्थानीय बालज्योति प्राथमिक विद्यालय व्यवस्थापनले कार्यालय सहयोगीबाट अवकास दियो। उनी सात वर्षदेखि बालज्योति प्राथमिक विद्यालयमा कार्यालय सहयोगीको रूपमा काम गर्थिन्। आफ्नो पार्टीलाई भोट नदिएको भन्दै २४ वर्षीय सञ्जीव सिम्खडाले आफूलाई ०७० मङ्सिर ८ गते बलात्कार गरेको भनी पीडितले ०७० मङ्सिर १३ गते सिंखडाविरुद्ध जबरजस्ती करणी मुद्दा दर्ता गराएकी थिइन्। पीडितको उजुरी परेकै दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। प्रहरीले गिरफ्तार गर्नका लागि समेत बेवास्ता गरेको र मुद्दा फिर्ता गर्नका लागि विद्यालयका प्रधानाध्यापक सन्तोष अर्यालले पटक पटक आग्रह गरेको, तथा गाउँबासीलाई समेत दवाद दिन लगाउँदै आएको पीडितले बताइन्। पीडितले आफूमाथि भएको अन्यायको विरुद्ध बोल्ने बताएपछि विद्यालयबाट निष्काशन गरिएको थियो।

आरोपित सिंखडा फरार छन्। पियनको जागिरबाट दुई छोरा छोरी र सासूको पालनपोषण र घरव्यवहार चलाउँदै आएकोमा जागिर गएपछि उनको परिवारको बिचल्ली भएको छ। पीडितले न्यायका लागि महिला अधिकारकर्मी र सरोकारवाला निकायसँग माग गरिन्। पीडक पक्षले उनको घरमा चैत १८ र १९ गते लगातार ढुङ्गाले हान्ने र खुकुरी लिएर धम्की दिएका कारण पीडित महिला चैत २१ गते घर छाडेर विस्थापित भएर माइतमा बसेकी थिइन्। घटनाका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद पोखेलले समन्वय गरेर पीडित महिलाको पुन:स्थापना र पुनरबहालीका लागि आफूले पहल गर्ने बताए पनि समस्या समाधान भएन।

जिल्ला शिक्षा अधिकारी दीपेन्द्र सुवेदीले विद्यालयलाई तत्काल पुनरबहाली गर्न लिखित निर्देशन दिएको जानकारी दिए। जिल्ला शिक्षा अधिकारीले दिएको निर्देशन पनि कार्यान्वयन भएन। चैत २१ जिल्लामा क्रियाशील अधिकारकर्मीहरू इन्सेक, महिला मानवअधिकार रक्षक सञ्जाल, मानवअधिकार एलाएन्स

लगायतका मानवअधिकारकर्मीहरूले पीडितलाई सामाजिक पुनःथापना र जागिरमा पुनरबहाली गर्न प्रमुख जिल्ला अधिकारी र जिल्ला शिक्षा अधिकारीसमक्ष अनुरोध गरेका थिए। प्रहरीले आरोपितलाई गिरफ्तार गर्न ढिलाइ गरेका कारण फरार भएका र उनलाई सहयोग गर्ने बालज्योति प्राविका शिक्षक मोहन सिंखडा र नेत्र सिंखडाले आफूलाई ज्यानमार्ने धम्की दिइरहेको पीडितले प्रमुख जिल्ला अधिकारी पोखेललाई बताइन्।

उनको ७५ वर्षीया सासूको ०७१ असार १८ गते बिहान मृत्यु भएपछि गाउँमा सबैलाई लास उठाउन आग्रह गरिन् तर समाजका कोही आएनन्। बिहान ६ बजेदेखि दिउँसो २ बजेसम्म लास उठ्न सकेन। प्रमुख जिल्ला अधिकारी र प्रहरी नायव निरीक्षकसँग कुरा गर्दा यस्तोमा केही गर्न नसकिने जवाफ आएको थियो। राजनीतिक दलका प्रमुखहरूसँग कुरा गर्दा हामी कुरा गर्छौं भने पनि त्यति चासो रहेन। १ बजेतिर १५ देखि १६ जना बल्ल पल्लो गाउँका व्यक्तिहरू जम्मा भएर दाहासंस्कार गरिएको थियो। उनले पहिलादेखि लगाएको पुरेतलाई आउन दिइएन। अरु नै व्यक्तिले कर्म गरेर लासको दाहसंस्कार गरे। मलामी जानेहरूलाई समेत धम्की दिएपछि केही बीच बाटोबाटै फर्किएका थिए। पुरेतहरूलाई त्यहाँ काम गर्न गए नराम्रो हुने भनेर धम्की दिएपछि उनीहरू कोही पनि आउन नमानेपछि दोस्रो दिन उनीहरूले खान समेत पाएनन्। गाउँका एकजना व्यक्तिले पुरेतको काम गरेको पीडितले बताइन्। उनलाई क्रियामा बस्दा खान दिने र यो क्रिया उतार्ने समेत पैसा नभएर समस्या परेको थियो। इन्सेक जिल्ला प्रतिनिधिमार्फत यस्तो समस्या क्षेत्रीय कार्यालयमा आएपछि पीडितलाई आर्थिक सहयोग गर्न इन्सेकको पहल भयो। सोही अनुसार इन्सेकको पीडित सहायता परियोजनाबाट १० हजार रुपियाँ, सहयात्री समाजको तर्फबाट ५ हजार रुपियाँ र ओरेक नेपालको तर्फबाट ४ हजार रूपियाँ गरी १९ हजार रुपियाँ पीडित परिवारलाई ०७१ असार २४ गते किरिया तथा अन्य खर्च गर्नका लागि उपलब्ध गराइएको थियो। पीडितले यस वर्षको अन्त्यसम्ममा पनि न्याय पाउन सकिनन्।

२.१७ सिन्धुपाल्चोक

जिल्ला सदरमुकामः चौतारा
क्षेत्रफल (वर्ग कि. मि.)ः २,५४२
घरधुरी सङ्ख्याः ६६,६८८
जम्मा जनसङ्ख्याः २,८७,७९८
पुरुषः १,३८,३५१
महिलाः १,४९,४४७
अपाङ्ग सङ्ख्याः ६,६०८
गाविस/नपा सङ्ख्याः ७९/०
पुरुष साक्षरता सङ्ख्याः ८९,६८४
महिला साक्षरता सङ्ख्याः ७५,४२०
हिन्दू धर्मावलम्बी प्रतिशतः ५८.९८
बौद्ध धर्मावलम्बी प्रतिशतः ३७.९६
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०१
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.८३
प्रकृति धर्मावलम्बी प्रतिशतः १.०८
अन्य धर्मावलम्बी प्रतिशतः ०.१२६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३२

इन्सेकले अभिलेख गरेको तथ्याङ्कका आधारमा २०१४ मा सिन्धुपाल्चोक जिल्लामा गैरराज्यपक्षबाट ५७ जना महिला र छ जना पुरुष गरी ६३ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट एक जना पुरुष पीडित भए।

सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५५ जना महिला र २१ जना पुरुष गरी ७६ जना पीडित भएका थिए।

जिल्लामा गैरराज्यपक्षबाट पुरुष र बालिकाको सङ्ख्याभन्दा बढी महिला पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू पारिवारिक हिंसाबाट

पीडित भएको पाइएको छ। जसमध्ये चार जना महिला कथित बोक्सीको आरोप, छ जना बलात्कार, चार जना बलात्कारको प्रयास, तीन जना बहुविवाह, छ जना बेचबिखन र १७ जना घरेलु हिंसाबाट पीडित भएको पाइएको छ। त्यसै गरी, १० जना बालिकाहरू बलात्कार, तीन जना यौन दुर्व्यवहार एक जना नवजात शिशुको हत्या भएको इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा ३९ जना महिला र एक बालक र १५ बालिका गरी १६ जना बालबालिकाहरू पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१४		१४
महिलाअधिकार			४०		४०
गिरफतारी/यातना	१	१			
हत्या			३	६	९
जम्मा	१	१	५७	६	६३

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको महिला बन्दीगृह भवनमा सात जना र पुरुष बन्दी गृह भवनमा ५३ जना गरी ६० जनाको क्षमता रहेको छ। यस कारागारको महिला बन्दीगृह भवन ०६८ सालमा निर्माण भएको हो भने पुरुष बन्दी गृह ०७० सालमा निर्माण भएको हो। यस वर्षको अन्त्यसम्म कैद तोकिएको स्वदेशी ७४ र विदेशी तीन गरी ७७ जना पुरुष रहेका छन् भने कैद तोकिएका महिला एक जना सहित जम्मा ७८ जना बन्दी रहेका छन्। कैद नतोकिएका स्वदेशी ८७ जना र विदेशी आठ जना गरी ९५ जना पुरुष, साथै १६ जना स्वदेशी र एक विदेशी गरी १७ जना महिला छन्। पुरुष र महिला गरी जम्मा १ सय १२ जना थुनुवा रहेका छन्। बन्दी क्षमता ६० जनाको यस कारागारमा थुनुवा र बन्दी गरी १ सय ९० जना राखिएको छ। क्षमताभन्दा बढी कैदी तथा बन्दी राखिएकाले उनीहरूलाई विभिन्न रोगहरू लाग्ने समस्या भएको कैदी तथा बन्दीहरूको भनाइ छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सिन्धुपाल्चोक जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। ०७१ पुस १६ गतेसम्म फौजदारी मुद्दा २ सय ९ थानमा ४६ फैसला भई १ सय ६३ थान बाँकी रहे। देवानी मुद्दा १ सय ८२ थानमा २९ फैसला भई १ सय ५३ थान बाँकी रहे। दुई वर्ष भन्दा पुराना फौजदारी मुद्दा पाँच थान र देवानी मुद्दा दुई थान रहेका छन्।

बालअधिकार

शैक्षिक अधिकार

यस जिल्लामा ३ सय ६८ प्राथमिक, ९६ निम्नमाध्यमिक र १ सय ४१ माध्यमिक विद्यालय रहेका छन्। २ हजार ५ सय ३ जना शिक्षकको दरबन्दी रहेकोमा २ हजार ५ सय ३ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ३६ हजार ५ सय ४० बालक र ४० हजार २ सय ९३ बालिका ०७१-०७२ शैक्षिकसत्रमा विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङकमा पाइयो। ३ हजार २ सय ३७ दलित छात्र र ३ हजार ६ सय ७० दलित छात्रालाई दलित छात्रवृत्ति वितरण गरिएको कार्यालयले जनायो।

बालविकास केन्द्रमा बालक ३ हजार ६६ र बालिका ३ हजार ६२ गरी ६ हजार १ सय २८ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षा सम्बन्धी सबै तथ्याङ्कहरू अद्यावधिक गरिएको पाइयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१०	१०
नवजात शिशुको हत्या	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	१४	१४

बलात्कार, बलात्कार प्रयास तथ यौन दुर्व्यवहार

सन् २०१३ मा एक बालक र १५ बालिका गरी १६ जना बालबालिका पीडित भएका थिए भने यस वर्ष १४ जना बालिका पीडित भएको पाइयो जसमा चार वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू र आठ महिनाको बच्चा जन्माएर हत्या गरेको घटना इन्सेकले अभिलेख गऱ्यो । घटनाका आरोपितहरू १६ देखि ६५ वर्ष उमेरसम्मका रहेको पाइयो। जसमध्ये कुनै घटनामा आरोपित एकभन्दा बढी रहेको पनि पाइयो। केही घटनामा बाहेक धेरैमा स्वास्थ्य परीक्षण भएको पाइयो।

१४ वर्षीया बालिकालाई ०७१ पुस ६ गते बलात्कार गरेको आरोपमा इर्खु गाविस-३ का ४५ वर्षीय रमेश तामाङलाई पुस ७ गते बेलुका प्रहरीले गिरफ्तार गर्‍यो। पीडितले पुस ८ गते जिल्ला प्रहरी कार्यालयमा बलात्कारविरुद्ध किटानी उजुरी गरिन्। पीडितको पुस ८ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरेको र आरोपितलाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयले हिरासतमा राखेकोमा पुस २८ गते आरोपितलाई जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

गत वर्षको तुलनामा सन् २०१४ मा महिला हिंसामा खासै परिवर्तन भएको पाइएन। सन् २०१३ मा ४० जना महिला पीडित भएका थिए भने यस वर्ष पनि ४० जना महिला पीडित भएको पाइयो। जसमध्ये कथित बोक्सीको आरोपमा चार जना, बलात्कारमा छ जना, बलात्कार प्रयासमा चार जना, बहुविवाह तीन जना, महिला बेचबिखन छ जना घरेलु हिंसामा १७ जना रहेको इन्सेकले अभिलेखित गर्‍यो।

महिला बेचबिखनको घटनामा १८ वर्षदेखि ३२ वर्षसम्मका महिला पीडित रहेको पाइयो। जसमा पाँच घटनामा आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेको छ। एक घटनाका पीडितलाई चौतारा पुनर्स्थापना केन्द्रमा राखिएको छ।

बहुविवाहको घटनामा २२ वर्षदेखि २७ वर्ष उमेरसम्मको महिला रहेको पाइयो। जसमा धेरैजसो घटनामा पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको पाइयो र जिल्ला अदालतले आरोपितहरूलाई २५ हजारदेखि ५० हजार रुपियाँ धरौटी लिएर रिहा गरेको पाइएको छ।

कथित बोक्सीको आरोपको घटनामा ३१ वर्षदेखि ६८ वर्षसम्मको महिलाहरू पीडित रहेको पाइएको छ। जसमध्ये केही घटनामा कुटपिट मात्र नभई मट्टितेल छर्केर जलाउन खोजेको पनि पाइयो। घटनाका आरोपितहरूसँग मिलापत्र गरेको पाइयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	४	४
बलात्कार	६	६
बलात्कारको प्रयास	४	४
बहुविवाह	३	३
महिला बेचबिखन	६	६
पारिवारीक हिंसा	१७	१७
जम्मा	४०	४०

बलात्कार र बलात्कारको प्रयासको घटनामा २२ वर्षदेखि ४५ वर्षसम्मको महिला पीडित भएको देखिन्छ। सशस्त्र प्रहरीमा कार्यरतसहित आरोपितहरू २० वर्षदेखि ३६ वर्ष उमेरसम्मको रहेको पाइयो। धेरैजसो घटनाका आरोपितहरूलाई गिरफ्तार गरेको पाइयो। सामूहिक बलात्कारको एक घटनाका आरोपित फरार रहेका छन्।

मानवबेचविखन तथा ओसारपसार

सुनसरी जिल्ला घर भएकी २० वर्षीया र काठमाडौँ जिल्ला घर भएकी २० वर्षीया युवतीहरूलाई पुस २ गते बेचविखनको लागि चीनको खासामा लैजान खोजेको आरोपमा मकवानपुर जिल्ला चित्लाङ गाविस ४ का २६ वर्षीय विनोद गमाललाई ०७१ पुस २ गते तातोपानी गाविसस्थित लिपिङबाट प्रहरीले गिरफ्तार गर्‍यो। आरोपितलाई पुस २ गते मानवबेचविखनको मुद्दा दर्ता गरेर जिल्ला अदालतमा म्याद थप गरी जिल्ला प्रहरी कार्यालयले हिरासतमा राख्यो। जिल्ला अदालतको पुस २५ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन् भने पीडितहरूलाई चौतारास्थित पुनस्थापना केन्द्रमा राखिएको छ।

अमानवीय व्यवहार

धुस्कुन गाविस- ४ डाँडागाउँकी ६७ वर्षीया एकल महिला बिष्णुकुमारी भण्डारीलाई सोही ठाउँका ६० वर्षीय नारायणबहादुर भण्डारी र सोही ठाउँका ६२ वर्षीय ओमबहादुर भण्डारीले बोक्सीको आरोपमा मट्टितेल छर्केर जलाउन खोजेको आरोपमा पीडितले साउन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिन। आफ्नै घरमा बसिरहेका बेला पीडितलाई साउन १ गते बिहान सोही ठाउँका ओमबहादुर भण्डारीको आदेशमा बोक्सीको आरोपमा मट्टितेल छर्केर जलाउन खोजेको आरोप थियो। साउन ६ गते प्रहरी चौकी पिस्करमा उजुरी लिएर जाँदा जिल्लामै जानुहोस् भनेर पिस्कर चौकीका प्रहरीले भनेपछि न्याय खोज्दै जिल्लामा आएको पीडितले बताइन्। आरोपितलाई साउन १२ गते प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला प्रहरी कार्यालयले साउन १३ गते आरोपितलाई १५/१५ दिनको तारेखमा रिहा गरी मिलापत्र गरायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४५ वर्षीया एक महिलालाई मङ्सिर ६ गते दिउँसो घरमा बसिरहेका बेला साँगाचोक गाविस-१ खत्रिथोक घर भई शसस्त्र प्रहरीमा कार्यरत २८ वर्षीय भोला केसीले बलात्कार गरेको भनी पीडितले मङ्सिर १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराइन्। पीडितलाई चौतारा स्थित पुर्नस्थापना केन्द्रमा राखिएको छ भने आरोपित फरार रहेका छन्। पीडितको मङ्सिर ७ गते चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

३८ वर्षीया एक महिलालाई असार २२ गते सामूहिक बलात्कार गरेको भन्दै मांखा गाविस-२ का २८ वर्षीय राजन कार्की र सोही ठाउँका ३३ वर्षीय रुद्रबहादुर कार्कीविरुद्ध पीडितले इलाका प्रहरी कार्यालय बाह्रबिसेमा ०७१ साउन ६ गते उजुरी गरिन्। पीडितको बाह्रबिसे स्थित स्वास्थ्य केन्द्रमा स्वास्थ्य परीक्षण भयो। आरोपितहरू हाल फरार छन्।

परिवारजनबाट हत्या

मार्मिङ गाविस-८ की ३९ वर्षीया आइतीमायाँ थामीलाई ०७१ मङ्सिर २४ गते राती पति ५२ वर्षीया मङ्गल थामीले घरमा बसेको बेला खुकुरी प्रहार गरी हत्या गरे। पीडितको शव भोलिपल्ट मङ्सिर २५ गते बिहान घरको बुइँगलमा प्रहरीले फेला पारेको थियो। शवको मङ्सिर २५ गते बाह्रबीसे अस्पतालमा पोस्टमार्टम भएको थियो। आरोपितलाई प्रहरीले मङ्सिर २५ गते स्थानीय जङ्गलबाट गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखेकोमा जिल्ला अदालतको पुस २३ गतेको आदेशले पुर्पक्षका लागि थुनामा राख्यो। घरायसी बिवाद भएपछि घरमा बसेको बेला आरोपितले पीडितको दाहिने खुट्टा र निधारमा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएका थिए। घाइते आइतमायाले उपचार नपाएपछि भोलिपल्ट बिहान उनको मृत्यु भएको स्थानीय प्रहरीले जनायो।

घरेलु हिंसा

कुटपिट

ठूलोसिरुवारी गाविस-१ की ७१ वर्षीया भवमाई दुलाललाई ०७० चैत ६ गते सौतेनी छोरा ४५ वर्षीय केन्द्रबहादुर दुलालले कुटपिट गरी घाइते बनाएको आरोपमा आरोपितलाई चैत १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको भक्तपुरस्थित ठिमी अस्पतालमा उपचार भयो। पीडितले चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकी थिइन्। पीडितलाई आरोपितले काठको डण्डीले टाउको, ढाड, लगायत शरीरको विभिन्न भागमा चोट पुग्ने गरी कुटपिट गरेकोले आरोपितलाई प्रहरीले सार्वजनिक अपराधको मुद्दा लगाएको थियो। आरोपितलाई जिल्ला प्रशासन कार्यालयले चैत २४ गते ५ हजार रुपियाँ धरौटीमा रिहा गरेको छ।

विगतको अनुगमन

जातीय छुवाछूत गरेको आरोपमा भोटसिपा गाविस-७ का ईश्वरी आचार्यलाई जेठ २५ गते जिल्ला अदालतले एक हजार रुपियाँ जरिवाना गऱ्यो। जिल्ला अदालतका जिल्ला न्यायाधीश अजयराज उपाध्यायको जेठ २५ गतेको इजलासले सो निर्णय गरेको थियो। सिपापोखरे गाविस-७ का धनबहादुर रोक्का, सोही ठाउँका चन्चली रोक्का र सोही गाविस-८ का अनिस मगरान्तीले भोटसिपा गाविस-७ स्थित श्री चन्डेश्वरी उच्चमाविमा एसएलसी परीक्षा दिन आउँदा ०६९ चैत २ गते घरमा बास बसेको बेला दलित भएका कारण बास बस्न नदिएको आरोप थियो। पीडितहरूले ०६९ चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा जातीय छुवाछूत विरुद्ध उजुरी गरेका थिए। दलित भएका कारण गैरदलितको घरमा बस्ने कोठा नपाएका पीडित विद्यार्थीहरू भोटसिपा गाविस-५ स्थित दलित बस्तीमा बसेर एसएलसीको परीक्षा दिएको पीडितपक्षले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक ओटा अस्पताल, १० ओटा स्वास्थ्यचौकी र ६५ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा छ जना डाक्टरको दरबन्दी भएकोमा तीन जना कार्यरत र तीन जना रिक्त रहेका छन्। अहेबको दरबन्दी ९९ जना रहेकोमा ६६ जना कार्यरत ३३ जना रिक्त रहेका छन्। स्टाफ नर्सको दरबन्दी सात जना रहेकोमा पाँच जना कार्यरत रहेका छन्। ल्याब असिस्टेन्टको दरबन्दी चार जना रहेकोमा दुई जना कार्यरत रहेका छन्। अनमीको दरबन्दी २० जना रहेकोमा १६ जना कार्यरत रहेका छन्। हेल्थ असिस्टन्टको दरबन्दी १६ जना रहेकोमा आठ जना कार्यरत रहेका छन्।

२.१८ नुवाकोट



जिल्ला सदरमुकामः विदुर
क्षेत्रफल (वर्ग कि. मि.): १,१२१
घरधुरी सङ्ख्याः ५९,२१५
जम्मा जनसङ्ख्याः २,७७,४७१
पुरुषः १,३२,७८७
महिलाः १,४४,६८४
अपाङ्ग सङ्ख्याः ४,६९०
गाविस/नपा सङ्ख्याः ६१/१
पुरुष साक्षरता सङ्ख्याः ८७,२३७
महिला साक्षरता सङ्ख्याः ७४,८१३
हिन्दू धर्मावलम्बी प्रतिशतः ५७.७७
बौद्ध धर्मावलम्बी प्रतिशतः ४०.०१
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.१३
किराँत धर्मावलम्बी प्रतिशतः ०.१५
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.६१
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.३१७
प्रतिपरिवार सरदर सङ्ख्याः ४.६९

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१४ मा गैरराज्यपक्षबाट ४९ जना महिला र सात जना पुरुष गरी ५६ जना मानवअधिकार तथा उल्लङ्घनबाट पीडित भए।। सन् २०१३ मा १७ जना महिला र १० जना पुरुष गरी २७ जना पीडित भएका थिए भने यस वर्ष राज्यपक्षबाट तीन जना महिला र छ जना पुरुष पीडित भए।

जिल्लामा गैरराज्यपक्षबाट पुरुष र बालिकाको सङ्ख्याभन्दा बढी महिला पीडित भएको पाइयो। तीन जना महिला कथित बोक्सीको आरोप, तीन जना बलात्कार, एक जना बलात्कारको प्रयास, आठ जना बहुविवाह, दुई जना बेचबिखन, २७ जना घरेलु हिंसा र एक जना यौन दुर्व्यवहारबाट पीडित भए। साथै, एक जना महिलाको हत्या भएको छ। राज्यपक्षबाट पनि भेला तथा सङ्गठित हुने अधिकारबाट नौ जना पीडित भए। तीन जना बालिकाहरू बलात्कृत भएका छन्। सन् २०१३ मा १२ जना महिला र पाँच जना बालिकाहरू पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				३		३
महिलाअधिकार				४५		४५
भेला/सङ्गठित हुने अधिकार	३	६	९			
हत्या				१	७	८
जम्मा	**३**	**६**	**९**	**४९**	**७**	**५६**

धम्की/कुटपिट

अन्यबाट

खानी गाउँ निवासी काङ्ग्रेसका भातृ संगठन तरुण दल खानीगाउँ गाउँकमिटी अध्यक्ष ३५ वर्षीय राजकुमार मानन्धरलाई ०७१ मङ्सिर २४ गते थानसिङको छहरेमा आक्रमण गरी गम्भीर घाइते बनाए। घाइते उनको काठमाडौंस्थित ग्रान्डी अस्पतालमा उपचार भयो। घाइते मानन्धरको खुट्टा र टाउको लगायत नौं स्थानमा गहिरो चोट लागेको थियो। घटनामा सङ्लग्न भनिएका सुर्यमति गाविस पट्टाबारीका २९ वर्षीय राम पुलामी लगायत ६ जनाविरुद्ध मङ्सिर २६ गते जिल्ला प्रहरीमा उजुरी दर्ता भए पनि प्रहरीले हालसम्म कसैलाई पनि गिरफ्तार गर्न सकेको छैन।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ८० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ८१ र कैद नतोकिएको ६० गरी कूल १ सय ५३ जना कैदी बन्दीहरू रहेका छन्। जसमा महिला कैदी १२ जना रहेका छन्। आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना बालबालिका रहेका छन्। आश्रितसहित कारागारमा १ सय ५५ जना रहेका छन्।

कारागारमा कैदी बन्दीको उपचारको लागि एक जना अहेवको दरबन्दी रहेको छ। अहेवमार्फत नियमित स्वस्थ्य सेवा उपलब्ध गराइएको छ।

कारागारमा खानेपानी, शौचालयको अवस्था राम्रो रहेको र क्षमता भन्दा बढी कैदी बन्दी राखिएकोले उनीहरूलाई सुत्नको लागि खाली प्यासेजमा पनि सुत्न परेको कैदी/थुनुवाहरुको भनाइ छ। टेलिभिजन, क्यारेमबोर्ड र भलिबल खेल्ने समेत सुविधा रहेको छ। कारागारका कैदी तथा थुनुवाहरुले आयआर्जनको लागि बाँसको मुढा बनाउने काम गर्ने गरेका छन्। २० देखि २५ जनाले मुढा बनाएर राम्रो आम्दानी समेत लिइरहेको कारागार प्रमुख विष्णुभक्त सिग्देलले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला भूमिअधिकार मञ्च नुवाकोटको आयोजनामा गुठी जग्गा रैकर हुनुपर्ने, बिर्ता जग्गा दर्ता हुनुपर्ने र जिल्लामा सुकुमबासी आयोग गठन गर्ने माग राख्दै ०७१ जेठ ४ गतेदेखि जिल्ला मालपोत कार्यलयमा घेराउ गरी बसेका किसानलाई ०७१ जेठ ८ गते दिउँसो प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा गणेशस्थान गाविस-४ की २५ वर्षीया कल्पना न्यौपाने, गणेशस्थान गाविस-४ की २५ वर्षीया सुनीता बुढाथोकी, गणेशस्थान गाविस-४ का मदन सुचिकार, गोस्याङ गाविस-७ का प्रेमराज वस्ती, गोस्याङ गाविस-४ का देविप्रसाद वस्ती, गोस्याङ् गाविस-७ का हर्कबहादुर तामाङ, चौघडा गाविस-९ की मञ्जु राई, दुईपिपल गाविस-२ का सूर्यबहादुर श्रेष्ठ र दुईपिपल गाविस-६ का शेरबहादुर श्रेष्ठ घाइते भएको जिल्ला भूमिअधिकार मञ्च नुवाकोटले जनायो। घाइतेहरूको जिल्ला अस्पताल, त्रिशुलीमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

नुवाकोट जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। ०७१ पुस १६ गतेसम्म फौजदारी मुद्दा २ सय ७ थानमा ८३ फैसला भई १ सय १७ थान बाँकी रहे। देवानी मुद्दा १ सय ४७ थानमा ६७ थान फैसला भई ८० थान बाँकी रहे। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी नरहेको जिल्ला अदालतका सुब्बा विकास डिसीले बताए।

स्थानीय एक समूहको कुटपिटबाट घाइते भएका राजकुमार मानन्धर

बालअधिकार
शिक्षाको अधिकार

जिल्लामा ४ सय ६७ बालविकास केन्द्र, ३ सय २२ प्रावि, ८७ निमावि, ८५ मावि र ४७ उच्चमावि रहेको छ। नुवाकोटको जनसंख्या अनुसार यस जिल्लामा विद्यालय जाने उमेर समूहका १ लाख ५ हजार ४० रहेका छन्। यसमध्ये विद्यालय जाने छात्र ३३ हजार ७७ र छात्रा ३६ हजार २ सय २१ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार २ सय ९७ र छात्र २ हजार ९ सय ४५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा १ हजार ४ सय ८३ रहेका छन्। निमावि र माविमा ५ सय ९७ शिक्षक कार्यरत रहेका छन्। जिल्ला शिक्षा कार्यालयले महिला पुरुषको सङ्ख्या नछुट्याएको र पूरा विवरण अद्यावधिक नगरेको पाइयो।

बालविकास केन्द्र बालक १ हजार ६ सय १६ र बालिका १ हजार ५ सय ४८ रहेका छन् जसमध्ये दलित बालक १ सय ३८ र बालिका १ सय ५२ रहेका छन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

गत वर्षको तुलनामा केही सुधार भएको पाइयो। सन् २०१३ मा पाँच जना बालिका पीडित भएको भयो भने यस वर्ष तीन जना बालिका पीडित भएको पाइयो जसमा सातदेखि १४ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो। घटनाका आरोपितहरू ८१ वर्ष उमेरसम्मका रहेको पाइयो। जिल्ला अदालत नुवाकोटले बलात्कारको घटनाका एक आरोपितलाई मङ्सिर २१ गतेको आदेशले ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

१४ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा सप्तरीको पत्थरगाढा-५ घर भई जिल्ला

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
जम्मा	३	३

शिक्षा कार्यालयका कर्मचारी ३१ वर्षीय राजाराम यादवलाई जिल्ला अदालतका न्यायाधीश किरणप्रसाद सिवाकोटीको इजलासले मङ्सिर २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। आरोपित यादवले गत कात्तिक २ गते विदुर नपा-३ बट्टारको आदर्श होटेलमा बलात्कार गरेको भन्दै पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। घटनापछि गिरफ्तार भएका आरोपित विरुद्ध जबरजस्ती करणी मुद्दा अन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढाएको थियो। जिल्ला अदालतका श्रेस्तेदार राकेशमणि उपाध्यायको इजलासले कात्तिक २७ गते आरोपितलाई २ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। यो आदेशमाथि जिल्ला न्यायाधीश पुनर्विचार हुँदा पुर्पक्षको लागि थुनामा राख्ने आदेश भयो। श्रेस्तेदारको आदेशपछि रिहा भएका यादवलाई अदालतले थुनामा राख्न आदेश दिए पनि अदालतमा उपस्थित नभइ आरोपित फरार भएका छन्।

सात वर्षीया एक बालिकालाई कात्तिक १५ गते अपरान्ह घरमा कोही नभएको समयमा बलात्कार प्रयास गरेको आरोपमा खानीगाउँ-४ बराफेदीका ८० वर्षीय लोकबहादुर थापालाई सोही दिन बेलुका प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको परिवारले कात्तिक १६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। पीडक थापालाई जिल्ला अदालतले मङ्सिर २१ गते ५० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। मुद्दाको अन्तिम फैसला हुन बाँकी रहेको छ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र २०७१ पुस १७ सम्ममा उजुरी दर्ता गराए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कार	३	३
बलात्कारको प्रयास	१	१
बहुविवाह	८	८
महिला बेचबिखन	२	२
घरेलु हिंसा	२७	२७
यौन दुर्व्यवहार	१	१
जम्मा	४५	४५

प्रहरीले ४१ उजुरीमा मिलापत्र गराएको र २१ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको महिला सेलले जनाए पनि विषयगत रुपमा तथ्याङ्क राखेको पाइएन।

गत वर्षको तुलनामा सन् २०१४ मा महिला हिंसा बढेको देखिन्छ। सन् २०१३ मा ८ जना महिला पीडित भएको थियो। यस वर्ष ४५ जना महिला पीडित भएको पाइयो। जसमध्ये कथित बोक्सीको आरोपमा तीन जना, घरेलु हिंसा २७ जना, बलात्कारमा तीन जना, बलात्कार प्रयासमा एक जना, बहुविवाह आठ जना, महिला बेचबिखन दुई जना र यौन दुर्व्यवहारमा एक जना रहेको पाइयो। यी घटनाहरूमा १९ वर्षदेखि ६४ वर्षसम्मको महिला पीडित भएका छन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१९ वर्षीया एक बालिकालाई ०७० चैत २३ गते राती ललाई फकाई ककनी गाविसको ककनी गेष्ट हाउसमा लगी गेर्खु गाविस-४ का ३३ वर्षीय दामोदर खतिवडाले बलात्कार गरेको आरोप लगाई पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७० चैत २७ गते उजुरी दिइन्। जिल्ला अदालतले ०७१ असार २९ गते साधारण तारेखमा मुद्दाको पुर्पक्ष गर्न आदेश दियो। उक्त आदेशमा चित्त नबुझी सरकारी वकिलको कार्यालयले पुनरावेन अदालत पाटनमा मुद्दा दर्ता गऱ्यो। पुनरादेवदन अदालत पाटनले पुस १७ गते जिल्ला अदालतको आदेश उल्ट्याई थुनामा राखी पुर्पक्ष गर्न आदेश दियो।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

मदानपुर गाविस-९ की ५४ वर्षीया सन्त लक्ष्मी तामाङलाई सोही गाविसका ६२ वर्षीय रामबहादुर तामाङले ०७० माघ २८ गते आफ्नै घरमा बोलाई 'बोक्सीको गुरु को हो बताऊँ' भन्दै कुटपिट गरेको र नबताए सात दिनमा मार्छु भनी धम्की दिएको पीडितले बताइन्। पीडितले ०७० फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालत नुवाकोटको ०७० फागुन २१ गतेको आदेशले १० हजार रूपियाँ धरौटी राखी तारेखमा रिहा भए।

घरेलु हिंसा

भद्रटार-२ की ६४ वर्षीया राममाया खत्रीलाई पति ६५ वर्षीय ध्रुवबहादुर खत्री र छोरा ३२ वर्षीय राजन खत्रीले कुटपिट गरी घरबाट निकालेको भन्दै जिल्ला प्रहरी कार्यालय नुवाकोटमा कात्तिक २ गते

उजुरी गरिन्। पतिले मादक पदार्थ सेवन गरी कुटपिट गर्ने, खानलाउन नदिने र घरबाट समेत निकाले र छोराले पनि गाली गरेर घरमा बस्न नदिएकोले उजुरी दिनु परेको पीडितले बताइन्। उजुरीमा गत असोज १६ गतेदेखि घरबाट निकालेको र अहिले काठमाडौँमा छोरीको घरमा बस्न बाध्य भएको उल्लेख गरिएको छ। पीडितले लोग्ने र छोरालाई झिकाएर आवश्यक कारबाही गर्न माग गरेकोले आरोपितलाई झिकाउने प्रयास गर्दा आरोपित फरार भई फेला नपरेको जिल्ला प्रहरी कार्यालयले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक ओटा अस्पताल, ३० ओटा स्वास्थ्यचौकी र ३४ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा २० जना डाक्टरको दरबन्दी भएकोमा १० जना कार्यरत र १० जनाको दरबन्दी रिक्त रहेका छन्। अहेबको दरबन्दी ९० जना रहेकोमा ७२ जना कार्यरत १८ जनाको दरबन्दी रिक्त रहेका छन्। स्टाफ नर्सको दरबन्दी १६ जना रहेकोमा १२ जना कार्यरत, चार जनाको दरबन्दी रिक्त रहेका छन्। ल्याब असिस्टेन्टको दरबन्दी चार जना रहेकोमा चार जना कार्यरत रहेका छन्। अनमीको दरबन्दी ८६ जना रहेकोमा ७० जना कार्यरत १६ जना रिक्त रहेका छन्। हेल्थ असिस्टन्टको दरबन्दी ३७ जना रहेकोमा २२ जना कार्यरत १५ जनाको दरबन्दी रिक्त रहेका छन्।

जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ६७ लाख ५२ हजार रुपियाँ रहेको छ। प्रशासनिक खर्च २१ लाख ६० हजार रुपियाँ रहेको छ। औषधि खर्च ६८ लाख ६३ हजार रुपियाँ रहेको छ।

२.१९ रसुवा

जिल्ला सदरमुकामः धुन्चे
क्षेत्रफल (वर्ग कि. मि.)ः १,५४४
घरधुरी सङ्ख्याः ९,७७८
जम्मा जनसङ्ख्याः ४३,३००
पुरुषः २१,४७५
महिलाः २१,८२५
अपाङ्ग सङ्ख्याः १,०१६
गाविस/नपा सङ्ख्याः १८/०
पुरुष साक्षरता सङ्ख्याः १२,४९२
महिला साक्षरता सङ्ख्याः ९,८६१
हिन्दूधर्मावलम्बी प्रतिशतः २५.३८
बौद्धधर्मावलम्बी प्रतिशतः ६९.९५
इस्लामधर्मावलम्बी प्रतिशतः ०.०२
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ४.३
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०७
अन्य धर्मावलम्बी प्रतिशतः ०.२६१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४२

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा चार जना महिला र १३ जना पुरुष गरी १७ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १७ जना महिला आठ जना पुरुष गरी २५ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन्

भने महिलाहरू बलात्कार, यौनिक तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष एक जना महिलाको परिवारजनबाट हत्या भयो। बलात्कारको घटनामा चार जना, बहुविवाहको घटनामा तीन जना र यौन दुर्व्यवहारको घटनामा दुई जना महिला यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनमा पाँच जना पीडितमध्ये दुई जना बालिका बलात्कार, दुईजना बालिकामाथि यौनदुर्व्यवहार र एक नवजात शिशुको हत्या भएको इन्सेकले अभिलेखित गऱ्यो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१	३	४
बालअधिकार	५		५
अपहरण	१	१	२
महिलाअधिकार	९		९
कुटपिट		३	३
धम्की		१	१
हत्या	१		१
जम्मा	१७	८	२५

धम्की/कुटपिट

रामचे गाविस-९ निवासी नेपाल पत्रकार महासङ्घ जिल्ला अध्यक्ष २८ वर्षीय सोमबहादुर तामाङ र नेपाल पत्रकार महासङ्घ जिल्ला सहसचिव रामचे गाविस-४ का २९ वर्षीय मालफुर्पा तामाङलाई ०७१ वैशाख १५ गते लहरेपौवा गाविस-२ माझगाउँमा आयोजि एकीकृत माओवादीको जिल्ला सम्मेलनको समाचार सङ्कलन गर्न गएको बेला एमाओवादी कार्यकर्ताहरू धैबुङ गाविस-६ का २७ वर्षीय धनबहादुर ग्लान, धैबुङ गाविस-७ का २४ वर्षीय अजय तामाङ र २३ वर्षीय निर्मल लामा, स्याफ्रु गाविस-३ का २८ वर्षीय पासाङकामी तामाङ, यार्सा गाविस-८ का २२ वर्षीय कान्छा तामाङ, यार्सा गाविस-६ का २८ वर्षीय शम्भु तामाङले कुटपिट गरी घाइते बनाए। घाइते उनीहरूको काठमाडौँको बल्खुस्थित शिवज्योति अस्पतालमा उपचार भयो। उपचारका लागि नेपाल पत्रकार महासङ्घले ८/८ हजार र इन्सेकले ५/५ हजार रुपियाँ आर्थिक सहयोग गरेको थियो। पीडित मालफुर्पाका बाबु काजीस्याङवा तामाङले ०७१ वैशाख १६ गते कालिकास्थान प्रहरीमा जाहेरी दिएको र ०७१ वैशाख १७ गते घटनाका आरोपित ६ जना विरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। सरकारी वकिल कार्यालयबाट राय सहित ०७१ जेठ १८ गते जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक मुद्दा पेस भएकोमा चार जना आरोपितहरूलाई तारेख तोकिएकोमा फरार छन्। आरोपित अजय, निर्मल, कान्छा र सम्भु भने जिल्ला प्रशासन कार्यालयको आदेशमा धरौटी राखेर एक महिने तारेखमा रिहा भएका छन्। यो मुद्दा जिल्ला प्रशासन कार्यालयमा मुद्दा चलिरहेको जनाइएको छ।

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जना रहेको छ। यस कारागारमा कैद तोकिएका ७७ जना र कैद नतोकेको १५ जना गरी जम्मा ९२ जना कैदी तथा बन्दी छन्। जसमध्ये कैद तोकिएको एक महिलालाई मङ्सिर १ गते नुवाकोट कारागार सरुवा गरिएको छ। क्षमताभन्दा बढी कैदी तथा बन्दी भएकाले पानी, शौचालय, स्वास्थ्य परीक्षणजस्ता अत्यावश्यक कुरामा समस्या रहेको छ। कारागारभित्र कैदी तथा बन्दी सुत्नका लागि आठ ओटा कोठा छन् भने चार ओटा शौचालय छन्। १० बजेदेखि ५ बजेसम्म कैदी तथा बन्दीका आफन्तहरूलाई भेट्ने समय मिलाइएको छ। यस कारागारका कैदी तथा बन्दीहरूलाई दैनिक ७ सय ग्राम खाद्यान्न र ४५ रूपियाँ दिइन्छ। यस कारागारमा रेडियो, टेलिभिजन, पत्रपत्रिका, खेलकुदका सामानहरूलगायत सीपमूलक तालिम उपलब्ध छ। बन्दीले बुनेको मुढा तथा नाङ्लो काठमाडौँसम्म बिक्रीका लागि पठाइन्छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रसुवा जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेको छ। ०७१ पुस १५ गतेसम्म फौजदारी मुद्दा तीन थान र देवानी मुद्दा चार थान फैसला भए। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी छैनन्।

बालअधिकार

शिक्षाको अधिकार

जिल्ला शिक्षा कार्यालय रसुवाका अनुसार यस जिल्लामा संस्थागत र सरकारी गरी कूल विद्यालय सङ्ख्या ९८ रहेको छ। जसमध्ये ७१ ओटा प्राथमिक, १७ ओटा निम्नमाध्यमिक तहको र २० ओटा

एकीकृत माओवादी कार्यकर्ताको कुटपिटबाट घाइते भएका पत्रकार सोमबहादुर तामाङ र मालफुर्पा तामाङ

माध्यमिक विद्यालयहरू रहेका छन्। यस मध्ये दश प्राविमा विद्यार्थी नभएर बन्द अवस्थामा छन्।

यस जिल्लाका विद्यालय जाने उमेरका ७ हजार २ सय ५१ बालक र ६ हजार ९ सय ४९ बालिका प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यस मध्ये दलित छात्रा १ सय २१ र छात्र १ सय ५१ रहेका छन्। प्राविमा ७२ महिला र २ सय ८४ जना पुरूष गरी ३ सय ५६ जना शिक्षक , निमाविमा ४ महिला र ४७ पुरूष शिक्षक तथा मावि तहमा २ जना महिला र ३६ जना पुरूष गरी ४ सय ४७ जना शिक्षक दरबन्दीमा कार्यरत छन्। जसमध्ये शिक्षक र ६४ जना राहतमा कार्यरत शिक्षकहरू गरी कुल ५ सय ११ जना रहेका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
नवजात शिशुको हत्या	१	१
यौन दुर्व्यवहार	२	२
जम्मा	५	५

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष १३ वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो । घटनाका आरोपितहरू ४४ वर्ष उमेरसम्मका रहेको पाइयो। जिल्ला अदालत, रसुवाले बलात्कारको घटनाका आरोपितहरूलाई तीनदेखि १० वर्षसम्मको कैद हुने फैसला गऱ्यो।

अपाङ्गता भएकी १७ वर्षीया एक युवतीलाई ०७१ असोज २२ गते बलात्कार गरेको आरोपमा प्रहरीले सिन्धुपाल्चोक जिल्ला फुलपिङकट्टी गाविस-४ का ४४ वर्षीय साङगेतेम्वा भनिने कान्छा शेर्पालाई ०७१ असोज २३ गते बिहान चिलिमे गाविस-१ थाम्बुचेतबाट प्रहरीले गिरफ्तार गऱ्यो। बालिकालाई विभिन्न प्रलोभनमा परेर शारीरिक सम्पर्क राख्दै आएको पीडितका आफन्तले थाहा पाएपछि ०७१ आसोज २३ गते नजिकैको चाम्बुचेत प्रहरीचौकीमा खबर गरेको आधारमा पीडकलाई थाम्बुचेत प्रहरीचौकीका प्रहरीले शेर्पा थाम्बुचेतमा लुकेर बसेको अवस्थामा गिरफ्तार गरी पुर्पक्षका लाथि थुनामा राखेर कानुनी कारबाही अघि बढाएकोमा जिल्ला अदालतको ०७१ कात्तिक २६ गतेको आदेशले आरोपितलाई १० वर्ष कैदको फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पताल, धुन्चेमा भयो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

सन् २०१४ मा महिला हिंसाका कारण नौ जना पीडित भए। जसमध्ये चार जना बलात्कारमा, तीन जना बहुविवाहमा र दुई जना यौन दुव्यवहारबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा महिला हिंसामा तीन जना पीडित भएको थियो। गत वर्षभन्दा यस वर्ष महिला हिंसा बढेको देखिन्छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	४	४
बहुविवाह	३	३
यौन दुर्व्यवहार	२	२
जम्मा	९	९

परिवारजनबाट हत्या

यार्सा गाविस-२ की ६० वर्षीया साङजेन नेकोर तामाङलाई ०७१ असोज १७ गते पति ६० वर्षीय प्रसादनेकार तामाङले घरमै कुटपिट गरी हत्या गरे। अत्यधिक रक्सी सेवन गरी घरमा आएका पीडकको पत्नीसँग सामान्य विवाद भएपछि काठको फल्याकले हिर्काउँदा उनको घटनास्थलमै मृत्यु भयो। छिमेकीले फोनबाट प्रहरीमा खबर गरेपछि पीडकलाई सरमथलीको पाञ्च्याङबाट गएको प्रहरीले ०७१ असोज १८ गते गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेर कारबाही चलाएकोमा वर्षको अन्त्यसम्म पनि जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यस वर्ष बलात्कार र यौन दुर्व्यवहारबाट ६ जना पीडित भएको पाइएको छ।

एक १९ वर्षीया महिलालाई ०७१ जेठ ५ गते थुमन गाविस-८ का ३३ वर्षीय डुक्पा तामाङले थुमन गाविस-८ स्थित जङ्गलको बीचमा बलात्कार गरी फरार भए। घटनाका बारेमा उजुरी गरे सामाजिक रूपमा बहिस्कृत हुनुपर्ने डरले कतै उजुरी नगरेको पीडित परिवारले बतायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, एक सामुदायिक अस्पताल बन्द अवस्थामा छ। जिल्लामा कूल तीन जना चिकित्सकको दरबन्दी रहेकोमा एक रिक्त रहेको छ। जिल्लाका तीन ओटा स्वास्थ्यचौकी र १४ उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला भरीका विभिन्न स्वास्थ्य संस्थामा ९७ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा ६३ जना मात्र कार्यरत छन्। जिल्लामा ३१ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। राष्ट्रिय योजना आयोग र स्वास्थ्य सेवा विभागबाट सेवा करारमा कार्यरत स्वास्थ्यकर्मीहरू पनि कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन।

पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जिल्ला सदरमुकामः दमौली
क्षेत्रफल (वर्ग कि. मि.)ः १,५४६
घरधुरी सङ्ख्याः ७८,३०९
जम्मा जनसङ्ख्याः ३,२३,२८८
पुरुषः १,४३,४१०
महिलाः १,७९,८७८
अपाङ्ग सङ्ख्याः ६,६६८
गाविस/नपा सङ्ख्याः ४६/१
पुरुष साक्षरता सङ्ख्याः १,१०,७०२
महिला साक्षरता सङ्ख्याः १,१६,१३९
हिन्दू धर्मावलम्बी प्रतिशतः ८६.५१
बौद्ध धर्मावलम्बी प्रतिशतः ९.४४
इस्लाम धर्मावलम्बी प्रतिशतः १.२९
किराँत धर्मावलम्बी प्रतिशतः १.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.६९
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१६
वोन धर्मावलम्बी प्रतिशतः ०.४९
अन्य धर्मावलम्बी प्रतिशतः ०.४०८
प्रतिपरिवार सरदर सङ्ख्याः ४.१३

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १५ जना महिला र १५ जना पुरुष गरी ३० जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट २७ जना महिला एक जना पुरुष गरी २८ जना पीडित भएको पाइयो। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष एक जना महिलाको हत्या भयो। अघिल्लो वर्ष दुई जनाको हत्या भएको थियो। जातीय विभेदको घटनामा एक जना महिला, कथित बोक्सीको आरोपमा एक जना, बलात्कारको घटनामा दुई जना महिला र ११ जना बालिका यस वर्ष पीडित भए। बालबालिका १३ जना पीडित भए, जसमध्ये ११ जना बालिका बलात्कार, एकजना बालिकामाथि यौनदुर्व्यवहार र एक बालिकालाई विद्यालयमा शारीरिक सजाय दिइएको इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा पीडित बालबालिकाको सङ्ख्या ६ जना थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बाल अधिकार	१२	१	१३
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१		१
महिला अधिकार	९		९
जातीय विभेद	१		१
धम्की	३		३
हत्या	१		१
जम्मा	**२७**	**१**	**२८**

जेल र बन्दी

'घ' श्रेणीको, बन्दी क्षमता २५ जनाको रहेको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६० र कैद नतोकिएका ६५ कैदी र थुनुवा गरी जम्मा १ सय २५ जना बन्दीहरू छन्। कारागारमा बालबालिका र महिलाहरू छैनन्। क्षमताभन्दा बढी राखिएका कारण बन्दीहरूलाई बस्न, निकै असुविधा भएको छ। बन्दीलाई सुत्न, शौचालय र खानेपानीको पनि अभाव भएको छ। बन्दीहरूलाई पत्रपत्रिका पढ्न, नियमित स्वास्थ्य उपचार र कानुन व्यवसायी राख्ने सुविधा दिइएको छ। बन्दीहरूका नाइके प्रेम परियारले अन्य सुविधा भए पनि स्थान साँघुरो भएको हुँदा सुत्न र बस्न समस्या भएको बताए। बन्दीहरूबीच साउन २६ गते कारागारमा भएको झडपमा पुर्कोट गाविस घर भई जिल्ला कारागारमा कैद भुक्तान गरिरहेका राजेन्द्र श्रेष्ठ घाइते भए। कारागारका नाइके प्रेम परियारलगायतका भाइनाइके र उनीहरूका

समर्थकमाथि श्रेष्ठको समूहले आक्रमण गरेपछि बन्दीबीच झडप भएको थियो। उनीहरू कारागारका नाइके र चौकीदारको सरुवा हुनुपर्ने भन्दै आन्दोलनमा उत्रिएका थिए। झडपमा अन्य कैदी सामान्य घाइते भए। घाइते श्रेष्ठको सोही दिन दमौली अस्पतालमा उपचार भयो। आक्रमणमा संलग्न कैदीहरूलाई कारागार प्रशासनले साउन २८ गते विभिन्न जिल्लामा स्थानान्तरण गर्‍यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

तनहुँ जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ सय १७ थान र फौजदारी मुद्दा ८८ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी छैनन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश लगभग १ सय हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ। बालिका बलात्कारका ११ मुद्दामध्ये सात थान मुद्दा फैसला भई अभियुक्तहरू सजाय भुक्तान गरिरहेका छन् भने दुई थान मुद्दाको फैसला हुन बाँकी रहेको छ। महिला बलात्कारका दुई मुद्दामा दुवै मुद्दा फैसला भएको छ।

०७० फागुन १४ गते घरबाट हराएकी एक १४ वर्षीय बालिकालाई उनको मोबाइल कलको अभिलेखको आधारमा व्यास नगरपालिका -७ बाट चैत २४ गते एक २१ वर्षीय युवकको कोठाबाट प्रहरीले उद्धार गर्‍यो। युवक विरुद्ध बालिकाका परिवारले बलात्कार गरेको आरोपमा जाहेरी दिए। जिल्ला न्यायाधीश उमेश कोइरालाको इजलासले ०७१ वैशाख १७ गते पुर्पक्षमा राख्ने आदेश दिएकामा ०७१ साउन २४ गतेको आदेशबमोजिम आरोपित रिहा भए।

यसै गरी महिला बलात्कारका दुई मुद्दामा दुवै मुद्दा फैसला भएको छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ३६ प्राथमिक, ७३ निम्नमाध्यमिक र ६१ माध्यमिक विद्यालयहरू रहेका छन्। २ हजार ९ सय ८१ जना शिक्षकको दरबन्दी रहेकोमा २ हजार ६३ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ३१ हजार ७ सय बालक र ३५ हजार ४ सय ६६ बालिका विद्यालय भर्ना भए। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लाको कुल साक्षरता प्रतिशत ९६.३९ रहेको छ। जसमा महिलाको साक्षरता ९४.४३ र पुरुषको साक्षरता ९८.३६ प्रतिशत रहेको छ। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	११		११
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	१		१
जम्मा	१२	१	१३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यस वर्ष तीन वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गर्‍यो। घटनाका आरोपितहरू ६३ वर्ष उमेरसम्मका रहेको पाइयो। बलात्कार घटनामा नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो। आफ्ना छोरीलाई बलात्कार गर्ने दुई जना बाबुसमेत रहेका छन्। जिल्ला अदालत तनहुँले बलात्कारको घटनाका आरोपितहरूलाई पाँचदेखि २२ वर्षसम्मको कैद हुने फैसला गर्‍यो।

१० वर्षीया एक बालिकालाई ०७० माघ १६ गते बाबुले घरमै बलात्कार गरेको भन्दै पीडितकी आमाले माघ १७ गते इलाका प्रहरी कार्यालय बेलचौतारमा उजुरी दिइन्। घरमा कोही नभएको मौका पारी बालिकालाई बलात्कार गरेको भन्दै दिइएको उजुरीका आधारमा प्रहरीले आरोपितलाई माघ १८ गते गिरफ्तार गरी जबरजस्ती करणी मुद्दा दायर गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बलभद्र बास्तोलाको इजलासले चैत ६ गते २२ वर्ष कैद सजायको फैसला गरेको छ। बालिकाको माघ १७ गते जिल्ला अस्पताल दमौलीमा स्वास्थ्य परीक्षण भएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गरे। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका सात जना, खानलाउन नदिएको

चार जना ओटा, अर्की श्रीमती ल्याएर हेला गरेकोमा दुई ओटा, विवाह दर्ता र नागरिकता नबनाएको दुई ओटा तथा अन्य सामान्य झैँझगडाका १७ ओटा उजुरी दर्ता भए । ती घटनामध्ये प्रहरीबाट २५ ओटा घटनामा मिलापत्र गराएको र सातओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

यसवर्ष तनहुँमा दुई जना महिला बलात्कृत भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा यस्तो सङ्ख्या एक मात्र थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	२	२
बहुविवाह	१	१
घरेलु हिंसा	५	५
जम्मा	९	९

बलात्कार, बलात्कार प्रयास र यौनदुर्व्यहवार

३० वर्षीया एक महिलालाई ०७० चैत २० गते श्याम्घा गाविस-७ का ४३ वर्षीय इन्द्रबहादुर मगरले बलात्कार गरेको भन्दै पीडित परिवारले ०७० चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत २२ गते गिरफ्तार गरी जबरजस्ती करणी उद्योगमा मुद्दा चलायो। जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको इजलासले ०७१ वैशाख २५ गते आरोपितलाई आठ वर्ष कैद फैसला गऱ्यो। पीडितको चैत २१ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

सन् २०१३ मा एकजना महिलामाथि कथित बोक्सीको आरोपमा दुर्व्यवहार भएको थियो। यस वर्ष कथित बोक्सीको आरोपमा माझकोट गाविस-८ की एक ३२ वर्षीया महिलालाई ०७१ असोज १८ गते राति स्थानीय दुई महिला र एक पुरुषले कुटपिट गरे। कुटपिटबाट घाइते भएकी पीडितले भीमाद मेडिकल हलमा उपचार गराइन्। पीडितले कतै पनि उजुरी गरिनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुईओटा अस्पताल, २६ ओटा स्वास्थ्य चौकी, र १९ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा सात जना डाक्टरको दरबन्दी भएकोमा सबै कार्यरत रहेका छन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी ८९ जना रहेकोमा ८२ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १२ करोड ४१ लाख १४ हजार र औषधी खर्चबापतको रकम २० लाख रहेको छ। औषधीको लागि यस जिल्लामा प्रति व्यक्ति वार्षिक ६ रुपियाँ १८ पैसा विनियोजित भएको देखिन्छ।

३.२ गोरखा



जिल्ला सदरमुकाम: गोरखा
क्षेत्रफल (वर्ग कि. मि.): ३,६१०
घरधुरी सङ्ख्या: ६६,५०६
जम्मा जनसङ्ख्या: २,७१,०६१
पुरुष: १,२१,०४१
महिला: १,५०,०२०
अपाङ्ग सङ्ख्या: १२,९३७
गाविस/नपा सङ्ख्या: ६६/१
पुरुष साक्षरता सङ्ख्या: ८४,६७६
महिला साक्षरता सङ्ख्या: ८५,७४१
हिन्दू धर्मावलम्बी प्रतिशत: ७५.१९
बौद्ध धर्मावलम्बी प्रतिशत: १९.१
इस्लाम धर्मावलम्बी प्रतिशत: १.१३
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ३.२७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६१
वोन धर्मावलम्बी प्रतिशत: ०.६३
वहई धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१०५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०७

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १५ महिला र १५ पुरुष गरी ३० जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट २२ महिला र तीन पुरुष गरी २५ जना पीडित भए।

यस वर्ष प्रहरीले चलाएको गोली लागेर एक जनाको मृत्यु भयो। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष दुई जना महिलाको हत्या भयो। अघिल्लो वर्ष पनि दुई जना महिलाको हत्या भएको थियो। जिल्लामा जातीय विभेदको घटना अभिलेख भएन। कथित बोक्सीको आरोपमा एक जना महिला माथि दुर्व्यवहार भयो। बलात्कारका घटनामा तीन जना महिला र सात जना बालबालिका यस वर्ष पीडित भए। सन् २०१३ मा ६ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्य पक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	२	३
बालअधिकार			७		७
महिलाअधिकार			१२		१२
हत्या	१	१	२	१	३
जम्मा	**१**	**१**	**२२**	**३**	**२५**

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

गोरखा जिल्लाको सिमजुङ गाविस-६ सिरानडाँडामा गोरु काटेको विषयमा स्थानीय वासिन्दा र प्रहरीबीच साउन २९ गते भएको विवादका क्रममा प्रहरीले चलाएको गोलीबाट सोही ठाउँका ६२ वर्षीय लाक्पा तामाङ घाइते भएकोमा भदौ २ गते काठमाडौको वीर अस्पतालमा उपचारको क्रममा मृत्यु भयो।

स्थानीयबासी र प्रहरीबीच भएको विवादका क्रममा प्रहरीले चलाएको गोलीबाट घाइते भई उपचारको क्रममा मृत्यु भएका लाक्पा तामाङ

गोरु काटेको अरोपमा प्रहरीले कमल तामाङ र राजु तामाङलाई गोरुको टाउको, खुट्टा, खुकुरी, हँसिया र बन्चरोसहित प्रहरीले नियन्त्रणमा लिएर चौकी ल्याउँदै गरेको थियो। सिरानडाँडा गाउँको बीचमा गोरु काटिएको ठाउँबाट करिब ५ सय मिटरको दूरीमा रहेको गुम्बा नजिक गोरुको टाउको र प्रयोग भएका घरेलु हतियारसहित आएका कमल तमाङ र राजु तामाङलाई स्थानीय महिलाको समूह तथा बासिन्दाहरूले गाउँको घटना गाउँमा नै मिलाउनु पर्छ भनी प्रहरीलाई दबाब दिए। प्रहरीले उक्त घटनाबारे ईलाका प्रहरी कार्यालय र जिल्लामा खबर नगरी गाउँमै मिलाउन खोजेको र गाउँलेहरूको आश्वासनपछि प्रहरीले चौकीमा नयाँ भवन बन्दैछ त्यसका लागि १५ हजार रुपियाँ दिए घटनालाई मिलाउने बताएपछि गाउँले प्रहरीलाई पैसा दिन नसक्ने र प्रहरीले जे गरे गर्छ भनी आ-आफ्नो घरतर्फ लागेको स्थानीय बासिन्दाले जनाए। त्यसपछि गुम्बा नजिकै बसिरहेका पप्पु तामाङलाई प्रहरीले गोरुको टाउको र प्रयोग भएका हतियार बोकेर चौकीतर्फ लैजान खोजेकोमा सुजन तामाङले पप्पुलाई किन लैजाने ? लैजान पाइँदैन भनेपछि प्रतिवादमा प्रहरीले सुजनलाई समेतलाई लानुपर्छ भनी हतकडी लगाउन खोज्दा केही व्यक्तिहरूले प्रहरीलाई घेरा हालेपछि उनीहरूलाई प्रहरीले लाठी प्रहार गरेको थियो। युवा र प्रहरीबीच विवाद बढ्दै जाँदा स्थानीयको उपस्थिति सङ्ख्या बढ्दै गएको थियो। असई र एक जवानलाई स्थानीयले घेराबन्दी गरे। स्थानीय एक व्यक्तिले हातमा ढुङ्गा लिई प्रहरी जवान श्रीराम रानाको टाउकोमा प्रहार गरेपछि प्रहरी जवान श्रीराम रानाले साथमा रहेको पेस्तोलबाट हवाई फायर गरेपछि

झडप शुरु भएको थियो। झडपका क्रममा स्थानीय युवाले प्रहरीबाट पेस्तोल खोस्ने प्रयास गरेपछि पेस्तोलबाट गोली चल्यो र करिब २५ फिट तल घरमा रहेका ६७ वर्षीय लाक्पा तामाङ तिघ्रामा गोली लागेर घाइते भए। घाइतेलाई तत्काल स्थानीयको पहलमा जिल्ला अस्पताल गोरखा ल्याइयो र थप उपचारका लागि काठमाडौ लगिएकोमा भदौ २ गते बिहान उपचारका क्रममा वीर अस्पतालमा उनको मृत्यु भयो।

मानिस मऱ्यो भनी भीड घाइतेतर्फ गएको मौका पारी प्रहरी हवल्दार विष्णुबहादुर बस्नेत, प्रहरी जवान श्रीराम राना र टेकबहादुर थापा उक्त स्थानबाट भागी केही पर रहेको नेपाली सेनाको व्यारेकतर्फ सुरक्षाका लागि गएका थिए भने असई गोविन्दप्रसाद आचार्य र हवल्दार राजेन्द्र श्रेष्ठलाई स्थानीयले नियन्त्रणमा लिएर राखेकोमा करिब ९:३० बजेको समयमा नेपाली सेनाको भैरवी दल गुल्म भच्चेकमा ल्याई क्याप्टेन गणेशमान सिंह बस्नेतको जिम्मा लगाएका थिए।

घाइतेको मृत्युपछि स्थानीयले भदौ २ गते नै गोरखामा प्रदर्शन गरे। नेपाल सरकारले तामाङको परिवारलाई भदौ ३ गते राहत स्वरूप १० लाख रुपियाँ दिने निर्णय गरेपछि आन्दोलन टुङ्गिएको थियो। जिल्ला प्रहरी कार्यालयले बिनाआदेश गोली चलाएको भन्दै प्रहरी जवान श्रीराम राना र समूहको नेतृत्व गर्ने असई गोविन्द आचार्यलाई विभागीय कारबाही गरेको जनायो। घटनाको इन्सेक, स्थानीय शान्ति समिति र नेपाल पत्रकार महासङ्घको टोलीले स्थलगत अनुगमन गरी घटनामा प्रहरीको गलती कमजोरी भएको प्रतिवेदन सार्वजनिक गरेको थियो।

गोली/विस्फोटक पदार्थबाट घाइते

स्वाँरा गाविस-६ माझथरका १२ वर्षीय सचिन बराम र सोही ठाउँका ११ वर्षीय ज्ञानबहादुर बराम स्वाँरा गाविस-६ माझथरमा ०७० फागुन २७ गते बेवारिसे अवस्थामा छाडिएको विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। बालबालिकाले उक्त विस्फोटक पदार्थलाई खेलौनाका रूपमा प्रयोग गर्ने क्रममा विस्फोट भई उनीहरू घाइते भएको डिएसपी रमेश थापाले बताए। विस्फोटबाट बालकद्वयको हात खुट्टा तथा अनुहारमा चोट लागेको थियो। उनीहरूको जिल्ला अस्पतालमा सामान्य उपचार भएपछि थप उपचार काठमाडौँस्थित वीर अस्पतालमा भएको थियो।

बेवारिसे अवस्थामा छाडिएको विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भएका सचिन बराम

घटनापछि प्रहरीले स्वाँरा गाविस-६ स्थित माझथर भीरमा भण्डार गरी राखिएको अवस्थामा फेला पारेको ७ सय १ थान डेटोनेटर केप, ३ सय मिटर तार र १० किलो बराबरको गन्धक फागुन २८ गते नष्ट गऱ्यो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ४५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म यस कारागारमा ९० जना कैदी र कैद नतोकिएका २६ जना थुनुवा रहेका छन्। यीमध्ये १४ जना महिला र एक सय दुई जना पुरुष रहेका छन्। कारागारमा दुई बालक र एक बालिका गरी तीन जना आश्रित बालबालिका सहित एक सय १९ जना रहेका छन्। बालबालिकालाई विद्यालय जाने व्यवस्था मिलाइएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गोरखा जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ९४ थान र फौजदारी मुद्दा ६८ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा दुई थान र र फौजदारी मुद्दाको सङ्ख्या एक थान रहेको छ। बालिका बलात्कारका ६ ओटा मुद्दामध्ये कुनै पनि मुद्दाको फैसला यो वर्षको अन्त्यसम्म भएन।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ४८ प्राथमिक, ७८ निम्न माध्यमिक र ६२ माध्यमिक विद्यालयहरू रहेका छन्।

चार हजार ५ सय ८७ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेका छन्। कार्यरत शिक्षकमध्ये २ हजार ५ सय १८ राहत दरबन्दीका शिक्षक रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। यो आर्थिक वर्षमा ३६ हजार ५ सय ३१ जना बालक र ३९ हजार ७ सय १४ जना बालिका विद्यालयमा भर्ना भए। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका अधिकांश विद्यालयमा शौचलाय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। यस जिल्लाका दलित बालक र बालिकाका लागि ४० लाख ४२ हजार ४ सय रुपियाँ छात्रवृत्तिका लागि छुट्टयाइएको छ। जिल्ला शिक्षा कार्यालयको प्रशासनिक खर्च ८९ लाख ९३ हजार ७ सय ५७ रुपियाँ रहेको जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	७	७
जम्मा	**७**	**७**

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष पाँच वर्षदेखि १५ वर्ष उमेर समूहका सात जना बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो । जिल्ला अदालत गोरखामा यो वर्ष दर्ता भएका बलात्कारसम्बन्धी कुनै पनि मुद्दाको फैसला भएको छैन।

सात र नौ वर्षीया दुई बालिकालाई भुम्लिचोक गाविस-७ का १८ वर्षीय सुदीप थापाले बलात्कार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा साउन ९ गते उजुरी दिए। आरोपितले नौ वर्षीया बालिकालाई साउन ७ गते र सात वर्षीया बालिकालाई साउन ८ गते फकाएर बलात्कार गरेको पीडित बालिकाका आफन्तले प्रहरीमा दिएको उजुरीमा उल्लेख छ। आरोपितलाई साउन १० गते प्रहरीले गिरफ्तार गरी उनीविरुद्ध जबरजस्ती करणी मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतको भदौ २३ गते आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। दुवै पीडितको साउन ९ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ४३ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिटका ११ ओटा, खानलाउन नदिएको नौ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको सात ओटा, अर्को श्रीमती ल्याएर हेला गरेकोमा २३ ओटा उजुरी छन् भने बाँकी सामान्य झैझगडाका ९३ ओटा उजुरी दर्ता भए। ती घटनामध्ये प्रहरीबाट ७५ घटनामा मिलापत्र गराइएको र ३९ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको र २९ वटा निवेदन उपर कारबाही बाँकी रहेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो यसवर्ष गोरखामा तीन जना महिला बलात्कृत भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा तीन जना पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	३	३
बहुविवाह	६	६
घरेलु हिंसा	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	**१२**	**१२**

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२४ वर्षीया एक महिलालाई गाईखुर गाविस-४ का २२ वर्षीय पदमबहादुर परियारले असार २८ गते बलात्कार गरेको भन्दै पीडितले असार २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। माईती गएर घर फर्कंदै गर्दा सोही गाविसस्थित साथीको घरमा बसेको अवस्थामा आरोपित पदमबहादुरले बलात्कार गरेको पीडितले उजुरीमा उल्लेख गरेकी छन्। आरोपितलाई प्रहरीले असार २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको साउन ४ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडित महिलाको जिल्ला अस्पतालमा असार २९ गते स्वास्थ्य परीक्षण भएको थियो।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

सन् २०१३ मा यस जिल्लामा कथित बोक्सीको आरोपमा महिलामाथि दुर्व्यवहार भएका घटना सार्वजनिक भएका थिएनन्। सन् २०१४ मा एक जना

महिलामाथि कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार भयो। गाँखु गाविस -६ की ६३ वर्षीया टीकाकुमारी परियारलाई ०७१ जेठ ३० गते गाँखु गाविस -६ का ४० वर्षीय खिलबहादुर परियारले बोक्सीको आरोप लगाउँदै गाली बेइज्जती गरेको आरोपमा असार १ गते प्रहरीले गिरफ्तार गऱ्यो। टीकाकुमारीले असार २ गते आरोपितविरुद्ध किटानी जाहेरी दिएकी थिइन्। आरोपित जिल्ला प्रशासन कार्यालयमा पाँच हजार रुपियाँ धरौटीमा राखी रिहा भए।

परिवारजनबाट हत्या

सन् २०१३ मा दुई जना महिलाको परिवारजनबाट हत्या भएकोमा यस वर्ष पनि परिवारजनबाट दुई जना महिलाको हत्या भयो। हत्याको आरोपमा गिरफ्तार भएका एकजना पुर्पक्षका लागि थुनामा रहेका छन् भने अर्का एकजना यो वर्षको अन्त्यसम्म प्रहरी हिरासतमै छन्।

छोप्राक गाविस-७ बगलीगाँउकी २२ वर्षीया सुनीता भुजेललाई ०७१ पुस ६ गते घरायसी विवादमा पति ३५ वर्षीय चेतबहादुर भुजेलले बन्चरो र खुर्पा प्रहार हत्या गरे। घटना भएलगत्तै प्रहरीले आरोपितलाई गिरफ्तार गरेकोमा यो वर्षको अन्त्यसम्म अनुसन्धानका लागि आरोपित हिरासतमा छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा अस्पताल २४ ओटा स्वास्थ्य चौकी, र ४२ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा १२ जना डाक्टरको दरबन्दी भएकोमा चार जना कार्यरत रहेको र आठ ओटा पद रिक्त रहेका छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी ९७ रहेकोमा ७६ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १२ करोड ४७ लाख ९८ हजार र औषधी खर्चवापतको रकम २९ लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो।

३.३ लमजुङ

जिल्ला सदरमुकामः वेशीसहर
क्षेत्रफल (वर्ग कि. मि.): १,६९२
घरधुरी सङ्ख्याः ४२,०७९
जम्मा जनसङ्ख्याः १,६७,७२४
पुरुषः ७५,९१३
महिलाः ९१,८११
अपाङ्ग सङ्ख्याः ४,७४५
गाविस/नपा सङ्ख्याः ६१/०
पुरुष साक्षरता सङ्ख्याः ५५,९९४
महिला साक्षरता सङ्ख्याः ५७,०४८
हिन्दू धर्मावलम्बी प्रतिशतः ६३.९८
बौद्ध धर्मावलम्बी प्रतिशतः १७.०४
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.५६
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.७९
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०४
वोन धर्मावलम्बी प्रतिशतः ०.०४
अन्य धर्मावलम्बी प्रतिशतः ०.४३५
प्रतिपरिवार सरदर सङ्ख्याः ३.९९

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १० महिला र १५ पुरुष गरी २५ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १० महिला र चार पुरुष गरी १४ जना पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालअधिकार उल्लङ्घनमा तीन जना पीडित भए भने तीन जना बालिकामाथि यौन दुर्व्यवहार भयो। सन् २०१३ मा पाँच जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			३		३
महिलाअधिकार			४		४
भेला/सङ्गठित हुने अधिकार	१	१			
कुटपिट	१	१		१	१
हत्या			३	२	५
जम्मा	२	२	१०	४	१४

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६८ जना कैदी र कैद नतोकिएका नौ जना थुनुवा गरी जम्मा ७७ जना बन्दीहरू रहेका छन्। क्षमता भन्दा तीन गुणा कैदी बन्दी हुँदा कारागारमा खानेपानी र शौचालयको समस्या रहेको कारागार प्रशासनले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

लमजुङ जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ३९ थान र फौजदारी मुद्दा ३३ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ८७ प्राथमिक, ४४ निम्न माध्यमिक र ८८ माध्यमिक विद्यालयहरू रहेका छन्। २ हजार ३ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका २४ हजार बालक र २५ हजार ४ सय ३० बालिका रहेकोमा यो वर्षमा २३ हजार १ सय ७ जना बालक र २४ हजार ६२ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। यस जिल्लाका ५ हजार ५ सय ३० दलित बालक र ४ हजार ९ सय ७५ बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ। जिल्ला शिक्षा कार्यालयको प्रशासनिक खर्च ७० लाख ५० हजार रहेको जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ। लमजुङ जिल्लामा साक्षरता ७७.३७ प्रतिशत रहेको छ। जसमध्ये पुरुष ८५.३७ र महिला ७०.३२ प्रतिशत साक्षर रहेका जिल्ला शिक्षा कार्यलयको तथ्याङ्कमा उल्लेख छ। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
यौन दुर्व्यवहार	३	३
जम्मा	३	३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यबहार

१३ वर्षीया एक बालिकालाई ०७१ जेठ १७ गते १५ वर्षीय बालकले बलात्कार प्रयास गरेको भन्दै बालिकाकी आमाले जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बलात्कार प्रयासका आरोपित बालकलाई प्रहरीले जेठ १७ गते गिरफ्तार गरी जबरजस्ती करणी प्रयासमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश दीपकराज पन्तको असार १६ गतेको इजलासले बालकलाई दोषी ठहर गर्दै एक महिनाका लागि बालसुधारगृहमा पठाउने आदेश गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ७० जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २३ जना, खानलाउन नदिएको १७ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको तीन जना अर्को पत्नी ल्याएर हेला गरेकोमा तीन जना, मार्ने धम्की दिइएकोमा २४ जनाले पीडित भएको भनी उजुरी दर्ता गराएका थिए। चार ओटा घटनालाई कानुनी कारबाहीका लागि अगाडि बढाएको र बाँकी ६६ घटनामा मिलापत्र भएको प्रहरीले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
घरेलु हिंसा	४	४
जम्मा	४	४

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल २० ओटा स्वास्थ्य चौकी, र ३८ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा तीन जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष तीन जना

डाक्टको दरबन्दी रिक्त रह्यो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी १ सय १२ जना रहेकोमा ७० जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १२ करोड ४१ लाख १४ हजार र औषधी खर्चबापतको रकम २० लाख रुपियाँ रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि पनि पोखरा वा काठमाडौँ जानुपर्ने बाध्यता बिरामीहरूमा रह्यो।

३.४ स्याङ्जा



जिल्ला सदरमुकामः पुतलीबजार
क्षेत्रफल (वर्ग कि. मि.): १,१६४
घरधुरी सङ्ख्याः ६८,८८१
जम्मा जनसङ्ख्याः २,८९,१४८
पुरुषः १,२५,८३३
महिलाः १,६३,३१५
अपाङ्ग सङ्ख्याः ४,४५१
गाविस/नपा सङ्ख्याः ६०/२
पुरुष साक्षरता सङ्ख्याः ९९,३५८
महिला साक्षरता सङ्ख्याः १,०७,९९९
हिन्दू धर्मावलम्बी प्रतिशतः ९०.२१
बौद्ध धर्मावलम्बी प्रतिशतः ७.४४
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.६८
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.२
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
वोन धर्मावलम्बी प्रतिशतः १.२९
अन्य धर्मावलम्बी प्रतिशतः ०.१५९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.२०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २५ महिला र १५ पुरुष गरी ३० जना पीडित भएका थिए भने सन् २०१४ मा २४ जना महिला पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनामा दुई जना महिला र पाँच जना पुरुष गरी सात जना पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका मात्रै पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ। गैरराज्य पक्षबाट सन् २०१३ मा एक जना महिलाको हत्या भएको थियो भने यो वर्ष पनि परिवारजनबाट एक जना महिलाको हत्या भयो। यस वर्ष बलात्कारको घटनामा दुई जना महिला र ६ जना बालबालिका पीडित भए। सन् २०१३ मा ६ जना महिला र पाँचजना बालिका बलात्कृत भएका थिए। सन् २०१४ मा बालअधिकार उल्लङ्घनमा सात जना पीडित भए, जसमध्ये ६ जना बालिकामाथि बलात्कार, एकजना बालिकामाथि यौनदुर्व्यवहार भएको इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा पाँच जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट	
	महिला	पुरुष	जम्मा	महिला	जम्मा
घाइते	२	५	७		
बालअधिकार				७	७
महिलाअधिकार				१४	१४
हत्या				१	१
जम्मा	**२**	**५**	**७**	**२२**	**२२**

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६७ जना कैदी र कैद नतोकिएका ३० जना बन्दी गरी जम्मा ९७ जना कैदी तथा बन्दीहरू रहेका छन्। जसमा ८९ जना पुरुष र आठ जना महिला छन्। कारागारमा क्षमता भन्दी बढी बन्दीहरू भएकोले व्यवस्थापनमा समस्या देखिएको कारागार प्रशासनले जनायो। कारागारमा आश्रित बालबालिका छैनन्। कारगारामा खेलकुद सामग्री, पुस्तकालयलगायतका सुविधा उपलब्ध छन्।

अभिव्यक्ति भेला हुने र सङ्गठित हुने अधिकार

ठूलाडिही गाविसस्थित जनता उच्च माविमा प्रधानाध्यापक नियुक्तिमा राजनीति भएको भन्दै नेपाल राष्ट्रिय शिक्षक सङ्गठन तथा अभिभावकहरू ०७१ भदौ ३१ गते जिल्ला शिक्षा कार्यालयमा ज्ञापनपत्र बुझाउन जाने क्रममा प्रहरीसँग झडप भयो। झडपमा शिक्षकहरू सीमा क्षेत्री, लोकराज खनाल, रवि केसी, नवीन आले र प्रहरीतर्फ रवीन्द्र यादव ,मीनबहादुर कार्की र हेमन्तराज दवाडी घाइते भए। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। प्रदर्शनका क्रममा प्रहरीले ३० जना शिक्षकलाई गिरफ्तार गरेकोमा सोही साँझ रिहा गरेको थियो। प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गा प्रहार गरेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले लाठीचार्ज, अश्रुग्याँस प्रहार तथा हवाइफायरसमेत गरेको थियो। डीएसपी बुद्धिराज गुरुङले जिल्ला शिक्षा अधिकारीको कार्यकक्षमा जबरजस्ती प्रदर्शनकारी प्रवेश गर्न खोजेपछि प्रहरीले बल प्रयोग गर्नुपरेको बताए। घटनाको इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र राष्ट्रिय मानवअधिकार आयोग, पोखराले असोज १ गते स्थलगत अनुगमन गरेका थिए। प्रदर्शनकारीमाथि प्रहरीले आवश्यक भन्दा बढी बल प्रयोग गरेको अनुगमन टोलीको निष्कर्ष थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

स्याङ्जा जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ५० थान र फौजदारी मुद्दा ९१ थान रहेका छन्। यस अदालतमा दुई वर्षभन्दा पुराना देवानी मुद्दा दुई थान र फौजदारी मुद्दा एक थान फैसला हुन बाँकी रहेको छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७४ प्राथमिक, ६६ निम्न माध्यमिक र ८५ माध्यमिक विद्यालयहरू छन्। २ हजार ५ सय ९९ शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ४५ हजार ५ सय ५७ बालक र ४६ हजार ४ सय ८१ बालिका रहेका छन्। यो वर्ष ३ हजार ८ सय ५३ जना बालक र ३ हजार ७ सय ९८ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा रहेका सबै विद्यालयमा शौचलाय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। यस जिल्लाका ८ हजार ५ सय २५ दलित बालक र ९ हजार ५६ दलित बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ। जिल्ला शिक्षाको प्रशासनिक खर्च विवरण जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराएन। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

प्रधानाध्यापक नियुक्तिमा राजनीति भएको विरोधमा जिल्ला शिक्षा कार्यालयमा ज्ञापनपत्र बुझाउने क्रममा प्रहरी र शिक्षकहरूबीचको झडपमा घाइते भएका शिक्षक लोकराज खनाल

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	६	६
यौन दुर्व्यवहार	१	१
जम्मा	७	७

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यबहार

यो वर्ष १० वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गर्‍यो । घटनाका आरोपितहरू १२ वर्षीय बालकसमेत रहेका थिए। बालिका बलात्कार घटनाका चार जना आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार रहे।

एक १३ वर्षीया बालिकालाई ०७० चैत २ गते बिर्घा गाविस-३ का २२ वर्षीय कृष्ण पाण्डेले बलात्कार गरेको भन्दै पीडितका आफन्तले चैत ७ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिए। बालिकाको चैत ७ गते वालिङ स्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण भयो। आरोपित फरार भएको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित

भएको भन्दै ७५ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला तथा खानलाउन नदिएको ६१, अर्को श्रीमती ल्याएर हेला गरेको चार, मार्ने धम्की दिइएकोमा १० उजुरी परेका थिए र ती घटनामध्ये प्रहरीले ५४ उजुरीमा मिलापत्र गराएको, १५ घटनाका पीडित सम्पर्कमा नआएको र ६ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

यो वर्ष बलात्कारका घटनामा दई जना महिला पीडित भएकोमा त्यसमध्ये एकजना ७२ वर्षीया अपाङ्ग महिला पीडित भइन्। यसैगरी फरक दुई घटनामा दुई जना बृद्धा महिलामाथि बलात्कार प्रयास भयो। प्रहरीले घटनामा संलग्न सबै आरोपितलाई गिरफ्तार गरी कानुनी कारबाही अगाडि बढायो।

७२ वर्षीया एक वृद्ध अपाङ्ग महिलाई ०७१ भदौ २२ गते बलात्कार गरेको आरोपमा फेदीखोला गाविस-९ का ३५ वर्षीय राजु गुरुङलाई प्रहरीले भदौ २३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले असोज १८ गते १८ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेशमा दिएकोमा आरोपित धरौटी तिर्न नसकी हालसम्म थुनामा छन्। पीडितको भदौ २३ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
बलात्कारको प्रयास	४	४
बहुविवाह	३	३
घरेलु हिंसा	५	५
जम्मा	**१४**	**१४**

परिवारजनबाट हत्या गरेको आरोप

पुतलीबजार नपा-१ की २१ वर्षीया कल्पना कुँवर गुरुङको घरपरिवारका सदस्यले जेठ ३ गते हत्या गरेको आरोपमा ससुरा ५० वर्षीय गणेश गुरुङ, सासू ४७ वर्षीया बालकुमारी गुरुङ र मृतकका ज्वाँइ २५ वर्षीय प्रदीप गुरुङ र छिमेकी ४० वर्षीया सुकमाया गुरुङविरुद्ध जेठ ९ गते पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। माइतीपक्षले अन्तरजातीय विवाह गरेकी मृतकका पति वैदेशिक रोजगारीमा गएपछि घरपरिवारले राम्रो व्यवहार नगरेको र खान, लाउन नदिएर हत्या गरेको प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा जिल्ला अदालतका न्यायाधीश चिन्तामणि बरालको इजलासले असार १० गते गरेको आदेशबमोजिम ससुरा ५० वर्षीय गणेश गुरुङ र छिमेकी ४० वर्षीया सुकमाया गुरुङ पुर्पक्षका लागि थुनामा छन् भने सासू ४७ वर्षीया बालकुमारी गुरुङ र मृतकका ज्वाइँ २५ वर्षीय प्रदीप गुरुङ जनही १५/१५ हजार रुपियाँ धरौटीमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, २६ ओटा स्वास्थ्य चौकी, र ३९ ओटा उपस्वास्थ्यचौकी छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा पाँच जना डाक्टरको दरबन्दी भएकोमा सबै जना कार्यरत छन्। अनमीको दरबन्दी १ सय २५ जना रहेकोमा ८६ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट ७ करोड ८२ लाख २९ हजार र औषधी खर्चवापतको रकम २८ लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो।

३.५ कास्की

जिल्ला सदरमुकामः पोखरा
क्षेत्रफल (वर्ग कि. मि.): २,०१७
घरधुरी सङ्ख्याः १,२५,६७३
जम्मा जनसङ्ख्याः ४,९२,०९८
पुरुषः २,३६,३८५
महिलाः २,५५,७१३
अपाङ्ग सङ्ख्याः ९,२१९
गाविस/नपा सङ्ख्याः ४३/२
पुरुष साक्षरता सङ्ख्याः १,९८,१९९
महिला साक्षरता सङ्ख्याः १,८३,६१८
हिन्दू धर्मावलम्बी प्रतिशतः ८२.३३
बौद्ध धर्मावलम्बी प्रतिशतः १३.४७
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.९
किराँत धर्मावलम्बी प्रतिशतः ०.०९
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः २.१४
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१३
वोन धर्मावलम्बी प्रतिशतः ०.५९
वहई धर्मावलम्बी प्रतिशतः ०.०१
शिख धर्मावलम्बी प्रतिशतः ०.००२
अन्य धर्मावलम्बी प्रतिशतः ०.३४
प्रतिपरिवार सरदर सङ्ख्याः ३.९२

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ८३ जना महिला र ९१ जना पुरुष गरी १ सय ७४ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट २ सय १ महिला र १३ जना पुरुष गरी २ सय १४ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका घटनामा २० जना पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ। गैरराज्य पक्षबाट यस वर्ष चार जना महिलाको हत्या भयो। सन् २०१३ मा गैरराज्य पक्षबाट ६ जनाको हत्या भएकोमा यो वर्ष पनि ६ जनाकै हत्या इन्सेकले अभिलेख गऱ्यो। सन् २०१४ मा जातीय विभेदको घटनामा एक जना , कथित बोक्सीको आरोपमा एक जना, बलात्कारको घटनामा १० जना र बलात्कार प्रयासका घटनामा चार जना महिला पीडित भए। बालअधिकार उल्लङ्घनमा ४७ जना पीडित भए, जसमध्ये २३ जना बालिका बलात्कार, नौजना बालिका र दुई जना बालकमाथि यौनदुर्व्यवहार र एक बालक र एक बालिकालाई विद्यालयमा शारीरिक सजाय दिइएको इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा यस्तै घटनामा ९१ बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		५	५	१	३	४
बालअधिकार				४४	३	४७
महिलाअधिकार				१५०		१५०
भेला/सङ्गठित हुने अधिकार	३	१२	१५			
जातीय विभेद				१		१
धम्की				१	५	६
हत्या				४	२	६
जम्मा	३	१७	२०	२०१	१३	२१४

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ६० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ३ सय ६ जना कैदी र कैद नतोकिएको २ सय ४० जना थुनुवा गरी जम्मा ५ सय ४६ जना कैदी बन्दीहरू रहेका छन्। जसमध्ये ४ सय ८७ पुरुष र ५९ जना महिला रहेका छन्। कारागारमा दुई बालिका र दुई बालक आश्रित रहेका छन्। उनीहरू दुई वर्षदेखि ३ वर्षसम्मको उमेरका छन्।

झडप

पोखरा उमनपा-१८ मा निर्माणाधीन विमानस्थलको मुआब्जाको विषयमा स्थानीयबासी र प्रहरीबीच पुस ३ गते झडप हुँदा स्थानीयबासी १० जना र तीन जना प्रहरी घाइते भए। उचित मुआब्जाको माग गर्दै पोखरा उमनपा-१८ छिनेडाँडास्थित नेपाल नागरिक उड्ययन प्राधिकरणमा तालाबन्दी गर्न गएका स्थानीय जग्गाधनी र प्रहरीबीच झडप भएको थियो। झडपमा स्थानीयबासी भीमसेन थापा, विष्णुबहादुर खत्रीलगायत १० जना र प्रहरीतर्फ, सइ कृष्ण रानाभाट, प्रहरी जवान मनबहादुर दराई र महिला प्रहरी जवान सम्झना ढकाल घाइते भएका थिए। घाइतेहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र मणिपाल अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

कास्की जिल्लामा जिल्ला अदालत र पुनरावेदन गरी दुई ओटा अदालत रहेका छन्। जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेकोमा तीन जना नै कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ५ सय ४३ थान र फौजदारी मुद्दा ६ सय १० थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा १९ थान र फौजदारी मुद्दा १५ थान रहेको छ। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ४ सय हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ।

यसैगरी, आठ जना न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा ६ जना न्यायाधीशहरू कार्यरत रहेका छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २ सय ४० र फौजदारी मुद्दा ४ सय ५६ थान रहेका छन्। ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ५७ र फौजदारी मुद्दा ३३ रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश २ सय हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ। बालिका बलात्कारका २३ मुद्दामध्ये दुई मुद्दाका आरोपितलाई अदालतले प्रमाण नपुगेको भनी सफाइ दियो भने ६ मुद्दा फैसला भइ अभियुक्तहरू सजाय भुक्तान गरिरहेका छन् भने दुई थान १५ मुद्दाको फैसला हुन बाँकी रहेको छ। अदालतले बलात्कारका आरोपितलाई अधिकतम नौ वर्ष कैद र पीडितलाई एक लाख रुपियाँसम्म क्षतिपूर्ति पीडितलाई तिराउने आदेश गरेको देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ७९ प्राथमिक, ७५ निम्न माध्यमिक र १ सय ५९ माध्यमिक विद्यालयहरू रहेका छन्। २ हजार ३ सय ८४ जना शिक्षकको दरबन्दी रहेकोमा दुई हजार ३ सय ८४ जना कार्यरत छन् भने ९० जना शिक्षकको दरबन्दी रिक्त रहेको छ। जिल्ला शिक्षा कार्यालयकाअनुसार विद्यालय जाने उमेरका ६० हजार ७ सय ७८ बालक र ५७ हजार ११ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा ५७ ओटा अपाङ्गमैत्री विद्यालय भएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको छ। जिल्ला शिक्षा कार्यालयले ९ हजार ६ सय ९३ दलित बालक र ८ हजार ७ सय ५४ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरिरहेको जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम	१		१
बालबालिका ओसारपसार	१०		१०
बलात्कार	२३		२३
विद्यालयमा शारीरिक सजाय	१	१	२
यौन दुर्व्यवहार	९	२	११
जम्मा	४४	३	४७

हत्या

रिभान गाविस-४ की पाँच वर्षीया बालिका मञ्जिला विकलाई काका २९ वर्षीय मनबहादुर विकले साउन २९ गते हत्या गरे। आरोपित विकले पाँच वर्षीया भतिजीलाई विद्यालयबाट फर्कँदै गरेको बेला टाउकोमा प्रहार गरी हत्या गरेको भन्दै बालिकाका बाबु वैशबहादुर विकले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला अदालतको भदौ १९ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास ,यौनदुर्व्यवहार

यो वर्ष नौ वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो । घटनाका आरोपितहरू १६ वर्ष देखि ५६ वर्ष उमेरसम्मका रहेको पाइयो। बलात्कार घटनामा

नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो। आफ्ना छोरीलाई बलात्कार गर्ने दुई जना बाबुसमेत रहेका छन्। जिल्ला अदालत कास्कीले बलात्कारको घटनाका आरोपितहरूलाई नौ वर्षसम्मको कैद हुने फैसला गऱ्यो।

१० वर्षीया छोरीलाई साउन १३ गते बलात्कार र चार वर्षीया छोरीलाई ०७१ साउन १५ गते यौन दुर्व्यवहार गरेको आरोपमा ३२ वर्षीय बाबुविरुद्ध पीडितहरूकी आमाले साउन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितले घरमा कोही नभएको मौका पारी बलात्कार तथा यौन दुर्व्यवहार गरेको जाहेरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले साउन १८ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको भदौ ११ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। बालिकाको साउन १८ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

१४ वर्षीया बालिकालाई ०७१ असोज २७ गते बलात्कार गरेको आरोपमा ४७ वर्षीय बाबुविरुद्ध पीडितकी आमाले असोज २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनामा संलग्न आरोपितलाई प्रहरीले असोज २९ गते नै गिरफ्तार गरेकोमा जिल्ला अदालतको कात्तिक १८ गतेको आदेश बमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडितको असोज २९ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

मानवबेचविखन तथा ओसारपसार

यस वर्ष १२ महिला तथा १० जनाबालबालिका बेचबिखनका घटनाबाट पीडित भए।

१३ वर्षीया एक बालिकालाई दाङ जिल्ला बाराकोटी गाविस-७ की १८ वर्षीय सञ्जिता सुनार, सोही ठाउँकी १८ वर्षीया सुस्मा चौधरी र पोखरा उमनपा-९ की १८ वर्षीया किस्मिता नेपालीले जागिर लगाइदिने र विदेशमा पढाइ दिने प्रलोभनमा पारी पोखराबाट पाल्पा हुँदै ०७१ वैशाख ३ गते सुनौली पुऱ्याई होटलमा राखेकोमा वैशाख ४ गते सुनौली सीमा पार गर्न लाग्दा प्रहरीले उद्धार गऱ्यो। घटनाका आरोपित तीनजनालाई प्रहरीले वैशाख ७ गते गिरफ्तार गरी मानववेचविखन तथा ओसारपसार मुद्दा चलाएकोमा जिल्ला अदालतका न्यायाधीश रामप्रसाद ओलीको एकल इजलासले जेठ ५ गते गरेको आदेशबमोजिम आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

१७ वर्षीया एक बालिकालाई चितवन जिल्ला गुञ्जनगर गाविस-६ भर सार्दीखोला गाविस-१ बस्ने ३९ वर्षीय रामप्रसाद गुरुङले बेचविखन गरेको आरोपमा पीडितका बाबुले जिल्ला प्रहरी कार्यालयमा साउन १ गते उजुरी दिए। आरोपित गुरुङले बालिकालाई ०७१ असार २७ गते विवाहको नाटक गरी घरमा नलगी काठमाण्डौ लगेर बन्धक बनाई भारत लैजान खोजेको भन्दै कारबाहीको माग गर्दै पीडितका बाबुले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। घटनापछि फरार आरोपितलाई प्रहरीले साउन १ गते गिरफ्तार गरी मानव बेचविखन तथा ओसारपसार मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालत साउन २८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दूर्व्यवहार

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३ सय ४१ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय १८, खानलाउन नदिएको ६२, विवाह दर्ता तथा नागरिकता नबनाएको ५७, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ४५ उजुरी छन् भने बाँकी सामान्य झैझगडाका उजुरी दर्ता भए। ती उजुरीमध्ये प्रहरीबाट ३ सय १५ उजुरीमा मिलापत्र गराइएको र २६ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो। यसवर्ष कास्कीमा १० जना महिला माथि

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	१०	१०
बलात्कारको प्रयास	४	४
बहुविवाह	१९	१९
महिला बेचबिखन	१२	१२
घरेलु हिंसा	१०४	१०४
जम्मा	१५०	१५०

बलात्कार तथा चार जना महिला माथि बलात्कारको प्रयास भयो। एक जना महिलाको बलात्कारपछि हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारपछि हत्या

भरतपोखरी गाविस-३ की ३३ वर्षीया विष्णुमाया भुजेललाई सोही गाविस-६ का २२ वर्षीय यामबहादुर विकले असोज १ गते बलात्कार गरी हत्या गरेको भन्दै पीडितका आफन्तले असोज ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितले पीडित महिलालाई असोज १ गते भरतपोखरी गाविस-७ स्थित चिलाउनेको जङ्गलमा बलात्कारपछि हत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। पोखराबाट घर फर्कने क्रममा विकले बाटो पछ्याउँदै गएर पीडितलाई बलात्कार गरी पछ्यौराले घाँटी कसेर हत्या गरी फरार भएकोमा असोज ७ गते पोखराको पृथ्वीचोकबाट प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको कात्तिक २ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। शवको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा असोज ५ गते पोस्टमार्टम भयो।

परिवारजनबाट हत्या

ढिकुरपोखरी गाविस-१ बिन्दु केसीलाई पति ३३ वर्षीय विनोद केसीले ०७१ असार १३ गते राति दाउरा र हँसिया प्रहार गरेर हत्या गरेको भन्दै पीडितका आफन्तले असार १५ गते किटानी जाहेरी दिए। शवको १४ गते लासको मुचुल्का गरी पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पोस्टमार्टम भयो। पति विनोदले दिनहुँ मदिरा सेवन गरी पटक-पटक कुटपिट गरी शारीरिक र मानसिक यातना दिएको भन्दै पीडितले असार ११ गते जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा न्यायको लागि निवेदन दिएकी थिइन्। जिल्ला प्रहरी कार्यालयले आरोपितलाई असार १२ गते गिरफ्तार गरी हिरासतमा राखेकोमा आगामी दिनमा गलती सुधार्ने र झगडा नगर्ने सर्तसहित दुवैपक्षबीच मिलापत्र गराएर घर पठाएको थियो। पत्नी हत्या गरी फरार रहेका आरोपितलाई चितवनको दिव्यनगरबाट असार ३२ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले असोज २३ गते घटनामा दोषी ठहर गर्दै आरोपितलाई २० वर्ष कैदको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२१ वर्षीया एक महिलालाई पोखरा उमनपा-१३ अन्नपूर्ण टोलका २० वर्षीय बहुदल भन्ने लेखबहादुर गुरुङ र पोखरा उमनपा-१२ का २१ वर्षीय किरण श्रीष, २० वर्षीय नवीन गुरुङ २१ वर्षीय जसबहादुर गुरुङ, २० वर्षीय खुशीभाइ भन्ने सन्देश गुरुङ, गोरे भन्ने १९ वर्षीय ओमप्रकाश गुरुङ, पारस भन्ने २० वर्षीय रोशन गुरुङ र औडाह भन्ने २० वर्षीय सन्तोष गुरुङले जबरजस्ती नियन्त्रणमा लिएर काहुँ गाविस-२ कुसुण्डेस्थित कार्की डाँडामा पुऱ्याई भदौ १२ गते सामूहिक बलात्कार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिए। घटनामा संलग्न आरोपितमध्ये २० वर्षीय बहुदल भन्ने लेखबहादुर गुरुङ र २१ वर्षीय किरण श्रीषलाई प्रहरीले भदौ १२ गते नै गिरफ्तार गऱ्यो। गिरफ्तार भएका आरोपितहरू जिल्ला अदालतको आदेशमा असोज ५ गते पुर्पक्षका लागि थुनामा छन् भने अन्य आरोपितहरू फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो। महिलाको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भदौ १२ गते स्वास्थ्य परीक्षण भएको थियो।

सबै प्रकारका जातीय विभेद

बागलुङ जिल्ला घर भई पोखरा उमनपा-५ मा डेरा गरी बस्दै आएका २१ वर्षीय प्रवीण बोहोरा र पर्वत जिल्ला शिवालय गाविस कुश्मा निवासी १९ वर्षीया सनम रूचेललाई फागुन १५ गते पोखरा उमनपा-७ मासवारस्थित पुष्केश्वर शिव मन्दिरमा विवाह गर्न व्यवस्थापन पक्षले अवरोध गऱ्यो। उक्त मन्दिरमा विवाह गर्न अवरोध भएपछि पोखरा उमनपा-३ नदीपुरस्थित नारायणस्थान मन्दिरमा गएर उनीहरूले विवाह गरेका थिए। घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच फागुन १९ गते छलफल भएकोमा आरोपितले पीडित पक्षसँग गल्ती भएको भन्दै माफी मागेपछि मिलापत्र भएको प्रवीण बोहोराले बताए।

स्वास्थ्य सेवाको अवस्था

कास्की जिल्लामा एउटा अञ्चल अस्पताल २५ ओटा स्वास्थ्य चौकी, र २० ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा तीन जना डाक्टरको दरबन्दी भएकोमा तीनै जना कार्यरत रहेका

छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी चार जनाको रहेकोमा दुई जना कार्यरत रहेका छन्। अहेबको दरबन्दी ९६ जना रहेकोमा ७० जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जिल्लाको वार्षिक बजेट १६ करोड ७९ लाख ६१ हजार र औषधी खर्चवापतको रकम ७९ लाख रुपियाँ रहेको छ। स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नबस्ने जस्ता समस्या यस जिल्लामा देखिएनन्।

३.६ मनाङ



जिल्ला सदरमुकामः चामे
क्षेत्रफल (वर्ग कि. मि.): २,२४६
घरधुरी सङ्ख्याः १,४८०
जम्मा जनसङ्ख्याः ६,५३८
पुरुषः ३,६६१
महिलाः २,८७७
अपाङ्ग सङ्ख्याः २०४
गाविस/नपा सङ्ख्याः १३/०
पुरुष साक्षरता सङ्ख्याः २,५११
महिला साक्षरता सङ्ख्याः १,७४१
हिन्दू धर्मावलम्बी प्रतिशतः ३९.१९
बौद्ध धर्मावलम्बी प्रतिशतः ५५.१५
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०६
किराँत धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.४२
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.२१
वोन धर्मावलम्बी प्रतिशतः०.४७
शिख धर्मावलम्बी प्रतिशतः ०.०३
अन्य धर्मावलम्बी प्रतिशतः ३.४४१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४१

जेल र बन्दी

यस जिल्लामा श्रेणीविहीन कारागार रहेको छ। कारागारको आफ्नै जग्गा भए पनि हालसम्म आफ्नो भवन निर्माण नभएकोले जिल्ला शिक्षा कार्यालयको भवनलाई भाडामा लिएर प्रयोग गरिएको छ। जेल र बन्दी नभएको जिल्लाको रूपमा परिचित यस जिल्लामा ०६६ सालदेखि कारागार सञ्चालनमा आएको हो। कारागारमा कैद तोकिएका नौ जना पुरुष कैदीहरू र कैद नतोकिएका पाँच जना थुनुवा गरी जम्मा १४ जना कैदी बन्दी रहेका छन्। जिल्ला कारागारमा पत्रपत्रिका, पुस्तकको अभाव रहेको बन्दी सोनाम लामाले बताए। त्यस्तै दुर्गम हिमाली जिल्ला भएकोले महँगीका कारण कैदीले पाउने दैनिक ९० रुपियाँले बिहान बेलुकाको छाक टार्न मुस्किल परेको र लता कपडा भत्ता नियमित भएको अर्को कैदी अजय पुन:ले जानकारी दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

मनाङ जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी फौजदारी मुद्दा एक थान रहेको छ। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा फैसला बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा १७ प्राथमिक, आठ निम्न माध्यमिक र दुई माध्यमिक विद्यालयहरू रहेका छन्। १ सय ९६ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ३ सय ४९ बालक र ४ सय १९ बालिका रहेकोमा यो वर्ष सबै जना विद्यालयमा भर्ना भए। जिल्लामा एउटा आपाङ्गमैत्री विद्यालय भएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचलाय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्ला बाल कल्याण समिति र महिला तथा बालबालिका कार्यालयले विद्यालयहरूमा गठन भएका बाल क्लबहरूलाई जिल्ला बाल सञ्जाल कार्यालयमार्फत विद्यालय पोशाक स्वीटर केही थान र शैक्षिक सामाग्री वितरण गरेको पाइयो। जिल्ला शिक्षा कार्यालय मनाङले शिक्षा सम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गर्दै लगेको पाइयो। होटेल व्यवसायीहरूले बालश्रमिकको प्रयोग गरेको भए पनि बालबालिकालाई मजदुरको रूपमा नभई संरक्षण र शिक्षा दिने उद्देश्यले राखिएको उनीहरूले बताउने गरेका छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल १० ओटा स्वास्थ्य चौकी, र ३ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा दुई जना डाक्टरको दरबन्दी भए पनि यो वर्ष एक जना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी १५ जना रहेकोमा १२ जना कार्यरत रहेका छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि पनि पोखरा वा काठमाडौं जानुपर्ने बाध्यता बिरामीहरूमा रह्यो।

३.७ नवलपरासी



जिल्ला सदरमुकामः परासी
क्षेत्रफल (वर्ग कि. मि.): २,१६२
घरधुरी सङ्ख्याः १,२८,७९३
जम्मा जनसङ्ख्याः ६,४३,५०८
पुरुषः ३,०३,६७५
महिलाः ३,३९,८३३
अपाङ्ग सङ्ख्याः १०,८७३
गाविस/नपा सङ्ख्याः ७३/१
पुरुष साक्षरता सङ्ख्याः २,२५,११९
महिला साक्षरता सङ्ख्याः २,०२,९२६
हिन्दू धर्मावलम्बी प्रतिशतः ८८.१८
बौद्ध धर्मावलम्बी प्रतिशतः ३.०६
इस्लाम धर्मावलम्बी प्रतिशतः ३.७५
किराँत धर्मावलम्बी प्रतिशतः ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.७४
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०६
वोन धर्मावलम्बी प्रतिशतः ०.०७
अन्य धर्मावलम्बी प्रतिशतः ०.१३८
प्रतिपरिवार सरदर सङ्ख्याः ५.००

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ६१ जना महिला र ११ जना पुरुष गरी ७२ जना पीडित भएका थिए भने सन् २०१४ मा गैर राज्यपक्षबाट ६८ जना महिला र सात जना पुरुष गरी ७५ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनामा दुई जना पुरुष पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष तीन जना महिला र एक जना पुरुषको हत्या भयो। सन् २०१३ मा पाँच जना महिला र एक जना पुरुषको हत्या भएको थियो। यस वर्ष जातीय विभेदको घटनामा दुई जना महिला, कथित बोक्सीको आरोपमा एक जना, बलात्कारको घटनामा ६ जना महिला पीडित भए। बालअधिकार उल्लङ्घनमा २८ जना पीडित भए, जसमध्ये १७ जना बालिका बलात्कार, सातजना बालिकामाथि यौनदुर्व्यवहार, र दुई जना बालकलाई विद्यालयमा शारीरिक सजाय दिइएको इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ यी र यस्तै घटनामा २१ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				२	२
बालअधिकार			२६	२	२८
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार			२	१	३
महिलाअधिकार			३५		३५
जातीय विभेद			२		२
गिरफ्तारी/यातना	१	१			
कुटपिट	१	१			
धम्की				१	१
हत्या			३	१	४
जम्मा	२	२	६८	७	७५

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ६१ जना कैदी र कैद नतोकिएको ६२ जना थुनुवा गरी जम्मा १ सय २३ जना कैदी बन्दीहरू रहेका छन्। जसमा सात जना महिला र तीन वर्षीय एक आश्रित बालक रहेका छन्। राणाकालीन तबेलालाई सामान्य मर्मतपछि कारागारका रूपमा प्रयोग गरिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

नवलपरासी जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ६ सय १८ थान र फौजदारी मुद्दा ३ सय १६ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी छैनन् । मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ४ सय ७० हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ। अदालतमा दायर भएका बालिका बलात्कारसम्बन्धी १७ थान मुद्दामध्ये एक थान मुद्दाको मात्रै फैसला भयो। १६ थान मुद्दाको फैसला हुन बाँकी रहेको छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७३ प्राथमिक, १ सय ८५ निम्नमाध्यमिक र १ सय ३१ माध्यमिक विद्यालयहरू रहेका छन्। ३ हजार ४५ जना शिक्षकको दरबन्दी रहेकोमा २ हजार ९ सय १५ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लाको कुल साक्षरता प्रतिशत ९६.३९ रहेको छ। जसमा महिलाको साक्षरता ९४.४३ र पुरुषको साक्षरता ९८.३६ प्रतिशत रहेको छ। जिल्लामा आपाङ्गमैत्री विद्यालयको सङ्ख्या १५ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्ला शिक्षा कार्यालयले २१ हजार छ सय ४४ दलित बालक र ४६ हजार १ सय ६३ दलित बालिकालाई छात्रवृत्ति उपलब्ध गराएको जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका ओसारपसार	१		१
बलात्कार	१७		१७
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	८		८
जम्मा	२६	१	२८

बलात्कार, बलात्कार प्रयास र यौनदुर्व्यवहार

यो वर्ष सात वर्षदेखि १७ वर्ष उमेर समूहका बालिकामाथि भएका बलात्कार र बलात्कार प्रयासका घटनाहरू इन्सेकले अभिलेख गर्‍यो । घटनाका आरोपितहरू ७६ वर्ष उमेरसम्मका रहेको पाइयो । बलात्कार घटनामा नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो। बालिका बलात्कारको घटनाका आरोपित एक जना शिक्षकलाई प्रहरीले गिरफ्तार गर्‍यो।

नौ वर्षीया एक बालिकालाई कावासोती नपा-१२ घर भइ राजमन्दिर प्राविका शिक्षक ४१ वर्षीय इन्द्रप्रसाद पौडेलले ०७१ असोज २५ गते विद्यालयमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले कात्तिक २ गते इलाका प्रहरी कार्यालय, कावासोतीमा जाहेरी दिए। आरोपितलाई कातिक ३ गते प्रहरीले गिरफ्तार गरी जबरजस्ती करणी मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतको कात्तिक २६ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षको लागि थुनामा छन्। बालिकाको कातिक २ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यबहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ६६ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ९०, खानलाउन नदिएको ८५, विवाह दर्ता तथा नागरिकता नबनाएको ६४, अर्को श्रीमती ल्याएर हेला गरेकोमा १० र सामान्य झैझगडाका १७ उजुरी दर्ता भए। ती उजुरीमध्ये प्रहरीबाट १ सय ६१ ओटा उजुरीमा मिलापत्र गराइएको, ८४ ओटा उजुरीको अनुसन्धान जारी रहेको र २१ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो। यसवर्ष नवलपरासी जिल्लामा ६ जना महिला बलात्कृत भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा यो सङ्ख्या तीन मात्र थियो। यो वर्ष बृद्ध महिलामाथि बलात्कार प्रयास र अपाङ्ग महिलामाथि बलात्कार भएको पाइयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	६	६
बलात्कारको प्रयास	५	५
बहुविवाह	६	६
महिला बेचबिखन तथा ओसारपसार	७	७
घरेलु हिंसा	१०	१०
जम्मा	३५	३५

मानव बेचविखन तथा ओसारपसार

कपिलवस्तु जिल्लाकी १४ वर्षीया, कास्की जिल्लाकी १७ वर्षीया बालिकालाई रुपन्देही जिल्ला बुटवल नपा-१३ की १९ वर्षीया आशा परियार र उनका पति भारत महाराजगञ्ज घर बताउने गोलु भन्ने रञ्जित कुमार यादवले ०७१ भदौ १६ गते रोजगारी लगाइदिने भन्दै भारततर्फ विक्रीका लागि लैजादै गर्दा रामग्राम नपा-५ महेशपुर चोकबाट साना हात नामक संस्थाको पहलमा प्रहरीले उद्धार गर्‍यो। आरोपित आशालाई सोधपुछ गरी ०७१ भदौ १८ गते जिल्ला प्रहरीमा बुझाएकोमा आरोपित विरुद्ध ०७१ भदौ १९ गते पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितविरुद्ध मानववेचविखन मुद्दा दर्ता गरी अनुसन्धान गरेकामा ०७१ असोज ७ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा छन् भने अर्का आरोपित रञ्जीत हालसम्म फरार छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यबहार

६६ वर्षीया वृद्धालाई दाउन्नेदेवी गाविस- ४ कुकुरमाराका ३९ वर्षीय खिमबहादुर गुरुङले ०७१ असोज २४ गते घर नजिकै बलात्कार प्रयास गरेको भन्दै सोही दिन पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरेकोमा जिल्ला अदालतको ०७१ कात्तिक १७ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

बोल्न र सुन्न नसक्ने एक अशक्त महिलालाई देवचुली नपा-९ विशालटारका ५२ वर्षीय रुपबहादुर सुनारले ०७१ भदौ ७ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०७१ भदौ ८ गते इलाका प्रहरी कार्यालय, कावासोतीमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गर्‍यो। जिल्ला अदालतको भदौ ३१ गतेको आदेशमा अरोपित पुर्पक्षको लागि थुनामा छन्। पीडित महिलाको भदौ ८ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

परिवारजनबाट हत्याको आरोप

गैंडाकोट गाविस-५ निवासी २६ वर्षीया सुनीता अधिकारीलाई ०७० माघ १५ गते पति ३२ वर्षीय लिलाराज अधिकारी र सासू ५० वर्षीया चेतकुमारी अधिकारीले घरायसी विवादका क्रममा घरमै हत्या गरी झुण्ड्याएको भन्दै ०७० माघ १६ गते माइती पक्षले दुवै जनाविरूद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। आरोपिद्वयलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गरेकोमा न्यायाधीश विष्णुप्रसाद कोइरालाको इजालसले फागुन १४ गते गरेको आदेशबमोजिम आरोपित दुवैजना पुर्पक्षको लागि थुनामा छन्।

बेनिमणिपुर गाविस-७ घर भइ सोही गाविस-३ स्थित माइतीघरमा नौ महिनादेखि बस्दै आएकी ३५ वर्षीया लक्ष्मीसिंह ठकुरीलाई ०७० माघ १६ गते सामान्य विवादका क्रममा बाबु ५९ वर्षीय कृष्णप्रसाद सापकोटाले हत्या गरी घर नजिकैको खेतमा खाल्टो खनेर गाडेको भन्दै स्थानीयबासीले माघ १८ गते इलाका प्रहरी कार्यालय कावासोतीमा किटानी जाहेरी दिए। आरोपितद्वयलाई प्रहरीले माघ १९ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गरेकोमा न्यायाधीश विष्णुप्रसाद कोइरालाको इजालसले फागुन १४ गते गरेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार

नारायणी गाविस-२ भण्डारा निवासी केशव कुमाल, उमा अधिकारी र गोमा न्यौपानेको नाममा रहेको डेढ विगाहा जग्गामा लगाइको धान ०७१ कात्तिक १९ गते नेकपा- माओवादीसम्बद्ध किसान सङ्घ र सुकुम्वासी समस्या समाधान सङ्घर्ष समितिको टोलीले कब्जामा लियो। उक्त जग्गा विगत ६ वर्षदेखि गैरकानुनी रूपमा भुमाफियाले दर्ता गराएको र सो जग्गामा आफैँले धान रोपेर कब्जा गरेको किसान सङ्घका जिल्ला सचिव छविलाल खरेलले बताए।

स्वास्थ्य सेवाको अवस्था

नवलपरासी जिल्लामा एक अस्पताल, २९ ओटा

स्वास्थ्य चौकी र ४४ ओाटा उपस्वास्थ्य चौकी रहेका छन्। जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ९० लाख ८४ हजार रहेको छ। जसमध्ये औषधी खर्च ४० लाख रहेको जनस्वास्थ्य कार्यालयले जनायो। यस जिल्लामा १० जना डाक्टरको दरबन्दी रहेकोमा हाल १२ जना डाक्टर कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। १ सय ८५ जना अहेबको दरबन्दी रहेकोमा १ सय १५ जना कार्यरत रहेका छन्।

३.८ रुपन्देही



जिल्ला सदरमुकामः भैरहवा
क्षेत्रफल (वर्ग कि. मि.)ः १,३६०
घरधुरी सङ्ख्याः १,६३,९१६
जम्मा जनसङ्ख्याः ८,८०,१९६
पुरुषः ४,३२,१९३
महिलाः ४,४८,००३
अपाङ्ग सङ्ख्याः ९,८९०
गाविस/नपा सङ्ख्याः ६९/२
पुरुष साक्षरता सङ्ख्याः ३,१८,२०२
महिला साक्षरता सङ्ख्याः २,५८,६९७
हिन्दू धर्मावलम्बी प्रतिशतः ८६.२४
बौद्ध धर्मावलम्बी प्रतिशतः ४.६१
इस्लाम धर्मावलम्बी प्रतिशतः ८.२३
किराँत धर्मावलम्बी प्रतिशतः ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.६६
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०२
वोन धर्मावलम्बी प्रतिशतः०.०८
शिख धर्मावलम्बी प्रतिशतः ०.००
अन्य धर्मावलम्बी प्रतिशतः ०.१३
प्रतिपरिवार सरदर सङ्ख्याः ५.३७

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २६ जना महिला र ६ जना पुरुष गरी ३२ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ४९ जना महिला दुई जना पुरुष गरी ५१ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट एक जना पुरुष पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष एक जनाको हत्या भयो। अघिल्लो वर्ष चार जना महिलाको हत्या भएको थियो। यस वर्ष जातीय विभेदको घटनामा एक जना महिला, बलात्कारको घटनामा ६ जना महिला पीडित भए। बालअधिकार उल्लङ्घनमा २५ जना पीडित भए, जसमध्ये १० जना बालिका बलात्कार, चौध जना बालिकामाथि यौनदुर्व्यवहार भएको इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा ११ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			२५		२५
महिलाअधिकार			२३		२३
जातीय विभेद			१		१
कुटपिट				१	१
धम्की	१	१			
हत्या				१	१
जम्मा	**१**	**१**	**४९**	**२**	**५१**

जेल र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ५५ जना र कैद नतोकिएका १ सय २५ जना थुनुवा गरी जम्मा ३ सय ५९ जना पुरुष बन्दीहरू रहेका छन्। कारागारमा महिला र आश्रित बालबालिका बन्दी छैनन्। यस जिल्लाबाट महिला बन्दीलाई राख्नका लागि पाल्पा कारागार पठाउने गरिएको छ। यो कारागारको भवन जीर्ण भएको र

क्षमता भन्दा बढी बन्दीहरू रहेकाले व्यवस्थापनमा समस्या छ। कारागार सुधारका लागि माथिल्लो निकायमा पटक पटक आग्रह गरिए पनि सुधारका कार्य हुन सकेको छैनन्। सुत्न, बस्न र शौचालयको असुविधाको रहेको बन्दीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रुपन्देही जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई ओटा अदालत रहेका छन्। जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेकोमा पाँच जना नै कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गते सम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ७ सय ४६ थान र फौजदारी मुद्दा ४ सय ६ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा चार थान र फौजदारी मुद्दाको सङ्ख्या पाँच थान रहेको छ। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश २ सय ५० को हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ। बालिका बलात्कारका १० मुद्दामध्ये यस वर्ष कुनै पनि मुद्दा फैसला भएन।

यसैगरी, नौ जना न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा नौ जना न्यायाधीश नै कार्यरत रहेका छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ३ सय ५३ र फौजदारी मुद्दा ३ सय ५१ रहेका छन्। ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी दुई वर्ष पुरानो कुनै पनि देवानी र फौजदारी मुद्दा रहेनन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ८० को हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७२ प्राथमिक, १ सय १७ निम्न माध्यमिक र १ सय ८९ माध्यमिक विद्यालयहरू रहेका छन्। २ हजार ८ सय ८० जना शिक्षकको दरबन्दी रहेकोमा २ हजार ७ सय ४६ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका १ लाख ३५ हजार ७ सय बालक र १ लाख २९ हजार २ बालिका रहेका छन्। यो वर्ष ९७ हजार २ सय ८९ जना बालक र ९४ हजार ४ सय ११ जना बालिका विद्यालयमा भर्ना भए। जिल्लामा २ सय ३५ विद्यालय अपाङ्गमैत्री भएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचलाय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। यस जिल्लाका ११ हजार ६ सय १७ दलित बालक र ११ हजार ८ सय ९५ बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ। जिल्लाका ७७ विद्यालय बालमैत्री रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको पाइयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालश्रम	१	१
बलात्कार	१०	१०
यौन दुर्व्यवहार	१४	१४
जम्मा	२५	२५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष दुई वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गर्‍यो। बलात्कार घटनामा नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो। आफ्नो छोरीलाई बलात्कार गर्ने एक जना बाबुसमेत रहेका छन्। जिल्ला अदालत रुपन्देहीमा दर्ता भएका यस्ता मुद्दाको यस वर्ष फैसला भएनन्।

१२ वर्षीया एक बालिकालाई ०७० पुस १८ गते ४० वर्षीया बाबुले घरमै बन्धक बनाएर बलात्कार गरेको भन्दै बालिकाकी आमाले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिईन्। प्रहरीले आरोपितलाई उजुरी दिएकै दिन गिरफ्तार गर्‍यो। बालिकाको पुस १९ गते भैरहवास्थित भीम अस्पतालमा स्वास्थ्य परीक्षण भयो। न्यायाधीश बालचन्द्र शर्माको इजलासले चैत १६ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

छ वर्षीया एक बालिकालाई १७ वर्षीय बालकले ०७० माघ ६ गते घरनजिकै खोला किनारमा बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले इलाका प्रहरी कार्यालयमा माघ ७ गते उजुरी दिए। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गरी जबरजस्तीकरणी उद्योग मुद्दामा अनुसन्धान गरेकोमा न्यायाधीश बालचन्द्र शर्माको इजलासले माघ २३ गते आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

शारीरिक यातना

सिद्धार्थ नगर नपा- ६ भैरहवास्थित राजन रसाईलीको घरमा घरेलु कामदारका रूपमा राखिएकी

आठ वर्षीया एक बालिकालाई घर मालिकका परिवारले भदौ ७ गते कुटपिट गरी यातना दिएको भन्दै जिल्ला बालकल्याण समितिका तर्फबाट बालकल्याण अधिकृत राज्यलक्ष्मी गुप्ताले भदौ ८ गते प्रहरीमा उजुरी दिईन्। घरमा पालेको सुगा मरेको आरोपमा बालिकाको हातमा आइरनले पोलेको, घाँटी तथा शरीरका अन्य भागमासमेत कुटपिट तथा यातनाको दाग देखिएको प्रहरीले जनायो। बालिकाको भैरहवास्थित भीम अस्पतालमा उपचारपछि माइती नेपालको आश्रयस्थलमा राखियो। आरोपितद्वयलाई प्रहरीले भदौ ८ गते गिरफ्तार गरी अनुसन्धान गरेकोमा न्यायाधीश चन्द्रमणि ज्ञवालीको भदौ ३१ गतेको इजलासले गरेको आदेश बमोजिम आरोपितद्वय राजन र शिवु रसाइली जनही एक/एक लाख रुपियाँ धरौटीमा रिहा भए।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यबहार

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय २२ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गरे। जसमध्ये कुटपिट गरी घर निकाला गरेको ९२, खाना लाउन नदिएको ६० जना, विवाह दर्ता नगरेको,नागरिकता समेत नबनाइदिएको भन्दै २२ जना, अर्की पत्नी ल्याएर घरनिकाला गरेको भनी १६ जना र सामान्य झै-झगडाका ३२ उजुरी थिए जसमध्ये १ सय ८५ उजुरीमा मेलमिलाप गरिएको, १९ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको र १९ ओटा उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रले जनायो।

यस वर्ष रुपन्देहीमा ६ जना महिलामाथि बलात्कार भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा चार जना यसरी पीडित भएका थिए।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

७५ वर्षीया बेसहारा एक वृद्धालाई बुटवल नपाका रिक्सा चालक ३५ वर्षीय कुलबहादुर परियारले

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	६	६
बलात्कारको प्रयास	५	५
घरेलु हिंसा	१२	१२
जम्मा	२३	२३

०७१ असार १६ गते राति हातखुट्टा बाधेर बलात्कार गरेको भन्दै स्थानीयले प्रहरीमा मौखिक उजुरी दिए। बृद्धालाई बलात्कार गरी छाडेको अवस्थामा स्थानीयले असार १७ गते फेला पारेर प्रहरीलाई खबर गरेका थिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी जबरजस्ती करणी मुद्दामा अनुसन्धान गरेकोमा न्यायाधीश बालचन्द्र शर्माको इजलासको साउन ७ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा असार १७ गते स्वास्थ्य परीक्षण भयो।

सबैप्रकारका जातीय विभेद

मानमटेरिया गाविस-३ की ६२ वर्षीया अनारी हरिजनलाई सार्वजनिक धारा छोएको आरोपमा ०७१ असार ८ गते छिमेकी २५ वर्षीय विपत केवटले कुटपिट गरेको भन्दै असार १० गते जिल्लास्थित दलित अधिकारकर्मीले आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। मधुवनी गाविस र स्थानीयको जनश्रमदानमा निर्माण गरिएको सार्वजनिक धारामा पानी लिन गएका बेला हरिजनमाथि कुटपिट गरिएको पीडितले बताइन्। कुटपिटबाट घाइते हरिजनको भैरहवाको रानीगाउँस्थित युनिभर्सल मेडिकल कलेजमा उपचार भयो। आरोपितकी आमा ५५ वर्षीया फुला केवटलाई असार ९ गते प्रहरीले गिरफ्तार गरी मुद्दा दर्ता गरेकोमा न्यायाधीश बालचन्द्र शर्माको मङ्सिर ९ गतेको इजलासले पीडितलाई आरोपितबाट २५ हजार क्षतिपूर्ति भराउन र पाँच हजार जरिवाना गर्न आदेश गर्‍यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अञ्चल अस्पताल, दुई ओटा अस्पताल, २६ ओटा स्वास्थ्य चौकी, र ३८ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा पाँच जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष एक डाक्टरको दरबन्दी रिक्त रह्यो। दुई जना स्त्री रोग विशेषज्ञको दरबन्दी रहेको यस जिल्लामा एक जना मात्र कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट २३ करोड ५३ लाख ६० हजार र औषधी खर्चवापतको रकम १ करोड ८४ लाख १६ हजार ३३ रुपियाँ रहेको छ।

३.९ पाल्पा



जिल्ला सदरमुकामः तानसेन
क्षेत्रफल (वर्ग कि. मि.)ः १,३७३
घरधुरी सङ्ख्याः ५९,२९१
जम्मा जनसङ्ख्याः २,६१,१८०
पुरुषः १,१५,८४०
महिलाः १,४५,३४०
अपाङ्ग सङ्ख्याः ६,५३७
गाविस/नपा सङ्ख्याः ६५/१
पुरुष साक्षरता सङ्ख्याः ९०,२८१
महिला साक्षरता सङ्ख्याः ९६,३९७
हिन्दू धर्मावलम्बी प्रतिशतः ९०.५२
बौद्ध धर्मावलम्बी प्रतिशतः ७.८२
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.४७
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.८८
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१७
अन्य धर्मावलम्बी प्रतिशतः ०.१४६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४१

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५७ जना महिला र एक जना पुरुष गरी ५८ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ४६ जना महिला पीडित भए। अघिल्लो वर्ष झैँ यस वर्ष पनि राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भए भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष एक जना महिलाको हत्या भयो। अघिल्लो वर्ष पनि एक जनाको हत्या भएको थियो। यस वर्ष जातीय विभेदको घटनामा दुई जना महिला, बलात्कारको घटनामा तीन जना महिला पीडित भए। बालअधिकार उल्लङ्घनमा १४ जना पीडित भए, जसमध्ये नौ जना बालिका बलात्कार र तीन जना बालिका बेचबिखनको प्रयास र दुईजना बालिकामाथि यौनदुर्व्यवहार भएको इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा ४ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालअधिकार	१४	१४
अपहरण	१	१
महिलाअधिकार	२८	२८
जातीय विभेद	२	२
हत्या	१	१
जम्मा	४६	४६

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय २५ र कैद नतोकिएका २७ जना बन्दी गरी ७८ जना महिला र २ सय ७४ पुरुष सहितजम्मा ३ सय ६२ जना कैदी तथा बन्दी रहेका छन्। यसबाहेक कारागारमा सात जना आश्रित बालक र पाँच जना बालिका गरी जम्मा १२ जना बालबालिका रहेका छन्।

महिला बन्दीलाई ०७० फागुन १२ गतेदेखि नयाँ भवनमा सारिएको छ। जसका कारण महिला बन्दीहरूलाई सहज भएको छ। भवनहरू निकै जीर्ण भएकोले दलिनमा टेको लगाएर राखिएको छ। पुरुष बन्दी गृह निर्माणका लागि ठेक्का सम्झौता भएको चार वर्ष पूरा हुँदासम्म पनि भवन निर्माणका काम अगाडि बढ्न सकेको छैन। यसअघि महिला बन्दीहरू बस्दै आएका पुराना भवनहरू भत्काएर सोही ठाउँमा पुरुष बन्दीगृह बनाउने सहमति भएको चार वर्ष पूरा भइसक्दा पनि निर्माणको काम सुरु हुन सकेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पाल्पा जिल्ला अदालतमा एकजना

न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ४४ थान र फौजदारी मुद्दा ४९ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ७३ प्राथमिक, ९२ निम्न माध्यमिक र ६७ माध्यमिक विद्यालयहरू रहेका छन्। २ हजार ७ सय ६१ जना शिक्षकको दरबन्दी रहेकोमा हाल २ हजार ७ सय २७ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ४३ हजार ४ सय ८३ बालक र ४३ हजार १ सय १ सय १९ बालिका रहेका छन्। यस आर्थिक वर्षमा ४ हजार ४ सय २१ बालक र ४ हजार १ सय ४१ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा २ सय २ सय प्राथमिक, ६० निम्न माध्यमिक र ४५ माध्यमिक विद्यालयहरूमा शौचालय सुविधा रहेको छ। यस जिल्लाका ५ हजार १ सय ४८ दलित बालक र ५ हजार ५ सय ४४ बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका बेचबिखन	३	३
बलात्कार	९	९
यौन दुर्व्यवहार	२	२
जम्मा	१४	१४

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष नौ वर्षदेखि १७ वर्ष उमेर समूहका नौ जना बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनामा नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो। आफ्ना छोरीलाई बलात्कार गर्ने एकजना बाबुसमेत रहेका छन्। जिल्ला अदालत पाल्पाले बलात्कारको घटनाका आरोपितहरूलाई २० वर्षसम्मको कैद हुने फैसला गऱ्यो।

नौ वर्षीया एक बालिकालाई ०७० चैत १० गते ३५ वर्षीय बाबुले मादकपदार्थ सेवन गरी बलात्कार गरेको भन्दै पीडितकी आमाले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनामा संलग्न आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गरिरहेको प्रहरीले जनायो। बालिकाको चैत १२ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालतले जेठ १३ गते अरोपितलाई २० वर्ष कैद फैसला सुनायो।

एक १२ वर्षीया बालबालिकालाई ०७० माघ २७ गते बलात्कार गरेको भन्दै गाडाकोट गाविस-६ का ६० वर्षीय कृष्णलाल विकविरुद्ध पीडित परिवारले माघ २८ गते प्रहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतले जेठ २१ गते गरेको फैसलामा आरोपितलाई आठ वर्ष कैद र ७५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउन आदेश गऱ्यो। पीडितको माघ २८ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

महिलाविरुद्ध हुने सबैप्रकारका भेदभाव तथा दुर्व्यवहार

यसवर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ९३ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरि घरनिकाला गरेको ३०, शारीरिक तथा मानसिक यातना दिएको १०, खान लाउन नदिएको ४० ओटा, सहाराविहीन भएको तीन ओटा, अर्की श्रीमति ल्याएर हेला गरेको १० ओटा गरी ९३ ओटा उजुरी रहेका थिए। यीमध्ये ७५ ओटा घटनामा मिलापत्र भएको र यसमध्ये ३ जना महिलाको कोही पनि साहरा नभएकोले ओरेक सेवा केन्द्र बुटवलमा पठाएको छ। १५ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो। यस वर्ष पाल्पामा तीन जना महिला बलात्कृत भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा एक जना महिला यसरी पीडित भएकी थिइन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	१	१
बहुविवाह	३	३
घरेलु हिंसा	२१	२१
जम्मा	२८	२८

एक ४८ वर्षीया महिलालाई पालुङमैनादी गाविस-१ का ३५ वर्षीय ज्ञानबहादुर कुँवरले ०७१ साउन १६ गते बलात्कार गरेको भन्दै पीडितले भदौ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई उजुरी दिएकै दिन प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले असोज २८ गते आरोपितलाई ६ वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो। पीडितको भदौ १ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, २९ ओटा स्वास्थ्य चौकी, र ३३ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा आठ जना डाक्टरको दरबन्दी रहेकोमा तीन जना कार्यरत रहेका छन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी १ सय ३५ जनाको रहेकोमा १ सय २७ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १७ करोड ८१ लाख १८ हजार ९ सय ५८ र औषधी खर्चवापतको रकम ४० लाख ३९ हजार रहेको छ।

३.१० कपिलवस्तु



जिल्ला सदरमुकामः	तौलिहवा
क्षेत्रफल (वर्ग कि. मि.)ः	१,७३८
घरधुरी सङ्ख्याः	९१,३२१
जम्मा जनसङ्ख्याः	५,७१,९३६
पुरुषः	२,८५,५९९
महिलाः	२,८६,३३७
अपाङ्ग सङ्ख्याः	७,३३३
गाविस/नपा सङ्ख्याः	७७/१
पुरुष साक्षरता सङ्ख्याः	१,७३,५५१
महिला साक्षरता सङ्ख्याः	१,२४,११३
हिन्दू धर्मावलम्बी प्रतिशतः	८०.६२
बौद्ध धर्मावलम्बी प्रतिशतः	०.८७
इस्लाम धर्मावलम्बी प्रतिशतः	१८.१६
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः	०.१९
प्रकृति धर्मावलम्बी प्रतिशतः	०.०२
शिख धर्मावलम्बी प्रतिशतः	०.००४
अन्य धर्मावलम्बी प्रतिशतः	०.१३
प्रतिपरिवार सरदर सङ्ख्याः	६.२६

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५२ महिला र १९ पुरुष गरी ७१ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ६० जना महिला र नौ जना पुरुष गरी ६९ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएको मानवअधिकार उल्लङ्घनका घटनामा चार जना पुरुष पीडित भए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू

बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष दुई जना महिलाको हत्या भयो। अघिल्लो वर्ष पनि दुई जना महिलाको हत्या भएको थियो। जातीय विभेदको घटनामा तीन जना पुरुष, कथित बोक्सीको आरोपमा तीन जना, बलात्कार प्रयासको घटनामा एक जना महिला पीडित भए। यस वर्ष बालअधिकारका घटनामा १४ जना पीडित भए। जसमध्ये १० जना बालिका बलात्कार, दुई जना बालिकामाथि यौनदुर्व्यवहार र दुई जना बालिकालाई बेचबिखनको प्रयास भयो। सन् २०१३ मा १३ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१४		१४
अमानवीय व्यवहार				१	१
महिलाअधिकार			४४		४४
जातीय विभेद				३	३
गिरफ्तारी/यातना	४	४			
हत्या			२	५	७
जम्मा	४	४	६०	९	६९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यबाट

कपिलवस्तु नपा-१२ निवासी ८७ वर्षीय सूर्यमान बज्राचार्य (भिक्षु) ०७० माघ १२ गतेदेखि बेपत्ता भएकोमा हत्या गरी गाडिएको अवस्थामा ०७० माघ २६ गते उनको शव फेला पऱ्यो। २० वर्षदेखि बज्राचार्यको घरमा सुसारेको रूपमा बस्दै आएकी भिक्षु ५६ वर्षीया शान्ति लोनिया उनका छोराहरू दिनेश लोनिया, बद्री लोनिया र माधव लोनियासहित परिवारका सात जना सदस्यहरू मिलेर माघ १२ गते उनकै घरमै हत्या गरी तिलौराकोट गाविस-४ इँटाभट्टा नजिकै गाडेको अवस्थामा फेला पारी प्रहरीले शव उत्खनन गरेको थियो।

बाबु बेपत्ता भएपछि भिक्षुका छोराले माघ २४ गते खोजबिनका लागि जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका थिए। लोनियाका परिवारले माघ १२ गते दिउँसो भिक्षुकै घरमा डोरीले बाँधेर हत्या गरी तिलौराकोटस्थित इँटाभट्टा रहेको खाल्डोमा पुरेको आरोपितहरूले प्रहरीसँगको बयानमा स्वीकार गरेको प्रहरीले जनायो। जिल्ला अस्पताल तौलिहवामा पोस्टमार्टमपछि माघ २८ गते सदगत् भयो। हत्याको आरोपमा कपिलवस्तु नपा-१२ स्थित उनकै घरमा बस्ने शान्ति लोनिया छोराहरू दिनेश लोनिया ,बद्रि लोनिया र माधव लोनिया लगायत सात जनालाई ०७० माघ २६ गते नै प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अचुत भण्डारीको एकल इजलासले ०७० फागुन २७ गते शान्ति, माधव र बद्री लोनियालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो भने कान्छो छोरा दिनेश लोनियालाई ४ हजार रूपियाँ धरौटीमा र बुहारी र छोरी तारेखमा रिहा भए।

अज्ञातबाट

अज्ञात समूहको गोली प्रहारबाट घाइते शिवराज नपा-२ कृष्णनगरका ३८ वर्षीय कैशलवली मुसलमानको ०७१ असार ४ गते राति उपचारका क्रममा शिक्षण अस्पताल काठमाडौँमा मृत्यु भयो। स्थानीय एक पसलमा खाजा खाइरहेको बेला असार २ गते राति अज्ञात समूहले उनीमाथि गोली प्रहार गरेर भागेको थियो । दाहिने कोखमा गोली लागेर घाइते मुसलमानको भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचार हुन नसकेपछि थप उपचारका लागि असार ३ गते काठमाडौँस्थित शिक्षण अस्पतालमा लगिएको थियो। गोली प्रहार गर्नेको खोजी कार्य भइरहेको र यस अवधिसम्म गिरफ्तार नभएको प्रहरीले जनाएको छ।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ८५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको १ सय ३५ जना कैदी र कैद नतोकिएको ७६ जना थुनुवा गरी जम्मा २ सय ११ जना कैदी बन्दीहरू कारागारमा रहेका छन्। कारागारमा क्षमता भन्दा बढी कैदी बन्दीहरू रहेकाले कठिनाइ हुने गरेको कारागार प्रशासनले जनायो। राज्यले व्यवस्था गरेअनुरुप अन्य सेवा र सुविधा बन्दी तथा कैदीले पाएका छन्।

सुगम र निष्पक्ष न्याय

कपिलवस्तु जिल्ला अदालतमा पाँचजना

न्यायाधीशको दरबन्दी रहेकोमा पाँचै जना कार्यरत रहेका छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ४ सय ८२ थान र फौजदारी मुद्दा २ सय ५० थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दाको सङ्ख्या दुई थान र अदालतमा फौजदारी मुद्दा फैसला हुन बाँकी रहेनन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश १ सय ८३ हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

कपिलवस्तु नपा -१४ की एक महिलालाई बयान फेरेको आरोपमा कपिलवस्तु जिल्ला अदालतले एक १ महिना कैद र ३ हजार रुपियाँ जरिवानाको फैसला सुनाएको छ। सात वर्षीया छोरीलाई ०७० फागुन १६ गते बलात्कार गरेको भन्दै आफ्नै पतिविरुद्ध प्रहरीमा जाहेरी दिएकोमा अदालतमा साक्षी बुझ्ने क्रममा ०७१ भदौ २० गते जाहेरी विपरीत बयान गरेकी थिइन्। जिल्ला अदालतका न्यायाधीश अच्यूतप्रसाद भण्डारीको इजलासले ०७१ मङ्सिर १ गते झुटा जाहेरी दिई बयान फेरेको भन्दै महिलालाई कैद सजाय र जरिवानाको आदेश दिएको हो। पतिले आफूलाई पटकपटक कुटपिट गर्ने गरेकोले 'झुटा उजुरी गरेको हुँ' भनी अदालतमा बयान दिएपछि जिल्ला अदालतले कसैको मानमर्दन र मानसम्मानमासमेत आँच आउने गरी झुटा उजुरी गरेकोले दोषी ठहर गरेको हो। बलात्कारका आरोपित बाबुलाई अदालतले सफाइ दियो।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ३६ प्राथमिक, ९७ निम्न माध्यमिक र ५८ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ९ सय ६७ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ८५ हजार ५३ बालक र ७८ हजार ४ सय ३३ बालिका रहेकोमा यो वर्ष ९१ प्रतिशत बालबालिका विद्यालयमा भर्ना भएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लामा चार ओटा प्रावि, चार ओटा निमावि र एक माध्यमिक विद्यालय बालमैत्री रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका ओसारपसार	३	३
बलात्कार	१०	१०
यौन दुर्व्यवहार	३	३
जम्मा	१४	१४

बलात्कार, बलात्कार प्रयास तथा यौनदुर्व्यवहार

यो वर्ष चार वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो। घटनाका आरोपितहरू ६७ वर्ष उमेरसम्मका रहेको पाइयो । बलात्कार घटनामा नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो। आफ्ना छोरीलाई बलात्कार गर्ने एक जना बाबुसमेत रहेका छन्।

एक चार वर्षीया बालिकालाई ०७० फागुन १५ गते बलात्कार गरेको भन्दै शिवपुर गाविस- १ का ५५ वर्षीय चन्द्रबहादुर पौडेलविरुद्ध पीडितका आफन्तले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकालाई मिठाई, पैसा दिएर ललाई फकाई घर नजिकैको अडहर बारीमा बलात्कार गरेको भन्दै आरोपितलाई फागुन १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतका जिल्ला न्यायाधीश अच्यूतराज भण्डारीको इजलासले ०७१ असार १५ गते पाँच वर्ष कैदसजाय गर्ने फैसला सुनायो। बालिकाको फागुन १५ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो।

सात वर्षीया एक बालिकालाई ०७० चैत २५ गते २८ वर्षीय बाबुले बलात्कार गरेको भन्दै स्थानीयबासीले बाबुविरुद्ध सोही दिन इलाका प्रहरी कार्यालय पिपरामा उजुरी दिए। आरोपित बाबुलाई उजुरी दिएको दिन प्रहरीले गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दा दर्ता गरेकोमा न्यायाधीश अच्यूतराज भण्डारीको इजलासले ०७१ वैशाख १८ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्। बालिकाको चैत २५ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ६१ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा

केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ५१, खानलाउन नदिएको ८३, विवाह दर्ता तथा नागरिकता नबनाएको ७४, अर्को श्रीमती ल्याएर हेला गरेकोमा १३ ओटा उजुरी छन् भने बाँकी सामान्य झैझगडाका ४० ओटा उजुरी दर्ता भए। ती घटनामध्ये प्रहरीबाट १ सय ५४ ओटा घटनामा मिलापत्र गराइएको र ४१ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो। यो वर्ष कपिलवस्तु जिल्लामा महिलामाथि बलात्कारका घटना भएनन्। सन् २०१३ मा दुई ओटा बलात्कार र एक ओटा बलात्कार प्रयासका घटना अभिलेखित थिए। सन् २०१४ मा बलात्कार प्रयासमा एक जना महिला पीडित भइन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कारको प्रयास	१	१
महिला बेचबिखन तथा ओसारपसार	१५	१५
घरेलु हिंसा	१९	१९
यौन दुर्व्यवहार	६	६
जम्मा	**४४**	**४४**

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया एक महिलालाई बलात्कार प्रयास गरेको भन्दै ०७० चैत १ गते गणेशपुर इलाका प्रहरी कार्यालयका हवल्दार रामबहादुर विष्टलाई स्थानीयवासीले नियन्त्रणमा लिएर सोही दिन प्रहरीलाई बुझाए। गुगौलीस्थित मिलबाट धान कुटेर साँझ घर फर्कने क्रममा हवल्दार विष्टले गुगौली न्याउलागञ्जस्थित सडकमा बलात्कार प्रयास गरेको अवस्थामा चिच्याएपछि स्थानीयबासीले महिलाको उद्धार गरी आरोपित हवल्दारलाई नियन्त्रणमा लिएका थिए। प्रहरी चौकी सुन्दरीडाँडा र इलाका प्रहरी कार्यालय, गणेशपुरबाट गएको प्रहरीको टोलीले स्थानीयबासीको नियन्त्रणमा रहेका हवल्दारलाई विभागीय कारबाही गर्ने लिखित प्रतिबद्धता जनाएपछि आरोपितलाई प्रहरीको जिम्मा लगाएका थिए। आरोपित हबल्दारलाई एकवर्षसम्म बढुवा नगर्ने गरी विभागीय कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

निग्लिहवा गाविस-१ की ५० वर्षीया ज्ञानमती थारू, २३ वर्षीया वीरमती थारू, २२ वर्षीय पार्वती थारू र १६ वर्षीय जगदीश थारूलाई ०७० फागुन २५ गते कथित बोक्सीको आरोपमा सोही ठाउँका २७ वर्षीय प्रचण्ड थारूले ०७० फागुन २५ गते राती १० बजे घरमै कुटपिट गरे। कुटपिटबाट घाइतेको जीतपुर अस्पतालमा उपचार भयो। घटनापछि पीडित परिवारले फागुन २६ गते प्रहरी चौकी जहदीमा र इलाका प्रहरी कार्यालय पिपरामा उजुरी दिएपछि आरोपित प्रचण्डलाई जहदी प्रहरी चौकीले फागुन २६ गते गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले मुद्दा नचलाई २४ घण्टा भित्रै पीडितको उपचार खर्च बेहोर्ने सर्तमा मिलापत्र गराई फागुन २७ गते रिहा गऱ्यो।

सबै प्रकारका जातीय विभेद

लवनी गाविस-५ सिसनियाका ४० वर्षीय चन्द्रमान हरिजन ,३८ वर्षीय रामनिवास हरिजन र ३५ वर्षीय कर्ताराम हरिजनको घरमा ०७१ भदौ ७ गते सोही ठाउँका नन्दलाल चौधरी, राकेश यादव, रामचन्द्र यादव, किशुन चौधरी,नेपाली कहारले तालाबन्दी गरे। चन्द्रमान हरिजनका छोरा २१ वर्षीय विनयकुमार हरिजन र नन्दलाल चौधरीकी बहिनी १९ वर्षीया सीता चौधरीबीच प्रेमसम्बन्ध रहेकोमा साउन २१ गते घर छोडेर हिँडेका थिए। डर, त्रासका कारण हरिजनको परिवार विस्थापित भएकोमा भदौ ८ गते मानवअधिकारकर्मीको पहलमा स्थापित भए। डर त्रासका कारण पीडित परिवारले प्रहरीमा उजुरी गरेन।

स्वास्थ्य सेवाको अवस्था

कपिलवस्तु जिल्लामा तीन ओटा अस्पताल, २५ ओटा स्वास्थ्य चौकी र ४८ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा सात जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष चार डाक्टरको दरबन्दी खाली रह्यो। जिल्लामा एक जना स्त्रीरोग विशेषज्ञ रहेका छन्। अहेबको दरबन्दी १ सय ४९ जना रहेकोमा १ सय १७ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १४ करोड ८९ लाख ८ हजार ९ सय १३ र औषधी

खर्चबापतको रकम २८ लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि पनि भैरहवा वा भारतमा जानुपर्ने बाध्यता बिरामीहरूमा रह्यो।

३.११ अर्घाखाँची



जिल्ला सदरमुकामः सन्धिखर्क
क्षेत्रफल (वर्ग कि. मि.): १,१९३
घरधुरी सङ्ख्याः ४६,८३५
जम्मा जनसङ्ख्याः १,९७,६३२
पुरुषः ८६,२६६
महिलाः १,११,३६६
अपाङ्ग सङ्ख्याः ५,१६५
गाविस/नपा सङ्ख्याः ४२/०
पुरुष साक्षरता सङ्ख्याः ६३,१६७
महिला साक्षरता सङ्ख्याः ६९,०४०
हिन्दू धर्मावलम्बी प्रतिशतः ९७.०३
बौद्ध धर्मावलम्बी प्रतिशतः ४.३९
इस्लाम धर्मावलम्बी प्रतिशतः २.०६
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.२६
अन्य धर्मावलम्बी प्रतिशतः ०.१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.२२

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४६ जना महिला र पाँच जना पुरुष गरी ५१ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ६५ जना महिला र दुई जना पुरुष गरी ६७ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष दुई जना महिलाको हत्या भयो। अघिल्लो वर्ष पनि दुई जना महिलाको हत्या भएको थियो। यस वर्ष जातीय विभेदको घटनामा दुई जना पुरुष, कथित बोक्सीको आरोपमा दुई जना महिला, बलात्कारको घटनामा दुई जना महिला र दुई जना बालबालिका पीडित भए। सन् २०१३ मा तीन जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	५		५
महिलाअधिकार	५८		५८
जातीय विभेद		२	२
हत्या	२		२
जम्मा	६५	२	६७

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जना रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका नौ जना र कैद नतोकिएका नौ जना थुनुवा गरी १८ जना बन्दी रहेका छन्। जसमा महिला तथा आश्रित बालबालिका रहेका छैनन्। महिला बन्दीको लागि छुट्टै भवनको व्यवस्था छैन। वर्षायाममा पानी चुहिने र भत्कने त्रास रहेको, शौचालय एक मात्र भएकोले शौचालय जानको लागि लाइनमा बस्नुपर्ने बाध्यता रहेको, शौचालयवाट फोहोर गन्ध आउने गरेको, केही बन्दीहरूलाई सुत्ने कपडा नभएको बन्दीहरूले गुनासो गरे। बन्दीहरूले जेल भित्र मुढा बुन्ने काम गरेर आयआर्जन गरेका छन्। बजेट नभएका कारण सबै निर्माण कार्य एकै पटक सम्पन्न गर्न नसकिएको कारागार प्रमुख यज्ञश्वर पन्थीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

अर्घाखाँची जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१

पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ३८ थान र फौजदारी मुद्दा २६ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा फैसला हुन बाँकी रहेका छैनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ७१ प्राथमिक, ५६ निम्न माध्यमिक र ३७ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ९ सय ८५ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ९ सय ७४ जना कार्यरत रहेका छन्। यो वर्ष २७ हजार ६ सय ४७ जना बालक र २९ हजार ६८ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा रहेका ६७ विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लाका १ सय १८ विद्यालयका भवन बालमैत्री भएको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख छ। जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालश्रम	१	१
बालबालिका ओसारपसार	१	१
बालविवाह	१	१
बलात्कार	२	२
जम्मा	५	५

हत्या

ठाडा गाविस ५ का १३ वर्षीय बालक राजन भुसालको ०७१ मङ्सिर १४ गते घर नजिकै म्यालीखोल्सामा शव फेला पर्‍यो। हराएको लामो समयसम्म घर नफर्केका बालकको गाउँले र विद्यार्थीले खोततलास गर्दै जाँदा खोल्सामा लास फेला परेको थियो। मृतकका बुबाले मङ्सिर ९ गते इलाका प्रहरी कार्यालय ठाडामा उजुरी दिएका थिए। बालकको विषयमा अनुसन्धान भइरहेको र कसले र किन हत्या गरेको भन्ने अझै खुलेको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष तीन र पाँच वर्षीया बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गर्‍यो । अर्घाखाँची जिल्ला अदालत रहेका बलात्कारका दुवै मुद्दाको यस वर्षको अन्त्यसम्म फैसला भएन।

पाँच वर्षीया एक बालिकालाई ०७१ वैशाख २९ गते सिमलपानी गाविस-१ का १९ वर्षीय तुलबहादुर सोमरेले बाटोमा खेलिरहेको अवस्थामा बलात्कार गरेको भन्दै पीडितका आफन्तले वैशाख ३० गते इलाका प्रहरी कार्यालय ठाडामा उजुरी दिए। आरोपितलाई उजुरी दिएकै दिन प्रहरीले गिरफ्तार गरी जबरजस्ती करणी मुद्दा चलाएकोमा न्यायाधीश प्रदेशकुमार प्याकुरेलको इजलासले जेठ १४ गते गरेको आदेशबमोजिम आरोपित पुपर्क्षका लागि थुनामा छन्। बालिकाको जिल्ला स्वास्थ्य कार्यालयमा जेठ १ गते स्वास्थ्य परीक्षण भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४५ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका, खानलाउन नदिएको ३९, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ६ ओटा उजुरी छन्। ती घटनामध्ये प्रहरीबाट ३९ घटनामा मिलापत्र गराइएको र ६ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

यसवर्ष अर्घाखाँची जिल्लामा दुई जना महिला बलात्कृत भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा बलात्कारका घटना अभिलेख भएका थिएनन्। अदालतमा दर्ता भएका बलात्कारका दुई मुद्दामध्ये एक मुद्दाका आरोपितलाई अदालतले सफाइ दियो भने अर्को घटनाका आरोपितलाई ६ महिना कैद गर्ने आदेश गर्‍यो। जिल्ला अदालतले सफाइ दिएका मुद्दालाई सरकारी वकिलको कार्यालयले पुनरावेदन गरेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	२	२
बलात्कार	२	२
बलात्कारका प्रयास	१	१
बहुविवाह	५	५
घरेलु हिंसा	४८	४८
जम्मा	५८	५८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया एक महिलालाई ०७० माघ ११ गते डिर्भना गाविस- ४ का २६ वर्षीय गोपाल आचार्यले बलात्कार गरेको आरोपमा पीडित महिलाले ०७० माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला अदालतले ०७१ कातिक २७ गते प्रमाण नपुगेको भन्दै आरोपित आचार्यलाई सफाइ दियो। जिल्ला सरकारी वकिल कार्यालयले मुद्दाको पुनरावेदन गर्‍यो।

घरेलु हिंसा

किमडाँडा गाविस-५ की २४ वर्षीया तारा रानामगरलाई पति २८ वर्षीय खिमबहादुर रानासहित भीमबहादुर राना, डिलकुमारी राना, गिरी रानाले कुटपिट गरी मानसिक र शारीरिक यातना दिएको भन्दै ०७० फागुन २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिन्। यसअघि ०६९ मङ्सिरमा छरछिमेकको रोहवरमा आगामी दिनमा कुटपिट नगर्ने भनी कागजात गरे पनि पटक-पटक घटना दोहोर्‍याएकोले मुद्दा दर्ता गर्नुपरेको उनले बताइन्। मुद्दाको फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, १९ ओटा स्वास्थ्य चौकी, र दुई ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा ६ जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष एकजना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १२ करोड १८ लाख ८२ हजार र औषधी खर्चवापतको रकम २७ लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो।

३.१२ गुल्मी



जिल्ला सदरमुकामः तम्घास
क्षेत्रफल (वर्ग कि. मि.)ः १,१४९
घरधुरी सङ्ख्याः ६४,९२१
जम्मा जनसङ्ख्याः २,८०,१६०
पुरुषः १,२०,९९५
महिलाः १,५९,१६५
अपाङ्ग सङ्ख्याः ७,६७१
गाविस/नपा सङ्ख्याः ७९/०
पुरुष साक्षरता सङ्ख्याः ८८,८८८
महिला साक्षरता सङ्ख्याः ९८,७४९
हिन्दू धर्मावलम्बी प्रतिशतः ९६.७८
बौद्ध धर्मावलम्बी प्रतिशतः २.७८
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.१५
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.२
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.०७२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३२

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ३ जना महिला र १३ जना पुरुष गरी १ सय १६ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ६१ जना महिला र २ जना पुरुष गरी ६३ जना पीडित भए। यस वर्ष गुल्मी जिल्लामा राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन्

भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष तीन जना महिलाको हत्या भयो। अघिल्लो वर्ष एक जना महिला र तीन जना पुरुषको हत्या भएको थियो। यस वर्ष जातीय विभेदको घटनामा एक जना महिला पीडित भइन्। यस वर्ष बालअधिकार उल्लङ्घनमा ११ जना पीडित भए, जसमध्ये सात जना बालिका बलात्कार, दुई जना बालिकामाथि यौनदुर्व्यवहार र एक बालकलाई विद्यालयमा शारीरिक सजाय दिइएको इन्सेकले अभिलेखित गर्‍यो। सन् २०१३ मा आठ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१	१
बालअधिकार	१०	१	११
महिलाअधिकार	४७		४७
जातीय विभेद	१		१
हत्या	३		३
जम्मा	६१	२	६३

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारमा २० जना पुरुष र पाँच जना महिला गरी जम्मा २५ जनाको क्षमता रहेकोमा हाल ८५ जना कैदी बन्दी रहेका छन्। जसमध्ये पुरुष ७६ जना र महिला नौ जना रहेका छन्। जसमध्ये कैद तोकिएका ५३ पुरुष र नतोकिएका २३ पुरुष जना तथा कैद तोकिएका नौ जना महिला रहेका छन्। कारागारमा दुई एक वर्षीया बालिका र तीन वर्षीय बालक गरी दुई जना आश्रित बालबालिका रहेका छन्। कैदी बन्दीहरूले पाउने सिदा, लत्ता कपडालगायका सेवा सुविधामा समयानुकुल बृद्धि नभएको, सुधारगृहको रूपमा विकास हुनुपर्ने कारागारलाई राज्यका निकायलेसमेत उपेक्षा गरेको कैदी बन्दीहरू गुनासो छ।

गोली तथा विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे विस्फोटक पदार्थबाट घाइते

सशस्त्र द्वन्द्वको अन्त्य भएको आठ वर्ष पूरा भइसकेको भए पनि द्वन्द्वका क्रममा छाडिएका विस्फोटक पदार्थका कारण मानवीय क्षति हुने क्रम रोकिएको छैन। घमिर गाविस-९ खर्सुखर्कका १३ वर्षीय खेमलाल पन्थी असार २९ गते बारीको गारामा फेला परेको बेबारिसे सुतली बम घरमा ल्याई खेलौना भनी खेलाउँदा विस्फोट भइ घाइते भए। उनको दायाँ हातको औंला गुम्नुका साथै अनुहारमा छर्रा लागेको थियो। उक्त विस्फोटक पदार्थ सशस्त्र द्वन्द्वका समयमा बेवारिसे अवस्थामा छाडिएको हुनसक्ने प्रहरीले अनुमान गरेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गुल्मी जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या ४८ थान र फौजदारी मुद्दाको सङ्ख्या ५९ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ७८ प्राथमिक, ६६ निम्न माध्यमिक र ७० माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ९ सय ८२ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ९ सय ६९ जना शिक्षक कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका १८ हजार ५ सय ११ बालक र १९ हजार ७२ बालिका रहेकोमा यो वर्ष १८ हजार ५ सय ११ जना बालक र १८ हजार ६ सय ९८ बालिका विद्यालयमा भर्ना भए।। जिल्लामा रहेका सबै विद्यालयमा शौचलाय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। यस जिल्लाका ८ हजार ४ सय ४७ दलित बालक र ९ हजार २ सय ७७ बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ। जिल्लाका सबै विद्यालय बालमैत्री रहेको जिल्ला शिक्षा कार्यालयले दाबी गर्‍यो। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलत्कार	७		७
नवजात शिशुको हत्या	१		१
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	२		२
जम्मा	१०	१	११

बलात्कार/बलात्कार प्रयास

यो वर्ष चार वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो। घटनाका आरोपितहरू ६३ वर्ष उमेरसम्मका रहेको पाइयो। बलात्कार घटनामा नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो।

६ वर्षीया एक बालिकालाई ०७१ वैशाख ३१ गते मन्दिरमा खेलिरहेको बेला बलात्कार गरेको भन्दै जोहाङ गाविस-४ घर भई आँपचौर गाविस-७ आँटीघरस्थित बाराहदेवी मन्दिरका पूजारी ६० वर्षीय एकुराज भण्डारीविरुद्ध जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा पीडितका आफन्तले उजुरी दिए। जिल्ला अदालतको न्यायाधीश ऋषिराम आचार्यको इजलासले जेठ २१ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्। बालिकाको जेठ २ गते जिल्ला अस्पताल, तम्घासमा स्वास्थ्य परीक्षण भएको थियो।

महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव तथा दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३ सय २० जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय ३७ ओटा, खानलाउन नदिएको ५१ ओटा, विवाह दर्ता तथा नागरिकता नबनाएको सात जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा चार ओटा उजुरी छन् भने बाँकी सामान्य झैंझगडाका उजुरी दर्ता भए। ती घटनामध्ये ३ सय ७ घटनामा मिलापत्र गराएको र १३ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

बलात्कार प्रयास

४२ वर्षीया एक महिलालाई कात्तिक २१ गते बलात्कार प्रयास गरेको भन्दै लिम्घा गाविस-८ का २८ वर्षीय बलबहादुर सारुविरुद्ध पीडितले कात्तिक २६ जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीको आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान गरेकोमा जिल्ला न्यायाधीश ऋषिराम आचार्यको इजलासले मङ्सिर १६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। पीडितको कातिक २६ गते तम्घास अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	१	१
बहुविवाह	८	८
घरेलु हिंसा	३८	३८
जम्मा	४७	४७

बलात्कारपछि हत्या

हर्मीचौर गाविस-३ तल्लापोखराकी ५९ वर्षीया देउरुपा सापकोटालाई ०७१ साउन २२ गते ठूलोलुम्पेक गाविस- १ घर भइ अर्बेनी गाविस- ३ मा डेरा गरी बस्ने ४० वर्षीय देवबहादुर थापाले बलात्कारपछि हत्या गरेको भन्दै मृतकका पति ७० वर्षीय लक्ष्मीपति सापकोटाले ०७१ साउन २६ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। प्रहरीले आरोपितलाई साउन २५ गते घरबाटै गिरफ्तार गरी अनुसन्धान गरेकोमा न्यायाधीश ऋषिराम आचार्यको इजलासले भदौ १६ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षको लागि थुनामा छन्। शवको ०७१ साउन २४ गते जिल्ला अस्पताल स्याङ्जामा पोस्टमार्टम गरी आफन्तलाई बुझाइएको थियो।

परिवारजनबाट हत्या

फोक्सिङ गाविस-४ बैनढुँगाकी २६ वर्षीया कुमारी सार्कीको जेठ ८ गते हत्या गरेको आरोपमा पति ३५ वर्षीय नरबहादुर सार्की र ससुरा ७७ वर्षीय दलबहादुर सार्कीलाई जेठ ९ गते प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। घरायसी सहमतिबिना बाहिर हिँडेको आरोपमा पतिले फलामको पाइपले टाउको र छातीमा प्रहार गरी पीडितको हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। हजुरबुबाले उक्साउने र बाबाले फलामको पाइपले प्रहार गरी आमाको हत्या गरेको आठ वर्षीया छोरीको बयानको आधारमा आरोपितलाई गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाइएकोमा जिल्ला अदालतका न्यायाधीश ऋषिराम आचार्यको इजलासले ०७१ असार ३ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षको लागि थुनामा छन्। लासको जेठ १० गते जिल्ला अस्पतालमा पोस्टमार्टम गरिएको थियो।

सबै प्रकारका जातीय विभेद

फोक्सिङ गाविस-३ कि २७ वर्षीया दीपा विकलाई सोही ठाउँका ३४ वर्षीय टेकबहादुर राना तथा परिवारका सदस्यले तल्लो जातको भनी घर भित्र बस्न

नदिएको भन्दै पीडितले ०७१ भदौ ५ गते जिल्ला अदालतमा खाना खर्च भराई पाऊँ भनी जाहेरी दिइन्। जाहेरीको आधारमा अदालतले ०७१ असोज २८ गते आरोपित टेकबहादुरलाई हाजिर हुन तारेख दिए पनि आरोपितहरू स-परिवार फरार छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, २८ ओटा स्वास्थ्य चौकी, ४८ ओटा उपस्वास्थ्यचौकी र चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र हेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा १४ जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो नौ जना डाक्टरको दरबन्दी रिक्त रह्यो। एक जना स्त्रीरोग विशेषज्ञको दरबन्दी भए पनि यो वर्षभर सो दरबन्दी रिक्त रह्यो। अहेबको दरबन्दी १ सय ५९ जना रहेकोमा १ सय ४३ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट ५ करोड २९ लाख २४ हजार र औषधी खर्चवापतको रकम २८ लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि पनि भैरहवा अथवा सुविधासम्पन्न अस्पतालमा जानुपर्ने बाध्यता रह्यो।

३.१३ बाग्लुङ



जिल्ला सदरमुकामः कालिका (वाग्लुङ)
क्षेत्रफल (वर्ग कि. मि.)ः १,७८४
घरधुरी सङ्ख्याः ६१,५२२
जम्मा जनसङ्ख्याः २,६८,६१३
पुरुषः १,१७,९९७
महिलाः १,५०,६१६
अपाङ्ग सङ्ख्याः ६,१७९
गाविस/नपा सङ्ख्याः ५९/१
पुरुष साक्षरता सङ्ख्याः ८६,२९९
महिला साक्षरता सङ्ख्याः ९३,१८०
हिन्दू धर्मावलम्बी प्रतिशतः ८९.२७
बौद्ध धर्मावलम्बी प्रतिशतः ८.७४
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.२७
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.६३
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.६७
वोन धर्मावलम्बी प्रतिशतः ०.०३
अन्य धर्मावलम्बी प्रतिशतः ०.३९२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३७

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १८ महिला र ३० पुरुष गरी ४८ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ४९ महिला र दुई जना पुरुष गरी ५१ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन्

भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष एक जना महिलाको हत्या भयो। अघिल्लो वर्ष दुई जनाको हत्या भएको थियो। यस वर्ष बलात्कारको घटनामा आठ जना र पारिवारिक हिंसाका घटनामा ३० महिला पीडित भए। यस वर्ष बालअधिकार उल्लङ्घनमा ६ जना पीडित भए, जसमध्ये चार जना बालिका बलात्कार, एकजना बालकामाथि यौनदुर्व्यवहार भएको इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा पाँच जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	४	२	६
महिलाअधिकार	४४		४४
हत्या	१		१
जम्मा	४९	२	५१

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। कारागारमा हाल ९७ जना कैद बन्दीहरू रहेका छन्। कारागारमा ८७ जना पुरुष र १० जना महिला रहेका छन्। जसमा कैद तोकिएका ५५ जना र कैद नतोकिएका ४३ जना र १ जना आश्रित बालक रहेका छन्। क्षमताभन्दा चार गुणा बन्दी राख्नाले श्वासप्रश्वासको समस्या, छालाको रोग तथा कतिपय बन्दीमा मानसिक समस्या फेला परेको बन्दीमा गरिएको स्वास्थ्य परीक्षणका क्रममा फेला परेको बन्दीहरू बताए। कारागारमा खानेपानी, तथा सुत्ने स्थानको समस्या रहेको छ। कोठाको अभाव भएका कारण बन्दीहरू पाल टाँगेर रात बिताउने गर्छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

बाग्लुङ जिल्लामा जिल्ला अदालत र पुनरावेदन गरी दुई ओटा अदालत रहेका छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा एक जना नै कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गते सम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ३२ थान र फौजदारी मुद्दा १ सय २२ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि मुद्दा बाँकी रहेका छैनन्।

यसैगरी, चार जना न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा चारै जना न्यायाधीशहरू कार्यरत रहेका छन्। यस अदालतमा ०७१ पुस १५ गते सम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १८ थान र फौजदारी मुद्दा ६८ थान रहेका छन्। यस अदालतमा दुई वर्ष पुराना कुनै मुद्दा बाँकी रहेका छैनन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश २ सय १५ को हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ५० प्राथमिक, ७८ निम्न माध्यमिक र ४८ माध्यमिक विद्यालयहरू रहेका छन्। २ हजार ५ सय शिक्षकको दरबन्दी रहेकोमा हाल १ हजार ७ सय सात जना कार्यरत रहेको र ८ सय ५९ शिक्षक पद रिक्त रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ३४ हजार ५ सय १३ जना र ३७ हजार ४ सय ३५ विद्यालयमा भर्ना भए। जिल्लामा रहेका सबै विद्यालयमा शौचलाय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। बागलुङ जिल्लामा दलित विद्यार्थीलाई ९ लाख ६० हजार ४ सय रुपियाँ छात्रवृत्ति उपलब्ध गराइएको छ। छात्रवृत्ति रकम पाउनेमा २ हजार १ सय २९ जना विद्यार्थी कक्षा ८ सम्म अध्ययन गर्ने र २ हजार ३ सय ८५ जना विद्यार्थी ८ कक्षादेखि १० कक्षासम्म अध्ययनरत रहेका छन्। छात्रवृति रकम ८ कक्षा सम्मकालाई मासिक ४ सयका दरले र १० सम्मकोलाई पाँच सयका दरले वितरण गर्ने गरिएको छ। बालमैत्री भनेर कुनै पनि विद्यालयलाई नतोकिएको तथा ५ सय ३० विद्यँलयमध्ये नौओटा विद्यालयलाई बालमैत्री विद्यालय क्षेत्र तोकिएको छ। जिल्लामा ६ ओटा मात्र आपाङ्गमैत्री विद्यालय भएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	४		४
नवजात शिशुको हत्या		१	१
यौन दुर्व्यवहार		१	१
जम्मा	४	२	६

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई अर्घाखाँची गाविस-३ डिहीडाँडा घर भइ बागलुङ नपा-१ बस्ने २६

वर्षीय ध्रुव विकले ०७१ भदौ ४ गते बलात्कार गरेको भन्दै पीडितले भदौ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालयले आरोपितलाई भदौ ५ गते नै गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला न्यायाधीश जगतमान श्रेष्ठको इजलासले भदौ ३१ गते पुर्पक्षको लागि थुनामा पठाउने आदेश गऱ्यो। पीडितको जिल्ला अस्पतालमा भदौ ५ गते स्वास्थ्य परीक्षण भयो।

१३ वर्षीया एक बालिकाले आफूलाई जेठ ६ गतेदेखि ९ गतेसम्म बन्धक बनाई बलात्कार गरेको भन्दै पैयुँपाटा गाविस-७ का ३० वर्षीय लक्ष्मण पाठकविरुद्ध पीडितले जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बालिकाको धौलागिरी अञ्चल अस्पतालमा जेठ १२ गते स्वास्थ्य परीक्षण तथा उपचार भयो। घटनाका आरोपित पाठक फरार रहेको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ८९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २०, खानलाउन नदिएको ११, विवाह दर्ता तथा नागरिकता नबनाएको पाँच, अर्को श्रीमती ल्याएर हेला गरेकोमा नौ र सामान्य झैझगडाका ४४ उजुरी दर्ता भए। ती उजुरीमध्ये ८० ओटा घटनामा मिलापत्र गराइएको र नौ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रले जनायो। यस वर्ष बाग्लुङमा आठ जना महिला बलात्कृत भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा यो सङ्ख्या एक मात्र थियो। यसैगरी, यस वर्ष परिवारजनबाट एक जना महिलाको हत्या भयो। गम्भीर खालको घरेलु हिंसाका घटनामा संलग्न पीडकलाई पनि न्यून सजाय भयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	८	८
बलात्कारको प्रयास	१	१
बहुविवाह	४	४
महिला बेचबिखन तथा ओसारपसार	१	१
घरेलु हिंसा	३०	३०
जम्मा	४४	४४

मानव बेचबिखन तथा ओसारपसार

२० वर्षीया एक महिलालाई जेठ २४ गते रोल्पा जिल्ला शेरम गाविस-२ घर भई हाल हटिया गाविस-४ निवासी २८ वर्षीय मोहन क्षेत्रीले विवाह गर्ने प्रलोभन देखाई बेचविखन गर्न लैजाँदै गरेको अवस्थामा सोहीदिन तनहुँको डुम्रेबाट आफन्तले उद्धार गरे। मोहन क्षेत्रीसहित रुकुम जिल्लाका एक १७ वर्षीय बालक र हटिया गाविस-४ का २८ वर्षीय सन्देश रानाविरुद्ध पीडितले जेठ २५ गते प्रहरीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले उजुरी दिएको दिन गिरफ्तार गरी मानववेचविखन तथा ओसार-पसार मुद्दा चलाएकोमा जिल्ला अदालतको न्यायाधीश जगतमान श्रेष्ठको इजलासले असार २० गते गरेको आदेशबमोजिम आरोपितमध्येका सन्देश राना पुर्पक्षका लागि थुनामा छन् भने घटनाका अर्का आरोपित मोहन भने फरार रहेको प्रहरीले जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

ताराखोला गाविस-७ की ४० वर्षीया भीमकला रोकालाई ०७१ जेठ २९ गते पति ४० वर्षीय चण्डिप्रसाद रोकाले खाना नपकाएको भनी बञ्चरो प्रहार गरी घाइते बनाएको आरोपमा प्रहरीले आरोपितलाई जेठ ३० गते गिरफ्तार गऱ्यो। अदालतले आरोपितलाई असार २० गते दुई हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। पीडितको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भयो।

६१ वर्षीया एक महिलालाई असार ४ गते बलात्कार गरेको आरोपमा जलजला गाविस-६ का ३३ वर्षीय जुद्धबहादुर काउचाविरुद्ध आफन्तले असार १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको धौलागिरी अञ्चल अस्पतालमा असार १२ गते स्वास्थ्य परीक्षण भएको थियो। घटनापछि फरार भएका आरोपितलाई प्रहरीले मङ्सिर १६ गते गिरफ्तार गरी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले मङ्सिर १७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

परिवारजनबाट हत्या

बोवाङ गाविस-८ की ४४ वर्षीय ३३ वर्षीया निमू विकलाई ०७१ भदौ १२ गते पति ४८ वर्षीय छविलाल विकले घरासयी झगडामा बन्चरो प्रहार गरी हत्या गरे। स्थानीयले भदौ १३ गते बिहान इलाका प्रहरी कार्यालय बुर्तिवाङमा खबर गरेपछि आरोपितलाई प्रहरीको टोलीले भदौ १३ गते गिरफ्तार गऱ्यो।

मध्यरातमा मदिरा सेवन गरी घर आएका विकले सामान्य घरायसी झगडाका क्रममा पत्नीलाई बञ्चरो प्रहार गरी हत्या गरेको प्रहरीसँगको बयानमा स्वीकार गरे। जिल्ला न्यायाधीश जगतमान श्रेष्ठको ०७१ असोज ३ गतेको आदेश बमोजिम विक पुर्पक्षको लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल २१ ओटा स्वास्थ्य चौकी र ३७ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा तीन जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष चार डाक्टर कार्यरत रहेका छन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी १ सय २५ जना रहेकोमा ९५ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट ८ करोड ७५ लाख ४१ हजार र औषधी खर्चवापतको रकम २८ लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो।

३.१४ पर्वत



जिल्ला सदरमुकामः कुस्मा
क्षेत्रफल (वर्ग कि. मि.): ४९४
घरधुरी सङ्ख्याः ३५,७१९
जम्मा जनसङ्ख्याः १,४६,५९०
पुरुषः ६५,३०१
महिलाः ८१,२८९
अपाङ्ग सङ्ख्याः ३,६५३
गाविस/नपा सङ्ख्याः ५५/०
पुरुष साक्षरता सङ्ख्याः ५०,००९
महिला साक्षरता सङ्ख्याः ५१,२८०
हिन्दू धर्मावलम्बी प्रतिशतः ८९.४८
बौद्ध धर्मावलम्बी प्रतिशतः ९.३२
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.४३
किराँत धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.४५
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०२
वोन धर्मावलम्बी प्रतिशतः ०.१९
शिख धर्मावलम्बी प्रतिशतः ०.००१
अन्य धर्मावलम्बी प्रतिशतः ०.०९३
प्रतिपरिवार सरदर सङ्ख्याः ४.१०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ११ जना महिला र १२ जना पुरुष गरी २३ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १५ जना महिला र दुई जना पुरुष गरी १७ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा

बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष दुई जना महिला र एक जना पुरुषको हत्या भयो। अघिल्लो वर्ष पनि दुई जनाको हत्या भएको थियो। बालअधिकार उल्लङ्घनमा तीन जना पीडित भए, जसमध्ये बलात्कारको दुई, बेचबिखनका एक घटना इन्सेकले अभिलेखित गऱ्यो। सन् २०१३ मा दुई जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	१०		१०
कुटपिट		१	१
हत्या	२	१	३
जम्मा	१५	२	१७

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता पुरुष ६० र महिला १५ गरी ७५ जनाको रहेको छ। यस वर्षको अन्तसम्म कैद तोकिएका ४९ र कैद नतोकिएका २१ जना गरी ७० जना कैदी बन्दी रहेका छन्। जसमा सात जना महिला बन्दी छन्। कारागारमा आश्रित बालबालिका छैनन्।

जिल्ला कारागारमा ०७१ साउन २० गते राति बन्दीबीच भएको झडपमा पोखरा उमनपा-५ का कैदी नाइके आनन्द केसी, लेकफाँट गाविस-५ घर भइ हाल तनहुँ जिल्ला कोत्रे निवासी चौकीदार ज्ञानुबहादुर पाईजा, कास्की जिल्ला ल्वाङघलेल गाविस-९ का प्रेम तामाङ, शालिजा गाविस- ७ का लीलाबहादुर खोर्जा, टकलक गाविस-६ का रत्नप्रसाद न्यौपाने, अमृत न्यौपाने , लेकफाँट गाविस-५का विक्रम सुबेदी र दुर्लुङ गाविस-८ का तुलबहादुर विक घाइते भए। घाइतेमध्ये नाइके आनन्द केसी, अमृत न्यौपाने र लीलाबहादुर खोर्जालाई सोही राती नै जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि पोखरा लगियो। अन्य पाँच जनाको पर्वत जिल्ला अस्पतालमा उपचार भयो। खाना खाएर बसेका कैदीका दुई समूहबीच राति एक्कासि झडप भएको थियो। नाइके आनन्द केसी, चौकीदार ज्ञानु पाइजाले आफूहरूलाई कुटपिट गर्ने, अनावश्यक दबाब दिने र भेदभाव गर्दै आएको आरोप घाइते प्रेम तामाङले लगाए। नाइकेबाट हटाइएका विपिन गुरुङ, प्रेम तामाङ सहितको आक्रोशित समूहले नाइके आनन्दलगायतका व्यक्तिमाथि काठका फलेक, दाउरालगायतका सामग्रीले आक्रमण गरेका थिए। गुरुङ र तामाङसहितको टोली यस अगाडि कास्की कारागार लगायतका विभिन्न कारागारमा झगडा गरेर पर्वत कारागारमा स्थानान्तरण भएका हुन्। बाहिर अकस्मात 'ठोकठोक' भन्ने आवाज आएपछि भित्र पस्दा कैदीहरू एक आपसमा कुटपिटमा उत्रिएको देखेको कारागारका सुरक्षा प्रमुख बिष्णुबहादुर थापाले बताए। घटनालगत्तै जिल्ला प्रहरी कार्यालयबाट पुगेको प्रहरी टोलीले स्थिति सामान्य पारेको थियो भने घाइतेलाई उपचारका लागि जिल्ला अस्पताल पुऱ्याएको थियो।

जिल्ला कारागार पर्वतमा कैदी र बन्दीबीच भएको झडपमा घाइते कैदी नाइके आनन्द केसी

सुगम र निष्पक्ष न्यायिक अधिकार

पर्वत जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या ४९ थान र फौजदारी मुद्दाको सङ्ख्या २८ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय २५ प्राथमिक, ४० निम्न माध्यमिक र ५५ माध्यमिक विद्यालयहरू रहेका छन्। २ हजार ४० जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ९ सय ७६ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका २१ हजार ९ सय ४५ बालक र २२ हजार ३ सय ६६ बालिका रहेको छन्।। यस जिल्लाका ५ हजार ३ सय

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका ओसारपसार	१	१
बलात्कार	२	२
जम्मा	३	३

१३ दलित बालक र ५ हजार ५ सय ९९ दलित बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ। जिल्लामा आपाङ्गमैत्री विद्यालय एउटा पनि नभएको तथा सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो

१३ वर्षीया एक बालिकालाई ०७० फागुन ७ गते म्याग्दी जिल्ला पिप्ले गाविस-६ का २८ वर्षीय काशीराम परियारले घरमा सुतेको अवस्थामा मार्ने धम्की दिई बलात्कार गरेको भन्दै पीडितका आफन्तले फागुन ८ गते प्रहरीमा उजुरी दिए। बालिकाको फागुन ८ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले फागुन ९ गते गिरफ्तार गरी मुद्दा दर्ता गरेकोमा न्यायाधीश माधवेन्द्रराज रेग्मीको इजलासले ०७१ असार २३ गते बलात्कार ठहर गरी आरोपितलाई आठ वर्षको कैद सजायको फैसला गऱ्यो।

१३ वर्षीया एक बालिकालाई ०७० फागुन ८ गते शिवालय गाविसका ४८ वर्षीय रामबहादुर परियारले बलात्कार गरेको भन्दै पीडितका आफन्तले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गऱ्यो। बालिकाको फागुन ९ गते जिल्ला जनस्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालतका न्यायाधीश माधवेन्द्रराज रेग्मीको इजलासले चैत २९ गते बलात्कार ठहर गरी आरोपितलाई आठ वर्ष कैद सजायको फैसला गरेको छ।

बेचबिखन तथा ओसारपसार

१७ वर्षीया बालिकालाई म्याग्दी जिल्ला सिंगा गाविस घर भइ माझफाँट-३ वारीबेनीमा होटल सञ्चालन गरी बस्ने कमला भण्डारी, राखु भगवती गाविस-९ का गणेश भण्डारी, सोहीठाउँका सुजन भण्डारी र भारतीय नागरिक अनिल शर्माले साउन २८ गते यौनशोषण गरेको सार्वजनिक भयो। प्रहरीले ०७१ साउन ३१ गते आरोपितहरूलाई गिरफ्तार गरी आरोपितहरूविरुद्ध मानव बेचविखन तथा ओसार पसार मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतका जिल्ला न्यायाधीश माधवेन्द्रराज रेग्मीको एकल इजलासले ०७१ भदौ १९ गते गरेको आदेशबमोजिम आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव तथा दुर्व्यवहार परिवारजनबाट हत्या गरेको आरोप

शङ्करपोखरी गाविस-९ की २२ वर्षीया विमला सुवेदीलाई ससुरा ५५ वर्षीय दुर्गादत्त सुवेदी र सासू ४८ वर्षीया कालिका सुवेदीले कर्तव्य गरी हत्या गरेको भन्दै चैत २२ गते माइतीपक्षबाट मृतककी आमा आर्थर डाँडाँखर्क गाविस-१ की खेमकुमारी गौतमले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। विमला माघ २ गतेदेखि बेपत्ता भएकीमा २ महिना १९ दिनपछि चैत २१ गते कालिगण्डकी नदीको किनारमा लास फेला परेको थियो। लासको चैत २२ गते जिल्ला स्वास्थ्य कार्यालयमा पोस्टमार्टम् भयो। विवाहको समयमा नै ससुराले दाइजो कम भएको भन्दै टीकाटालो नगरी दुलहीको घरबाट हिँडेको र त्यसपछि निरन्तर रूपमा दाइजोकै निहुँमा छोरीलाई यातना दिँदै आएको माइती पक्षको आरोप छ। उजुरीका आधारमा प्रहरीले आरोपित सासू र ससुरालाई चैत २२ गते गिरफ्तार गरी कर्तव्यज्यान मुद्दा चलाएकोमा जिल्ला अदालतका न्यायाधीश माधवेन्द्रराज रेग्मीको इजलासले वैशाख १७ गते गरेको आदेशबमोजिम आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

वाच्छा गाविस-५ की २५ वर्षीया अञ्जु शर्मालाई ०७१ जेठ २९ गते पति २९ वर्षीय सञ्जीव सिलवाल, ससुरा ५८ वर्षीय भुवराज सिलवालले हत्या गरेको आरोपमा मृतककी आमा ५० वर्षीया सुशीला शर्माले ०७१ असार १ गते प्रहरीमा किटानी जाहेरी दिइन्। घरपरिवारले दाइजोको विषयमा समय-समयमा ज्यान मार्ने धम्की दिनुका साथै शारीरिक तथा मानसिक यातना दिँदै आएकोमा हत्या गरेर झुण्ड्याइएको

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बहुविवाह	२	२
महिला बेचबिखन	१	१
घरेलु हिंसा	६	६
जम्मा	१०	१०

अवस्थामा लास फेला परेको उजुरीमा उल्लेख छ। लासको असार १ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भएको थियो। प्रहरीले पति र ससुरालाई असार १ गते गिरफ्तार गरी कर्तव्य ज्यान अन्तर्गत मुद्दा चलाएको छ।

सबै प्रकारका जातीय विभेद

पाङ गाविस-२ का १६ वर्षीय राजेश नेपाली दलित-दलितबीच छुवाछूतको विषयमा भएको झडपमा घाइते भएकामा ०७१ वैशाख १ गते उपचारको क्रममा मृत्यु भयो। पाङ गाविस-२ कुनाचौरमा दलित जातिका कामी र सार्की समुदायबीचमा चैत २१ गते राती छुवाछूतको विषयमा भएको झडपमा घाइते भएका राजेशको उपचारका क्रममा मणिपाल शिक्षण अस्पताल पोखरामा मृत्यु भएको थियो। पाङ गाविस-२ कुनाचौरका चन्द्रबहादुर विकका छोरा रामकृष्णको ब्रतबन्ध भोजमा सार्की समुदायका निम्तालुलाई तल्लो जातको भन्दै छोइछिटो गरिएपछि विवाद भई दुवै समुदायबीच झडप भएको प्रहरीले जनाएको छ। कामी जातिले सार्की जातिलाई तल्लो जात भन्दै छोएको नखाएपछि भएको झडपमा पाङ गाविस-२ का ३५ वर्षीय चित्रबहादुर नेपाली, १६ बर्षीय राजेश नेपाली र २४ वर्षीय शम्भु नेपाली घाइते भएकोमा उनीहरूको मणिपाल शिक्षण अस्पताल पोखरा उपचार भयो। उक्त घटनाका आरोपित पाङ गाविस-२ का २० वर्षीय शम्भु नेपाली ,१६ वर्षीय शङ्कर विक २१ वर्षीय विष्णु सुनार,२८ वर्षीय शङ्कर विक ,१८ वर्षीय प्रकाश सुनार, १६ वर्षीया सन्तोष विक ,२० वर्षीय अशोक सुनार, १८ वर्षीय विनोद नेपाली, २४ वर्षीय रवीन नेपाली ,२१ वर्षीय दिनेश नेपाली, २१ वर्षीय रामकृष्ण सुनार ,२५ वर्षीय मोहन सुनार र ४० वर्षीय चन्दबहादुर सुनारविरुद्ध वैशाख २ गते पीडित पक्षले उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २ गते गिरफ्तार गरी कर्तव्यज्यान मुद्दा चलायो। जिल्ला अदालतका जिल्ला न्यायाधीश माधवेन्द्रराज रेग्मीको इजलासले जेठ १ गते गरेको मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) अनुसारको आदेशमापाङ गाविस-२ का विष्णु सुनार, अशोक सुनार, चन्द्रवहादुर सुनार ,रामकृष्ण सुनार, शम्भु नेपाली र खुर्कोट गाविस-१ का प्रकाश सुनार र मोहन सुनार पुर्पक्षका लागि थुनामा छन्। अन्य आरोपित सामान्य तारेखमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा पाँच ओटा अस्पताल २६ ओटा स्वास्थ्य चौकी, र २६ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा चार जना डाक्टरको दरबन्दी भए पनि यो वर्ष आठ जना डाक्टरहरू कार्यरत छन्। अहेबको दरबन्दी १ सय जना रहेकोमा ८४ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट ७ करोड ८० लाख २९ हजार र औषधी खर्चबापतको रकम २६ लाख रहेको छ। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन।

३.१५ म्याग्दी



जिल्ला सदरमुकामः बेनी
क्षेत्रफल (वर्ग कि. मि.)ः २,२९७
घरधुरी सङ्ख्याः २७,७६२
जम्मा जनसङ्ख्याः १,१३,६४१
पुरुषः ५१,३९५
महिलाः ६२,२४६
अपाङ्ग सङ्ख्याः ६,१२२
गाविस/नपा सङ्ख्याः ४१/०
पुरुष साक्षरता सङ्ख्याः ३७,७३७
महिला साक्षरता सङ्ख्याः ३७,७९३
हिन्दू धर्मावलम्बी प्रतिशतः ८७.१६
बौद्ध धर्मावलम्बी प्रतिशतः १०.३३
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.१६
किराँत धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.३३
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.७८
वोन धर्मावलम्बी प्रतिशतः ०.०२
अन्य धर्मावलम्बी प्रतिशतः ०.२०९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०९

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १३ जना महिला र दुई जना पुरुष गरी १५ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १८ जना महिला र दुई जना पुरुष गरी २० जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ। गैरराज्य पक्षबाट यस वर्ष दुई जना पुरुषको हत्या भयो। कथित बोक्सीको आरोपमा एक जना, बलात्कारको घटनामा पाँच जना महिला र एक जना बालिका यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनका एउटा घटना अभिलेखित भयो। सन् २०१३ मा आठ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१		१
अपहरण	१		१
महिलाअधिकार	१६		१६
हत्या		२	२
जम्मा	**१८**	**२**	**२०**

जेल र बन्दी

'घ' श्रेणीको यस कारागारमा २५ पुरुष र ७ महिला गरी ३२ जना बन्दीको क्षमता रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ७५ जना र नतोकिएका २० जना गरी ९५ जना कैदी बन्दी कारागारमा रहेका छन्। जसमा ९० जना पुरुष र ५ जना महिला छन्। कारागारमा आश्रित बालबालिका छैनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

म्याग्दी जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ७० थान र फौजदारी मुद्दा २३ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा फैसला हुन बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा १ सय ४७ प्राथमिक, ३४ निम्न माध्यमिक र ३९ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ९ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका १५ हजार ६ सय ३४ बालक र १६ हजार २ सय बालिका रहेका छन्।

उनीहरू सबै विद्यालय भर्ना भएको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयले दियो। आपाङ्गमैत्री तथा शौचालय सुविधा रहेको विद्यालयको विवरण जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइएन। यस जिल्लाका ६ हजार २ सय ९६ दलित बालक र ४ हजार ९ सय ७५ दलित बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

बलात्कार ,बलात्कार प्रयास, यौन दुर्व्यबहार

१६ वर्षीया एक बालिकालाई ०७१ मङ्सिर ७ गते ताकम गाविस-८ का ३४ वर्षीय खिमबहादुर विकले मुना गाविस-१ स्थित जङ्गलमा बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा मङ्सिर ९ गते किटानी जाहेरी दिइन्। जाहेरीका आधारमा प्रहरीले विकलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान गरेकोमा जिल्ला अदालतको पुस ७ गतेको आदेश बमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडितको मङ्सिर ९ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४७ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १२, खानलाउन नदिएको पाँच, विवाह दर्ता तथा नागरिकता नबनाएको दुईजना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा सात उजुरी छन् भने बाँकी सामान्य झैझगडाका २१ घटना दर्ता भए। ती घटनामध्ये प्रहरीबाट ४० घटनामा मिलापत्र गराइएको र सात उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्र केन्द्रबाट जानकारी प्राप्त भयो। यसवर्ष म्याग्दी जिल्लामा पाँच जना महिला बलात्कृत भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा यो सङ्ख्या दुई मात्र थियो। बोल्न र सुन्न नसक्ने ५० वर्षीया महिलालाई ताकम गाविस-६ का ३० वर्षीय राजेन्द्र न्यौपानेले ०७१ असार १९ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले असार २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०७१ असार २१ गते गिरफ्तार गर्‍यो। पीडितका आफन्तले दिएको उजुरीमा घाँस काट्न गएको मौका छोपी न्यौपानेले बलात्कार गरेको उल्लेख छ। पीडितको जिल्ला अस्पतालमा असार २० गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको भदौ ५ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	५	५
बलात्कारको प्रयास	२	२
बहुविवाह	३	३
घरेलु हिंसा	५	५
जम्मा	१६	१६

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र एक, स्वास्थ्य चौकी १६ र उपस्वास्थ्य चौकी पनि १६ ओटै रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा दुई जना डाक्टरको दरबन्दी भएकोमा दुवै जना कार्यरत रहेका छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी जिल्ला अस्पतालमा नभएको जनस्वास्थ्य कार्यालयले जनायो। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जिल्लाको वार्षिक बजेट ९ करोड ६० लाख ४२ हजार र औषधी खर्चवापतको रकम १८ लाख रहेको छ। स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नबस्ने, निशुल्क वितरण गर्ने भनिएका औषधी सजिलै नपाइने समस्या यस जिल्लामा विद्यमान छन्।

३.१६ मुस्ताङ



जिल्ला सदरमुकामः जोमसोम
क्षेत्रफल (वर्ग कि. मि.): ३,५७३
घरधुरी सङ्ख्याः ३,३५४
जम्मा जनसङ्ख्याः १३,४५२
पुरुषः ७,०९३
महिलाः ६,३५९
अपाङ्ग सङ्ख्याः २०४
गाविस/नपा सङ्ख्याः १६/०
पुरुष साक्षरता सङ्ख्याः ५,१७३
महिला साक्षरता सङ्ख्याः ३,४६६
हिन्दू धर्मावलम्बी प्रतिशतः ३७.४७
बौद्ध धर्मावलम्बी प्रतिशतः ६०.१८
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०२
किराँत धर्मावलम्बी प्रतिशतः ०.१४
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.१३
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०४
जैन धर्मावलम्बी प्रतिशतः ०.०१
वोन धर्मावलम्बी प्रतिशतः ०.७३
अन्य धर्मावलम्बी प्रतिशतः ०.२९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०१

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता सात जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका छ जना कैदी र कैद नतोकिएका चार जना थुनुवा गरी जम्मा १० जना बन्दी रहेका छन्। जसमा महिला एक र पुरुष नौ जना छन्। यो जिल्ला कारागार प्रशासकीय प्रयोजनका लागि निर्माण गरिएको हुँदा बन्दीहरू राख्न उपयुक्त छैन। कारागारको भौतिक अवस्था जीर्ण रहेको छ। बन्दीहरूका लागि कोठाको अभाव छ। कारागारभित्र दिइने सेवा सुविधा सरकारी ऐन नियम बमोजिम रहेको कारागार प्रशासनले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

मुस्ताङ जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या दुई थान र फौजदारी मुद्दाको सङ्ख्या तीन थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ४१ प्राथमिक, ६ निम्न माध्यमिक र ६ माध्यमिक विद्यालयहरू रहेका छन्। ३ सय २२ जना शिक्षकको दरबन्दी रहेकोमा ३ सय १७ जना कार्यरत छन्। जिल्लामा विद्यालय जाने उमेरका १ हजार २ सय ९ जना बालक र १ हजार २ सय बालिका यो वर्ष विद्यालयमा भर्ना भए। जिल्लामा रहेका सबै विद्यालयमा शौचलाय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

झुमा प्रथा

यस जिल्लामा परम्परागतरूपमा रहिआएको झुमा प्रथाअन्तर्गत परिवारका माहिली छोरी झुमा बस्नुपर्ने चलन छ। हाल आएर कुनै बाध्यता नभइ आफ्नै स्वेच्छाले परिवारको माहिली छोरी मात्र नभएर जुनसुकै छोरी झुमा बस्ने प्रचलन बन्दै गएको छ। यतिमात्र नभएर एउटै परिवारका दुई छोरीहरू पनि झुमा बसिरहेको पाइन्छ। यस प्रथामा विवाह गर्न कुनै रोकावट भने छैन तर, यदि झुमाले विवाह गरेमा आफ्नो आमाबुबाको सट्टा सम्बन्धित गुम्बाको प्रमुख लामा वा गुरुलाई गुम्बाको नियमानुसारको माफी माग्नुपर्ने चलन छ। कसैले विवाह नगरी आजीवन झुमा भएर आफनो, धर्म, संस्कृति प्रति विश्वास राखी बसेमा छोरासरह अंश दिने चलन पनि रही आएको छ।

कुनै पनि पूजाआजामा सहभागी हुँदा झुमाहरूले पनि लामा (पुरुष) सरह दक्षिणा पाए पनि महिला र पुरुषमा केही विभेद भने रहेको पाइन्छ। समयानुसार आधुनिकीकरण हुँदै गइरहेको र तैपनि परापूर्वकालदेखि धार्मिक सहिष्णुताले ओतप्रोत भएको कारणले गर्दा पनि यस प्रथाले राम्रोसँग जरो गाडेको पाइएको छ। विभिन्न दुःख, बिरामी परेमा, घरमा अशान्ति फैलिएमा पूजा आजा गरेमा शान्ति हुने जन

विश्वास रहिआएकोले पनि यस प्रथाले बढावा पाएको देखिन्छ। आमा महिलाहरूलाई भन्दा धार्मिक आस्था राख्ने महिलाहरू (झुमाहरू) लाई बढी मान सम्मान पनि दिने लुरी गुम्बाका आनी खान्डोको भनाइ छ।

मुखिया प्रथा

परम्परादेखि यस जिल्लामा मुखिया प्रथाको प्रचलन रही आएको देखिन्छ। पहिले पहिले गाउँमा जो अलि हुने खाने छ जसको अगाडि कोही बोल्न सक्दैन त्यही व्यक्ति आफ्नो मनोमानीले जति समय आफूलाई बस्न मन लाग्यो त्यति अवधिसम्म मुखियाको पदमा बस्ने चलन थियो। गाउँस्तरमा कुनै पनि समस्या आइपरेमा एकलौटी ढङ्गले मुखियाले नै निर्णय सुनाउँथे र त्यो निर्णयलाई कसैले नकार्न सक्ने अवस्था थिएन। विभिन्न क्षेत्रगत नीति नियमहरू बनाउँदा पनि कसैले सहभागिता बिना आफ्नो अनुकूल मिलाएर बनाउँथे तर अहिले आएर काम गर्ने तौरतरिकामा क्रमश: सुधार हुँदै आएका पाइन्छ।

अहिले आएर सम्पूर्ण स्थानीय बासिन्दाहरूले प्रजातान्त्रिक ढङ्गबाट मुखिया छनौट गर्ने गरेको बुद्धिजीवी लालबहादुर थकालीले बताए। यसका साथै मुखियाको अवधि पनि मुखिया छनौट गर्ने बेलामा तोकिने र यसको अवधि प्राय: दुईदेखि तीनवर्ष रहेका पाइयो। कुनै पनि नीति नियम बनाउँदा होस् वा समस्याको समाधान गर्दा होस् स्थानीयबासीहरूलाई भेला गराएर उनीहरूको विचार विमर्शलाई ध्यानमा राखी सबैको सहमतिमा मात्र निर्णय गरिन्छ। मुखिया प्रथा छिटो, छरितो र पारदर्शी हुने भएकोले जिल्लाका अधिकांश स्थानीयवासीले यस प्रथालाई बढावा दिएको पाइन्छ। स्थानीय सरकारको अभावमा गाविस तथा गाउँस्तरका काम, कारबाही र विकासनिर्माणका काममा अत्यन्त सहयोग पाइएका कुरा सरकारी कार्यालयका प्रतिनिधिहरूले बताए। समग्रमा हेर्दा राम्रो देखिए तापनि केही गाउँहरूमा अझ मुखिया प्रथाको निर्णयलाई प्रतिवाद गर्न नपाइने र गाउँको बैठकमा महिला र दलितहरू सहभागी हुन नपाइने अवस्था यथावत् छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, आठ ओटा स्वास्थ्य चौकी र सात ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा दुई जना डाक्टरको दरबन्दी भएकोमा दुई जना डाक्टर कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी २० जना रहेकोमा १७ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट ५ करोड ३२ लाख ८८ हजार र औषधी र प्रशासनिक खर्चवापतको रकम ४३ लाख ६९ हजार ३ सय ७५ रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो।

मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्यूठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालीकोट

४.१४ मुगु

४.१५ हुम्ला

४.१ दाङ



जिल्ला सदरमुकामः घोराही
क्षेत्रफल (वर्ग कि. मि.): २,९५५
घरधुरी सङ्ख्याः १,१६,४१५
जम्मा जनसङ्ख्याः ५,५२,५८३
पुरुषः २,६१,०५९
महिलाः २,९१,५२४
अपाङ्ग सङ्ख्याः १२,८८१
गाविस/नपा सङ्ख्याः ३९/२
पुरुष साक्षरता सङ्ख्याः १,८८,९३३
महिला साक्षरता सङ्ख्याः १,७१,९५४
हिन्दू धर्मावलम्बी प्रतिशतः ९६.४६
बौद्ध धर्मावलम्बी प्रतिशतः १.१६
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.८७
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.३४
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०७
वहई धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.०७९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.७५

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १८ जना महिला र तीन जना पुरुष गरी २१ जना र राज्य पक्षबाट भएको घटनामा १० जना पुरुष र चार जना महिला गरी १४ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ५१ जना महिला र तीन जना पुरुष गरी ५४ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ। गैरराज्य पक्षबाट यस वर्ष तीन जना महिलाको हत्या भयो। यस वर्ष बलात्कारको घटनामा पाँच जना महिला पीडित भए। बालअधिकार उल्लङ्घनका १४ ओटा घटना यस वर्ष अभिलेखित भए, जसमध्ये सात जना बालिका बलात्कार र चार जना बालिकामाथि यौनदुर्व्यवहारका भएका घटना इन्सेकले अभिलेखित गर्‍यो। सन् २०१३ मा सात जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१	२	३
बालअधिकार	१३	१	१४
महिलाअधिकार	३४		३४
हत्या	३		३
जम्मा	**५१**	**३**	**५४**

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
अन्यबाट

ललितपुर चापागाँउ घर भइ तुलसीपुर-सुर्खेत सडक खण्डमा पर्ने भमके खोलामा निर्माणाधीन पुलका कर्मचारी २४ वर्षीय सुरेन्द्र देशारलाई ०७१ असार १८ गते अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। तीन जनाको सङ्ख्यामा आएका अपरिचित व्यक्तिहरूले गोली प्रहार गर्दा पीडितको दायाँ तिघ्रामा गोली लागेको प्रहरीले जनायो। घाइतेको काठमाडौँस्थित अल्का अस्पतालमा उपचार भएको थियो। घटनामा संलग्न व्यक्तिहरूको पहिचान हुन सकेन।

जेल र बन्दी
जिल्ला कारागार घोराही

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय २ र कैद नतोकिएका ६३ कैदी र थुनुवा गरी जम्मा १ सय ६५ जना बन्दीहरू रहेका छन्।

कारागार तुलसीपुर

'घ' श्रेणीको यस कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ७९ र कैद नतोकिएका १० कैदी र थुनुवा गरी जम्मा १ सय ८९ जना बन्दीहरू रहेका छन्। कारागारमा आश्रित बालक एक जना र बालिका एक जना रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दाङ जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई ओटा अदालत छन्। जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेकोमा दुई जना नै कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २ सय ९७ थान र फौजदारी मुद्दा २ सय २८ थान रहेका छन्। यस अदालतमा दुई वर्ष भन्दा पुराना देवानी मुद्दा बाँकी छैनन् भने फैसला हुन बाँकी फौजदारी मुद्दाको सङ्ख्या दुई थान रहेको छ। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश २ सय ६० हाराहारीका मुद्दा भागमा पर्ने देखिन्छ।

यसैगरी, छ जना न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा पाँच जना न्यायाधीशहरू कार्यरत रहेका छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका फौजदारी मुद्दा २ सय ११ थान रहेका छन्। दुई वर्ष पुराना कुनै पनि मुद्दा फैसला हुन बाँकी रहेनन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ६० हाराहारीमा मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ५२ प्राथमिक, ८५ निम्न माध्यमिक र ५१ माध्यमिक विद्यालयहरू रहेका छन्। १७ सय ४० जना शिक्षकको दरबन्दी रहेकोमा ३ हजार ३० जना कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयकाअनुसार यो वर्ष ६३ हजार ९ सय २५ जना बालक र ५५ हजार ९ सय २५ जना बालिका विद्यालयमा भर्ना भए। जिल्लामा रहेका सबै विद्यालयमा शौचालयको सुविधा रहेको छ। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	७		७
विद्यालयमा शारीरिक सजाय	१		१
यौन दुर्व्यवहार	४		४
हत्याको प्रयास	१	१	२
जम्मा	१३	१	१४

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष तीन वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो । घटनामा बालकहरूका साथै ८० वर्ष उमेरसम्मका पुरुष संलग्न रहेको पाइयो । बलात्कार घटनामा नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो। आफ्ना नातिनीलाई बलात्कार गरेको आरोपमा गिरफ्तार भए। सामूहिक बलात्कारका घटना पनि सार्वजनिक भए।

७ वर्षीया एक बालिकालाई ०७० फागुन ४ गते हेकुली गाविस-३ रावतगाँउ का ८० वर्षीय हुर्मत धितातले स्कूल जाऊँ भनी बोलाएर आफ्नो घरमा पुऱ्याई बलात्कार गरेको भन्दै पीडितपक्षले ०७० फागुन ४ गते प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन स्थानीय अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन ४ गते गिरफ्तार गरेकामा जिल्ला अदालतले चैत ६ गते आरोपितलाई दोषी ठहर गर्दै १० वर्ष कैदको फैसला गऱ्यो ।

पाँच एक वर्षीया बालिकालाई ०७१ कात्तिक १६ गते घोराही बजारको बुद्धि ग्यारेज नजिकैको बसको सिटमा अचेत अवस्थामा प्रहरीले फेला पाऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण र उपचार राप्ती उपक्षेत्रीय अस्पतालमा भयो। स्वास्थ्य परीक्षण प्रतिवेदनमा बालिकामाथि बलात्कार भएको उल्लेख थियो। प्रहरीले आरोपितको खाजी कार्य जारी रहेको बताए पनि हालसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३३ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र दाङमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १६, खानलाउन नदिएको १४, अर्को श्रीमती ल्याएर हेला गरेकोमा दुई उजुरी दर्ता भएका थिए। ती घटनामध्ये प्रहरीले ३२ घटनामा मिलापत्र गराएको र एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको जनायो। यो वर्ष पाँच जना महिला बलात्कृत भए। सन् २०१३

मा महिलामाथि भएको बलात्कारको घटना अभिलेख भएको थिएन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	४	४
बलात्कार	५	५
बलात्कारको प्रयास	३	३
बहुविवाह	६	६
घरेलु हिंसा	१६	१६
जम्मा	३४	३४

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

३५ वर्षीया एक महिलालाई ०७१ असोज १५ गते सामूहिक बलात्कार गरेको आरोपमा रोल्पा जिल्ला घर भइ हाल दाङ घोराही नपा-१ सर्रा बस्ने २४ वर्षीय पवन डीसी, घोराही नपा-१ सर्राका १७ वर्षीय गुरुप्रसाद चौधरी, सोही ठाउँका १७ वर्षीय दुर्गा चौधरी, १८ वर्षीय प्रदीप चौधरी र १७ वर्षीय एक बालकलाई प्रहरीले ०७१ कात्तिक १६ गते गिरफ्तार गऱ्यो। घटनाका अर्का आरोपित आशीष न्यौपाने हालसम्म फरार रहेका छन्। जिल्ला अदालतको ०७१ कात्तिक १७ गतेको आदेश अनुसार पाँच जना आरोपित पुर्पक्षका लागि घोराही कारागारमा थुनामा छन्। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कथित बोक्सीको आरोप

हापुर गाविस-७ की एक वृद्धालाई ०७० फागुन १२ गते सोही ठाँउका शुक्रबीर गन्धर्वले बोक्सीको आरोप लगाएको भन्दै ०७० फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा पीडितले आरोपित विरुद्ध उजुरी दिइन्। प्रहरीले आरोपितलाई ०७१ फगुन १६ गते गिरफ्तार गरी जिल्ला अदालतका मुद्दा दर्ता गरेकोमा ०७१ असार २५ गते जिल्ला अदालतले आरोपित गन्धर्वलाई ५ हजार रुपैँया जरिवाना गर्ने फैसला गऱ्यो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

गोवरडीहा गाविस-४ पचाहाकी ७६ वर्षीया चञ्चला चौधरीलाई ०७१ मङ्सिर १७ गते पति ७८ वर्षीय कैलाश चौधरीले फरुवा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। मदिरा सेवन गरेका चौधरीले घरमा झगडा गरी खेतको खलियानमा धानको हेरचाह गर्न गएका बेला खलियानमा सुतेकी पत्नीलाई फरुवा प्रहार गरी हत्या गरेको प्रहरीले जानकारी दियो। जिल्ला अदालतको ०७१ मङ्सिर २५ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

रामपुर गाविस -८ निवासी ३५ वर्षीया सुशीला दमाईलाई ०७१ वैशाख १३ गते पति ३९ वर्षीय गले दमाईले खुकुरी प्रहार गरी घाइते बनाए। मादकपदार्थ सेवन गरेका आरोपितले सामान्य विवादमा पीडितलाई खुकुरी प्रहार गरेको प्रहरीले जनायो। घाइते सुशीलाको राप्ती उपक्षेत्रीय अस्पतालमा घोराहीमा उपचार भयो। आरोपितलाई प्रहरीले ०७१ वैशाख १४ गते गिरफ्तार गरेकोमा गल्ती नदोहोऱ्याउने सर्तमा वैशाख १५ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

बिजौरी गाविस-७ अस्पतालडाँडाकी ४५ वर्षीया कुमारी सार्कीलाई ०७१ असार १५ गते पति ४६ वर्षीय टेकबहादुर सार्कीले मादकपदार्थ सेवन गरी धारिलो हतियार (खुकुरी) प्रहार गरी गम्भीर घाइते बनाएको भन्दै पीडितका भाइले प्रहरीमा खबर गरे। कुटपिटबाट टाउको, हात र मुखमा गहिरो चोट लागेकी पीडितको राप्ती अञ्चल अस्पतालमा उपचार भयो । आरोपित सार्कीलाई प्रहरीले ०७१ असार १५ गते गिरफ्तार गरेकोमा प्रहरी चौकी हेमन्तपुरले असार २० गते दुवै बीच मिलापत्र गरायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन ओटा अञ्चल अस्पताल, २० ओटा स्वास्थ्य चौकी, र १६ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा चार जना डाक्टरको दरबन्दी भएकोमा तीन जना कार्यरत रहेका छन्। अहेबको दरबन्दी ९९ जनाको रहेकोमा ९८ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जिल्लाको वार्षिक बजेट १३ करोड ८४ लाख २६ हजार र औषधी खर्चबापतको रकम १ करोड रुपियाँ रहेको छ। स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नबस्ने जस्ता समस्या यस जिल्लामा देखिएनन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन।

४.२ प्यूठान



जिल्ला सदरमुकामः खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.)ः १,३०९
घरधुरी सङ्ख्याः ४७,७३०
जम्मा जनसङ्ख्याः २,२८,१०२
पुरुषः १,००,०५३
महिलाः १,२८,०४९
अपाङ्ग सङ्ख्याः ५,९३०
गाविस/नपा सङ्ख्याः ४९/०
पुरुष साक्षरता सङ्ख्याः ६८,३६५
महिला साक्षरता सङ्ख्याः ६८,९०४
हिन्दू धर्मावलम्बी प्रतिशतः ९६.६१
बौद्ध धर्मावलम्बी प्रतिशतः २.८२
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.२७
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.२४
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.०५४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.७८

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १५ जना महिला र सात जना पुरुष गरी २२ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट २१ जना महिला चार जना पुरुष गरी २५ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष गैरराज्य पक्षबाट एक जना महिला र एक जना पुरुषको हत्या भयो। अघिल्लो वर्ष दुई जनाको हत्या भएको थियो। यो वर्ष बलात्कारको घटनामा दुई जना महिला र तीन जना बालिका पीडित भए भने ६ जना बालिकामाथि यौनदुर्व्यवहार भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा चार जना बालबालिका पीडित भएका थिए। एक वर्षीय बालकको एक महिलाले हत्या गरेको घटना पनि यस वर्ष अभिलेख भयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१		१
बालअधिकार	९	३	१२
महिलाअधिकार	१०		१०
हत्या	१	१	२
जम्मा	**२१**	**४**	**२५**

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५९ र नतोकिएका ११ कैदी र थुनुवा गरी जम्मा ७० जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरुष ५२ र सात जना महिला रहेका छन् भने कैद नतोकिएका सात जना पुरूष र चार जना महिला रहेका छन्। कारागारमा दुईओटा टेलिभिजन, पुस्तकालय र पत्रपत्रिकाको सुविधा उपलब्ध छन्। पुरानो भवन र क्षमता भन्दा भण्डै तीन गुणा बन्दीहरू भएकाले अप्ठ्यारो भएको बन्दीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

प्यूठान जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ४० थान र फौजदारी मुद्दा ५१ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी छैनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ८५ प्राथमिक, ५५ निम्नमाध्यमिक र ४७ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ५ सय ९ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। जिल्लाका विद्यालय जाने उमेरका ३४ हजार ५ सय दुई बालक र ३६ हजार ५४ बालिका विद्यालय भर्ना भए। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्ला शिक्षा कार्यालयका अनुसार ७ हजार ९ सय ६८ दलित बालक र ८ हजार ६ सय ६० दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको छ। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम		३	३
बलात्कार	३		३
यौन दुर्व्यवहार	६		६
जम्मा	९	३	१२

हत्या

बाङ्गेसाल गाविस- १ का पाँच वर्षीय बालक शरद कुमाललाई सोही ठाउँकी २६ वर्षीया चन्द्रकला कुमालले ०७० माघ २५ गते दिउँसो बालकको घर नजिकै खुर्पाले घाँटी रेटेर हत्या गरेको आरोपमा उनलाई माघ २५ गते प्रहरीले गिरफ्तार गऱ्यो। बच्चाहरूबीच भएको झगडाको विषयमा आवेगमा आई आरोपितले हत्या गरेको प्रहरीले जनायो। पीडक महिलालाई जिल्ला अदालत, प्यूठानले ०७१ भदौ १९ गते जन्मकैदको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष प्यूठान जिल्लामा तीन जना बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालत प्यूठानले आरोपितहरूलाई चारदेखि १५ वर्षसम्म कैद गर्ने फैसला सुनायो। बलात्कार घटनाका आरोपित बाबुसमेत रहेका थिए।

१७ वर्षीया अपाङ्ग बालिकालाई ४१ वर्षीय बाबुले एक वर्ष अघिदेखि बारम्बार बलात्कार गरेको ०७० फागुन १४ गते परिवारले थाहा पाएपछि फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन २१ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको ०७० फागुन २२ गते जिल्ला अस्पताल बिजुवारमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालत प्यूठानले भदौ १९ गतेको पीडकलाई १५ वर्ष कैद सजाय सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। ती घटनामध्ये प्रहरीले १७ घटनामा मिलापत्र गराएको र दुई ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सो केन्द्रले जनायो। यो वर्ष प्यूठान जिल्लामा दुई जना महिला बलात्कृत भए। अघिल्लो वर्ष पनि यो सङ्ख्या दुई नै थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
बलात्कारको प्रयास	१	१
घरेलु हिंसा	६	६
यौन दुर्व्यवहार	१	१
जम्मा	१०	१०

बलात्कार, बलात्कार प्रयास तथा यौनदुर्व्यवहार

२८ वर्षीया एक महिलालाई ०७१ कार्तिक १२ गते बलात्कार गरेको आरोपमा कोचिवाङ गाविस- ६ का २० वर्षीय सञ्जय परियारविरुद्ध पीडितका परिवारले कात्तिक १२ गते प्रहरीमा उजुरी गरे। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पताल बिजुवारमा कात्तिक १३ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित मङ्सिर ९ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

७० वर्षीया एक वृद्धालाई ०७१ असार २५ गते बलात्कार प्रयास गरेको आरोपमा मकावाङ गाविस- १ का २५ वर्षीय राजु परियारलाई प्रहरीले असार २६ गते गिरफ्तार गऱ्यो। पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा ०७१ असार २६ गते जाहेरी दिएका थिए। पीडितको असार २६ गते जिल्ला अस्पताल बिजुवारमा स्वास्थ्य परीक्षण गरिएको थियो। जिल्ला अदालतले कात्तिक २३ गते आरोपितलाई तीन वर्ष कैद सजाय गर्ने फैसला सुनायो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

कोचिवाङ गाविस - ६ की ५५ वर्षीया क्वाडी पुनलाई ०७१ असार ७ गते साँझ मादकपदार्थ सेवन गरेका पति ६० वर्षीय इमानसिङ पुनले चिम्टाले कन्चटमा हानी हत्या गरे। आरोपितलाई जिल्ला अदालत प्यूठानले ०७१ पुस ३ गते जन्मकैदको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, २३ ओटा स्वास्थ्य चौकी, र २३ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा पाँच जना डाक्टरको दरबन्दी भएकोमा सबै कार्यरत रहेका छन्। अहेबको दरबन्दी ६५ जना रहेकोमा ५८ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १२ करोड ६० लाख ६७ हजार र औषधी खर्चवापतको रकम १२ लाख ४३ हजार रहेको छ। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन।

४.३ रोल्पा



जिल्ला सदरमुकाम: लिवाङ
क्षेत्रफल (वर्ग कि. मि.): १,८७९
घरधुरी सङ्ख्या: ४३,७५७
जम्मा जनसङ्ख्या: २,२४,५०६
पुरुष: १,०३,१००
महिला: १,२१,४०६
अपाङ्ग सङ्ख्या: ७,४५८
गाविस/नपा सङ्ख्या: ५१/०
पुरुष साक्षरता सङ्ख्या: ६६,०९१
महिला साक्षरता सङ्ख्या: ५७,५८५
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: ११.७४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६६
अन्य धर्मावलम्बी प्रतिशत: ०.६०६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१३

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३७ जना महिला र ३६ जना पुरुष गरी ७२ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १९ जना महिला र एक जना पुरुष गरी २० जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष तीन जना महिलाको हत्या भयो। दुई जना महिलालाई उनीहरूका पतिले हत्या गरेको घटना यस वर्ष अभिलेखित छ।

अघिल्लो वर्ष दुई जना महिला र तीन जना पुरुष गरी पाँच जनाको हत्या भएको थियो। यस वर्ष बलात्कारको घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बालअधिकार उल्लङ्घनका घटनामा पाँच जना बालबालिका पीडित भए। सन् २०१३ मा ६ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	४	१	५
अमानवीय व्यवहार	१		१
महिलाअधिकार	११		११
हत्या	३		३
जम्मा	१९	१	२०

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५९ जना कैदी र कैद नतोकिएका २७ जना थुनुवा गरी जम्मा ८६ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक दुई जना र बालिका एक जना गरी जम्मा ८६ जना रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रोल्पा जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ५० थान र फौजदारी मुद्दा १ सय ८० थान रहेका छन्। दुई वर्षभन्दा पुराना कुनै पनि देवानी मुद्दा बाँकी छैनन्। दुई वर्ष पुरानो एक थान फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहेको छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा १ सय ४८ प्राथमिक, ७३ निम्नमाध्यमिक र ४९ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ८२ जना शिक्षकको दरबन्दी रहेकोमा ८ सय ७ जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ६ हजार ९० बालक र ५ हजार ९ सय ७० बालिका विद्यालय भर्ना

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालविवाह	१		१
नवजात शिशुको हत्या	१		१
विभिन्न अवसरबाट बञ्चित	१		१
यौन दुर्व्यवहार	१	१	२
जम्मा	४	१	५

भए। जिल्लामा कति विद्यालयमा शौचालय सुविधा रहेको छ त्यसको जानकारी जिल्ला शिक्षा कार्यालयमा पाइएन। जिल्ला शिक्षा कार्यालयले ६ हजार ४ सय ७७ दलित बालक र ६ हजार ६ सय ४६ दलित बालिकालाई छात्रवृत्ति उपलब्ध गराइरहेको जनायो। जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

यौन दुर्व्यवहार

आठ वर्षीय एक बालकलाई धवाङ गाविस-४ का २२ वर्षीय पुस्तबहादुर पुनले ०७० फागुन १२ गते अप्राकृतिक मैथुन गरेको आरोपमा पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा फागुन २७ गते उजुरी दिए। आरोपितलाई फागुन २८ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले मङ्सिर १४ गते २० हजार रुपियाँ क्षतिपूर्तिसहित १३ वर्ष कैद हुने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय २९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय रोल्पा अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ६५ , खानलाउन नदिएको १५ , विवाह दर्ता तथा नागरिकता नबनाइदिएको चार, अर्की श्रीमती ल्याएर हेला गरेकोमा २१, मार्ने धम्की दिइएकोमा २४ उजुरी दर्ता दिएका थिए। ती घटनामध्ये प्रहरीले १ सय १५ घटनामा मिलापत्र गराएको र १४

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बलात्कारको प्रयास	१	१
घरेलु हिंसा	८	८
यौन दुर्व्यवहार	१	१
जम्मा	११	११

उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको कार्यालयले जनायो।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

५६ वर्षीया एक महिलालाई ०७१ मङ्सिर २८ गते बलात्कार प्रयास गरेको आरोपमा इरिबाङ गाविस-४ का ४० वर्षका हर्क कुँवरलाई पुस २ गते जिल्ला प्रहरी कार्यालय रोल्पाले गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध जबरजस्ती करणीको मुद्दा चलाई अनुसन्धान भइरहेको प्रहरीले जनायो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

मिक्चिङ गाविस- २ की ३६ वर्षीया बीना पुनलाई ०७० फागुन २० गते पति ३८ वर्षीय प्रेमबहादुर पुनले मरणासन्न हुने गरी कुटपिट गरेको दुई दिनपछि ०७० फागुन २२ गते उनको मृत्यु भयो। घटना भएलगत्तै मृतकका आफन्तले प्रहरीमा जानकारी दिएपछि आरोपितलाई ०७० फागुन २५ गते प्रहरीले गिरफ्तार गर्‍यो। जिल्ला अदालतले ०७१ असार १८ गते गरेको फैसलामा आरोपितलाई १५ वर्ष कैद सजाय सुनाएको छ।

बुढागाउँ गाविस- ६ की ३९ वर्षीया तिलसरी घर्तीलाई ०७० माघ २५ गते मादक पदार्थ सेवन गरेका पति ४२ वर्षीय पहलमान घर्तीले सामान्य घरायसी विवादमा टाउकोमा फलामबाट बनेको घरेलु सामग्री (सनासो) प्रयोग गरी हत्या गरेको आरोपमा पीडितपक्षले इलाका प्रहरी कार्यालय, होलेरीमा माघ २६ गते जाहेरी दियो। आरेपितलाई होलेरीबाट खटिएको प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो। जिल्ला अदालतले ०७१ असार १९ गते गरेको फैसलामा आरोपितलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको छ।

छोरा नजन्माएको आरोपमा कुटपिट

सिर्प गाविस-६ की ४७ वर्षीया देवीकला खड्काले पति ४८ वर्षीय हमिले खड्काले छोरा नजन्माएको भनी कुटपिट गरी घर निकाला गरेको भन्दै असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। छोरा नजन्माएको भन्दै पतिले पटक पटक कुटपिट गर्ने, कहिले फरुवाले हान्ने, कहिले तातो पानी शरीरमा खन्याई दिने गर्नुका साथै हत्या गरेर अर्को विवाह गर्ने धम्की दिएको निवेदनमा उल्लेख गरेकी थिइन्। जिल्ला प्रहरी कार्यालय रोल्पाले दुवै पक्षलाई छलफल गराई मिलापत्र गराएर पठाइएको जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, २० ओटा स्वास्थ्य चौकी, र २९ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा एक जना डाक्टरको दरबन्दी भएकोमा त्यो पद पनि रिक्त रहेको छ। अहेबको दरबन्दी १ सय नौ जना रहेकोमा ६५ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १२ करोड ११ लाख ६ हजार र औषधी खर्चबापतको रकम ९ लाख १७ हजार रहेको छ। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन।

४.४ सल्यान



जिल्ला सदरमुकामः खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): १,४६२
घरधुरी सङ्ख्याः ४६,५५६
जम्मा जनसङ्ख्याः २,४२,४४४
पुरुषः १,१५,९६९
महिलाः १,२६,४७५
अपाङ्ग सङ्ख्याः ६,२३३
गाविस/नपा सङ्ख्याः ४७/०
पुरुष साक्षरता सङ्ख्याः ७८,७१९
महिला साक्षरता सङ्ख्याः ६६,२६५
हिन्दू धर्मावलम्बी प्रतिशतः ९७.७१
बौद्ध धर्मावलम्बी प्रतिशतः ०.८२
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.११
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.२८
अन्य धर्मावलम्बी प्रतिशतः ०.०६८
प्रतिपरिवार सरदर सङ्ख्याः ५.२०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३९ जना महिला र २५ जना पुरुष गरी ६४ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ६९ जना महिला तीन जना पुरुष गरी ७२ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना भएनन्।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष बलात्कारको घटनामा एक जना, घरेलु हिंसामा ५२ जना, बेचबिखनका घटनामा दुई जना र बहुविवाहका १३ घटनामा जना महिला पीडित भए। बालअधिकार उल्लङ्घनका तीन जना बालबालिका पीडित भए। सन् २०१३ मा चार जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१	२	३
महिलाअधिकार	६८		६८
कुटपिट		१	१
जम्मा	६९	३	७२

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। कारागारमा यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६२ जना कैदी र कैद नतोकिएका ६ जना थुनुवा गरी जम्मा ६८ जना बन्दीहरू रहेका छन्। क्षमताभन्दा तीन गुणा बढी बन्दी रहेका कारण भुइँमा सुत्नुपर्ने अवस्था रहेको छ। कारागारमा दैनिक १५ सय लिटर पानीको माग भए पनि पर्याप्त आपूर्ति हुन नसक्दा खानेपानीको अभाव छ। कारागारमा ६० वर्ष माथिका पाँच जना दीर्घ रोगी बन्दी रहेको र उपचारका लागि बाहिर लैजान जिल्ला कारागारले अनुमति नपाएका कारण उनीहरूको उपचारमा समस्या देखिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सल्यान जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ३२ थान र फौजदारी मुद्दा ४१ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय २९ प्राथमिक, १ सय निम्न माध्यमिक र ७५ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ५ सय ७७ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेका छन्। जिल्लामा रहेका ५ सय ४ विद्यालयमध्ये ४ सय ६० विद्यालयमामात्र शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। यो वर्ष एक जना बालिका बलात्कृत भएका घटना इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा एकजना बालिकामाथि बलात्कार भएको इन्सेकले अभिलेख गरेको थियो। जिल्लाका कुनै पनि विद्यालय भवन बालमैत्री नभएको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	१		१
हत्याको प्रयास		२	२
जम्मा	१	२	३

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र सल्यानमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका तीन, खानलाउन नदिएको

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बहुविवाह	१३	१३
महिला बेचबिखन	२	२
घरेलु हिंसा	५२	५२
जम्मा	६८	६८

पाँच, अर्को श्रीमती ल्याएर हेला गरेको सात, मार्ने धम्की दिइएको तीन, कुटपिटका ४४ ओटा उजुरी दर्ता भएका थिए। ती सबै उजुरीमा प्रहरीले मिलापत्र गराएको पाइयो। यस वर्ष इन्सेकले ६८ जना महिलामाथि हिंसा भएको इन्सेकले अभिलेख गऱ्यो। यसैगरी बहुविवाहका १३ घटना इन्सेकले अभिलेखित गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एउटा अस्पताल, १८ ओटा स्वास्थ्य चौकी, २७ ओटा उपस्वास्थ्यचौकी र दुईओटा प्राथमिक स्वास्थ्यकेन्द्र रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा पाँच जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष दुईजना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १२ करोड रुपियाँ र औषधी खर्चवापतको रकम ५१ लाख रुपियाँ रहेको छ। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि पनि दाङ जानुपर्ने बाध्यता बिरामीहरूमा रह्यो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन।

४.५ रुकुम



जिल्ला सदरमुकामः खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.)ः २,८७७
घरधुरी सङ्ख्याः ४१,८५६
जम्मा जनसङ्ख्याः २,०८,५६७
पुरुषः ९९,१५९
महिलाः १,०९,४०८
अपाङ्ग सङ्ख्याः ५,९२२
गाविस/नपा सङ्ख्याः ४३/०
पुरुष साक्षरता सङ्ख्याः ६४,०६२
महिला साक्षरता सङ्ख्याः ५५,०९६
हिन्दू धर्मावलम्बी प्रतिशतः ९६.५१
बौद्ध धर्मावलम्बी प्रतिशतः १.०७
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.५९
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१७
अन्य धर्मावलम्बी प्रतिशतः ०.५९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.९९

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १६ जना महिला र ४६ जना पुरुष गरी ६२ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १२ जना महिला पीडित भए। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो।

गैरराज्य पक्षबाट यस वर्ष तीन जना महिलाको हत्या भयो। अघिल्लो वर्ष चार जना महिला र एक जना पुरुषको हत्या भएको थियो। बालअधिकार उल्लङ्घनका पाँच जना बालिका पीडित भए, जसमध्ये

चार जना बालिकामाथि भएका बलात्कारका घटना छन्। सन् २०१३ मा चार जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालअधिकार	५	५
महिलाअधिकार	४	४
हत्या	३	३
जम्मा	**१२**	**१२**

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २४ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६० जना कैदी र कैद नतोकिएका १० जना थुनुवा गरी जम्मा ७० जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना रहेका छन्। क्षमता भन्दा तेब्बर बन्दीहरू राखेपछि निकै समस्या भएको बन्दीहरूको गुनासो रहेको छ। कारागारभित्र कहिलेकाहीँ पत्रपत्रिका पढ्ने तथा टेलिभिजनको सुविधा रहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रुकुम जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ७८ थान र फौजदारी मुद्दा ८७ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ५५ प्राथमिक, ६५ निम्न माध्यमिक र ५७ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ५ सय १३ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ९ जना कार्यरत रहेका छन्। यो वर्ष २८ हजार ४ सय २७ जना बालक र ४२ हजार ६ सय ४५ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा पाँच ओटा विद्यालय अपाङ्गमैत्री भएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लाका सबैजसो भवन बालमैत्री नभएको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	४	४
जम्मा	**५**	**५**

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ७० जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र रुकुममा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ४३ , खानलाउन नदिएको सात, विवाह दर्ता तथा नागरिकता नबनाइदिएको दुई, अर्को श्रीमती ल्याएर हेला गरेको भनी १७ उजुरी दर्ता भएका थिए। ती घटनामध्ये प्रहरीले ४७ घटनामा मिलापत्र गराएको र २२ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो । यसवर्ष रुकुममा एक जना महिला माथि बलात्कारको प्रयास भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा एक बलात्कार र एक बलात्कार प्रयासको घटना इन्सेकले अभिलेख गरेको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	१	१
बहुविवाह	३	३
जम्मा	**४**	**४**

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

३२ वर्षीया एक महिलालाई ०७१ असोज ९ गते बलात्कारको प्रयास गरेको आरोपमा हुकाम गाविस-४ का २२ वर्षीय अर्जुन बुढालाई जिल्ला प्रहरी कार्यालय, रुकुमले असोज १३ गते सदरमुकाम खलङ्गाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत रुकुमका न्यायाधीश हेमन्त रावलको कात्तिक ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

४.६ बाँके



जिल्ला सदरमुकामः नेपालगन्ज
क्षेत्रफल (वर्ग कि. मि.): २,३३७
घरधुरी सङ्ख्याः ९४,७७३
जम्मा जनसङ्ख्याः ४,९१,३१३
पुरुषः २,४४,२५५
महिलाः २,४७,०५८
अपाङ्ग सङ्ख्याः ७,४६८
गाविस/नपा सङ्ख्याः ४६/१
पुरुष साक्षरता सङ्ख्याः १,५८,९४१
महिला साक्षरता सङ्ख्याः १,२८,५४८
हिन्दू धर्मावलम्बी प्रतिशतः ७८.४२
बौद्ध धर्मावलम्बी प्रतिशतः १.१४
इस्लाम धर्मावलम्बी प्रतिशतः १८.९८
किराँत धर्मावलम्बी प्रतिशतः ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.३२
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
जैन धर्मावलम्बी प्रतिशतः ०.०१
शिख धर्मावलम्बी प्रतिशतः ०.००८
अन्य धर्मावलम्बी प्रतिशतः ०.०८
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१८

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५२ जना महिला र १७ जना पुरुष गरी ६९ जना र राज्य पक्षबाट भएको घटनामा १० जना पुरुष र एक जना महिला गरी ११ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ७५ जना महिला र २४ जना पुरुष ९९ जना र चार जना तेस्रो लिङ्गी गरी १ सय तीन जना पीडित भए।

घरेलु हिंसा

परिवाजनबाट हत्या

गरायला-४ की २७ वर्षीया विमला ओलीलाई ०७१ भदौ ९ गते पति प्रजीत ओलीले घाँटी थिचेर हत्या गरे। दुली गाविस -९ मा रहेको ससुराली गाउँ जान भनेर हिँडेका प्रजितले गरायला-४ कै मौराखाराको जङ्गलमा भाद्र ९ गते पत्नीको हत्या गरी शव जङ्गलमा छाडेर फरार रहेका थिए। फरार आरोपितलाई इलाका प्रहरी कार्यालय, चौरजहारी र प्रहरी चौकी, पूर्तिमकाँडाको संयुक्त टोलीले भाद्र १० गते राती विजयश्वरी गाविसबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हेमन्त रावलको इजलासले कातिक १४ गते आरोपितलाई दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैद हुने फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, दुई ओटा स्वास्थ्य चौकी र ३१ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा चार जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष दुई जना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट ७ करोड १८ लाख ८२ हजार र औषधी खर्चवापतको रकम २८ लाख २५ हजार रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि पनि जिल्लाबाहिर जानुपर्ने बाध्यता बिरामीहरूमा रह्यो। ग्रामीणस्तरमा रहेका स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीका इन्चार्जहरू कार्यालय नियमित नबस्ने गरेको विभिन्न गाविसका स्थानीयवासीको गुनासो रहेको छ। राज्यले बिरामीलाई जिल्ला अस्पतालमा ७० प्राथमिक स्वास्थ्य केन्द्र ४० र उपस्वाथ्य चौकीमा ३२ प्रकारका औषधी नि:शुल्क प्रदान गर्ने भने पनि जिल्ला अस्पतालमासमेत १५ किसिमका औषधी मात्रै नि:शुल्क पाइन्छ।

यस वर्ष राज्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटनामा दुई जना महिला र चार जना पुरुष गरी ६ जना पीडित भए।

यस वर्ष जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष तीन जना महिला र दुई जना पुरुषको हत्या भयो। यस वर्ष बलात्कारको घटनामा चार जना, यौनदुर्व्यवहारका घटनामा पाँच जना, कथित बोक्सीको आरोपमा दुई जना, घरेलु हिंसाका घटनामा ३५ जना महिला पीडित भए। यस वर्ष बालअधिकार उल्लङ्घनका ३८ जना बालबालिका पीडित भए। जसमध्ये १७ जना बालिका बलात्कार र दुई जना बालिकामाथि यौनदुर्व्यवहार, एक जना बालकलाई विद्यालयमा दिइएको शारीरिक यातनाका कारण पीडित भएको इन्सेकले अभिलेखित गर्‍यो। सन् २०१३ मा १५ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
घाइते				१	२		३
बालअधिकार				२१	१७		३८
अमानवीय व्यवहार						४	४
महिलाअधिकार				५०			५०
गिरफ्तारी/यातना	२	१	३				
कुटपिट		३	३		१		१
धम्की					२		२
हत्या				३	२		५
जम्मा	**२**	**४**	**६**	**७५**	**२४**	**४**	**१०३**

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

राज्यपक्षबाट

माउण्टेन टेलिभिजनका सम्वाददाता तथा लोकप्रिय सन्देश दैनिकका सम्वाददाता २४ वर्षीय क्षेत्रनाथ देवकोटा (आकास), मध्यपश्चिम सन्देश तथा रेडियो हिमाल एफ एममा कार्यरत २३ वर्षीय सुनिल रेग्मी र प्रभात घोषणामा कार्यरत पत्रकार भगतराम थारुले जेठ ७ गते नेपालगञ्जमा सञ्चालन भइरहेको रात्री क्रिकेटको समाचार सङ्कलनमा जाँदै गरेका बेला आफूहरू माथि नेपालगञ्ज स्थित सेतु विक चोकमा ड्युटीमा रहेका प्रहरीले चेक जाँचका क्रममा भएको विवादमा प्रहरीले दुर्व्यवहार गरेको आरोप लगाए। प्रहरीले देवकोटा र थारुलाई हतकडी लगाएर दुर्व्यवहार गरेको पीडितहरूले बताए। घटनामा संलग्न प्रहरीहरूलाई विभागीय कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २ सय ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय २५ र कैद नतोकिएका २ सय २५ कैदी र थुनुवा गरी जम्मा ५ सय ५० जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक पाँच जना र बालिका एक जना गरी जम्मा ६ जना रहेका छन्। महिला कैद तोकिएका २६ र कैद नतोकिएका १५ गरी जम्मा ४१ जना महिला रहेका छन्। जस मध्ये ५१ जना पुरुष र २ जना महिला गरी ५३ जना भारतीय नागरिक रहेका छन्।

सुगम र निष्पक्ष न्यायको अधिकार

बाँकेमा जिल्ला र पुनरावेदन गरी दुई ओटा अदालत रहेका छन्। जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेकोमा पाँच जना नै कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ हजार ५ सय २ थान र फौजदारी मुद्दा १ हजार १ सय २ थान रहेका छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा ३३ थान र फौजदारी मुद्दा २६ थान रहेको छ। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश पाँच सयको हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ।

यसैगरी, सात जना न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा सातै जना न्यायाधीशहरू कार्यरत रहेका छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २ सय २९ थान तथा फौजदारी मुद्दा ४ सय २२ थान रहेका छन्। ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका दुई वर्ष पुराना देवानी मुद्दा १० थान र फौजदारी मुद्दा १७ थान रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ९७ को हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ४१ प्राथमिक, ६७ निम्नमाध्यमिक र ४४ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार १ सय ४८ जना शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत रहेका छन्। यो वर्ष ५४ हजार ५ सय ८९ जना बालक र ५४ हजार ५ सय ६८ जना बालिका विद्यालयमा भर्ना भए। अपाङ्गमैत्री विद्यालयको तथ्याङ्क नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लामा कति विद्यालयका भवन बालमैत्री छन् त्यसबारेको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयमा उपलब्ध भएन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका ओसारपसार	१	१७	१८
बलात्कार	१७		१७
विद्यालयमा शारीरिक सजाय	१		१
यौन दुर्व्यवहार	२		२
जम्मा	२१	१७	३८

विद्यालयमा शारीरिक यातना

बनकटवा गाविसस्थित हिमाल विद्या निकेतनमा एल केजीमा अध्ययनरत पाँच वर्षीया बालिका प्रतिज्ञी सुनारलाई ०७१ कात्तिक २३ गते गृहकार्य अधुरो गरेको भन्दै शिक्षिका बइली जीएमले बाँसको लाठीले पिट्दा बालिकाको खुट्टाको हड्डी चर्किएको पीडित बालिकाकी आमा सरीता बिकले बताइन्। शिक्षिकालाई निलम्बन गर्ने बालिकाको उपचार र आफ्नो विद्यालयमा निशुल्क पढाउने सहमतिमा दुवैपक्ष बीच मिलापत्र भयो।

यो वर्ष चार वर्षदेखि १७ वर्ष उमेरसम्मका १७ जना बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार, बलात्कार प्रयास तथा यौनदुर्व्यहवार

१२ वर्षीया एक बालिकालाई आफ्नै बुबाले बलात्कार गरेको भन्दै पीडित बालिकाकी आमाले ०७१ भदौ २८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। घटनापछि फरार रहेका आरोपितलाई प्रहरीले ०७१ भदौ ३१ गते गिरफ्तार गऱ्यो। पीडितको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा स्वास्थ्य परीक्षण गरियो। आरोपित जिल्ला अदालतको ०७१ असोज २६ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा रहेका छन्।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय १८ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय १३, खानलाउन नदिएको ४७, विवाह दर्ता तथा नागरिकता नबनाएको १०, अर्को श्रीमती ल्याएर हेला गरेको २९, मार्ने धम्की दिइएकोमा १९ उजुरी दर्ता भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय १२ जना घटनामा मिलापत्र गराएको र १ सय ६ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	२	२
बलात्कार	४	४
बलात्कारको प्रयास	१	१
बहुविवाह	१	१
महिला बेचबिखन तथा ओसारपसार	२	२
घरेलु हिंसा	३५	३५
यौन दुर्व्यवहार	५	५
जम्मा	५०	५०

बलात्कार, बलात्कार प्रयास तथा यौनदुर्व्यहवार

१८ वर्षीया एक महिलालाई ०७१ साउन २१ गते नेपालगञ्ज नपा-५स्थित बसपार्कमा सामूहिक बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय बाँकेले दाङ, तुल्सीपुर नपा-९ घर भई ना ४ ख ५१६७ नम्बरको बसका सहचालक सुमन बिसी र दैलेख जिल्ला नारायण नपा -८ घर भई ना ३ ख ८७१३ नम्बरको बस चालक अजीब सुनारलाई गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो। जिल्ला अदालतको भदौ १९ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

परस्पुर गाविस-७ की २४ वर्षीया अमृता

जमाललाई पति २६ वर्षीय मनोज जमाल बाल्मीकीले ०७१ जेठ २१ गते मट्टीतेल खन्याई आगो लगाउने प्रयास गरे। नेपालगञ्जस्थित सशस्त्र प्रहरी औद्योगिक सुरक्षा दस्ता कारकाँदोमा परिचर पदमा कार्यरत बाल्मिकीले मदिरा सेवन गरी पत्नीलाई कुटपिट गर्दै मट्टीतेल खन्याइ आगो लगाउने प्रयास गर्दैगर्दा स्थानीयले थाहा पाइ आगो लगाउनबाट जोगाए। अरोपितलाई सोही दिन जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गर्‍यो। पीडितले बयान फेरेकाले जिल्ला अदालतले ०७१ कात्तिक २० गते आरोपितलाई सफाइ दिने आदेश गर्‍यो।

परिवारजनबाट हत्या

खासकारकाँदो गाविस -२ भुजई गाउँकी २६ वर्षीया हेमकुमारी धोबीलाई ०७१ असोज २६ गते पति २७ वर्षीय गयाप्रसाद धोबीले आगो लगाइ घाइते बनाएकोमा पीडितको ०७१ कात्तिक ४ गते उपचारको क्रममा बीर अस्पतालमा मृत्यु भयो। आरोपित धोबीलाई असोज २७ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले कात्तिक २३ गतेका आदेशमा उनी पुर्पक्षका लागि थुनामा छन्।

जैसपुर गाविस-१ की २२ वर्षीया चादँनी सल्मानी, उनकी पाँच वर्षीया छोरी मरियम सल्मानी, तीन वर्षीय छोरा रियाजुल सल्मानी र नौ महिनाका छोरा रियान सल्मानीलाई ०७१ जेठ ६ गते चादँनीका देवर २५ वर्षीय सद्दाम अली सल्मानीले सम्पत्तिको विषयमा भएको विवादका कारण पेट्रोल छर्केर आगो लगाए। घटनामा गम्भीर घाइते भएका पीडितहरूलाई थप उपचारका लागि काठमाडौं पठाइएकोमा रियाजुलको ०७१ जेठ १० गते र मरियमको जेठ १६ गते उपचारको क्रममा कान्ति बाल अस्पताल

देवरद्वारा पेट्रोल छर्केर आगो लगाएकी चादँनी सल्मानी

काठमाडौँमा मृत्यु भयो भने रियान र चाँदनी उपचार पछि घर फर्केका छन्। आरोपित सद्दामलाई प्रहरीले जेठ ८ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको असार २१ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

दाइजोका लागि हत्या प्रयास

लक्ष्मणपुर गाविस-८ मियापुरवाकी २५ वर्षीया रिहाना सेख ढफालीलाई ०७० चैत ३ गते मोटरसाइकल दाइजो नल्याएको आरोपमा पति २६ वर्षीय फरिद ढपाली, सासू र ससुराले पछाडि हात बाँधेर आगो लगाए। पीडितका बावुले ०७१ वैशाख २१ गते इन्सेक, क्षेत्रीय कार्यालयमा निवेदन दिएपछि घटनाको खुलासा भएको थियो। पीडित उपचारपछि हिरिमिनिया गाविसस्थित माइतीघरमा छन्। घटनापछि फरार आरोपितहरूलाई खोजी गरिरहेको प्रहरीले जनायो।

परिवारजनले मट्टीतेल छर्केर आगो लगाइएकी रिहाना सेख ढफाली

इन्द्रपुर गाविस -९ की २५ वर्षीया पूजादेवी नाउ ठाकुरलाई ०७१ असोज २६ गते पति ३० वर्षीय पवन ठाकुरलगायतका परिवारका सदस्यले आगो लगाएर हत्या प्रयास गरे। प्रहरीले घटनामा संलग्न भएको आरोपमा पतिलगायत जेठाजु र देवरलाई गिरफ्तार गर्‍यो। घटनामा संलग्न रहेको आरोपमा जिल्ला प्रहरी कार्यालयले आरोपित पवन ठाकुरलाई ०७१ असोज २७ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको कात्तिक २१ गते आदेशमा पुर्पक्षका लागि थुनामा छन्। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

पतिद्वारा आगो लगाएकी पूजादेवी नाँउ ठाकुर

४.७ बर्दिया



जिल्ला सदरमुकामः गुलरिया
क्षेत्रफल (वर्ग कि. मि.)ः २,०२५
घरधुरी सङ्ख्याः ८३,१७६
जम्मा जनसङ्ख्याः ४,२६,५७६
पुरुषः २,०५,०८०
महिलाः २,२१,४९६
अपाङ्ग सङ्ख्याः ८,१९७
गाविस/नपा सङ्ख्याः ३१/१
पुरुष साक्षरता सङ्ख्याः १,३९,४१२
महिला साक्षरता सङ्ख्याः १,२१,३४०
हिन्दू धर्मावलम्बी प्रतिशतः ९४.१७
बौद्ध धर्मावलम्बी प्रतिशतः १.०१
इस्लाम धर्मावलम्बी प्रतिशतः २.६
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः २.१७
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
वहई धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.०३४
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१३

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७० जना महिला र १९ जना पुरुष गरी ८९ जना र राज्य पक्षबाट भएको घटनामा तीन जना महिला र २३ जना पुरुष र २६ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १ सय ७५ जना महिला र आठ जना पुरुष गरी १ सय ८३ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनामा नौ जना महिला

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

नौवस्ता गाविस-७ सुतैयाकी ३२ वर्षीया एक महिलालाई ०७१ साउन २२ गते कथित बोक्सीको आरोपमा छिमेकी ५५ वर्षीया तारा कामी, ३२ शशी कामी र २८ वर्षीया लक्ष्मी कामीले कुटपिट गरेको पीडितले बताइन्। पीडितको नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा उपचार भयो। आरोपित महिलालाई ०७१ साउन २२ गते इलाका प्रहरी कार्यालय कोहलपुरले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले भदौ १६ गते आरोपितलाई पुर्पक्षमा राख्ने आदेश दियो भन्ने अन्य आरोपितलाई जनही १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। जिल्ला अदालतले पुस २० गते गरेको फैसलामा आरोपित तारा कामीलाई पाँच महिना कैद र २५ हजार जरिवाना गर्ने आदेश भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अञ्चल अस्पताल, २० ओटा स्वास्थ्य चौकी र दुई ओटा उपस्वास्थ्यचौकी रहेका छन्। अञ्चल अस्पतालमा २८ जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष १५ जना डाक्टरको दरबन्दी रिक्त रह्यो। तीन जना स्त्रीरोग विशेषज्ञको दरबन्दी रहेकोमा दुई जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १९ करोड १८ लाख ८२ हजार र औषधी खर्चवापतको रकम ८८ लाख रहेको छ।

र पाँच जना पुरुष गरी १४ जना पीडित भए।

यस वर्ष जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

गैरराज्य पक्षबाट यस वर्ष तीन जना महिलाको हत्या भयो। अघिल्लो वर्ष पनि तीन जना मारिएका थिए। यस वर्ष बलात्कारको घटनामा ११ जना, यौनदुर्व्यवहारका घटनामा २८ जना, कथित बोक्सीको आरोपमा चार जना, घरेलु हिंसाका घटनामा ७२ जना महिला पीडित भए। यस वर्ष १७ जना बालिका बलात्कार, नौ जना बालिकामाथि यौनदुर्व्यवहार भएको इन्सेकले अभिलेखित गर्‍यो। सन् २०१३ मा २० जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१		१			
बालअधिकार				३१	१	३२
अमानवीय व्यवहार					२	२
अपहरण				१		१
महिलाअधिकार				१३८		१३८
जातीय विभेद				१	१	२
गिरफ्तारी/यातना	८	२	१०			
कुटपिट		३	३	१	४	५
हत्या				३		३
जम्मा	९	५	१४	१७५	८	१८३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

गोली/विस्फोटक पदार्थद्वारा घाइते

घाइते राज्यपक्षबाट

पाताभार गाविस-३ की ३८ वर्षीया पवनदेवी रावल ०७० फागुन १ गते दिउँसो सोही ठाउँस्थित सिंहवानी सामुदायिक वनमा गाउँलेसँगै दाउरा काट्न गएको अवस्थामा नेपाली सेनाले चलाएको गोली लागी घाइते भइन्। कैलाली जिल्लातर्फ कर्णाली नदीसँगै जोडिएको भुराखानी सामुदायिक वन र कैलेश्वर सामुदायिक वनको बीचमा कैलाली जिल्लाकै गोरङ भन्ने ठाउँमा रहेको नेपाली सेनाको भैरव गणको टोलीले तालिमको क्रममा अभ्यास गर्दा चलाएको गोली बर्दियाको सिंहवानी सामुदायिक वनमा दाउरा काट्न गएकी पवनदेवीको बायाँ हातको पाखुरामा लागेको थियो। घाइते पवनदेवीको टीकापुर अस्पतालमा उपचार भएको थियो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जना पुरुष र २५ जना महिलाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ७४ र कैद नतोकिएका ३३ कैदी र थुनुवा गरी जम्मा २ सय ७ जना बन्दीहरू रहेका छन्। यस जिल्ला कारागारको २०३४ सालमा निर्माण भएको हो। १ सय जना बन्दी क्षमता भएको भवनमा क्षमताभन्दा झन्डै दोब्बर बन्दी हुँदा समस्या परेको छ। बन्दीको सङ्ख्याको तुलनामा सीमित शौचालय र खानेपानीका धाराहरू भएकाले घण्टौँ पालो कुर्नुपर्ने बाध्यता रहेको छ। खानेपानीमा अत्यधिक आर्सेनिकको मात्रा भएकाले शुद्ध खानेपानी खानबाट बन्दीहरू वञ्चित रहेका छन्। कारागारमा आश्रित बालक एक जना रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

बर्दिया जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ सय ८० थान र फौजदारी मुद्दा १ सय ४५ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय २१ प्राथमिक, ८७ निम्न माध्यमिक र ५४ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ९ सय ४३ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ९ सय ४० जना कार्यरत रहेका छन्। यो वर्ष ५५ हजार ४ सय ३ जना बालक र ६० हजार १ सय २ बालिका विद्यालयमा भर्ना भए। जिल्ला शिक्षा कार्यालयले ७ हजार ७१ बालक र ७ हजार २ सय ७९ दलित बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति उपलब्ध गराउँदै आएको जनायो। जिल्लाका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। १ सय ८१ ओटा विद्यालय अपाङ्गमैत्री रहेका जिल्ला शिक्षा कार्यालयले जनायो।

यो वर्ष चार वर्षदेखि १७ वर्ष उमेर १७ जना बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो । घटनाका आरोपितहरू ७५ वर्ष उमेरसम्मका रहेको पाइयो । बलात्कार घटनामा नजिकका नातेदार तथा आसपासका पुरुषहरूको संलग्नता देखियो। आफ्ना छोरीलाई बलात्कार गर्ने चार जना बाबुसमेत रहेका छन्। जिल्ला अदालत बर्दियाले बलात्कार घटनाका दोषी एक बाबुलाई जिल्ला अदालतले २५ वर्ष कैदको सजाय सुनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालविवाह	५		५
बलात्कार	१७		१७
यौन दुर्व्यवहार	९	१	१०
जम्मा	**३१**	**१**	**३२**

बलात्कार,बलात्कार प्रयास तथा यौनदुर्व्यवहार

तीन वर्षीया बालिकालाई ०७१ भदौ ९ गते राति ४२ वर्षीय बाबुले बलात्कार गरेको आरोपमा पीडित पक्षले घटनाका आरोपितविरुद्ध ०७१ भदौ ११ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दर्ता गराए। पीडित बालिकाको ०७१ भदौ १० गते बाँके जिल्लाको भेरी अञ्चल अस्पतालमा उपचार भयो। घटनाका आरोपितलाई भाग्न सहयोग पुऱ्याएको आरोपमा आरोपितका ३० वर्षीय भाइलाई पनि प्रहरीले भदौ १० गते बाँके प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले घटनाका आरोपितलाई ०७१ भदौ १९ गते गिरफ्तार गऱ्यो। बर्दिया जिल्ला अदालतको ०७१ असोज १ गते को आदेशमा आरोपितका भाइ २५ हजार धरौटीमा तारेखमा रिहा भए। बर्दिया जिल्ला अदालतले ०७१ मङ्सिर १३ गते आरोपितलाई दोषी ठहर गर्दै २५ वर्ष कैद र उनका भाइलाई सफाइ दिने फैसला गऱ्यो।

बालबालिका ओसारपसार तथा बेचबिखन

१६ वर्षीया बालिकाले आफूलाई ०७१ वैशाख १९ गते कालिका गाविस-३ का ३३ वर्षीय सुनिलचन्द थारुले ललाईफकाई बलात्कार गर्नुको साथै भारतमा बिक्रीको लागि लगेको आरोप लगाइन्। पीडितले जिल्ला प्रहरी कार्यालय बर्दियामा ०७१ जेठ १२ गते बलात्कार र मानव बेचविखन तथा ओसार आरोपमा जाहेरी दर्ता गराइन्। प्रहरीले घटनाका आरोपित सुनिलचन्द थारुलाई ०७१ जेठ १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले २०७१ कातिक २६ गते आरोपितलाई दोषी ठहर गरी सात वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति पीडितलाई दिनुपर्ने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४८ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र बर्दियामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका तीन, खानलाउन नदिएको ३८, विवाह दर्ता तथा नागरिकता नबनाइदिएको दुई, अर्को श्रीमती ल्याएर हेला गरेको तीन , मार्ने धम्की दिइएकोमा पाँच उजुरी थिए। कार्यालयले प्रहरीले ४१ घटनामा मिलापत्र गराएको र सात जना उजुरीकर्ता सम्पर्कमा नआएको सो केन्द्रले जनायो। यस वर्ष बर्दिया जिल्लामा बलात्कारका १२ ओटा घटना इन्सेकले अभिलेखित गऱ्यो। सात ओटा घटनामा प्रहरीले कारबाही प्रक्रिया अगाडि बढायो भने पाँच ओटा घटनाका पीडितले प्रहरीमा उजुरी दिएनन्। घटनाको गाउँमै मिलापत्र गरियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	४	४
बलात्कार	११	११
बलात्कारको प्रयास	३	३
बहुविवाह	६	६
महिला बेचबिखन तथा ओसारपसार	१४	१४
घरेलु हिंसा	७२	७२
यौन दुर्व्यवहार	२८	२८
जम्मा	**१३८**	**१३८**

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

मगरागाडी गाविस-३ जब्दहवाकी २० वर्षीया सुनीता थारुलाई ०७० माघ ८ गते सोही गाउँका मोजिलाल थारुले आफ्नी पत्नी बुलक्या थारुलाई टुनामुना (बोक्सी) लगाई बिरामी बनाएको र सञ्चो नगराए जे पनि हुन सक्ने भन्दै धम्की दिए। बोक्सीको आरोप लगाएपछि सुनिता बेहोस भइन्। उनको स्थानीय औषधी पसलमा उपचार भयो। पीडितले गाउँ समाजमा छलफल गराए पनि न्याय नपाएपछि माघ १४ गते इलाका प्रहरी कार्यालय जयनगरमा निवेदन दिइन्।

प्रहरी कार्यालयमा दुवै पक्षबीच माघ १६ गते छलफल हुँदा घटना दोहोरिए कानुनी कारबाही प्रक्रिया अगाडि बढाउने सहमतिमा मिलापत्र भयो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

बेलवा गाविस-२ अमैया बस्ने ३१ वर्षीया हरिकला खत्रीलाई ०७१ असोज १८ गते आफ्नै पति ३१ वर्षीय दानसिंह खत्रीले घाँटीमा डोरीको पासो लगाएर हत्या गरेको आरोप पीडित पक्षले लगायो। शवको असोज २२ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भएको थियो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालय बर्दियामा आरोपितविरुद्ध असोज २० गते जाहेरी दर्ता गराए। प्रहरीले आरोपितलाई ०७१ असोज २० गते गिरफ्तार गरेकोमा बर्दिया जिल्ला अदालतको कार्तिक १४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

कुटपिट

मोहम्मपुर गाविस-६ की ३५ वर्षीया साइरा तेली र उनकी छोरी १६ वर्षीया रुविना तेलीलाई ०७१ साउन १३ गते उनीहरूकै पति र बाबु ४० वर्षीया मुराउ तेलीले घरायसी झगडामा लाठीले मरणासन्न हुने गरी कुटपिट गरी घाइते बनाए। पतिको कुटपिटबाट शरीर नीलडाम परेकी साइरा सदरमुकाम गुलरियामा उपचार गर्न गएको समयमा बाबुबाट कुटपिट गरिएकी रुविनाले सोही दिन घरनजिकैको बारीको रुखमा आफ्नै सलको पासो लगाई आत्महत्या गरिन्। पीडितकी आमाले न्यायको लागि कतै उजुरी दिइनन्।

सबै प्रकारका जातीय विभेद

कालिका गाविस-४ का ५५ वर्षीय टिकालाल दर्जीलाई २०७० फागुन १५ गते शिवरात्रीको दिन सोही ठाउँमा रहेको कालिका मन्दिरमा प्रसाद खाने विषयमा विवाद हुँदा सोही ठाउँका ३२ वर्षीय यमबहादुर मगरले मन्दिर जस्तो पवित्रस्थलमा कथित तल्लो जातका आउन नदिने र सञ्चालक समितिमा बस्न नदिने भन्दै जातीय विभेद गरे। प्रहरीले आरोपितलाई ०७० फागुन २६ गते गिरफ्तार गरेकोमा बर्दिया जिल्ला अदालतले ०७१ असार २७ गते आरोपितलाई दोषी ठहर गर्दै एक हजार रुपियाँ जरिवाना गर्ने फैसला गर्‍यो।

स्वास्थ्य सेवाको अवस्था

बर्दिया जिल्लामा एउटा अस्पताल, १८ ओटा स्वास्थ्य चौकी र दुई ओटा उपस्वास्थ्यचौकी छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा १५ जना डाक्टरको दरबन्दी भए पनि सात जना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १३ करोड ८७ लाख ८२ हजार ४ सय ४५ र औषधी खर्चवापतको १ करोड २९ लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन।

४.८ सुर्खेत



जिल्ला सदरमुकामः	वीरेन्द्रनगर
क्षेत्रफल (वर्ग कि. मि.)ः	२,४५१
घरधुरी सङ्ख्याः	७२,८६३
जम्मा जनसङ्ख्याः	३,५०,८०४
पुरुषः	१,६९,४२१
महिलाः	१,८१,३८३
अपाङ्ग सङ्ख्याः	१०,२९१
गाविस/नपा सङ्ख्याः	५०/१
पुरुष साक्षरता सङ्ख्याः	१,२६,०४४
महिला साक्षरता सङ्ख्याः	१,१०,१८७
हिन्दू धर्मावलम्बी प्रतिशतः	९१.८६
बौद्ध धर्मावलम्बी प्रतिशतः	४.११
इस्लाम धर्मावलम्बी प्रतिशतः	०.५२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः	३.४३
प्रकृति धर्मावलम्बी प्रतिशतः	०.०१
अन्य धर्मावलम्बी प्रतिशतः	०.०७
प्रतिपरिवार सरदर सङ्ख्याः	४.८२

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ४७ जना महिला र ४६ जना पुरुष गरी १ सय ९३ जना र राज्य पक्षबाट भएको घटनामा नौ जना महिला र ४९ जना पुरुष गरी र ५८ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १ सय १९ जना महिला र एक जना पुरुष गरी १ सय २० जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनामा दुई जना महिला र ३२ जना पुरुष गरी ३४ जना पीडित भए।

यस वर्ष जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष बलात्कारको घटनामा तीन जना, यौनदुर्व्यवहारका घटनामा एक जना र पारिवारिक हिंसाका घटनामा १ सय १२ जना महिला पीडित भए। यस वर्ष बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले घटना अभिलेख गऱ्यो। सन् २०१३ मा आठ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				३		३
अपहरण					१	१
महिलाअधिकार				११६		११६
गिरफ्तारी/यातना	१	२४	२५			
कुटपिट	१	७	८			
धम्की		१	१			
जम्मा	**२**	**३२**	**३४**	**११९**	**१**	**१२०**

धम्की /कुटपिट

राज्यपक्षबाट

लेखफर्सा गाविस– ९ का २४ वर्षीय यज्ञबहादुर मिदुन र सशस्त्र प्रहरी जवान २९ वर्षीय हस्तबहादुर बुढालाई ०७० फागुन २ गते प्रहरी चौकी गुमीका इन्चार्ज सुशील रावल सहितका प्रहरीले मैनतडा गाविस -३ स्थित जहरे बजारमा कुटपिट गरे। इलाका प्रहरी कार्यालय छिन्चुका सई राधेश्याम चौधरीको मोटरसाइकलले मिदुन र बुढालाई ठक्कर दिएको विवादपछि आएका रावल सहितका प्रहरीले जहरेको एक होटेलमा उनीहरूलाई हात बाँधेर लात्तीमुक्का, लाठी र बन्दुकको कुन्दाले कुटपिट गरेका थिए। पीडित मिदुनको कोहलपुरस्थित शिक्षण अस्पताल र बुढाको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितहरूको उपचार खर्च व्यहोर्ने सहमतिमा मेलमिलाप भयो।

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहे पनि यस वर्षको अन्त्यसम्ममा झण्डै ६ गुणा बढी बन्दी रहेका छन्। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय १२ जना कैदी र कैद नतोकिएको २७ जना थुनुवा गरी जम्मा १ सय ३९ जना बन्दीहरू रहेका छन्। जसमध्ये महिला १६ जना र पुरुष १ सय २३ जना छन्। कारागारमा आश्रित बालबालिका छैनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सुर्खेत जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई ओटा अदालत रहेका छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ सय १७ थान र फौजदारी मुद्दा २ सय ५ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा ६ थान र सात थान फौजदारी मुद्दाको फैसला हुन बाँकी रहे।

यसैगरी, चार जना न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा तीन जना न्यायाधीशहरू कार्यरत रहेका छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २५ थान र फौजदारी मुद्दा ८९ रहेका छन्। फैसला हुन बाँकी रहेका दुई वर्ष पुराना कुनै पनि मुद्दा रहेनन्। प्रति न्यायाधीश ३८ हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ।

यातना, क्रुर तथा अन्य अमानवीय व्यवहार

उत्तरगङ्गा गाविस– १ कोलडाँडाका २४ वर्षीय स्टालियन लामिछाने र २३ वर्षीय वास्तान लामिछानेले लागुऔषध ओसारपसार गरेको आरोप अस्वीकार गरेको भनी ०७० पुष २३ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा प्रहरीले यातना दियो। प्रहरीले लात्तीमुक्का, लाठी तथा मुढाले पेलेर यातना दिएको पीडितका आफन्तहरूले बताए । प्रहरीले पीडितहरूको उपचार गरेन। गिरफ्तार भएको

सातदिन पछि रिहा भएका पीडितहरूले कहीं उजुरी गरेका छैनन्। जिल्ला प्रहरी कार्यालय सुर्खेतका डिएसपी प्रवीण धितालले उनीहरूलाई यातना नदिइएको जिकिर गरे।

अवैध रूपमा हातहतियार निर्माण गरी बेचविखन गरेको आरोपमा ०७० पुस २५ गते प्रहरीले गिरफ्तार गरेका पोखरीकाँडा गाविस- ३६ वर्षीय विष्णुबहादुर नेपाली र सोही स्थानका ४० वर्षीय दलबहादुर विकलाई जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा प्रहरीले यातना दियो। लाठी, मुक्का, पाइप र मुढाले पेलेर यातना दिएको पीडितका आफन्तहरूले बताए। हिरासतमा यातना दिएका कारण प्रहरीले पीडितका आफन्तहरूलाई सात दिनसम्म भेटघाट गर्न नदिनुको साथै उनीहरूको उपचारसमेत गरेन। हिरासतबाट माघ १२ गते रिहा भएका पीडितले कहीं उजुरी गरेनन्। जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी प्रकाश अधिकारीले हिरासतमा यातना नदिइएको जिकिर गरे।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ४ सय २९ प्राथमिक, ९२ निम्न माध्यमिक र ८८ माध्यमिक विद्यालयहरू रहेका छन्। २ हजार ३ सय ९३ जना शिक्षकको दरबन्दी रहेकोमा २ हजार २ सय ८४ जना कार्यरत रहेका छन्। यो वर्ष ४ हजार ५ सय ७६ जना बालक र ४ हजार ५ सय ६२ बालिका विद्यालयमा भर्ना भए जिल्लामा रहेका २८ विद्यालयमा मात्रै शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्ला शिक्षा कार्यालयले ११ हजार २ सय ७३ दलित बालक र १२ हजार ४ सय ८ दलित बालिकालाई यो आर्थिक वर्षमा छात्रवृत्ति प्रदान गरिने जनाएको छ।। जिल्लामा अपाङ्गमैत्री विद्यालयको सङ्ख्या १२ ओटा रहेको रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यो वर्ष तीन जना बालिका बलात्कृत भएका घटनाहरू इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा सात जना यसरी पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
जम्मा	३	३

१० वर्षीया एक बालिकालाई ०७१ असोज १५ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नपा- ८ इत्रामका ७१ वर्षीय लालबहादुर मल्ललाई प्रहरीले असोज १७ गते गिरफ्तार गऱ्यो। मल्लकाविरुद्ध प्रहरीले ०७१ कात्तिक ११ गते जबरजस्ती करणीमा मुद्दा दायर गरेकोमा अदालतको सोही दिनको आदेशानुसार हाल उनी पुर्पक्षका लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्ममा मल्लविरुद्धको मुद्दा फैसला भएको छैन्। पीडितको क्षेत्रीय अस्पताल, सुर्खेतमा उपचार भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३ सय ३४ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय, सुर्खेत अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय ६५, खानलाउन नदिएको २६, विवाह दर्ता तथा नागरिकता नबनाएको ३२, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ४१, विभिन्न बहानामा मार्ने धम्की दिइएकोमा ७० उजुरी परेका थिए। ती घटनामध्ये प्रहरीले २ सय १५ घटनामा मिलापत्र गराएको जनायो। ५१ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको र ६८ जना पुन: सम्पर्कमा नआएको सो केन्द्रले जनायो। यस वर्ष सुर्खेत जिल्लामा बलात्कारका तीन ओटा घटना इन्सेकले अभिलेख गऱ्यो। सबै घटनामा प्रहरीले कारबाही प्रक्रिया अगाडि बढायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
घरेलु हिंसा	११२	११२
यौन दुर्व्यवहार	१	१
जम्मा	११६	११६

बलात्कार,बलात्कार प्रयास तथा यौनदुर्व्यवहार

२८ वर्षीया एक महिलालाई ३६ वर्षीय भक्तबहादुर विकले ०७१ साउन ३ गते घरमै बलात्कार गरेको आरोपमा साउन ५ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको साउन २८ गतेको आदेशानुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडितको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गरिएको थियो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

सुर्खेत जिल्लामा तीन ओटा अस्पताल, २९ ओटा स्वास्थ्य चौकी, र १८ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा ३० जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष १५ जना डाक्टरको दरबन्दी रिक्त रह्यो। यहाँका अस्पतलामा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १५ करोड १८ लाख ८२ हजार र औषधी खर्चवापतको रकम ६० लाख रहेको छ।

४.१ जाजरकोट



जिल्ला सदरमुकामः खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.)ः २,२३०
घरधुरी सङ्ख्याः ३०,४७२
जम्मा जनसङ्ख्याः १,७१,३०४
पुरुषः ८५,५३७
महिलाः ८५,७६७
अपाङ्ग सङ्ख्याः ६,८४८
गाविस/नपा सङ्ख्याः ३०/०
पुरुष साक्षरता सङ्ख्याः ५०,७६७
महिला साक्षरता सङ्ख्याः ३८,७१५
हिन्दू धर्मावलम्बी प्रतिशतः ९८.९६
बौद्ध धर्मावलम्बी प्रतिशतः ०.०५
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.८७
अन्य धर्मावलम्बी प्रतिशतः ०.१०७
प्रतिपरिवार सरदर सङ्ख्याः ५.६२

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३४ जना महिला र १८ जना पुरुष ५२ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ३१ जना महिला र आठ जना पुरुष गरी ३९ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनामा दुई जना पुरुष पीडित भए। सशस्त्र द्वन्द्वको क्रमम तत्कालीन विद्रोही माओवादीले लुकाइराखको विस्फोटक पदार्थ विस्फोटनबाट एक जनाको मृत्यु भयो।

यस वर्ष जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष बलात्कारको घटनामा दुई जना, कथित बोक्सीको आरोपमा एक जना, पारिवारिक हिंसाका घटनामा १८ जना महिला पीडित भए। यस वर्ष बालअधिकार उल्लङ्घनका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले घटना अभिलेख गऱ्यो। सन् २०१३ मा आठ जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				६	६
बालअधिकार			४		४
महिलाअधिकार			२६		२६
जातीय विभेद			१	१	२
कुटपिट	२	२			
हत्या				१	१
जम्मा	**२**	**२**	**३१**	**८**	**३९**

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते

दशेरा गाविस–३ का ०७० फागुन ८ गते ५२ वर्षीय कमारा चदारा, सोही ठाउँका १५ वर्षीय नैनबहादुर नेपाली, २५ वर्षीय जोखे थापा, ३५ वर्षीय भक्तबहादुर थापा, २५ वर्षीय नैनसिंह थापा ओदान बनाउनका लागि आरनमा फलामको पाइप पगाल्ने

क्रममा विस्फोट हुँदा गम्भीर घाइते भए। घाइते कमारा चदाराको उपचारका क्रममा ०७० फागुन ९ गते शिक्षण अस्पताल काठमाडौँमा मृत्यु भयो। अन्य घाइतेहरूको स्थानीय स्वास्थ्य चौकीमा प्राथमिक उपचारपछि थप उपचार शिक्षण अस्पताल काठमाडौँमा भयो। सशस्त्र द्वन्द्वको समयमा तत्कालीन नेकपा माओवादीले लुकाई राखेको पाइप बम कमाराले आरनबाट पगालेर खाना पकाउने फलामको ओदान बनाउन खोज्दा विस्फोट भएको थियो।

दह गाविस-१ नेपानेका १० वर्षीय खडकबहादुर बुढा ०७० चैत ३ गते बाख्रा चराउन जङ्गलमा गएको अवस्थामा फलामको पाइप भेटेर खेलाउने क्रममा विष्फोट हुँदा घाइते भए। घाइतेको नेपालगञ्ज नर्सिङहोममा उपचार भयो। सो विस्फोटक पदार्थ द्वन्द्वको समयमा जङ्गलमा छुटेको हुन सक्ने प्रहरीले जानकारी दियो।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कारागारमा कैद तोकिएका ३७ जना कैदी र ७ जना थुनुवा गरी जम्मा ४३ जना बन्दीहरू रहेका छन्। कारागारमा ४२ जना पुरुष र एक जना महिला रहेका छन्। यस जिल्ला कारागारको २०४५ सालमा निर्माण भएको हो। कारागारमा पत्रपत्रिका, टेलिभिजन, रेडियोसँगै खेलकुदका लागि ब्याडमिन्टन र भलिबल र विभिन्न सीपमूलक तालिमसमेत सञ्चालन भइरहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जाजरकोट जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २५ थान र फौजदारी मुद्दा ६२ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ७८ प्राथमिक, ८९ निम्न माध्यमिक र ६४ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार २ सय ७६ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार २ सय ६५ जना कार्यरत रहेका छन्। यो वर्ष ३ हजार ८ सय २८ जना बालक र ४ हजार २४ जना बालिका विद्यालयमा भर्ना भए। जिल्लामा तीन ओटा अपाङ्गमैत्री विद्यालय भएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका प्रायजसो विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लाका ३५ विद्यालयका भवन बालमैत्री भएको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख छ। जिल्लामा तीन ओटा अपाङ्गमैत्री विद्यालय भएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका ओसारपसार	१	१
बालविवाह	२	२
यौन दुर्व्यवहार	१	१
जम्मा	४	४

बालबालिका बेचबिखन तथा ओसारपसार

कार्कीगाउँ- १ की १७ वर्षीया बालिकालाई ०७१ कात्तिक १५ गते विवाह गर्ने बाहानामा सिमा गाविस- ९ का ३७ वर्षीय भीमबहादुर महतराले भारततिर लैजान खोजेको भन्दै पीडितका आफन्तले ०७१ कात्तिक २४ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा उजुरी दिए। पीडितलाई नेपालगञ्ज पुऱ्याएको अवस्थामा आफन्तले देखेपछि योजना सफल हुन नसकेको पीडित पक्षले बतायो। आरोपित महतरा फरार रहेका कारण गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३७ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, जाजरकोटमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १९, खानलाउन नदिएको सात, अर्को श्रीमती ल्याएर हेला गरेकोमा चार, मार्ने धम्की दिइएकोमा सात उजुरी दर्ता भयो। ती घटनामध्ये प्रहरीले ३४ घटनामा मिलापत्र गराएको र तीन उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	१	१
बलात्कार	२	२
बलात्कारको प्रयास	१	१
बहुविवाह	४	४
घरेलु हिंसा	१८	१८
जम्मा	२६	२६

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

२५ वर्षीया एक महिलालाई ०७१ कात्तिक १६ गते मजकोट गाविस-९ का ३७ वर्षीय गङ्गाबहादुर रावतले चक्कु देखाएर धम्क्याउँदै बलात्कार गरेको आरोपमा पीडितले ०७१ कात्तिक १७ गते दह प्रहरी चौकीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई कात्तिक १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण कार्तिक १८ गते जिल्ला अस्पताल जाजरकोटमा भयो। जिल्ला अदालतको ०७१ मङ्सिर ७ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

डाँडागाउँ गाविस-७ चाउलेचौरकी ४३ वर्षीया कली विकलाई ०७१ कात्तिक २५ गते सोही ठाँउका टेकबहादुर विक, उनकी पत्नी लक्ष्मी विक र भाइ गोरख विकले बोक्सी आरोप लगाउँदै कुटपिट गरे। पीडित गाउँबाट सदरमुकाममा विस्थापित भएकी छिन्। पीडितले उजुरी दिइनन्।

सबै प्रकारका जातीय विभेद

खलङ्गा गाविस-९ की १६ वर्षीया प्रेमकुमारी दमाई र १८ वर्षीय विनोद सुनारलाई ०७० फागुन ११ गते विनोदका बुवा ४८ वर्षीय रविलाल सुनारले कथित तल्लो जातकी महिलासँग विवाह गरेको भन्दै घरबाट निकाला गरे। हाल उनीहरू गाउँलेको घरमा बस्दै आएका छन्। पीडितहरूले कहीं उजुरी गरेनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, १५ ओटा स्वास्थ्य चौकी र १६ ओटा उपस्वास्थ्यचौकी छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा चार जना डाक्टरको दरबन्दी भए पनि यो वर्ष तीन जना डाक्टरको दरबन्दी रिक्त रहयो। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट ९ करोड ८० लाख ६४ हजार र औषधी खर्चबापतको रकम २० लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि पनि नेपालगञ्ज वा सुर्खेत जानुपर्ने बाध्यता रहेको छ। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन।

४.१० दैलेख



जिल्ला सदरमुकामः दैलेख
क्षेत्रफल (वर्ग कि. मि.): १,५०२
घरधुरी सङ्ख्या: ४८,९१९
जम्मा जनसङ्ख्या: २,६१,७७०
पुरुष: १,२६,९९०
महिला: १,३४,७८०
अपाङ्ग सङ्ख्या: ७,६०७
गाविस/नपा सङ्ख्या: ५५/१
पुरुष साक्षरता सङ्ख्या: ८२,८४६
महिला साक्षरता सङ्ख्या: ६६,०७९
हिन्दू धर्मावलम्बी प्रतिशत: ९७.४
बौद्ध धर्मावलम्बी प्रतिशत: १.९५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.४६
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१२
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३५

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २७ जना महिला र ११ जना पुरुष गरी ३८ जना पीडित भएका थिए भने सन्

२०१४ मा गैरराज्यपक्षबाट २८ जना महिला र एक जना पुरुष गरी २९ जना पीडित भए। यस वर्ष एक जना महिलाको परिवारजनबाट हत्या भयो।

यस वर्ष जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष बलात्कारका घटनामा तीन जना, बलात्कारको प्रयासमा तीन जना, घरेलु हिंसाका घटनामा ११ जना महिला पीडित भए। यस वर्ष बलात्कारका दुई ओटा घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा चार जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	२३		२३
जातीय विभेद	१	१	२
हत्या	१		१
जम्मा	२८	१	२९

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ९२ जना कैदी र कैद नतोकिएका ११ जना थुनुवा गरी जम्मा १ सय ३ जना बन्दीहरू छन्। जसमध्ये पाँच महिला र ९८ जना पुरुष छन्। भर्खरै निर्माण सम्पन्न भएको यस कारागारको भौतिक अवस्था राम्रो छ। यस कारागारमा पत्रपत्रिका, पुस्तकालय रहेको छ। खानेपानीको राम्रो प्रबन्ध छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दैलेख जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २३ थान र फौजदारी मुद्दा ३८ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी छैनन्।

जिल्ला अदालत दैलेखमा २० महिनादेखि विचाराधीन रहेको पत्रकार डेकेन्द्रराज थापा हत्यासम्बन्धी मुद्दाको जिल्ला अदालतले मङ्सिर २१ गते फैसला गर्‍यो। जिल्ला न्यायाधीश डिल्लिरत्न श्रेष्ठले मङ्सिर १५ गते वादी र प्रतिवादी दुवै पक्षका कानुन व्यवसायीको बहस सुनेपछि फैसला सुनाएका हुन्।

जिल्ला न्यायाधीश श्रेष्ठले पुर्पक्षका लागि थुनामा रहेका माओवादी कार्यकर्ताहरू निरकबहादुर घर्ती मगरलाई दुई वर्ष लक्षीराम घर्ती मगरलाई एक वर्ष ६ महिना, वीरबहादुर केसीलाई एक वर्ष कैद सजाय हुने फैसला गरेका छन्। साधारण तारेखमा छुटेका जयबहादुर शाही र हरिलाल पुनलाई पनि दुई वर्ष कैद सजाय तोकिएको छ। त्यसैगरी फरार रहेका माओवादी कार्यकर्ता मुक्ति भनिने बमबहादुर खड्का, अरुण भनिने बमबहादुर खड्का, भक्तिराम लामिछाने र केशव खड्कालाई हाजिर भएको वा गिरफ्तार भएको बखत कारबाही र किनारा गर्ने गरी मुल्तवीमा राखिएको अदालतले जनायो।

पत्रकार डेकेन्द्र हत्याका आरोपितहरू लक्षीराम घर्ती मगर, वीरबहादुर केसी ०६९ पुष २१ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेकाले निजहरूको ठहरेबमोजिम कैद सजाय भुक्तान भइसकेकाले कैद मुक्त गर्न जिल्ला कारागार शाखा दैलेखलाई फैसलामा आदेश गरिएको छ। सोही फैसलामा अन्य तीन जनालाई सोही मितिमा पुर्पक्षका लागि थुनामा राख्न आदेश दिइएकोमा सोही मितिबाट कैद कट्टा हुने गरी कैदी पूर्जी दिई बाँकी कैद असुल गर्न आदेश गरिएको छ।

जाहेरवाला पत्रकार डेकेन्द्रकी पत्नी लक्ष्मी थापाका तर्फबाट बहस गर्ने अधिवक्ताहरुले सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन आकर्षित हुन नसक्ने भएकाले विद्यमान फौजदारी कानुनको अधीनमा रहेर अभियोग माग दावीबमोजिम कारबाही हुनुपर्ने जिकिर गरेको र सङ्क्रमणकालीन न्याय संरचनाले नियमित न्याय प्रणालीलाई विस्थापित गर्न नसक्ने हुँदा मुलुकी ऐनको ज्यानसम्बन्धी महलबमोजिम सजाय हुनुपर्ने र प्रतिवादी पक्षका कानुन व्यवसायीले डेकेन्द्रजस्ता सशस्त्र द्वन्द्वकालीन घटना सम्बन्धमा राजनीतिक दलबीच भएको १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानको मर्म अनुरूप सरकारले विशेष कानुन ल्याएकाले सोही कुरालाई आधार बनाएर फैसला हुनपर्ने जिकिर गरेको उक्त फैसलामा उल्लेख गरिएको छ।

सदरमुकाममा अवरुद्ध खानेपानी सुचारु गराउन तत्कालीन विद्रोही माओवादीसँग वार्ता गर्न भनी पत्रकार डेकेन्द्र ०६१ असार ९ गते गाउँ गएका थिए। वार्तापछि

घर फर्कँदै गरेका डेकेन्द्रलाई माओवादी मिलिसियाले पुन: अपहरण गरी तोली, बालुवाटार हुँदै द्वारीमा ४५ दिन बन्धक बनाई ०६१ साउन २७ गते निर्मम तवरले हत्या गरेका थिए। पत्रकार डेकेन्द्र की पत्नी लक्ष्मी थापाले मुद्दा दर्ता गरेको पाँच वर्षपछि ०६९ पुसमा प्रहरीले अनुसन्धान सुरु गरी माघ १५ गते अदालतमा अभियोगपत्र दायर गरेको थियो।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ३ सय ३३ प्राथमिक, ५८ निम्नमाध्यमिक र ४७ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ८ सय ८४ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ८ सय ७८ जना कार्यरत रहेका छन्। यो वर्ष विद्यालय जाने उमेरका ४ हजार ८ सय ३२ जना बालक र ५ हजार २ सय ५५ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका सबै विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लाका १२ हजार ५ सय दलित बालक र १३ हजार ५ सय दलित बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ

जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

यो वर्ष दुई जना बालिका बलात्कृत भएका घटना इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा एकजना बालिकामाथि बलात्कार भएको इन्सेकले अभिलेख गरेको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	२	२
जम्मा	३	३

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३० जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र दैलेखमा उजुरी दर्ता गराए। ती घटनामध्ये २८ उजुरी मिलापत्र गराएको र दुई ओटा उजुरीमा कानुनी कारबाही अगाडि बढाएको सो केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	३	३
बहुविवाह	६	६
घरेलु हिंसा	११	११
जम्मा	२३	२३

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१८ वर्षीया एक युवतीलाई ०७१ मङ्सिर २४ गते बलात्कार गरेको आरोपमा भैरीकालिकाथुम गाविस-६ का २३ वर्षीय डिलबहादुरविक विरुद्ध प्रहरीले मङ्सिर २६ गते जबरजस्तीकरणी मुद्दा दर्ता गऱ्यो। प्रहरीले आरोपितलाई मङ्सिर २५ गते गिरफ्तार गरेको थियो। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

जम्बुकाँध गाविस- २ की ३६ वर्षीया तुलसी शाहीलाई ०७१ असार २८ गते राती पति ३८ वर्षीय झक्कबहादुर शाहीले सामान्य घरायसी विवादमा ढुङ्गाले हिर्काई हत्या गरे। घटनापछि फरार आरोपितलाई असार २९ गते दिउँसो सोही गाविसमा लुकेर बसेको अवस्थामा गिरफ्तार गरिएको जिल्ला प्रहरी प्रमुख डिएसपी माधवप्रसाद श्रेष्ठले जानकारी दिए। जिल्ला अदालतको आदेशमा आरोपित साउन २२ गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

दैलेख जिल्लामा एउटा अस्पताल, १६ ओटा स्वास्थ्य चौकी र ४४ ओटा उपस्वास्थ्यचौकी छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा नौ जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष पाँच जना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड २९ लाख ६९ हजार र औषधी खर्चबापतको रकम ३१ लाख रुपियाँ रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन।

४.११ डोल्पा



जिल्ला सदरमुकामः दुनै
क्षेत्रफल (वर्ग कि. मि.)ः ७,८८९
घरधुरी सङ्ख्याः ७,४८८
जम्मा जनसङ्ख्याः ३६,७००
पुरुषः १८,२३८
महिलाः १८,४६२
अपाङ्ग सङ्ख्याः ७,४५८
गाविस/नपा सङ्ख्याः २३/०
पुरुष साक्षरता सङ्ख्याः ११,२२५
महिला साक्षरता सङ्ख्याः ७,११७
हिन्दू धर्मावलम्बी प्रतिशतः ७०.१५
बौद्ध धर्मावलम्बी प्रतिशतः २९.४
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.३८
वोन धर्मावलम्बी प्रतिशतः ०.०३
अन्य धर्मावलम्बी प्रतिशतः ०.००३
प्रतिपरिवार सरदर सङ्ख्याः ४.९०

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा नौ जना महिला र १६ जना पुरुष गरी २५ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १३ जना महिला र नौ जना पुरुष गरी २२ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट दुई जनाको हत्या भयो। यस वर्ष बोक्सीको आरोपमा दुई जना र पारिवारिक हिंसामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	११	११			
बालअधिकार			१		१
महिलाअधिकार			१२		१२
धम्की				९	९
हत्या	२	२			
जम्मा	**१३**	**१३**	**१३**	**९**	**२२**

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या

धो गाविस-४ का ४४ वर्षीय टुन्डुप लामा ०७१ जेठ २० स्थानीय बासिन्दा र सुरक्षाकर्मीबीच भएको झडपमा परी घाइते भएकोमा उनको जेठ २४ गते काठमाडौंस्थित ओम अस्पतालमा मृत्यु भयो। सोही घटनामा घाइते भएका धो गाविस-६ ताक्सीका २७ वर्षीय छिरिङ् फुर्वा गुरुङको ०७१ जेठ २३ गते धोस्थित स्वास्थ्य चौकीमा जेठ २१ गते बिहान मृत्यु भएको थियो।

विगतका वर्षहरूमा झैं यो वर्ष पनि धो गाउँका डोल्पा धो तराप समाज सेवाका युवाहरूले धो वन क्षेत्रमा पाइने यार्चा क्षेत्रहरूमा आउने यार्चा सङ्कलकहरूबाट शुल्क उठाउन पाउनु पर्छ भन्दै शुल्क उठाउँदै आएका थिए। सोही क्रममा शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज अन्तर्गतको मध्यवर्ती क्षेत्र वन व्यवस्थापन समिति सुलीगाडबाट गएको यार्चा रकम अनुगमन टोलीले ७ लाख ५६ हजार रुपियाँयासहित धो तराप समाज सेवाको नाममा जारी रसिद धो नाकामा पर्ने सिसोल खोलाबाट ०७१ जेठ १९ गते कब्जामा लियो। धो गाउँका युवाहरू आफूले उठाएको रकम फिर्ता पाउनु पर्छ भन्ने माग गर्दै आएका थिए भने स्थानीयस्तरमा अवैधरूपमा शुल्क उठाउन पाइन्न भन्ने अनुगमन टोलीको अडानका बीच उत्पन्न विवादले अन्तत झडपको रूप लिएको थियो।

स्थिति साम्य पार्न भन्दै नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले स्थानीयबासिन्दालाई लक्षित गरी अन्धाधुन्ध हवाइफायर, अश्रुग्यास र लाठीचार्ज गर्‍यो। स्थानीय बासिन्दा र सुरक्षाकर्मी बीचको झडपमा १० जना स्थानीयबासी, १० जना सुरक्षाकर्मी र दुई जना अनुगमन टोलीका सदस्य घाइते भए। झडपकै कारण

घाइते भएका धो गाविस-६ ताक्सीका २७ वर्षीय छिरिङ फुर्वा गुरूङको ०७१ जेठ २० गते धौ स्वास्थ्य चौकीमा र सोही गाविस-४ का ४६ वर्षीय टुन्डुप लामाको उपचारका क्रममा ०७१ जेठ २३ गते काठमाडौंस्थित ओम अस्पतालमा मृत्यु भयो। छिरिङ फूर्वा गरुङको शवको पोस्टमार्टमसमेत भएन। मृतकद्वय प्रहरीसँगको झडपमा संलग्न रहनु, प्रहरीले आवश्यकता भन्दा बढी बल प्रयोग गर्नु, मृतक दुवैको शरीरमा नीलडाम देखिनु, अश्रुग्यासको असर र उपचारका क्रममा स्वास्थ्य चौकी तथा अस्पतालमा दुवैको मृत्यु भएको लगायतका तथ्यलाई केलाउँदा दुवै जनाको मृत्युको प्रमुख कारण ०७१ जेठ २० गते सुरक्षाकर्मीसँगको झडप भएको इन्सेकको निष्कर्ष रहेको छ। इन्सेकले स्थलगत अध्ययन प्रतिवेदन प्रकाशन गरेपछि सरकारले मध्यपश्चिम क्षेत्रका सह-प्रशासक राजकुमार श्रेष्ठको संयोजकत्वमा तीन सदस्यीय छानबिन टोली डोल्पामा खटाए पनि उक्त टोली सदरमुकाम दुनैमा मात्र पुग्यो। टोलीको प्रतिवेदन यस वर्षको अन्त्यसम्म सार्वजनिक भएन।

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १३ जना कैद नतोकिएका चार जना कैदी र पाँच जना थुनुवा गरी जम्मा २२ जना बन्दीहरू रहेका छन्। जेलर जर्नादन रिजालकाअनुसार यस कारागारमा चार ओटा पुरुष कक्ष चार ओटा महिला कक्ष रहेका छन्। कारागारमा टेलिभिजन, क्यारेमबोर्ड, पत्रपत्रिकालगायतका मनोरन्जनका साधनहरूको साथै सुलभ खानेपानीको र एकतर्फी सञ्चार कुराकानीको सुविधा पनि रहेको छ। कारागार भवन जीर्ण भई भत्कने अवस्थामा पुगेको र पानी पर्दा कोठा चुहिने भएकाले वर्षातमा रात बिताउन समस्या पर्ने गरेको छ। शान्ति तथा पुननिर्माण मन्त्रालयको सहयोगमा कारागार भवनको पुर्ननिर्माण कार्य भइरहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

डोल्पा जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ३८ थान र फौजदारी मुद्दा २६ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा फैसला हुन बाँकी छैनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ८५ प्राथमिक, १२ निम्नमाध्यमिक र १४ माध्यमिक विद्यालयहरू रहेका छन्। ५ सय ८६ जना शिक्षकको दरबन्दी रहेकोमा सबै शिक्षकहरू कार्यरत छन्। यो वर्ष विद्यालय जाने उमेरमा ३ हजार ४ सय ५० जना बालक र ३ हजार ८ सय २० जना बालिका विद्यालयमा भर्ना भए। जिल्लाका सबै विद्यालय भवन बालमैत्री नभएको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख छ। जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
जम्मा	१	१

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

त्रिपुराकोट गाविस-३ की १८ वर्षीया विष्णु नेपालीलाई बोक्सीको आरोपमा त्रिपुराकोट गाविस-३ रल्लीका ४५ वर्षीय बिसमान नेपालीले ०७० पुस २४ गते कुटपिट गरे। पीडितले घटनाका बारेमा पुस २५ गते त्रिपुराकोट प्रहरी चौकीमा निवेदन दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेको भए पनि प्रहरीले घटनामा संलग्नलाई कारबाहीको साटो मिलापत्र गरायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	३	३
घरेलु हिंसा	५	५
यौन दुर्व्यवहार	५	५
जम्मा	१३	१३

घरेलु हिंसा

त्रिपुराकोट गाविस-६ रुमगाउँकी ४० वर्षीया सुमित्रा सुनुवारलाई पति ४६ वर्षीय टेकबहादुर सुनुवारले ०७० चैत ३ गते आफूले भनेको नमानेको भन्दै मरणासन्न हुने गरी कुटपिट गरे। पतिको कुटपिटबाट दुवै तिघ्रा पिठ्यूँ र टाउकोमा समेत गहिरो चोट लागेकी सुमित्राको त्रिपुराकोटस्थित क्लिनिकमा

उपचार भयो। पीडितले चैत ४ गते दिएको निवेदनका आधारमा त्रिपुराकोट प्रहरी चौकीले आरोपित र पीडितलाई चौकीमा ल्याएर छलफल गराई मिलापत्र गरायो। प्रहरीले आरोपितलाई कानुनी दायरामा ल्याउनुपर्ने ठानेन।

सुउँ गाविस -९ की ४० वर्षीया थिपु बुढालाई ०७० वैशाख २८ गते पति ४० वर्षीय देवान बुढाले मरणासन्न हुने गरी कुटपिट गरे। कुटपिटका कारण पीडितको निधार र पिठ्यूँमा गहिरो चोट लाग्यो। पीडितले त्रिपुराकोट प्रहरी चौकीमा निवेदन दिएकी भए पनि प्रहरीले जेठ ४ गते घटनामा मिलापत्र गरायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, नौ ओटा स्वास्थ्य चौकी र चौध ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा दुई जना डाक्टरको दरबन्दी भए पनि यो वर्ष एकजना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट ५ करोड १८ लाख ८२ हजार र औषधी खर्चवापतको रकम १४ लाख रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि हवाइजहाजबाट नेपालगञ्ज पुग्नुपर्ने बाध्यता रहेको छ।

४.१२ जुम्ला



जिल्ला सदरमुकामः	खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.):	२,५३१
घरधुरी सङ्ख्याः	१९,३०३
जम्मा जनसङ्ख्याः	१,०८,९२१
पुरुषः	५४,८९८
महिलाः	५४,०२३
अपाङ्ग सङ्ख्याः	३,२४८
गाविस/नपा सङ्ख्याः	३०/०
पुरुष साक्षरता सङ्ख्याः	३३,८४३
महिला साक्षरता सङ्ख्याः	२०,६९६
हिन्दू धर्मावलम्बी प्रतिशतः	९७.८९
बौद्ध धर्मावलम्बी प्रतिशतः	१.२३
इस्लाम धर्मावलम्बी प्रतिशतः	०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः	०.६६
अन्य धर्मावलम्बी प्रतिशतः	०.१२१
प्रतिपरिवार सरदर सङ्ख्याः	५.६४

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिलाविरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २७ जना महिला र ११ जना पुरुष गरी ३८ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ३० जना महिला पीडित भए।

यस वर्ष जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष बलात्कार प्रयासमा एक जना, घरेलु हिंसाका घटनामा १९ जना महिला पीडित भए। यस

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	२		२
महिलाअधिकार	२८		२८
हत्या	१	१	२
जम्मा	३0	१	३१

वर्ष बलात्कारका दुई ओटा घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१३ मा दुई जना बालबालिका पीडित भएका थिए।

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १९ जना कैदी र कैद नतोकिएका दुई जना थुनुवा गरी जम्मा २१ जना बन्दीहरू रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जुम्ला जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई ओटा अदालत रहेका छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १६ थान र फौजदारी मुद्दा १९ थान रहेका छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा दुई थान र फौजदारी मुद्दाको सङ्ख्या तीन थान रहेका छन्।

यसैगरी, दुई जना न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा दुवै जना न्यायाधीशहरू कार्यरत रहेका छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १३ थान र फौजदारी मुद्दा ५१ थान रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ३५ हाराहारी मुद्दा भागमा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ९३ प्राथमिक, ३१ निम्नमाध्यमिक र २९ माध्यमिक विद्यालयहरू रहेका छन्। ७ सय ६१ जना शिक्षकको दरबन्दी रहेकोमा ७ सय ५९ जना कार्यरत रहेका छन्। यो वर्ष विद्यालय जाने उमेरका १८ हजार ३ सय ९९ बालक र २० हजार ८ सय बालिका विद्यालयमा भर्ना भए। जिल्लामा रहेका केही विद्यालयमा मात्रै शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। दलित बालबालिकालाई दिइने छात्रवृत्तिको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयमा उपलब्ध भएन। जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	१	१
जम्मा	२	२

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिकालाई ०७१ असार १९ गते सामूहिक बलात्कार गरेको आरोपमा शनिगाउँ गाविस- ९ का २२ वर्षीय खाम्मा रावत, २० वर्षीय नैन रावत र २० वर्षीय मेघबहादुर रावतविरुद्ध पीडितपक्षले असार २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गऱ्यो। जिल्ला प्रहरी कार्यालयका अनुसार पीडितको असार २५ गते नै स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितहरू फरार रहेकाले खोजी कार्य भइरहेको प्रहरीले जनायो

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४८ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, जुम्लामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २९ , खानलाउन नदिएको सात, अर्की श्रीमती ल्याएर हेला गरेकोमा १२ उजुरी थिए। ती घटनामध्ये प्रहरीले ४२ घटनामा मिलापत्र गराएको र ६ ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	१	१
बहुविवाह	४	४
घरेलु हिंसा	१९	१९
यौन दूर्व्यवहार	३	३
जम्मा	२७	२७

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

२५ वर्षीया एक महिलालाई ०७१ असोज १ गते बलात्कार प्रयास गरेको आरोपमा डिल्लीचौर गाविस-४ का २६ वर्षीय एकराज बुढालाई असोज २६ गते डिल्लीचौर प्रहरी चौकीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत जुम्लाका निमित्त श्रेस्तेदार गौरीशङ्कर आर्चायको कात्तिक ३ गतेको इजलासको आदेशमा आरोपित कारागारमा थुनामा छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

बड्की गाविस-४ मोफ्लागाउँकी २१ वर्षीया कमला कठायतलाई सासू ५० वर्षीया रिउली कठायतले खर्सुको काठ प्रहार गरेर ०७१ पुस १२ गते हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। बाबु छोरा दुवै जना कामका लागि भारत गएको र उनीहरूबीच लामो समयदेखि खटपट भइरहेकाले उक्त घटना भएको हुनसक्ने प्रहरीले अनुमान गऱ्यो। मृतक कमला कठायतको टाउकोमा ठूलो चोट भएको र शरीरभरि १ सय ६२ चोट रहेको प्रहरी निरीक्षक प्रेमबहादुर खड्काले जानकारी दिए। आरोपितलाई हिरासतमा राखी अनुसन्धान गरिरहेको प्रहरीले जनायो।

स्वास्थ्य सेवा अवस्था

जुम्ला जिल्लामा १४ ओटा स्वास्थ्यचौकी, १५ ओटा उपस्वास्थ्यचौकी र एउटा प्राथमिक स्वास्थ्य केन्द्र छ। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा १ जना डाक्टरको दरबन्दी भए पनि यो वर्ष सो पद रिक्त रह्यो। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १० करोड ६७ लाख ४७ हजार ६ सय ६२ र औषधी खर्चवापतको रकम ४४ लाख ५७ हजार रहेको छ। स्त्रीरोग विशेषज्ञको दरबन्दी यस जिल्लामा छैन। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो।

४.१३ कालीकोट



जिल्ला सदरमुकामः मान्मा
क्षेत्रफल (वर्ग कि. मि.)ः १,७४१
घरधुरी सङ्ख्याः २३,०१३
जम्मा जनसङ्ख्याः १,३६,९४८
पुरुषः ६८,८३३
महिलाः ६८,११५
अपाङ्ग सङ्ख्याः ५,२६२
गाविस/नपा सङ्ख्याः ३०/०
पुरुष साक्षरता सङ्ख्याः ४१,७८४
महिला साक्षरता सङ्ख्याः २८,८७७
हिन्दू धर्मावलम्बी प्रतिशतः ९९.७९
बौद्ध धर्मावलम्बी प्रतिशतः ०.०६
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.१
अन्य धर्मावलम्बी प्रतिशतः ०.०२१
प्रतिपरिवार सरदर सङ्ख्याः ५.९६

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १६ जना महिला र १५ जना पुरुष गरी ३१ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट २० जना महिला र पाँच जना पुरुष गरी २५ जना पीडित भए।

यस वर्ष जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष बलात्कारको घटनामा एक जना,

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				३		३
महिलाअधिकार				१५		१५
जातीय विभेद				१	३	४
कुटपिट	२	२	४		१	१
धम्की					१	१
हत्या				१		१
जम्मा	२	२	४	२०	५	२५

बलात्कारको प्रयासमा दुई जना, घरेलु हिंसाका घटनामा नौ जना महिला पीडित भए। यस वर्ष बलात्कारका दुई ओटा घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा चार जना बालबालिका पीडित भएका थिए।

समाचार लेखेको भनी धम्की दिइएका पत्रकार रमेश रावल

जेल र बन्दी

'ङ' श्रेणीको कालीकोट कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा हाल ४७ जना बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका ४३ पुरुष र चार जना महिला रहेका छन्। क्षमताभन्दा बढी बन्दी भएका कारण खानेपानी तथा शौचालयको समस्या भएको कारागार प्रशासनले जनायो।

धम्की/कुटपिट

राज्यपक्षबाट

ओदानकु गाविस-१ का २९ वर्षीया कृष्णा काफ्ले, जुविथा गाविस-५ की ३१ वर्षीय कृष्णा शाहीलाई जिल्ला प्रहरी कार्यालयवाट खटिएको प्रहरीको समूहले ०७० फागुन २७ गते जिल्ला परिषद्को बन्दसत्रमा होहल्ला गरेको आरोपमा लाठी चार्ज गर्दा घाइते भए। घाइतेको जिल्ला अस्पतालमा उपचार भएको थियो। पीडितले यो वर्षको अन्त्यसम्ममा उजुरी दिएनन्।

गैरराज्यपक्षबाट

लालु गाविस-४ निवासी हाम्रो कर्णाली खबर दैनिकका कार्यकारी सम्पादक एवम कारोबार दैनिकका सम्वाददाता ३० वर्षीय रमेश रावल समाचार लेखेकै कारण विभिन्न पक्षबाट मार्ने धम्की आएपछि ०७१ साल असार ३० गते काठमाडौँमा विस्थापित भए। रावल नेपाल पत्रकार महासङघ, इन्सेक केन्द्रीय कार्यालय र मध्यपश्चिम क्षेत्रीय कार्यालयको पहलमा ०७१ भदौ २२ गते जिल्लामा जिल्लामा पुन: स्थापित पीडितले यो वर्षको अन्त्य सम्ममा कारवाही नहुने भन्दै कही कतै उजुरी दिएनन।

इन्सेक जिल्ला प्रतिनिधि एवम् नेपाल पत्रकार महासङ्घ कालीकोटका अध्यक्ष कालीबहादुर मल्ललाई ०७१ कात्तिक १ गते बजारमा हिँडिरहेको अवस्थामा जिल्ला सदरमुकाम मान्ममा आक्रमण भयो। होटेलमा जुवातास खेलेको सूचना प्रहरीलाई दिएको आरोपमा शाही होटेलका सञ्चालकहरुले मासु काट्ने हतियारले आक्रमण गरेका थिए। मल्लको पब्लिक हेल्थ एण्ड रिह्याविलिटी सेन्टर मेडिकल तथा जिल्ला अस्पताल कालीकोटमा उपचार भएको थियो। उनको कान, पाखुरा, टाउको ,ढाडमा र टाउकोमा चोट लागेको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराध ऐनअन्तरगत उजुरी दिए। घटनामा संलग्न रहेको आरोपमा शाही होटेलका सञ्चालक टीका शाही र उनकी भाइबुहारी सुनीता शाही मल्ललाई प्रहरीले गिरफ्तार गरी नौ दिनपछि १० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गर्‍यो।

स्थानीय व्यक्तिको आक्रमणबाट घाइते भएका इन्सेक जिल्ला प्रतिनिधि एवम् नेपाल पत्रकार महासङ्घ कालीकोटका अध्यक्ष कालीबहादुर मल्ल

सुगम र निष्पक्ष न्यायिक अधिकार

कालीकोट जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ सय ९ थान र फौजदारी मुद्दा १८ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा १ सय ७८ प्राथमिक, ५९ निम्न माध्यमिक र ५४ माध्यमिक विद्यालयहरू रहेका छन्। ९ सय २५ जना शिक्षकको दरबन्दी रहेकोमा ९ सय २५ जना कार्यरत रहेका छन्। यो वर्ष २९ हजार २ सय ९२ जना बालक र ३० हजार ५ सय ५० जना बालिका विद्यालयमा भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा कति विद्यालयमा शौचालय सुविधा रहेको भन्ने जानकारी जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइएन। जिल्लाका ८ हजार ४ सय १० बालक र ८ हजार ६ सय ४४ बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
यौन दुर्व्यवहार	१	१
जम्मा	**३**	**३**

चार वर्षीया एक बालिकालाई ०७१ जेठ २१ गते बलात्कार गरेको आरोपमा सिप्खाना गाविस-२ का १९ वर्षीय राजेन्द्र रावतलाई जेठ २४ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पताल कालिकोटमा उपचार तथा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालत कालिकोटले ०७१ असार २३ गते आरोपितलाई १० वर्षको जेल सजाय तोक्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २३ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र उजुरी दर्ता गराए। ती घटनामध्ये प्रहरीले १७ घटनामा मिलापत्र गराएको र दुई ओटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बलात्कारको प्रयास	२	२
बहुविवाह	३	३
घरेलु हिंसा	९	९
जम्मा	**१५**	**१५**

परिवारजनबाट हत्या

कालिकामुग्राह गाविस गाविस-७ की ३० वर्षीया नैनकला शाहीलाई पति ३७ वर्षीय नवराज शाहीले जेठ १६ गते राति घरायसी विवादमा बञ्चरो प्रहार गरी हत्या गरे। पीडक शाहीलाई जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले जेठ १७ गते गिरफ्तार गरी हिरासतमा राखेको थियो। जिल्ला अदालत कालीकोटले ०७१ असार २९ गते आरोपितलाई १४ वर्षको लागि जेल सजाय सुनायो।

घरेलु हिंसा

मान्म गाविस-३ की २५ वर्षीया सुनीता बराललाई उनका पति श्रीप्रसाद बरालले ०७१ चैत २९ गते कुटपिट गरी घाइते बनाए। मदिरा सेवन गरी आएका आरोपितले शैक्षिक योग्यता कम भएको भन्दै पीडितलाई कुटपिट गरेका थिए। उनी घाइते अवस्थामा महिला तथा बालबालिका कार्यालयमा पुगेपछि महिला तथा बालबालिका कार्यालयको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको उपचार जिल्ला अस्पताल कालीकोटमा भएको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्ममा उजुरीउपर कानुनी कारबाही भएन।

कास्की जिल्ला लेखनाथ नगरपालिका -१५ घर भइ इलाका प्रहरी कार्यालय कुमालगाउमा कार्यरत इन्सपेक्टर सूर्यकान्त पण्डितले पत्नी सुमिना पण्डितलाई ०७१ जेठ ११ गते जिल्ला प्रहरी कार्यालयस्थित कालीकोटका प्रहरी प्रमुख डिएसपी लक्ष्मण गुरुङको कार्यकक्षमा कुटपिट गरे। आरोपितले बुट र हातले कुटेपछि पीडितको टाउको, घाँटी शरीरमा

नीलडाम परेको थियो। पीडितले आरोपितविरुद्ध उजुरी दिए पनि प्रहरीले दर्ता गर्न गरेन। प्रहरीले जेठ १४ गते दुवैबीच मेलमिलाप भएको जनायो।

सबैप्रकारका जातीय विभेद

पाँखा गाविस-४ घर भइ दाँहा गाविस -८ स्थित पीली वजारमा बस्दै आएकी ३७ वर्षीया लक्ष्मी दमाईलाई सोही ठाउँका कृष्ण मल्ल र राजु मल्लले पानीको गाग्री छोएको आरोपमा कुटपिट गरे। पीडितको स्थानीय मेडिकलमा उपचार भयो। पीडितले ०७१ भदौ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। यो वर्षको अन्त्यसम्म आरोपितलाई कुनै कारबाही भएन।

भर्ता गाविस(६ स्थित कालिका मन्दिरमा प्रवेश गरेको आरोपमा स्थानीय गैरदलित समुदायले ०७१ असोज २० गते कुटपिट गर्दा सोही ठाउँका २० वर्षीय जगमल सुनार, १६ वर्षीय अर्जुन विक र १६ वर्षीय विकास विक घाइते भए। कालिका मन्दिरमा दलितहरू प्रवेश गर्न नमिल्ने भन्दै जसमल राम्जालीलगायत १० जनाको समूहले लाठीले कुटपिट गरेको थियो। घाइतेहरूको उपचार जिल्ला अस्पताल कालीकोटमा भएको थियो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, १८ ओटा स्वास्थ्य चौकी र दुई ओटा उपस्वास्थ्यचौकी छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा तीन जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष एकजना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १० करोड ३७ लाख ४० हजार र औषधी खर्चवापतको रकम २२ लाख ४० हजार रुपियाँ रहेको छ। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो।

४.१४ मुगु



जिल्ला सदरमुकामः	गमगढी
क्षेत्रफल (वर्ग कि. मि.):	३,५३५
घरधुरी सङ्ख्याः	९,६१९
जम्मा जनसङ्ख्याः	५५,२८६
पुरुषः	२८,०२५
महिलाः	२७,२६१
अपाङ्ग सङ्ख्याः	१,९१७
गाविस/नपा सङ्ख्याः	२४/0
पुरुष साक्षरता सङ्ख्याः	१६,५00
महिला साक्षरता सङ्ख्याः	९,५८८
हिन्दू धर्मावलम्बी प्रतिशतः	९१.६४
बौद्ध धर्मावलम्बी प्रतिशतः	८.0८
इस्लाम धर्मावलम्बी प्रतिशतः	0.0१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः	0.२
प्रकृति धर्मावलम्बी प्रतिशतः	0.0१
अन्य धर्मावलम्बी प्रतिशतः	0.0५६
प्रतिपरिवार सरदर सङ्ख्याः	५.७५

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा आठ जना महिला र १६ जना पुरुष गरी २४ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ११ जना महिला पीडित भए। यस वर्ष एक जना महिलाको गैरराज्य पक्षबाट हत्या भयो।

यस वर्ष जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन्

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट	
	महिला	जम्मा	महिला	जम्मा
बालअधिकार			३	३
महिलाअधिकार	२	२	५	५
जातीय विभेद			२	२
हत्या			१	१
जम्मा	**२**	**२**	**११**	**११**

भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट पीडित भएको पाइएको छ।

यस वर्ष बलात्कारको घटनामा दुई जना, घरेलु हिंसाका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष बलात्कारका दुई ओटा घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका चार जना र कैद नतोकिएका पाँच जना थुनुवा गरी जम्मा नौजना बन्दीहरू रहेका छन्। कारागारको क्षमता १५ जना रहेको भए पनि आफ्नै भवन नहुँदा कैदी र थुनुवालाई जुम्ला, सुर्खेत, बाँकेलगायतका कारागारमा चलान गर्नुपर्ने बाध्यता रहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

मुगु जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या २१ थान र फौजदारी मुद्दाको सङ्ख्या ६ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा फैसला हुन बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ७१ प्राथमिक, ५६ निम्न

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
यौन दुर्व्यवहार	१	१
जम्मा	**३**	**३**

माध्यमिक र ३७ माध्यमिक विद्यालयहरू रहेका छन्। १ हजार ९ सय ८५ जना शिक्षकको दरबन्दी रहेकोमा १ हजार ९ सय ७४ जना कार्यरत रहेका छन्। यो वर्ष २७ हजार ६ सय ४७ जना बालक र २९ हजार ६८ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा रहेका ६७ विद्यालयमा शौचालय सुविधा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा पाइयो। जिल्लाका १ सय १८ विद्यालयका भवन बालमैत्री भएको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कमा उल्लेख छ। जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो

१४ वर्षीया एक बालिकालाई बलात्कार प्रयास गरेको आरोपमा १६ वर्षीय एक बालकका विरुद्ध पीडित परिवारले ०७१ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित पक्षलाई पीडित पक्षले ५० हजार रुपियाँ दिन लगाई मिलापत्र गराए। पीडितपक्षले वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयमा पुन निवेदन दिए पनि कुनै कारबाही भएन।

१५ वर्षीया बालिकालाई ०७१ वैशाख १३ गते कार्कीवाडा गाविस-६ का ३५ वर्षीय कृपाराम बुढाले बलात्कार प्रयास गरेको आरोपमा पीडित परिवारले वैशाख १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गऱ्यो। जिल्ला न्यायाधीश हरिप्रसाद शर्मा पङ्गेनीको इजलासले असार १८ गते पाँच वर्ष कैद र पीडितको इच्छाअनुसार आरोपितको अंशको एक भाग वा नगद ७५ हजार क्षतिपूर्ति भराउन आदेश गऱ्यो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यबहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै चार जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र मुगुमा उजुरी दर्ता गराए। कार्यालयले सबै घटनामा मेलमिलाप भएको जनायो। यो वर्ष दुई जना महिला माथि बलात्कारको घटना भयो। अघिल्लो वर्ष बलात्कारको एक घटना अभिलेख भएको थियो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट	
	महिला	जम्मा	महिला	जम्मा
बलात्कार			२	२
बहुविवाह			२	२
प्रसुती सेवा	२	२		
घरेलु हिंसा			१	१
जम्मा	**२**	**२**	**५**	**५**

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

२१ वर्षीया महिलालाई ०७१ असोज ६ गते कोटडाँडा गाविस-३ का १६ वर्षीय बालक, गमगढी गाविस-१ का १८ वर्षीय शुक्रराज शाही र १८ वर्षीय अम्मरराज शाहीले पीडित युवतीको साथमा रहेका नगद २२ हजार र मोबाइल लुट्नुका साथै सामूहिक बलात्कार गरेको आरोपमा असोज ६ गते पीडित परिवारले इलाका प्रहरी कार्यालय रातापानीमा उजुरी गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल गमगढीमा असोज ६ गते भयो। जिल्ला न्यायाधीश हरिप्रसाद शर्मा पङ्गेनीको इजलासले घटनाका आरोपित १६ वर्षीय बालकलाई रिहा गर्ने आदेश गर्‍यो। अन्य आरोपित फरार रहेको प्रहरीले जनायो।

परिवारजनबाट हत्या

जिमा गाविस-६ की रत्न रूपा मल्ललाई ०७० फागुन ९ गते राती पति ४८ वर्षीया कर्णबहादुर मल्लले घरमा सुतिरहेको बेला बञ्चरो प्रहार गरी हत्या गरे। आरोपितलाई प्रहरीले ०७१ वैशाख १५ गते जिमा गाविसबाट गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा जिल्ला अदालतका न्यायाधीश हरिप्रसाद शर्मा पङ्गेनीको इजलासले असार १९ गते पीडकलाई सर्वस्वसहित जन्म कैद सजाय सुनायो।

घरेलु हिंसा

रोवा गाविस-५ की २५ वर्षीया जयानन्दा विकलाई पति २६ वर्षीय गोमानसिंह विकले दिनहुँ मदिरा सेवन गरी कुटपिट गरेको आरोपमा पीडित महिलाले ०७० चैत्र १७ गते महिला विकास कार्यालयमा निवेदन दिइन्। महिला तथा बालबालिका कार्यालयले अहिलेसम्म यस घटनामा कुनै कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाएन।

सबै प्रकारका जातीय विभेद

धैनाकोट गाविस-८ की ६० वर्षीया सौउली कुमाललाई ०७१ असोज १३ गते गाँउलेहरूलाई वनमा घास दाउरा गर्न सँगै जाने भनेर सल्लाह गरिरहेका बेला सोही गाविस-७ का ४५ वर्षीय मक्क शाहीले दलित महिला वनमा जान मिल्दैन भन्दै बिनाकारण कुटपिट गरे। बिनाकारण कुटपिट गरिएको भन्दै पीडित कुमालले ०७१ असोज १४ गते काले प्रहरी चौकीमा निवेदन दिइन्। घटनाका बारेमा प्रहरीले कुनै चासो देखाएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, १४ ओटा स्वास्थ्य चौकी र नौ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा तीन जना डाक्टरको दरबन्दी भए पनि अस्पतालमा यो वर्ष दुईजना डाक्टरको दरबन्दी रिक्त रह्यो। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वाथ्य कार्यालयको वार्षिक बजेट १० करोड र औषधी खर्चवापतको रकम १४ लाख रुपियाँ रहेको छ। जिल्लामा दरबन्दीअनुसारका डाक्टर नहुनाले सानोतिनो उपचारका लागि पनि नेपालगञ्ज वा सुर्खेत जानुपर्ने बाध्यता बिरामीहरूमा रह्यो।

जिल्लाको सोरु भेकको धैनकोट गाविसमा ०७१ असार १ गतेबाट त्यहाँका बालबालालिकालाई आँखा पाक्ने रोगको लागेका कारण १ सय भन्दा बढी बालबालिका विरामी भए।

स्वास्थ्यचौकीमा औषधी र स्वास्थ्यकर्मी नहुँदा आँखाको सङ्क्रमण भएका बालबालिकालाई स्थानीयबासीले घरेलु उपचार गर्न बाध्य भएका थिए। सो अवधिमा स्वास्थ्यचौकी बन्द अवस्थामा रहेको थियो। धैनकोट गाविसमा आँखा रोगको सङ्क्रमणले धेरै बालबालिका बिरामी भएको खबर पाएपछि स्वास्थ्यकर्मीको टोली खटाउने जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख रोशनलाल चौधरीले प्रतिबद्धता जनाए पनि स्वास्थ्यकर्मी गाउँमा पुगेनन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्लामा स्त्रीरोग विशेषज्ञ नहुँदा स्त्रीरोग उपचारमा समस्या हुने गरेको देखियो।

४.१५ हुम्ला



जिल्ला सदरमुकामः सिमीकोट
क्षेत्रफल (वर्ग कि. मि.): ५,६५५
घरधुरी सङ्ख्याः ९,४७९
जम्मा जनसङ्ख्याः ५०,८५८
पुरुषः २५,८३३
महिलाः २५,०२५
अपाङ्ग सङ्ख्याः २,४११
गाविस/नपा सङ्ख्याः २७/0
पुरुष साक्षरता सङ्ख्याः १४,३७९
महिला साक्षरता सङ्ख्याः ७,५९२
हिन्दू धर्मावलम्बी प्रतिशतः ८१.६२
बौद्ध धर्मावलम्बी प्रतिशतः १८.१२
इस्लाम धर्मावलम्बी प्रतिशतः 0.0२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः 0.0२
अन्य धर्मावलम्बी प्रतिशतः 0.0४१
प्रतिपरिवार सरदर सङ्ख्याः ५.३७

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा गैरराज्यपक्षबाट भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा तीन जना महिला र १४ जना पुरुष गरी १७ जना पीडित भएका थिए। सन् २०१४ मा गैरराज्यपक्षबाट पाँच जना महिला र दुई जना पुरुष गरी सात जना पीडित भए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				१		१
महिलाअधिकार				३		३
जातीय विभेद				१	१	२
कुटपिट	१	१२	१३			
जम्मा	**१**	**१२**	**१३**	**५**	**२**	**७**

यस वर्ष घरेलु हिंसाका घटनामा तीन जना महिला र बलात्कारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

गोली/विस्फोटक पदार्थद्वारा घाइते

रोडिकोट गाविस-१ का १९ वर्षीय कमल एडी ०७१ साउन २३ गते बाख्रा चराउन जाँदा फेला परेको कालो डल्लो वस्तु खेलाउँदा विस्फोट भई उनको हातमै पड्कियो। उनको रोडीकोट स्वास्थ्य चौकीमा उपचार भयो। विस्फोटका कारण एडीको बायाँ हातको चार औँलाको केही भाग काट्नु परेका प्रहरी नायब उपरीक्षक कृष्णबहादुर कुँवरले बताए।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६ कैदी र तीन थुनुवा गरी जम्मा नौ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक र बालिका भने रहेका छैनन्।

धम्की/कुटपिट

राज्य पक्षबाट

सिमीकोट गाविस स्थित बडापाल मन्दिरमा पूजापाठ गरिरहेका पूजारी र भक्तजनहरूमाथि साउन ०७१ साउन २५ गते प्रहरीले कुटपिट गरेको पूजारी र भक्तजनले आरोप लगाए। जिल्ला प्रहरी कार्यालयको छानोमा दुई ढुङ्गा हानेको भन्दै सादामा आएका प्रहरीहरूले पूजारी र भक्तजनहरूलाई कुटपिट गरेका थिए। स्थानीयवासीले घटनाको विरोधमा साउन २६ गते नारा जुलुससहित जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए।

स्थानीय परम्पराअनुसार राति पूजापाठ गरिरहेका बेला प्रहरीले आफू र भक्तालुमाथि बिनाकारण कुटपिट गरेको मुख्य पुजारी तुलसिंह रावतले बताए। जिल्ला प्रहरी कार्यालयमा ढुङ्गा हानेका कारण सामान्य सोधपुछ गरी छोडेको र प्रहरीले कुटपिट नगरेको जिल्ला प्रहरी कर्यालयका इन्स्पेक्टर शम्भुप्रसाद सिटौलाले बताए। घटनाका सम्बन्धमा साउन २६ गते स्थानीय र प्रशासनबीच भएको छलफलमा दुवै पक्षको एक संयुक्त छानबिन समिति

गठन गरी सत्यतथ्य पत्ता लगाई दोषीमाथि कारबाही गर्ने सहमति भएको सहायक प्रमुख जिल्ला अधिकारी बमबहादुर केसीले बताए पनि यो वर्षको अन्त्यसम्म छानबिन भएको थिएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

हुम्ला जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गते सम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा एक थान र फौजदारी मुद्दा ७ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि मुद्दा बाँकी रहेनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा ९० प्राथमिक, ५० निम्न माध्यमिक र २२ माध्यमिक विद्यालयहरू रहेका छन्। ४ सय ४ जना शिक्षकको दरबन्दी रहेकोमा ३ सय ९८ जना कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयकाअनुसार यो वर्ष २ हजार ३ सय ८९ जना बालक र २ हजार ८ सय ८७ जना बालिका विद्यालय भर्ना भए।। जिल्लामा रहेका विद्यालयमध्ये ३७ विद्यालयमा मात्रै बालमैत्री रहेको र जिल्लामा आपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो

नौ वर्षीया एक बालिकालाई राया गाविस-९ का १६ वर्षीय बालकले ०७१ असोज ४ गते बलात्कार गरेको आरोपमा बालिकाकी आमाले ०७१ असोज ६ गते याङचु प्रहरी कार्यालयमा निवेदन दर्ता गराइन्। आरोपितलाई याङ्चु प्रहरी चौकीले ०७१ असोज ८ गते गिरफ्तार गर्‍यो। बालिकाको जिल्ला अस्पताल हुम्लामा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालतमा न्यायाधीश उपस्थित नभएको तथा आरोपित बालक भएकाले हिरासतमा राखिरहन नमिल्ने भन्दै प्रहरीले आरोपितलाई तारेखमा रिहा गर्‍यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै पाँच जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र हुम्लामा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

घरनिकाला गरिएको एक जना, खानलाउन नदिएको दुई जना, विवाह दर्ता तथा नागरिकता नबनाएको एक जना, अर्को श्रीमती ल्याएर हेला गरेको भनी एक जनाको उजुरी दर्ता भएकोमा प्रहरीले चार ओटा घटनामा मिलापत्र गरायो भने एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको जनायो।

घरेलु हिंसा

मैला गाविस- ५ की २५ वर्षीया तुल्सी शाहीले आफू र छोरीको पालनपोषण र रेखदेख नगरेको आरोपमा ०७१ भदौ २० गते पति केशरबहादुर मल्लविरुद्ध महिला विकास कार्यालयमा ०७१ भदौ २५ गते निवेदन दर्ता गरिन्। महिला विकास कार्यालयको सहयोगमा उक्त निवदन जिल्ला प्रहरी कार्यालयमा हुम्लामा ०७१ भदौ २५ गते दर्ता गरियो र जिल्ला प्रहरी कार्यालय हुम्लाले मिलापत्र गरायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
घरेलु हिंसा	३	३
जम्मा	३	३

सबै प्रकारका जातीय विभेद

राया गाविस -१ बीसी की ३६ वर्षीय रतन सुनारलाई ०७१ वैशाख १५ गते छिप्रा गाविस-८ की वर्ष ३२ की रीता भन्ने पानकली भण्डारीले सरसफाइको शुल्क विषयमा विवाद हुँदा 'तँ डुम' भन्दै चप्पलले कुटपिट गर्न खोजिन्। पीडितले वैशाख १५ गते नै हुम्ला जिल्ला अदालतमा गाली बेइजती मुद्दा दर्ता गरिन्। जिल्ला प्रहरी कार्यालयले दुवै पक्षबीच मिलापत्र भएको जनायो।

स्वास्थ्य सेवाको अवस्था

हुम्ला जिल्लामा एउटा अस्पताल, १६ ओटा स्वास्थ्य चौकी र ११ ओटा उपस्वास्थ्यचौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा दुई जना डाक्टरको दरबन्दी भएकोमा एक जनामात्र कार्यरत रहेका छन् अहेबको दरबन्दी २९ जना रहेकोमा सबै कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जिल्लाको वार्षिक बजेट २ करोड ६४ लाख र औषधी खर्च ९० लाख रुपियाँ रहेको छ।

सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

५.१ कैलाली



जिल्ला सदरमुकामः धनगढी
क्षेत्रफल (वर्ग कि. मि.): ३,२३५
घरधुरी सङ्ख्याः १,४२,४८०
जम्मा जनसङ्ख्याः ७,७५,७०९
पुरुषः ३,७८,४१७
महिलाः ३,९७,२९२
अपाङ्ग सङ्ख्याः १५,३७८
गाविस/नपा सङ्ख्याः ४२/२
पुरुष साक्षरता सङ्ख्याः २,६७,५९३
महिला साक्षरता सङ्ख्याः २,१६,४०३
हिन्दू धर्मावलम्बी प्रतिशतः ९४.९१
बौद्ध धर्मावलम्बी प्रतिशतः २.०१
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.६१
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः १.८७
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.२२
शिख धर्मावलम्बी प्रतिशतः ०.००६
अन्य धर्मावलम्बी प्रतिशतः ०.३३१
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४४

इन्सेकले अभिलेख गरेको तथ्याङ्कका आधारमा कैलाली जिल्लाको मानवअधिकारको अवस्था गतवर्षकै जस्तो स्थितिमा रह्यो। सङ्ख्यात्मक हिसाबले केही घटनाहरूमा बृद्धि भएको भए पनि प्रवृत्तिमा भने समानता नै पाइयो। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट १२ जनासहित १ सय ४९ जना पीडित भएका थिए। सन् २०१४ मा राज्यपक्षबाट आठ जनासहित १ सय ६८ जना पीडित भएका छन्। गत वर्ष भन्दा महिला विरुद्धका हिंसाबाट पीडित हुनेको सङ्ख्या यो वर्ष झण्डै दोब्बर भएको इन्सेकले अभिलेख गर्‍यो। सन् २०१३ मा ६३ जना महिला हिंसाबाट पीडित भएका थिए भने यो वर्ष त्यस्ता घटनाबाट १ सय २३ जना पीडित भएको अभिलेखित भयो। गत वर्ष जातीय विभेदका कारण एक जना पीडित भएका थिए। यो वर्ष यस्ता घटनाबाट दुई जना पीडित भए। गत वर्ष हत्याको १३ ओटा घटना अभिलेखित थियो भने यो वर्ष गैरराज्यपक्षबाट हत्याका घटनामा छ जनाको ज्यान गयो। त्यस्तै बालबालिका विरुद्धका हिंसाबाट सन् २०१३ मा ३१ जना पीडित भएका थिए भने यो वर्ष यस्ता घटनाबाट २६ जना पीडित भए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				२१	५	२६
अपहरण				२	१	३
महिलाअधिकार				१२३		१२३
जेलमा मृत्यु	१	२	३			
जातीय विभेद				२		२
कुटपिट		५	५			
हत्या				६		६
जम्मा	**१**	**७**	**८**	**१५४**	**६**	**१६०**

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार कैलालीका क्षमता एक सय जनाको हो। कारागारमा यस वर्षको अन्त्यसम्ममा ३ सय ७४ जना बन्दी रहेका छन्। जसमा ३ सय ३९ जना पुरूष र ३५ जना महिला बन्दीहरू छन्। यस कारागारमा २४ जना विदेशी कैदी र सात जना थुनुवा रहेका छन्। कारागारमा नौ जना आश्रित बालबालिका रहेका छन्। कारागारको भवन जीर्ण अवस्थामा रहेको जिल्ला कारागारका प्रमुख पुष्कर खडकाले बताए। कारागारमा बन्दीहरूको अनुपातमा खानेपानी, शौचालय, खेलकुद सामग्रीहरूको अभाव रहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकारः

कैलाली, जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २ सय ३५ थान र फौजदारी मुद्दा ३ सय १६ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना एउटा देवानी मुद्दा फर्स्यौट गर्न बाँकी छ। मुद्दाको

सङ्ख्या हेर्दा यस अदालतमा एकजना न्यायाधीशको भागमा २ सय ७६ ओटा मुद्दा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ७२ हजार ४५ जना बालक र ८८ हजार ४ सय २८ जना बालिका गरी १ लाख ६० हजार ४ सय ७३ जना बालबालिका प्राथमिक तहदेखि माध्यमिक तहसम्म भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार चार सय ओटा प्राथमिक, २ सय १५ ओटा निम्न माध्यमिक र १ सय २८ ओटा माध्यमिक विद्यालयहरू छन्। सबै विद्यालयहरुमा शौचालय सुविधायुक्त भएको र अपाङ्गमैत्री भवन भएको शिक्षा कार्यालयले जनायो। जिल्लामा १ हजार ६ सय २० शिक्षक दरबन्दी रहेकोमा ५ सय ६९ ओटा दरबन्दी रिक्त रहेको कार्यालयले जनायो। १२ हजार ३ सय ४० जना बालक र १५ हजार १ सय ८० जना बालिकाले दलित छात्रवृत्ति पाएको शिक्षा कार्यालयको अभिलेखमा छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ५१ करोड ६० लाख ५० हजार रुपियाँ रहेको कार्यालयले जनायो।

घटनाको प्रकार	गरैराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम	१		१
बेचबिखन तथा ओसारपसार	४	४	८
बलात्कार	१४		१४
यौन दुर्व्यवहार	२	१	३
जम्मा	२१	५	२६

कैलालीमा यो वर्ष यौन दुर्व्यवहार, बलात्कार, बालश्रम र बेचबिखनबाट पाँच जना बालकसहित २६ जना पीडित भए। गत वर्ष बालबालिका बिरुद्धका हिंसाका कारण ३१ जना बालिका पीडित भएका थिए। परिवारजनबाटै बलात्कार भएका घटना पनि अभिलेख गरिएको छ। घटनाका आरोपितहरूलाई कानुनी दायरामा ल्याएको देखियो।

६ वर्षीया एक बालिकालाई ०७१ साउन २ गते बलात्कार प्रयास गरेको आरोपमा लालबोझी गाविस-२ का १८ वर्षीय सर्बेश लोनियालाई ०७१ कात्तिक १६ गते जिल्ला अदालत कैलालीले आठ वर्ष कैद सजाय सुनाएको छ। बालिकालाई मोबाइलमा गीत देखाउने बहनामा आरोपित लोनियाले ०७१ साउन २ गते दिउँसो बलात्कार प्रयास गरेको भन्दै अभिभावकले इलाका प्रहरी कार्यालय, भजनीमा ०७१ साउन ३ गते किटानी जोहरी दिएका थिए। इलाका प्रहरी कार्यालय, भजनीले ०७१ साउन ३ गते आरोपितलाई गिरफ्तार गरी ०७१ साउन २३ गते अदालत पेश गरेको थियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७१ साउन ३ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालय,कैलालीको महिला तथा बालबालिका सेवा केन्द्रमा ०७० पुस १७ गतेदेखि ०७१ पुस १७ गतेसम्म महिला हिंसा अर्न्तगत घरेलु हिंसाका १ सय १४ ओटा र लैङ्गिक हिंसाका ५६ ओटा उजुरी दर्ता भए। मादकपदार्थ सेवन गरी कुटपिट गरेका ५५,घरनिकाला गरेका २५, गाली बेइज्जती गरेको ३४ ओटा उजुरी दर्ता भएका थिए। जसमा घरेलु हिंसाका १४ ओटा घटनाहरू प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालय, महिला सेलले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बेश्यावृतिमा लगाएको	२	२
बलात्कार	६	६
बलात्कारको प्रयास	४	४
बहुविवाह	३	३
बेचबिखन तथा ओसारपसार	१३	१३
घरेलु हिंसा	९२	९२
यौन दुर्व्यवहार	३	३
जम्मा	१२३	१२३

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट ६३ जना पीडित भएका थिए भने यो वर्ष १ सय २३ जना पीडित भएको अभिलेख छ। घटना अभिलेख अनुसार घरेलु हिंसाका कारण ९२ जना पीडित भएका छन्। त्यस्तै बेचबिखनबाट १३ जना पीडित भए। यो वर्ष बलात्कार, बलात्कारको प्रयास र यौनदुर्व्यवहारबाट १३ जना पीडित भएका छन्। ६० वर्षीया ज्येष्ठ महिलासमेत यस्तो घटनाबाट पीडित भएको अभिलेख छ।

महिला बेचबिखन तथा ओसारपसार

१५ वर्षीया एक बालिका र १८ वर्षीया एक किशोरीलाई बेचविखन तथा ओसारपसार गरेको

आरोपमा सिन्धुपालचोक जिल्ला, साँगाचोक गाविस-२ घर भई हाल काठमाडौँ जोरपाटी बस्ने ३५ वर्षीया कान्छीमाया तामाङ, सोही ठाउँकी ३५ वर्षीया रेखा तामाङ र कैलाली जिल्ला मसुरिया गाविसका ४५ वर्षीय गोकुल विककाविरूद्ध जिल्ला अदालत,कैलालीमा ०७० फागुन १३ गते मानव बेचविखन तथा ओसारपसार मुद्दा दर्ता भयो। पीडित भनिएकी युवतीले आरोपितका विरूद्ध माइती नेपालको सहयोगमा ०७० पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएकी थिइन्। प्रहरीले जाहेरीका आधारमा आरोपितमध्ये कान्छीमायालाई काठमाडौँबाट ०७० माघ १३ गते गिरफ्तार गरिएको थियो। अन्य दुई जना आरोपित हालसम्म फरार रहेका प्रहरीले जनायो। धनगढीसँग जोडिएको भारतीय सीमा नाका गौरीफन्टातर्फ गइरहेको अवस्थामा दुई युवतीलाई नेपाल प्रहरी र माइती नेपालको सहयोगमा ०७१ मङ्सिर २५ गते उद्धार गरेको थियो। आरोपित कान्छीमाया तामाङ जिल्ला अदालत, कैलालीको आदेशमा ०७० फागुन १९ गते जिल्ला कारागार कैलालीमा पुर्पक्षकालागि थुनामा छन्।

घरेलु हिंसा

अत्तरिया नपा- ६ लालपुरकी ३५ वर्षीया गङ्गादेवी नेपालीलाई ०७१ जेठ २७ गते आफूलाई नसोधी घरबाहिर काम गर्ने गरेको आरोपमा ४० वर्षीय पति पदम नेपालीले शरीरमा डिजेल छर्केर आगो लगाए। सोही दिन पीडित पक्षले इलाका प्रहरी कार्यालय, मालाखेतीमा जानकारी गराएपछि आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितले आरोपित पतिकाविरुद्ध ०७१ जेठ २८ गते जिल्ला प्रहरी कार्यालयय,कैलालीमा ज्यान मार्ने उद्योगमा किटानी जाहेरी दिइन्। पीडित महिलाको छाती र पछाडिको शरीर जलेको थियो। पीडित महिलाको उपचार सेती अञ्चल,अस्पताल, धनगढीमा भयो। जिल्ला अदालत,कैलालीका न्यायाधीश यज्ञराज भट्टको एकल इजलासले ०७१ कात्तिक १७ गते आरोपितलाई पाँच वर्षको कैद सजायको फैसला सुनायो।

सबै प्रकारका जातीय विभेद

जातीय विभेदका कारण गत वर्ष एक जना पीडित भएको अभिलेख गरिएकोमा यो वर्ष दुई जना पीडित भएको अभिलेख छ। दुवै घटनामा आरोपितले माफी मागेपछि मिलापत्र भएका छन्।

धनगढी नपा-१२ की ४० वर्षीया लक्ष्मीदेवी नेपालीलाई धारा छोएको आरोपमा ३५ वर्षीय सुशीला सिंहले ०७१ भदौ २९ गते कुटपिट गरिन्। सिंहले जातीय विभेद गरेको भन्दै ०७१ भदौ ३० गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। आरोपित सिंहलाई ०७१ असोज १ गते जिल्ला प्रहरी कार्यालय, कैलाली गिरफ्तार गऱ्यो। आरोपितले सोही दिन लिखित माफी मागेपछि मिलापत्र भयो।

स्वास्थ्य सेवाको अधिकार

कैलाली जिल्लामा तीन ओटा अस्पताल चार ओटा स्वास्थ्यचौकी र दुई ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा छन्। ३१ जना डाक्टरको दरबन्दी रहेको अस्पतालमा चार जनाको दरबन्दी रिक्त छ। स्त्री रोग विशेषज्ञको दरबन्दी पाँच जना रहेकोमा दरबन्दी अनुसारको जनशक्ति रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ। स्टाफ नर्सको ३५ ओटा दरबन्दीमा ३१ जना कार्यरत छन्। अहेवका १ सय २१ ओटा दरबन्दीमा १७ ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ७९ रहेकोमा ७० जना कार्यरत छन्।

५.२ अछाम

जिल्ला सदरमुकाम: मङ्गलसेन
क्षेत्रफल (वर्ग कि. मि.): १,६८०
घरधुरी सङ्ख्या: ४८,३५१
जम्मा जनसङ्ख्या: २,५७,४७७
पुरुष: १,२०,००८
महिला: १,३७,४६९
अपाङ्ग सङ्ख्या: ८,६०२
गाविस/नपा सङ्ख्या: ७५/०
पुरुष साक्षरता सङ्ख्या: ७५,६७४
महिला साक्षरता सङ्ख्या: ५५,८७४
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.४३
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१३
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३३

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २७ जना महिलासहित ३३ जना पीडित भएका थिए। सन् २०१४ मा राज्यपक्षबाट तीन जनासहित २३ जना पीडित भए जसमध्ये २१ जना महिला छन्। गत वर्ष महिलाविरुद्धका हिंसाका घटनामा १६ जना पीडित भएका थिए भने ६ जना बालिका हिंसा पीडित भएका थिए। सन् २०१४ मा यस्ता घटनामा १७ जना महिला र तीन जना बालिका पीडित भए। गत वर्ष जातीय विभेदका कारण दुई जना पीडित भएका थिए। यो वर्ष जातीय विभेदका घटना अभिलेखित छैनन्। प्रहरीले कुटपिट गरेका घटना भने अभिलेखमा रहेका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट	
	महिला	पुरुष	जम्मा	महिला	जम्मा
बालअधिकार				३	३
महिलाअधिकार				१७	१७
कुटपिट	१	२	३		
जम्मा	**१**	**२**	**३**	**२०**	**२०**

जेल र बन्दी

'घ' श्रेणीमा पर्ने अछाम कारागारको क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्तसम्ममा अछाम कारागारमा जम्मा ३८ जना बन्दी रहेका छन्। जसमा चार जना थुनुवा रहेका छन्। चार जना महिला रहेको उक्त कारागारमा आश्रित बालबालिकाहरू भने छैनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

अछाम जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा तीन थान र फौजदारी मुद्दाको सङ्ख्या ६ थान रहेका छन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ४७ हजार ४ सय ८३ जना बालक र ५० हजार १ सय ५९ जना बालिका प्राथमिक तहदेखि माध्यमिक तहसम्म भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार २ सय ९५ ओटा प्राथमिक ७० ओटा निम्न माध्यमिक र ९५ ओटा माध्यमिक विद्यालयहरू छन्। सबै विद्यालयहरूमा शौचालय सुविधा भएको र अपाङ्गमैत्री भवन भएका तीन ओटा विद्यालय रहेको शिक्षा कार्यालयले जनायो। जिल्लामा १ हजार १ सय १४ शिक्षक दरबन्दी रहेकोमा १५ ओटा दरबन्दी रिक्त रहेको कार्यालयले जनायो। जिल्ला शिक्षा कार्यालयको

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
यौन दुर्व्यवहार	१	१
जम्मा	**३**	**३**

प्रशासनिक खर्च ५० लाख रुपैँयाँ रहेको शिक्षा कार्यालयले जनायो।

अछाममा यो वर्ष बाल यौन दुर्व्यवहार र बलात्कारका कारण तीन जना बालिका पीडित भएका छन्। गत वर्ष बालबालिकाविरुद्धका हिंसाका कारण नौ जना बालिका पीडित भएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालय, अछाममा ०७० पुस १७ बाट ०७१ पुस १६ गतेसम्म ४० ओटा महिला हिंसाका उजुरी दर्ता भए। दर्ता भएका सबै उजुरीहरू मदिरा सेवन गरी आफन्तबाटै कुटपिटका भएको पाइएको छ। जिल्ला प्रहरी कार्यालय,अछामका अनुसार दर्ता भएका ती सबै उजुरीहरूउपर दुवै पक्ष बीच मिलापत्र भएका छन्। जिल्लामा महिला हिंसाका घटना गाँउमा मात्र नभई नभएर कानुनी निकायमा आएर पनि मेलमिलाप टुङ्गिने गरेकाले हिंसालाई प्रोत्सान गरेको अधिकारकर्मीहरूको भनाइ रहेको छ।

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनामा १६ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भएको थियो भने यो वर्ष १७ जना पीडित भएको अभिलेख छ। घटना अभिलेखअनुसार घरेलु हिंसाका कारण १३ जना पीडित भएका छन्। त्यस्तै बलात्कारका कारण एकजना र यौन दुर्व्यवहारबाट दुई जना महिला पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बहुविवाह	१	१
घरेलु हिंसा	१३	१३
यौन दुर्व्यवहार	२	२
जम्मा	**१७**	**१७**

सबै प्रकारका जातीय विभेद

कालिकास्थान गविस-७ मा रहेको मन्दिरमा ०७१ असोज १६ गते दशैँको पूजा गर्न गएका दलितलाई गैरदलितले पूजापाठ गर्न रोक लगाए। बली दिन गएका दलित पक्षले पूजापाठ गर्न नपाइ राँगा,बोका सहित फिर्ता भए। मन्दिर प्रवेशमा रोक लगाएको भनी इलाका प्रहरी कार्यालयमा पीडितले उजुरी दिए। पछि इलाका प्रहरी कार्यालयमा ०७१ असोज १९ गते दुवै पक्ष बीच मिलापत्र भयो। पीडित पक्षले असोज २१ गते सोही मन्दिरमा पूजापाठ गरी बली दिए। गैरदलित पक्षले दलितलाई समान व्यवहार गर्ने सहमति भएपछि पीडित पक्षले सहजै मन्दिर प्रवेश गर्न पाए।

स्वास्थ्य सेवाको अवस्था

अछाम जिल्लामा एउटा अस्पताल र ४६ ओटा उप-स्वास्थ्यचौकी छन्। यहाँ स्वास्थ्यचौकी छैनन्। चार जना डाक्टरको दरबन्दी रहेको अस्पतालमा तीन ओटा दरबन्दी रिक्त छ। स्त्री रोग विशेषज्ञको दरबन्दी नै नभएको जिल्ला जन स्वास्थ्य कार्यालयले जनायो। स्टाफ नर्सको ६ ओटा दरबन्दीमा पाँच जना कार्यरत छन्। अहेबका ८८ ओटा दरबन्दीमा १४ ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङख्या ३३ रहेकोमा सबै कार्यरत रहेको कार्यालयले जनायो।

५.३ डोटी



जिल्ला सदरमुकामः सिलगढी
क्षेत्रफल (वर्ग कि. मि.)ः २,०२५
घरधुरी सङ्ख्याः ४१,४४०
जम्मा जनसङ्ख्याः २,११,७४६
पुरुषः ९७,२५२
महिलाः १,१४,४९४
अपाङ्ग सङ्ख्याः ७,३०२
गाविस/नपा सङ्ख्याः ५०/१
पुरुष साक्षरता सङ्ख्याः ६२,६०९
महिला साक्षरता सङ्ख्याः ४५,४२२
हिन्दू धर्मावलम्बी प्रतिशतः ९९.०४
बौद्ध धर्मावलम्बी प्रतिशतः ०.७५
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०५
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.१३
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०१
अन्य धर्मावलम्बी प्रतिशतः ०.०१७
प्रतिपरिवार सरदर सङ्ख्याः ५.११

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यपक्षबाट २९ जना महिलासहित ५९ जना पीडित भएका थिए। सन् २०१४ मा गैरराज्यपक्षबाट ३० जना महिलासहित ३१ जना पीडित भएका छन्। यी दुवै वर्ष राज्यपक्षबाट मानवअधिकार उल्लङ्घनका घटनाहरू अभिलेखित भएनन्। गत वर्ष २२ जना महिला पीडित भएका थिए भने ६ जना बालिकाविरुद्धका हिंसाबाट पीडित थिए। सन् २०१४ मा यस्ता घटनामा २३ जना महिला र सात जना बालिका पीडित भए। गत वर्ष जातीय विभेदका घटनामा दुई जना पीडित भएका थिए। यो वर्ष यस्ता घटनाबाट एक जना पीडित भए। गत वर्ष हत्याको एउटा घटना अभिलेखित थियो भने यो वर्ष हत्याका घटना अभिलेखमा छैन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	७		७
महिलाअधिकार	२३		२३
जातीय विभेद		१	१
जम्मा	३०	१	३१

जेल र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ४५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३३ जना र कैद नतोकिएका पाँच जना गरी ३८ जना बन्दी रहेका छन्। राणाकालमा निर्माण भएको यस कारागार भवन जीर्ण रहेको छ। वर्षातमा पानी चुहिने, खानेपानीका लागि पाइप नभएका जस्ता समस्या रहेको जेलर यज्ञराज पाठकले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला र पुनरावेदन अदालत छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा पाँच थान र फौजदारी मुद्दा ११ थान बाँकी रहेका छन्।

पुनरावेदन अदालतमा चार जना न्यायाधीशको दरबन्दी रहेकोमा पाँच जना कार्यरत छन्। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ४५ थान र फौजदारी मुद्दा २ सय ४९ थान रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश ५९ ओटा मुद्दा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ३२ हजार ४२ जना बालक र ६ हजार ४ सय ४५ जना बालिका प्राथमिक तहदेखि माध्यामिक तहसम्म भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयकाअनुसार दुई सय ४४ ओटा प्राथमिक ७० ओटा निम्न माध्यमिक र ४४ ओटा माध्यमिक विद्यालयहरू छन्। सबै विद्यालयहरू

शौचालय सुविधायुक्त भएको शिक्षा कार्यालयले जनायो। जिल्लामा राहत सहित १ हजार ५ सय १५ शिक्षक दरबन्दी रहेकोमा सबै कार्यरत रहेको कार्यालयले जनायो। ५ सय ३९ जना दलित बालकका लागि २ लाख ६९ हजार ५ सय रुपियाँ र १२ हजार ५ सय ७ जना दलित बालिकाका लागि दलित छात्रवृत्ति स्वरुप ५० लाख ३ हजार रुपियाँ खर्च गरिएको शिक्षा कार्यालयको अभिलेखमा छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	२	२
बलात्कार	१	१
यौन दुर्व्यवहार	४	४
जम्मा	७	७

डोटीमा यो वर्ष बालयौन दुर्व्यवहार, बलात्कार र बालविवाहका सातओटा घटना अभिलेख भए। गत वर्ष ६ जना बालिका पीडित भएको अभिलेख थियो।

कक्षा एकमा अध्ययनरत चार जना छात्राहरूलाई अप्राकृतिक मैथुन गरी जबरजस्तीकरणी गरेको आरोपमा गगुडा गाविस- ३ निवासी भवानी निमावि पलाडीका २६ वर्षीय शिक्षक योगेन्द्रबहादुर बोगटीका विरूद्ध पीडित बालिकाका अभिभावकहरूले फागुन २९ गते प्रहरी चौकी चवराचौतारामा किटानी जाहेरी दिए। प्रहरीले आरोपितलाई ०७० फागुन ३० गते गिरफ्तार गऱ्यो। पीडितहरूको जिल्ला स्वास्थ्य कार्यालयमा ०७० चैत १ गते स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालतको ०७० चैत २१ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएका भन्दै ८५ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा वालवालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट ४१, घरनिकाला गरिएका दुई, खानलाउन नदिएकोमा पाँच जना, अर्की श्रीमती ल्याएर हेला गरेको पाँच र गालीगलौज का ३२ उजुरी थिए। ती उजुरीमध्ये ७९ उजुरीमा मिलापत्र भएको, तीन ओटा सम्बन्ध बिच्छेदका लागि अदालत गएको, तीन जना उजुरीकर्ता पुन: सम्पर्कमा नआएको कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	१	१
बहुविवाह	४	४
बेचबिखन तथा ओसारपसार	१	१
घरेलु हिंसा	१७	१७
जम्मा	२३	२३

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट २२ जना पीडित भएका थिए भने यो वर्ष २३ जना पीडित भएको अभिलेख छ। घटना अभिलेखअनुसार घरेलु हिंसाका कारण १७ जना पीडित भएका छन्। त्यस्तै बलात्कार प्रयास र बेचबिखनबाट एक/एक जना पीडित भए। ६० वर्षीया ज्येष्ठ महिलासमेत यस्तो घटनाबाट पीडित भएको अभिलेख भयो।

६० वर्षीया एक ज्येष्ठ महिलालाई ०७० फागुन १० गते राति बलात्कार प्रयास गरेको आरोपमा लाटामाण्डौ गाविस- २ घर भई कानाचौर गाविसको कोटेला प्राविमा कार्यरत शिक्षक ४८ वर्षीय यज्ञबहादुर कठायतलाई ०७० फागुन १२ गते प्रहरी चौकी, चबराचौतराले गिरफ्तार गऱ्यो। पीडितले फागुन ११ गते प्रहरी चौकी चवराचौतारा चनुकाँडामा जाहेरी दिएकी थिइन्। जिल्ला प्रहरी कार्यालय डोटीले आरोपित कठायतविरुद्ध ०७० फागुन १४ गते जिल्ला अदालत, डोटीमा जबरजस्तीकरणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत डोटीका न्यायाधीश धनसिंह महराको एकल इजलासले ०७० चैत १४ गते आरोपित कठायतलाई ५० हजार रूपियाँ धरौटी लिई तारेखमा रिहा गर्ने आदेश गऱ्यो।

सबै प्रकारका जातीय विभेद

जातीय विभेदका कारण गत वर्ष दुई जना पीडित भएको अभिलेख गरिएकोमा यो वर्ष एक जना पीडित भएको अभिलेख छ।

रानागाउँ गाविस- १ का ४५ वर्षीय मोहन भुलले आफूलाई सार्वजनिक ठाउँमा जातीय विभेद युक्त शब्द प्रयोग गरी बोल्न नदिएको भन्दै विद्यालय व्यवस्थापन समिति सदस्य सोही ठाउँका २८ वर्षीष टेकराज जोशी र २६ वर्षीय शिक्षक धर्मराज जोशीका विरुद्ध ०७० पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। आरोपित दुवै जनालाई जिल्ला प्रहरी

कार्यालयले पुस २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत, डोटीले ०७० माघ ३ गते धर्मराज जोशीलाई २५ हजार रुपियाँ धरौटीमा र टेकराज जोशीलाई साधारण तारेखमा रिहा गर्न आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

डोटी जिल्लामा एउटा अस्पताल, दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ४७ ओटा बर्थिङ सेन्टर, २० ओटा स्वास्थ्यचौकी र २९ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा छन्। चार जना डाक्टरको दरबन्दी रहेको अस्पतालमा दुई जनाको दरबन्दी रिक्त छ। यहाँ स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। स्टाफ नर्सको ६ ओटा दरबन्दीमा सबै दरबन्दीमा जनशक्ति रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो। अहेवका १ सय १२ ओटा दरबन्दीमा २५ ओटा दरबन्दी रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ६९ मा ५६ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड २४ लाख १६ हजार ८ सय ८१ रुपियाँ रहेको छ। डोटीमा ३० लाख रुपियाँ औषधी खर्च छुट्याइएको छ।

५.४ बाजुरा



जिल्ला सदरमुकामः मार्तडी
क्षेत्रफल (वर्ग कि. मि.)ः २,१८८
घरधुरी सङ्ख्याः २४,९०८
जम्मा जनसङ्ख्याः १,३४,९१२
पुरुषः ६५,८०६
महिलाः ६९,१०६
अपाङ्ग सङ्ख्याः ५,८९५
गाविस/नपा सङ्ख्याः २७/०
पुरुष साक्षरता सङ्ख्याः ३९,९५०
महिला साक्षरता सङ्ख्याः २७,४७६
हिन्दू धर्मावलम्बी प्रतिशतः ९८.६८
बौद्ध धर्मावलम्बी प्रतिशतः १.१४
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०७
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.०६
अन्य धर्मावलम्बी प्रतिशतः ०.०२७
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४२

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट छ जना र गैरराज्यपक्षबाट २६ जना पीडित भएका थिए। सन् २०१४ मा राज्यपक्षबाट १० सहित २८ जना पीडित भएका छन्। गत वर्ष जातीय विभेदका कारण पाँच जना पीडित भएका थिए। यो वर्ष यस्ता घटनाबाट तीन जना पीडित भए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				२		२
महिलाअधिकार				१३		१३
जातीय विभेद				२	१	३
कुटपिट	६	४	१०			
जम्मा	६	४	१०	१७	१	१८

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २५ र कैद नतोकिएका सात जना गरी ३२ जना बन्दीहरू रहेका छन्। यहाँ महिला बन्दी छैनन्। ०३९ सालमा निर्माण कारागार भवन समेत जीर्ण अवस्थामा रहेको कारागार प्रमुख घनश्याम खनालले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। बाजुरा जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १९ थान र देवानी मुद्दातर्फ १३ थान मुद्दा फैसला हुन बाँकी रहेका छन्। दुई वर्षभन्दा पुराना पाँच थान फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

बालअधिकार

शिक्षाको अधिकार

बाजुरा जिल्लाका विद्यालय जाने उमेरका ४९ हजार ४ सय ७६ जना बालबालिकामध्ये २४ हजार २ सय ३८ बालक र २५ हजार २ सय ३८ जना बालिका प्राथामिक तहदेखि माध्यामिक विद्यालयमा भर्ना भए। बाजुरामा दलित बालबालिकाका लागि ८४ लाख २० हजार रुपियाँ छात्रवृत्तिमा खर्च गरिएको शिक्षा कार्यालयले जनायो। बाजुरा जिल्लामा ७ सय १० शिक्षकको दरबन्दी रहेकोमा सबै दरबन्दीमा जनशक्ति रहेको कार्यालयले जनायो। जिल्ला शिक्षा कार्यालयको

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	२	२

वार्षिक बजेट २७ करोड ५४ लाख ५० हजार ८ सय ३४ रुपैयाँ रहेकोमा ८३ लाख ६८ हजार ५ सय रुपियाँ प्रशासनिक खर्च रहेको छ।

बाजुरामा यो वर्ष बाल यौनदुर्व्यवहारको एउटा घटना अभिलेख गरिएको छ। उक्त घटनाका आरोपितले माफी मागेपछि घटना मिलापत्र गरिएको अभिलेखित छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट १५ जना पीडित भएका थिए भने यो वर्ष १३ जना पीडित भएको अभिलेख छ। अभिलेख अनुसार घरेलु हिंसाका कारण १० जना र कथित बोक्सीको आरोपमा एक जना पीडित भएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	१	१
बलात्कारको प्रयास	१	१
घरेलु हिंसा	१०	१०
यौन दुर्व्यवहार	१	१
जम्मा	१३	१३

बाजुरा बडिमालीका नपा- १२ बस्ने ३२ वर्षीया सुना लुहारले ५० वर्षीय काका तुले लुहार र भतिजाको नामको पैतृक सम्पत्ति आफूलाई पनि दिलाई पाऊँ भनी ०७१ असोज २६ गते जिल्ला प्रहरी कार्यलय, बाजुरामा उजुरी दिइन्। हालसम्म विवाह नगरी माइतीघरमा बस्दै आएको भए पनि काका भतिजाले आफूलाई आफ्नो पैतृक सम्पत्तिमा कुनै हक नभएको भने पछि आफूले उजुरी दिएको पीडित सुनाले बताइन्। उजुरी लगतै दुवै पक्षलाई बोलाई छलफल गर्दा दुवै पक्षबीच सहमति नभएपछि जिल्ला अदालत, बाजुरामा उक्त उजुरी दर्ता भएको छ।

सबै प्रकारका जातीय विभेद

जातीय विभेदका कारण गत वर्ष पाँच जना पीडित भएको अभिलेख गरिएकोमा यो वर्ष तीन जना पीडित भएको अभिलेख छ। बाजुरामा अन्तरजातीय प्रेम विवाहका कारण पीडित भएका घटना पनि अभिलेख छ।

पाण्डुसेन गाविस-६ अगाउँपानीकी १८ वर्षीया डल्ली रावतलाई ०७० पुस १९ गते सोही गाउँका २१ वर्षीय शिव सार्कीले प्रेम विवाह गरेपछि ०७० पुस २० गतेदेखि दुवै जना गाउँबाट बहिस्कृत भए। शिवका बुबा कन्जडे सार्कीले समेत छोरालाई संरक्षण गर्न नसकेपछि उनीहरू दुवैजना हालसम्म जुगाडा गाविस -९ रजाली गाउँमा आफन्तको घरमा आश्रय लिएर बसेका छन्। पीडितहरूले हालसम्म कतै उजुरी गरेनन्।

स्वास्थ्य सेवाको अवस्था

बाजुरा जिल्लामा एउटा अस्पताल, १८ ओटा स्वास्थ्यचौकी र नौ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा छन्। चार जना डाक्टरको दरबन्दी रहेको अस्पतालमा दुई जनाको दरबन्दी रिक्त छ। स्टाफ नर्सको पाँच ओटा दरबन्दीमा तीन जना कार्यरत छन्। अहेबका ३२ ओटा दरबन्दीमा २८ ओटा दरबन्दी रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या २२ मा १९ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालय बाजुराको वार्षिक बजेट २० करोड ६० लाख ९६ हजार रहेकोमा ४२ लाख ९ हजार रुपियाँ प्रशासनिक खर्च र २७ लाख रुपैयाँ औषधी खर्च रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

५.५ बझाङ



जिल्ला सदरमुकामः चैनपुर
क्षेत्रफल (वर्ग कि. मि.): ३,४२२
घरधुरी सङ्ख्याः ३३,७८६
जम्मा जनसङ्ख्याः १,९५,१५९
पुरुषः ९२,७९४
महिलाः १,०२,३६५
अपाङ्ग सङ्ख्याः ४,९७६
गाविस/नपा सङ्ख्याः ४७/०
पुरुष साक्षरता सङ्ख्याः ६०,०६५
महिला साक्षरता सङ्ख्याः ३८,६५१
हिन्दू धर्मावलम्बी प्रतिशतः ९९.७४
बौद्ध धर्मावलम्बी प्रतिशतः ०.१८
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.०३
अन्य धर्मावलम्बी प्रतिशतः ०.०३७
प्रतिपरिवार सरदर सङ्ख्याः ५.७८

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट एक सहित २१ जना पीडित भएका थिए भने सन् २०१४ मा गैरराज्यपक्षबाट १९ जना पीडित भएका छन्। यो वर्ष राज्यपक्षबाट पीडित भएको घटना अभिलेखित छैनन्। अभिलेख अनुसार जातीय विभेदका कारण सबैभन्दा बढी सात जना पीडित भएका छन्। इन्सेकसँग गत वर्ष पनि जातीय विभेदका कारण सात जना पीडित भएको अभिलेख छ। त्यसैगरी महिला हिंसाका घटनाबाट पाँच जना, बालबालिकाविरुद्धका घटनाबाट तीन जना पीडित भएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	५		५
जातीय विभेद		७	७
कुटपिट		२	२
हत्या	१	१	२
जम्मा	९	१०	१९

जेल र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जना रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३२ जना र कैद नतोकिएका १० जना गरी ४२ जना बन्दी रहेका छन्। यस कारागारमा महिला र आश्रित बालबालिका छैनन्। यो जिल्ला कारागार ०४० सालमा निर्माण भएको हो। यस कारागारको भौतिक अवस्था एकदमै कमजोर रहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

बझाङ जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ७१ थान र फौजदारी मुद्दा ६८ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी २९ थान र फौजदारी १० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

शिक्षाको अधिकार

बझाङ जिल्लामा विद्यालय जाने उमेरका ३९ हजार १ सय ३० जना बालक र ३८ हजार ३ सय ८५ जना बालिका छन्। यस जिल्लामा ३ सय १० ओटा प्राथमिक ८८ ओटा निम्न माध्यमिक र ४० ओटा माध्यामिक विद्यालय छन्। बझाङमा १ हजार ७ सय ७९ जना शिक्षकको दरबन्दी रहेकामा सबै दरबन्दीमा शिक्षक शिक्षिका कार्यरत छन्। ४ सय ३८ ओटा विद्यालयमध्ये ३ सय ८३ ओटा विद्यालयमा सुविधायुक्त शौचालय छन् भने ४५ ओटा विद्यालयमा बालमैत्री भवन छैनन्। बझाङमा ५ हजार ९ सय १४ जना बालक र ६ हजार ३ सय ८६ जना बालिकाले दलित छात्रवृत्ति पाएका छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ४१ करोड ३६ लाख ९२ हजार २६ रुपियाँ रहेको कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
यौन दुर्व्यवहार	१	१
जम्मा	३	३

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

बझाङमा सन् २०१३ मा दुई जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गरेको थियो। सन् २०१४ मा भने तीन जना बालिकाहरू बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भए। एउटा घटनामा १२ वर्षीया आफ्नै छोरीलाई ०७१ पुस १२ गते बलात्कार गरेको आरोपमा पीडितकी आमाले बाबुविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले अरोपितलाई पुस १३ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, सिमखेतमा भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै दुई जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएको एक र खानलाउन नदिएको एउटा उजुरी परेको प्रहरीले जनाएको छ। ती घटनामध्ये प्रहरीबाट एक घटनामा मिलापत्र गराइएको र बाँकी एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाइएको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	३	३
घरेलु हिंसा	२	२
जम्मा	५	५

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनामा छ जना पीडित भएका थिए भने यो वर्ष पाँच जना पीडित भएका छन्। घटना अभिलेखअनुसार घरेलु हिंसाका कारण दुई जना र बलात्कारको प्रयासका घटनामा तीन जना पीडित भएका छन्।

सबै प्रकारका जातीय विभेद

जातीय विभेदका कारण गत वर्ष सात जना पीडित भएको अभिलेख गरिएकोमा यो वर्ष पनि सात जना नै पीडित भएको अभिलेख छ। अभिलेख अनुसार एउटा घटनाका आरोपित फरार छन् भने अन्य घटनाहरूमा आगामी दिनमा जातीय विभेद नगर्ने सहमति गर्दै मिलापत्रमा मुद्दा टुङ्ग्याइएको पाइयो।

स्वास्थ्य सेवाको अवस्था

बझाङ जिल्लामा एउटा अस्पताल, २१ ओटा स्वास्थ्यचौकी र २४ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा रहेका छन्। चार जना डाक्टरको दरबन्दी रहेको बझाङ अस्पतालमा तीन जना कार्यरत छन्। यहाँ स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। स्टाफ नर्सको छ ओटा दरबन्दीमा दुई ओटा दरबन्दी रिक्त छन्। अहेबका ६८ ओटा दरबन्दीमा १७ ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या २५ मा छ जना मात्रै कार्यरत छन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरुमा २ सय २७ जनाको दरबन्दी रहेकोमा जिल्ला स्वास्थ्य कार्यालयले ६० जनाको दरबन्दी रिक्त रहेको जानकारी दियो। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड ७५ लाख ३० हजार रहेको छ। त्यसमध्ये ५ करोड ८ लाख ५१ हजार २ सय ७६ रुपियाँ प्रशासनिक खर्च र ४ लाख ६० हजार ८ सय रुपियाँ औषधी खर्च रहेको छ।

५.६ कञ्चनपुर



जिल्ला सदरमुकामः महेन्द्रनगर
क्षेत्रफल (वर्ग कि. मि.)ः १,६१०
घरधुरी सङ्ख्याः ८२,१५२
जम्मा जनसङ्ख्याः ४,५१,२४८
पुरुषः २,१६,०४२
महिलाः २,३५,२०६
अपाङ्ग सङ्ख्याः ९,०७२
गाविस/नपा सङ्ख्याः १९/१
पुरुष साक्षरता सङ्ख्याः १,६१,२१७
महिला साक्षरता सङ्ख्याः १,३५,२६२
हिन्दू धर्मावलम्बी प्रतिशतः ९५.०९
बौद्ध धर्मावलम्बी प्रतिशतः १.१५
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.१
किराँत धर्मावलम्बी प्रतिशतः ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः २.६५
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.८२
वही धर्मावलम्बी प्रतिशतः ०.१
अन्य धर्मावलम्बी प्रतिशतः ०.०९
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४९

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट चार जनासहित ३९ जना पीडित भएका थिए। सन् २०१४ मा राज्यपक्षबाट १२ जनासहित ८८ जना पीडित भएका छन्। गत वर्ष भन्दा महिला विरुद्धका हिंसाबाट पीडित हुनेको सङ्ख्या यो वर्ष तेब्बरभन्दा बढी छ। सन् २०१३ मा १८ जना हिंसाबाट पीडित भएका थिए भने यो वर्ष त्यस्ता घटनाबाट ५९ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। त्यस्तै

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	२	१	३			
बालअधिकार				११		११
अमानवीय व्यवहार					१	१
अपहरण				१		१
महिलाअधिकार				५९		५९
जातीय विभेद				१		१
गिरफ्तारी/यातना		७	७			
कुटपिट		२	२		१	१
हत्या				१	१	२
जम्मा	२	१०	१२	७३	३	७६

बालबालिकाविरुद्धका भएका हिंसामा गत वर्ष छ जना पीडित भएका थिए भने यो वर्ष यस्ता घटनाबाट ११ जना बालिका पीडित भए।

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता पुरूष ७५ र महिला २० गरी ९५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १ सय ५६ जना पुरूष र ६ जना महिला रहेका छन् भने कैद नतोकिएका २९ जना पुरूष र एक जना महिला गरी १ सय ९२ जना बन्दी रहेका छन्। कारागारमा क्षमता भन्दा दोब्बर पुरूष बन्दी भएका कारण खानेपानी, शौचालय र सुत्नको लागि समस्या रहेको कारागार प्रशासनले जनाएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

कञ्चनपुर जिल्लामा जिल्ला अदालत र पुनरावेदन अदालत छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २ सय ९५ थान र फौजदारी मुद्दा १ सय ५४ थान छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना २२ थान देवानी र १० थान फौजदारी मुद्दा फर्स्योट हुन बाँकी छन्।

पुनरावेदन अदालतमा चार जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ५३ थान र फौजदारी मुद्दा ६८ थान छन्। पुनरावेदन अदालतमा दुइवर्षभन्दा पुराना तीन थान देवानी र दुई थान फौजदारी मुद्दा फर्स्योट हुन बाँकी छन्। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा एकजना न्यायाधीशको भागमा ३२ थान मुद्दा पर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ४३ हजार ८ सय २५ जना बालक र ४८ हजार ९ सय ६४ जना बालिका गरी ९२ हजार ७ सय ८९ जना बालबालिका प्राथमिक तहदेखि माध्यमिक तहसम्म भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार एक सय ओटा प्राथमिक ६३ ओटा निम्न माध्यमिक र ५० ओटा माध्यमिक विद्यालयहरू छन्। सबै विद्यालयहरूमा शौचालय सुविधा भएको शिक्षा कार्यालयले जनायो। जिल्लामा ८ सय ३९ शिक्षक दरबन्दी रहेकोमा १५ ओटा दरबन्दी रिक्त रहेको कार्यालयले जनायो। ११ हजार ४ सय ७९ जना बालक र १२ हजार ६ सय ६६ जना बालिकाले दलित छात्रवृत्ति पाएको शिक्षा कार्यालयको अभिलेखमा छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट २१ करोड ५ लाख ७० हजार ९ सय ४ रुपियाँ रहेको कार्यालयले जनायो। त्यसमध्ये ७७ लाख ३८ हजार रुपियाँ प्रशासनिक खर्च रहेको छ।

यो वर्ष ११ जना बालबालिका पीडित भए। गत वर्ष यस्ता घटनामा छ जना पीडित भएको अभिलेख छ। सन् २०१४ मा यौन दुर्व्यवहार, बलात्कार र बेचबिखनबाट ११ जना बालिका पीडित भएका हुन्।

आठ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा ०७१ भदौ ३० गते ४६ वर्षीय झड्केलो बुबालाई प्रहरीले गिरफ्तार गऱ्यो। घरमा कोही नभएको बेला मौका छोपी मानसिक सन्तुलन ठिक नभएकी बालिकालाई ०७१ भदौ २९ गते बलात्कार गरेको आरोपमा पीडितका छिमेकीहरूले इलाका प्रहरी कार्यालय, गुलरियामा जानकारी दिएपछि प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो। पीडित बालिकाको भदौ ३० गते महाकाली अञ्चल अस्पतालमा

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बेचबिखन तथा ओसारपसार	३	३
बलात्कार	६	६
यौन दुर्व्यवहार	२	२
जम्मा	११	११

स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितलाई ०७१ कात्तिक २३ गते जिल्ला अदालत कञ्चनपुरका न्यायाधीश भोजराज अधिकारीको एकल इजलासले १२ वर्ष ६ महिना कैद सजाय दिने फैसला गर्‍यो।

बलात्कारपछि हत्या

११ वर्षीया एक बालिकालाई बलात्कार पछि हत्या गरेको आरोपमा ०७० चैत ९ गते कृष्णपुर गाविस-२ का २५ वर्षीय गङ्गाराम रानालाई इलाका प्रहरी कार्यालय, कृष्णपुरले गिरफ्तार गर्‍यो। देखतभूली गाविस -६ तल्की नजिकै रहेको जङ्गलमा गाईवस्तु चराउन गएकी बालिकालाई ०७० चैत ८ गते गङ्गारामले बलात्कार गरेको र बलात्कार गरेपछि कुरा खुल्ने डरले बालिकाको मुख र घाँटी थिचेर हत्या गरेको प्रहरीले जनायो। शवको ०७० चैत ९ गते महाकाली अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण तथा पोस्टमार्टम भयो। बलात्कार गरेपछि हत्या गरेको आरोपमा गिरफ्तार गरिएका गङ्गाराम रानालाई जिल्ला अदालत, कञ्चनपुरले ०७१ जेठ २ गते सर्वस्वसहित जन्मकैद सजाय सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय १९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरेका १ सय १४ र कुटपिट गरी घरनिकाला गरिएका पाँच उजुरी दर्ता भए। ती उजुरीमध्ये प्रहरीले ९५ घटनामा मिलापत्र गराएको र २४ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रबाट जानकारी प्राप्त भयो।

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट १८ जना पीडित भएका थिए भने यो वर्ष ५९ जना पीडित भएको अभिलेख छ। घटना अभिलेखअनुसार घरेलु हिंसाका कारण ५३ जना पीडित भएका छन्। त्यस्तै बेचबिखनबाट तीन जना पीडित भए। सन् २०१४ को अवधिमा कञ्चनपुरमा बलात्कार र बलात्कार प्रयासबाट महिला पीडित भएका घटनाहरू अभिलेखित छैनन्। एक जना महिला कथित बोक्सीको आरोपबाट पीडित भएकी छन्। उक्त घटनामा मिलापत्र गराइएको अभिलेख छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	१	१
बहुविवाह	२	२
बेचबिखन तथा ओसारपसार	३	३
घरेलु हिंसा	५३	५३
जम्मा	**५९**	**५९**

बेचबिखन तथा ओसारपसार

२५ वर्षीय एक महिलालाई विवाह गराई दिने प्रलोभनमा भारतको बरेलीमा बेचेको आरोपमा देखतभुली गाविस - ८ का २७ वर्षीय राधिकादेवी विष्ट, ६८ वर्षीय शेरबहादुर नाथ र ३५ वर्षीय धना नाथलाई ०७१ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय,कञ्चनपुरले गिर्फतार गर्‍यो। पीडितले दिएको जाहेरी जिल्ला प्रहरी कार्यालयमा ०७१ मङ्सिर २१ गते दर्ता भएको थियो। कञ्चनपुर जिल्ला अदालत, कञ्चनपुरले ०७१ पुस १४ गते तीनै जना आरोपितलाई जनही ५० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गर्ने निर्णय सुनाएकोमा राधिका र शेरबहादुर धरौटी तिरी तारेखमा बाहिर रिहा भए भने धना धरौटी तिर्न नसकेका कारण जिल्ला कारागार,कञ्चनपुरमा थुनामा रहेकी छिन्।

कथित बोक्सीको आरोप

पुर्नवास नगरपालिका - १२ की २७ वर्षीया सानु तामाङ र ३२ वर्षीया शारदा तामाङले सोही ठाउँकी ३७ वर्षीया हेमन्ती तामाङलाई बोक्सीको आरोप लगाई कुटपिट गरेको भन्दै ०७१ भदौ २८ गते इलाका प्रहरी कार्यालय, त्रिभुवनस्तीले गिरफ्तार गर्‍यो। आरोपितहरूले ०७१ भदौ २४ गते घरमा कोही नभएका बेला बोक्सीको आरोप लगाई कुटपिट गरेको पीडितले बताइन्। पीडितको छाती र मुखमा चोट लागेको थियो। पीडितको सेती अञ्चल अस्पताल, धनगढीमा उपचार भएको थियो। पीडितको उजुरीको आधारमा गिरफ्तार गरिएका आरोपितद्वयले माफी मागी अब उप्रान्त यस्तो व्यवहार नगर्ने र पीडितको उपचार गरिदिने सर्तमा भदौ ३० गते मिलापत्र भएको पीडितले बताइन्।

स्वास्थ्य सेवाको अवस्था

कञ्चनपुर जिल्लामा एउटा अस्पताल १४ ओटा स्वास्थ्यचौकी र चार ओटा उपस्वास्थ्य चौकी रहेका छन्। २१ जना डाक्टरको दरबन्दी रहेको

अस्पतालमा १२ जनाको दरबन्दी रिक्त छ। स्त्री रोग विशेषज्ञको एउटा दरबन्दी पनि रिक्त रहेको छ। स्टाफ नर्सको २२ ओटा दरबन्दीमा २१ जना कार्यरत छन्। अहेबका ६३ ओटा दरबन्दीमा पाँच ओटा रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या अनुसार ३६ जना नै कार्यरत रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो। कार्यालयका अनुसार ९ करोड ३६ लाख ७० हजार वार्षिक बजेटमा ९ करोड ११ लाख ७० हजार प्रशासनिक खर्च र २५ लाख रुपियाँ औषधी खर्च रहेको छ।

५.७ डडेल्धुरा

जिल्ला सदरमुकामः डडेल्धुरा
क्षेत्रफल (वर्ग कि. मि.)ः १,५३८
घरधुरी सङ्ख्याः २७,०४५
जम्मा जनसङ्ख्याः १,४२,०९४
पुरुषः ६६,५५६
महिलाः ७५,५३८
अपाङ्ग सङ्ख्याः ५,१५०
गाविस/नपा सङ्ख्याः २०/१
पुरुष साक्षरता सङ्ख्याः ४७,५५५
महिला साक्षरता सङ्ख्याः ३७,२५४
हिन्दू धर्मावलम्बी प्रतिशतः ९८.८८
बौद्ध धर्मावलम्बी प्रतिशतः ०.७१
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.३३
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.०३
अन्य धर्मावलम्बी प्रतिशतः ०.०१६
प्रतिपरिवार सरदर सङ्ख्याः ५.२५

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा एक जना पुरुषसहित ६४ जना पीडित भएका थिए। जसमा पाँच जना बालिका र ५८ जना महिला पीडित भएको अभिलेखित छ। सन् २०१४ मा बालअधिकार उल्लङ्घनका घटनामा चार जना बालिका र ३८ जना महिला पीडित भए। यो वर्ष डडेल्धुरामा दुई जना जातीय विभेदबाट पीडित भए भने दुई जनाको हत्या भएको इन्सेकले अभिलेख गर्‍यो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	४		४
अपहरण		१	१
महिलाअधिकार	३८		३८
जातीय विभेद	१	१	२
हत्या		२	२
जम्मा	**४३**	**४**	**४७**

जेल र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४८ जना र कैद नतोकिएका १४ जना गरी ६२ जना बन्दी रहेका छन्। जसमा ५५ जना पुरूष र सात जना महिला रहेका छन्। ०४४ सालमा निर्माण भएको यस कारागारमा क्षमताभन्दा बढी बन्दी राखिएका कारण भवनको अभावमा त्रिपालमुनि बस्नु परेको बन्दीहरूले बताए। क्षमताभन्दा बढी कैदीहरू हुँदा शौचालय, खानेपानी, सुत्ने कोठा र हिँडडुल गर्न समेत समस्या रहेको जेलर सुवास रावलले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

डडेल्धुरा जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १० थान र फौजदारी मुद्दा आठ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका बालबालिकाहरूमध्ये २२ हजार १ सय ५६ जना बालक र २३ हजार ४ सय ५७ जना बालिका प्राथमिक तहदेखि माध्यमिक तहसम्म भर्ना भए। जिल्ला शिक्षा कार्यालयका अनुसार १ सय ४२ ओटा प्राथमिक ५९ ओटा निम्न माध्यमिक र ३२ ओटा माध्यमिक विद्यालयहरू छन्। जिल्लामा १ हजार २ सय ४४ शिक्षक दरबन्दी रहेकोमा सबै दरबन्दीमा शिक्षक शिक्षिका कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। ७६ लाख ६५ हजार ७ रुपियाँ दलित बालबालिकाका लागि छात्रवृत्तिमा खर्च भएको शिक्षा कार्यालयको अभिलेखमा छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ११ करोड ७३ लाख २७ हजार १ सय ६ रुपैयाँ रहेको कार्यालयले जनायो। त्यसैगरी ७३ लाख ९७ हजार १ सय रुपियाँ प्रशासनिक खर्च रहेको कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	४	४
जम्मा	**४**	**४**

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

यो वर्ष डडेल्धुरामा बलात्कारका चार ओटा घटनामा चार जना पीडित भए। गत वर्ष बालबालिका विरुद्धका घटनाबाट पाँच जना बालिका पीडित भएका थिए। यो वर्ष एक १४ वर्षीया र एक १० वर्षीया र दुई १२ वर्षीया बालिका बलात्कृत भए। आरोपितहरू १८ वर्षदेखि ३४ वर्षसम्मका रहेका छन्। दुई ओटा घटनाका आरोपितहरूलाई अदालतले १२/१२ वर्षको जेल सजाय सुनाएको छ भने दुई ओटा मुद्दा फैसला हुन बाँकी छ।

१० वर्षीय एक बालिकालाई बलात्कार गरेको आरोपमा गणेशपुर गाविस- २ घर भई हाल कैलाली जिल्ला मालाखेती गाविस -४ खमौरा बस्ने ३४ वर्षीय टेकबहादुर मालीलाई ०७१ चैत्र २९ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। जिल्ला अदालत, डडेल्धुराका जिल्ला न्यायाधीश ध्रुवकुमार शाहको एकल इजलासले ०७१ जेठ ११ गतेको फैसला अनुसार आरोपितलाई ५० हजार जरिवानासहित १२ वर्ष जेल सजाय सुनाएको छ। पीडित बालिकाको उपक्षेत्रीय अस्पताल,डडेल्धुरामा उपचार भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६७ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ४५, खानलाउन नदिएको तीन, विवाह दर्ता तथा नागरिकता नबनाएको पाँच, अर्को श्रीमती ल्याएर हेला गरेकोमा चार ओटा उजुरी छन् भने बाँकी सामान्य झैझगडाका घटना दर्ता भए। ती घटनामध्ये प्रहरीबाट ६६ घटनामा मिलापत्र गराएको र एक उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको महिला तथा बालबालिका सेवा केन्द्रबाट जानकारी प्राप्त भयो।

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट ५८ जना पीडित भएका थिए भने यो वर्ष राखिएको अभिलेखमा यस्ता घटनाबाट पीडित हुनेको सङ्ख्यामा कमी आएको छ। यस्ता घटनामा परी ३८ जना पीडित भएका छन्। अभिलेख अनुसार घरेलु हिंसाका कारण ३५ जना र यौन दुर्व्यवहारबाट तीन जना पीडित भएका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
घरेलु हिंसा	३५	३५
यौन दुर्व्यवहार	३	३
जम्मा	**३८**	**३८**

२५ वर्षीय एक महिलालाई ०७१ असोज ८ गते राति ८ बजे बलात्कार प्रयास गरेको आरोपमा आलिताल गाविस -५ का ३५ वर्षीय पदमबहादुर मास्केराना विरुद्ध पीडितका आफन्तले असोज १३ गते प्रहरीमा उजुरी दिए। घरमा कोही नभएको समय पारी कोठाभित्र आएर बलात्कार प्रयास गरेको किटानी जाहेरीमा उल्लेख गरिएको प्रहरीले जनायो। घटनालगत्तै आरोपित फरार भए।

सबैप्रकारका जातीय विभेद

मष्टामाण्डौ गाविस- ६ सकालयकी ४५ वर्षीया रमादेवी भाटलाई ०७० माघ ३ गते जनजातिलाई ज्वाइँ स्वीकार गरेको आरोपमा उनका ४२ वर्षीय देवर दलबहादुर भाट, छिमेकी ससुरा नाता पर्ने बलबहादुर बोहरा, छिमेकी ससुरा नाता पर्ने बलबहादुर विष्ट, छिमेकी ससुरा नाता पर्ने विजयसिंह विष्ट र सर्पे विष्टले 'सामाजिक बहिष्कार गर्नुपर्छ' भन्दै पीडितको घरमा

आएर गालीगलौज तथा दुर्व्यवहार गरे। छोरी रमा भाट र ज्वाईं मानबहादुर घर्ती मगर प्रेमविवाह गरेको दुई वर्षपछि माइती घरमा आएका थिए। उनीहरू विवाहपछि भारतमा बस्दै आएका र भारतबाट माइतीघर आएको समयमा जनजातिसँग विवाह गराएको भन्दै सामाजिक बहिष्कार गर्नुपर्ने भन्दै गालीगलौज गरेको पीडित महिलाले बताइन्। दलबहादुरको नेतृत्वमा आएका गाउँलेहरू घरमै गएर गाई गोठमा बाँधेर पराल खुवाउने जस्ता धम्की दिएको उनका ज्वाइँ मानबहादुर घर्तीमगरले बताए। पीडितले ०७० माघ ८ गते जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा उजुरी दर्ता गरिन्। पीडितहरू सम्पर्कमा नआएपछि कारबाही प्रक्रिया अगाडि बढाउन नसकिएको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला जनस्वास्थ्य कार्यालय डडेल्धुराका इञ्चार्ज जिल्लाबाहिर गएको र प्रस्तावित उपक्षेत्रीय अस्पताल भएकोले आफूसँग एकिन विवरण नभएको खरिदार गणेशराज ओझाले बताए।

५.८ बैतडी



जिल्ला सदरमुकामः	बैतडी
क्षेत्रफल (वर्ग कि. मि.)ः	१,५१९
घरधुरी सङ्ख्याः	४५,१९१
जम्मा जनसङ्ख्याः	२,५०,८९८
पुरुषः	१,१७,४०७
महिलाः	१,३३,४९१
अपाङ्ग सङ्ख्याः	७,७८८
गाविस/नपा सङ्ख्याः	६२/१
पुरुष साक्षरता सङ्ख्याः	८२,३७७
महिला साक्षरता सङ्ख्याः	६१,१६६
हिन्दू धर्मावलम्बी प्रतिशतः	९९.९३
बौद्ध धर्मावलम्बी प्रतिशतः	0.0२
इस्लाम धर्मावलम्बी प्रतिशतः	0.0१
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः	0.0२
अन्य धर्मावलम्बी प्रतिशतः	0.0१४
प्रतिपरिवार सरदर सङ्ख्याः	५.५५

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट एकजना पुरुषलाई कुटपिट गरिएको घटनासहित ४४ जना पीडित भएका थिए। सन् २०१४ मा ५५ जना पीडित भए। गत वर्ष नौ जना बालिका पीडित भएका थिए। सन् २०१४ मा यस्ता घटनामा एक जना बालकसहित आठ जना पीडित भए। सन् २०१३ मा ११ जना महिला पीडित भएका थिए भने यो वर्ष ४० जना महिला पीडित भएका छन्। जातीय विभेदका कारण गत वर्ष चार जना पीडित भएका थिए भने यो वर्ष यस्ता घटनाबाट तीन जना पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	७	१	८
महिलाअधिकार	४०		४०
जातीय विभेद	२	१	३
हत्या	२	२	४
जम्मा	५१	४	५५

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जना रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३७ जना र नतोकिएका १० जना गरी ४७ जना पुरूष बन्दी रहेका छन्। ०४० सालमा निर्माण भएको यस कारागारको छाना जीर्ण भई वर्षात्मा पानी चुहिने समस्या छ भने गर्मी याममा कारागारभित्र खानेपानीको हाहाकार हुने गरेको कारागार प्रशासनले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

बैतडी जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा ०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १२ थान र फौजदारी मुद्दा २२ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा फर्स्योट हुन बाँकी छैनन्।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ८३ हजार ४ जना बालक र ६१ हजार ३ सय १७ जना बालिका मध्ये ४५ हजार ८ सय ४० जना बालक र ४७ हजार १ सय ९६ जना बालिका प्राथमिक तहदेखि माध्यमिक तहसम्म भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार ३ सय २५ ओटा प्राथमिक १ सय ५ ओटा निम्नमाध्यमिक र ६४ ओटा माध्यमिक विद्यालयहरू छन्। जिल्लामा १ हजार ८ सय ८६ शिक्षक दरबन्दी रहेकोमा दरबन्दी भन्दा बढी १ हजार ९ सय ७० जना कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। ५९ लाख रुपियाँ दलित बालकका लागि र ५ लाख ७७ हजार ९ सय १५ रुपियाँ दलित बालिकाका लागि छात्रवृत्तिमा खर्च भएको शिक्षा कार्यालयको अभिलेखमा छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८३ करोड ९४ लाख ६५ हजार रुपियाँ रहेको कार्यालयले जनायो। त्यसैगरी ७३ लाख ९७ हजार १ सय रुपियाँ प्रशासनिक खर्च रहेको कार्यालयले जनाएको छ।

यो वर्ष एक जना बलात्कार र दुई जना यौन दुर्व्यवहारबाट पीडित भए। त्यसैगरी बेचबिखनको घटनाबाट दुई जना, विद्यालयमा हुने शारीरिक सजायका कारण एक जना पीडित भएका छन्।

१६ वर्षीया एक बालिकालाई ०७१ वैशाख २४ गते सिद्धेश्वर गाविस-६ का ४५ वर्षीय विष्णुप्रसाद भट्टले सोही ठाउँको सुडा जङ्गलमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०७१ वैशाख २९ गते प्रहरीमा उजुरी दिए। पीडित बालिकाको ०७१ वैशाख २९ गते जिल्ला अस्पताल, बैतडीमा स्वास्थ्य परीक्षण गरिएको थियो। प्रहरीले आरोपितलाई माघ १९ गते गिरफ्तार गरी जिल्ला अदालत पेश गरेकोमा अदालतले ०७१ जेठ १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बेचबिखन तथा ओसारपसार	२		२
बालविवाह	२		२
बलात्कार	१		१
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	२		२
जम्मा	७	१	८

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट ११ जना पीडित भएका थिए भने यो वर्ष ४० जना पीडित भएको अभिलेख छ। घटना अभिलेख अनुसार घरेलु हिंसाका कारण ३७ जना र बलात्कार

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बलात्कारको प्रयास	१	१
बहुविवाह	१	१
घरेलु हिंसा	३७	३७
जम्मा	४०	४०

तथा बलात्कार प्रयासका कारण दुई जना पीडित भए।

७० वर्षीया एक महिलालाई ०७१ कात्तिक १२ गते मेलौली गाविस-३ का २८ वर्षीया हरिशा दयालले पीडित घरमा एक्लै भएको बेला बलात्कार गरेको आरोपमा प्रहरीले कारवाही अगाडि बढायो। घटनापश्चात आरोपितलाई प्रहरीले ०७१ कात्तिक २५ गते गिरफ्तार गरी ०७१ कात्तिक २६ गते अदालत पेश गरेकोमा उनी सोही मितिको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

सबै प्रकारका जातीय विभेद

जातीय विभेदका कारण बैतडीमा गत वर्ष चार जना पीडित भएको अभिलेख गरिएकोमा यो वर्ष तीन जना पीडित भएको अभिलेख छ। बाजुरामा अन्तरजातीय प्रेम विवाहका कारण पीडित भएका घटना पनि अभिलेख छ। घटनाका आरोपित र पीडितबीच मिलापत्र भएको प्रहरीले जनायो।

शमार्ली गाविस-१ घनाघाट घर भई दशरथ चन्द नपा-१ शाहीलेकमा डेरा गरी बस्ने ३३ वर्षीय रमेशराम तिरूवा र उनकी पत्नी २७ वर्षीया निर्मला तिरूवालाई 'डुम' भनी अमानवीय व्यवहार गरेको आरोपमा कैलपाल गाविस- ३ घर भइ हाल सोही नपा-१ शाहीलेकमा डेरा गरी बस्ने ३८ वर्षीय तेजसिंह बोहराविरुद्ध पीडितले ०७० माघ २९ गते प्रहरीमा उजुरी गरे। पीडित ०७० माघ २९ गते धारामा पानी भरिरहँदा उनीहरू माथि आरोपितले दुर्व्यवहार गरेपछि उनीहरूले सोही दिन जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी गरेका थिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी ०७० फागुन १ गते दुवै पक्षको सहमतिमा उप्रान्त यस्तो घटना नगर्ने सर्तमा मिलापत्र भएको जिल्ला प्रहरी कार्यालय, बैतडीले बतायो।

स्वास्थ्य सेवाको अवस्था

बैतडी जिल्लामा एउटा अस्पताल, दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र, दुई ओटा स्वास्थ्यचौकी र ४५ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा छन्। पाँच जना डाक्टरको दरबन्दी रहेको अस्पतालमा एक जनाको दरबन्दी रिक्त छ। स्टाफ नर्सको ६ ओटा दरबन्दीमा चार जना कार्यरत छन्। अहेबका १ सय ४७ ओटा दरबन्दीमा ५८ ओटा दरबन्दी रिक्त रहेका छन्। अनमिको दरबन्दी सङ्ख्या ९३ मा ९१ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालय बैतडीको वार्षिक बजेट १५ करोड ६६ लाख ६८ हजार रहेकोमा ३५ लाख ५० हजार रुपियाँ प्रशासनिक खर्च र ८६ लाख ८७ हजार ५ सय रुपियाँ औषधी खर्च रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ।

५.९ दार्चुला



जिल्ला सदरमुकामः खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.)ः २,३२२
घरधुरी सङ्ख्याः २४,६१८
जम्मा जनसङ्ख्याः १,३३,२७४
पुरुषः ६३,६०५
महिलाः ६९,६६९
अपाङ्ग सङ्ख्याः ३,६६९
गाविस/नपा सङ्ख्याः ४१/०
पुरुष साक्षरता सङ्ख्याः ४५,१२२
महिला साक्षरता सङ्ख्याः ३४,२०२
हिन्दू धर्मावलम्बी प्रतिशतः ९८.८८
बौद्ध धर्मावलम्बी प्रतिशतः ०.८८
इस्लाम धर्मावलम्बी प्रतिशतः ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशतः ०.०६
प्रकृति धर्मावलम्बी प्रतिशतः ०.१५
अन्य धर्मावलम्बी प्रतिशतः ०.०१२
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४१

सन् २०१४ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१३ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट तीन जना र गैरराज्यपक्षबाट २२ जना

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	५		५
महिलाअधिकार	२७		२७
हत्या	१	१	२
जम्मा	**३३**	**१**	**३४**

पीडित भएका थिए। सन् २०१४ मा राज्यपक्षबाट हुने मानवअधिकार उल्लङ्घनका घटनाहरू अभिलेखित भएनन्। मानवअधिकार उल्लङ्घन र ज्यादतीका कारण यो वर्ष एक जना पुरुषसहित ३४ जना पीडित भए। गत वर्ष र यो वर्ष दार्चुलामा पाँच/पाँच जना बालिका पीडित भएको अभिलेख छ। सन् २०१३ मा महिलाविरुद्धका हिंसाबाट १२ जना पीडित भएका थिए भने यो वर्ष २७ जना पीडित भए। गत वर्ष दुई जनाको हत्या भएको अभिलेख राखिएकोमा यो वर्ष पनि एक जना महिला र एक जना पुरुषको हत्या भएको अभिलेख भयो।

जेल र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार दार्चुलाको बन्दी क्षमता ४० जनाको रहेको छ। यहाँ २५ जना पुरूष र १५ जना महिला बन्दीको क्षमता रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४० जना र कैद नतोकिएका पाँच जना बन्दीहरू छन् । जसमध्ये तीन जना महिला छन्। जिल्ला कारागारको स्थापना ०२२ सालमा भएको हो। जिल्ला कारागार, दार्चुलाको भौतिक अवस्था जीर्ण रहेको छ। भवनको छत कर्कटपाताले छाइएको छ। पाँचओटा कोठा रहेको भवनमा चार कोठामा बन्दी र कैदी राखिएको छ भने एक कोठामा सुरक्षा गार्ड बस्दै आएका छन्। पुरूष बन्दीहरूलाई बस्न र सुताउन समस्या भएको कारागारका जेलर मनोजकुमार शाहले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। दार्चुला जिल्ला अदालतमा फौजदारी मुद्दा तर्फ ३३ थान र देवानी मुद्दातर्फ आठ थान मुद्दा फैसला हुन बाँकी रहेका छन्। दुई वर्ष भन्दा पुरानो एउटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको छ।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लामा २ सय ३० ओटा प्राथमिक ६६ ओटा निम्न माध्यमिक र ४२ ओटा माध्यमिक विद्यालय छन्। यहाँका सबै विद्यालयमा सुविधायुक्त शौचालय रहेका छन्। यी विद्यालयहरूमा ७ सय ५९ शिक्षक दरबन्दी रहेकोमा सबैमा शिक्षकशिक्षिका कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। यस शैक्षिक सत्रमा २४ हजार ६ सय ४४ जना बालक र २५ हजार १ सय ९० जना बालिका भर्ना भएका छन्। दार्चुला जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ६५ करोड ३५ लाख ४५ हजार ३ सय ८७ रुपियाँ छ। त्यसमध्ये प्रशासनिक खर्च ४६ करोड ९६ लाख ४५ हजार ३ सय ८७ रुपियाँ रहेको छ। २ हजार ३ सय ३४ जना दलित बालक र २ हजार ५ सय ३३ जना दलित बालिकालाई छात्रवृत्ति उपलब्ध गराइएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
यौन दुर्व्यवहार	४	४
जम्मा	**५**	**५**

यो वर्ष बाल यौन दुर्व्यवहारमा चार जना पीडित भए। गत वर्ष तीन जना बालिका पीडित भएको अभिलेख थियो भने यो वर्ष पाँच जना पीडित भएको अभिलेख राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१४ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६८ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ५८ घरेलु हिंसाका

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	१	१
बहुविवाह	१	१
बेचबिखन तथा ओसारपसार	१	१
घरेलु हिंसा	२४	२४
जम्मा	**२७**	**२७**

घटनाहरू मिलापत्र भए भने १० थान मेलमिलाप हुन सकेनन्।

गत वर्ष महिलामाथि भएका हिंसा र ज्यादतीका घटनाबाट १२ जना पीडित भएका थिए भने यो वर्ष २७ जना पीडित भएको अभिलेख छ।

बेचबिखन तथा ओसारपसार

१८ वर्षीय एक युवतीलाई बेचबिखन गरेको आरोपमा ०७१ असोज ३० गते धौलाकोट-४ का २२ वर्षीय हरकसिंह धामी र अपी नपाका- ११ का २० वर्षीय कविन्द्रराज भट्टविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता भयो। प्रहरीले दुवैजनालाई ०७१ असोज ७ गते गिरफ्तार गर्‍यो। पीडितसँग ०७१ वैशाख १० गते विवाह गरेका धामीले पीडितलाई असार १ गते भारतको बेङ्गलोर लगेका थिए। भारत लैजाने क्रममा भट्टसमेत सँगै गएका थिए। न्यायाधीश जयानन्द पनेरूको ०७० असोज ३० गतेको इजलासले धामीलाई थुनामा राख्ने आदेश दियो भने अर्का आरोपित अपी नपा - ११ का कविन्द्रराज भट्ट धरौटी राखी तारेखमा रिहा भए। भारतको बङ्गलोर पुर्‍याइएका ती युवती अहिलेसम्म सम्पर्कमा आएकी छैनन्। अहिले धामी पुर्पक्षका लागि थुनामा छन् भने भट्ट धरौटीमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

दार्चुला जिल्लामा दुई ओटा अस्पताल, १९ ओटा स्वास्थ्य चौकी र २१ ओटा उपस्वास्थ्य चौकी सञ्चालनमा छन्। पाँच जना डाक्टरको दरबन्दी रहेको सुनसरी अस्पतालमा तीन ओटा दरबन्दी रिक्त रहेको छ। अहेब ४६ जनाको दरबन्दीमा सबैमा कार्यरत रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनायो। सबै ८७ ओटा दरबन्दीमा अनमि कार्यरत छन्। दार्चुलामा दुई जना डाक्टरको दरबन्दी रिक्त रहेको बाहेक सबै पदमा स्वास्थ्यकर्मी कार्यरत रहेको स्वास्थ्य कार्यालयले जनायो।

मानवअधिकार
उल्लङ्घन/ज्यादती
तथ्याङ्क
२०१४

अनुसूची
२

परिशिष्ट १

नेपाल- घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
घाइते							
बम विस्फोटबाट				६	१३		१९
दोहोरो झडपमा घाइते	४	२६	३०	२	५		७
आगो लगाएर				१	१		२
एसिड छर्केर				१			१
गोलीबाट	१	५	६	२	२३		२५
धारिलो हतियारबाट				६	६		१२
जम्मा	**५**	**३१**	**३६**	**१८**	**४८**		**६६**
बालअधिकार							
बालश्रम				९	४		१३
बालबालिका ओसारपसार				५८	३७		९५
बालविवाह				३३			३३
बलात्कार				५२५			५२५
नवजात शिशुको हत्या				१५	३		१८
विद्यालयमा शारीरिक सजाय				५	१५		२०
विभिन्न अवरबाट वञ्चित				२			२
शिक्षामा भेदभाव					१		१
यौन दुर्व्यवहार				२१६	१३		२२९
हत्याको प्रयास				१	३		४
जम्मा				**८६४**	**७६**		**९४०**
अमानवीय व्यवहार							
कथित बोक्सीको आरोप					५		५
अन्य					२	४	६
अनुहारमा मोसो लगाएको				१	५		६
कपाल खौरिएको					४		४
जम्मा				**१**	**१६**	**४**	**२१**
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार							
आफनो सम्पत्तिको अधिकार				३	३		६
अन्य				१			१
जागिरबाट निष्काशन				१			१
जम्मा				**५**	**३**		**८**
अपहरण							
अपहरण				१८	२०		३८
जम्मा				**१८**	**२०**		**३८**

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
महिलाअधिकार							
बेश्यावृतिमा लगाएको				२			२
कथित बोक्सीको आरोप				८९			८९
बलात्कार				२३८			२३८
बलात्कारको प्रयास				१३९			१३९
बहुविवाह				३३७			३३७
महिला बेचबिखन तथा ओसारपसार				१२५			१२५
प्रसुती सेवा	२		२				
घरेलु हिंसा				२४९६			२४९६
यौन दुर्व्यवहार				९३			९३
गर्भपतन				३			३
जम्मा	**२**		**२**	**३५२२**			**३५२२**
भेला/सङ्गठित हुने अधिकार							
भेला/सङ्गठित हुने अधिकार	१०	६६	७६				
लाठीचार्ज	५	११	१६				
जम्मा	**१५**	**७७**	**९२**				
जेलमा मृत्यु							
जेलमा मृत्यु	१	३	४				
जातीय विभेद							
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित				१	१		२
अन्तरजातीय विवाह				७	६		१३
जातीय छुवाछूत				३५	३८		७३
जम्मा				**४३**	**४५**		**८८**
गिरफ्तारी/यातना							
गिरफ्तारी/यातना	१३	५२	६५				
हिरासत वा थुनामा मृत्यु							
हिरासत/थुनामा मृत्यु		२	२				
कुटपिट							
कुटपिट	२३	६६	८९	२	४२		४४
धम्की							
धम्की	४	८	१२	११	३४		४५

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
हत्या							
घाँटी रेटेर				२			२
घाँटी थिचेर				२	१		३
घाँटी काटेर				८	२		१०
घन प्रहारबाट				१	१		२
ढुङ्गाले किचेर				१	१		२
बम विस्फोटनबाट					२		२
बलात्कारपछि				१७			१७
दोहोरो भिडन्तमा		२	२				
दोहोरो झडपमा मृत्यु					१		१
आगो लगाएर हत्या				६	१		७
भीर वा डाँडाबाट फालिएको					१		१
झुण्ड्याएर				१४	१		१५
विष खुवाएर				३			३
लाठी प्रहारबाट		२	२	७	६		१३
कुटपिट गरी				५९	५१		११०
गोली हानी		३	३	२	६		८
खुकुरी प्रहारबाट				४	४		८
धारिलो हतियार प्रहारबाट				३८	४५		८३
हत्याको प्रकृति नखुलेको				१०	४		१४
जम्मा		**७**	**७**	**१७४**	**१२७**		**३०१**
कूल जम्मा	**६३**	**२४६**	**३०९**	**४६५८**	**४११**	**४**	**५०७३**

परिशिष्ट २ पेशागत आधारमा पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
राजनीतिक कार्यकर्ता	३	१५	१८	३	१८		२१
स्वास्थ्यकर्मी	१		१	२३			२३
सभासद्				१			१
सामाजिक कार्यकर्ता	२	१७	१९	४	१		५
सुकुमबासी				१			१
सशस्त्र प्रहरी				२			२
बन्दी				१			१
मानवअधिकारकर्मी	७	५	१२	४			४
मजदुर	२	२०	२२	२११	२०		२३१
भारतीय नागरिक				१			१
नाबालक				१५			१५
जागिरे/कर्मचारी		४	४	३२	१७		४९
प्रहरी	१	५	६	१	२		३
पत्रकार	१	२६	२७	३	२९		३२
विद्यार्थी	५	२४	२९	६२६	११५		७४१
शिक्षक	१	४	५	१९	१३		३२
इन्जीनियर					१		१
उद्योग व्यवसायी	२	१७	१९	७६	१३		८९
कृषक	२३	८२	१०५	१७१०	१३५		१८४५
कानुनव्यवसायी		१	१				
गृहिणी	११	१	१२	१५९२	१		१५९३
धार्मिक व्यक्ति					१		१
नखुलेको	४	२५	२९	३३३	४५	४	३८२
जम्मा	**६३**	**२४६**	**३०९**	**४६५८**	**४११**	**४**	**५०७३**

परिशिष्ट ३ पूर्वाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	१	१०	९	१९
बालअधिकार				२६०	३०	२९०
अमानवीय व्यवहार					९	९
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				२	१	३
अपहरण				६	६	१२
महिलाअधिकार				१००१		१००१
भेला/सङ्गठित हुने अधिकार	५	३०	३५			
जेलमा मृत्यु		१	१			
जातीय विभेद				१५	१३	२८
गिरफ्तारी/यातना	१	७	८			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट	४	१५	१९	१	१५	१६
धम्की		५	५	२	१२	१४
हत्या				६१	४६	१०७
जम्मा	**१०**	**६०**	**७०**	**१३५८**	**१४१**	**१४९९**

परिशिष्ट ४ मध्यमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		८	८	३	१९	२२
बालअधिकार				२६२	६	२६८
अमानवीय व्यवहार					३	३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१
अपहरण				६	११	१७
महिलाअधिकार				११४०		११४०
भेला/सङ्गठित हुने अधिकार	६	३५	४१			
जातीय विभेद				५	९	१४
गिरफ्तारी/यातना	१	६	७			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट	७	८	१५		१४	१४
धम्की	४	१	५	५	४	९
हत्या		४	४	५७	५४	१११
जम्मा	**१८**	**६३**	**८१**	**१४७८**	**१२१**	**१५९९**

परिशिष्ट ५ पश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	२	१०	१२	२	९	११
बालअधिकार				१७५	९	१८४
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				३	१	४
अपहरण				२		२
महिलाअधिकार				४९४		४९४
भेला/सङ्गठित हुने अधिकार	४	१२	१६			
जातीय विभेद				८	५	१३
गिरफ्तारी/यातना		५	५			
कुटपिट	१	१	२		३	३
धम्की		१	१	४	६	१०
हत्या		१	१	२५	१५	४०
जम्मा	**७**	**३०**	**३७**	**७१३**	**४९**	**७६२**

परिशिष्ट ६ मध्यपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
घाइते	१	११	१२	३	११		१४
बालअधिकार				१०४	२५		१२९
अमानवीय व्यवहार				१	२	४	७
अपहरण				१	१		२
महिलाअधिकार	२		२	५४२			५४२
जातीय विभेद				७	७		१४
गिरफ्तारी/यातना	११	२७	३८				
कुटपिट	४	२९	३३	१	७		८
धम्की		१	१		१२		१२
हत्या		२	२	२०	५		२५
जम्मा	**१८**	**७०**	**८८**	**६७९**	**७०**	**४**	**७५३**

परिशिष्ट ७ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	२	१	३			
बालअधिकार				६३	६	६९
अमानवीय व्यवहार					१	१
अपहरण				३	२	५
महिलाअधिकार				३४५		३४५
जेलमा मृत्यु	१	२	३			
जातीय विभेद				८	११	१९
गिरफ्तारी/यातना		७	७			
कुटपिट	७	१३	२०		३	३
हत्या				११	७	१८
जम्मा	**१०**	**२३**	**३३**	**४३०**	**३०**	**४६०**

परिशिष्ट ८ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
अपहरण	४	५	६		५	३	७	२	३	१	२		**३८**
गिरफ्तारी/यातना	१०	१४	११	१	५	६	३	१	२	५	७		**६५**
कुटपिट	१५	१७	१४	१०	९	७	१२	२१	७	१३	२	६	**१३३**
बालअधिकार	५६	६१	१०३	७५	११६	७४	१०४	७६	६८	८६	७८	४३	**९४०**
हिरासत वा थुनामा मृत्यु			१							१			**२**
जेलमा मृत्यु				१	१					१		१	**४**
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार			२	१	२						३		**८**
अमानवीय व्यवहार		५	४	१	४	१	१			३	१	१	**२१**
घाइते	८	९	१४	९	१३	१५	११	७	९	५	२		**१०२**
हत्या	३५	२३	२६	२५	३३	२५	२५	३०	२४	३०	८	२४	**३०८**
जातीय विभेद	११	१४	८	४	३	८	७	१०	७	५	६	५	**८८**
भेला/सङ्गठित हुने अधिकार	३१				१०	४	१३	९		१५		१०	**९२**
धम्की	५	१०		१२	२	१०	५	२	५		४	२	**५७**
महिलाअधिकार	३४४	३१४	३१०	३०६	२५१	२५६	३२१	४०४	२४५	२६४	३१०	१९९	**३५२४**
जम्मा	**५१९**	**४७२**	**४९९**	**४४५**	**४५४**	**४०९**	**५०९**	**५६२**	**३७०**	**४२९**	**४२३**	**२९१**	**५३८२**

परिशिष्ट ९ जिल्ला अस्पतालमा उपस्थित चिकित्सकहरुको तथ्याङ्क

पूर्वाञ्चल

क्र.सं.	जिल्ला	डाक्टर		स्त्री रोग विशेषज्ञ	
		दरबन्दी	कार्यरत	दरबन्दी	कार्यरत
१	झापा	२५	२०	८	५
२	इलाम	६	४	२	२
३	पाँचथर	५	५	१	१
४	ताप्लेजुङ	४	४		
५	मोरङ	७	३		
६	सुनसरी	८	२		
७	धनकुटा	५	१		
८	तेहथुम	४	६		
९	भोजपुर	२	३		
१०	सङ्खुवासभा	५	५	६	५
११	सप्तरी	७			
१२	सिरहा	७	५	१	
१३	उदयपुर	१८	६	२	१
१४	खोटाङ	३	२		
१५	ओखलढुङ्गा	४	३		
१६	सोलुखुम्बु	५	४	१	१
	जम्मा	**११५**	**७३**	**२१**	**१५**

पश्चिमाञ्चल

क्र.सं.	जिल्ला	डाक्टर		स्त्री रोग विशेषज्ञ	
		दरबन्दी	कार्यरत	दरबन्दी	कार्यरत
१	तनहुँ	७	७		
२	गोरखा	१२	४		
३	लमजुङ	३			
४	स्याङ्जा	५	५		
५	कास्की	३	३	४	२
६	मनाङ	२	१		
७	नवलपरासी	१०	१२		
८	रुपन्देही	५	४	२	१
९	पाल्पा	८	३		
१०	कपिलवस्तु	७	३	१	१
११	अर्घाखाँची	६	५		
१२	गुल्मी	१४	५	१	
१३	बाग्लुङ	३	४		
१४	पर्वत	४	८		
१५	म्याग्दी	२	२		
१६	मुस्ताङ	२	२		
	जम्मा	**९३**	**६८**	**८**	**४**

मध्यमाञ्चल

क्र.सं.	जिल्ला	डाक्टर		स्त्री रोग विशेषज्ञ	
		दरबन्दी	कार्यरत	दरबन्दी	कार्यरत
१	धनुषा	५	५		
२	महोत्तरी	१२	१२		
३	सर्लाही	२५	१	१	
४	सिन्धुली	१५	२	१	
५	रामेछाप	५	५		
६	दोलखा	४	७		
७	रौतहट	११	७	१	
८	बारा	१९	३		
९	पर्सा	६	६		
१०	चितवन	३	३		
११	मकवानपुर	११	७	१	
१२	ललितपुर				
१३	काभ्रे	७	७	१	१
१४	भक्तपुर	२	२		
१५	काठमाडौँ				
१६	धादिङ	५	५		
१७	सिन्धुपाल्चोक	६	३		
१८	नुवाकोट	२०	१०		
१९	रसुवा	३	१		
	जम्मा	**१५९**	**८६**	**५**	**१**

मध्यपश्चिमाञ्चल

क्र.सं.	जिल्ला	डाक्टर		स्त्री रोग विशेषज्ञ	
		दरबन्दी	कार्यरत	दरबन्दी	कार्यरत
१	दाङ	४	३		
२	प्यूठान	५	५		
३	रोल्पा	१			
४	सल्यान	५	३		
५	रुकुम	४	२		
६	बाँके	२८	१३	३	२
७	बर्दिया	१५	८		
८	सुर्खेत	५	३		
९	जाजरकोट	४	१		
१०	दैलेख	९	४		
११	डोल्पा	२	१		
१२	जुम्ला	१			
१३	कालीकोट	३	२		
१४	मुगु	३	१		
१५	हुम्ला	२	१		
	जम्मा	**९१**	**४७**	**३**	**२**

स्रोत : सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय

सुदूरपश्चिमाञ्चल

क्र.सं.	जिल्ला	डाक्टर		स्त्री रोग विशेषज्ञ	
		दरबन्दी	कार्यरत	दरबन्दी	कार्यरत
१	कैलाली	३१	२७		
२	अछाम	४	१		
३	डोटी	४	२		
४	बाजुरा	४	२		
५	बझाङ	४	३		
६	कञ्चनपुर	२१	९	१	
७	डडेल्धुरा	१८	६	१	१
८	बैतडी	५	४		
९	दार्चुला	५	२		
	जम्मा	**९६**	**५६**	**२**	**१**

स्रोत : सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय

परिशिष्ट १० जातजातिका आधारमा पीडित सङ्ख्या

जात	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
सन्यासी				५			५
ब्राह्मण	८	५६	६४	५०९	४२		५५१
वैश्य				३९	५		४४
बनिया				१७	२		१९
दलित	११	३५	४६	८२५	८९		९१४
आदिवासी				७०	१		७१
मण्डल	१	१	२	२८	२		३०
मुस्लिम	४	८	१२	१६८	१६	४	१८८
नेवार		६	६	१२६	३		१२९
जनजाति	१७	५५	७२	१३४६	११४		१४६०
क्षेत्री	१८	६४	८२	९३२	६२		९९४
कोइरी		४	४	४६	१०		५६
कायस्थ				२			२
तेली	३	४	७	९६	१०		१०६
गोडिया		२	२	५	१		६
यादव		५	५	१०९	२०		१२९
नखुलेको	१	६	७	३३५	३४		३६९
जम्मा	**६३**	**२४६**	**३०९**	**४६५८**	**४११**	**४**	**५०७३**

परिशिष्ट ११ सन् २०१४ मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

क्र.सं.	जिल्ला	श्रेणी	जेलको क्षमता	सन् २०१४ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					जेलमा आश्रित सङ्ख्या		जेलमा मृत्यु भएको सङ्ख्या
				थुनुवा	कैदी	जम्मा	पुरुष	महिला	बालक	बालिका	
१.१	झापा	ख	२७५	३७३	२९३	६६६	६६६		४	८	
१.२	इलाम	ग	१२५	६६	२६७	३३३	३०३	३०	५	१	
१.३	पाँचथर	ङ	२५	५५	९८	१५३	१५३		१	१	
१.४	ताप्लेजुङ	ङ	२५	३८	६०	९८	९८				
१.५	मोरङ	ख	२५०	२५०	४५७	७०७	७०७			२	१
१.६	सुनसरी	ख	१४००	४०३	९५८	१३६१	१३६१				
१.७	धनकुटा	घ	२५	२६	८८	११४	११४		१		
१.८	तेह्रथुम	घ	३५	१७	५५	७२	७२			१	
१.९	भोजपुर	ग	२५	२६	६२	८८	८६	२			
१.१०	सङ्खुवासभा	घ	२५	२६	८८	११४	११४		१		
१.११	सप्तरी	घ	१२५	१४५	१०४	२४९	२३८	११			
१.१२	सिरहा	घ	१५०	१९३	७५	२६८	२६८		१		
१.१३	उदयपुर	ङ	५०	५२	७६	१२८	१२८		२		
१.१४	खोटाङ	ङ	९९	६८	५७	१२५	१२५		१		
१.१५	ओखलढुङ्गा	ङ	२५	८	४२	५०	५०		१		
१.१६	सोलुखुम्बु	ङ	२५	१५	६१	७६	७६		१		
२.१	धनुषा	जेल छैन									
२.२	महोत्तरी	ख	१३५	३६३	४५	४०८	३७३	३५	३	३	
२.३	सर्लाही	ग	१००	बन्दी छैनन्							
२.४	सिन्धुली	घ	३५	१८	८०	९८	९२	६			
२.५	रामेछाप	ग	५०	२२	२३३	२५५	२३५	२०	२	१	
२.६	दोलखा	घ	२५	२०	४१	६१	६१				
२.७	रौतहट	ग	९५	७३	५८	१३१	१३१		१		
२.८	बारा	जेल छैन									
२.९	पर्सा	ख	७५०	५४१	६०५	११४६	११४६		३	४	
२.१०	चितवन	घ	२००	२३६	२८५	५२१	५२१		२		
२.११	मकवानपुर	घ	१२००	३३९	१९९	५३८	५३८				
२.१२	ललितपुर	ग	१७५	२२१	३०९	५३०	५३०		२		
२.१३	काभ्रे	घ	६१	१५	१६०	१७५	१७५				
२.१४	भक्तपुर	बाल सुधार गृह	१००	२९	४६	७५	७५		७०	५	
२.१५	काठमाडौँ	क	१००२	१६१३	९४४	२५५७	२२२६	३३१	१७		
२.१५	काठमाडौँ	ख	११०	३८९	२८५	६७४	६७४				
२.१६	धादिङ	ग	३५	३१	१२३	१५४	१२७	२७			
२.१७	सिन्धुपाल्चोक	घ	६०	९५	७८	१७३	(१५	१८८			
२.१८	नुवाकोट	घ	८०	६०	८१	१४१	१२९	१२	१	१	
२.१९	रसुवा	ङ	२५	१५	७७	९२	९२				
३.१	तनहुँ	घ	२५	६५	६०	१२५	१२५				
३.२	गोरखा	घ	४५	२६	९०	११६	१०२	१४	२	१	
३.३	लमजुङ	घ	२५	९	६८	७७	७७				

क्र.सं.	जिल्ला	श्रेणी	जेलको क्षमता	सन् २०१४ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					जेलमा आश्रित सङ्ख्या		जेलमा मृत्यु भएको सङ्ख्या
				थुनुवा	कैदी	जम्मा	पुरुष	महिला	बालक	बालिका	
३.४	स्याङ्जा	ङ	३५	३०	६७	९७	८९	८			
३.५	कास्की	घ	६०	२४०	३०६	५४६	४८७	५९	२	२	
३.६	मनाङ	श्रेणी विहिन	५	९	१४	२३	२३				
३.७	नवलपरासी	ङ	३५	६२	६१	१२३	११६	७	१		
३.८	रुपन्देही	ख	१००	१२५	१५५	२८०	२८०				
३.९	पाल्पा	ग	३००	२७	३२५	३५२	२७४	७८	७	५	
३.१०	कपिलवस्तु	घ	८५	७६	१३५	२११	२११				
३.११	अर्घाखाँची	ङ	२५	९	९	१८	१८				
३.१२	गुल्मी	ङ	२५	२३	६२	८५	७६	९	१	१	
३.१३	बाग्लुङ	घ	२५	४३	५५	९८	९८				
३.१४	पर्वत	घ	७५	२१	४९	७०	६३	७			
३.१५	म्याग्दी	घ	३२	२०	७५	९५	९०	५			
३.१६	मुस्ताङ	ङ	७	४	६	१०	९	१			
४.१	दाङ	ङ		६३	१०२	१६५	१६५				
४.२	प्यूठान	घ	२५	११	५९	७०	७०		१	१	
४.३	रोल्पा	घ	५०	२७	५९	८६	८६		२	१	
४.४	सल्यान	घ	२०	६	६२	६८	६८				
४.५	रुकुम	घ	२४	१०	६०	७०	७०		१	१	
४.६	बाँके	ग	२५०	२२५	३२५	५५०	५०९	४१	५	१	
४.७	बर्दिया	घ	१२५	३३	१७४	२०७	२०७	०	१		
४.८	सुर्खेत	ङ	२५	२७	११२	१३९	१२३	१६			
४.९	जाजरकोट	ग	२५	७	३७	४४	४३	१			
४.१०	दैलेख	ग	१००	११	९२	१०३	९८	५			
४.११	डोल्पा	ङ	२५	९	१३	२२	२२				
४.१२	जुम्ला	ङ	२०	२	१९	२१	२१				
४.१३	कालीकोट	ङ	२५	१	४६	४७	४३	४			
४.१४	मुगु	ग	१५	५	४	९	९				
४.१५	हुम्ला	ग	२५	३	६	९	९				
५.१	कैलाली	घ	१००	११८	२६५	३८३	३४८	३५	७	२	
५.२	अछाम	घ	२५	४	३४	३८	३४	४			
५.३	डोटी	ख	४५	५	३३	३८	३८				
५.४	बाजुरा	ङ	२५	७	२५	३२	३२				
५.५	बभाङ	ङ	२५	१०	३२	४२	४२				
५.६	कञ्चनपुर	ग	९५	३०	१६२	१९२	१८५	७			
५.७	डडेल्धुरा	ङ	२५	१४	४८	६२	६२				
५.८	बैतडी	घ	२५	१०	३७	४७	४७				
५.९	दार्चुला	घ	४०	५	४०	४५	४२	३			
	जम्मा		**८९८५**	**७२७३**	**९८७३**	**१७१४६**	**१६१८०**	**९६६**	**१४९**	**४२**	**१**

सन् २०१४ को मानवअधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाली काङ्ग्रेस

नेपाल कम्युनिस्ट पार्टी (एमाले)

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेकपा (माले)

राष्ट्रिय जनमोर्चा

नेपाल मजदुर किसान पार्टी

नेपाल सद्भावना पार्टी

अनुसूची

३

नेपाली काङ्ग्रेस

नेपाली काङ्गेस राष्ट्रियता, लोकतन्त्र र समाजवादको उच्चतम आदर्शलाई आफ्नो सैद्धान्तिक प्रतिबद्धता अङ्गीकार गरेर नेपालमा तिनै मूल्य र मान्यता स्थापित गराउने लक्ष्य लिएर सङ्गठित भएको पार्टी हो। नेपाली काङ्ग्रेसले नेपालमा लोकतन्त्र, मानवअधिकार र कानुनको शासनको स्थापनाका लागि छ दशकभन्दा लामो समय नेपाली जनआन्दोलनको नेतृत्व गर्दै आएको कुरा सर्वविदितै छ।

नेपाली काङ्ग्रेसको आफ्नो स्थापना कालदेखि नै मानवअधिकारप्रति अटुट आस्था र प्रतिबद्धता रहेको छ। नेपाली काङ्ग्रेसको झण्डामा नै यो प्रतिबद्धता परिलक्षित छ। नेपाली काङ्ग्रेसको झण्डाको चारतारा यिनै आधारभूत चार मानवअधिकार- वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, गरिबीबाट मुक्ति र भयबाट मुक्तिका प्रतीक हुन्।

लोकतन्त्र र मानवअधिकार एक अर्कामा अविभाज्य छन्। लोकतन्त्रमा मात्र मानवअधिकार र विधिको शासन सम्भव हुन्छ। लोकतन्त्र, मानवअधिकार र विधिको शासनको दार्शनिक एवम् वैचारिक पक्षलाई आत्मसात् नगरी मानवअधिकारको संरक्षण संवर्द्धन हुन सक्दैन। कुनै पनि स्वरूप र चरित्रको अधिनायकवादमा विश्वास राख्नेहरू मानवअधिकार र विधिको शासनमा विश्वास राख्दैनन्। त्यसको दार्शनिक पक्षसँग सहमत हुँदैनन्।

नेपाली काङ्ग्रेसको प्रजातन्त्र, मानवअधिकार र विधिको शासनप्रतिको निष्ठापूर्ण प्रतिबद्धता र यसले गरेको लामो सङ्घर्षको इतिहास आफैँमा एउटा खुला पुस्तक हो। माओवादी सशस्त्र द्वन्द्वका बेला, निरङ्कुश राजतन्त्रको बहालीका बेला तथा संविधानसभाको पहिलो निर्वाचन २०६४ का क्रममा भएका मानवअधिकार हनन्का घटनाहरू अझै पनि नेपाली मानसपटलमा ताजै रहेका छन्। नेपाली जनताहरू उक्त गम्भीर प्रकृतिका घटनाहरू बिर्सन चाहन्छन् र देशलाई आर्थिकरूपमा सम्पन्न एक समृद्ध राष्ट्रको रूपमा रूपान्तरण भएको हेर्न चाहन्छन्। नेपाली काङ्ग्रेस नेपाली जनताको चाहना र इच्छाको परिपूर्तिका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न चाहन्छ। अबको बाटो भनेको आर्थिक क्रान्तिको बाटो हो। गरिबीको महासागरमा लोकतन्त्र कमजोर हुन्छ।

संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएपछि नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार गठन भए पश्चात् गम्भीर प्रकृतिका मानवअधिकार हननका घटनहरू न्यून हुँदै गएका छन्। विगतका वर्षहरूमा भन्दा २०७० पुस १७ देखि २०७१ पुस १६ गतेसम्मका अवधिमा हत्या, हिंसा, जबरजस्ती चन्दा आतङ्क, अपहरण, आक्रमण जस्ता आतङ्ककारी गतिविधिहरू छिटफुट रूपमा देखिए पनि त्यसको न्यूनीकरणले यो अवधिमा मानवअधिकारको स्थिति विगतका वर्षमा भन्दा सन्तोषजनक देखिएको छ।

ऋषिकेश तिवारी
मुख्य सचिव

नेकपा (एमाले)

मानवअधिकारका दृष्टिकोणले हेर्दा सन् २०१४ विगत वर्षभन्दा एक हदसम्म सन्तोषजनक नै रह्यो। दोस्रो संविधानसभाको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनु, राष्ट्रिय मानवअधिकार आयोगले पूर्णता प्राप्त गर्नु र मानवअधिकारसम्बन्धी पञ्चवर्षीय कार्ययोजना निर्माण हुनु, सुकुमबासी समस्या समाधान आयोग गठन भई आधारभूत जनतामा आशाको सञ्चार हुनु, शान्ति प्रक्रियाका बाँकी कामहरू सकारात्मक रूपमा अघि बढ्नु, अघिल्लो संविधानसभाले गरेका संविधान निर्माणसम्बन्धी कामहरूलाई सकारात्मक रूपमा स्वामित्व ग्रहण गरिनु, विभिन्न सशस्त्र समूहरूसँग वार्ता भई निशस्त्रीकरणको काम अगाडि बढ्नु, देशमा बन्द हड्तालमा कमी आउनु र विभिन्न क्षेत्रीय स्तरका सभा-सम्मेलनहरू नेपालमा सम्पन्न हुनु यसका प्रमाण हुन्।

यद्यपि, सङ्क्रमणकाल अन्त्य नहुनु, संविधानसभाबाट संविधान जारी हुन नसक्नु, सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना भएर पीडितहरूले न्याय पाउन नसक्नु, कतिपय दल या पक्षमा लोकतन्त्र र मानवअधिकारप्रतिको निष्ठामा कमी देखिनु र मूलतः श्रमजीवी, महिला, दलित, सीमान्तकृत, अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षणमा वाञ्छित सफलता प्राप्त नहुनु भने यस वर्षका समस्याका रूपमा रहेका छन्।

नेपालले मानवअधिकारसँग सम्बन्धित अधिकांश महासन्धिहरूमा हस्ताक्षर गरी मानवअधिकारप्रतिको आफ्नो प्रतिबद्धता जाहेर गरेको छ। मानवअधिकारको संरक्षणका लागि

सङ्क्रमणकालको अन्त्य गर्नु र नेपाली जनताले विगतदेखि नै गर्दै आएका आन्दोलन र सङ्घर्षहरू विशेषगरी ०६२/६३ को ऐतिहासिक जनआन्दोलन र शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिलाई संस्थागत गर्नु आजको मुख्य कार्यभार हो। परिवर्तनलाई संस्थागत गर्न संविधानसभाबाट संविधान निर्माण गर्नु अनिवार्य थियो। तर पहिलो संविधानसभा संविधान नबनाई विघटन भएको र तत्पश्चात् मुलुक जटिल संवैधानिक-राजनीतिक सङ्कटमा फस्न पुगेका कारण मुलुकका साम ठूलो चुनौती खडा भयो। परिवर्तनका उपलब्धिहरू नै धरापमा पर्ने अवस्था, मुलुकमा उत्पन्न राजनीतिक-संवैधानिक सङ्कटले राजनीतिक, नागरिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका क्षेत्रमा पार्न थालेको नकारात्मक प्रभाव र एनेकपा (माओवादी) लगायत केही दलको निषेधकारी सोचका कारण बाध्यात्मक विकल्पका रूपमा प्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गरी निर्वाचनमा जानुपर्ने अवस्था उत्पन्न भयो।

दोस्रो संविधानसभाको निर्वाचनपछि प्राप्त जनादेशको कदर गर्दै नेकपा (एमाले) शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याउने र नयाँ संविधान निर्माणलाई संभव तुल्याउने प्रयोजनका लागि संयुक्त सरकारमा सहभागी भयो। नेकपा (एमाले)को अथक प्रयासका बाबजुद सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानवअधिकार उल्लङ्घन तथा मानवताविरुद्धका अपराधहरूलाई अनुसन्धान गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिकहरूको स्थिति पत्ता लगाउन आयोग गठन गरी पीडितहरूलाई पुनःस्थापना, राहत र क्षतिपूर्ति उपलब्ध गराउनु पर्छ भन्ने मान्यतामा एमाले दृढ छ। पीडितलाई न्याय र गम्भीर प्रकृतिका अपराधलाई कानुनको कठघरामा खडा गरी दण्डहीनतालाई अन्त्य गर्ने अभियानमा पार्टी निरन्तर लागिरहने विश्वास दिलाउन चाहन्छौँ।

शान्तिप्रक्रियामा आइसकेपछि पनि कतिपय दलहरू युद्धको धङ्धडीबाट मुक्त हुन नसक्नु, लोकतान्त्रिक मूल्यमान्यता र विधिको शासनलाई आत्मसात् गर्न नसक्नु र समाजमा जातीय/क्षेत्रीय अतिवादलाई बढावा दिन उद्दत रहेको कुरालाई पार्टीले गम्भीर रूपमा लिएको छ। यो स्थिति हाम्रोजस्तो मुलुकको जिम्मेवार पार्टीका लागि कुनै पनि अर्थमा स्वीकार्य हुन सक्दैन। त्यसैले हामीहरू छिटोभन्दा छिटो यस अवस्थाको अन्त्य गर्न चाहन्छौँ। यसका लागि यथाशक्य छिटो संविधान निर्माण गरेर सङ्क्रमणकाल अन्त्य गर्न चाहन्छौं र मुलुकलाई राजनीतिक स्थायित्व, दिगो शान्ति, सुदृढ लोकतन्त्र र आर्थिक समृद्धिको दिशामा अगाडि बढाउँदै मानवअधिकारको पूर्णरूपमा कार्यान्वयन हुनसक्ने अवस्था निर्माण गर्न चाहन्छौँ। नेकपा (एमाले)को दृष्टिमा सन् २०१४ लाई मानवअधिकारको सन्दर्भमा यसरी सङ्क्षिप्त आँकलन गरिन्छ।

१. अन्तर्राष्ट्रिय क्षेत्र र मानवअधिकारको अवस्था :

यो वर्ष आन्तरिक, द्विपक्षीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय महत्वका मानवअधिकार हनन हुने खालका घटनाहरू भए । आतङ्ककारी हमला, प्राकृतिक विपद, धार्मिक तथा जातीय अतिवादले युद्ध, द्वन्द्व र हिंसाका अनेकौँ घटनाहरू बोकेर २०१४ बिदा भएको छ। क्रिमियाको रूसमा विलयन भएको घटनाले साना राष्ट्रहरूमा चिन्ता उत्पन्न गरिदिएको छ। पाकिस्तानमा तालिवान आतङ्ककारीले १ सय ४१ जना स्कूले विद्यार्थीहरूको र कराँची अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमणमा परी ३६ जनाको मृत्यु भयो। दक्षिण सुडानको राष्ट्रसङ्घीय शिविरमा आक्रमण हुँदा ५८ जनाको मृत्यु भयो। कट्टरपन्थीहरूले सोमालियाको संसद्मा आक्रमण गर्दा १० को मृत्यु भयो। मेक्सिकोको दक्षिणी राज्यमा लागूपदार्थका कारोबारीले प्रहरीको मिलोमतोमा ४३ जना विद्यार्थीको हत्या गरे। इजरायली आक्रमण र प्यालेस्टाइनी प्रत्याक्रमणमा परेर ६७ इजरायली र १९६० प्यालेस्टाइनी नागरिकको मृत्यु भएको छ। नाइजेरियामा बोको हराम नामक आतङ्ककारी समूहको आक्रमणमा परी ४ हजार भन्दा बढी मानिसको मृत्यु भएको छ, त्यस समूहले अपहरण गरेका २ सय भन्दा बढी स्कूले छात्रा अझै मुक्त हुन सकेका छैनन्। यी विश्वव्यापी परिघटनाको प्रकाशमा नेपालको मानवअधिकारको स्थितिलाई हेरिनुपर्दछ भन्ने हाम्रो धारणा रहेको छ।

२. राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदनमा मानवअधिकार :

मानवअधिकारको संरक्षण, संबर्द्धन तथा परिपालना एवम् मानवअधिकार संस्कृतिको विकासका लागि स्थापित संवैधानिक अङ्ग राष्ट्रिय मानवअधिकार आयोगले यस वर्ष देशमा भएको मानवअधिकारको स्थितिलाई समेटेर आफ्नो वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ। गत वर्षझैँ यस वर्षसमेत आयोगको तथ्याङ्कले मानवअधिकारका क्षेत्रमा उल्लेखनीय रूपमा

सकारात्मक विकास भएको सङ्केत दिन सकेको छैन। २००७ साल, ०४६ साल र २०६२/६३ का आन्दोलन तथा जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत हुने गरी संविधान निर्माण भई जारी हुन सकेमा मानव अधिकारको स्थितिमा ठूलो सकारात्मक सुधार हुने कुरामा नेकपा (एमाले) विश्वस्त छ। यही अवधिमा लामो समयदेखि रिक्त रहेको राष्ट्रिय मानवअधिकार आयोगले पूर्णता पाएकाले पनि यस क्षेत्रमा केही आशालाग्दा उपलब्धि हुने कुरामा विश्वास लिन सकिन्छ।

३. सङ्क्रमणकालको अन्त्य र सङ्क्रमणकालीन न्यायको सन्दर्भ

नेकपा (माओवादी) शान्ति प्रक्रियामा सामेल भइसकेपछि मुलुकमा शान्ति, अमनचयन, सुव्यवस्था र मानवअधिकारको स्थिति गुणात्मकरूपले नै सुध्रनेछ भन्ने जुन आशा जनतामा थियो, त्यो आशामा त्यस पक्षबाट देखापर्ने बेलाबखतका उद्दण्डता एवम् अराजकताले चुनौती खडा गरेको छ। कानुनको शासन, दण्डहीनता र सङ्क्रमणकालीन न्याय कानुनबमोजिम शासनप्रणाली सञ्चालन हुनुपर्दछ भन्ने कुरामा नेकपा (एमाले) दृढ छ। मानवअधिकार एवम् मानवीय कानुनको गम्भीर उल्लङ्घन तथा अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा नल्याउनु, अनुसन्धान नगर्नु, अभियोजन नगर्नु र न्याय दिन नसक्नु वा न्याय दिन प्रत्यक्ष वा परोक्ष रूपमा इन्कार गर्नु दण्डहीनताको अवस्थाका सूचकहरू हुन्। दण्डहीनताले पीडितको न्याय प्राप्तिको अधिकारलाई हनन् गर्ने वातावरण सिर्जना गर्दछ। अत: द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाका पीडितहरूलाई न्याय प्रदान गर्नु आवश्यक छ। पीडितलाई अविलम्ब न्याय प्रदान गर्ने, दण्डहीनतालाई निरूत्साहित गर्ने तथा कानुनी शासनको सम्बर्द्धन गर्न बलपूर्वक बेपत्तासम्बन्धी आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगबाट यी काम सम्पन्न हुने हाम्रो विश्वास छ। राजनीतिक आस्थालाई आधार बनाएर विगतमा मुद्दा फिर्ता लिई न्यायिक प्रक्रियाबाट उन्मुक्ति दिएका व्यक्तिहरूले राजनीतिक दलहरूमा आफ्ना प्रभुत्व बलियो बनाउँदै लगेका छन् भने अर्कातिर मानवअधिकार उल्लङ्घनका दोषी तथा आरोपितहरूले उन्मुक्ति पाउँदा दण्डहीनतालाई प्रश्रय पुगेको चिन्ताजनक अवस्था विद्यमान छ।

४. संविधान निर्माण प्रक्रिया

२०६२/६३ को युगान्तकारी परिवर्तनपश्चात् मुलुक सङ्क्रमणको नयाँ चरणबाट अगाडि बढिरहेको छ। हाम्रो संविधान अन्तरिम प्रकृतिको छ र कतिपय बेला सरकारको अवस्थासमेत त्यस्तै देखिने गरेको छ। सङ्क्रमणकालका नाममा संवैधानिक र कानुनी प्रबन्धलाई चुनौती दिने, बेवास्ता गर्ने र राजनीतिक दाउपेचमा विधि-विधानलाई उल्लङ्घन गर्ने प्रवृत्ति बढेको छ। यस्तो अवस्थाबाट मुक्ति दिलाउन एमाले सदैव प्रयत्नशील रहँदै आएको छ।

निर्वाचनका बेला मुख्य दलले एक वर्षभित्र संविधान जारी गर्ने प्रतिबद्धता गरे पनि आफूले भनेजस्तो नभए सहमतिमा पनि नजाने र प्रक्रियासम्मत ढङ्गले संविधान निर्माणको काम अगाडि बढ्न पनि नदिने केही दलहरूको अनुचित अडानका कारण देश र दुनियाँले चाहे मुताविक मानवअधिकारमैत्री संविधान मुलुकले प्राप्त गर्न सकेन। यो नै वर्षको सबैभन्दा ठूलो कमजोरी रहेको पार्टीको निष्कर्ष छ।

५. मानवअधिकारको संरक्षणमा नेकपा (एमाले)का अडानहरू :

५.१ नेकपा (एमाले) आम नेपाली जनताको लोकतन्त्र, शान्ति, मानवअधिकार र सामाजिक न्यायसहितको समुन्नतिको आधार नयाँ संविधान निर्माणको लागि पूर्णरूपले प्रतिबद्ध छ।

५.२ मानवअधिकारको उल्लङ्घन, हनन् तथा ज्यादती र मानवीय कानुनको उल्लङ्घनसम्बन्धी उजुरीमाथि राष्ट्रिय मानवअधिकार आयोगबाट सम्पन्न अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्य/प्रमाणको आधारमा गरिएका सिफारिसहरूको कार्यान्वयन प्रभावकारी ढङ्गले हुनुपर्छ। राजनीति वा अन्य कुनै पनि आवरणमा अदालतमा विचाराधीन गम्भीर प्रकृतिका मुद्दाहरू फिर्ता लिने कार्य नगर्न सरकारलाई ध्यानाकर्षण गर्दछ र अपराधलाई कतैबाट पनि राजनीतिक संरक्षकत्व हुन नहुने मान्यतालाई पुन:पुष्टि गर्न चाहन्छ।

५.३ अन्तर्राष्ट्रिय मापदण्डअनुसार विस्तृत शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधानले व्यवस्था गरेको बेपत्ता छानविन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग आयोगहरू मार्फत् दोषीलाई कानुनी कारबाही र पीडित पक्षलाई न्याय दिलाइनु पर्छ भन्ने पक्षमा छ र

आफ्नो तर्फबाट आवश्यक सहयोग गर्न तयार रहेको प्रतिबद्धता पुनः दोहोऱ्याउन चाहन्छ।

५.४ राष्ट्रिय मानवअधिकार आयोगहरूको छाता सङ्गठन अन्तर्राष्ट्रिय समन्वय समितिले उठाएका आर्थिक स्वायत्तता लगायतका विषयलाई सम्बोधन गर्न, आयोगको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद्मा पेश गरी छलफल गर्ने वातावरण निर्माण गर्न र आयोगमा मानव संशाधनको व्यवस्थापन गर्न, जीर्ण भौतिक संरचना एवम् पूर्वाधारको कमीलाई पूरा गर्नुपर्ने आयोगको मागलाई नेपाल सरकारले अविलम्ब पूरा गर्नुपर्दछ भन्ने पार्टीको धारणा रहेको छ।

५.५ नेपाल पक्ष रहेका २२ ओटा महासन्धि, अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, सम्झौता तथा बडापत्रका प्रावधानहरूको ठाडो उल्लङ्घन भएमा सिर्जना हुने राष्ट्रिय एवम् अन्तराष्ट्रिय दायित्वलाई बहन गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्न नेपाल सरकारलाई हरसंभव प्रयासरत रहन र त्यसको कार्यान्वयनका लागि राज्य संयन्त्र सक्रिय रूपमा परिचालन गर्न पार्टी नेपाल सरकारलगायत सम्बद्ध पक्षको ध्यानाकर्षण गराउन चाहन्छ।

५.६ हत्या, हिंसा, आतङ्क, महँगी, कालाबजारी, चोरी, डकैती, अवैध वन पैदावार ओसारपसार, बालबालिका तथा किशोरीहरूको बलात्कार, सबैप्रकारका महिला हिंसाका घटनाहरू, जातीय छुवाछूत तथा भेदभाव, बोक्सीको आरोपमा यातनाजस्ता सयौँ घटनाहरू हुनु लोकतन्त्रका चुनौती हुन्। यस्ता घटनाहरू हुन नदिन सरकार चनाखो हुनुपर्दछ।

५.७ आगामी संविधानमा नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, खुल्ला, छुवाछूत तथा सबै प्रकारका भेदभावमुक्त, बहुलवादी एवम् समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने, प्रत्येक व्यक्तिलाई नैसर्गिक, आधारभूत मौलिक हक एवम् मानवअधिकारको सुनिश्चितता गर्दै सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरी जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकारलाई सुनिश्चित गरिनेछ। राज्यले मृत्युदण्ड दिने कानुनको निर्माण गर्ने छैन। सबै व्यक्ति कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि सारभूत कानूनको समान संरक्षण र प्रयोगबाट बञ्चित नगरिने व्यवस्था गरिनेछ। कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा र वैचारिक आस्था आदिका आधारमा भेदभाव गरिने छैन। अल्पसङ्ख्यक जाति, जनजाति तथा अवसरबाट बञ्चितहरूको अधिकार सुनिश्चत गरिनेछ। नेपालमा स्वतन्त्र, सक्षम, निष्पक्ष, पारदर्शी र उत्तरदायी न्यायपालिका हुनेछ। न्यायसम्बन्धी अधिकारको संविधान, कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत र न्यायिक निकायबाट प्रयोग गरिनेछ। न्यायालयको स्वतन्त्रता राज्यबाट प्रत्याभूत गरिनेछ। खुल्ला र स्वच्छ सुनुवाइको अधिकारका सिद्धान्तहरूलाई राज्यले सुरक्षित गर्नेछ।

खड्गप्रसाद ओली
अध्यक्ष

राष्ट्रिय प्रजातन्त्र पार्टी

इन्सेकले निकै अघिदेखि मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्दै आएको परम्परालाई निरन्तरता दिँदै "नेपाल मानवअधिकार वर्षपुस्तक २०१५" प्रकाशित गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ। पुस्तकको प्रकाशनबाट नेपालमा मानवअधिकारको स्थितिबारे नेपाली र विदेशीहरूले समेत थाहा पाउने र समसामयिक नीति नियम निर्माण गर्न र सिद्धान्तमा उल्लेख भएको मानवअधिकारलाई व्यवहारमा चरितार्थ गर्न गराउन समेत सहयोग पुग्ने हुँदा यसका लागि इन्सेकको कार्यलाई सह्रानीय मान्नु पर्दछ।

जहाँसम्म सन् २०१४ मा नेपालमा मानवअधिकारको स्थितिको प्रसङ्ग छ, एकै वाक्यमा भन्नु पर्दा यहाँ मानवअधिकारको स्थिति निरपेक्ष नभई सापेक्ष रही आएको छ। राप्रपाको दृष्टिमा मानव जीवनका आधारभूत आवश्यकता पूरा हुनु नै मानवअधिकार बहाली वा प्राप्तिको पहिलो शर्त हो। नेपालमा लोकतन्त्र बहाल भएकाले राजनीतिकरूपमा सङ्गठित समूह, राज्यसँग पहुँच भएका व्यक्ति वा शक्ति तथा राजनीतिक र आर्थिकरूपमा सम्पन्नहरूका लागि मानवअधिकारको स्थिति सोचेभन्दा राम्रो रहेको छ तर आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिकरूपमा विपन्न रहेका र पछाडि परेका जनताले वास्तविक मानवअधिकारको उपयोग र उपभोग गर्न पाएका छैनन्। समष्टिमा गाँस, बास, कपास, शिक्षा र

स्वास्थ्यका अवसरहरूबाट वञ्चित नेपाली जनताका लागि मानवअधिकार कागलाई बेलसरह छ भन्दा अत्युक्ति हुँदैन।

अझ एक कदम अघि बढेर भन्नु पर्दा सन् २०१४ को मध्य वर्षामा आएको बाढी र पहिरोमा परी विस्थापित भएका, घाइते र अङ्गभङ्ग भएका तथा घरका सदस्य गुमाएका सुदूरपश्चिम र मध्यपश्चिमका बाढी पहिरो पीडित जनता यो कठ्याङ्ग्रिँदो ठण्डीमा पनि खुला आकासमुनि प्लास्टिकका पालमुनि जीवन जिउन बाध्य र विवश छन्। ती जनताप्रति न त राज्य, न त मानवअधिकारको क्षेत्रमा काम गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरूको आँखा पुगेको छ। ती जनताले मानवअधिकारको उपभोग र अनुभव गर्न पाएका छैनन्। मलाई आशा छ, इन्सेकको ध्यान मानवअधिकारबाट वञ्चित यस्तो अवस्थाका जनता माथि पनि जानेछ।

पशुपतिशमशेर ज.ब.रा.
अध्यक्ष

नेकपा (माले)

यो वर्ष नेपालको मानअधिकार अवस्था सन्तोषजनक रहेको पाइएन। आधारभूत आवश्यकताको परिपूर्ति एउटा मानवको लागि जन्मसिद्ध अधिकार हुनुपर्छ। तर, हाम्रो मुलुकको आजको सङ्क्रमणकालीन राजनीतिक परिस्थितिमा जनताले आधारभूत आवश्यकता प्राप्त गर्न नै नसकी रहेको परिस्थितिलाई सबैले अनुभूत गरिरहेको यथार्थ हो। मानवअधिकारको नाममा उक्त दृष्टिकोणलाई किनारामा पारेर जातीय, धार्मिक, साम्प्रदायिक र क्षेत्रीय नाराहरूमा परिभाषित गरेर साँचो मानवअधिकारको अर्थलाई खुम्च्याइएको पाइन्छ। सम्पूर्ण जनताको जीवन सुरक्षा गर्नु, बेरोजगारी तथा महँगी समाप्त गरी आधारभूत आवश्यकता परिपूर्तिलाई सहज बनाउनु, सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नु, शिक्षा आर्जन र स्वास्थ्योपचारलाई जन्मसिद्ध अधिकारको रूपमा स्थापित गर्नुजस्ता वास्तविक मानवअधिकारको विषयहरू वर्तमान पूँजीवादी व्यवस्थाको प्राथमिकतामा पर्दैनन्। जनवादी व्यवस्थामा मात्र सच्चा मानवअधिकारको ग्यारेण्टी हुन सक्दछ।

समस्त जनताले आफ्नो योग्यता निरन्तर बृद्धि गर्ने अवसर पाउनु, काम गरेर खान सक्ने जनतालाई योग्यता अनुसारको काम र काम अनुसार दामको ग्यारेन्टी हुनु, मानवले मानवमाथि गर्दै आएको शोषणप्रथा निर्मूल पारिनु, निःशुल्क स्वास्थ्योपचार र शिक्षा आर्जनको व्यवस्था गरिनु र सामाजिक सुरक्षाको ग्यारेन्टीका साथै बोल्ने, लेख्ने, सभा-सङ्गठन गर्न पाउने अधिकारको ग्यारेन्टी हुनु नै वास्तविक मानवअधिकार भएको स्थिति हो।

जहाँसम्म हाम्रो मुलुकमा गत सालको मानवअधिकारको स्थिति बडो पीडादायक रहेको छ। स्वतन्त्रतापूर्वक आफ्नो पेशा-व्यवसाय चलाउन पाउनुपर्ने अधिकारको हनन, चेलीबेटी बेचबिखन र बलात्कार, दुर्गमभेगका नेपाली जनता भोकभोकै मर्नु, मुलुकमा यत्रतत्र जाडोले कठाङ्ग्रिएर जनता मर्नु तथा आफ्नो देशमा काम नपाएर लाखौं नेपाली युवाहरू वैदेशिक रोजगारीको नाममा संसार भरी भौंतारिन बाध्य हुनु यी सबै कुराहरूले हाम्रो मुलुकमा मानवअधिकारको अवस्था राम्रो नभएको नै पुष्टि गर्दछन्। सरकारले बढ्दो महँगीलाई नियन्त्रण नगर्दा सर्वसाधारण नेपालीहरूको जीवनयापन बडो कष्टकर बनेको छ। भोको पेट र नाङ्गो आङ रहेसम्म मुलुकमा मानवअधिकारको अवस्था असाध्यै कमजोर रहेको मान्नु पर्दछ। यस्तो परिस्थिति रहनुको जिम्मेवारी राज्यले लिनु पर्दछ।

सङ्क्रमणकालीन परिस्थितिमा दण्डहीनता, अनुशासन पालनमा लापरबाही तथा अराजकता बढ्ने गर्दछन्। अनि मानवअधिकार उल्लङ्घनका घटनाहरूमा वृद्धि हुने गर्दछ।

वस्तुतः मानवअधिकार भनेको गर्भमा रहँदादेखि बूढा-बूढी भएर मर्नुपर्यन्त सम्पूर्ण जनताको जीवन सुरक्षित र सुनिश्चित गर्नु नै हो। त्यो काम जनवादी व्यवस्थाले मात्र गर्न सक्तछ। जहाँ जनतालाई बेरोजगारी र अर्थभावका कारणले समाजिक विकृति र विसङ्गतिको शिकार बन्नु पर्दैन। सुरक्षानिकायहरू भ्रष्ट र अनुशासनहीन हुन पाउँदैनन्। सबै जनताले काम र काम अनुसारको दाम पाउँछन्। राज्यले शिक्षा र स्वास्थ्यलाई जन्मसिद्ध अधिकार बनाउँछ। अपराधीले कठोर दण्ड पाउँछन्। त्यस्तो शासन व्यवस्था स्थापित नहुँदासम्म मानवअधिकार उल्लङ्घनका घटना बढेरै जान्छन्।

नेपालमा मानवअधिकार हनन्का घटनाहरू रोक्न राज्य संवेदनशील बन्नु पर्दछ। लापरबाही र मनोमानी गर्ने कुनै पनि निकाय वा व्यक्ति दण्डको

भागीदार हुनुपर्दछ। शान्ति, सुशासन र सुव्यवस्था गर्न, बढ्दो बेरोजगारी अन्त्य गर्न, अनुशासनहीनता र अराजकतालाई रोक्न राज्यले यथाशीघ्र समुचित कदम चाल्नु पर्दछ।

चन्द्रप्रकाश मैनाली
महासचिव

राष्ट्रिय जनमोर्चा

सन् २०१३ को अन्त्यमा अर्थात मङ्सिर ४ गते भएको अर्को संविधानसभाको चुनावले संविधान विहीनताबाट संविधान निर्माणको गोरेटो समात्न पुगेको छ। यस दौरान देशको प्रशासनिक क्षेत्रबाट गरिएको निष्पक्ष शासन विपरीत चुनावलाई निहुँ बनाएर अन्यायपूर्वक अझै पनि बाग्लुङ जेलमा राजमोका कार्यकर्ताहरू थुनामा परेका छन्। यसको न्याय निरूपण अझै पनि हुन सकेको छैन। देशको शासनशैलीमा दण्डहीनता चरम सीमामा पुगेको छ। यसले गर्दा भ्रष्टाचार मौलाएको छ। हत्या, हिंसा, बलात्कारका घटना घट्दो छैन, बढ्दै गइरहेको छ। यो अवस्थामा आजको संविधान निर्माणको प्रश्न प्राथमिकतामा रहे तापनि सहमतिको नाममा राजनीतिक पार्टीहरूको घोषित समय पनि नाघी सक्यो। यसले संविधान निर्माणको प्रश्नलाई पछाडि धकेलिदिएको छ। सहमतिको नाममा आफ्ना नाजायज मागलाई समावेश गर्ने प्रवृतिले सहमति एक मृगतृष्णा जस्तो हुन पुगेको छ। त्यसैले संविधान निर्माणका लागि संवैधानिक प्रक्रियाको बाटो अवलम्बन गर्नु नै लोकतान्त्रिक विधि हो भन्दै राष्ट्रिय जनमोर्चाले यो विधि अँगाल्न जोड दिइरहेको छ।

मानवअधिकारको संरक्षणका लागि निष्पक्ष न्यायालय एक अनिवार्य शर्त हो। निष्पक्ष न्यायालयका लागि लोकतान्त्रिक विधिद्वारा न्यायाधीशको नियुक्ति हुनु पर्दछ। त्यो क्रममा जनताबाट उठेका प्रश्नहरूको छिनोफानो हुन जरुरी हुन्छ। न्यायाधीश नियुक्ति प्रकरणमा संसदीय सुनुवाइको क्रममा जनताबाट बदनाम भएका, भ्रष्टाचारको आरोप लागेका न्यायाधीशहरूको नियुक्तिको प्रश्नमा काङ्ग्रेस, एमाले र एमाओवादीका सांसदहरू शुरुमा त्यसप्रकारका न्यायाधीशहरूका विपक्षमा रहे तापनि पछि उनीहरू त्यसप्रकारका न्यायाधीश राख्ने प्रकरणमा सामेल भए। यसको राजमोले विरोध गऱ्यो। यसप्रकार न्यायाधीश नियुक्ति प्रकरणमा स्वच्छ र निष्कलङ्क न्यायाधीशहरू छान्ने परम्परा तोडियो। यसप्रकारको प्रक्रियाले स्वतन्त्र र स्वच्छ न्यायालयको स्थापनाको परम्परा तोडिएको छ।

बेपत्ता छानविन आयोगबारे सरकारको तर्फबाट मानवअधिकारको विषयमा ध्यान दिने कुरो भएन। आयोगलाई मेलमिलाप र क्षमा दिने दुवै अधिकार दिँदा राज्यको स्वतन्त्र न्यायप्रणाली विरुद्ध हुन जान्छ। यसको विरुद्ध लामो सङ्घर्ष चल्यो। राष्ट्रिय जनमोर्चाले यसबारे आफ्नो अडान कायम राख्यो र तर यसमा कुनै सुनुवाइ भएन।

अदालतको अपहेलना सम्बन्धी सरकारी विधेयक विरुद्ध पनि जोडदार आवाज उठ्यो। न्यायाधीशको विरुद्ध र न्याय सम्पादनको विरुद्ध कुनै प्रश्न उठाउन नपाइने यो प्रावधानले न्यायपालिकाको स्वतन्त्र अवधारणालाई तिलाञ्जली दिन्छ। यसले स्वच्छ र निष्पक्ष न्याय दिलाउन सक्दैन। यसप्रकार चारैतिरबाट विरोध आए पछि सभामुखले व्यवस्थापिका संसद्बाट सार्वजनिक बहसमा लैजाने निर्णय भएको छ। यसलाई फिर्ता लिनु पर्दछ भन्ने मान्यता राष्ट्रिय जनमोर्चाको छ।

नागरिकताको विषयमा बारम्बार आवाज उठ्ने गरेको छ, विदेशीहरूलाई नागरिकता दिनु हुँदैन। एउटा अवधिसम्म बसोबासको प्रक्रिया अनुसार नागरिकता दिनु पर्ने अवस्था आयो भने अङ्गीकृत नागरिकता दिनु पर्दछ। यो अन्तर्राष्ट्रिय मान्यता हो। तर, २०४६ चैत्र मसान्तसम्म स्थायी बसोबास गरेका विदेशीहरूलाई जन्मको आधारमा नागरिकता र उनीहरूका छोराछोरीहरूलाई वंशजको आधारमा नागरिकता दिने निर्णयले राज्यले नै नेपाली नागरिक नेपालमै अल्पमतमा पार्ने प्रक्रिया शुरु गराएको छ। यसले नेपालीहरूको राष्ट्रियता सम्बन्धी मौलिक अधिकार नै हनन् हुन पुगेको छ।

नेपाल सरकारको स्वीकृति अनुसार लगानी बोर्ड मार्फत् भारतीय जिएमआर कम्पनीसँग माथिल्लो कर्णाली जलविद्युत परियोजना पीडीए गर्नुले नेपालीको कर्णालीमाथिको अधिकार समाप्त भएको छ। यसको जनस्तरबाट व्यापक विरोध भए तापनि सरकारले कुनै वास्ता नगरिकन भारतीय सरकारसामु कर्णाली परियोजना भारतीय कम्पनीलाई बुझाउने काम गरेको छ। विद्युत व्यापार सम्झौताले नेपालको बिजुली बिक्री गर्ने अधिकारबाट वञ्चित भएको छ। यसको पनि राष्ट्रिय जनमोर्चा दुवै पीडीए र पीटीएको खारेजीको माग गर्दछ।

सन् २०१४ को सबैभन्दा संवेदनशील र चर्चामा रहेका नन्दप्रसाद अधिकारीको अनशनमै मृत्यु हुन पुगेको छ। आफ्नो छोराको माओवादीबाट हत्या भएको किटानी जाहेरीको बावजुद सरकारको तर्फबाट दृढतापूर्वक यसको कार्यान्वयन नहुँदा उनले अनशन तोड्न मानेनन् र मृत्युवरण गरे। यो सरकारको तर्फबाट भएको घोर आपत्तिजनक र मानवअधिकारको घोर उल्लङ्घन भएको छ। यसले कानुनी राज्य र लोकतन्त्रको उपहास गरेको छ।

देशमा स्वतन्त्र न्यायालय कानुनी राज्य, लोकतान्त्रिक प्रक्रियाको लागि एकल न्यायप्रणाली सही मानिन्छ। तर, संविधान निर्माणका क्रममा उठेका बहस र सहमति नजिक पुगिएको भनिएको संवैधानिक अदालतको विषय पनि हो। संवैधानिक अदालत खडा भएमा स्वतन्त्र न्यायालयको सिद्धान्तमाथि नै हस्तक्षेप हुन्छ। सर्वोच्च अदालतको समकक्षमा संवैधानिक न्यायालय स्थापना हुन पुग्छ। यो विवादित छ र न्यायालयको स्वतन्त्रतामाथि प्रश्नचिह्न खडा भएको छ। त्यसैले मानवअधिकारवादीहरूले यसको विरोध गरेका छन् र राष्ट्रिय जनमोर्चा यसको स्पष्ट र दृढतापूर्वक विरोधमा उत्रिएको छ।

प्रवासी नेपालीहरूको हकअधिकार र विदेशस्थित नेपाली नागरिकको मतदान गर्ने अधिकार बारे निर्वाचन आयोगले आफ्नो कारबाहीहरू अगाडि बढाउदा पनि राज्यको तर्फबाट कुनै वास्ता गरिएको छैन। अहिलेको युगमा मतदान गर्ने अत्याधुनिक विद्युत प्रणालीको प्रयोग भए तापनि मतदानको अधिकार नदिने कुरा सरकारमा बस्ने पार्टीहरूको मानवअधिकार विषयमा भएको खोट हो, उनीहरूले जनतालाई अधिकार दिने कुरामा सामन्ती सोच रहेको प्रष्ट छ। विदेशमा रोजगारीको नाममा हुने मानवतस्करी नरोक्नु राज्यको कमजोरी हो र यो मानवअधिकार हननको रूपमा पर्दछ। यसबारे व्यवस्थापिका संसद्मा बहस पनि भएको छ। राष्ट्रिय जनमोर्चाबाट यसलाई नियन्त्रण गर्ने कानुन ल्याउन पनि माग भएको छ। तर यस विषयमा राज्यको तर्फबाट कुनै पहलकदमी अगाडि बढाइएको छैन।

बाँकेकमा हेमकुमारी धोवी र पूर्णदेवी नाउँलाई जलाएर मार्ने षड्यन्त्र गर्नु, रुकुमकी महिलालाई बाँकेका बसका कर्मचारीहरूले बलात्कार गर्नु जस्ता यस्ता प्रतिनिधि घटनाहरू हुन्, जसको महिला हिंसा नियन्त्रण हैन, बढ्दै गइरहेको देखिन्छ।

२०६२/०६३ को जनआन्दोलनले सामन्ती तानाशाही राजतन्त्रको अन्त भएर गणतान्त्रिक व्यवस्था आउनुको अर्थ लोकतन्त्रको स्थापना, स्वतन्त्र न्यायपालिका, कानुनी राज्यको स्थापना गर्नु हो। तर यसप्रकारको व्यवस्थाको लागि संविधान निर्माण मै अवरोध पैदा भएको छ। गणतन्त्रका लागि सङ्घर्षको नेतृत्व गरे तापनि राजनीतिक पार्टीको नेतृत्व लोकतान्त्रिक मूल्य र मान्यता विपरीत सामन्ती, तानाशाही दृष्टिकोण रहेकाले संविधान निर्माणमा सहमति बन्न सकेको छैन। स्वतन्त्र न्यायपालिकाको चिन्तन अगाडि बढ्न सकेको छैन। देशमा जनतालाई अधिकार दिन हिचकिचाहट भइरहेको छ। स्थानीय निर्वाचनको चुनाव गराउन सरकारको कुनै योजना छैन। राज्यस्तरबाटै भ्रष्टाचार संस्थागत हुँदै गइरहेको छ। यसको विरुद्ध मानवअधिकारवादीहरूले आवाज उठाएको भए तापनि यसलाई अझ सशक्त रूपमा उठाउनु पर्ने आवश्यकता छ। यसका लागि संविधान निर्माण आजको प्रमुख आवश्यकता हो। सहमति नभएमा प्रक्रियामा गएर भए पनि संविधान निर्माण हुनु पर्दछ। यस सिलसिलामा अनौपचारिक सेवा केन्द्रले थालेको मानवअधिकार वर्ष पुस्तक प्रकाशनको नियमितताको राष्ट्रिय जनमोर्चा स्वागत र कदर गर्दछ।

भैरवराज रेग्मी
कार्यालय सचिव

नेपाल मजदुर किसान पार्टी

सन् २०१४ को प्रारम्भमै २०७० साल माघ ८ गते संविधानसभाका सदस्यहरूले देश र जनताका नाउँमा सपथ लिए। देशमा डेढ वर्षसम्मको जनप्रतिनिधिविहीनताको अन्त्य भयो। तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले २०६९ साल जेठ १४ गते संविधानसभा भङ्ग गरेपछि देश जनप्रतिनिधिविहीन हुन पुगेको थियो।

चार राजनीतिक दलहरू नेका, एमाले, एमाओवादी र मधेसी मोर्चाले २०६९ साल फागुन ३० गते जन्मको आधारमा नागरिकता पाएकाका सन्तानहरूलाई वंशजको नागरिकता दिने सहमति गरे। त्यस सहमतिलाई अध्यादेशमार्फत संविधानको अङ्ग बनाइयो। निर्वाचनलगतै २०७० साल माघ १९ गते बसेको व्यवस्थापिका-संसद्को बैठकले आदेश र अध्यादेशहरू बहुमतको आधारमा अनुमोदन गर्‍यो। संसद र संविधानसभाको काम चार दलले गर्नु प्रजातान्त्रिक थिएन।

संविधानसभा निर्वाचनअघि चार दलले

निर्वाचन सम्पन्न भएको ६ महिनाभित्र स्थानीय निकायको निर्वाचन र एक वर्षभित्र नयाँ संविधानको घोषणा गर्ने सहमति गरेका थिए। नेका, एमाले र एमाओवादीले आ-आफ्नो निर्वाचन घोषणापत्रमा समेत त्यो सहमतिअनुसार काम गर्ने प्रतिबद्धता जनाए। तर ती दलहरूले निर्वाचनपछि सबै प्रतिबद्धताहरू बिर्सिए। यो वर्ष पनि नेपाली जनता स्थानीय निकायका जनप्रतिनिधिहरू छान्ने अवसरबाट वञ्चित भए। निर्वाचनको बेला जनताबीच गरेका प्रतिबद्धताहरू पूरा गरेनन्। ती दलहरूले जनतालाई विश्वासघात गरे।

देश साम्राज्यवादी र विस्तारवादीहरूको नियन्त्रणमा जान सक्ने खतरा रहेको सुपुर्दगी विधेयक, सबैखालका अपराधहरूलाई क्षमादान दिन सक्ने प्रावधानसहितको बेपत्ता छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयकलगायतका विधेयकहरू व्यवस्थापिका-संसद्को बहुमतले पारित गऱ्यो। नेमकिपाले ती विधेयकहरूको विरोध गऱ्यो। नेमकिपा क्रूर हत्या, आगजनी, बलात्कार जस्ता जघन्य अपराधहरूमा संलग्न व्यक्तिहरूलाई क्षमादान दिन नहुने पक्षमा थियो। नेका र एमालेका केही सभासद्हरू पनि त्यस विधेयकको विरोधमा थिए। तर पछि तिनीहरूले पार्टी ह्वीपको सामु 'आत्मसमर्पण गर्नु परेको' बताउँदै संशोधन फिर्ता लिए।

सरकारले अदालतको अनुमतिविना न्यायाधीशले गरेका निर्णय, आदेश वा अन्य कुनै कार्यलाई लक्षित गरी, श्रव्यदृष्य रेकर्ड गरेमा अदालतको अपहेलना ठहर्ने प्रावधानसहितको अदालतको अपहेलना सम्बन्धी विधेयक संसद्मा पेश गऱ्यो। विधेयकमा वाक् तथा प्रकाशन स्वतन्त्रतामाथि बन्देज लगाउने थुप्रै प्रावधानहरू थिए। त्यो विधेयक फिर्ता लिनु पर्ने सूचना नेमकिपाले संसद्मा दर्ता गऱ्यो। परिणाम विधेयक जनताको प्रतिकृयाको लागि पठाइयो। त्यस विधेयकको कानुनव्यवसायीहरू, पत्रकारहरू, बुद्धिजीवीहरू लगायत सबै क्षेत्रबाट विरोध भयो।

नेका नेतृत्वको एमालेसहितको सरकारले जनतालाई अति आवश्यक वस्तुहरू दूध चिनी, खानेपानी, पेट्रोलियम पदार्थ लगायतका वस्तुहरू समेत सर्वसुलभ उपलब्ध गर्न सकेन। यो सरकारले जनतालाई राहत दिनुको सट्टा २०७० फागुन १ गतेदेखि लागू हुने गरी दुधमा प्रति लिटर रु ८।-, खानेपानीमा दोब्बर शुल्कवृद्धि गर्नुका साथै पेट्रोलियम पदार्थमा भारी मूल्यवृद्धि गऱ्यो। पेट्रोलियम पदार्थमा अन्तर्राष्ट्रिय मूल्य समायोजन गर्ने निर्णय गऱ्यो। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा कमी भएपछि सरकारले मूल्य घटाउने निर्णय गऱ्यो तर बजारमा व्यापारीहरूले कृत्रिम अभाव सृजना गरे तथा जनता महँगोमा किन्न बाध्य छन्। महँगी आकाशियो, खानेपानीको हाहाकार यथावत रह्यो, लोडसेडिङमा कमी आएन, विद्यार्थीहरू पाठ्यपुस्तक र विषय शिक्षकबिना परीक्षा दिन बाध्य छन्। देशको कुनै पनि क्षेत्रमा सुधार आएन।

देश चरम अराजकताको स्थितिमा पुग्यो। निषेधित क्षेत्र सिंहदरवारभित्र कर्मचारीहरूले नारा जुलुश गर्दा, संविधानसभा भवनभित्र कर्मचारीहरूले तालाबन्दी गर्दा र बजारमा व्यापारीहरूले खाना पकाउने एलपी ग्याँसको कृत्रिम अभाव सृजना गर्दा पनि सरकार मूकदर्शक भएर बस्नुले सरकार निकम्मा प्रमाणित भयो। जनताले सरकार भएको अनुभूति गर्न पाएनन्।

यो वर्ष सर्वोच्च अदालतमा न्यायाधीशको लागि सिफारिस गरिएका आठ मध्ये ६ जना न्यायाधीशहरू निकै विवादित देखिए। संसदीय सुनुवाइ समितिमा पेश हुँदा पनि धेरै सभासदहरू सिफारिसका विपक्षमा देखिए तर, दुइतिहाइले अस्वीकार गर्नुपर्ने नियमावलीको प्रावधानको कारण तीनै विवादित न्यायाधीशहरू नियुक्त भए। बार एशोसियशन, पूर्व न्यायाधीशहरू, वरिष्ठ कानुनव्यवसायीहरूलगायत धेरैले विरोध गरे। नेमकिपाले सर्वोच्च अदालतका प्रधान न्यायाधीश र मुख्य न्यायाधीशको नियुक्ति न्यायाधीशहरूबीचको निर्वाचनबाट हुनुपर्ने दृष्टिकोण अघि सार्दै गयो।

शासक दलहरूले देश र जनताको हितमा काम गर्नुभन्दा आ-आफ्नै स्वार्थमा केन्द्रित भएर काम गरे। त्यसले दलहरूप्रति जनविश्वास घट्दै गयो। जनप्रतिनिधिहरूको सर्वोच्च निकाय व्यवस्थापिका-संसद एमाओवादी र मधेसी मोर्चाले करिब डेढ महिना बन्द गरे। सांसद्हरू जनताको समस्याबारे बोल्नबाट वञ्चित भए। उच्चस्तरीय संयन्त्र निर्माण गर्ने उद्देश्यले बन्द गरिएको भनिए पनि भारतीय गाडीहरू नेपाल प्रवेश गर्दा लगाई आएको कर घटाउने सहमतिसमेत भएपछि संसद् अवरुद्ध अन्त्य भयो। नेपालको राजस्वमा प्रत्यक्ष असर पर्ने निश्चित देखियो र राजनीतिक दलहरूले विदेशी गाडीहरूको वकालत गर्नु स्वयं आश्चर्यको विषय थियो। नेपाली चालकहरू बेरोजगार बस्नु पर्ने स्थिति आउनुका साथै नेपाली पूँजी भारत पलायन हुने सम्भावना बढ्यो।

संसद् अवरुद्ध भएकै बेला माथिल्लो कर्णाली सम्बन्धी परियोजना विकास सम्झौता (पीडीए) भयो। सम्झौता अनुसार माथिल्लो कर्णालीमा ३२ वर्षसम्म

कर्णाली नदीमाथि भारतको स्वामित्व कायम हुने अर्थ लगाइयो। विश्व बैङ्कले सन् १९८९ मा माथिल्लो कर्णालीबाट ४,१८० मेगावाट बिजुली निकाल्न सकिने प्रतिवेदन प्रस्तुत गरेकोमा ९०० मेगावाट मात्र बिजुली निकाल्ने सम्झौता नेपाल सरकारले भारतीय निजी कम्पनी जीएमआरसँग गर्‍यो। यस सम्झौतामा नेपाल अत्यन्त धेरै ठगिएको अनुभव व्यापक रूपले गरियो। प्राकृतिक विपत्ति परेर संरचना बिग्रेमा वा २१ दिनसम्म निरन्तर बन्द भई कम्पनीलाई क्षति पुग्न गएमा त्यसको क्षतिपूर्ति नेपाल सरकारले तिर्ने लगायतका शर्त नेपालको हित विपरीत छ। वर्षको खर्बौ रुपैयाँ क्षति हुने गरी भएको यो सम्झौता राष्ट्रघाती हो। संसद्लाई जानकारी समेत नदिई लगानी बोर्डले त्यो सम्झौता गरेको थियो। यसबारे जलश्रोतमन्त्री राधा ज्ञवालीले भने - 'लगानी बोर्डले हामीलाई साक्षीमात्रै राख्यो (१४ मङ्सिर २०७१ अनलाइन खबर)।' यो भनाइ जलश्रोत मन्त्रीको देखाउने दाँत मात्र थियो।

यसैगरी नेपाल सरकारले भारत सरकारसँग उर्जा व्यापार सम्झौता (पीटीए) गर्‍यो। यसले नेपालको उर्जा विकासको नियन्त्रण भारतीय एकाधिकार पूँजीको हातमा गयो।

माथिल्लो कर्णालीपछि लगानी बोर्डले भारत सरकारसँग अरुण तेश्रोको सम्झौता गर्‍यो। माथिल्लो कर्णालीको सम्झौताले नेपालको जलश्रोतमाथि भारत सरकार र भारतीय निजी कम्पनीहरूको लागि बाटो खोल्यो। जल विद्युत आयोजनाहरू नेपाली लगानीमै सञ्चालन गर्नु पर्ने पक्षमा नेमकिपा रह्यो। एमाओवादी र मधेसी मोर्चाले संसद् बन्द गर्नुको मुख्य उद्देश्य भारतीय इशारामा माथिल्लो कर्णालीको सम्झौता गर्न वातावरण बनाइदिएको थियो भन्ने कुरा व्यवहारबाट साबित भयो। देशहित विपरीत गरिएका पीडीए र पीटीएको विरोधमा नेमकिपाले देशभर विरोध कार्यक्रमलाई तीव्रता दिँदै गयो।

शासक दलका नेताहरूमा भारतीय विस्तारवादको चाकडी गर्ने प्रवृत्ति बढेको छ। भारतीय जनता पार्टीका नेपाल सेल हेर्ने अजितकुमार सिहसँग नेपाल सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महत्तोले भनेका थिए - 'तपाइँहरू हामीलाई मान्नुस् या नमान्नुस् तर हामी भारतको समर्थक र शुभचिन्तक हौं, प्रो. इण्डियन हौं।' (अन्नपूर्ण पोष्ट, २९ असार २०७१)

२०७१ साल साउन १८ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको संसद्मा सम्बोधन गरे। उनले 'गौतम बुद्ध नेपालमा जन्मेका हुन्, नेपाल सार्वभौम राष्ट्र हो' भन्दा शासक दलका नेताहरूले टेबुल ठोकेर खुसी व्यक्त गरे। भारतले नेपाललाई प्रत्यक्ष असर पर्ने गरी लक्ष्मणपुर बाँध, रसियावाल खुर्दलोटन बाँध लगायतका बाँधहरू निर्माण गरेको, देशको हजारौँ हेक्टर भन्दा बढी भूमि मिचेको नेपाली नेताहरूले बिर्से।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सार्क शिखर सम्मेलनको क्रममा ट्रमा सेन्टर उद्घाटन कार्यक्रममा २०७१ मङ्सिर ९ गते नेपालको संविधान सहमतिबाट बनाउनु राम्रो हुने, सङ्ख्याको आधारमा बनाइए सङ्कट आउने बताए। त्यो अभिव्यक्ति नेपालको आन्तरिक मामिलामाथि ठाडो हस्तक्षेप थियो। नेपालका प्रधानमन्त्री सुशील कोइराला र सभामुख सुवास नेम्वाङको उपस्थितिमा त्यसप्रकारको अपमानजनक र हस्तक्षेपकारी अभिव्यक्ति दिएकोमा नेमकिपाले विरोध गरेको थियो।

संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति समितिको बैठकले २०७१ असोज ११ गते गैर-आवासीय नेपालीहरू (एनआरएन) लाई पनि नेपाली नागरिकता दिने निर्णय गर्‍यो। त्यसले नेपाली नागरिकता त्यागेर विदेशी नागरिकता पाएका हजारौँले पुन: नेपाली नागरिकता पाउने भए। त्यस प्रावधानबाट विदेशीले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने र नेपाललाई नवउपनिवेश बनाउने नयाँ नयाँ उपाय पाउने छन्।

सम्वाद समितिको ०७१ असोज २८ गते बसेको बैठकले भूमिसुधार प्रयोजनको लागि कसैको जग्गा अधिग्रहण गर्दा क्षतिपूर्ति दिने निर्णय गर्‍यो। त्यो निर्णय जमिन्दार वर्गको हितमा छ। कानुनले तोकेको हदबन्दीभन्दा बढी जग्गा राख्नु अपराध हो। त्यसरी जग्गा राख्नेहरूको जग्गा जफत गरी सजायको व्यवस्था गर्नुपर्नेमा सम्वाद समितिको निर्णय जमिन्दार वर्गलाई पूँजिपति वर्ग बनाउने उपाय थियो । त्यसबाट नेका, एमाले र मधेसी मोर्चा किसानविरोधी भएको पुष्टि गर्छ।

एमाओवादी, मधेसी मोर्चा, जनजाति पार्टीहरू एकल पहिचानको नाउँमा जातीय राज्य र तराईमा क्षेत्रीय राज्य निर्माणको लागि सङ्घर्षरत छन्। शासक दलहरूबीच संविधान निर्माणमा न सहमति भयो न त प्रकृया नै अगाडि बढ्यो। ती दलहरूको स्वार्थको कारण संविधान निर्माण धरापमा पर्दै गएको छ। २०७१ माघ ८ गतेभित्र जनतालाई नयाँ संविधान दिने भनेर बारम्बार वचन दिँदै आएका दलहरूले सन् २०१४ को अन्त्यसम्ममा संविधान निर्माणमा कुनै सहमति गर्न सकेनन्। सहमतिको नाउँमा जातीय र क्षेत्रीय राज्य

बनाइएमा देशमा जातीय द्वन्द्व निम्तिने सम्भावना छ। आत्मनिर्णयसहित एक मधेस स्वायत्त प्रदेश र हिमाल र पहाडमा जातीय तथा क्षेत्रीय राज्य निर्माणले देश विखण्डनको खतरा रहने हुँदा भौगोलिक आधारमा प्रत्येक प्रदेशमा प्राकृतिक श्रोत र साधनहरूको सन्तुलित वितरण हुनेगरी हिमाल , पहाड र तराई समावेश सङ्घीय राज्य निर्माण उचित विकल्प हो। संविधानसभामा पेश भएका प्रस्तावहरूबारे संविधानसभामा व्यापक छलफल गरी प्रजातान्त्रिक तरिकाबाट संविधान निर्माण गर्नेतर्फ सबैको ध्यान जानु आवश्यक छ।

सन् २०१४ मा देशको आर्थिक, राजनीतिक, सामाजिक कुनै पनि क्षेत्रमा जनताले सुधारको अनुभूति गर्न पाएनन्। निम्न समाचारहरूले देशको स्थितिलाई अझ बढी प्रष्ट पार्‍यो-

- बैतडीका पूजा बोहरालाई सामूहिक बलात्कार गर्ने अभियुक्तहरूलाई पुनरावेदन अदालत महेन्द्रनगरले असार २ गते सफाइ दियो। अभियुक्तहरूलाई जिल्ला अदालत बैतडीले जनही १३ वर्ष कैद र ५० हजार जरिवाना गरेको थियो।
- बोक्सीको आरोपमा नेपालगञ्जमा साउन २२ गते चन्द्रकुमारी विकलाई सख्त घाइते हुने गरी कुटपिट गरे। उनलाई कुटपिट गर्ने छिमेकी तारा विक थिए।
- मङ्सिर ४ गते जाजरकोटमा बस दुर्घटना हुँदा त्यसमा सवार ५२ जनाको मृत्यु भयो।
- मङ्सिर २१ गते सुर्खेत बस दुर्घटनामा १८ जनाको ज्यान गयो र ३९ जना घाइते भए। गोत्री गाविसका १६ जनाको सामूहिक दाहासंस्कार गरियो। (अन्नपूर्णपोष्ट, २५ मंसिर २०७१)
- शीतलहरले तराईमा एक सातामा २१ जनाको मृत्यु भयो। महोत्तरीमा ७ जना, रौतहटमा ६ जना, सिराहामा ३ जना, मोर मा ३ जना, सप्तरी र झापामा एक-एक जनाको मृत्यु भयो। (कान्तिपुर, १६ पुस २०७१)
- तीन जना नेताले स्वास्थ्य उपचार खर्चमा ५ करोड रुपियाँ खर्च गरे। सुशील कोइराला १ करोड ६२ लाख ५५ हजार रुपियाँ, केपी ओली १ करोड २६ लाख रुपियाँ, झलनाथ खनाललाई करिब एक करोड रुपियाँ खर्च राजस्वबाट व्यहोरेको छ। (अनलाइन खबर)

माथि उल्लेखित घटनाहरू मानव अधिकार हननका प्रतिनिधिमूलक घटनाहरूमात्रै हुन्। दिनहुँ यस्ता घटनाहरू घटिरहेका छन्। सरकारको गैर-जिम्मेवारीपनकै कारण विभिन्न घटनाहरूमा धेरैको ज्यान गइरहेको छ। सन् २०१४ मा कुनै पनि क्षेत्रमा उत्साहजनक भएन। सबैतिर निराशा छोडेर गयो। शासक दलहरूले प्रतिबद्धता गरे अनुसार स्थानीय निकायको निर्वाचन गरेनन्। वर्षको अन्त्यसम्म संविधान निर्माण गर्ने सङ्केत देखिएन, भ्रष्टाचारमा कमी आएन, जनताको जीउ ज्यानको सुरक्षा सरकारले गर्न सकेन। जनताले सरकार भएको अनुभूति गर्न पाएनन्। सन् २०१४ सरकार र शोषक वर्गबाट सर्वसाधारण जनताको मानवअधिकार हनन्को वर्षको रुपमा बित्यो।

सुनिल प्रजापति
सचिव

सद्भावना पार्टी

यहाँको संस्था इन्सेकले हरेक वर्ष प्रकाशित गर्दै आएको पुस्तक यस वर्ष पनि प्रकाशन गर्न लागेको नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ धेरै नै ज्ञानवर्द्धक हुने भएकोले अत्यन्त हर्ष लागेको छ। यस पुस्तकको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

सन् २०१४ मानवअधिकारको दृष्टिकोणले पहिलाको अनुपातमा सुधार उन्मुख अवस्था हो। विगतको वर्ष भन्दा अब क्रमिक रूपमा गैरन्यायिक हत्यामा कमी हुँदै आएको छ। विभेदको विषयमा न्युनीकरणको सट्टा अझ बढेको छ भन्ने हाम्रो अनुभूति छ। गैरकानुनी गिरफ्तारी, यातना एवम् राज्य पक्षले समानुपातिक समावेशिता नीतिलाई अनुसरण नगर्नाले मधेसी, जनजाति, दलित, थारू, मुस्लिम, महिला, गरिवसँग गर्ने भेदभावमा बृद्धि भएको छ।

विगत झैँ यस वर्ष पनि भएको गैरन्यायिक हत्याको कुनै पनि प्रकारको ठोस अनुसन्धान नभएको अवस्थामा यस्ता हत्याको अनुसन्धानको अपेक्षा गर्दछु। मानवअधिकारको संरक्षणको लागि पारदर्शी रूपमा सबैले थाहा पाउने गरी एउटा अनुसन्धान अयोगको अझै पनि आवश्यकता रहेको महसुस गरेको छु। आगामी दिनमा मानवअधिकारको हनन् उल्लङ्घन सम्बन्धी घटनाहरू यस संस्थाले उजागर गर्दै जाओस् भन्ने अपेक्षा राख्दै हार्दिक सफलतासहित धन्यवाद दिन चाहन्छु।

नरसिंह चौधरी
वरिष्ठ उपाध्यक्ष, सद्भावना पार्टी

सन् २०१४ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा

राष्ट्रिय मानवअधिकार आयोग
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गृह मन्त्रालय
परराष्ट्र मन्त्रालय
नेपाली सेना
नेपाल प्रहरी
सशस्त्र प्रहरी बल
राष्ट्रिय महिला आयोग
राष्ट्रिय दलित आयोग
नेपाल बार एसोसिएसन
नेपाल पत्रकार महासङ्घ

अनुसूची

४

राष्ट्रिय मानवअधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था हो। यस संस्थाले मानव अधिकार उल्लङ्घनका घटनालाई समावेश गरी "नेपाल मानवअधिकार वर्ष पुस्तक" मार्फत प्रत्येक वर्ष सार्वजनिक गर्दै आएको छ जुन सन्हानीय कार्य हो। यस पटक पनि मुलुकभित्रको मानवअधिकारका समसामयिक विषयलाई समेटी प्रकाशित हुन लागेको मानवअधिकार वर्षपुस्तकको म सफलता र निरन्तरताको कामना गर्दछु।

पटक-पटक मुलुकमा राजनीतिक परिवर्तन भए पनि प्राप्त उपलब्धिहरू संस्थागत हुन नसकेको दुःखद अवस्था छ। दोस्रो पटक संविधानसभा निर्वाचनमार्फत पनि संविधान प्राप्त हुन नसक्नु निश्चय नै सकारात्मक पक्ष होइन। राजनीति, राजनीतिक दल र नेतृत्वप्रति वितृष्णाभाव उत्पन्न हुनु राम्रो कुरा होइन।

मानवअधिकारको दृष्टिकोणबाट हेर्दा यो वर्ष पनि सुखद रहन सकेन। आफूले गरेका प्रतिबद्धताहरूबाट सरकार पूरै चुकेको अवस्था छ। मानवअधिकारको संरक्षण, सम्बर्द्धन, परिपालन एवम् संस्कृतिको विकासको लागि स्थापित राष्ट्रिय संस्था राष्ट्रिय मानवअधिकार आयोग पनि सन्तुष्ट हुन नसकेको अवस्था छ।

गत वर्षझैं यस आर्थिक वर्ष २०७०–२०७१ को आयोगको तथ्याङ्क हेर्दा मानवअधिकारको अवस्था सन्तोषजनक छैन। आयोगको वार्षिक तथ्याङ्कअनुसार यातना, दुर्व्यवहार, महिला अधिकार, न्यायप्रशासन, बाल अधिकार गैरन्यायिक थुना, हत्या, धम्की, सम्पत्तिको अधिकार आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, जातीय विभेद, आप्रवासी कामदारको अधिकार आदि विषयमा आयोगका कार्यालयहरूमा जम्मा २ सय ४० उजुरी दर्ता भएका छन्।

समग्र मानवअधिकारको अवस्था, नागरिक तथा राजनीतिक अधिकार (संविधानसभा निर्वाचनमा मानवअधिकारको अवस्था) बाल अधिकार, महिला अधिकार हिरासत र कारागारको अवस्था, ज्येष्ठ नागरिकको अधिकार, जातीय भेदभावविरुद्धको अधिकार, राजनीतिक दल, तिनका भ्रातृसङ्गठनबाट बन्द हड्ताल, विरोध कार्यक्रम, आमसभा, ऱ्याली, जुलुस, अनशन, स्वास्थ्यको अधिकार लगायतका विषयमा २ सय १६ पटक अनुगमन भएको छ। त्यसैगरी २ सय १६ वटा अनुसन्धान सम्पन्न भएको छ। जसमा हत्या, यातना, न्यायप्रशासन, बेपत्ता, अपहरण, धम्की, कुटपिट, सम्पत्ति कब्जा गैरकानुनी थुना, महिला अधिकार, आन्तरिक विस्थापित, बाल अधिकार, स्वास्थ्यको अधिकार, वैदेशिक रोजगार विस्फोटन, असमानता/जातीय विभेद आदि विषय रहेका छन्।

सम्बर्द्धनात्मक कार्यमा प्रशिक्षण, अन्तर्क्रिया, तालिम, छलफल, बैठक, कार्यशाला गोष्ठी गरी ३ सय ओटा कार्यक्रम सम्पन्न भएको देखिन्छ। जसमा ८४ ओटा कार्यहरू सहकार्य र समन्वयमा भएका छन्। अन्य सङ्घसंस्थाबाट आयोजित कार्यक्रममध्ये ३ सय ५ ओटामा आयोगले आफ्नो सहभागिता जनाएको छ। वार्षिक प्रतिवेदन र इबुलेटिनको अलावा मानव अधिकारसम्बन्धी निर्देशिकाहरू, नेपालमा बालबालिकाको अवस्थासम्बन्धी राष्ट्रिय प्रतिवेदन, मानव बेचबिखन अवस्थासम्बन्धी १२ वटा प्रतिवेदन प्रकाशनमा ल्याएको छ।

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा व्यवस्थापिका/संसद्, नेपाल सरकार, विभिन्न आयोगहरू, नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घसङ्गठनहरूसँग समन्वय र सहकार्यमा जोड दिँदै आएको छ। युएनडीपी, ओएचसीएचआर, सेभ द चिल्ड्रेन, एसिया फाउण्डेशन, आईसीआरसीलगायतका सङ्घसंस्थाहरूसँग सहकार्य गरेको छ। अन्तर्राष्ट्रिय निकायहरू, मित्रराष्ट्रका दूतावासहरू तथा अन्य मुलुकका राष्ट्रिय मानवअधिकार आयोगहरूसँग आयोगले समन्वय गर्दै सम्बन्ध विस्तार गर्दै आएको छ।

यस अवधिमा आयोगले विभिन्न उपलब्धि हासिल गर्नुको साथै चुनौती एवम् समस्याहरूबाट गुज्रन पुगेको छ। मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा उपलब्धि हासिल भएका छन्। राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आफ्नो जवाफदेहिता वहन गरेको यो आयोग अन्तर्राष्ट्रियरूपमा 'क' श्रेणीमा रहन सफल छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा आयोगलाई थप विश्वसनीय र क्रियाशील बनाउनुपर्ने चुनौती हाम्रो सामुमा छन्। सङ्क्रमणकालीन परिवेशको अवस्था कायम रहनु, आयोगलाई सरकारबाट अपेक्षित सहयोग नहुनु, आयोगका सिफारिस कार्यान्वयनको अवस्था अत्यन्त न्यून रहनु आदि चुनौति रहेका छन्। यी विविध चुनौतीलाई चिर्दै आयोग सबै भूगोल, क्षेत्र, भाषा, संस्कृति, वर्ग, समुदायसँग समानरूपमा पहुँच स्थापना

गर्न प्रयत्नशील छ। यी चुनौतीहरूलाई सम्बोधन गर्न आयोगले निरन्तर नेपाल सरकार र राजनीतिक दलहरूलाई सिफारिस गर्नुको साथै सुझावहरू दिँदै आएको छ।

अन्त्यमा, म यस वर्ष पुस्तकको सफलता एवम् निरन्तरताको शुभेच्छा प्रकट गर्दै आगामी दिनमा पनि यस संस्थाले मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा भूमिका महत्त्वपूर्ण निर्वाह गर्न सकोस्।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति गर्ने राज्यको प्राथमिक दायित्व पूरा गर्न नेपाल सरकार प्रतिबद्ध छ। हालसम्म मानव अधिकारसम्बन्धी विभिन्न २४ ओटा महासन्धिहरू (सार्कस्तरीय दुई ओटासहित) लाई नेपालले अनुमोदन गरेको छ। यसबाट सिर्जना हुने राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दायित्वलाई बहन गर्न र मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्न नेपाल सरकार हरसम्भव प्रयासरत् छ।

सन् १९९३ मा अष्ट्रियाको राजधानी भियनामा सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घीय विश्व मानवअधिकार सम्मेलनले सबै पक्ष राष्ट्रहरूलाई मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा मानवअधिकार संस्कृतिको विकास गर्न राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्न आह्वान गरेअनुरूप नेपालले मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने दृढ अठोटका साथ नागरिक समाज र निजी क्षेत्रको समन्वयात्मक प्रयासमा आ.व. २०६१/०६२ देखि मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्दै आएको छ। यसक्रममा तीन ओटा त्रिवर्षीय कार्ययोजना सम्पन्न भई हाल चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/७२-२०७५/०७६) कार्यान्वयनको क्रममा रहेको छ। प्रस्तुत चौथो कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा कानूनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानव अधिकारको सुनिश्चितता प्रदान गर्न र मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्नमा सहयोग पुग्ने विश्वास लिइएको छ। चौथो मानवअधिकार राष्ट्रिय कार्ययोजनाले मानवअधिकारलाई १८ ओटा विषयक्षेत्र (Theme) मा वर्गीकरण गरी खासगरी नेपाली नागरिकका सांस्कृतिक, आर्थिक तथा सामाजिक अधिकारको प्राप्तिका लागि विभिन्न क्रियाकलापहरू प्रस्ताव गरिएका छन्। यी क्रियाकलापहरूको कार्यान्वयनको प्राथमिक जिम्मेवारी नेपाल सरकारका सम्बन्धित मन्त्रालयको रहन्छ भने नागरिक अधिकारका लागि क्रियाशील सङ्घ सङ्गठनहरूबाट कार्यान्वयनको सुनिश्चितताका लागि निगरानी र उत्प्रेरणा दिने अपेक्षा गरिएको छ।

यसैगरी, लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजनालाई समयसापेक्ष परिमार्जन गरी २०६९ श्रावणदेखि आगामी पाँच वर्षसम्मका लागि लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई कार्यान्वयनमा ल्याइएको छ। उक्त राष्ट्रिय रणनीति तथा कार्ययोजनामा सम्बद्ध मन्त्रालयहरूको मन्त्रालयगत कार्ययोजनामा समावेश गरी कार्यान्वयन भइरहेको छ भने जातीय भेदभाव उन्मूलनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय संयन्त्र गठन भई योजनाबद्ध रूपमा प्रभावकारी कार्यक्रम लागू भइरहेका छन्।

मानव अधिकारको उल्लङ्घनका घटनामा राष्ट्रिय मानवअधिकार आयोगबाट २०५८ सालदेखि हालसम्ममा भएका सिफारिशहरूलाई कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाउनुका साथै त्यसको प्रभावकारी कार्यान्वयन भए नभएको बारेमा अनुगमन गर्ने र अभिलेख अद्यावधिक गर्ने लगायतका कार्यहरू भइरहेको छ। राष्ट्रिय मानवअधिकार आयोगबाट २०५८ सालदेखि हालसम्ममा भएका सिफारिशहरूलाई पुस्तकाकार रूप प्रदान गरी प्रचार प्रसार गरिएको छ। आयोगबाट हालसम्म भएका सिफारिसअनुसारको क्षतिपूर्ति/राहत रकम पीडित एवम् पीडितका परिवारलाई दिने सम्बन्धमा नेपाल सरकार ((मन्त्रिपरिषद्) बाट निर्णय भई शान्ति तथा पुनर्निर्माण मन्त्रालय र गृह मन्त्रालयबाट त्यसरी सिफारिश गरिएका व्यक्तिहरूलाई तोकिएबमोजिमको रकम वितरण भइरहेको छ।

मानवअधिकार उल्लङ्घनका घटनामा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सङ्घसंस्थाबाट माग भएका जवाफ तथा जानकारी समयमा नै

उपलब्ध गराउने र नेपाल सरकारका तर्फबाट पेश गर्नुपर्ने प्रतिवेदन एवम् प्रतिक्रियासमेत सम्बन्धित निकायहरूको संलग्नतामा तयार गरी पठाउने गरिएको छ।

विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिको नेपाल पक्ष भए वापत बुझाउनुपर्ने अन्य आवधिक प्रतिवेदनहरू समेत समयमै बुझाउन आवश्यक व्यवस्था मिलाइएको छ। यसैगरी, Universal Periodic Review (UPR) सम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी जनवरी २०११ मा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा पेश गरिएको र उक्त प्रतिवेदनउपर प्राप्त सुझाव एवम् सिफारिसहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन भइरहेको छ। साथै, Universal Periodic Review (UPR) को दोस्रो चरणमा नेपालले बुझाउनुपर्ने UPR सम्बन्धी प्रतिवेदनको मस्यौदा तयार गर्न नेपाल सरकारले अन्तरमन्त्रालयस्तरीय समिति गठन गरी उक्त समितिको प्रत्यक्ष निगरानीमा रही उक्त प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गर्न कार्यदल (Working Group) गठन भएको थियो। उक्त कार्यदलले कार्यसमितिको प्रत्यक्ष निगरानीमा UPR सम्बन्धी प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गरी पेश गरिसकेको छ। यसरी तयार भएको उक्त प्रतिवेदनको प्रारम्भिक मस्यौदाउपर क्षेत्रीय तथा जिल्लास्तरमा सरोकारवाला निकाय, सङ्घसंस्था तथा व्यक्तित्वहरूसँग अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ। सोहीअनुरूप क्षेत्रीयस्तरमा नेपालगञ्ज र धनगढीमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ। तयार पारिएको प्रतिवेदनलाई सबै सरोकारवालाहरूको सुझाव र सल्लाह लिई परिमार्जन गरी जुलाई २०१५ मा संयुक्त राष्टसङ्घको मानवअधिकार परिषद्मा प्रतिवेदन प्रस्तुत गर्ने तय भएको छ। उक्त परामर्श तथा अन्तरक्रिया कार्यक्रम बाँकेको नेपालगञ्ज र कैलालीको धनगढीमा सञ्चालन भइसकेको छ भने अन्य क्षेत्रीय सदरमुकामहरूमा सञ्चालन गरिनेछ। उक्त मस्यौदालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा उपलब्ध गराइनेछ। नेपाल सरकारबाट मानवअधिकारको संरक्षण र संबर्द्धनार्थ राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको संस्थागत सुदृढीकरण गर्नुका साथै सम्बद्ध मन्त्रालयहरूमा मानवअधिकार महाशाखा र तीनओटै सुरक्षा निकायहरूमा मानव अधिकार निर्देशनालय/एकाइको गठन गरी कार्यसम्पादन भइरहेको छ। साथै, नेपाल सरकारले मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू र सरकारका विभिन्न निकायहरूबीच समन्वय गरी मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक कार्यहरू सम्पादन गर्दै आएको छ।

अन्त्यमा, इन्सेकले प्रकाशन गर्न लागेको प्रस्तुत वर्षपुस्तक मानवअधिकारको सम्मान, संरक्षण र संबर्द्धन गर्ने प्रयोजनका लागि निकै उपयोगी हुने कुरामा यो कार्यालय विश्वस्त छ। साथै, इन्सेक आफ्नो लक्ष्यमा निरन्तर अघि बढिरहन सकोस् भनी शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

रञ्जु गौतम
शाखा अधिकृत

गृह मन्त्रालय

'नेपाल मानवअधिकार वर्ष पुस्तक २०१५' प्रकाशन उद्देश्यले सन् २०१४ मा भएका मानव अधिकारको स्थिति सम्बन्धमा यस मन्त्रलयबाट भए गरेको कामको विवरण देहाय बमोजिम रहेको छ:

१. विभिन्न तालिम सञ्चालन गरी मानवअधिकार सम्बन्धी गोष्ठी सञ्चालन गरेको, जसमा सुरक्षा निकाय, गृहमन्त्रालय र अन्तर्गतका कार्यालयका कर्मचारीलाई तालिम दिइएको,
२. UNSCR १३२५ / १८२० को राष्ट्रिय कार्य योजना कार्यन्वयनका सन्दर्भमा गृह मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गरिरहेको,
३. नख्खुमा महिला बन्दी गृह निर्माण भइसकेको,
४. नेपाल प्रहरीका २ सय ४० स्थानमा महिला तथा बालबालिका सवा केन्द्र निर्माण गरी १ हजार ३ सय ४४ दरबन्दी स्वीकृत भएको,
५. नेपाल प्रहरीको १० ओटा जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्र भवनको निर्माण भई कार्य सञ्चालनमा आएको,
६. सशस्त्र प्रहरी बलमा १२ स्थानमा Gender Unit को निर्माण भई कार्य सञ्चालनमा आएको,
७. अध्यागमन विभागको कार्यालय भवनमा आवश्यक सुविधासहितको महिला थुनुवा कक्ष व्यवस्था भएको,
८. प्रहरी कर्मचारीहरूका लागि लैङ्गिक हिंसा

सम्बन्धी आचारसंहिता बनाई लागु गरिएको र सकेसम्म सबै प्रहरी कर्मचारीहरूको हातमा पुग्ने गरी प्रकाशन गरी वितरण गरिएको,

९. कारागार सुधार गर्नका लागि २० ओटा कारागारमा बायोग्याँस र २१ ओटा कारागारमा सोलार प्लान्ट जडान गर्ने कार्यक्रम स्वीकृत भएको,

१०. विभिन्न आठ ओटा कारागारका महिला कैदी बन्दीहरूका लागि सीपमुलक तालिम सञ्चालन भइरहेको,

११. Gender Based Voilence सम्बन्धी उजुरी र घटनाको National Database नेपाल प्रहरीमा स्थापना गरिएको,

१२. नेपाल प्रहरीले लैङ्गिक नीति, २०६९ जारी गरी कार्यान्वायन गरिरहेको,

१३. नेपालको ७२ जिल्लामा रहेको कुल (७४ कारागारको कूल क्षमता १० हजार रहेकोमा अहिले नै १८ हजार कैदी रहेको अवस्था छ, त्यसको भौतिक सुधार गर्दै-

- केन्द्रीय कारागारलाई स्थानान्तरण गर्ने गरी नुवाकोट जिल्ला विदुर नगरपालिका वार्ड नं. ६ चण्डीपोखरीमा ५ हजार भन्दा बढी क्षमताको कारागार निर्माण प्रक्रियामा रहेको,
- खुल्ला कारागारको अवधारण अनुरूप बाँके जिल्लाको गनापुर गाविस-६ मा खुल्ला कारागार निर्माण गर्न बोलपत्र आह्वान,

१४. इलाका प्रहरी कार्यालय स्तरसम्म प्रहरी एकाइहरूमा मानवअधिकार सेलको स्थापना गरी प्रहरीबाट भएको मानवअधिकार हनन सम्बन्धी उजुरीमा शीघ्र जवाफदेहिताको व्यवस्था मिलाइएको,

१५. प्रहरीहरू तथा सशस्त्र प्रहरीहरूलाई मानवअधिकार सम्बन्धी On the job training दिन सुरु गरिएको।

सङ्गीता कोइराला
शाखा अधिकृत

परराष्ट्र मन्त्रालय

१. वर्तमान विश्व परिवेशमा मानवअधिकारको संरक्षण, संबर्द्धन एवम् प्रर्वधनको विषयले अन्तर्राष्ट्रिय सम्बन्धका क्षेत्रमा पनि महत्वपूर्ण स्थान ओगट्दै आएको छ। मानवअधिकारसम्बन्धी मूलभूत नौ अन्तर्राष्ट्रिय महासन्धिमध्ये सात सहित २४ वटा अन्तर्राष्ट्रिय अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूको पक्षराष्ट्र भएको सन्दर्भमा देशको प्रचलित नियम कानुन तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता एवम् दायित्वहरू बमोजिम मानवअधिकार संरक्षण तथा प्रवर्धनका क्षेत्रमा नेपाल सरकार सधैं पूर्ण प्रतिबद्ध रहेको छ। नेपाली नागरिकको मानवअधिकारको संरक्षण एवम् सम्वर्धन तथा वैयक्तिक स्वतन्त्रतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले नि:सन्देह सर्वोपरी महत्व दिएकाले नेपाल सरकारका मानवअधिकारसम्बन्धी क्रियाकलापहरू सोही अनुसार निर्देशित हुँदै आएका छन्। मानवअधिकारप्रति नेपालको प्रतिवद्धतालाई प्रभावकारी रूपमा कार्यान्वयनमा उतार्नका लागि सबै पक्षबाट सन्तुलित धारणा अवलम्बन गरिनु पर्ने तथा विकासको अधिकारलाई थप प्रभावकारीरूपमा कार्यान्वयनमा लैजान सम्बद्ध सबै पक्षबाट सहयोग गर्नुपर्ने मान्यता नेपाल सरकारको रहेको छ।

२. नेपालको समग्र मानवअधिकारको स्थिति एवम् यसको संरक्षण र प्रवर्धनका लागि राज्यपक्षबाट चालिएका कदमहरू समेतका विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूले स.रा.सङ्घको ६९ औं महासभामा दिनुभएको वक्तव्य तथा कुटनीतिक समुदायका लागि सम्माननीय प्रधानमन्त्री तथा माननीय परराष्ट्र मन्त्रीज्यूले समय समयमा आयोजना गर्नुहुने Briefing मा समेत नेपाल सरकारको धारणा अवगत गराइने गरिएको छ।

३. विगतको द्वन्द्वका क्रममा भएका मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका गम्भीर घटनाहरूलाई सम्बोधन गर्ने गरी बृहत शान्ति सम्झौता र अन्तरिम संविधानमा व्यवस्था भए बमोजिम सङ्क्रमणकालीन न्याय प्रणालीसँग सम्बन्धित कानुन निर्माण गर्ने उद्देश्यले राजनीतिक सहमति, प्रतिवद्धता एवम् समर्थनका आधारमा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम तयार पारिएका बेपत्ता नागरिक छानविन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नेसम्बन्धी ऐन २०७० चैत २८

गते जारी हुनु सङ्क्रमणकालीन न्याय संयन्त्रको एक उपलब्धि हो। यस विषयमा चासो राख्दै २५ जुन २०१४ मा मानवअधिकार उच्चायुक्त Navanethem Pillay ले सम्माननीय प्रधानमन्त्रीज्यूलाई लेखेको पत्रको जवाफ २७ अगस्त २०१४ मा मानवअधिकार उच्चायुक्तको कार्यालय, जेनेभामा पठाइएको। उक्त पत्र प्राप्त भए पश्चात् मानवअधिकार उच्चायुक्तको कार्यालयले सङ्क्रमणकालीन न्याय प्रणाली तथा बेपत्ता पारिएका व्यक्तिहरू र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने विषयमा हालैका दिनमा नेपालमा भएको प्रगतिको उच्च मूल्याङ्कन गरिएको भन्ने पृष्ठपोषण प्राप्त भएको छ। यस कानुनको निर्माण गर्ने क्रममा सरकारले अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनसहित सम्मानित सर्वोच्च अदालतको ०७० माघ ६ मा दिएको निर्देशनलाई अधिकतम रूपमा आत्मसात गरिएको छ। यस ऐन बेपत्ता पारिएका व्यक्तिहरू सम्बन्धी र सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी अलग-अलग आयोग गठन गर्ने तथा दण्डहीनताको विषयहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्नेतर्फ केन्द्रित भएको देखिन्छ। सम्मानित अदालतबाट भएको आदेश अनुरूप राजनीतिक सहमति एवम् स्थापित राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता अनुकूल हुनेगरी उक्त विषयमा उपयुक्त राय सुझावहरू समावेश गर्न नेपाल सरकार सदैव सकारात्मक छ।

४. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिअन्तर्गत नेपालले पेश गरेको तेस्रो आवधिक प्रतिवेदन माथि छलफल हुनु अघि मुलुकमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण तथा प्रवर्धनका सम्बन्धमा उठाइएका विभिन्न ३३ ओटा (List of Issues) अनुरूपका विषयहरूमा सरोकारवाला निकायहरूसँगको समन्वयमा जवाफ तयार गरी मानवअधिकार उच्चायुक्तको कार्यालयमा पेश गरिएको थियो। यसैगरी नेपाल सरकारका तर्फबाट पेश गरिएका विभिन्न आवधिक प्रतिवेदन उपर सम्बन्धित समितिहरूबाट नेपाल सरकारलाई प्राप्त सिफारिशहरूको कार्यान्वयन तथा कार्यान्वयन स्थितिको जानकारी समेत संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्का विभिन्न समितिहरूमा नियमित रूपमा प्रेषित भइरहेको छ।

५. गत १० (२८ नोभेम्वर २०१४) सम्म जेनेभामा भएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि अन्तर्गतको समितिको ५३ औं सेशनमा उक्त अभिसन्धिको धारा १६ तथा १७ बमोजिम नेपालले पेश गरेको तेस्रो आवधिक प्रतिवेदनउपर भएको छलफल लगायत उक्त प्रतिवेदन तयार पारी समितिमा पेश भएको थियो। समितिमा सो प्रतिवेदन उपर भएको छलफल लगायत उक्त प्रतिवेदन तयार गर्ने कार्यमा यस मन्त्रालयबाट सक्रिय रूपमा सहभागिता रहेको थियो।

६. संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद् तथा मानवअधिकार समितिमा नेपालविरुद्ध परेका बैयक्तिक उजुरी तथा प्रक्रिया मार्फत् उठाइएका जिज्ञासाहरूका सम्बन्धमा नेपाल सरकारको धारणा यस मन्त्रालयले यथोचित महत्वका साथ स्पष्ट गर्दै आएको छ। गत वर्ष मानवअधिकार परिषद्का २६ औं र २७ औं अधिवेशनको उच्च तहको बैठकमा नेपालको तर्फबाट सक्रिय सहभागिता जनाई नेपालको मानवअधिकारप्रतिको राष्ट्रिय प्रतिबद्धता, धारणा तथा संरक्षण एवम् प्रवर्धनका क्षेत्रमा भएका प्रयासहरूका बारेमा अद्यावधिक स्थिति विश्व समुदायसमक्ष प्रस्तुत गरिएको थियो।

७. मानवअधिकारका विषयमा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूबाट सिर्जित दायित्व तथा नेपालको अन्तरिम संविधानमा व्यवस्था गरिएका प्रतिबद्धताहरू पूरा गर्न नेपाल सरकारले आ.ब. ०६१/६२ देखि आवधिक रूपमा मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरिरहेको छ। सोही क्रममा तेस्रो त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना २०६७/६८-२०६९/७० को कार्यान्वयन अवधि सम्पन्न भएको छ। यस वर्षदेखि चौथो पञ्चवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना, २०७१/७२-२०७५/७६ कार्यान्वयनमा ल्याइएको छ। यस अनुरूप मानवअधिकारको संरक्षण तथा प्रवर्धनको लागि

आवश्यक समन्वय र सहभागिता अभिवृद्धि गर्ने उद्देश्यसहित शिक्षा, स्वास्थ्य पोषण र जनसङ्ख्या, श्रम तथा रोजगार, समवेशी विकास, सङ्क्रमणकाल र द्वन्द्व व्यवस्थापन लगायतका १८ ओटा विषयहरू पहिचान गरी मानवअधिकार संरक्षणका क्षेत्रमा प्रवर्धनात्मक एवम् सुधारात्मक गतिविधिहरू सञ्चालन गर्ने कार्यक्रम रहेको छ।

८. दोस्रो संविधानसभाको निर्वाचन र नयाँ जननिर्वाचित सरकारको गठन पश्चात् मुलुकको शान्ति सुरक्षाको अवस्था सुदृढ बन्दै गएको तथा मुलुकले सार्क शिखर सम्मेलन जस्तो महत्वपूर्ण क्षेत्रीय सम्मेलन सफलतापूर्वक आयोजना गरेकोले अन्तर्राष्ट्रिय जगतमा समेत सकारात्मक प्रभाव पारेको देखिन्छ।

९. राष्ट्रिय मानवअधिकार आयोगले सन् २०१४ भरी नै मानवअधिकार उल्लङ्घनका घटनाहरूमाथि अनुगमन गर्ने, छानविन गर्ने र दोषीमाथि कारबाहीको सिफारिश गर्ने स्वतन्त्र, निष्पक्ष एवम् सक्रिय संवैधानिक अङ्गको रूपमा कार्य सम्पादन गरेको थियो। यस मन्त्रालयसँग सम्बन्धित विषयमा राष्ट्रिय मानवअधिकार आयोगले कार्यान्वयनका लागि गरेका अधिकांश सिफारिशहरू कार्यान्वयन भइसकेको छ। यसबारेको प्रगति राष्ट्रिय मानवअधिकार आयोगमा उपलब्ध गराइएको र आयोगका अन्य सिफारिशहरू कार्यान्वयनको प्रक्रियामा रहेकाले यसको कार्यान्वयनमा नेपाल सरकार दृढ छ। राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिशहरू बाध्यकारी हुन्छन् भन्ने तथ्य मनन् गर्दै सरकारले त्यस्ता सिफारिशहरूको कार्यान्वयन गर्न सक्दो प्रयास जारी राखेको छ।

१०. विभिन्न अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूको पक्षराष्ट्रको हैसियतले नेपालले संयुक्त राष्ट्रसङ्घका सम्बन्धित निकायसमक्ष आवधिकरुपमा पेश गर्नुपर्ने प्रतिवेदनहरू अपवादलाई छाडेर नियमित रूपमा प्रस्तुत भइसकेका र अन्य बुझाउनुपर्ने सन्धि/महासन्धिहरू सम्बन्धी राष्ट्रिय प्रतिवेदनहरू जस्तै आइएलओ १६९ लगायतका हकमा सम्बन्धित सरोकारवालाहरूसँग परामर्श गरी उक्त प्रतिवेदनहरू आइएलओको सचिवालयमा पठाइनेछ।

११. त्यस्तै मानवअधिकार परिषद्ले व्यवस्था गरेको Universal Periodic Review अन्तर्गत सन् २०११ मा सम्पन भएको नेपालको प्रथम आवधिक समीक्षाबाट प्राप्त सिफारिस तथा सुझावहरू निरन्तर रूपमा कार्यान्वयन गरिएको। सन् २०१५ मा नेपालको समग्र मानवअधिकारको दोस्रो आवधिक समीक्षा हुने भएकोले यसका लागि नेपालको राष्ट्रिय प्रतिवेदन तयारी तथा यस सम्बन्धी अन्य कार्यहरू गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित कार्यदलमा यस मन्त्रालयका तर्फबाट सक्रिय रूपमा सहभागित भएको छ।

१२. नेपालमा मानवअधिकारको अवस्थालाई मजबुत बनाउनका लागि मानवअधिकारसँग सम्बन्धित स.रा.सङ्घका निकायहरू जस्तै UNOHCHR, UNGA 3rd Committee तथा अन्य अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग निरन्तर रूपमा समन्वय गरिएको छ। विशेषगरी मानवअधिकार परिषद्का विभिन्न बैठकहरूमा नेपालले मानवअधिकार सम्बन्धी विषयहरू, चुनौती एवम् प्रगतिबारे निरन्तर जानकारी गराउने गरेको तथा यसका Thematic Discussions मा भाग लिने गरिएको छ।

१३. नेपालले आवश्यकताअनुसार बाह्य सहयोग परिचालनमार्फत् आफ्नो आन्तरिक क्षमता विकास/सुदृढ गरी देशको आर्थिक तथा सामाजिक विकासका क्षेत्रमा व्यहोरेका चुनौतीहरूको प्रभावकारी रूपमा व्यवस्थापन गर्नका लागि विभिन्न द्विपक्षीय तथा बहुपक्षीय मञ्चहरूमा नेपालको तर्फबाट दिइने नीतिगत वक्तव्यमा नेपालको प्राथमिकता तथा नीति अनुरूप सहयोग प्राप्ति तथा परिचालनका लागि पहल गरिएको। नेपालले खासगरी Right to Development तथा अतिकम विकसित राष्ट्रहरूको आर्थिक तथा सामाजिक विकासको लागि आह्वान गरेको छ।

१४. मानवअधिकारको संरक्षण र सम्वर्धन गर्ने दिशामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सहयोग र सहकार्यलाई जारी राख्दै नेपालले गर्दै आएका प्रयासहरूप्रति अन्तर्राष्ट्रिय

समझदारी जुटाउने र देशमा भए गरेका प्रगतिहरूबारे अन्तर्राष्ट्रिय समुदायलाई उपयुक्त रूपमा जानकारी पुऱ्याउने कार्य परराष्ट्र मन्त्रालयले गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घ लगायत अन्तर्राष्ट्रिय समुदायले नेपालको मानवअधिकारका क्षेत्रमा संस्थागत सुदृढीकरण र क्षमता विकासका लागि पुऱ्याएको सकारात्मक सहयोगप्रति नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमार्फत् कृतज्ञता जाहेर गर्ने गरेको छ। यसैगरी परराष्ट्र मन्त्रालयले आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा मुलुकभित्र र बाहिर सञ्चार, समन्वय, सहकार्य र सहजीकरण गरी मानवअधिकार संरक्षण र सम्बर्धन गर्ने कार्यमा सहयोग पुऱ्याउन सदा झैं कटिबद्ध रहेको छ।

१५. मानवअधिकारका मूल्य मान्यताका साथ स्वतन्त्रताको उपभोग गर्दै आफ्नो क्षमतालाई अधिकतम रूपमा हासिल गर्न सबै मानव जातिलाई सक्षम बनाउने महान् र पवित्र उद्देश्य लिएर अन्तर्राष्ट्रिय मानवअधिकार अभियान निरन्तर जारी छ। यसको प्राप्तिका लागि मुलुकको आर्थिक/सामाजिक र चेतनाको अवस्थाले ठूलो भूमिका खेल्दछ। मानवअधिकारका सबै आदर्शहरू एकैचोटी प्राप्त गर्न सम्भव नभए तापनि क्रमिकरूपमा तिनीहरूको प्राप्तिका लागि सत्प्रयास लगाइराख्नु महत्वपूर्ण हुन्छ भन्ने धारणा यस मन्त्रालयको रहेको छ। मानवअधिकारको संरक्षण र सम्वर्धन कार्यलाई निरन्तर राष्ट्रिय क्षमता अभिबृद्धिद्वारा दिगो र दीर्घकालीन रूपमा सम्बोधन गर्नु नै उपयुक्त विकल्प भएको परिप्रेक्षमा संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय समुदायले नेपालको मानवअधिकार क्षेत्रमा संस्थागत सुदृढीकरण र क्षमता विकासका लागि अनवरत योगदान गरी मानवअधिकारको संरक्षण र सम्बर्धनमा सकारात्मक सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

दधिराम भण्डारी
शाखा अधिकृत

नेपाली सेना

नेपाली सेना सदैव नेपाली जनतामा अन्तर्निहित सार्वभौमसत्ताको व्यवहारिक प्रत्याभूति गर्ने विषयलाई आत्मसात् गर्दै विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानवअधिकारको पालना/संरक्षण गर्न कटिबद्ध छ।

नेपालको अन्तरिम संविधान तथा सैनिक ऐन २०६३ ले निर्दिष्ट गरेबमोजिम नेपाली सेनालाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको मूल्यद्वारा प्रशिक्षण गर्ने कार्य निरन्तररूपमा सम्पन्न भइरहेको छ। सोही अनुरूप नेपाली सेनामा IHL Intergration Order लागु गराई सम्पूर्ण फौजहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा लगाउन क्रमिकरूपमा IHL/IHRL तालिम गराउदै लगिएको। साथै, सोही कुरालाई सेनाको तल्लो तहसम्म सैद्धान्तिक र व्यवहारिक तरिकाले पालना गराउन सशस्त्र द्वन्द्वको कानुनसम्बन्धी नेपाली सेनाले प्रकाशित गरेको हाते पुस्तक "Nepal Army Hand Book on Law of Armed Conflict" र यस निर्देशनालयबाट मानवीय कानुन सम्बन्धी तयार पारिएको तालिम डकुमेन्ट्री सेनाका सम्पूर्ण युनिटहरूमा वितरण गरिनुको साथै तालिमहरूमा समेत जानकारी गराउने गरिएको।

हरेक तहमा सञ्चालन हुने तालिमहरूमा मानवअधिकार र मानवीय कानुनसम्बन्धी पाठ्यक्रम समावेश गरी अध्ययन अध्यापनलाई निरन्तरता दिइएको छ। शान्ति स्थापना कार्यमा भाग लिने फौजहरूलाई मानवअधिकारसम्बन्धी तालिम दिने गरिएको छ। नेपाली सेना र ICRC को संयुक्त पहलमा जङ्गी अड्डामा Advance Level sf] LOAC तालिम सञ्चालन हुनुका साथै विभिन्न मित्र राष्ट्र, NHRC, ICRC समेतको सहयोगमा मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी तालिमहरू पनि सञ्चालन हुँदै आएको छ। हालसम्म ७४ हजार २ सय १ जना सैनिक व्यक्तिहरूको अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार सम्बन्धी तालिम लिइसकेको छ।

नेपाल सरकार रक्षा मन्त्रालय र शान्तिकोष सचिवालय बीच भएको सम्झौता अनुसार "Implementation of NAP on UNSCR 1325 & 1820" अन्तर्गत "Promoting Women's Participation in Peace-Building Process and Economic

Opportunities" नामक परियोजना सञ्चालन भइरहेको। जसअन्तर्गत नेपाली सेनाले Gender Equality & UNSCRs 1325 & 1820 सम्बन्धी तालिमहरू सञ्चालन गर्दै आ.व. ०७२/७२ सम्मा सात ओटा तालिमहरू सम्पन्न भइसकेको। हालसम्म Gender Equality & UNSCRs 1325 & 1820 सम्बन्धी तालिम १ हजार ८ सय ७० जना सैनिक व्यक्तिहरूलाई दिई सकिएको। Resolution 1325 & 1820 सम्बन्धी ज्ञान दिने हिसाबले "तारा" नामक Docu-drama बनाई हरेक युनिटहरूलाई वितरण गरिएको। शान्ति सैनिकलाई दिइने Pre-Deployment तालिममा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, Command Responsibility, Superior Orders, लैङ्गिक समानता, Sexual Abuse, UN Resolution 1325, Resolution 1820 आदिको बारेमा UN WOMEN लगायतका संस्थाबाट तालिम र अन्तरक्रिया गर्ने गराइएको।

अन्त्यमा इन्सेकबाट प्रकाशित हुन लागेको मानवअधिकार वर्ष पुस्तक २०१५ को सफलताको लागि नेपाली सेना मानवअधिकार निर्देशनालय शुभकामना व्यक्त गर्दछ।

देवकुमार सुवेदी
सहायक रथी

नेपाल प्रहरी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले स्थापना कालदेखि मानवअधिकार र सामाजिक न्यायको मूल्य मान्यतालाई आत्मसात् गरी मानवअधिकारको सवालमा वर्ष दिनभित्र घटेका घटनाहरू तथा हुने गरेका काम तथा क्रियाकलापहरूलाई सरल र परिष्कृत रूपमा सन् १९९२ देखि अनवरत तबरले प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै मानव अधिकारको संरक्षण, संबर्द्धनमा टेवा पुर्‍याउँदै आइरहेको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आफ्नो अथक निरन्तरताको क्रममा सन् २०१४ नेपालमा मानव अधिकारको दृष्टिकोणले कस्तो रह्यो भन्ने विश्लेषणसहितको नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ प्रकाशन गरी सर्वसाधारण समेतलाई मानवअधिकारको अवस्थाको बारेमा जानकारी गराउन लागेकोमा हामीलाई अत्यन्तै खुसी लागेको छ।

नेपाल प्रहरीले सदैव अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा स्थापित मानवअधिकार सम्बन्धी मूल्य र मान्यतालाई आत्मसात् गर्दै आफ्नो कार्य क्षेत्रमा शून्य सहनशीलताको सिद्धान्त अवलम्बन गरी पालना गर्दै आइरहेको विदितै छ। नेपाल प्रहरी नागरिकको जिउ-धन र स्वतन्त्रताको संरक्षण गर्न, कानुनले तोकिदिएको जिम्मेवारीलाई पूर्णरूपमा पालना गर्दै समाजमा शान्ति-सुव्यवस्था कायम गर्न र अपराध अनुसन्धान तथा अपराध रोकथामको लागि सदैव क्रियाशील रहेको छ। नेपाल प्रहरीले आफ्नो जिम्मेवारीलाई नागरिकप्रतिको उत्तरदायित्वको रूपमा ग्रहण गरी सोही अनुरूप आफ्नो हरेक कार्यहरूलाई विधि सम्मत ढङ्गले अङ्गीकार गर्दै समय अनकल आफूलाई परिमार्जित समेत गर्दै आइरहेको छ।

मानवअधिकारलाई पेशागत सीपको रूपमा मात्र नअँगाली यसलाई जीवन पद्धतिको रूपमा प्रत्येक प्रहरी कर्मचारीहरूले अँगाल्नु पर्दछ भन्ने कुरालाई मनन गर्दै ०५९ साल माघ २ गते प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी नेपाल प्रहरी मानवअधिकार एकाइको स्थापना गरिएको हो। मानवअधिकारको विषयलाई आफ्नो कार्य क्षेत्र बनाएको यस इकाईले स्थापना कालदेखि नै मानवअधिकारको सम्बन्धमा रणनीतिक योजना बनाई प्रत्येक प्रहरी कर्मचारीलाई मानव अधिकारको बारेमा बढी भन्दा बढी ज्ञान दिने उद्देश्यले नेपाल प्रहरी मानव अधिकार स्थायी आदेश पुस्तिकालाई परिमार्जित रूपमा प्रकाशन गरी सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई वितरण गर्ने कार्य निरन्तर रूपमा गर्दै आइरहेको छ।

मानवअधिकार नागरिकका अभिन्न अधिकारहरू हुन्, यसको सम्मान, संरक्षण र पालना गर्नु कुनै पनि लोककल्याणकारी राज्यको परम कर्तव्य हो। मानवअधिकारको प्राप्ति र प्रयोजनमा सबै नागरिकहरूको समान हक र पहुँच हुनु पर्दछ। नेपाल प्रहरी नै नेपालको यस्तो सङ्गठन हो जसको पहुँच आमनागरिकमा सबै पहिले र सरल रूपमा हुने गर्दछ। राज्यले मानवअधिकारको सम्मान, संरक्षण र संबर्द्धनको निमित्त आफ्नो प्रत्येक कार्य संविधान र कानुन सम्मत ढङ्गले लागु गर्नु तथा गराउन प्रयत्न गर्नु पर्दछ। हाम्रो देश मानवअधिकारको दृष्टिकोणले अन्तर्राष्ट्रिय समुदाय बीच एक सक्रिय सदस्य मात्र नभई मानवअधिकारसम्बन्धी कानुनहरूको राज्यपक्षको हैसियतले हस्ताक्षर गरी मानवअधिकारको सम्मान, संरक्षण र पालनाको निम्ति आफ्नो प्रतिबद्धताहरू समेत जाहेर गरेको छ। मानवअधिकारको व्यवहारिक

कार्यान्वयनको अधिक दायित्व नेपाल प्रहरीमाथि रहेको हुन्छ भन्नुमा दुई मत छैन। सोही यथार्थलाई हृदयङ्गम गर्दै प्रहरी कर्मचारीहरूलाई त्यसतर्फ प्रशिक्षित एवं जिम्मेवार बनाउने उद्देश्यले नेपाल प्रहरी र राष्ट्रिय मानवअधिकार आयोगको संयुक्त प्रयासमा मानवअधिकार श्रोतपुस्तिका प्रकाशन गर्नुका साथै प्रत्येक तहका प्रहरी कर्मचारीहरूका लागि सञ्चालन हुने तालीमको पाठ्यक्रममा नै मानवअधिकार सम्बन्धी विषयवस्तु समावेश गर्दै आइरहेको छ। यसै क्रममा मानवअधिकारलाई थप नागरिक मैत्री बनाउनको लागि नेपाल प्रहरीले अभियानकै रूपमा 'मुस्कान सहितको प्रहरी सेवा' भन्ने नारालाई अत्यन्त प्राथमिकताका साथ सञ्चालन गरी सोही अनुरूप तालिम समेत प्रदान गर्दै आइरहेको छ।

नेपाल प्रहरीले मानवअधिकारको संबर्द्धन, संरक्षण र समन्वयलाई मुख्य कार्यप्रणालीको रूपमा लिई नेपाल प्रहरी मानवअधिकार एकाइको दर्जागत स्तरोन्नति गर्नुका साथै महानगरीय प्रहरी आयुक्तको कार्यालय र सबै क्षेत्रीय प्रहरी कार्यालयहरूमा मानवअधिकार शाखा स्थापना गरेको छ भने अञ्चल प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयहरूमा मानवअधिकार सम्पर्क अधिकृतको व्यवस्था गरी सक्रिय रूपमा काम कारबाही गर्ने गरेको छ।

मानवअधिकारको स्थितिको तुलनात्मक रूपमा विश्लेषण गर्ने हो भने नेपाल प्रहरीको मानव अधिकार एकाईमा विभिन्न व्यक्ति तथा निकायहरूबाट गत आव ०७०-७१ मा १ सय ५१ वटा निवेदनहरू प्राप्त भएका थिए भने चालु आवमा हालसम्म ५१ ओटा निवेदनहरू मात्र प्राप्त भएका छन्। त्यस्तै गत आव २०७०-०७१ मा २४ जना प्रहरी कर्मचारीहरूलाई कारबाही भएको थियो भने चालु आवमा ७ जना प्रहरी कर्मचारीहरूलाई कारबाही चलाइएको छ। नेपाल प्रहरीले विगतदेखि हालसम्ममा मानवअधिकार उल्लङ्घन गरेको अभियोगमा विभिन्न दर्जाका ६ सय ३० जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिसकेको छ। नेपाल प्रहरीले मानवअधिकारको संरक्षण तथा संबर्द्धनलाई उच्च प्राथमिकताको रूपमा अङ्गीकार गरी मानवअधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अपनाएको कारण मानवअधिकार उल्लङ्घनका घटनाहरूमा सुधार आई उजुरी सङ्ख्यामा कमी भई तुलनात्मकरूपमा प्रहरीद्वारा हुने गरेको मानवअधिकार उल्लङ्घनका घटनामा प्रत्येक वर्ष कमी आइरहेको देखिन्छ।

मानवअधिकार एकाइबाट आवश्यकताअनुसार उपत्यका तथा बाहिरका प्रहरी हिरासत कक्षहरूको अनुगमन गरी हिरासतमा रहेका थुनुवाहरूसँगको सोधपुछलाई समेत आधार मानी प्रहरी कार्यलाई सुधार गर्न चाल्नुपर्ने कदमहरूको बारेमा निर्देशन तथा परिपत्र गर्ने कार्य गर्दै आइरहेको छ। जसबाट सकारात्मक परिवर्तन भएको आभास गरिएको छ।

अन्त्यमा, मानवअधिकारको सम्बन्धमा वर्ष भरि हुने गरेका विभिन्न किसिमका घटनाहरूलाई खोजमूलक ढङ्गले विश्लेषण गरी प्रकाशित हुने यस पुस्तकलाई नेपाल प्रहरीले मार्गदर्शकको रूपमा लिई आफ्नो कार्यलाई परिष्कृत गर्ने थप मौका तथा सुझाव पुस्तकको रूपमा समेत पाएको छ। यस पुस्तकमा उल्लेख भएका घटना क्रमले मानवअधिकार एकाइलाई आफ्नो नीति तथा योजना बनाउनमा समेत सहयोग पुगेको देखिन्छ। जे जस्तो किसिमको परिस्थिति आए पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले अविरल रूपमा मानवअधिकारको संरक्षण, प्रवर्धन र सहकार्यको लागि गरेको योगदानलाई कदर गर्दै नेपाल प्रहरीलाई मानवअधिकारको दृष्टिले अझ सवल र सक्षम बनाउनको लागि सम्बन्धित सबै निकाय तथा व्यक्तिहरूबाट निरन्तर सहयोग सुझावको आशा राख्दछौँ र मानवअधिकारको संरक्षणमा नेपाल प्रहरीको पूर्ण प्रतिबद्धता रहेको कुरा अवगत गराउँदै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को 'मानव अधिकार वर्षपुस्तक १०१५' प्रकाशनको सफलताको कामना गर्दछौँ। धन्यवाद। जय नेपाल।

नेपाल प्रहरी, मानव अधिकार इकाई

सशस्त्र प्रहरी बल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि हरेक वर्ष देशको मानवअधिकार स्थिति बारे समग्र आँकलन गरी नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आइरहेकोमा यस वर्ष पनि "नेपाल मानवअधिकार वर्षपुस्तक २०१५" प्रकाशन गर्न लागेकोमा सफलताको कामना गर्दै आगामी दिनहरूमा समेत यस केन्द्रको मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा उच्च योगदान रहने विश्वास यस सङ्गठनले लिएको छ।

सशस्त्र प्रहरी बल मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान संरक्षण र

सम्बर्द्धन गर्न अन्तर्राष्ट्रियस्तरमा स्थापित मानवअधिकारका मूल्य मान्यता एवम् सिद्धान्तहरूको उल्लङ्घन हुन नदिन सदैव प्रतिबद्ध एवम् कटिबद्ध रहेको छ। सोही उद्देश्य प्राप्तिका लागि सङ्गठनले मानवअधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सङ्गठनभित्र जुनसुकै सदस्यहरूबाट मानवअधिकार उल्लङ्घन भएमा त्यस्ता घटना उपर तत्कालै अनुसन्धान गरी दोषी ठहरिएमा विभागीय कारबाही गर्दै आइरहेको छ। मानवअधिकार संरक्षण र सम्बर्द्धनमा नेपाल सरकारद्वारा निर्दिष्ट कार्यादिशलाई अझ विशिष्टिकृत तवरले सम्पादन गर्ने लक्ष्य अनुरूप सशस्त्र प्रहरी बल प्रधान कार्यालय अन्तर्गत केन्द्रीय मानवअधिकार सेल, सशस्त्र प्रहरी बल महानगरीय सशस्त्र प्रहरी कार्यालय तथा क्षेत्रीयस्तरमा मानवअधिकार सेलको स्थापना गरी कार्य सञ्चालन भइरहेको छ।

सशस्त्र प्रहरी बलमा कार्यरत तल्लो तहसम्मका सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, Human Rights and Democratic Policing, कानुन कार्यान्वयन गर्ने व्यक्तिको आचारसंहिता, कानुनी राज्य एवम् शक्ति प्रयोग सम्बन्धमा जानकारी होस् भन्ने उद्देश्यले मानवअधिकारसँग सम्बद्ध सङ्घ-संस्थाहरूसँग समन्वय गरी आन्तरिक प्रशिक्षक उत्पादन गरी केन्द्रीय एवम् क्षेत्रीयस्तरमा मासिक रूपमा मानवअधिकार सम्बन्धी तालिम सञ्चालन गर्दै आइरहेको छ। सोही उद्देश्यलाई टेवा पुऱ्याउन सशस्त्र प्रहरी बलमा सञ्चालित आधारभूत तथा उन्नत तालिमहरूमा मानवअधिकार तथा मानवीय कानून सम्बन्धी कक्षाहरू समावेश गरिएको सबै संयुक्त राष्ट्रसङ्घमा शान्ति स्थापनार्थ खटिने सशस्त्र प्रहरी कर्मचारीहरूले समेत मानवअधिकार संरक्षण र संबर्द्धनमा प्रतिबद्ध हुन् भन्ने हेतुले छनौट परीक्षामै मानवअधिकार सम्बन्धी प्रश्नावली तयार गरी परीक्षा लिएर मात्र छनौट गर्ने गरिएको छ।

सशस्त्र प्रहरी बलमा कार्यरत महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हकहितको संरक्षण, सशक्तिकरण एवम् विकासको लागि अधिकार प्रदान गर्ने, अन्य सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समेत लैङ्गिक हिंसा बारे सचेतना दिलाउने हेतु तथा नेपाल सरकारको लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बलले अक्षरस पालना गर्ने नीति अनुरूप आन्तरिक रूपमा लैङ्गिक मैत्री वातावरण निर्माण गर्ने अभिप्रायले हाल सशस्त्र प्रहरी बल प्रधान कार्यालय, पूर्व, पश्चिम र मध्यपश्चिम गरी चार स्थानहरूमा छुट्टै लैङ्गिक भवन निर्माण सम्पन्न गरी केन्द्रीय एवम् क्षेत्रीय स्तरमा लैङ्गिक हिंसाका उजुरी लिने, पीडकलाई कारबाही गरी पीडितलाई न्याय दिने व्यवस्था मिलाइएको छ। लैङ्गिक हिंसा न्यूनीकरण गर्ने अभियानको रूपमा लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम एवम् संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी तालिमहरू केन्द्रीय एवम् क्षेत्रीयस्तरमा सञ्चालन गरिएको छ।

सशस्त्र प्रहरी बलका कर्मचारीहरूलाई समय-समयमा मानवअधिकारको संरक्षण र संबर्द्धन गर्न अभिप्रेरित गर्ने उद्देश्यले जानकारीमूलक विभिन्न हाते पुस्तिका प्रकाशन गरी वितरण गर्ने नीति अनुरूप "मानवअधिकार निर्देशिका २०६६" एवम् "सशस्त्र प्रहरी बल परिचालन हाते पुस्तिका २०६८" प्रकाशन गरी सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई वितरण गरी सकिएको एवम् Youth For Human Rights International, Nepal सँगको सहकार्यमा संयुक्त राष्ट्र सङ्घको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र- १९४८ मा उल्लेखित ३० वटा मानवअधिकारलाई समावेश गरी "मानवअधिकार के हो ?" हाते पुस्तिका प्रकाशन गरी २० बीस हजार ५ सय थान सशस्त्र प्रहरी कर्मचारीहरूलाई वितरण गरी सकिएको र बाँकी १६ हजार थान छिट्टै नै प्रकाशन गरी वितरण गर्ने योजना रहेको साथै उक्त हाते पुस्तिकामा उल्लेखित मानवअधिकारहरूलाई Visual मा समेत देखाउने व्यवस्था मिलाइएको छ।

त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन भइसकेको र नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा तयार गरिएको चौथो पञ्चवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/०७२ - २०७५/०७६) को सशस्त्र प्रहरी बलले प्रभावकारी कार्यान्वयन गर्दै आइरहेको छ। जसअन्तर्गत सशस्त्र प्रहरी बलका सकल दर्जाका राष्ट्र सेवकहरूलाई मानवअधिकार सम्बन्धी प्रशिक्षण दिने, मानवअधिकार संरक्षण र संबर्द्धनमा सशस्त्र प्रहरी बलको भूमिका सम्बन्धमा स्थानीयस्तरसम्म सरकारी, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधिहरू सहभागी गराई कार्यशाला सञ्चालन गर्ने, मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराउने, तालिम पाठ्यक्रमहरूलाई परिमार्जित गरी

समय सापेक्ष बनाउँदै लैजाने, सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई लैङ्गिक विभेद सम्बन्धी ज्ञान दिलाउने एवम् प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य भइरहेको छ।

अन्तमा सशस्त्र प्रहरी बलले "सशस्त्र प्रहरी ऐन २०५८" मा उल्लेखित कार्यादेश एवम् समय-समयमा नेपाल सरकारले तोकेको कार्य सम्पादन गर्दा मानवअधिकारको उच्च सम्मान संरक्षण एवम् संबर्द्धन गर्न कटिबद्ध रहेको स्मरण गराउँदै "मानवअधिकार वर्षपुस्तक २०१५" को सफलताको सशस्त्र प्रहरी बल शुभकामना व्यक्त गर्दछ।

कोषराज वन्त
सशस्त्र प्रहरी महानिरीक्षक

राष्ट्रिय महिला आयोग

महिला मानवअधिकारको संरक्षण र संबर्द्धन गर्ने कार्यमा राष्ट्रिय महिला आयोग निरन्तर क्रियाशील रहँदै आएको छ। यसैक्रममा आयोगले महिला हक हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि पहल गर्ने, प्रचलित विभेद युक्त कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्ने तथा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन समेतको विषयमा अनुगमन गरी सरकारलाई सिफारिस गर्ने, महिलाअधिकार उल्लङ्घन तथा महिला हिंसाका उजुरीहरूको जाँचबुझ गर्ने समेतका कार्यहरू सम्पादन गर्दै आएको छ।

महिला मानवअधिकारको उल्लङ्घन तथा महिलामाथि हुने हिंसाका घटनाहरूलाई विश्लेषण गर्ने हो भने विशेषत: महिलाहरू दाइजो, घरेलु हिंसा, हत्या, यौनजन्य हिंसा कुरीति तथा कुसंस्कार शैक्षिक क्षेत्रका कार्यस्थलमा यौनदुर्व्यवहार, सामूहिक बलात्कार, मानव बेचविखन जस्ता हिंसाबाट निरन्तर रूपमा पीडित हुँदै आएका छन्। यसैगरी बोक्सीको आरोप, छाउपडी दाइजो, बालविवाहलगायतका सामाजिक कुरीतिका नाममा महिलामाथि हुने हिंसाका घटनाहरू समेत भएको देखिन्छ। विद्यमान विभेदजन्य केही कानूनी प्रावधान तथा सम्मानित सर्वोच्च अदालतबाट कानुन संशोधन तथा निर्माणका लागि सरकारलाई दिएको निर्देशनात्मक आदेशको कार्यान्वयनको अभाव र महिला अधिकारको संरक्षणका लागि मस्यौदा भएका विधेयक पारित नहुनु विभेदजन्य सामाजिक संरचना तथा मूल्य मान्यता आदि कारणहरू समेतले गर्दा पीडित महिलाहरूले उचित न्याय प्राप्त गर्न सकेका छैनन्। यस आयोगसँग सहकार्य गरेका विभिन्न गैरसरकारी संस्थाहरू मध्ये कानूनी अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक), हिंसामा परेका महिलाहरूको पुर्न:स्थापना कार्यका लागि साथी संस्था तथा मनोवैज्ञानिक परामर्शका लागि मानसिक स्वास्थ्य परामर्श केन्द्र लगायत नेपाल बार एशोसियसन समेतबाट प्रदान गरिने कानुनी सहायता तथा परामर्श र पुर्नस्थापनको कार्यले यस आयोगमा प्रवेश पाएका उजुरीहरूको सम्बोधन गरी पीडितहरूलाई न्याय प्रदान गर्न सहयोग सिद्ध भएको छ।

यस वर्ष आयोगमा घरेलु हिंसा २ सय ९६ र महिला हिंसाका निवेदन १ सय ६० दर्ता भएका छन्। आयोगमा दर्ता भएका निवेदनहरूमा आयोगको तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, सम्बन्धित निकायमा सिफारिस, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएका छन्। यसैगरी आयोगले विभिन्न पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाका सम्बन्धमा गरेका अध्ययनअनुसार यस वर्ष यौनजन्य हिंसा २१, कर्तव्य ज्यान १५, मानव बेचबिखन ७, नागरिकतासम्बन्धी ७, घरेलु हिंसाका घटना २ सय ९६ मध्ये, घरनिकालासम्बन्धी चार, आर्थिक यातना आठ, बहुविवाह तीन ओटा साथै कथित बोक्सीको आरोपमा यातना दिई गाउँनिकाला गरिएको, ७० वर्षीय बृद्धा तथा गढीमाईको मेलामा सामूहिक बलात्कार, सार्वजनिक स्थलमा यौनदुर्व्यवहार, आत्महत्या लगायतका महिला हिंसाको घटनाहरूको सन्दर्भमा जाँचबुझ तथा स्थलगत निरीक्षण गर्दै पीडितलाई न्याय र आरोपित पक्षलाई कानुनी कारबाहीको माग गरेको छ।

आयोगले महिला अधिकारको वर्तमान अवस्था र समस्याको पहिचानको लागि महिला आत्महत्या, दाइजो प्रथा, महिला स्वास्थ्यका सम्बन्धमा अध्ययन गर्नुका साथै बोक्सीसम्बन्धी कसुर तथा सजाय विधेयक, कार्यस्थलमा हुने दुर्व्यवहार तथा सजाय सम्बन्धी विधेयक तयार गरी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमार्फत व्यवस्थापिका संसद समक्ष पेश गर्नका लागि पहल गरेको छ। आयोगले २०१४ को २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म 'घर शान्ति नै विश्व शान्तिको आधार, महिला हिंसा विरुद्ध सून्य सहिष्णुता कायम गरौं' भन्ने नाराका साथ १६

दिने अभियानअन्तर्गत विभिन्न कार्यक्रमको साथसाथै पाँचै विकास क्षेत्रमा "महिला हिंसा न्यूनीकरणमा सचेत नागरिकको भूमिका" विषय वृहत् विद्यालयस्तरीय वक्तृत्वकला कार्यक्रमको आयोजना गरी १२४ औं अन्तर्राष्ट्रिय महिला अधिकार दिवस सम्पन्न गरिएको थियो।

अन्त्यमा प्रत्येक वर्ष जस्तै सन् २०१४ को देशभरको मानवअधिकार स्थितिको बारेमा इन्सेकले प्रकाशित गर्ने मानवअधिकार वर्षपुस्तकले महिला हिंसाका घटनाको स्थिति सार्वजनिक हुने र महिला अधिकारको संरक्षण र संबर्द्धनमा अपनाउनुपर्ने भावी रणनीति र समग्र मानवअधिकार उल्लङ्घनका घटनाहरूमा पीडकलाई कानुनी दायरामा ल्याउन र पीडितलाई न्याय प्रदान गर्न थप मद्दत पुग्ने छ भन्ने कुरामा आयोग विश्वस्त छ। आगामी दिनमा आफ्नो उद्देश्य प्राप्तीका लागि इन्सेक निरन्तर रूपमा अघि बढिरहोस् भन्ने शुभकामना व्यक्त गरिन्छ।

राष्ट्रिय दलित आयोग

नेपालमा विद्यमान जातीय भेदभाव तथा छुवाछूतका घटनाहरू निरन्तर घटिरहेको परिप्रेक्ष्यमा यस अवधिमा जातीय भेदभाव तथा छुवाछुतका करिव २० ओटा घटनाहरू घटेका र राष्ट्रिय दलित आयोगको संयोजकत्वमा बनेको संयुक्त अनुगमन समितिले देशभर घटेका घटनाहरूमध्ये १४ ओटा घटनाहरूको अनुगमन गरी सम्बन्धित निकायलाई सिफारिस गर्ने तयारी गरिरहेको छ। विभिन्न वाहानामा जातीय भेदभाव तथा छुवाछूतका कतिपय घटनाहरू राष्ट्रिय दलित आयोग र सम्बन्धित प्रहरी कार्यालयमा नपुग्ने र कानुन कार्यान्वयन गराउने निकायमा समेत घटनाहरू नआइपुग्ने कारणले पीडितलाई झनै पीडित बनाउने कार्य भएको छ। त्यसकारण जातीय भेदभाव तथा छुवाछूत, लैङ्गिक विभेद, घरेलु हिंसा मानवअधिकार हनन्का घटनाहरूमा कमी नआएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

रामबहादुर विश्वकर्मा
शाखा अधिकृत

नेपाल बार एशोसिएशन

इन्सेकले नियमित रूपमा निर्धारित मितिमा प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेकोमा इन्सेकलाई बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु। गत वर्षको मानवअधिकारको समग्र अवस्था र राज्यका प्रमुख अङ्गहरूको काम कारबाहीको समीक्षासमेत गरिएको प्रस्तुत पुस्तकले नेपालको मानवअधिकारको अवस्था र मावनअधिकारको प्रवर्धन र सम्वर्द्धनमा देखिएका समस्याहरूको समेत विश्लेषण गरिएको यस पुस्तकले नेपालको वर्तमान मानवअधिकारको अवस्था झल्काउन ठोस योगदान दिएको छ। पुस्तकमा प्रकाशित मानवअधिकार उल्लङ्घनका घटना र त्यसमा राज्य र गैरराज्यपक्षको संलग्नताको सूचकाङ्कले मानवअधिकार उल्लङ्घनमा संलग्न दोषी पक्षलाई कारबाही गर्न नेपाल सरकार र राष्ट्रिय मानवअधिकार आयोगलाई समेत सहयोग पुगेको छ। यस अर्थमा यो पुस्तक कानुनी कारबाहीको प्रारम्भिक सूचनासमेत पुग्न सकोस् भन्ने अपेक्षासमेत गर्दछु।

नेपाल बार एशोसिएशनको स्थापनाकालदेखि नै मानवअधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका र लोकतन्त्रको स्थापना तथा सम्बर्द्धन र प्रवर्धनमा क्रियाशील संस्था भएकोले यसप्रकारको प्रकाशनले हाम्रो समेत उद्देश्य हासिल गर्न सहयोग पुगेको छ।

गत वर्षको मानवअधिकारको अवस्थाको सङ्क्षिप्त विश्लेषण गर्दा सन्तोषजनक भन्न सकिने आधारहरू देखिएका छैनन्। राज्य तथा गैरराज्य पक्षबाट नागरिकको आधारभूत मानवअधिकार उल्लङ्घनमा अनेकौं घटना भएका तथ्यहरू पुस्तक स्वयम्मा प्रकाशित भएका छन्। मानवअधिकारको संरक्षणमा प्रमुख रूपमा राज्यपक्ष जिम्मेवार रहनु पर्दछ। गत वर्ष गैरन्यायिक हत्या र हिरासतमा लिएका व्यक्तिहरूको मृत्यु तथा देशभरका बन्दीगृहमा कैदी तथा बन्दीहरूलाई न्यूनतम सेवा सुविधा उपलब्ध नभएको भनी सार्वजनिक रूपमा प्रकाशित घटनाहरूले राज्यपक्ष मानवअधिकारको संरक्षणमा अझै संवेदनशील हुनु पर्ने देखिन्छ। कैदी तथा बन्दी गृहहरूमा उनीहरूले रोजेका कानुन व्यवसायीलाई भेटघाट गर्ने अलग्गै परामर्श केन्द्र नभएको कारणले कैदी तथा बन्दीहरूलाई स्वच्छ सुनुवाइको संवैधानिक अधिकारको प्रचलनमा

अझै पनि समस्या रहेको छ।

यसका अलावा गत वर्ष घरेलु हिंसा, मानव बेचबिखन तथा ओसार पसारका घटना र बलात्कारका घटनाहरू पनि सार्वजनिक रूपमा प्रकाशनमा आएकोले महिला मानवअधिकारविरुद्धका घटनाहरूमा वृद्धि भएको अनुभूत भएको छ।

उपरोक्त पृष्ठभूमिमा राष्ट्रिय मानवअधिकार आयोगमा पदाधिकारीहरूको नियुक्ति भई कार्य प्रारम्भ भइसकेकोले आगामी वर्षमा उपरोक्त घटनाहरूमा न्यूनीकरण हुने र घटनामा संलग्न दोषीहरूलाई कारबाही गर्न राज्यपक्ष अझ बढी गम्भीर हुने आशा एवम् विश्वास व्यक्त गर्दै मानवअधिकारको संरक्षण र प्रवर्धनमा नेपाल बार एशोसिएशन सदा-सर्वदा निरन्तर क्रियाशील रहने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु।

बरिष्ठ अधिवक्ता हरिकृष्ण कार्की
अध्यक्ष

नेपाल पत्रकार महासङ्घ

सन् २०१४ नेपालमा सङ्क्रमणकालीन राजनीतिको अन्त्यको लागि नयाँ अवसरको रूपमा आएको थियो भने मानवअधिकारको दृष्टिले पनि यो वर्षको प्रारम्भ नयाँ किरण बनेर उदाएको थियो। पहिलो संविधानसभा असफल भएपछि उत्पन्न अन्योललाई चिर्दै सन् २०१३ को अन्त्यमा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनको पहिलो बैठक २०१४ को सरूवातमै भएसँगै यो वर्ष नयाँ संविधान निर्माणको वर्षका रूपमा चिनिएको थियो। संविधानसभाले तय गरेको कार्यतालिका, नयाँ सरकारको सहज निर्माण, अघिल्लो संविधानसभाको स्वामित्व ग्रहणजस्ता विषयले यसमा विश्वास जागृत पनि गरेको थियो। राजनीतिक दलहरू पनि संविधानसभामै केन्द्रित भएका कारण बन्द-हड्ताल र राजनीतिक द्वन्द्वको दृष्टिले यो वर्षको पहिलो ११ महिना अपेक्षाकृत शान्त रहयो। मानवअधिकारको समग्र अवस्थामा उल्लेख्य सुधार नआएपनि गम्भीर उल्लङ्घनका घटना विगतको तुलनामा उति विघ्न नहुनु सङ्क्रमणको सीमामा हेर्दा उपलब्धी नै मान्नुपर्दछ।

यद्यपि बलात्कारजस्ता जघन्य अपराधका घटनामा कमी नआउनु र दण्डहीनताको पुनरावृत्ति भइरहनु यो वर्षको सबैभन्दा निरासाजनक अवस्था थियो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको दृष्टिले यो वर्ष उत्साहजनक रहेन। पत्रकार र सञ्चारमाध्यममाथि धम्की र आक्रमणका घटना यो वर्ष पनि जारी रहे र दण्डहीनताको स्थिति यहाँ पनि कायमै रह्यो। नीतिगत रूपमा मानव अधिकार सङ्कुचन गर्ने थप व्यवस्था नभए पनि उपभोगका लागि उत्साहजनक वातावरण बनाउने काम पनि भएन। सङ्क्रमणकालको अन्त्य, राजनीतिक स्थिरता र मानवअधिकारको बहालीसहित शान्ति प्रक्रियाको पूर्णता एवम् परिवर्तनको एजेण्डालाई संस्थागत गर्ने प्रमुख दस्तावेज संविधानको निर्माणका सन्दर्भमा वर्षको सुरूवात जसरी उत्साह बोकेर भएको थियो अन्त्य त्यो भन्दा बढी निरासा थोपरेर हुनु चाहिँ समग्र मानव अधिकारको दृष्टिले पनि दुःखद् मान्नु पर्दछ।

डा. महेन्द्र विष्ट
अध्यक्ष

नेपाल मानवअधिकार वर्षपुस्तक २०१४

अनुसूची

५

क्रिया-प्रतिक्रिया

नेपाल मानवअधिकार वर्षपुस्तक मात्र यस्तो एउटा गतिलो दस्तावेज हो, जसले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा मान्यता पाएको छ। दण्डहीनताको अन्त्य गर्न, राज्य पक्षलाई पनि जिम्मेवार र जवाफदेही बनाउन यस पुस्तकले भूमिका खेलेको छ। पुस्तकलाई सर्वसाधारणको दुःखबोली बनाउनका लागि प्रहरी र प्रशासनसम्म आइनपुगेका मानवअधिकार हनन्का घटनाहरूलाई पनि समेट्न सकियो भने पुस्तक अझ प्रभावकारी बन्न सक्छ।

सटेन्द्र जबेगू
पूर्वअध्यक्ष, नेपाल पत्रकार महासङ्घ, इलाम

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्षपुस्तक १९९२ देखि २०१४ सम्म अध्ययन गर्ने अवसर पाएको छु। देशका ७५ ओटै जिल्लाका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी प्रकाशन गर्ने कार्यले मानवअधिकारको अवस्थाको बारेमा सरोकारवालालाई सुसूचित हुने अवसर प्रदान गरेको छ

तारानाथ पराजुली
अध्यक्ष, नेपाल बार जिल्ला अदालत
बार एकाइ, इलाम

समाजमा देखिएका घरेलु हिंसाका घटनाहरू बाहिर आएपछि नागरिक समाज, प्रहरी, मानवअधिकारकर्मीलगायतले पहल गरी कमीकमजोरी औँल्याएर मेलमिलाप गराएमा न्यूनीकरण हुँदै जानेछ। कुनै पनि घटनामा प्रहरीले कसरी अनुसन्धान गऱ्यो, अनुसन्धानको सिलसिलामा के कमीकमजोरी भएजस्ता बुँदाहरू विश्लेषणात्मक ढङ्गले उठान गर्नसके मानवअधिकार रक्षाप्रति सचेत तथा जवाफदेही हुन प्रहरीलाई मद्दत पुऱ्याउँछ।

प्रभुप्रसाद ढकाल
डीएसपी, जिल्ला प्रहरी कार्यालय, मोरङ

नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत मानवअधिकार उल्लङ्घनका घटनालाई वास्तविक सत्यतथ्य केलाई अभिलेखीकरण गर्ने कार्य सह्रानीय छ। पीडकलाई कानुनबमोजिमको कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिन राज्यका कानुनी निकायहरूलाई यसले मद्दत पुऱ्याउँछ। सबै खाले घटनाहरूलाई मानवअधिकारसँग नजोडी वास्तविक



मानवअधिकार उल्लङ्घन र हनन्का घटनाहरूमात्र समावेश गर्नुपर्छ।

मसऊद आलम खाँ
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सुनसरी

गाउँगाउँमा हुने घटनाहरूको सम्बन्धित क्षेत्रमा पुगेर सङ्कलन गरी समावेश गर्दा अझ राम्रो हुने थियो। घटनापश्चात् भएका कारबाही किनारामा पुग्दासम्मको विवरण र पीडकलाई भएको कारबाहीको विवरणसमेत समेट्न सके वर्षपुस्तकको प्रभावकारिता अझ बढ्ने थियो।

युवराज अधिकारी
स्थानीय विकास अधिकारी, सुनसरी

मानवअधिकार वर्षपुस्तकले सरकारी र गैरसरकारी दुवै पक्षबाट हुने गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटेको छ। पुस्तकमा नागारिक र राजनीतिक प्रकृतिका मानवअधिकारलाई मात्र नभई आर्थिक तथा सामाजिक र साँस्कृतिक अधिकारको स्थिति समेत समावेश गर्नसके अति उत्तम हुन्छ। प्रहरी र पत्रकार पुग्न नसकेको स्थानमा इन्सेक पुग्न सके सबै नागरिकहरूको न्यायमा पहुँच सुदृढ हुन्छ।

रविलाल पन्थ
प्रमुख जिल्ला अधिकारी, सुनसरी

मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका विषयवस्तु समेटिएको महत्वपूर्ण दस्तावेज हो। आधिकारिक घटना समावेश भएका कारण यसको विश्वासनीयता बढेको छ। इन्सेकको स्रोत प्रहरीमात्र भएको देखिएकोले सामाजिक तथा नागरिक सङ्गठन समेत स्रोत बनाएर मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटना सार्वजनिक गर्न आवश्यक रहेको छ। सार्वजनिक भएका घटना र पीडितको बारेमा पुनपरीक्षण गरेर राख्न सके मानवअधिकार वर्षपुस्तकको वजन बढ्ने छ।

खगेन्द्रप्रसाद घिमिरे
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, धनकुटा शाखा

मानव अधिकारको क्षेत्रमा इन्सेकले पुऱ्याउँदै आएको योगदान अतुलनीय रहेको कुरालाई हामी कसैले बिर्सनु हुँदैन। प्रहरी सङ्गठन कानुन कार्यान्वयन गर्ने निकाय भएकोले यसले जहिले पनि आमनागरिकको मानवअधिकारको संरक्षणको लागि आफूलाई क्रियाशील बनाउँदै आएको तथ्यलाई कसैले इन्कार पनि गर्न सक्दैन। प्रहरी सङ्गठनले पनि आफ्ना काम कारबाहीलाई पारदर्शी तथा जनमुखी बनाउन जरुरी देखिन्छ। मानवअधिकार आमनागरिकको चासोको विषयवस्तु भएको हुँदा इन्सेकले यसको प्रवर्धन र वकालत गर्ने कार्यमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

प्रदीपकुमार श्रेष्ठ
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धनकुटा

जिल्ला तहमा इन्सेकले द्वन्द्वको अवधिमा खेलेको भूमिका र मानवअधिकारको बारेमा तयार गरेको तथ्याङ्कहरू सबैका लागि उपयोगी हुने गरेको छ। मानवअधिकार उल्लङ्घनका महत्वपूर्ण पक्षलाई समेटेको विगतका वर्षहरूमा पाएको मैले विश्लेषण गरेको छु।

जयराम श्रेष्ठ
सहायक प्रमुख जिल्ला अधिकारी, तेह्रथुम

जिल्लामा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटना वर्षपुस्तकमार्फत प्रकाशन हुनेमा म विश्वस्त रहेको छु। पीडितको यर्थाथ विवरण, वास्तविक घटनाको सूचना र तथ्याङ्कमा आधारित भएर पुस्तक सार्वजानिक गरियोस्।

विदुरकुमार गौतम
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, तेह्रथुम

नेपाल मानवअधिकार वर्षपुस्तकमा सिङ्गो देशको, वर्ष दिनको प्रतिनिधिमूलक घटनाहरूको विवेचना भएकोले धेरै नै गहन देखिन्छ। फौजदारी कु-कृत्यका कारणले मानवअधिकारको उल्लघङ्न भएतर्फ यस पुस्तकमा गहन खोजी एवम् प्रस्तुति भएको छ। यसमा पनि खुलस्त कुरा थाहा पाउनका लागि 'गैरराज्य पक्ष' को थप पहिचान दिन आवश्यक देख्छु। एकै अवधिका जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्ता, जिल्ला अदालतमा दर्ता भएका मुद्दाहरूको आँकडा फरक फरक पाइयो। प्रहरी कार्यालय र जिल्ला न्यायाधिवक्ताको कार्यालयले मुद्दा नचल्ने भनी निर्णय गरेबाहेक अन्य मुद्दाको अभिलेख उक्त तीनओटै कार्यालयहरूको सरकारवादी फौजदारी मुद्दाको अभिलेख एकै हुनुपर्ने हो। त्यस्तै मुद्दाको परिणाम 'सफल' 'असफल' भनी उल्लेख गरिएको पाइयो। यसो भन्नु भन्दा वादी दावी पुग्ने नपुग्ने भन्नु कानुनी भाषामा उपयुक्त हुने मेरो राय छ।

जेबी लुङ्गेली
सह-प्राध्यापक/अधिवक्ता, तेह्रथुम

द्वन्द्वको समयमा वर्षपुस्तक हेर्दा धेरै जघन्य खालको घटनाहरू इन्सेक अनलाइन र वर्षपुस्तकमा हुन्थ्यो। अहिले त्यस्ता घटनाहरू वर्षपुस्तकमा नदेख्दा जघन्य घटनाहरूमा कमी आएको महसुस भए पनि अन्य घरेलु हिंसा र बलात्कारको घटनाहरू बढेको देखिन्छ।

विकास सुन्दास,
सहायक प्रमुख जिल्ला अधिकारी, भोजपुर

नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ का लागि भएको पहिलो र चौथौ त्रैमासिक समीक्षा कार्यक्रममा सहभागी हुने अवसर प्राप्त गरेँ। कार्यक्रममा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको बारेमा सविस्तार छलफल भएको थियो। यस जिल्लामा भएका सबैजसो घटनालाई पुस्तकमा समावेश गर्ने बृहत् प्रयास भएको पाइयो। हिंसा र अपराधमा सहमति नगरी अपराध अनुसन्धानमा तथ्य प्रमाणका आधारमा नागरिक र वकिलले प्रहरीलाई तथा प्रहरी र सरकारी वकिलले न्यायाधीशलाई गँगटो झैं समाती न्याय मागेमा विकृति हट्दै जान्छ। इन्सेकले गरेको कामबाट प्राप्त उपलब्धिबारे पनि पुस्तकमा समीक्षा राखियोस्।

यज्ञप्रसाद बस्याल
न्यायाधीश, पुनरावेदन अदालत राजविराज

इन्सेक मानवअधिकारको क्षेत्रमा कार्य गर्ने एउटा अग्रणी गैरसरकारी संस्था भएको र यसले मानवअधिकारको क्षेत्रमा पुऱ्याएको योगदान अद्वितीय नै रहेको छ। हरेक वर्ष देशभरि भएका मानवअधिकारसम्बन्धी घटनाहरूलाई समेटेर इन्सेकद्वारा मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्दै आइरहेको र यस वर्ष पनि प्रकाशित गर्न लागेको सुन्दा यस क्षेत्रमा चासो राख्ने सबैमा खुशी छाउनु स्वाभाविकै हो। नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घन ज्यादतीका घटनाबाट पीडितको अधिकार संरक्षणका लागि सहयोगी हुने मैले अपेक्षा राखेको छु।

पुष्पराज थपलिया
न्यायाधीश, सप्तरी जिल्ला अदालत

देशमा राजनीतिक, सामाजिक, आर्थिक, र साँस्कृतिक कारणले हुने गरेका मानवअधिकार उल्लघङ्नका घटनाहरूलाई लिपीबद्ध गरी सम्पूर्ण सरोकारवालापक्षहरू समक्ष वर्सेनी वर्षपुस्तकको रूपमा राख्ने जुन काम इन्सेकले गरेको छ, त्यो प्रशंसनीय छ। वर्षपुस्तकले मानवअधिकार हनन्का घटना र त्यसको वास्तविकता पत्ता लगाउन सजिलो बनाएको छ भने मानवअधिकार संरक्षण समेतमा मद्दत पगेको छ।

महेन्द्रकुमार चौधरी
अध्यक्ष, पुनरावेदन अदालत बार एकाई, राजविराज, सप्तरी

विगतमा प्रकाशित तथ्याङ्कहरूमा जेलमा मृत्यु भएका बन्दीहरूलाई पीडितको तालिकामा राखेको पाइयो। तर, जेलमा यातनाबाट मृत्यु हुने गरेको पाइएको छैन। अपवादका रूपमा कैदीबन्दीबीचको झडपबाट मृत्यु हुनेबाहेक आफ्नो कालगतीबाट नै मृत्यु हुने गरेको सरकारी तथ्याङ्कले देखाएको छ। तसर्थ, यस्ता घटनाहरू प्रकाशन गर्दा के-कस्ता कारणबाट जेलमा मृत्यु भएको हो सो समेत उल्लेख हुनुपर्ने देखिन्छ जसबाट पाठक वर्गमा वास्तविकता छर्लङ्ग हुन सक्थ्यो।

लेखनाथ खतिवडा
जेलर, जिल्ला कारागार कार्यालय, सप्तरी

सामाजिक परिवेश एवम् बढ्दो प्रविधिको विकाससँगै मानवअधिकार उल्लङ्घनका क्षेत्र एवम् विषयहरूको विस्तार भइरहेको अवस्थामा त्यसतर्फ पनि अधिकारकर्मीहरूले ध्यान दिनुपर्ने अवस्थालाई चुनौतीको रूपमा ग्रहण गरिनुपर्ने देखेको छु। सिमित साधन स्रोतबाट गैरसरकारी संस्थाको हैसियतले पुस्तक प्रकाशन समेतको कार्यहरूले निरन्तरता पाओस् भन्ने शुभकामना दिन चाहन्छु।

विनोदकुमार पोखरेल
अतिरिक्त जिल्ला न्यायाधीश, जिल्ला अदालत, सिरहा

नेपालको मानवअधिकारको अवस्था बुझ्न चाहने , विदेशीहरू समेतले नेपाल मानव अधिकार वर्षपुस्तकलाई मूल आधारका रूपमा लिने गरेको पाएको छु।

मानवअधिकारको अवस्था बुझ्न् यो पुस्तक लगभग शब्दकोष जस्तै भएको छ। यसलाई प्राज्ञिकस्तरको बनाउन सके अझै प्रभावकारी हुने थियो।

विजयप्रसाद मिश्र
सामाजिक अनुसन्धानकर्ता, सिरहा

इन्सेकले ७५ वटै जिल्लाको मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू अभिलेखीकरणको काम व्यवस्थित गरेको छ। इन्सेक मानवअधिकारको क्षेत्रमा एउटा भिन्नै पहिचान बनाएको संस्था भएकाले यसले गर्ने कामहरू प्रस्ट, सिधा, जनताले बुझ्नेखालको हुनुपर्छ।

नारायणबहादुर थापा
जिल्ला न्यायाधिवक्ता , सरकारी वकिल कार्यालय, उदयपुर

नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेश गरिने घटना तथ्यमा आधारितमा हुनुपर्छ। घटनालाई आफ्नो क्षेत्रबाट पनि थप अनुसन्धान गरेर प्रकाशन गर्न सके अझ राम्रो हुने थियो।

कुमारबहादुर खड्का
प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, उदयपुर

मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटना जोसुकैबाट भएपनि जनताले बुझ्ने गरी इन्सेकले सार्वजनिक गर्दै आएकाले यसलाई अझ व्यवस्थित गरी मानवअधिकारसम्बन्धी समुदाय र जिम्मेवार निकायलाई सचेत गराउनु पर्ने आवश्यकता देखेको छु।

डिल्लीबहादुर चौहान
इन्स्पेक्टर, मुद्दा शाखा , जिल्ला प्रहरी कार्यालय, उदयपुर

इन्सेकको अभिलेखीकरण अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त भएकाले गहिरो अनुसन्धान गरेर मात्र प्रतिवेदन प्रकाशन गर्नुपर्छ। सामान्य घरपरिवारका विवादलाई अभिलेख गरेर सार्वजनिक गर्दा परिवारिक विग्रह आउनेतर्फ सचेत हुनु राम्रो हुन्छ। अभियान राम्रो भए पनि अभिलेखमात्र गरेर पुग्दैन, गाउँस्तरमा गएर मानवअधिकारबारे सचेतना जगाउने कार्यक्रम ल्याउनुपर्छ।

गणेशप्रसाद भट्टराई
प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ लाई अध्ययन गर्दा समाजको ऐना स्पष्टरूपमा हेर्न सकिन्छ। नेपालको मानवअधिकारको अवस्था बारेमा अन्तर्राष्ट्रियस्तरसम्म चित्रण गरेको छ। यसले नेपालमा चलिरहेको शान्ति प्रकृया, संविधान निर्माण, राज्य राजनीतिक दल, नागरिक समाज र अग्रगमन पक्षधरहरूलाई नेपालमा शान्ति र संविधान छिटो निर्माणको आवश्यकताको बोध गराउँदछ। देशको अवस्था गम्भीर भइरहेकोले यस पुस्तकले केही हदसम्म शान्ति र संविधान निर्माणमा टेवा पुऱ्याउने मेरो विश्वास रहेको छ।

प्रकाशकुमार यादव
संयोजक, स्थानीय शान्ति समिति, धनुषा

इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुने मानवअधिकार वर्षपुस्तक मानवअधिकार क्षेत्रमा काम गर्ने मानवअधिकारकर्मी, मानवअधिकार रक्षक, मानवअधिकारको विषयमा विभिन्न विषयमा शोध गर्ने शोधकर्ता, अनुसन्धानकर्ता, मानवअधिकारको विषयमा वकालत, वहस पैरवी गर्ने कानुनव्यवसायी र मानवअधिकारको क्षेत्रमा सरोकार राख्ने अन्य जो सुकैको लागि एक महत्वपूर्ण स्रोतको रहँदै आएको छ। साथै मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्नका लागि स्थापित राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायका लागि समेत महत्वपूर्ण दस्तावेजको रूपमा रहँदै आएको छ। मानव अधिकारको प्रभावकारी संरक्षण तथा सम्बर्द्धनको लागि वर्षपुस्तक प्रकाशन अपरिहार्य छ।

बुद्धनारायण साहनी केवट
कार्यालय प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर, धनुषा

मानवअधिकारलाई मौलिक अधिकारको रूपमा स्थापित गर्दै सामाजिक, आर्थिक, सांस्कृतिक रूपमा पछाडि परेका कमजोर अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको हक अधिकारको बारेमा सदैव सचेत गराउँदै दण्डहीनताको अन्त्य गरी सभ्य र समृद्ध समाजमा जोड दिँदै सामाजिक रूपान्तरणमा सहयोग पुऱ्याउन नेपाल मानवअधिकार वर्षपुस्तले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

गोविन्द सापकोटा,
प्रमुख जिल्ला अधिकारी, खोटाङ

आगामी दिनमा पनि मानवअधिकार संरक्षणमा सृजनात्मक ढङ्गले लागि पर्नेछ भन्ने विश्वासका साथ वर्षपुस्तक २०१५ प्रकाशनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

बबी चाम्लिङ,
अध्यक्ष, नेकपा (एमाले) जिल्ला कमिटी खोटाङ

विकट जिल्लाका नागरिकका समग्र अधिकारलाई सुनिश्चित गर्न, नागरिक अधिकारको रक्षाका लागि राज्यलाई प्रतिवद्ध बनाउन इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

दमन राई,
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा, खोटाङ

नेपाल मानवअधिकार वर्षपुस्तकले राष्ट्रको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको स्थितिलाई जानकारी गराउनुका साथै समाजमा भएका घटनालाई जस्ताको तस्तै उजागर गर्ने महत्वपूर्ण कार्य गरेको छ।

पाँचकर्ण राई (पिके)
नेकपा (एमाले), संविधानसभा सभासद्, खोटाङ क्षेत्र नं. १

इन्सेकले वार्षिकरूपमा प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक निरन्तर पढ्ने मौका मिलेको छ। यसमा प्रकाशित घटनाहरूले न्यायिक निकायलाई समेत मद्दत पुऱ्याएको छ।

धर्मअवतार कोइराला
जिल्ला न्यायाधिवक्ता, खोटाङ

मानवअधिकार उल्लङ्घनका घटनाहरूप्रति आग्रह, पूर्वाग्रह नराखी सही, सत्य र तथ्य कुराहरू मात्रै प्रकाशन गर्नुपर्दछ। त्यसो हुन सकेको खण्डमा आगामी दिनमा यस पुस्तकप्रति सबैको विश्वसनीयता, प्रभावकारिता अभिवृद्धि हुने विश्वासका साथ पुस्तक प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु।

विष्णुप्रसाद पोखरेल

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सिन्धुली

वर्षपुस्तक प्रकाशन गरी जनतालाई सुसूचित गर्ने कार्य ज्यादै प्रशंसनीय छ। घटनाहरूको सम्बन्धमा वास्तविकतालाई अझ नजिकबाट प्रस्ट्याई अनुसन्धानबाट देखिएको वास्तविक तथ्यलाई आधार मानी घटनाहरूको विवरण समावेश गरेको खण्डमा यस वर्षपुस्तकको विश्वसनीयता अझ बढ्ने विश्वाससहित नेपाल मानव अधिकार वर्षपुस्तक २०१५ प्रकाशनको अवसरमा सफलताको शुभकामनासहित यसको निरन्तरताको कामना गर्दछु।

श्यामकुमार महतो

प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण गर्नेतर्फ उल्लेखनीय भूमिका निर्वाह गरेको छ। घटनाहरू इन्सेकको पुस्तकमा लेख्नु भन्दा अगाडि अदालतमा परेका मुद्दाहरूको मिसिल हेरेर सोहीअनुसार प्रतिवेदन तयार गरेमा अझ तथ्य परक हुने थियो।

शम्मीकपुर शाह

श्रेस्तेदार, जिल्ला अदालत, सिन्धुली

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक अझ थप परिस्कृत र परिमार्जित गरेर मानवअधिकारको वास्तविकता बाहिर ल्याएर मानवअधिकारका क्षेत्रमा योगदान पुऱ्याएको छ। सत्य, तथ्यमा आधारित घटनाहरू सर्वसाधारणसम्म लगेका कारण यसको विश्वसनीयता बढ्दै गएको छ।

प्रदीप कटुवाल

अध्यक्ष, एमाले, सिन्धुली

इन्सेकले मानवअधिकार रक्षार्थ गरेको सार्थक प्रयास मानवअधिकारको रक्षाको सम्बन्धमा महत्वपूर्ण रहेको अनुभूति गरेको छु। कतिपय मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रकाशमा आए पनि सम्बन्धित निकायको सकारात्मक सहयोग नहुँदा पीडितले न्याय नपाउने अवस्था सृजना भएका उदाहरण समेत देखिएको हुँदा त्यसप्रति यहाँहरूले जोडदार टिप्पणी गरी पीडितलाई न्याय दिलाउनु हुनेछ भन्ने विश्वास लिएको छु।

प्रमेश पोखरेल

जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिन्धुली

इन्सेकले मानवअधिकार वर्षपुस्तक प्रकाशन गरी मानवअधिकार उल्लङ्घनका देशभरिका घटनालाई सर्वसाधारण समक्ष ठिक रूपमा प्रस्तुत गर्नुका साथै मानवअधिकार सचेतना बढाउनका लागि उत्कृष्ट भूमिकासमेत निर्वाह गरेको मैले पाएको छु। यसले संसारभर नेपालको मानवअधिकार, लोकतन्त्र र विधिको शासनको बारेमा जानकारी दिने सन्दर्भ सामग्रीका रूपमा काम गरेको छ।

मोहनप्रसाद बराल

संविधानसभा सदस्य, सभापति, काङ्ग्रेस, सिन्धुली

इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तकले पनि निश्चित वर्गको प्रतिनिधित्व गरेको आभास भइरहेको छ। मेरो सुझाव: हरेक घटनाक्रमलाई विश्लेषण र सूचना प्रवाह गर्दा तथ्यको जगमा उभिएर सत्य उजागर हुने गरी सूचना प्रवाह गरोस्, न की निश्चित वर्गको फाइदालाई केन्द्रमा राखेर।

राजन दाहाल

अध्यक्ष, एकीकृत माओवादी, सिन्धुली

अहिले नेपाली जनता मानवअधिकार मैत्री संविधान निर्माणको प्रतीक्षामा छन्। नचाहिँदो विषयमा राजनीतिकरण, पार्टीकरण र गुटबन्दीजन्य भेदभावको अन्त्यका लागि नेपाल मानवअधिकार वर्षपुस्तकले अग्रणी भूमिका निर्वाह गर्नेछ भन्ने मैले पूर्ण विश्वास लिएको छु। इन्सेकद्वारा वार्षिक रूपमा प्रकाशित मानवअधिकार वर्षपुस्तकमा स्रोत सामग्रीका रूपमा आइरहेको छ। वर्षभरि घटेका मानवअधिकार उल्लङ्घनका घटना, जघन्य अपराध, महिला हिंसाका घटनाहरूको अभिलेखन गर्ने गरेको छ। यस पुस्तकले सूचना र सञ्चारबाट पिछडिएका जनतालाई मानवअधिकारको अवस्थाको सही ढङ्गले पस्कने काम गरेको छ। वर्षपुस्तकले हासिल गर्दै आएको दस्तावेज तथा महत्वपूर्ण सामग्रीहरूलाई अन्य पत्रिकामा प्रकाशन

गर्दा स्रोत खुलाएर मात्र समाचार प्रकाशन गर्न सम्पूर्ण पत्रकार मित्रहरूलाई आग्रह समेत गर्दछु।

रुद्रबहादुर खड्का
प्रधान सम्पादक, स्वाधीन खबरपत्रिका,
सिन्धुली

मानवअधिकारको क्षेत्रमा लामो समयदेखि क्रियाशिल इन्सेकले सन् १९९६ देखि सुरु गरेको मानवअधिकार वर्षपुस्तकको प्रकाशनले नेपालको मानवअधिकार उल्लङ्घनका घटनालाई व्यवस्थित गरेको छ। हरेक क्षेत्रमा हुने हिंसा राज्यबाट हुने मानवअधिकार उल्लङ्घन मानवीय अपराधका घटना, महिला बालवालिका तथा अन्य मानता विरोधी सामाजिक कुरीति कुसंस्कारका कारण समाजमा हुने हरेक मानवअधिकार उल्लङ्घनका घटनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा उजागर गरेको पाइएको छ। इन्सेकले सङ्कलन गरेका घटनालाई राज्यलेसमेत आधिकारिक तथ्याङ्क मान्न थाल्नु र इन्सेकको डाटालाई सबैले विश्वास गर्नुले वर्षपुस्तक प्रकाशन सबैका लागि आवश्यक ठानिएको छ।

द्वारिका काफ्ले
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सिन्धुली शाखा

इन्सेक मानवअधिकारको संरक्षण एवम् प्रवर्धन गर्दै आएको संस्था हो। संस्थाको सूचना सङ्कलन र सुक्ष्म विश्लेषणले मानवअधिकार पीडितको लागि टेवा पुगेको छ। साथै मानवअधिकारसम्बन्धी चेतना अभिवृद्धि गराउने काममा सक्रिय रहँदै सम्बन्धित सरोकारवाला निकायलाई सचेत गराउँदै आएको छ।

बालकृष्ण पन्थी
प्रमुख जिल्ला अधिकारी, बारा

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक कसैले सुनाएको वा कसैले गरिदिएको सूचनाको आधारमा नभई स्वयम् स्थलगत अध्ययन र अनुगमन गरी तयार पारिएको भरपर्दो अभिलेख हो। यी अभिलेख मानवअधिकार संरक्षणको हकमा उदाहरणीय र पीडितका लागि उपयोगी छ। इन्सेकको सूचना तथा तथ्याङक सङ्कलनले मानवअधिकार पीडितलाई न्याय र राहत मिलेको छ। राज्य वा गैरराज्य पक्षबाट मानवअधिकार उल्लङ्घन र हननका घटनाहरू वर्षपुस्तकमार्फत उजागर गर्दै आएको छ। यसबाट नागरिकको सूचनाको हकप्रतिसमेत जवाफदेही बनाएको छ।

लोकेन्द्रबहादुर मल्ल
प्रहरी उपरीक्षक, बारा

इन्सेकले न्याय क्षेत्रमा ठूलो सहयोग पुऱ्याउँदै आएको संस्था हो। मुद्दा चल्नुपर्ने खालको कतिपय छुटेको घटनाहरू इन्सेकले वर्षपुस्तकमा समेटेको हुन्छ। त्यस्ता घटनालाई आधार बनाएर प्रहरीसित छलफल गर्छौं। विश्वसनीय तथा गहिराइमा पुगेर घटनाको उजागर भइदियो भने झन् सहयोग मिल्नेछ। इन्सेकले नागरिकको अधिकार हननको घटना हुन नदिन सरोकारवालालाई सचेत गराउने र कारबाहीको दायरामा नआई उम्केका दोषीलाई कानुनीको दायरामा ल्याउन सघाउ पुऱ्याउँदै आएको छ।

रामहरि शर्मा काफ्ले
जिल्ला न्यायाधिवक्ता, बारा

मानवअधिकार रक्षाको क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ। यसले दूरदराजका पीडितलाई न्यायको बाटोतिर डोऱ्याउने काम गर्दै आएको छ। इन्सेकको काम कारबाही शहरकेन्द्रित भन्दा गाउँघर केन्द्रित बनाउनु पर्छ। समाज परिवर्तन गर्नसक्ने कोणबाट काम गर्नुपर्छ। इन्सेकप्रति ठूलो समुदायको भरोसा भएकोले नागरिकको आशलाग्दो भावनालाई सम्झेर काम गर्नुपर्छ।

त्रिलोकी चौधरी
कामु अध्यक्ष, नेकपा एमाले, बारा

मानवअधिकार वर्षपुस्तक समय सान्दर्भिक छ। मानवअधिकार क्षेत्रमा भएको प्रगति एवम् दुर्गतिको बारेमा स्थलगत रिपोर्टहरू प्रकाशित भएको पाइन्छ। मानवअधिकारको क्षेत्रमा राज्य तथा सरकारलाई दिशानिर्देश गर्ने काम इन्सेकले गरेको छ।

सुभाषप्रसाद साह
अध्यक्ष, प्रेस चौतारी, बारा

मानवअधिकारसँग जोडिएका घटनाहरूको अभिलेखालयको रूपमा मानवअधिकार वर्षपुस्तकलाई लिनु पर्छ। खास गरेर हामी प्रशासकहरूका लागि वर्षपुस्तक अत्यन्तै उपयागी छ। जिल्लाको समग्र मानवअधिकारको अवस्थाको चित्रण त्यसमा हुने

भएकोले काम कसरी गर्ने मानवअधिकारको प्रत्याभूतिका सन्दर्भमा आफ्नो भूमिका कसरी प्रभावकारी बनाउने भन्नेमा वर्षपुस्तकले निर्देश गर्छ। काम कसरी गर्ने भन्ने विषयमा राम्रो पृष्ठपोषण दिने भएकोले वर्षपुस्तक महत्वपूर्ण दस्तावेज हो।

हिमनाथ दवाडी
प्रमुख जिल्ला अधिकारी, पर्सा

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकमा जिल्लाका सबै घटनाहरू समाविष्ट हुन्छन्। यस पुस्तकबाट मानवअधिकार हनन्को अवस्था के छ भन्ने प्रष्ट पार्छ। यसले मानवअधिकारसँग सरोरकार राख्ने सबैलाई जिम्मेवार बनाउन मद्दत गर्छ। पुस्तक प्रकाशनले सचेतना बढाउनुका साथै जिम्मेवार समेत बनाउँदै आएको छ। नेपालको मानवअधिकारको अवस्थाको भरपर्दो अभिलेख नै यो वर्षपुस्तक हो।

दिवश लोहनी
प्रहरी उपरीक्षक, पर्सा

मानवअधिकार वर्षपुस्तक मानवअधिकारको सन्र्दभमा नेपालको ऐना हो भन्दा अन्यथा हुँदैन। वर्षपुस्तक राज्यलाई मानवअधिकारको प्रत्याभूतिका निम्ति व्यवहारिक रूपमा जिम्मेवार हुन र नागरिकलाई राज्यको दायित्वप्रति बहस गर्नका लागि तथ्यपूर्ण स्रोतको रूपमा स्थापित छ। नागरिक तथा राजनीतिक, आर्थिक तथा सामाजिक अवस्था नियाल्ने र विश्वस्त आधार वर्षपुस्तकले प्रदान गरेको छ।

श्याम बञ्जारा
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पर्सा

मानवअधिकार वर्षपुस्तक महत्वपूर्ण दस्तावेज हो। अधिकारको क्षेत्रमा राज्यका कमजोरीहरूलाई केलाउने र नागरिकलाई आफ्नो दायित्वबोध समेत गराउने काममा वर्षपुस्तकको भूमिका महत्वपूर्ण छ। मानवअधिकार हनन्का घटना वर्षपुस्तकमा अभिलेखीकरण गरेर इन्सेकले सह्रानीय काम गरेको छ।

चिरन्जीवि आचार्य
संयोजक, एमाले,पर्सा

इन्सेक नेपालको मानवअधिकारको क्षेत्रमा काम गर्ने अग्रणी संस्था हो। यसले वर्षभरिका मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्यपूर्ण सङ्कलन गरेर सार्वजनिक गर्दै आएको छ। मानवअधिकार वर्षपुस्तकका आधारमा हामीले घटनाका सन्र्दभमा थाहा पाएका हुन्छौं जुन मैले तथ्यसँगत पाएको छु। मानवअधिकार उल्लङ्घन भएको ठाउँमा राज्यका निकायहरू भन्दा पहिला इन्सेक पुग्नुपर्छ।

शशी कपुर मिया
केन्द्रीय सदस्य, मधेसी जनअधिकार फोरम
लोकतान्त्रिक, नेपाल, पर्सा

इन्सेक प्रतिनिधिले नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ का बारेमा धारणा माग गर्नु भए पछि मैले वर्ष पुस्तक पल्टाएर हेरेँ ७ सय ३२ पृठको रहेछ। विषयसूची हेरेँ- त्यसमा न्यायपालिका, मानववेचविखनमा सिन्धुपाल्चोकको अध्ययन, भन्ने शीर्षक देखियो। स्वभाविकरूपमै मेरा आँखा त्यहीं गएर टक्क अडिए, अनि त्यसैमा सीमित हुने निश्चय पनि गरेँ। पुस्तकको पृष्ठ सङ्ख्या ५३ मा न्यायपालिका परिच्छेद पल्टाएर हेरेँ। द्वन्द्वकालका सबै मुद्दा सत्य निरूपण आयोगबाटबाट हेरिनुपर्ने, मुद्दा फिर्ता गर्ने, मुद्दा चलाउने, न्यायधीशहरूलाई राज्यका विभिन्न पदमा दिइएका नियुक्ति, सर्वोच्च अदालतमा अस्थायीरूपमा न्यायाधीशको नियुक्ति, बाधा अड्काउ फुकाउ आदेश, सरकारको वैधता अध्यादेश लगायत १७ ओटा रिट निवेदन सुनुवाइ बिना नै खारेज, संविधानसभाको निर्वाचन घोषणासँगै निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्न सरकारलाई आदेश, जनयुद्धलाई वैधानिकता दिने निर्देशिका कार्यान्वयन गर्न सर्वोच्चबाट रोक, अधिकारी दम्पतीलाई जबरजस्ती खाना खुवाउने आदेश, कर छलीको आरोपमा वरिष्ठ अधिवक्ता शम्भु थापामाथि थालिएको कारबाही रोक्ने आदेश, जन्मकैद पाएका मानिस चुनावमा लड्न नपाउने, बन्द फिर्ता लिनुपर्ने आदेश लगायतका मुख्य विषयवस्तुलाई परिच्छेदले समेटिएको पाइयो।

पीडितहरूलाई क्षतिपूर्ति भराउने विषयमा कुनै एक जिल्ला अदालतबाट भएका फैसलाको विषयमा विस्तृतरूपमा उल्लेख गरेको देखियो। तर, क्षतिपूर्ति भराउने सम्बन्धी वर्तमान कानुनी संरचना र भावीस्वरुपका बारेमा विश्लेषण गरिएको ताराबहादुर बस्नेतको मुद्दामा सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसलाले त्यहाँ स्थान नपाउँदा आश्चर्य लाग्यो।

न्यायपालिकापछि मेरा आँखा सोझै परिच्छेद ६ पृष्ठ सङ्ख्या १५७ मा पुग्यो। जसमा सिन्धुपाल्चोक जिल्लामा मानव बेचविखनको अवस्थाको वर्णन गरिएको रहेछ। सिलसिलाबद्ध रूपमा ऐतिहासिक पृष्ठभूमि सहित सन् १९०४ को बेचविखन तथा ओसारपसारविरुद्धको

अभिसन्धि र सन् १९१० मा भएको ओसारपसार देशभित्रै पनि हुनसक्छ भन्ने मान्यताको विकास र बनेपा धुलिखेल लगायतका सातगाउँमा कमारा कमारी राख्न नपाउने गरी १८२५ सालमा मा पृथ्वीनारायण शाहबाट भएको रुक्का थमाउने, राजेन्द्रविक्रम शाहको १८८७ सालको अभिलेख, चन्द्रशमशेरको १९८१ को दास प्रथा उन्मूलन सम्बन्धी घोषणा र दास तथा कमारा कमारी राख्ने तथा बेच्ने कामलाई निषेधित गर्ने गरी १९८९ सालमा जारी गरेको कानुनसमेतको विषयमा गरेको चर्चा अत्यन्त रोचक लाग्यो। पाँचौ अनुच्छेदको तेस्रो हरफमा सन् १८५० को सुगौली सन्धि भन्ने उल्लेख रहेछ। त्यसमा सम्पादक, प्रकाशकको ध्यान अलिपुगेन कि ? वर्षपुस्तकमा यस्ता गल्ती हुनुहुँदैन। आउँदा दिनहरूमा विशेष ध्यान दिनु हुनेछ भन्ने आशा छ।

सिन्धुपाल्चोकमा मानव बेचविखनको अध्ययन गर्दा सिम्ला तामाङको मुद्दाको कुरा छुट्नु, क्षतिपूर्ति सम्बन्धमा ताराबहादुर बस्नेतको मुद्दामा भएको फैसला छुट्नुलाई संयोग मात्रै हो भनी मान्न अलि गाह्रै हुन्छ कि ? फैसला गर्ने न्यायाधीशको इजलास हुनुपर्नेमा पाद टिप्पणीमा न्यायाधीशको भनाइ भन्ने उल्लेख हुनुले फैसलाको गरिमालाई अलि घटायो कि ? चरिमायाको मुद्दा र शक्ति समूहको गठनको परिचर्चाले निश्चय पनि गाम्भीर्यता दर्शाएको सबैले महसुस गर्ने नै छन् भन्ने लाग्यो। अन्तमा इन्सेकले वार्षिक रूपमा मानवअधिकारको हनन र त्यसको रोकथामका बारेमा मुलुकभित्र भएका अधिकांश घटना परिघटनालाई समेटी वर्षपुस्तक प्रकाशन गर्दै आएको छ यसले एसिया वाच (Asia Watch) को प्रकाशन हेर्नुपर्ने हाम्रो बाध्यतालाई कम गरिदिएको छ। यसै मेलो र क्रममा यस वर्ष पनि बडो मेहनतका साथ तयार पारिएको यो वर्ष पुस्तकले यस क्षेत्रमा चासो राख्नेहरूका लागि राम्रै खुराक जुटाइ दिएको छ। जुन साह्रै सराहनीय छ। वर्ष पुस्तक प्रकाशित गर्दा सत्य तथ्य सङ्कलन गर्ने र त्यसको निष्पक्ष विश्लेषण गर्ने जस्ता विषय ज्यादै नै गहन हुन्छन्। त्यसले नै वर्षपुस्तकको विश्वसनीयताको उचाइको मापन गर्छ। विगतका राम्रा प्रयासका लागि इन्सेक धन्यवादको पात्र त छँदै छ, वर्षपुस्तकलाई आउँदा दिनमा अझ ओझिलो र विश्वसनीय बनाउने तर्फ इन्सेकका प्रयासहरू सशक्त बन्दै जाऊन् , मेरो शुभकामना।

अनन्तराज डुम्रे
न्यायाधीश, जिल्ला अदालत, चितवन

इन्सेकले मानव अधिकारको रक्षा, सम्मान र सम्बर्द्धन गर्ने विषयमा सबैलाई सचेत, सजग र एकजुट बनाएको छ। मानव अधिकारको सच्चा पहरेदार नेपाल प्रहरीको कार्यसम्पादन सबैले अनुभूत हुने किसिमको अझ मानवअधिकार मैत्री बनाउने दिशामा यो पुस्तक सबै आयामबाट सहायकसिद्ध भएको मैले पाएको छु। आगामी दिनमा इन्सेकद्धारा प्रकाशित हुने वर्षपुस्तकहरूले "सबै पक्षबाट कर्तव्यको पूर्णत: पालना भए मानवअधिकारको बहाली सम्भव हुन्छ।" भन्ने परमसत्यलाई उजागर गरिदिन सके अधिकारलाई निरपेक्ष ढङ्गबाट मात्र लिई आफ्नो कर्तव्यप्रति उदासीन व्यक्तिलाई आत्मबोध हुन गई मानवअधिकारको सम्मानमा अभिवृद्धि हुनुका साथै मानवअधिकारको उल्लङ्घनको घटनामा स्वत: कमी आउने थियो।

राजन अधिकारी
प्रहरी नायब निरीक्षक, जिल्ला प्रहरी कार्यालय, चितवन

इन्सेकद्धारा हरेक वर्ष प्रकाशित गरिने 'नेपाल मानवअधिकार वर्षपुस्तक' ले मानवअधिकार उल्लङ्घन कार्यलाई निरुत्साहित बनाएको छ। मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा निरन्तर मिहिनेतका साथ लाग्ने इन्सेक जिल्ला प्रतिनिधि एवम् अन्य व्यक्तिहरूको कार्य जिल्लामा प्रशंसनीय रहेको हुँदा यसले निरन्तरता पाउने अपेक्षाका साथ शुभकामना व्यक्त गर्दछु

विद्याराज पौडेल
स्रेस्तेदार, चितवन जिल्ला अदालत

नेपाल मानवअधिकार वर्षपुस्तकमा जिल्लाको मानवअधिकारको स्थिति सार्वजनिक गर्ने क्रममा कारागारको अनुगमनको आधारमा कारागारको वास्तविक स्थिति समेत दर्शिने हुँदा कारागार "वास्तविक सुधार गृह" हुन सके नसकेको सम्बन्धित सरोकारवाला सबै पक्षलाई जानकारी गराई यसतर्फ ध्यानआकृष्ट गराउने इन्सेकको कार्य सराहनीय छ। जिल्लामा रहेर मिहिनेत र लगनशीलताका साथ मानवअधिकारको क्षेत्रमा कार्य गर्ने इन्सेक जिल्ला प्रतिनिधिहरूको कार्य प्रशंसनीय छ ।

चोलाकान्त पोख्रेल
जेलर, जिल्ला कारागार, चितवन

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारका उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्वपूर्ण दस्तावेज साबित भएको छ।

केशवराज घिमिरे
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरू उपर भएका अतिक्रमणलाई न्यूनिकरण गर्ने कार्यमा यस नेपाल मानवअधिकार वर्षपुस्तकको योगदान रहँदै आएको छ।

प्रकाशजङ्ग कार्की
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

नेपाल मानवअधिकार वर्षपुस्तक सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनु पर्छ। पुस्तक आग्रह र पूर्वाग्रहबाट मुक्त हुनु पर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यो कार्यले निरन्तरता पाइरहोस्।

सोनाम सिंह स्याङतान (विजय)
इन्चार्ज, नेकपा माओवादी, मकवानपुर

मानवअधिकार वर्षपुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक भएबाट पीडकहरू निरूत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्ने छन्।

रघुरमण न्यौपाने
सभापति, नेपाली काङ्ग्रेस, मकवानपुर

यो पुस्तक मुख्यगरी राज्य र गैरराज्य पक्षबाट मानवअधिकार हनन् भएका घटनाको सँगालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने कुरा बताउँछ। यो पुस्तक आगामी दिनमा अझै परिष्कृत हुँदै अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्दछु।

रामचन्द्र राई,
संयोजक, एमाले, मकवानपुर

लामो समयदेखि प्रकाशित भइरहेको नेपाल मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको अवस्थाका बारेमा जानकारी दिलाउन योगदान पुर्‍याउँदै आएकाले यसको निरन्तर प्रकाशनका लागि शुभकामना व्यक्त गर्दछु।

नवराज विष्ट
राप्रपा नेपाल, मकवानपुर

नेपाल मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानवअधिकारको उल्लङ्घन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान पुर्‍याएको छ।

गोपाल आचार्य
अध्यक्ष, पुनरावेदन बार एसोसिएसन, हेटौँडा

नेपाल मानवअधिकार वर्षपुस्तक सरकारी र गैरसरकारी निकायमा काम गर्नेहरूका लागि सन्दर्भ सामग्रीका रूपमा निकै अर्थपूर्ण रहेको छ। आगामी दिनमा प्रकाशन हुने वर्षपुस्तकले नेपालको मानवअधिकारको अवस्थालाई खोतलेर अझै अनुसन्धानात्मक र विश्लेषणात्मक बन्न सकोस्।

केदार न्यौपाने
प्रमुख जिल्ला अधिकारी, काभ्रेपलाञ्चोक

नेपालमा के कस्ता र कति अपराधबाट मानवअधिकार हनन् भए भन्ने तथ्याङ्कसमेत समावेश भई हरेक वर्ष प्रकाशित हुने गरेको नेपाल मानवअधिकार वर्षपुस्तक अत्यन्तै राम्रो र सूचनामूलक छ। यो संस्थाले पुस्तकको माध्यमबाट समेत मानवअधिकारको वास्तविक अवस्था चित्रण गरी मान्छेको न्यूनतम बाँच्न पाउने अधिकारसमेतको संरक्षणमा सहयोग गरोस्।

अच्यूतमणि नेउपाने
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेपलाञ्चोक

आउँदा दिनमा मानवअधिकार उल्लङ्घनका घटनालाई अझै प्रभावकारी ढङ्गले उजागर गर्ने कार्यमा क्रियाशील रही दण्डहीनताको अन्त्य र कानुनको शासन प्रत्याभुत गराउने कार्यमा पुस्तक महत्वपूर्ण बन्न सकोस्।

हिरण्यप्रसाद भण्डारी
स्रेतेदार, जिल्ला अदालत, काभ्रेपलाञ्चोक

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक मार्फत मानवअधिकारका सबै क्षेत्र समेट्न र मानवअधिकार उल्लङ्घनका तथ्यतथ्याङ्कलाई जिल्लागत विश्लेषण गरी विगतको अनुगमनमा अघिल्ला वर्षका घटना मात्र नभएर सन् १९९२ देखिका प्रकाशित घटनाको अनुगमन गर्न सके सुनमा सुगन्ध हुनेछ।

रमेशप्रसाद हुमागाई
अध्यक्ष, नेपाल बार एशोसियसन, काभ्रेपलाञ्चोक एकाइ

नेपालमा मानवअधिकार वर्षपुस्तक नेपालको वास्तविक मानवअधिकार घटनाहरुको सङ्ग्रहित दरिलो दस्तावेज हो। मैले यो वर्षपुस्तक सन् २००० देखि निरन्तररूपमा अध्ययन गर्न थालेको हुँ। पीडितलाई न्याय दिन, र पीडकलाई कारबाही गरी पीडितपक्षहरूलाई क्षतिपूर्ति भराउने कार्य पनि महत्वपूर्ण प्रमाणको रूपमा यो वर्षपुस्तकलाई लिने गरेको पाइएको छ। कतिपय सानातिना कमी कमजोरीले कहिले काहीँ ठूलो रुप लिने भएकोले आगमीदिनमा तथ्यपरकरूपमा अध्ययन गरी अभिलेखीकरण गर्नको लागि म सुझाव दिन चाहन्छु।

गणेश प्रसाद घिमिरे
पूर्व महासचिव, मानव अधिकार पत्रकार सङ्घ (हुर्जा), काठमाडौँ

वर्षपुस्तक प्रकाशनले मानवअधिकार उल्लङ्घन गर्ने राज्य, सरकार र व्यक्तिलाई नैतिक दवाव सिर्जना गर्छ। तर, पुस्तकले सबै मानवअधिकार उल्लङ्घन घटनालाई समावेश गर्न सकेको देखिएन। मानवअधिकार उल्लङ्घन गलत मानिसउपर गलत घटनालाई जबरजस्ती व्याखा तानतुन गरी मुद्दा दर्ता गराउने काम पनि हुने गर्छ। त्यस्ता घटना बढी सम्वेदनशील हुन्छ। त्यसतर्फ यो पुस्तकको लेखन अगाडि बढ्न सकोस् भन्ने सुझावसहित अपेक्षा गर्दछु।

टङ्ककुमार श्रेष्ठ
पूर्व अध्यक्ष, बार एशोसिएसन, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकमा नेपाल प्रहरीको तथ्याङ्कअनुसार विश्लेषण गर्नुपर्ने देखिएको छ। विकट क्षेत्रमा भएका घरेलु हिंसासम्बन्धी विषयमा उल्लेख गरी घरेलु हिंसा पीडितलाई सहयोग गर्ने कार्य गर्न अनुरोध छ। यसै आधारमा पुस्तकमा घटनाहरू समावेश भइदिए हुन्थ्यो।

बासुदेब थापा
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, धादिङ

मानवअधिकार वर्षपुस्तकले देशमा मानवअधिकार उल्लङ्घनको अवस्थालाई उजागर गर्न सकेको छ। समग्र देशको र जिल्लागत रूपमा घटनाहरू हेर्दा रूपमा महिलामाथि भएका हिंसाका घटनाहरू समावेश नभएको जस्तो लाग्यो। यो वर्षपुस्तकले देशको अवस्थालाई चित्रण गर्ने हुँदा महिला हिंसाका घटनाहरू थोरैमात्र अभिलेख हुँदा वास्तविक अवस्था चित्रित हुन सक्दैन कि भन्ने लाग्छ। त्यसैले आगामी दिनमा यस्ता सबै घटना अभिलेख गर्न र प्रकाशन गर्न हार्दिक अनुरोध गर्दछु।

राधिका सापकोटा
सदस्य, महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकमा अझै सत्यतथ्य कुराहरू व्यवहारिक रूपमा छानबिन गरी घटना प्रकाशित गर्दा अझ गहकिलो र ओजिलो हुने कुरा सुझाव दिन चाहन्छु।

भक्त लामा
जिल्ला सचिव, नेपाली काङ्ग्रेस, धादिङ

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनासँगै हरेक किसिमका घटनाहरू समेत समेटेर प्रकाशनको व्यवस्था गर्नसके झनै राम्रो हुने थियो। यसका लागि इन्सेकले सामाजिक सङ्घसंस्थाहरूसँग समन्वय गरेर कार्य गर्दा अझै मानवअधिकार संरक्षण गर्न सहयोग पुग्ने थियो।

प्रेमनाथ सिलवाल
नेकपा (एमाले), धादिङ

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारका घटनाहरूलाई समेटेर नियमित प्रकाशन गर्दै आएको र जातीय छुवाछुत भएका घटनाहरू उजागर गर्दै आएको छ। यसले मानवअधिकारका लागि पहल भएको छ।

श्यामबहादुर मगराती
अध्यक्ष, दलित सेवा सङ्घ, धादिङ

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटना र कानुनी उपचार एवम् पीडितहरूको अवस्था बारे स्पष्ट जानकारी गराउने गर्दछ । अपराध र सोको निराकरणको उद्देश्य लिएर अगाडि बढ्न हरेक व्यक्तिलाई वर्षपुस्तकले बृहत् ज्ञान दिलाउँछ भने निश्चित जिम्मेवारी लिएर कार्यक्षेत्रमा जान राष्ट्र सेवका तथा अन्य व्यक्तिहरूका लागि पनि यो पुस्तकले तथ्यगत जानकारी दिई सो क्षेत्रको बारेमा बृहत् ज्ञान पाउन मद्दत गर्दछ।

प्रवीण पोखरेल
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ हेर्ने मौका मिल्यो। इन्सेकले द्वन्द्व वा शान्ति प्रक्रियाको समयमा होस्, मानवअधिकारको रक्षाका निम्ति सहयोग पुऱ्याउँदै आएको छ। मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई एकीकृत रूपमा समेटेर इन्सेकले हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। वर्षपुस्तकले निरन्तरता पाइरहोस् र स्वत:स्फूर्त मानवअधिकार उल्लङ्घन सम्बन्धी यथार्थ घटनालाई लिपीबद्ध गर्दै मानवअधिकार संरक्षणको कार्यमा ठोस् योगदान पुऱ्याउन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

गौतम रिमाल
सहायक प्रमुख जिल्ला अधिकारी, रसुवा

नियमित जस्तै यो वर्ष पनि नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ अध्ययन गरेँ। देशभर तथा रसुवा जिल्लामा राज्य र अन्य पक्षबाट भएका गम्भीर र अस्वाभाविक मानवअधिकार उल्लङ्घनका घटनाहरू विजारोपण भएको मैले पाएको छु। आगामी दिनमा पनि सत्य तथ्य घटनाहरूलाई सार्वजनिक गरी पीडितलाई न्याय र दोषीलाई कानुनी दायरामा ल्याउन पुस्तकमार्फत सहयोग पुऱ्याउने छ साथै राज्यलाई जनमुखी बनाउन सही मार्ग दिनेछ भन्नेमा आशा र विश्वास व्यक्त गर्दछु। आगामी वर्ष प्रकाशित हुने वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू सत्य तथ्य घटनाहरू सार्वजनिक हुन्छ भन्नेमा आशावादी हुँदै “नेपाल मानवअधिकार वर्ष पुस्तक २०१५” हरेक वर्ष झैँ यस वर्ष पनि पुस्तक प्रकाशन हुन लागेकोमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

दिनेश लामिछाने ‘असिम’
जिल्ला समिति सदस्य, एकीकृत माओवादी, रसुवा

दण्डहीनताको अन्त्यको लागि इन्सेकले गरेको प्रयासलाई भुल्न सकिँदैन। विभिन्न घटनाहरूमा यसले पीडितलाई न्याय दिलाउन र पीडकलाई कानुनी कारबाही गर्न कानूनी राज्यको स्थापनाका लागि यसले निकै महत्वपूर्ण भूमिका खेलेको महसुस भएको छ। जिल्लातहमा वर्षपुस्तक पर्याप्त सङ्ख्यामा आउने व्यवस्था होस्। प्रकाशित पुस्तक अत्याधिकले पढ्न पाऊन्।

उपेन्द्रराज लम्साल
महाधिवेशन प्रतिनिधि, नेपाली काङ्ग्रेस, रसुवा

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा न्युनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको छ। विभिन्न घटनाका पीडकहरू र राज्यलाई अझै जवाफदेही बनाउन गाउँ -गाउँमा मानवअधिकार शिक्षा सचेतना कार्यक्रम हुन आवश्यक छ। वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका विषयमा चासो राख्ने अनुसन्धानकर्तालाई महत्वपूर्ण दस्तावेज सावित भएको छ।

राकेश लामा
कोषाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, रसुवा

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई पुस्तक मार्फत सार्वजानिक गरी नागरिकलाई सचेत गराउने कार्यमा इन्सेकको यो प्रयास सह्रानीय छ। आगामी दिनहरूमा यस पुस्तकमार्फत समाजमा लुकेर छिपेर रहेका मानवअधिकार हननसँग सम्बन्धित घटनाहरूलाई जस्ताको तस्तै उजागर गर्नुपर्छ।

राजकुमार श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी ,तनहुँ

मानवअधिकार बर्ष पुस्तक २०१४ अध्ययन गर्ने अवसर प्राप्त भयो। पुस्तकमा समेटिएका मानवअधिकार सम्बन्धी विषयवस्तुले सरकार पक्षलाई मानवअधिकारको संरक्षण गर्न नैतिक दवाव समेत दिएको महसुस गरेँ। मानवअधिकार उल्लङ्घन जस्तो अति संवेदनशील विषयवस्तुसँग सम्बन्धित सत्य तथ्य घटनाहरू समावेश गरी प्रकाशन भएको यस पुस्तकको

माध्यमबाट मानवअधिकार संरक्षणमा महत्वपूर्ण योगदान पुग्नुका साथै दण्डहीनताको अन्त्य र लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्नमा सकारात्मक मार्गदर्शन गर्ने छ भन्नेमा मैले विश्वास लिएको छु।

मोहनकुमार आचार्य,
प्रहरी उपरिक्षक, जिल्ला प्रहरी कार्यालय, तनहुँ

मानवअधिकार वर्षपुस्तक २०१४ अध्ययन गर्ने अवसर पाएँ। देशभरका मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरूको यथार्थ पढ्ने अवसर मिल्यो। समाजको भित्री तहमा पुगी त्यहाँका अमानवीय घटनाहरूलाई जनसमक्ष उतार्ने चुनौतीपूर्ण काममा इन्सेकले अझ मेहनत गर्ने अपेक्षा गरिएको छ।

केदार सिग्देल
अध्यक्ष, नेकपा एमाले, जिल्ला कमिटी, तनहुँ

वर्षभर भएका मानवअधिकार हननका घटनाहरू समावेश गरी प्रकाशित हुने मानवअधिकार वर्षपुस्तकले निश्चय नै मानवअधिकारको क्षेत्रमा क्रियाशील सबैलाई अति उपयोगी सन्दर्भ सामग्रीको आवश्यकता पूरा गर्नेछ भन्ने विश्वास लागेको छ। इन्सेकले मानवअधिकारको वास्तविक पहरेदारी र अधिकारका निम्ति सशक्त र प्रभावकारी पैरवी गरोस् भन्ने अपेक्षा गरेका छौँ।

अतिन्द्र केशरी न्यौपाने
सेक्रेटरी, नेकपा-माओवादी, तनहुँ

राज्यद्वारा प्रदान गरिएका वा नागरिकका लागि राज्यले दिने सेवा सुविधा तथा सुरक्षाको प्रत्यभूतिको अवस्थाका बारेमा जानकारी दिनका लागि मानव अधिकार वर्षपुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। समय सापेक्ष सुधार हुँदै आए तापनि आफ्नो प्रकाशनमा मुद्दा दर्ता भए पछिका पक्षबीच पीडित तथा पीडक अर्थात पीडित र आरोपित, अभियुक्त, प्रतिवादी जसरी सम्बोधन गरिए पनि दुवै पक्षको मानव अधिकारको मूल्य र मान्यतामा उत्तिकै संवेदनशील हुन जसरी हुन्छ। स्वच्छ र स्वतन्त्र न्यायलयमा प्रवेश गरी पुर्पक्षमा रहेका अभियुक्तको अधिकारप्रति पनि सजग हुन जरुरी हुन्छ। मानवअधिकार वर्षपुस्तकमा खाद्य, शिक्षा, स्वस्थ्य र वातावरणसम्बन्धी अधिकारमा पनि उत्तिकै जोड दिन जरुरी छ।

गोविन्द पन्थ
मानवअधिकार सञ्जाल संयोजक, तनहुँ

मानव अधिकार वर्षपुस्तकले समेट्ने घटनाहरू अभिलेखका रूपमा छन्। यसले घटनाको विश्लेषण गर्न र कुन जिल्लामा कस्ता खाले हिंसा, अपराध भएका छन् भन्ने जान्न पनि सघाएको छ। वर्षपुस्तकमा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका घटना कम समेटिएको देखिन्छ। यससतर्फ इन्सेकको ध्यान जानु जरुरी छ।

उद्धवराज तिमल्सिना
प्रमुख जिल्ला अधिकारी, गोरखा

मानवअधिकार वर्षपुस्तकबाट मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणमा यसले ठूलो योगदान पुगेको छ। पीडितले न्याय पाएका घटनाहरूलाई पनि वर्षपुस्तकमा समावेश गर्न सकियो भने सकारात्मक सन्देस प्रवाह हुने थियो। मानव अधिकार उल्लङ्घन र अपराध के हुन् भन्ने द्विविधा पनि देखिन्छ।

रमेश थापा
प्रहरी नायब उपरीक्षक, गोरखा

इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक नेपालको मानवअधिकारको अवस्था झल्काउने सन्दर्भ सामग्री हो। घटनाको प्रक्रिया, कारणको खोजी, पीडितले न्याय पायो कि पाएन भन्ने बारे पुस्तकमा समेट्नुपर्छ। आर्थिक सामाजिक र साँस्कृतिक अधिकार अन्तर्गत भौतिक संरचना क्षति, तोडफोड जस्ता घटनालाई र दुर्गम क्षेत्रमा भएका घटनालाई छुटाउनु हुँदैन।

मनहरि तिमिल्सिना
कार्यालय सचिव, एनेकपा माओवादी, कास्की

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०१४ प्राप्त भई अध्ययन गर्ने अवसर प्राप्त भयो। संस्थाले मानवअधिकार उल्लङ्घनका घटना सार्वजनिक गरी पीडितलाई न्याय दिलाउन र पीडकलाई कारबाहीको दायरामा ल्याउन सहयोगी भूमिका निर्वाह गर्ने कार्य सह्रानीय छ।

हरिप्रसाद मैनाली
प्रमुख जिल्ला अधिकारी, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ पुस्तक प्राप्त भई हेर्ने अवसर पाएँ। कानुनी राज्यमा राज्य स्वयम्ले गर्नु पर्ने कार्य र दण्डहीनताको अन्तय तथा

मानवअधिकारको उल्लङ्घन गर्ने प्रवृत्तिलाई रोक्नु पर्छ।

चेतप्रसाद शर्मा

अध्यक्ष, नेपाल बार एसोसियसन, नवलपरासी

मानवअधिकार वर्षपुस्तकले राज्यका निकाय र राजनीतिक दलहरूलाई समेत एउटा अवस्थाको बोध गराउने गरेको हामीले महसुस गरेका छौँ। कतिपय ग्रामीण भेगका घटनाहरू छुट्ने गरेका गुनासाहरूलाई सम्बोधन गर्न जरुरी छ। वर्षपुस्तक परम्परावादी जस्तो भएको पनि कुरा आएको छ। अब यसलाई घटना प्रधान भन्दा पनि विश्लेषणमूलक बनाउने तर्फ सम्बन्धित पक्षको ध्यान जान सकोस्।

हरिबहादुर आचार्य क्षेत्री

जिल्ला समिति सदस्य तथा क्षेत्रीय सभापति

नेपाली काङ्ग्रेस, रुपन्देही

यद्यपि यो वर्षपुस्तक पुरानै ढर्राको भएको र यसमा खाली घटना विवरण मात्रै समावेश गरिएका गुनासा पनि छन्। यसलाई नयाँ ढङ्गको बनाउने र मानवअधिकारको अभियानलाई पीडितको तत्काल उपचार गर्नेतर्फ केन्द्रित हुन जरुरी छ।

बलबहादुर आचार्य

सचिवालय सदस्य, नेकपा एमाले , रुपन्देही

मानवअधिकारको अवस्था के कस्तो छ भन्ने कुरालाई इन्सेकले यो वर्षपुस्तक मार्फत जसरी सार्वजनिक गर्ने गरेको छ त्यसले राज्यको रूपलाई पनि उजागार गरेको छ। यद्यपि कतिपय घटनामा राजनीतिक आस्था र पूर्वाग्रह जोडिने गरेको गुनासो पनि आएका छन्। यसलाई इन्सेकले आगामी दिनमा सच्याउन जरुरी छ।

कृष्ण पोखरेल, एनेकपा माओवादी जिल्ला सचिवालय सदस्य, रुपन्देही

इन्सेक र मानवअधिकार पर्यायजस्तै भएका छन्। मुलुकमा मात्र होइन विश्वभरमै मानवअधिकारको क्षेत्रमा इन्सेकले आफ्नो सशक्त उपस्थिति जनाएको छ। इन्सेकको निरन्तरको अभियानले राज्य निकायलाई आफ्नो दायित्व र कर्तव्यप्रति उत्तरदायी, जवाफदेही बनाउन दबाब सिर्जना गरेको छ। साथै मानवअधिकार संस्कारको विकास गर्न पनि यो अभियानलो सबैमा प्रेरणा पनि दिएको छ।

चन्द्रकान्त चापागाई

अनुसन्धान अधिकृत, राष्ट्रिय मानवअधिकार आयोग, उपक्षेत्रीय कार्यालय, बुटवल

मानवअधिकारका क्षेत्रमा गैरसरकारी सङ्घसंस्थाहरूका भूमिका प्रभावकारी छन्। यद्यपि कतिपय संस्थाहरूका काम पारदर्शी नभएका गुनासा पनि सँगसँगै आएका छन्। मानवअधिकारको क्षेत्रमा इन्सेकले जसरी देशव्यापी रूपमा अभियान चलाएको छ यो उदाहरणीय र सराहनीय छ। इन्सेक जस्ता गैरसरकारी सङ्घ संस्थाहरूका यस्ता सकारात्मक अभियानले राज्यका विभिन्न निकायहरूलाई बेलाबेलामा आफ्नो दायित्वमा घच्घचाउने काम पनि गरेको मैले महसुस गरेको छु।

तोयम रायमाझी

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रुपन्देही

सूचना हकको वकालत गर्ने र समाजमा भइरहने विभिन्न खालका घटनाहरूमध्ये मानवअधिकारसित सम्बन्धित सम्पूर्ण घटनाहरूको नालीबेलीसहित मेहनत र तथ्यपरक विवरणहरूको सँगालोको रूपमा इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले समुन्नत समाज निर्माणको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको मैले महसुस गरेको छु।

बिष्णुकुमार कार्की

प्रमुख जिल्ला अधिकारी, पाल्पा

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले हाम्रो देशको मानवअधिकारको अवस्थालाई छर्लङ्ग बनाइदिएको छ। यो पुस्तक यथार्थपरक र महत्वपूर्ण रहेको पाएको छु।

भगवान भण्डारी

अध्यक्ष, मानवअधिकार एलायन्स, पाल्पा

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनमा टेवा पुऱ्याउँदै आएको छ। मुलुकभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्याङ्क सङ्कलन गरी प्रकाशन गर्ने कार्यले पीडित पक्षलाई न्याय एवम् मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनी दायरामा ल्याउन सहयोगी बन्न सक्छ। राज्यका हरेक तह र अङ्गमा बस्ने अधिकारीहरूलाई मानवअधिकारको संरक्षणमा सजग सचेत एवम् जिम्मेवार बनाउन पुस्तकले

महत्वपूर्ण भूमिका खेल्छ।

ब्रजेशकुमार प्याकुरेल
जिल्ला न्यायाधीश
जिल्ला अदालत, अर्घाखाँची

मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि इन्सेक र मानवअधिकार वर्षपुस्तकले पु¥याएको योगदानको सह्राना गर्दछु। मानव अधिकारको सम्बर्द्धनका लागि इन्सेकले 'वाच डगको' रूपमा कार्य गरी राज्यका सबै तह र इकाईहरूलाई घचघच्याएको छ।

ज्ञानप्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी ,अर्घाखाँची

नेपाल मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरी मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई चित्रण गर्ने सह्रानीय प्रयास इन्सेकले गरेको छ। इन्सेकले गाउँ गाउँमा गएर तथ्यगत रूपमा घटनाहरू बाहिर ल्याउन सके पीडितलाई न्याय दिन र पीडकलाइ कारबाही गर्न महत्वपूर्ण भूमिका रहने थियो। प्रकाशित पुस्तक अभिलेखको रूपमा रहने भएकोले सत्यतथ्यलाई विशेष ध्यान दिन आवश्वयक छ।

दीपेन्द्र जी.सी
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची

देशका ७५ वटै जिल्लाका कुना काप्चामा घटेका घटनाहरूको विश्लेषण गरेर जसरी पुस्तकले जनतासामु पस्कने गर्छ, त्यसले समाजमा मानवअधिकारको क्षेत्रमा कहाँ के भएको छ ? बालबालिकाको क्षेत्रमा, महिला तथा अन्य वर्ग तथा समुदायको क्षेत्रमा कहाँ के भएको छ भन्ने कुरा उजागर गरेर महत्वपूर्ण भूमिका खेलको छ। सुरक्षाको प्रत्याभूति दिलाउन कुन कुन ठाउँमा के कमी कमजोरी रहे भनेर पनि यो पुस्तक सहयोगी महत्वपूर्ण र उपयोगी भएको मैले अध्ययनको क्रममा पाएको छु। मानवअधिकार वर्ष पुस्तकले देशमा भएका नकारात्मक कुरामात्र उजागार ग¥यो, अधिकारका पाटो मात्र उजागार ग¥यो कर्तव्यको पाटो अथवा सरकारले गरेका प्रयासहरूलाई भन्दा नकारात्मक पाटोहरूलाई मात्र उजागर गरी सरकारप्रति वितृष्ण जगाउने पो हो की भन्ने विभिन्न व्यक्तिहरूबाट सुन्नमा पाइन्छ। इन्सेक जस्तो संस्थाको सहयोग बिना हामीले काम गर्न सक्दैनौं। नागरिकको अधिकारको संरक्षणको लागि हामीलाई सधैँ इन्सेकसँगको सहकार्यको आवश्यकता पर्छ।

शेषनारायण पौडेल
प्रमुख जिल्ला अधिकारी, बाग्लुङ

नेपाल मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकारको समग्र अवस्थाको उजागार गर्ने गरेको छ। यसमा प्रकाशित घटनाहरू सत्य तथ्यमा आधारित भई विश्वसनीय र जानकारी मुलक पनि रहेको र समाजमा हुने विभिन्न खालका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू जनसमक्ष ल्याएर मानवअधिकार हननका घटनाहरू बढ्न नदिन पनि यस पुस्तकले उल्लेखनीय योगदान गरेको मैले पाएको छु। हाम्रो जस्तो शिक्षा र चेतनाको कमी भएको अति दुर्गम क्षेत्रहरूले भएको क्षेत्रहरुमा हुनसक्ने यस्ता खालका घटनाहरू पनि आफनो संयन्त्र मार्फत सङ्कलित गरी यस पुस्तकमा समेट्दै जानु आवश्यक देखिएको छ।

कृष्णप्रसाद ज्ञवाली
प्रमुख जिल्ला अधिकारी, पर्वत

नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ मानवअधिकार क्षेत्रको अभिलेखीकरण तथ्थाङ्कहरूको सङ्कलन र मानवअधिकारको सचेतनामा अभिवृद्धि भएको मलाई महसुस भएको छ। वर्षपुस्तकमा राज्यस्तरबाट प्रदान गरिने सेवा बृद्धिदेखि अन्य क्रियाकलाप समेत मानवअधिकार भित्र समेटिएको पाइएको छ। लोककल्याणकारी राज्य व्यवस्थाको अवधारणालाई सार्थक बनाउन यो पुस्तकले महत्वपूर्ण भूमिका खेल्छ भने म विश्वास गर्दछु।

महेन्द्रकुमार श्रेष्ठ
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, पर्वत

मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटनाहरू राम्रा नराम्रा टिका - टिप्पणी जे जस्तो भए तापनि यो एकदमै यथार्थपरक छ। मानवअधिकारको क्षेत्रमा इन्सेकले वर्षौंदेखि लामो अनुभव र अध्ययन गरी अभिलेखीकरण गर्नु आफैँमा उल्लेखनीय र सह्रानीय काम हो। मानवअधिकारका सवालमा भएका घटनाहरू अभिलेखीकरण गर्नु चुनौतीपूर्ण र प्रशंसनीय कार्य हो।

परशुराम अर्याल
प्रमुख जिल्ला अधिकारी, दाङ

मानवअधिकार वर्षपुस्तक सम्बन्धित सबैका लागि महत्वपूर्ण अभिलेखको रूपमा रही आएको कुरामा कसैको दुई मत नहोला। यस पुस्तकबाट प्राप्त सूचनाहरूले सम्बन्धित सबै निकायहरूलाई भविष्यमा अझ सजग, उत्तरदायी तथा कर्तव्यनिष्ठ बनाउन महत्वपूर्ण सहयोगीको भूमिका प्रदान गर्नेछ साथै आउने दिनमा मानवअधिकार संरक्षण तथा सम्बर्द्धनमा ठूलो टेवा पुऱ्याउनेमा विश्वस्त छु।

रञ्जीतसिंह राठौर
प्रहरी नायब उपरीक्षक,जिल्ला प्रहरी कार्यालय, दाङ

मानवअधिकारको विश्वव्यापी अवधारणालाई आत्मसात् गर्दै प्रत्येक व्यक्तिका मानवअधिकारलाई संरक्षण गर्नमा इन्सेकले पुऱ्याएको योगदान सह्रानीय छ। पुस्तकमा समेटिएका घटनाहरूले पीडितले न्याय पाउने र पीडकलाई कानुनी सजाय दिनका लागि मानवअधिकार वर्षपुस्तक अझ धेरै सफल बनोस्।

जोगबहादुर राणा
अध्यक्ष, नेकपा एमाले, दाङ

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकासित घटनाले पीडकलाई निरुत्साहित र पीडितलाई राहत पुऱ्याउने गरेको छ। पुस्तकले नागरिकहरूका लागि राज्यबाट प्रत्याभूत अधिकार रक्षामा सहभागीको भूमिका निर्वाह गरेको छ।

शङ्करप्रसाद डाँगी
सचिव, नेपाली काङ्ग्रेस, दाङ

नेपाल मानवअधिकार वर्षपुस्तकले मानव अधिकार हनन्का धेरै घटनाहरूलाई उजागर गर्ने गरेको छ। यसकै कारणले मानवअधिकार विरोधी गतिविधिलाई निरुत्साहित पार्ने काम पनि गरेको होला।

गणेश आचार्य
सचिव, राष्ट्रिय जनमोर्चा, जिल्ला कार्य समिति दाङ

मानवअधिकार वर्षपुस्तक मुलुकको मानव अधिकारको अवस्थाबारे बुझ्न चाहनेका लागि अति उपयोगी रही आएको छ। वर्ष पुस्तक मानवअधिकारको पक्षमा पैरवी गर्ने मानवअधिकारकर्मी तथा पत्रकारका लागि गतिलो सन्दर्भ पुस्तकको रूपमा रहेको छ।

लक्ष्मी आचार्य
केन्द्रीय सदस्य, महिला मानवअधिकार रक्षक सञ्जाल, दाङ

इन्सेकले हरेक वर्ष मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी प्रकाशन गर्नाले देशैभरका घटनाहरूलाई अध्ययन गर्न सहज बनाएको छ। वर्ष पुस्तकले प्रशासन कार्यालयहरूलाई विगतका घटनाहरूलाई अध्ययन गरी आगामी दिनमा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई न्यूनीकरण गर्न कार्ययोजना बनाउन सहयोगी भूमिका खेलेको छ।

लुकबहादुर क्षेत्री
प्रमुख जिल्ला अधिकारी, रोल्पा

वर्षपुस्तकले गाउँ गाउँमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई पुस्तकमार्फत सार्वजनिक गर्ने भएकाले मानवअधिकार उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न सघाउ पुऱ्याएको छ। इन्सेकले प्रकाशन गर्दै आइरहेको नेपाल मानवअधिकार वर्षपुस्तक अति राम्रो छ र यसको प्रभाव पनि सकारात्मक नै छ।

नवीनराज राई
प्रहरी नायव उपरीक्षक, रोल्पा

मानवअधिकार वर्षपुस्तक मानवअधिकार अभिलेखको महत्वपूर्ण दस्तावेज हो। राज्यका सबै निकायबाट कार्यसम्पादन गर्ने क्रममा मानवअधिकारको स्थिति आँकलन र मुल्याङ्कनका लागि सामग्रीको रूपमा वर्षपुस्तक रहेको छ। वर्षपुस्तकले जिल्लामा भएका मानवअधिकार हननका घटनाहरूमात्र नभएर मुलुकभरका घटनाहरूलाई अभिलेख गर्ने भएका कारण यसको सान्दर्भिकता अझ धेरै छ।

कृष्णप्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी, सल्यान

जिल्लामा मानवअधिकारको रक्षाका लागि इन्सेकले खेलेको भूमिका महत्वपूर्ण छ। हामीहरूलाई पनि बेलाबेलामा मानवअधिकारका विषयमा जानकारीहरू दिइरहनुहुन्छ। जसले गर्दा मानवअधिकारको हननका घटनामा कमी गर्न मद्दत पुगेको छ। जिल्लामा एउटा पनि सुधार केन्द्र छैन, जसले गर्दा मानवअधिकारको दृष्टिकोणले मुद्दाको अनुसन्धानमा समस्या देखिएको छ। जिल्लामा सबैले एउटा सुधार केन्द्र बनाउनका लागि पहल भएमा सजिलो हुने थियो।

अरुणकुमार शाह
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सल्यान

इन्सेकले मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनका लागि धेरै भूमिका खेलेको मैले पाएको छु। वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनामा आफ्नो विस्तृत जानकारी आउने डरले पनि कतिपय उल्लङ्घनकर्ता निरुत्साहित भएका छन्।

निमबहादुर नेपाली

मध्यपश्चिम ईञ्चार्ज, गैरसरकारी संस्था महासङ्घ, नेपाल

मानवअधिकार वर्षपुस्तकले जिल्ला स्थित कारागारको विषयमा पनि चासो लिएकोले मलाई खुसी लागेको छ। जीर्ण अवस्थामा रहेका कतिपय कारागारले कैदी बन्दीको सङ्ख्यामा वृद्धि हुँदा क्षमताभन्दा बढी कैदी बन्दीहरू राख्नुपर्दा सुधारगृहको रूपमा विकास हुन नसकेको महसुस भएको छ। वर्षपुस्तकले प्रत्येक वर्ष यस्ता कारागारको लागि आफ्नो तर्फबाट सक्दो सहयोगका लागि सम्बन्धित निकायको ध्यानाकर्षणका लागि पहल गरिदिनुपर्छ।

विक्रम केसी

जेलर, कारागार कार्यालय, सल्यान

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्ष पुस्तकले मानवअधिकार संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। मानवअधिकार वर्षपुस्तक २०१५ प्रकाशनको शुभकामना व्यक्त गर्दै मानवअधिकारको क्षेत्रमा चासो राख्ने सबैलाई महत्वपूर्ण उपयोगी सन्दर्भ सामग्री बन्न सकोस् शुभकामना ।

गञ्जबहादुर एमसी

सहायक प्रमुख जिल्ला अधिकारी, बाँके

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ। मानवअधिकार उल्लङ्घनका घटनाका सत्य तथ्य विवरण सबैसामु राख्न सकेको र मानवअधिकार पुस्तकले पीडितको न्यायका लागि सेतुको (पुल) काम गरेको ठान्दछु।

रुद्र सुवेदी

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ बाँके शाखा

नेपाल मानवअधिकार वर्षपुस्तक जिल्लासंगै देशकै मानवअधिकारको अवस्थाको दस्तावेज हो। जुन इन्सेकले गर्दै आएको मानवअधिकार उल्लङ्घनको घटना अभिलेखीकरणमा भूमिका महत्वपूर्ण रहेको छ। राज्यले गर्न पर्ने काम इन्सेकले गर्दै आएको छ। इन्सेकको प्रतिवेदनले महिला तथा बालबालिकाहरूका लागि घर नै असुरक्षित रहेको देखाउँछ। यस पुस्तकले जिम्मेवार निकायलाई जवाफदेही बनाउन सहयोग पुऱ्याएको छ।

नरहरि बराल

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दिया

नेपाल मानवअधिकार वर्षपुस्तक मुलककै दस्तावेज हो। यसमा समेटिने घटनामा संवेदनशील हुन आवश्यक छ। कति घटनाहरू फौजदारी कानुन अर्न्तगत अदालतमा मुद्दा चल्नु पर्ने घटना पनि समाजमा मिलाउने गरेको पाइन्छ यो अति गम्भीर विषय हो। कानुनी दायरामा आउन नसकेका घटना उजागर गर्दै सरकारी तथा गैरसरकारी निकायबाट जिम्मेवार बनाउन महत्वपूर्ण भमिका खेल्दै आएको छ। वर्षपुस्तकले समय सापेक्ष मानवअधिकार उल्लङ्घनका घटना अभिलेखित गर्न सकोस् आगामी वर्षमा पनि निरन्तरताको शुभकामना छ।

नरेन्द्र शर्मा

अध्यक्ष, नेपाल बार एशोसियसन, बर्दिया

नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ पढेँ। इन्सेकले विगत लामो समयसम्म यस किताबको प्रकाशन निरन्तरताले देश साथै जिल्लाकै मानवअधिकारको अवस्थाबारे थाहा पाउन सहयोगी बनेको छ। पुस्तकले वास्तविक रूपमा मानवअधिकारको अवस्था चित्रण गरेको छ। जिल्लागत रूपमा परिवार र समाजमै कमजोर मानिएका मुख्य गरी महिला तथा बालबालिकाहरू बढी पीडित भएको देखियो। अझ पीडितलाई न्याय दिलाउन कानुनी बाटो अवलम्बन गर्नुको साटो समाज मै रकम लेनदेन गरी मेलमिलाप गर्ने प्रवृत्ति भयावह हुने देखिन्छ।

हरि ज्ञवाली

अध्यक्ष, नेकपा एमाले, बर्दिया

इन्सेकले विगत प्रकाशन गर्दै आएको मध्य नेपाल मानवअधिकार वर्षपुस्तक २०१४ पनि अध्ययन गर्न पाउँदा खुसी लागेको छ। वर्षपुस्तक समयसापेक्ष विषयवस्तु समेटेर निरन्तर प्रकाशन हुनु सबल पक्ष हो। पत्रकारहरूलाई यस पुस्तकको अध्ययनबाट समाजमा कस्ता घटना भइरहेका छन् भनी अध्ययन गरी रिपोर्टिङ योजना बनाउन सजिलो भएको छ।

यादवप्रसाद आचार्य

नेपाल पत्रकार महासङ्घ शाखा, बर्दिया

इन्सेकले मानवअधिकारसँग सम्बन्धित घटनाहरूको सङ्कलन गरी मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्दै आएको छ। राज्यका विभिन्न निकायहरूसँग समन्वय गरी सम्बद्ध सबै पक्षसँग सोधपुछ गरी घटनाहरूको गहिरो ढङ्गले अध्ययन अनुसन्धान गरेमा अझ प्रभावकारिता आउने विश्वास गरिएको छ। मानवअधिकार वर्षपुस्तकले कानुनी राज्य र विधिको शासन सञ्चालनका लाग मार्गदर्शनको लागि पनि काम गरेको छ।

यज्ञराज बोहरा
प्रमुख जिल्ला अधिकारी, सुर्खेत

नेपाल मानवअधिकार वर्ष पुस्तक महत्वपूर्ण र ऐतिहासिक छ। यस पुस्तकभित्रका तथ्याङ्क उपयोगी छन्। अबका दिनमा तथ्यगत अनुसन्धान अन्वेषण सहितको पुस्तक निरन्तर प्रकाशनको कामना गर्दछु।

अन्नतप्रसाद पौडेल
जिल्ला सदस्य, नेपाली काङ्ग्रेस, सुर्खेत

नेपाल मानवअधिकार वर्षपुस्तक पठनीय र सङ्ग्रहणीय छ। पुस्तकले सबै खालका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटी प्रकाशन गर्ने सफल होस् भन्ने शुभकामना दिन चाहन्छु।

धुव्रकुमार शाही
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, सुर्खेत

इन्सेक मानवअधिकार आन्दोलनको एउटा पर्यायवाची नाम रहेको कुरा गर्दा कुनै अत्युक्ति नहोला। यसले राज्य पक्षलाई सजग गराउने पीडकलाई सजाय गर्ने र पीडितलाई न्याय दिलाउने महत्वपूर्ण संस्थाको रूपमा काम गर्नु सरहानीय पक्ष हो। आगामी दिनमा कुनै पनि घटनाको गहिराइ र तथ्यपरक हुन सकेमा अझ सुनमा सुगन्ध हुने कुरा निश्चित छ। इन्सेक सङ्गठनको बनौट र यसको विकासमा राजनीतिक रङ्ग देखिने गर्दछ। त्योबाट मुक्त भई निरन्तर अभियानमा लाग्न सकेमा समाजलाई रूपान्तरण गर्ने कोसेढुङ्गा साबित हुनेछ।

ठम्मर विष्ट
सचिव, एकीकृत माओवादी, सुर्खेत

मानवअधिकार उल्लङ्घनका घटनालाई पनि उजागर गर्ने र न्यूनीकरण गर्ने कार्यक्रमा इन्सेकको ध्यान पुगोस्। मानवअधिकारप्रति राज्यलाई सबै भन्दा बढी जवाफदेही बनाउन जरुरी छ। अन्य क्षेत्रमा पनि मानअधिकार शिक्षामार्फत् मानवअधिकार उल्लङ्घनका घटनालाई कमी गर्न सकिन्छ।

लोकेन्द्र राना (प्रशान्त)
जिल्ला कमिटी सचिवालय सदस्य, नेकपा-माओवादी, सुर्खेत

नेपाल मानवअधिकार वर्षपुस्तकले समाजमा हुने मानवअधिकार हनन् र ज्यादतीका घटनाहरू तथ्यगत रूपमा बाहिर ल्याउने गरेको छ। यसले अनुसन्धान गर्न, पीडितलाई न्याय र पीडकलाई कारबाही गर्न सहयोगी भूमिका खेली समाजमा शान्ति स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

करवीर शाही
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी,जाजरकोट

गरिबी,राजनीतिक अस्थिरता र अज्ञानताका कारण समाजमा मानवअधिकार उल्लङ्घनका घटनाहरू हुने गरेका छन्। नीति, नियम, अधिकारहरूको निर्वाध उपभोग गर्न सक्ने पहुँच र क्षमता विकास गर्नु आजको आवश्यकता हो।

पूर्ण देव शर्मा (नवराज)
अध्यक्ष, एनेकपा (माओवादी), जिल्ला समिति जाजरकोट

वर्षपुस्तकको प्रकाशनले मानवअधिकार उल्लङ्घनका घटनाहरूमा न्यूनीकरण भई कानुनी राज्य स्थापनामा मद्दत पुग्ने छ भन्ने मैले विश्वास लिएको छु।

सुरेन्द्रकुमार अधिकारी
अध्यक्ष, नेपाल बार एशोसियसन, दैलेख

मानवअधिकारको सम्मान, संरक्षण र प्रचलन गराउने एवम् यस विषयमा आवश्यक जनचेतना र पैरवी गर्ने कार्यमा इन्सेकले महत्वपूर्ण योगदान पुऱ्याएको छ। अन्य कामको अतिरिक्त वर्षभरमा भएका मानवअधिकारसम्बन्धी विषयहरू, घटनाहरू मानवअधिकार वर्ष पुस्तकमा प्रकाशन गर्ने कार्यबाट नेपालको मानवअधिकारको अवस्थाहरूको बारेमा सबै सरोकारवाला एवम् आमनागरिकले सुसूचित हुने अवसर पाएका छन्।

पिताम्बर घिमिरे
प्रमुख जिल्ला अधिकारी, दैलेख

अभिलेखीकरण गरिने मानवअधिकार सम्बन्धी घटनाहरू सत्यतथ्य र पुष्टिसहित आउनु आवश्यक देखिन्छ। यसले कानुन कार्यान्वयन गर्ने निकायलाई समेत मानवअधिकारको संरक्षणप्रति थप जिम्मेवार बनाउँदै मानवअधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्नमा समेत योगदान पुऱ्याएको छ।

माधवप्रसाद श्रेष्ठ

प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,दैलेख

इन्सेकले मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन गरी प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तक उपयोगी छ। वर्षपुस्तकले महिला हिंसा तथा बलात्कार जस्ता घटनाहरूलाई मिलापत्र गर्न नहुने सन्देश दिइरहेको छ। महिला हिंसाका घटना उजागर गर्न तथा मेलमिलाप गर्ने कार्यलाई निरुत्साहित बनाउन वर्षपुस्तकले योगदान गर्ने मैले अपेक्षा गरेको छु।

दिपेन्द्रराज पौडेल

प्रमुख जिल्ला अधिकारी, जुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको दस्तावेज हो। मानवअधिकार तथा महिला अधिकार हनन् जस्ता गम्भीर प्रकृतिका घटनाहरूलाई सबैको पहलमा बाहिर ल्याउन र पीडितलाई न्याय दिन पीडकलाई कारबाही गराउन वर्षपुस्तकको योगदान हुने अपेक्षा गरिएको छ

बरमबहादुर महत

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा कार्यालय जुम्ला

मानवअधिकार वर्ष पुस्तकले देशको मानवअधिकारको अवस्थाको चित्रण गर्न सराहनीय कार्य रहेको छ। घरेलु हिंसाका घटनाहरूलाई घरेलु ऐन कानुनमै मिलापत्र गर्ने निर्देशित गरेको हुनाले पनि पुन: घटना दोहोरिएर आउने गरेको र काम गर्न असज भएको छ यस विषयमा पुस्तकले सरोकारवालाको ध्यानाकर्षण गराउन सकोस्।

प्रेमबहादुर खड्का

प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, जुम्ला

नेपाल प्रहरी स्थापना कालदेखि नै जनताको शान्ति सुरक्षा र अपराध अुसन्धान गरी आधारभूत मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनतर्फ लक्षित एवम् निर्देशित हुँदै आएको छ। मानवअधिकारको विश्वव्यापी अवधारणालाई आत्मसाथ गर्दै प्रत्येक व्यक्तिको मानवअधिकारको संरक्षण गर्न इन्सेकले पुऱ्याएको योगदान सराहनीय छ। नेपाल प्रहरीले समेत नागरिकहरूको मानव अधिकार संरक्षण गर्न इन्सेकले गरेका प्रयासले निर्देशन गर्ने कार्यमा थप सहयोग पुऱ्याइरहेको छ।

श्रीहजुर सिलवाल

प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, मुगु

हाम्रो देशमा इन्सेक र मानवअधिकार शब्द एकअर्काको पर्यायवाची जस्तै बनेको छ। अर्थात मानवअधिकारको रक्षा र प्रर्वद्धनकालागि, नागरिक स्तरबाट काम गर्ने एक संस्था मात्र नभएर मानवअधिकार अभियान बनेको छ, इन्सेक । नेपालमा दश वर्षे हिंसात्मक द्वन्द्वको अवस्थामा जनताका प्राय: सबै अधिकारहरू अपहरित भएको अवस्था होस वा तत्कालीन राजा ज्ञानेन्द्रले नागरिक तथा राजनीतिक अधिकार कुण्ठित गरेको अवस्थामा होस् इन्सेकले नागरिकका सबै अधिकार बहालीका लागि ऐतिहासिक भूमिका निर्वाह गरेको छ । नेपाल मानवअधिकार वर्ष पुस्तकमा आर्थिक, सामाजिक तथा सँस्कृतिक अधिकारहरू विषयलाई उठान गर्नु जरुरी छ।

दल रावल

अध्यक्ष, नेकपा (एमाले) जिल्ला कमिटी, हुम्ला

वर्षभरि देशभित्र भएका मानवअधिकार उल्लङ्घन र हनन्का विषयहरू समेटिएका प्रस्तुत वर्षपुस्तक सङ्ग्रहणीय हुनेछ, राष्ट्रिय अभिलेख हुनेछ र आगामी दिनमा मानवअधिकार संरक्षणका लागि नीति निर्माण र कार्यान्यवनमा मार्गदर्शक पनि हुनेछ भन्ने विश्वास लिएको छु। मानवअधिकार राज्यको मात्र दायित्व रहेन राजनीतिक दलहरूको चासोको विषय पनि हो । अत: यो पुस्तकमा दलहरूका बन्द हड्तालले गरेको मानवअधिकार हनन्का विषयहरू अत्यावश्यक वस्तु आपूर्तिका अवरोधले सृजना गरेको मानवअधिकार हनन्का विषयहरू र सेवा प्रवाहमा देखिएको लापरवाहीले हुने अधिकार हननका विषयहरू समेत समेटिन सके अझ राम्रो हुन्थ्यो।

कृष्णचन्द्र घिमिरे

प्रमुख जिल्ला अधिकारी,

कञ्चनपुर

मानवअधिकार वर्षपुस्तकलाई मानवअधिकार उल्लङघन र मानवअधिकार हनन्सम्बन्धी घटनाहरूको अनुसन्धान गर्न तथा मानवअधिकारको अवस्था बुझ्न अत्यन्त उपयोगी स्रोतका रूपमा रहेको छ। पीडितहरूलाई राहत दिलाउन र मानवअधिकारका सवालवारे आमजनतालाई जागरुक गराउन महत्वपूर्ण भूमिका खेलेको छ। कतिपय कारणले बाहिर आउन नसकेका मानवअधिकार उल्लङ्घनका घटनाहरूको गहन अध्ययन र विश्लेषण गरी बाहिर ल्याउन सके वर्षपुस्तक आफ्नो उद्देश्यमा सफल हुने विश्वास रहेको छ।

नरबहादर साउद
संयोजक, नागरिक समाज, कञ्चनपुर

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले मानवअधिकार अभिलेखनमा महत्वपूर्ण भूमिका खेलेको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको सङ्कलन र अभिलेखिकरणले मानवअधिकारको अवस्थाका बारेमा जानकारी समेत दिने गरेको छ। यस पुस्तकलाई मानवअधिकार अवस्थाको अध्ययन तथा अनुसन्धानका लागि सरोकारवाला सबैले स्रोत सामग्रीको रूपमा प्रयोग गर्न उपयुक्त भएकाले यस पुस्तकलाई सबैको पहुँचमा राख्न अनुरोध गर्न चाहन्छु।

जीवनराज थापा
उपाध्यक्ष
नेकपा एमाले जिल्ला कमिटी,कञ्चनपुर

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सक्दो अभिलेखिकरण गर्दै आइरहेको छ। इन्सेकले प्रकाशन गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरूको पुनरावलोकन गरी पीडितको न्याय तथा पुर्नस्थापनाको अवस्थालाई पनि यस पुस्तकमा समेटिए यस पुस्तकको अझ धेरै प्रभावकारिता बढ्ने थियो।

गणेश विक
सदस्य
एकीकृत नेकपा माओवादी , जिल्ला कमिटी
कञ्चनपुर

अनुसूची

६

मानवअधिकार वर्षपुस्तक २०१५ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

परिच्छेद १ : सन् २०१४ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

लेखक : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

परिच्छेद २

२.१ न्यायपालिका

लेखक : प्रशन्नता वस्ती

२.२ कार्यपालिका

लेखक : मदन पौडेल
समीक्षक : प्रा.डा. रामकुमार दाहाल

२.३ व्यवस्थापिका

लेखक : नीर लामा

सम्पादन सहयोगी

राजु पासवान
रमेशप्रसाद तिमिल्सिना

परिच्छेद ३

३.१ झापाका राजवंशी समुदाय र मातृभाषामा शिक्षा

लेखक : दीपेन न्यौपाने/अर्जुन बस्नेत

३.२ मकवानपुरका चेपाङ महिलाहरूको प्रजनन अधिकार

लेखक : राजु पासवान/प्रताप विष्ट

३.३ नवलपरासीका द्वन्द्वपीडित र हानिपूरणको अवस्था

लेखक : टङ्क खनाल/नारायण पराजुली

३.४ बर्दिया जिल्लाका मुक्तकमैयाको अवस्था

लेखक : गणेश श्रेष्ठ/मानबहादुर चौधरी

३.५ बझाङ जिल्लामा खाद्य उपलब्धता र खाद्य अधिकार

लेखक : कृष्ण विक/प्रकाश विक

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१ झापा - अर्जुनकुमार बस्नेत
१.२ इलाम - कोकिला ढकाल
१.३ पाँचथर - मङ्गल बेघा
१.४ ताप्लेजुङ - देवराज गुरुङ
१.५ मोरङ - सुकदेव चौधरी
१.६ सुनसरी - शेखर ढकाल
१.७ धनकुटा - सन्तोष रुचाल
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - किरण राई
१.१० सङ्खुवासभा - छेटु शेर्पा
१.११ सप्तरी - मनोहरकुमार पोखरेल
१.१२ सिरहा - दुर्गा परियार
१.१३ उदयपुर - कुशलबाबु बस्नेत/भरत खड्का
१.१४ खोटाङ - डीएम चाम्लिङ राई
१.१५ ओखलढुङ्गा - शिवप्रसाद ढुङ्गाना
१.१६ सोलुखुम्बु - पासाङ बम्जन तामाङ

२. मध्यमाञ्चल

२.१ धनुषा - विनोदकुमार रविदास
२.२ महोत्तरी - ईश्वरी काफ्ले/अजय साह
२.३ सर्लाही - विदुर प्याकुरेल/सन्तोष सिंह
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल/विमला पाण्डे
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपीन गौतम
२.८ बारा - लक्ष्मी साह
२.९ पर्सा - कृष्णचन्द्र लामिछाने
२.१० चितवन - सावित्री सापकोटा
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - रमेशप्रसाद तिमिल्सिना
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - रोशनराज अर्याल/रमिला तण्डुकार
२.१५ काठमाडौं - विवेक ढुङ्गाना
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - केशव मिश्र/नवदीप श्रेष्ठ
२.१९ रसुवा - हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - सुदीप कैनी/नरहरि सापकोटा
३.३ लमजुङ - कृष्ण अधिकारी/दलबहादुर मजकोटी
३.४ स्याङ्जा - सङ्गीता रानाभाट
३.५ कास्की - सनबहादुर थापा
३.६ मनाङ - कमानबहादुर गुरुङ/सुरेशकुमार थापा
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - अमृत गिरी
३.९ पाल्पा - माधव बस्याल/यज्ञमूर्ति तिमिल्सिना
३.१० कपिलवस्तु - नन्दराम पौडेल

३.११ अर्घाखाँची - नारायणप्रसाद भुसाल
३.१२ गुल्मी - नरेश भण्डारी
३.१३ बाग्लुङ - रामबहादुर जीसी/सिर्जना पन्त
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का/अमृतकुमार पौडेल
३.१६ मुस्ताङ - शर्मिला गुरुङ/कविता थकाली

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - गमनसिं खड्का
४.२ प्यूठान - रवीन्द्र पाण्डे
४.३ रोल्पा - धरेन्द्र डाँगी
४.४ सल्यान - मीना बुढाथोकी
४.५ रुकुम - आदर्श केसी
४.६ बाँके - विनोद पाण्डे
४.७ बर्दिया - मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - राजुकुमार शाक्य/दिनेशकुमार श्रेष्ठ
४.१० दैलेख - यज्ञराज थापा
४.११ डोल्पा - विष्णुप्रसाद देवकोटा
४.१२ जुम्ला - मानदत्त रावल
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सेजुवाल
४.१५ हुम्ला - मिमसिं नेपाली/सुरेश परियार

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली - सुरबहादुर परियार
५.२ अछाम - शिवराज खत्री/शिवराज ढुङ्गाना
५.३ डोटी - लवदेव भट्ट/दीर्घबहादुर खत्री
५.४ बाजुरा - अर्जुन शाह/पदमबहादुर सिंह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - कोमलनिरञ्जन भाट
५.७ डडेल्धुरा - राजेन्द्र ठगुन्ना
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - नरेन्द्रसिंह कार्की

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. सोमराज थापा २. दीपेन न्यौपाने

मध्यमाञ्चल

१. कृष्ण गौतम २. राजु पासवान

पश्चिमाञ्चल

१. शिव खकुरेल २. टङ्क खनाल

मध्यपश्चिमाञ्चल

१. भोला महत २. गणेश श्रेष्ठ/नारायण सुवेदी

सुदूरपश्चिमाञ्चल

१. खडकराज जोशी २. कृष्ण विक

सन्दर्भ सामग्री स्रोत

इन्सेक पुस्तकालय

फोटो स्रोत

विमलचन्द्र शर्मा
इन्सेक जिल्ला प्रतिनिधिहरू

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य चार जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र रू. १०,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रू. ७,०००।- प्रदान गरिएको छ।

सर्वोत्कृष्ट

मानबहादुर चौधरी, बर्दिया

उत्कृष्ट

डिएम चाम्लिङ राई, खोटाङ, पूर्वाञ्चल
विनोदकुमार रविदास, धनुषा, मध्यमाञ्चल
सनबहादुर थापा, कास्की, पश्चिमाञ्चल
राजेन्द्र ठगुन्ना, डडेल्धुरा, सुदूरपश्चिमाञ्चल

इन्सेक पुस्तक १७२/२०७१



नेपालमा दण्डहीनता सबभन्दा ठूलो चुनौती बनेको छ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा नेपालको विश्वव्यापी आवधिक समीक्षा हुँदा यही विषयले चर्चा पाएको थियो । सर्वोच्च अदालतका निर्णय कार्यान्वयन गर्नुपर्नेमा नगरिएको र गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनमा दोषी पाइएका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिश कार्यान्वयन गर्ने मामिलामा सरकारले देखाएको उदासीनताले विश्व समुदायलाई आश्चर्यचकित पारेको अवस्था विद्यमान छ ।

आमजनताको सरोकारका विषय राजनीतिक दलहरूबीचमा साझा एजेण्डा बन्न नसक्नु, विगतका सम्झौतालाई कार्यान्वयन गर्ने मामिलामा राष्ट्रिय सहमति नबन्नु र जनताको सेवा इमान्दारीपूर्वक गर्ने चाहना, साहस र क्षमताभन्दा पार्टीभित्रको गुटगत स्वार्थमा लिप्त हुनु नै संविधान निर्माणका बाधक प्रवृत्ति हुन् । यिनै कारणले गर्दा नेपालको शान्ति प्रक्रिया टुङ्गोमा पुग्न सकेको छैन ।

इन्सेक
insec
मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार
पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ४२७८७७०
फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-8964-0-5